# नेपाल
# मानव अधिकार
# वर्ष पुस्तक २०१७

२५ रजत अङ्क



## संविधान कार्यान्वयनको वर्ष

# मानव अधिकार वर्ष पुस्तक २०१७

## (नेपाली संस्करण)

**(२०७२ पुस १७ देखि २०७३ पुस १६ गतेसम्म अर्थात् सन् २०१६ भरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्क सङ्कलन)**


**प्रधान सम्पादक**
मदन पौडेल

**सम्पादन मण्डल**
रमेशप्रसाद तिमल्सिना
राजेश मिश्र
देवराज पोखरेल
राजु पासवान
सुमित्रा भट्टराई
नारायण सुवेदी
कृष्णबहादुर विश्वकर्मा

**तथ्याङ्क विश्लेषण**
अनुज के.सी.

**ले-आउट**
गोविन्दप्रसाद त्रिपाठी

**कभर डिजाइन**
गीता माली



मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

नागार्जुन नपा-१३, स्यूचाटार
पत्र मञ्जुषा २७२६, काठमाडौं, नेपाल
फोन नं. ०१-५२१८७७०, फ्याक्स नं. ०१-५११८२५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np; inseconline.org

# मानव अधिकार वर्ष पुस्तक २०१७

**प्रकाशन मिति**
२०७३ फागुन ७ गते

**सङ्ख्या**
२ हजार प्रति

**प्रकाशक**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार**
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

**मूल्य**
रु. ६००।-

**आईएसबीएन** : ९७८-९९३७-८९६४-७-४

**मुद्रक**
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

# विषय सूची

पृष्ठ सङ्ख्या


**भूमिका**

**परिच्छेदहरू**

परिच्छेद १ सन् २०१६ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन

संविधान कार्यान्वयनको वर्ष १

२५ वर्षको मानव अधिकार अवस्था तथ्याङ्कमा ३७

मानव अधिकार प्रतिविम्ब : सन् २०१६ ४३

परिच्छेद २ राज्य र मानव अधिकार

२.१ न्यायपालिका ५९

२.२ कार्यपालिका ७५

२.३ व्यवस्थापिका ८७

परिच्छेद ३ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

३.१ इलामका चिया मजदुर : न्यूनतम ज्यालाबाट पनि वञ्चित १०५

३.२ काभ्रेपलाञ्चोकमा मिर्गौला व्यापार : प्रभाव र असर ११३

३.३ तनहुँका बोटे : आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कसीमा १२३

३.४ सुर्खेतका बाढीपीडित : वर्तमान अवस्था र राज्यको उदासीनता १३०

३.५ खाद्य अधिकार : दार्चुलाको अवस्था १३८

**अनुसूचीहरू**

अनुसूची १ सन् २०१६ र मानव अधिकार उल्लङ्घनका तथ्यहरू

१. पूर्वाञ्चल १४७

२. मध्यमाञ्चल २०५

३. पश्चिमाञ्चल २८१

४. मध्यपश्चिमाञ्चल ३३३

५. सुदूरपश्चिमाञ्चल ३९३

अनुसूची २ मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०१६ ४२१

अनुसूची ३ सन् २०१६ को मानव अधिकार अवस्थाबारे राजनीतिक दलका धारणा ४३०

अनुसूची ४ सन् २०१६ को मानव अधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा ४४६

अनुसूची ५ क्रिया/प्रतिक्रिया ४५४

अनुसूची ६ नेपाल मानव अधिकार वर्ष पुस्तकको २४ वर्षको यात्रा ४७५

अनुसूची ७ वर्ष पुस्तक २०१७ तयारीका क्रममा संलग्न व्यक्तिहरू ४७९

## हार्दिक आभार

**मानव अधिकार वर्ष पुस्तक २०१७**
**तयार गर्ने क्रममा हामीलाई सहयोग गर्ने**
नर्वेजियन दूतावास
ब्रेड फर द वर्ल्ड (BFTW)
गभरनेन्स फ्यासिलिटी (GF)
इन्सेकका जिल्ला प्रतिनिधि
राजनीतिक दल
आयोगहरू
मन्त्रालयहरू
सुरक्षा निकाय
पेशागत सङ्घसंस्थाहरू
तथा
अन्य सबैप्रति **आभारी छौँ।**

# जिल्लागत विषय सूची

**१. पूर्वाञ्चल**

१.१ झापा १४८
१.२ इलाम १५१
१.३ पाँचथर १५४
१.४ ताप्लेजुङ १५७
१.५ मोरङ १६०
१.६ सुनसरी १६५
१.७ धनकुटा १६९
१.८ तेह्रथुम १७२
१.९ भोजपुर १७४
१.१० सङ्खुवासभा १७७
१.११ सप्तरी १८०
१.१२ सिरहा १८८
१.१३ उदयपुर १९३
१.१४ खोटाङ १९६
१.१५ ओखलढुङ्गा १९९
१.१६ सोलुखुम्बु २०२

**२. मध्यमाञ्चल**

२.१ धनुषा २०६
२.२ महोत्तरी २१२
२.३ सर्लाही २१७
२.४ सिन्धुली २२१
२.५ रामेछाप २२५
२.६ दोलखा २२८
२.७ रौतहट २३१
२.८ बारा २३५
२.९ पर्सा २४०
२.१० चितवन २४४
२.११ मकवानपुर २४७
२.१२ ललितपुर २५०
२.१३ काभ्रे २५३
२.१४ भक्तपुर २५८
२.१५ काठमाडौँ २६१
२.१६ धादिङ २६६
२.१७ सिन्धुपाल्चोक २७१
२.१८ नुवाकोट २७५
२.१९ रसुवा २७८

**३. पश्चिमाञ्चल**

३.१ तनहुँ २८२
३.२ गोरखा २८५
३.३ लमजुङ २८९
३.४ स्याङ्जा २९२
३.५ कास्की २९५
३.६ मनाङ २९८
३.७ नवलपरासी ३००
३.८ रूपन्देही ३०३
३.९ पाल्पा ३०७
३.१० कपिलवस्तु ३१०
३.११ अर्घाखाँची ३१४
३.१२ गुल्मी ३१८
३.१३ बाग्लुङ ३२२
३.१४ पर्वत ३२५
३.१५ म्याग्दी ३२८
३.१६ मुस्ताङ ३३१

**४. मध्यपश्चिमाञ्चल**

४.१ दाङ ३३४
४.२ प्यूठान ३४१
४.३ रोल्पा ३४४
४.४ सल्यान ३४७
४.५ रुकुम ३५०
४.६ बाँके ३५४
४.७ बर्दिया ३६०
४.८ सुर्खेत ३६५
४.९ जाजरकोट ३६९
४.१० दैलेख ३७३
४.११ डोल्पा ३७७
४.१२ जुम्ला ३८०
४.१३ कालीकोट ३८४
४.१४ मुगु ३८७
४.१५ हुम्ला ३९१

**५. सुदूरपश्चिमाञ्चल**

५.१ कैलाली ३९४
५.२ अछाम ३९७
५.३ डोटी ४००
५.४ बाजुरा ४०३
५.५ बझाङ ४०६
५.६ कञ्चनपुर ४०९
५.७ डडेलधुरा ४१३
५.८ बैतडी ४१५
५.९ दार्चुला ४१८

# अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। पाँच विकास क्षेत्रमा पाँच क्षेत्रीय कार्यालय तथा ७५ जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

**कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सम्पादन गरिन्छ ।**

### मानव अधिकार प्रलेख तथा प्रसार कार्यक्रम

यस विभाग अन्तर्गत मानव अधिकार उल्लङ्घन/ज्यादतीसम्बन्धी घटनाहरूको अनुगमन, अध्ययन, अनुसन्धान र प्रलेखीकरण तथा स्थलगत अध्ययनमा आधारित प्रतिवेदन प्रकाशन गर्ने गरिन्छ। *त्रैमासिक स्थितिसूचक, नेपाल मानव अधिकार वर्षपुस्तक, प्राची, इन्फर्मल*लगायतका प्रकाशन यही कार्यक्रमअन्तर्गत गरिँदै आएको छ। यसै कार्यक्रम अन्तर्गत *इन्सेक अनलाइन* कार्यक्रम पनि सञ्चालन गरिँदै आएको छ। पीडितहरूलाई तात्कालिक राहत सहयोग गर्न पहल गर्ने, अर्जेन्ट अपिल जारी गर्ने, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार र सरोकारवाला सङ्घ-संस्थासँग समेत समन्वय कायम गर्नेलगायतका काम यस कार्यक्रममार्फत् हुँदै आएको छ।

### मानव अधिकार शिक्षा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानव अधिकार संस्थाहरूसँगको सहकार्यमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानव अधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानव अधिकारसम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ।

### मानवअधिकार शिक्षा रेडियो कार्यक्रम

मानव अधिकारका विषयमा रेडियो नेपाल तथा स्थानीय एफएमहरूबाट सर्वसाधारणलाई जानकारी गराउने उद्देश्यले यो कार्यक्रम सञ्चालन गरिएको छ। समसामयिक मानव अधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा यो कार्यक्रम मार्फत् प्रशारण गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत रेडियो श्रोता क्लबसँग समन्वय गरी स्थानीय स्तरमा मानव अधिकारसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिन्छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बाल अधिकार सचेतना समूह गठन गरी बाल अधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकास सम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्।

### मानव अधिकार अभियान तथा पैरवी कार्यक्रम

राज्यलाई अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनका आधारमा नीति-नियम बनाउन र सीमान्तकृत समुदायका अधिकार पहिचान गराउन दबाबका लागि सिर्जना गर्नु यो कार्यक्रमको प्रमुख उद्देश्य रहेको छ। कानुन पुनरावलोकन, मानव अधिकार सन्धि अनुगमन र मानव अधिकार अभियान कार्यक्रमको सञ्चालन पनि यही ककार्यक्रमद्वारा हुँदै आएको छ।

### व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन, *इन्सेक अभियान*जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।


**२०७३ जेठ २९ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति**

**अध्यक्ष** – सुबोधराज प्याकुरेल

**महासचिव** - रमेशचन्द्र पौडेल

**कोषाध्यक्ष** - गीता बराल

**सदस्यहरू**

- रघुनाथ अधिकारी
- ईन्दिरा श्रेष्ठ
- रुद्रबहादुर चर्मकार


**क्षेत्रीय कार्यालयहरू :**

- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय,** जनपथ टोल, विराटनगर, फोन नं. ०२१-४७१०२५, ४७११२७
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय,** नागार्जुन नपा-१३, स्यूचाटार, काठमाडौं, फोन नं. ०१- ५२१८७७०
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** जनप्रिय मार्ग, पोखरा, फोन नं. ०६१- ४६५५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** नेसनल ट्रेडिङ रोड, नेपालगञ्ज, फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,** उत्तरबेहडी, धनगढी, फोन नं. ०९१- ५२२५७६, ५२१४४६

# समलक्ष्यमा ग्रहण

सन् १९९० मा बहुदलीय प्रजातन्त्र प्राप्त हुनासाथ आन्दोलनमा सहकार्य गरेका मानव अधिकारकर्मीसमक्ष केही चुनौतीरूपी प्रश्न खडा भए- प्रजातन्त्रलाई गतिशील कसरी बनाउने ? युगौंदेखि विभेदमा परेका, धोका दिइएका, अन्धविश्वास र त्रासले गर्दा आत्मगौरव गर्न नसक्ने परिस्थितिमा कष्टपूर्ण जीवन बाँच्न बाध्य गरिब नेपालीका लागि गर्न के सकिन्छ ? कसो गर्दा 'म राज्य हुँ' भन्न सक्ने नागरिकपन तयार हुन सक्छ ? सबै राजनीतिक दल र अन्तर्राष्ट्रिय जगतले स्वीकार गरेको कुन विश्वव्यापी व्यवहारले हामीलाई न्यायपूर्ण समाज निर्माण गर्ने दिशामा अग्रसर हुने बाटो देखाउला ? अनि यी प्रश्नको उत्तर प्राप्तिका लागि हामीले स्वीकार गरेका चार समलक्ष्य (कमन भिजन) थिए- सामाजिक न्यायको सिद्धान्त, लोकतान्त्रिक प्रक्रिया, मानव अधिकारको नीति र कानुनी शासनको अनुशासन।

'सूचना नै शक्ति हो' भन्ने मान्यताको जगमा सत्य सूचनाका लागि जनतासँग सूचनाको सामेलीकरणको विश्वव्यापी लहर चलेको बेला थियो त्यो। त्यसैले हामीले थलोमै गएर मानव अधिकारसँग सम्बन्धित सूचना बटुल्ने र त्यसरी बटुल्ने क्रममा जनतासँग एकाकार हुने अनि सत्य र न्यायबारे उनीहरूसँग सहकार्य गर्ने जमर्को गऱ्यौं। सूचना सङ्ग्रह गर्नेमात्र हैन, त्यसको अनुगमन पनि गर्ने, न्यायका लागि प्रयत्न पनि गर्ने र यी सबै यथार्थ सार्वजनिकसमेत गर्ने कामले हामीलाई जनताको प्यारो बनायो। सन् १९९२ मा हामीले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन आरम्भ गऱ्यौं। लगत्तै मानव अधिकारको स्थिति सूचक त्रैमासिकरूपमा प्रकाशन थाल्यौं। यी प्रकाशनप्रति न्यायकर्मी सर्वसाधारणले प्रदर्शन गरेका स्नेहले हामीलाई झनै हौस्यायो। परिणाम- सन् १९९३ देखि मानव अधिकार शिक्षा रेडियो कार्यक्रम सञ्चालन गऱ्यौं। झन् सन् २००३ देखि त पलपलको ताजा खबरसमेत पस्कने उद्देश्यसहित इन्सेकअनलाइन सर्वव्यापी बनायौं। यी सबै सूचनाका मुहान यस्ता सामग्री सावित भए जुन देश/विदेशका जिज्ञासुका लागि नेपाली मानव अधिकार नियाल्ने झ्यालमा परिणत हुन सके। आज तिनैमध्येको माउ मुहान '**नेपाल मानव अधिकार वर्ष पुस्तक**' रजत संस्करणका रूपमा यहाँहरूका हातमा छ। भलै योसहित यसका पूर्वजले मानव अधिकारको सुखद् खबर भने संप्रेषण गर्ने अवसर पाउन सकेनन्।

पुनर्स्थापित भनिएको प्रजातन्त्रले पाँच वर्ष पनि काम गर्न पाएन। सन् १९९१ मा स्थापित प्रजातन्त्रउपर सन् १९९६ मै हिंसात्मक प्रहार सुरु भयो। माओवादी र राज्यबीच भएको सशस्त्र विद्रोहमा दुवै पक्षबाट शङ्काको भरमा मानिस मारिए, अङ्गभङ्ग र बेपत्ता बनाइए। सर्वसाधारणलाई बाध्यतावश थातथलो छोड्नुपर्ने अवस्था आइलाग्यो। त्यो विभत्स अवस्थाबाट नेपाली समाज, गाउँघर र शहर गुज्रिरहँदा हामीले चार वर्ष जनतासँगै बिताइसकेका थियौं। यसबीच हाम्रो निश्पक्षता स्थापित भइसकेको थियो। सञ्चारमाध्यमका लागि हामी सूचनाको भरपर्दो स्रोत बनिसकेका थियौं। पत्रकारिता बजारमा हाम्रो 'कोट' विश्वसनीयताको पर्याय बन्न सकेको थियो। हामीप्रति जनताको अगाध विश्वासको यही तागतका कारण धेरैको ज्यान जोगाउन सफल भयौं। स्वदेशमा मात्र हैन, संयुक्त राष्ट्रसङ्घमा समेत हाम्रा अभिलेख सरकारी प्रतिवेदनको समानान्तर मान्यतामा पर्न सफल भए। अन्तर्राष्ट्रिय जगतका लागि समेत हामी स्वतन्त्र सूचना र दृष्टिकोणको भरपर्दो माध्यम बन्यौं। धन्यवाद छ आमअधिकारकर्मी साथीहरूलाई, अहिले हामी यिनै सूचनाको प्रारम्भिक जानकार मित्रका रूपमा उनीहरूसँग विभिन्न मानव अधिकार महासन्धि र विश्वव्यापी आवधिक प्रतिवेदन तयार गर्ने सञ्जालमा आबद्ध छौं। र, त्यसको सचिवालयको जिम्मेवारी पनि सम्हालिरहेका छौं।

सन् २००६ मा शान्ति प्रक्रिया सुरु हुनेबित्तिकै हामी फेरि पीडितका घर-घर पुग्यौं। हाम्रा अभिलेख अद्यावधिक गऱ्यौं। सङ्क्रमणकालीन निकाय गठन भएपछि पीडितलाई आवश्यक अभिलेख बुझायौं। त्यसअघि विभिन्न शान्ति समितिका लागि आवश्यक सूचना पनि हामीले नै पुऱ्यायौं। अदालतमा समेत नेपाल मानव अधिकार वर्ष पुस्तकका अभिलेखहरू प्रमाणका रूपमा प्रस्तुत भए। जनआन्दोलनलगत्तै गठित रायमाझी आयोगमा पनि हामीले भरपर्दा सूचना, तथ्य र तथ्याङ्क पुऱ्यायौं। सन् २००५ मा अन्तर्राष्ट्रिय कानुनको मान्यता बर्खिलाफ हुने गरी राजा ज्ञानेन्द्रले सत्ता हत्याएको कुरालाई विश्वभर प्रचारप्रसार गऱ्यौं। आन्दोलनकारीको सुरक्षाका लागि अन्य अधिकारकर्मी सँगसँगै अघिल्लो पङ्क्तिमा रहेर पहरेदारी गऱ्यौं। नेपालमा मानव अधिकार उच्चायुक्तको कार्यालय उपस्थितिका लागि तत्कालीन पार्टी प्रमुखहरू गिरिजाप्रसाद कोइराला (नेपाली कङ्ग्रेस), झलनाथ खनाल

(नेकपा एमाले) र शेरबहादुर देउवा (नेपाली कङ्ग्रेस, प्रजातान्त्रिक) को संयुक्त हस्ताक्षरयुक्त अपिल संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तसमक्ष पुऱ्यायौँ। उच्चायुक्त कार्यालयको उपस्थितिपछि जनआन्दोलनले उचाइ लिएको त भनिरहनै परेन।

संविधान सभाका लागि दोस्रो पटक भएको चुनावताका हामीले 'स्वच्छ निर्वाचनका लागि नागरिक अभियान' चलायौँ। स्कुले विद्यार्थीदेखि स्थानीय समाज, सुरक्षा निकाय र स्थानीय सरकारसँग हाम्रो गर्विलो सहकार्य छ। तर चिन्ताको कुरा, माथि उल्लिखित चार समलक्ष्यको बाटोमा यतिबेला फेरि ग्रहण लागेको छ। संविधान सभाले संविधान त जारी गऱ्यो तर सबै पक्ष खुशी हुन सकेनन्। यो स्वाभाविक पनि हो। शतप्रतिशतको समर्थन भएको भए शायद निरङ्कुशता ठहरिने थियो। बेखुशहरूले लोकतान्त्रिक प्रक्रियाले बेखुशीको सन्देश जनतासमक्ष लैजानेछन् अनि निरन्तर प्रगतिशील र परिवर्तनशील जनमतअनुरूप संविधान परिमार्जन गर्नेछन् भन्ने विश्वासमा आघात पुगेको छ। संविधानको प्रस्तावनामा गम्भीर मतभेद छैन। संविधान कार्यान्वयनका लागि अत्यावश्यक १ सय ३९ कानुन बनेकै छैनन्। मौलिक अधिकारका ३१ वटा धारा र प्रस्तावनामा उल्लिखित 'समाजवादप्रति प्रतिबद्ध रही समृद्ध राष्ट्र निर्माण गर्न' आवश्यक पर्ने जनचेतना र नागरिकको क्षमता विकासका प्रगतिशील कार्यक्रम, संरचना र स्रोत विनियोजन हुनै बाँकी छ।

चाख्दै नचाखी संविधानको स्वाद प्रक्षेपण गर्ने प्रतिस्पर्धा जारी छ। तीतो र गुलियोको यो लडाइँको चेपुवामा भने कार्यान्वयन परेको छ। संवैधानिक अदालतमा परीक्षणबिनै संविधानको पक्ष/विपक्षमा जनमत ध्रुवीकरण भइरहेको छ। संविधानको विरोधमा भएको हिंसात्मक आन्दोलनका दौरान ५३ जनाको ज्यान गयो। जीवन र मर्यादाउपर हमला हुँदा मानिसले अरु कुरा बिर्सन्छ र आक्रोशले व्यवहार कब्जा गर्छ। वास्तवमा संविधानको मर्म जनतासम्म पुग्नै पाएको छैन। स्थानीय सरकारलाई नागरिकता, भूमि प्रशासन, कृषि, शिक्षा, स्वास्थ्यलगायत आधारभूत मामिलामा अग्राधिकार दिइएको कुरा जनताले पत्तै पाएका छैनन्। कानुनसमेत जारी गर्न पाउने, ४० प्रतिशत महिला र दलितलगायत अन्य अल्पसङ्ख्यकको नेतृत्व सुनिश्चित गर्ने व्यवस्था राजनीतिक पार्टीहरूको द्वन्द्वबीच अलपत्र परेको छ। लाग्छ, हाम्रा नेताहरू चुनावले नेतृत्व नवीकरण गर्छ भन्ने नबुझेर अथवा चुनावले नयाँ र तन्नेरी नेतृत्वका लागि मार्ग प्रशस्त गर्छ भन्ने बुझेर चुनावसँग तर्सिएका छन्। एक पङ्क्तिलाई लाग्छ कि सदासर्वदा उनीहरूकै नेतृत्व रहिरहनेछ। स्थानीय सरकार र जनता/कार्यकर्ता सदासर्वदा उनीहरूकै आदेशमा चलिरहनेछन् र उनीहरूले जे पुगेन भन्लान्, नपुगेको कुरा त्यतिमात्र हो। त्यसैले व्यवहारद्वारा परीक्षण गर्ने कुरा वाहियात हो। कानुनद्वारा गर्न सकिने समाधानतर्फ उनीहरूको पटक्कै ध्यान गएको छैन। नागरिक कार्यक्रम र सामाजिक अभियानप्रति यो देशका नेता र कर्मचारीतन्त्रको दृष्टिकोण आमरूपमा अनुकूल छैन। उनीहरू हरेक समस्याको समाधान सरकारी ओहोदाका कर्मचारीतन्त्रको साथ लिएर हुन्छ भन्ने मृगतृष्णामा रमाइरहेका छन्। विकासको रथ चेतनाले डोहोऱ्याउँछ भन्ने कुरामा नेतृत्व वर्गलाई रत्तिभर विश्वास छैन।

मानव अधिकारकर्मीका समलक्ष्य यस्तै चक्रब्यूहमा फस्न पुगेका छन् यतिबेला। अनि मानव अधिकार वर्ष पुस्तक पनि यही परिस्थितिको दर्पणका रूपमा देखापर्नु अस्वाभाविक हैन। रजत संस्करण भएकाले यस पटकको मानव अधिकार वर्ष पुस्तकले २५ वर्षको चित्र उत्खनन् गरेर सरोकारवालालाई बर्बादीको डिलमा नपुग्न खबरदारी गरेको छ। यसो गर्नु किन पनि जरुरी ठानियो भने मानव अधिकार वर्ष पुस्तक चेतना र सङ्कल्पको परिणाम हो। यसर्थ मानव अधिकार वर्ष पुस्तक मानव अधिकार र सामाजिक न्यायको अनवरत अभियान हो। यो अभियानमा संलग्न भएर योगदान गर्नुहुने, सदाशय राख्नुहुने र स्रोतमा सहयोग गर्नुहुने दातासमेत सबैलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु।

मानव अधिकार प्राप्ति र विकासको यो यात्रा अविरल जारी छ। विश्वमा कतै पनि गैरसरकारी क्षेत्रबाट यस्तो विहङ्गम, प्राथमिक मानव अधिकारको दस्तावेज लगातार २५ वर्षदेखि हरेक वर्ष तोकिएकै दिन प्रकाशन भएको इतिहास र वर्तमान दुवै छैन। हाम्रा सबै साझेदार, कर्मचारी र दातासमक्ष यो रजत संस्करण प्रस्तुत गरिरहँदा एउटा अपिल गर्नु जायज होला- हामी सबैले गर्व गरौँ किनकि हामी नेपाल मानव अधिकार वर्ष पुस्तकका सहोदर साझेदार हौँ।

२०७३ फागुन ७

**सुबोधराज प्याकुरेल**
अध्यक्ष

परिच्छेद

१

सन् २०१६ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन

# संविधान कार्यान्वयनको वर्ष

## पृष्ठभूमि

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरिनुको उद्देश्य मानव अधिकार उल्लङ्घनका घटनाको अभिलेख राख्नुमात्र नभई नेपालको मानव अधिकार अवस्थाबारे विहङ्गम दृष्टि लगाउनु, मानव अधिकारका विभिन्न पक्षहरूबाट विषय उठान गर्नु र राज्यका निकायलाई मानव अधिकारको रक्षा र संवर्द्धनका लागि खबरदारी गर्नुलगायत पनि थियो। जसको पुष्टि यस पुस्तकमार्फत २५ वर्षदेखि उठाइँदै आएका विषयले समेत गरेका छन्। ३० वर्ष लामो पञ्चायती शासन व्यवस्था अन्त्यसँगै नेपालमा प्रजातन्त्र स्थापना भयो। लगत्तै गठन भएको अन्तरिम सरकारले मानव अधिकारसँग सम्बन्धित महत्त्वपूर्ण सन्धिहरूमा हस्ताक्षर गरी नेपालको मानव अधिकारप्रतिको प्रतिबद्धता अन्तर्राष्ट्रियरूपमा जाहेर गरेको थियो। यस्ता प्रतिबद्धता जाहेर गर्ने मुलुकमध्ये नेपाल अग्रपङ्क्तिमा रह्यो। सरकारी प्रतिबद्धताअनुसारका व्यवहार भए कि भएनन् भनी जाँच्ने, त्यस्ता विषयमा खबरदारी गर्ने, सरकारलाई सुझाव दिने अनि असल कामको प्रचारप्रसार गर्ने संयन्त्र नेपालमा थिएन। भर्खरै प्रजातान्त्रिक अभ्यास सुरु भएको हाम्रो देशमा प्रजातान्त्रिक अभ्यासका साथै मानव अधिकारका विषयवस्तुबारे पनि यहाँका राजनीतिक दलको नेतृत्वसमेत धेरै जानकार थिएन। यस्तो समयमा मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने निर्णय गरिएको थियो। जसलाई २५ वर्षसम्म डोऱ्याइरहनु कम चुनौतीपूर्ण थिएन।

राज्यका प्रमुख अङ्गले जबसम्म मानव अधिकारको सम्मान गर्दैनन् तबसम्म मानव अधिकारको जगेर्ना सम्भव छैन। यस्तो अवस्थामा मानव अधिकारको नियमित अनुगमन गर्नु जरुरी हुन्छ भन्ने कुरालाई हेक्का राखेर इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन सुरु गर्ने निर्णय गऱ्यो। ७५ वटै जिल्लामा रहेका इन्सेक प्रतिनिधिले सम्प्रेषण गर्ने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका आधारमा वर्ष पुस्तक प्रकाशन गरिन्छ। नेपाल मानव अधिकार वर्ष पुस्तकको २५ वर्षे यात्रामा विभिन्न प्रकारका कठिनाइ इन्सेकले सामना गर्नुपऱ्यो। सबैभन्दा बढी कठिनाइ सशस्त्र द्वन्द्वका क्रममा भयो। मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गर्ने क्रममा र अभिलेख भएका घटना प्रसार गरेको आदि आरोपमा सशस्त्र द्वन्द्वरत पक्षद्वारा इन्सेककर्मी धम्की र कुटपिटको सिकार बने। राजाको प्रत्यक्ष शासनकालमा त नेपाल मानव अधिकार वर्ष

**तालिका १** **सन् २०१६ मा मारिएकाको सङ्ख्या र पीडक पक्ष**



पुस्तक विमोचन गर्ने सार्वजनिक ठाउँसमेत नदिइएकाले कार्यालयमै विमोचन गर्नुपर्ने अवस्थासम्म आइपऱ्यो। नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत इन्सेकले गरेको अभिलेख संयुक्त राष्ट्र सङ्घको मानव अधिकार उच्चायुक्त कार्यालयले प्रकाशन गरेको नेपाल द्वन्द्व प्रतिवेदन २०१२ को हिस्सा बन्न पुग्नु गौरवको विषय हो।

सन् १९९२ देखि प्रकाशन सुरु गरिएको नेपाल मानव अधिकार वर्ष पुस्तकले सन् २०१७ सम्म आइपुग्दा २५ औं वसन्त पार गरेको छ। यो अवधिमा नेपालमा आशलाग्दा खालका राजनीतिक परिवर्तन भए। हरेक परिवर्तनको पदचाप पछ्याउँदै यी वर्ष पुस्तकले आफूलाई ती परिवर्तनको असली साक्षीको प्रमाणका रूपमा प्रस्तुत गरेका छन्। नेपाल मानव अधिकार वर्ष पुस्तकको २५ वर्षे यात्रालाई यिनै परिवर्तनले भोगेका आरोह/अवरोहका आधारमा तीन खण्डमा विभाजन गरी विश्लेषण गर्ने प्रयास गरेका छौँ :

### पहिलो चरण (सन् १९९२ देखि १९९५ सम्म)

सन् १९९२ मा नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन सुरु गर्दा नेपालमा भर्खरै प्रजातन्त्र आएको थियो। जनआन्दोलनको बलमा ३० वर्ष लामो पञ्चायती व्यवस्था अन्त्य गर्न राजा, नेपाली कङ्ग्रेस र वाममोर्चा सहमत भएका थिए। २०४७ सालमा जारी नेपाल अधिराज्यको संविधानले जनताका अधिकार थोरबहुत सुनिश्चित गरेको थियो। यही परिवेशमा नेपाल मानव अधिकार वर्ष पुस्तक १९९२ ले नेपालको समग्र मानव अधिकारको अवस्था चित्रण गर्न सुरु गरेको थियो। यो वर्ष पुस्तकमा राज्यका तीनै अङ्ग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा पुऱ्याएको योगदान सूक्ष्मरूपले नियाल्यो। यसैगरी प्रहरी यातना र नेपाल, नेपालमा शरणार्थी समस्या, नेपालमा बाँधा मजदुर, महिला र मानव अधिकार, आदिवासी र मानव अधिकारजस्ता विषयमा वास्तविक अवस्था उतारेर सरोकारवालाको ध्यानाकर्षण गराएको थियो। मानव अधिकारको समीक्षा गर्ने मानकको रूपमा जन्मेको यो वर्ष पुस्तकले ओझेलमा परेका तर महत्त्वपूर्ण विषय उठान गर्ने परम्परा पनि यहीँबाट थालनी गऱ्यो।

नेपाल मानव अधिकार वर्ष पुस्तक १९९३ ले नेपालमा कायम जातीय छुवाछूतलाई मूल आलेखकारूपमा उठायो। सन् १९९२ को वर्ष

तालिका २

**सन् २०१६ मा मारिएको सङ्ख्या र पीडक पक्ष**



पुस्तकबाटै सुरु गरिएको जिल्लागत मानव अधिकार अवस्थाको विश्लेषण तथ्य र तथ्याङ्कसहित यसमा पनि समावेश गरियो। नेपालका विद्यालय शिक्षक र मानव अधिकार, नेपालमा ट्रेड युनियन आन्दोलन, विस्थापनका समस्या, बाल अधिकार,यातना र रोकथामका उपाय, शरणार्थी समस्या, महिला र आदिवासीको अधिकारलगायतका विषयलाई वर्ष पुस्तकको यो दोस्रो संस्करणले विशेष महत्त्व दियो। साथै नेपालमा विद्यमान विस्थापनको समस्या खोतल्दै पीडितको पुनर्स्थापनाबारे सरकारको ध्यानाकर्षण गरायो।

प्रतिनिधि सभा विघटन र मध्यावधि निर्वाचनलाई मुख्य आलेख बनाएको नेपाल मानव अधिकार वर्ष पुस्तक १९९४ ले यस क्रममा भएका उतारचढावलाई समाहित गरेको छ। प्रतिनिधि सभा विघटन र मध्यावधि निर्वाचन आलेखले बिनाकारण संसद् भङ्ग गरिएको र यसले संसदीय व्यवस्थामा विकृति ल्याउने विषयमा सतर्क गराएको थियो। नभन्दै आलेखले उल्लेख गरेझैं त्यसयताका वर्षहरू नेपालको संसदीय इतिहासका दृष्टिकोणले सुखद् रहेनन्। सरकार बनाउने र ढाल्ने खेल व्यापक भए। जसका कारण संसदीय प्रजातन्त्रलाई देखिनसहनेहरू सल्बलाउने मौका पाए।

शहीद र शहीदका परिवार मूल आलेख भएको नेपाल मानव अधिकार वर्ष पुस्तक १९९५ मा नेपालमा किसान आन्दोलन विषयमा विस्तृत व्याख्या गरिएको छ। नेपालमा मानव अधिकार आयोग : अवधारणा र औचित्यका विषयमा पनि यो पुस्तकमा चर्चा छ। इन्सेकलगायतका मानव अधिकार सङ्घ/संस्थाको लगातारको दबाबपछि नेपालमा मानव अधिकार आयोग ऐन जारी हुनुका साथै केही वर्षपछि मानव अधिकार आयोग स्थापना भयो। जसमा यो पुस्तकले सिर्जना गरेको सकारात्मक दबाब पनि श्रेयको भागिदार बन्यो भन्न सकिन्छ।

नेपाल मानव अधिकार वर्ष पुस्तकको पहिलो चरणले मानव अधिकारमा पनि आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका विषयलाई प्राथमिकता दियो। देशमा व्याप्त गरिबी, असमानता, विभेदका विषयमा मात्रै होइन, यातना, गैरकानुनी गिरफ्तारीजस्ता विषय पनि प्राथमिकतामा परे। भर्खरै प्राप्त भएको प्रजातन्त्र र मानव अधिकारका विषय नेपालका लागि नयाँ थिए। यस्ता विषयमा राज्यलाई जबाफदेही बनाउने कार्यमा वर्ष पुस्तकले खबरदारी गरिरह्यो।

### दोस्रो चरण (सन् १९९६ देखि २००६ सम्म)

सन् १९९६ को सुरुमै नेकपा माओवादीले सशस्त्र युद्ध सुरु गरेपछि नेपाल मानव अधिकार वर्ष

**तालिका ३** सन् २०१६ मा राज्यपक्षबाट मारिएकाहरूको सङ्ख्या (जिल्लागत आधारमा)



पुस्तकले उठान गर्ने विषयवस्तुमा परिवर्तन आयो। सन् १९९५ सम्म नेपाल मानव अधिकार वर्ष पुस्तकले मूलत: आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषय उठान गरेको थियो। सन् २००६ देखि नेपाल मानव अधिकार वर्ष पुस्तकले सशस्त्र द्वन्द्व र यसले पारेको प्रभाव अनि द्वन्द्व न्यूनीकरणका प्रयासमा केन्द्रित रही विषयवस्तु उठान गर्न थाल्यो।

नेपालको इतिहासमा यी दश वर्ष मानव अधिकारका दृष्टिले सुखद् रहेनन्। नेकपा माओवादीले जनयुद्धका नाममा सुरु गरेको सशस्त्र द्वन्द्वले नेपालको मानव अधिकार अवस्था दयनीय बन्यो। सशस्त्र द्वन्द्वका क्रममा १४ हजार हाराहारीमा नेपाली मारिए, एक हजारको हाराहारीमा बेपत्ता पारिए भने लाखौँको सङ्ख्यामा मानिस थातथलो छाड्न बाध्य भए। घाइते, अपाङ्गको एकिन तथ्याङ्क त अझै पाइएको छैन। व्यापक भौतिक संरचना क्षतिका कारण विकास र समृद्धिका हिसावले मुलुक निकै पछि धकेलियो। यही धमिलो परिवेशयुक्त अवधिमा सरकार परिवर्तनका खेल पनि व्यापक भए। नेपाल मानव अधिकार वर्ष पुस्तकले यो अवधिमा मानव अधिकार उल्लङ्घनका घटना अभिलेखीकरणमात्र गरेन, द्वन्द्व न्यूनीकरण र समायोजनका लागि महत्त्वपूर्ण सुझावसमेत दिने काम गर्दै आयो। तीव्र द्वन्द्वका कठिन अवस्थामा पनि मानव अधिकारको अभिलेख राख्ने कार्यमा नेपाल मानव अधिकार वर्ष पुस्तक सहायकसिद्ध भयो। ७५ वटै जिल्लामा छरिएका यसका प्रतिनिधिले जन र धन विनाश हुनबाट जोगाउन सक्रिय सहजकर्ताको भूमिकासमेत निर्वाह गरे। जसको मूल्याङ्कन इतिहासले गर्ने नै छ।

नेपालमा राजनीतिक यात्राको यो एक दशक सत्ता र सङ्घर्षमै रुमल्लिइरह्यो। नेतृत्वको दम्भ, आत्मपरक चिन्तन र जनताप्रतिको उदासीनताका कारण प्रजातन्त्रमा पटकपटक ग्रहण लाग्यो। आर्थिक परिवर्तनबिनाको प्रजातन्त्र दिगो हुन सक्दैन भन्ने बुझाइ नेतृत्वमा भएन। प्रजातन्त्र जनताको जीवनपद्धतिसँग जोडिन जानेन। आखिर यो कारण नै द्वन्द्वको मुहानका रूपमा देखापर्‍यो।

राजनीतिक संस्कृति र सुझबुझ अभावमा नेतृत्वले सत्ताको सही प्रयोग गर्न सकेन। सत्ताका

**तालिका ४** **सन् २०१६ मा अपहरण गरिएकाको सङ्ख्या**



लागि घात, प्रतिघात, अन्तरघात, छल र कपटका सम्पूर्ण अभ्यास यो अवधिमा भए। यी दृश्य नेपाली राजनीतिका सबैभन्दा दुःखद् तथ्य बने। यस्तै यस्तै राजनीतिक गन्जागोलबीच नेपालमा माओवादी आन्दोलनको वीजारोपण भयो। नेकपा माओवादीले २०५२ फागुनको सुरुमै रोल्पा, रुकुम, जाजरकोट, गोरखा र सिन्धुलीका प्रहरी चौकीहरूमा आक्रमण गरी 'जनयुद्ध' घोषणा गर्‍यो। माओवादीले कन्द्रीय सरकारको उपस्थिति न्यून भएको क्षेत्र र जिल्लामा समानान्तर सरकार घोषणा गरे। यो सशस्त्र विद्रोह अन्त्य गर्न सुरुमा सरकारले प्रहरी परिचालन गर्‍यो। माओवादीले यसबीचमा जबर्जस्ती चन्दा असुली, हत्या र अपहरण जस्ता हिंसात्मक क्रियाकलाप ज्यामितीय मात्रामा बढाए।

नेपाल मानव अधिकार वर्ष पुस्तक १९९७ मा नेपालको राजनीतिमा अपराधीकरण भन्ने विषयलाई मूल आलेख बनाइएको छ। यो आलेखमा नेपालको राजनीतिले कसरी आपराधिक कार्यलाई संरक्षण गरेको छ भन्नेबारे उदाहरणसहित विश्लेषण गरिएको छ। राजनीतिक आवरणमा हुने आपराधिक क्रियाकलाप र त्यसको संरक्षण नेताहरूले कसरी गर्छन् भन्नेबारे पनि विस्तृत विवरण दिइएको छ। त्यतिबेलादेखि संस्थागत हुँदै आएको यस्ता कार्यको प्रभाव नेपाली राजनीतिमा हालसम्म देख्न सकिन्छ।

सन् १९९२ देखि सन् १९९७ सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तक सोही वर्षका घटनाहरू समावेश गरी प्रकाशन गरिएको थियो । तर, सन् १९९८ का घटनाहरू समावेश गरी नेपाल मानव अधिकार वर्ष पुस्तक १९९९ प्रकाशन भयो । त्यसयता हालसम्म अघिल्लो वर्षका घटनालाई समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन हुँदै आएका छन् ।

नेपाल मानव अधिकार वर्ष पुस्तक १९९९ ले नेपालमा राजनीतिक भ्रष्टाचारको विषयलाई मूल आलेख बनाएको छ। यसैगरी, नेपालमा राजनीतिक पार्टीहरूको गठन र विघटन, माओवादी क्रियाकलाप र सरकारी व्यवहार, नेपालमा बाल अधिकारजस्ता विषयमा चर्चा गरिएको थियो। लोकतन्त्र पुनर्बहाली भएपछिको तेस्रो आमचुनाव वि.सं. २०५६ मा भयो जसले नेपाली कङ्ग्रेसलाई पूर्ण बहुमतसाथ शक्तिमा फर्कायो । केन्द्रको अस्थिर राजनीतिका कारण सोही समयमा माओवादी सशस्त्र विद्रोह बढ्दै गयो।

**तालिका ५** **सन् २०१६ मा पीडित बालबालिकाहरूको सङ्ख्या**



**तालिका ६** सन् २०१६ मा पीडित बालबालिकाहरूको सङ्ख्या (क्षेत्रगत आधारमा)

| घटनाको प्रकार | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्यपश्चिमाञ्चल | सुदूरपश्चिमाञ्चल | जम्मा |
|---|---|---|---|---|---|---|
| बालश्रम | १ | | ३ | | | ४ |
| बालबालिका बेचबिखन | ३ | १३ | ६ | ८ | ५ | ३५ |
| बालविवाह | ३ | ५ | २ | ६ | | १६ |
| बलात्कार | १०७ | १८८ | ९४ | ६० | १९ | ४६८ |
| नवजात शिशुको हत्या | ५ | ३ | १ | ६ | | १५ |
| विद्यालयमा शारीरिक सजाय | ६ | ३ | ७ | ४ | १ | २१ |
| यौन दुर्व्यवहार | ४१ | ५४ | ३१ | २४ | ९ | १५९ |
| हत्याको प्रयास | | | १ | १ | | २ |
| जम्मा | १६६ | २६६ | १४५ | १०९ | ३४ | ७२० |

त्यसलाई नियन्त्रणमा लिन प्रहरी सफल भएन।

नेपाल मानव अधिकार वर्ष पुस्तक २००० मा आमनिर्वाचन २०५६ लाई मूल आलेख बनाइएको छ। आवधिक निर्वाचनले लोकतन्त्र मजबुत बनाउन कसरी सहयोग पुऱ्याउँछ भन्नेबारे यो आलेखमा वर्णन गरिएको छ भने निर्वाचनका क्रममा भएका हिंसा र ज्यादतीका घटना पनि उल्लेख छ।

माओवादी आन्दोलनसँग जोडिएका द्वन्द्वले सिर्जना गरेका घटनाक्रमलाई मात्र उल्लेख नगरी यस्ता घटनाको आकार खुम्च्याउन गर्न सकिने पहलबारे पनि वर्ष पुस्तकले बेलाबेलामा सरोकारवालाहरूलाई घचघच्याएको थियो। जसको प्रमाण नेपाल मानव अधिकार वर्ष पुस्तक २००१ छ। यसमा द्वन्द्व मूल्याङ्कन र समायोजनका उपायहरूका विषयमा चर्चा गरिएको छ। नेपालमा जारी सशस्त्र द्वन्द्व, यसले पारेको प्रभाव र द्वन्द्व समायोजनका बारेमा आलेखमा विस्तृत व्याख्या र विश्लेषणमात्र संलग्न छैन, सुल्झाउन सकिने उपायसमेत प्रस्तुत गरिएका थिए।

माओवादी युद्धसँग जोडिएका विषयलाई चटक्कै छाडेर वर्ष पुस्तक निस्कनु समयसान्दर्भिक हुने थिएन। त्यसैले यो कटु यथार्थलाई आत्मसात गर्दै नेपाल मानव अधिकार वर्ष पुस्तक २००२ मा सङ्कटकाल र मानव अधिकार विषयक मूल आलेख प्रकाशित भयो। यसै पुस्तकमा राजदरबार हत्याकाण्ड र त्यसपछि सिर्जना भएका मानव अधिकार उल्लङ्घनका विषय प्राथमिकतामा परे। सङ्कटकाल लागु भएपछि परिचालित शाही नेपाली सेनाका कारण मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा भएको बढोत्तरी पनि यो वर्ष प्राथमिकतामा परे।

विक्रम संवत् २०५८ जेठ १९ मा राजपरिवारकै हत्या भयो। राजा वीरेन्द्र र उनको परिवारका अन्य सदस्यको युवराज दीपेन्द्रले गोली हानेर हत्या गरे र अनि आफैँ आत्महत्या गरेको प्रतिवेदन सरकारले सार्वजनिक गऱ्यो। त्यस गोली काण्डमा राजा वीरेन्द्रका परिवारका कुनै पनि सदस्य जीवित रहेनन्। २०५८ मङ्सिरमा माओवादीले दाङको सैनिक ब्यारेकमा हमला गरेपछि सरकारले सङ्कटकाल घोषणा गऱ्यो र शाही नेपाली सेना पहिलो पटक माओवादीविरुद्ध परिचालित भयो। २०५९ जेठमा प्रधान मन्त्री शेरबहादुर देउवाको सिफारिसमा राजा ज्ञानेन्द्रले प्रतिनिधि सभा भङ्ग गरेर आमचुनाव घोषणा गरे। सोही वर्षको असोजमा राजा ज्ञानेन्द्रले 'अक्षम' घोषित गर्दै प्रधान मन्त्री शेरबहादुर देउवाको सरकार हटाए।

यिनै परिवेशमा सन् २००३ को नेपाल मानव अधिकार वर्ष पुस्तकले अन्यौलमा संविधान विषयलाई मूल आलेख बनाएको छ। जसमा राजाले प्रधान मन्त्री देउवालाई अपदस्थ गरेपछि नेपाल अधिराज्यको संविधान २०४७ अस्तित्वमा रहे/नरहेको चर्चा सुरु भएको उल्लेख छ। वर्ष पुस्तकले राजाको कदमले लोकतन्त्र खतरामा परेको स्पष्टसँग उल्लेख गऱ्यो।

**तालिका ७** **सन् २०१६ मा पीडित बालबालिकाहरूको सङ्ख्या (उमेरका आधारमा)**

| घटनाको प्रकार | १ – ५ | ६ – ११ | १२ – १७ | जम्मा |
|---|---|---|---|---|
| बालश्रम | | ३ | १ | ४ |
| बालबालिका बेचबिखन | | ३ | ३२ | ३५ |
| बालविवाह | | | १६ | १६ |
| बलात्कार | ४६ | १२४ | २९८ | ४६८ |
| नवजात शिशुको हत्या | १५ | | | १५ |
| विद्यालयमा शारीरिक सजाय | | ९ | १२ | २१ |
| यौन दुर्व्यवहार | १५ | ४९ | ९५ | १५९ |
| हत्याको प्रयास | २ | | | २ |
| जम्मा | ७८ | १८८ | ४५४ | ७२० |

वर्ष पुस्तकले गरेको आकलन स्वयम् राजाको पछिल्ला वर्षका क्रियाकलापले पुष्टि गरे।

नेपाल मानव अधिकार वर्ष पुस्तक २००४ मा अवरुद्ध प्रजातान्त्रिक अभ्यासलाई मूल आलेख बनाइएको छ। यस आलेखमा नेपालको बहुदलीय प्रजातन्त्र कसरी पक्षघातग्रस्त भयो भन्ने व्याख्या गरिनुका साथै यो अवस्था सिर्जनाका कारकहरू किटान गरिएको छ। जसमा २०४६ सालको जनआन्दोलनपछि प्राप्त प्रजातन्त्र र त्यसका सञ्चालकका कमी/कमजोरी, प्रजातान्त्रिक आचरणको विश्लेषण गर्दै सिद्धान्तनिष्ठता प्रस्तुत गर्न सकेको भए प्रजातन्त्रमा यो स्तरको सङ्कट नआउने सामग्री उल्लेख छ।

नेपाल मानव अधिकार वर्ष पुस्तक २००५ मा अल्मलिएको शान्ति प्रक्रिया विषयको मूल आलेखमा माओवादी द्वन्द्वका कारण सिर्जित समस्याका विषयमा विस्तृत विवरण दिइएको छ। पटकपटकको युद्धविराम असफल हुँदा नेपालको शान्ति प्रक्रियाले गति नलिने हो कि भन्ने शङ्का यसमा व्यक्त छ। सन् २००५ मा सबैभन्दा बढी मानिस बेपत्ता पारिएका थिए भने यही वर्ष सबैभन्दा बढी मानिस द्वन्द्वरत पक्षबाट मारिएकोसमेत वर्ष पुस्तकले अभिलेखन गऱ्यो। यो वर्ष करिब ३ हजार नेपालीको ज्यान गयो भने हिंसा नियन्त्रण गर्ने नाममा स्वेच्छाचारी गिरफ्तारी, यातना, नक्कली भिडन्त, अपहरण, विस्थापन जस्ता घटना सयौँ अभिलेखन गरिए। द्वन्द्वरत पक्षप्रति असहमत शान्तिप्रेमी नेपाली जनता चेपुवामा परेको, ग्रामीण तहका उपेक्षित, गरिब, दलित, जनजाति सबैभन्दा बढी मारमा परेको विषय वर्ष पुस्तकले तथ्याङ्क र विवरणसहित बडो मर्मस्पर्सीतवरले प्रस्तुत गऱ्यो।

नेपाल मानव अधिकार वर्ष पुस्तक २००६ ले गहिरिँदो राष्ट्रिय सङ्कट भन्ने मूल आलेखमा द्वन्द्वरत पक्षका कारण राष्ट्रिय सङ्कट निम्तिएको ठोकुवा गऱ्यो। यो वर्ष राजाले शासन सत्ता हातमा लिएको विषयलाई मूल विषय बनाइएको छ। राजनीतिक दलहरू असफल भएको, शान्ति कायम गर्न नसकेको आदि कारण देखाउँदै राजाले प्रत्यक्ष शासनको मोह देखाएका थिए। शाही कदमका कारण देशमा निरङ्कुशता हावी भएको, मानव अधिकारहरू निलम्बन गरिएको, शाही घोषणामा गएिका प्रतिबद्धताविपरीत निरङ्कुशताका माध्यमबाट प्रजातन्त्रको मूल मर्ममा प्रहार गरिएको विषय वर्ष पुस्तकले जोडदारतवरले उठायो।

### राजाको प्रत्यक्ष शासन

राजा ज्ञानेन्द्रले यसबीचमा विभिन्न नेतालाई प्रयोग गरेकै थिए। तर सत्ताको साँचो आफ्नो हातमा भएर पनि सन्तुष्ट हुन नसकेका उनले शाही घोषणामार्फत २०६१ माघ १९ गते कार्यकारी

तालिका ८

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घन पीडितको सङ्ख्या (क्षेत्रगत आधारमा)




अधिकार आफैं हत्याए। राजनीतिक दलका शीर्ष नेता आफ्नै गृहमा बन्दी बनाइए। राजा ज्ञानेन्द्रको यो कदम मूलधारको राजनीतिमा संलग्न तथा राजतन्त्र स्वीकार गरिरहेका संसद्वादी दलहरू र भूमिगत भएर सशस्त्र युद्ध हाँकिरहेको माओवादी मिलाउने सेतु बन्न पुग्यो। त्यसपछि राजाको प्रत्यक्ष शासन अन्त्यका लागि सात राजनीतिक दल र नेकपा माओवादीबीच २०६२ मङ्सिरमा १२ बुँदे सम्झौता भयो। जुन सम्झौता हिंसा अन्त्य गर्ने र राजाविरुद्ध संयुक्तरूपमा लड्नेमा केन्द्रित थियो।

### पछिल्लो जनआन्दोलन र लोकतन्त्र पुनर्स्थापना

वि.सं.२०६२ चैतदेखि नेपालका प्रमुख सात दलले लोकतन्त्र माग गर्दै ठूला विरोध प्रदर्शन गरे। प्रदर्शन बढ्दै जाँदा राजा ज्ञानेन्द्रले प्रधान मन्त्रीमा कार्यकारी शक्ति हस्तान्तरण गर्ने शाही सन्देश वि.सं.२०६३ वैशाख ८ गते सञ्चारमाध्यममार्फत दिए। तर, त्यसलाई दलहरूले ठाडै अस्वीकार गरे। संसद् पुनर्बहाली र संविधान पुनर्लेखन गर्ने माग राजाले पूरा नगरेको भन्दै दलहरूले आन्दोलन जारी राखे। थप तीन दिनको व्यापक प्रदर्शनपछि २०६३ वैशाख ११ गते राजाले शक्ति जनतामा सुम्पन बाध्य भए। उर्लंदो विरोध सामना गर्न नसकिने निचोडमा पुगेपछि उनी संसद् पुनर्बहाली गर्न बाध्य हुनुपर्‍यो। लोकतन्त्रको स्थापना भएपछि काठमाडौँको खुलामञ्चमा आयोजित सभालाई सम्बोधन गर्दै सात राजनीतिक दलका शीर्षस्थ नेताले विगतका गल्ती नदोहोर्‍याउने र देशलाई तीव्र आर्थिक प्रगतिको दिशातर्फ बढाउने सामूहिक उद्घोष गरेका थिए।

आन्दोलनरत दलहरूको सहमतिमा गिरिजाप्रसाद कोइराला प्रधान मन्त्रीमा नियुक्त भए भने पुनर्स्थापित संसद्‌नै सार्वभौम शक्ति भएको घोषणा गर्‍यो। पुनर्स्थापित संसद्ले नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गर्दै सेनामाथि राजाको अधिकार कटौती गर्‍यो। त्यतिमात्र हैन, महिलालाई हरेक निकायमा ३३ प्रतिशत आरक्षण जस्ता दूरगामी प्रभाव पार्ने घोषणासमेत गर्‍यो।

### तेस्रो चरण (सन् २००७ देखि सन् २०१६ सम्म)

सन् २००६ मा विस्तृत शान्ति सम्झौता भएसँगै सशस्त्र युद्ध विधिवत् अन्त्य भयो। तर शान्ति सम्झौता भएको १० वर्ष पूरा हुँदासम्म पनि सङ्क्रमणकालीन अवस्थाबाट नेपालले पार पाउन सकेन। राजनीतिकरूपमा ठूला ठूला परिवर्तन भए

**तालिका ९**

## सन् २०१५ मा मानव अधिकार उल्लङ्घन पीडितको सङ्ख्या
### (क्षेत्रगत आधारमा)




तर जनताको जनजीविकाका सवाल सम्बोधनमा भने राज्य सधैं चुक्यो। विकास र अग्रगमनका विषय राजनीतिक खेलमा विलुप्त भए। सत्ता र सत्ता प्राप्तिका लागि भएका छिनाझपटीका खेल टुलुटुलु हेर्नुको विकल्प नेपाली जनतासामु राखिएन। नेपालका हरेक राजनीतिक परिवर्तनमा सक्रिय सहभागिता जनाउने सर्वसाधारणको एउटै उद्देश्य हुने गरेको छ- प्रगतिको चाहना। तर सत्ता प्राप्तिसँगै राजनीतिक नेतृत्वले यो वास्तविकता सधैं बिर्सने गरेका छन्। अनि उही पुरानै खेलमा रमाउने प्रवृत्तिलाई नै सर्वेसर्वा ठान्ने गरेका छन्।

यिनै परिवेशमा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक २००७ मा नयाँ मार्गचित्र र चुनौतीपूर्ण सङ्क्रमणकाल भन्ने मूल आलेख छापिएको छ। आलेखले राज्यबाट भन्दा गैरराज्य पक्षबाट बढी हत्याका घटना भएको उल्लेख गरेको छ। मधेसका मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी १० जिल्लामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत), जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह), मधेसी टाइगर्स जस्ता सशस्त्र समूहका गतिविधिले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना वृद्धि भएको उल्लेख भयो। तराईका कतिपय स्थानबाट पहाडी मूलका बासिन्दा विस्थापितसमेत हुनुपरेको विषय उठान गर्दै माओवादी युद्ध अन्त्य भए पनि आन्तरिक विस्थापनको अर्को रूप देखापरेको भन्दै सबैलाई सतर्क तुल्याएको थियो।

सशस्त्र द्वन्द्वले थिल्थिल्याएको समाजमा त्यसका बाछिटा कायमै रहे। यही कारण हो- सङ्घीयता, धर्म निरपेक्षता र गणतन्त्र विरोधी स्वर यतिखेर कुनाकाप्चाबाट गुञ्जन थालेका छन्। यस्ता महत्त्वपूर्ण निर्णय गर्नुअघि जनताको अभिमत बेवास्ता गरिएको गुनासा पनि उत्तिकै सशक्त बनिरहेका छन्। ठूलो बलिदानीपछि संविधान सभाद्वारा निर्मित संविधान अधिकारका दृष्टिले अभूतपूर्व छ तर पनि केही प्रावधानलाई आधार बनाएर यसको कटाक्ष गर्ने काम पनि भइरहेका छन्। तर कटाक्षकर्तासँग संविधानले विभेद गरेको प्रमाण देखाउने आँट भने छैन।

नेपाल मानव अधिकार वर्ष पुस्तक २००७ देखि २०१६ सम्मले यी र यस्तै विषयलाई प्राथमिकताका साथ उठाउँदै आए। यही कारण पनि हरेक परिवर्तन र राजनीतिक उतारचढावको 'देखिसुन्ने' साक्षी बन्न सकेको हो- नेपाल मानव अधिकार वर्ष पुस्तक।

**तालिका १०** **सन् २०१६ मा क्षेत्रगत आधारमा पीडित सङ्ख्या (घटनाका आधारमा)**

| घटनाको प्रकार | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्यपश्चिमाञ्चल | सुदूरपश्चिमाञ्चल | जम्मा |
|---|---|---|---|---|---|---|
| घाइते | १७ | २८ | २३ | ३ | | ७१ |
| बाल अधिकार | १६६ | २६६ | १४५ | १०९ | ३४ | ७२० |
| अमानवीय व्यवहार | १ | २ | १ | ७ | ५ | १६ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | २ | | १ | | | ३ |
| अपहरण | ५ | ७ | ३ | २ | | १७ |
| महिला अधिकार | ८०६ | ८८३ | ४०४ | ४३३ | ३९३ | २९१९ |
| भूमिहीन/सुकुम्बासी समस्या | | | ८ | | | ८ |
| भेला/सङ्गठित हुने अधिकार | १ | १०९ | ७५ | २२ | २५ | २३२ |
| जेलमा मृत्यु | | | | १ | | १ |
| जातीय विभेद | ३ | ७ | १२ | २० | ९ | ५१ |
| गिरफ्तारी | ४ | २ | ९ | ६ | ९ | ३० |
| हिरासत वा थुनामा मृत्यु | | १ | | १ | | २ |
| यातना | ४ | ७ | | २९ | | ४० |
| कुटपिट | ३८ | २७ | १४ | ३७ | १ | ११७ |
| धम्की | ३ | ४ | १ | ७ | | १५ |
| हत्या | ६५ | ८२ | ५४ | ५२ | १७ | २७० |
| जम्मा | १११५ | १४२५ | ७५० | ७१९ | ४९३ | ४५०२ |

### शान्ति सम्झौता र मूलधारे राजनीतिमा माओवादी प्रवेश

एक दशक लामो सशस्त्र युद्धपछि नेकपा माओवादी र सरकारबीच २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भयो। नेपालकै इतिहासमा कोसेढुङ्गा सावित त्यस शान्ति सम्झौतामार्फत माओवादी हिंसा स्थायीरूपमा अन्त्य गर्न, कब्जा गरिएका सम्पत्ति फिर्ता गर्न र अपहरण र करकापमा चन्दा असुली रोक्न सहमत भए। सम्झौतामा माओवादी लडाकुलाई राज्य सुरक्षा बलसँग एकीकृत गर्ने र माओवादी तथा राज्यद्वारा बेपत्ता पारिएकाको स्थिति सार्वजनिक गर्ने विषयमा समेत उल्लेख भयो। शान्ति सम्झौता माओवादीका लागि अन्तरिम संसद् र सरकारमा संलग्न हुने पुलसमेत बन्यो। जसका आधारमा उसलाई बिना चुनाव जनप्रतिनिधिका रूपमा मुलुकका अन्य मुख्य राजनीतिक दलकै हाराहारीमा पुर्‍याइयो।

नेपाल मानव अधिकार वर्ष पुस्तक २००८ ले शान्ति प्रक्रियामा उतारचढाव शीर्षकको मूल आलेखमा सफलतापूर्वक संविधान सभाको निर्वाचन सम्पन्न भएको तर सरकार गठनलगायतका विषयमा राष्ट्रिय सहमतिको सरकार बन्न नसकेको उल्लेख गर्‍यो। धेरैजसो निर्णय राजनीतिक सहमतिका आधारमा भएको उल्लेख गर्दै ठूला राजनीतिक दलबीचको असहमतिले देशलाई सही दिशातर्फ नलैजाने भद्र चेतावनी दियो।

### पहिलो संविधान सभा निर्वाचन

२०६४ चैत २७ गते भएको संविधान सभाको निर्वाचनमा नेकपा माओवादी ठूलो दलका

**तालिका ११** सन् २०१५ मा पीडित भएकाहरूको सङ्ख्या (क्षेत्रगत आधारमा)

| घटनाको प्रकार | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्यपश्चिमाञ्चल | सुदूरपश्चिमाञ्चल | जम्मा |
|---|---|---|---|---|---|---|
| घाइते | ६८ | २७५ | २३ | ७० | ६६ | ५०२ |
| बेपत्ता | | १ | | | | १ |
| बाल अधिकार | २३३ | ३०० | १६४ | ९४ | ४७ | ८३८ |
| अमानवीय व्यवहार | ५ | ३ | १ | ४ | | १३ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | १ | ३ | ४ | ११ | १ | २० |
| अपहरण | ३ | ३ | १ | | | ७ |
| महिला अधिकार | ८७९ | १४७९ | २४६ | ५७२ | ३७१ | ३५४७ |
| भेला/सङ्गठित हुने अधिकार | १३४ | ३६३ | ४० | १५० | | ६८७ |
| जातीय विभेद | १७ | ८ | १ | ८ | १३ | ४७ |
| गिरफ्तारी | ९ | ४७ | २ | ४४ | १३ | ११५ |
| हिरासत वा थुनामा मृत्यु | | १ | | | | १ |
| कुटपिट | ९४ | ६३ | २० | ३९ | ७ | २२३ |
| धम्की | ५ | २४ | ६ | ११ | ३ | ४९ |
| हत्या | ७३ | ११८ | ४९ | ३४ | ३३ | ३०७ |
| जम्मा | १५२१ | २६८८ | ५५७ | १०३७ | ५५४ | ६३५७ |

रूपमा निर्वाचित भयो। २०६५ जेठ १५ गते बसेको संविधान सभाको पहिलो बैठकले नेपाललाई 'गणतन्त्र' घोषणा गऱ्यो। घोषणासँगै २ सय ४० वर्ष लामो इतिहास बोकेको नेपाली राजसंस्था बिदा भयो।

नेपाल मानव अधिकार वर्ष पुस्तक २००९ तीन वर्षअघि सुरु भएको शान्ति प्रक्रिया सन् २००९ को अन्त्यसम्म आइपुग्दासमेत सार्थक टुङ्गोमा पुग्न नसकेकोप्रति चिन्ता लिएर उपस्थित भयो। मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८ को मूल्य/मान्यता तथा त्यसमा अन्तरनिहित मर्मप्रति सम्मान जनाउने प्रतिबद्धतासमेत प्रकट गरेर विस्तृत शान्ति सम्झौता भएको स्मरण गराउँदै नयाँ नेपाल निर्माणका लागि आवश्यक ठहऱ्याइएको राजनीतिक, आर्थिक, सामाजिक रूपान्तरण तथा वर्गीय, जातीय, भाषिक, लैङ्गिक तथा सांस्कृतिक भेदभाव अन्त्य गर्ने प्रतिबद्धता विस्तारै कार्यसूचीमा मात्र सीमित हुन पुगेकोतर्फ सरोकारवालालाई बेलैमा सचेत गरायो।

तर पनि मुलुकको वातावरण सङ्लिन सकेन। यसैबीच प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक २०१० ले शान्ति प्रक्रियाको अवरोध विषयक मूल आलेखमा विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानको भावनाअनुकूल सहमतीय सरकार गठन भएर शान्ति प्रक्रियालाई सार्थक टुङ्गोमा पुऱ्याउँदै लोकतन्त्र सुदृढ गर्नुपर्ने विषयमा राजनीतिक दलहरू चुकेकोतर्फ सूचित गऱ्यो। शान्ति सम्झौता र अन्तरिम संविधानले देखाएको मार्ग अवलम्बन नगरिनु कमजोरी हुन् भन्नेतर्फ जोड दिँदै यो बाटो नभुल्न आग्रहसमेत गरेको थियो।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०११ ले अन्तरद्वन्द्वमा शान्ति प्रक्रिया शीर्षकको मूल आलेखमार्फत बृहत् शान्ति सम्झौताको माध्यमबाट सशस्त्र द्वन्द्व विधिवत् अन्त्य भएको पाँच वर्ष बितिसक्दा पनि द्वन्द्वपीडितका मुद्दा ज्युँका त्युँ रहेकामा चिन्ता व्यक्त गर्दै यसतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गरायो। संविधान सभा विघटन, जननिर्वाचित संस्थाको अनुपस्थिति, विधिको

शासनको अपर्याप्तता आदि विषयले समग्र राजनीतिमा पारेको असरबारे पनि सबैलाई सूचित गर्ने काम यसले गर्‍यो। र, यी विषयमा जिम्मेवार हुन आग्रहसमेत दोहोर्‍यायो।

## पहिलो संविधान सभा विघटन र माओवादी लडाकु समायोजन

अन्तरिम संविधान २०६३ ले व्यवस्था गरेको दुई वर्षको संविधान निर्माणको समयमा संविधान घोषणा हुन सकेन। दुई वर्षभित्र संविधान तयार गरी जारी गर्ने म्यान्डेटका साथ निर्वाचित भएको संविधान सभालाई म्याद थपेर चार वर्षसम्म लम्बाइए तापनि नेपाली राजनीतिक दलबीच सङ्घीयताबारे सहमति जुट्न नसकेपछि २०६९ जेठ १५ गते संविधान सभा विघटन भयो। सर्वोच्च अदालतले संविधान सभाको म्याद अन्तिम पटकलाई मात्रै थप्न मिल्ने आदेश गरेको थियो।

तर पनि शान्ति प्रक्रियाको एउटा महत्त्वपूर्ण एवम् जटिल विषय माओवादी लडाकुको समायोजन प्रक्रिया यही अवधिमा सम्पन्न भयो। तत्कालीन राष्ट्रसङ्घीय मिसन अनमिनको प्रमाणीकरणमा उपस्थित झण्डै ३२ हजार लडाकुमध्ये १९ हजार ६ सय २ मात्र वास्तविक लडाकु ठहरिए। अन्तिम प्रक्रियामा आइपुग्दासम्म प्रमाणित लडाकुमध्ये १० प्रतिशत पनि समायोजन हुन इच्छुक देखिएनन्। ६ हजार ५ सय लडाकु समायोजन गरिने राजनीतिक सहमति भए पनि करिब १ हजार ४ सय लडाकुले मात्र समायोजन रोजे।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१२ ले सत्तालिप्सामा विलुप्त शान्ति र संविधान विषयमा मूल आलेख प्रकाशन गरी अझै पनि ठूला दल विकृत राजनीतिको घेराबाट बाहिर आउन नसकेकोप्रति औंला ठड्यायो। विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानको भावनाअनुकूल जसरी सहमतीय सरकार गठन भएर शान्ति प्रक्रियालाई सार्थक टुङ्गोमा पुर्‍याउँदै लोकतन्त्रलाई सुदृढ गर्दै जानुपर्थ्यो त्यसतर्फ नजरअन्दाज गरेको भन्दै सतर्क गरायो। संविधान सभा निर्वाचनपछिका चारवटै सरकार सहमतीय आधारमा गठन हुन सकेनन्। मूलत: सत्तालिप्साका कारण राजनीतिक दलबीच सहमति हुन नसकेको विषयलाई यसमा प्राथमिकता दिइएको छ।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१३ मा पनि शान्ति सम्झौतापछिका वर्षमा भएका र हुन नसकेका विषयलाई प्राथमिकता दिएर खासगरी मुख्य राजनीतिक दलहरूलाई यसैतर्फ केन्द्रित हुन घच्घच्याइएको छ। मुलुकका विविध समस्या एवम् मानव अधिकार संरक्षण गर्ने अभिभारा बोकेको सरकार आफ्नो दायित्व र कर्तव्यबाट विमुख भएको र त्यसका कारण राष्ट्रिय सङ्कट आएको अनि यस्तो विषयले अन्तर्राष्ट्रिय चासोसमेत निम्त्याएकोबारे यसमा ध्यानाकर्षण गराइएको छ।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१४ मा अग्रगमनको प्रस्थान विन्दु संविधान सभा भएको विषयले प्राथमिकता पायो। गैरदलीय सरकारले संविधान सभाको निर्वाचन सफलतापूर्वक सम्पन्न गराएको, संविधान सभाको निर्वाचनमा ८० प्रतिशत भन्दा बढीले मतदान गरेको उल्लेख गर्दै यसले अब सबैको ध्यान उत्कृष्ट संविधान बनाउनेतर्फ केन्द्रित हुनुपर्नेमा जोड दिएको थियो। पहिलो संविधान सभाको असफलताबाट पाठ सिकेर नयाँ संविधान निर्माण गर्न राजनीतिक दलहरू सक्षम हुने आशा पनि यसमा व्यक्त थियो।

## दोस्रो संविधान सभाको निर्वाचन

लामो समयको विवाद र छलफलपछि ठूला राजनीतिक दल र मधेसी मोर्चा सर्वोच्च अदालतका प्रधान न्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा चुनावी सरकार गठनका लागि सहमत भएका थिए। राज्यको दुई प्रमुख अङ्गका प्रमुख एकै व्यक्ति रहँदा शक्ति पृथकीकरणको सिद्धान्तविपरीत भएको तर्कका आधारमा मानव अधिकार समुदायले यसप्रति विरोध जनायो। वस्तुत: संविधान सभा निर्वाचनका लागि सहमतीय आधारमा गठित उक्त मन्त्रिपरिषद्को विरोध सेलाउनुका साथै निर्वाचनको वातावरण पनि निर्माण हुँदै गयो र अन्तत: २०७० मङ्सिर ४ गते निर्वाचनको मिति तय भयो। अन्तरिम मन्त्रिपरिषद्ले घोषित मितिमा संविधान सभा निर्वाचन सम्पन्न गरायो पनि।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५ मा संविधान सभा निर्वाचनले नेपाली जनतालाई

**तालिका १२**

## सन् २०१६ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ७ | ७ | ७ | ५७ | ६४ |
| बाल अधिकार | | | | ६६८ | ५२ | ७२० |
| अमानवीय व्यवहार | | ३ | ३ | २ | ११ | १३ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | १ | २ | ३ |
| अपहरण | | | | ८ | ९ | १७ |
| महिला अधिकार | | | | २९०९ | | २९०९ |
| भूमिहीन/सुकुमबासी समस्या | | | | | ८ | ८ |
| भेला/सङ्गठित हुने अधिकार | ५४ | १७७ | २३१ | | १ | १ |
| जेलमा मृत्यु | | १ | १ | | | |
| जातीय विभेद | | | | १८ | ३३ | ५१ |
| गिरफ्तारी | | ३० | ३० | | | |
| हिरासत वा थुनामा मृत्यु | | २ | २ | | | |
| यातना | ३ | ३७ | ४० | | | |
| कुटपिट | ४ | ३२ | ३६ | १९ | ६२ | ८१ |
| धम्की | | ४ | ४ | २ | ९ | ११ |
| हत्या | १ | ३ | ४ | १५७ | १०९ | २६६ |
| जम्मा | ६२ | २९६ | ३५८ | ३७९१ | ३५३ | ४१४४ |

## सन् २०१५ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | तेस्रो लिङ्गी | जम्मा |
| घाइते | १२ | २७५ | २८७ | १२ | २०३ | | २१५ |
| बेपत्ता | | १ | १ | | | | |
| बाल अधिकार | | | | ७८३ | ५५ | | ८३८ |
| अमानवीय व्यवहार | | | | २ | ११ | | १३ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | १ | १९ | | २० |
| अपहरण | | | | ५ | २ | | ७ |
| महिला अधिकार | | | | ३५४७ | | | ३५४७ |
| भेला/सङ्गठित हुने अधिकार | ८६ | ६०१ | ६८७ | | | | |
| जातीय विभेद | | | | १८ | २९ | | ४७ |
| गिरफ्तारी | ३ | ११२ | ११५ | | | | |
| हिरासत वा थुनामा मृत्यु | | १ | १ | | | | |
| कुटपिट | १० | ८९ | ९९ | १६ | १०८ | | १२४ |
| धम्की | | ८ | ८ | ३ | ३८ | | ४१ |
| हत्या | ४ | ३३ | ३७ | १३८ | १३१ | १ | २७० |
| जम्मा | ११५ | ११२० | १२३५ | ४५२५ | ५९६ | १ | ५१२२ |

**तालिका १३** **सन् २०१६ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या**




आफूले चुनेका जनप्रतिनिधिमार्फत् शासित हुने अवसर दिएको, सङ्क्रमणकाल छोट्याउने आधार दिएकोलगायतका विषयमा उल्लेख छ। विस्तृत शान्ति सम्झौता भएदेखि नै सङ्क्रमणकालीन न्यायलाई सङ्कुचिततवरले हेर्ने तथा पीडित पक्षलाई उपलब्ध गराएको आर्थिक सहयोगलाई न्याय र हानिपूरणको पर्यायका रूपमा व्याख्या गरिँदै आएको पनि यसमा उल्लेख छ। यसबाट पनि वर्ष पुस्तकले नियमितरूपमा शान्ति सम्झौताको मर्म आत्मसात गरेर अघि बढ्न सम्बन्धित पक्षहरूलाई आग्रह गर्न नछाडेको प्रमाणित हुन्छ।

यही परिप्रेक्ष्यमा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६ ले जननिर्वाचित प्रतिनिधिमार्फत संविधान निर्माण भएको विषयलाई प्राथमिकतासाथ उल्लेख गर्‍यो। संविधान मूल कानुनका रूपमा मात्र नभएर झण्डै दशक लामो सङ्क्रमणलाई विश्राम दिने आधारसमेत बनेको र शान्ति प्रक्रियाको सर्वाधिक महत्त्वपूर्ण अध्याय टुङ्गोमा पुर्‍याएको उल्लेखसमेत यसमा गरिएको छ।

## संविधान निर्माण

संविधान सभाले २०७२ असोज ३ गते नयाँ संविधान जारी गर्‍यो। संविधान जारी भएसँगै नेपालमा जारी लामो सङ्क्रमणकालको एउटा अध्याय टुङ्गिने दिशातर्फ अगाडि बढ्यो। वि.सं. २००४ सालको वैधानिक कानुनबाट आरम्भ भएको संवैधानिक इतिहासमा यो सातौँ संविधान भए पनि सार्वभौम नेपाली जनताका तर्फबाट जारी यस संविधानले नेपाली जनतालाई पूर्णत: अधिकार सम्पन्न गराउने अभिभारा बोकेको छ। ६ सय १ सदस्यीय संविधानसभामा एकजनाको निलम्बन, एकको निधन र दुई सदस्यको मनोनयन नै हुन नसकेकाले ५ सय ९७ सभासद बहाल थिए। तीमध्ये फोरम लोकतान्त्रिक, समाजवादी फोरम, तमलोपा र सद्भावनासहित मधेसकेन्द्रित दलका ५७ सभासद संविधान निर्माणको अन्तिम प्रक्रियाबाट बाहिर रहे भने संविधानसभाको प्रक्रियामा सहभागी दलका ५ सय ३७ सभासदले हस्ताक्षर गरे। नेपालको संविधान, २०७२ मा संविधान सभामा कायम सङ्ख्याको ८४.७८ प्रतिशत र मतदानमा उपस्थित ९५.३

## तालिका १४ सन् २०१६ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (क्षेत्रगत आधारमा)

| घटनाको प्रकार | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्यपश्चिमाञ्चल | सुदूरपश्चिमाञ्चल | जम्मा |
|---|---|---|---|---|---|---|
| बेचबिखनको प्रयास | | | | | ७ | ७ |
| कथित बोक्सीको आरोप | १६ | ८ | | १० | | ३४ |
| बलात्कार | ७४ | ७८ | ३५ | ४७ | ८ | २४२ |
| बलात्कारको प्रयास | ३८ | २४ | १० | १६ | ६ | ९४ |
| बहुविवाह | ५९ | ८३ | २९ | ४२ | ९ | २२२ |
| महिला बेचबिखन | ५ | ३४ | १८ | ६ | ९ | ७२ |
| घरेलु हिंसा | ५९८ | ६५४ | ३०३ | २९५ | ३५१ | २२०१ |
| यौन दुर्व्यवहार | १६ | २ | ९ | ७ | ३ | ३७ |
| जम्मा | ८०६ | ८८३ | ४०४ | ४२३ | ३९३ | २९०९ |

प्रतिशतले पारित गरेका हुन्। मधेसका ६७ सभासदले संविधानको पक्षमा मतदान र २७ ले बहिष्कार गरेका थिए। थारु सभासद् ४२ मध्ये १३ ले बहिष्कार गरेका थिए। मतदानमा १ सय २० जना आदिवासी जनजाति, ६७ मधेसी, २१ थारू र १४ जना मुस्लिम सभासद् सहभागी थिए।

सन् २००७ देखि सन् २०१६ सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तकले मूलत: शान्ति सम्झौताको कार्यान्वयनका विषयलाई उठान गरे। लम्बिएको सङ्क्रमणकाल, पहिलो संविधान सभाको असफलता, दोस्रो संविधान सभाको निर्वाचन र संविधान निर्माण, व्याप्त दण्डहीनताका माझ न्याय नपाएका द्वन्द्वपीडितका सवालबारे व्यापक ध्यानाकर्षण गराइए। वर्ष पुस्तकले संविधान सभाको असफलताले निम्त्याउने र निम्त्याएको परिणामका साथै यस विषयमा राजनीतिक दलहरूलाई खबरदारी गर्ने कार्य पनि जारी राखे। यसका साथै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको विस्तृत विवरण राख्ने कार्य पनि मानव अधिकार वर्ष पुस्तकमार्फत भई नै रहृयो।

### संविधान कार्यान्वयनको वर्ष

गत वर्ष जारी संविधान कार्यान्वयनका लागि गर्नुपर्ने स्थानीय तह, प्रदेश र केन्द्रको निर्वाचन २०७४ माघ ७ गतेभित्र सम्पन्न हुन नसके आउन सक्ने राजनीतिक तथा संवैधानिक सङ्कटबारे विभिन्नखाले आकलन सुरु भइसकेका छन्। संविधान कार्यान्वयनको प्रस्थान विन्दुका रूपमा रहेको तीन तहको निर्वाचन भएनन् भने संविधान कार्यान्वयन हुन नसक्ने अवस्था आउन सक्छ। यो जानकारी हुँदाहुँदै पनि यसतर्फको कदमका लागि राजनीतिक सहमति हुन सकेन। यस्तो अवस्थामा संविधान सभाका ९० प्रतिशतभन्दा बढी सदस्यको सहभागितामा बनेको संविधान कार्यान्वयन नहोस् भनी चाहना राख्ने शक्तिलाई मलजल पुग्ने काम जिम्मेवार राजनीतिक दलबाट हुने छैन भन्नेबाहेक अरु अपेक्षा गर्न सकिँदैन।

प्रमुख राजनीतिक दलका फरक अडान संविधान कार्यान्वयनका लागि बाधक बनेको सर्वत्र महसुस भयो। मधेसकेन्द्रित दलहरूको माग सम्बोधन गर्न भन्दै सरकारले व्यवस्थापिका-संसद्मा प्रस्तुत गरेको संविधान संशोधनको प्रस्ताव फिर्ता हुनुपर्ने प्रतिपक्षको भनाइ र जसरी पनि पारित गराएरै छाड्ने सत्ताधारी (खासगरी नेपाली कङ्ग्रेस र माओवादी केन्द्र) दलको अडान कायम रहृयो। अनि सत्तापक्षमध्येकै एक राप्रपा नेपालले चाहिँ यही अवस्थामा संशोधन पारित हुन सहयोग नगर्ने बतायो। यही परिवेशमा मधेसकेन्द्रित दल भने यथास्थितिमा संशोधन प्रस्ताव नस्वीकार्ने भन्दै प्रस्तावलाई नै संशोधन गर्नुपर्ने अड्डी लिइरहेका छन्। पाँच नम्बर प्रदेशअन्तर्गत पहाडी जिल्लाका बासिन्दाले त

## तालिका १५ सन् २०१६ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (उमेर समूहका आधारमा)

| उमेर समूह | बेचबिखनको प्रयास | कथित बोक्सीको आरोप | बलात्कार | बलात्कारको प्रयास | बहुविवाह | महिला बेचबिखन | घरेलु हिंसा | यौन दुर्व्यवहार | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १८–२३ | ४ | २ | १०४ | ३१ | ५२ | ४० | ५६५ | ७ | ८०४ |
| २४–२९ | ३ | ३ | ५१ | २५ | ८८ | १६ | ६६३ | १० | ८५९ |
| ३०–३५ | | ७ | ३६ | २१ | ५८ | ६ | ५२१ | ८ | ६५६ |
| ३६–४१ | | ५ | ९ | ७ | १५ | ४ | २१९ | ४ | २६३ |
| ४२–४७ | | २ | १३ | ५ | ३ | ३ | ८७ | ४ | ११७ |
| ४८–५३ | | २ | ८ | ३ | ४ | ३ | ६४ | २ | ८६ |
| ५४–५९ | | ३ | ५ | | २ | | २९ | १ | ४० |
| ६०–६५ | | ६ | ६ | २ | | | ३१ | | ४५ |
| ६६–७१ | | ३ | ४ | | | | १५ | | २१ |
| ७२+ | | १ | ६ | | | | ७ | १ | १५ |
| **जम्मा** | ७ | ३४ | २४२ | ९४ | २२२ | ७२ | २२०१ | ३७ | २९०९ |

संशोधन प्रस्तावमा उल्लिखित सीमाङ्कन प्रस्तावलाई ठाडै चुनौती दिँदै आन्दोलित भए। यो आन्दोलनलाई सत्ताधारी दलहरूले विपक्षीको आन्दोलन भने पनि त्यही प्रदेशबाट प्रतिनिधित्व गर्ने सत्तापक्षीय सांसद/नेतासमेत सक्रिय सहभागिता जनाए। यतिमात्र हैन, उनीहरूले संसद्मा प्रस्तावको मतदानका बेला विपक्षमा उभिने सार्वजनिक घोषणासमेत गरे।

यी र यस्तै विषयमा लामो समयदेखि कायम गतिरोधको सोझो असर भने तीन तहको निर्वाचनमा प्रत्यक्ष पर्ने देखियो। निर्वाचन हुन नसक्दा संवैधानिक रिक्तता आउँछ। त्यो भनेको पहिलो संविधान सभा विघटनपछिको अवस्थाजस्तै हुने निश्चित छ। जसका कारण संवैधानिक जटिलता थपिनेछ र त्यसबाट पार पाउन फेरि नयाँ राजनीतिक अध्याय सुरु गर्नुपर्ने हुन्छ। नयाँ अध्याय सुरु गर्नुपर्‍यो भने राजनीतिक परिदृश्यमा नयाँ नायक र नयाँ दृश्य उदाउने छन् भन्ने विगतका हाम्रा अनुभवले पनि बताइसकेका छन्।

यो वर्ष पनि सङ्घीयता, धर्म निरपेक्षताजस्ता संविधानका मुख्य विषयमा नै प्रमुख राजनीतिक दलबीच मतान्तर कायमै रहयो। अहिलेको मूल सरोकार भनेको ७० वर्ष लामो सङ्घर्ष र बलिदानबाट प्राप्त उपलब्धि रक्षा कसरी गर्ने भन्ने नै हो। संविधानको रक्षा गर्ने हो भने राजनीतिक दलसामु मिलेर अघि बढ्नुको विकल्प छैन। अर्थात उपलब्धि रक्षा गर्ने एकमात्र उपाय भनेको संविधानमै भएको व्यवस्थाअनुसार तीन तहको निर्वाचन कुनै पनि हालतमा सम्पन्न गर्नु नै हो।

संविधान र सङ्घीयता कार्यान्वयनका लागि अत्यावश्यक मानिएका १ सय ३८ नयाँ कानुन बनाउनुपर्ने जिम्मेवारी संसद्को हो। तर यसप्रति भइरहेको ढिलाइ बुझ्न सकिएको छैन। नेपालको संविधानअनुरूप नागरिकता, मौलिक हक, राज्यका निर्देशित सिद्धान्त, नीति र दायित्व, राज्यशक्तिको बाँडफाँट र प्रयोगजस्ता कानुन बनाउन ढिलाइ भएको महसुस हुँदैछ। राजनीतिक व्यवस्था परिवर्तनका लागि २०६२/६३ सालको आन्दोलनमा जनदबाबका कारण एक ठाउँमा उभिएका दलहरू संविधान कार्यान्वयनका सवालमा किन एक भइरहेका छैनन् भन्ने प्रश्न पनि जनस्तरबाट उठिरहेका छन् बारम्बार। त्यसैले पनि संसद्को पुग/नपुग बाँकी एक वर्ष अवधिभित्र सरकार र संसद्ले कानुन निर्माणतर्फ प्राथमिकता दिनुको विकल्प छैन। अन्यथा संविधानले तोकेको समयसीमाभित्र सङ्घीय संसद्को

**तालिका १६** 

## सन् २०१६ मा पीडित मानव अधिकार रक्षकको सङ्ख्या




निर्वाचन निकै चुनौतीपूर्ण हुनेछ। जुन सोझै संविधान कार्यान्वयनमाथि धावा बोल्नु हो।

### स्थानीय तह पुनर्संरचना र मधेसी दलको विरोध

नयाँ संविधानले गरेको व्यवस्थाअनुसार गत वर्षको चैतमा केपी ओली नेतृत्वको सरकारले स्थानीय निकाय पुनर्संरचना आयोग गठन गऱ्यो। आयोगले मुलुकभर ७ सय १९ स्थानीय तह हुने गरी दस महिना लगाएर तयार पारेको प्रतिवेदन सरकारलाई बुझाएको छ। संविधानको धारा ५६ (१) ले सङ्घ, प्रदेश र स्थानीय तह गरी राज्यको मूल संरचना तीन तहको रहने व्यवस्था गरेको छ। सोही धाराको उपधारा ४ र ५ ले स्थानीय तहतर्फ गाउँपालिका, नगरपालिका र जिल्ला सभा रहने तथा सामाजिक/सांस्कृतिक संरक्षण वा आर्थिक विकासका लागि विशेष संरक्षित वा स्वायत्त क्षेत्र कायम गर्न सकिने व्यवस्था गरेको छ। उपर्युक्त संवैधानिक व्यवस्थाबमोजिम निर्माण हुने गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रहरूको सङ्ख्या तथा सिमाना निर्धारण गर्न सोही संविधानको धारा २९५ को उपधारा ४ बमोजिम संविधान प्रारम्भ भएको मितिले ६ महिनाभित्र आयोग गठन गरिसक्नुपर्ने प्रावधान थियो। जसका आधारमा आयोग बनी प्रतिवेदनसमेत तयार भएको हो।

तर यसरी संविधानकै प्रावधानअनुसार गठित आयोगका काम/कारबाहीप्रति असन्तुष्टि जनाउँदै मधेसकेन्द्रित दलले आयोग नै खारेजीको माग गरे। त्यतिमात्र हैन, प्रतिवेदन नस्वीकार्ने अग्रीम घोषणासमेत गरे। जब आयोगले प्रतिवेदन बुझायो, यस सम्बन्धमा प्रमुख सत्तासाझेदार नेपाली कङ्ग्रेस र एकीकृत माओवादी केन्द्रकै पृथक धारणा सार्वजनिक भए। मधेसकेन्द्रित दलका नेता/कार्यकर्ताले एकातिर राज्यका प्रशासनिक निकाय तथा शक्तिको विकेन्द्रीकरण भएन भनेर ठूलो ठूलो स्वरमा भाषण गरिरहे र त्यही निहुँमा संविधान नै नस्वीकार्ने घोषणासमेत गरे। अर्कोतर्फ तिनैले तराईका आठ जिल्लामा स्थानीय तहको संरचनाका लागि सुझाव सङ्कलन गर्ने कार्यक्रमसमेत हुन दिएनन्। जसका कारण यी जिल्लाको तह निर्धारण स्थानीय सुझावबिनै आयोगले गर्नुपऱ्यो। त्यतिमात्र हैन, प्रधान मन्त्री पुष्पकमल दाहालले आयोगले तयार गरेका प्रतिवेदन बुझ्नसमेत आनाकानी गरे। व्यापक

**तालिका १७** सन् २०१६ मा पीडित मानव अधिकार रक्षकको सङ्ख्या (पेसाका आधारमा)




दबाबपछि अन्ततः आफ्नो उपस्थितिमा स्थानीय विकास मन्त्रीलाई प्रतिवेदन बुझाउने चाँजोपाँजो मिलाए।

### स्थानीय तहको चुनावप्रति बेवास्ता

१८ वर्षदेखि स्थानीय निकाय जनप्रतिनिधिविहीन छ। यही कारण मुलुकको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक विकासक्रम तहसनहस भएको छ। स्थानीय तहका लागि विनियोजित बजेट दुरुपयोग भएका समाचारहरू प्रकाशन भइरहेका छन्। सरकारी स्रोतसाधन राजनीतिक दलको भागबन्डाका विषयमा परिणत भएका छन्। जनताप्रति उत्तरदायी हुनुपर्ने भएकाले न यसको पारदर्शिता आवश्यक ठानियो न त जवाफदेहिताकै संस्कृति अघि बढ्न सक्यो। सबै दलले स्थानीय तहको निर्वाचन आजै गर्ने, भोलि नै गरिहाल्ने भन्न छाडेनन् तर विडम्बना, वास्तविक तयारीमा भने कोही पनि गम्भीरपूर्वक लागेनन्।

निर्वाचन आयोगले प्राविधिक काम अगाडि बढाउन सकेन। निर्वाचन गराउन कम्तीमा चार महिनाको समय आवश्यक पर्ने बताउँदै निर्वाचन आयोगले कानुनका निर्माणका लागि बारम्बार अप्रत्यक्ष दबाब दिइरह्यो।

### मधेसकेन्द्रित दलका माग र संविधान कार्यान्वयन

संविधान जारी गर्नका लागि प्रमुख ठूला सात राजनीतिक दलले १६ बुँदे सहमति गरेलगत्तै यसप्रति असहमति व्यक्त गरेका मधेसकेन्द्रित दलले संविधान स्वीकार नगरेको बताउँदै आएका छन्। यद्यपि उनीहरूले यही संविधानअन्तर्गत भएका सरकार फेरबदललगायतका गतिविधिमा भने सक्रिय सहभागिता जनाउँदै आएका छन्। २०७२ भदौ १ गतेदेखि तराईका २२ जिल्ला अनिश्चितकालीन बन्द गर्ने घोषणा गरेसँगै सुरु भएको मधेस आन्दोलनका कार्यक्रम सीमा नाकामा धर्नासम्म पुगेर टुङ्गियो। संविधानप्रति उनीहरूको असहमति कायमै रह्यो। प्रधान मन्त्री गिरिजाप्रसाद कोइराला र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाबीच २०६४ फागुन १६ गते भएको आठ बुँदे सहमतिको अक्षरशः पालना र त्यसअघि भदौ १६ मा मधेसी जनअधिकार फोरमसँग भएको २२ बुँदे सहमतिसमेत पालना हुनुपर्ने माग मधेसका प्रायः दल सम्मिलित मोर्चाले जोडतोडका साथ उठाए ।

मोर्चाका प्रमुख मागहरूमा नेपाली सेनालाई राष्ट्रिय स्वरूप प्रदान गर्न र समावेशी बनाउन मधेसीलगायत अन्य समुदायको समानुपातिक/समावेशी र समूहगत प्रवेशलाई

तालिका १८

## सन् २०१६ मा ६० वर्ष भन्दा माथिको उमेर समूहका पीडित सङ्ख्या




सुनिश्चित गर्ने, संविधान सभा सदस्य निर्वाचन ऐन २०६४ को दफा ७ को उपदफा (१४) मा रहेको २० प्रतिशतको वर्तमान कानुनी व्यवस्थाको सट्टा ३० प्रतिशत गर्ने, सरकारले सुरक्षा अङ्गलगायत राज्यका सबै निकायमा मधेसी, आदिवासी, जनजाति, महिला, दलित, पिछडिएको क्षेत्र र अल्पसङ्ख्यक समुदायको समावेशी/समानुपातिक सहभागिता हुनेगरी नियुक्ति, बढुवा र मनोनयन अनिवार्यरूपले गर्नेलगायत विषय छन्। यीमध्ये पनि मुख्य विषयमा मधेसी जनताको स्वायत्त मधेस प्रदेशको चाहनालगायत अन्य क्षेत्रका जनताको स्वायत्त प्रदेशसहितको सङ्घीय संरचनाको आकाङ्क्षालाई स्वीकार गरी नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुने र सङ्घीय संरचनामा केन्द्र र प्रदेशबीच स्पष्टरूपमा शक्तिको बाँडफाँट सूचीका आधारमा गर्नुपर्ने पनि छ। प्रदेशहरू पूर्णरूपले स्वायत्त र अधिकार सम्पन्न हुने र नेपालको सावभौमिकता, एकता र अखण्डतालाई अक्षुण राख्दै स्वायत्त प्रदेशहरूको संरचना, केन्द्र र प्रदेशका सूचीहरूको पूर्ण विवरण र अधिकारको बाँडफाँट संविधान सभाबाट निर्धारण गरिने सहमति पनि त्यस अवसरमा भएको थियो।

नयाँ संविधान कार्यान्वयनको चरण सुरु हुँदा/नहुँदै मधेस आन्दोलन सम्बोधन गर्न भन्दै संविधान जारी भएको चार महिना नबित्दै संविधानमा पहिलो संशोधन गरियो। तर, आन्दोलनरत दलहरूले यसपछि पनि सहमति जनाएनन्। उनीहरूले उठाएका प्रमुख मागमध्ये राज्यका निकायमा समावेशी/समानुपातिक प्रतिनिधित्व र जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्रको सवाल सम्बोधन गर्न समानुपातिक समावेशीसम्बन्धी धारा ४२ र निर्वाचन क्षेत्रसम्बन्धी धारा ८४ र २८६ संशोधन गरिएको थियो। तर आफैं उठान गरेका मागमध्येकै भए पनि आन्दोलनरत पक्ष खुशी हुन सकेनन्। उनीहरूले संविधान जारीकै शैलीमा एकतर्फीरूपमा गरिएको संशोधनले आफ्ना माग सम्बोधन नगरेको भन्दै विरोध गतिविधिलाई निरन्तरता दिए। संविधान संशोधन गरिनुपर्ने उनीहरूको माग पछिल्लो समयमा 'संविधान पुनर्लेखन' तिर मोडिएको छ। आन्दोलनरत मधेस केन्द्रित दलले फरक फरक मागहरू सार्वजनिक गरे।

**तालिका १९**

## सन् २०१६ मा ६० वर्ष भन्दा माथिको उमेर समूहका पीडितको सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | | ३ | ३ |
| महिला अधिकार | | | | ६४ | | ६४ |
| भेला/सङ्गठित हुने अधिकार | १ | | १ | | १ | १ |
| जातीय विभेद | | | | १ | २ | ३ |
| गिरफ्तारी | | १ | १ | | | |
| यातना | | २ | २ | | | |
| कुटपिट | | १ | १ | २ | ४ | ६ |
| धम्की | | | | | १ | १ |
| हत्या | | | | १६ | ८ | २४ |
| जम्मा | १ | ४ | ५ | ८३ | १९ | १०२ |

अर्कोतर्फ विभिन्न दलका नेताबीचै पनि आफ्ना माग र अडानबीच एकरूपता र स्पष्टता दुवै देखिन्न। मधेसकेन्द्रित दल यतिबेला तीन चिरामा विभक्त छन्। एउटा सङ्घीय गठनबन्धन नामक जातीय/क्षेत्रीय सङ्गठनहरूको वर्चश्व भएको सङ्गठनमार्फत आफ्ना माग अघि सारिरहेको छ। २७ दल र किरात राज्य सङ्घर्ष समिति तथा राष्ट्रिय दलित मुक्ति आन्दोलन नामक निकायसमेत यसमा २९ दल/निकाय सम्बद्ध छन्। अर्को समुदाय मधेसी मोर्चामा आबद्ध भएर धारणा अघि सारिरहेको छ। सात दलीय यो मोर्चामा केही समयअघिमात्र सङ्घीय समावेशी मधेसी मोर्चाका रामसपा, फोरम गणतान्त्रिक र तमसपा मिसिएका छन्। अर्को धारको प्रतिनिधित्व मधेसी जनअधिकार फोरम लोकतान्त्रिक एक्लैले गरिरहेको छ। यीमध्ये मुख्य प्रतिस्पर्धी मानिएका सङ्घीय गठबन्धन र मधेसी मोर्चाबीच नै मागमा एकरूपता देखिन्न। गठबन्धन आफूले पेश गरेको २६ बुँदे मागमा टेकेर अघि बढ्नुपर्ने, संविधान पुनर्लेखन हुनुपर्ने तथा बहुपहिचानयुक्त राज्य निर्माण गरिनुपर्ने अडानमा छ भने मोर्चा आफैंले पेश गरेको ११ बुँदे माग ठीक भएको, संविधान पुनर्लेखन नभई संशोधन गर्नुपर्ने र मधेस राष्ट्र निर्माण गर्नुपर्ने धारणासहित अघि बढिरहेको छ। यी दुवैखाले मागविपरीत फोरम लोकतान्त्रिक भने पहिले नेपाल रहेमात्र तराई मधेसको अस्तित्व रहन्छ भन्दै सुदृढ नेपालको पक्षमा लबिङ गरिरहेका छन्। यो अवस्थामा राज्यले चाहे पनि मधेसका माग सम्बोधन गर्न कठिनाइ हुने देखिएको छ। जबसम्म मधेसलाई आधारभूमि बनाएका दल एउटै धारणाका साथ प्रस्तुत हुँदैनन् तबसम्म न उनीहरूका माग स्पष्ट हुन्छ न त त्यसलाई सम्बोधन गर्ने बाटो नै। यो विषय किन पनि महत्त्वपूर्ण छ भने यतिबेला यो सोझै संविधान कार्यान्वयनसँग गाँसिन पुगेको छ।

### संविधान कार्यान्वयन र अबको बाटो

तोकिएको समयसीमाभित्र निर्वाचन सम्पन्न हुनु यो संविधानको पहिलो सर्त र आवश्यकता दुवै हो। त्यसो हुन नसके संविधानको औचित्य र वैधानिकतामाथि नै गम्भीर प्रश्न खडा हुने निश्चित छ। त्यतिमात्र हैन, यो अवस्थाले देशलाई संवैधानिक शून्यतातर्फ धकेल्नेछ। देश राजनीतिकरूपले असफलोन्मुख हुनेछ। सरकारले मधेसकेन्द्रित दलहरूको माग सम्बोधन गर्न भन्दै दोस्रो पटक संविधान संशोधन विधेयक व्यवस्थापिका-संसद्मा दर्ता गरेको छ। तर, मधेसकेन्द्रित दलहरूले नै यो प्रस्तावलाई स्वीकार्न नसक्ने बताए। तर पनि प्रमुख सत्तासाझेदार दुई दल भने जसरी पनि यो प्रस्ताव

पारित गरिछाड्ने भाषणबाजीमा व्यस्त छन्। जसका लागि र जे प्रयोजनका लागि संशोधन प्रस्ताव पारित गर्न खोजिएको हो त्यो नै हासिल नहुने भएपछि पनि पारित गर्नमा दिइएको जोड बुझिनसक्नुको विषय बनेको छ। यस्तो वास्तविकता नियाल्दा संविधान कार्यान्वयनप्रति शङ्का गर्ने ठाउँ प्रशस्त उब्जेको छ। संविधान जारी गर्दा एकजुट भएका प्रमुख तीन दल अहिले विभाजित अवस्थामा देखिनुले पनि यही शङ्कालाई मलजल पुर्‍याइरहेको छ।

## शान्ति सम्झौताका १० वर्ष र लम्बिएको सङ्क्रमणकाल

दश वर्ष लामो सशस्त्र युद्धको औपचारिक अन्त्य घोषणा गर्दै सरकार र तत्कालीन विद्रोही पक्ष नेकपा माओवादीबीच शान्ति सम्झौता भएको सन् २०१६ मा दश वर्ष पूरा भयो। शान्ति सम्झौतामा उल्लेख भएअनुसार संविधान सभाबाट नयाँ संविधान जारी गर्ने कार्य गत वर्ष सम्पन्न भयो भने यस अवधिमा माओवादी लडाकुको व्यवस्थापन भयो। जुन घटना लडाकु व्यवस्थापनमा सीमित नभई एउटा निकै पेचिलो विषयको सुरक्षित अवतरण पनि थियो। गैरकानुनी हत्या तथा बेपत्ता पारिएकाहरूका परिवारले अझै न्याय अनुभूत गर्न पाएनन्। स्वतन्त्र न्यायालयबाट निर्णय भई दोषी ठहर्‍याइएका व्यक्तिहरू कानुनी दायरामा आएनन्। सशस्त्र द्वन्द्वले छाडेका खाडल पुर्नेतर्फ नेपालका राजनीतिक दलको इच्छाशक्ति देखिएन। सत्ता परिवर्तनका लागि गरिने सहमतिमा सङ्क्रमणकालीन विषयले प्राथमिकता पाए तर सत्तारोहणसँग यो विषय विस्मृतिमा पुग्ने परम्परा यो वर्ष कायमै रह्यो। यो अवधिमा हुनुपर्ने धेरै काम थाती रहे पनि लडाकुको कुशल व्यवस्थापन तथा संविधान सभाबाट संविधान जारी गर्नुको श्रेय खासगरी मुख्य राजनीतिक दललाई दिन सकिन्छ।

## सङ्क्रमणकालीन न्याय

शान्ति सम्झौतापछि छिन्नभिन्न भएका माओवादी द्वन्द्वकालीन मुद्दाको सवाल आउनासाथ एक ठाउँमा जुटिहाल्ने प्रवृत्ति यसपाला पनि देखियो। विगतमाझैं यो वर्ष पनि माओवादी नेतृत्वले द्वन्द्वकालीन अपराधमा उन्मुक्ति लिने/दिने उपायमात्र

**तालिका २०**

**सन् २०१६ मा अपहरणका घटनामा पीडितको सङ्ख्या**

| पीडक | पीडित सङ्ख्या | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| अन्य | ८ | ८ | १६ |
| अज्ञात | | १ | १ |
| जम्मा | ८ | ९ | १७ |

खोज्दै आयो। सत्य निरूपण तथा मेलमिलाप ऐनका आधारमा दुई आयोग गठन भई पीडितको उजुरी लिने कार्य यो वर्ष सम्पन्न गरे। तर, सर्वोच्च अदालत र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासोका बीच तयार पारिएको ऐन पीडितलाई न्यायभन्दा पनि पीडकलाई क्षमादान दिनेतर्फ केन्द्रित भएको टिप्पणी द्वन्द्वपीडित तथा मानव अधिकार सङ्घ/संस्थाले गर्दै आएका छन्।

विस्तृत शान्ति सम्झौता भएको ६ महिनाभित्र गठन गरेर संविधान निर्माणभन्दा पहिले नै टुङ्ग्याइ सक्नुपर्ने सत्य निरुपण र मेलमिलापको प्रारम्भिक काम आठ वर्षपछि शुरु गरिएको भए पनि यो प्रभावकारी भएन। माओवादी नेतृत्वको अडानका कारण फौजदारी न्यायसम्बन्धी ऐन अन्तर्राष्ट्रिय मापदण्डअनुरूप बन्न सकेन। सर्वोच्च अदालतको निर्देशनअनुसार ऐनमा संशोधन गरेर अन्तर्राष्ट्रिय मापदण्डअनुरूपको बनाउने मौकाको सदुपयोग गर्न सरकार चुक्यो।

बेलायतमा गिरफ्तार भई त्यहींको अदालतबाट निर्दोष सावित भएका कर्णेल कुमार लामाको मुद्दाबाट पाठ नसिक्ने हो भने भविष्यमा यस्ता अनेकखालका मुद्दामा विश्वव्यापी क्षेत्राधिकार आकर्षित हुने अवस्था कायमै रहन्छ भन्ने बुझ्न ढिलाइ गर्नु द्वन्द्वमा संलग्न नेताहरूकै लागि हानिकारक हुनेमा शङ्का गरिरहनुपर्दैन। सत्य निरूपण र बेपत्ता छानबिन आयोगका सिफारिसमा न्यायिक कारबाही सुरु गरेर सक्षम तथा स्वतन्त्र न्यायालयबाट टुङ्ग्याउनुको साटो यो विषयलाई अल्झाइरहने प्रवृत्ति यो वर्ष पनि देखियो।

१८ वर्षीय छोरा कृष्णप्रसादको हत्यामा संलग्नलाई कानुनी कारबाही माग गर्दै अनशनमा

**तालिका २१**

## सन् २०१६ मा मारिएकाहरुको सङ्ख्या (जिल्लागत आधारमा)

| जिल्ला | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| रसुवा | | | | | १ | १ |
| रोल्पा | | | | ४ | १ | ५ |
| रौतहट | | १ | १ | ४ | | ४ |
| सुनसरी | | | | ५ | | ५ |
| सप्तरी | | | | ३ | ४ | ७ |
| सर्लाही | | | | ३ | ३ | ६ |
| सल्यान | | | | ६ | | ६ |
| रुपन्देही | | | | ६ | ५ | ११ |
| रुकुम | | | | ५ | १ | ६ |
| डोटी | | | | १ | | १ |
| बैतडी | | | | ३ | | ३ |
| बारा | | | | ४ | ६ | १० |
| बाँके | | | | ४ | ३ | ७ |
| बाग्लुङ | | | | | २ | २ |
| बर्दिया | | | | ६ | | ६ |
| दैलेख | | | | २ | | २ |
| दाङ | | | | ६ | १ | ७ |
| दार्चुला | | | | १ | २ | ३ |
| अर्घाखाँची | | | | ३ | ५ | ८ |
| अछाम | | | | १ | १ | २ |
| ओखलढुङ्गा | | | | | १ | १ |
| मोरङ | १ | २ | ३ | ३ | १० | १३ |
| मकवानपुर | | | | १ | | १ |
| महोत्तरी | | | | ३ | २ | ५ |
| भोजपुर | | | | २ | ४ | ६ |
| झापा | | | | ७ | ६ | १३ |
| भक्तपुर | | | | ३ | १ | ४ |
| नुवाकोट | | | | ४ | २ | ६ |
| नवलपरासी | | | | ३ | ७ | १० |
| जुम्ला | | | | २ | १ | ३ |
| जाजरकोट | | | | ४ | | ४ |
| पर्सा | | | | ३ | १ | ४ |
| पाँचथर | | | | २ | | २ |
| पाल्पा | | | | २ | | २ |
| प्युठान | | | | ३ | | ३ |
| सिरहा | | | | २ | १ | ३ |
| सिन्धुपाल्चोक | | | | १ | ३ | ४ |
| सिन्धुली | | | | ३ | १ | ४ |
| चितवन | | | | ३ | २ | ५ |
| ललितपुर | | | | ३ | २ | ५ |
| उदयपुर | | | | २ | | २ |
| कैलाली | | | | १ | | १ |
| कञ्चनपुर | | | | ५ | २ | ७ |
| कास्की | | | | ५ | ३ | ८ |
| काठमाडौँ | | | | २ | | २ |
| काभ्रेपलाञ्चोक | | | | ६ | ५ | ११ |
| कपिलवस्तु | | | | २ | ४ | ६ |
| ताप्लेजुङ | | | | २ | | २ |
| तनहुँ | | | | १ | | १ |
| गोरखा | | | | | २ | २ |
| गुल्मी | | | | २ | २ | ४ |
| खोटाङ | | | | २ | ४ | ६ |
| धादिङ | | | | १ | १ | २ |
| धनुषा | | | | २ | ५ | ७ |
| धनकुटा | | | | | २ | २ |
| हुम्ला | | | | ३ | | ३ |
| जम्मा | १ | ३ | ४ | १५७ | १०९ | २६६ |

**तालिका २२** सन् २०१६ मा परिवारजनबाट मारिएका पीडितको सङ्ख्या

| जिल्ला | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| रोल्पा | ४ | | ४ |
| रौतहट | १ | | १ |
| सुनसरी | १ | | १ |
| सप्तरी | १ | १ | २ |
| सर्लाही | | १ | १ |
| रुपन्देही | १ | २ | ३ |
| रुकुम | ५ | १ | ६ |
| बैतडी | ३ | | ३ |
| बारा | २ | | २ |
| बाँके | १ | | १ |
| बर्दिया | ४ | | ४ |
| दैलेख | १ | | १ |
| दाङ | ४ | १ | ५ |
| दार्चुला | १ | | १ |
| अर्घाखाँची | ३ | १ | ४ |
| अछाम | १ | १ | २ |
| मोरङ | २ | २ | ४ |
| महोत्तरी | २ | | २ |
| भोजपुर | २ | २ | ४ |
| झापा | ४ | २ | ६ |
| भक्तपुर | १ | | १ |
| नवलपरासी | | ४ | ४ |
| जुम्ला | १ | | १ |
| जाजरकोट | २ | | २ |
| पर्सा | १ | | १ |
| पाल्पा | १ | | १ |
| प्युठान | २ | | २ |
| सिरहा | २ | १ | ३ |
| सिन्धुपाल्चोक | १ | | १ |
| सिन्धुली | ३ | | ३ |
| चितवन | २ | २ | ४ |
| उदयपुर | २ | | २ |
| कैलाली | १ | | १ |
| कञ्चनपुर | ४ | १ | ५ |
| कास्की | २ | | २ |
| काठमाडौँ | २ | | २ |
| काभ्रेपलाञ्चोक | ४ | | ४ |
| कपिलवस्तु | १ | १ | २ |
| ताप्लेजुङ | २ | | २ |
| तनहुँ | १ | | १ |
| गोरखा | | १ | १ |
| गुल्मी | १ | | १ |
| खोटाङ | १ | | १ |
| धनुषा | १ | २ | ३ |
| हुम्ला | ३ | | ३ |
| जम्मा | ८४ | २६ | ११० |

बसेकी ५७ वर्षीया गङ्गामाया अधिकारीको न्यायको याचना यस वर्ष पनि अधुरै रह्यो। शिक्षण अस्पतालमा रहेको नन्दप्रसादको शव सद्गत गर्ने कार्यसमेत हुन सकेन। जसले नेपालको समग्र न्याय प्रणालीलाई खिज्याइरहेको छ। तर पनि यसप्रति जिम्मेवार निकाय संवेदनशील हुन सकेन। सर्वोच्च अदालतद्वारा कैद सजाय सुनाइएका माओवादी नेता बालकृष्ण ढुङ्गेललाई यो वर्ष पनि प्रहरीले फेला पार्न सकेन। उनी अझै पनि नेपाल प्रहरीको फरार सूचीमा रहे।

### बहिर्गमित लडाकुका समस्या र बेपर्वाह राज्य

'अयोग्य घोषित' लडाकु सुविधा र सम्मान माग गर्दै यो वर्ष पनि आन्दोलित भए। बहिर्गमित जनमुक्ति सेना नेपाल नामक सङ्गठनमार्फत क्रियाशील उनीहरूले नेकपा माओवादी केन्द्रको

**तालिका २३**

## सन् २०१६ मा मारिएकाको सङ्ख्या नक्सामा




कार्यालय घेराउ गर्नुका साथै विभिन्न मानव अधिकार सङ्घ/संस्था र संयुक्त राष्ट्र सङ्घीय निकायको ध्यानाकर्षण पनि गराए। उनीहरूले उठाएका विभिन्न मागमध्ये बाल सैनिकको विषय राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चासोका रूपमा कायम रह्यो। अन्तर्राष्ट्रिय मानवीय कानुनअनुसार बालबालिकालाई हतियार बोकाएर वा नबोकाइ बलपूर्वक वा राजीखुसीले सशस्त्र गतिविधिमा लगाउनु दण्डनीय अपराध हो। शान्ति प्रक्रिया सुरु हुनुअघि नै संयुक्त राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले माओवादी नेतृत्वलाई बाल सैनिकलाई ससम्मान पुनर्स्थापना र बिदाइ गर्न आग्रह गरेको थियो। तर उसले यो आग्रहलाई बेवास्ता गऱ्यो। शान्ति प्रक्रियामा आएसँगै ठूलो सङ्ख्यामा लडाकु रहेको देखाउन माओवादी नेतृत्व लालायित भयो। परिणाम, हतारहतारमा ठूलो सङ्ख्यामा बालसैनिक भर्ना गरियो। अस्थायी शिविरमा पुगेपछि प्रमाणीकरणका बेला उनीहरू अयोग्य घोषित भए। तिनै अयोग्य घोषित भएका बालसैन्य हाल सङ्गठितरूपमा आवाज मुखरित गर्न थालेका छन्। संयुक्त राष्ट्र सङ्घको अभिलेखमा रहेका बाल सैनिकको सूचीका कारण भविष्यमा आइपर्ने सङ्कट अनदेखा गर्नु माओवादी नेतृत्वको हत्केलाले सूर्य छेक्ने प्रयासबाहेक केही मान्न सकिन्न। बहिर्गमित लडाकुका सवालमा उनीहरूलाई पन्छाउन खोज्नुको साटो जायज माग सम्बोधन समस्या समाधानको एउटा पाटो हुन सक्छ।

### उपेक्षामा भूकम्पपीडित

भूकम्प गएको झन्डै दुई वर्ष पूरा भइसक्दा पनि पुनर्निर्माणको कार्यले अपेक्षित गति लिन सकेन। टहरा र पालमुनि बसिरहेका करिब ६ लाख परिवारले आसै-आसमा दुई वर्षा र हिउँद कष्टपूर्णरूपमा

## तालिका २४

## सन् २०१६ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका पीडितको सङ्ख्या नक्सामा




बिताए। पूरै भत्किएका ८ हजारभन्दा बढी विद्यालय भवन पुनर्निर्माणमा खासै प्रगति नहुँदा लाखौँ बालबालिका कठिन एवम् असहज वातावरणमा लेखपढ गर्न बाध्य भए। पुनर्निर्माण प्राधिकरण गठनमा भएको ढिलाइ, पुनर्निर्माण कार्यको जस लिने होड, यससँग जोडिएको राजनीतिक जोड/घटाउ जस्ता कारण पुनर्निर्माण सरकारको प्राथमिकतामै परेन। अहिलेसम्म पनि पीडितको टहरामुनिको बास नै यसको सबैभन्दा ठूलो प्रमाण हो। सरकारी प्राथमिकताको विषय मानिएको भए पनि पुर्ननिमार्णसम्बन्धी कामले कम प्राथमिकता पायो। सरकारी राहतको प्रतीक्षामा बसेका भूकम्पपीडितहरू झञ्झटिलो सरकारी नियमबाट आजित भए।

### दिगो विकास लक्ष्य र नेपालका चुनौती

संयुक्त राष्ट्र सङ्घको नेतृत्वमा विश्वभरका सरकारले १७ वटा लक्ष्यसहित सन् २०१६ देखि २०३० सम्मको समयावधिका लागि दिगो विकास लक्ष्य तय गरेका छन्। यी विकास लक्ष्यले सहस्राब्दी विकास लक्ष्यझैँ आफैँमा कुनै पनि प्रकारको कानुनी दायित्व भने सिर्जना गर्दैनन्। नेपाल सरकारले यसमा तय गरिएका विकास लक्ष्यप्रति प्रतिबद्धता जनाएको छ जुन आर्थिक, सामाजिक र पर्यावरणीय अधिकार प्राप्तिका लागि महत्त्वपूर्ण प्रस्थान विन्दु हुन्। दिगो विकासका लागि विकासको कार्यसूचीका रूपमा राष्ट्रसङ्घ महासभाबाट अनुमोदित यी लक्ष्यले विकासलाई दिगो र विस्तृत बनाउन आवश्यक क्षेत्र सबै समेटेको छ। जसले आधारभूत मानवीय आवश्यकता पूर्तिबाट कोही छुट्नु हुँदैन भन्ने मान्यता राखेको छ।

नेपाल पनि संयुक्त राष्ट्र सङ्घीय महासभाको यस लक्ष्य निर्धारणमा सहभागी भएको

**तालिका २५** सन् २०१६ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (जातजातिका आधारमा)

| जातजाति | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| सन्यासी | | ४ | ४ | २९ | १ | ३० |
| ब्राम्हण | १३ | ७८ | ९१ | ३९५ | ४९ | ४४४ |
| वैश्य | | | | ८ | | ८ |
| बनिया | | १ | १ | ८ | २ | १० |
| दलित | ९ | २२ | ३१ | ६७७ | ६९ | ७४६ |
| आदिवासी | १ | | १ | ४६ | | ४६ |
| मण्डल | २ | ६ | ८ | १३२ | ५ | १३७ |
| मुस्लिम | १ | १ | २ | १५४ | २२ | १७६ |
| नेवार | | २ | २ | ३२ | १ | ३३ |
| जनजाति | २५ | ६१ | ८६ | ८७३ | ८५ | ९५८ |
| क्षेत्री | ११ | ८९ | १०० | ७६८ | ५८ | ८२६ |
| कोइरी | | २ | २ | ४२ | ८ | ५० |
| कायस्थ | | | | १ | | १ |
| तेली | | ७ | ७ | ९२ | ८ | १०० |
| गोडिया | | १ | १ | १ | १ | २ |
| यादव | | ८ | ८ | १४५ | २३ | १६८ |
| नखुलेको | | १४ | १४ | ३८८ | २१ | ४०९ |
| जम्मा | ६२ | २९६ | ३५८ | ३७९१ | ३५३ | ४१४४ |

छ र यी विकासका लक्ष्य पूरा गर्ने सन्दर्भमा आन्तरिकरूपमा तयारी पनि गरेको छ। तथापि नेपालसामु थुप्रै चुनौती भने छन्। जसमध्ये केही सहस्राब्दी विकास लक्ष्य कार्यान्वयनका सन्दर्भमा पनि देखिएका थिए भने मौजुदा अवस्थामा दाहोरिने सम्भावना त्यत्तिकै छ। यस अवधिमा केही नयाँ चुनौती पनि थपिएका छन्। पहिलो, दिगो विकासका लक्ष्यलाई आवधिक योजना र वार्षिक विकास कार्यक्रममा गर्ने भन्नेमा देखिएको छ। दोस्रो, स्थानीय तहमा दिगो विकासका लक्ष्यलाई संस्थागत कसरी गर्ने भन्ने सवाल छ। तेस्रो, कार्यान्वयन स्तर कसरी बढाउने भन्ने छ। चौथो, दिगो विकासका लक्ष्य पूरा गर्न आन्तरिक र बाह्य साधन कसरी परिचालन गर्ने र पाँचौं, राष्ट्रिय तथा उपराष्ट्रिय तहमा क्षमता विकास कसरी गर्ने भन्ने नै हो। हालैको भूकम्पले विपद्पछिको व्यवस्थापन र पुनर्निर्माणलाई कसरी सम्बोधन गर्ने भन्ने चुनौती पनि थपेको छ। राज्यका विभिन्न तहबीचको शासकीय क्षमता विस्तार र सहकार्यसमेत कसरी गर्ने भन्ने चुनौती पनि उत्तिकै छ।

### अलमलमा मानव अधिकार राष्ट्रिय कार्ययोजना

नेपालले केही समयदेखि आवधिक मानव अधिकार राष्ट्रिय योजना तर्जुमा तथा कार्यान्वयन नियमितरूपमा गरिरहेको छ। हाल कार्यान्वयनको चरणमा रहेको चौथो मानव अधिकार

**तालिका २६** **सन् २०१६ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पीडित सङ्ख्या (पेसागत आधारमा)**

| पेसा | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कृषक | १३ | १०३ | ११६ | १२५२ | १३८ | १३९० |
| सशस्त्र प्रहरी | | | | | ८ | ८ |
| उद्योग व्यवसायी | ६ | १४ | २० | ४७ | १२ | ५९ |
| जागिरे/कर्मचारी | | २ | २ | ८ | ८ | १६ |
| अशक्त अपाङ्ग व्यक्ति | | | | १ | | १ |
| इन्जिनियर | | १ | १ | | २ | २ |
| स्वास्थ्य कार्यकर्ता | | ३ | ३ | ८ | १ | ९ |
| गृहिणी | २५ | ३ | २८ | १५९५ | | १५९५ |
| मानव अधिकारकर्मी | २ | १३ | १५ | १ | | १ |
| पत्रकार | १ | १८ | १९ | १ | १२ | १३ |
| मजदुर | | १९ | १९ | १०० | २८ | १२८ |
| कानुन व्यवसायी | | | | | १ | १ |
| स्वास्थ्यकर्मी | | | | | १ | १ |
| सेना | | १ | १ | | | |
| प्रहरी | | १ | १ | | २४ | २४ |
| राजनीतिक कार्यकर्ता | १ | २१ | २२ | ४ | ९ | १३ |
| सामाजिक कार्यकर्ता | १ | | १ | ४ | १ | ५ |
| विद्यार्थी | १ | २८ | २९ | ५३६ | ७० | ६०६ |
| शिक्षक | | | | ८ | ७ | १५ |
| नाबालक | | | | २३ | ५ | २८ |
| नखुलेको | १२ | ६९ | ८१ | २०३ | २६ | २२९ |
| **जम्मा** | ६२ | २९६ | ३५८ | ३७९१ | ३५३ | ४१४४ |

राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/०७२-२०७२/०७३) मा १८ वटा विषय पहिचान गरिएको छ। जिम्मेवारी पूरा गर्नलाई जवाफदेहिताको मानकचाहिँ छुट्याइएको छैन।

स्वास्थ्यलगायत विभिन्न १८ विषयलाई प्राथमिकताका साथ समेटिएको यो कार्ययोजनामा मानव अधिकारको प्रतिबद्धता व्यावहारिकरूपमा सुनिश्चित गर्ने, मानव अधिकारप्रतिको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्ने, विकास र मानव अधिकारलाई संरचनागत र कार्यात्मकरूपले जोड्ने, मानव अधिकार संस्कृति विकास गर्ने उद्देश्यले चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना रणनीतिहरू कार्यान्वयन गर्ने जिम्मेवार निकायहरू, सहयोगी निकाय र जिम्मेवारी तोकिएको छ।

मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्लास्तरीय कार्यान्वयन तथा समन्वय समितिमा

**तालिका २७**

## सन २०१६ मा भौतिक संरचना क्षति

| घटनाको प्रकार | जम्मा |
|---|---|
| राजनीतिक दलका कार्यालय | १ |
| एम्बुलेन्स | १ |
| सरकारी सवारी साधनहरू | १ |
| सरकारी कार्यालयहरू | १ |
| दूरसञ्चार टावर | ३ |
| निजी सवारीसाधन | २१ |
| निजी सम्पत्ति | १ |
| निजी कार्यालय | १ |
| विद्यालय | ६ |
| गैर सरकारी संस्था | १ |
| जम्मा | ३७ |

रहने कतिपय सदस्यमा कार्ययोजना सम्बन्धमा नै अनभिज्ञता देखियो। प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्ययोजनासम्बन्धी प्रचारप्रसार तथा कार्ययोजना समयमा नै उपलब्ध गराइ यसबारे जानकारी दिने गरेको पाइएन। छापिएको कार्ययोजनाको एक/एक प्रतिसम्म पनि अधिकांश जिल्ला प्रशासन कार्यालयमा नरहेको, अन्य सरकारी कार्यालयलाई त कार्ययोजनाबारे जानकारीसम्म नभएको पाइयो। मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रधान मन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटमा पनि लामो समयपछि मात्र नेपाली भाषामा राखिएको, त्यसलाई उतार गरी अध्ययन गर्ने कार्यमा प्राय: सरकारी निकायका अधिकारी उदासीन रहेको देखिन्छ।

### मानव अधिकारको विश्वव्यापी समीक्षा

मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (युपिआर) संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रका सम्पूर्ण मानव अधिकारको आवधिक समीक्षा गर्नका लागि आयोजना गरिन्छ। संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार परिषद्अन्तर्गत नेपालको दोस्रो चरणको समीक्षा (युपिआर) सन् २०१५ को नोभेम्बर ४ देखि ६ सम्म सम्पन्न भयो। युपिआर कार्यदलले नेपालबारेको प्रतिवेदन पनि सार्वजनिक गरिसकेको छ। त्यसैगरी ३ चैत २०७२ (१६ मार्च २०१६) मा बसेको मानव अधिकार परिषद्को ३१ औं बैठकमा कार्यदलको प्रतिवेदनमा नेपाललाई प्राप्त सुझावहरू नेपाल सरकारले ग्रहणसमेत गरिसकेको छ।

युपिआर कार्यदलले तयार पारेको प्रतिवेदनमा नेपालले १ सय ९५ सुझाव प्राप्त गऱ्यो। त्यस क्रममा विभिन्न राष्ट्रले नयाँ संविधानको स्वागत गर्दै मानव अधिकारसम्बन्धी विभिन्न पक्षमा सुझाव दिएका थिए। तीमध्ये १ सय ५२ सुझाव स्वीकार गऱ्यो भने ४३ सुझाव अस्वीकार गऱ्यो। विभिन्न राष्ट्रले संविधान, सङ्क्रमणकालीन न्याय, यातना, स्वेच्छाचारी थुना, गैरन्यायिक र सामूहिक हत्या, मानव अधिकार महासन्धि, बाल अधिकार, राष्ट्रिय मानव अधिकार आयोग, महिला अधिकार, सीमान्तकृत समुदायका अधिकार, मानव बेचबिखन, प्राकृतिक प्रकोप, मानव अधिकार रक्षक जस्ता विषयमा सुझाव दिएका थिए। प्राप्त सुझावहरूको कार्यान्वयनका जटिलता भने यथावत नै छ।

## सन् २०१६ र मानव अधिकार उल्लङ्घन : तथ्य र तथ्याङ्क

### सम्मानितरूपले बाँच्न पाउने अधिकार

इन्सेकले गरेको अभिलेखअनुसार सन् २०१६ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ४ हजार ५ सय २ जना पीडित भए। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ६ हजार ३ सय ५७ जना पीडित भएका थिए। सन् २०१६ को तथ्याङ्क गत वर्षको तुलनामा झण्डै २ हजारले कमी हो। गत वर्ष गैरराज्यपक्षबाट ५ हजार १ सय २२ जना र राज्यपक्षबाट १ हजार २ सय ३५ जना मानव अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएका थिए। यस वर्ष राज्य पक्षबाट ६२ महिला र २ सय ९६ पुरुष तथा गैरराज्य पक्षबाट ३ हजार ७ सय ९१ महिला र ३ सय ५३ जना पुरुष पीडित भए। गत वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना बढी भएकामा यस वर्ष त्यस्ता घटनामा उल्लेख्य कमी आयो। गत वर्ष मधेस आन्दोलनमा भएका हिंसात्मक घटनाका कारण

राज्यबाट पीडित हुनेको सङ्ख्या बढी देखिएको थियो।

सन् २०१६ को सुरुआतमा मोरङको रङ्गेलीमा भएको घटनामा प्रहरीले प्रहार गरेको गोली लागी तीन जनाको मृत्यु भयो। यो वर्ष यातनाका घटनामा ४०, गिरफ्तारीका घटनामा ३०, कुटपिटका घटनामा १ सय १७, अमानवीय व्यवहारका घटनामा १६ र जातीय विभेदका घटनामा ५१ जना पीडित भए।

अघिल्लो वर्ष तातोपानी सीमा सुरक्षाका लागि खटिएका सशस्त्र प्रहरी बलले हगाम गाविस-७ घर भई तातोपानी गाविसमा मजदुरी गरी बस्ने २० वर्षीय कुमार तामाङलाई चैत ११ गते बेलुका खाना पकाउने ग्यास सिलिन्डर खासातर्फ पैठारी गरेको आरोपमा पक्राउ गरी बेपत्ता बनाएका थिए। उनको अवस्था यो वर्ष पनि सार्वजनिक भएन। उता परिवार र गाउँलेले नराम्रो व्यवहार गरेको भन्दै पीडितकी पत्नी डोल्मा र दुई वर्षीया छोरी घरबाट विस्थापित भए। परिवारले पति बेपत्ता गराउने तैँ होस् भनेर आरोप लगाएपछि घरमा बस्न नसकेको डोल्माले बताइन्।

कुमारको अवस्था पत्ता लगाउन जिल्ला स्तरमा तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद उपाध्यायको संयोजकत्वमा छानबिन समिति बनेको थियो। उक्त समितिले उल्लेखनीय काम गर्न नसकेपछि प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान महाशाखाका तत्कालीन डिआइजी नवराज सिलवालको संयोजकत्वमा उच्चस्तरीय छानबिन समिति बनेको थियो। सो समितिले प्रतिवेदन गृह मन्त्रालयमा बुझाएको भनिएको छ तर सार्वजनिक नभएकाले केही थाहा हुन नसकेको पीडितका दाजु छिरिङ तामाङले बताए।

## महिलामाथि हुने सबै प्रकारका दुर्व्यवहार

सन् २०१६ मा गैरराज्य पक्षबाट भएका उल्लङ्घन तथा ज्यादतीका घटनामा ३ हजार ७ सय ९१ महिला पीडित भएको अभिलेख इन्सेकले गऱ्यो। जसमध्ये बेचबिखन प्रयासका सात, घरेलु हिंसाका २ हजार २ सय १, कथित बोक्सीको आरोपमा ३४, बलात्कारका घटनामा २ सय ४२, बलात्कार प्रयासका घटनामा ९४, यौन दुर्व्यवहारका घटनामा

**तालिका २८**

**सन् २०१६ मा दाइजोका कारण पीडित महिलाको सङ्ख्या जिल्लागत आधारमा**

| जिल्ला | घरेलु हिंसा | हत्या | जम्मा |
|---|---|---|---|
| सप्तरी | १६ | | १६ |
| सल्यान | २ | | २ |
| सुर्खेत | १६ | | १६ |
| रुपन्देही | ४ | १ | ५ |
| बाँके | १ | | १ |
| सिन्धुली | २ | | २ |
| उदयपुर | ७ | | ७ |
| धनुषा | २ | | २ |
| जम्मा | ५० | १ | ५१ |

३७ र बेचबिखनका घटनामा ७२ महिला पीडित भए।

देशभरका जिल्ला प्रहरी कार्यालयमातहत रहने महिला तथा बालबालिका सेवा केन्द्रमा दर्ता भएका अधिकांश घटनामा प्रहरीले मिलापत्र गरायो। घरेलु हिंसा नियन्त्रण तथा सजाय ऐनमा रहेको मेलमिलापसम्बन्धी व्यवस्थाअनुसार घरेलु हिंसाका घटनामा मिलापत्रलाई प्राथमिकता दिनुपरेको प्रहरी कार्यालयहरूले जनाए। यो ऐनको कमजोरीको फाइदा उठाउँदै जघन्यखालका घरेलु हिंसाका घटनामा पनि मेलमिलाप गर्ने परिपाटी यस वर्ष पनि कायम रह्यो। जसका कारण गम्भीरखालका हिंसासमेत भएको इन्सेकले अभिलेख गऱ्यो। रौतहटस्थित भसेडवा गाविस-६ की २४ वर्षीया मञ्जुदेवी दासलाई २०७३ वैशाख ७ गते राति ढुङ्गा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले २७ वर्षीय पति रामनारायण दासलाई सोही दिन पक्राउ गऱ्यो। आरोपित कामको सिलसिलामा काठमाडौँमा बस्ने गरेकामा पीडितसहित परिवारलाई बेवास्ता गर्ने गरेको आरोपमा पीडित मञ्जुदेवी दासले महिला तथा बालबालिका सेवा केन्द्रमा २०७३ वैशाख ३ गते घरेलु हिंसा सम्बन्धमा उजुरी दिएपछि प्रहरीले अरोपित दासलाई वैशाख ७ गते छलफलका लागि बोलाएको थियो। महिला तथा बालबालिका सेवा केन्द्रमा दुवै पक्षबीच मिलापत्र गराइ घर पठाएकामा सोही दिन राति करिब ७

बजेको समयमा ढुङ्गाले टाउकोमा प्रहार गरी हत्या गरेको आरोप छ।

## बाल अधिकार

सन् २०१६ मा २१ बालबालिका विद्यालयमा दिइएको शारीरिक दण्डका कारण पीडित भए। विद्यालयमा हुने यस्ता घटना रोकथामका लागि पर्याप्त कानुनी आधार भए पनि अभिभावक, शिक्षक र विद्यालय व्यवस्थापनबीच हुने मिलापत्रले त्यो पक्ष बेवास्तामा पऱ्यो। बालबालिका हत्याका घटना पनि अभिलेख भयो। इज्जत जोगाउने नाममा भएको हत्याको घटना पनि यस वर्ष अभिलेख भयो।

पर्सास्थित महादेवपट्टी गाविस-३ की १४ वर्षीया प्रभा कुमारीलाई २०७३ भदौ १ गते ४५ वर्षीय बाबु शिव मुखिया बिनले हत्या गरेको भन्दै पीडित पक्षले भदौ १ गते उजुरी दियो। शवको पोस्टमार्टम भदौ २ गते नारायणी उपक्षेत्रीय अस्पतालमा भयो। छोरीले सोही ठाउँका एक युवकसँग प्रेम सम्बन्ध राखेपछि इज्जत प्रतिष्ठा जोगाउन हत्या गरेर गाउँ नजिकै रहेको भारतको पचरौता जङ्गलमा शव फालेको शिवले प्रहरी कार्यालयमा बयान दिएको प्रहरीले जनायो। प्रहरीले भदौ २ गते प्रभाको शव भारतको पचरौता जङ्गलमा भेट्टाएको बतायो। भदौ २ गते पक्राउ परेका शिवलाई जिल्ला अदालतले २०७३ भदौ २८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। प्रभाकी आमा शारदा र दाजु राजकुमार फरार रहे।

बालिकामाथि हुने गरेका यौन दुर्व्यवहार यस वर्ष पनि कम भएन। सन् २०१६ मा ४ सय ६८ बालिका बलात्कृत भए भने १ सय ५९ बालबालिका यौन दुर्व्यवहारबाट पीडित भए। ३५ बालबालिका बेचविखन तथा ओसारपसार घटनाबाट पीडित भए।

जनकपुर उमनपा-१८ की १३ वर्षीया काजलकुमारी मण्डललाई २०७३ असार २१ गते उनको साथी स्थानीय युवासँग भागेको विषयमा जानकारी नगराएको भन्दै स्थानीयले पाँच घण्टा पाता फर्काएर बाँधेर राखे। पीडितका परिवारले घटनाबारे उजुरी गरेपछि प्रहरीले स्थानीय ४० वर्षीय सुजीत मण्डल, २० वर्षीय जीतेन्द्र मण्डल, २२ वर्षीय रितेश मण्डल र रामहृदय पण्डितलाई २०७३ असार २१ गते पक्राउ गऱ्यो। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। प्रहरीले आरोपितहरूविरुद्ध मुद्दा दर्ता गरेकामा जिल्ला प्रशासन कार्यालयको आदेशअनुसार २०७३ साउन ५ गते जनही ६ हजार रुपियाँ धरौटीमा रिहा भए।

## स्वास्थ्य अधिकार

आधारभूत स्वास्थ्य उपचार नपाएर मृत्युवरण गर्ने सर्वसाधारणको सङ्ख्या उल्लेख्य छ। व्यक्तिको स्वास्थ्यसम्बन्धी हक कानुनीरूपमै सुरक्षित होस् भनेर यस्ता हक अधिकारलाई मौलिक हकका रूपमा संविधान तथा कानुनहरूमा व्यवस्था गर्ने प्रचलन बढ्दै गएको छ। तर यसरी कानुनीरूपमा व्यवस्था गर्दैमा मात्र यस्ता हक उपभोग गर्ने पर्याप्त आधार तयार भइहाल्दैन। राज्यले विभिन्न कार्यक्रममार्फत त्यस्ता हक उपभोग गर्ने अवस्था सिर्जना गर्नुपर्ने हुन्छ। स्वास्थ्यसम्बन्धी हकअन्तर्गत कानुनद्वारा हक सिर्जना र संरक्षण गर्नु, स्वास्थ्य हेरचाह पाउनु तथा स्वास्थ्य शिक्षा पाउनुलगायतका धेरै हक पर्छन्। त्यसैले स्वास्थ्यसम्बन्धी हक अरु थुप्रै मानव अधिकारसँग जोडिएको हुन्छ जसलाई एकापसमा छुट्याउन सकिँदैन।

स्वास्थ्य अधिकारलाई नेपालको संविधानको भाग ३ को धारा ३५ मा मौलिक अधिकारका रूपमा उल्लेख गरिएको छ। सरकारले देशभरका उपस्वास्थ्य चौकी स्तरोन्नति गरी स्वास्थ्य चौकीमा रूपान्तरण गरिसकेको छ। स्वास्थ्य चौकीबाट गर्भवती महिलालाई दिइनेसहितका ३५ प्रकार र जिल्ला अस्पतालबाट उपलब्ध हुने ७२ प्रकारका औषधि निःशुल्क उपलब्ध गराउने घोषणा गरेको छ। तर सबै स्वास्थ्य चौकी र जिल्ला अस्पतालमा निःशुल्क दिने भनिएका सबै औषधि पाइँदैनन्। स्वास्थ्य संस्थामा निःशुल्क वितरण गरिने औषधिको अभाव र दरबन्दीअनुसारका चिकित्सक तथा स्वास्थ्यकर्मी नभएका समाचार वर्षभर नै प्रकाशित भइरहे। अर्कोतर्फ धेरै स्वास्थ्य संस्था दिउँसो २ बजेपछि बन्द गरिने गरिएका गुनासा पनि व्याप्त रहे।

### खाद्य अधिकार

नेपालको संविधानको भाग ३ को धारा ३६ मा खाद्य अधिकारलाई मौलिक अधिकारका रूपमा समेटिएको छ। यस वर्ष पनि विभिन्न जिल्लामा खाद्य सङ्कट भएको समाचार सार्वजनिक भए। मकवानपुर, चितवन, धादिङ जिल्लाका चेपाङ बस्ती र मध्यपश्चिममा राउटेको बासस्थानमा खाद्यान्न अभाव कायमै रह्यो। जाजरकोट, बाजुरालगायत जिल्लाका केही गाविसमा खाद्यान्न अभाव भएपछि सम्बन्धित जिल्लाका खाद्य संस्थानका डिपोबाट आपूर्ति गरिएको थियो। उपयुक्त पोषण नहुँदा पश्चिम पहाडी भेगका बालबालिकाको स्वास्थ्य अवस्था कमजोर भए र यही कारण कैयौँ बालबालिका कुपोषणका सिकार हुन बाध्य पारिए।

### कारागार र बन्दी

कारागार व्यवस्थापन विभाग मातहत ७२ जिल्लामा ७४ कारागार सञ्चालनमा छन्। देशभरका यी कारागारमा १० हजार ४ सय ७७ कैदी/बन्दी राख्न सक्ने क्षमता छ। तर यो वर्षको अन्त्यसम्म कारागारमा १८ हजार ३ सय २४ जना कैदी बन्दी छन्। कारागारका दुरावस्थाबारे हामीले नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत हरेक वर्ष राज्यका निकायको ध्यानाकर्षण गर्दै आएका छौँ। नेपालका कारागारमा क्षमताभन्दा बढी कैदी/बन्दी राखिनु सबैभन्दा ठूलो समस्याका रूपमा देखिएको छ। यही कारण कैदी/बन्दी कारागारमा हुनैपर्ने न्यूनतम आवश्यकताबाटसमेत वञ्चित छन्। चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजनाले ठूला कारागार बनाउने, खुला कारागार व्यवस्था गर्ने, भौतिक सुविधा विस्तार गर्नेलगायतका विषयमा उल्लेख गरेको भए पनि सोअनुसारको काम भने हुन सकेको छैन। अन्तर्राष्ट्रिय नियम र प्रावधानमा पनि बन्दी बनाइएका व्यक्तिलाई मानवोचित व्यवहार गर्ने र सुविधा उपलब्ध गराउने प्रतिबद्धता राज्यले प्रकट गरेको छ।

## राज्य र मानव अधिकार

### न्यायपालिका

यो वर्ष प्रधान न्यायाधीशको नियुक्ति, सर्वोच्च अदालतमा ११ जना न्यायाधीश नियुक्ति, प्रधान न्यायाधीश र न्यायाधीशहरूको संसदीय सुनुवाइ, उच्च अदालत गठन, उच्च अदालतका न्यायाधीश नियुक्ति, सो नियुक्तिउपर सरकारी वकिलहरूद्वारा बहस पैरवी नगरी इजलास बहिष्कार गरिएका घटना न्याय क्षेत्रका महत्त्वपूर्ण र चाखलाग्दा घटनाका रूपमा रहे।

त्यसरी नै लोकमानसिंह कार्कीको मुद्दा, संविधानको बाधा अड्काउ फुकाउनेसम्बन्धी मुद्दा, संविधानको दोस्रो संशोधन प्रस्तावसम्बन्धी मुद्दा, सरोगेसीसम्बन्धी मुद्दा, डा. गोविन्द केसीको मुद्दा र पशुपन्छीको बलिसम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका निर्णय एवम् आदेश नेपाली कानुनी प्रणाली र संविधानको विकासमा ज्यादै महत्त्वपूर्ण बन्ने देखिन्छन्।

राज्यका अन्य अङ्गले संविधान एवम् कानुनबमोजिम कार्य नगर्दा अदालत सक्रिय बन्नुपरेको देखिन्छ। अदालतले सरकारको प्रतिस्थापन गर्ने वा विकल्प दिने काम गर्न सक्दैन। तर जब राज्यका अन्य अङ्ग चरम विशृङ्खलताको दलदलमा फस्छन् तब अदालत नै एक प्रमुख सहारा बन्न पुग्दोरहेछ। यस परिप्रेक्ष्यमा कतिपय कमी/कमजोरीका बाबजुद पनि २०७२/०७३ को समयमा अदालत लोकतन्त्रको रक्षा गर्न र संविधानको विकास गरी कानुनी शासन स्थापना गर्न अग्रपङ्क्तिमा उभिएको पाइन्छ।

*(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद न्यायपालिका)*

### कार्यपालिका

बारम्बार सरकार परिवर्तन र राजनीतिक अस्थिरताको सिलसिला यस वर्ष पनि निरन्तर कायम भयो। संविधान निर्माण भएसँगै सरकार परिवर्तन भएको तीन महिनाभित्र संविधान सम्बन्धमा असन्तुष्ट पक्षका मागलाई समेत सम्बोधन गर्न भनी पहिलो संशोधन गरियो। तापनि असन्तुष्ट पक्षले आफ्नो माग सम्बोधन नभएको भन्दै गुनासो कायमै राखे। नौ महिनापश्चात फेरि सरकार परिवर्तन भएपछि

संविधानको स्वीकार्यता बढाउन भन्दै सरकारद्वारा दोस्रो पटक सदनमा संविधान संशोधन प्रस्ताव पेश भएको छ। सरकारले संविधान संशोधनको पक्षमा रहेका दलसँग वार्ता जारी राखेको भए पनि परिमार्जन नभई संशोधनमा समर्थन नगर्ने अडान राखेका छन्। उता प्रमुख विपक्षीलगायत विपक्षमा रहेका दलहरूले उक्त संशोधन आवश्यक नरहेको, संशोधन भएमा राष्ट्रियता र सार्वभौमसत्तामा असर पर्ने भन्दै विरोध गरिरहेका छन्। यही कारण विपक्षीले संसद् अवरुद्धलगायत आन्दोलनका कार्यक्रमसमेत अगाडि ल्याएका छन्। परिणामस्वरूप संविधान कार्यान्वयन भई राज्यबाट आफ्नो हक अधिकार एवम् विकासका कार्य अघि बढ्नेछ भन्ने आशामा रहेका जनतामा निराशा उत्पन्न भएको छ।

*(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद कार्यपालिका)*

### व्यवस्थापिका

व्यवस्थापिका-संसद्भित्र भएका विभिन्न समितिमध्ये सामाजिक न्याय तथा मानव अधिकार समितिले यस दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छ। र, मानव अधिकार कार्यान्वयन भए/नभएको अनुगमन गर्ने कार्यान्वयन निकायका रूपमा समेत यस समितिले कार्य गर्छ। सांसदहरूले मानव अधिकारलगायत अन्य जनसरोकारका विषयमा शून्य समयमा बहस चलाएर, विशेष प्रस्तावमार्फत मानव अधिकार हनन गर्ने निकायलाई संसद्प्रति जिम्मेवार बनाएर, सङ्कल्प प्रस्तावमार्फत सरकारलाई कानुनी दबाब दिएर, विशेष प्रस्तावमार्फत सरकारलाई नैतिक दबाब दिएर, जनताका मानव अधिकारसँग सम्बन्धित पिरमर्का, गुनासा र समस्यालाई छलफल गरेर कार्यपालिकालाई गैरजिम्मेवार हुनबाट रोक्ने गर्छन्। व्यवस्थापिका-संसद्भित्र सांसदहरूले विशेष महत्त्वका विषयमा भूकम्पपीडितको मानव अधिकार उल्लङ्घन भएको, प्राकृतिक प्रकोप आदिका बेला मानव अधिकार आदि विषयलाई बेवास्ता गरेको विषयलाई संसद्भित्र छलफल गरेर, बहस चलाएर मानव अधिकार संरक्षण र संवर्द्धनमा विशेष भूमिका निर्वाह गरेका छन्।

*(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद व्यवस्थापिका)*

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका केही क्षेत्रगत सवाल

### इलामका चिया मजदुर, न्यूनतम ज्यालाबाट पनि वञ्चित

चिया मजदुरको मासिक पारिश्रमिक ७ हजार ७५ रुपियाँ छ। कारखानाका मजदुरको दैनिक भत्ता थप ३० रुपियाँ छ। तर कन्याम चिया बगानमा कार्यरत मजदुरलाई भने व्यवस्थापन पक्षले दैनिक २ सय १६ रुपियाँ दिँदै आएको छ। यस्तै, कारखानाभित्र कार्यरत मजदुरलाई २ सय २३ रुपियाँ ज्याला दिने गरेको मजदुर बताउँछन्। सोक्तिम र चिलिमकोट चिया बगानका मजदुरले दिनको २ सय ६ रुपियाँमात्र ज्याला पाउने गरेका छन्। कन्याम चिया बगानमा १ सय ९ स्थायी र करिब ६० मौसमी मजदुर छन् भने इलाम बगानमा २६ मजदुर छन्।

बगान व्यवस्थापन पक्षले मजदुरलाई दिएको अहिलेको ज्याला सम्झौताविपरित भएको मजदुर सङ्घ/सङ्गठन बताउँछन्। 'यति ज्याला दिने भनेर व्यवस्थापनले न मजदुरसँग कुनै सम्झौता गरेको छ न त राजपत्रमा प्रकाशित ज्याला दर हामीलाई दिएको छ'- नेपाल कृषि तथा बगान क्षेत्र श्रमिक सङ्घका अध्यक्ष रमेश खड्काले भने। उनका अनुसार अहिले चिया बगान व्यवस्थापन पक्षले जे निर्णय गर्छ, त्यही मान्न मजदुर बाध्य छन्।

*(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद इलामका चिया मजदुर न्यूनतम ज्यालबाट पनि वञ्चित)*

### काभ्रेपलाञ्चोकमा मिर्गौला व्यापार, प्रभाव र असर

नेपालमा सबैभन्दा बढी मिर्गौला बेचबिखनबाट प्रभावित जिल्ला भनेर काभ्रेपलाञ्चोकको नाम आउँछ। होक्से गाउँ विकास समिति अहिले पाँचखाल नगरपालिकाभित्र पर्छ। यो नगरपालिका र यससँग जोडिएका केही गाविसबाट मिर्गौला बेचबिखन हुने गरेको आमसञ्चारका माध्यमले जनाएका छन्। गरिबीको फाइदा उठाउँदै झुक्याएर मिर्गौला बेचबिखन गर्न बाध्य बनाउने र पहिला बेच्ने नै पछि गएर दलाल बन्ने गरेको देखिन्छ। पाँचखाल नपाभित्रकै साठीघर भगवती, अनेकोट, देवभूमि बालुवा र नपासँग जोडिएका काभ्रे

नित्य चण्डेश्वरी, मथुरापाटी फूलबारी, ज्याम्दी, जैसिथोकलगायत गाविस यो समस्याबाट पीडित छन्।

*(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद काभ्रेपलाञ्चोकमा मिर्गौला व्यापार, प्रभाव र असर)*

## तनहुँका बोटे जाति, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कसीमा

बोटे जातिको काम नै त्रिशूली, बूढी गण्डकी, मर्स्याङ्दी र कालीगण्डकी नदीको किनारामा बालुवा चालेर सुन निकाल्नु हो। त्यसबाहेक घर नजिकको मादी नदीमा माछा मार्नु दोस्रो प्राथमिकताको काम हो। पहिले त डुङ्गा पनि खियाउँथे। मानिसलाई नदी वारपार गराएवापत राम्रै आम्दानी लिन्थे पनि। जब मोटर चल्ने बाटो र झोलुङ्गे पुल बने, यससँगै यो जातिको पुर्ख्यौली पेशा सङ्कटमा पऱ्यो। त्यही पनि माछा त पाइन्थ्यो तर नदीमा करेन्ट लगाइदिने र विष हालिदिने गर्न थालेपछि माछा पाइन छाड्यो। बाटो र पुल निर्माण तथा करेन्ट र विषका कारण आफ्नो माछा मार्ने पेशा इतिहासमा परिणत भएको बताउँछन् ६६ वर्षीय शुकबहादुर बोटे। यसरी परम्परागत पेशामा आएको व्यवधानका कारण यो जातिको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार धरापमा परेको छ।

*(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद तनहुँका बोटे आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कसीमा)*

## सुर्खेतका बाढीपीडित, वर्तमान अवस्था र राज्यको उदासीनता

त्रिपालमुनिको बास, खडेरी र कठ्याङ्ग्रिने जाडोको सामना गर्नुपर्ने र गरिबीका कारण विस्थापित परिवारमा विभिन्नखाले रोगको सङ्क्रमणसमेत बढेको छ। वि.सं. २०५० मा धादिङको कृष्णभीरमा मापन गरिएको ५ सय ६० मिलिमिटरपछि नेपालमै सबैभन्दा बढी तथा सुर्खेतमा पहिलोपटक सबैभन्दा बढी मापन गरिएको ४ सय २३ दशमलव २ मिलिमिटर वर्षाका कारण यो उपद्रव मच्चिएको थियो। सुर्खेत उपत्यकाको दक्षिण भागमा रहेको साँघुरो खोलाबाट सहजरूपमा पानी निकास हुन नसकेपछि उपत्यका दुई दिनसम्म जलमग्न हुन पुगेको थियो। मुसलधारे अविरल वर्षापछि चिङ्गाड, नेवारे, इत्राम, खोर्के खोला र भेरी नदीमा आएको बाढी/पहिरोले जिल्लामा पहिलोपटक यसरी अकल्पनीय क्षति पुऱ्याएको थियो। बाढी/पहिरो आएलगत्तै वीरेन्द्रनगर नगरपालिका, लाटीकोइली, उत्तरगङ्गा, तातापानी, घाटगाउँ, साटाखानी, लेखपराजुल, हरिहरपुर, बाबियाचौर, मालारानी, तरङ्गा, छिन्चु र कुनाथरी गाविसका गरी २ हजार ३ सय २७ परिवारका १२ हजार ३ सय ८५ जना विस्थापित हुन पुगेका थिए।

*(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद सुर्खेतका बाढीपीडित, वर्तमान अवस्था र राज्यको उदासीनता)*

## खाद्य अधिकार, दार्चुलाको अवस्था

अहिले महाकाली करिडोर नामाकरण गरिएको बाटो दार्चुलाको खाद्य अधिकार परिपूर्तिसँग गतिलो सम्बन्ध राख्छ। किनकि अपुग भएका ठाउँमा खाद्यान्न ल्याउन होस् वा यहाँका उत्पादन बाहिर लैजान होस्, बाटो अत्यावश्यक माध्यम हो नै। सदरमुकाम खलङ्गासम्म मात्र ७२ किलोमिटर सडक कालोपत्रे भएको छ। जिल्लामा ग्राभेल सडक छैन।

यही कारण खाद्यान्न ढुवानी गर्न जनतालाई समस्या छ। कच्ची खुलेको क्षेत्रमा जिपमार्फत र बाँकी सडकमा घोडा, खच्चड, भेडा/बाख्रा र भरियामार्फत खाद्यान्न ढुवानी हुने गरेको छ। अझ दुहु क्षेत्रका एक दर्जन गाविसमा त अहिले पनि खाद्यान्न ढुवानी गर्न तुइनको विकल्प छैन। नेपालतर्फ निर्माण भइरहेको दार्चुला तिङ्कर सडकमा भइरहेको ढिलाइ र दुई देश जोड्ने महाकाली नदीमा पुल नहुनुले दुहु क्षेत्रमा आवत्जावत्को साधन नै तुइन बन्न पुगेको छ। जसका कारण बर्सेनि एक दुईजनाले तुइनबाट खसेरै ज्यान गुमाउनुपरेको छ। सामान्य नागरिकले खाद्यान्नका लागि हरेक वर्ष ज्यान गुमाउनुपर्ने अवस्था अझै कायम छ। तुइन विस्थापन गर्ने कार्यक्रमअन्तर्गत ८ ठाउँमा सर्वेक्षण गरी प्रक्रिया अघि बढे पनि 'सुरक्षा संवेदनशीलता' देखाउँदै भारतीय क्षेत्रबाट अवरोध हुँदै आएको छ। जसको अप्रत्यक्ष मार दार्चुलाबासीको खाद्यान्न अधिकार प्राप्तिमा पर्न गएको छ।

*(हेर्नुहोस् यसै पुस्तकको परिच्छेद खाद्य अधिकार, दार्चुलाको अवस्था)*

## निष्कर्ष

सन् २०१६ को अन्त्यसम्म आइपुग्दा संविधान जारी गर्ने समयमा एक भएका कङ्ग्रेस-एमाले-माओवादीले पनि २०७४ साल माघ ७ को संवैधानिक समयसीमा नजरअन्दाज गर्दै बस्नुले देश अर्को राजनीतिक सङ्कटमा धकेलिने त हैन भन्ने चिन्ता पनि चौतर्फी तुल्याउन मद्दत गरेको आँकलन गर्न सकिन्छ। त्यसैले संविधानका विवादित विषयमा सर्वपक्षीय संवाद थालनी गर्न ढिलाइ नगर्नु बुद्धिमानी हुनेछ। पछिल्लो राजनीतिक घटनाक्रमले खासगरी पहाड र मधेसबीच शङ्का र अविश्वास बढायो भने जातविशेष, क्षेत्रविशेषलाई आक्षेप लगाएर सम्पूर्ण लोकतान्त्रिक प्रक्रिया नै अवरुद्ध पार्ने प्रयासलाई बढावा दिएको देखियो। आपसी अविश्वासलाई विश्वासमा परिणत गर्न र जायज असन्तुष्टि सम्बोधन गर्न पनि सार्थक संवादको विकल्प छैन। यतिबेला जिम्मेवार प्रमुख राजनीतिक दलहरूले यतिमात्र बुझ्न सके काफी हुन्छ।

देशमा लोकतान्त्रिक अभ्यास सुदृढ गर्नु आजको आवश्यकता हो। संसद्को अनि संविधानको विषयमा कुनै चित्त नबुझेमा जनादेश लिएर परिवर्तन गर्न सकिने ठाउँ संविधानले प्रशस्त दिएको छ। संविधान संशोधन कि निर्वाचन भन्ने विषयमा कायम विवादले अन्ततः घाटा मुलुकलाई नै हुने हो। सतहमा देखिएका विवादको समाधान खोज्ने उपयुक्त थलो संसद् हो भन्ने हेक्का नेपालका राजनीतिक दललाई पक्कै हुनुपर्ने हो तर यसतर्फको अग्रसरता देखिएन। संविधान संशोधन प्रस्ताव संसद् प्रवेश नै गर्न नदिने नेकपा एमालेको र संविधान संशोधन प्रस्ताव पारित नभए निर्वाचनमै नजाने वा गर्न पनि नदिने मधेसी मोर्चाको अडानको मिलन विन्दु खोज्न सकिए राजनीतिक गतिरोध अन्त्यतर्फ मुलुक बढ्ने अपेक्षा गर्न सकिन्छ।

मानव अधिकारको प्रत्याभूति त्यतिबेला हुन्छ जब मानव अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धता लागु गरिन्छन्। राज्य पक्षबाट हुने मानव अधिकार उल्लङ्घनका घटनामा उल्लेख्य कमी आएको भए पनि गैरराज्य पक्षबाट हुने उल्लङ्घन र ज्यादतीका घटनामा बढोत्तरी भएको देखिन्छ। महिलामाथि हुने हिंसा न्यूनीकरणमा शून्य सहनशीलताको नीति राज्यले अपनाएको भनिए पनि चेतनाको अभाव र भएका कानुनहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलामाथि हुने हिंसाका घटनामा कमी आएन।

## सुझाव

- संविधान कार्यान्वयनको विषयलाई केन्द्रमा राखी स्थानीय निर्वाचन समयसीमा भित्रै सम्पन्न गरी लोकतन्त्रको प्रत्याभूति दिलाउने।
- घरेलु हिंसासम्बन्धी कानुन परिमार्जन गरी यस्ता अपराधलाई सरकारवादी मुद्दाको श्रेणीमा राख्नुपर्ने।
- संयुक्त राष्ट्रसङ्घीय विश्वव्यापी आवधिक समीक्षाका क्रममा नेपालले ग्रहण गरेका सुझावहरूलाई निश्चित कार्यविधि बनाई लागु गर्नुपर्ने।
- स्वतन्त्र न्यायपालिकाको अस्मिता जोगाउँदै अदालती आदेशहरूको कार्यान्वयन गर्न/गराउन सरकार जवाफदेही बन्नुपर्ने।
- राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वयन गर्ने साथै आयोगलाई थप स्रोत, साधन र शक्ति सम्पन्न बनाइनुपर्ने।
- दण्डहीनता अन्त्य गर्नका लागि विगतमा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका दोषीउपर कानुनी कारबाही आरम्भ गर्नुपर्ने।
- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानमा हस्ताक्षर गर्नुपर्ने।
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी र बाल अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, रोम विधान, यातनाविरुद्धको महासन्धिका ऐच्छिक आलेख तथा आप्रवासी कामदार तथा तिनका परिवारको सुरक्षासम्बन्धी महासन्धि अनुमोदन गर्नुपर्ने।
- भूकम्पपीडितको पुनर्स्थापनाको कार्य तदारुकताका साथ गर्नुपर्ने।

**विजयराज गौतम**
कार्यकारी निर्देशक

# २५ वर्षको नेपालको मानव अधिकार अवस्था तथ्याङ्कमा

प्रजातन्त्र स्थापनासँगै २०४८ सालमा जिल्ला प्रशासन कार्यालयमा गैरसरकारी संस्थाका रूपमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) दर्ता भएको थियो। आफ्नो स्थापनाकालसँगै इन्सेकले नेपालको मानव अधिकार अभियानलाई संमृद्ध बनाउन विभिन्न अभियानहरू सञ्चालन गऱ्यो। नेपालको मानव अधिकार अवस्थाको मापन गर्ने कुनै भरपर्दो तथ्य र तथ्याङ्क नभएको महसुस गर्दै इन्सेकले सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन सुरु गरेको थियो। जुन हालसम्म पनि जारी छ। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य र तथ्याङ्कहरू समेटेर हरेक वर्ष प्रकाशन गरिने नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको मापन गर्ने महत्वपूर्ण दस्तावेजको रूपमा रहेको छ।

नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरूको सङ्ग्रह मात्र नभई राज्यका निकायले मानव अधिकारको संरक्षण र संवर्द्धनमा निर्वाह गरेका भूमिकाको विश्लेषण गर्ने गरिएको छ।

सन् १९९२ देखि प्रकाशन शुरु गरिएको नेपाल मानव अधिकार वर्ष पुस्तकले सन् २०१७ सम्म आइपुग्दा २५ बसन्त पार गरेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकको २५ वर्षे यात्रा पूरा हुँदा यसले समाज र राज्यलाई पुऱ्याएको योगदानका बारेमा पक्कै पनि मूल्याङ्कन हुने नै छ।

नेपालको २५ वर्षको मानव अधिकार अवस्थालाई यो परिच्छेदमा तथ्याङ्कगत विश्लेषण गरिएको छ।

## सन् १९९२–१९९६ सम्म

सन् १९९२ देखि सन् १९९६ सम्मको पाँच वर्ष अवधिमा १६ हजार ३ सय ९८ जनाको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना भएको इन्सेकमा अभिलेख भयो। यसमध्ये राज्यपक्षबाट हत्याका ११, गोलीद्वारा हत्याका ७७, यातनाले मृत्यु १४ र थुनामा मृत्युका ५७ वटा गरी जम्मा १ सय ५९ वटा घटना अभिलेख छ। त्यसैगरी गैरराज्यपक्षबाट हत्याका १ हजार २ सय ९८, गोलीद्वारा हत्याका ६७ वटा गरी १ हजार ३ सय ६५ वटा घटना अभिलेख छ। यातनाका ४ सय ३८ घटनामा १ हजार २ सय ९ जना पीडित भएको अभिलेख छ। महिला बेचबिखनबाट ३ सय १७ र बलात्कारबाट ६ सय ६० जना पीडित भए। यो अवधिमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित घटना बढी अभिलेख भएका थिए।

### सन् १९९२ देखि २०१६ सम्म मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना र पीडित सङ्ख्या

| घटनाको प्रकार | घटना सङ्ख्या | पुरुष | महिला | तेस्रो लिङ्गी | नखुलेको | जम्मा |
|---|---|---|---|---|---|---|
| हत्या | १४३८९ | १६४४५ | ४२०१ | १ | २०६३ | २२७१० |
| घाइते | ४४८९ | १०३१० | १२५३ | | २०६१ | १३६२४ |
| हिरासतमा मृत्यु | १८७ | १७८ | १४ | | | १९२ |
| गिरफ्तारी र यातना | १०९३२ | २४२२९ | २४६९ | | ८७१८ | ३५४१६ |
| बेपत्ता | ११६३ | १४६३ | १५६ | | २० | १६३९ |
| कुटपिट | १३५१८ | १९७४८ | २७०८ | | १३६३ | २३८१९ |
| धम्की | ४०४१ | ६६१० | ६८२ | | ६३१७ | १३६०९ |
| महिला अधिकार | २०७५१ | | २१८८१ | | | २१८८१ |
| बाल अधिकार | ६१५६ | १८५१ | ६०४९ | | ३९४११ | ४७३११ |
| अपहरण | ८८७२ | १५९४८ | २३८७ | | ६९५४१ | ८७८७६ |
| जम्मा | ८४४९८ | ९६७८२ | ४१८०० | १ | १२९४९४ | २६८०७७ |

## सन् १९९२ देखि १९९६ सम्म मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना र पीडित सङ्ख्या

| घटनाको प्रकार | उल्लङ्घन घटना सङ्ख्या | | | पीडित सङ्ख्या | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | राज्यपक्षबाट | गैरराज्यपक्षबाट | | पुरुष | महिला | नाबालक | नखुलेको | जम्मा |
| | | व्यक्तिगत | राजनीतिक | | | | | |
| हत्या | ११ | १२७५ | २३ | ८६५ | ३८८ | १४३ | | १३९६ |
| गोलीद्वारा घाइते | ६१ | ४७ | ९ | २७९ | २४ | १० | २४४ | ५५७ |
| गोलीद्वारा हत्या | ७७ | ६३ | ४ | १७३ | १४ | १३ | | २०० |
| यातनाले मृत्यु | १४ | | | १३ | १ | | | १४ |
| गिरफ्तारी | ५०४ | | | २२९३ | ६३ | १६ | ६४३५ | ८८०७ |
| यातना | ४३८ | | | ९९१ | ७९ | ४ | १३५ | १२०९ |
| लाठी-चार्ज | ४९ | | | १८३ | १४ | २ | ५९१ | ७९० |
| धम्की/कुटपिट | ६१ | १३१६ | १९१ | १८७१ | २६२ | १९ | २३८ | २३९० |
| थुनामा मृत्यु | ५७ | | | ५४ | ४ | | | ५८ |
| महिला बेचबिखन | | २१५ | | | २६६ | ५१ | | ३१७ |
| बलात्कार | २४ | ६०९ | | | ३८८ | २७२ | | ६६० |
| जम्मा | १२९६ | ३५२५ | २२७ | ६७२२ | १५०३ | ५३० | ७६४३ | १६३९८ |

## सशस्त्र द्वन्द्व (सन् १९९६-२००६) का क्रममा राज्यपक्ष तथा गैरराज्यपक्षबाट मारिएकाहरूको सङ्ख्या






## सन् १९९७ देखि २००६ सम्म मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना र पीडित सङ्ख्या (सन्दर्भ सशस्त्र द्वन्द्वको एक दशक)

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | राज्यपक्षबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | ५९२५ | ७१४९ | १३१७ | २३० | ८६९६ | ३३४१ | ५७०८ | ८३४ | १८२९ | ८३७१ |
| गोलीद्वारा घाइते | १९०२ | ४००२ | ४२९ | ५९० | ५०२१ | ८५४ | २३२८ | २४६ | ९४४ | ३५१८ |
| हिरासत वा थुनामा मृत्यु | २६ | २२ | ४ | | २६ | ८७ | ८५ | ६ | | ९१ |
| गिरफ्तारी/यातना | २८३ | ८८१ | ६८ | | ९४९ | ९०६१ | १८५९८ | २१८८ | २००५ | २२७९१ |
| बेपत्ता | २२७ | ३२९ | २२ | | ३५१ | ९३१ | ११२८ | १३४ | २० | १२८२ |
| कुटपिट | ६४९३ | ८४६३ | ११९८ | २२१ | ९८८२ | १६४२ | ३१३२ | ३१० | ६२९ | ४०७१ |
| धम्की | २१९९ | ४०११ | ४०४ | ४४४८ | ८८६३ | ३८० | ६६२ | ५३ | ९१० | १६२५ |
| महिला अधिकार | ४१३९ | | ४६९९ | | ४६९९ | ८९ | | १३८ | | १३८ |
| बाल अधिकार | ११४६ | १०६१ | ८७० | ३३९६७ | ३५८९८ | ४६ | ३८ | २१ | ४७५ | ५३४ |
| अपहरण | ७०१० | १३६४८ | २१६६ | ६९५०४ | ८५३१८ | २ | २ | | | २ |
| जम्मा | २९३५० | ३९५६६ | १११७७ | १०८९६० | १५९७०३ | १६४३३ | ३१६८१ | ३९३० | ६८१२ | ४२४२३ |

## सशस्त्र द्वन्द्व (सन् १९९६-२००६) का क्रममा राज्यपक्ष तथा गैरराज्यपक्षबाट मारिएकाहरूको सङ्ख्या




## सन् २००७ देखि २०१६ सम्म मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना र पीडित सङ्ख्या (जनआन्दोलन २०६२-०६३ पश्चात्)

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | | | | राज्यपक्षबाट | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घटना सङ्ख्या | पुरुष | महिला | तेस्रो लिङ्गी | नखुलेको | जम्मा | घटना सङ्ख्या | पुरुष | महिला | नखुलेको | जम्मा |
| हत्या | ३४८३ | २२३४ | १५५६ | १ | ४ | ३७९५ | १६३ | २२५ | १३ | | २३८ |
| घाइते | १३८२ | २७०५ | ४५४ | | ११७ | ३२७६ | २३४ | ९८६ | १०० | १६६ | १२५२ |
| हिरासत वा थुनामा मृत्यु | | | | | | | १७ | १७ | | | १७ |
| गिरफ्तारी/यातना | | | | | | | ६४६ | १४४६ | ७१ | १४३ | १६६० |
| बेपत्ता | | | | | | | ५ | ६ | | | ६ |
| कुटपिट | ३१७२ | ५०४६ | ७७७ | | २११ | ६०३४ | ६४३ | १२१७ | १६१ | ६४ | १४४२ |
| धम्की | १३७२ | १८१७ | २०४ | | ९४५ | २९६६ | ९० | १२० | २१ | १४ | १५५ |
| महिला अधिकार | १५६४६ | | १६०३७ | | | १६०३७ | २९ | | ३० | | ३० |
| बाल अधिकार | ४९५१ | ७४५ | ५१४६ | | ४७६४ | १०६५५ | १३ | ७ | १२ | २०५ | २२४ |
| अपहरण | १८६० | २२९८ | २२१ | | ३७ | २५५६ | | | | | |
| जम्मा | ३१८६६ | १४८४५ | २४३९५ | १ | ६०७८ | ४५३१९ | १८५० | ४०२४ | ४०८ | ५९२ | ५०२४ |

## सशस्त्र द्वन्द्व (सन् १९९६-२००६) का क्रममा राज्यपक्ष तथा गैरराज्यपक्षबाट बेपत्ता पारिएकाहरूको सङ्ख्या (क्षेत्रगत आधारमा)




### सन् १९९७-२००६ सम्म

नेकपा माओवादीले २०५२ साल फागुन १ गतेदेखि सशस्त्र विद्रोहको घोषणा गरेपछि नेपाल मानव अधिकार वर्ष पुस्तकले सशस्त्र द्वन्द्व र यसले पारेको प्रभावसम्बन्धी सामग्रीलाई बढी प्राथमिकतामा राख्यो। द्वन्द्वको प्रभाव, अवरुद्ध भएको प्रजातान्त्रिक अभ्यास, द्वन्द्व न्यूनीकरणका प्रयास जस्ता विषयले मानव अधिकार वर्ष पुस्तकमा स्थान पाए।

सशस्त्र द्वन्द्वमा १३ हजार २ सय ४८ जनाको मृत्यु भएको इन्सेकले अभिलेख गर्‍यो। यसमध्ये राज्यपक्षबाट ७ हजार ९ सय ५ र गैरराज्यपक्षबाट ५ हजार ३ सय ४३ जनाको हत्या भएको थियो। यसैगरी सशस्त्र द्वन्द्वका क्रममा राज्यपक्षबाट बेपत्ता पारिएका ८ सय २४ र गैरराज्यपक्षबाट बेपत्ता पारिएका १ सय ८ जनाको अवस्था अझै अज्ञात छ। यो अवधिमा राज्य पक्षबाट बलात्कार, यातना, गिरफ्तारीलगायतका घटना र गैरराज्यपक्षबाट पनि बलात्कार, अपहरण, धम्की कुटपिट लगायतका घटना अभिलेख भएका थिए। यसमा सबै भन्दा बढी हत्यासँग सम्बन्धित जीवनको अधिकार हनन् भएका घटना प्रमुख रूपमा रहे।

### २००७ देखि २०१६ सम्म

सन् २००६ मा सरकार र नेकपा माओवादीबीच भएको शान्ति सम्झौताले १० वर्ष लामो सशस्त्र द्वन्द्वको विधिवत् अन्त्य गर्‍यो। त्यसयता (सन् २००७- २०१६ सम्म) दैनन्दिनका हत्याका घटनामा कमी आएको भए पनि अन्य सशस्त्र समूहका कारण भएका हत्याका घटनाहरू अभिलेखित भए। यो अवधिमा गैरराज्यपक्षबाट ४५ हजार ३ सय १९ जना र राज्यपक्षबाट ५ हजार २४ जना पीडित भएको अभिलेख भयो। १० वर्षको अवधिमा भएका ३१ हजार ८ सय ६६ घटनामा गैरराज्यपक्षबाट ३ हजार ७ सय ९५ जना र राज्यपक्षबाट २ सय ३८ जनाको हत्या भयो। यसै अवधिमा गैरराज्यपक्षबाट ३ हजार २ सय ७६ र राज्यपक्षबाट १ हजार २ सय ५२ जना घाइते पारिए। १७ जनाको हिरासतमा मृत्यु भएको, यातनाका कारण १ हजार ६ सय ६० जना पीडित

## सन् १९९२ देखि २०१६ सम्म मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना र पीडित सङ्ख्या




भएको र ६ जना बेपत्ता भएको अभिलेख भयो। बालअधिकार उल्लङ्घनका घटनामा गैरराज्यपक्षबाट १० हजार ६ सय ५५ जना र राज्यपक्षबाट २ सय २४ पीडित भए। यसैगरी महिला अधिकार उल्लङ्घनका घटनामा १६ हजार ६७ जना महिला पीडित भए।

इन्सेकको अभिलेख अनुसार २५ वर्षको अवधिमा भएका ८४ हजार ४ सय ९८ घटनामा २ लाख ६८ हजार ७७ जना पीडित भए जसमा २२ हजार ७ सय १० जनाको हत्या भयो। यो अवधिमा १ सय ९२ जनाको हिरासतमा मृत्यु, ३५ हजार ४ सय १६ जना यातना पीडित भएको अभिलेख छ।

### अन्त्यमा

मानव अधिकारको नियमित अनुगमन गर्नु जरुरी हुन्छ भन्ने कुरालाई ध्यानमा राख्दै इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन सुरु गरेको थियो। जसको उपादेयता समयक्रमसँगै देखिन थालेको छ। आफ्ना ७५ वटै जिल्लामा रहेका प्रतिनिधिले सम्प्रेषण गर्ने मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना नै नेपाल मानव अधिकार वर्ष पुस्तकको आधार हो। नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत इन्सेकले गरेको अभिलेख संयुक्त राष्ट्र सङ्घको मानव अधिकार उच्चायुक्त कार्यालयले प्रकाशन गरेको नेपाल द्वन्द्व प्रतिवेदन २०१२ को हिस्सा बनेको छ।

# सन् २०१६

संयोजन : विमलचन्द्र शर्मा

# मानव अधिकार प्रतिविम्ब





सरकारले व्यवस्थापिका संसद्मा २०७३ मङ्सिर १४ गते दर्ता गरेको संविधान संशोधन विधेयकमा पाँच नम्बर प्रदेशका पहाड र तराईका जिल्लालाई अलग्याउने प्रस्ताव गरेको भन्दै मङ्सिर १७ गते बुटवलमा आयोजित विरोध सभाका सहभागीहरू ।

**तस्बिर : रीमा बिसी, रूपन्देही**





महोत्तरी जिल्ला बथनाहा गाविस–४ का ४५ वर्षीय गङ्गा महतोलाई ०७३ कात्तिक २३ गते दिउँसो प्रहरीले गिरफ्तार गरेर बथनाहा प्रहरी चौकीमा लगी कुटपिट गरी यातना दिए। यातनाबाट घाइते भएका महतोलाई उपचारका लागि कात्तिक २३ गते जिल्ला अस्पताल जलेश्वर ल्याइएकोमा उनको थप उपचार भारतको सीतामढीमा भयो। आर्थिक लेनदेनको विषयमा पीडित महतोले कात्तिक २२ गते मदिरा सेवन गरी सार्वजनिक रूपमा गालीगलौज गरेको आरोपमा उनलाई प्रहरीले गिरफ्तार गरेको थियो । पीडित महतोको पिठ्यूँ, तिघ्रा र पैताला लगायतका शरीरका विभिन्न अङ्गमा नीलडाम थियो । घटनामा संलग्न भएको आरोपमा बथनाहाको मरूवाही प्रहरी चौकीका इन्चार्ज असई शम्भुप्रसाद साह, प्रहरी हवल्दार हरिभजन साह, प्रहरी जवान शिवशंकर महतो र पहरिन्द्र महतोलाई सोधपुछ गर्न जिल्ला प्रहरी कार्यालयमा कात्तिक २४ गते साँझनै झिकाई विभागीय कारबाही गरिएको एसपी नलप्रसाद उपाध्यायले बताए । एसपी उपाध्यायका अनुसार असई साहलाई तीन ग्रेड घटुवा, प्रहरी हवल्दार साह र दुबै प्रहरी जवानलाई सुरूकै स्केलमा घटुवा गरियो।

**तस्बिर : अजयकुमार साह, महोत्तरी**






गुल्मी जिल्ला अर्बेनी गाविस–५ का ८१ वर्षीय लालबहादुर सुनारले सोही ठाउँकी ४२ वर्षीया सावित्रा न्यौपानेसँग अन्तरजातीय प्रेम सम्बन्ध राखेको आरोपमा ०७३ पुस १ गते स्थानीयबासीले दुवै जनालाई बाँधेर कुटपिट गरी गाउँ निकाला गरे। स्थानीयबासीले दुबै जनालाई गाउँ डुलाएर गाउँनिकालाको कागजमा जबरजस्ती औँठा छाप गर्न लगाएका थिए। स्थानीयको ठूलो समूहले धम्क्याउँदै 'घर जलाऊँ की भत्काउँछस्' भनेपछि आफूले उनीहरूकै अगाडि घर भत्काएको पीडितले बताए। पीडित लालबहादुर सुनार र सावित्रा न्यौपाने यस वर्षको अन्त्यसम्म सदरमुकाम तम्घास विस्थापित भए।

**तस्बिर : टोपलाल अर्याल, गुल्मी**



जाजरकोट जिल्ला गर्खाकोट गाविस–४ का २५ वर्षीय गणेश चँदारालाई अन्तरजातीय विवाह गरेको आरोपमा २०७२ पुस २५ गते केटीका आफन्तले मार्ने धम्की दिए। गणेशले २०७२ कात्तिकमा २१ वर्षीया ज्योति शाहसँग अन्तरजातीय विवाह गरेका थिए। मार्ने धम्की दिएपछि गणेश र ज्योतिसहितको परिवार सदरमुकाम खलङ्गामा विस्थापित भयो। पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला प्रहरी कार्यालयले सदरमुकाममा माघ ५ गते सर्वदलीय तथा सर्वपक्षीय छलफल गरेपछि एक टोली स्थानीय स्तरमै पुगेर समस्या समाधान गर्ने निर्णय भयो। इन्स्पेक्टर हिक्मत बोहराको नेतृत्वमा सुरक्षाकर्मी, अधिकारकर्मी र राजनीतिक दलका प्रतिनिधिसहितको टोली २०७२ माघ २० गते गर्खाकोट पुगी छलफल गर्दा पनि समस्या समाधान भएन। दुवै पक्षलाई इलाका प्रहरी कार्यालय, गर्खाकोटमा उपस्थित गराएर छलफल गराएपछि २०७२ माघ २२ गते दुवै पक्षबीच मिलेर बस्ने सहमति भयो।

**तस्बिर : दिनेशकुमार श्रेष्ठ, जाजरकोट**




सशस्त्र द्वन्द्वका क्रममा प्रयोग भएका हतियारहरू शान्ति सम्झौताको १० वर्षपछि पनि फेला पर्दै आएका छन्। यसैक्रममा जुम्लाका विभिन्न ठाउँबाट बरामद गरिएका हतियारहरू सार्वजनिक गर्दै प्रहरी नायब उपरीक्षक गुरुविष्णु काफ्ले।

**तस्बिर : मानदत्त रावल, जुम्ला**



दार्चुला जिल्लामा निर्माणाधीन चमेलिया जलविद्युत आयोजना स्थलमा रहेको बिष्फोटक पदार्थ ०७३ भदौ ३१ गते पट्कँदा घाइते भएका शिखर गाविस–१ का १० वर्षीय रोशन खडायत । दुबै हातको औला गुमेका पीडित बालकको शिखर स्वास्थ्य चौकीमा उपचार हुन नसकेपछि कैलाली अत्तरीयास्थित पदमा अस्पतालमा थप उपचार भएको पीडितका आमा शान्ति खडायतले बताइन्।

**तस्बिर : नरेन्द्रसिं कार्की, दार्चुला**



राजविराज नपा–१ स्थित जिल्ला प्रशासन कार्यालयमा २०७३ मङ्सिर १२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) गोइत समूहले राखेको कुकर बम निष्क्रिय बनाउने क्रममा राजविराज नपा–९ स्थित श्री कृष्णदल गणका सिपाही २६ वर्षीय चन्द्रप्रकाश गुरुङ, २४ वर्षीय मधुकर उप्रेती, इलाका प्रहरी कार्यालय, सखडामा कार्यरत प्रहरी हवल्दार तेह्रथुम म्याङलुङ बजार–६ का ३६ वर्षीय कर्णबहादुर बिक, जिल्ला प्रशासन कार्यालय अस्थायी प्रहरी पोस्टमा कार्यरत प्रहरी झापा राजगढ गाविस–२ का २६ वर्षीय विनोद राजवंशी र प्रहरी चौकी भुतहीमा कार्यरत प्रहरी झापा पृथ्वीनगर–३ का २९ वर्षीय राजेश तामाङ घाइते भए। घाइतेहरूको उपचार राजविराज नपा–३ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा भएको थियो । बम रहेको झोलामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) गोइत समूहको पर्चा फेला पर्‍यो भने मोर्चाका केन्द्रीय संयोजक जयकृष्ण गोइतले सोही दिन बम राखेको घटनाको जिम्मा लिएका थिए। प्रहरीले बम विष्फोट गराएको आरोपमा प्रसवनी गाविस–७ घर भई राजविराज नपा–५ बस्ने ३० वर्षीय भवानीप्रसाद अरगरिया यादव र सिरहाको गौरीपुर गाविस–५ का ५० वर्षीय नथुनी यादवलाई मङ्सिर १८ गते गिरफ्तार गरेको थियो। घटनाको जिम्मेवारी लिएको उक्त समूहले प्रहरीद्वारा गिरफ्तार गरिएका आरोपितहरू आफ्ना कार्यकर्ता नभएको जनायो।

**तस्बिर : मनोहरकुमार पोखरेल, सप्तरी**




अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी केन्द्रका कार्यकर्ताको एक समूहले २०७३ साउन ६ गते ललितपुरको झम्सिखेलस्थित आइडियल मोडल स्कूलको बसलाई काठमाडौँको डल्लुमा पेट्रोल छर्केर आगजानी गर्‍यो। घटनामा संलग्न रहेको आरोपमा महानगरीय प्रहरी वृत्त स्वयम्भूले शंकर लाखे, विष्णु पौडेलाई घटना भएकै दिन गिरफ्तार गर्‍यो। महानगरीय प्रहरी वृत्त,स्वयम्भुले अनुसन्धान सकेर अदालतमा मुद्दा दर्ता गरेको थियो। अदातलको साउन ३२ गतेको आदेशले आरोपितहरू साधारण तारेखमा रिहा भए।

**तस्बिर : विवेक ढुङ्गाना, काठमाडौँ**



नर्घो–६ स्थित फोहरा चोकनजिकै कोशी पश्चिमी नहरको कल्भर्टमा फुटकी प्रहरी चौकीमा कार्यरत झापाको भद्रपुर नपा–११ चन्द्रगढीका असइ ४४ वर्षीय रमेश सुब्बालाई २०७२ पुस २० गते साँझ गोली हानी हत्या गरिएको भन्दै रमेशका भाइ जीवन सुब्बाले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले फुटकी गाविस–७ कजरा टोलका अशोककुमार यादवलाई पुस ३० गते गिरफ्तार गऱ्यो। अशोकसहित फुटकी गाविस–६ का ४० वर्षीय वीरेन्द्र यादव, सोही गाविस–८ का धर्मा भनिने ४० वर्षीय धर्मनारायण यादव, सन्तोषिया भनिने ३३ वर्षीय सन्तोष यादव र ३५ वर्षीय दिनेश यादव, सोही गाविस–९ का ३५ वर्षीय दरभङ्गिया यादवविरुद्ध माघ ३ गते प्रहरीले कर्तव्य ज्यान मुद्दा दर्ता गरेको थियो। मधेसी मोर्चा, सप्तरीले आरोपित यादवलगायतलाई निर्दोष दाबी गर्दै मुद्दा खारेजीका लागि माघ २ गते जिल्ला प्रहरी कार्यालयअगाडि नाराबाजी गऱ्यो भने माघ १२ गते राजविराज नपा–१ स्थित जिल्ला प्रशासन कार्यालयअगाडि र माघ २५ गते जिल्ला अदालतअगाडि प्रदर्शन गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपितहरू माघ २८ गते साधारण तारेखमा रिहा भए।

**तस्बिर : मनोहरकुमार पोखरेल, सप्तरी**




संविधान संशोधन प्रस्तावको विरोधमा जिल्ला प्रशासन कार्यालय, गुल्मी अगाडि प्रदर्शनकारी र प्रहरीबीच २०७३ पुस १ गते झडप भयो । घटनामा रेसुङ्गा नपा–१ निवासी ३५ वर्षीया नेकपा मालेकी सांसद कमला विक, दोहली गाविस–५ निवासी २७ वर्षीय इन्सेक जिल्ला प्रतिनिधि टोपलाल अर्याल, विद्यार्थी नेता शोभाखर गिरी, तरूण दलका नेता कृष्ण पाण्डेय, जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान राजकिशोर बाउन लगायत ५५ जना घाइते भए ।

**तस्बिर : टोपलाल अर्याल, गुल्मी**



जनकपुर उपमहा नपा–१८ की १३ वर्षीया काजलकुमारी मण्डललाई २०७३ असार २१ गते उनकी साथी स्थानीय युवासँग भागेको विषयमा जानकारी नगराएको भन्दै स्थानीयले पाँच घण्टा पाता फर्काएर बाँधेर राखे । पीडितको परिवारजनले घटनाबारे उजुरी गरेपछि प्रहरीले स्थानीय ४० वर्षीय सुजित मण्डल, २० वर्षीय जितेन्द्र मण्डल, २२ वर्षीय रितेश मण्डल र रामहृदय पण्डितलाई ०७३ असार २१ गते गिरफ्तार गर्‍यो। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। प्रहरीले आरोपितहरूका विरूद्ध केही सार्वजनिक अपराध अर्न्तगत मुद्दा दर्ता गरेकोमा जिल्ला प्रशासन कार्यालयको आदेश अनुसार ०७३ साउन ५ गते जनही ६ हजार रूपियाँ धरौटीमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**तस्बिर : विनोदकुमार रविदास, धनुषा**



यो वर्ष छाउपडी गोठ मुक्त घोषणा गरिएको अछामको गाज्रा गाविसमा १५ वर्षीया बालिका र तिमिल्सेन गाविसमा कात्तिक महिनामा एक जना महिलाको छाउ गोठमै मृत्यु भयो। सुदूरपश्चिमाञ्चल क्षेत्रका ग्रामीण भेगमा कुसंस्कारका रूपमा रहेको छाउपडी प्रथाका कारण महिलामाथि हुने विभेदको विभिन्न विषयहरू सार्वजनिक हुने गरेका छन्। सरकारी र गैरसरकारी क्षेत्रबाट छाउपडी प्रथाविरूद्ध सचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरिएको भएपनि यसको प्रतिफल देखिएको छैन। सन् २००७ देखि हालसम्म अछाम जिल्लामा नौ जना महिलाको छाउपडी गोठमा ज्यान गएको तथ्याङ्क पाइन्छ। छाउगोठमा मृत्यु भएकी २६ वर्षीय डम्बरादेवी उपाध्याय तथा इन्सेटमा पीडितको घर र छाउगोठ।

**तस्बिर सौजन्य: जिल्ला प्रहरी कार्यालय, अछाम**



नेपालगन्ज उमनपा–१९ बालेगाउँकी १८ वर्षीया आसरून अन्सारीलाई २०७३ साउन २३ गते २१ वर्षीय पति बसिम अन्सारी र ४६ वर्षीया सासू बाबादैया जोलहाले चार लाख रुपियाँ दाइजो नल्याएको भन्दै कुटपिट गरे। दुवै आँखामा गहिरो चोट, हात, खुट्टा र शरीरका विभिन्न भागमा नीलडाम भएकी घाइतेको भेरी अञ्चल अस्पतालमा उपचार भयो। पीडित पक्षले सोही दिन राति प्रहरीमा खबर गरेपछि दुवैजना आरोपित गिरफ्तार भए। ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भएकामा जिल्ला अदालतको भदौ १७ गतेको आदेशअनुसार दुवै जना जनही १५ हजार रुपियाँ धरौटीमा रिहा भए।

**तस्बिर : विनोद पाण्डे, बाँके**



बैतडी जिल्ला गिरेगडा गाविस– ५ जेबल्कट्या निवासी २२ वर्षीया गुनी चन्दलाई २०७२ फागुन १० गते पति जय चन्द, सासू जानकी चन्द र ससुरा धनी चन्दले हत्या गरेको आरोपमा पीडितका माइतीपक्षले फागुन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। हत्या गरिएकी गुनीको शव जलाउँदै गरेको अवस्थामा माइती पक्षले पानीले निभाइ फोटो लगायतका अन्य प्रमाणहरू सङ्कलन गरेको थियो।

**तस्बिर : नरीदत्त बडु, बैतडी**



काभ्रे जिल्ला सानो वाङ्थली गाविस–७ पौवाडाँडाकी ३२ वर्षीया लक्ष्मी नेपालीको ०७३ मङ्सिर २४ गते बिहान उनकै पति मिलन परियार लगायतले कुटपिट गरेका कारण मृत्यु भयो। उनका पति ३४ वर्षीय मिलन परियार, मृतकलाई सूर्योदय माविको प्राङ्गणमा मङ्सिर २० गते कथित बोक्सी भन्दै मलमूत्र खुवाएको आरोपमा सानो वाङ्थली गाविस–७ गोदामचौर बस्ने २५ वर्षीय शिक्षक हिरा लामा, उनकी आमा ५६ वर्षीया काइली लामा र पोलमा बाँध्नका लागि डोरी दिएको भनी छिमेकी २८ वर्षीया निरमाया तामाङलाई मङ्सिर २४ गते प्रहरीले गिरफ्तार गर्‍यो। इन्सेटमा पीडित नेपाली र घटनास्थल देखाउँदै पीडितका छोरा।

**तस्बिर : भोजराज तिमल्सिना, काभ्रे**

फोटो : रमेशप्रसाद तिमल्सिना




२.१ राज्य र मानवअधिकार

# न्यायपालिका

परिच्छेद

२

## १. भूमिका

नेपालको संविधान २०७२ ले न्यायपालिकाको क्षेत्रमा पनि केही मूलभूत परिवर्तन ल्याएको छ। सर्वप्रथमत: यसले अदालतको संरचनामा नै केही परिवर्तन निम्त्याएको छ। उदाहरणका लागि पुनरावेदन अदालतको संरचना हटाएर उच्च अदालतको अवधारणा आत्मसात गरेको छ। सोहीअनुरूप २०७३ भदौ २९ गतेको मन्त्रिपरिषद् निर्णयद्वारा उच्च अदालत स्थापनासमेत भएको छ। सोअनुसार सात प्रदेशमा ७ उच्च अदातल र ११ इजलास तोकिएका छन्। उच्च अदालत स्थापनासँगसँगै विगतको पुनरावेदन अदालतको संरचना समाप्त भएको छ।

त्यसरी नै लामो समयदेखि रिक्त रहेका सर्वोच्च अदालतका न्यायाधीशको पनि नियुक्ति भएको छ। न्यायपरिषद्ले ११ जनालाई २०७२ फागुन १८ गते सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्तिका लागि सिफारिस गरेको भए तापनि संसदीय सुनुवाइ समितिले सुनुवाइ गर्न नसकेका कारण सिफारिस भएको पाँच महिनापश्चात मात्रै सर्वोच्च अदालतमा न्यायाधीश नियुक्त भए।

पूर्वप्रधान न्यायाधीश कल्याण श्रेष्ठ उमेर हदका कारणले अवकाश हुनुभएपश्चात नेपालको न्यायिक इतिहासमा पहिलो पटक सुशीला कार्की २०७३ असार २७ गते नेपालको प्रथम महिला प्रधान न्यायाधीश बन्नुभयो। उच्च अदालत स्थापना भएपश्चात ठूलो सङ्ख्यामा (८० जनालाई) न्यायपरिषद्को २०७३ मङ्सिर २८ गतेको सिफारिसमा उच्च अदालतको न्यायाधीशमा नियुक्तसमेत गरिएको छ।

अदालतको संरचनामा परिवर्तन र न्यायाधीश नियुक्तिसँगसँगै यसै समय सर्वोच्च अदालतबाट केही महत्त्वपूर्ण निर्णय र आदेश पनि भएका छन्। यस खण्डमा निम्न विषयमा सङ्क्षेपमा चर्चा गरिनेछ :

- प्रधान न्यायाधीशको नियुक्ति
- सर्वोच्च अदालतका न्यायाधीशको नियुक्ति
- उच्च अदालत गठन
- उच्च अदालतका न्यायाधीश नियुक्ति
- संवैधानिक इजलास
- न्यायिक स्वाधीनता
- केही महत्त्वपूर्ण आदेश र निर्णय

## २. प्रधान न्यायाधीशको नियुक्ति

पूर्वप्रधान न्यायाधीश कल्याण श्रेष्ठले उमेर हदका कारण अवकाश लिएपछि नेपालको न्यायिक इतिहासमा श्रीमती कार्की पहिलो महिला प्रधान न्यायाधीश बन्नुभएको छ। संवैधानिक परिषद्ले २०७२ चैत २८ गते प्रधान न्यायाधीशका रूपमा कार्कीको सिफारिस गरेको भए तापनि त्यसको तीन महिनापश्चात मात्रै अर्थात २०७३ असार २७ गते मात्रै श्रीमती सुशीला कार्की प्रधान न्यायाधीशमा नियुक्त हुनुभयो।

उहाँको नियुक्ति ढिलो हुनुपछाडि संविधानको धारा २९२ बमोजिम प्रधान न्यायाधीशको नियुक्तिपूर्व संसदीय सुनुवाइ हुनुपर्ने व्यवस्थाबमोजिम संसद्ले सुनुवाइ गर्नुपर्थ्यो तर संसदीय सुनुवाइ समितिले सुनुवाइ नगरेका कारण निजको नियुक्ति ढिलो भएको थियो। नेपालको संविधान २०७२ जारी भएसँगसँगै संविधान सभा व्यवस्थापिका-संसद्मा रूपान्तरण भएपछि संसदीय सुनुवाइ समिति कति सदस्यको हुनुपर्ने र विगतको संसदीय समितिले नै सुनुवाइ गर्ने कि नयाँ समितिले भन्ने विषयमा संसद् अनिर्णित हुँदा न्यायिक नियुक्तिमा ढिलाइ भयो।

२०७२ को संविधानको धारा २९२ (२) अनुसार संसदीय सुनुवाइ समितिको सङ्ख्या संविधानमै १५ जना भनेर तोकेको छ। तर अन्तरिम संविधानमा यस

**नेपालको संविधान, २०७२ जारी भएपश्चात न्यायपालिकामा भएका महत्त्वपूर्ण घटनाक्रम**

| क्र.सं. | महत्त्वपूर्ण घटनाक्रम | मिति |
|---|---|---|
| १ | नेपालको प्रथम महिला प्रधान न्यायाधीश नियुक्ति | २०७३/३/२७ |
| २ | सर्वोच्च अदालतका ११ न्यायाधीशको नियुक्ति | २०७३/४/१७ |
| ३ | उच्च अदालत गठन | २०७३/५/२९ |
| ४ | उच्च अदालतका न्यायाधीश नियुक्ति | २०७३/९/२८ |

किसिमको व्यवस्था नभएकाले २०७१ को संविधान सभा र व्यवस्थापिका-संसद्को कार्यसञ्चालन नियमावली, २०७० को नियम ११८ (२) बमोजिम संसदीय सुनुवाइ समिति ७५ जनाको थियो। संसद्मा रहेका तीन ठूला दलमध्ये नेपाली कङ्ग्रेसले पुरानै व्यवस्थाअनुसार सुनुवाइ गर्नुपर्ने अडान राख्यो भने एमाले र माओवादी (केन्द्र) ले संविधानको धारा २९२ (२) बमोजिम १५ जनाको सुनुवाइ समिति गठन गरेरमात्रै सुनुवाइ गर्नुपर्ने अडान राखेपछि सुनुवाइ हुन सकेन। यस किसिमको राजनीतिक विवाद तत्कालै समाधान गरिनुपर्ने थियो तर लगभग नौ महिनासम्म यो विवाद समाधान गर्न नसक्दा राजनीतिक दल र स्वयम् संसद् पनि संविधानको अक्षरशः पालना गर्दै संविधानप्रतिको आस्था र निष्ठा संस्थापित गर्न कमजोर भएको सार्वजनिक गुनासा र आरोप लागेका थिए।

अन्ततः २०७३ असार ५ गते व्यवस्थापिका-संसद् नियमावली, २०७३ बनी संविधानको धारा २९२ (२) अन्तर्गतको १५ सदस्य संसदीय सुनुवाइ समिति बनेपछिमात्रै प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश र संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको बाटो खुलेको थियो। तत्पश्चात कार्कीको सुनुवाइ भई प्रधान न्यायाधीशका रूपमा २०७३ असार २७ गते नियुक्त हुनुभयो।

संसदीय सुनुवाइका क्रममा संविधान र कानुनको शासन पालन गर्न र गराउन एवम् भ्रष्टाचारविरूद्ध उभिन *आफू आफ्नो श्रीमान् र ईश्वर गरी दुईवटा कुरासँग* डराउने जुन अभिव्यक्ति कार्कीले दिनुभएको थियो त्यसले कानुनी र बौद्धिक जगतमा चर्चा पाएको थियो। निडर, निर्भिक र भ्रष्टाचार वा घूसमा नमुछिएको छवि भएकी कार्कीले प्रधान न्यायाधीश भएपश्चात गरेका केही निर्णयले पनि चर्चा पाए।

उदाहरणका लागि अख्तियारले कनकमणि दीक्षितको भ्रष्टाचारको मुद्दा लगाएर अनुसन्धानका लागि थुनामा राखेको विषयमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन परेकामा सो रिट निवेदन जारी गर्दै कनकमणि दीक्षितलाई थुनामुक्त गर्दा जे/जस्ता आधार लिइए, सो विषयले पनि चर्चा पायो।[1] त्यसरी नै कोख भाडामा लिएर बच्चा जन्माउने (सरोगेसी) सम्बन्धमा कार्कीले गर्नुभएको निर्णयले चर्चामात्रै पाएन, कानुन विकास र व्याख्यामा महत्त्वपूर्ण योगदानसमेत पुऱ्याएको पाइन्छ। संविधानको दोस्रो विधेयकको संवैधानिकताको विषयमा परेको रिटउपर दिएको आदेशको विभिन्न कोणबाट मूल्याङ्कन भए तापनि संसद्को बैठक नै अवरोध भई संसद् नै बस्न नसकिराखेको अवस्थामा अवरोध हटाइ संसदीय प्रक्रियाबाट निर्णय गर्नुपर्ने जुन आदेश भयो त्यसले संसदीय पद्धतिको विकासमा योगदान पुऱ्याउने देखिन्छ।

### ३. सर्वोच्च अदालतका न्यायाधीश नियुक्ति

लामो समयदेखि सर्वोच्च अदालतका न्यायाधीशहरू नियुक्त हुन सकिरहेका थिएनन्। एकातिर न्यायपरिषद्ले पूर्णता पाएको थिएन भने अर्कोतिर नेपाल बार एसोसिएसन स्वयम्ले समेत न्यायपरिषद्मा आफ्ना प्रतिनिधि पठाउन सकिरहेको थिएन। न्यायपरिषद्को पूर्णता पर्खने अवस्थाले एकातिर सर्वोच्च अदालतमा न्यायाधीशको सङ्ख्या एकदमै कम भइसकेको थियो भने अर्कोतिर मुद्दाको चाप बढिरहेको र निर्णय भएका मुद्दाको फैसला लेख्न पनि नसकिरहेकाले लगभग १ हजार ५ सयको सङ्ख्यामा फैसला लेख्नुपर्ने मुद्दाको चाङ लागिसकेको थियो। न्यायपरिषद्को आन्तरिक संरचना र व्यवस्थापनका पक्षसमेतका कारण तत्कालीन प्रधान न्यायाधीश कल्याण श्रेष्ठको अवकाश भएपछि न्यायाधीश नियुक्तिको प्रक्रिया झन् कठिन बन्न सक्ने अवस्था थियो। त्यसैले प्रधान न्यायाधीश कल्याण श्रेष्ठले अवकाश लिनपूर्व नै न्यायपरिषद्ले सर्वोच्च अदालतका लागि ११ जना न्यायाधीशको सिफारिस २०७२ फागुन १८ गते गरेको थियो। यो सिफारिसले तीव्र क्रिया/प्रतिक्रिया निम्त्याउन पुग्यो।

प्रथमतः, न्यायपरिषद् अपूर्ण भएकाले त्यस्तो अपूर्ण निकायले गरेको सिफारिस सम्बन्धमा वैधानिकताको प्रश्नसमेत उठाइएको थियो। तर न्यायपरिषद् ऐनको दफा १३.२ बमोजिम न्यायपरिषद्को बहुमतले गरेको निर्णय वैधानिक हुने भएकाले ५ सदस्यमध्ये दुई सदस्य खाली भएको अवस्थामा न्यायपरिषद्का बाँकी तीन सदस्यले एक मतले गरेको निर्णयले वैधानिकता पाउने कुरा स्पष्टै थियो।

दोस्रो, दलीय भागबन्डा नमिलेको र खासगरी माओवादीको तर्फबाट उक्त ११ जनामा प्रतिनिधित्व नभएको आधारमा एकातिर माओवादी असन्तुष्ट रह्यो

१. सुरेन्द्र भण्डारी, *संविधान कार्यान्वयनमा सर्वोच्च*, नागरिक दैनिक, शुक्रबार जेठ १४, २०७३।

भने अर्कोतिर माओवादीका तर्फबाट संसद्मा सभामुख भएकी सभामुख ओनसरी घर्ती मगरले सोही कारणले संसदीय सुनुवाइको प्रक्रिया अघि नबढाएको आरोपसमेत लाग्यो।

तेस्रो, एकातिर सभामुखले संसदीय सुनुवाइको प्रक्रिया अघि बढाउन संसद्को नियमावली नभएको तर्क गरिरहेकी थिइन् भने अर्कोतिर संसद्भित्रका मुख्य दलबीच नेपालको संविधानको २०७२ को धारा २९२ (२) बमोजिमको १५ सदस्यीय संसदीय सुनुवाइ समितिद्वारा सुनुवाइ हुनुपर्ने हो वा संसद्को नियमावलीमा व्यवस्था भएबमोजिमको ७५ सदस्य संसदीय समितिले सुनुवाइ गर्नुपर्ने भन्ने विवाद चर्कन पुग्यो। संविधान लागु भएपछि पनि संविधानले तोकेबमोजिमको संसदीय सुनुवाइ समिति गठन गर्न नेपाली कङ्ग्रेस तयार देखिएन। एमाले र माओवादी संविधानबमोजिमकै संसदीय सुनुवाइ समितिको पक्षमा उभिए। संसद्को नयाँ नियम नबनेसम्म संसद्ले आफ्नो कार्यविधि आफैं नियमित गर्न सक्ने धारा १०४ को अधिकार प्रयोग गरेर पनि संसदीय सुनुवाइ गर्न सकिन्थ्यो तर गरिएन। यसप्रकार अर्थहीन विवाद लम्ब्याएर सिफारिस भएको ५ महिनासम्म पनि सर्वोच्च अदालतका लागि सिफारिस भएका न्यायाधीशको सुनुवाइ हुन सकेन।

संसद् नियमावलीको नियम ११९ (२) बमोजिम न्यायपरिषद्ले संसदीय सुनुवाइका लागि पठाएपछि ३५ दिनभित्र सुनुवाइ गर्नुपर्थ्यो। उक्त ३५ दिनभित्र सुनुवाइ हुन नसकेमा स्वत: नियुक्ति गर्न बाधा पुग्दैनथ्यो। तर ३५ दिनको म्याद व्यतीत भइसकेपछि सिफारिस गरिएका न्यायाधीशको नियुक्ति हुन सकेन। राजनीतिक हठ र अन्योलले विधिको शासनलाई चुनौती गरेको यस किसिमको निर्लज्ज घटनाले संवैधानिक सर्वोच्चतालाई नै ओझेलमा पार्ने काम गऱ्यो। अन्तत: २०७३ साउन १७ गते ११ जना न्यायाधीशको संसदीय सुनुवाइ सम्पन्न भई सर्वोच्च अदालतमा नियुक्ति भयो।

चौथो, सिफारिस गरिएका केही न्यायाधीश खासगरी कानुन व्यवसायबाट सिफारिस भएका व्यक्तिको राजनीतिक भूमिका सम्बन्धमा प्रश्न उठे। प्रधान न्यायाधीश सुशीला कार्कीको सुनुवाइका क्रममा निजले सो सम्बन्धमा व्यक्तिगततवरमै दायित्व आफूउपर लिई गर्नुभएको प्रतिरक्षा पनि चाखलाग्दो रह्यो।

उल्लिखित विभिन्न विवाद एवम् चर्चा/परिचर्चाका बाबजुद पनि समग्रतामा लामो समयपछि सर्वोच्च अदालतले न्यायाधीश नियुक्तिको प्रक्रिया सम्पन्न गरी पूर्णता पायो। सो नियुक्ति हुन नसकेको भए जटिल र अति आवश्यकीय संवैधानिक विषयमा निर्णय गर्नसमेत सर्वोच्च अदालतमा न्यायाधीशको अभाव रहन्थ्यो। त्यतिमात्रै नभएर मुलुकमा उपलब्ध कानुनी जनस्रोतमध्ये उच्चतम र अब्बल दर्जाकै व्यक्ति न्यायाधीश भएका छन्।

### ४. उच्च अदालत गठन र न्यायाधीश नियुक्ति

मन्त्रिपरिषद्को २०७३ भदौ २९ गतेको निर्णयले सात प्रदेशमा एक-एक वटा गरी सात वटा उच्च अदालत र उक्त सात वटा उच्च अदालतका विभिन्न ११ वटा बेन्च गठन गरेपछि सङ्घीय संरचनाको संरचनागत सुरूवात भएको छ। विगतको पुनरावेदन अदालतको अधिकार क्षेत्र कानुन (न्याय प्रशासन ऐन, २०४८) ले तोकेको थियो भने उच्च अदालतको अधिकार क्षेत्र स्वयम् नेपालको संविधानले नै तोकेको छ (धारा १४४)। त्यतिमात्रै नभएर पुनरावेदन अदालतको तुलनामा व्यापक अधिकारसमेत संवैधानिकरूपमा नै उच्च अदालतलाई दिइएको छ। उदाहरणका लागि मौलिक हकको प्रचलन वा उपचार अपर्याप्त वा प्रभावहीन देखिएको कानुनी हकको प्रचलन वा सार्वजनिक सरोकारको विवादसमेतको निरूपण गर्न सक्ने सर्वोच्च अदालतलाई नै भएसरहको अधिकार पनि उच्च अदालतलाई दिइएको छ (संविधानको धारा १४४.१)। त्यसरी नै बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत उपर्युक्त आज्ञा आदेश जारी गर्न पाउने व्यापक अधिकार (धारा १४४.२) समेत उच्च अदालतलाई दिइएको छ।

समग्रतामा मौलिक अधिकारसमेतको प्रचलन गर्न सक्ने अधिकार क्षेत्र भएपछि सीमितरूपमा संविधानको व्याख्यासमेत गर्न सक्ने अधिकार उच्च अदालतमा रहेको देखिन्छ। यसरी पुनरावेदन अदालतको भन्दा ज्यादै व्यापक अधिकार उच्च अदालतमा निहित भएको देखिन्छ।

अदालतमा महिला न्यायाधीशको सङ्ख्या ज्यादै न्यून छ। संविधान स्वयम्ले धारा ४२ अन्तर्गत समावेशितालाई सामाजिक न्यायको हकसँग जोडेको र धारा १४० (२) एवम् (३) ले उच्च अदालतमा नियुक्त

हुने न्यायाधीशको योग्यता तय गरेको छ। न्यायपरिषद्को सिफारिसमा प्रधान न्यायाधीशले उच्च अदालतका न्यायाधीश नियुक्त गर्ने संविधानको धारा १४० (१) को व्यवस्था छ। यस सन्दर्भमा उच्च अदालतका न्यायाधीश नियुक्ति गर्ने क्रममा प्रधान न्यायाधीश कार्कीलाई राजनीतिक तहलगायत विभिन्न क्षेत्रबाट अनुचितरूपमा दबाब दिने वा प्रभाव पार्ने कार्य भएको रहेछ भन्ने कुरा स्वयम् प्रधान न्यायाधीश कार्कीले बोल्नुभएको सञ्चारमाध्यमले बाहिर ल्याए। २०७३ कात्तिक २२ गतेको नागरिक दैनिकले निम्न कुरा छापेको छ : "न्यायपरिषद् बैठक बस्न नदिने र जसरी पनि नियुक्ति रोक्ने षड्यन्त्र भइरहेको मैले थाहा पाएँ", नाम उल्लेख नगरी कार्कीले आफ्नै सहकर्मीबाट समेत षड्यन्त्र भइरहेको बताएकी थिइन्, प्रधान न्यायाधीश भएपछि मैले थाहा पाएँ कस्ता कस्ता षड्यन्त्र हुँदारहेछन् भनी प्रधान न्यायाधीश कार्कीले भन्नुभएको भनी छापामा आएको पाइन्छ।

वास्तवमै न्यायपरिषद्को बैठक न्यायपरिषद्को कार्यालयबाहिर अर्थात प्रधान न्यायाधीशको निवासमा बसी मध्यरातमा न्यायपरिषद्का दुई जना सदस्य (वरिष्ठतम न्यायाधीश र बारका प्रतिनिधि) को अनुपस्थितिमा उच्च अदालतका न्यायाधीश नियुक्ति गर्ने सिफारिस भयो। त्यतिमात्रै नभएर अझ बैठकमा न्यायपरिषद्का सदस्य नै नभएका माओवादी नेता वर्षमान पुनसमेत सहभागी भएको कुरा सत्य/असत्य के हो तर मिडियामा बिनाहिच्किचाहट छायो। नेपाल बार एसोसिएसनले न्यायाधीश नियुक्तिको यो प्रकरणमा आफ्नो असहमति जनाउँदै वक्तव्यसमेत निकाल्यो। न्यायाधीशहरू धारा १४० (२) र (३) को भावना र आधारभन्दा बाहिर गएर नियुक्त भए भन्नेबारे पनि व्यापक असन्तुष्टि बाहिर आए। सरकारी वकिलको समूहले समेत यस नियुक्तिमा असन्तुष्टि जाहेर गर्दै इजलाससमेत बहिष्कार गऱ्यो।

यसबाट न्यायाधीश नियुक्तिको विषय कति पेचिलो र जटिल बनिसकेको रहेछ भन्ने देखिन्छ। त्यसरी नै न्यायपरिषद्को संरचना र प्रक्रियाबारे पनि सोच्नुपर्ने अवस्था आइसकेको देखिन्छ। उदाहरणका लागि स्वयम् प्रधान न्यायाधीश न्यायपरिषद्को अध्यक्ष हुने र आफैले गरेको सिफारिसका आधारमा आफै नियुक्त गर्ने जुन व्यवस्था गरिएको छ सो विषयमा सोचविचार गर्नुपर्ने अवस्था आएको देखिन्छ। त्यसरी नै न्यायपरिषद्का बहुमत सदस्य राजनीतिक नियुक्तिबाट आउने हुनाले न्यायपरिषद्भित्र राजनीतिक चलखेल हुने अवस्था आएका कारण पनि न्यायपरिषद्को संरचना नै पुनर्विचार गर्नुपर्ने अवस्था छ। अन्यथा न्यायपालिकाले क्षमतावान व्यक्ति पाउन र न्यायिक स्वाधीनता कायम राख्न थुप्रै चुनौती आउन सक्छन्। न्याय क्षेत्रमा हुने कुनै पनि किसिमको दबाब वा राजनीतिक हस्तक्षेप न्यायाधीश नियुक्ति, मुद्दाको निर्णय, एवम् निर्णयको कार्यान्वयनलगायतका सबै चरणमा अनपेक्षित छ। यस कुरा बुझ्न र व्यवहारमा उतार्न सकिएन भने यसले दूरगामीरूपमा नकारात्मक परिणाम ल्याउनेछ।

### ५. न्यायिक स्वाधीनता

न्यायिक स्वाधीनता नभएको न्यायपालिकाले संविधानको रक्षा र कानुनी शासनको संस्थापन गर्न सक्दैन। न्यायालयमाथि जति वेशी राजनीतिक प्रभाव जमाउन खोजिन्छ, न्यायालयको स्वाधीनता त्यति नै कमजोर बन्छ। न्यायाधीश नियुक्तिका क्रममा दलीय भागबन्डा गर्ने, दलको सिफारिस न्यायपरिषद्समक्ष पुग्ने, नियुक्त भएका न्यायाधीश दलको कार्यालयमा जाने जस्ता विगतका विकृति रोक्न हामी खासै सफल भएका छैनौं भन्ने कुरा उच्च अदालतका न्यायाधीशको नियुक्तिबाट समेत बुझ्न सकिन्छ। त्यसैले न्यायाधीशको नियुक्ति र न्यायिक स्वाधीनता एकातिर जटिल विषय बनेर उपस्थित हुन पुगेको छ भने अर्कोतिर संविधानको धारा १०१.५ अन्तर्गत प्रतिनिधि सभाका तीन जना सदस्यले उजुरी प्रमाणित गरी महाभियोग समितिको प्रक्रिया सुरु गराउन सक्ने जुन व्यवस्था संविधानमै गरिएको छ त्यसले पनि न्यायाधीशमा सधैँ भय र त्रासको वातावरण सिर्जना गर्ने अवस्था देखिन्छ। यो अवस्था केवल अनुमानित वा काल्पनिकमात्रै छैन। सर्वोच्च अदालतका न्यायाधीश डा. आनन्दमोहन भट्टराईको सम्बन्धमा परेका केही गलत र भ्रमित उजुरीलाई तीनजना सांसदले प्रमाणित गरी महाभियोग समितिको ढोका घचघच्याएको घटना ताजै छ। तर महाभियोग समितिले उक्त प्रक्रिया थालनी गरेन जुन अपेक्षित र मर्यादित थियो। तर जति सहजरूपमा महाभियोग प्रक्रिया सुरु गर्न सकिने व्यवस्था हामीले अङ्गीकार गरेका छौं त्यसले अन्ततः न्यायिक स्वाधीनतामा प्रश्न उठाउने अवस्था उत्पन्न हुनेछ।

सर्वोच्च अदालत अभिलेख अदालत हो। संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतमा निहित रहन्छ (संविधनको धारा १२८.२)। त्यसैले संविधानको व्याख्याबाट नै संविधानको रक्षा हुने भएकाले सोको प्रयोग रिट क्षेत्रबाटै हुन्छ। वास्तवमा प्राय: सबै रिट निवेदनमा संविधानको व्याख्याको प्रश्न उठेको हुन्छ। तर संविधानले संविधानको व्याख्याको महत्त्वपूर्ण काम गर्ने निकायका रूपमा धारा १३७ अन्तर्गत संवैधानिक इजलास व्यवस्था गरेको छ। यस व्यवस्थाले सर्वोच्च अदालतका न्यायाधीशबीच नै एक किसिमको असमानता सिर्जना गरेको छ। यतिमात्र नभएर कतिपय अवस्थामा सर्वोच्च अदालतको नियमित इजलास र संवैधानिक इजलासको भूमिका एकअर्कामा बाझिन गई द्वन्द्वसमेत उत्पन्न हुनसक्ने अवस्था रहन्छ जुन न्यायिक स्वाधीनताका लागि घातक देखिन्छ

## ६. सर्वोच्च अदालतबाट भएका केही महत्त्वपूर्ण फैसला

विगतमा झैं यस वर्ष पनि सर्वोच्च अदालतबाट संवैधानिक र कानुनीरूपमा धेरै महत्त्वपूर्ण आदेश एवम् फैसला भएका छन्। सबै फैसला र आदेशको पुनरावलोकन सम्भव छैन। तर निम्नलिखित केही महत्त्वपूर्ण फैसला एवम् आदेशको विश्लेषण यसमा गरिएको छ जुन निम्नबमोजिम छन् :

- संविधानको दोस्रो संशोधन विधेयक सम्बन्धमा
- लोकमान कार्कीको नियुक्ति सम्बन्धमा
- जनावर बलि चढाउने सम्बन्धमा
- विधान र विनियमावलीको कानुनी हैसियत सम्बन्धमा
- जन्म दर्ता सम्बन्धमा
- बाधा अड्काउ फुकाउ सम्बन्धमा
- स्वशासन र म्याद तामेली सम्बन्धमा
- फास्ट ट्र्याक बाटो निर्माण सम्बन्धमा
- न्यायाधीश नियुक्ति र संसदीय सुनुवाइ सम्बन्धमा
- कनकमणि दीक्षितको थुना सम्बन्धमा
- एमबिबिएस भर्ना सम्बन्धमा
- मेडिकल कलेज सम्बन्धमा
- सम्पत्ति शुद्धीकरण सम्बन्धमा
- भाडाको कोख सम्बन्धमा
- करणी र डिएनए सम्बन्धमा
- अन्तर्राष्ट्रिय कानुनको दायित्व सम्बन्धमा

### ६.१ संविधानको दोस्रो संशोधन विधेयक सम्बन्धमा

पुष्पकमल दाहाल नेतृत्व सरकारले २०७३ मङ्सिर १४ गते रातको समयमा संविधानको दोस्रो संशोधन विधेयक संसद्मा दर्ता गरायो। सो विधेयकले मधेस आन्दोलनका माग सम्बोधन गर्ने भनी प्रदेश नं. ४ र ५ का सिमाना परिवर्तन गर्नेसमेतको प्रस्ताव पेश गरेको थियो। उक्त संशोधन विधेयक असंवैधानिक छ भनी अधिवक्ता टीकाध्वज खड्कासमेतले परमादेशको आदेशसमेतका लागि रिट निवेदन दर्ता गर्नुभएको थियो। उक्त रिट निवेदनमा २०७३ मङ्सिर १८ गते प्रधान न्यायाधीश सुशीला कार्की र न्यायाधीश ईश्वर खतिवडाको संयुक्त इजलासबाट आदेश हुँदा संविधानका केही महत्त्वपूर्ण विषयमा बोलिएको पाइन्छ।

सर्वप्रथमत: यस आदेशले संसद्को अधिकार र न्यायिक पुनरावलोकनबारे स्पष्ट विधिशास्त्र स्थापित गरेको छ। संसद् नै कानुन बनाउने एवम् संविधान संशोधन गर्न पाउने निकाय भएकाले संसद्को यस अन्तर्निहित अधिकारमा असर पार्ने गरी वा संसदीय प्रक्रिया नै अवरूद्ध पार्ने गरी न्यायिक पुनरावलोकन गर्न नसकिने सिद्धान्त संस्थापित गरी संसदीय शासन प्रणाली र शक्ति पृथकीकरणको सिद्धान्तका क्षेत्रमा यस निर्णयले महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ। यसै सन्दर्भमा उक्त आदेशमा निम्न कुरा पनि बोलिएको पाइन्छ- वर्तमान व्यवस्थापिका-संसद् पूर्ववर्ती संविधान सभाको रूपान्तरित रूप भएको हुँदा संविधानको भावना, मर्म यसले अघि सारेको मूल्य, मान्यता र राखेको अभीष्ट र आदर्शप्रति विशेषरूपमा संवेदनशील र मर्मज्ञ छ भन्ने कुरामा विश्वस्त हुन सकिन्छ।।

दोस्रो, संसद्ले आफ्नो अधिकार प्रयोग गर्दा पनि संवैधानिक सर्वोच्चताभित्र बसेर नै काम गर्नुपर्छ। सीमाङ्कन परिवर्तन गर्ने विषय संविधानको धारा २७४ को उपधाराहरू ४, ५ र ७ बमोजिम प्रादेशिक सभाको सहमतिबिना सम्भव नहुने संवैधानिक प्रावधान रहेको पनि आदेशमा व्यक्त भएको पाइन्छ। साथसाथै संविधान उल्लङ्घन भएमा वा संविधानप्रतिकूल कानुन निर्माण भएमा न्यायिक पुनरावलोकनको माध्यमबाट अदालतले त्यस्तो कानुन अमान्य घोषित गर्न सक्ने पनि बोलिएको पाइन्छ। यसरी न्यायिक पुनरावलोकनको आवश्यकता, सन्दर्भ र महत्त्वबारे स्पष्टरूपमा विधिशास्त्रको विश्लेषण भएको पाइन्छ।

तेस्रो, मूल कानुन भनेको के हो र त्यसको हैसियत कस्तो हुन्छ भन्नेबारे स्पष्ट पारिएको पाइन्छ। यस सम्बन्धमा उक्त आदेशमा निम्न कुरा उल्लेख छ- संविधान मूल कानुन भएको हुँदा संविधानसँग बाझिने कानुनले मान्यता पाउन सक्दैन। संवैधानिक सर्वोच्चता कायम राख्नका लागि पनि संविधानप्रतिकूलका कानुन वा काम/कारबाहीलाई मान्यता प्रदान गर्न हुँदैन। त्यसैले कुनै कानुन निर्माण गर्दा संविधानद्वारा निर्धारित सीमाभित्र रहेर विधि र प्रक्रिया अनुशरण गर्नु आवश्यक हुन जान्छ। यो संविधानवादको मान्यता पनि हो। राज्य सञ्चालनका सन्दर्भमा संविधानलाई पवित्रतम् दस्तावेज मानिन्छ र राज्यका प्रत्येक अङ्ग तथा निकायले संविधानमा अभिव्यक्त भावना र मर्मलाई आत्मसात गरी काम/कारबाही सञ्चालन गर्नु अनिवार्य हुन्छ।

उल्लिखित महत्त्वपूर्ण विधिशास्त्रीय आधारको स्पष्ट चर्चा र व्याख्याका साथसाथै यस आदेशले महिना दिनभन्दा लामो समयदेखि नेकपा (एमाले) लगायतका केही दलले अवरूद्ध गरेको संसद् खोल्न र प्रक्रियाभित्र बसेर निर्णय गर्न मार्ग प्रशस्त गरेको छ। यो आदेश अन्तिम निर्णय नभए तापनि संवैधानिक सर्वोच्चता, कानुनको शासन र न्यायिक पुनरावलोकनको क्षेत्रमा यसले लिएका आधार विधिशास्त्रीय दृष्टिकोणले ज्यादै महत्त्वपूर्ण छन्।

### ६.२ लोकमानसिंह कार्कीको नियुक्ति सम्बन्धमा

खिलराज रेग्मी नेतृत्वको सरकारले २०७० वैशाख २२ गते राजनीतिक दलहरूको संयन्त्रसमेतको सहमतिमा लोकमानसिंह कार्कीलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्तमा सिफारिस गरी मिति २०७० वैशाख २५ गते निजको नियुक्ति योग्यता, ख्याति र उच्च नैतिक चरित्र जस्ता अन्तरिम संविधान २०६३ को धारा ११९.५ ले गरेको व्यवस्था प्रतिकूल भएकाले बदर गरिपाउन अधिवक्ता ओमप्रकाश अर्यालले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो। सो रिट निवेदनमा न्यायाधीशद्वय गोपाल पराजुली र ओमप्रकाश मिश्रको संयुक्त इजलासबाट निर्णय हुँदा खारेज भएकामा पुनरावलोकनको माध्यमबाट पूर्ण इजलासमा पुगी ईश्वरप्रसाद खतिवडा, डा. आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको इजलासबाट २०७३ मङ्सिर २४ गते निर्णय हुँदा ज्यादै महत्त्वपूर्ण संवैधानिक सिद्धान्त र विधिशास्त्र संस्थापित भएको पाइन्छ। जसलाई सङ्क्षेपमा निम्नबमोजिम चर्चा गर्न सकिन्छ :

प्रथम, संवैधानिक निकायको पदाधिकारीका रूपमा नियुक्त हुने व्यक्तिले आफ्नोबारेमा संवैधानिक परिषद्लाई जानकारी गराउँदा आफूसँग सम्बद्ध तथ्य नलुकाइकन खुलस्त गर्नुपर्छ। निज लोकमानको सन्दर्भमा गरिएको निर्णयमा निम्न कुरा बोलिएको पाइन्छ- '२०६२/६३ को जनआन्दोलनपश्चात सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजङ्ग रायमाझीको अध्यक्षतामा गठित आयोगले दिएको प्रतिवेदनका आधारमा निजउपर विभागीय कारबाही प्रारम्भ भई निजले स्पष्टीकरण पेश गरेपछि सजायसमेत प्रस्ताव गरी पुन: स्पष्टीकरण मागेपछि निलम्बनकै अवस्था रहँदा निजले राजीनामा दिएको अवस्थासमेत रहेको पाइयो। सो कुरा निजले संवैधानिक परिषद्मा पेश गरेको वैयक्तिक विवरणमा उल्लेख गरेको पनि पाइएन।'

दोस्रो, संवैधानिक परिषद्ले संवैधानिक निकायका पदाधिकारी नियुक्तिका लागि सिफारिस गर्दा संविधानले निर्धारण गरेबमोजिमको अनुभव र ख्याति छ/छैन भनी वस्तुनिष्ठरूपमा विश्लेषण गर्नुपर्छ। यस सन्दर्भमा पूर्ण इजलासबाट निम्न कुरा बोलिएको पाइन्छ- संवैधानिक परिषद्बाट सिफारिस गर्दा नेपालको अन्तरिम संविधान २०६३ को धारा ११९ को उपधारा ५ को देहाय खण्ड (ग) मा उल्लिखित अनुभव र ख्याति निजमा रहेको छ वा छैन भन्ने हेरिएको देखिएन।

तेस्रो, संवैधानिक परिषद्ले सिफारिस गर्नुपूर्व त्यस्ता पदाधिकारीको उच्च नैतिक चरित्रसमेतको वस्तुनिष्ठरूपमा मूल्याङ्कन गरिनुपर्छ। यस सन्दर्भमा पूर्ण इजलासबाट निम्न कुरा बोलिएको पाइन्छ- रायमाझी आयोगको प्रतिवेदन नेपालको अन्तरिम संविधानको धारा ११९(५) ङ को व्यवस्था एवम् संवैधानिक अङ्गका पदाधिकारीको नियुक्तिसम्बन्धी कार्यविधि तथा संवैधानिक परिषद्को काम, कर्तव्य, अधिकार र कार्यविधिसम्बन्धी नियमावली, २०६५ को नियम ५ को उपनियम (२) मा उल्लेख भएको सिफारिस गर्दा हेरिनुपर्ने सामाजिक प्रतिष्ठा, उच्च नैतिक चरित्र, निजप्रतिको जनभावना आदि कुनै कुरा वा नियम ५ (१) मा उल्लिखित आधारलाई सिफारिसकर्ताबाट हेरिएको रहेछ भन्ने उक्त मिति

२०७० वैशाख २२ को संवैधानिक परिषद्को सिफारिसबाट देखिएन।

चौथो, संविधानले जे/जुनरूपमा अनुभव चाहिने भनी तोकेको छ, सोहीरूपमा अनुभव प्राप्त गरेको हुनुपर्छ। अर्थात संविधान बङ्ग्याएर बुझ्न र व्याख्या गर्न पाइँदैन। तसर्थ राजप्रसाद सेवालाई संविधानले धारा ११९.५ को प्रयोजनका लागि मान्यता नदिएको सन्दर्भमा २० वर्षको अनुभव भएको देखाउन राजप्रसाद सेवा जोड्न मिल्दैन।

पाँचौं, न्यायको रोहमा अदालतले तामेल गर्ने म्याद छल्ने वा बाधा/अवरोध खडा गर्ने कार्यले न्यायलाई पराजित गर्ने र अदालतको निष्ठा एवम् गरिमालाई कमजोर बनाउने भएकाले त्यस्ता कार्यलाई दण्डनीय ठानी दण्डित गर्दामात्रै न्याय पराजित हुन पाउँदैन। यस निर्णयले सत्ता र शक्तिलाई जसरी पनि प्रयोग गर्न पाइन्छ भन्ने मानसिकता र संविधान एवम् कानुनलाई शक्तिको उन्मादले मिच्ने प्रवृत्तिलाई निरूत्साहित गर्न र असल सरकार स्थापना गर्ने मार्गमा अतुलनीय सहयोग गर्न सक्ने देखिन्छ।

**६.३ जनावर बलि चढाउने सम्बन्धमा**

यस मुद्दामा परम्परा र सार्वजनिक हित एवम् अधिकारबीच भएको असामञ्जस्यतालाई कसरी सम्बोधन गर्ने भन्ने प्रश्न खडा भएको थियो। प्रत्येक पाँच वर्षमा गढीमाईमा मेला लाग्ने र सो मेलामा हजारौँ पशुको बलि दिने परम्पराले मानव सभ्यता निरीह पशुप्रति संवेदनशील छैन भन्ने प्रश्न एकातर्फ उठेको र अर्कोतर्फ परम्परालाई नै विकृत बनाइएका कारण त्यस्तो परम्परा रोकिपाउन सर्वोच्च अदालतसमक्ष परमादेशको माग गरिएको थियो। सर्वोच्च अदालतको २०७३ साउन २० गतेको संयुक्त इजलासबाट ईश्वरप्रसाद खतिवडा र अनिलकुमार सिन्हाबाट ज्यादै महत्त्वपूर्ण निर्णय भएको छ। उक्त निर्णयका केही महत्त्वपूर्ण पक्ष निम्नबमोजिम छन् :

प्रथम, यो मुद्दाको निर्णय लेखन ज्यादै बौद्धिक मात्रै नभई सन्दर्भ सामग्रीसमेतको उल्लेखन र विवेचना गरेको पाइन्छ। यस किसिमको निर्णय लेखनले अदालतको मर्यादा, विधिशास्त्रको विकास र ज्ञानको प्रवर्द्धनसमेतलाई ठूलो टेवा मिल्ने देखिन्छ।

दोस्रो, पशुपन्छीलाई केवल व्यक्तिगत सम्पत्ति ठानी अमानवीय व्यवहार गर्न नपाइने सम्बन्धमा अन्तर्राष्ट्रिय कानुन एवम् अन्य विभिन्न देशका घरेलु कानुनको चर्चा गर्दै पशुपन्छीमा पनि मानिसमा जस्तै जीवन वा प्राण रहने भएबाट अन्य सम्पत्तिको तुलनामा पशुधनको प्रयोग वा उपयोग गर्दा दया, करूणा जस्ता संवेदनायुक्त मानवीय मूल्य/मान्यताअनुकूलको व्यवहार गर्नु वाञ्छनीय हुन जान्छ भनी बोलिएको पाइन्छ। यसरी हामीले हाम्रो संस्कार र परम्परा प्रयोग गर्दा पनि आधारभूत मानवीय मूल्य र मान्यताभन्दा बाहिर जान हुँदैन भनी सिद्धान्त स्थापित गरिएको पाइन्छ।

तेस्रो, परम्परा र परिवर्तनबारे पनि यस मुद्दामा सटिक व्याख्या गरिएको छ। उक्त निर्णयमा निम्न कुरा भनिएको छ- वर्तमान युग विज्ञान र चेतनाको युग हो। आधुनिक युगमा रूढीवादी अन्धविश्वासलाई मान्यता दिइरहन सकिँदैन। विगत कतिपयलाई मान्यता दिइरहन सक्दैन। विगतका कतिपय अतार्किक, अमानवीय र समाजको विकास एवम् प्रगतिशील परिवर्तनको बाधकका रूपमा प्रथा, परम्परालाई समाजले परित्याग गरेका प्रशस्तै उदाहरण छन्। समाज परिवर्तनका विज्ञानसँग मेल नखाने कुरालाई परित्याग नगर्ने हो भने हामीले अपेक्षा गरेअनुसारको परिवर्तनको गन्तव्यसमेत दुरूह वा दुष्कर बन्छन्। नयाँ मान्यता स्थापित हुन पुराना मान्यता विस्थापित हुनु आवश्यक हुन जान्छ।

चौथो, धार्मिक स्वतन्त्रताका नाममा क्रूरता र अमानवीयतालाई कानुनले मान्यता दिन नसक्ने। कानुनले बलि चढाउने कार्य रोकेको छैन भन्ने आधारमा रूढीवादी र अन्धविश्वासलाई प्रश्रय दिन मिल्दैन। उक्त निर्णयमा निम्न कुरा उल्लेख भएको पाइन्छ- "हिन्दु धर्म मान्ने समाजको एउटा वर्ग वा समूहले आशक्तिपूर्ण लगाव राख्दै आएको छ। नेपाली समाजमा बलि प्रथा कायम रहेको छ र कैयौँ मठमन्दिरमा तथा विविध पूजाविशेषका सन्दर्भमा नियमितरूपमा बलि दिने गरिएको छ। यो हाम्रो समाजको आजको यथार्थ हो। यो सामाजिक यथार्थ र सन्दर्भलाई अझै पनि निरन्तरता दिनु उचित हुन्छ वा हुँदैन भन्ने पक्षमा अब गम्भीर चिन्तन हुनु वाञ्छनीय छ।"

यस निर्णयले धार्मिक स्वतन्त्रता, परम्परा र सार्वजनिक हित वा सरोकार सम्बन्धमा जुन व्यवस्था दिएको छ त्यसले नेपाली कानुनी प्रणालीको विकासमा ज्यादै ठूलो छाप छाड्नेछ भन्ने विश्वास गर्न सकिन्छ।

### ६.४ विधान र विनियमावलीको कानुनी हैसियत सम्बन्धमा

विभिन्न सङ्घ/संस्थाले विधान बनाउने तथा सरकारी निकाय एवम् संस्थानले विनियमावली बनाउने गरेको प्रचलन स्थापित छ। तर यस्ता विधान एवम् विनियमावलीको कानुनी हैसियत कस्तो हुने प्रश्न अधिवक्ता *रामप्रसाद प्रजापती वि. नेपाल बार एसोसिएसन*समेतको मुद्दामा उठेको थियो। नेपाल बार एसोसिएसनले पदाधिकारीको उमेदवार शुल्क निर्धारण गरेको थियो। उक्त शुल्क निर्धारण गर्ने अधिकार नेपाल बारसँग छ वा छैन भन्ने प्रश्नका सन्दर्भमा नेपाल बारको विधान र विनियमावलीबमोजिम उमेदवारका लागि शुल्क निर्धारण गरिएको तर्क बारका तर्फबाट गरिएको थियो।

सर्वोच्च अदालतका न्यायाधीश ओमप्रकाश मिश्र र जगदीश शर्मा पौडेलको संयुक्त इजलासबाट निर्णय हुँदा निर्णय नं. ७२३६ समेतलाई आधार लिई नेपाल बार एसोसिएसनको विधान, २०४८ एवम् नेपाल बार एसोसिएसनको विनियमावली, २०४९ नेपाल बार एसोसिएसनको केन्द्रीय महाधिवेशनबाट निर्णय भई बनेको र विनियमावली, २०४९ सोही विधानअन्तर्गत बनेको दस्तावेज देखिँदा कानुनसरह मान्न नमिल्ने भनी फैसला भएको पाइन्छ। सोही आधारमा रिट निवेदन पनि खारेज गरी शुल्क तोकेको कुरालाई मान्यता दिएको पनि छ।

### ६.५ जन्म दर्ता सम्बन्धमा

बाबुको पहिचान नभएका वा एकल आमाहरूले आफ्ना बालबालिकाहरूको जन्म दर्ता गराउन र नागरिकता पाउन कानुनीभन्दा पनि व्यावहारिक झन्झट खडा गरेर जन्म दर्ता नहुने र नागरिकता नपाउने अवस्था उत्पन्न भएका घटनामध्येको एउटा घटना निकिता गुरूङको सम्बन्धमा भएको पाइन्छ।

०७०-डब्लुओ-०९३२ को उत्प्रेषणयुक्त परमादेशको मुद्दामा सर्वोच्च अदालतका न्यायाधीश कल्याण श्रेष्ठ र ओमप्रकाश मिश्रको संयुक्त इजलासबाट ऐनको उद्देश्यलाई पराजित गर्ने गरी फारामहरू बनाइ बाबुको पहिचान नभएका बालबालिकाको जन्म दर्ता नगर्ने वा निरूत्साहित गर्ने कार्य गैरकानुनी भएको घोषणा गर्दै जन्म दर्ताको अधिकार नेपालभित्र बसोबास गर्ने प्रत्येक व्यक्तिको भएकाले जन्म दर्ता गरिदिनुपर्ने राज्यको कर्तव्य भएको व्याख्या गरिएको पाइन्छ। यस निर्णयले संस्थापित गरेका केही महत्त्वपूर्ण सिद्धान्त निम्नबमोजिम छन् :

प्रथम, जन्म दर्ता बसोबासका आधारमा प्राप्त अधिकार हो भन्ने मान्यतालाई यस निर्णयले स्पष्टरूपमा संस्थापित गरेको छ। यस मुद्दाको निर्णयमा अदालतले निम्न कुरा बोलेको पाइन्छ- कस्ता नाबालकको जन्म दर्ता गर्ने र कस्ताको हकमा नगर्ने भन्ने सम्बन्धमा जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ ले कुनै वर्गीकरण गरेको पाइँदैन। उक्त ऐनको प्रस्तावनामा नेपालमा बसोबास गर्ने व्यक्तिहरूको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाइँसराइ जस्ता घटना दर्ता गरी प्रमाणपत्र वितरण गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले भन्ने वाक्यांश उल्लेख भएको पाइन्छ। प्रस्तावनामा ऐनको उद्देश्य र भावना समाहित हुने हुँदा उक्त ऐनको यस उल्लेखले नेपालमा जन्मेको बालबालिका स्वदेशी वा विदेशी जो भए तापनि त्यसको अभिलेख हुनु जरूरी हुन्छ। यहाँसम्म कि जन्म दर्ताको विषयलाई स्वदेशीका लागिमात्र नभएर शरणार्थी, राज्यबिहीन बालबालिका वा विदेशीको हकमा समेत एक अधिकारका रूपमा स्थापित गरेको पाइन्छ।

दोस्रो, जन्म दर्ताको अधिकार बालबालिकाको नैसर्गिक अधिकार हो भन्ने कुरा पनि यस निर्णयले संस्थापित गरेको छ। यस सन्दर्भमा उक्त निर्णयमा निम्न व्याख्या भएको पाइन्छ- कुनै बालबालिकाको जन्म भएपछि जन्म दर्ता गर्न पाउनु उसको नैसर्गिक अधिकार भएको कुरालाई विभिन्न अन्तर्राष्ट्रिय महासन्धिले उल्लेख गरेका पनि छन्। मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्रको धारा ६ ले जुनसुकै ठाउँमा पनि कानुनको दृष्टिमा प्रत्येक व्यक्तिलाई व्यक्तिका रूपमा पहिचान पाउने अधिकार हुनेछ भन्ने व्यवस्था गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, १९६६ को धारा २४ (२) ले प्रत्येक बालबालिकालाई जन्मेपछि तत्काल दर्ता गरिनेछ र निजको नाम राखिनेछ भन्ने उल्लेख गरेको पाइन्छ। यसैगरी बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ७(१) ले बालबालिकालाई जन्मेपछि तत्काल दर्ता गरिनेछ भन्ने कुराको प्रत्याभूति गरेको देखिन्छ। यसबाहेक संयुक्त राष्ट्र सङ्घीय महासभाले सन् २०११ को डिसेम्बर १९ मा एक प्रस्ताव पारित गरी सबै

राष्ट्रलाई बालबालिकाको जन्म दर्तासमेतको अधिकारलाई सुरक्षित राख्न आग्रह गरेको पाइन्छ।

तेस्रो, जन्म दर्ता बालबालिका र राज्यबीचको सम्बन्धको आधार हो भन्ने अवधारणालाई पनि यस निर्णयद्वारा स्थापित गरिएको पाइन्छ। उक्त निर्णयमा भनिएको छ- जन्म दर्ता प्रमाणपत्र कुनै पनि बालबालिकाका लागि राज्यद्वारा प्रदान गरिने त्यस्तो कानुनी मान्यता हो जसले निजलाई समाज वा राष्ट्रको एक सदस्यका रूपमा अस्तित्ववान गराएको हुन्छ। यसले आफ्नो बाबु वा आमासँग मात्र नभएर राज्यसँग समेत कानुनीरूपमा सम्बन्ध स्थापित गर्छ।

चौथो, जन्म दर्ता गर्नुपर्ने राज्यको दायित्व हो भन्ने मान्यता पनि यस निर्णयले स्थापित गरेको छ। निर्णयमा भनिएको छ- नेपालमा जन्मेको बालबालिकाको जन्म दर्ता हुनु स्वाभाविक हुँदा त्यस्तो स्वाभाविकरूपमा गर्नुपर्ने कुरामा पनि नियम, कानुन वा परम्पराको आधार देखाइ दर्ता गर्न नै इन्कार गर्दा नेपालमा जन्मेको बालबालिकाको तथ्याङ्कसमेत हराउने वा अनिश्चित हुने अवस्था रहन्छ। त्यस्तो तथ्याङ्कको अभावमा त्यस्ता बालबालिकाको विकास एवम् पहिचान झन् ओझेलमा पर्न जान्छ। जन्म दर्ता गराउन चाहनेले भरेको वा भर्न सक्ने विवरण जे/जति दिन ल्याउँछ सो हदसम्म स्वीकार गरेर भए तापनि बालबालिकाको जन्म दर्ता गरिदिनु राज्यको कर्तव्य हुन्छ।

यसरी यस निर्णयले कानुनी झन्झट वा प्रक्रियागत समस्या देखाएर जन्म दर्ता नगर्ने राज्यको प्रवृत्ति हटाउन, व्यक्तिको पहिचान सुनिश्चित गर्न एवम् अधिकार सुरक्षित गर्न महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्ने देखिन्छ।

### ६.६ बाधा अड्काउ फुकाउ सम्बन्धमा

२०६५ साल जेठ १५ गते स्थापित भएको संविधान सभाले संविधान निर्माण कार्य सम्पन्न गर्न नसकेपश्चात २०६९ जेठ १५ गते डा. बाबुराम भट्टराईको सरकारले संविधान सभा नै विघटन गरेको थियो। संविधान सभा विघटन भएपश्चात पनि १० महिनासम्म डा. भट्टराईको सरकार कायमै थियो। अन्ततः दोस्रो संविधान सभाको निर्वाचनका लागि राजनीतिक दलबीच विश्वासको कमीले सरकार गठन हुन नसकेपछि तत्कालीन प्रधान न्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा सरकार गठन गरी दोस्रो संविधान सभाको निर्वाचन गराउनका लागि संवैधानिक अप्ठेरो भएकाले त्यस्तो बाधा फुकाउनका लागि २०६९ फागुन ३० गते अन्तरिम संविधानको धारा १५८ अन्तर्गत तत्कालीन राष्ट्रपति रामवरण यादवले मन्त्रिपरिषद्को सिफारिसमा बाधा अड्काउ फुकाउ आदेश जारी गरे।

उक्त आदेशले मूलतः २०६३ सालको संविधानलाई नै संशोधन गऱ्यो। परिणामतः संविधानले परिकल्पनै नगरेको मन्त्रिपरिषद्को संरचना र गठन भयो। अर्थात प्रधान न्यायाधीशलाई मन्त्रिपरिषद्को अध्यक्ष बनाउने र अवकाश प्राप्त सचिवहरूलाई मन्त्री बनाउने काम भयो। त्यतिमात्रै नभएर संसदीय सुनुवाइबिना नै नियुक्ति गर्न पाउने व्यवस्थासमेत बनाइयो। अझ अगाडि बढेर संविधान संशोधनको प्रक्रियामा नगई संविधानलाई नै आदेशद्वारा संशोधन गरियो।

यस किसिमको कार्यलाई असंवैधानिक घोषणा गरिपाउन सर्वोच्च अदालतमा रिट दायर गरियो। सो रिट निवेदनको सुनुवाइ तत्कालीन प्रधान न्यायाधीश कल्याण श्रेष्ठलगायत पाँच जना न्यायाधीशको संवैधानिक इजलासबाट गरियो। तर निर्णयमा न्यायाधीशबीच केही विषयमा एक मत हुन सकेन। तीन जना न्यायाधीशको एउटा राय र दुई जना न्यायाधीशको अर्को राय बन्न पुग्यो।

खिलराज रेग्मीको अध्यक्षतामा मन्त्रिमण्डल बनी दोस्रो संविधान सभाको निर्वाचन सम्पन्न भई दोस्रो संविधान सभाले नेपालको संविधान, २०७२ जारी गरी संविधान सभासमेत विधायिकामा रूपान्तरण भइसकेको परिस्थितिमा उक्त बाधा अड्काउ फुकाउने आदेश खारेज गर्ने गरी उत्प्रेषणलगायतका रिट जारी गर्न नसकिने सम्बन्धमा सबै न्यायाधीश एकमत भए तापनि बाधा अड्काउ फुकाउने आदेशको संवैधानिक विश्लेषणका सम्बन्धमा फरक मत देखिन्छ।

बाधा अड्काउ फुकाउने व्यवस्था के/कुन परिस्थितिमा प्रयोग गर्न सकिन्छ भन्नेबारे उक्त निर्णयमा निम्न कुरा बोलिएको पाइन्छ- यथार्थमा बाधा अड्काउ फुकाउने प्रावधान संविधानको नियमित व्यवस्था र पहिलो रोजाइ भने होइन। त्यस्तै संविधान कार्यान्वयनका क्रममा सधैँ अपेक्षा गरिने विषय पनि बाधा अड्काउको प्रयोग होइन। सामान्यतः संविधानको क्रियाशीलता अवरूद्ध भएको विषम अवस्थामा संवैधानिक व्यवस्था तत्काललाई सुचारू गराउने

संवैधानिक सुरक्षा कवचका रूपमा अपवादस्वरूप मात्र बाधा अड्काउ फुकाउने अधिकार प्रयोग हुन सक्छ।

बाधा अड्काउको व्यवस्था संविधानमा किन राखिएको हुन्छ भन्ने प्रश्नका सन्दर्भमा पनि अदालतले निम्न कुरा स्थापित गरको पाइन्छ- संवैधानिक प्रबन्धहरूमा यसलाई आवश्यक खराबी (नेसेसरी इभिल) का रूपमा पनि हेर्न सकिन्छ। संविधानबमोजिम सरकारका मुख्य अङ्ग गठनका लागि कुनै अवरोध सिर्जना भएको वा संवैधानिक व्यवस्थामा कुनै खाडल पर्न गएको कारण संविधान कार्यान्वयनमा बाधा अड्काउ देखा पर्न सक्छ। संविधानको यो र यसरी नै बाधा अड्काउको स्थिति आउँछ भनी पूर्वानुमान गर्न पनि सकिन्न। त्यसै कारणले संविधानमा अपरिकल्पित कतिपय अवस्थाका लागि यस्ता व्यवस्था राख्नुपरेको हो।

त्यसरी नै बाधा अड्काउ फुकाउने संवैधानिक अस्त्र के/कस्तो अवस्थामा प्रयोग गर्न मिल्छ र के/कस्तो अवस्थामा प्रयोग गर्न मिल्दैन भन्ने सम्बन्धमा पनि निम्न कुरा बोलिएको पाइन्छ- बाधा अड्काउ फुकाउने अधिकारको प्रयोग विवेकपूर्ण ढङ्गबाट इमानदारीपूर्वक तथा सुखद् परिणामका लागि गरिने र संवैधानिक प्रणालीको निर्दिष्ट कार्यान्वयनमा कमसेकम चाप पर्ने गरी गर्ने अपेक्षाअनुरूप गर्ने हो भने संवैधानिक प्रणालीको सञ्चालनमा देखिएको गतिरोध फुकाउने सुरक्षा कवचको काम गरी संवैधानिक दुर्घटना हुनबाट जोगाउँछ। तर संवैधानिक प्रबन्धहरूको गतिलाई ठीक ठाउँमा ल्याउने भन्दा दलीय स्वार्थ वा स्वार्थ समूहहरूको निहीत स्वार्थको पोषणका निमित्त बाधा अड्काउ फुकाउने अधिकार प्रयोग हुन गएमा यसले समग्र संविधानलाई क्षतविक्षत बनाइ विग्रहतर्फ धकेल्दै अन्ततः असामयिक अन्ततिर धकेलन सक्छ। त्यसैले यो अधिकारको प्रयोग संविधानलाई सम्भावित दुर्घटनाबाट जोगाई सामान्य अवस्थामा ल्याउने सीमित तर असाधारण प्रयासबाट प्राप्त गर्न खोजिने संवैधानिक सञ्जीवनीका रूपमा मात्र गरिनुपर्छ।

बाधा अड्काउ फुकाउने आदेशको प्रयोग विधायिका नभएको अवस्थामा संवैधानिक सङ्कट टार्नका लागि कार्यपालिकाले गर्ने भएकाले कार्यपालिकाले यसैलाई अस्त्र बनाई आफ्नो अधिकार बढाउने र निरङ्कुश बन्ने सम्भावना रहन्छ। यस्ता सम्भावनालाई बढावा दिने गरी बाधा अड्काउको दुरूपयोग गर्न नपाइने र केवल वस्तुनिष्ठरूपमा र विशेष परिस्थितिमा मात्रै यस अधिकारको प्रयोग सीमित हुनुपर्ने गरी कल्याण श्रेष्ठ र सुशीला कार्कीको अल्पमतको राय छ। त्यो संवैधानिक विकासका लागि ज्यादै महत्त्वपूर्ण छ।

अर्कोतिर बहुमतमा रहेका न्यायाधीश वैधनाथ उपाध्याय, गोपाल पराजुली र ओमप्रकाश मिश्रको राय भने अदालतबाट गरिने संवैधानिक सिद्धान्तको व्याख्या बौद्धिकरूपमा समेत प्रभावशाली हुनपर्छ भन्ने मान्यताप्रति मात्र होइन, सिङ्गो संविधानप्रति नै सन्देहात्मकसमेत देखिन्छ। बहुमतका न्यायाधीशले यस सम्बन्धमा निम्न कुरा उल्लेख गर्नुभएको पाइन्छ- अदालतका निर्देशनहरू केवल बौद्धिक विलासिता र कोरा अर्तिका विषयमात्र हुँदैनन्। न त अदालत सस्तो लोकप्रियताका लागि नै उद्यत हुन सक्छ। भविष्यमा यही संविधान रहला/नरहला। यही कानुनी पद्धति रहला/नरहला। देशको राजनीतिक संरचना यस्तै रहला/नरहला। कसैले भन्दैमा यकिन हुने कुरा होइन।

समग्रतामा बाधा अड्काउको प्रयोगको सीमा र मर्यादामा प्रवेश नै गर्न नचाहेको र सीमा तोक्नै नचाहने बहुमतको निर्णयले संविधान र संवैधानिक सर्वोच्चतालाई राजनीतिक स्वार्थ र खेलको बन्दी बनाउन मार्ग प्रशस्त गर्न सक्ने जुन अवस्था देखिन्छ त्यसले लोकतन्त्र र संविधानको विकासमा ज्यादै नकारात्मक असर पार्न सक्ने सम्भावना नकार्न सकिँदैन।

**६.७ स्वशासन र म्याद तामेली सम्बन्धमा**

प्रस्तुत रिट निवेदन (बन्दी प्रत्यक्षीकरण), निवेदकको नागरिकताको ठेगानामा म्याद तामेल गरी निजलाई कैद तथा जरिवाना गरी सो फैसला कार्यान्वयन गर्ने क्रममा २०६३ सालपश्चात निज बसोबास गरिआएको घरमा आई गिरफ्तार गरी निजलाई थुनामा राखेपछि परेको पाइन्छ। २०७२ मङ्सिर २४ गते सर्वोच्च अदालतको संयुक्त इजलासका न्यायाधीश गोविन्दकुमार उपाध्याय र ओमप्रकाश मिश्रको इजलासबाट निर्णय हुँदा नागरिकतामा उल्लेख भएको ठेगानामा म्याद तामेल भएको हुनाले सोही

ठेगानालाई आधिकारिक मानी मान्यता दिनुपर्ने र त्यस्तो ठेगानामा तामेल भएको म्यादलाई अन्यथा भन्न नमिल्ने गरी नि.नं. ९५१७ मा निर्णय भएको पाइन्छ।

यस निर्णयले केही गम्भीर सवाल उत्पन्न गराएको छ। पहिलो, मानिस जहाँबाट नागरिकता लिएका छन् त्यही ठाउँमा नै सधैँ बसोबास गरिरहनुपर्छ वा गरिरहन्छन् भनेर सम्झने गल्ती गरेको छ। मुलुकभरमा मानिस एक ठाउँबाट अर्को ठाउँमा बसाइँ सर्ने र जागिर व्यवसाय, अध्ययन एवम् शहरीकरणका कारणले नागरिकता लिएको भन्दा फरक ठाउँमा बसोबास गरिरहेका हुन्छन्। जुन नैसर्गिक अधिकारसमेत हो। त्यसैले नागरिकता लिएकै ठाउँमा म्याद तामेल गर्नुपर्ने वा त्यसरी म्याद तामेल गरी फौजदारी कसुरमा सुनुवाइको मौकासमेत नदिइकन सजाय गरेको कार्यलाई वैधानिक ठहऱ्याउने जुन निर्णय सर्वोच्च अदालतले गऱ्यो त्यसले कानुनलाई निर्जीव र यान्त्रिक बनाउने काम गरेको छ। यस प्रकारको निर्णयले बदलिँदो समाज, बसोबासको बदलिँदो रूप र नेपाल अधिराज्यभर आफूले रोजेको ठाउँमा बसोबास गर्न पाउने स्वतन्त्रताको अधिकारसमेतलाई चुनौती दिन पुगेको छ।

हुन त सर्वोच्च अदालतले यस निर्णयलाई जबसम्म उल्टी गर्दैन तबसम्म यस निर्णयको आधिकारितामा प्रश्न उठाउनु हुँदैन। यस्ता महत्त्वपूर्ण सवालमा व्याख्या गरी सुशासन प्रत्याभूत गराउनबाट अदालत स्वयम् संयमित (सेल्फ रेस्ट्रेन) बन्न खोज्दा न्याय पराजित हुने डरसमेत उत्पन्न हुन्छ।

**६.८ न्यायाधीश नियुक्ति र संसदीय सुनुवाइ सम्बन्धमा**

न्यायपरिषद्ले २०७२ फागुन १८ गते सर्वोच्च अदालतका ११ जना न्यायाधीश नियुक्तिका लागि सिफारिस गरी संसदीय सुनुवाइका लागि संसद्समक्ष अनुरोध पठाएकामा व्यवस्थापिका-संसद्बाट २०७२ फागुन २३ गते सभामुखको निर्देशनअनुसार भनी संसदीय सुनुवाइका लागि पठाएको पत्र नै फिर्ता पठाएको विषयलाई अधिवक्ता ज्योति बानियाँले रिटमार्फत सर्वोच अदालतमा उठाउनुभएको थियो।

संविधानबमोजिम संसदीय सुनुवाइ गर्नुपर्ने बाध्यात्मक व्यवस्था पालन नगर्ने र संसदीय सुनुवाइ समिति गठन गर्न नसक्ने आफ्नो अक्षमताका कारणले संवैधानिक व्यवस्थाको पालना नगर्ने कार्य एवम् संसदीय सुनुवाइका लागि सम्बन्धित निकायले अनुरोध गरेपछि त्यस्तो अनुरोध अस्वीकार गर्न पाउने वा फिर्ता पठाउन पाउने अधिकार सभामुखसँग नहुँदा/नहुँदै पनि सभामुखले गरेको असंवैधानिक र गैरकानुनी कार्य बदर गरी संसदीय सुनवाइ गरिपाउन माग गरिएको उक्त रिट निवेदनको अन्तिम निर्णय भइसकेको छैन। तथापि २०७२ चैत १ मा सर्वोच्च अदालतको एकल इजलासका जगदीश शर्मा पौडेलबाट भएको आदेशले निम्न कुरा प्रष्ट्याएको पाइन्छ :

पहिलो, संसदीय सुनुवाइ कुनै पनि बहानामा रोक्न पाइँदैन। संसदीय सुनुवाइ गर्नुपर्ने संवैधानिक दायित्व संसद्को भएकाले सिफारिस भएका व्यक्तिको संसदीय सुनुवाइ अनिवार्य गर्नुपर्छ। वास्तवमा यो आदेश भएपछि नै संसद्ले २०७३ को नियमावली बनाइ संविधानको धारा २९२ (२) बमोजिमको १५ सदस्यीय संसदीय सुनुवाइ समिति गठन गरी संसदीय सुनुवाइ गऱ्यो। संविधानबमोजिम आफूले गर्नुपर्ने काम नगर्ने, राजनीतिक स्वार्थ र दाउपेचका अघि संविधानलाई निरिह बनाउने जस्ता कार्यलाई निस्तेज पार्न पनि आज अदालतकै ढोका घच्घच्याउनुपर्ने अवस्था उत्पन्न भएको छ। आज संस्था र राज्यका अङ्गहरूको गरिमा क्षतविक्षत हुने अवस्था सिर्जना भएको छ। वास्तवमा नेपाली नागरिक र संविधानले परिकल्पना गरेको लोकतन्त्र र संस्थालाई राजनीतिको गलत बुझाइ र अभ्यासले सङ्कट उत्पन्न गरेको अवस्थामा अदालतको यस किसिमको भूमिका अपेक्षित छ।

दोस्रो, संसदीय सुनुवाइका लागि सिफारिस गरिएपछि त्यस्तो सिफारिसउपर कारबाही नगरी सिफारिस नै फिर्ता पठाउने अधिकार सभामुखसँग छैन भन्ने कुरा पनि यस आदेशले स्पष्ट पारेको छ। उक्त आदेशमा निम्न कुरा बोलिएको पाइन्छ- संविधानको धारा २९२ अनुसार सर्वोच्च अदालतमा न्यायाधीशको नियुक्ति हुनअघि संसदीय सुनुवाइ हुनुपर्ने अनिवार्य व्यवस्था रहेको छ। संसदीय सुनुवाइ समिति गठन गर्ने कुरा व्यवस्थापिका-संसद् र सभामुखसमेतको भएको देखिएको छ। सर्वोच्च अदालतको न्यायाधीश सिफारिस गर्ने न्यायपरिषद्को निर्णय र संसदीय सुनुवाइका लागि संसद् सचिवालयमा पठाएको काम/कारबाही नेपालको संविधान र प्रचलित कानुनको समेत प्रतिकूल देखिन आएको छैन। सिफारिस फिर्ताको उक्त पत्रमा सम्माननीय सभामुखबाट भएको निर्देशनअनुसार फिर्ता पठाएको आधारहरू उल्लेख गरेको भए पनि त्यसरी

न्यायपरिषद्‌बाट न्यायाधीश नियुक्तिका लागि सिफारिस गरी संसदीय सुनुवाइका लागि न्यायाधीशको नामसहित पठाएको पत्र फिर्ता पठाउने सम्माननीय सभामुखले आफूलाई प्राप्त कुन अधिकार प्रयोग गर्नुभएको हो सो पत्रमा उल्लेख भएको देखिँदैन।

### ६.९ कनकमणि दीक्षितको थुना सम्बन्धमा

भ्रष्टाचार मुद्दाको अनुसन्धान गर्न अख्तियारले कनकमणि दीक्षितलाई थुनामा राखी छानबिन गरिरहेको विषयले निकै चर्चा पायो। एकातिर लोकमानसिंह कार्कीले रिसइवी साँध्न दुराशयपूर्ण भावनाले निज दीक्षितमाथि मुद्दा चलाइ थुनामा राखेको कुरालाई नागरिक समाजले दह्रोरूपमा उठाउँदै हस्ताक्षर अभियानसमेत चलायो।

२०७३ वैशाख २० मा प्रधान न्यायाधीश सुशीला कार्की र जगदीश शर्मा पौडेलको संयुक्त इजलासले दिएको आदेशमा महत्त्वपूर्ण कुरा उल्लेख छन् : विशेष अदालतबाट १० दिनसम्म थुनामा राखी अनुसन्धान गर्न पाउने गरी जुन आदेश गरिएको थियो त्यो भ्रष्टाचार निवारण ऐनअन्तर्गतका कसुर सरकारवादी फौजदारी मुद्दा हुने र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनअन्तर्गत पनि अनुसन्धान तहकिकातका क्रममा थुनामा राख्न सकिने व्यवस्थाका वावजुद पनि सर्वोच्च अदालतले विशेष अदालतको आदेशमा सो गर्नुपर्ने *कारण र आधार* नभएको भनी विशेष अदालतको आदेश बदर गर्दै न्यायिक थुनाउपर पनि बन्दी प्रत्यक्षीकरण जारी गर्‍यो। तर सर्वोच्च अदालत आफू स्वयम्‌ले भने *कारण र आधार* नदिइकन निष्कर्षमा पुगेको विश्लेषण भएका छन्।

वास्तवमा दुराशययुक्त किसिमले निज दीक्षितलाई भ्रष्टाचारको मुद्दामा कारबाही गरिएको थियो भने सो कुरा सर्वोच्च अदालतले बोल्न सक्नुपर्थ्यो। तर यो कुरा सर्वोच्च अदालतले उक्त आदेशमा बोलेको पाइँदैन।

### ६.१० एमबिबिएस भर्ना र मेडिकल कलेज सम्बन्धमा

एमबिबिएस भर्ना गर्दा पैसाको खेल हुने, धेरै पैसा तिर्ने विद्यार्थी र विदेशी विद्यार्थीले सजिलै भर्ना पाउने, निश्चित मापदण्ड नबनाउने, प्रवेश परीक्षासमेत परिवर्तन गरी नयाँ आधार बनाइ भर्ना गर्ने जस्ता समस्या स्वास्थ्य शिक्षा क्षेत्रमा देखिए। त्यसरी नै स्पष्ट र एकीकृत कानुनको अभावमा नीति निर्देशिकाका भरमा मेडिकल कलेजलाई सम्बन्धन दिने र कतिपयले त पूर्णरूपमा सम्बन्धन लिने र मापदण्ड पूरासमेत नगरेको अवस्था छ। यस्तो विशृङ्खलित अवस्था अन्त्यका लागि डा. गोविन्द केसी पटकपटक अनशन बसेपछि यस्ता समस्या समाधान गर्न सरकार सहमतसमेत भएको छ।

तर डा. गोविन्द केसीसँग गरिएका सम्झौताले सम्बन्धन प्राप्त गर्न अप्ठेरो परेको भन्दै मेडिकल कलेजले सो सम्झौता बदर गरिपाउन रिट हालेको पाइन्छ। सो रिटको अन्तिम फैसला भएको छैन। तर अनिलकुमार सिन्हा र सपना प्रधानको संयुक्त इजलासबाट आदेश हुँदा निर्देशन र निर्देशनका आधारमा जारी गरिने इच्छापत्रलाई कानुन मान्न सकिने हो वा होइन भनेर व्याख्या गर्नुपर्ने आवश्यकता भएको औंल्याइ अन्तिम निर्णय नभएसम्म सोही आधारमा सम्बन्धन प्राप्त गर्न नसक्ने आदेश २०७३ माघ २ गते जारी भएको पाइन्छ।

अर्कोतिर काठमाडौं विश्वविद्यालयले एमबिबिएस भर्नाका लागि प्रवेश परीक्षा लिई सोको नतिजा पनि प्रकाशित गरेपछि प्रवेश परीक्षामा पास भएका विद्यार्थीलाई सम्बन्धन प्राप्त मेडिकल कलेजमा भर्ना हुन जानू भनी पठाएको तर सम्बन्धन प्राप्त कलेजले प्रवेश परीक्षाको नतिजालाई ७० प्रतिशत र आइएससीको परीक्षामा पाएको अङ्कलाई ३० प्रतिशत मानी पुन: नयाँ आधार तयार गरेपछि यस किसिमको विशृङ्खलता अन्त्य गर्नका लागि सर्वोच्च अदालतमा रिट निवेदन परेको पाइन्छ। उक्त रिट निवेदनमा मिति २०७२ मङ्सिर १५ गते प्रधान न्यायाधीश कल्याण श्रेष्ठ र जगदीश शर्मा पौडेलको संयुक्त इजलासबाट निम्नलिखित आदेश गरिएको पाइन्छ : काठमाडौं विश्वविद्यालयले लिएको प्रवेश परीक्षाको नतिजाका आधारमा एकीकृत योग्यता सूची तयार पारी उक्त विश्वविद्यालयसँग सम्बद्ध कलेजमा भर्ना लिने वा पाइने भन्ने कुराका लागि आफैले योग्यता सूचीभित्रका विद्यार्थीमध्ये क्रमानुसार परामर्श गरी निश्चित गरिदिन उपर्युक्त हुने हुँदा यथासम्भव सोही प्रक्रिया अपनाउनु, सो गर्न असुविधा हुने भई सम्बद्व कलेजहरूलाई नै योग्यताक्रमभित्रका इच्छुक विद्यार्थीहरूलाई भर्ना हुन आउनुपर्ने मनासिब अवधि किटी सार्वजनिक सूचना प्रकाशित गरी सम्पर्क गर्न आएकामध्ये तोकिएको सिट

सङ्ख्याभित्र योग्यताक्रमअनुसार भर्ना दिने व्यवस्था गर्नु/गराउनू।

यसरी स्वास्थ्य शिक्षा क्षेत्रका समस्यासमेतलाई सम्बोधन गर्न आज अदालतकै ढोका घच्घच्याउनुपर्ने अवस्था मुलुकमा उत्पन्न भएको छ। काठमाडौं विश्वविद्यालय जस्तो छवि भएको विश्वविद्यालयसमेत यस किसिमका समस्याबाट ग्रसित हुनुपर्ने जुन अवस्था मुलुकमा विद्यमान छ, त्यसले निजी र सार्वजनिक दुवै क्षेत्रमा असल शासनको अभाव खट्किएको देखिन्छ। यी सबै अस्तब्यस्तता हेर्दा आज मुलुक गहन करेक्सन गर्नुपर्ने आवश्यकताको मोडमा उभिन पुगेको देखिन्छ।

### ६.११ सम्पत्ति शुद्धीकरण (मनी लौन्डरिङ) सम्बन्धमा

भारतको जयनगरबाट नेपालको जनकपुरतर्फ आइरहेको रेललाई नेपालको धनुषा जिल्ला खजुरीस्थित रेल्वे स्टेसनमा चेक जाँच गर्दा दुई जना भारतीय नागरिकबाट लगभग १८ लाख नेपाली रुपियाँ प्रहरीले बरामद गरेको थियो। निजहरूको आयस्रोतले प्रमाणित गर्न नसक्ने रकम निजहरूबाट बरामद भएकाले त्यस्तो कार्य सम्पत्ति शुद्धीकरण ऐन, २०६४ अन्तर्गतको कसुर ठानी निजहरूविरुद्ध मुद्दा चलाएकामा सो मुद्दामा विशेष अदालतले निर्णय गर्दा अभियुक्तहरूलाई दोषी ठहऱ्याइ १/१ वर्ष कैद गरी उक्त रकमसमेत जफत गर्ने भनेको थियो। सोउपर सर्वोच्च अदालतमा पुनरावेदन भएकामा वैद्यनाथ उपाध्याय र दीपकराज जोशीले समेत विशेष अदालतकै निर्णयलाई समर्थन गरी २०७२ भदौ ७ गते फैसला भएको थियो।

उक्त फैसला स्वयम् सर्वोच्च अदालतद्वारा नि. नं. ९०५४ मा भएको निर्णयसँग नमिलेको हुनाले पूर्ण इजलासमा पठाइएको पाइन्छ। पूर्ण इजलासबाट यस सम्बन्धमा सिद्धान्त स्थापित हुने नै छ। तथापि नेपाल-भारतको सीमामा भइरहने यस किसिमका घटनालाई सम्पत्ति शुद्धीकरणको विषय बनाउँदा त्यसले कानुनको उद्देश्य पूरा हुन सक्छ/सक्दैन र सीमा व्यापारलाई के/कस्तो असर पार्छ भन्नेबारे यथेष्ठरूपमा विचार पुऱ्याउन सकिएन भने ठूलठूला भ्रष्टाचारी र स्रोत नखुलाइ वा कर नतिरी अकुत सम्पत्ति आर्जन गर्ने व्यक्तिमाथि कारबाही नहुने तरससाना रकमको सवालमा ससाना व्यापार र व्यवसाय गर्ने मानिस फौजदारी कसुरमा दण्डित हुनुपर्ने अवस्था आउन सक्छ।

### ६.१२ भाडाको कोख (सरोगेसी) सम्बन्धमा

विभिन्न अस्पतालले कानुनी व्यवस्थाबिना नै आमाको कोख भाडामा लिई बच्चा जन्माउने सेवा प्रदान गरी अनैतिक र अमानवीय किसिमले पैसा आर्जन गरिरहेको समाचार छापामा आएपछि त्यस्तो कार्य रोकिपाउन सर्वोच्च अदालतमा परेको रिट निवेदनमा २०७३ असार ३० गते निर्णय भएको छ।

सरकारको २०७१ असोज २ गतेको नीतिगत निर्णयका आधारमा ग्रान्डी सिटी क्लिनिक, ओम हस्पिटल र भेनस हस्पिटललाई आमाको कोख भाडामा लिई बच्चा जन्मेपछि बच्चा विदेशीलाई दिने सेवा सञ्चालन गर्न दिइएको अनुमति कानुनद्वारा समर्थित नभएकाले त्यस्तो सेवा निषेध गरिपाउन रिट निवेदनमा माग गरिएको थियो।

सरोगेसी सेवा प्रदान गर्न अनुमति दिने नेपाल सरकारको निर्णयको अपव्याख्या र दुरूपयोग भएको ठानी २०७२ असोज १ गते स्वयम् नेपाल सरकारले नै आफ्नो निर्णय बदर गरिसकेको अवस्था रहेकामा ओम अस्पताल एक्लैले मात्रै ५ सय भन्दा बढी इन भिट्रो फर्टिलाइजेसन गरिसकेको तथ्य प्रकाश पारिएको थियो। वास्तवमा २०७२ असोज १ गते सरकारको निर्णय सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएपछि गरिएको थियो।

सरोगेसी सेवा परोपकारी र व्यापारिक दुई भावनावाट सञ्चालित देखिन्छ। सरोगेसी सेवालाई मान्यता दिएका विभिन्न देशमा पनि व्यापारिक सरोगेसीलाई अवैध नै मानिएको स्थिति छ। त्यसैले कानुन अभावमा सरोगेसी सेवा सञ्चालन गर्दा यावत् समस्या उत्पन्न हुने भएकाले स्पष्ट कानुनको अभावमा यस्तो सेवा सञ्चालन गर्न नसकिने भनी सर्वोच्च अदालतका प्रधान न्यायाधीश सुशीला कार्की र न्यायाधीश गोविन्दकुमार उपाध्यायको संयुक्त इजलासबाट निर्णय भएको पाइन्छ।

साथै सो निर्णयले सरकारको नीतिगत निर्णयले कानुनी हैसियत प्राप्त गर्न नसक्नेसमेत स्पष्टरूपमा स्थापित गरेको पाइन्छ। साथै सरोगेसी सेवा हक होइन भन्नेबारे पनि उक्त निर्णयले निम्न कुरा बोलेको पाइन्छ : सरोगेसीसम्बन्धी सेवा वा व्यवसाय विधायिकाबाट निर्मित कानुनबाट मात्रै व्यवस्था गरिनुपर्ने जनस्वास्थ्य, शिष्टाचार वा नैतिकताको विषय हो। सरोगेसी आमा,

ती आमाबाट जन्मने बच्चा र सरोगेसी आमाबाट सन्तान प्राप्त गर्न चाहने जैविक आमा/बाबुको हक/अधिकारका विषयलाई सम्बोधन गर्ने कानुनी व्यवस्थाको शून्यतामा सरोगेसी सेवा सञ्चालनसम्बन्धी व्यवसाय सञ्चालन गर्नु वा गर्न दिनु सार्वजनिक नीति एवम् सार्वजनिक हितविपरित हुन्छ। त्यस्तो सेवा वा व्यवसाय सञ्चालन गर्न पाउने कुरा संविधानप्रदत्त हकको विषय होइन। यसलाई अधिकारका रूपमा मान्न पनि मिल्दैन।

### ६.१३ जबर्जस्ती करणी सम्बन्धमा

जबर्जस्ती करणी मुद्दामा के/कस्ता प्रमाणले के/कस्तो भूमिका खेल्छन् र खासगरिकन डिएनए जस्तो प्रमाणको भूमिका कस्तो हुन्छ भन्ने सवाल महत्त्वपूर्ण बन्छ। यसै सन्दर्भमा २०७३ फागुन ४ गते दीपकराज जोशी र चोलेन्द्रशमशेर जबराको संयुक्त इजलासले संस्थापित गरेको सिद्धान्त पनि ज्यादै महत्त्वको देखिन्छ।

जबर्जस्ती करणीको सन्दर्भमा प्रमाणको पहिलो कडी नै स्वयम् पीडित र निजको बयान एवम् अर्को कडी भनेको पीडितको शारीरिक परीक्षण भन्ने सिद्धान्त सर्वोच्च अदालतबाट संस्थापित भइरहेको पाइन्छ। यसै परिप्रेक्ष्यमा पीडितको बच्चा र अभियुक्तको डिएनए नमिलेको अवस्थामा पीडितबाट जन्मिएको बच्चाको बाबु अभियुक्तले भेसेक्टोमी अपरेसन गरेको तथ्यले निज पिता हुन नसक्नेतर्फ इङ्गित गर्छ। तर डिएनए नमिल्नु र भेसेक्टोमी गर्नुले जबर्जस्ती करणी हुनै नसक्ने तथ्य प्रमाणित गर्न सक्दैनन्। जबर्जस्ती करणीमा पीडितको भनाइ नै अत्यन्त सान्दर्भिक हुन आउँछ। पीडितको भनाइ विश्वास गर्नु नपर्ने कारण विद्यमान नभएसम्म पीडितको भनाइले ग्राह्यता पाउने गरी सिद्धान्त संस्थापित भएको पाइन्छ।

### ६.१४ अन्तर्राष्ट्रिय कानुनको दायित्व

सर्वोच्च अदालतका प्रधान न्यायाधीश सुशीला कार्की र ईश्वर खतिवडाको संयुक्त इजलासबाट २०७३ साउन २३ गते भएको निर्णयमा अन्तर्राष्ट्रिय कानुन र गोपनीयताको प्रश्नबारे चाखलाग्दोरूपमा बोलिएको पाइन्छ।

एक अस्ट्रेलियन कम्पनीले मुद्रा छाप्ने क्रममा नेपालका केही सम्बद्ध व्यक्तिहरू भ्रष्टाचारमा संलग्न रहेको हुनसक्ने शङ्का गरी अस्ट्रेलियन सरकारले कूटनीतिक माध्यमबाट त्यस्ता केही व्यक्तिको विवरण उपलब्ध गराउन माग गर्छ। पारस्परिक कानुनी सहायता ऐन, २०७० को दफा ३१ बमोजिम काठमाडौं जिल्ला अदालतले सो कुराको अनुमति प्रदान गर्छ। सो अनुमति बदर गरिपाउन सर्वोच्च अदालतमा पृथ्वीबहादुर पाण्डेसमेतका व्यक्तिले रिट निवेदन दायर गर्छन्। सो मुद्दामा सर्वोच्च अदालतद्वारा निम्न सिद्धान्त स्थापित भएको पाइन्छ : युनाइटेड नेसन्स कन्भेन्सन एगनेस्ट करप्सन, २००३ लगायतका सङ्गठित अपराध नियन्त्रणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिमा भएका प्रावधानअनुसारको दायित्व निर्वाहका दृष्टिले दुवै देश उक्त महासन्धिको पक्ष राष्ट्र भएका कारणबाट यस प्रकारको सूचना, तथ्याङ्क वा विवरण उपलब्ध गराउनु वाञ्छनीय नै देखिन्छ। यसबाट रिट निवेदकको संविधानद्वारा प्रदत्त गोपनीयतासम्बन्धी हकलगायत अन्य कुनै प्रकारको संवैधानिक हक अधिकारमा गैरकानुनीतवरबाट आघात पारिएको मान्न मिल्ने अवस्था पनि देखिएन। ब्याङ्क खातासम्बन्धी विवरणको गोपनीयता निरपेक्ष नभई कानुनी प्रक्रियाद्वारा नियमन हुने विषय भएकाले मागबमोजिमको सूचना, जानकारी प्रदान गरिएको कारणबाट कुनै प्रावधानविपरित हुन जाने अवस्था पनि देखिएन।

### निष्कर्ष

निष्कर्षमा के भन्न सकिन्छ भने प्रधान न्यायाधीशको नियुक्ति, सर्वोच्च अदालतमा ११ जना न्यायाधीश नियुक्ति, प्रधान न्यायाधीश र न्यायाधीशहरूको संसदीय सुनुवाइ, उच्च अदालत गठन, उच्च अदालतका न्यायाधीश नियुक्ति, सो नियुक्तिउपर सरकारी वकिलहरूद्वारा बहस पैरवी नगरी इजलास बहिष्कार गरिएका घटना न्याय क्षेत्रका महत्त्वपूर्ण र चाखलाग्दा घटनाका रूपमा रहे।

त्यसरी नै लोकमान कार्कीको मुद्दा, कनकमणि दीक्षितको मुद्दा, संविधानको बाधा अड्काउ फुकाउनेसम्बन्धी मुद्दा, संविधानको दोस्रो संशोधन प्रस्तावसम्बन्धी मुद्दा, सरोगेसीसम्बन्धी मुद्दा, डा. गोविन्द केसीको मुद्दा र पशुपन्छीको बलिसम्बन्धी

मुद्दामा सर्वोच्च अदालतबाट भएका निर्णय एवम् आदेश नेपाली कानुनी प्रणाली र संविधानको विकासमा ज्यादै महत्त्वपूर्ण बन्ने देखिन्छन्।

समग्रतामा राज्यका अन्य अङ्गले संविधान एवम् कानुनबमोजिम कार्य नगर्दा अदालत सक्रिय बन्नुपरेको देखिन्छ। अदालतले सरकारको प्रतिस्थापन गर्ने वा विकल्प दिने काम गर्न सक्दैन। तर जब राज्यका अन्य अङ्ग चरम विशृङ्खलताको दलदलमा फस्छन् तब अदालत नै एक प्रमुख सहारा बन्न पुग्दोरहेछ। यस परिप्रेक्ष्यमा कतिपय कमी/कमजोरीका बाबजुद पनि २०७२/०७३ को समयमा अदालत लोकतन्त्रको रक्षा गर्न र संविधानको विकास गरी कानुनी शासन स्थापना गर्न अग्रपङ्क्तिमा उभिएको पाइन्छ।

फोटो : रमेशप्रसाद तिमल्सिना




२.२ राज्य र मानवअधिकार

# कार्यपालिका

परिच्छेद
२

## १. पृष्ठभूमि

नेपालको संविधान निर्माणका सन्दर्भमा प्रदेशहरूको सीमाङ्कन, समानुपातिक समावेशी सहभागिता, जनसङ्ख्याका आधारमा निर्वाचन क्षेत्र तथा नागरिकतालगायत विषयमा दलबीच सहमति हुन नसके पनि प्रमुख राजनीतिक दल नेपाली कङ्ग्रेस, नेकपा (एमाले), एकीकृत नेकपा (माओवादी) र मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक) बीच संविधान जारी गर्न भनी १६ बुँदे सहमति भयो। त्यसपछि संविधान अत्यधिक बहुमतबाट जारी भई कार्यान्वयनका प्रारम्भिक कदमका रूपमा नयाँ सरकार गठन, राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुखको निर्वाचन सम्पन्न भयो। संविधानको भाग ३ मा मौलिक हक र कर्तव्यको व्याख्या गरी धारा १६ देखि ४७ सम्म ३२ वटा मौलिक हकको व्यवस्था गरिनुका साथै धारा ४८ मा नागरिकको मौलिक कर्तव्यसमेत व्यवस्था गरिएको छ। मौलिक हकअन्तर्गत मर्यादित जीवनको हक, स्वतन्त्रतासम्बन्धी हक, समानता, अविभेद, यातनाविरुद्धको हक, फौजदारी न्यायको हक, न्यायिक उपचारको हक जस्ता नागरिक तथा राजनीतिक अधिकार एवम् अपराधपीडितको हक, छुवाछूत/भेदभावविरुद्धको हक, भाषा तथा संस्कृतिको हक, रोजगारी तथा श्रमको हक, आवासको हक जस्ता सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारको हक व्यवस्था गरिएको छ। त्यसैगरी संविधानमा सामाजिक न्याय तथा सुरक्षाको हक, उपभोक्ताको हक, ज्येष्ठ नागरिकको हक जस्ता अधिकारलाई समेत मौलिक हकका रूपमा समावेश गरिएको छ।

भूकम्पबाट ८ हजार ९ सय ४८[१] जनाको मृत्यु भयो भने २२ हजार ३ सय २ जना घाइते भए। तर, भूकम्प पुनर्निर्माण प्राधिकरण गठनमा भएको ढिलाइ र राजनीतिक हस्तक्षेपका कारण पुनःस्थापनाको पर्खाइमा बसेका ८ लाख ८६ हजार ४ सय ५६[२] पीडित परिवारको अधिकार संरक्षणमा नकारात्मक प्रभाव परेको छ। स्मरणीय छ, भूकम्पबाट ६ लाख ४ हजार ९ सय ३० घर पूर्णरूपमा क्षतिग्रस्त भएका थिए भने २ लाख ८८ हजार ८ सय ५६ घर आँशिकरूपमा क्षति भएका थिए। राजनीतीकरण र पुनर्निर्माण/पुनःस्थापनासम्बन्धी काममा भएको ढिलाइबाट भूकम्प प्रभावितका लागि प्राप्त अन्तर्राष्ट्रिय सहयोगसमेत सदुपयोग हुनेमा सन्देह पैदा भएको छ।

बारम्बार सरकार परिवर्तन र राजनीतिक अस्थिरताको सिलसिला यस वर्ष पनि निरन्तर कायम भयो। संविधान निर्माण भएसँगै सरकार परिवर्तन भएको तीन महिनाभित्र संविधान सम्बन्धमा असन्तुष्ट पक्षका मागलाई समेत सम्बोधन गर्न भनी पहिलो संशोधन गरियो। तापनि असन्तुष्ट पक्षले आफ्नो माग सम्बोधन नभएको भन्दै गुनासो कायमै राख्यो। नौ महिनापश्चात फेरि सरकार परिवर्तन भएपछि संविधानको स्वीकार्यता बढाउन भन्दै सरकारद्वारा दोस्रो पटक सदनमा संविधान संशोधन प्रस्ताव पेश भएको छ। सरकारले संविधान संशोधनको पक्षमा रहेका दलसँग वार्ता जारी राखेको भए पनि परिमार्जन नभई संशोधनमा समर्थन नगर्ने अडान राखेका छन्। प्रमुख विपक्षीलगायत विपक्षमा रहेका दलहरूले उक्त संशोधन आवश्यक नरहेको, संशोधन भएमा राष्ट्रियता र सार्वभौमसत्तामा असर पर्ने भन्दै विरोध गरिरहेका छन्। यही कारण विपक्षीले संसद् अवरुद्धलगायत आन्दोलनका कार्यक्रमसमेत अगाडि ल्याएका छन्। परिणामस्वरूप संविधान कार्यान्वयन भई राज्यबाट आफ्नो हक अधिकार एवम् विकासका कार्य अघि बढ्नेछ भन्ने आशामा रहेका जनतामा निराशा उत्पन्न भएको छ।

जारी संविधानका विषयमा दलबीच देखिएको असहमतिका कारण उत्पन्न समस्याले नागरिकको मानव अधिकार उपभोगमा अवरोध सिर्जना भएको छ। संविधान निर्माणका क्रममा विशेषतः सङ्घीय प्रदेशहरूको सङ्ख्या र सीमाङ्कनको विषयमा दलबीच असमझदारी रहेकाले संविधान कार्यान्वयन प्रक्रियामा नकारात्मक प्रभाव परेको छ। आफ्ना माग सम्बोधन गराउने नाममा विभिन्न राजनीतिक दल एवम् समूहबाट भएका बन्द र हड्तालजस्ता कार्यबाट मानव अधिकार संरक्षणमा चुनौती थपिएका छन्।

संविधान कार्यान्वयनको सिलसिलामा स्थानीय निकायको निर्वाचन गर्ने अभिव्यक्ति राजनीतिक वृत्तबाट सार्वजनिक भए पनि त्यसका लागि आवश्यक कानुन तर्जुमा गर्ने कार्यमा सरकारको तदारुकता भने देखिएन। २०७४ माघ ७ भित्र संविधानअनुसार सङ्घ, प्रदेश र

---

१. http://drrportal.gov.np/uploads/document/552.pdf

२. ऐजन

स्थानीय तहको निर्वाचन सम्पन्न नहुने शङ्का उत्पन्न भएको छ। निर्वाचन हुनका लागि कानुन निर्माण हुनुपर्ने सरकारी भनाइ र निर्वाचन आयोगको माग रहेको अवस्थामा ५ विधेयकमात्र संसद्मा दफावार छलफलका क्रममा समितिमा विचाराधीन छ। संविधान कार्यान्वयनको महत्त्वपूर्ण कडीका रूपमा रहेको नयाँ संविधानले व्यवस्था गरेअनुरूप नयाँ कानुन निर्माण गर्ने तथा १८ वर्षभन्दा बढी समयदेखि निर्वाचन सम्पन्न हुन नसकी रिक्त रहेको स्थानीय निकायको निर्वाचनका लागि ठोस कदम अगाडि बढ्न सकेको छैन। यसबाट आफ्ना निर्वाचित प्रतिनिधिद्वारा सेवा, सुविधा र हक प्रत्याभूत गर्ने नागरिकको अधिकार कुण्ठित हुनुका साथै सुशासनको अभावमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोगमा बाधा परिरहेको छ। संविधानप्रति असन्तुष्ट पक्षसँग लोकतान्त्रिक पद्धति अवलम्बन गरी वार्ता, संवाद, सहमतिका माध्यमबाट निरूपण गरी उचित निष्कर्षमा पुग्ने कार्यमा ढिलाई हुनाले तोकिएको समयमा तीनै तहको निर्वाचन सम्पन्न गर्ने कार्यमा उत्पन्न शङ्का निराकरण गर्न राजनीतिकतवरबाट सबैको गम्भीर प्रयत्न आवश्यक छ।

सरकारद्वारा संविधान संशोधनको प्रस्ताव सार्वजनिक भएपछि रूपन्देही, अर्घाखाँची, पाल्पा, गुल्मीलगायत्का जिल्लामा सीमाङ्कनप्रति असन्तुष्टि पोख्दै आन्दोलन भए। त्यसको विरोधमा पाँच नम्बर प्रदेश तथा केही अन्य स्थानमा आवाज उठे। आन्दोलनकारीले संविधानमा पहाडी प्रदेशलाई बुटवलसँग छुट्याउने गरी जनभावना विपरित संशोधन प्रस्ताव आएको भन्दै आन्दोलनलाई निरन्तरता दिएका थिए जसका कारण संविधान कार्यान्वयनको मूल लक्ष्य प्राप्तिको बाटोमा सन् २०१६ सकारात्मक वर्षका रूपमा रहेन।

सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन र संयन्त्रहरू निर्माण भए पनि देशमा विद्यमान दण्डहीनताको अवस्थाका कारण पीडित न्याय पाउनेमा अझै पनि आश्वस्त हुन सकेका छैनन्। मानव अधिकारको अवस्थामा सुधार नआएको र दण्डहीनताको कुसंस्कार बढ्दै गएको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले सरकारको ध्यानाकर्षणसमेत गराएको थियो। बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगको अवधि समाप्त हुन लाग्दा पनि ती आयोगका लागि कानुन परिमार्जन हुन नसक्नु, द्वन्द्वपीडितको यथोचित व्यवस्था हुन नसक्नु, दण्डहीनताले निरन्तरता पाउनु जस्ता कारण मानव अधिकारको अवस्था दयनीय देखिएको छ। सङ्क्रमणकालीन न्यायका संयन्त्र सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले उजुरी ग्रहण गरिसकेपछि पनि काम/कारबाहीमा देखिएको सुस्तताले द्वन्द्वपीडितले उचित न्याय पाउने कुरामा शङ्का नै देखिन्छ।

राजनीतिक दल र तिनका भातृसङ्गठनबाट भएका आन्दोलन र त्यसक्रममा भएका बन्द हड्तालबाट मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध र नेपालको संविधानले प्रदान गरेको व्यक्तिको स्वतन्त्रपूर्वक आवतजावत गर्ने, पेसा व्यवसाय गर्ने, रोजगारी गर्ने स्वतन्त्रता नराम्ररी प्रभावित भएका छन्। यसबाट स्वास्थ्यलगायत अत्यावश्यकीय मानवीय सेवा तथा शिक्षाको अधिकारसमेत प्रभावित भएको देखिन्छ।

कानुनको कमजोर कार्यान्वयन महिलामाथि हुने हिंसा रोक्न बाधक हुने गरेको तथ्य सबैसामु छर्लङ्ग छ। यति हुँदाहुँदै पनि कानुनको प्रभावकारी कार्यान्वयन र समयानुकूल कानुन परिमार्जन गर्नेतर्फ ध्यान दिइएको पाइएन। शिक्षा, स्वास्थ्य र खाद्य अधिकारको अवस्थामा यो वर्ष पनि सुधार हुन सकेन। स्वास्थ्य संस्थामा आवश्यक औषधि उपलब्ध नहुनुका साथै दरबन्दीअनुसारका स्वास्थ्यकर्मी उपलब्ध भएनन्। कारागारमा क्षमताभन्दा बढी बन्दी भएका कारण त्यहाँको जीवन कष्टप्रद् रह्यो। माथि उल्लेख गरिएका यस्तै विषयवस्तुबारे यो परिच्छेदमा सङ्क्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ।

## २. मानव अधिकार राष्ट्रिय कार्ययोजना

नेपाल सरकारले आर्थिक वर्ष २०७१ देखि २०७६ सम्मका लागि चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना लागु गरेको छ। स्वास्थ्यलगायत विभिन्न १८ विषयलाई प्राथमिकताका साथ समेटिएको यो कार्ययोजनामा मानव अधिकारको प्रतिबद्धता व्यावहारिकरूपमा सुनिश्चित गर्ने, मानव अधिकारप्रतिको राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व कार्यान्वयन गर्ने, विकास र मानव अधिकारलाई संरचनागत र कार्यात्मकरूपले जोड्ने, मानव अधिकार संस्कृति विकास गर्ने उद्देश्यले चौथो मानव अधिकार

राष्ट्रिय कार्ययोजना रणनीतिहरू[३] कार्यान्वयन गर्ने जिम्मेवार निकायहरू[४], सहयोगी निकाय[५] र जिम्मेवारी तोकिएको छ। कार्यान्वयन गर्ने निकायहरूले सम्बन्धित कार्य कार्यान्वयन गर्ने प्रमुख दायित्व लिने, नीति तथा कानुन निर्माण वा तर्जुमा गर्न नेतृत्व लिने, आवश्यक स्रोतसाधन व्यवस्था गर्ने, दुई वा दुईभन्दा बढी निकाय संलग्न रहेको निकायसँग समन्वय गर्ने, कार्ययोजना कार्यान्वयनमा देखिएका बाधा अड्काउ फुकाउने जस्ता जिम्मेवारी छन्। त्यसैगरी सहयोगी निकायका जिम्मेवार निकायलाई सघाउने, आवश्यक स्रोतसाधन र विशेषज्ञता उपलब्ध गराउने, जिम्मेवार निकायमा क्रियाकलाप वा प्रस्ताव वा अनुरोध गर्नेलगायत जिम्मेवार निकायले तोकेका अन्य कार्य गर्ने जिम्मेवारी पनि छ। मानव अधिकार राष्ट्रिय कार्ययोजना जिल्लास्तरीय कार्यान्वयन तथा समन्वय समितिमा रहने कतिपय सदस्यमा कार्ययोजना सम्बन्धमा नै अनभिज्ञता देखियो। प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले कार्ययोजनासम्बन्धी प्रचारप्रसार तथा कार्ययोजना समयमा नै उपलब्ध गराइ यसबारे जानकारी दिने गरेको पाइएन। छापिएको कार्ययोजनाको एक/एक प्रतिसम्म पनि अधिकांश जिल्ला प्रशासन कार्यालयमा नरहेको, अन्य सरकारी कार्यालयलाई त कार्ययोजनाबारे जानकारीसम्म नभएको पाइयो। मानव अधिकार राष्ट्रिय कार्ययोजना प्रधान मन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको वेबसाइटमा पनि लामो समयपछि मात्र नेपाली भाषामा राखिएको, त्यसलाई उतार गरी अध्ययन गर्ने कार्यमा प्राय: सरकारी निकायका अधिकारी उदासीन रहेको देखिन्छ।[६]

नेपालको विश्वव्यापी आवधिक समीक्षा[७] (युनिभर्सल पेरियोडिक रिभ्यु- युपिआर) का क्रममा विभिन्न राष्ट्रले दिएका सुझाव तथा सिफारिसमा नेपाल सरकारले प्रतिक्रिया एवम् प्रतिबद्धता जनाएको थियो। राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारको कार्ययोजनामा उल्लेखित सुझाव एवम् सिफारिस कार्यान्वयन गर्ने मन्त्रालय तथा निकाय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, आदिवासी जनजाति राष्ट्रिय प्रतिष्ठान एवम् केन्द्रीय बाल कल्याण समितिसँग अन्तर्क्रियामार्फत सुझाव लिई विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सुझाव तथा सिफारिस कार्यान्वयन अवस्थाबारे समीक्षा गर्दै आएको छ।

---

३. चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना रणनीतिहरूमा कानुन पुनरावलोकन, परिमार्जन र नयाँ कानुन निर्माण मानव अधिकार राष्ट्रिय संस्थाहरूको सुदृढीकरण गर्ने मानव अधिकारलाई आवधिक विकास योजनासँग सम्बन्धित नीतिहरूमा संरचनात्मक र कार्यात्मकरूपमा समाहित गर्ने, मानव अधिकारको सम्मान, संरक्षण र प्रोत्साहनमा देखिएका अवरोध हटाइ मानव अधिकार संस्कृतिको विकास गर्ने विषय छन्।

४. मन्त्रालयहरू : प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, शिक्षा, विज्ञान तथा प्रविधि, महिला तथा बालबालिका, श्रम तथा रोजगार, परराष्ट्र, नागरिक उड्डयन, कानुन, स्थानीय विकास, भूमि सूधार, शहरी विकास, कृषि, गृह, वन, उद्योग, ऊर्जा, सहकारी, शान्ति, युवा तथा खेलकुद, अर्थ, भौतिक पूर्वाधार, सूचना, वाणिज्य, आपूर्ति, रक्षा, सिँचाइ, सामान्य प्रशासन मन्त्रालय।

५. नागरिक समाज, गैरसरकारी सङ्घ/संस्था, दातृनिकाय, तथ्याङ्क विभाग, घरेलु  विभाग, ट्रेड युनियनहरू, वैदेशिक रोजगार प्रबर्द्धन बोर्ड, वैदेशिक रोजगार विभाग, राजदूतावासहरू, युनेस्को, सर्वोच्च अदालत, राष्ट्रिय मानव अधिकार आयोग,  राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, कानुनी सहायता परियोजना, आदिवासी जनजाति उत्थान प्रतिष्ठान, स्थानीय निकायहरू, विधि विज्ञान प्रयोगशाला, कृषि र पशु विकास कार्यालयहरू, न्यायिक प्रतिष्ठान, आइसिआरसी, संयुक्त राष्ट्र सङ्घ, ऊर्जा आयोग, विद्युत् प्राधिकरण आदि।

६. राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन, २०७३

७. संयुक्त राष्ट्र सङ्घको स्थापनापश्चात मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नका लागि संयुक्त राष्ट्र सङ्घको महासभाले मानव अधिकार कानुन र सोसम्बन्धी विभिन्न प्रकारका संयन्त्र विकास गर्दै आइरहेको छ। राष्ट्र सङ्घका सदस्य राष्ट्रलाई बढी जिम्मेवार र उत्तरदायी बनाउने एवम् मानव अधिकारप्रतिको प्रतिबद्धताहरू पालना गराउने उद्देश्यका साथ संयुक्त राष्ट्र सङ्घको २००६ मार्च १५ ( तद्नुसार वि.सं. २०६२ चैत २ गते) को महासभाको प्रस्तावना नं. ६०/२५१ मार्फत मानव अधिकार परिषद् स्थापनासँगै नयाँ मानव अधिकार संयन्त्रका रूपमा विश्वव्यापी आवधिक समीक्षाको व्यवस्था गरिएको हो। यसरी स्थापित संयन्त्रलाई मानव अधिकार परिषद्को १८ जुन २००६ (२०६४ असार ४ गतेको) प्रस्ताव नं. ५/१ ले अझ बढी विस्तृत पारेको छ।

यस वर्षको बजेटमा ज्येष्ठ नागरिक, एकल महिला, विधवा, अपाङ्गता भएका व्यक्ति, लोपोन्मुख आदिवासी जनजाति जस्ता वर्गको सामाजिक सुरक्षा भत्ता दोब्बर वृद्धिलगायत केही सकारात्मक कार्यक्रम आएको छ। बजेटमा भूकम्प प्रभावितका लागि प्राथमिकता देखिए पनि कार्यान्वयनमा ढिलासुस्ती, राजनीतीकरण जस्ता कारण प्राप्त अन्तर्राष्ट्रिय सहयोगसमेत सदुपयोग हुने कुरामा सन्देह पैदा भएको छ। त्यसैगरी दलित, पिछडिएका, सीमान्तकृत समुदाय, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक आदिलाई प्राथमिकतामा राखी सुलभ र सहज न्याय प्रदान गर्ने राज्यको नीति एवम् कार्ययोजनाको उद्देश्य रहे तापनि सोअनुरूप बजेट र कार्यक्रम कार्यान्वयनमा आउन सकेको पाइँदैन। अदालतसम्मको सहज पहुँच नभएका कारण पहाडी र हिमाली जिल्लाका दुर्गम क्षेत्रका बासिन्दा कतिपय अन्याय सहेर बस्नुपर्ने, न्यायका लागि महँगो मूल्य तिर्नुपर्ने, मुद्दा फैसलाका लागि लामो समय कुर्नुपर्ने बाध्यता सम्बोधन हुने गरी बजेट निर्माण भएको पाइँदैन।

## ३. सामाजिक सुरक्षा

नेपालको संविधानमा समानताको हकअन्तर्गत धारा १८ को उपधारा (३) को प्रतिबन्धात्मक वाक्यांशमा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिकरूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सकिने प्रावधान छ। राज्यले दुर्गम र विपन्न वर्गमा अपेक्षितरूपमा गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारी जस्ता आधारभूत आर्थिक तथा सामाजिक अधिकारमा आमनागरिकको पहुँच बढाउन सकिरहेको छैन। विद्यालय शान्ति क्षेत्र घोषणा गरिए पनि यसको कार्यान्वयन हुन सकेको छैन। सुकुमबासी, कमैया, हलिया, हरूवा, चरुवा, कमलरी जस्ता सीमान्तकृत समुदायमाथिको शोषण अन्त्य गर्न पहल भए पनि यस्ता समुदायको आर्थिक/सामाजिक अधिकारमाथिको पहुँच बढाउने कार्य सन्तोषजनकरूपमा हुन सकेको छैन। रोजगारीको अभावमा करिब ५० लाख युवा विदेशिनुपरेको अवस्था छ। सरकारले देशभित्र उद्योग, कलकारखाना स्थापना गरेर रोजगारी दिनेभन्दा पनि वैदेशिक रोजगारीलाई प्राथमिकता दिने कार्यलाई निरन्तरता दिएको छ।

अपाङ्गता भएका व्यक्ति आर्थिक विपन्नताको अवस्थाबाट रोग, भोक तथा गरिबीपूर्ण जीवन बिताइरहेका छन्। अपाङ्गता भएका व्यक्तिमाथि सामाजिकरूपमा अपमानजनक शब्द प्रयोग गर्ने जस्ता परम्परा र कुटपिट गर्ने, सामाजिक बेइज्जती गर्ने जस्ता कार्यसमेत हुने गरेका छन्। विद्यमान कानुन तथा नीतिको पूर्ण कार्यान्वयन नहुनु साथै सार्वजनिक अपाङ्गमैत्री भौतिक संरचना तथा सवारी साधन नहुनु, सवारी साधनमा आरक्षित कोटामा पहुँच नहुनु त छँदैछ, शैक्षिक क्षेत्रमा समेत अपाङ्गमैत्री पूर्वाधारको विकास, रोजगारमा उचित व्यवस्था, शिक्षामा पहुँच पुग्न सकेको छैन। महिला र बालबालिकमाथि हुने हिंसाका कारण मानसिकरूपमा अस्वस्थ हुने र दीर्घकालीनरूपमा मानसिक अपाङ्गता हुने क्रम वृद्धि हुँदै गएको छ। अपाङ्गता भएका व्यक्तिका लागि अपाङ्गमैत्री भौतिक संरचना, सञ्चारजगत, रोजगार, शिक्षा तथा न्यायमा पहुँच पुग्न सकेको छैन।

नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजनामा समेत ज्येष्ठ नागरिकको सामाजिक सुरक्षासम्बन्धी विभिन्न व्यवस्था उल्लेख गरिएको भए पनि उल्लिखित संवैधानिक, कानुनी तथा नीतिगत दस्तावजेहरूमा रहेका व्यवस्थाको कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेका छैनन्। ज्येष्ठ नागरिकको जीवनस्तर सुधार्न, उनीहरूका आर्थिक, सामाजिक, परिवेश सबैलाई विचार गरी ज्येष्ठ नागरिक ऐन, २०६३ मा ज्येष्ठ नागरिकले स्वास्थ्य उपचार गराउन लाग्ने खर्चमा ५० प्रतिशत छुट दिने व्यवस्था भए पनि उनीहरू उक्त सुविधा उपयोग गर्नबाट वञ्चित रहँदै आएका छन्। उपभोक्तालाई सुरक्षित हुन पाउने, सूचित हुन पाउने, छनोट गर्न पाउनेमात्र होइन सुनुवाइ, क्षतिपूर्ति र उपभोक्ता शिक्षाको अधिकारसमेत प्राप्त हुन्छ। उपभोक्ता महँगी, कालाबजारी, कृत्रिम अभावबाट प्रत्यक्ष मारमा परे पनि सरकारले अनुगमन कार्य प्रभावकारी बनाउन सकेको पाइएन।[८] संयुक्त राष्ट्र सङ्घको महासभाबाट पारित १७ वटा दिगो विकास लक्ष्य[९] तय भई सन् २०३० सम्ममा यसको प्राप्तिका लागि राष्ट्रिय योजना आयोगको तयारी र समन्वयमा

८. राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०७३

९. दिगो विकास लक्ष्य संयुक्त राष्ट्र सङ्घको महासभाबाट १५ सेप्टेम्बर २०१५ मा पारित भएको थियो।

केही सरकारी प्रयास भइरहेका छन्। अपाङ्गता भएका व्यक्ति, दलित तथा पिछडिएका व्यक्तिका अधिकार उपभोगमा वञ्चितीको अवस्था कायमै छ। सरकारी कार्यालय भवन अपाङ्गमैत्री नभएका कारण अपाङ्गता भएका व्यक्तिले कार्यालय प्रमुखसँग भेटघाट तथा छलफल गर्नसमेत कठिनाइ भोग्नुपरेको छ। साथै राज्यको सेवा र सुविधा प्राप्त गर्ने कार्यमा सहज पहुँच नभएको, सार्वजनिक यातायातका साधनमा नियमानुसार अपाङ्गता भएका व्यक्तिलाई आरक्षण सिटमा बस्नबाट वञ्चित गरिने, भाडामा सहुलियत नदिने र यातायात प्रयोग गर्ने समयमा नरोकिदिने जस्ता कार्यले सहज तरिकाले आवतजावत गर्न पाउने उनीहरूको अधिकारमा बाधा पुगेको छ। दलित वर्ग, सीमान्तकृत, पछाडि पारिएका तथा शोषित/पीडित समुदायबाट उठेका अधिकारका स्वरको उचित सम्बोधन हुन सकेको छैन। कथित बोक्सीको आरोपमा दलित महिलाको मानव अधिकार उल्लङ्घनका घटना, बहिष्कार जस्ता घटना सम्बन्धमा छानबिन तथा अनुसन्धान गरी उल्लङ्घनकर्तालाई दण्ड दिने एवम् पीडितलाई क्षतिपूर्ति दिलाउने काम सशक्त हुन आवश्यक छ।

महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका र यौनिक अल्पसङ्ख्यकलगायत पिछडिएका वर्गमाथि विभेद र बहिष्करणका घटना अद्यापि छन्। महिलामाथि बढीमात्रामा घरेलु हिंसाका घटना हुने तर ती घटना प्रहरी र अदालतसम्म न्यूनमात्रामा मात्र पुग्ने, गाउँघरमै मिलाउने र यसरी मिलाउँदा पीडित पक्षको न्यायलाई प्राथमिकता नदिइने अवस्था विद्यमान छ। खाद्यान्न कमी, समयमा औषधोपचार र अस्पतालमा सहज पहुँच नभएका कारण सुदूरपश्चिमका पहाडी र कर्णाली अञ्चलका महिलाले अल्पायुमै ज्यान गुमाउनुपर्ने, दीर्घ रोगी भएर बाँच्नुपर्ने अवस्था छ।

### ४. स्वास्थ्यको अधिकार

स्वास्थ्यको अवस्थामा यो वर्ष पनि अपेक्षित सुधार हुन सकेन। सरकारले स्वास्थ्य संस्थाहरू कार्यालय समयसम्म खोल्न निर्देशन दिएको छ तर यो निर्देशन प्रभावकारी हुन सकेको छैन। ग्रामीण भेगका स्वास्थ्य केन्द्रमा चिकित्सकसँग पहुँच, मेडिकल शिक्षामा सुधारलगायत समग्र स्वास्थ्य सेवामा सुधारसमेतको माग राखी डा. गोविन्द केसीले पटकपटक अनशन बसेकामा केसीसँग सरकारले वार्ता गरी माग पूरा गर्ने प्रतिबद्धता गरेको भए तापनि सोअनुरूप सरकारबाट सुधारका काम भने हुन सकेको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार कार्यान्वयन गर्ने क्रममा पाँच कुरा ध्यानमा राखेमा मानव अधिकार परिपूर्ति गर्ने कर्तव्य पूरा गरेको मानिन्छ जसमा उपलब्धता, पहुँच, स्वीकार्यता, लचकता र गुणस्तरीयता पर्छन्। विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्यको परिभाषा गर्दै स्वास्थ्य भन्नाले पूर्ण शारीरिक, मानसिक र सामाजिक अवस्था हो, केवल रोग नहुने होइन भनी उल्लेख गरेको छ। यस वर्ष सरकारले राजनीतिक आधारमा नेतालाई उपचार रकम दिने[१०] तर, जनता भने साधारण उपचार नपाएर जीवनको अधिकारबाटै वञ्चित हुनुपरेको अवस्था रह्यो। ग्रामीण भेगका स्वास्थ्य केन्द्रमा पठाइने औषधि ढुवानी प्रक्रियाको जटिलताले समयमा नपुग्ने तथा म्याद नाघ्न लागेका औषधि पुग्ने गरेका, स्थानीय आवश्यकताभन्दा पनि हचुवाका भरमा औषधि पठाइने प्रवृत्तिले गर्दा चाहिने औषधि नहुने र नचाहिने औषधिको भने थुप्रो लाग्ने गरेको पाइएको छ।

नि:शुल्करूपमा उपलब्ध हुने भनिएका औषधि अभाव, गुणस्तरीयता जस्ता समस्या अनुगमन गरिएका सबै क्षेत्रमा पाइएको छ। सरकारी अस्पतालमा व्यवस्थापन पक्ष कमजोर हुँदा नागरिकको पहुँच र सेवा प्रभावित भएको पाइएको छ। खासगरी मोफसलका अस्पताल तथा स्वास्थ्य संस्थामा चिकित्सक एवम् स्वास्थ्यकर्मीको अभाव एउटा गम्भीर समस्याका रूपमा छ। चिकित्सक तथा स्वास्थ्यकर्मी शहरी क्षेत्रमा बस्न रुचाउने कारण दुर्गम क्षेत्रमा जनशक्ति अभाव देखिन्छ। स्वास्थ्यको अधिकारअन्तर्गत पनि मानसिक स्वास्थ्यले अझै पनि प्राथमिकता पाउन सकेको छैन। आवश्यकमात्रामा मानसिक बिरामीलाई पुनर्स्थापना गृहको बिस्तार एवम् यथोचित व्यवस्थापन हुन सकेको छैन।[११]

१०. Govt decides to fund up to Rs 5 million for Sujata's treatment available at: http://www.myrepublica.com/news/9090

११. राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०७३

### ५. खाद्य अधिकार

यस वर्ष खाद्य उत्पादन केही बढेको भए तापनि नेपालका दुर्गम पहाडी जिल्लामा विगतका वर्षमा झैँ यो वर्ष पनि खाद्य सङ्कट देखियो। नेपाली जनतालाई खाद्य सुरक्षाका नाममा विदेशबाट आयात गरिएका चामल बाँड्न राज्य अग्रसर देखिए पनि कृषि, प्रविधि विस्तार र उन्नत बीउ अनुदानमा उपलब्ध गराउने कार्यमा सरकारी उदासीनता रह्यो। सन् २००५ मा २२ दशमलव ५ प्रतिशत भोकमरी रहेकामा सन् २०१४ मा घटेर ६ दशमलव ४ मा आइपुगेको छ। विश्व भोकमरी सूचकको विश्लेषणबमोजिम विश्वमा ७६ देशमा खाद्य असुरक्षा देखिएकामा नेपाल ४४ औँ नम्बरमा पर्छ। मुलुकमा खाद्य अपर्याप्तता १५ दशमलव ७ प्रतिशत छ।[१२] रासायनिक मलको अभाव वर्षभर नै कायम रह्यो। धान लगाउने बेलामा आवश्यक डिएपी र युरिया मलको चर्को अभाव कृषकले बेहोरे। कम गुणस्तरयुक्त मलखादको बिगबिगी रहेको समाचार प्रकाशन भए। सरकारले सन् २०२५ सम्म देशलाई भोकमरीमुक्त बनाउने घोषणा गरेको छ तर खेतीयोग्य भूमि दिन/प्रतिदिन बाँझो हुँदै गइरहेका छन्। खेतीयोग्य जमिनमा हुन थालेको खण्डीकरण रोक्ने प्रयासमा सरकार असफल रह्यो।

सरकारले खाद्य स्वच्छताबारे नियमितरूपमा प्रभावकारी अनुगमन गर्न सकेको देखिँदैन। जलवायु परिवर्तनको असर, अधिक युवा वैदेशिक रोजगारीमा जाने गरेकाले कृषि श्रमिकको अभाव आदि कारणले कृषि उत्पादनमा ह्रास आई खाद्य सुरक्षाको हकको प्रत्याभूति हुन सकेन। सुदूर पश्चिमका डोटी, अछाम, बझाङ, बाजुरा, दार्चुला र मध्यपश्चिमका कर्णाली अञ्चलका जिल्ला तथा अन्य पहाडी भेगका दुर्गम क्षेत्रमा बर्सेनि खाद्यान्न अभाव हुने गरेको छ। करिब ६० हजार जनसङ्ख्या रहेको हुम्ला जिल्लामा मुख्यरूपमा कुपोषणको समस्या छ।

### ६. शिक्षाको अधिकार

देशका कर्णधार वा भोलिका भविष्य भनिने बालबालिकामध्ये कैयन् बालबालिका वर्तमानमै असुरक्षित छन्। बालश्रम, बालबालिका ओसारपसार, बेचबिखन, यौन हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चित हुनु जस्ता मानव अधिकार हनन्का घटनाका कारण बालबालिका आक्रान्त रहेको तथ्याङ्कले दर्शाउँछ। अपाङ्गमैत्री विद्यालय भवन नभएका कारण अपाङ्गता भएका विद्यार्थीले अध्ययनलाई निरन्तरता दिन नसक्नुका साथै प्राथमिक शिक्षापश्चातको शिक्षा लिन अन्यत्र जानुपर्ने बाध्यता छ। यही कारण अध्ययनलाई निरन्तरता दिन नसकेको अवस्था छ। गरिबीको रेखामुनि रहेकामध्ये २० दशमलव ८ प्रतिशतको मात्र माध्यमिक शिक्षामा पहुँच देखिन्छ। निजी र सामुदायिक विद्यालयबाट दुई किसिमको शैक्षिक जनशक्ति उत्पादन भई शिक्षामा विभेद बढ्दै गएको छ। मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार प्रभावकारीरूपमा व्यवहारमा आउन नसकेको अवस्था छ।[१३] राजनीतिक दलले विद्यार्थीलाई आफ्ना आन्दोलनका कार्यक्रममा सहभागी गराउने कार्यमा अझै पनि कमी आएको छैन।[१४]

### ७. भूमिहीन तथा सुकुमबासी

नेपालको जनसङ्ख्या २ करोड ६६ लाखमध्ये ४ लाख ५१ हजार सुकुमबासी छन्। २ लाख ८७ हजार भूमिहीन किसान, ६ लाख ७१ हजार सीमान्तकृत किसान, ६ लाख ४८ हजार साना किसान, १ लाख ५१ हजार मुक्त कमैया, १ लाख मुक्त हलिया र ६५ हजार हरूवाचरुवा छन्। यस्ता भूमिहीनको समस्या समाधान गरी भूमिमाथि पहुँच पुऱ्याउन करिब ४ लाख ७ सय हेक्टर जमिन आवश्यक रहेको वैज्ञानिक भूमि सुधारसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन, २०६७ मा उल्लेख छ। तापनि जमिन प्राप्ति तथा वितरणको मापदण्ड निर्माण नगरी सरकारले सस्तो लोकप्रियताका लागि भूमिहीन तथा सुकुमबासीसम्बन्धी केही गतिविधि गरे पनि ठोसरूपमा उनीहरूका समस्या सम्बोधनका लागि पहल भएको पाइएन।

### ८. कारागारको अवस्था

कारागार ऐन, २०१९ को दोस्रो संशोधन, २०६४ ले कारागारलाई सुधार गृहका रूपमा रूपान्तरण गर्ने उद्देश्य राखेको छ। जसअनुसार सामुदायिक कारागार, खुला कारागारको अवधारणा कानुनी दायरामा ल्याइए पनि यसको कार्यान्वयनका लागि संरचना, निर्देशिकालगायत कुनै कुरा तयार

१२. ऐ. ऐ.
१३. ऐ. ऐ.
१४. ऐ. ऐ.

भएको छैन। देशभरका कारागारमा क्षमताभन्दा बढी कैदी/बन्दी राखिनाले उनीहरूको दैनिकी कष्टपूर्ण रहेको राष्ट्रिय मानव अधिकार आयोग, इन्सेकलगागतका संस्थाले कारागार अनुगमनका क्रममा फेला पारे। केही कारागारमा क्षमताभन्दा बढी बन्दी हुँदा पालो गरेर सुत्नुपरेको, झडपका घटना हुने गरेको समाचार पनि प्रकाशन भए। त्यसैगरी कारागारमा गोडा पसारेर सुत्ने ठाउँ नभएको, भलिबल मैदान, बाटो, भान्छा इत्यादि सबैतिर सुत्न बाध्य भएको आयोगको निरीक्षणका क्रममा खुलेको थियो।

कारागारको भौतिक अवस्था जीर्ण, क्षमताभन्दा बढी कैदी/बन्दी, पर्याप्त मात्रामा शौचालय तथा पिउने पानीको समस्या, रङरोगन अभावमा उडुस/उपियाँले दुःख दिने, वर्षातको समयमा पानी चुहिने गरेको, खेलकुद तथा मनोरञ्जनका सामग्रीको पर्याप्त व्यवस्था नभएको, सिपमूलक तालिम, औपचारिक शिक्षा तथा पर्याप्त पाठ्यपुस्तक व्यवस्था नहुने, स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका उपलब्ध नहुने जस्ता समस्या अधिकांश कारागारमा कायमै छन्। अर्कोतर्फ सरकारले दिने ७५० ग्राम चामल र दैनिक ४५ रुपियाँले जीवन निर्वाह गर्नसमेत कैदी तथा बन्दीलाई मुस्किल परिरहेको छ। आयोग, सरकारद्वारा गठित उच्चस्तरीय कारागार अनुगमन समिति तथा अन्य सङ्घ/संस्था एवम् पत्रपत्रिकाले आफ्नो अवलोकनबाट देखेका समस्याको समाधान गर्न सुझाए पनि यसतर्फ ध्यान नदिइनाले यस्ता घटना दोहोरिइरहेका छन्।

कारागारको भौतिक संरचना जीर्ण भएका कारण भूकम्पबाट काठमाडौँ उपत्यकाको नख्खु कारागारमा कैदीको ज्यानै गएको थियो। देशका अन्य कारागार पनि भत्किएर कैदी/बन्दी घाइते भएका थिए। कतिपय कारागार बस्नै नहुने स्थितिमा छन्। कारागार तथा हिरासत सुधारका लागि राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई पटकपटक दिएका सुझाव, सरकारद्वारा गठित कारागार सुधार समितिहरूले दिएका प्रतिवेदन आदि कार्यान्वयन नभएकै कारण मुलुकका अधिकांश कारागार जीर्ण, असुरक्षित र अपुग क्षमताकै स्थितिमा रहन बाध्य छन्।

### ९. महिला तथा बाल अधिकार

महिलाविरुद्ध हुने हिंसाका घटनामा शून्य सहनशीलताको नीति नेपाल सरकारले लिएको जनायो। देशभरका प्रहरी कार्यालयमा महिला तथा बालबालिका सेवा केन्द्र स्थापना गरी महिलाविरुद्ध हुने हिंसा रोक्न सरकारी प्रयास जारी छ। सरकारले निःशुल्करूपमा उपलब्ध गराउने पाठेघरको शल्यक्रिया, सुत्केरी भत्तालगायत प्रजनन स्वास्थ्यसम्बन्धी विविध चेतनामूलक कार्यक्रमबारे बेखबर हुँदा ग्रामीण भेगका अधिकांश महिला पाठेघरको समस्यालगायत प्रजनन स्वास्थ्यसम्बन्धी समस्याबाट पीडित भइरहेका छन्। घरेलु हिंसाका घटनामा बढोत्तरी भइरहेको छ। समय र विकासक्रम सँगसँगै महिलामाथि हुने विभेद, हिंसाको प्रकार र रूप पनि फरक हुँदै गइरहेको छ। आधुनिक प्रविधि दुरूपयोग गरी महिलामाथि हिंसा गर्ने प्रचलन पनि रहिआएको छ। बलात्कार, यौन दुर्व्यवहार, आगो लगाउने, कुटपिट जस्ता घटनाबाट महिला पीडित भइरहेका छन्[१५]। सुरक्षित गर्भ पतन, सुरक्षित सुत्केरी गराउनेबारे जानकारी अझै पर्याप्त मात्रामा गाउँघरमा पुऱ्याउन नसक्दा घरमै सुत्केरी गराउन प्रयास गर्ने र अन्तिम अवस्था भएपछि मात्र स्वास्थ्य केन्द्र तथा अस्पताल लैजाने परम्परा अद्यापि छ। यसका साथै सुविधा सम्पन्न अस्पतालसम्मको पहुँच नहुँदा गर्भवती महिलाले अकालमा ज्यान गुमाउनुपरेका घटना उत्तिकै छन्। बिरामी, त्यसमा पनि गर्भवती महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको अधिकार नराम्ररी प्रभावित भएको छ। अस्पताल भर्ना भएका बिरामीले इन्धन अभावमा खाना र औषधिसमेत प्रयोग गर्न नपाउने अवस्था सिर्जना भयो। अस्पतालमा अत्यावश्यक औषधिसमेत अभाव भयो। महिला र बालबालिकामाथि हुने हिंसालगायतले पनि मानसिकरूपमा अपाङ्गता हुने क्रम बढिरहेको छ।

### १०. प्रवासी कामदार

प्रवासी नेपाली कामदारको मानव अधिकार सुनिश्चित गर्ने सवालमा यो वर्ष पनि राज्यले पहलकदमी लिन सकेको देखिएन। नेपालको राष्ट्रिय अर्थतन्त्रमा विप्रेषणले ठूलो योगदान गरेको भए पनि यो क्षेत्र सरकारको प्राथमिकताभन्दा बाहिर पऱ्यो। वैदेशिक रोजगार व्यवसायको फितलो नियम, अनियमितता र भ्रष्टाचार, एजेन्टको मनपरी, मौजुदा कानुनको प्रभावकारी कार्यान्वयनको अभाव, जनचेतनाको कमी, ऐन-कानुन, नीतिनियमको समयसापेक्ष संशोधन हुन नसक्नु, सन्धि, महासन्धिको अनुमोदनमा ढिलाइ आदि

१५. ऐ. ऐ.

कारणले वैदेशिक रोजगारीमा जाने नेपाली कामदार ठगिने र जोखिम बढेर गएको छ। कामका लागि सरदर दैनिक १ हजार ५ सयको सङ्ख्यामा तेस्रो मुलुकमा नेपालका युवा जाने गर्छन्। बेरोजगार युवालाई वैदेशिक रोजगारी महत्त्वपूर्ण विकल्प भए पनि राज्यले तिनको आधारभूत मानव अधिकार प्रत्याभूत गर्न सकेन। युवाहरू विदेशिएपछि गाउँ सुनसान भएका समाचार प्रकाशन भए। विप्रेषणका रूपमा पठाइएको रकम उत्पादनमूलक कार्यमा खर्च भएनन्। वैदेशिक रोजगारमा गएका कामदारलाई शेयर दिएर जलविद्युत् आयोजना बनाउने सरकारी योजना भाषणमै सीमित भयो।

युवाहरूको ठूलै सङ्ख्या वैदेशिक रोजगारीका लागि तेस्रो मुलुकमा पलायन भइराखेको अवस्थामा नेपाल सरकारले त्यसरी वैदेशिक रोजगारमा जाने कामदारका लागि दक्ष र सिपयुक्त तालिम व्यवस्था प्रभावकारीरूपमा सिर्जना गर्न सकेको छैन। नेपाली अर्थतन्त्रको कुल गार्हस्थ उत्पादनको २० प्रतिशत हिस्सा विप्रेषणले ओगटेको भए तापनि राज्यबाट प्रवासी कामदार तथा यिनका परिवारको मानव अधिकार संरक्षण र सम्बर्द्धनको क्षेत्रमा अपेक्षित कार्य हुन सकेको छैन। ग्रामीण अर्थतन्त्रको मेरुदण्डका रूपमा वैदेशिक रोजगारबाट प्राप्त हुने विप्रेषणले योगदान गर्नुका साथै यो गरिबी निवारणमा समेत महत्त्वपूर्ण तत्त्वका रूपमा छ। बढ्दो सङ्ख्यामा नेपाली आप्रवासी कामदार विदेशी मुलुकमा जाने क्रमसँगै ठगी, शोषण, परिवारको विखण्डन तथा रोजगारमा गएको देशबाट हुने यातना तथा अमानवीय व्यवहारका कारणबाट मानव अधिकार उल्लङ्घन, हिंसा तथा ज्यादतीबाट पीडित भइरहेका देखिन्छन्। नेपालले वैदेशिक रोजगार ऐन, २०६४ तथा यससम्बन्धी नियमावलीमार्फत वैदेशिक रोजगारलाई नियमन र प्रवासी कामदारको हक अधिकार तथा कल्याणका सम्बन्धमा सकारात्मक पहल राखेको भए पनि अधिकांश प्रवासी कामदारको मानव अधिकार संरक्षण हुन सकेको छैन।

विभिन्न अध्ययनअनुसार प्रवासी कामदारको वास्तविक तथ्याङ्क अद्यावधिक नभएको र छिमेकी देश भारतको बाटो हुँदै अवैधरूपमा वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्या अत्यधिक रहेको अनुमान गरिन्छ। विदेशमा आप्रवासी घरेलु कामदारको काम गर्नेहरूको कार्यसमय तोकिन्न, छुट्टी दिइन्न, उचित ज्यालासमेत दिइन्न भने मनोवैज्ञानिक, शारीरिक र यौन दुर्व्यवहारबाट पीडित बनाइन्छन्। साथै खाडी मुलुकले अरबी भाषामा गरिएका सम्झौतालाई मात्र मान्यता दिने कारणले घरेलु कामदारसँग आफ्नो अधिकारका निम्ति लड्ने कुनै बलियो आधार रहँदैन। राष्ट्रिय मानव अधिकार आयोग नेपाल र राष्ट्रिय मानव अधिकार समिति कतारबीच आप्रवासी कामदारको अधिकार संरक्षणार्थ १० बुँदे समझदारीपत्रमा नोभेम्बर १६, २०१५ मा हस्ताक्षर भएको छ।

## ११. मानव अधिकारका क्षेत्रमा कार्यरत संस्था

विगतदेखि संवैधानिक निकायका रूपमा राष्ट्रिय मानव अधिकार आयोग, कानुनी निकायका रूपमा राष्ट्रिय महिला आयोग र आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान तथा कार्यकारी निकायका रूपमा राष्ट्रिय दलित आयोग र राष्ट्रिय मुस्लिम आयोग गरी पाँच वटा राष्ट्रिय संस्था थिए। नयाँ संविधानले राष्ट्रिय समावेशी आयोग, मधेसी आयोग र थारू आयोगसमेत थप गरी सबैलाई संवैधानिक निकायको मान्यता दिएको छ। राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीलाई नयाँ संविधानले निरन्तरता दिएको छ भने अन्य आयोगमा संविधानबमोजिम विधेयक पारित भई कार्यान्वयन हुन बाँकी छ। यद्यपि, ती आयोगको उजुरी संयन्त्रअन्तर्गत गरिने घटनाको जाँचबुझ राष्ट्रिय मानव अधिकार आयोगले गर्ने छानबिन तथा अनुसन्धान जस्तै प्रकृतिको हो वा फरक प्रकृतिको हो भन्ने सम्बन्धमा भने संविधान तथा कानुनले स्पष्ट मार्गनिर्देश गरेका छैनन्।

### (क) राष्ट्रिय मानव अधिकार आयोग

संवैधानिक निकायहरूमा राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने आधारभूत, नियमित र दीर्घकालिक प्रकृतिको राष्ट्रिय संस्था हो। नेपालका विशिष्टीकृत राष्ट्रिय संस्थाहरूलाई तोकिएका मानव अधिकार संरक्षण तथा सम्बर्द्धनसम्बन्धी कार्यहरू अन्ततः राष्ट्रिय मानव अधिकार आयोगको नियमित कार्यक्षेत्रभित्र नै पर्छन्। आयोगको उजुरी संयन्त्रले जोसुकै व्यक्ति वा समुदाय पीडित भएको अवस्था सम्बन्धमा क्षेत्राधिकार ग्रहण गर्छ। राष्ट्रिय मानव अधिकार आयोगको उजुरी संयन्त्र अर्धन्यायिक प्रकृतिको छ। राष्ट्रिय मानव अधिकार आयोगले जस्तो पीडितको उद्धार गर्ने, क्षतिपूर्ति दिन आदेश नै दिने, मानव अधिकार उल्लङ्घनकर्ताको नाम अभिलेख गरी सार्वजनिक गर्ने कार्यादेश अन्य कुनै पनि

राष्ट्रिय संस्थाले प्राप्त गरेको छैन। राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनमा संवैधानिक निकायबीच समन्वयात्मक भूमिका तथा पीडितलाई उपचार दिने र पीडकउपर कारबाही चलाउने सम्बन्धमा ठोस भूमिका निर्वाह गर्नुपर्छ।

यस वर्ष आयोगले उजुरीउपर निर्णय, सिफारिस, प्रतिवेदन, जर्नल प्रकाशन, कतार र नेपालको मानव अधिकार आयोगबीच वैदेशिक कामदारका विषयमा भएको समझदारीपत्र, आयोगमा कर्मचारी व्यवस्थापन जस्ता कार्य सम्पन्न गरेको छ। त्यसैगरी यस वर्ष आयोगले रिक्तमध्ये उल्लेख्य सङ्ख्यामा जनशक्ति स्थायी पदपूर्ति गरेको छ। यस अवधिमा आयोगमा २ सय १९ उजुरी दर्ता भएका छन्। पुराना र नयाँ गरी २ सय ८ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ भने २ सय ४२ पटक अनुगमन भएको छ। १ सय ८१ वटा उजुरी निरूपण भएको छ। सिफारिस गरिएका २३ वटा उजुरीमा क्षतिपूर्ति उपलब्ध गराउने उल्लेख छ। त्यसैगरी आयोगबाट १२ वटा प्रतिवेदन, ४४ प्रेस विज्ञप्ति र २९ वटा प्रेस नोट जारी भएका छन्।[१६]

**(ख) राष्ट्रिय दलित आयोग**

संवैधानिक हैसियत पाएको राष्ट्रिय दलित आयोगले दलित अधिकारका लागि सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक एवम् सांस्कृतिक क्षेत्र पहिचान गरी काम गर्दै आएको छ। यस वर्ष राष्ट्रिय दलित आयोगसम्बन्धी विधेयक मस्यौदाको चरणमा छ। 'जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८' लागु भएपछि जातकै आधारमा हुने घटनामा संलग्नलाई अपराध मानी कारबाही गर्ने व्यवस्था भए पनि जातका आधारमा हुने विभेद कायमै पाइन्छ। दलितसँग सम्बन्धित उजुरी आयोगमा लिइने कानुनी प्रावधान भए पनि आयोगमा ज्यादै कम उजुरी दर्ता हुने गर्छन्। प्राप्त उजुरी आयोगले सम्बन्धित क्षेत्रमा कानुनी प्रक्रियाका लागि पठाउने र ताकेता गर्ने गरेको छ।

राष्ट्रिय दलित आयोगलाई दलित वर्गको उत्थान र विकासका लागि सामाजिक भेदभाव, छुवाछूत र परम्परागत संस्कार हटाउन सामाजिक जागरणका कार्यक्रम बनाई गैरसरकारी संस्थामार्फत कार्यान्वयन गराउने उत्तरदायित्व सुम्पेको छ। साथै नेपाल पक्ष भएका जातिभेदविरुद्धका तथा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज कार्यान्वयनका लागि आवश्यक पर्ने रणनीति र कार्यनीति तर्जुमा गरी नेपाल सरकारसमक्ष कार्यान्वयनका लागि सिफारिस गर्ने, दलित वर्गको उत्थान र विकास कार्यमा संलग्न गैरसरकारी संस्थाको काम कारबाहीको समन्वय र अनुगमन गर्ने, दलित, अपाङ्गता भएका बालबालिका तथा महिलाको हकहित, संरक्षण र विकासमा मूलप्रवाहीकरणका लागि विशेष व्यवस्था गर्ने जस्ता उत्तरदायित्व सुम्पेको छ। यस वर्ष राष्ट्रिय दलित आयोगले जातीय भेदभाव तथा छुवाछूतसम्बन्धी केही घटनाको अनुगमन गरी पीडकलाई कारबाहीका लागि वकालत गरेको छ।

**(ग) राष्ट्रिय महिला आयोग**

संवैधानिक हैसियत पाएको राष्ट्रिय महिला आयोग महिला हकहित सरंक्षण एवम् संवर्द्धन गरी विकासको मूलप्रवाहमा महिलालाई समाहित गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्यअनुरूप स्थापित भई यसैमा क्रियाशील रहँदै आएको छ। राष्ट्रिय महिला आयोगलाई महिला अधिकारको प्रयोग गर्न नदिएको वा वञ्चित गरेको वा कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै महिला पीडित भएको विषयमा कुनै व्यक्तिबाट निवेदन प्राप्त गरेमा वा कुनै स्रोतबाट जानकारी प्राप्त गरेमा आवश्यक जाँचबुझ गर्न सक्ने व्यवस्था गरेको छ। त्यसैगरी घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ४ ले पनि महिला आयोगमा उजुरी दिन सक्ने व्यवस्था गरेको छ। यसका लागि कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई बयान वा जानकारी लिन सक्ने, साक्षी बुझ्ने तथा बकपत्र गराउन सक्ने, कुनै व्यक्तिलाई कुनै लिखत वा कागजात वा प्रमाण पेश गर्न आदेश दिन सक्ने, कुनै सरकारी वा सार्वजनिक कार्यालयबाट कुनै लिखत वा त्यसको नक्कल झिकाउने वा अदालतबाट नक्कल पाउन अनुरोध गर्न सक्ने, आवश्यकताअनुरूप स्थलगत निरीक्षण गर्न/गराउन सक्ने, सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्न सक्ने, जाँचबुझ गर्दा आयोगले कुनै व्यक्ति उपस्थित गराउन, लिखत पेश गर्ने वा प्रमाण बुझ्नका लागि मनासिव समयावधि तोक्न सक्ने अधिकार दिइएको छ। साथै विवादको वैकल्पिक समाधान गर्न महिला अधिकारको प्रयोग गर्न नदिएको

१६. ऐ. ऐ.

वा वञ्चित गरेको वा कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै महिला पीडित भएको विषयमा आवश्यकतानुसार मेलमिलाप गराउन सक्ने उत्तरदायित्व सुम्पेको छ। यस वर्ष राष्ट्रिय महिला आयोगले घरेलु हिंसासम्बन्धी केही घटना अनुगमन गरी पीडकलाई कारबाहीका लागि वकालत गरेको छ।

**(घ) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान**

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ अनुसार आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना गरिएको छ। नेपालको विभिन्न आदिवासी/जनजातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक विकास र उत्थान एवम् राष्ट्रिय विकासको मूल प्रवाहमा समान सहभागिताका लागि आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान स्थापना भएको हो। यो प्रतिष्ठानलाई आदिवासी/जनजातिको मातृभाषामा सूचना, समाचार एवम् विविध कार्यक्रम प्रसारण गर्ने व्यवस्था मिलाउन, आदिवासी/जनजातिको भाषा लिपि, साहित्य, इतिहास, कला, परम्परा र संस्कृतिको अध्ययन तथा अनुसन्धान गर्ने र त्यस्तो भाषा, लिपि, इतिहास, कला, साहित्य, संस्कृति र परम्परा विकास गर्ने, आदिवासी/जनजातिको पहिचानका लागि लोक सेवा आयोगलगायत निकायको प्रयोजनार्थ सिफारिस गर्ने जस्ता उत्तरदायित्वअनुरूप विभिन्न काम गर्दै आएको छ। आदिवासी/जनजातिको मानव अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि यो प्रतिष्ठान स्थापना भए तापनि पर्याप्त स्रोतसाधनको अभावमा यसले उपेक्षित र उत्पीडित समुदायको मानव अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि आफ्ना गतिविधि प्रभावकारीरूपमा अगाडि बढाउन सकेको छैन।

**(ङ) राष्ट्रिय मुस्लिम आयोग**

यस वर्ष लोक सेवा आयोगलगायत निकायको प्रयोजनार्थ मुस्लिम समुदायको पहिचानको सिफारिस गर्ने जस्ता विभिन्न काम गर्दै आएको छ। मुस्लिम समुदायको हित र चासो रहेका विभिन्न विषयमा केन्द्रीय तथा स्थानीय स्तरमा विभिन्न गोष्ठी, छलफल, सेमिनार, भेला, सम्मेलन जस्ता कार्यक्रम आयोजना गर्ने तथा सञ्चार र प्रकाशनको माध्यमबाट जनचेतना अभिवृद्धि गर्नेसम्बन्धी कामको उत्तरदायित्व सुम्पेको छ। संवैधानिक हैसियत पाएको राष्ट्रिय मुस्लिम आयोग मन्त्रिपरिषद्ले पारित गरेको राष्ट्रिय मुस्लिम आयोग गठन र सञ्चालनसम्बन्धी व्यवस्था, २०६८ अनुसार मुस्लिम समुदायको आर्थिक, सामाजिकलगायत विभिन्न पक्षको विकास गर्ने उद्देश्यसहित स्थापना भएको हो।

## १२. निष्कर्ष

समग्रमा यस वर्ष कार्यपालिकाले मानव अधिकारको रक्षा र संवर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेको देखिएन। जारी संविधानका विषयमा दलबीच देखिएको असहमतिका कारण उत्पन्न समस्याले नागरिकको मानव अधिकार उपभोगमा अवरोध सिर्जना भएको छ। राजनीतीकरण र पुनर्निर्माण/पुनःस्थापनासम्बन्धी काममा भएको ढिलाइबाट भूकम्प प्रभावितका लागि प्राप्त अन्तर्राष्ट्रिय सहयोगसमेत सदुपयोग हुने कुरामा सन्देह पैदा भएको छ। संविधान निर्माणका क्रममा विशेषतः सङ्घीय प्रदेशहरूको सङ्ख्या र सीमाङ्कनको विषयमा दलबीच असमझदारी रहेकाले संविधान कार्यान्वयन प्रक्रियामा नकारात्मक प्रभाव परेको छ। सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन र संयन्त्रहरू निर्माण भए पनि देशमा विद्यमान दण्डहीनताको अवस्थाका कारण पीडितहरू न्याय पाउने कुरामा अझै पनि आश्वस्त हुन नसकेकामात्र हैन, गठन भएका संयन्त्रको प्रभावकारिताबारे पनि पीडितमा सन्देह कायमै पाइयो।

यस वर्ष पनि जनताका आधारभूत आवश्यकता सम्बोधन गर्न राज्य चुक्यो। स्वास्थ्य, शिक्षा, राजेगारी जस्ता अधिकारका सवाल छायाँमा परे। स्थानीय निकाय जनप्रतिनिधिविहीन भएको १९ वर्षभन्दा बढी समय भइसक्दासमेत स्थानीय निकायको निर्वाचन गर्नेतर्फ सरकार र राजनीतिक दलको तदारुकता देखिएन। अपाङ्गमैत्री सार्वजनिक भवन र सडक निर्माणमा सोच परिवर्तन गर्ने कार्यमा उल्लेखनीय प्रगति हुन सकेको छैन। जनताको नागरिक तथा राजनीतिक अधिकारमा सुधार भएको भए पनि आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र शान्ति सुरक्षाको सवालमा राज्यले दायित्व निर्वाह गर्न सकेन।

नेपाल पक्ष भएका मानव अधिकार महासन्धि कार्यान्वयन, राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन, विश्वव्यापी आवधिक समीक्षाका क्रममा विभिन्न राष्ट्रले दिएका सुझाव तथा सिफारिसमा नेपाल सरकारले दिएको प्रतिक्रिया एवम् गरेको प्रतिबद्धता तथा मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्ने विषयमा प्रायः सरकारी निकायका अधिकारी उदासीन रहे।

**१३. सुझावहरू**

१. संविधानमा व्यवस्था भएका मौलिक हक तथा अन्य अधिकारको सुनिश्चितताका लागि आवश्यक कानुन निर्माण तथा संविधानमा भएका व्यवस्थाका सम्बन्धमा जनचेतना अभियान सञ्चालन गरिनुपर्छ ।

२. पुन निर्माण र पुन:स्थापनाको पर्खाइमा बसेका भूकम्प पीडितको समस्या समाधानका लागि पुननिर्माण र पुनर्स्थापनासम्बन्धी काम छिटो र सरल ढङ्गले सम्पन्न गर्न जरूरी छ।

३. दलहरूबीच सहमति कायम गरी निर्वाचन हुनका लागि आवश्यक कानुन निर्माण गरी २०७४ माघ ७ भित्र संविधान अनुसार सङ्घ, प्रदेश र स्थानीय निर्वाचन सम्पन्न हुने सुनिश्चितता गर्नु आवश्यक छ।

४. द्वन्द्वपीडितहरूको गुनासा सम्बोधन हुने गरी सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको कार्यलाई गति दिनु आवश्यक छ।

५. प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपालको विश्वव्यापी आवधिक समीक्षा तथा राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरू कार्यान्वयन तथा मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धी प्रचारप्रसार तथा जिल्लास्तरीय कार्यान्वयन तथा समन्वय समितिमा रहने सदस्यहरूलाई कार्ययोजना सम्बन्धमा क्षमता अभिवृद्धि गर्नु आवश्यक छ।

फोटो : विमलचन्द्र शर्मा





# व्यवस्थापिका

## परिच्छेद २

## १. मानव अधिकार संरक्षण र संवर्द्धनमा व्यवस्थापिकाको भूमिका र नेपाली सन्दर्भ

### १.१ व्यवस्थापिका र मानव अधिकार

फ्रेन्च दार्शनिक मन्टेस्क्युले तत्कालीन फ्रेन्च सम्राट लुइ सोह्रौंको आचरण र फ्रेन्च राजनीतिक व्यवस्थाको अध्ययनपश्चात शक्ति पृथकीकरण (सेपरेसन) या (पावर) र सरकारको तीन अङ्गबारे सिद्धान्त प्रतिपादन गरे। जसअनुसार जनप्रतिनिधिमूलक निकाय व्यवस्थापिकाले जनताका नाममा कानुन निर्माण गर्ने गहन जिम्मेवारी बहन गरेको हुन्छ। एक सदनात्मक र दुई सदनात्मक व्यवस्थापिकामा यही अधिकार र जिम्मेवारी विभाजन गरिए तापनि आखिर व्यवस्थापिकाले जनताका नाममा जनताको हित र कल्याणका लागि कानुन बनाउने र जनताका मौलिक मानवीय अधिकार संरक्षण गर्न गहन कार्य गरेको हुन्छ। संसदीय सर्वोच्चता भएका बृटिस शैलीका संसदीय व्यवस्थामा व्यवस्थापिका अङ्गको भूमिका अत्यन्तै प्रभावकारी हुने गर्छ। सरकारको व्यवपस्थापिका अङ्गले गर्ने गरेका कार्य विश्वका विभिन्न प्रमुख राजनीतिक व्यवस्था बृटिस शैलीको संसदीय व्यवस्था, अमेरिकी शैलीको राष्ट्रपतीय व्यवस्था, फ्रेन्च शैलीको मिश्रित व्यवस्था र चिनियाँ शैलीको साम्यवादी व्यवस्थामा फरक-फरक पाइएको छ। संविधानतः एक सदनात्मक चिनियाँ व्यवस्थापिकाका रूपमा रहेको राष्ट्रिय जनकङ्ग्रेस र यसको स्थायी समितिले विश्वका अन्य मुलुकका व्यवस्थापिकाले गर्ने कार्यका अतिरिक्त चिनियाँ राष्ट्रपति, उपराष्ट्रपति, प्रधान मन्त्री (प्रिमियर) र अन्य मन्त्री, सर्वोच्च अदालत (सुप्रिम पिपुलसकोर्ट) का सभापति (प्रधान न्यायाधीश) आदिको नियुक्ति र बर्खास्ती गर्ने अधिकारसमेत प्राप्त गरेको छ। बृटिस शैलीको संसदीय व्यवस्थामा व्यवस्थापिकाले कार्यपालिका (मन्त्रिमण्डल) को निर्माण र संहार दुवै गर्ने गर्छ। अमेरिकी शैलीको राष्ट्रपतीय व्यवस्थामा अमेरिकी व्यवस्थापिका कङ्ग्रेसले राष्ट्रपतिको निर्वाचन नगरे तापनि राष्ट्रपति र सर्वोच्च अदालतका प्रधान न्यायाधीशविरुद्धको महाभियोग प्रस्तावमार्फत यी दुवै निकायमाथि नियन्त्रण कायम गर्ने प्रयत्न गर्छ।

सङ्क्षेपमा भन्ने हो भने जनप्रतिनिधिमूलक अङ्गका रूपमा रहेको सरकारको व्यवस्थापिका अङ्गले जनताका लागि चौतर्फी कानुन निर्माण गर्ने, कार्यपालिकामाथि नियन्त्रण गर्ने, अर्थ (वित्त) माथि नियन्त्रण गर्ने, परराष्ट्र नीति र अन्य नीतिमाथि नियन्त्रण गर्ने आदि महत्त्वपूर्ण कार्य गर्छ। मन्टेस्क्युले प्रतिपादन गरेका शक्ति पृथकीकरणको सिद्धान्त र संयुक्त राज्य अमेरिकाले प्रयोगमा ल्याएको शक्ति सन्तुलनको सिद्धान्तअनुसार सरकारको निरङ्कुशता/मनपरीतन्त्र नियन्त्रण गर्ने सर्वोच्च संवैधानिक निकाय जनप्रतिनिधिमूलक संसद् नै हो।

व्यवस्थापिकाले जनताका मानवीय मौलिक अधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। मुलुकको सर्वोच्च नीति निर्माण गर्ने संवैधानिक निकाय र सर्वोच्च जनप्रतिनिधिमूलक निकायसमेत भएकाले यस निकायले निर्माण गरेका कानुनले मानव अधिकारको भूमिका र स्थिति निर्धारण गरेको हुन्छ। सरकार र अन्य विभिन्न निकायबाट बारम्बार हुने मानव अधिकार उल्लङ्घन/हनन् रोक्न सार्वभौम संसद्ले कस्तो कानुन निर्माण गर्छ त्यसैमा जनताको मानव अधिकारको भविष्य निहित हुन्छ। मुलुकको सर्वोच्च सार्वभौम निर्वाचित जनप्रतिनिधिमूलक निकाय भएकाले जनप्रतिनिधिले जनताका मौलिक मानवीय अधिकार संरक्षण गर्ने प्रकृतिका विधेयक प्रस्तुत गरेर, विधेयक पारित गरेर, जनसरोकारका विषयमा छलफल र बहस चलाएर, मानव अधिकार उल्लङ्घन गर्ने सरकारका प्रमुखविरुद्ध अविश्वासको प्रस्ताव पारित गरेर, राष्ट्र प्रमुखविरुद्ध महाभियोग लगाएर संसदीय अवरोधमार्फत दबाब दिएर, शून्य समयमा मानव अधिकार उल्लङ्घनका घटनाबारे छलफल बहस चलाएर जस्ता विभिन्न कार्य गरी मानव अधिकारको संरक्षण र संवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। वाटरगेट काण्डमा मुछिएका अमेरिकी राष्ट्रपति निक्सनले अमेरिकी व्यवस्थापिका कङ्ग्रेसको महाभियोगबाट बच्न राजीनामा नै दिएका थिए।

### १.२ नेपाली सन्दर्भ

नेपाली सन्दर्भमा कुरा गर्दा व्यवस्थापिका-संसद्ले मानव अधिकारमैत्री कानुन बनाएर, मुलुकको संविधानमा व्यवस्था भएको मौलिक हकलाई कानुनमार्फत थप व्यवस्था गरेर, नेपालले स्वीकारेका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजलाई सम्मान गर्दै राष्ट्रिय कानुन निर्माण गरेर, सामाजिक न्याय तथा मानव अधिकार समितिलगायत अन्य समितिले संसद्मा पेश गरेका मानव अधिकारसम्बन्धी व्यवस्था र प्रतिवेदन कार्यान्वयन गर्न सरकारलाई जिम्मेवार बनाएर, यी विभिन्न व्यवस्था कार्यान्वयन भए/नभएको अनुगमन आदि कार्य गरेर सरकारलाई

सार्वभौम संसद्प्रति जिम्मेवार बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छ। राष्ट्रिय मानव अधिकार आयोगलगायत अन्य संवैधानिक निकायले आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्ने र राष्ट्रपतिबाट उक्त प्रतिवेदन संसद्मा पेश गर्न लगाउने संवैधानिक व्यवस्था छ। जसअनुसार व्यवस्थापिका-संसद्ले यस्ता विभिन्न प्रतिवेदनमा छलफल गरी मानव अधिकार उल्लङ्घनको घटना जनतासमक्ष ल्याउने र मानव अधिकार संरक्षण गर्न सरोकारवालालाई दबाब दिन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छन्। व्यवस्थापिका-संसद्भित्र भएका विभिन्न समितिमध्ये सामाजिक न्याय तथा मानव अधिकार समितिले यस दिशामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छ। र, मानव अधिकार कार्यान्वयन भए/नभएको अनुगमन गर्ने कार्यान्वयन निकायका रूपमा समेत यस समितिले कार्य गर्छ। सांसदहरूले मानव अधिकारलगायत अन्य जनसरोकारका विषयमा शून्य समयमा बहस चलाएर, विशेष प्रस्तावमार्फत मानव अधिकार हनन गर्ने निकायलाई संसद्प्रति जिम्मेवार बनाएर, सङ्कल्प प्रस्तावमार्फत सरकारलाई कानुनी दबाब दिएर, विशेष प्रस्तावमार्फत सरकारलाई नैतिक दबाब दिएर, जनताका मानव अधिकारसँग सम्बन्धित पिरमर्का, गुनासा र समस्यालाई छलफल गरेर कार्यपालिकालाई गैरजिम्मेवार हुनबाट रोक्ने गर्छन्। व्यवस्थापिका-संसद्भित्र सांसदहरूले विशेष महत्त्वका विषयमा भूकम्पपीडितको मानव अधिकार उल्लङ्घन भएको, प्राकृतिक प्रकोप आदिका बेला मानव अधिकार आदि विषयलाई बेवास्ता गरेको विषयलाई संसद्भित्र छलफल गरेर, बहस चलाएर मानव अधिकार संरक्षण र संवर्द्धनमा विशेष भूमिका निर्वाह गरेका छन्।

विश्वव्यापीकरण/भूमण्डलीकरणका सन्दर्भमा राज्यले अनुमोदन गरेका र राज्य पक्ष भएका विभिन्न मानव अधिकारसम्बन्धी सन्धि, महासन्धि, सम्झौता र अन्तर्राष्ट्रिय मापदण्डलाई सम्मान गर्ने र यिनै मापदण्ड र अन्तर्राष्ट्रिय कानुनमा आधारित रही राष्ट्रिय कानुन निर्माण गर्ने कार्य गरेर पनि व्यवस्थापिकाले मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने दिशामा महत्वपूर्ण कार्य गर्न सक्छ। विभिन्न संसदीय समितिमध्ये मानव अधिकारसम्बन्धी समितिका रूपमा रहेको मानव अधिकार समितिले यस दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गरेको छ।

यस समितिले मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने कार्यमा खेलेको महत्वपूर्ण भूमिकामध्ये मानव अधिकारका दिशामा भएको प्रगति, मानव अधिकार उल्लङ्घनकर्तालाई गरिएको कानुनी कारबाही, हिरासतमा राखिएका व्यक्तिको मानव अधिकार स्थिति, मुद्दा फिर्ता लिने प्रक्रिया जस्ता मानव अधिकारसँग सम्बन्धित विषयमा प्रतिवेदन तयार पारी पूर्ण सदनमा पेश गरी बहस चलाएको छ।

सङ्क्षेपमा भन्ने हो भने मुलुकको सर्वोच्च जनप्रतिनिधिमूलक संस्था व्यवस्थापिकाले जनताका मानवीय अधिकार संरक्षण र संवर्द्धन गर्ने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। नेपालको व्यवस्थापिका-संसद्ले पनि सन् २०१६ को वर्षमा यो भूमिका निर्वाह गरेको देखिन्छ।

### १.३ राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय परिवेश

नेपाली व्यवस्थापिका-संसद्ले सन् २०१६ मा गरेको विशेषत: मानव अधिकारको संरक्षण र संवर्द्धनका कार्य अध्ययन गर्नुपूर्व मुलुकभित्र र बाहिरको विद्यमान परिस्थितिबारे अध्ययन गर्नु प्रासङ्गिक नै हुन्छ। २०७० वैशाखको भूकम्प र त्यसपछि भारतले नेपालविरुद्ध गरेको नाकाबन्दी, केपी ओली सरकारको भारतविरुद्धको अडान, नेपालको संविधान २०७२ घोषणापश्चात् तराईका दलले ओली सरकारविरुद्ध चालेका विरोध अभियान र संसद् अवरुद्ध कार्य, घोषित संविधानप्रति भारतको असन्तुष्टि जस्ता आन्तरिक र बाह्य कारणले नेपालको व्यवस्थापिका-संसद् र सरकारलाई काम गर्न जटिल परिस्थिति निर्माण गरिदियो। नागरिकता, राष्ट्रिय सभामा प्रतिनिधित्वको प्रश्न, सङ्घीयता, राज्यको पुनर्संरचनासँग सम्बन्धित विभिन्न मुद्दामा तराईका दल, केही जनजाति र अल्पसङ्ख्यकले २०७२ को संविधानप्रति लिएको अडानले संसद्लाई सन् २०१६ को प्रारम्भदेखि नै कमजोर बनाउने प्रयास गर्‍यो। साना दलहरूको अडान, यदाकदा हुने गरेको संसद् अवरुद्ध, ठूला दलको अहम् आदिले व्यवस्थापिका-संसद्को भूमिका सीमित गरिदियो। यिनै पृष्ठभूमिका आधारमा रही नेपालको व्यवस्थापिका-संसद्ले २०१६ मा मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने दिशामा गरेका कार्यको मूल्याङ्कन गर्ने प्रयास गरिएको छ।

### २. व्यवस्थापिका-संसद्भित्र पारित विधेयक

बृटिस शैलीको संसदीय पद्धति भएका अन्य मुलुक भारत, जापान जस्तै नेपालको व्यवस्थापिका-संसद्भित्र विधेयक प्रस्तुत गर्ने आफ्नै किसिमको शैली

र प्रक्रिया छ। संवैधानिक र कानुनी व्यवस्था र विद्यमान अभ्यासअनुसार विधेयक सरकारी र निजी दुवै हुने गर्छन्। नेपालमा प्राय: सरकारी विधेयककै रूपमा विधेयक सदनभित्र प्रस्तुत गरिन्छ। सम्बन्धित मन्त्रालयले तयार पारेको विधेयक मन्त्रिपरिषद्ले पारित गरेपश्चात् उक्त विधेयक संविधान र अन्य कानुनसँग बाझ्ने/नबाझ्ने आदि विविध कुरा विचारविमर्श गर्न कानुन मन्त्रालय पठाइन्छ। त्यसपछि उक्त विधेयक आधिकारिकरूपमा सदनमा दर्ता गरिन्छ। उक्त विधेयक आवश्यक भए/नभएको जस्ता सैद्धान्तिक पक्षमा पूर्ण सदनमा छलफल हुने गर्छ। अति आवश्यक र जरुरी राष्ट्रिय महत्वको तत्काल गरिहाल्नुपर्ने विषयमा पूर्ण सदनले नै पारित गर्ने (समितिमा नपठाइ) गर्छ। सामान्यतया उक्त विधेयकमा व्यापक एवम् विस्तृत छलफल आवश्यक छ भन्ने सभामुखलाई लागेमा सम्बन्धित समितिमा पठाइने गरिन्छ। पाँच दिनभित्र समितिका सदस्यले संशोधन प्रस्ताव पेश गर्न पाउने व्यवस्था छ। समितिले छलफलका क्रममा विधेयक प्रस्तुत गर्ने मन्त्रालयका मन्त्री, संशोधन पेश गर्ने सांसद र आवश्यक भए विज्ञबीच छलफल/बहस गरी उक्त विधेयक पूर्ण सदनमा अजेन्डामा समावेश गरी पेश गरिन्छ। आवश्यक थपघटपश्चात् पारित विधेयकलाई राष्ट्रपतिबाट अनुमोदन प्राप्त गरेपछि मात्र कानुनको अङ्ग बनेको घोषणा गरिन्छ।

सिद्धान्तत: विधेयकको सक्षमता यसले पारित गरेका जनसरोकारका विषयसँग सम्बन्धित विभिन्न विषयमा विधेयकको प्रस्तुति र यसलाई पारित गर्ने विषयसँग सम्बन्धित हुन्छ। जनताका समस्या, गुनासा र पिरमर्का विधेयकमार्फत सुल्झाइ जनताप्रति उत्तरदायी हुने प्रतिनिधिमूलक संस्था संसद्ले पारित विधेयकमार्फत नै जनताका मानवीय अधिकारको संरक्षण र संवर्द्धन गर्ने र लोकतन्त्र संस्थागत गर्ने जस्ता कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छ। यिनै पारित विधेयक व्यवस्थापिकामा प्रष्टरूपमा देखिने कार्य भएकाले यसको अति नै ठूलो महत्त्वसमेत हुने गर्छ।

२०७२ असोज ३ गते संविधान सभाले नेपालको संविधान, २०७२ जारी गरेपश्चात् संविधान सभा व्यवस्थापिका-संसद्मा रूपान्तरण भयो। यसको पहिलो अधिवेशन २०७२ असोज १५ देखि २०७२ पुस ३० सम्म बस्यो। यस अवधिका १०५ दिनमध्ये ३२ दिनमा ३५ वटा बैठक बसे। दोस्रो अधिवेशन २०७३ वैशाखदेखि असार मसान्तसम्म बसेको थियो। जसमा जनसरोकारका विषय प्रशस्त उठाइए। यी अधिवेशनमा जनप्रतिनिधिले मानव अधिकारलगायत विभिन्न विषयमा छलफल, विचारविमर्श गरेका थिए।

नेपालको व्यवस्थापिका-संसद्ले सन् २०१६ मा पारित गरेको विधेयकका आधारमा यसले मानव अधिकारको संरक्षण र  संवर्द्धनमा के/कस्तो भूमिका निर्वाह गर्न सक्यो भन्नेबारे यहाँ सङ्क्षेपमा चर्चा गर्ने प्रयत्न गरिएको छ। वर्तमान संवैधानिक र कानुनी व्यवस्थाअनुसार व्यवस्थापिका-संसद्को बैठक हिउँदे र वर्षे गरी दुई पटक बस्ने गरेकाले यी दुवै बैठकमा सांसदले पुर्‍याएको योगदानका आधारमा यस कार्यको मूल्याङ्कन गरिएको छ।

पहिलो अधिवेशनमा श्रम तथा रोजगार मन्त्रीद्वारा श्रमसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७२ (संशोधन) २०७२ फागुन २ मा प्रस्तुत भई २०७३ भदौ २७ मा छलफल हुन पुग्यो। यस अवधिमा पारित विधेयकमा सर्वोच्च अदालत ऐनलाई संशोधन गर्न बनेको विधेयक (२०७३ भदौ २ मा पारित) (संशोधन), न्याय सेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयक (मूल) (पारित २०७३ भदौ २६), अर्थ मन्त्री विष्णुप्रसाद पौडेलद्वारा प्रस्तुत विनियोजन विधेयक २०७३ (मूल) २०७३ असार ३० मा प्रमाणीकरण हुन पुग्यो। त्यस्तै गरी न्याय प्रशासनसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७३ (मूल) २०७३ भदौ २६ मा, न्यायपरिषद्को काम, कर्तव्य र अधिकारसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७३ (मूल) २०७३ भदौ २६ मा पारित भयो। राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७३ (मूल) भने विचाराधीन अवस्थामा छ। २०७३ असोज १३ मा अर्थ मन्त्री कृष्णबहादुर महराद्वारा प्रस्तुत तीन विधेयक आर्थिक विधेयक, २०७३ (मूल) राष्ट्र ऋण उठाउने विधेयक, २०७३ (मूल) ऋण तथा जमानत र एक्काइसौँ संशोधन विधेयक, २०७३ (मूल) २०७३ असोज १४ मा पारित हुन पुगे।[१]

---

१. व्यवस्थापिका-संसद् सचिवालय, २०७३। *संसद् दर्पण।* वर्ष २, अङ्क ६,  कात्तिक २०७३, काठमाडौँ : पृ. ३८-६१

सन् २०१६ (२०७२-७३) मा पारित विधेयकमा भूमिसम्बन्धी (छैटौं संशोधन) विधेयक, २०७२, लैङ्गिक समानता विधेयक २०७२, मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन, २०५५ संशोधन गर्न बनेको विधेयक २०७२, नेपालको संविधान संशोधन गर्न बनेको विधेयक २०७२, व्यवस्थापिका-संसद्को नियमावली २०७३, शिक्षा ऐन (आठौं) संशोधन २०७३, सार्वजनिक खरिद विधेयक २०७३, खुला विश्वविद्यालय विधेयक, २०७२ आदि छन्।[१]

पारित विधेयक (मूल) मध्ये सर्वोच्च अदालत, न्यायपरिषद्, न्याय सेवा आयोगसम्बन्धी विधेयकले न्याय क्षेत्रमा सुधार गर्ने लक्ष्य लिएकाले यी विधेयकको आफ्नै न्यायिक महत्व छ। राष्ट्रिय सुरक्षा परिषद्सम्बन्धी विधेयकको यस क्षेत्रमा आफ्नै महत्व पाइन्छ। मानव अधिकार संरक्षण र संवर्द्धनका दृष्टिले लैङ्गिक समानता विधेयक २०७२, मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित र निषेध) ऐन, २०५५ संशोधन गर्न बनेको विधेयक बढी महत्वपूर्ण देखिएका छन्। व्यवस्थापिका-संसद्लाई संस्थागत र सुदृढीकरण गर्ने दिशामा व्यवस्थापिका-संसद्को नियमावली २०७३ को आफ्नै महत्व छ। शिक्षासम्बन्धी हक संवर्द्धन गर्ने क्रममा खुला विश्वविद्यालय विधेयक, २०७२ र शिक्षा ऐन (आठौँ) संशोधन २०७३, नागरिकका आर्थिक अधिकार सुनिश्चित गर्ने क्रममा भूमिसम्बन्धी (छैटौँ संशोधन) विधेयक २०७२ र आर्थिक पारदर्शिता संवर्द्धन गर्न सार्वजनिक खरिद विधेयक, २०७३ आदिको पनि कम महत्त्व छैन।

### ३. व्यवस्थापिका-संसद्मा अस्वीकृत विधेयक

नयाँ संविधानपश्चात्को रूपान्तरित व्यवस्थापिका-संसद्को दोस्रो अधिवेशनमा अर्थ मन्त्री विष्णुप्रसाद पौडेलद्वारा २०७३ जेठ १५ मा दर्ता भएको आर्थिक विधेयक, २०७३ साउन ७ गतेको छलफलबाट अस्वीकृत भयो। त्यस्तै गरी अर्थ मन्त्री पौडेलद्वारा २०७३ जेठ १५ मा प्रस्तुत ऋण तथा जमानत (एक्काइसौँ संशोधन) विधेयक, २०७३ साउन ७ को बैठकले र मन्त्री पौडेलद्वारा नै २०७३ जेठ १५ मा प्रस्तुत राष्ट्र ऋण उठाउने विधेयक, २०७३ पनि साउन ७ गतेकै बैठकबाट अस्वीकृत भयो।[३] व्यवस्थापिका-संसद् विधेयक शाखाका अनुसार दोस्रो अधिवेशनमा तीन विधेयक अस्वीकृत भए।

### ४. व्यवस्थापिका-संसद्मा विचाराधीन विधेयक

संसद् सचिवालयमा दर्ता भए पनि पारित नभएका तर अस्वीकृत भने नभएका विचाराधीन विधेयक पनि छन्। २०७३ असार ६ मा दर्ता भएको राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ (मूल) २०७३ असार २० मा सदनमा प्रस्तुत भएकामा थप कार्य हुन सकेन। त्यस्तै २०७३ साउन ११ मा प्रधान मन्त्री केपी ओलीद्वारा प्रस्तुत लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धमा संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७३ (मूल) २०७३ असोज १३ मा सदनमा प्रस्तुत गरिएको थियो। राष्ट्रिय दलित आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ (मूल) राष्ट्रिय समावेशी आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७३ (मूल), मुस्लिम आयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७३ संसद्मा छलफलमा प्रवेश त गरे तर विभिन्न कारणबाट पारित भने हुन सकेनन्। अर्थात विचाराधीन अवस्थामा छन्। त्यस्तै गरी राजनीतिक दलसम्बन्धी कानुन संशोधन गर्न बनेको विधेयक, २०७३ (मूल), मतदाता नामावलीसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक (मूल), निर्वाचन आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७३ (मूल), सङ्घीय संसद्का पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धमा व्यवस्था गर्ने विधेयक २०७३, राष्ट्रिय महिला आयोगको काम, कर्तव्य र अधिकारसम्बन्धी प्रचलित कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७३ (मूल) र कम्पनी ऐन, २०७३ संशोधन गर्न बनेको विधेयक २०७३ (संशोधन) पनि विचाराधीन छन्।

माथि उल्लिखित विधेयकमध्ये केही समावेशी लोकतन्त्रलाई प्रश्रय दिनेखालका छन् जुन दलित, आदिवासी, मधेसी, थारू, महिला, मुस्लिम आदि आयोग सम्बन्धमा केन्द्रित छन्। यी विधेयकले मुलुकका सबै क्षेत्रका व्यक्तिको राजनीतिक व्यवस्थामा पहुँचलाई प्रश्रय

१. Parliament.gov.np
३. व्यवस्थापिका-संसद् सचिवालय, २०७३। *विधेयक शाखामा दर्ता भएका विधेयकको विवरण।* टाइप बुलेटिन, काठमाडौं : संसद् भवन सिंहदरबार

र समावेशी लोकतन्त्रको मर्म संवर्द्धन गर्ने लक्ष्य लिएको देख्न सकिन्छ।

यसबाहेक सहकारीसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक २०७३ (मूल), राष्ट्रिय चिकित्सा शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७३ आदि पनि विचाराधीन छन्।[४]

## ५. व्यवस्थापिका-संसद्भित्र उठाइएका जनसरोकारका विषय

संसदीय अभ्यासअनुसार व्यवस्थापिकाका सदस्यले सदनभित्र विभिन्न विशेषाधिकार र सुविधा प्राप्त गरेका हुन्छन् जसमा सदनभित्र वाक स्वतन्त्रता, सदनभित्र बोलेबापत उनीहरूलाई गिरफ्तार गर्न नसकिने, आफ्ना कार्य सञ्चालन गर्न आफै नियम बनाउन पाउने अधिकार जस्ता विशेषाधिकार सम्मिलित हुन्छन्। बृटिस शैलीको संसदीय व्यवस्था भएका अन्य मुलुकमा जस्तै नेपालको व्यवस्थापिका-संसद् सदस्यले पनि यी विशेष अधिकार निर्वाधरूपमा प्रयोग गर्न पाउँछन्।

सार्वभौमसत्ता नेपाली जनतामा निहित हुने र व्यवस्थापिका-संसद्का सदस्य जननिर्वाचित प्रतिनिधि हुने हुनाले यस सार्वभौम अधिकार प्रयोग गर्दै सांसदले सदनभित्र जनताका समस्या, गुनासा, पिरमर्का र जनसरोकारका विषय उठाउने गर्छन्। आफू जनताप्रति उत्तरदायी र जिम्मेवार भएको अनुभूति प्रदान गर्छन्।

व्यवस्थापिका-संसद् मुलुकको सर्वोच्च जनप्रतिनिधिमूलक निकाय भएकाले यसका सदस्यले विधेयकमाथि छलफल र अन्य विषयमा छलफल/विचारविमर्श गर्ने क्रममा जनताका इच्छा, चाहना, पिरमर्का, गुनासा आदि उठाएर, प्रस्तुत गरेर कार्यपालिकालाई व्यवस्थापिकाप्रति जिम्मेवार बनाउने प्रयत्न गर्छन्। राजनीतिलाई पेशाका रूपमा विकसित गर्न खोज्ने जनप्रतिनिधिका लागि यो एक अति नै संवेदनशील विषय पनि हो। जनताका पिरमर्काबारे छलफल गरेर जनप्रतिनिधि आफ्ना मतदाताप्रति जिम्मेवार हुने प्रयत्नसमेत गर्छन्।

व्यवस्थापिका-संसद्का सदस्यले विगत वर्षमा झैँ सन् २०१६ मा पनि आफू जनता/मतदाताप्रति उत्तरदायी हुने र सरकारलाई सदनप्रति जिम्मेवार बनाउने प्रयोजनले सदनभित्र जनतासँग सम्बन्धित विभिन्न विषय उठाए। यस्ता विषय राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, स्वास्थ्य एवम् शिक्षा, रोजगारी आदि क्षेत्रसँग सम्बन्धित रहे। भूकम्पपश्चात् सरकारले अवलम्बन गरेको अव्यावहारिक राहत नीति, भूकम्पपीडितका समस्या आदि विषय मूलरूपमा उठाइए। बाढीलगायत प्राकृतिक प्रकोपबाट हुन गएको क्षति र सडक सवारीसम्बन्धी विविध विषयले पनि त्यति नै प्राथमिकता पाएको देखिन्छ। सदनभित्र स्वास्थ्यसँग सम्बन्धित विविध कुरासमेत उठाइए जसमा काठमाडौँको वातावरणीय समस्या, मुलुकमा विद्यमान अपूर्ण स्वास्थ्य सुविधा, सर्वसाधारण जनता डाक्टर र सिटामोल जस्ता साधारण औषधि पनि नपाएर तथा सुकेनास लागेर मर्नुपर्ने अवस्था, पहुँचवाला नेतालाई स्वास्थ्य उपचारका लागि लाखौँ रुपियाँ राज्यले खर्च गरेका जस्ता कुरा विशेषरूपमा उठाइए। त्यस्तै गरी किसानले समयमै मल, बीउ नपाएको, सरकार किसानका समस्याप्रति संवेदनशील नभएको जस्ता विषय उठाइए। सरकारले शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रलाई प्राथमिकता नदिइ तिरस्कार गरेको विषय पनि उठे।

## ६. व्यवस्थापिका-संसद्को शून्य र विशेष समय

संसदीय अभ्यासमा शून्य र विशेष समय मानव अधिकारका दृष्टिकोणले अति महत्त्वपूर्ण मानिन्छ। यस अवधिमा सांसदले सार्वजनिक महत्व र जनसरोकारका विषयमा छलफल बहस चलाइ सरकारको ध्यानाकर्षण गराइ पूरा गर्न दबाब दिने गर्छन्। यस वर्ष पनि विगत वर्षमा झैँ व्यवस्थापिका-संसद्को शून्य र विशेष समयमार्फत सरकारलाई जिम्मेवार गराउने प्रयास भए। यस वर्ष भएका संसदीय गतिविधिमा ध्यानाकर्षण प्रस्ताव, सम्बन्धित मन्त्रीलाई सोधिने प्रश्नसम्बन्धी प्रस्ताव, जरुरी सार्वजनिक महत्वको प्रस्ताव, सङ्कल्प प्रस्ताव, आधा घण्टाको छलफलसम्बन्धी प्रस्ताव, स्थगन प्रस्ताव र धन्यवाद प्रस्ताव प्रयोग गरिए।

व्यवस्थापिका-संसद्का सदस्यले शून्य र विशेष समयमा मानव अधिकारलगायत जनसरोकारका विविध विषय उठाए। प्रतिपक्षी दलले उठाएका यस्ता विषयमा मेलम्ची खानेपानीसम्बन्धी, महिला हिंसा, भूकम्पपीडितका समस्या, सरकारको अव्यावहारिक

४. व्यवस्थापिका-संसद् सचिवालय (२०७३)। *संसद् दर्पण*। वर्ष २, अङ्क ५, २०७३ साउन, काठमाडौँ : पृ. ५६-५७

राहत वितरण प्रणाली, राहत दुरुपयोग, पालभित्र बसेका व्यक्तिका विविध समस्या, भूकम्पपछिका सरकारले गरेका कार्य, कथित बोक्सीको आरोपमा मानव अधिकार हनन् र महिलाले भोगेका पीडा, प्राकृतिक एवम् दैवीप्रकोपका घटनालगायत थिए।

प्रतिपक्षी दल जसमा विशेषत: स-साना दलका सांसद यस्ता कार्यमा बढी सक्रिय देखिए। यस्ता विषय उठाएर जनप्रतिनिधिले सरकारको निरङ्कुशतामा रोक लगाउने र सरकारलाई जनप्रतिनिधिमूलक संस्थाप्रति जिम्मेवार बनाउने कार्यमा अहम् भूमिका खेलेका देखिन्छ। सङ्क्षेपमा भन्ने हो भने सांसदले मानव अधिकार हननलगायत जनसरोकारका विषय संसद्भित्र उठाएर सरकारलाई जननिर्वाचित संसद्प्रति उत्तरदायी बनाउन प्रयास गरेको देखिन्छ।

यस वर्ष सार्वजनिक महत्त्वका विषयमा प्रभावकारी बहस छलफल चलाई सरकारको ध्यानाकर्षण गरी उसलाई दबाब दिन संसद्को शून्य र विशेष समयमा सांसद त्यति प्रभावकारी देखिएनन्। बरु उनीहरूकै अवरोधका कारण यी समय बैठकको कार्यसूचीबाट समेत हटाइन पुगे। सभामुखले रेकर्डमा राख्ने भनी आदेश दिएका विषयमात्र रेकर्डमा राखिने र त्यस्ता कुरामात्र सार्वजनिक हुने हुँदा संसद्भित्र सांसदले बोलेका सम्पूर्ण कुरा रेकर्डमा नदेखिने हुन्छन्। त्यसैले रेकर्डमा भएका आधारमा मात्र यसको मूल्याङ्कन गरिनुपर्ने हुन्छ।

व्यवस्थापिका-संसद्को औपचारिक बैठक चलेका बेला सांसदको यदाकदा हुने गरेको न्यून उपस्थिति र छलफलमा भाग लिने कार्यमा न्यून प्रतिशतको उपस्थिति देखिएकाले पनि व्यवस्थापिका-संसद्को भूमिका जति हुनुपर्ने हो त्यति प्रभावकारी नदेखिएको जनगुनासोसमेत सार्वजनिक भए।

### ७. संसद्को बैठक र सदन अवरोध

संसद्को नियमित बैठकमा बाधा पारी सदन अवरोध गर्ने कार्य नेपाली संसदीय अभ्यासको एक अभिन्न अङ्गका रूपमा स्थापित हुन पुगेको छ। विक्रम संवत् २०४७ मा बहुदलीय व्यवस्था पुनर्बहाली भएयता संविधानअनुरूप निर्वाचित व्यवस्थापिकामा सांसदले विद्यमान संसद्को बैठक चल्न नदिई सदन अवरोध गर्ने कार्य गर्दै आएका छन्। जनप्रतिनिधिमूलक संस्थाभित्र निर्वाचित जनप्रतिनिधिद्वारा नै संसद्का भौतिक संरचना नष्ट गर्ने कार्य पनि विगतमा नभएका होइनन्। आफ्नो दल र आफ्ना हित साधन गर्न विभिन्न दल र सांसदले यस विधि अवलम्बन गर्दै आएका छन्।

यस वर्ष पनि संसद् अवरोध कार्यले निरन्तरता पाइरह्यो। यसका कारण नियमित कार्यसूचीमा परेका विषयमा छलफल हुन सकेनन् भने महत्वपूर्ण विधेयकसमेत पारित हुन सकेनन्। यस वर्ष पनि प्रतिपक्ष र अन्य दलका सांसदले दलीय र अन्य आधारमा या बहानामा संसद्को नियमित काम कारबाही अगाडि बढ्न दिएनन्। विधायिकी काम कारबाहीलाई लोकतान्त्रिक र संवैधानिक प्रक्रियामार्फत नियमितरूपमा अगाडि बढाउनुसट्टा दलहरू राजनीतिक असहमतिका आडमा संसद् बैठक अवरुद्ध गर्ने कार्यमा जुट्न पुगे। विश्वमा विद्यमान/प्रचलित लोकतान्त्रिक मूल्य र मान्यताअनुसार मुलुक र नागरिकसँग सम्बन्धित मुद्दामा जनप्रतिनिधिमूलक संस्था भएका कारण संसद्ले सरकारलाई जवाफदेही बनाउने कार्य गर्ने गरेको हुन्छ। प्रतिपक्षी दलका लागि मानव अधिकार र लोकतन्त्रको संस्थागत विकास जस्ता जनताका समस्या समाधान गर्ने महत्त्वपूर्ण संयन्त्रका रूपमा संसद् स्थापित हुनुपर्ने हुन्छ। संसद्लाई व्यक्तिगत माग पूरा गर्ने थलोका रूपमा प्रयोग गर्नु अलोकतान्त्रिक हुने गर्छ। तर पनि संसद् अवरोधका कारण विभिन्न विषयमा छलफलै हुन सकेन।

सन् २०१६ मा आफ्ना माग सम्बोधन गर्न ओली सरकारलाई दबाब दिने क्रममा मधेसवादी दलले सदन अवरुद्ध गर्ने कार्य गरे र मधेसका मुद्दालाई प्राथमिकता दिन माग गरे। नेपाली कङ्ग्रेसले भूकम्पपीडितलाई थप राहत रकम वितरण गर्नुपर्ने माग गर्दै सदन अवरोध गरेको थियो। सदन अवरोध कार्यले २०१६ को डिसेम्बर महिनामा पुन: प्रश्रय पायो। संविधान संशोधन विधेयक सरकारद्वारा सदनमा दर्ता (नोभेम्बर ३०) भएपछि पुन: व्यवस्थापिका-संसद् अवरोध हुन पुग्यो। पुष्पकमल दाहाल नेतृत्वको सरकारले माथिल्लो सदन राष्ट्रिय सभामा प्रतिनिधित्व, प्रदेशको सीमा हेरफेर, अङ्गीकृत नागरिकता, भाषाजस्ता विविध विषयमा हेरफेर गर्न संशोधन प्रस्ताव गरेको थियो। जसमा सात प्रदेशमध्येको प्रदेश नं. ५ का पहाडी जिल्ला पाल्पा, गुल्मी, अर्घाखाँची, रोल्पा, प्यूठान र पूर्वी रुकुम क्षेत्रलाई छुट्याएर क्षेत्र नं. ४ मा गाभ्ने प्रस्ताव गरिएको छ। प्रस्तावित व्यवस्थाअनुसार तराईका भू-भाग नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) रुपन्देही, कपिलवस्तु, दाङ, बाँके र बर्दिया प्रदेश नं. ५ मा पर्नेछन्। साथै उक्त व्यवस्थाअनुसार गोरखा, लमजुङ, तनहुँ, कास्की, मनाङ, मुस्ताङ, पर्वत, स्याङ्जा, म्याग्दी,

बाग्लुङ, पाल्पा, गुल्मी, अर्घाखाँची, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रोल्पा, प्युठान र रुकुम (पूर्वी भाग) आदि जिल्ला प्रस्तावित प्रदेश नं. ४ मा पर्नेछन्। उक्त संशोधन विधेयक दर्ता गरिएपछि व्यवस्थापिका-संसद्का प्रमुख प्रतिपक्षी दल नेकपा एमालेसहितका नौ दलले यसको विरोधस्वरूप अवरोध सिर्जना गर्दा केही दिन संसद् अवरुद्ध भयो।

संसद् अवरोधलाई नेपालको संसदीय अभ्यासमा दुई दृष्टिकोणले व्याख्या गरिएको पाइन्छ। एक, संसद्को पूर्वनिर्धारित कार्यक्रम अवरुद्ध पार्ने हुनाले यसलाई अलोकतान्त्रिक भन्ने गरिएको पाइएको छ भने अर्को, अल्पमतमा रहको समूहको माग स्वीकार्न सरकारलाई दबाब दिने "लोकतन्त्रभित्रको अर्को लोकतान्त्रिक अभ्यास" मानिएको छ। तर जे भए तापनि जनताका समस्या संसद्को पूर्वनिर्धारित नियमित कार्यक्रममार्फत नै आउँदा बढी लोकतान्त्रिक हुने मत धेरैको छ।

भावी दिनमा मानव अधिकार संवर्द्धन र संरक्षण कार्यलाई प्रभावकारी बनाउन र लोकतन्त्रको संस्थागत विकास गर्न सांसदले संसद् बैठक अवरुद्ध गराउने मार्ग छाडी लोकतान्त्रिक प्रक्रियाद्वारा आफ्ना माग पूरा गराउनेतर्फ पहल गर्नु उचित हुनेछ। संसद्लाई जनआकाङ्क्षाअनुरूप शान्तिपूर्ण लोकतान्त्रिक मार्गमार्फत नियमित कार्यसूचीअनुसार कार्य गर्न दिइएमा यथार्थरूपमा संसद् जनप्रतिनिधिमूलक निकायका रूपमा कार्य गर्न सक्षम हुन्छ।

## ८. व्यवस्थापिका-संसद्भित्र समिति र मानव अधिकार

सिद्धान्ततः समिति व्यवस्था आज विश्वभरिका व्यवस्थापिकाको व्यवस्थापकीय प्रक्रियाको एक अभिन्न अङ्गका रूपमा स्वीकारिन्छ। बृहत् व्यवस्थापिकाका नाममा यसभित्र रहेका विभिन्न समितिले कार्य गर्ने प्रचलन बेलायत र अमेरिकालगायत विश्वका विभिन्न लोकतान्त्रिक मुलुकका अभ्यासमा देखिन्छ। व्यवस्थापिकाको आकार ठूलो हुने र सबै विषयमा सबै सदस्यले जानकारीसमेत नराख्ने भएकाले व्यवस्थापिकाभित्र अत्यधिक कार्यबोझ हुने हुनाले र आजको व्यवस्थापन अत्यधिकरूपमा प्राविधिक विषय भएकाले सम्बन्धित विषयका विशेषज्ञ र जानकारी राख्ने सदस्यलाई विभिन्न समितिमा राख्ने अन्तर्राष्ट्रिय अभ्यास नै बनेको छ। जसअन्तर्गत सम्बन्धित विषयका विज्ञद्वारा पर्याप्त छलफलपछि मात्र प्रतिवेदन आउने र यसलाई पूर्ण सदनले स्वीकार्ने/पारित गर्ने प्रचलन छ। समितिले प्रत्येक विधेयकलाई विस्तृतरूपमा छलफल र विचारविमर्शपश्चात् मात्र पूर्ण सदनमा प्रस्तुत गर्ने हुनाले पूर्ण सदनको ठूलो सङ्ख्यामा छलफल गर्नुभन्दा सानो समितिमा विस्तृत छलफल गरिनु वैज्ञानिक मानिएको छ। त्यसैले आज व्यवस्थापिकाभित्र यस्ता समितिको ठूलो महत्त्व देखिन्छ। यस्ता समिति विभिन्न मुलुकमा अत्यन्तै शक्तिशालीसमेत देखिन्छन्। अमेरिकी कङ्ग्रेस (व्यवस्थापिका) को माथिल्लो सदन सिनेटभित्र वैदेशिक मामलासम्बन्धी समितिले अमेरिकी राष्ट्रपतिको वैदेशिक मामलासम्बन्धी अधिकार र उनको निरङ्कुशतामाथि रोकसमेत लगाउने गर्छ।

समिति प्रथा नेपाली व्यवस्थापिकाको अभ्यासमा नौलो होइन। पञ्चायती संविधान नेपालको संविधान, २०१९ ले एक सदनात्मक व्यवस्थापिका राष्ट्रिय पञ्चायतमा विभिन्न समिति व्यवस्था गरेको थियो जसले पूर्ण सदनका नाममा कार्य गर्थ्यो। यस संवैधानिक व्यवस्थालाई यसपछिका संविधान नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ ले समेत निरन्तरता प्रदान गरेको देखिन्छ। नेपालको संविधान २०७२ को भाग ८, धारा ९७ अनुसार केन्द्रीय व्यवस्थापिका/संसद्को दुवै सदन प्रतिनिधि सभा र राष्ट्रिय सभाले सङ्घीय कानुनबमोजिम समिति गठन गर्न सक्ने संवैधानिक व्यवस्था छ। यसबाहेक धारा ९७ (२) मा सङ्घीय संसद्को दुई सदनबीचको कार्यप्रणालीलाई व्यवस्थित गर्न, कुनै विधेयकमा रहेको मतभिन्नता अन्त्य गर्न वा अन्य कुनै खास कार्यका लागि दुवै सदनको संयुक्त समिति गठन गरियोस् भनी कुनै सदनले प्रस्ताव पारित गरेमा संयुक्त समिति गठन गरिने उल्लेख छ। यस्तो समितिमा प्रतिनिधि सभाका पाँच र राष्ट्रिय सभाका एक सदस्यको अनुपातमा समावेशिताका आधारमा बढीमा २५ जना सदस्य रहने संवैधानिक व्यवस्था छ।

सदनभित्रका समितिले आफ्ना कामकारबाही आफैँ व्यवस्थित गर्न सक्ने भएकाले यी समिति अत्यन्तै शक्तिशाली देखिन्छन् र आफ्ना कार्य गर्न पूर्णरूपमा स्वतन्त्र देखिन्छन्। सार्वभौम संसद्भित्रका समिति भएकाले यिनीहरूले सरकारलाई सार्वभौम संसद्प्रति जिम्मेवार बनाउने कार्यमा अहम् भूमिका निर्वाह गर्छन् भने मुलुकलाई आवश्यक पर्ने ऐन, कानुन तर्जुमा गर्ने भूमिका पनि निर्वाह गर्छन्।

### ८.१ संसदीय समितिको सक्रियता र गतिविधि

यस वर्ष पनि व्यवस्थापिका-संसद्का विभिन्न समिति विगत वर्षहरूझैँ मानव अधिकार र

समसामयिक विषयलगायत विभिन्न क्षेत्रमा भएका अनियमितता र सार्वजनिक महत्व अर्थात जनचासो सम्बोधन गर्न सक्रिय रहे। यस दिशामा यी समितिले मुलुकमा मानव अधिकार उल्लङ्घनका विभिन्न घटना छानविन गर्ने, यी घटनाबारे जानकारी लिने (मन्त्रिपरिषद् र पदाधिकारी) सँग र सोअनुसार आवश्यक कदम चाल्न सरकारी निकायलाई आवश्यक निर्देशन दिने कार्यमा सकारात्मक भूमिका निर्वाह गरे। यी समितिले पूर्ण सदनमा प्रस्तुत गरेका प्रतिवेदनमा यस दिशामा विभिन्न सुझाव दिनसमेत अग्रसरता देखाए। संसदीय समितिले आफ्ना प्रतिवेदनमार्फत सरकारलाई दिएका निर्देशन, सुझाव, सिफारिस आदि सरकारले पूर्णरूपमा पालना नगरे तापनि समितिले यस दिशामा गरेको कार्यको प्रशंसा नगर्नु अन्याय ठहर्नेछ। तर यस्ता निर्देशन पालना गराउन सरकारलाई थप दबाब दिनुपर्ने आवश्यकता भने देखिन्छ।

सिद्धान्ततः व्यवस्थापिका-संसद्भित्रका समितिहरूमार्फत सरकारलाई जनउत्तरदायी बनाउने प्रयत्न गरिएको हुन्छ। यस वर्ष संसद्भित्र विद्यमान ११ संसदीय समितिले आफ्ना कार्यमार्फत यस्ता जिम्मेवारी पूरा गरे। अर्थ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, उद्योग वाणिज्य तथा उपभोक्ता हित सम्बन्ध समिति, सामाजिक न्याय तथा मानव अधिकार समिति, कृषि तथा जलस्रोत समिति, विकास समिति, महिला बालबालिका, ज्येष्ठ नागरिक र समाज कल्याण समिति, राज्य व्यवस्था समिति, वातावरण संरक्षण समिति, सार्वजनिक लेखा समिति, सुशासन तथा अनुगमन समिति आदिले महत्वपूर्ण कार्य गरे। व्यवस्थापिका-संसद्भित्रका समितिले यस वर्ष गरेका कार्य अत्यन्तै महत्वपूर्ण रहे। मानव अधिकार एक आयामिक विषय भएकाले प्रायः हरेक समितिमा यसबारे ठोस छलफल र विचारविमर्श भए।

मानव अधिकारसँग मूलरूपमा सरोकार राख्ने व्यवस्थापिका-संसद्भित्रका समितिमध्येको सामाजिक न्याय तथा मानव अधिकार समितिले सन् २०१६ को वर्षमा अत्यन्तै उत्साहप्रद् कार्य गऱ्यो। व्यवस्थापिका-संसद्को कार्यसञ्चालन नियमावली २०७० को नियम ११२ अनुसार २०७० चैत २६ मा गठित सामाजिक न्याय तथा मानव अधिकार समितिको कार्यक्षेत्र व्यवस्थापिका-संसद् नियमावली २०७३ अनुसार मन्त्रालय, विभिन्न आयोग र मानव अधिकारसम्बन्धी विषय यसको कार्यक्षेत्रभित्र पर्ने भएकाले यसले सरकारलाई व्यवस्थापिका-संसद्प्रति उत्तरदायी र जवाफदेही बनाउने, सरकारबाट भए/गरेका कामकारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र रायसल्लाह दिने कार्य सफलतासाथ सम्पन्न गर्दै आएको छ। मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन, त्यसको प्रभावकारी कार्यान्वयनतर्फ ठोस प्रगति भए/नभएको, अधिकार उल्लङ्घनकर्तालाई कानुनको दायराभित्र ल्याउन सकिए/नसकिएको, अधिकारबारे सचेतना अभिवृद्धि गर्नेतर्फ सन्तोषजनक काम कारबाही भए/नभएकोबारे पनि समितिले अनुगमन र मूल्याङ्कन गर्दै आएको छ।[५] समितिको निर्णय कार्यान्वयन सवालमा सरोकारवाला निकायको उदासिनता, दक्ष जनशक्ति र बजेट अभाव, यस्ता कार्यसँग सम्बन्धित कानुन निर्माणमा देखिएको उदासिनता जस्ता चुनौतीले गर्दा समितिको कार्य आशातीतरूपमा सफल हुन नसकेको समिति स्वयम्ले स्वीकारेको छ।[६]

यस वर्ष समितिले सत्य निरूपण तथा मेलमिलाप आयोगको कार्ययोजनामा रहेका क्रियाकलाप निर्धारित समयसीमाभित्र प्रभावकारी ढङ्गले सम्पन्न गर्न आयोगलाई निर्देशनसमेत दियो। साथै यसले यस्ता कार्य सम्पन्न गर्ने क्रममा प्रधान मन्त्री, मन्त्रिपरिषद्को कार्यालयलगायत अन्य मन्त्रालयसमेतलाई निर्देशन दिने र व्यवस्थापिका-संसद्प्रति जिम्मेवार बनाउन पहल गऱ्यो।

मानव अधिकारको स्थिति अध्ययन गर्ने क्रममा समितिका सदस्यद्वारा जुम्ला, रुकुम र अछामको स्थलगत भ्रमणसमेत भयो। महिला अधिकारको व्यवस्थाबारे अध्ययन र अनुगमनका लागि कार्य सञ्चालन गर्ने क्रममा महिला अधिकार अध्ययन तथा सञ्चालन गर्न महिला अधिकार अध्ययन तथा अनुगमन कार्यदल गठन गऱ्यो।

बेपत्ता पारिएका व्यक्तिहरूको छानविन सम्बन्धमा यससँग सम्बन्धित समिति, प्रधान मन्त्री तथा

---

५. सामाजिक न्याय तथा मानव अधिकार समिति, व्यवस्थापिका-संसद् २०७३। *व्यवस्थापिका-संसद् : सामाजिक न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन,* २०७३। काठमाडौं : संसद् भवन, सिंहदरबार। पृ. ४-५

६. ”

मन्त्रिपरिषद्को कार्यालयलगायत अन्य मन्त्रालयलाई निर्देशन दियो।

कोरियास्थित पानीजहाजमा काम लगाइदिने भन्ने ठगी प्रकरणका सम्बन्धमा समितिले सम्बन्धित मन्त्रालयलाई दिएको निर्देशनको कार्यान्वयनमा देखिएको ढिलासुस्ती, उदासिनता र दोषी कर्मचारीलाई कारबाही सम्बन्धमा अनुगमन गर्ने निर्णय गर्‍यो। जुम्ला, रुकुम र अछाममा गरिएका स्थलगत भ्रमणसम्बन्धी प्रतिवेदनमा छलफल, शान्ति र पुनर्निर्माण, सङ्क्रमणकालीन न्याय विषयमा विज्ञहरूसँग छलफल गर्ने निर्णय, सोल्टी होटलको क्यासिनोका पूर्वकर्मचारीको तलब/भत्तासम्बन्धी छलफल, कपिलवस्तु जिल्लाको चन्द्रौटास्थित विन्धवासिनी सशस्त्र प्रहरी गणका प्रहरीद्वारा महिलामाथि गरिएको बलात्कार सम्बन्धमा छलफल र सम्बन्धित निकायलाई निर्देशन दिने कार्य यस अवधिका मानव अधिकार समितिका उल्लेख्य कार्य रहे।[७]

यसै सन्दर्भमा विधायन समिति, राज्य व्यवस्था समिति, उद्योग वाणिज्य तथा उपभोक्ता हित समिति, सुशासन तथा अनुगमन समिति, सार्वजनिक लेखा समिति, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण समिति, कृषि तथा जलस्रोत समिति, संसदीय सुनुवाइ समिति, अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, अर्थ समिति, वातावरणीय संरक्षण समिति, विकास समिति आदिले यस वर्ष अत्यन्तै उत्साहबर्द्धक कार्य गरे।[८] यस वर्ष विकास समितिले हुलाकी राजमार्ग जनकपुर-वीरगन्ज खण्डको स्थलगत अवलोकन गरी निष्कर्ष र सुझाव दिने कार्य गर्‍यो भने कर्णाली अञ्चलको समग्र विकास सम्बन्धमा स्थलगत अवलोकन गरी ठोस निष्कर्ष र सुझाव दियो।[९]

संविधान सभा र व्यवस्थापिका-संसद्को कार्यसञ्चालन नियमावली, २०७० को नियम ११० अनुसार गठित विभिन्न समितिमध्ये २०७१ वैशाख १४ गतेदेखि कार्य प्रारम्भ गरेको अर्थ समितिले पनि यस वर्ष उत्साहबर्द्धक कार्य गरेको छ। नियमावलीअनुसार समितिले आफ्नो कार्यक्षेत्रअन्तर्गत पर्ने अर्थ मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय योजना आयोगसँग सम्बन्धित विषयमा यिनीहरूको कार्यसम्पादनमा रहेका कमीकमजोरी र सुधारका प्रयास आदि विषयमा सरकारलाई आवश्यक सल्लाह, सुझाव र निर्देशन दिने कार्य गरेको छ। राष्ट्रिय योजना तर्जुमा, विकास योजनाका ढाँचा र विकास बजेट बढीभन्दा बढी खर्च गर्ने सम्बन्धमा सम्बन्धित मन्त्रालय र राष्ट्रिय योजना आयोगको ध्यानाकर्षण गराउने कार्य गरेको छ।[१०]

अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले पनि २०१६ को वर्षमा महत्वपूर्ण कार्य गरेको छ। स्वतन्त्र एवम् सार्वभौम सम्पन्न नेपालमाथि बढ्दो वैदेशिक हस्तक्षेपप्रति गम्भीर ध्यानाकर्षण गर्दै समितिले नेपालको आन्तरिक मामलामा वैदेशिक हस्तक्षेप हुन नहुने, अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको छवि उचो राख्न र कूटनीतिलाई प्रभावकारी बनाउन राजदूत नियुक्ति प्रक्रिया अगाडि बढाउने, योग्य, सक्षम र इमान्दार व्यक्तिलाई राजदूत छनोटका लागि आवश्यक मापदण्ड निर्धारण गर्न नेपाल सरकार परराष्ट्र मन्त्रालयलाई स्पष्ट निर्देशन दिने र ध्यानाकर्षण गराउने कार्य गरेको छ। देशभित्र र बाहिर नेपाली श्रमिकहरू ठगिएको, शोषितपीडित रहेका र उनीहरूको मानव अधिकार उल्लङ्घन भएकाले सो संरक्षण गर्न उचित निर्देशन दिने र ध्यानाकर्षण गराउने कार्य गरेको छ।[११]

सुशासन तथा अनुगमन समितिले पनि २०१६ को वर्षमा उल्लेख्य कार्य गरेको छ। राज्यले जनतालाई पुर्‍याउनुपर्ने सार्वजनिक सेवा छिटोछरितो, प्रभावकारी र गुणस्तरीय हुनुपर्ने कुराको वकालत गर्दै यस समितिले सरकारी कामकारबाही र उत्तरदायित्व बहन भए/नभएको सन्दर्भमा जाँचबुझ, मूल्याङ्कन र

---

७. व्यवस्थापिका-संसद् सचिवालय (२०७३)। *संसद् दर्पण।* वर्ष २, अङ्क ५, साउन २०७३, काठमाडौं : पृ. १२-१५

८. ऐ ऐ। पृ. १-४८

९. ऐ ऐ। पृ. ४९-५५

१०. व्यवस्थापिका-संसद् (२०७२)। *व्यवस्थापिका-संसद् अर्थ समितिको वार्षिक प्रतिवेदन, २०७२।* काठमाडौं : संसद् भवन सिंहदरबार, पृ. मन्तव्य

११. व्यवस्थापिका-संसद् : अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, २०७२। *व्यवस्थापिका-संसद् : अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको प्रतिवेदन, २०७२।* काठमाडौं : संसद् भवन, सिंहदरबार, पृ. दुई शब्द

अनुगमन गर्ने कार्य गरेको छ।[१२]

सार्वजनिक लेखा समितिले पनि यस वर्ष महत्वपूर्ण कार्य गरेको छ। यीबाहेकका अन्य समितिले पनि मानव अधिकारसँग सम्बन्धित विभिन्न मुद्दा उठाएर सरकारलाई जनप्रतिनिधिमूलक निकायप्रति जिम्मेवार बनाउन ठोस पहल गरेका छन्। तर सरकार यी प्रतिवेदनमा उल्लिखित कुरा कार्यान्वयन गर्न उदासिन देखिन्छ।

### ८.२ संसदीय सुनुवाइ समिति

नेपाली व्यवस्थापिकाले केही वर्षदेखि प्रयोगमा ल्याएको संसदीय सुनुवाइ व्यवस्थाले पनि मानव अधिकारको संरक्षण र संवर्द्धन कार्यमा सकारात्मक योगदान पुऱ्याएको देख्न सकिन्छ। वर्तमान संविधान (२०७२) मा व्यवस्था भएअनुरूप राष्ट्रिय मानव अधिकार आयोगका सदस्य/पदाधिकारीलगायतका संवैधानिक निकायमा पदाधिकारी नियुक्ति गर्नुपूर्व सम्बन्धित व्यक्तिलाई संसदीय सुनुवाइमा पेश गरिने प्रचलनले उनीहरूलाई जनताप्रति जिम्मेवार बनाउने र मानव अधिकार उल्लङ्घनकर्तालाई त्यस्ता सार्वजनिक पदहरूमा नियुक्त नगर्ने दिशामा सिद्धान्ततः ठोस योगदान पुऱ्याउने विश्वास लिइएको छ।

संसदीय सुनुवाइको अभ्यास नेपाली व्यवस्थापिकाभित्रको एक नवीन विषय भएकाले यसबारे विस्तृत व्यवस्था हुन भने बाँकी छ। तर जनता यो प्रथा कायमै राख्नुपर्ने पक्षमा देखिएका छन्। गत वर्ष सर्वोच्च अदालतका स्थायी न्यायाधीशको सुनुवाइ मतदानमार्फत अनुमोदनको घटना नेपालको संसदीय सुनुवाइको इतिहासमा एक महत्वपूर्ण घटना मानिएको छ। तर यस्तो सुनुवाइमार्फत कुनै व्यक्तिलाई नियुक्त नगर्न सरकारलाई सिफारिस गरिए तापनि सरकारले नियुक्त गर्ने गरेकाले यो कार्य प्रक्रिया पुऱ्याउने एक कर्मकाण्डीय विषयमात्र भएको गुनासो पनि आउने गरेको छ।

संसदीय सुनुवाइ विशेष समितिले यस वर्ष महत्वपूर्ण निर्णय र कार्य गऱ्यो। संसदीय सुनुवाइ विशेष समितिको कार्यविधि २०७३ को मस्यौदामा आवश्यक संशोधन गर्ने कार्य भयो। न्यायपरिषद्को सदस्य पदमा प्रस्तावित रामप्रसाद सिटौलाको सुनुवाइ सम्बन्धमा छलफल, प्रस्तावित प्रधान न्यायाधीश सुशीला कार्की र निर्वाचन आयोगका प्रस्तावित निर्वाचन आयुक्तविरुद्ध समितिमा प्राप्त सूचना तथा उजुरी खोल्ने निर्णय, सर्वोच्च अदालतको न्यायाधीश पदमा प्रस्तावित ११ जना न्यायाधीश सम्बन्धमा समितिमा प्राप्त सूचना तथा उजुरी खोल्ने निर्णय र सुनुवाइ, विभिन्न देशका लागि प्रस्तावित राजदूत तथा स्थायी प्रतिनिधिहरूविरुद्ध संसदीय सुनुवाइ हुनुपूर्व नै सम्बन्धित देश/निकायमा एग्रिमो (सहमति) का लागि पठाउने मन्त्रिपरिषद्ले गरेको निर्णय सम्बन्धमा परराष्ट्र मन्त्रालयका सचिवलाई आमन्त्रण गर्ने र संसदीय सुनुवाइ विशेष समितिको प्रक्रिया नटुङ्गिएसम्म नियुक्ति प्रक्रिया अगाडि नबढाउने निर्देशन र प्रस्तावित चार जनासँग जानकारी लिने आदि कार्य गरिए।[१३] संसदीय सुनुवाइ विशेष समितिले २०७३ साउन-कात्तिकको अवधिमा गरेको सुनुवाइमा प्रस्तावित राजदूतहरूको सुनुवाइ महत्वपूर्ण विषयका रूपमा रह्यो। साथै १४ राजनीतिक नियुक्तिका रूपमा राजदूत पदमा सिफारिस भएका व्यक्तिहरूको संसदीय सुनुवाइ गर्नु नपर्नेसमेत निर्णय गऱ्यो।[१४]

### ८.३ संसदीय समितिहरूको प्रतिवेदन

संसदीय समितिहरूले वर्षभर आफूले गरेका कार्यका विषयमा प्रतिवेदन तयार पारी छलफलका लागि पूर्ण सदनमा पेश गर्ने गर्छन्। यस्तो छलफलमा सहभागी भई मानव अधिकार उल्लङ्घन र लोकतन्त्र सुदृढीकरणसम्बन्धी मुद्दा सदनमा उठाएर सांसदले मानव अधिकार संवर्द्धन र संरक्षणमा यस वर्ष पनि ठोस योगदान पुऱ्याउने कार्य गरेका छन्। संसदीय सुनुवाइ विशेष समितिबाहेकका अन्य संसदीय समितिले आफूले

---

**१२.** सुशासन तथा अनुगमन समितिको सचिवालय, २०७२। *सुशासन तथा अनुगमन समितिको वार्षिक प्रतिवेदन, २०७२।* काठमाडौं : सुशासन तथा अनुगमन समितिको सचिवालय, सिंहदरबार, संसद् भवन।

**१३.** व्यवस्थापिका-संसद् सचिवालय (२०७२)। *संसद् दर्पण।* वर्ष २, अङ्क ४, साउन २०७२। काठमाडौं : पृ. ३१-३४

**१४.** व्यवस्थापिका-संसद् सचिवालय (२०७३)। *संसद् दर्पण।* वर्ष २, कात्तिक २०७३। काठमाडौं : पृ. २४-३०

वर्षभरि गरेका कामको प्रतिवेदनलाई वार्षिक प्रतिवेदनका रूपमा व्यवस्थापिका-संसद्को पूर्ण सदनमा प्रस्तुत गर्ने र उक्त प्रतिवेदनमा व्यवस्थापिका-संसद्मा पूर्ण सदनमा खुला छलफल र बहस हुने हालको व्यवस्था छ। यस्ता समितिले सरकारलाई कुनै खास कार्य गर्ने निर्देशन, सिफारिस, ध्यानाकर्षण गरे तापनि सरकारले यी प्रतिवेदनमा उल्लिखित कुरा कार्यान्वयन गर्न ठोस पहल गरेको छैन। अर्को अर्थमा, यी समिति सरकारलाई जनउत्तरदायी संस्था व्यवस्थापिका-संसद्प्रति जिम्मेवार र उत्तरदायी बनाउन पूर्ण सफल भएको देखिएको छैन। यस्ता प्रतिवेदन कार्यान्वयनतर्फ सरकारले प्रदर्शन गरेका उदासिनताका कारण यी प्रतिवेदन औपचारिकमात्र भई पुस्तकालयमा थन्कन पुगेका छन्।

**९. व्यवस्थापिका-संसद् र महाभियोग प्रस्ताव**

सार्वजनिक पद धारण गर्ने र राजकीय कोषबाट तलब सुविधा ग्रहण गर्ने पदाधिकारीलाई जनप्रतिनिधिमूलक संस्था व्यवस्थापिकाप्रति जिम्मेवार बनाउने क्रममा व्यवस्थापिकाले त्यस्ता पदाधिकारीले कार्यक्षमताको अभाव वा खराब आचरणका आधारमा महाभियोग प्रस्ताव पारित गरी हटाउने लोकतान्त्रिक प्रक्रिया रहेको छ। राष्ट्रपतीय शैलीको राजनीतिक व्यवस्था भएको संयुक्त राज्य अमेरिकामा त्यहाँको व्यवस्थापिका कङ्ग्रेसले राष्ट्रपति, प्रधान न्यायाधीश, न्यायाधीशहरू र संवैधानिक पदाधिकारीविरुद्ध महाभियोग लगाउन सक्ने संवैधानिक व्यवस्था छ। बृटिस शैलीको संसदीय व्यवस्था भएका मुलुकमा पनि यो अभ्यास नभएको होइन। नेपालको राजनीतिक व्यवस्थाको इतिहासमा पनि यो व्यवस्था नौलो छैन। बहुदलीय राजनीतिक व्यवस्था पुनर्बहाली भएयता नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ र नेपालको संविधान २०७२ ले पनि यस व्यवस्थालाई निरन्तरता दिएका छन्।

नेपालको संविधान २०७२ को धारा १०१ अनुसार संविधान र कानुनको गम्भीर उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको, आचारसंहिताको गम्भीर उल्लङ्घन गरेका कारण आफ्नो पदीय जिम्मेवारी पूरा गर्न नसकेका आधारमा प्रतिनिधि सभाका एक चौथाइ सदस्यले संवैधानिक निकायका प्रमुख वा पदाधिकारीविरुद्ध महाभियोग प्रस्ताव पेश गर्न सक्ने र यसलाई प्रतिनिधि सभामा तत्काल कायम सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा दुई तिहाइ बहुमतबाट पारित भएमा सम्बन्धित व्यक्ति पदबाट मुक्त हुने संवैधानिक व्यवस्था छ। यस्तो प्रस्ताव पेश गर्ने आधार भए/नभएको छानविन गरी सिफारिस गर्ने प्रयोजनका लागि प्रतिनिधि सभामा महाभियोग सिफारिस समिति रहने जसमा १० सदस्य रहने र महाभियोगको प्रस्ताव पेश गरिएका पदाधिकारीले त्यस्तो कारबाहीको टुङ्गो नलागेसम्म आफ्नो पदको कार्य सम्पादन गर्न नपाउने, महाभियोगको आरोप लागेको व्यक्तिलाई सफाइ पेश गर्ने मनासिव मौका दिनुपर्ने, महाभियोगको प्रस्ताव पारित भई पदमुक्त भएको व्यक्तिले त्यस्तो पदबाट पाउने कुनै सुविधा लिन र भविष्यमा कुनै पनि सार्वजनिक पदमा नियुक्त वा मनोनयन हुन नसक्ने र यससम्बन्धी थप व्यवस्था कानुनबमोजिम हुने जस्ता कुरा पनि धारा १०१ को उपधारा १० मा गरिएका छन्।[१५]

व्यवस्थापिका-संसद् नियमावली २०७३ को परिच्छेद २१ अनुसार यस्तो महाभियोग प्रस्ताव महाभियोग सिफारिस समितिले महाभियोगका विषयमा अध्ययन र छानविन गरी आरोपित पदाधिकारीलाई महाभियोग लगाउनुपर्ने या नपर्ने ठहर गरी प्रतिवेदन पेश गर्ने व्यवस्था छ। उक्त सिफारिस समितिले त्यस्तो आरोपित पदाधिकारीसँग बयान लिने, सफाइ पेश गर्ने मौका दिने र विज्ञ एवम् अधिकारीको सहयोगमा थप छानविन गरी प्रतिवेदन पेश गर्ने व्यवस्थासमेत गरिएको छ। यस्तो प्रतिवेदनमा पूर्ण सदनमा छलफल हुने, प्रतिवेदनमाथि छलफल र संशोधन पेश गर्ने मौका दिने, उक्त प्रतिवेदनमाथि छलफल, पुनः थप छानविन र विचार गर्न सिफारिस समितिमा पठाउन प्रस्ताव गर्ने आदि विभिन्न चरण पार गरेपश्चात मात्र उक्त

१५. संविधान सभा सचिवालय (२०१६/२०७२)। *नेपालको संविधान, २०७२।* काठमाडौं : सिंहदरबार

प्रतिवेदनको सिफारिस निर्णयार्थ सदनमा प्रस्तुत गर्ने व्यवस्था छ।[१६]

यस वर्ष व्यवस्थापिका-संसद्मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीविरुद्ध २०७३ कात्तिक ३ मा महाभियोगको प्रस्ताव दर्ता गरियो। नेकपा एमाले र नेकपा माओवादीतर्फबाट १५७ सदस्यद्वारा हस्ताक्षर गरी पेश गरिएको उक्त प्रस्तावमा कार्कीमाथि संविधान र कानुन उल्लङ्घन गरेको, कार्यक्षमताको अभाव, खराब आचरण, इमान्दारितापूर्वक पदीय कर्तव्य पालना नगरेको जस्ता आरोप लगाइएका थिए। व्यवस्थापिका-संसद्मा छलफलकै सन्दर्भमा प्रदेश नं. ५ का केही जिल्ला क्षेत्र नं. ४ मा गाभ्ने गरी संविधान संशोधन प्रस्ताव दर्ता गरिएका कारण त्यसको विरोधमा सदन अवरुद्ध भएपछि कार्कीविरुद्धको महाभियोग प्रस्तावमाथिको छलफल स्थगित हुन पुग्यो।

नेपालको संविधान २०७२ प्रारम्भ भएपछिको दोस्रो अधिवेशनमा प्रतिपक्षी दलका नेता पुष्पकमल दाहाल (प्रचण्ड) सहित १ सय ८१ जना सांसदले प्रधान मन्त्री केपी ओलीविरुद्ध अविश्वासको प्रस्ताव लगेको र २०७३ साउन ७, ८ र ९ गते छलफल र मतदान गर्ने भनिएकामा उक्त प्रस्ताव स्वीकृतिका लागि सदनमा प्रस्तुत गर्नुपूर्व नै प्रधान मन्त्री ओलीले राष्ट्रपतिसमक्ष राजनीमा दिए। यही कारण अविश्वासको प्रस्ताव निर्णयार्थ व्यवस्थापिका-संसद्मा पेश भएन।

### १०. नेपालको संविधान २०७२ कार्यान्वयनमा व्यवस्थापिका-संसद्को भूमिका

दोस्रो संविधान सभा संविधान निर्माण कार्य पूरा गरेपछि संविधान निर्माण गर्ने निकायबाट कानुन निर्माण गर्ने व्यवस्थापिका-संसद्मा परिणत भयो। त्यसैले वर्तमान संविधान लागु गर्ने कार्यमा समेत संसद्ले भूमिका निर्वाह गर्नुपर्ने दायित्व प्राप्त भएको छ। वर्तमान संविधान कार्यान्वयनमा संसद्भित्र प्रतिनिधित्व गर्ने ठूला दलले कम चासो देखाएकाले मुलुकमा संवैधानिक सङ्कटसमेत विकसित हुन पुगेको छ। नेपालको अन्तरिम संविधान २०६३ खारेज भएको र वर्तमान सङ्घीय संविधान पूर्णरूपमा लागु नभइसकेको वर्तमान अवस्था सङ्क्रमणकालबाट नै गुज्रिरहेको छ।

नेपालको संविधान २०७२ कार्यान्वयनमा व्यवस्थापिका-संसद्ले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। वर्तमान संविधानको भाग ८ को धारा ८३ अनुसार प्रतिनिधि सभा र राष्ट्रिय सभा भएको दुई सदनात्मक सङ्घीय व्यवस्थापिका/सङ्घीय संसद् हुने व्यवस्था छ। वर्तमान व्यवस्थापिका-संसद्ले संविधान कार्यान्वयनको सिलसिलामा विभिन्न कार्य गर्न सक्छ। जसअनुसार यस अधिवेशनमा यसबारे छलफल विचारविमर्श (धारा ९३), संविधान संशोधन, कानुन निर्माण जस्ता कार्य गर्ने गर्छ।

संविधान मूल कानुन भएकाले यसलाई कार्यान्वयन गर्नका लागि सदनले कम्तीमा २ सय नयाँ कानुन बनाउनुपर्ने, विद्यमान ऐन परिमार्जन र संशोधन गर्नुपर्ने आवश्यकता देखिन्छ। विधेयक सम्बन्धित मन्त्रालयमार्फत सदनमा प्रस्तुत गरिनुपर्ने हुनाले सरकार यस्ता विधेयक तयार पार्न संवेदनशील देखिँदैन। व्यवस्थापिकाले नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय महासन्धि सम्झौताअनुरूप कानुन बनाउने र यस्ता कानुन कार्यान्वयन गर्न निर्देशन दिने गर्छ। नेपालको वर्तमान संविधान कार्यान्वयनका थुप्रै जटिलता, विवाद र समस्या विद्यमान छन्। सङ्घीय संविधानमा व्यवस्था भएअनुसार सङ्घ, प्रदेश र स्थानीय तह (गाउँपालिका, नगरपालिका र जिल्ला सभा)को तत्काल निर्वाचन गर्नका लागि अनुकूल वातावरण र परिस्थिति विद्यमान नुहुनु यस सन्दर्भको अर्को जटिलता हो।

संविधानको भाग ६ को धारा ६२ अनुसार राष्ट्रपतिको निर्वाचन, धारा ६७ अनुसार उपराष्ट्रपतिको निर्वाचन, धारा ८४ अनुसार सङ्घीय व्यवस्थापिकाको तल्लो सदन प्रतिनिधि सभाको निर्वाचन, धारा ६(२) अनुसार व्यवस्थापिकाको माथिल्लो सदन राष्ट्रिय सभाको निर्वाचन, भाग १४ को धारा १७९ अनुसार सङ्घीय एकाइ एक सदनात्मक प्रदेश व्यवस्थापिकाको निर्वाचन, भाग १ को धारा २२२ अनुसार गाउँ सभा (गाउँपालिका), धारा २२२ अनुसार नगरपालिकाको नगर सभाको निर्वाचन, धारा २२० अनुसार जिल्ला

१६. व्यवस्थापिका-संसद् सचिवालय (२०७३)। *संसद् दर्पण।* वर्ष २, अङ्क ६, कात्तिक २०७३, काठमाडौं : पृ. ३५-३६

सभाको गठन, धारा ७६ अनुसार केन्द्रीय/सङ्घीय मन्त्रिपरिषद् गठन र प्रधान मन्त्रीको नियुक्ति, भाग १३ प्रदेश कार्यपालिका, धारा १६२ अन्तर्गत प्रदेश कार्यकारिणी अधिकार प्रयोग गर्ने प्रदेश मन्त्रिपरिषद् गठन, धारा १६३ अनुसार प्रत्येक प्रदेशमा नेपाल सरकारको प्रतिनिधिका रूपमा प्रदेश प्रमुखको नियुक्ति आदि कार्य पूरा नभएसम्म नेपालमा २०७२ को संविधान कार्यान्वयन भएको अनुभूति हुँदैन।[१७]

असोज ३, २०७२ देखि कार्यान्वयनमा आएको वर्तमान नेपाली संविधान कार्यान्वयनका दिशामा भएका गम्भीर चुनौतीमध्ये सङ्घीयतासँग सम्बन्धित प्रमुख मुद्दा मूलरूपमा छन्। हाल संवैधानिक व्यवस्था गरिएका सात प्रदेश, सङ्घीय आयोगलाई जिम्मा दिइएको सीमाङ्कनको टुङ्गो, प्रदेश संसद्ले २/३ बहुमतका आधारमा टुङ्गो लगाइने भनिएको नामाकरणसम्बन्धी मुद्दा, केन्द्र, प्रदेश र स्थानीय निकायबीच अधिकार बाँडफाँटसम्बन्धी संविधानको परिशिष्टमा गरिएको व्यवस्था आदि जस्ता राज्यको संरचना र राज्यशक्तिको बाँडफाँटसँग सम्बन्धित विषयमा सङ्घ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध जस्ता विषय अहिले पनि विवादित विषयकै रूपमा छन्।

व्यवस्थापिका-संसद्ले नेपालको संविधान २०७२ कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ :

१. वर्तमान संविधानसँग असन्तुष्ट शक्ति (मधेसी, जनजाति, दलित आदि) लाई वार्तामा ल्याउन सरकारलाई दबाब दिएर र उनीहरूका जायज माग स्वीकार्न पहल गर्न सक्छ। संसद्भित्र पनि यस्तो किसिमको पहल गर्न नसकिने होइन।
२. असन्तुष्ट शक्तिका माग (नागरिकता, माथिल्लो सदन राष्ट्रिय सभामा प्रतिनिधित्वको प्रश्न आदि) सम्बोधन गरेर संविधान संशोधनमार्फत समस्या समाधान गरी संविधान कार्यान्वयनका लागि पृष्ठभूमि बनाउन सकिन्छ।
३. नेपालमा हरेक राजनीतिक समस्याको समाधान संविधान संशोधनमार्फत गरिने परिपाटी अन्तरिम संविधान २०६३ को कार्यान्वयनकै क्रममा देखिएको छ। त्यसैले अन्तरिम संविधान २०६३ मा १ दर्जन जति संशोधन पनि भए। यसरी असन्तुष्ट पक्षलाई संविधान कार्यान्वयनका लागि तयार बनाउन सक्छ।

संविधान कार्यान्वयनका लागि आवश्यक कानुन निर्माण गर्ने क्रममा सरकार विधेयक निर्माण गर्न उदासिन देखिएकाले व्यवस्थापिकाले पर्याप्त कार्य गर्नसमेत पाएको छैन। जबकि संविधान कार्यान्वयनका लागि करिब २०० विधेयक निर्माण गर्न जरुरी छ।

यी सबै कुरा हुँदाहुँदै पनि केही दलका ठूला नेताबीच राजनीतिक सहमति भएरमात्र यस्तो राजनीतिक विवादले निकास पाउने अभ्यास नेपालको व्यवस्थापिकाभित्र विकसित हुँदै आएको छ। पूर्ण सदनले गर्ने कार्य केही नेताले मात्र गरेकाले सदन उपहासको विषयसमेत बन्न पुगेको छ र सार्वभौम संसद्को अधिकारमाथि नै प्रश्न खडा हुँदै गएको छ। राजनीतिक दलबीच राजनीतिक सहमति नभएसम्म संविधान कार्यान्वयन हुन नसक्ने पनि निश्चित छ। साथै रातारात सरकारले संविधान कार्यान्वयन गर्न आवश्यक पर्ने सम्पूर्ण ऐन/कानुनको मस्यौदा र संशोधन विधेयकका रूपमा प्रस्तुत गर्न सकेमा मात्र संविधान कार्यान्वयनका लागि उपयुक्त वातावरण बन्न जान्छ।

मानव अधिकार एक बहुआयामिक विषय भएको हुनाले सामाजिक न्याय तथा मानव अधिकार समितिबाहेकका अन्य १० समितिसँग पनि सम्बन्धित भएकाले यसबारे गम्भीर बहस चलाएर मानव अधिकार संवर्द्धनमा संसद्ले मानव अधिकारलगायत अन्य विषयसँग सम्बन्धित क्षेत्रीय (सार्क सदस्यको हैसियतले) र अन्तर्राष्ट्रिय (संयुक्त राष्ट्र सङ्घ सदस्यको हैसियतले) सन्धि/महासन्धि स्वीकृति, सम्मिलन र अद्यावधिकसमेत गर्न सक्ने हुनाले मानव अधिकार संरक्षण/संवर्द्धन गर्ने क्षेत्रको व्यवस्थापिका अङ्गको भूमिका अहम् हुने गर्छ। साथै व्यवस्थापिका-संसद्भित्रका विभिन्न विषयगत समिति र कुनै खास विधेयक अध्ययनका लागि गठन गरिएको विधेयक उपसमितिले पनि यस क्षेत्रमा ठोस योगदान पुऱ्याएको देखिन्छ।[१८]

---

**१७.** संविधान सभा सचिवालय (२०१६)। *नेपालको संविधान २०७२।* सिंहदरबार : काठमाडौं

**१८.** व्यवस्थापिका-संसद् सचिवालय (२०१६)। *संसद् दर्पण।* वर्ष २, अङ्क ५, साउन २०७३, सिंहदरबार, काठमाडौं : पृ. १-५२

## ११. व्यवस्थापिकासम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास

विश्वका विभिन्न राजनीतिक व्यवस्था भएका मुलुकमा सरकारले कानुन निर्माण गर्ने गहन जिम्मेवारी बहन गरे तापनि समष्टिरूपमा यस अङ्गको भूमिका विभिन्न राजनीतिक व्यवस्थामा फरक फरक देखिएको छ। संविधान र संसदीय व्यवस्थाकी जननी मानिने बृटिस शैलीको संसदीय व्यवस्था भएका मुलुकमा संसद्को सर्वोच्चता/सार्वभौमिकताको सिद्धान्तलाई सिद्धान्ततः स्वीकारिएको पाइन्छ। बेलायतको संसद्को शक्तिका विषयमा एक बृटिस संविधान विशेषज्ञले भनेका छन्- बृटिस संसद्ले लोग्ने मानिसलाई स्वास्नी मानिस र स्वास्नी मानिसलाई लोग्ने मानिस बनाउनेबाहेक अरु सबै कार्य गर्न सक्छ। यो भनाइ १९११ र १९४९ को संसद् ऐनपश्चात् बृटिस संसद्को तल्लो सदन हाउस अफ कमन्स/कमन्स सभाका लागिमात्र प्रयोग हुने गर्छ। माथिल्लो सदन भने १९११ पश्चात् विश्वको अति कमजोर माथिल्लो सदनका रूपमा विकसित हुन पुगेको छ। जनप्रतिनिधिमूलक संस्था भएकाले बृटिस संसद्को तल्लो सदन कमन्स सभाले जनताका मौलिक र मानवीय अधिकार संरक्षण र संवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छ। यस क्रममा यसले जनताका लागि कानुन बनाउने, राज्यको वित्तमाथि नियन्त्रण गर्ने आदि कार्य गरेर सर्वोच्च नीति निर्माण गर्ने निकायका रूपमा कार्य गर्छ। संसद्ले आफ्नो शून्य समय, विशेष समय जस्तो विभिन्न छलफलमा जनताका मानव अधिकारसम्बन्धी विषय उठाएर सरकारलाई संसद्प्रति जवाफदेही बनाउने कार्य गर्छ तर आज व्यवहारमा बृटिस संसद्का यी कार्य आकारमा साना विभिन्न समितिले संसद्का नाममा सम्पादन गर्ने अभ्यासका रूपमा विकसित हुन पुगेको छ। सांसदहरूले विशेष किसिममा उन्मुक्ति/छुट्याउने विशेषाधिकार उपभोग गर्ने गर्छन् जसले गर्दा जनताका अधिकार, पिरमर्का, गुनासो, समस्या सदनमा उठाउन उनीहरूलाई सहज हुने गर्छ।

अर्को प्रमुख महत्त्वपूर्ण राजनीतिक व्यवस्था : अमेरिकी शैलीको राष्ट्रपतीय व्यवस्थामा पनि व्यवस्थापिका अङ्ग त्यति नै प्रभावशाली हुने गर्छ। फ्रेन्च दार्शनिक मन्टेस्क्युको शक्तिको पृथकीकरणको सिद्धान्त र अमेरिकाले प्रयोगमा ल्याएको अवरोध र सन्तुलनको सिद्धान्तले सरकारका तीनै अङ्गलाई निरङ्कुश हुन दिएको छैन। एउटा अङ्ग निरङ्कुश हुन खोजे अर्को अङ्गले यसलाई रोक्ने परिपाटी संयुक्त राज्य अमेरिकामा व्यावहारिकरूपमा अत्यन्त सशक्तरूपमा विकसित हुन पुगेको छ।

**अमेरिकी व्यवस्थापिका** : कङ्ग्रेसका दुवै सदन माथिल्लो सदन सिनेट र तल्लो सदन प्रतिनिधि सभाका सदस्यहरू प्रत्यक्षरूपमा जनताद्वारा निर्वाचित हुने गर्छन्। संयुक्त राष्ट्र अमेरिकाको सिनेट विश्वको अत्यन्तै शक्तिशाली माथिल्लो सदन मानिन्छ भने दुई वर्ष कार्यकाल भएको तल्लो सदन पनि कमजोर छैन। जनताका मानव अधिकार संरक्षण गर्नमा अमेरिकी कङ्ग्रेसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने गर्छ। अमेरिकी कङ्ग्रेसका दुवै सदनका सदस्यले सदनभित्र विभिन्न विशेषाधिकार, उन्मुक्ति/छुट प्राप्त गर्ने हुनाले उनीहरूलाई मानव अधिकारलगायत जनताका समस्या सशक्तरूपमा सदनमा उठाउन गाह्रो पर्दैन। सदन र समिति सञ्चालन गर्ने नियम आफैँले बनाउन पाउने हक यसलाई भएकाले यसको प्रभावकारिता झन् बढ्न गएको देखिन्छ। कङ्ग्रेसले जनताका नाममा कानुन बनाउने, कार्यपालिकालाई जिम्मेवार बनाउने, कार्यक्षमतामा खराब आचरणका आधारमा राष्ट्रपति, प्रधान न्यायाधीशलगायत पदाधिकारीविरुद्ध महाभियोग लगाउने, राज्यको ढुकुटीमाथि नियन्त्रण, राष्ट्रपतिले गरेका नियुक्तिको अनुमोदन (सिनेटबाट) आदि गरी सर्वोच्च तहको नीति निर्माण गर्ने निकायका रूपमा कार्य गर्छ। सिनेटरले सदनभित्र लगातार धाराबाहिकरूपमा बोलेर जनताको समस्या स्वीकार्न सशक्त दबाब समूहका रूपमा कार्य गर्दै आफ्ना माग स्वीकार्न बाध्य तुल्याउने गर्छन्। विश्वका अन्य मुलुकमा जस्तै कङ्ग्रेसका कार्य आज व्यवहारमा साना समितिमार्फत हुने गरेको छ। सिनेटका विभिन्न समितिमध्ये परराष्ट्र मामलासम्बन्धी समिति अति नै शक्तिशाली मानिन्छ। जसले राष्ट्रपतिलाई परराष्ट्र मामलासम्बन्धी कुनै कार्य गर्न र नगर्नका लागि अति शक्तिशाली दबाब दिने गर्छ।

फ्रेन्च शैलीको मिश्रित राजनीतिक व्यवस्थामा पनि व्यवस्थापिका अङ्ग जनप्रतिनिधिमूलक निकायका रूपमा प्रभावशाली रहने गर्छ। फ्रेन्च व्यवस्थापिकाको माथिल्लो सिनेटभन्दा तल्लो सदन राष्ट्रिय सभा शक्तिशाली हुन गर्छ। जनताका नाममा कानुन बनाउने हुनाले जनताका मानवीय मौलिक अधिकार संरक्षण गर्नमा फ्रेन्च व्यवस्थापिकाको अहम् भूमिका हुने गर्छ।

सदनको शून्य समय, विशेष समय, छलफल आदिमा जनप्रतिनिधिले जनताका मानव अधिकारलगायत विभिन्न समस्या, पिरमर्का र गुनासा उठाउने गर्छन्। फ्रान्समा पाँचौ गणतन्त्रको संविधान, १९५८ अन्तर्गत कार्यपालिकाको सर्वोच्चताको सिद्धान्त स्वीकारिएकाले फ्रेन्च व्यवस्थापिका अमेरिका र बृटिस व्यवस्थापिकाको तुलनामा कमजोर सावित हुन पुगेको छ। तर पनि विश्वका अन्य मुलुकका व्यवस्थापिकाले झैं कानुन निर्माण गर्ने कार्य फ्रेन्च व्यवस्थापिकाले पनि गर्छ। व्यवस्थापिका सदस्यले विभिन्न विशेषाधिकार र उन्मुक्ति उपभोग गर्छन्। यसबाट कानुन निर्माण गर्न, वित्तमाथि नियन्त्रण, मन्त्रिमण्डलमाथि नियन्त्रण आदि कार्य गर्न र जनताका मानव अधिकारका मुद्दा उठाउन व्यवस्थापिकालाई सहज भएको छ।

चिनियाँ शैलीको साम्यवादी व्यवस्था (व्यवहारमा संविधानले समाजवादी व्यवस्था भनेको छ) मा व्यवस्थापिकाको अत्यन्तै अहम् र प्रभावकारी भूमिका हुने गर्छ। व्यावहारिकरूपमा चिनिया साम्यवादी दलले राज्यसत्ताको सम्पूर्ण पदमा नियन्त्रण गरे तापनि सिद्धान्ततः संवैधानिकरूपमा चिनिया एक सदनात्मक व्यवस्थापिका राष्ट्रिय जनकङ्ग्रेस विश्वको अत्यन्तै शक्तिशाली व्यवस्थापिकाका रूपमा चिनिने गरिन्छ। वर्तमान चिनिया संविधानको धारा ५७ अनुसार चिनिया राष्ट्रिय जनकङ्ग्रेस चीनको राज्यसत्ताको सबभन्दा माथिल्लो अङ्ग हो। संवैधानिक व्यवस्थाअनुसार पाँच वर्षको कार्यकालका लागि निर्वाचित यस निकायले चिनिया राष्ट्रपति, प्रधान मन्त्री, उपप्रधान र मन्त्रीहरू, सर्वोच्च जनअदालतका सभापति (प्रधान न्यायाधीश) संवैधानिक निकायका पदाधिकारी सबैको नियुक्ति र बर्खास्ती गर्ने गर्छ। मन्टेस्क्युले प्रतिपादन गरेको शक्ति पृथकीकरणको सिद्धान्तलाई चिनिया साम्यवादी (व्यवहारमा/संविधानमा समाजवादी भनिएको) राजनीतिक व्यवस्थाले आत्मसात (पश्चिमी शैलीमा प्रयोग भएजस्तै रूपमा प्रयोग भएजस्तै अर्थमा) नगरेकाले प्रधान न्यायाधीश र अन्य न्यायाधीशको नियुक्ति/बर्खास्तीसमेत व्यवस्थापिकाको अधिकारभित्र पर्ने गर्छ। यस अर्थमा यस समाजवादी व्यवस्थाले न्यायपालिकामाथिको व्यवस्थापिकाको नियन्त्रण स्वीकार्नुले स्वतन्त्र न्यायपालिकाको अवधारणाचाहिँ स्वीकारेको देखिँदैन। २५०० भन्दा बढीको हाराहारीमा सदस्यता रहेको यस राष्ट्रिय जनकङ्ग्रेसभित्र स्थायी समितिलगायत अन्य विभिन्न समिति पनि छन्। निष्कर्षमा भन्नुपर्दा सिद्धान्ततः चिनिया व्यवस्थापिका विश्वको अति शक्तिशाली व्यवस्थापिकाका रूपमा स्वीकारिए तापनि व्यवहारमा चिनिया साम्यवादी दलले हरेक निकायमा नियन्त्रण कायम गर्ने गर्छ।

सामूहिक कार्यपालिका नेतृत्व स्वीकार्ने र प्रत्यक्ष लोकतन्त्र भएको विश्वको एकमात्र राज्य स्विट्जरल्यान्डको व्यवस्थापिकाको आफ्नै विशिष्ट पहिचान र महत्व छ। स्विस सङ्घीय व्यवस्थापिका सङ्घीय सभाको तल्लो सदन राष्ट्रिय परिषद् र राज्य परिषद् माथिल्लो सदन हो। माथिल्लो सदनले स्विस सङ्घीय एकाइ क्यान्टन र अर्धक्यान्टनको प्रतिनिधित्व गर्ने गर्छ भने तल्लो सदनले जनसङ्ख्याको प्रतिनिधित्व गर्ने गर्छ। संसदीय व्यवस्था भएको मुलुकमा व्यवस्थापिकामा प्रतिपक्षीको आधिकारिक उपस्थिति हुने भए तापनि स्विस व्यवस्थापिकामा यस्तो व्यवस्था छैन। राज्य परिषद्का सदस्य डिपुटिज चार वर्षका लागि निर्वाचित भए तापनि यसपूर्व नै उनीहरूलाई फिर्ता बोलाउन सकिने व्यवस्था छ। स्विस प्रत्यक्ष लोकतन्त्रमा केही प्रत्यक्ष लोकतन्त्रका साधन जनमत सङ्ग्रह, प्रारम्भिक सभा, उपक्रम आदिको प्रयोग, विशेषतः जनमत सङ्ग्रहको प्रयोग प्रत्येक वर्ष अत्यधिकरूपमा हुने हुनाले स्विस जनताको मानव अधिकार खतरामा पर्ने सम्भावना कम देखिन्छ।

बृटिस शैलीको संसदीय व्यवस्था भएका भारत, जापान जस्ता मुलुक (भारतमा संसद्, जापानमा डायट) मा संसदीय सर्वोच्चताको सिद्धान्त स्वीकारिएको हुन्छ। नेपालको संविधान २०७२ घोषणा गरिएपश्चात् रूपान्तरित व्यवस्थापिका-संसद्ले पनि यही भूमिका प्राप्त गरेको छ।

**१२. निष्कर्ष**

दोस्रो संविधान सभाले नेपालको संविधान २०७२ घोषणा गरेपश्चात् संविधान सभा व्यवस्थापिका-संसद्का रूपमा रूपान्तरित हुन पुग्यो। यसले सन् २०१६ मा मानव अधिकार संरक्षण र संवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्‍यो। विश्वका विभिन्न प्रगति देखेका नेपालीको जनआकाङ्क्षा र महत्वाकाङ्क्षा अत्यधिकरूपमा चुलिँदै गएको वर्तमान अवस्थामा यस निकायले जनचाहनाअनुसार कार्य नगरेको गुनासो गरिए तापनि कानुन निर्माण गर्ने

निकायका रूपमा यस अङ्गले गरेको कार्य कम आकलन गर्नु यसप्रति अन्याय हुनेछ।

व्यवस्थापिका-संसद्ले मानव अधिकार संरक्षणको सिलसिलामा कार्यपालिकालाई दबाब दिने, नेपालको विद्यमान कार्यपालिका संरचनाभित्र रहेका विभिन्न निकायलाई मानव अधिकार संरक्षण र संवर्द्धन गर्न निर्देशन दिने र सचेत गराउने, मानव अधिकारसम्बन्धी ऐन, नियम, कानुन कार्यान्वयन गर्न ध्यानाकर्षण गराउने दिशामा सकारात्मक कार्य गरे तापनि सरकारले यस दिशामा देखाएको उदासिनताका कारण यी कुरा कार्यान्वयनमा आउन सकेनन् र व्यवस्थापिका-संसद्का यी कार्य ओझेलमा पर्न गए। र, यी प्रयास पूर्णरूपमा उपलब्धिमूलक हुन नसकेको देखिन्छ।

सरकार र सरोकारवालालाई मानव अधिकार संरक्षण गर्ने दिशामा कार्यपालिकालाई व्यवस्थापिकाप्रति पूर्ण जवाफदेही बनाउने दिशामा पनि सरकारी बेवास्ताका कारण ठोस कार्य हुन नसकेको देखिन्छ। नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय कानुन र मानव अधिकार सन्धि, महासन्धि र अन्तर्राष्ट्रिय मापदण्डलाई सम्मान गर्दै यी अन्तर्राष्ट्रिय व्यवस्थाअनुरूप राष्ट्रिय कानुन निर्माण गर्ने, विद्यमान ऐन नियम र कानुनलाई सोहीअनुरूप परिमार्जन गर्ने, संशोधन गर्ने कार्यमा व्यवस्थापिका-संसद्ले दबाब दिए तापनि सरकारले नसुनेका कारण यी कार्य उपलब्धिमूलक नभएको देखिन्छ।

राजनीतिक दलबीच नयाँ सङ्घीय संविधान कार्यान्वयन गर्ने, सङ्क्रमणकाल अन्त्य गर्ने र लोकतन्त्र संस्थागत गर्ने सोचभन्दा सत्ता, सङ्घर्ष र राजनीतिक असहमति खुलारूपमा प्रस्तुत भएका कारण लोकतन्त्रको संस्थागत विकास, मानव अधिकार संरक्षण र संवर्द्धन ओझेलमा पर्न पुगे। संसदीय समितिहरूले यस वर्ष विगतका वर्षझैं मानव अधिकारसँग प्रत्यक्ष र अप्रत्यक्ष सरोकार राख्ने विषयप्रति विशेष चासो राख्ने, सरकारलाई आवश्यक निर्देशन दिने कार्य सफलतासाथ गरे तापनि यसको कार्यान्वयन सरकारबाट नभएकाले यिनीहरूको प्रयास निरर्थक हुन पुग्यो। सामाजिक न्याय र मानव अधिकार समितिले गरेका कार्य पनि यसै कारण ओझेलमा पर्न पुगे।

व्यवस्थापिका-संसद्मा रहेका साना/ठूला दलबीच विभिन्न कारण र आधारमा राजनीतिक असहमति हुन पुगेकाले वर्तमान संविधान कार्यान्वयनको कार्य ओझेलमा पर्न गयो र व्यवस्थापिका-संसद्को भूमिकासमेत प्रभावकारी हुन सकेन। संसदीय समितिहरूले यस वर्ष गरेका कार्य अत्यन्तै उत्साहबर्द्धक देखिए तापनि यी समितिले पूर्ण सदनसमक्ष प्रस्तुत गरेका वार्षिक प्रतिवेदनमा उल्लिखित कुरा व्यवहारमा उतार्न सरकारले देखाएको उदासिनताले गर्दा समितिका कार्यसमेत उपलब्धिमूलक देखिएनन्। शून्य र विशेष समयमा नागरिकका अधिकार संरक्षण र संवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण आवाज उठाइए। जनप्रतिनिधि जनताका मागप्रति सचेत देखिए तर पनि सरकारले यसबारे सुनुवाइ नगरेकाले जनप्रतिनिधिको प्रयत्न सफल भएको देखिएन। सरकारको उदासिनता यसका लागि मूलरूपमा जिम्मेवार देखिए तापनि व्यवस्थापिका-संसद्ले कार्य नगरेको भन्न मिल्दैन।

**सन्दर्भ सामग्री**


व्यवस्थापिका-संसद् सचिवालय, (२०७२)। *संसद् दर्पण।* वर्ष १, अङ्क ३, माघ २०७२, काठमाडौँ : संसद् भवन, सिंहदरबार

व्यवस्थापिका-संसद् सचिवालय, (२०७२)। *व्यवस्थापिका-संसद् र व्यवस्थापिका-संसद् सचिवालयसम्बन्धी परिचय।* वर्ष १, अङ्क २, माघ २०७२, काठमाडौँ

व्यवस्थापिका-संसद् सचिवालय, २०७३। *संसद् दर्पण।* वर्ष २, अङ्क ५, साउन २०७२, काठमाडौँ : संसद् भवन, सिंहदरबार

सुशासन तथा अनुगमन समितिको सचिवालय, (२०७१)। व्यवस्थापिका-संसद् : सुशासन तथा अनुगमन समितिको वार्षिक प्रतिवेदन, (२०७२)। काठमाडौँ : संसद् भवन, सिंहदरवार

सामाजिक न्याय तथा मानव अधिकार समिति, (२०७३)। *व्यवस्थापिका-संसद् : सामाजिक न्याय तथा मानव अधिकार समितिको वार्षिक प्रतिवेदन, २०७३ (आर्थिक वर्ष २०७२/७३)।* काठमाडौँ : संसद् भवन, सिंहदरवार

व्यवस्थापिका-संसद्, (२०७२)। *व्यवस्थापिका-संसद् अर्थ समितिको वार्षिक प्रतिवेदन, २०७२।* काठमाडौं : संसद् भवन, सिंहदरवार

व्यवस्थापिका-संसद्, अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समिति, २०७२। *व्यवस्थापिका-संसद् : अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिको प्रतिवेदन।* काठमाडौं : व्यवस्थापिका-संसद् भवन, सिंहदरबार

संविधान सभा सचिवालय, (२०१६)। *नेपालको संविधान, २०७२।* काठमाडौं : संसद् भवन, सिंहदरबार

The Foreign Language Press (1987), The Constitution of the People" Republic of China 1982, Beijing: First Edition.

Kaeley, S.L. (n.d.), World Constitutions: Full View at a Glance (revised by K.K. Bharadwaj), New Delhi: Sudha Publications.

Dahal, Ram Kumar (2001), Constitutional and Political Development in Nepal, Kathmandu: Ratna Pustak Bhandar.

--- (2063), Comparative Government and Politics, Kathmandu: Diksanta Prakhasan (Text in Nepali).

Ebenstein, William and Others (19700), American Democracy in World Perspective (2nd edt.), New York: Harper and Row Publishers

## परिच्छेद ३

# ३.१ इलामका चिया मजदुर
# न्यूनतम ज्यालाबाट पनि वञ्चित

**पृष्ठभूमि**

इलाम प्राकृतिक सौन्दर्यमा धनी मानिन्छ। यही सौन्दर्यमा रम्न देश/विदेशबाट बर्सेनि हजारौं पर्यटक आइपुग्छन्। हरिया डाँडाकाँडा, हिमशृङ्खला, सूर्योदय, सूर्यास्त, कृषिले सुधारिएको जीवनशैली हेर्नमात्र होइन, यहाँका किसानको मेहनत र परिश्रमबाट सिक्न पनि आगन्तुक लालायित हुने गरेका छन्। अलैंची, अदुवा, अम्लिसो, ओलन, अकबरे र अर्गानिक चियाले चिनिएको इलाम पछिल्लो समय अर्गानिक कृषि क्षेत्रको पनि परिचय बनाउन उद्यत छ। निर्वाहमुखी पारालाई बाइ बाइ गर्दै व्यावसायिक कृषिमा पाइला चाल्दै गरेको यो जिल्लाको प्रमुख आम्दानीको स्रोत नै कृषि र पर्यटनलाई बनाउन सरकारी तथा गैरसकारी निकाय लागिपरेका छन् यसबेला।

त्यसो त ऊर्वर भूमि मानिने यो जिल्लामा व्यावसायिक खेती प्रणालीको अभ्यास दशकौँअघि सुरु भएको हो। तत्कालीन शासक र आर्थिकस्तर उच्च भएका किसानसमेतले यहाँको कृषिमा नयाँ-नयाँ आयाम थप्न प्रयास गरेको देखिन्छ। यहाँका किसानका मुख्य आम्दानीको स्रोत मानिने अलैंची र अदुवा वर्षौंअघि भारतबाट ल्याएर खेती थालिएको इतिहास छ। त्यही सिलसिलामा विक्रम संवत् १९२० मा इलामका बडाहाकिम गजराजसिंह थापाले नेपालमै पहिलोपटक इलाममा चिया रोपेका थिए। इलाम सदरमुकामस्थित अहिलेको इलाम चियाबारी नेपालकै सबैभन्दा पुरानो चियाबारी मानिन्छ। यसपछि २०२८ सालमा कन्याममा पनि चिया रोपियो। सरकारी स्वामित्वमा रहेका जग्गामध्ये इलाम, कन्याम, दानाबारी-चिसापानीमा पर्ने सोक्तिम र चिलिमकोटमा क्रमशः चिया रोपण गरिएको थियो। अहिले यी चियाबारी किसानका आम्दानीको स्रोत त भएको छ नै, साथै यही कारण इलाम पर्यटकीय गन्तव्य पनि बन्न सकेको छ।

यी चिया बगान शुरुवातदेखि विस्तारसँगै यहाँ काम गर्ने मजदुरले पनि दशकौं बिताए। कतिपय मजदुर आधा शताब्दी बिताएर पनि अझै तिनै बगानमा कार्यरत भेटिन्छन्। तर सरकारी स्वामित्वका यी बगानमा काम गर्ने मजदुरले २०५७ सालमा बगान लिजमा दिइएसँगै सेवा/सुविधाबाट हात धुनुपर्‍यो। दैनिक ज्याला, भरणपोषणजस्ता सुविधा कटौती गरिए। यसरी ज्याला नपाएपछि आधाभन्दा धेरै मजदुरले बगानै त्याग्नुको विकल्प भएन। तीमध्ये केही वैदेशिक रोजगारीमा गए भने केही अन्य काममा लागे। बगानमै रहेकाले ज्याला र सेवा/सुविधा बढाउन पटक-पटक आन्दोलनसमेत गरे।

मजदुरकै दबाबपछि सरकारले उनीहरूको मागअनुसार समय-समयमा न्यूनतम ज्याला निर्धारण त गर्न थाल्यो तर मजदुरले त्यसको लाभ भने लिन सकेनन्। चिया बगान लिजमा लिएको त्रिवेणी साङ्घाई समूहले अहिले पनि सरकारले राजपत्रमै प्रकाशन गरेको न्यूनतम ज्यालासमेत मजदुरलाई दिएको छैन। तर पनि मजदुरले कामबाटै हट्नुपर्ने डरले व्यवस्थापनविरुद्ध न आवाज उठाउन सकेका छन् न त काम छाडेर अरूतिर जान नै। लामो समय चियाकै स्याहारमा बिताएका मजदुर अहिले पनि उसरी नै बगानमा ढाकर बोकेर चियाका मुनाबीच चहारिरहेका छन्। दैनिक काम गरेर आएको ज्यालाले बिहान-बेलुकाको गर्जो टारिरहेका छन्। उनीहरू आफ्नो अधिकारको खोजीभन्दा पनि परिवारको हातमुख जोर्ने समस्यालाई प्राथमिकता दिन बाध्य छन्। र, बढी ज्याला पाउने लोभ देखाए पनि अन्य काममा जान सकेका छैनन्। उनीहरूले चियाबारीको काम छाड्नेबित्तिकै आफू बसेको छाप्रो (धुरा)समेत छाड्नुपर्ने भएकाले समेत अन्यत्र काममा जान सक्ने स्थितिमा छैनन्।

**अध्ययनको उद्देश्य**

- चिया मजदुरका लागि राज्यले निर्माण गरेका नीति, कानुन र अख्तियार गरिएका कार्यक्रमको व्यावहारिक कार्यान्वयनबारे जानकारी लिन।
- सरकारी नीति र ऐन कार्यान्वयन नहुँदा मजदुरमा परेको आर्थिक असर थाहा पाउन।

- चिया बगान व्यवस्थापन पक्ष र सरकारलाई मजदुरका समस्या ध्यानाकर्षण गराउन।

**अध्ययनको महत्त्व**

इलाममा सञ्चालनमा रहेका सरकारी चिया बगानकै मजदुरले सरकारले तोकेको दरअनुसार दैनिक ज्याला पाउन सकेका छैनन्। यसबाट उनीहरू निराश छन् तर आफूहरूको घर-जग्गा नभएको, चियाबारीकै जमिनमा छाप्रो हालेर बसेको जस्ता कारण यसलाई चूपचाप सहनुको विकल्प नभएको बताउँछन्।

सरकारले चिया बगानमा काम गर्ने मजदुरको दैनिक ज्याला २ सय ५३ रुपियाँ तोकेको छ। चिया कारखानामा काम गर्ने कामदारलाई त्यसमा दैनिक ३० रुपियाँ भत्ता थप्नुपर्ने व्यवस्था छ। २०७२ पुस २९ को मन्त्रिपरिषद् बैठकले चिया मजदुरको ज्याला साविकभन्दा २७ रुपियाँ थप गरी २०७२ माघ १८ को राजपत्रमा प्रकाशन गरिएको छ। यो ज्याला २०७३ साउन १ देखि २०७४ असार मसान्तसम्मका लागि तोकिएको हो। तर इलामको कन्याम चिया बगानमा कार्यरत १ सय ९ मजदुरले प्रतिदिन २ सय १६ रुपियाँमात्रै ज्याला पाउँछन्। कारखानाभित्र काम गर्नेलाई भने प्रतिदिन २ सय २३ रुपियाँ दिइने गरिएको छ। किन आफूहरूले सरकारले तोकेको ज्यालासमेत पाउन नसकेको भन्नेसम्म जानकारी उनीहरूलाई छैन। कतिपय मजदुरलाई त सरकारले आफ्ना लागि तोकेको ज्यालासमेत कति छ भन्ने थाहा छैन। त्यसैले उनीहरू बगान व्यवस्थापनले दिने ज्यालामै चित्त बुझाउन बाध्य छन्।

सरकारले तोकेको ज्याला थाहा पाउनेहरू पनि त्यो पाउनका लागि बलियोसँग आवाज उठाउन सक्दैनन्। अधिकार खोजीमा लागेको थाहा पाए बगानले कामबाटै हटाइदिने चिन्ता उनीहरूमा छ। बगानले हटाएमा रोजीरोटी र बासमात्र हैन, सन्तानको पालनपोषण पनि प्रभावित हुने डरले उनीहरू सताइएका छन्। त्यसैले थाहा हुनेहरू पनि यसबारे आवाज उठोस् भन्ने त चाहन्छन् तर अरु कसैद्वारा। यतिसम्म कि उनीहरूका अधिकारबारे जानकारी लिन पुगेका मानव अधिकारकर्मी र पत्रकारसँग समेत नाम बताउन डराउँछन्। मजदुरको अधिकार यसरी हनन भइरहँदा अधिकारकर्मीले पनि चासो दिनुपर्ने आवश्यकता देखिएको छ। सरकारले त झनै दिनुपर्ने भइहाल्यो। यसका लागि उनीहरूको अवस्था के छ त भन्ने जानकारी पहिलो सर्त हुन जान्छ। यो अध्ययनको महत्त्व पनि यही सर्तसँग जोडिएको छ जसले सरोकारवाला निकायलाई घच्घच्याउँछ भने मजदुरलाई पनि सचेत तुल्याउन मद्दत गर्छ।

**अध्ययन विधि**

- स्थलगत अवलोकन (मजदुरले काम गर्ने बगान, कारखाना, बसोबास गर्ने धुरा आदि)
- अन्तर्वार्ता (मजदुर सङ्गठनका पदाधिकारी, बगान र कारखानाका मजदुर, अधिकारकर्मी, चिया बगान व्यवस्थापन पक्षका पदाधिकारी आदि)
- स्रोत सामग्री (विभिन्न समयमा प्रकाशित मजदुरसम्बन्धी लेख-रचना, पुस्तक, मजदुरका जीवनकथा, मजदुरले ज्याला लिएर हस्ताक्षर गरेका भर्पाइ, श्रम ऐन २०४८, विभिन्न पत्रपत्रिका आदि।
- मजदुरको न्यूनतम पारिश्रमिकबारे जारी भएका राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यवस्था।
- सरकारले २०७२ माघ १८ मा प्रकाशन गरेको मजदुरको न्यूनतम ज्यालासम्बन्धी राजपत्र।

**अध्ययनको सीमा**

- यो अध्ययन इलामका कन्याम, इलाम, चिलिमकोट र सोक्तिम चिया बगानमा काम गर्ने मजदुरले पाउने मासिक पारिश्रमिक र दैनिक ज्यालामा केन्द्रित छ।
- अध्ययनमा मजदुरले अहिले पाइरहेको र सरकारले तोकेको ज्यालादरको अवस्था, सरकारी ज्याला पाउन मजदुरले गरेको आन्दोलन र प्रयासलगायत केलाउने प्रयास गरिएको छ। उनीहरूले किन तोकिएको ज्याला पाउन नसकेका हुन् भन्नेबारे बुझ्ने प्रयास गरिएको छ।
- अध्ययनमा प्रस्तुत तथ्याङ्क चिया बगानमा कार्यरत मजदुरका सङ्गठन, पदाधिकारी, चिया कारखाना र विभिन्न वेबसाइटलगायतबाट लिइएका छन्।
- चिया मजदुरको अवस्थाबारे यहाँ उल्लेख गरिएका भनाइ, प्रसङ्ग चिया मजदुर, उनीहरूका सङ्गठनका पदाधिकारी, चिया बगान व्यवस्थापन पक्षबाट लिइएको छ।

**पारिश्रमिकबाट वञ्चित हुनुका कारण**

चिया मजदुरको मासिक पारिश्रमिक ७ हजार ७५ रुपियाँ छ। कारखानाका मजदुरको दैनिक भत्ता थप ३० रुपियाँ छ। तर कन्याम चिया बगानमा कार्यरत मजदुरलाई भने व्यवस्थापन पक्षले दैनिक २ सय १६ रुपियाँ दिँदै आएको छ। यस्तै, कारखानाभित्र कार्यरत मजदुरलाई २ सय २३ रुपियाँ ज्याला दिने गरेको मजदुर बताउँछन्। सोक्तिम र चिलिमकोट चिया बगानका मजदुरले दिनको २ सय ६ रुपियाँमात्र ज्याला पाउने गरेका छन्। कन्याम चिया बगानमा १ सय ९ स्थायी र करिब ६० मौसमी मजदुर छन् भने इलाम बगानमा २६ मजदुर छन्।

बगान व्यवस्थापन पक्षले मजदुरलाई दिएको अहिलेको ज्याला बिनासम्झौताको भएको मजदुर सङ्घ-सङ्गठन बताउँछन्। 'यति ज्याला दिने भनेर व्यवस्थापनले न मजदुरसँग कुनै सम्झौता गरेको छ न त राजपत्रमा प्रकाशित ज्याला दर हामीलाई दिएको छ'- नेपाल कृषि तथा बगान क्षेत्र श्रमिक सङ्घका अध्यक्ष रमेश खड्काले भने। उनका अनुसार अहिले चिया बगान व्यवस्थापन पक्षले जे निर्णय गर्छ, त्यही मान्न मजदुर बाध्य छन्।

नेपालमा चिया रोपण भएयता यसको व्यवस्थापन २०५७ सालसम्म सरकारकै जिम्मामा थियो। चिया रोप्ने, बगान विस्तार गर्ने, यसको छाँटकाँट, गोडमेल, मल, पानी, विषादी प्रयोग, टिपाइ, प्रशोधन बिक्रीलगायतका सबै काम सरकारी निकायले नै गरिरहेको थियो। त्यतिबेला इलामका कन्याम, सोक्तिम र चिलिमकोट चिया बगानमा मात्रै २ हजारभन्दा धेरै मजदुर थिए। मौसमी मजदुरको सङ्ख्या पनि त्यसकै हाराहारी थियो।

२०५७ सालमा इलामका चार र झापाका तीन गरी सात चिया बगान सरकारले ५० वर्षका लागि त्रिवेणी साङ्घाई समूहलाई लिजमा दियो। त्यसपछि चियाको सबै व्यवस्थापन यही समूहको जिम्मामा गयो। त्यसपछि नै मजदुरले खाइपाइ आएका सेवा/सुविधा कटौती हुन थालेका हुन्। त्यतिबेला तोकिएको दैनिक ज्याला पुरुषका लागि ८० र महिलाका लागि ६४ रुपियाँ थियो। त्यतिबेला यीसहित विभिन्न सुविधा कटौती गरियो। 'बगान भाडामा लिएपछि बढी नाफा कमाउने ध्येयले बगान व्यवस्थापन पक्षले हाम्रा सेवा/सुविधा घटायो', मजदुर नेता विष्णु भट्टराईले सुनाए- चिया बगानकै धुरामा बसेको हुनाले न हामीले त्यसको कडा प्रतिवाद गर्न सक्यौं, न त खाइनखाइ महिनौं आन्दोलन गरे पनि त्यसलाई निष्कर्षमै पुऱ्याउन सक्यौं।

सरकारभन्दा निजी क्षेत्रचाहिँ मजदुरको रोजीरोटीमा गम्भीर नहुँदा आफूहरू मर्कामा परिरहेको मजदुर बताउँछन्। आफूहरूले जति पटक अनुरोध गरे पनि मजदुरको पक्षमा व्यवस्थापनले 'न्याय गर्न नचाहेको' मजदुर अगुवाको भनाइ छ। 'हामीले जतिचोटि आफ्ना समस्या राखे पनि व्यवस्थापनले यिनीहरूलाई पूरै सेवा/सुविधा नदिए पनि काम छाड्न सक्दैनन् भन्ने परेको छ', मजदुर नेता भट्टराई सुनाउँछन्- 'मजदुरको रोजीरोटी चलाउनुपर्ने बाध्यताको फाइदा उठाएर हामीमाथि अन्याय भएको हो।' व्यवस्थापन सरकारकै जिम्मामा रहेका बेला चिया बगानको अवस्था दयनीय भएको र त्यसलाई सुधार्दा लगानी बढी लागेकाले सुविधा बढाउन नसकिने एउटा बहाना व्यवस्थापन पक्षले मजदुरसामु राख्दै आएको छ। 'हामीले हाम्रा समस्या सुनाउन थाल्यौं भने बगान व्यवस्थापन त्योभन्दा ठूलो आफ्नो समस्या देखाएर तर्कन्छ', उनले थपे- अनि कसरी हामी आफ्नो अधिकार भन्दै सेवा/सुविधा वृद्धिमा सफल हुन सक्छौं ?

**समाधान पहल**

चिया बगान भाडामा दिइएपछि आफ्ना सुविधा खोसिएको भन्दै मजदुरले दर्जनौं पटक आवाज उठाए। पहिला शान्तिपूर्ण सङ्घर्षमा उत्रिएका उनीहरूले आफ्नो आवाज नसुनिएपछि बन्द/हड्तालसमेत गरे। २०६० सालपछि प्रत्येक वैशाख-जेठमा आन्दोलन गर्नु इलामका चिया मजदुरको परम्परै बन्यो। अनि व्यवस्थापन र सरकारचाहिँ रमितेमात्र भएर बस्ने कार्य चलनकै रूपमा स्थापित भयो।

२०६४ सालमा कन्याम चिया बगानका मजदुरले माग पूरा गर्न दबाबस्वरूप बगानको चिया आफैं टिपेर खाइदिए। यस क्रममा आफूले टिपेको चिया कारखानामा लैजानुको सट्टा घर लगेपछि पुनरावेदन अदालतमा मुद्दासमेत दायर गरियो। अदालतले मजदुरलाई चिया बगानमा पस्नै नपाउने गरी 'निषेधाज्ञा' जारी गऱ्यो। मजदुरका सङ्घ-सङ्गठन, राजनीतिक दल, चिया बगान व्यवस्थापन पक्ष बसेर छलफल भएपछि मजदुरले काम थाले।

२०६८/०६९ मा मेची राजमार्गको कन्याम खण्डमा कहिले साता, कहिले दुई सातासम्म सडक बन्द गराए आफ्ना माग शान्तिपूर्णरूपमा गरिएको ध्यानाकर्षणबाट नसुनिएपछि। दर्जनौं पटक हातमा

कालोपट्टी बाँधेर विरोध जनाउँदै काम गरे भने कारखानाहरूसमेत बन्द गराए। 'कहिले-कहिले आन्दोलन गरियो भन्ने एकिन मिति त बिर्सिसकियो तर त्यतिबेला गरेको सङ्घर्षको स्मरण भने ताजै छ', भट्टराईले भने- 'कति दिन-रात नखाइ, नसुती आन्दोलन गर्ने मजदुरको अवस्थाचाहिँ अहिलेसम्म उस्तै छ।' यसबाटै थाहा हुन्छ कि सरकारले नै व्यवस्था गरेको सुविधा पाउनका लागि गर्नुपरेका आन्दोलन गणनै गर्न नसकिने स्थितिमा पुगिसकेको छ।

मजदुरले खाइपाइ आएको ज्याला वृद्धि गर्नुपर्ने, २ सय ४० दिन काम गरेका मजदुरलाई अस्थायी र स्थायी नियुक्ति दिनुपर्ने, कट्टी भएको कर्मचारीको सञ्चय कोष व्यवस्थित गर्नुपर्ने र मजदुरलाई पनि सरकारी कर्मचारीलाई जस्तो सार्वजनिक, सुत्केरी आदि बिदा दिनुपर्नेलगायत माग राखेर २०७० साल साउन २ देखि ९ दिन आन्दोलन गरे। उनीहरूले कामका लागि आवश्यक औजार समयमै उपलब्ध हुनुपर्ने, परिचयपत्र दिनुपर्ने, कामदार र कर्मचारीको पद वर्गीकरण गर्नुपर्ने, दशैं खर्चवापत ४५ दिनको पारिश्रमिक एकमुष्ठ दिनुपर्ने, श्रम ऐन २०४८, ट्रेड युनियन ऐन २०४९ र बोनस ऐन २०३० समयसापेक्ष बनाउनुपर्ने तथा अन्तरिम संविधान-२०६३ को धारा १ सय ५४ अनुसार श्रम आयोग गठन गर्नुपर्ने माग राखेका थिए।

नेपाल स्वतन्त्र चिया मजदुर युनियन, नेपाल चिया बगान श्रमिक सङ्घ र अखिल नेपाल चिया मजदुर सङ्घले आन्दोलनको नेतृत्व गरेका थिए। त्यतिबेला सरकारले चिया मजदुरको दैनिक ज्याला १ सय ५८ रुपियाँ तोकेको थियो। २०६८ कात्तिक २१ मा प्रकाशित राजपत्रमा चिया मजदुरको मासिक ज्याला ४ हजार ४ सय २४ रुपियाँ हुने उल्लेख थियो। ज्याला कार्यान्वयनको आश्वासनमा उनीहरूले त्यतिबेला आन्दोलन स्थगित गरेका थिए। 'कति माग कार्यान्वयन भए, कति मागमा त्यसै सहमति जनाउनुपऱ्यो', मजदुर नेता नर्वदा निरौलाले सुनाइन्- कतिपय मजदुरबीचमै फाटो आएकाले सुस्ताउन बाध्य भयौँ।

इलाम निर्वाचन क्षेत्र नम्बर-१ बाट संसद्मा प्रतिनिधित्व गर्ने वर्तमान सांसद तथा पूर्वप्रधान मन्त्री झलनाथ खनाल, त्यसअघिका सांसद बेनुपराज प्रसाईं, पूर्वसभामुख सुवासचन्द्र नेम्वाङ, नेपाली कङ्ग्रेसका नेता कुलबहादुर गुरुङलगायतलाई उनीहरूले पटक-पटक आफ्ना समस्या सुनाए। 'तालुकदार कृषि मन्त्रालय, श्रमिक आबद्ध विभिन्न सङ्घ/सङ्गठन र सम्बन्धित मन्त्रालयमा त कतिपटक पुगियो भन्ने हेक्का नै छैन', मजदुर अगुवा निरौला भन्छिन्- 'कुनै न कुनै बहानामा हामीलाई पन्साउने, साना उपलब्धिमै चित्त बुझाउन बाध्य पार्नेजस्ता हत्कण्डा अपनाइयो।' मजदुरले नेताहरूलाई काठमाडौं नै पुगेर र यहीं आएका बेला मौखिकरूपमा समेत आफ्ना माग राख्दै आएका छन्। तर प्रतिफल भने आश्वासनबाहेक केही पाउन सकेका छैनन्। रोजीरोटीको समस्या नै यसको मुख्य कारण रहँदै आएको निरौलाको भनाइ छ।

बगान व्यवस्थापन पक्षसँग पटक-पटक बसेर राजपत्रमा भएअनुसारको ज्याला कार्यान्वयन गर्न माग गरे पनि त्यसो हुन सकेको छैन। 'बगान घाटामा जाने हुँदा बढेको ज्याला दिनै नसक्ने भनिन्छ', मजदुर नेता भट्टराई भन्छन्- 'हामी कानुनी प्रक्रियामा जान्छौं भन्दा पनि व्यवस्थापन पक्षले दुर्गममा सरुवा गरिदिने, कामबाट हटाउनेजस्ता चेतावनी दियो। अहिले त्यही कारण कम ज्यालामै चूपचाप काम गर्न बाध्य छौं।' व्यवस्थापनको त्रास यतिसम्म छ कि मजदुरले आफ्ना समस्याबारे बाहिर सूचना दिएमा समेत उसलाई अनेक दु:ख दिने गरिएको छ।

### न्यूनतम ज्यालाबारे राष्ट्रिय/अन्तर्राष्ट्रिय व्यवस्था

मजदुर वर्गको उत्पत्ति मानव सभ्यतासँगै जोडिएको पाइन्छ। मानिस ढुङ्गेयुगदेखि नै समूहमा बस्न थाल्यो र एकले अर्काको श्रम प्रयोग गरी फाइदा उठाउन थाल्यो। खेतीपातीको युग सुरु भएपछि केही मानिस भूमिको मालिक बने भने केही भूमिहीन भए। भूमिका मालिकले भूमिहीनलाई काममा लगाउन थाले।

सुरुमा कृषि उत्पादनसँग सम्बन्धित भूपति (भूमि हुने) र भूदास (नहुने)को सम्बन्ध कायम भयो। अहिले कृषिमात्र नभई, उद्योग, कलकारखाना, व्यापार, नोकरी, सञ्चारलगायत सबैतिर मालिक र मजदुरको सहकार्य हुने गरेको छ। सामान्य अर्थमा मजदुरहरू आर्थिकरूपले विपन्न र मालिक सम्पन्न मान्ने गरिन्छ।

इतिहासमा मानिसको जीवन निर्वाह पद्धतिका आधारमा मालिक र मजदुर वर्ग कायम भए पनि युरोपको औद्योगिक क्रान्तिपछि आधुनिक अर्थमा मजदुरको उत्पत्ति भएको मानिन्छ। सन् १७७६ मा भएको अमेरिकी स्वतन्त्रता सङ्ग्राम, सन् १७८९ को फ्रान्सेली क्रान्ति, सन् १९१७ मा रुसमा भएको अक्टुबर क्रान्तिले विश्वको सामाजिक, आर्थिक, सांस्कृतिकलगायत परिवर्तनमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। यिनै क्रान्तिका आधारमा अहिलेको मजदुर आन्दोलन अघि बढेको छ।

विभिन्न आन्दोलनपछि पनि मजदुरहरू झन् चरम शोषणको अवस्थामा पुग्दै गएपछि १ मई १८८६ मा '८ घण्टा काम, ८ घण्टा आराम, ८ घण्टा मनोरञ्जन' को माग राख्दै क्यानडाका मजदुरले अमेरिकाको सिकागो सहरमा आन्दोलन गरे। १७-१८ घण्टा मजदुरलाई काम लगाउने पुँजीपतिहरूले यो आन्दोलनलाई ठूलो चुनौतीका रूपमा लिए। ३ मईसम्म लगातार आन्दोलन हुँदा १० लाखसम्म मजदुर आन्दोलनमा उत्रिए। अमेरिकी सरकारले १० मजदुरलाई आन्दोलन नियन्त्रण गर्ने क्रममा गोली हानी हत्या गऱ्यो। ४ सयभन्दा बढी घाइते भए। तत्काल आन्दोलन असफल भए पनि केही समयपछि मजदुरको ८ घण्टा कामको माग पूरा गर्न सरकार बाध्य बन्यो। त्यसपछि अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ), संयुक्त राष्ट्र सङ्घलगायतको पहलमा प्रत्येकजसो देशले श्रमिकका पक्षमा वकालत गर्न थाले। नीति-नियम बनाउँदै कार्यान्वयको चरणमा दबाब बढाउन थाले। नेपाल पनि सन् १९५५ मा संयुक्त राष्ट्र सङ्घको सदस्य बन्यो। आइएलओको अन्तर्राष्ट्रिय श्रमसम्बन्धी महासन्धिमा पनि नेपालले हस्ताक्षर गरिसकेकाले उसले श्रम सम्बन्धमा गरेका व्यवस्था बाध्यकारी भए। त्यसमा भएका श्रमिकका अधिकार, न्यूनतम ज्याला, सेवा/सुविधालगायत शिरोपर गर्न बाध्य भयो।

विक्रम संवत् १९९० सालको महाभूकम्पपछि नेपाल औद्योगिक क्षेत्रमा प्रवेश गरेको मानिन्छ। तर मजदुर सङ्घ/सङ्गठनहरूको उत्पत्ति भने २००३ सालमा मात्रै भएको इतिहास छ। उनीहरूले मजदुरका पक्षमा आवाज उठाउँदै खबरदारी गरेपछि सरकारले पनि उनीहरूका अधिकार समेटेर विभिन्न समयमा कानुन, ऐन, नीति, निर्देशिकालगायत तयार गरी मजदुर अधिकार सुनिश्चित गर्ने प्रयास गरेको देखिन्छ। सरकारले श्रम सम्बन्धमा व्यवस्था गर्न २०४९ जेठ २ मा 'श्रम ऐन-२०४८' कार्यान्वयनमा ल्यायो। त्यसको प्रस्तावनामा भनिएको छ- 'विभिन्न क्षेत्रका प्रतिष्ठानहरूमा काम गर्ने कामदार तथा कर्मचारीहरूको हक, हित, सुविधा र सुरक्षाको व्यवस्था गरी श्रम सम्बन्धमा समयोचित व्यवस्था गर्न वाञ्छनीय भएकाले संसद्ले यो ऐन बनाएको छ।'

यसलाई संशोधन गर्दै २०५४/१०/१५ मा श्रम (पहिलो संशोधन) ऐन-२०५४ आयो। त्यसपछि बाल श्रम (निषेध र नियमित) गर्ने ऐन, २०५६ पनि २०५७/३/७ मा, २०६३/४/२३ मा केही नेपाल ऐनको व्यवस्था जगाउने ऐन, २०६३, २०६६/१०/७ मा गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६६, २०६६/१०/७ मा न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन-२०६७ ल्याइए। अन्तरिम संविधान २०६३ मा श्रमसम्बन्धी हकलाई पहिलोपटक मौलिक हकअन्तर्गत राखियो।

नेपालको संविधान-२०७२ को धारा ३४ मा श्रमको हक उल्लेख छ। यसमा 'प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यासको हक हुनेछ' भनिएको छ। यो संविधानअनुसार श्रमिक भन्नाले पारिश्रमिक लिइ रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा मजदुर सम्झनुपर्छ। प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ। प्रत्येक श्रमिकलाई कानुनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हक हुनेछ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले २०६६ साल मङ्सिरमा प्रकाशन गरेको 'मानव अधिकार शिक्षामाला' का अनुसार भूमिहीन कृषि ज्यालाजीवीहरू कृषि मजदुर हुन्। कृषि क्षेत्रमा आफ्नो श्रम बेचेर जीविकोपार्जन गर्नेहरू, जसलाई माथिको वर्गीकरणअनुरूप चार किसिममा विभाजन गरिएको छ- पूर्वकमैया, बाँधा मजदुरहरू, हली गोठाला-खेतालाहरू, कृषि फर्मका कामदार र कृषि क्षेत्रमा ज्याला गरेर जीवन निर्वाह गर्नेहरू नै कृषि मजदुर हुन्। नेपालमा ८० प्रतिशतभन्दा बढी नागरिक कृषि पेशामा आधारित छन्। राष्ट्रिय आम्दानीमा करिब ४२ प्रतिशत योगदान कृषिको भएकाले नेपाललाई कृषिप्रधान देश भनिन्छ। २०४८ सालको कृषि गणनाले कृषि श्रमिकलाई ३ श्रेणीमा बाँडेको छ। ती हुन्- ज्याला वा तलब प्राप्त गर्ने कृषि मजदुर, आफ्नै खेत वा फर्ममा काम गर्ने कृषि श्रमिक र भुक्तानी नपाउने पारिवारिक श्रमिक।

२०५६ साल पुस २९ मा सरकारले कृषि मजदुरको ज्याला दिनको ६० रुपियाँ तोकेको थियो। यो ज्याला दैनिक ८ घण्टा काम गर्दाको हो। उनीहरूलाई घण्टाको साँढे ७ रुपियाँ ज्याला तोकिएको थियो। त्यसयता विभिन्न समयमा सरकारले कृषि मजदुरको ज्याला दिनको ८०, १००, १२०, २०० गर्दै गत वर्ष २ सय ५३ रुपियाँ तोकेको छ।

२०७२ माघ १८ को राजपत्रमा चिया बगानमा काम गर्ने कामदारले दैनिक २ सय ५३ रुपियाँ ज्याला पाउने व्यवस्था छ। कारखानाभित्र काम गर्ने कामदार, सरदार, नाइके र चौकीदारलाई त्यसमा दैनिक ३०

रुपियाँ भत्ता थप हुने त्यही राजपत्रमा उल्लेख छ। त्यही राजपत्रमा २०७२ असार मसान्तसम्मलाई चिया बगानमा काम गर्ने कामदारको मासिक न्यूनतम पारिश्रमिक ६ हजार ३ सय ७५ रुपियाँ तोकिएको थियो। मजदुरको दैनिक ज्याला २ सय २८ रुपियाँ थियो भने कारखानाभित्र काम गर्ने कामदार, सरदार, नाइके र चौकीदारलाई त्यसमा दैनिक ३० रुपियाँ भत्ता थप गर्नुपर्ने व्यवस्था थियो। तर मासिक पारिश्रमिक पाउनेका लागि भने भत्ता रकम थप्ने व्यवस्था छैन।

सरकारले २०७२ पुस २९ मा अन्य उद्योगमा काम गर्ने मजदुरको मासिक ज्याला १ हजार ७ सय रुपियाँ बढाएर ९ हजार ७ सय रुपियाँ पुऱ्याएको थियो। चिया बगानबाहेकका प्रतिष्ठानमा कार्यरत मजदुरको मासिक पारिश्रमिक ५ हजार १ सयबाट बढाएर ६ हजार २ सय ५, मासिक महँगी भत्ता २ हजार ९ सय रुपियाँबाट बढाएर ३ हजार ४ सय ९५ रुपियाँ पुऱ्याइएको थियो। दैनिक ज्याला ३ सय १८ बाट बढाएर ३ सय ९५ रुपियाँ पुऱ्याइएको पनि २०७२ माघ १८ को राजपत्रमा उल्लेख छ। सरकारले २०७० जेठ २७ र २०७० भदौ १० को राजपत्रमा प्रकाशित सूचना पनि त्यसै दिन खारेज गरेको थियो।

**मजदुरको अवस्था**

२०२८ सालदेखि इलाम चिया बगानमा काम गर्दै आएकी ५८ वर्षीया मीना राईलाई सरकारले तोकेको आफ्नो दैनिक ज्याला कति हो भन्ने अहिलेसम्म थाहा छैन। चियाको सबैभन्दा पुरानो बगानमा काम गर्दै आएकी राई अहिले दैनिक २ सय १० रुपियाँ ज्याला पाउँछिन्। बस्, यही अहिले आफूले थापिरहेको ज्यालामात्र थाहा छ उनलाई।

५५ वर्ष उमेर पूरा गरेपछि अवकाश पाउने भए पनि बगानभित्रै धुरामा गुजारा चलाउँदै आएकी राईले धुरा छोड्दा मात्र आफ्नो सञ्चय कोष र उपदान पाउने बताइन्। '१२ वर्षको उमेरदेखि बगानमा काम सुरु गरेकी थिएँ। अहिले बुढेसकालमा आफ्नो निजी घर नहुँदा सञ्चय कोष र उपदान पनि माया मारेर धुरामै बस्दैछु', राईले थपिन्- ५५ वर्ष पूरा भएपछि बगानले अहिले बिघा सिस्टममा काम लगाइरहेको छ।

राईसँगै काम गर्ने चन्द्रकला गजमेरलाई पनि सरकारले तोकेको ज्याला कति हो भन्ने थाहा छैन। ९ वर्षयता बगानमा काम गरिरहेकी चन्द्रकलाले पनि दैनिक २ सय १० रुपियाँ ज्याला पाउने गरेको बताइन्। 'यति ज्यालाले घर खर्च चलाउन र केटाकेटीलाई भात खुवाउन पनि पुग्दैन', चन्द्रकला भन्छिन्- 'वर्षौं भयो, थोरै ज्याला दिन्छ, दैनिक ३-४ सय ज्याला दिए अलि सजिलो हुन्थ्यो होला।' मीना र चन्द्रकलालाई मात्र होइन, इलाम चिया बगानमै २५ वर्षदेखि काम गरिरहेकी यशोदा गुरुङलाई पनि सरकारले तोकेको आफ्नो ज्यालाबारे केही पत्तो छैन। जबकि दैनिक ८ घण्टा काम गर्ने उनीहरूले जीवनको सबै ऊर्वर समय बगानमै बिताए।

दैनिक ज्यालामा त ठगिएकै थिए मजदुर। त्यसबाहेक व्यवस्थापनले उमेर हदका कारण अवकाश पाएका र सट्टामा काम गर्ने छोराछोरी नभएका केही मजदुरलाई उपदान र सञ्चय कोषको रकमसमेत दिएको छैन। बगानभित्रै धुरामा बसेका ती मजदुरलाई व्यवस्थापन पक्षले धुरा बुझाउने सर्त राख्दै यही कारण उपदान र सञ्चय कोषको रकम रोक्का गरिदिएको खड्काको भनाइ छ। 'उमेर छँदै र काम गर्न सक्दासम्म धुरामा आएर बसेका वृद्ध मजदुरलाई सट्टाभर्नामा काम गर्ने परिवारमा अर्को सदस्य नहुँदा समस्या छ। काम गर्ने उमेर बितेपछि बुढेसकालमा धुरा छाडे उनीहरूको वैकल्पिक बासको व्यवस्था छैन। बसिरहेको ठाउँ छाडेर कहाँ बास बस्ने, जग्गा पनि छैन'- नेता भट्टराईले भने। कि बसोबास छैन कि त उपदान र सञ्चय कोष- यस्तै छ मजदुरको हालत।

व्यवस्थापन पक्षले बगान घाटामा रहेकाले तोकिएको ज्याला दिन नसक्ने बरु अवस्था हेरेर बढाउने बताउने गरेको मजदुर विमला मगरले बताइन्। 'झापाको बर्ने र टोकला कमानमा काम गर्नेलाई त पूरै ज्याला दिन्छ अरे। कन्याम, इलाम, सोक्तिम र चिलिमकोटमा कार्यरत मजदुरलाई भने सरकारले तोकेकै ज्याला पनि दिएको छैन', उनको गुनासो छ- 'दशैं बिदा, बिरामी बिदा दिए पनि थप भत्ता भने दिँदैन। छोराछोरी पढाउन, घर खर्च चलाउन धेरै मुस्किल छ।' कन्यामबाहेक चिलिमकोट, सोक्तिम र इलाममा समेत गरी करिब १ हजार चिया मजदुर कार्यरत रहेका अखिल नेपाल चिया मजदुर सङ्घले जनाएको छ। चिया बगान व्यवस्थापनले हरेक १५ दिनमा मजदुरलाई ज्याला बाँड्ने गरेको छ।

इलामका निजी कारखानाहरू इलाम टि प्रोडचुसर्स पञ्चकन्या, हिमालय रेन्ज मालुम, इलाम चिया प्रालि पञ्चकन्या र इलाम टि श्रीअन्तुलगायतले भने तोकिएअनुसारकै ज्याला दिने गरेको यो सङ्घका अध्यक्ष उमेश रेग्मीले जानकारी दिए। निजी कारखानाले बगानमा दैनिक २ सय ५७ र कारखानामा काम गर्ने

मजदुरलाई यसमा ३० रुपियाँ भत्ता थप गरी २ सय ८७ रुपियाँ दिने गरेका छन्। जिल्लामा रहेका निगमबाहेकका प्राय: कारखाना र बगानले नयाँ ज्याला लागु गरेको रेग्मीले बताए। निगमअन्तर्गतकै झापास्थित बर्ने, टोकला र बारादसी चिया बगानमा भने मजदुरलाई तोकिएअनुसारकै ज्याला दिइने गरेको मजदुरको भनाइ छ। 'निजी बगान र कारखानामा नयाँ ज्यालादर कायम भइसक्दा पनि सरकारको स्वामित्वमै रहेका बगानमा भने त्यही ज्याला कार्यान्वयन हुन नसक्नु अनौठो अवस्था हो' - अध्यक्ष रेग्मी भन्छन्।

पछिल्लो पटक कायम भएको र श्रम ऐनमा उल्लेख भएको नयाँ ज्यालादर कार्यान्वयन नहुँदा वर्षौंदेखि कम ज्यालामा काम गर्दै गरेका मजदुर समस्यामा परेका कन्याम चिया बगानमा कार्यरत विष्णुमाया श्रेष्ठले बताइन्। 'कहिलेकाहीँ त भर्खर पलाएको पत्तीको तौल पुऱ्याउनै समस्या हुन्छ', उनले भनिन्- त्यस्तामा ठेक्का नपुग्दा दैनिक सय रुपियाँ ज्याला बसाउन पनि सकिँदैन। तोकिएको ठेक्का नपुग्दा बगान व्यवस्थापन पक्षले दैनिक ज्याला नै कटौती गरी कममात्र दिने गरेको छ।

**सरोकारवालाको भनाइ**

सरकारी चिया बगान भाडामा दिइएपछि चिया मजदुर असन्तुष्टमात्र छैनन्, कामबाटै निरास बन्दैछन्। अन्य कामका लागि जाने 'स्वतन्त्रता' भए पनि उनीहरू चिया बगानकै धुरामा बसेकाले काम छाडेर अन्य विकल्प खोज्ने अवस्थामा पनि छैनन्।

'सरकारले तोकेको न्यूनतम् पारिश्रमिकबिनै काम गरूँ भन्यो भने छोराछोरीको मुखमा भोलिदेखि माड लाग्दैन', मजदुर नेता निरौला भन्छिन्- 'सरकारले तोकेको पारिश्रमिक लागु गराउन दबाब दियो भने हरेक उपाय लगाएर उसलाई कामबाट हटाउने प्रपञ्च सुरु भइहाल्छ।' नेपाली किसान र मजदुरलाई पनि घरमा खान/लाउन र छोराछोरी स्कुल पठाउन दिनमा कम्तीमा ४-५ सय रुपियाँ कमाइ आवश्यक पर्ने भन्दै उनले त्यो पनि नभए कम्तीमा सरकारले तोकेको ज्यालासम्म दिए केही सहज हुने बताइन्। 'हामीले भने जति नै दिन नसके पनि सरकारले तोकेको ज्यालासम्म त दिनुपऱ्यो नि !' उनले थपिन्- सरकारी नियमसमेत नमान्ने र मजदुरमाथि अन्याय गर्नेहरू यो देशको कानुनभन्दा माथिका हुन् कि जस्तो पो लाग्न थालिसक्यो अब त।

सरकारले बनाएका कानुन, नीति, नियमभन्दा माथि कोही पनि नरहेकाले त्यसलाई लागु गर्न सबै तत्पर हुनुपर्ने अधिकारकर्मीको भनाइ छ। कानुन व्यवसायी टीका पौडेल (भारद्वाज) ऐन-कानुनले तोकेको जिम्मेवारी पूरा नगर्नेहरू कारबाहीको भागीदार हुनुपर्ने बताउँछिन्। 'कानुन मिचेर अर्काको अधिकार हनन गर्न कसैलाई छुट छैन', उनले भनिन्- 'अझ श्रमिक-मजदुरलगायत दैनिक रोजीरोटीले गुजारा चलाउने वर्गलाई झन् सेवा/सुविधा थपिदिँदा राम्रो हुन्छ।' उनले कुनै पनि बहानामा न्यूनतम् सेवाबाट कामदारलाई वञ्चित गर्न नहुने बताइन्।

चिया बगान व्यवस्थापन पक्षचाहिँ मजदुरलाई सरकारले तोकेकै ज्याला दिइरहेको दाबी गर्छ। चिया बगान व्यवस्थापनको जिम्मा लिएको साङ्घाई समूह अध्यक्ष सुवास साङ्घाईले कतिपय मजदुरले त तोकिएभन्दा बढी नै ज्यालासमेत पाइरहेको दाबी गरे। 'कामअनुसार सबैलाई न्यूनतम ज्याला दिएका छौँ', उनको भनाइ छ- ज्याला कम दिएको भन्ने आरोपमात्र हो। कतिपयलाई त दैनिक ४ सय रुपियाँसम्म पनि दिएका छौँ।

तर उनको दाबी मजदुरले पाउने गरेको 'पारिश्रमिक सिट' सँग भने मेल खाँदैन। कन्याम चिया बगानका मजदुरले हरेक २ सातामा पाउने ज्यालाको तथ्याङ्क हेर्दा चिया बगानका मजदुरको दैनिक २ सय १६ र कारखानाका मजदुरको ज्याला दैनिक २ सय २३ रुपियाँभन्दा बढी देखिँदैन। किन तपाईंहरूलाई तोकिएभन्दा कम ज्याला दिइएको होला ? भन्ने जिज्ञासामा कन्याम चिया कारखानामा भेटिएका मजदुर एकापसमा मुखामुख गर्दै भन्छन्- यो प्रश्नको उत्तर खोज्न थाल्यो भने भोलिदेखि काममै आउने वातावरण हुँदैन, अनि कसरी गुजारा चलाउनू ?

**समाधानको उपाय**

जो कानुन कार्यान्वयन गर्ने ठाउँमा छ उसैले बेवास्ता गर्दा मजदुरले अधिकारबाट वञ्चित हुनुपरेको छ। विभिन्न अधिकारकर्मी सङ्घ/संस्थाले समेत बेलाबेला मजदुरको पारिश्रमिक कार्यान्वयन गर्न दबाब सिर्जना नगरेका होइनन्। सञ्चारमाध्यमहरूले पनि यो विषय उठान गरेका थिए। तर ज्यालाको समस्या भने जस्ताको तस्तै छ। चिया मजदुरको न्यूनतम ज्याला निर्धारण गर्दा एक परिवारको दैनिक आवश्यकता पूरा हुनेगरी निर्धारण गर्नु आवश्यक छ। बालबच्चा पढाउने र काम गर्ने मानिसलाई चाहिने क्यालोरी पुग्नेगरीको खानपान भ्याउने ज्याला निर्धारण हुनुपर्ने देखिन्छ।

कृषि मजदुरको न्यूनतम ज्याला कार्यान्वयनमा विभिन्न विषयमा ध्यान दिँदा यो समस्या समाधान हुनसक्छ। कृषि मजदुरको सङ्गठन बलियो हुनुपर्छ र सरकारले बनाएको कानुन लागु गराउने पूर्ण अधिकार स्थानीय निकायलाई दिनुपर्छ। मजदुरसम्बद्ध ट्रेड युनियनले पनि न्यूनतम ज्याला लागु गराउन स्थानीय निकायमा उजुरी दिने व्यवस्था मिलाउनुपर्छ।

देशमा बढेको महँगीका आधारमा न्यूनतम ज्याला निर्धारण गर्नुपर्ने, न्यूनतम ज्याला निर्धारण गर्न सरकारले कानुन बनाउनुपर्ने, कृषि मजदुरको न्यूनतम ज्याला आवधिकरूपमा परिमार्जन गरिरहनुपर्ने देखिन्छ। सरकारी र गैरसरकारी सङ्घ/संस्थाले न्यूनतम ज्यालाबारे मजदुरलाई सचेत र शिक्षित गराउन आवश्यक छ। मजदुरको न्यूनतम ज्यालादर कार्यान्वयन भए/नभएको अनुगमन केन्द्रदेखि स्थानीयस्तरसम्म गर्नु आवश्यक छ। सरकारले तोकेको ज्याला कार्यान्वयनका लागि चिया बगान व्यवस्थापन पक्षलाई दबाब दिन जरुरी देखिन्छ। नत्र, राजपत्रको व्यवस्था घोषणा र कागजीरूपमा मात्र देखिनेछ, पीडित पक्षले अधिकार पाउने छैन।

**निष्कर्ष**

कुनै पनि उद्योग वा कृषि क्षेत्रमा काम गर्ने मजदुर प्राय: आर्थिकस्तर निम्न भएका हुन्छन्। उनीहरूको पारिवारिक अवस्था दयनीय हुन्छ भने पढाइलेखाइमा पनि प्राय: कमजोर नै हुन्छन्। दैनिक मजदुरी गर्नुपर्ने हुँदा उनीहरू मजदुरीलाई नै पहिलो जिम्मेवारी ठान्छन्। आफ्नो र परिवारको स्वास्थ्य, शिक्षा, मनोरञ्जनलगायतभन्दा उनीहरूको पहिलो आवश्यकता हातमुख जोर्ने नै हुन्छ। त्यही दैनिक काम गरेको पारिश्रमिकले उनीहरू बिहान-बेलुकाको छाक टार्छन्।

मजदुरले आफ्नो सेवा/सुविधा वृद्धिको माग राख्नु र आफ्नै उद्योग वा कम्पनीको प्रमुखसँग त्यही माग पूरा गराउन आन्दोलन गर्नु चुनौतीपूर्ण हुन्छ। किनभने कामबाट आफूलाई हटाइने, सरुवा गर्ने, बढुवा रोक्का गरिदिनेजस्ता झन्झट आइलाग्ला भन्ने डरले उनीहरू हत्पत बोल्न सक्दैनन्। बोले या आन्दोलन नै गरिहाले पनि केही समयपछि परिवारको हातमुख जोर्ने समस्या नै आइलाग्ने सम्भावना रहन्छ। त्यसैले उनीहरू थोरै सुविधा लिएर पनि काम गर्न भने बाध्य हुने गरेका छन्। इलामका कन्याम, इलाम, सोक्तिम र चिलिमकोट चिया बगानका मजदुर भने सरकारले तोकेभन्दा निकै कम ज्यालामा काम गर्न बाध्य भए पनि पछिल्लो समय भने काम गरिरहेकै छन्। उनीहरू जतिपटक दबाब दिए पनि आफूहरूको केही नलागेको भन्दै निराश भएर काम गर्न बाध्य हुनुका कारण आफू बसेको चिया बगानकै धुरा मुख्य हो। 'चिया बगानको काम छाडेर अन्त जाउँ भने बस्ने घर हुँदैन', इलाम चिया बगानकी वृद्धा मजदुर विमला मगर भन्छिन्- 'यो बुढेसकालमा कहाँ गएर अर्को काम खोज्नु ?' उनले आफूजस्ता धेरै मजदुरको समस्या एउटै रहेको पनि बताइन्।

चिया बगानको व्यवस्थापन लिजमा लिएको त्रिवेणी साङ्घाई समूहले सरकारले तोकेको सेवा/सुविधा चिया बगान र कारखानामा काम गर्ने मजदुरलाई दिनु नै समस्या समाधानको एकमात्र विकल्प हो। सरकारले पनि आफूले बनाएका नीति-नियम पालनामा अनुगमन र कडाइ गर्न सकेमात्र मजदुरको न्यूनतम ज्यालाको अधिकार सुनिश्चित हुने देखिन्छ। नभए वर्षौंदेखि न्यूनतम ज्यालासमेत नपाइ काम गर्न बाध्य मजदुरको अवस्थामा सुधार आउने छैन।

**सन्दर्भ सामग्री**


- नेपाल मानव अधिकार वर्ष पुस्तक २०१४, २०१५ र २०१६
- मानव अधिकारको विश्वव्यापी घोषणापत्र- १९४८
- नेपालको संविधान २०७२
- चिया मजदुरसँग गरिएको कुराकानी
- सरोकारवालसँग गरिएको कुराकानी
- विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारहरू

परिच्छेद ३

# ३.२ काभ्रेपलाञ्चोकमा मिर्गौला व्यापार
# प्रभाव र असर

**पृष्ठभूमि**

राजधानी नजिकैको जिल्ला काभ्रेपलाञ्चोकका केही गाउँ मिर्गौला बेचबिखनका कारण बेलाबेलामा चर्चामा आइरहन्छन्। वैदेशिक रोजगारी, गरिबी, अभाव र प्रलोभन जस्ता कारण मिर्गौला बेचबिखन हुने गरेका छन्। हालसम्म १ सय ८९ जनाले मिर्गौला बेचेका जानकारीमा आए पनि उनीहरूलाई कानुनी दायरामा ल्याउन भने सकिएको छैन। 'छिमेकीका छोराछोरी टाइ बाँधेर विद्यालय जान्छन्, आफ्ना भने घाँस काट्न खाली खुट्टा वनतिर'- मिर्गौला बेच्नुको पीडा यसरी व्यक्त गरे एक पीडितले।

आमसञ्चारका माध्यम र विभिन्न गैरसरकारी संस्थाले नेपालमा मिर्गौला बेचबिखनका विषयमा प्रस्तुत गरेका सामग्री र काभ्रेपलाञ्चोक 'मिर्गौलाका लागि ब्याङ्क नै हो' भन्ने प्रचारको वास्तविकता जान्न जरुरी देखिन्छ। नेपालमा मिर्गौला बेचबिखनका तथ्य र तथ्याङ्क कुनै अनुसन्धानमा आधारित भन्दा पनि हचुवामा बढी प्रचारमा आए। यस विषयलाई वृत्तचित्रमात्र नभएर समाचारको सनसनीपूर्ण पक्षसमेत बनाइयो। यसकारण मिर्गौला बेचबिखनबाट उत्पन्न समस्या, जिल्लामा दर्ता भएका उजुरी र त्यसमा भएका फैसला, मिर्गौला दाताहरूको भनाइ र अहिलेको अवस्था विश्लेषण गर्नुपर्ने देखियो।

मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन २०५५ ले प्रत्यारोपणका लागि कुनै पनि मानव अङ्ग बेचबिखन गर्नुलाई अपराध भनेको छ। यसैगरी मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ ले कानुन बमोजिमबाहेक अन्य अवस्थामा मानिसको अङ्ग झिक्नुलाई मानव बेचबिखन तथा ओसारपसार कार्यसम्बन्धी अपराध मानेको छ। तर पनि बिक्री प्रक्रियासँग सम्बन्धित तथ्य प्रमाणहरूको व्यवस्थित सङ्कलन तथा अभिलेखीकरणको अभावमा ती घटना मानव अङ्ग बेचबिखन हुन् कि होइनन् भनी निर्धारण गर्न कानुनी र सामाजिक चुनौती छन्। प्रचलित नेपाली कानुनले मिर्गौला बेचबिखन निषेध गरेको छ। यसअनुसार किन्ने र बेच्ने दुवै कानुनीरूपमा दण्डभागी बन्छन्। माग र आपूर्तिको सिद्धान्तसँगै राज्यले बनाएका ऐन/कानुनको विश्लेषण पनि महत्वपूर्ण छ।

**अध्ययनको उद्देश्य**

यस अध्ययनको मुख्य उद्देश्य काभ्रेपलाञ्चोकका केही गाउँमा समस्याका रूपमा देखिएको मिर्गौला किनबेचको प्रभाव र असरलाई मानव अधिकारको दृष्टिकोणबाट प्रकाशमा ल्याउनु हो। त्यसबाहेक यो अध्ययनका सहायक उद्देश्य यसप्रकार छन् :

- मिर्गौला बेचबिखनको स्वरूप, प्रकृति र सम्बन्धका विषयमा सत्यतथ्य खोजी गर्न।
- मिर्गौला बेचबिखनको आर्थिक, सामाजिक र सांस्कृतिक कारण पत्ता लगाउन।
- मानव अधिकारप्रति सरकारका प्रतिबद्धता मापन तथा तत्काल उद्धार र सहयोग गर्न।
- मिर्गौला बेचबिखन रोकथामका लागि गरिएका पहल र प्रयास खोजी गर्न।
- मिर्गौला बेचबिखनसम्बन्धी नीतिगत संरचना र संयन्त्रहरूको प्रभावकारिताका विषयमा सचेतना जगाउन।
- भविष्यमा हुन सक्ने उल्लङ्घन रोक्न अर्थात मानव अधिकार रक्षाका लागि।
- मानव बेचबिखनविरुद्धको अभियान र मानव अधिकार शिक्षालाई अझ सशक्त र प्रभावकारी बनाउन।

**अध्ययनको महत्त्व**

मानव अङ्ग प्रत्यारोपण विश्वव्यापीरूपमा एक साझा चिकित्सा प्रक्रियाका रूपमा स्थापित भएको छ। प्रत्यारोपणयोग्य अङ्गहरूको माग तथा आपूर्तिबीचको फराकिलो दूरीले मानव अङ्गहरूको अनियमित बेचबिखन फस्टाउँदो देखिन्छ। दलालहरूले गरिब र सीमान्तकृत जनतासँग मिर्गौला प्राप्त गर्न के/कस्ता हतकण्डा अपनाउँछन् ? दाताहरूसँग सुरुमा गरिएको

वाचा, गलत सूचना र स्वास्थ्यमा परेका प्रतिकूल असरहरूका कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा उल्लिखित अधिकारहरू कसरी उल्लङ्घन भइरहेका छन् ? जस्ता प्रश्नको उत्तर आउनु आवश्यक छ ताकि आगामी दिनमा यसतर्फ सचेत हुन सकियोस्।

नेपालमा सबैभन्दा बढी मिर्गौला बेचबिखनबाट प्रभावित जिल्ला भनेर काभ्रेपलाञ्चोकको नाम आउँछ। होक्से गाउँ विकास समिति अहिले पाँचखाल नगरपालिकाभित्र पर्छ। यो नपा र यससँग जोडिएका केही गाविसबाट मिर्गौला बेचबिखन हुने गरेको आमसञ्चारका माध्यमले जनाएका छन्। गरिबीको फाइदा उठाउँदै झुक्याएर मिर्गौला बेचबिखन गर्न बाध्य बनाउने र पहिला बेच्ने नै पछि गएर दलाल बन्ने गरेको देखिन्छ। पाँचखाल नपाभित्रकै साठीघर भगवती, अनेकोट, देवभूमि बालुवा र नपासँग जोडिएका काभ्रे नित्य चण्डेश्वरी, मथुरापाटी फूलबारी, ज्याम्दी, जैसिथोकलगायत गाविस यो समस्याबाट पीडित छन्।

मानव अङ्ग बेचबिखनका सम्बन्धमा नेपालमा धेरै अध्ययन भएका छैनन्, त्यसकारण देशमा विद्यमान यो समस्याको गहनता थाहा पाउन गाह्रो छ। गैरसरकारी संस्था र आमसञ्चारमाध्यमका अनुसार काभ्रेका कम्तीमा १० गाविस यसबाट प्रभावित छन्। यस्तो बेचबिखन आपराधिक समूहद्वारा सञ्चालन गरिन्छ। यसको सञ्जाल गाउँदेखि काठमाडौं र काठमाडौंदेखि भारतको नयाँ दिल्ली/चेन्नइ जस्ता सहरसम्म हुने गरेको देखिएको छ। नेपाली दलालद्वारा नेपाली रुपियाँ १ लाख ५० हजारसम्ममा मिर्गौला बिक्री गरिन्छ जबकि भारतीय दलालले उक्त मिर्गौला नेपाली रुपियाँ ७ देखि १८ लाखसम्ममा बिक्री गर्ने गर्छन्।

यसैले यस विषयमा बनेका राष्ट्रिय/अन्तर्राष्ट्रिय ऐन/कानुन, सञ्चारमाध्यममा आएका सामग्री, अध्ययन प्रतिवेदन, पीडित र सरोकारवालाको भनाइसमेत समावेश गरी अध्ययन गर्दा यसका बहुआयामिक पक्ष सार्वजनिक हुन सक्छन्। जसबाट काभ्रेपलाञ्चोक जिल्लामा रहेको यो समस्या न्यूनीकरणमा मद्दत पुग्नेछ भने अन्यत्र फैलने सम्भावना पनि कम हुनेछ। साथै मिर्गौला बेचबिखनको प्रभाव र असरको अध्ययनबाट सरकार, गैसस र पीडितलाई जिम्मेवार बनाउन थप मद्दत पुग्नेछ।

**अध्ययन विधि**

- स्थलगत अध्ययन/अवलोकन
- घटना विवरण अध्ययन
- अन्तर्वार्ता/पीडितहरूसँग कुराकानी
- स्रोत सामग्रीको अध्ययन
- पत्रपत्रिकामा छापिएका सामग्री
- अनुसन्धान प्रतिवेदन
- काभ्रे प्रहरी/अदालत/सरकारी वकिलसँग भएका विवरण
- गैससहरूको विवरण
- विज्ञहरूसँग परामर्श

**अध्ययनको सीमा**

- यो अध्ययन मिर्गौला बेचबिखनको प्रभाव र असरसँग केन्द्रित छ।
- अध्ययनमा मिर्गौला बेचबिखनको प्रभाव र असर केलाउने प्रयास गरिएको छ।
- अध्ययनमा प्रस्तुत तथ्याङ्क सन्दर्भ सामग्रीमा उल्लिखित विवरण हुन्।
- यो अध्ययन स्वतन्त्र ढङ्गबाट गरिएको हो।

**किन बेचिन्छ मिर्गौला ?**

किन मानिस मिर्गौला बेच्छन् भन्ने सम्बन्धमा पीडितका भनाइ विभिन्न अध्ययन, प्रतिवेदन र आमसञ्चारका माध्यमबाट प्रकाशन र प्रसारण भइरहेका छन्। मिर्गौलाको गैरकानुनी व्यापार विकसित देश अमेरिका र क्यानडामा समेत हुने गरेको पाइन्छ। फिलिपिन्स, नाइजेरिया, पाकिस्तान र अन्य धेरै देशमा यस्तो समस्या देखिन्छ तर नेपालका गरिब गाउँलाई भने 'ब्याङ्क अफ किड्नी' भनेर अपमानित गरिन्छ। तथाकथित 'दाता' वा पीडित विकासशील देशमा पाइन्छन्।

शोधहरूले नेपालमा मिर्गौला बेचबिखनको बजारका रूपमा ग्रामीण बस्तीहरू रोजेका छन् तर सहरमा नै बसेर मिर्गौला व्यापार गर्नेहरूको पनि कमी छैन। खासमा पीडितहरू सीमान्तकृत र विपन्न परिवारका देखिन्छन्। बेचबिखनबाट पीडितहरू मानसिक आघात बेहोरिरहेका छन्। मानसिक आघातले मिर्गौलापीडित आफूलाई एक्लो र बिरानो ठान्छन्। वाचा गरिएको रकम नपाउँदा र शरीरको अङ्ग बेचेर पनि आर्थिक अवस्थामा सुधार नहुँदा पश्चातापमा देखिन्छन्।

मिर्गौला बेचबिखनबाट पीडित भएका बस्तीमा केही गैसस गए। पीडितलाई आर्थिक सहयोग, बालबच्चा पढाउनका लागि छात्रवृत्तिलगायतका सुविधा दिए। यसबाट झन् समस्या देखिएको छ। पत्रकारलाई

समाचार ल्याउनैपर्ने बाध्यताका कारण मिर्गौला दाताहरूलाई गरिने सहयोगले यिनीहरू झन् उत्साहित भएका छन्। नचिनिने सरकारी वा गैरसरकारी क्षेत्रका व्यक्ति जाँदा ढुङ्गा बर्साउने र प्रहरीको सुरक्षा घेराभित्र फर्कनुपर्ने बाध्यता पनि देखियो।

नेपालमा मिर्गौला उपचारका लागि विभिन्न आन्दोलन भए पनि सरकारले यसलाई पूर्णत: नि:शुल्क तुल्याउन सकेको छैन। एकातिर मिर्गौला रोगद्वारा पीडितका लागि मिर्गौला प्रत्यारोपण गर्नु कठिन छ भने अर्कोतिर मिर्गौलाको तस्करी। कुनै कारणवश मिर्गौलाले काम नगर्नु र उपचारको स्थितिबाट आजीवन पीडित हुनुमात्र नभएर जानी/नजानी मिर्गौला बेच्नु पनि उत्तिकै बाध्यता छ।

**यसरी पुऱ्याइन्छ अस्पतालसम्म**

बीस वर्षपहिले होक्से गाविस-३ का कृष्ण ठकुरी, कृष्ण तामाङ, बलराम गौतमलगायतले मिर्गौला बेचेका थिए, अहिले यो सङ्ख्या निकै पुगेको छ। होक्सेबाट सुरु भएको यो यात्रामा पाँचखाल नपासँग सिमाना जोडिएका सबै गाविस सामेल भइसकेका छन्। प्रहरीले अनुसन्धानका लागि गिरफ्तार गरेका व्यक्तिहरूको भनाइमा यो समस्या काभ्रेपलाञ्चोक जिल्लाका अलावा सिन्धुपाल्चोक र नुवाकोटका केही गाउँमा पनि फैलिएको छ।

मिर्गौला बेच्नेका अनुसार भारतको कोलकत्ता, तामिलनाडु, चेन्नइ, मद्रास, लखनउ, चण्डीगढलगायतका सहरमा नक्कली कागजात बनाएर नेपालीको मिर्गौला बेचिन्छ। दलालले सर्वसाधारणलाई गाउँबाट फकाएर काठमाडौंमा नै रगत जाँच गराउँछन्। भारतसँगको खुला सिमानाको फाइदा उठाउँदै झापाको काकडभित्ता, सुनसरीको भन्टाबारी, पर्साको रक्सौल, रुपन्देहीको सुनौली, मोरङको जोगबनी, बाँकेको रुपैडिया, रौतहटको बर्गिनिया, दाङको कोइलाबास, सर्लाहीको सोनबर्सा, कपिलवस्तुको कृष्णनगर, सिरहाको माडर, महोत्तरीको मटियानी र धनुषाको जयनगर हुँदै लैजाने गर्छन्। पीडितका अनुसार मानव बेचबिखनका लागि जुन बाटो हुँदै नेपाली लगिन्छ, मिर्गौला बेचबिखन गर्न पनि त्यही मार्ग प्रयोग गरिन्छ। नेपालबाट भारत जानका लागि २१ वैधानिक नाका छन् भने १ सय ३७ छोटी नाका। दलालले जुनसुकै बाटोबाट नेपालीलाई लान सक्छन्। 'नेपाली पुरुषहरू कामका लागि लर्को लागेर भारत जान्छन्। कसलाई थाहा हुन्छ र यिनीहरू मिर्गौला दिन हिँडेका हुन् भनेर ? प्रहरीको ध्यान नेपाली महिला नाका पार नगरुन् भन्नेतिरमात्र देखिन्छ'- एक मिर्गौला दाताको भनाइ छ।

कागजात बनाउन र सिमाना कटाउने विषय दाताहरूकै इच्छाअनुसार हुन्छ। सुरुमा धेरै पैसा पाउने लोभमा सबै झुट कुरा बताउँछन्। ७-८ लाखको बार्गेनिङ भए पनि मिर्गौला झिकिसकेपछि ५-१० हजार दिएर फर्काइन्छ। ज्ञानबहादुर मिजारको भोगाइ यस्तै छ। अनि नेपाल फर्किएपछि त्यो पैसा उठाउनका लागि अर्को आफन्त वा चिनजानको व्यक्तिलाई तिनै दाताले फसाउने गर्छन्। परिवारलाई जागिर खान जाने वा अन्य कुनै बहाना बनाएर मिर्गौला दाताहरू भारततिर लाग्ने गर्छन्। सञ्चारमाध्यमले आपूर्ति केन्द्र अर्थात् नेपालका गरिब गाउँहरूमा बढी ध्यान केन्द्रित गरे पनि माग केन्द्र अर्थात अस्पताल र दलालहरूमा भने कमै ध्यान दिएको देखिन्छ।

**अङ्गदान सम्बन्धमा नेपाली कानुन**

नेपाल को संविधान २०७२ (भाग-३ को मौलिक हक र कर्तव्य- धारा २९) शोषणविरुद्धको हकअनुसार मानिसलाई बेचबिखन गर्न, दास बनाउन र इच्छाविरुद्ध काममा लगाउन पाइँदैन। संविधानको मौलिक हक र कर्तव्य- धारा ३९ अनुसार बालबालिकाको हकमा कुनै पनि बालबालिकालाई गैरकानुनी ओसारपसार वा बन्धक राख्न पाइने छैन। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, नियमावली, राष्ट्रिय कार्ययोजना, कार्यान्वयन योजना र पीडित/प्रभावितको हेरचाह तथा संरक्षणका लागि राष्ट्रिय न्यूनतम मापदण्ड बनेका छन्।

अङ्ग प्रत्यारोपणसम्बन्धी ऐन-२०५५ ले स्वास्थ्य संस्थाको सिफारिसमा आफ्ना परिवारका सदस्यभित्र अङ्ग प्रत्यारोपण गर्न मिल्ने व्यवस्था गरेको छ। तर पीडितको नागरिकतालगायत आवश्यक कागजात नक्कली बनाएर अस्पताललाई समेत झुक्याएर मिर्गौला बेच्ने गरेको पाइन्छ। मानव बेचबिखन तथा ओसारपसार ऐन-२०६४ को परिभाषामा अङ्ग बेचबिखनलाई पनि मानव बेचबिखनको स्वरूपभित्रै राखिएको छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ को दफा १५ (१) 'ग' ले प्रचलित कानुनबमोजिमबाहेक मानिसको अङ्ग झिक्नेलाई १० वर्ष कैद र २ लाखदेखि ५ लाख रुपियाँसम्म जरिवाना हुने व्यवस्था गरेको छ। तर मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन

कार्यान्वयनमा आएको लामो समय बितिसके पनि मिर्गौला बेचबिखनका पीडक कानुनी दायरामा आउन सकेका छैनन्। मानिसमा मिर्गौला बेचबिखन अपराध हो भन्ने जानकारी नहुनु पनि एउटा समस्या हो। अभाव, गरिबी, न्यायमा पहुँचको अभाव जस्ता विविध कारणले गर्दा यस्ता अपराधबारे प्रहरीमा उजुरी नपर्ने र अपराधका घटनाले यही कारण प्रोत्साहन पाउँदै गएको देखिन्छ।

**मिर्गौला बेचबिखनका मुद्दा**

झुक्याएर मिर्गौला बेचबिखन गरेको भनी काभ्रेपलाञ्चोकको जिल्ला प्रहरी कार्यालयमा तीन जनाले उजुरी गरेकामा प्रहरीले दुई जना महिलासहित १३ जनालाई खोजी गरेको थियो। आरोपित तीन जना अझै फरार छन्। जिल्ला अदालतबाट तीन जनालाई तीन/तीन वर्षको कैद सजाय सुनाइएकामा उनीहरूले कैद सजाय पूरा गरेका छन्। बाँकी आरोपित अदालतबाट सफाइ पाएर रिहा भएका छन्।

काभ्रे 'ए' ले दिएको उजुरीमा आरोपित कुमार अधिकारीलाई यस आरोपबाट धरौटीमा छुटेपछि प्रहरीले सरकारी छाप दस्तखत किर्तेमा मुद्दा चलायो। २०६९ कात्तिकदेखि फागुन ९ गतेसम्म जाहेरवालालाई विभिन्न प्रकारको प्रभोलनमा पारी भारतको नाम थाहा नभएको अस्पतालमा लगी बायाँतर्फको मिर्गौला झिकेको उजुरकर्ताको आरोप छ। आरोपितलाई २०७० वैशाख २१ गते प्रहरीले अनुसन्धानका लागि गिरफ्तार गरेकामा काभ्रेपलाञ्चोक जिल्ला अदालतको २०७१ असार ८ गतेको फैसलाले मीना दर्जी र कृष्णबहादुर दर्जीलाई ३ वर्ष कैद सजाय भएकामा २०७३ वैशाख २१ गते मुक्त भएका छन्। आरोपितमध्येका कृष्णबहादुर दर्जीलाई भने कैदी/बन्दी भागे/भगाएको मुद्दामा पुनरावेदन अदालत पाटनको पत्रले हाल धुलिखेल कारागारमा राखिएको छ। यस मुद्दामा आरोपित सचिन महर्जन, सानुलाल महर्जन र कुमार अधिकारीले सफाइ पाए। प्रेमबहादुर र सचिन महर्जनलाई दुई वटा उजुरीमा आरोप लगाइएको थियो।

काभ्रे 'बि' ले दिएको उजुरीमा आरोपित एक महिला फरार भएकाले खोजतलास जारी रहेको प्रहरीको भनाइ छ। भारतको कोलकत्तामा नाम थाहा नभएको अस्पतालमा लगी निजको शरीरको मिर्गौला झिक्न लागेको थाहा पाएर भागिआएको उजुरकर्ताले निवेदनमा खुलाएका छन्। आरोपितमध्ये मनोज राउत, राजन दर्जी २०७० वैशाख २५ गते काभ्रेपलाञ्चोक जिल्ला अदालतको आदेशले ३५ हजार रुपियाँ धरौटी दाखिला गरी तारेखमा छुटेकामा २०७१ असार ८ गतेको फैसलामार्फत सफाइ पाए। आरोपितमध्येका प्रेमबहादुर बजगाईंलाई २०६९ चैत २९ गते प्रहरीले गिरफ्तार गरेकामा अदालतबाट फैसला भएअनुसार ३ वर्ष कैद सजाय भुक्तान गरी २०७२ चैत २८ गते मुक्त भए। यस मुद्दाका अन्य आरोपितले सफाइ पाए।

काभ्रे 'सि' को उजुरीमा आरोपित दुई पुरुष फरार छन्। आरोपितहरूले २०६७ असार २० गते जाहेरवालालाई फकाइ भारतको मद्रासस्थित एम.एम.एम.लेखिएको अस्पतालमा लगी जाहेरवालाको शरीरको बायाँपट्टिको मिर्गौला झिकेको जाहेरीमा उल्लेख छ। यस मुद्दामा काभ्रेपलाञ्चोक जिल्ला अदालतको २०७१ असार ८ गतेको फैसलाले आरोपित प्रेमबहादुर बजागाईं ३ वर्ष कैद भुक्तान गरी कारागार मुक्त भए। यस मुद्दाका अन्य आरोपितले भने सफाइ पाए।

**सञ्चारमाध्यमको चासो**

नेपालमा २६ लाख मानिसमा मिर्गौलाको केही न केही समस्या देखिएको राष्ट्रिय मिर्गौला उपचार केन्द्रको तथ्याङ्क छ। यीमध्ये २ लाख ६० हजारमा गम्भीर समस्या छ भने २६ हजारको मिर्गौला नै बिग्रिएको छ। मिर्गौला स्वस्थ राख्न हरेक वर्ष स्वास्थ्य परीक्षण गर्न चिकित्सकहरूले सल्लाह दिँदै आएका छन्। मिर्गौला रोग लागेमा जीवनभर 'डाइलोसिस' गर्नुपर्छ। यसैकारण २०४५ सालदेखि नेपालमा मिर्गौलाको 'डाइलोसिस' सेवा सुरु भएको हो। मिर्गौला यति संवेदनशील मानव अङ्ग भए पनि काभ्रेका १० गाविसबाट हुने गरेका मिर्गौला तस्करी अझै रोकिएको छैन। 'ब्याङ्क अफ किड्नी' भनेर देश/विदेशमा प्रचारमा ल्याइएको यो धब्बा मेटिन जरूरी छ।[1]

नेपालबाट सुनौलीसम्म जिप र गोरखपुरदेखि रेलबाट भारतको चण्डीगढ पुगेर होक्से गाविस-२ का २८ वर्षीय ज्ञानबहादुर मिजारले आफ्नो एउटा मिर्गौला बेचे। उनका अनुसार गाउँकै मोहन सापकोटाले मिर्गौला तस्करी गर्ने भक्तपुर दुवाकोटका प्रेमबहादुर थापा मगरमार्फत मकवानपुर पालुङका सूर्यभक्त श्रेष्ठलाई मिर्गौला बेचेका थिए। ९० हजार दिने भनेर लगे पनि

१. सुसन्देश साप्ताहिक/काभ्रे, मेटियोस् मिर्गौला बैंकको धब्बा, २०७१ फागुन २८ गते

उनलाई ७० हजारमात्र दिइयो। आफ्नो मिर्गौला २ लाखमा बेचिएको कुरा पछिमात्रै उनले थाहा पाए। मिर्गौला बेचेपछि उनमा श्वास/प्रश्वास बढेको छ, खोकी लागिरहन्छ। पहिलेको जस्तो काम गर्न सक्दैनन्।[२]

होक्सेकी सीता तामाङ र उनका श्रीमान् जीतबहादुरले आर्थिक अवस्था कमजोर भएको भन्दै मिर्गौला बेचे। आर्थिक अवस्था कमजोर भएर मिर्गौला बेचेका उनीहरूलाई भूकम्पले थप पीडा दियो। भूकम्पपछि आर्थिक र बसाइको समस्या हुनेलाई आर्थिक प्रलोभनमा पारेर बेचबिखन गर्ने गिरोह पुन: सक्रिय भएका छन्।[३] भूकम्पले घर भत्काइदिएपछि ५ जनाको उनको परिवार विचल्लीमा परेको छ। सुत्केरी सीता र जीतबहादुरलाई बास जोहो गर्ने र २ बालबालिकाको पालनपोषणको चिन्ता छ।[४]

होक्से गाविस-१ का रामकुमार ठकुरीको परिवारमा त सात जनाले मिर्गौला बेचेको देखिन्छ। बाबु कृष्ण, दिदी शान्ति, भिनाजु अशोक, भाइ श्याम, बहिनी इन्दिरा र दिदी पुना दाहालले मिर्गौला बेचेको बताए। 'मिर्गौला बेच्दै, ऋण तिर्दै' शीर्षकको एउटा लेखमा एक महिला भन्छिन्- '४ लाख ऋण थियो, खेतबारीबाट आम्दानी हुँदैन, कसैगरी ऋण तिर्न नसकेपछि मिर्गौला बेच्न बाध्य भएँ।' ठकुरी परिवारका सातजनाले मिर्गौला बेचिसकेपछि समाजमा बस्न गाह्रो भएकाले गाउँ नै छाडेर गएको तथ्य छ। यसै तथ्यबाट पनि मिर्गौला तस्करीको भयाबह स्थिति आकलन गर्न सकिन्छ। परिवारको कुनै एक सदस्यले आफ्नो मिर्गौला बेचेर आएपछि उसैले परिवारका अन्य सदस्यलाई बेच्न उक्साएको, जालसाँझी गरी मिर्गौला बेच्न सफल भएको पाइएको छ।[५]

नेपालमा हुने मिर्गौला बेचबिखनसँग आधारित भएर सिएनएनले 'नेपाल अर्गान ट्रायल' नामक वृत्तचित्र तयार पारेको छ। सिएनएनका कार्यकारी उपाध्यक्ष टोनी म्याडक्सले यस विषयमा भनेका छन्- 'मानव अङ्ग बेचबिखन एक पाशविक व्यापार हो जसले एउटा व्यक्तिलाई मात्रै नभएर सम्पूर्ण परिवारलाई नै ध्वस्त पार्छ, यो एउटा भन्नैपर्ने कथा हो।' वृत्तचित्रका अनुसार काभ्रे जिल्लाका दुर्गम भागका गाउँलेलाई दलालले आफ्नो शरीरको एउटा सानो टुक्रा मासुका लागि ठूलो धनराशि दिन्छु भन्दै छलकपट गर्ने गर्छन्।[६]

काभ्रेपलाञ्चोकलगायतका केही जिल्लामा अझै पनि मिर्गौला तस्करीमा कमी आएको छैन बरु फस्टाउँदो छ। गरिबी, बाध्यता र अशिक्षाका कारण दलालले मिर्गौला बेच्न महिलालाई बढी उकास्ने गरेका छन्। कुनै महिलालाई श्रीमती भएको कागज बनाएर दलालले घुम्न जाने बहानामा भारतसम्म लगेर मिर्गौलाको तस्करी गरिरहेका छन्। दलालले ठूलो कमिसनको लोभमा गाउँका विपन्न वर्ग र ऋणमा डुबेकालाई फकाएर लैजाने र भारतसम्म पुगेर मिर्गौलाको व्यापार गर्ने गरेका छन्। चरम गरिबी, अशिक्षा, ऋण, लहैलहै आदि कारणले मानिस सजिलै दलालको फन्दामा पर्ने गरेका छन् भने पैसाका लागि ज्यान नै हत्केलामा राख्न उनीहरू बाध्य छन्।[७]

होक्से गाउँमा धेरै मिर्गौलापीडितले दुखाइ कम गर्न र पीडा भुल्याउन रक्सी सेवन गर्न थालेका छन्। रहरमा होस् या करमा, मिर्गौला बेचेका अधिकांशले रोगबाट ग्रसित हुन थालेपछि दुखाइ र पीडा भुलाउन रक्सी खान थालेका हुन्। समाचार सङ्कलनका लागि जाने पत्रकारदेखि अन्यसँग पीडितले पहिला एक गिलास रक्सी माग गर्छन्। रक्सी खाएपछि उनीहरूले आफ्नो सबै कहानी भन्छन्। उपचार गर्न पैसा छैन, रोग बढ्दै जाँदा पीडा भुल्नै पऱ्यो। पीडा लुकाउन नियमित रक्सी सेवन गर्दै जाँदा ५२ वर्षीय कान्छा दर्जीको मृत्यु भयो।[८]

आमा-बाबुले मिर्गौला बेचेका कारण समस्यामा पर्न थालेपछि त्यहाँका प्राय: बालबालिकाले विद्यालय भर्ना भए पनि पढाइ छाडेका छन्। स्थानीय रमेश दर्जीका अनुसार घरको आर्थिक अवस्था कमजोर र बाबु-आमाले काम गर्न नसकेपछि घरको काम गर्नुपर्छ। विद्यालय जानुभन्दा घाँस-दाउरा गर्नुपर्ने बाध्यताले राम्रो मान्छे बन्ने कुरा त सपना र कल्पनामा मात्र सीमित

---

२. भीम गौतम, सुनकोशी साप्ताहिक/काभ्रे, बढ्दैछ काभ्रेमा मानव बेचबिखन, २०६८ भदौ १४ गते
३. कान्तिपुर दैनिक, भूकम्पपछि थप पीडामा, २०७२ भदौ १ गते
४. कान्तिपुर दैनिक, मिर्गौला बेचे पनि घर बनेन, २०७२ साउन २९ गते
५. http://theuniversaltimes.com/view/1/news-4391.html=
६. http://nepaliheadlines.com/2014-06-27-12-18-17/
७. http://theuniversaltimes.com/view/1/news-4391.html=
८. राजकुमार गोले, नयाँ पत्रिका दैनिक, मिर्गौला बेचेर थलिएको गाउँ, २०७१ फागुन १६ गते

भएको कुरा ६ कक्षामा पढाइ छाडेका श्याम सापकोटा बताउँछन्।[९]

पाँचखालस्थित नेपाली सेनाको शान्ति तालिम केन्द्रसँग जोडिएको होक्से बत्तीमुनिको अँध्यारो जस्तै छ। यहाँको बस्तीबाट मिर्गौला बेचबिखन हुने गरेको बताएपछि प्रमुख जिल्ला अधिकारी, प्रहरी उपरीक्षक, मानव अधिकारकर्मी र पत्रकारसहितको टोली गएर गाउँमा नै सचेतना जगाइएको हो। स्थानीयले दिएको उजुरीलाई प्रहरीले होक्सेमा नै लिएर कारबाही प्रक्रिया सुरु गरेको थियो। दश जनालाई गिरफ्तार गर्दा काभ्रे प्रहरीले मिर्गौला तस्करी नियन्त्रणमा ठूलो सफलता हात लागेको बतायो। मिर्गौला तस्करी नियन्त्रणका लागि प्रहरीको यो ठूलै उपलब्धि थियो। पक्राउ परेमध्येका बजगाईं होक्सेमा तस्करी शुरु गर्नेमध्येका मानिन्छन्। उनी २०५० सालदेखि नै मिर्गौला तस्करीमा संलग्न हुँदै आएका थिए। २० वर्षअघि सुरु भएको मिर्गौला बेचबिखन अझै रोकिएको छैन। धेरै पैसा पाउने लोभ देखाएर ५ हजार दिएर रुवाउँदै फर्काएका पीडितहरू पनि यहाँ पाइन्छन्।[१०]

मानव बेचबिखनका मुद्दा दर्ता गर्न प्रहरीले आनाकानी गरेर बरु अर्कै शीर्षकमा मुद्दा दर्ता गर्ने प्रवृत्तिका कारण प्रहरी कार्यालय र अदालतमा मुद्दाको सङ्ख्यामा कमी आएको छ। होक्से, ज्याम्दीलगायतका गाविसमा डेढ सयभन्दा बढीले मिर्गौला बेचेको भनेर पलाञ्चोक भगवती असारे स्रोता क्लबका बद्री ढुङ्गानाले प्रहरी र प्रशासनमा निवेदन दिए पनि दलालहरू नपक्रिएकाले बेचबिखन रोकिएको छैन।[११]

दलालहरूको फन्दामा परेर भारतको मद्रास अस्पतालमा पुगी मिर्गौला बेचेका होक्सेका ५२ वर्षीय छन्द दर्जीको मृत्यु भयो। २०५१ सालमा दलालको पञ्जामा परेर मद्रासमा नै पुगी मिर्गौला बेचेका ४७ वर्षीय मोहन सापकोटा पनि थलिन थालेका छन्। दलालहरूले विभिन्न प्रलोभनमा पारेर गाउँका सर्वसाधारणलाई भारतका नाम चलेका अस्पतालमा पुऱ्याउँछन्। 'तेरो भएका सबै छोराछोरी हेर्छु भनेर भारतबाट आएपछि कालीमाटीमा मेडिकल खोली उद्घाटन गर्न पनि लगायो' - नाम चलेका डाक्टरले फसाउने गरेको सापकोटाले बताए। काभ्रे प्रहरीले २०६९ सालमा अङ्ग बेचबिखनका मुख्य अभियुक्त प्रेमबहादुर बजगाईंलगायत १० जनालाई पक्राउ गरे पनि प्रमाण अभावमा धेरै जनाले उन्मुक्ति पाए।[१२]

काभ्रेपलाञ्चोक जिल्लामा मिर्गौला बेचबिखन गर्नेको सङ्ख्या करिब २ सय पुगिसकेको छ। जिल्ला अदालतले एक दम्पतीसहित ३ जनालाई ३ वर्ष कैद सजाय तोकेको छ। नुवाकोट मदानपुरका ३८ वर्षीय कृष्ण दर्जी, उनकी श्रीमती मीना र होक्सेका बजगाईंलाई मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन २०६४ को दफा १५ को उपदफा १ (ख) अन्तर्गत सजाय भएको हो। बजगाईं होक्सेमा मिर्गौला तस्करी गर्ने मानिन्छन्। उनले सबै 'सेटिङ' मिलाएर भारत पुऱ्याएर मिर्गौला तस्करी गर्ने गरेका थिए।[१३]

निकै गम्भीर र जटिल बन्दै गएको मानव बेचबिखनको कार्य रोक्नका लागि गाउँका महिला सचेत र सङ्गठित भएका छन्। मानव बेचबिखन र ओसारपसारविरुद्धको अभियानका लागि युएसएड, दि एसिया फाउन्डेसन र विश्व शिक्षालगायत संस्थाले सहयोग गरेका छन्। नेपाल तामाङ महिला घेदुङ काभ्रेकी मायालु तामाङका अनुसार मानव अङ्ग बेचबिखनको जालो अन्य गाविसमा पनि बढ्दै गएको र विभिन्न तरिकाले दलालले फकाएर मिर्गौला बेच्न बाध्य बनाउँदै आएकाले स्थानीयहरू सजग र सचेत हुन जरुरी देखिन्छ।[१४]

मानव बेचबिखन तथा ओसारपसारको अवस्था बढ्दै गएकाले यसको रोकथाम र सामाजिक जनचेतनाका लागि सञ्चार जगतले अग्रणी भूमिका खेल्न सुझाव छ।[१५] विश्व शिक्षाको सहयोगमा नेपाल तामाङ घेदुङले धुलिखेलमा आयोजना गरेको मानव बेचबिखन र बसाइ सराइँसम्बन्धी एक कार्यक्रमका

९. राजकुमार गोले, जनप्रतिरोध साप्ताहिक/काभ्रे, मिर्गौला बेचेर थलिएको गाउँ, २०७१ फागुन २२ गते
१०. http://madhyamarga.com.np/ मृगौला तस्करी नियन्त्रणमा
११. भीम गौतम, राजधानी दैनिक, बेच्ने र बेचिने क्रम जारी, २०६८ भदौ १७ गते
१२. प्रकाश सुन्दास, नयाँ सञ्चार दर्शन साप्ताहिक/काभ्रे, काभ्रेको मिर्गौला भारतमा, डक्टरहरू नै तस्कर, २०७२ वैशाख ७ गते
१३. नगेन्द्र अधिकारी, कान्तिपुर दैनिक, मिर्गौला बजारको कथा, २०७२ भदौं १ गते
१४. जनप्रतिरोध साप्ताहिक/काभ्रे, फेरिँदै मानव अङ्ग बेचबिखनको स्वरूप, २०७१ असोज ३ गते
१५. जनप्रतिरोध साप्ताहिक/काभ्रे, मानव बेचबिखन रोक्न सञ्चार जगत सक्रिय हुनुपर्ने, २०७१ असोज ३ गते

सहभागी सञ्चारकर्मी स्वयम्ले सञ्चारमाध्यममा बेचबिखनका मुद्दा कम उठेको औल्याए। औपचारिक कार्यक्रमका अलावा खोजमूलक सामग्री आउनका लागि पत्रकारको क्षमता वृद्धि र फेलोसिपका कार्यक्रम आवश्यक देखिन्छ।[१६] मानव बेचबिखन र ओसारपसार रोक्नका लागि काभ्रेपलाञ्चोक जिल्लामा प्राविधिक तथा सल्लाहकार र स्थानीय समिति गठन भएका छन्।[१७]

अविकसित राष्ट्रमा यस्ता घटना बढी हुँदारहेछन्। विशेषगरी गरिबी, खुला सिमाना, वैदेशिक रोजगारीमा आकर्षण, पश्चिमीकरणको प्रभाव, जनचेतनाको कमी, मानिसलाई सम्मान गर्ने संस्कारमा ह्रास हुनु, क्षमताभन्दा महत्वाकाङ्क्षा बढ्नु, मेहनत गर्ने बानीमा कमी, अरुमा आश्रित हुने प्रवृत्ति, आत्मविश्वासको कमी र वैकल्पिक कामको अवस्था नभएका कारण बेचबिखनका घटना भइरहेका छन्।[१८]

नेपालमा मिर्गौला रोग पनि भयाबह बन्दै गएको छ। मिर्गौला रोग पीडितका लागि उपचार नै गाह्रो छ। केही समयअगाडि मिर्गौला रोगीहरूले सरकारसँग नि:शुल्क उपचारको माग गर्दै आमरण अनशनलगायतका विभिन्न आन्दोलन गरी दबाब दिए। सरकारले जम्मा पचास हजार अनुदान दिनेबाहेक अन्य नयाँ व्यवस्था गर्न सकेको छैन। मिर्गौला रोगको उपचार गर्न महँगो पर्ने तथा नेपालमा प्रत्यारोपणको उचित व्यवस्था नभएका कारण धेरैले अकालमा ज्यान गुमाउनुपरेको तीतो यथार्थ छ। जीवनभरि औषधि खाइरहनुपर्ने र 'डाइलोसिस' गर्नुपर्ने बाध्यताले गर्दा मिर्गौला उपचार झन् महँगोमात्र होइन, झन्झटिलो पनि छ। कतिपयले परिवारकै सदस्यको मिर्गौला उपचारमा लाग्ने खर्च जुटाउन पनि मिर्गौला बेच्न बाध्य हुनुपरेको छ।[१९]

**मिर्गौला बेचबिखनप्रति अन्तर्राष्ट्रिय चासो**

अहिले विश्वमा धेरै मानिस दास बनाइएका छन्। मानव बेचबिखन यौन र श्रममा मात्र सीमित नभई शरीरका अङ्गहरू झिक्ने कार्यका लागि पनि गरिन्छ। मानव बेचबिखन एक लुकेको अपराध हो तसर्थ यसको यकिन तथ्याङ्क प्राप्त गर्न गाह्रो छ। मानव अङ्गहरूमा पैसाकेन्द्रित बजारले धनीहरूलाई गरिबको कमजोरीको फाइदा दिलाएको छ, जसले बिक्रेता र क्रेता दुवैको व्यापक शोषणका लागि थप ढोका खुला गरिदिएको छ। तथापि केही तर्कमा, यो प्रणालीले प्रत्यारोपणको मागलाई सन्तुष्ट गर्न सकेको छैन।

मिर्गौला रोगसम्बन्धी अमेरिकन जर्नलका अनुसार, चर्चित आमसञ्चारका माध्यमले यस गैरकानुनी व्यापारमा लागेका चिकित्सक, अस्पताल तथा यसमा संलग्न दलालहरूको सञ्जालबारे गर्ने रिपोर्टिङका कारण पनि मानव अङ्ग बेचबिखनको विश्व बजार बढ्दो छ जसले अल्पविकसित देशमा रहेका गरिबको शोषण हुने गर्छ। उक्त प्रतिवेदनले मिर्गौला काम नलाग्ने गरी बिग्रिएका बिरामीहरू बढेका कारण तथा बजारमा मिर्गौलाको कानुनी आपूर्तिको अपर्याप्तताले गर्दा नै यस्तो बजार वृद्धि भएको जनाएको छ।

मानव बेचबिखनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय विशेष प्रतिवेदकको प्रतिवेदनअनुसार मानव अङ्ग झिक्नका लागि हुने गरेको बेचबिखन सम्बन्धमा अहिलेसम्म प्राप्त सूचना अपूरो तथा अप्रमाणित छन्। यो क्षेत्रमा विद्वत् अनुसन्धानको अझै राम्रो विकास भइनसकेकाले नागरिक समाजका संस्था तथा आमसञ्चारका माध्यमबाट प्रकाशित कम विश्वसनीय प्रतिवेदनहरू नै यसका प्राथमिक सूचनाका स्रोतका रूपमा रहेका छन्। सन् २०१२ को मानव बेचबिखनसम्बन्धी विश्वव्यापी प्रतिवेदनले यसलाई विश्वव्यापी अपराध मानेको छ। संयुक्त राष्ट्र सङ्घीय स्वतन्त्र विशेषज्ञका अनुसार, मानव बेचबिखन सर्वव्यापी छ जसका कारणहरूमा मानव अङ्गहरूको माग, यौनजन्य सेवाहरू, जबर्जस्ती विवाह, गैरकानुनीरूपमा बच्चा ग्रहण तथा सस्तो श्रम प्रमुख छन्।

युनिसेफद्वारा प्रकाशित प्रतिवेदन साउथ एसिया इन एक्सन : प्रिभेटिङ एन्ड रेस्पोन्डिङ टु चाइल्ड ट्राफिकिङका अनुसार कुनै बेला अधिकांश दक्षिण एसियाली देशहरू मानव बेचबिखन सञ्जालको गन्तव्य, उत्पत्तिस्थल तथा पारवहनका रूपमा पाइन्छ। संयुक्त राष्ट्र सङ्घको लागुऔषध तथा अपराधसम्बन्धी कार्यालयको सन् २००९ को प्रतिवेदनले अन्य स्वरूपका बेचबिखनमा अङ्ग झिक्नका लागि मानिस किनबेच हुने गरेको तथ्य औल्याएको छ।

१६. सुनकोशी साप्ताहिक/काभ्रे, सञ्चारमाध्यममा बेचबिखनका मुद्दा कम, २०६८ असार १५ गते
१७. सुनकोशी साप्ताहिक/काभ्रे, मानव बेचबिखन रोक्न समिति, २०६८ वैशाख २१ गते
१८. अधिवक्ता कृष्णप्यारी नकर्मीसँगको अन्तवार्ता, सुनकोशी साप्ताहिक/काभ्रे, २०६८ भदौ १४ गते
१९. http://theuniversaltimes.com/view/1/news-4391.html=

## मिर्गौला बेचेका मानिसको अवस्था

काभ्रेको पलाञ्चोक मन्दिरभन्दा अलि तल पाँचखाल नपा-६ होक्से शिखरपुरका श्याम (४१) र सावित्री (४५) अहिले बिरामी छन्। उनीहरूसँग घर-जग्गा वा नगद सम्पत्ति केही छैन। मिर्गौला बेचबिखनविरुद्धको क्षेत्रमा काम गर्नेहरूप्रति उनीहरू आक्रोश पोख्छन्- 'गाउँको पनि इज्जत गयो, हाम्रो पनि बर्बाद भयो।' त्यतातिर घुम्न जाने जो कोही उनीहरूको अवस्था देखेर दिक्क मान्छन्। मिर्गौला बेचबिखनमा यहाँका पुरुषमात्र नभएर महिला पनि संलग्न छन्। ठकुरी, तामाङ, बजगाईं, परियारलगायत सबै जात, क्षेत्र र लिङ्गमा यो समस्या देखिन्छ। मिर्गौला बेचबिखनबाट काभ्रेको होक्सेमा बढी समस्या देखिन्छ।

गरिबीका कारण अभाव नै अभावमा बाँचेकाहरूको ध्यान छाक टार्नेमा केन्द्रित देखिन्छ। शरीरको अङ्ग नभए पनि आफ्नो गर्जो टार्नेहरूको नाम दाताहरू लिन चाहँदैनन्। प्रेमबहादुर बजगाईं, गौतम केसी, कृष्णबहादुर तामाङ, मोहन सापकोटा, छेनाम तामाङ र राजन दर्जीहरूकै यहाँ बोलवाला देखिन्छ। बिहान उज्यालो भएदेखि रातिसम्म रक्सी खाएर पीडा भुलाउनु यिनीहरूको बाध्यता हो। यस विषयमा अध्ययन/अनुसन्धान गर्नका लागि कोही आए भने उनीहरूबाट गतिलो रकम झार्नु यिनीहरूको दिनचर्या हो।

मिर्गौला बेचेर सुन्दर भविष्यको कल्पना गर्नेहरू मिर्गौला बेचेपछि झनै थलिएका छन्। राति निन्द्रा नलाग्ने, कमजोर हुने, थकाइ, खोकी र दुखाइ बढी हुने कारण यी सबै भुल्नका लागि दिनहुँ रक्सी खानु यिनीहरूको बाध्यता हो। मिर्गौला बेचेका होक्सेका कृष्ण ठकुरी, महादेवस्थानका सुब्बा सापकोटा, पाँचखालका राजु अधिकारी र काले बुढाथोकीलगायत केहीको अहिले मृत्युसमेत भइसकेको छ। साथीहरूको लहैलहैमा लाग्दा दयनीय जीवन गुजार्न बाध्य छन् यिनीहरू।

## कारबाहीका कुरा

काभ्रेपलाञ्चोकका प्रभावित गाउँमा जिल्लाका विभिन्न गैरसरकारी संस्थाले जनचेतना शिविर, निःशुल्क कानुनी सेवा दिँदै आए पनि मिर्गौला बेचबिखनमा कमी आएको छैन। २०६९ चैत १९ र २८ गतेको भनेर जिल्ला प्रहरी कार्यालयमा ३ वटा घटना दर्ता गरियो। बाल समूहकी एक बालिकाले दिएको जानकारीका आधारमा यो मुद्दा अघि बढेको थियो। यस घटनामा १ महिलासहित १० जनालाई प्रहरीले अनुसन्धानको दायरामा ल्याए पनि अन्ततः नाजुक स्वास्थ्य स्थितिका कारण उनीहरूलाई छाड्न प्रहरीलाई नै हतारो देखियो। यसपछि २०७० जेठ १ गते काठमाडौंमा अर्को जाहेरी पर्‍यो। काठमाडौं जिल्ला अदालतले नेपालमा नै पहिलोपल्ट पीडकलाई १० वर्ष कैद र २ लाख रुपियाँ जरिवाना गर्ने तथा पीडितलाई २ लाख क्षतिपूर्ति दिने फैसला गर्‍यो। यस फैसलालाई प्रलोभनमा पारेर गरिने मिर्गौला बेचबिखनबिरुद्धको कारवाहीको शुरुवातका रूपमा लिइयो।

काभ्रे महादेवस्थान गाविस-७ का ४४ वर्षीय विकास भनिने विनुबहादुर तिमिल्सिना, भक्तपुर कमलविनायक बस्ने दोलखा, भीमेश्वर नपा-५ का ४७ वर्षीय प्रकाश बस्नेत र कास्की, दाङसिङ-५ का ३६ वर्षीय भीमप्रसाद न्यौपानेलाई महानगरीय प्रहरी अपराध महाशाखाले पुस १४ गते गिरफ्तार गर्‍यो। गोरखा घर भई चितवन गीतानगर बस्ने १९ वर्षीय युवकलाई बिरामी भएर परिवारले अस्पताल लैजाँदा एउटा मिर्गौला नै नभएको थाहा लाग्यो। चितवनबाट कामको खोजीमा पोखरा पुगेका ती युवकको अमित गुरूङसँग भेटघाट भयो। अमितले काम लगाइदिने भनेर काठमाडौं ल्याएर विकास भनिने विनुबहादुर तिमिल्सिनालाई भेटाएका थिए। २०७३ असार ६ गते विकासले बेहोस पार्ने औषधि मिलाएर मदिरा खुवाउँछन्। होसमा आउँदा ती युवक कुनै अस्पतालमा थिए। विकासले 'गुण्डाहरूले चक्कु प्रहार गरेकाले उपचार गर्न ल्याएको' भनेर २८ हजार पैसा दिएर ती युवकलाई घर पठाए। त्यतिबेला उनलाई आफ्नो मिर्गौला झिकिएको कुरा थाहा थिएन।

अपराधको नयाँ नयाँ स्वरूपमध्ये मिर्गौला बेचबिखन पनि एउटा सामाजिक र सङ्गठित अपराध हो। 'एउटा मिर्गौलाले पनि काम गर्छ' भन्ने प्रचारबाजीका कारण मिर्गौला बेचबिखनमा गरिबहरूको आकर्षण बढ्दै गएको देखिन्छ। मीठो खाना र राम्रो पैसा दिने प्रलोभनमा सीमान्तकृत र गरिबहरूलाई दलालहरूले अन्तर्राष्ट्रिय बजारमा लैजाने र उधारोमा मिर्गौला झिकेर पठाएको पनि पाइन्छ। मिर्गौला बेच्नेहरू आर्थिक, शारीरिक, मानसिक र सामाजिकरूपमा नै समस्यामा देखिन्छन्। कानुनको उल्लङ्घन भएको छ। स्वास्थ्यमा प्रत्यक्ष असर परिरहेको छ। गरिबी, अशिक्षा, जनचेतनाको कमी, निरक्षरता, अपरिपक्वता र दण्डहीनता जस्ता कारणबाट यो समस्या झन् बढ्दो छ।

## सरकारी प्रयास

यसैबीच सरकारले मिर्गौला रोगीहरूलाई नि:शुल्क 'हेमो डाइलोसिस' सेवा उपलब्ध गराउने भएको छ। २०७३ वैशाख ३० गतेको मन्त्रिपरिषद् बैठकले मिर्गौला रोगीहरूलाई नि:शुल्क 'डाइलोसिस' सेवा उपलब्ध गराउने निर्णय गरेको हो। 'मिर्गौला फेल भएका' रोगीहरूले ठूलो रकम खर्चेर 'डाइलोसिस' गर्नुपरेका बेला सरकारको यो निर्णयले उनीहरूलाई राहत मिलेको देखिन्छ। यसअघि गाविस र जिल्ला स्वास्थ्य समितिको सिफारिसमा मात्रै सीमित व्यक्तिले नि:शुल्क 'डाइलोसिस' गर्न पाउँथे। डायलाइसिस सेवालाई नि:शुल्क बनाएजस्तै मिर्गौला प्रत्यारोपण गरेका बिरामीले खानुपर्ने औषधि पनि नि:शुल्करूपमै उपलब्ध गराए यस्ता रोगीले पनि राष्ट्रका लागि अन्य व्यक्ति बराबर योगदान दिन सक्छन्।

अगस्ट ०८, २००८ मा त्रि.वि. शिक्षण अस्पताल महाराजगन्जले नेपालमै सर्वप्रथम सफल मिर्गौला प्रत्यारोपण गरेको थियो। त्यस अस्पतालबाट ४ सयको हाराहारीमा मिर्गौला प्रत्यारोपण भइसकेको छ। नेपालका सरकारीस्तरका अस्पतालमध्ये त्रि.वि.शिक्षण अस्पताल महाराजगन्ज, वीर अस्पताल र अङ्ग प्रत्यारोपण केन्द्र भक्तपुरमा मिर्गौला प्रत्यारोपण सेवा उपलब्ध छ। देशमा नै मिर्गौला प्रत्यारोपण सेवा सुरू भएपछि बिरामीहरूले तीन गुणा, चार गुणा बढी खर्च गरेर विभिन्न सास्ती र दु:ख खेपेर भारतमा गई मिर्गौला प्रत्यारोपण गर्नुपर्ने अवस्था अन्त्य भएको छ। 'नेपाल मानव अङ्ग प्रत्यारोपण समिति'ले निदान अस्पताल पुल्चोक र ग्रान्डी अन्तर्राष्ट्रिय अस्पताल धापासीलाई पनि मिर्गौला प्रत्यारोपण गर्न अनुमति दिएको छ।

## निष्कर्ष र सुझाव

नेपालमा मानव बेचबिखनको अवस्था डरलाग्दोरूपमा प्रस्तुत गरिन्छ। मानव अधिकार आयोगको प्रतिवेदनमा पनि बेचबिखनको तथ्याङ्क त्यसरी नै आएको छ। प्रहरी प्रतिवेदनमा भने हरेक वर्ष मानव बेचबिखनविरूद्धका तीन सयभन्दा बढी मुद्दा नआएको उल्लेख छ। मानव बेचबिखनको स्वरूप फेरिँदै जाँदा मानिसका प्राय: अङ्गसमेत बेचिन थालिएका छन्।

सरकारले संयुक्त राष्ट्र सङ्घीय सङ्गठित अपराधविरूद्धको महासन्धिलाई समर्थन गर्ने संयुक्त राष्ट्र सङ्घीय अभिसन्धि विशेषगरी महिला र बालबालिका बेचबिखनलाई रोकथाम, नियन्त्रण र सजाय गर्नेसम्बन्धी दस्तावेज अनुमोदन गर्न र मृत्युपछिको अङ्ग दानजस्ता वैकल्पिक उपाय प्रवर्द्धन गर्नुपर्छ।

मानव बेचबिखनका विरुद्ध सार्कस्तरीय साझा प्रतिबद्धता आवश्यक देखिन्छ। सीमापार बेचबिखन रोक्न नेपाल-भारत सिमानामा परामर्शदाताहरूको समूह परिचालन र भरपर्दो अभिलेख प्रणाली स्थापना गरिनुपर्छ। उत्पत्ति र गन्तव्य दुवै स्थानका चिकित्साकर्मीलाई सचेत गराउने अभियान चलाइनुपर्छ।

निरोधसम्बन्धी कार्यक्रम र योजना निर्माण गरी सिप र क्षमता विकासमात्र नभएर आयआर्जनका काममा बढी संलग्न गराउनुपर्छ। विद्यालय कार्यक्रम, व्यावहारिक शिक्षा, उद्देश्यअनुसारका सङ्घ-संस्था परिचालन, सञ्जालीकरण, अभियान र सञ्चारमाध्यमको परिचालन नै उपयुक्त तरिका हुन सक्छन्। मुख्य विषय दाताहरूको बानी-व्यवहारमा परिवर्तन हुनुपर्‍यो। समस्याको मात्र नभएर तस्कर पहिचान गरी यथाशीघ्र कानुनी दायरामा ल्याउन सम्बन्धित निकायले ढिलो गर्नुहुन्न। आरोपितहरूलाई कारबाही गर्न कानुनमा रहेका अप्ठ्यारा तत्काल संशोधन गर्नुपर्छ। सामूहिक प्रयास भयो भने जस्तोसुकै समस्या पनि समाधान हुन्छ।

दलितहरू मिर्गौला बेचबिखनबाट बढी पीडित देखिन्छन्। आर्थिक र सामाजिकरूपमा सीमान्तकृत समुदायलाई मूलप्रवाहमा समावेश गर्न सहयोग कार्यक्रमहरू आवश्यक पर्छ। न्यून साक्षरता दर तथा शैक्षिक उपलब्धि मिर्गौला बेचबिखनसँग सशक्तरूपमा जोडिएका विषय हुन्। मिर्गौला बेचबिखन रोक्ने कार्यमा साक्षरता र शिक्षामा सुधारले उत्प्रेरकको काम गर्छन्। दलालहरूले प्राय:जसो पीडितलाई उनीहरूको अज्ञानताको फाइदा लिएर शोषण गर्दै प्रयोग गर्छन्, जस्तै- 'एउटा मिर्गौला मात्र पनि स्वस्थ जीवनका लागि पर्याप्त हुन्छ।' यस्ता गलत सूचनासँग लड्न समुदायमा आधारित चेतनामूलक कार्यक्रमहरू जरूरी हुन्छ। मिर्गौला दलालहरूलाई निष्क्रिय पार्न समुदाय, सरकार र गैरसरकारी निकायहरूले एकैसाथ मिलेर काम गर्नुपर्छ।

जानी-नजानी मिर्गौला बेच्न बाध्य नागरिकलाई थप चेतना खाँचो छ। मिर्गौला रोगबाट पीडित नागरिकलाई सस्तो र सुलभ उपचार आवश्यक छ। सरकारले मिर्गौला दान र प्रत्यारोपण सम्बन्धमा सुधारिएका नीतिहरू निर्माण गर्नुपर्छ। दुरूत्साहन गर्ने र जनचेतना जगाउने कार्यक्रममात्र नभएर

पीडितहरूको नियमित स्वास्थ्य जाँचको पहुँच र नि:शुल्क कानुनी सहायताका कार्यक्रमहरू समुदायमा आवश्यक देखिन्छ। दलालहरूलाई मिर्गौला खोज्न गाउँ पस्नबाट निरूत्साहित गर्न प्रहरी निगरानी बढाइनुपर्छ। बेचबिखन गर्नेका बालबच्चाको शैक्षिक क्षेत्रमा सुधार ल्याउन छात्रवृत्ति दिइनुपर्छ।

जोखिमग्रस्त र सीमान्तकृत समुदाय लक्षित कार्यक्रम, जस्तै- न्यून दरमा ऋण, सिपसम्बन्धी तालिम तथा आर्थिक विकास र अवसरहरूको खाँचो छ। बचत तथा लगानी योजनाहरू बनाएर समस्याको आवधिक अनुसन्धान गरिनुपर्छ। गैरकृषिमा रोजगारी कार्यक्रमहरूले मिर्गौला बेचबिखनलाई शिथिल पार्न सहयोग गर्छ। जाली कागजात बनाउन संलग्न सरकारी कर्मचारी पहिचान गरी कारबाही गरिनुपर्छ। पीडितलाई पूर्णरूपमा क्षतिपूर्ति भराइदिने व्यवस्था गर्नुपर्छ।

**सन्दर्भ सामग्री**


- नेपालको संविधान २०७२
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण नियमावली, २०६५
- मानव बेचबिखन तथा ओसारपसारविरुद्ध बनेका कानुनहरूको सङ्गालो-२०७२
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणसम्बन्धी राष्ट्रिय प्रतिवेदनहरू
- मानव अधिकार वर्ष पुस्तक - २०१२ (पेज २९०) आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
- मानव अधिकार वर्ष पुस्तक - २०१४ (पेज ३८८)
- प्रा. डा. प्रेमराज ज्ञवाली, युरोलोजी तथा मिर्गौला प्रत्यारोपण सर्जरी विभाग, त्रि.वि.शिक्षण अस्पताल, महाराजगन्ज
  http://www.nagariknews.com/news/3716
- अधिवक्ता टीकाराम पोखरेल, नेपालमा मिर्गौला बेचबिखनको बढ्दो समस्या तथा समाधानका उपाय (एटविनको प्रकाशन ओसारपसार अङ्क-१२), २०७१ असोज
- जनकराज सापकोटा, काठमाडौँ 'यसरी सुटुक्क मृगौला झिकेर बेचियो' -
  http://kantipur.ekantipur.com/news/2016-12-29/20161229145523.html
- नेपालमा मिर्गौला बेचबिखन-अनुसन्धान प्रतिवेदन, जनअधिकार संरक्षण मञ्च, जुलाई २, ०१४

परिच्छेद ३

# ३.३ तनहुँका बोटे
# आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कसीमा



**पृष्ठभूमि**

तनहुँको जिल्ला सदरमुकाम दमौलीदेखि ५ किलोमिटर उत्तरतर्फ बोटेटार नामक एउटा बस्ती छ। व्यास नगरपालिका-५ मा पर्ने यो बस्ती मादी नदीको किनारमा पर्छ। यही बस्तीमा बोटे जातिका बासिन्दा बस्छन् जो अति सीमान्तकृत समुदायमा पर्छन्। यो जातिका बासिन्दाको आफ्नै पहिचान र संस्कृति छ। त्यसो त बोटे जाति बसोबास गर्ने ठाउँ योमात्र हैन, व्यास नपाकै  वडा नं. ७ स्थित पाटन र ५ स्थित बैरेनी तथा देवघाट गाविसमा पनि यो जातिको बसोबास छ। २०६८ सालको जनगणनाअनुसार देशभर यो जातिको जनसङ्ख्या १० हजार छ। तनहुँमा चाहिँ २९६ परिवारका १७१७ सदस्य बसोबास गर्छन्।[1] त्यसमध्ये महिलाको सङ्ख्या ८२२ छ भने पुरुषको ८८९ छ। तनहुँका बोटे दुईथरी छन्- पानी बोटे र पाखे बोटे। व्यास नपा-५ को कुमालटारीस्थित बोटेटारमा बस्नेहरू आफूलाई पानी बोटे भन्न रुचाउँछन्। तनहुँबाहेक चितवन, मकवानपुर उदयपुर, पाल्पालगायत जिल्लामा पनि यो जातिको बसोबास पाइन्छ।

उनीहरूको मुख्य पेसा माछा मार्ने र नदीमा बालुवा चालेर सुन खोजी त्यसैको भरमा जीविकोपार्जन गर्नु हो। बोटेटारमा बस्दै आएका बोटेको पुर्ख्यौली थलो तनहुँ सदरमुकाम दमौली हो। यस जिल्लाको सदरमुकाम २०२५ सालमा बन्दीपुरबाट दमौली सर्ने भएपछि सरकारले यो जातिलाई अन्यत्र सारेको ६५ वर्षीय सोमबहादुर बोटेले बताए। दमौली छाड्दा १६ घर थिए। यतिबेला भने बोटेटारमा मात्र ३२ घर पुगेका छन्। यी घरमा करिब १५० जना छन्। दमौली छाड्ने बेला जिल्ला विकास समितिले उनीहरूलाई बस्ने ठाउँ रोज्न आग्रह गरेको थियो। सधैँ पानीसँग खेल्ने जाति भएको हुँदा उनीहरूले नदी किनारको समथर टार रोजे। त्यही टार उनीहरू बसेपछि बोटेटार भयो। दमौली छाड्दा सरकारले उनीहरूलाई क्षतिपूर्तिस्वरूप प्रतिपरिवार १३ रोपनी जग्गा उपलब्ध गराएको थियो। विडम्बना, आज यो बस्तीमा ३/४ रोपनीभन्दा बढी जग्गा भएका कुनै बोटे पाइन्न। जग्गा कसरी घट्यो त ? सोमबहादुर भन्छन्- नदीमा माछा कम हुँदै गए। सुन पनि पहिले जस्तो पाइन छाड्यो। त्यसैले खानकै लागि जग्गा बेच्नुको विकल्प हामीसँग रहेन। त्यतिमात्र हैन, दमौली छाड्ने बेला सरकारले खर्चस्वरूप उपलब्ध गराएको प्रतिघर ६ सय रुपियाँ पनि घर खर्चमै सकियो।

यो जातिको काम नै त्रिशूली, बूढी गण्डकी, मर्स्याङ्दी र कालीगण्डकी नदीको किनारामा बालुवा चालेर सुन निकाल्नु हो। त्यसबाहेक घर नजिकको मादी नदीमा माछा मार्नु दोस्रो प्राथमिकताको काम हो।

१. जिल्ला विकास समिति, तनहुँ

पहिले त डुङ्गा पनि खियाउँथे। मानिसलाई नदी वारपार गराएवापत राम्रै आम्दानी लिन्थे पनि। जब मोटर चल्ने बाटो र झोलुङ्गे पुल बने, यससँगै यो जातिको पुर्ख्यौली पेसा सङ्कटमा पर्‍यो। त्यही पनि माछा त पाइन्थ्यो तर नदीमा करेन्ट लगाइदिने र विष हालिदिने गर्न थालेपछि माछा पाइन छाड्यो। बाटो र पुल निर्माण तथा करेन्ट र विषका कारण आफ्नो माछा मार्ने पेसा इतिहासमा परिणत भएको बताउँछन् ६६ वर्षीय शुकबहादुर बोटे। यसरी परम्परागत पेसामा आएको व्यवधानका कारण यो जातिको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार धरापमा परेको छ।

पाखे बोटे कृषि र अन्य व्यवसायमा आश्रित देखिन्छन् भने पानी बोटेले चाहिँ अहिले पनि आफ्नो जीविकाको माध्यम पानीलाई नै बनाइरहेका छन्। नदी किनारमा भौतिक संरचना बनाउने र प्राकृतिक सम्पदाको अनावश्यक दोहनले पनि उनीहरूको पुर्ख्यौली पेसा विस्थापन गर्न सघाउ पुर्‍याइरहेका छन्। यिनै विभिन्न कारणले गर्दा यस जातिका मानिस आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबाट वञ्चित हुन पुगेका हुन्। यतिसम्म कि राज्यले आफूहरूलाई उपलब्ध गराएको सेवा र सुविधाबारे समेत जानकार छैन यो समुदाय। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा १ मा नै 'सबै व्यक्ति जन्मजात स्वतन्त्र हुन्छन् र ती सबैको समान प्रतिष्ठा र अधिकार हुन्छ' भनिएको छ। त्यसबाट यो स्पष्ट हुन्छ कि स्वतन्त्रताको सार्थकता त्यतिबेला हुन्छ जतिबेला आत्मसम्मान (प्रतिष्ठा) पूर्वक बाँच्न पाइन्छ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्रअनुसार यो जाति त्यसबेला मात्रै स्वतन्त्र हुन्छन् जुनबेला तिनीहरूका आधारभूत अधिकार गाँस, बास र रोजगारी सुनिश्चित हुन्छ। वर्तमान अवस्थामा राज्यका निकायलाई उनीहरूका अधिकार परिपूर्ति गर्ने विषयमा कुनै चासो देखिन्न। नागरिकका आधारभूत अधिकारमध्ये उपभोग गर्न पाउने अधिकार सबैभन्दा महत्वपूर्ण हुन्छ। बालकदेखि वृद्धसम्मको खाद्य अधिकारलाई अन्तर्राष्ट्रिय सन्धिहरूले समेत राज्यको दायित्वअन्तर्गत व्याख्या गरेका छन्। सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र पारित गर्दा प्रत्येक नागरिकले 'अभाव र भयबाट मुक्ति' पाउनुपर्छ भन्ने यथार्थ आत्मसात गरियो र घोषणापत्रको प्रस्तावनामा नै यसलाई समेटियो पनि।

घोषणापत्रमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई उत्तिकै प्राथमिकता दिइएको छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रले यो पक्ष पनि उजागर गर्छ कि मानव अधिकारहरू अन्तरनिर्भर छन् र अविभाज्य छन्। अर्थात् नागरिक तथा राजनीतिक अधिकार मात्रैले पनि एउटा व्यक्तिको आत्मसम्मानपूर्वक बाँच्ने अधिकार पूरा हुन सक्दैन। आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारले मात्रै पनि सबै स्वतन्त्रता पूर्ण हुँदैन। तसर्थ आत्मसम्मान र स्वतन्त्रताका लागि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार पनि उत्तिकै अपरिहार्य हुन आउँछ जसमा रोजगारी, शिक्षा, स्वास्थ्य, खाना, पानी, सरसफाइ, स्वच्छ वातावरण, आवास, सामाजिक सुरक्षा,



संस्कृतिलगायत अधिकार पर्छन्। यस्ता अधिकारलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि १९६६ मा समावेश गरी कानुनी रूप नै दिइएको छ। नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सम्बोधन गर्ने प्रमुख अन्तर्राष्ट्रिय कानुन आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि हो।

अन्तरसम्बन्धित भन्नुको मतलव नागरिक र राजनीतिक अधिकारको सुनिश्चितता आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको परिपूर्तिसँग जोडिएको छ। यस अर्थमा यी दुईको सम्बन्ध नङ र मासुको जस्तो छ। यस अभिसन्धिको पक्ष राष्ट्रले प्रत्येक नागरिकको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार कार्यान्वयन गरी नागरिकको सबै अधिकार सुनिश्चित गर्नुपर्छ। अनिमात्रै राज्यको दायित्व पूरा भएको मानिन्छ। यस्तो अधिकार परिपूर्ति सन्दर्भमा कुरा गर्दा यो बोटे जातिको मात्र नभई अन्य जातिका नागरिकको हकमा समेत प्रभावकारी नभएको देखिन्छ। आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि राज्यले अनुमोदन गरिसकेपछि त्यसमा भएका व्यवस्था लागु गर्नु राज्यको दायित्व हुन आउँछ। नेपालले पनि यस अभिसन्धिलाई सन् १९९१ मा नै अनुमोदन गरिसकेको छ। नेपालको संविधान २०७२ मा पनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको व्यवस्था गरिएको पाइन्छ। तर यसको कार्यान्वययनको अवस्था भने कमजोर छ। जसको मार बोटे जातिमाथि पनि परेको छ।

## अध्ययनको उद्देश्य तथा महत्त्व

तनहुँ जिल्लामा आदिवासी, जनजाति, लोपोन्मुख, अल्पसङ्ख्यक, दलित, ब्राह्मण, क्षत्रीलगायत धेरै जात/जातिको मिश्रित बसोबास छ। यस जिल्लामा लोपोन्मुख कुसुन्डा र चेपाङसहित अति सीमान्तकृत बोटे र सीमान्तकृत जातिका दरै, कुमाल अनि दुरा जातिका मानिस बस्छन्। त्यसबाहेक मगर, गुरुङ, नेवारलगायत जनजातिको पनि बसोबास छ। आदिवासी जनजाति महासङ्घ तनहुँका अनुसार यो जिल्लाभित्र मात्र २१ जात/जातिका व्यक्ति बसोबास गर्छन्।[१] अति सीमान्तकृत भए पनि बोटे जातिका सदस्यले राज्यबाट दिइने सेवा र सुविधा पाएका छैनन्। यो समुदायको परम्परागत पेसा (माछा मार्ने) पनि राज्यकै निकाय (जिल्ला विकास समिति र नगरपालिका) का कारण सङ्कटमा परेको छ। जसले उनीहरूलाई आर्थिकरूपमा हरितन्नम् पार्दै लगेको छ। आर्थिक अवस्था कमजोर भएकै कारण शिक्षा, स्वास्थ्य, खाद्य र रोजगारी जस्ता आधारभूत अधिकारबाट यो जाति वञ्चित हुँदै आएको छ। यस्तो अवस्थामा यो जातिका समस्या राज्यका सम्बन्धित निकायलाई जानकारी गराउन तथा राज्यप्रदत्त सुविधा यस जातिको पहुँचमा पुऱ्याउन यो अध्ययनको महत्व छ। यस अध्ययनले बोटे जातिको अवस्था चित्रण गरी राज्यले निर्वाह गर्नुपर्ने दायित्वका साथै यस जातिको विशिष्ट पहिचान उजागार गर्नसमेत मद्दत पुऱ्याउनेछ।

यस अध्ययनको मुख्य उद्देश्य निम्नानुसार छन्

- बोटे जातिको आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अवस्थाबारे जानकारी प्राप्त गर्नु।
- बोटे जातिको अधिकार संरक्षणका लागि राज्यले गरेका कार्यबारे जानकारी प्राप्त गर्नु।
- बोटे जातिका लागि गैरसरकारी सङ्घ/संस्थाले सञ्चालन गरेका कार्यक्रम र त्यसले पारेका प्रभावबारे जानकारी हासिल गर्नु।
- यो जातिको अधिकार प्राप्तिका लागि सम्बन्धित निकायलाई सुझाव प्रदान गर्नु।

## अध्ययन विधि

यो आलेख तयार पार्ने क्रममा बोटेटार बस्ने बोटे जातिका अगुवासँग व्यक्तिगत तथा समूहगत छलफल गरिएको छ। साथै स्थानीय नागरिक अगुवा र सेवाप्रदायक सङ्घ/संस्था अनि व्यक्तिहरूसँग कुराकानी गरिएको छ। जिल्ला स्तरमा सरोकार राख्ने कार्यालयका प्रमुख, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि र स्थानीय प्रशासनसँग अन्तरक्रिया पनि गरिएको थियो। यसका साथै मानव अधिकारसम्बन्धी दस्तावेज र विभिन्न लेखलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ।

## अध्ययनको सीमा

यो अध्ययन प्रतिवेदनमा व्यास नपा-५ स्थित बोटेटारमा बसोबास गर्ने अल्पसङ्ख्यक बोटे जातिबारे मात्र समेटिएको छ। यो जातिको सामान्य परिचय,

१. नेपाल आदिवासी जनजाति महासङ्घ तनहुँका अध्यक्ष दीर्घबहादुर दरैले दिएका जानकारीअनुसार

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको अवस्था, उनीहरूको संस्कृति, भाषा र विशेषताबारे अधिकारका दृष्टिकोणबाट विश्लेषण गरिएको छ। यो प्रतिवेदनले माथि उल्लेख गरिएका अन्य क्षेत्रमा बसोबास गर्ने बोटे जातिलाई समेटेको छैन। त्यसैले अन्य स्थान तथा जिल्लामा बसोबास गर्ने यो जातिका कतिपय रीतिरिवाज, परम्परा आदि मेल नखान सक्छन्।

**सङ्कटमा परेको पेसा**

नदीको पानीलाई जीविकोपार्जनको प्रमुख माध्यमका रूपमा प्रयोग गर्दै आएको बोटे जाति अहिले पेसा नै सङ्कटमा परेपछि रनभुल्ल अवस्थामा छ। समयको विकासक्रमअनुसार नदीमा पुल बनेपछि यो जातिले डुङ्गा चलाउने पेसाबाट अलग्गिनुपर्‍यो। सुन छान्ने काममा लाग्ने समय र त्यसबाट प्राप्त हुने प्रतिफलबीच निकै अन्तर पर्न थालेकाले यसबाट पनि गुजारा चल्न गाह्रो परेको छ। यसैगरी जीविकोपार्जनका लागि अपनाइएको माछा मार्ने काम पनि नदीमा विष हाल्ने, करेन्ट लगाउने र प्राकृतिक स्रोतहरूको अव्यवस्थित ठेक्कापट्टाका कारण उनीहरूका पेसा सङ्कटमा परेको हो।

पानीमै संसार देख्ने र पानीमै रमाउने यो जाति यही कारण यतिबेला जीविकोपार्जनकै लागि नजानेका वा थाहा नपाएको पेसामा होमिन बाध्य भएका छन्। कोही बालुवा सङ्कलन गर्ने, कोही इँटाभट्टामा काम गर्ने गर्छन् भने केही महिलाचाहिँ सामूहिकरूपमा कुखुरापालनमा पनि लागेका भेटिन्छन्। तीन जना वैदेशिक रोगजारीमा छन् भने तीन जना नेपाल प्रहरी र एक जना सरकारी सेवामा छन्। यस गाउँका नौ जनाले एसएलसी उत्तीर्ण गरेका छन्। तर पनि स्थानीय विद्यालयमा उनीहरूलाई रोजगारीको अवसर भने छैन।

**भाषा तथा संस्कृति**

बोटेहरू आफूलाई पानीसँगै खेल्न जन्मिएको मान्छन्। पानीसँग नजिकको सम्बन्ध भएको, नदीको किनारमा बस्ने, फरक पहिचान, फरक भाषा भएको जनजातिका रूपमा यिनीहरू परिचित छन्। अन्य जनजाति समुदायको झैँ यिनीहरूको पनि आफ्नै छुट्टै मातृ भाषा छ। आफ्नो भाषालाई बोटे भाषा नै भन्छन्। तर हाल आएर भने यिनीहरूको भाषा पनि सङ्कटमा परेको छ। पछिल्लो समयमा समुदायका अग्रजहरूले आफ्नो भाषा बोले पनि बालबालिका भने बोल्दैनन्। मातृ भाषामा अध्ययन गराउने विद्यालय नभएको र केही बालबालिका नजिकैको बोर्डिङ स्कुलमा समेत अध्ययन गर्न थालेका कारण यो भाषा अङ्गाल्ने क्रम घटेको हो। यद्यपि यो जातिका पुरुष किरिया बस्दा भने आफ्नो भाषा अनिवार्य बोल्नैपर्ने संस्कारचाहिँ जीवितै देखिन्छ। लोपोन्मुख हुने क्रममा रहे पनि भाषा र संस्कृति संरक्षणका लागि कुनै पहल भने भएको छैन। न यो समुदायबाट न त सरकारीतवरबाटै। जसले यो समुदायका अगुवालाई चिन्तित बनाएको कुराकानीका क्रममा प्रस्टिन्छ।

यो जातिको आफ्नै मुख्य पर्व छैन। हिन्दु धर्मावलम्वीले मान्ने दशैँ, तिहार र तीज नै उनीहरूको पनि मुख्य चाड हो। हिन्दु धर्मावलम्वीका अन्य समुदायले झैं यिनीहरू यी चाड एकापसमा शुभकामना आदान-प्रदान गरी रमाइलोसाथ मनाउँछन्। त्यसबाहेक उनीहरू चण्डी पूर्णिमा (वैशाख पूर्णिमा) बली दिएर मनाउँछन्। उनीहरूको आफ्नै कूल पूजा पनि हुने गर्छ। यस्तो पूजामा आफ्नो कूल देवतालाई सेतो भाले चढाउँछन्। ठूलो रुखको फेदमा ढुङ्गा राखेर त्यसैलाई देवता मानी पूजा गर्छन्। त्यस्तै वैशाखमा झाँक्री पूजा गर्छन् भने भदौमा वाई पूजा पनि गर्छन्। ३२ घर भए पनि यिनीहरूका कूल देवता अलग-अलग छन्। उनीहरू पूजा र विवाहमा मदिरासमेत चढाउने गर्छन्।

**जन्म, व्रतबन्ध, विवाह र मृत्यु संस्कार**

बोटे जातिमा सुत्केरी भएका बेला सात दिन बार्ने चलन छ। कतिपय अवस्थामा तीन दिनमा पनि सुत्केरी कर्म सकाउने गर्छन्। कतिपय महिला सुन चाल्न जाँदा नदी किनारमै सुत्केरी भएकासमेत भेटिन्छन्। सुत्केरी महिलालाई त्यो समयमा कसैले पनि छुन नहुने परम्परा रहेको अगुवा बताउँछन्। सुत्केरी अवस्थामै बिरामी भएमा चाहिँ जुनसुकै दिन पनि सुत्केरी कर्म सिध्याइन्छ। सुत्केरी उम्काउन आफ्ना ज्वाइँ चेला आउने र शिशुको नाम भने ब्राह्मण समुदायका व्यक्तिले राख्ने चलन छ। त्यस्तै बालकको छेवर (व्रतबन्ध) मा मामाले कैँचीले कपाल काट्ने चलन छ। उनीहरूको संस्कारअनुसार छेवरमा कपाल काट्दा पत्ती लगाउन हुँदैन। तर मामा भने अनिवार्य हुनैपर्छ।

त्यस्तै सम्भव भएसम्म मामाको छोरीसँग नै विवाह गर्ने चलन यो जातिमा पाइन्छ। यदि मामाकी छोरी नभएमा आफ्नो कुलबाहेकका सँग विवाह गर्ने चलन छ। बोटेटारका ३२ घरभित्रै १५ जोडीको विवाह भइसकेको छ। प्राय: विवाह केटाले केटीलाई पहिल्यै भगाएर गरिन्छ। पछि माइती पक्षले टीका फुकाउन

बोलाउने चलन छ। टीका फुकाउन जाँदा सात भारी (जाँड, रक्सी, दही, कुखुराको भाले, पोथी, रोटी) लिएर जाने चलन छ। त्यसबाहेक केटी भगाएको सजायस्वरूप कपडाभित्र १६ रुपियाँ जरिवाना पनि राख्नुपर्छ। यो समुदायमा बाल विवाह पनि स्वीकार्य मानिन्छ। केटा/केटीले मन पराएमा चाहिँ जुनसुकै उमेरमा पनि विवाह हुने गरेको देखिन्छ।

यस्तै मृत्यु संस्कारअन्तर्गत हिन्दु धर्मावलम्वीका धेरै समुदायझैं १३ दिनसम्म किरिया बस्ने चलन छ। शव दाहसंस्कार गर्ने आफ्नो छुट्टै घाट नभएको हुँदा नदी किनारमै शव गाड्ने गर्छन्। केही वर्षयता भने स्थानीय अन्य समुदायले त्यसरी गाड्नु उचित नभएकाले छुट्टै घाट व्यवस्था गर्न भनिरहेका एक अगुवा बोटेले बताए। हिउँदको समयमा किरिया बस्नुपरेमा रात/दिनै नदीको किनारमा बस्नुपर्ने चलन छ। किरिया बसेको समयमा पुरुषले अन्य जातिका व्यक्तिसँग बोल्नुहुँदैन। आफ्नै समुदायका व्यक्तिसँग बोल्दा पनि मातृ भाषामा मात्र कुराकानी गर्नुपर्छ।

### आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार

आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका दृष्टिकोणबाट हेर्ने हो भने बोटे जाति राज्यले प्रदान गर्ने अधिकारबाट वञ्चित भएको पाइन्छ। सदरमुकाम नजिकै बसोबास गर्ने भए पनि यस समुदायको विकास निर्माण, योजना तर्जुमालगायत कुनै पनि कार्यक्रममा सहभागिता देखिन्न। नेपालको संविधान तथा कानुनले रोजगारी, शिक्षा, स्वास्थ्य, खाना, पानी, सरसफाइ, स्वच्छ वातावरण, आवास, सामाजिक सुरक्षा र संस्कृतिलगायतका अधिकार व्यवस्था गरेको छ तर यस समुदायले ती अधिकार खासै उपभोग गर्न नपाएको ५४ वर्षीय जीतबहादुर बोटेले बताए। जीतबहादुर जिल्ला खानेपानी तथा सरसफाइ कार्यालयमा कार्यालय सहयोगी पदमा कार्यरत् छन्। दमौलीलाई सदरमुकाम बनाउन आफूहरू पुस्तौँदेखि बस्दै आएको थलो छाडेर मादी नदीको किनारमा सरे पनि सदरमुकाम दमौलीले भने आफूहरूलाई बिर्सेको सोमबहादुर बोटेको गुनासो छ। हुन त बोटे अति सीमान्तकृत समुदायभित्र सूचीकृत छ र यसरी सूचीकृत भएवापत राज्यले घोषणा गरेका थुप्रै सुविधा पाउनुपर्ने हो। तर विडम्बना नै भन्नुपर्छ, यो समुदायमा ज्येष्ठ नागरिकले पाउने सामाजिक सुरक्षा भत्ताबाहेक अन्य कुनै पनि सुविधा पाउने कोही भेटिएनन्। जबकि यस्तो भत्ता सबैले पाउँछन्, सीमान्तकृत हुनै पर्दैन।

अति सीमान्तकृत समूहमा लक्षित तथा दिगो विकास कार्यक्रमअन्तर्गत दुई वर्षअघि जिल्ला कृषि विकास कार्यालयमार्फत गरिबी निवारणका लागि जापानी सहयोग र एसियाली विकास ब्याङ्कले २२ घरका १०२ जनालाई लक्षित गरी व्यावसायिक कुखुरापालन कार्यक्रम अघि सारेको थियो। यसका लागि ७ लाख ४६ हजार ९ सय रुपियाँ अनुदान दिएर व्यावसायिक कुखुरा पालन सुरु गरे पनि अहिले त्यो सङ्ख्या १२ घरमा खुम्चन पुगेको छ। सधैँ कुखुराको हेरचाह गरेर मात्र खान नपुग्ने भन्दै यसबीचमा १० घरले कुखुरापालनबाट हात झिके। यसबाट पनि यो समुदायमा राज्यले आफूलाई दिएको सेवा/सुविधा उपभोग गर्नुपर्छ भन्ने चेतना विकास नभएको बुझिन्छ।

यो समुदायको राजनीतिमा पनि पहुँच छैन। हालसम्म कुनै पनि राजनीतिक पार्टीले आफूलाई केही कुरा नसिकाएको उनीहरू बताउँछन्। संविधानबारे नबुझे पनि भोट हाल्नुपर्छ भन्ने थाहाचाहिँ छ। तर पनि अधिकांशले भोट भने हाल्न पाउँदैनन्। तिहारलगत्तै नदीमा बालुवा चाल्न जाने र चैतमा मात्र घर फर्किने गर्छन् उनीहरू। प्रायः चुनावहरू यही अवधिमा हुने गरेकाले मताधिकारबाट वञ्चित हुँदै आएका छन्। व्यास नगरपालिकाको योजना तर्जुमा बैठकमा उनीहरूलाई कसैले सम्झँदैन। त्यसै कारण आफ्ना कुनै पनि समस्या राख्न नपाएको उनीहरूको दुखेसो छ। यो समुदायको ३२ घरले अहिलेसम्म प्रहरी कार्यालय र अदालत धाउनुपरेको छैन। चाडवाडको समयमा कहिलेकाहीँ पुरुषले महिलालाई कुट्ने गरेको भए पनि त्यो समस्या गाउँमै सामान्य छलफल गरी मिलाउने गरेको समुदायका अगुवाको भनाइ छ।

### शैक्षिक अधिकार

व्यास नपा-५ बोटेटारका १ सय ५० जनामध्ये ९ जनाले मात्र एसएलसी उत्तीर्ण गरेका छन्। तर पनि तीमध्ये कसैले पनि सरकारी रोजगारी पाएका छैनन्। स्थानीय विद्यालयमा उनीहरूको मातृ भाषा अध्ययन गराइन्न। बोटे बालबालिकाका लागि आफ्नै गाउँमा एक प्राथमिक विद्यालय छ, माथिल्लो तहमा अध्ययन गर्न भने केही परको चण्डीदेवी राष्ट्रिय मावि जानुपर्ने अवस्था छ। अधिकांश बालबालिका बाबुआमासँगै नदीमा सुन खोज्न जाने गर्नाले पढाइमा बाधा पुग्दै आएको छ। घरमा बालबालिकाको हेरचाह गर्ने कोही नहुँदा पनि बाबुआमासँगै जानुपर्ने बाध्यता देखिन्छ। साथै बाल विवाहको प्रचलन पनि कायमै रहेकाले धेरैको

पढाइ यस्तो विवाहपछि रोकिने गरेको जानकारी जीतबहादुर दिन्छन्। यो समुदायका बालबालिकाको शिक्षामा पहुँच बढाउन सरकारी प्रयास खासै भएको देखिन्न।

**स्वास्थ्य अधिकार**

बोटेटारमा स्वास्थ्य चौकी छैन। कोही बिरामी भयो भने सबैभन्दा पहिले उनीहरू जाने भनेको धामी/झाँक्रीको शरणमै हो। पछिल्लो समय भने कोही कोही व्यक्ति स्वास्थ्य चौकी जान थालेका छन्। बिरामी नै भएर उपचार गर्नुपरेमा सदरमुकाम दमौलीको दमौली अस्पताल वा कुनै निजी स्वास्थ्य संस्थामा जाने गरेका छन्। स्वास्थ्यसम्बन्धी सचेतना उनीहरूमा छैन। वर्षको आधा समय बाबुआमासँगै बालबालिका पनि नदी किनारमा बस्नुपर्दा बोटे बालबालिकामा निमोनिया, कुपोषण जस्ता समस्या देखिने गरेका छन्। नदीको तिरमा प्लास्टिकले बारेर रात गुजारा गर्ने भएको हुँदा खासगरी बालबालिकामा अन्य स्वास्थ्यसम्बन्धी समस्या पनि देखिने गरेका छन्। तर यसबारे उनीहरू खासै चिन्तित भने देखिन्नन्। मानौँ, यो सामान्य हो। सरकारले सर्वसाधारणलाई केही औषधि निःशुल्क उपलब्ध गराउने व्यवस्था गरेको छ तर बोटेहरू यसबारे पनि अनभिज्ञ छन्। यस्ता कुरा थाहा पाउन पत्रपत्रिका पढ्ने वा रेडियो सुन्ने र टेलिभिजन हेर्ने गनुपर्छ तर यसका लागि आफूहरूसँग समय नभएको उनीहरू बताउँछन्।

**प्रजनन् स्वास्थ्य अवस्था**

यो जातिका महिला केही वर्षयता सुरक्षित सुत्केरी गराउन थालेका छन्। सदरमुकाम दमौलीमा रहेको दमौली अस्पतालमा गई नियमित गर्भ परीक्षण र सुरक्षित सुत्केरी गराउने क्रम बढ्दो छ। केहीको १४/१५ वर्षमै विवाह हुने गरेका कारण सुत्केरी हुने बेलामा समस्या भने देखिँदै आएको छ। कुनै पनि सरकारी निकाय र सङ्घ/संस्थाले हालसम्म यो ठाउँमा प्रजनन स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरेका जानकारी कुनै जीवित बोटेसँग छैन। रेडियो सुनेर नै सुरक्षित सुत्केरी गराउनुपर्छ भन्ने थाहा पाएको यो समुदायका महिलाले बताए। केही महिला सुन चाल्न जाँदा नदी किनारमै सुत्केरी भएका घटनासमेत यिनीहरूमाझ छ।

**खाद्य अधिकार**

यो समुदायका मानिसले खानका लागि गर्दै आएको काम भनेकै मादी नदीको किनारमा बालुवाबाट सुन छान्ने, नदीमा माछा मार्ने, डुङ्गा चलाउने, गिट्टी छान्ने आदि नै हुन्। समयक्रममा उनीहरूको पेसामा सङ्कट आएकाले जीविकोपार्जनका लागि पेसा नै परिवर्तन गर्नुपर्ने बाध्यता सिर्जना हुन पुगेको छ।

नदीमा माछा नपाइने र अन्य विकल्प पनि नभएका कारण उनीहरूको खाद्य अधिकार हनन् भएको छ। यो समुदायका मानिसले पहिलेदेखि नै नदीमा स्वतन्त्रतवरले र आफ्नो मिल्ने समयमा माछा मार्थे। यसरी मारिएको माछा खानेमात्र नभई बेच्ने पनि गर्थे र आर्थिक अभाव धेरथोररूपमै भए पनि पूर्ति गर्दै आएका थिए। तर अहिले माछा पाइन छाडेपछि भने जीविकामै समस्या उत्पन्न भएको छ। स्थानीय निकायले माछा मार्न कुनै अवरोध त गरेको छैन तर पनि माछा मार्ने उद्देश्यले केही व्यक्तिले लुकिछिपी नदीमा करेन्ट लगाइदिनाले माछाका भुरा मर्छन्। अनि माछा पाइने सम्भावनै भएन। आफूहरूले यही कारण परम्परागत पेसाबाट हात धुनुपरेको ३७ वर्षीय आइतबहादुर बोटेले बताए। आफ्नो नाममा केही जग्गा भए पनि कृषि अनुदानको कार्यक्रम सञ्चालन नहुँदा र मल बीउ नपाउँदा जग्गा त्यसै बाँझो रहेको भनाइ पनि छ उनको।

**भूमि अधिकार**

दमौलीलाई सदरमुकामका लागि खाली गर्न बोटे समुदायलाई नदीको किनारमा सारियो। प्रत्येक घरलाई जीविकाका लागि जग्गा पनि दिइयो। तर भौतिक पूर्वाधार, खानेपानी, विद्युत्, सिँचाइलगायत सेवा उपलब्ध गराइएन। आखिर जग्गाले मात्र खान दिने त थिएन। त्यसैले जीविकोपार्जनका लागि बाध्य भएर यो समुदायका धेरैले आफूलाई दिइएको जग्गा बिक्री नै गर्नुपर्‍यो। यस्तै बाध्यतामा परेका शुकबहादुर बोटेले 'घर व्यवहार चलाउन आफूहरूले पहिला निकै सस्तो मूल्यमा जग्गा बेच्नुपरेको तर अहिले नगरपालिकाले सडक, विद्युत्, खानेपानी आदिको व्यवस्था गरेपछि भने उक्त जग्गा घडेरी बन्दा आफूहरूलाई निकै घाटा पर्न गएको' बताए। मतलव पहिला जग्गा थियो भाउ थिएन, अहिले भाउ छ तर बोटेहरूसँग जग्गाको स्वामित्व छैन। आठ घर बोटे परिवार त सबै जग्गा बिक्री गरी भूमिहीनका रूपमा विस्थापितसमेत भएका तीतो यथार्थ पनि छ यो बस्तीमा। राज्यले यिनीहरूको

जीविकोपार्जनका लागि समयमै उचित कार्यक्रम ल्याएको भए र आम्दानीको अन्य स्रोत पहिचान गर्न सकेको भए आज बोटेहरूको यस्तो दयनीय स्थिति नहुने दाबी जीतबहादुरको छ।

**आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका सवालमा सरकारी निकायको भूमिका**

जिल्ला विकास समिति, तनहुँले नियमित कार्यक्रमबाहेक बोटे जातिका लागि कुनै विशेष कार्यक्रम सञ्चालन नगरेको जिविसका सामाजिक विकास अधिकृत ऋषिभक्त वाग्ले निर्धक्क बताउँछन्। अति सीमान्तकृत समूहमा लक्षित तथा दिगो विकास कार्यक्रमअन्तर्गत कुखुरापालनका लागि २ वर्षअघि गरिएको सहयोगमै यो समुदायले चित्त बुझाउनुपरेको छ। स्थानीयस्तरबाटै तय हुने योजना छनोटमा समेत यो जातिको सहभागिता आवश्यक नठानिनुले सरकारी निकायले यिनीहरूलाई कुन प्राथमिकतामा राखेका छन् भन्ने स्पष्ट हुन्छ।

**गैरसरकारी संस्थाले यो समुदायका लागि गरेका काम**

बोटे जातिको समूह निर्माण, क्षमता अभिवृद्धि, जनवकालतलगायतका विषयमा कुनै पनि गैरसरकारी संस्थाले केही कामै गरेका छैनन्। यो समुदायमा राजनीति, कानुन, संविधानलगायतका विषयमा खासै जानकारी नहुनुलाई यो पनि कारण मान्न सकिन्छ। सदरमुकामबाट नजिकै रहेको भए पनि यो समुदाय कसैको प्राथमिकतामा नपर्नु रहस्यकै विषय हो।

**निष्कर्ष**

सामान्य अर्थमा मानिस भएकै कारण हरेक व्यक्तिले प्राप्त गर्ने जन्मसिद्ध नैसर्गिक अधिकार धेरै छन्। जबसम्म ती अधिकार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनले सुनिश्चित गर्दैनन् त्यसबेलासम्म ती अधिकारको कुनै महत्व हुँदैन। मानव भएर बाँच्नका लागि आवश्यक पर्ने न्यूनतम र आधारभूत अधिकारको सुनिश्चितता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा गरिएको हुन्छ अनिमात्रै ती सबै अधिकारलाई मानव अधिकार भनिन्छ। राज्यको दायित्व भनेको ऐन, कानुन र नियम निर्माण गर्ने र तिनलाई कार्यान्वयन गर्ने पनि हो। बोटे जाति कानुनप्रदत्त अधिकारबाट समेत वञ्चित भएको पाइन्छ। उनीहरूको अधिकार परिपूर्ति गर्नु राज्यको दायित्व हो। नेपालको संविधान २०७२ मा समेत खाद्य अधिकारसम्बन्धी हक, आदिवासी जनजातिसम्बन्धी अधिकारको व्यवस्था, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको व्यवस्था भएको पाइन्छ। यसैगरी नेपाल सरकारले आइएलओ १६९ लगायतका अन्य सरोकार राख्ने अन्तर्राष्ट्रिय सन्धिमा पनि हस्ताक्षर गरेको छ। त्यसैले राज्यले यो जातिको अधिकार सुनिश्चित गर्न आवश्यक छ।

**सुझाव**

- उच्च शिक्षा अध्ययन गर्ने यस समुदायका व्यक्तिलाई शैक्षिक छात्रवृत्ति व्यवस्था गरिनुपर्छ।
- परम्परागत माछा मार्ने पेसालाई निरन्तरता दिने व्यवस्था मिलाउनुपर्छ।
- बोटे समुदायमा जीविकोपार्जन सहज तुल्याउन आर्थिक उन्नतिका कार्यक्रम गरिनुपर्छ।
- उच्च शिक्षा अध्ययन गरेका युवायुवतीलाई रोजगारीको अवसर सिर्जना गर्नुपर्छ।
- यस समुदायमा कायम बाल विवाह, बाल मगनीविरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्छ।
- बोटे जातिको मातृ भाषा र संस्कृति संरक्षण गर्नुपर्छ।
- भूमिहीन हुने क्रम बढ्दो भएको हुँदा अन्य आयआर्जनका कार्यक्रम सञ्चालन गरिनुपर्छ ताकि भएको भूमि बेच्ने बाध्यता रोकियोस्।
- कृषि उत्पादन बढाउनेखालका लक्षित कार्यक्रम सञ्चालन गरिनुपर्छ।

**सन्दर्भ सामग्री**


- नेपालको जनगणना-२०६८, केन्द्रीय तथ्याङ्क विभाग
- विभिन्न पत्र पत्रिकामा प्रकाशित सामग्री
- नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५
- बोटे अगुवाहरूसँग गरिएको कुराकानी
- मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८



बाढीपहिरोले घरबास उठिबास बनाएपछि हरिहरपुर गाविस ५ थापाडेरा, सिस्नेरी र डोप्काका बाढीपीडित परिवारहरू गिरीघाटखोला शिविरमा जङ्गल फडानी गरी घरबास बनाउँदै।

# ३.४ सुर्खेतका बाढीपीडित वर्तमान अवस्था र राज्यको उदासीनता

**पृष्ठभूमि**

नेपालको संविधानको भाग ३ अन्तर्गत मौलिक हकको धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुने उल्लेख छ। भाग ४ अन्तर्गत राज्यको निर्देशक सिद्धान्त र नीति उपदफा 'ञ' को ६ मा मुक्त कमैया कमलरी, हरूवा, चरवा, हलिया, भूमिहीन र सुकुमबासीहरूको पहिचान गरी उचित बसोबासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिनको व्यवस्था वा रोजगारीको व्यवस्था गर्दै पुनर्स्थापना गरिने उल्लेख छ। त्यसैगरी विक्रम संवत् २०१० सालमा पहिलो पटक जारी मुलुकी ऐनपछि बनेको २० औं ऐनका रूपमा रहेको दैवीप्रकोप उद्धार ऐन २०३९ को प्रस्तावनामा दैवीप्रकोपबाट सर्वसाधारण जनताको जीउ, धन तथा सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नका लागि दैवीप्रकोप उद्धार कार्यहरू गर्ने सम्बन्धमा व्यवस्था गर्न र सर्वसाधारण जनताको सुविधा कायम राख्न वाञ्छनीय भएकाले भन्ने उल्लेख छ।

सोही ऐनमा गृह मन्त्रीको अध्यक्षतामा गठित केन्द्रीय दैवीप्रकोप उद्धार समितिले दैवीप्रकोपबाट असर परेको इलाकालाई सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न नेपाल सरकारलाई सिफारिस गर्ने, दैवीप्रकोपको नियन्त्रण, रोकथाम र तत्सम्बन्धी पूर्वतयारी र दैवीप्रकोपबाट पीडित जनताको पुनर्स्थापना तथा दैवीप्रकोपबाट असर परेको क्षेत्रको पुनर्निर्माण आदि उद्धार कार्यसम्बन्धी राष्ट्रिय नीति तर्जुमा गर्न तथा सो नीतिअनुसारको कार्यक्रम बनाई नेपाल सरकारसमक्ष पेश गर्ने, स्वीकृत भएपछि कार्यान्वयन गर्ने/गराउने, केन्द्रीय दैवीप्रकोप सहायता कोषबाट नेपालभित्र तथा बाहिरबाट प्राप्त सहायता रकम, खाद्यान्न, लत्ता कपडा, औषधि, निर्माण सामग्री तथा अन्य वस्तुहरू सुरक्षितसाथ राख्ने र सो कोषबाट त्यस्ता वस्तुहरू आवश्यकताअनुसार सङ्कटग्रस्त क्षेत्रमा दैवीप्रकोप उद्धार कार्यका लागि पठाउने, दैवीप्रकोप उद्धार कार्य गर्न सामाजिक सङ्घ/संस्थाहरूलाई सम्मिलित गराउने र ती सङ्घ/संस्थाहरूको काम कारबाहीमा समन्वय कायम गर्ने, दैवीप्रकोप उद्धार कार्यमा सहयोगका लागि टोलीहरू गठन गरी सङ्कटग्रस्त क्षेत्रमा पठाउने, जिल्ला समिति तथा स्थानीय समितिलाई उद्धार कार्य गर्ने/गराउने सम्बन्धमा निर्देशन दिने, दैवीप्रकोप उद्धार कार्यहरूको कार्यान्वयन सम्बन्धमा नेपाल सरकारले तोकेको अन्य कामहरू गर्ने, नेपाल सरकारलाई समय-समयमा कार्य प्रगतिको विवरण दिने भन्ने उल्लेख छ।

यस्तै दैवीप्रकोप उद्धार ऐन २०३९ र गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन ऐन

२०६६ को दफा ५ 'ग' मा दैवीप्रकोपबाट पीडितहरूको आपूर्ति, आश्रय तथा पुनर्स्थापनाका लागि आवास तथा भौतिक योजना मन्त्रीको संयोजकत्वमा गृह, अर्थ, आपूर्ति, श्रम तथा सामाजिक कल्याण जलस्रोत र निर्माण तथा यातायात मन्त्रालयका सचिव रहेको एक समिति गठन गरिने व्यवस्था छ। यस्तैगरी जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा यस्तो समिति रहने सो ऐनमा व्यवस्था छ। यतिमात्र नभई अन्तर्राष्ट्रिय तथा अन्य राष्ट्रिय कानुनहरूमा भएको प्रावधानअनुसार आफ्ना नागरिकलाई सुरक्षित आवासको व्यवस्थापन गर्ने मुख्य अभिभारा तथा दैवीप्रकोप, जस्तै- भूकम्प, आगलागी, आँधीबेहरी, बाढी/पहिरो, अतिवृष्टि, अनावृष्टि, अनिकाल, महामारी तथा यस्तै अन्य प्राकृतिक प्रकोपबाट घर/बास गुमाएकाहरूको उचित बासस्थानको व्यवस्थापन गर्नु राज्यको दायित्वभित्र पर्छ भन्ने उल्लेख छ। तर सुर्खेतलगायतका एक दर्जनभन्दा बढी जिल्लाका यस्ता दैवीप्रकोप पीडितहरूको राज्यले लामो समयदेखि पीडा हरण गर्न त परै जाओस्, उनीहरूको पीडा न्यून गराउनेप्रति समेत चासो दिएको छैन। पुनर्स्थापनाका लागि उचित कदम चाल्नु त निकै परको कुरा।

**अध्ययनको उद्देश्य**

१. दैवीप्रकोपलगायतका कारण घरबास गुमाएका भूमिहीन तथा बाढीपीडितहरूका लागि राज्यले निर्माण गरेका नीति, कानुन तथा अख्तियार गरेका कार्यक्रमको व्यावहारिक कार्यान्वयनको अवस्थाबारे जानकारी लिन।
२. सुर्खेतलगायत मुलुकभरका बाढीपीडित परिवारलाई राज्यले घोषणा गरेको सेवा/सुविधा तथा प्रतिबद्धताहरूको कार्यान्वयनको अवस्था उजागर गर्न।
३. बाढीपीडित परिवारले भोग्दै आउनुपरेका समस्या उजागर गरी समाधानका लागि राज्यलाई जिम्मेवार बनाउन।
४. सुर्खेतलगायत मुलुकभर कहालीलाग्दो जीवनयापन गरिरहेका बाढीपीडित तथा घरबासबिहीन परिवारको हक अधिकार स्थापित गरी उनीहरूलाई पुनर्स्थापित गर्नका लागि राज्यलाई सचेत बनाउन आदि।

**अध्ययनको महत्त्व**

वि.सं. २०७१ चैत १३ गते मन्त्रिपरिषद्को निर्णयानुसार मुलुकभरका बाढीपीडित परिवारलाई घडेरी खरिदका लागि प्रतिपरिवार ५० हजार तथा घर निर्माणका लागि ७५ हजार रुपियाँ उपलब्ध गराउने र उचित बासस्थानका लागि राज्यले नै उचित पहल गर्ने भन्ने निर्णय भएको थियो। तर पनि अझैसम्म यो कार्यान्वयनमा आउन सकेको छैन। यतिमात्र होइन, राज्यले भूकम्पपीडितसरह बाढीपीडितलाई राहत तथा क्षतिपूर्ति दिने घोषणासमेत गरेको थियो। यो घोषणा विशेषगरी सुर्खेत, सिन्धुपाल्चोक, दार्चुला, मकवानपुर, प्युठान, बाँके र बर्दिया जिल्लाका बाढीपीडित परिवारका लागि 'आकाशको फल आँखा तरी मर' भनेझैं भएको छ यतिखेर। दैवीप्रकोप उद्धार ऐन २०३९ र गणतन्त्र सुदृढीकरण तथा केही नेपाल कानुन संशोधन ऐन २०६६ को दफा ५ 'ग' मा दैवीप्रकोपबाट पीडितहरूको आपूर्ति, आश्रय तथा पुनर्स्थापनाका लागि आवास तथा भौतिक योजना मन्त्रीको संयोजकत्वमा गृह, अर्थ, आपूर्ति, श्रम तथा सामाजिक कल्याण, जलस्रोत र निर्माण तथा यातायात मन्त्रालयका सचिव रहेको एक समिति गठन गरिएको छ। यस्तैगरी जिल्लामा समेत प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा यस्तो समिति रहने सो ऐनमा व्यवस्था छ। तर ती समितिले बाढीपीडित परिवारको पीडा सुन्नप्रति लामो समयदेखि न चासो देखाएका छन् न त उचित कदम नै चालेका छन्। राज्यको यस्तै गैरजिम्मेवारीपनका कारण सुर्खेत जिल्लाको विभिन्न शिविरमा कहालीलाग्दो जीवन बिताइरहेका बाढीपीडित परिवार अधिकारबाट वञ्चित हुँदै आएका छन्। यो अध्ययनले विशेषगरी गाँस, बास र कपासबाट छटपटाइरहेका त्यस्ता परिवारलाई पुनर्स्थापन गर्न राज्य पक्ष र जिल्लाका अन्य सरोकारवालालाई जिम्मेवार बनाउन मद्दत पुग्ने अपेक्षा छ।

**अध्ययन विधि**

१. स्थलगत अनुगमन (बाढी/पहिरो गएको क्षेत्र तथा बाढीपीडित शिविरहरूको)
२. अन्तर्वार्ता (बाढीपीडित, बाढीपीडित सङ्घर्ष समितिका पदाधिकारी, राजनीतिक दल, स्थानीय प्रशासन, अधिकारकर्मी, सञ्चारकर्मी र अन्य सरोकारवाला निकायका पदाधिकारी आदि)
३. स्रोत सामग्री (बाढीपीडित परिवारका सवालमा प्रकाशित समाचार, लेख रचना, फोटो तथा बाढीपीडित परिवारलाई व्यवस्थित गर्न राज्यले अख्तियार गरेका कानुन तथा प्रतिबद्धता)

## अध्ययनको सीमा

१. यो अध्ययन बाढीपीडित परिवारले भोग्दै आउनुपरेको पीडा र उनीहरूलाई पुनर्स्थापना गर्न राज्य र अन्य सरोकारवालालाई सचेत पार्न केन्द्रित छ।

२. अढाई वर्षदेखि सुर्खेतका बाढीपीडित परिवारले खेप्नुपरेको पीडिप्रति राज्यले गर्दै आएको व्यवहार, चुनौती तथा बाढीपीडितका नाममा गैरबाढीपीडितको सहभागिताले निम्त्याएको समस्या पहिल्याउने र यसलाई कसरी निराकरण गर्ने भन्नेबारे सचेत बनाउने प्रयास गरिएको छ।

३. अध्ययनमा प्रस्तुत तथ्याङ्कहरू जिल्ला दैवीप्रकोप उद्धार समिति, नेपाल रेडक्रस सुर्खेत शाखा, जिल्ला शिक्षा कार्यालय र बाढीपीडित सङ्घर्ष समितिबाट लिइएका छन्।

४. बाढीपीडित परिवारले भोग्नुपरेको पीडा स्वयम् उनीहरूबाटै बोलाइएको छ।

## समस्याको परिचय

मध्यपश्चिमको क्षेत्रीय सदरमुकामका रूपमा रहेको सुर्खेत उपत्यका मुलुकमै परिचित सुन्दर उपत्यका हो। चारैतर्फबाट पहाडले घेरिएको तथा जङ्गलले ढाके पनि उपत्यकाभित्र साना/ठूला गरी दर्जनौँ खोलानाला छन्। उपत्यकाको पूर्व दक्षिण हुँदै भेरी नदी बगेको छ भने उत्तर पूर्व करे खोला, नेवारे खोला, चिङ्गाड खोला र इत्राम खोला, बीच भागमा खोर्के खोला र चिसापानी खोला तथा पश्चिममा गिरीघाट खोला छन्। यस्तै दक्षिणमा निकास खोला छ। मुलुकमै चिरपरिचित बुलबुले ताल, देउती बज्यै र काँक्रेबिहार पनि उपत्यकाभित्रै छन्। थारू र राजी जातिको बसोबास रहे पनि औलोका कारण वि.सं. २०२३ यतामात्र सुर्खेतमा अन्य जातिले बसोबास गरेको पाइन्छ। वि.सं. २०२८/२९ देखि बढ्दो बसोबाससँगै २०२९ मै तयार पारिएको सुर्खेत उपत्यकाको गुरुयोजनापछि यस उपत्यकामा जनघनत्व क्रमश: बढ्दै गएको देखिन्छ। जनघनत्व बढेसँगै प्राकृतिक विपत्तिहरू आउने गरेको यहाँका जानकारहरूको भनाइ छ।

यसै क्रममा २०७१ साउन २५ गतेदेखि शुरु भएको तथा २८ र २९ गतेका दिन परेको मुसलधारे वर्षापछि आएको बाढी पहिरोका कारण सुर्खेत जिल्लाका विभिन्न स्थानमा २४ जनाको मृत्यु, ९१ जना बेपत्ता, २६ जना घाइते भएका थिए। बाढी/पहिरोबाट २ हजार ३ सय २९ परिवार प्रत्यक्षरूपमा प्रभावित भएका, १ हजार ४ सय ६५ घर पूर्णरूपमा तथा ८ सय ६४ घर आंशिकरूपमा क्षतिग्रस्त, १ हजार ४ सय ६५ परिवार पूर्णरूपमा विस्थापित भएका थिए।[1] सो तथ्याङ्कअनुसार शुरुमा जिल्लाका विभिन्न स्थानका ६७ वटा शिविरमा ७ हजारभन्दा बढी विस्थापित परिवार बस्दै आएका थिए भने २ हजार ३ सय ४६ हेक्टर जमिनमा लगाएको बाली नष्ट भएको थियो। यस्तै ६ हजार ५ सय २९ पशुपन्छी मरेका थिए भने ६० वटा आंशिक तथा ११ वटा बाल विकास केन्द्रसहित १० वटा विद्यालय पूर्णरूपमा क्षति भए। यसबाट ३ हजार बालबालिका पूर्णरूपमा र १२ हजार १ सय २७ बालबालिका अप्रत्यक्षरूपमा प्रभावित हुन पुगे।

बाढीले पाँचवटा झोलुङ्गे पुलसहित सडक, विद्युत्, टेलिफोन, सिँचाइ आयोजना, सडक, विद्यालय, खानेपानी संरचना, अन्नबाली, पशुचौपाया र अन्य भौतिक योजनाका संरचना पूर्णरूपमा ध्वस्त बनाउँदा १० अरब ७९ करोड ७१ लाख ३८ हजार ९ सय ९१ रुपियाँ बराबरको क्षति भएको थियो। भेरी नदीमा आएको बाढीका कारण हरिहरपुर गाविस-५ का रोशन कार्कीको एकै परिवारका ८ जनाले ज्यानसमेत गुमाएका थिए भने बाबियाचौर गाविस-१ टिखाकुना, हरिहरपुर गाविस-५ थापाडेरा, तातापानी गाविस-९ लगायतका बस्ती नै बगरमा परिणत भएको थियो। सयौं परिवारको विचल्लीमात्र भएन, आफ्नै आँखाअगाडि परिवारजन गुमाएकामध्ये दुईजनाले आत्मदाहसमेत गरे। बेपत्ता भनिएकाहरूको सामूहिक काजकिरिया गर्नसमेत बाढीपीडित बाध्य भए। घरबास र आफन्त गुमाएको, राज्यको उपेक्षा, ज्याला मजदुरी गरेर जीवनयापन गर्न कठिननाइ जस्ता कारण अहिले अधिकांश पुरुष विदेशिन बाध्य भएका छन्।

त्रिपालमुनिको बास, खडेरी र कठ्याङ्ग्रिने जाडोको सामना गर्नुपर्ने र गरिबीका कारण विस्थापित परिवारमा विभिन्नखाले रोगको सङ्क्रमणसमेत बढेको छ। वि.सं. २०५० मा धादिङको कृष्णभीरमा मापन गरिएको ५६० मिलिमिटरपछि नेपालमै सबैभन्दा बढी तथा सुर्खेतमा पहिलोपटक सबैभन्दा बढी मापन

१. नेपाल रेडक्रस जिल्ला शाखा, सुर्खेत र जिल्ला दैवीप्रकोप उद्धार, समिति सुर्खेतको तथ्याङ्कअनुसार

गरिएको ४२३ दशमलव २ मिलिमिटर वर्षाका[१] कारण यो उपद्रव मच्चिएको थियो। सुर्खेत उपत्यकाको दक्षिण भागमा रहेको साँघुरो निकास खोलाबाट सहजरूपमा पानी निकास हुन नसकेपछि उपत्यका २ दिनसम्म जलमग्न हुन पुगेको थियो। मुसलधारे अविरल वर्षापछि चिङ्गाड, नेवारे, इत्राम, खोर्के खोला र भेरी नदीमा आएको बाढी/पहिरोले जिल्लामा पहिलोपटक यसरी अकल्पनीय क्षति पुऱ्याएको थियो। बाढी/पहिरो आएलगत्तै वीरेन्द्रनगर नगरपालिका, लाटीकोइली, उत्तरगङ्गा, तातापानी, घाटगाउँ, साटाखानी, लेखपराजुल, हरिहरपुर, बाबियाचौर, मालारानी, तरङ्गा, छिन्चु र कुनाथरी गाविसका गरी २ हजार ३ सय २७ परिवारका १२ हजार ३ सय ८५ जना विस्थापित हुन पुगेका थिए।

शुरुमा वीरेन्द्रनगर नगरपालिका-९ स्थित महिला प्रशिक्षण केन्द्र, क्षेत्रीय अस्पताल कालागाउँ, भैरवस्थान मावि भैरवस्थान, जनउच्च मावि वीरेन्द्रनगर, बाबियाचौर सेवा केन्द्र भवन, साटाखानी, तरङ्गा, हरिहरपुर गाविसको गिरीघाट खोला, छिन्चु, लाटीकोइली गाविसको सुब्बाकुना, तातापानी, तरङ्गा, कुनाथरी गाविसको चेपाङ, घाटगाउँ, रत्न राजमार्गको पैंसट्ठी र सत्तरीमा रहेका शिविरमा ती विस्थापित परिवार बसेका थिए। उनीहरूसँगै गैरविस्थापित परिवार (सामान्य घर तथा जग्गा क्षति भएका) पनि आएर बसेका कारण जिल्ला दैवीप्रकोप उद्धार समिति र रेडक्रसले समयमै विस्थापित परिवारको तथ्याङ्क सङ्कलन गर्न र वास्तविक बाढीपीडित परिवार एकिन गर्न सकेको थिएन। २ वर्षसम्म ती शिविरमा विस्थापित जीवन बिताइरहेकामध्ये २०७३ वैशाख महिनासम्ममा महिला प्रशिक्षण केन्द्र, गिरीघाट खोला र तातापानी गाविस-९ मा रहेको २ सयभन्दा बढी परिवारबाहेक सबै अन्यत्र लागिसकेका छन्। राज्य, राजनीतिक दल तथा अन्य सङ्घ/संस्थाले उपेक्षा गरेको, राहत तथा क्षतिपूर्तिका लागि पहल नगरेको र शिविरमा बसिरहेको समयमा राज्यले नै जबर्जस्ती उठ्न बाध्य पारेका कारण आफूहरूले शिविर छाड्नुपरेको पीडितको गुनासो छ।

## समस्या शुरुवात

वि.सं. २०७१ साउन २५ गतेदेखि शुरु भएको तथा २८ र २९ गते परेको अविरल वर्षापछि आएको बाढी/पहिरोका कारण वीरेन्द्रनगर नगरपालिका, लाटीकोइली, उत्तरगङ्गा, तातापानी, घाटगाउँ, साटाखानी, लेखपराजुल, हरिहरपुर, बाबियाचौर, तरङ्गा, छिन्चु र कुनाथरी गाविसका गरी २ हजार ३ सय २७ परिवारका १२ हजार ३ सय ८५ जना विस्थापित हुन पगेका थिए। जसमध्ये झण्डै २ सय परिवार अहिले पनि विस्थापित जीवन बिताउन बाध्य छन्। जिल्ला दैवीप्रकोप उद्धार समिति, विभिन्न सङ्घ/संस्था, राजनीतिक दल र व्यापारीले २०७१ असोज महिनाको २५ गतेसम्म उनीहरूलाई राहतस्वरूप कपडा, भाँडाकुँडा वितरण गरे पनि त्यसयता कसैले पनि केही सहयोग नगरेकाले पीडितहरू कहालीलाग्दो जीवन बिताउन बाध्य भएका छन्।

अविरल वर्षापछि भेरी नदी, चिङ्गाड खोला, नेवारे खोला, इत्राम खोला र चिसापानी खोलामा आएको बाढीले घरबास गुमाएकाहरू विस्थापित भएका थिए। यसरी विस्थापित हुनेमा वीरेन्द्रनगर नपा, लाटीकोइली, उत्तरगङ्गा, साटाखानी, हरिहरपुर, तातापानी, तरङ्गा, बाबियाचौर, कुनाथरी, घाटगाउँ, लेखपराजुल र छिन्चु गाविसबाट २ हजार ३ सय २७ परिवार थिए।

## बाढीपीडितले भोग्नुपरेका पीडा

अढाई वर्षयतादेखि कुनाथरी गाविसको गिरीघाट शिविरमा रहेका १ सय ४६, महिला प्रशिक्षण केन्द्रको शिविरमा रहेका ९६, तातापानी गाविसको शिविरमा रहेका २० र छिन्चु गाविसको शिविरमा रहेका ३५ परिवारका १ हजार १ सय ८२ जनाले त्रिपालमुनिको कहालीलाग्दो जीवन यापन गरिरहेका छन्। कठ्याङ्ग्रिने जाडो, प्रचण्ड गर्मी, वर्षायामको हिलोको सामना गर्नु उनीहरूको दिनचर्या बनेको छ। बाढीपीडित सङ्घर्ष समिति सुर्खेतका सचिव बलबहादुर थापाका अनुसार कुनाथरी गाविसको गिरीघाट खोलाको शिविरमा बसिरहेका बाढीपीडितलाई त्यहाँबाट उठ्न जिल्ला वन, जिल्ला प्रशासन र सामुदायिक वन उपभोक्ता समितिहरूले पटकपटक दबाब दिइरहेका छन्। यस्तै महिला प्रशिक्षण केन्द्रमा बसेका बाढीपीडितलाई पनि महिला प्रशिक्षण कार्यालय र जिल्ला प्रशासनले शिविर छाड्न पटकपटक दबाब दिइरहेको छ।

यतिमात्र होइन, बाढीपीडित बन्नुपूर्व इत्राम खोला, खोर्के खोला, नेवारे खोला, छिन्चु खोला, चिङ्गाड खोला र भेरी नदीको किनारमा ढुङ्गा/बालुवा तथा गिट्टी कुटेर जीविकोपार्जन गरिरहेका पनि थप

१. मध्यपश्चिम तथा सुदूरपश्चिम क्षेत्रीय हावापानी कार्यालय सुर्खेतले दिएको जानकारीअनुसार

समस्यामा परेका छन्। त्यसयता नदी किनारबाट ढुङ्गा/बालुवा निकाल्न तथा गिट्टी कुट्न प्रतिबन्ध लगाइएपछि यी पीडितको जीवन थप कष्टकर बनेको छ। मजदुरी नपाइने, राज्यको उपेक्षा र कहालीलाग्दो बासका कारण आफन्तहरूको खोजी गर्दै शिविर छाड्ने, परिवारसहित भारततर्फ मजदुरी गर्न जानु ती बाढीपीडितको नियति नै बनेको छ यतिखेर। गाँस, बास र कपासको अभाव तथा आफ्नै आँखाअगाडि परिवारजन गुमाएका कारण ती शिविरमा रहेका २ जनाले आत्मदाहसमेत गरिसकेका छन्। एक महिलाले आत्मदाहको प्रयास गरेको समितिका सचिव थापाको भनाइ छ। महिला प्रशिक्षण केन्द्र शिविरमा रहेकी ४६ वर्षीया मैसरा थापाले भनिन्- अरु बेला जसोतसो जीवन चलाएकै छौं तर चाडबाड आउँदा लालाबाला, वृद्धवृद्धाको मुख हेर्नै सकिँदोरहेनछ, 'मनमा पीर भए नि निरमाया मुसुक्क हाँस न भनेझैं भएका छौं' के गर्ने ? कहाँ जाने ? यस्तै ती शिविरमा रहेका १ सयभन्दा बढी बालबालिका विद्यालय छाडेर मजदुरी गर्न भारतलगायतका स्थानमा पलायन हुनुपरेको छ। समयमै औषधि उपचार नपाउनुका साथै चिसो र गर्मीका कारण पाँच जनाले अकालमा मृत्युवरणसमेत गरिसकेका छन्।

## आर्थिक अधिकार

जिल्लाको विभिन्न स्थानमा रहेका बाढीपीडित परिवार अहिलेसम्म आर्थिक अधिकारबाट पूर्णरूपमा वञ्चित हुनुपरेको छ। सन् १९६६ को १६ डिसेम्बरमा पारित तथा सन् १९९१ मे १४ का दिन नेपाल पक्ष राष्ट्र बनेको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअनुरूप बाढीका कारण घरबास गुमाएकालाई सामान्य अवस्थामा फर्कन भरपूर सहयोग गर्नुपर्ने हो। तर बाढीपीडित परिवारलाई राज्यले तत्कालीन राहत र सामान्य क्षतिपूर्तिबाहेक न व्यवस्थित बसोबासका लागि कदम चालेको छ न त अर्थ उपार्जनका कुनै कार्य नै थाल्न सकेको छ।

सरकारले यस्ता बाढीपीडितलाई जग्गा किन्न र घर बनाउन केही रकम त उपलब्ध गराउने निर्णय गरेको छ तर त्यो पर्याप्त छैन। सरकारले दिने पैसाले न जग्गा किन्न सकिन्छ न त घर बनाउनै पुग्छ। बाढीपीडित सङ्घर्ष समिति सुर्खेतका सचिव बलबहादुर थापाका अनुसार जग्गा खरिद र घर निर्माणका लागि दिएको रकम अति न्यून रहेको, त्यही पनि समयमै उपलब्ध नगराएको, यसबारेमा ताकेता गर्दा जिल्ला प्रशासन र शहरी विकास तथा भवन निर्माण कार्यालय सुर्खेतले एक अर्कोलाई देखाई पन्छिने गरेको, २०७२ असारयता सो रकम पनि नआएको भनी फर्काउने गरेका छन्।

वि.सं. २०७१ चैत १३ गते भएको मन्त्रिपरिषद्को निर्णयानुसार मुलुकभरका बाढीपीडित परिवारलाई घडेरी खरिदका लागि प्रतिपरिवार ५० हजार तथा घर निर्माणका लागि ७५ हजार रुपियाँ उपलब्ध गराउने भनिएको थियो। तर जिल्ला दैवीप्रकोप उद्धार समितिको सिफारिसमा शहरी विकास तथा भवन निर्माण कार्यालय सुर्खेतले आर्थिक वर्ष २०७१/७२ मा माग गरेको १० करोड ८६ लाख २५ हजार रकममध्ये ४ करोड ५० लाखमात्र उपलब्ध भयो। ढिलोगरी अर्थात असार महिनाको दोस्रो सातामा मात्र सो रकम उपलब्ध गराइएपछि २ करोड ६२ लाख ७५ हजारमात्र वितरण भयो। यस्तै सिफारिसमा शहरी विकास तथा भवन निर्माण कार्यालय सुर्खेतले आव २०७२/७३ मा माग गरेको ८ करोड २३ लाख ५० हजारमध्ये एक पैसा पनि निकासा भएन। यही कारण सुर्खेतका विस्थापित परिवार थप पीडामा परेका छन्।

राज्यले बनाएको कानुन तथा नीतिअनुरूप कार्यान्वयन नगर्ने र समयमा बजेट निकासा नदिने, दिए पनि कम दिने जस्ता कारण जिल्लाका बाढीपीडित आर्थिक अधिकारबाट वञ्चित हुनुपरेको हो। जग्गा खरिद र घर निर्माणका लागि न्यून बजेट छुट्याउनु, त्यही रकमसमेत समयमै नदिनु र यसका लागि स्वयम् पीडितहरूले नै जिल्ला प्रशासन र शहरी विकास तथा भवन निर्माण कार्यालयमा धाउन बाध्य हुनुपर्दा उनीहरूमा थप आर्थिक भार परेको छ। लामो समयदेखि आशा गरिएको सो रकम अहिलेसम्म हात नपर्दा बाढीपीडित परिवार निराश पनि बनेका छन्। यसबाहेक तत्कालीन राहतअन्तर्गत विभिन्न सङ्घ/संस्था, राजनीतिक दल, व्यक्ति तथा व्यापारीले ती बाढीपीडित परिवारलाई एक करोडभन्दा बढी सहयोग गरेका थिए।

## खाद्य अधिकार

उद्योगधन्दा/कलकारखानाको अभावमा ज्याला मजदुरी नपाइनु र उठिबास भएयता ती खोला तथा नदी किनाराबाट ढुङ्गा/बालुवा निकाल्न तथा गिट्टी कुट्न प्रतिबन्ध लगाइएपछि बाढीपीडित परिवारले समयमा पर्याप्त र उचित खाद्य उपभोग गर्न पाएका छैनन्। राज्य तथा विभिन्न सङ्घ/संस्थाले २०७१ असोज २५ गतेयता कुनै पनि राहत तथा खाद्यान्न उपलब्ध नगराएपछि ती शिविरमा बसेका बाढीपीडितले कैयौं दिन भोकभोकैसमेत बिताउनुपरेको छ। वीरेन्द्रनगर

बजारमा पाइने काम, सडक निर्माण तथा अन्य मजदुरी गरी जीवनयापन गरिरहेका ती परिवारले लामो समय यस्तो पीडा खेप्नुपरे पनि राज्यको कुनै पनि निकायले अझैसम्म उनीहरूको पीडा सम्बोधनका प्रयाससमेत गरेका छैनन्। जग्गाको नाममा खुट्टा टेक्ने स्थानसमेत नभएका ती परिवार आफ्नो धर्म/संस्कृतिअनुरूपका विभिन्न चाडपर्व र उत्सवमा आवश्यक पर्ने खाद्यान्न तथा अन्य वस्तु प्रयोग गर्नबाटसमेत वञ्चित भएका छन्। साथै समयमा खाद्यान्न जोहो गर्न नसक्दा आफ्ना बालबालिका र वृद्धवृद्धालाई समेत भोकै राख्नुपरेको पीडा सुनाउँछिन् महिला प्रशिक्षण केन्द्रको शिविरमा बसेकी धनसरी कामी। लालाबालासहित ११ जनाको परिवारले कैयौं रात भोकै बिताउनुपरेको तीतो अनुभव पनि छ धनसरीसँग। उनको प्रश्न छ- हामीले यो दुर्दशा भोगेको अढाई वर्ष बितिसक्यो, खोइ कहाँ छ राज्य हाम्रा लागि ? उनको यही आक्रोशपूर्ण प्रश्न काफी छ कि यहाँ राज्यको उपस्थिति छैन।

### भूमि अधिकार

भेरी नदी किनारमा रहेका हरिहरपुर, तातापानी, तरङ्गा, कुनाथरी, घाटगाउँ र बाबियाचौर गाविस तथा साटाखानी, लेखपराजुल, छिन्चु, लाटीकोइली, उत्तरगङ्गा गाविस र वीरेन्द्रनगर नपाबाट विस्थापित भएका तथा जिल्लाको विभिन्न शिविरमा बसिरहेका १ सय ९७ परिवारको कहीँकतै एक धुर जग्गा छैन। यतिमात्र होइन, घरसहित वर्ष दिन खान पुग्ने खेतबारीसमेत बाढीले बगाएपछि उनीहरू पुस्तौंदेखि उपभोग गरेको भूमिबाट वञ्चित भएका छन्। बाढीपीडितले यसरी घर/जग्गा गुमाउनुपरे पनि राज्यले क्षतिपूर्तिबापत पूर्णरूपमा घर क्षति भएकालाई प्रतिघर ५ हजार तथा आंशिक क्षति भएकालाई ३ हजार रुपियाँका दरले गरी २ हजार ३ सय २७ परिवारलाई ९९ लाख १३ हजार वितरण गरेयता अरु कुनै सहयोग गरेको छैन। जग्गा खरिद तथा घर निर्माणका लागि अति न्यून रकम दिने भनिए पनि समयमै उपलब्ध नगराउनु, सबैलाई नदिनु जस्ता कारण उनीहरू भूमि अधिकारबाट पनि पूर्णरूपमा वञ्चित हुनुपरेको हो।

### शैक्षिक अधिकार

यो बाढी/पहिरोका कारण जिल्लाको ६० वटा आंशिक तथा ११ वटा बाल विकास केन्द्रसहित १० वटा विद्यालय पूर्णरूपमा क्षति भए। जसबाट ३ हजार बालबालिका पूर्णरूपमा र १२ हजार १ सय २७ बालबालिका प्रत्यक्ष प्रभावित हुन पुगे। यस्तै क्षतिग्रस्त विद्यालय भवनका साथै शौचालय, खानेपानीको पाइप क्षति हुन पुग्दा शुरुको समयमा २ महिनाभन्दा बढी बाढी/पहिरो प्रभावित १२ हजार १ सय २७ जना बालबालिका पठनपाठन गतिविधिबाट पूर्ण वञ्चित भए। जिल्ला शिक्षा कार्यालय, युनिसेफ र समाज जागरण केन्द्र सुर्खेतले कुनाथरी गाविसको गिरीघाट, लेखपराजुलको थर्मुसे, बाबियाचौरको टिखाकुना, हरिहरपुरको पाग्मा, लाटीकोइलीको सुब्बाकुना र वीरेन्द्रनगरको महिला प्रशिक्षण केन्द्रको शिविरमा अस्थायी सिकाइ केन्द्र स्थापना गरे पनि ६ कक्षाभन्दा माथि अध्ययन गर्ने विद्यार्थी लामो समयसम्म प्रभावित भए। अस्थायी सिकाइ केन्द्र खुले पनि शिक्षक अभावले प्रभावकारी हुन सकेन। अर्कोतर्फ शिविरमा बसेर गुजारा नचल्ने भएपछि बाढीपीडितले धमाधम शिविर छाड्ने क्रम चल्यो। कक्षा कोठा तथा पाठ्यपुस्तक पनि अभाव हुन थाल्यो। यिनै विभिन्न कारणले १ सयभन्दा बढी विद्यार्थीले पढाई नै छाड्नुपर्‍यो। हाल कुनाथरी गाविस गिरीघाटको सिस्नेरी सिकाइ केन्द्रमा ५०, डोप्कामा ४९ तथा लेखपराजुल गाविसको थर्मुसेमा १ सय ९१, सानो डुङ्गीखोलामा ४६, तातापानी गाविसको बच्छीमा ९६ र बाबियाचौरस्थित टिखाकुनाको सिकाइ केन्द्रमा ८४ जना बालबालिका अध्ययनरत् छन्।[3]

राज्यले सबैलाई अनिवार्य नि:शुल्क र सर्वसुलभ शिक्षा प्रदान गर्ने नीति लिए पनि ती सिकाइ केन्द्रका बालबालिकाले शिक्षक, पाठ्यपुस्तक र उचित बस्ने स्थानको अभाव सामना गर्नुपरिरहेको छ। गरिबी, शिक्षक र पाठ्यपुस्तकको अभावमा उचित शिक्षा पाउन नसकेपछि ती शिविरमा बस्दै आएका १ सयभन्दा बढी बालबालिका पढाइ छाडेर कामको खोजीमा अन्यत्र पलायन भइसकेका बाढीपीडित सङ्घर्ष समितिको भनाइ छ। ती शिविरमा बसोबास गर्ने पीडितको पुनर्स्थापना वा सोही स्थानमा स्थायी बसोबास गर्ने भन्नेबारे टुङ्गो लागेको छैन। यही कारण विद्यालय भवन निर्माणका लागि जिल्ला शिक्षा कार्यालय सुर्खेतमा दुई वर्षअघि आएको ८ करोड ७० लाख रुपियाँसमेत फ्रिज भयो। शिविरमा बसेको अढाई वर्ष नाघिसक्दा समेत ती शिविरमा रहेका बालबालिकाले उचित शिक्षा प्राप्त गर्न नसक्नु र पढाइ छाडेर पलायन हुँदासमेत शिक्षासँग सम्बन्धित सरकारी तथा गैरसरकारी

३. जिल्ला शिक्षा कार्यालय सुर्खेतको तथ्याङ्क

संस्थाहरूको गम्भीर ध्यान नपुग्नु विडम्बनाको विषय बनेको छ। यस्तै शिक्षा ऐन २०२८ आठौं संशोधन १६ 'घ' मा सामुदायिक विद्यालयको प्राथमिक तहको शिक्षा निःशुल्क हुनेछ र त्यस्तो विद्यालयमा भर्ना हुने विद्यार्थीलाई नेपाल सरकारले पाठ्यपुस्तकसमेत निःशुल्क उपलब्ध गराउनेछ भन्ने उल्लेख छ। तापनि सुर्खेतका बाढीपीडित बालबालिकाको हकमा यो प्रावधान पूर्णरूपमा कार्यान्वयन हुन नसक्दा यसको सोझो मार शिविरका बालबालिकामाथि परिरहेको छ।

**सरकारको भूमिका**

बाढी आएलगत्तै विपद्मा परेका जिल्लाभरिकै पीडितको उद्धार कार्यमा सरकारको भूमिका सराहनीय रह्यो। तत्कालको उद्धार र शुरुको राहत वितरणमा राज्यका सबै निकायले उल्लेखनीय भूमिका निर्वाह गरे। पछिल्ला दिन भने सरकारी सहयोग साह्रै सुस्त हुन पुग्यो। राज्यको भूमिका उचित नहुनु, सहयोगी सङ्घ/संस्थाले आफ्नो स्वार्थपूर्ति हुने गरी राहत वितरण गर्नु र राजनीतिक दलको स्वार्थका कारण राज्यका निकायले वास्तविक पीडित समयमै एकिन गर्न सकेन। यही कारण राहत र क्षतिपूर्ति वितरणमा समेत लामो समय अवरोध सिर्जना भयो। यस्तै जिल्ला प्रशासन कार्यालयको समन्वयकारी भूमिकाको अभावमा आफूहरूले आवश्यकताअनुरूपका सामग्री पाउन नसकेको भनाइ पनि पीडितको रह्यो। जिल्ला दैवीप्रकोप उद्धार समिति तथा जिल्ला प्रशासन कार्यालय सुर्खेतको तथ्याङ्कअनुसार तत्कालीन राहतअन्तर्गत २१ लाख ५७ हजार २९ रुपियाँको खाद्यान्न वितरण गरिएको थियो। क्षतिपूर्तिबापत पूर्णरूपमा घर क्षति भएकालाई प्रतिघर ५ हजार तथा आंशिक क्षति भएकालाई ३ हजारका दरले गरी २ हजार ३ सय २७ परिवारलाई ९९ लाख १३ हजार वितरण गरिएको छ।

यस्तै जिल्ला दैवीप्रकोप उद्धार समितिमार्फत राज्यले पहिलो चरणअन्तर्गत २०७१ भदौ दोस्रो साता खाद्यान्नबापत प्रतिव्यक्ति ३५ रुपियाँका दरले १० दिनको हिसावले १२ हजार ३ सय ८५ जनालाई ४३ लाख ३० हजार ३ सय ५०, कपडाबापत प्रतिव्यक्ति ५ सय रुपियाँका दरले ११ हजार ९ सय ३२ जनालाई १ करोड ७८ लाख ९८ हजार, चाडपर्व खर्चबापत प्रतिपरिवार ३ हजारका दरले २ हजार ३ सय ६३ परिवारलाई ७० लाख ८९ हजार उपलब्ध गराएको थियो। यसैगरी २४ जना मृतकका हकदारलाई ४० हजारका दरले तथा प्रतिमृतक परिवारलाई १ लाखका दरले २५ लाख ६० हजार उपलब्ध गराइयो। ९१ जना बेपत्ता परिवारका हकदारलाई मृतकसरह मानी प्रतिबेपत्ता ४० हजार तथा प्रतिबेपत्ता परिवारलाई १ लाखका दरले ८८ जना बेपत्ताका हकदारलाई ७० लाख २० हजार उपलब्ध गराएको थियो। तर त्यसयता भने यस्ता कुनै पनि सहयोग उपलब्ध गराइएको छैन। यसैगरी जिल्ला दैवीप्रकोप उद्धार समितिले सिफारिस गरेका ९ सय ७० परिवारमध्ये जग्गा खरिदका लागि ४ सय ६४ जनाले ५० हजारका दरले सहयोग पाएका छन्। जग्गा खरिदपछि घर निर्माणका लागि प्रतिपरिवार ७५ हजार रुपियाँ उपलब्ध गराइने भनिएकामा यसबापत पहिलो किस्तास्वरूप २५ हजारका दरले १ सय १३ जना लाभान्वित भएका छन्। दोस्रो किस्ताबापतको २५ हजार रुपियाँ १० जनाले लिएका छन्।

यस्तै राष्ट्रपति रामवरण यादवले बाढीपीडितका शिविरमा पुगी उनीहरूको समस्या समाधान गर्ने वचन दिएका थिए। राजनीतिक दलका केन्द्रीय प्रमुख र मन्त्रीहरूले समेत पटकपटक यी शिविरमा पुगेर उनीहरूका समस्या समाधान गर्ने प्रतिबद्धता जनाएका थिए। तर पनि आजसम्म उनीहरूको समस्या ज्युका त्युँ छ। पुनर्स्थापनाका लागि कतैबाट कुनै पहल भएको छैन।

**गैससको भूमिका**

जिल्लाको विभिन्न स्थानमा आएको बाढी/पहिरोबाट पीडित परिवारलाई उद्धार गर्न जिल्ला, क्षेत्र तथा केन्द्रीय स्तरका गैससको उल्लेखनीय भूमिका थियो। त्यसैगरी राजनीतिक दल, वित्तीय संस्था, व्यापारी र विभिन्न सङ्घ/सङ्गठनको भूमिका पनि अतुलनीय थियो। त्यस्तैगरी सञ्चारकर्मी र अधिकारकर्मीको पनि। राज्यको पहुँच तथा ध्यान पुग्न नसकेको स्थानमा रेडक्रसलगायत स्थानीय सङ्घ/संस्थाले राहत तथा क्षतिपूर्तिस्वरूप सहयोग गरेका थिए। विभिन्न शिविरमा सिकाइ केन्द्र स्थापना, केही संस्थाले उनीहरूका आवश्यकतानुसारको राहत सामग्री उपलब्ध गराएका थिए। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)को समन्वयमा शिक्षण अस्पताल नेपालगन्ज र नेपाली सेनाको चिकित्सकको टोलीले बाबियाचौर, छिन्चु, महिला प्रशिक्षण केन्द्र र गिरीघाट शिविरमा स्वास्थ्य शिविर सञ्चालन गर्नुका साथै राहतसमेत वितरण गरिएको थियो।

### समाधान मार्ग

दैवीप्रकोप होस् वा अन्य कारण विस्थापित पीडितको पुनर्स्थापन सहज छैन। राजनीतिक दलको चलखेल, पीडितको महत्त्वाकाङ्क्षी माग र राज्यको ढिलासुस्ती तथा गैरजिम्मेवारीपनका कारण यस्ता समस्या मुलुकभर नै समाधान हुन सकेका छैनन्। बाढीपीडित हुन् वा अन्य कारण विस्थापित पीडितका नाममा नक्कली पीडितले स्वार्थ लुट्नु र कतिपय अवस्थामा राज्य र राजनीतिक दल तथा सामाजिक सङ्घ/संस्थाको प्रत्यक्ष/अप्रत्यक्ष भूमिकासमेत यिनैको पक्षमा देखिनु समस्या समाधानको अर्को बाधक पक्ष हो। आमनागरिकको अभिभावकका रूपमा रहेको राज्यले यसतर्फ ध्यान दिनैपर्छ। शुरुमा बाढीपीडितको नाममा ओइरिएको समूह अहिले कहाँ गए, किन गए भन्नेबारे राज्यको ध्यान नपुग्नु पनि कमजोरीका रूपमा देखापरेको छ। स्वार्थ पूरा भएपछि आफन्तकोमा तथा अन्यत्र पलायन हुने बाढीपीडितको राज्यले खोजी गर्नैपर्छ। समयमै राज्यले बाढीपीडित एकिन गर्न नसक्नु, एकिन नै नगरी धमाधम राहत तथा क्षतिपूर्ति उपलब्ध गराउनु, वास्तविक पीडितले राहत पाए/नपाएकोबारे छानविन नगर्नु जस्ता समस्याले जकडिएको छ यो क्षेत्र। त्यसैले यी समस्या पहिचान गर्दै तिनको निदान नगरेसम्म साँचो समाधान सहज छैन।

मुख्य कुरा राज्यले आफै निर्माण गरेको कानुन तथा नीति कार्यान्वयन नगरेकै कारण बाढीपीडितको पुनर्स्थापनामा समस्या देखिएको छ। पुनर्स्थापनाका लागि माग गरेको रकम नै नआउनु, आएको रकम पनि फ्रिज हुनु र विद्यालय भवन निर्माणका लागि आएको रकमसमेत सदुपयोग हुन नसक्नु यस्ता प्रमाण हुन् जसले यो समग्र प्रक्रियामा राज्यकै कमजोरी प्रस्ट्याउँछ। जे होस्, सुर्खेतमात्र नभई सिन्धुपाल्चोक, बाँके र बर्दियालगायत जिल्लामा लामो समयदेखि यो समस्या जकडिएको छ। सरकारी पारा हेर्दा यो सहजै पार लाग्नेवाला पनि देखिन्न। यो समस्या साँच्चै समाधान गर्ने हो भने जिल्लाको सन्दर्भमा सर्वप्रथम जिल्ला प्रशासनलगायत सरकारी निकाय चनाखो बन्नुपर्छ, दोस्रो राजनीतिक दलले जिल्लाका बाढीपीडितमाथि राजनीति गर्न छाड्नुपर्छ, सञ्चारकर्मी, अधिकारकर्मी र सामाजिक सङ्घ/संस्थाले पनि राज्यका निकायलाई सचेत पार्दै निस्वार्थरूपमा उनीहरूको अधिकार प्राप्तिमा सघाउनुपर्छ। यसो हुन सकेमा समस्या समाधान असहज पनि छैन।

### निष्कर्ष र सुझाव

सुर्खेतका बाढीपीडितको पुनर्स्थापना सहज छैन। यस्तै उनीहरूका तत्काल समाधान गर्नुपर्ने समस्या पनि पूर्ति हुन गाह्रो देखिन्छ। दलीय राजनीति, पीडितका अस्वाभाविक माग र राज्यको गैरजिम्मेवारीपन नै यो अप्ठ्याराका मुख्य कारण हुन्। यतिमात्र होइन, नक्कली पीडितको बिगबिगी र यसलाई निमिट्यान्न पार्न देखिनुपर्ने कदम अभाव अर्को समस्याका रूपमा देखापरेको छ। आमनागरिकको अभिभावकका रूपमा रहेको राज्यले जबसम्म यी समस्यालाई गम्भीररूपमा लिँदैन, तबसम्म समाधानको तिथिमिति पनि सरिरहने पक्का छ।

तर विडम्बना नै भन्नुपर्छ, जिल्लास्तरमा अहिलेसम्म जिल्ला प्रशासनले यस्तो पहलसमेत गरेको देखिँदैन। यो उसको कमजोरी हो। साथै राज्य आफैँले निर्माण गरेको कानुन तथा नीतिअनुरूप काम नगरेकै कारण पीडितको पुनर्स्थापना अलपत्र परेको हो भन्ने तत्काल महसुस हुनु जरुरी छ। एकातिर आवश्यक बजेट नआउनु र अर्कोतिर आएकै बजेट पनि फ्रिज हुनु यही चरम लापरबाहीको पराकाष्ठा हो। यसर्थ राज्यले दैवीप्रकोप उद्धार, भूमि अधिकार, शिक्षा, खाद्य तथा दैवीप्रकोप पीडितका लागि बनेका ऐन, नियम तथा नीति अक्षरशः पालना गर्नु/गराउनुपर्छ। आफ्नै आँखाअगाडि पीडा खेपिरहेका बाढीपीडित परिवारको उचित बासस्थान व्यवस्थापन गर्ने जिम्मा राज्यको हो। त्यसैगरी राजनीतिक दल, सामाजिक सङ्घ/संस्था, अधिकारकर्मी, सञ्चारकर्मी र स्थानीय नागरिक समाज पनि यसबाट पन्छन मिल्दैन। यसतर्फ बैलैमा सबैको ध्यान जान जरुरी छ।

### सन्दर्भ सामग्री


- नेपाल मानव अधिकार वर्ष पुस्तक २०१४ र २०१५
- जिल्ला प्रशासन कार्यालय सुर्खेतको तथ्याङ्क
- जिल्ला विकास मितिको प्रतिवेदन
- इन्सेकअनलाइन
- पत्रपत्रिकाका समाचारहरू
- बाढी पीडितसँग गरिएको कुराकानी

परिच्छेद ३

# ३.५ खाद्य अधिकार

## दार्चुलाको अवस्था

**पृष्ठभूमि**

दार्चुला नेपालको सुदूरपश्चिमको पनि कुनामा पर्ने जिल्ला हो। १ लाख ३३ हजार २ सय ७४ जनसङ्ख्या रहेको यस जिल्लाको क्षेत्रफल २ हजार ३ सय २२ वर्ग किलोमिटर छ। यहाँका ५३ प्रतिशत जनता गरिबीको रेखामुनि बाँच्दै आएका छन्। यो आधारमा दार्चुला नेपालको ७५ मध्ये ७१ औं स्थानमा पर्छ। जिल्लामा १२ प्रतिशतमात्र कृषियोग्य जमिन छ। मानव विकास सूचकाङ्कमा यो जिल्ला ५४औं स्थानमा छ। प्रायः मानिस कृषि पेशामा संग्लन छन् भने पछिल्लो एक दशकदेखि प्रमुख आयस्रोत यार्सागुम्बा र जडीबुटी बनेको छ। हिमाली जिल्ला भएकाले खाद्यान्न उत्पादन निकै कम हुन्छ। यही कारण आफ्नै खेतीको उत्पादनले वर्षैभर धानिनेहरू एकदमै कममात्र छन्।

मानव अधिकारको विश्व्यापी घोषणापत्र १९४८ को धारा २२ देखि २७ सम्म आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रत्याभूत गरिएको छ। जसमा काम गर्न पाउने अधिकार, आफ्ना नागरिकलाई गुणस्तरीय, पोषणयुक्त खाना, शारीरिक आवश्यकताअनुसारको खाद्यान्न उपलब्ध गराउनुपर्ने दायित्व राज्यको तोकिएको छ। नेपालको संविधान २०७२ को भाग ३ मा मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३६ मा खाद्यसम्बन्धी हकको व्यवस्था गरिएको छ। यस कारण पनि राज्यले नागरिकको हक अधिकार सुनिश्चित गर्नुपर्छ। नेपालका करिब ७० लाख मानिस भोकमरी र कुपोषणग्रस्त रहेको अनुमान छ।[1] नेपालले आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६ अनुमोदन गरेको छ। जसको धारा ११ र साधारण टिप्पणी नम्बर १२ मा खाद्य, लत्ताकपडा आवासलगायत स्तरीय जीवन जीउन पाउने हकको प्रावधान छ। यस महासन्धिको पक्ष राष्ट्र भएकाले नेपालले यी अधिकार उपलब्ध गराउन काम गर्नुपर्ने हुन्छ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार हरेक मानिसले २४ घण्टामा तीन पटक खाना खान पाउनुपर्छ। संयुक्त राष्ट्र सङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) का अनुसार दैनिक १ हजार ८ सय क्यालोरीभन्दा कम शक्तिको खाद्य उपयोग गर्नुपर्ने अवस्थालाई भोकमरी अवस्था मानिन्छ। यस आलेखमा यिनै मापकका आधारमा रही जिल्लाका बासिन्दाको खाद्य अधिकारको वर्तमान अवस्थाबारे प्रकाश पार्ने प्रयास गरिएको छ।

**अध्ययनको उद्देश्य**

१) दार्चुला जिल्लामा खाद्य अधिकारको अवस्थाबारे जानकारी लिनु।
२) खाद्य सम्प्रभुता नागरिकको आधारभूत अधिकार हो भन्ने सन्देश प्रवाह गर्नु र उनीहरूलाई आफ्नो अधिकार उपभोग गर्न उत्प्रेरित तुल्याउनु।
३) खाद्य सम्प्रभुता अधिकार परिपालनाका लागि सरोकारवालाको ध्यानाकर्षण गराउनु।

**अध्ययनको महत्त्व**

संयुक्त राष्ट्र सङ्घद्वारा सन् १९६६ मा पारित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको नेपाल पक्ष राष्ट्र हो। यस महासन्धिमा भएका अधिकार प्रत्याभूत गर्ने गरी नेपालको संविधान २०७२ को भाग ३ मा मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३६, ३७ र ४४ मा व्यवस्था गरिएको छ।

विश्व खाद्य सम्मेलन १९४७ ले भोकमरी हटाउनका लागि विश्वव्यापी र राष्ट्रिय उत्पादन उपलब्धतामा जोड दिएको थियो। जसका कारण १९६०

१. राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग

देखि १९७० को दशकमा खाद्य सुरक्षा अवधारणा विकास भएको मानिन्छ। त्यसपछि भोकमरीमा कमी ल्याउन वितरण र उत्पादनको स्रोतमाथिको पहुँचमा जोड दिइएको पाइन्छ। यस्तो अवस्थामा नागरिकले सामना गरिरहेका खाद्यान्न अभावको समस्या, संविधानले नै सुनिश्चित गरेका अधिकार उपयोग गर्न पाए/नपाएको अवस्था तथा यो अधिकार परिपूर्तिका लागि चालिएका कदमबारे थाहा पाउनु अत्यन्त आवश्यक छ। कुनै पनि समस्या समाधान गर्न सबैभन्दा पहिले त्यसका मुख्य कारकहरू पहिचान गर्नुपर्छ। अनिमात्र समाधानका योजना बनाइ कार्यान्वयनमा लगेर समस्या छिमोलिन सक्छ। जुन कुरा अध्ययनबाट मात्र सम्भव हुन्छ। त्यसैले यो अध्ययन महत्वपूर्ण हुन गएको हो।

### अध्ययन विधि

यो आलेख तयार पार्ने क्रममा दार्चुलाका विभिन्न गाविसमा स्थलगत अध्ययन गरिएको थियो। त्यस क्रममा स्थानीय नागरिक अगुवासँग छलफल भएको थियो। यता जिल्लास्तरमा खाद्य अधिकारसँग सरोकार राख्ने कार्यालय प्रमुख र कर्मचारीसँग छुट्टाछुट्टै छलफल गरियो। साथै जिल्ला कृषि विकास कार्यालय दार्चुलाको तथ्याङ्क सहयोग लिइएको थियो भने नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली र मानव अधिकारसँग सम्बन्धित विभिन्न दस्तावेज अध्ययन गर्ने र सन्दर्भ सामग्रीका रूपमा लिने काम भएको छ। यसैगरी जिल्लास्तरमा 'जिल्लामा खाद्य अधिकारको अवस्था'बारे समीक्षा गोष्ठी पनि आयोजना गरिएको थियो।

### अध्ययनको सीमा

खाद्यान्नका विषयवस्तु धेरै छन्। खाद्य समस्या उत्पन्न हुनुका कारण पनि सबै क्षेत्रमा एकै प्रकारका छैनन्। सीमित साधनस्रोतका कारण दार्चुलाको दुहु, मार्मा, लेकम र सदरमुकाम खलङ्गा क्षेत्रका नागरिकको खाद्यान्नको अवस्थामात्रै यसमा समेटिएको छ। खासगरी नेपाल खाद्य सुरक्षा अनुगमन प्रणालीको तथ्याङ्कअनुसार जिल्लाको खाद्यान्न अवस्था वर्गीकरण गरिएका गाविस, जिल्लाको वादी समुदायको बसोबास रहेको गोकुलेश्वर-४ का वादीको आर्थिक, सामाजिक, सांस्कृतिक र खाद्य अधिकार अनि हलियाको अवस्थासमेत यसमा उल्लेख छ। त्यसैले यसले दार्चुलाभरका बासिन्दाको खाद्यान्न स्थिति समेट्दैन।

### खाद्य अधिकारका प्रत्याभूत मापदण्ड

खाद्य अधिकारको अवस्था कस्तो छ भनेर परीक्षण गर्न त्यसका सर्वमान्य मापदण्ड बनाइएका छन्। यस मापदण्डअन्तर्गत नागरिकले पेटभर खान पाउनुपर्छ। त्यो स्तरीय हुनुपर्छ। यसको सहज उपलब्धताका लागि राज्यको महत्वपूर्ण योगदान रहनुपर्छ। खाद्यान्न वितरण गरेरमात्र हुँदैन, न्यायोचित वितरण प्रणालीमा ध्यान दिनुपर्छ। जसका कारण खाद्यान्न अभावको आभाष नहोस् भन्नतर्फ राज्य सचेत हुनुपर्छ। खाद्य अधिकार प्रत्याभूत हुनका लागि खाद्य उपलब्धता, खाद्यमा पहुँच, खाद्य वितरणको स्थायित्व र खाद्य पर्याप्त हुनुपर्ने मापदण्ड तय गरिएका छन्।

### खाद्यान्न उपलब्धता

दार्चुला जिल्लामा १ नगरपालिका र ३६ गाविस छन्। यस जिल्लाको जनसङ्ख्या विक्रम संवत् २०६८ को जनगणनाअनुसार १ लाख ३३ हजार हजार २ सय ७४ छ। जिल्लाको प्रमुख जीविकोपार्जनको आधार भनेको कृषि र जडीबुटी नै हो। जिल्लाको कुल जनसङ्ख्याको ९१ प्रतिशत कृषिमा आश्रित छन्। २४ हजार ६ सय १८ घर रहेको दार्चुलामा २२ हजार ४ सय २० घर कृषक हुन्। यस जिल्लाका लागि २६ हजार ७ सय ८८ मेट्रिक टन खाद्यान्न आवश्यक पर्छ। तर १८ हजार ९ सय ८६ मेट्रिक टन खाद्यान्नमात्र उत्पादन हुने गरेको छ। यसरी हेर्दा यस जिल्लामा बर्सेनि ७ हजार ८ सय २ मेट्रिक टनको हाराहारीमा खाद्यान्न अपुग हुने गरेको देखिन्छ।[१]

यसको अर्थ प्रत्येक नागरिकलाई प्रतिवर्ष आवश्यक पर्ने २ सय १ किलोग्राम खाद्यान्न यस जिल्लाको अध्ययन क्षेत्रमा उपलब्ध छैन। एक तथ्याङ्कअनुसार जिल्लाको जम्मा कृषक परिवार सङ्ख्या ९१.०२ प्रतिशत रहेकामा ७३.६ प्रतिशतलाई आफ्नो उत्पादनले वर्षभर खान पुग्दैन। तीमध्ये ५४.६३ प्रतिशत परिवारलाई आफ्नो उत्पादनले ४ देखि ६ महिना पनि धान्दैन भने २०.५९ प्रतिशतलाई १ देखि ३ महिना धान्न पनि मुस्किल पर्छ। यस्तै १९.३८ प्रतिशतलाई ७ देखि ९ महिना खान पुग्छ भने वर्ष दिन आफ्नै उत्पादनले खान पुग्ने कृषकचाहिँ मात्र ५.४

१. जिल्ला कृषि विकास कार्यालय, दार्चुला

प्रतिशत छन्। जिल्लामा १५.३१ प्रतिशतले आफूलाई नपुग खाद्यान्न भारतलगायत तेस्रो मुलुकमा काम गरेर पूर्ति गर्ने गरेका छन् भने १०.६८ प्रतिशतले गैरकृषि कार्यबाट पूर्ति गर्ने गर्छन्। यसबाट पनि थाहा हुन्छ कि यहाँका बासिन्दाले विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डअनुसारको खाद्यान्न जुटाउन निकै मेहनत गर्नुपरेको छ।

खाद्यान्न उत्पादन वृद्धि गर्न तथा नागरिकको खाद्य अधिकार प्राप्तिका लागि सरोकारवालाले निम्नलिखित सुझाव दिएका छन् :

१. सिँचाइ अभावका कारण पर्याप्त उत्पादन हुन सकेको छैन। हाल जिल्लाभर २४ प्रतिशत कृषियोग्य भूमिमा मात्र सिँचाइ सुविधा छ। त्यसैले सर्वप्रथम सिँचाइ सुविधा वृद्धि गर्नुपर्छ।
२. हिमाली भूभागमा लगाइने कोदो, फापर, आलु, चुवा, जौलगायतका खेती कम गरिनाले पनि समस्या आएको हो। जबकि यी बाली नै यो क्षेत्रका लागि सबैभन्दा राम्रो र बढी उत्पादन दिनेखालका छन्। त्यसैले यसबारे सचेतना जगाउनुपर्छ।
३. हिमाली क्षेत्रमा दलहन बाली राम्रो हुन्छ। यस्तो उत्पादन चामलसँग साट्ने प्रवृत्ति छ। दलहन बालीलाई नै वैकल्पिक खानाका रूपमा विकास गर्न सकियो भने खाद्यान्न अभाव न्यून हुन जान्छ।
४. जिल्लाका वादी समुदाय, मुक्त हलिया र युवा जनशक्तिका लागि वैकल्पिक रोजगारीको व्यवस्था छैन। स्थानीय स्तरमा सिप नहुनु, बजार पहुँच नहुनु, उत्पादित वस्तुलाई आयस्रोतसँग नजोडिनु र परम्परागत खेती प्रणालीमा सुधार नहुनु जस्ता समस्याले कृषि क्षेत्रलाई निराशाजनक पेशामा परिणत गरेको छ। त्यसैले सरकारीतवरबाट कृषिलाई आकर्षक पेशाका रूपमा रूपान्तरण गर्ने कार्यक्रमहरू अविलम्ब थालिनुपर्छ।
५. खाद्य संस्थानद्वारा उपलब्ध गराइने चामल पनि समस्याको एउटा कारण बनेको छ। जस्तो-सुपथ मूल्यको चामल सबै क्षेत्रमा समानतवरले नपुग्नु, गुणस्तरमा ध्यान नदिइनु, डिपोसम्म खाद्यान्न नपुगी बाटोमै अलपत्र पर्नु, असमान वितरण प्रणाली र यही कारण पनि खेती गर्ने जाँगर मर्नु खाद्यान्न अवस्था खल्बलिनुको अर्को कारण हो।
६. गुणस्तरीय मलखाद व्यवस्थापन हुन नसक्नु, ग्रामीण भेगमा अझै पनि गाईभैंसीको मल परम्परागततवरले प्रयोग हुनु जस्ता कारणले पनि खाद्यान्न उत्पादनमा प्रभाव पारेको छ। त्यसैले यो पक्षमा पनि सुधार आवश्यक छ।
७. कृषि उपज तथा खाद्य सामग्री सङ्कलन, भण्डारण र बजारीकरणको उचित व्यवस्था छैन। यही कारण उत्पादित वस्तुको उपभोगमा पनि कमी आएको छ। यसलाई सुधार्नु जरुरी छ।

दार्चुलाको विकट गाविसमा सिँचाइ सुविधा छैन। कहीं वर्षमा एक खेती त कहीं दुई खेती हुने गरेको छ। खेतको उत्पादनले २ देखि ६ महिनासम्म मात्र धान्ने अवस्था छ। हिमाली क्षेत्रमा फल्ने आलु, जौ कोदो, दलहन बालीलाई खाद्यान्न मानेर उपभोग हुने अवस्था आए केही मात्रामा खाद्यान्न पूर्ति गर्नमा सहयोग पुग्ने सरोकारवाला बताउँछन्। यस्तै हिमाली क्षेत्रको १० प्रतिशत अन्नबाट मदिरा उत्पादन हुने गरेको छ। जबकि मदिराबाट आएको आम्दानीले खाद्यान्न पूर्तिमा सहयोग पुऱ्याएको छैन। यस्ता अनुत्पादक क्षेत्रमा हुने लगानीलाई उत्पादक क्षेत्रमा लगाउने अवस्था बनाउन सके खाद्यान्नमा टेवा पुग्ने देखिन्छ।

**सडक-खाद्यान्न साइनो**

दार्चुला सडक सञ्जालमा जोडिएको छैन। बहुचर्चित दार्चुला-तिङ्कर सडकको काम कछुवा गतिमा भइरहेको छ। तिङ्कर सडक २०६५/०६६ सालदेखि निर्माण शुरु भए पनि सात वर्षमा बल्लतल्ल ४० किलोमिटर, त्यो पनि ट्र्याकसम्म खुलेको छ। जबकि यसको जम्मा लम्बाइ १ सय ३० किलोमिटर छ। अहिले महाकाली करिडोर नामाकरण गरिएको यो बाटो दार्चुलाको खाद्य अधिकार परिपूर्तिसँग गतिलो सम्बन्ध राख्छ। किनकि अपुग भएका ठाउँमा खाद्यान्न ल्याउन होस् वा यहाँका उत्पादन बाहिर लैजान होस्, बाटो अत्यावश्यक माध्यम हो नै। सदरमुकाम खलङ्गासम्म मात्र ७२ किलोमिटर सडक कालोपत्रे भएको छ। जिल्लामा ग्राभेल सडक छैन। अधिकांश गाविस अझै पनि सडक पहुँचबाट टाढा छन्। भर्खरैजसो ५३ किलोमिटर सडक कच्चीरूपमा ग्रामीण भेगमा खोलिँदैछ।

यही कारण खाद्यान्न ढुवानी गर्न जनतालाई समस्या छ। कच्ची खुलेको क्षेत्रमा जिपमार्फत र बाँकी सडकमा घोडा, खच्चड, भेडा/बाखा र भरियामार्फत

खाद्यान्न ढुवानी हुने गरेको छ। अझ दुहु क्षेत्रका एक दर्जन गाविसमा त अहिले पनि खाद्यान्न ढुवानी गर्न तुइनको विकल्प छैन। नेपालतर्फ निर्माण भइरहेको दार्चुला तिङ्कर सडकमा भइरहेको ढिलाइ र दुई देश जोड्ने महाकाली नदीमा पुल नहुनुले दुहु क्षेत्रमा आवत्जावत्को साधन नै तुइन बन्न पुगेको छ। जसका कारण बर्सेनि एक दुईजनाले तुइनबाट खसेरै ज्यान गुमाउनुपरेको छ। सामान्य नागरिकले खाद्यान्नका लागि हरेक वर्ष ज्यान गुमाउनुपर्ने अवस्था अझै कायम छ। तुइन विस्थापन गर्ने कार्यक्रमअन्तर्गत ८ ठाउँमा सर्वेक्षण गरी प्रक्रिया अघि बढे पनि 'सुरक्षा संवेदनशीलता' देखाउँदै भारतीय क्षेत्रबाट अवरोध हुँदै आएको छ। जसको अप्रत्यक्ष मार दार्चुलाबासीको खाद्यान्न अधिकार प्राप्तिमा पर्न गएको छ।

दुहु क्षेत्रका खासगरी राप्ला, सुनसेरा, धौलाकोट, हुती, पिपलचौरीलगायतका स्थानीय तुइनमार्फत खाद्यान्न ढुवानी गर्न बाध्य छन्। नेपालतिरबाटै ढुवानी गर्ने विकल्प भरिया र खच्चड हो। क्रयशक्ति कमजोर भएकाका लागि महाकाली नदीमा हालिएको तुइनबाटै खाद्यान्न ढुवानी गर्नुको विकल्प छैन। त्यही तुइन विद्यार्थी, गर्भवती महिला, अपाङ्ग सबैले तर्नुपर्छ। सुनसेराका बासिन्दा तुइनबाटै खाद्यान्न ढुवानी गर्नुपर्ने अवस्थाले निकै समस्यामा परेको गुनासो गर्छन्। पटकपटक पुल निर्माण हुन्छ भन्ने पर्खाइमा बसेकालाई अहिले पनि झोलुङ्गे पुल निर्माणमा भइरहेको ढिलाइ र दार्चुला-तिङ्कर सडक निर्माणको सुस्तताले चिन्तित तुल्याएको छ। जनसङ्ख्याको ठूलै हिस्सा ओगट्ने यो क्षेत्रका बासिन्दा अहिले पनि उपचारका लागिसमेत तुइनमार्फतै भारतीय क्षेत्रका अस्पताल पुग्नुपर्ने बाध्यता छ। अझ उकु, लाली, डाँडाकोट र सर्मौलीका नागरिकले त पुल नभएकै कारण खाद्यान्नसमेत ट्युबमार्फत ढुवानी गर्दै आउनुपरेको छ।

जिल्लालाई खाद्यान्नमा आत्मनिर्भर बनाउन र वैकल्पिकरूपमा खाद्यान्न सहज आपूर्ति गराउने जिम्मेवारी पाएका सरकार र अन्य निकायले दार्चुलेली जनताको खाद्य अधिकार सम्मान गर्न नसकेको सडक निर्माणमा भइरहेको ढिलाइबाटै प्रष्ट हुन्छ। न सडक न पुल, जसबाट अनाहकमा नागरिकले दुःख पाइरहेका छन्। मानिस, खच्चड र तुइनमार्फत खाद्यान्न ढुवानी गर्नुपर्दा एकदमै अप्ठेरो त छ नै, साथै यसरी ढुवानी गर्नुपर्दा मूल्य पनि आकाशिने गरेको छ। जसका कारण दार्चुलाको हिमाली गाविसमा मोटो चामल प्रतिकिलोग्राम ७० र नून ८० रुपियाँसम्म पर्न जान्छ। जुन मूल्य खाद्य संस्थानले उपलब्ध गराउने चामलको भन्दा करिब दोब्बर हो।

**नाममात्रको खाद्य डिपो**

सदरमुकाम खलङ्गास्थित नेपाल खाद्य संस्थानको बिक्री डिपो वर्षौंदेखि बन्द छ। जनशक्ति नहुनु र उतिबेला बजारको भन्दा कमसल चामल आउने गरेको भन्दै खाद्य संस्थानले डिपो हटाएको हो। अहिले जीर्ण अवस्थाको भवनमात्र छ। भारतीय बजारसँग जोडिएको खलङ्गामा डिपोको भन्दा भारतीय बजार धार्चुलाबाट ल्याइने चामल सस्तोमा पाइने भएपछि खाद्य संस्थानको चामल बिक्री हुन छाडेको हो। जिल्ला सदरमुकाम बाहिर सुनसेरा, गुल्जरको पारिबगर र खण्डेश्वरीमा डिपो त छ तर नाममात्रको। न भवन छ न त कर्मचारी नै। अहिले ठेकेदारले व्यापारीमार्फत ती तीन डिपोमा चामल ढुवानी तथा बिक्री गर्ने गरेका छन्। ठेकेदारले स्थानीय व्यापारीमार्फत खाद्यान्न ढुवानी गरे पनि डिपोसम्म नपुऱ्याइ बीचमै बिक्री गर्ने गरेका छन्। डिपोको नामोनिसाना नहुँदा उनीहरूले सर्वदलीय प्रतिनिधिको रोहबरमा आफ्नो पायक पर्ने ठाउँमै बिक्री गर्ने गरेका हुन्। पारिबगर बजारमा चामल त पाइन्छ तर निकै महँगो पर्छ। जहाँ डिपो भनिएको छ, त्यो गाविससम्म चाहिँ यस्तो चामल नै नपुग्ने स्थानीयको गुनासो छ। सहायक प्रमुख जिल्ला अधिकारी हर्कबहादुर सिंह दुर्गम भेगका जनताबाट पनि बारम्बार यस्तो गुनासो आइरहेकाले अब ठेकेदार र राजनीतिक दलका प्रतिनिधिबीच छलफल गरेर सबैलाई खाद्यको चामल वितरण गर्ने व्यवस्था मिलाइने प्रतिबद्धता व्यक्त गर्छन्।[३]

खाद्य संस्थान अञ्चल कार्यालय धनगढीले तीनवटै डिपोका लागि वार्षिक १ हजार ५ सय क्विन्टलका दरले टेन्डर गर्ने गरेको छ। र, सोहीअनुरूप चामल डिपोसम्म पुऱ्याउने बताएको छ। तर व्यवसायी र स्थानीय व्यापारीको मिलेमतोमा गरिब परिवारसम्म खाद्यान्नको चामल कमै पुग्छ। स्थानीयले खाद्य संस्थानको चामल सुपथ मूल्यमा पाउन सकेका छैनन् र सबै गाविसमा पुऱ्याउनुपर्ने माग गरेका छन्। खाद्य संस्थानको चामलमा हुनेखानेको मात्र बोलवाला हुने गुनासो पनि छ स्थानीयको। अहिले खाद्य संस्थानले

३. जिल्लामा खाद्यान्नको अवस्था विषयक गोष्ठीमा व्यक्त धारणा

दार्चुलाका तीनवटै डिपोबाट ३० रुपियाँ प्रतिकिलोग्राममा चामल बिक्री गर्ने गरेको छ। २०७३ मङ्सिर १५ गतेबाट लागु हुनेगरी चामलको मूल्य घटाइएको हो। यसअघि डिपोहरूमा ३५ देखि ३९ रुपियाँसम्म पर्थ्यो एक किलोग्राम चामलको। गाउँमा चामल पुग्नेबित्तिकै सकिने गरेको व्यापारी बताउँछन्। खाद्य संस्थानको चामल डिपोमा मौज्दात नहुँदा स्थानीयले व्यापारीको महँगो चामल किन्नुपर्ने बाध्यता छ। व्यापारीमार्फत खरिद हुने चामल भने ६० रुपियाँसम्म प्रतिकिलोग्राम पर्ने गरेको छ। खाद्य संस्थानले डिपोमा चामल मौज्दात गर्न नसक्दा नागरिकले सरकारी सुपथ मूल्यको चामल उपभोग गर्न सकेका छैनन्। स्थानीयले डिपोमा चामल मौज्दात राख्न बारम्बार माग गरे पनि ठेकेदारले चामल पुऱ्याउन सकिरहेका छैनन्।

एकातिर भएकै डिपो पनि बेवारिसे बनेका छन् भने अर्कोतर्फ जिल्लाका अन्य गाविसमा समेत डिपो विस्तार गर्न पटकपटक स्थानीयले दबाब दिँदै आएका छन्। बजारबाट व्यापारीले बिक्री गर्ने चामल झन् खाद्य संस्थानको भन्दा महँगो हुने भएपछि स्थानीयले डिपो माग गर्नु स्वाभाविकै पनि हो। स्थानीय प्रशासनले पनि डिपो थपका लागि पटकपटक पत्रचार गरे पनि सुनुवाइचाहिँ भएको छैन। गाउँमा चामल मौज्दात नहुँदा स्थानीयलाई समस्या हुने गरेको छ। दुहु क्षेत्रका स्थानीयको पहिलो आवश्यकता सडक हो यही कारण किनकि सडक पहुँच हुने हो भने खाद्यान्न ढुवानी नेपालकै बाटो भएर हुन सक्थ्यो। यसो हुँदा अकालमै ज्यान गुमाउनुपर्ने अवस्था अन्त्य हुन सक्थ्यो भने अर्कोतिर चामल महँगोमा किन्नुपर्ने बाध्यता पनि समाप्त हुन्थ्यो।

### खाद्यान्न अभावले विदेश धकेल्यो

घरमा कृषि उत्पादनले खान नपुग्नु तथा आर्थिक जीविकोपार्जनको अन्य स्रोत नभएपछि वैदेशिक रोजगारीमा जाने बढेका छन्। भारतका विभिन्न शहर तथा अन्य खाडी मुलुकमा गएर काम गर्नुपर्ने बाध्यता बढ्दै गएको छ। ६ महिनादेखि १ वर्षसम्म मजदुरी गरी घरको खाद्यान्न र आर्थिक जोहो गर्न बाध्य छन् उनीहरू। गोकुलेश्वरस्थित वादी समुदायका अधिकांश परिवार मजदूरी गर्न भारत पलायन हुनुको मुख्य कारण पनि अपुग खाद्यान्न नै हो। घुसा-८ का सुन्दरसिंह कार्की आफ्नो खेतीको उत्पादनले दुई महिनालाई पनि नपुग्ने भएपछि विदेशिन बाध्य भएको सुनाउँछन्। दुई छोराछोरीका बाबु कार्की अपुग खाद्यान्न जोहो गर्नकै लागि भारतको डिडिहाटमा लेबरी गर्दै आएको बताउँछन्। यसरी जान पर्नुलाई बाध्यता ठान्ने उनी घरमै टिक्न सकिने आधार भए उता किन गइन्थ्यो र भन्ने प्रश्न गर्छन् उल्टै।

खाद्यान्न समस्या हुनुमा उत्पादन कम हुनुमात्र कारण हैन। कृषिमा ध्यान कम जानु पनि उत्पादनमा ह्रास आउनुको मुख्य कारणमध्ये पर्छ। खासगरी पछिल्ला वर्षहरूमा यार्सागुम्बा र जडीबुटी सङ्कलनमा स्थानीयको ध्यान बढी जान थालेपछि पनि कृषि हेलत्तो गरिने क्षेत्रमा परिणत भएको छ। यसैले पनि खाद्यान्न उत्पादन क्रमशः घटिरहेको छ। राप्ला गाविस- ५, मालका शिवदत्त भट्ट ६ वर्षदेखि विदेशिएको बताउँदै भन्छन्- घरमा चार छोराछोरी र पत्नी छन्। बालबच्चालाई शिक्षा दिन तथा घरमा खाद्यान्न जोहो गर्नका लागि विदेशिनु बाध्यता भयो। आफ्नो खेतमा उत्पादन हुने अन्नले ३ महिना पनि धान्न सकिन्न। त्यसैले यसरी जानु मेरा लागि बाध्यता हो।

घरको मूली नै अपुग खाद्यान्न जोहो गर्न विदेशिनुपरेपछि घरमा विभिन्न समस्यासमेत देखिने गरेका छन्। घरसँग सम्बन्धित वस्तुभाउ, खेतबारी आदिको स्याहारसुसारमा कमी आउन थालेको छ भने खासगरी वृद्धवृद्धा र बालबालिकाको स्याहारमा समस्या उत्पन्न हुने गरेको छ। न चाडपर्व मनाउने बेला घरका परिवारलाई रमाइलो हुन्छ न त अरु कुनै कार्यक्रम नै। त्यसैले यसरी विदेशिनु सामाजिक हिसावले पनि पीडाजनक हुने गरेको सुनाउँछन् जान विवश हुनेहरू। यस्तैमध्येका एक गोकुलेश्वर गाविस-४ का सुजान वादी भन्छन्- वर्षौंदेखि गोकुलेश्वरको चौलानी नदी किनारमा बसेको छु। नदी कटानको जोखिम एकातिर छ भने यातायातका साधनको पहुँच बढेपछि परम्परागत काम पनि गुम्दै गएको छ। भारी बोकेर, गिट्टी बालुवा बनाउने काम गरेर जीविका गर्दै आएका हौं तर अहिले काम पाउन मुस्किल भएपछि परिवार पाल्न जानै पऱ्यो, के गर्नु ?

खाद्यान्न अभावकै कारण अभिभावक विभिन्न ठाउँ चाहार्नुपर्ने बाध्यतामा परेपछि उनीहरूका बालबालिकाको पढाइसमेत प्रभावित हुन पुगेको छ। गोकुलेश्वर गाविस-४ का हुड्के वादी आर्थिक अवस्था कमजोर हुनु तथा घरमा के लाउँ के खाउँ भन्ने स्थिति भएको हुँदा बालबालिका नियमित विद्यालय जान नसकेका बताउँछन्। दिनभर खोलामा माछा खोज्नु तथा गिट्टी कुटेर, भारी ओसारेर जीवन निर्वाह गर्नुपरेको

बताउने उनी 'कामकै सिलसिलामा अन्यत्र जानुपरेपछि पढाइ त बिग्रने भइहाल्यो नि' भन्छन्।

**खाद्यान्न अभावले निम्त्याएको रोग**

भारतका विभिन्न स्थानमा काम गर्दा गलत सङ्गतका कारण एचआइभी/एड्स जस्तो रोगको सङ्क्रमण लिएर आउने क्रम पनि रोकिएको छैन। जिल्ला स्वास्थ्य कार्यालय दार्चुलाका जनस्वास्थ्य निरीक्षक नरेन्द्रराज जोशीका अनुसार पछिल्लो सूचीकृत भएका एचआइभी/एड्स सङ्क्रमितको सङ्ख्या ३० भन्दा बढी पुगेका छन्। जसमा गरिबीका कारण कामका लागि भारत पुगेर फर्केका सङ्क्रमित बाबुले श्रीमती र छोराछोरीमा समेत फैलाउने मुख्य कारण देखिएको छ। केही बालबालिकामा समेत यस्तो सङ्क्रमण देखिएका छन्। खाद्यान्न अभाव परिपूर्ति गर्नकै लागि विदेशिनुपर्ने बाध्यताको परिणाम मान्न सकिन्छ यसलाई पनि जसले सिङ्गो परिवारलाई असर पारिरहेको छ।

**बढ्दै सम्बन्ध विच्छेद**

आफ्नो उत्पादनले खान नपुग्ने र गाउँठाउँमा आर्जनका स्रोत पनि नभएपछि कामका लागि विदेशिनुको विकल्प हुने कुरै भएन। तर विडम्बना नै भन्नुपर्छ, यसरी विदेशिनेको घरबार बिल्लीबाठ हुँदैछ पछिल्ला समयमा। लामो समयसम्म भारतलगायत विभिन्न खाडी मुलुकमा काम गरेर फर्कंदा घरमा पत्नी अर्कैसँग लाग्ने, पतिले पठाएको रुपियाँ अर्कैका लागि खर्च गर्ने तथा आउनेबित्तिकै घर झगडाले सम्बन्ध विच्छेद हुने गरेको देखिएको छ। घरको उत्पादनले खान/लाउन नपुग्ने भएपछि मजदुरीमा जानु बाध्यता बनेको छ तर वैदेशिक रोजगारी खोज्दै जाँदा घर झगडा र सम्बन्ध विच्छेदसम्म हुने देखिएको छ। जिल्ला अदालतले जनाएअनुसार एक वर्षको अवधिमा १० जोडीले सम्बन्ध विच्छेद गरे। जसमा अधिकांश बाहिर काम गरेर फर्कंदा सम्बन्ध बिग्रेका छन्। यसबाट पनि प्रस्ट हुन्छ कि खाद्यान्न अभावको समस्या मानिसलाई चौतर्फीरूपमा प्रहार गर्ने तागत राख्छ। त्यसैले यसलाई कम आँक्न कुनै हालतमा मिल्दैन।

**सरोकारवालाको भनाइ**

**गणेशसिह ठगुन्ना,** सांसद : व्यवस्थापिका-संसद्

जिल्लामा अझै खाद्यान्न आपूर्ति हुन सकिरहेको छैन। खाद्यान्न कोटा बढाउने तथा डिपो थप्ने कार्यका लागि प्रयास गर्छु। नीतिगतरूपमा खाद्यान्न बढाउने र वितरण प्रणालीमा सुधार ल्याउन मेरो पहल रहन्छ। अहिलेको संविधानले समेत ग्यारेन्टी गरेको कुरामा सरकारले कञ्जुस्याइँ गर्नुहुँदैन। आफू जनप्रतिनिधि भएको नाताले खाद्यान्न सुपथ र सर्वसुलभ बनाउन पहल गर्छु। नागरिकले गुणस्तरयुक्त खाद्यान्न पाउनुपर्छ। इन्सेकले सार्वजनिक गरेको खाद्यान्नको अवस्था यस्तै हो भने तत्काल स्थानीय प्रशासनले सुधार गर्नुपर्छ।

**महेशचन्द्र जोशी**, योजना अधिकृत : कृषि विकास कार्यालय, दार्चुला

जिल्लामा खाद्यान्न उत्पादन बढाउन तथा खाद्य उपलब्धता बढाउन जिल्लालाई पकेट क्षेत्रका रूपमा विकास गर्दै आइरहेका छौँ। उन्नत बीउ उपलब्ध गराउने तथा कृषकलाई स्वदेशमै रोजगारी उपलब्ध गराउने उद्देश्यले व्यावसायिक कृषकहरू उत्पादन गर्दै छौँ। अहिले पनि आलु, कोदो, फापर उत्पादन भए पनि खानाका रूपमा यसलाई लिने बानी कम छ। स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने नीति आवश्यक छ। स्थानीय उत्पादन बाहिर बिक्री गरेर बाह्य चामल खरिद गर्ने बानीका कारण पनि खाद्य असुरक्षा देखिन्छ। गाउँमा काम गर्ने जनशक्ति नहुँदा खेत बाँझै रहन थालेका छन्। उत्पादनशील जनशक्ति रोजगारी नहुँदा पलायन भए। दुर्गम पहाडी जिल्ला भएकाले खाद्यान्न अभाव, यातायातमा कठिनाई कृषि सामग्री अभाव, उत्पादित वस्तु बजार पहुँचबाट टाढा, अधिकांश भूभाग असिँचित हुनु जस्ता कारण जिल्लामा बालीनालीले व्यावसायिकता पाउन सकेको छैन। रोजगारको खोजीमा युवा शक्ति विदेशिनु, छिमेकी जिल्ला भारत जानु, तराईतर्फ बसाइ सराइ, उच्च जनसङ्ख्या वृद्धि जस्ता कारणबाट कृषि क्षेत्रको प्रभाव घटेको छ।

**जिल्लाको अवस्था र सम्भावना**

जिल्ला कृषि विकास कार्यालय दार्चुलाका अनुसार जिल्लामा गरिबी निवारण गर्नका लागि थुप्रै सम्भावना छन्। हिमाली गाविसमा भेडाबाखा पालन, पशु पालन, फलफूल खेती, त्यस्तै अन्य गाविसमा मौसमी तथा बेमौसमी तरकारी उत्पादन हुने गरेको छ। अहिले भइरहेका कामलाई व्यावसायिकरूपमा ल्याउन सके अहिलेको खाद्यान्न अभाव पूर्ति गर्न सकिने देखिन्छ। परम्परागतरूपमा रहेको खेती प्रणाली र विद्यमान खाने बानीमा सुधार गर्ने हो भने धेरै हदसम्म खाद्यान्न अपुगको अवस्था घट्ने देखिन्छ। यस्तै अहिले

कृषि विकास कार्यालयले लागु गरेको पकेट क्षेत्रको अवधारणाले पनि केही राहत पुग्ने देखिएको छ। खाद्यान्न सहज बनाउन कृषि तथा खाद्य सुरक्षा आयोजना (दश गाविसमा), साना तथा मझौला कृषक आयस्तर वृद्धि आयोजना (रिज्म), मध्य पहाडी बृहत् मकै उत्पादन कार्यक्रम, सिँचाइ तथा जलस्रोत व्यवस्थापन आयोजना, सहकारी खेती सिँचाइ आयोजना, विशेष कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिएको छ। यसका साथै यस वर्षदेखि हिमाली आलु उत्पादन जिल्लाका रूपमा पनि कार्यक्रम लागु हुँदैछ।

यसैगरी गरिबी निवारण कोष, पहल कार्यक्रम, सुआहारा, अक्सफाम जस्ता सङ्घ/संस्थामार्फत पनि खाद्यान्नमा पहुँच पुग्ने गरी कार्यक्रम सञ्चालन भइरहेका छन्। यसका साथै यो बहुमूल्य जडीबुटी प्रचुर मात्रामा उत्पादन हुने जिल्ला हो। कृषिपछि आयस्रोतका रूपमा जडीबुटी देखिएको छ। तर जिल्लामा प्रशोधन तथा भण्डारण व्यवस्था नहुँदा स्थानीयले यसबाट उचित लाभ लिन सकेका छैनन्। यसका लागि जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्न सके पनि जिल्लाका किसानले आफूले उत्पादन/सङ्कलन गरेको वस्तुको उचित मूल्य पाउन सक्छन्। र, यसले स्वरोजगार उत्पादन गर्छ। मध्यम लेकम क्षेत्रमा माहुरी पालन पकेट क्षेत्र, अदुवा पकेट क्षेत्र, बेसार पकेट क्षेत्र निर्माण भइरहेका छन्। तर जिल्लामा उचित प्रशोधन व्यवस्था नहुँदा किसानले उत्पादन गरेका सामग्रीले मूल्य भने पाउन सकेका छैनन्। यसका साथै जिल्लामा जलस्रोतको प्रचुर सम्भावना छ। अहिले निर्माणाधीन चमेलिया जलविद्युत् आयोजना, नौगाड, अपर नौगाड, यस्तै निर्माण हुने तयारीमा रहेको माथिल्लो चमेलिया, मकरीगाड, क्षेत्तिगाडलगायतले पनि स्थानीयलाई रोजगार दिलाउने देखिन्छ। यस्ता आयोजनाले उपलब्ध गराउने सुविधा खोजबिन गरी त्यसबाट प्रचुर फाइदा लिन सकिए पनि यहाँको खाद्यान्न समस्या निकै हदसम्म न्यून हुने देखिन्छ।

### निष्कर्ष

खाद्य समस्या समाधान गर्न स्थानीयस्तरमै उत्पादन वृद्धिका कार्यक्रम थालिनुपर्छ। आत्मनिर्भर नहुन्जेलका लागि सरकारी खाद्यान्न डिपो बढाउनुपर्छ। सडक सञ्जालले गाविसहरू जोड्न सकियो भने धेरै हदसम्म नागरिकको खाद्यान्नमा पहुँच वृद्धि हुने देखिन्छ। परिवर्तित सम्बन्धमा खाने बानीमा परिवर्तन ल्याउनु पनि उत्तिकै जरुरी छ। परम्परागतरूपमा गरिने खेती प्रणालीलाई पनि सुधार गर्नुपर्ने देखिन्छ। हिमाली क्षेत्रका नागरिक अहिले पनि आलु, कोदो, जौ, फापर, सिमीलगायतका खाद्यान्नलाई मुख्य खाद्यका रूपमा लिँदैनन्। यसबारे उनीहरूलाई चेतना दिनु जरुरी छ। अधिकांश जनता कामका लागि भारत धाउने गरेका छन्। गाउँको उत्पादनले दुई महिनादेखि ६ महिनासम्म मात्र पुग्ने भएपछि यसो गर्नु उनीहरूको बाध्यता भएको छ। त्यसैले उनीहरूलाई गाउँमै टिकाउन कृषिमा आकर्षक र अनुदानमूलक कार्यक्रमहरू ल्याउनु आवश्यक छ। बरु केही निश्चित समयपछि यसलाई हटाउन सकिन्छ। जबसम्म कृषि आकर्षक पेशा बन्दैन तबसम्म खाद्यान्न समस्याको जालोबाट यो जिल्ला मुक्त हुने देखिन्न।

### सुझाव

- स्थानीय उत्पादन वृद्धि गरी त्यसैलाई अधिकतम् उपभोग गर्ने अभियानै थाल्नुपर्छ।
- खाद्यान्न अपुग हुने क्षेत्रहरूमा खाद्यान्न आत्मनिर्भरताका कार्यक्रम सञ्चालन गर्नुपर्छ।
- निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक बनाई रोजगारीका अवसर सिर्जना गर्नुपर्छ।
- विद्यमान खाद्य पोषणमा सुधार गरी शारीरिक जीवनका पक्षमा सुधार गर्नुपर्छ।
- कृषकको आयआर्जनको स्तर बढाई गरिबी न्यूनीकरण गर्नेखालका कार्यक्रम सञ्चालन गर्नुपर्छ।
- आधुनिक खेती प्रणाली गर्नतर्फ कृषकलाई उत्प्रेरणा जगाउनुपर्छ र कृषि औजारहरू राज्यले नि:शुल्क व्यवस्था गर्नुपर्छ।
- स्थानीय उत्पादनलाई जोड दिनुपर्छ। त्यसको गुण र महत्त्व प्रचारप्रसारमा ल्याइ उत्पादन वृद्धिका कार्यक्रम ल्याउनुपर्छ।
- जडीबुटीलगायत प्रशोधन केन्द्र स्थापना गर्नुपर्छ।

### सन्दर्भ सामग्री


- नेपाल मानव अधिकार वर्ष पुस्तक २०१४
- इन्सेकअनलाइन
- मानव अधिकारको विश्वव्यापी घोषणापत्र-१९४८
- जिल्ला विकास समितिको तथ्याङ्क
- कृषि विकास कार्यालयको तथ्याङ्क
- स्थानीय जनतासँग गरिएको कुराकानी
- सरोकारवालसँग गरिएको छलफल

अनुसूची १

# सन् २०१६ र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

## उल्लेख गर्नैपर्ने केही कुरा

१. नामै वर्ष पुस्तक भएकाले यसमा सन् २०१६ (२०७२ पुस १७ गतेदेखि २०७३ पुस १६ गतेसम्म) का घटनामात्र उल्लेख छन्।

२. जनसङ्ख्या, महिला, परिवार सङ्ख्या, आश्रित जनसङ्ख्या (केन्द्रीय तथ्याङ्क विभागको अनुमान २०१५), खोलाको पानी पिउने परिवार, गरिबीको रेखामुनि रहेको सङ्ख्या, कामका लागि बाहिरिएका, सबभन्दा बढी जनसङ्ख्या, अपाङ्गता भएका, ५ वर्षमाथिको साक्षरता प्रतिशत र सरकारी विद्यालय प्रत्येक जिल्लामा उल्लेख गर्नुको कारण यिनले मानव अधिकार प्राप्तिमा जगको काम गर्ने भएकाले हो। जसको आधार केन्द्रीय तथ्याङ्क विभागको विक्रम संवत् २०६८ को जनगणना हो।

३. कारागारका बन्दी र कैदीको सङ्ख्या वर्षको अन्तिम (२०७३ पुस दोस्रो साता) को हो।

४. अदालतले थुन्ने आदेश दिएको भन्नुको मतलव आरोपित पुर्पक्षका लागि थुनामा रहेको र मुद्दा चलिरहेको भन्ने हो।

५. जिल्लाका न्यायिक र अर्धन्यायिक निकाय तथा इन्सेक प्रतिनिधिको जानकारीमा नआएका मानव अधिकार उल्लङ्घटनका घटना यसमा समावेश छैन।

६. बलात्कार जस्ता संवेदनशील घटनामा आफ्नै बाबु वा नजिकको आफन्त संलग्न भएकामा पीडितको परिचय नखुलोस् भन्ने अभिप्रायले आरोपितको नाम उल्लेख गरिएको छैन।

७. नेपालको बालबालिकासम्बन्धी ऐनले १६ वर्षभन्दा मुनिकालाई बालबालिका भन्नुपर्ने जनाए पनि बाल अधिकार महासन्धिले १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ।

८. राम्रो कि नराम्रो भन्ने विषय तुलनाबाट मात्र प्रष्ट हुन्छ। त्यसैले यो वर्ष जिल्लाको मानव अधिकार उल्लङ्घनका घटना बढे कि घटे भन्ने सहजै थाहा पाउन पृष्ठभूमिमै गत वर्षको सामान्य तथ्याङ्क दिइएको हो।

९. स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि राज्यप्रदत्त यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ।

१०. सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।

११. कारागारलगायत अन्य निकायमा भएका राम्रा व्यवस्थालाई भन्दा पनि समस्या उजागर गर्नमा जोड दिइएको छ। यसको मतलव पुस्तकको उद्देश्य नै उल्लङ्घनमा जोड दिएर सेवा प्रदायकलाई यसप्रति जवाफदेही बनाउनु हो।

१२. अदालतमा फैसला हुन बाँकी मुद्दा भन्नुको मतलब सन् २०१६ को अन्तिमसम्म नटुङ्गिएका हुन्। जुन जुन जिल्लामा २ वर्षभन्दा पुराना मुद्दाको सन्दर्भ उल्लेख छैन तिनमा बाँकी नरहेकाले हो।

१३. तथ्याङ्कहरू जिल्ला शिक्षा कार्यालय, स्वास्थ्य कार्यालय, अदालत, कारागार कार्यालय जस्ता सम्बन्धित निकायबाट लिइएका हुन्।

१४. तह तोकिएकामा बाहेक अन्यत्र उल्लेख अदालत शब्दले जिल्ला अदालत बुझाउँछ।

१५. न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ । कतिपय घटना इन्सेकको जानकारीमा आए पनि पुष्टि नभएकाले प्रकाशन गर्न सकिएन।

१५. कारागार व्यवस्थापन विभागले कारागारलाई कर्मचारीको स्वीकृत दरबन्दी, राख्ने क्षमता र भौतिक अवस्थाका आधारमा पाँच श्रेणीमा वर्गीकरण गरेको छ। यहाँ उल्लिखित श्रेणीले यही जानकारी दिन खोजेको हो। जसमध्ये राजधानीको केन्द्रीय कारागार 'क' श्रेणीमा पर्छ भने पर्सा, सुनसरी र भीमफेदी 'ख' श्रेणीमा पर्छन्। त्यसैगरी डिल्लीबजार, नख्खुलगायत आठ कारागार 'ग' श्रेणीमा पर्छन् भने 'घ'मा बर्दिया, सप्तरी, कैलाली, सिरहालगायत ११ कारागार पर्छन् । ७४ मध्ये बाँकी ५१ कारागारचाहिँ 'ङ' श्रेणीमा पर्छन् ।

१६. नेपालले अनुमोदन गरेका मानवअधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला छ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC / CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ।

१७. विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।

१८. विभिन्न सशस्त्र समूह, अज्ञात समूह, राजनीतिक दलहरूबाट भएका घटना गैरराज्यपक्ष अन्तर्गत राखिएको छ। त्यसको विस्तृत विवरण अनुसूची २ मा उपलब्ध तथ्याङ्कमा राखिएको छ। सामान्यत: व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।

१९. विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षकअन्तर्गत समावेश गरेका छौँ।

२०. स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिनु हुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौँ।

२१. अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

२२. बालमैत्री कार्यक्रम सञ्चालन गरिएका विद्यालयलाई बालमैत्री विद्यालय भनिएको हो। कम्तीमा ह्वीलचेयर गुड्ने, सजिलो शौचालय र कक्षा परिवर्तन गरिरहनु नपर्ने गरी सञ्चालित विद्यालयलाई अपाङ्गमैत्री भनिएको हो। यौन हिंसाअन्तर्गत बलात् यौनसम्बन्ध वा प्रयास वा लागु औषधी प्रयोग गरी अनिच्छित गरिएका यौनजन्य क्रियाकलापका घटना समावेश गरिएका हुन्।

**तथ्याङ्कका अन्य स्रोत**

१. केन्द्रीय तथ्याङ्क विभागको सङ्क्षिप्त प्रतिवेदन २०१३

२. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

३. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

४. १९९२ देखि २०१६ सम्मका इन्सेक मानव अधिकार वर्ष पुस्तकहरू

५. वर्ष पुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

६. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला जनस्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्।




# पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ

१.५ मोरङ

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० सङ्खुवासभा

१.११ सप्तरी

१.१२ सिरहा

१.१३ उदयपुर

१.१४ खोटाङ

१.१५ ओखलढुङ्गा

१.१६ सोलुखुम्बु

# १.१ झापा



**जम्मा जनसङ्ख्या**
८६९०६४

**महिला**
४६५०९२

**परिवार सङ्ख्या**
२०७७२९

**खोलाको पानी पिउने परिवार**
१८८

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
८५७३६

**कामका लागि बाहिरिएका**
८०६२५

**सबभन्दा बढी जनसङ्ख्या**
१९३२८७ (ब्राम्हण पहाड)

**अपाङ्गता भएका**
१५३७६

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७७.७

**आश्रित जनसङ्ख्या**
३५२००६

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | २ | २ |
| बाल अधिकार | १२ | | १२ |
| महिला अधिकार | ५ | | ५ |
| हत्या | ७ | ६ | १३ |
| जम्मा | २४ | ८ | ३२ |

*इन्सेकको अभिलेख अनुसार झापाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५५ महिलासहित ७९ जना पीडित भएकामा सन् २०१६ मा २४ महिलासहित ३२ जना पीडित भए। जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भए। यस वर्ष महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा पाँच जना पीडित भए। गत वर्ष यस्तो घटनाबाट १२ जना पीडित भएका थिए। यस वर्ष बलात्कार घटनामा तीन र बलात्कार प्रयासबाट दुई महिला पीडित भए। बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १२ बालिका पीडित भए। जसमध्ये नौ बालिका बलात्कार घटनाबाट पीडित भए भने तीन जना यौन दुर्व्यवहारबाट पीडित भए।*

## कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता ३ सय जनाको छ। तर कैदी ४ सय ६४ र बन्दी ३ सय ६४ गरी ८ सय २८ जना छन्। जसमा ६३ जना महिला छन्। आश्रित बालिका एक र बालक दुई जना छन्। क्षमताभन्दा तेब्बर कैदी/बन्दी भएकाले शौचालय जान पालो पर्खनुपर्ने तथा पिउने पानी र बसोबासमा समस्या रहेको बन्दीले बताए। जीर्ण अवस्थाको पुरुष कारागार भवनले सबैमा त्रास उत्पन्न गराउने गरेको उनीहरूले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ६ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ८ सय ३८ र फौजदारीतर्फ १ हजार २ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा १ सय ५० थान छन्। जसमा देवानी १ सय १९ र फौजदारीतर्फ २१ थान रहेको जिल्ला अदालतले जनायो।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय ६० प्रावि, ९३ निमावि, ४८ मावि र ६४ उमावि छन्। ३ हजार १ सय २२ शिक्षक दरबन्दी रहेकामा १४ रिक्त छन्। यस वर्ष ६ हजार ८ सय ४८ बालक र ७ हजार १ सय ६७ बालिका भर्ना भए। जिल्लामा ६८ अपाङ्गमैत्री विद्यालय छन्। ४ हजार २ सय ७४ दलित बालक र ५ हजार २ सय २ जना दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ४४ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यस वर्ष नौ बालिका बलात्कार घटनाबाट पीडित भए भने तीन जना यौन दुर्व्यवहारमा परे। चारदेखि १७ वर्ष उमेर समूहका बालिका बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहारका घटनामा पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ९ | ९ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | १२ | १२ |

### बलात्कार, यौन दुर्व्यवहार

चार वर्षीया एक बालिकालाई २०७२ माघ ९ गते मेचीनगर नपा-६ का ६० वर्षीय हरकचन राजवंशीले बलात्कार गरेको भन्दै पीडित पक्षले माघ १० गते इलाका प्रहरी कार्यालय काँकडभिट्टामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पताल भद्रपुरमा माघ १० गते भयो। माघ १० गते गिरफ्तार भएका हरकचनलाई जिल्ला अदालतले २०७३ साउन १६ गते १० वर्ष कैद सजाय र ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

### परिवारजनबाट हत्या

बिर्तामोड नपा-२ का ६ महिने बालक सुरज दासलाई २०७२ माघ २४ गते राति सिरकले थिचेर हत्या गरेको आरोपमा बाबु २० वर्षीय देव दास गिरफ्तार परे। शवको पोस्टमार्टम मेची अञ्चल अस्पताल भद्रपुरमा माघ २५ गते भयो। देवलाई जिल्ला अदालतले २०७३ साउन ४ गते ६ महिना कैद सजायको फैसला सुनायो। मदिरा सेवन गरेको नशामा उक्त घटना भएको आरोपितले बताए।

### बलात्कारपछि हत्या

बुधबारे गाविस-५ स्थित मामाघर आएकी शान्तिनगर गाविस-१ की ११ वर्षीया तनुजा कोइरालालाई २०७३ साउन ४ गते राति मेचीनगर नपा-३ का ३० वर्षीय राजकुमार राजवंशीले बलत्कारपछि धारिलो हतियारले घाँटी रेटेर हत्या गरेको भन्दै पीडित पक्षले साउन ५ गते इलाका प्रहरी कार्यालय काँकडभिट्टामा उजुरी दिए। शवको पोस्टमार्टम साउन ५ गते मेची अञ्चल अस्पतालमा भयो। भारतको उत्तरप्रदेशस्थित नन्दीग्रामबाट साउन १८ गते गिरफ्तार भएका राजकुमारलाई जिल्ला अदालतले भदौ १३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका तीन, खान/लाउन नदिएको तीन, विवाह दर्ता र नागरिकता नबनाएको चार, बहुविवाह गरी हेला गरेका तीन र सामान्य घरायसी झगडाका दुई घटना छन्। यीमध्ये प्रहरीले आठवटामा मिलापत्र गरायो भने सात उजुरी कानुनी प्रक्रियामा छन्।*

*यो वर्ष परिवारबाट झापामा चार महिलाको हत्या भयो। महिला हत्याका तीन घटनामा पतिको संलग्नता रह्यो। तीन महिला बलात्कारको घटनाबाट पीडित भए भने दुई जना बलात्कार प्रयासका कारण पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कारको प्रयास | २ | २ |
| जम्मा | ५ | ५ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५३ वर्षीया एक महिलालाई २०७२ फागुन १७ गते कन्काई नपा-९ का ५२ वर्षीय चुन्दा सोरेनले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन १८ गते इलाका प्रहरी कार्यालय बिर्तामोडमा उजुरी दियो।

पीडितको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पताल भद्रपुरमा फागुन १८ गते भयो। फागुन १८ गते गिरफ्तार भएका चुन्दालाई जिल्ला अदालतले २०७३ वैशाख २१ गते पाँच वर्ष कैद सजायको फैसला सुनायो।

४६ वर्षीया एक महिलालाई २०७३ जेठ २३ गते चकचकी गाविस-६ का ४८ वर्षीय जीतबहादुर लिम्बूले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय बिर्तामोडमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पताल भद्रपुरमा जेठ २४ गते भयो। जेठ २३ गते गिरफ्तार भएका जीतबहादुरलाई जिल्ला अदालतले कात्तिक २३ गते पाँच वर्ष कैद सजाय र २५ हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

**परिवारजनबाट हत्या**

बिर्तामोड नपा-२ की ३६ वर्षीया समन्ती राजवंशीलाई २०७२ फागुन ७ गते राति ६० वर्षीय पति तनबहादुर राजवंशीले धारिलो हतियार प्रहार गरी हत्या गरे। आरोपितले पत्नीको हत्यापछि तत्काल घरभित्रै आत्महत्या गरेको प्रहरीले जनायो। दुवै शवको पोस्टमार्टम मेची अञ्चल अस्पताल भद्रपुरमा फागुन ८ गते भयो।

पृथ्वीनगर गाविस-२ की ४५ वर्षीया तारादेवी तामाङलाई २०७३ असार १४ गते २४ वर्षीय छोरा देशराज तामाङले घरायसी विवाद हुँदा दाउराले कुटेर हत्या गरे। शवको पोस्टमार्टम मेची अञ्चल अस्पताल भद्रपुरमा असार १४ गते भयो। सोही दिन गिरफ्तार भएका देशराजलाई जिल्ला अदालतले कात्तिक १० गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

**स्वास्थ्य सेवाको अवस्था**

झापामा एउटा अञ्चल अस्पताल, ४३ स्वास्थ्य चौकी र ६ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ६ डक्टरको दरबन्दी रहेकामा एक जना कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी चार जनाको रहेकामा तीन जना कार्यरत छन्। अहेबको १ सय ४७ दरबन्दी रहेकामा १ सय २२ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १५ करोड र औषधि खर्चबापतको रकम ६० लाख रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | ५ | ४ | ९ |
| यौन दुर्व्यवहार | २ | १ | ३ |
| जम्मा | ७ | ५ | १२ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | २ | १ | ३ |
| बलात्कारको प्रयास | | २ | २ |
| जम्मा | २ | ३ | ५ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | ५ | ७ | १३ |

# १.२ इलाम



**जम्मा जनसङ्ख्या**
**२९३३८८**

**महिला**
**१५२७८१**

**परिवार सङ्ख्या**
**६८९६६**

**खोलाको पानी पिउने परिवार**
**८५८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२१००५**

**कामका लागि बाहिरिएका**
**६६५७**

**सबभन्दा बढी जनसङ्ख्या**
**६८९६५ (राई)**

**अपाङ्गता भएका**
**७६३६**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९७**

**आश्रित जनसङ्ख्या**
**१०७३२४**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | |
|---|---|---|---|---|
| | महिला | जम्मा | महिला | जम्मा |
| बाल अधिकार | | | १० | १० |
| महिला अधिकार | | | ४६ | ४६ |
| जातीय विभेद | | | १ | १ |
| कुटपिट | १ | १ | | |
| जम्मा | १ | १ | ५७ | ५७ |

***इन्सेकको अभिलेख अनुसार इलामको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ७६ महिलासहित ७८ जना पीडित भएकामा सन् २०१६ मा ५८ महिला पीडित भए। यस वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनको एउटा घटना भयो। गत वर्ष यस्तो घटना भएको थिएन। गैरराज्य पक्षबाट अघिल्लो वर्ष दुई पुरुषको हत्या भएकामा यो वर्ष हत्याका घटना भएनन्। बाल अधिकार उल्लङ्घनका घटनामा गत वर्ष १८ बालबालिका पीडित भएकामा सन् २०१६ मा १० जना पीडित भए।***

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

नयाँबजार गाविस- ८ की २८ वर्षीया लाक्पा डोल्मा तामाङलाई २०७३ जेठ ९ गते नयाँबजार प्रहरी चौकीमा कार्यरत प्रहरी जवान २५ वर्षीया अञ्जु राजवंशीले विवाद मिलाउने निहुँमा प्रहरी कार्यालय हाताभित्रै कुटपिट गरी शारीरिक यातना दिएको आरोपमा पीडितले जेठ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आफूलाई स्थानीय व्यापारी रोशन कार्कीसँगको विवादमा छलफल गर्ने क्रममा जेठ १० गते प्रहरी चौकीमा भेला भएका व्यक्तिहरूकै माझ कार्कीको खुट्टा ढोग्न लगाएको आरोप पनि डोल्माको छ। जिल्ला प्रहरी कार्यालयद्वारा मानव अधिकारकर्मी, इन्सेक प्रतिनिधिसहितको उपस्थितिमा जेठ १६ गते स्थानीय बजारबासी र पीडितबीच छलफल गराइ पीडितलाई काम तथा पसल गर्न सहज बनाउने सहमति भयो। प्रहरी जवान अञ्जुलाई विभागीय कारबाहीसहित जेठ १७ गते झापा सरुवा गरियो।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय २५ जनाको छ। तर, २ सय १५ कैदी र ३२ बन्दी गरी

२ सय ४७ जना छन्। जसमा २० महिला छन् भने एक पाँच वर्षीय आश्रित बालक पनि छन्। ६५ वर्षमाथिका पाँच पुरुष छन्। क्षमताभन्दा झण्डै दुई गुणा बढी कैदी र बन्दी भएकाले व्यवस्थापनमा समस्या छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ११ र फौजदारीतर्फ १ सय ५० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्। यसैगरी ६ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा दुई जना मात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ सय १० र फौजदारीतर्फ ४ सय ५४ थान छन्। दुई वर्ष पुराना मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा २ सय ८९ प्रावि, ७० निमावि र ८४ मावि छन्। १ हजार ८ सय १९ शिक्षक दरबन्दी रहेकामा १ सय १० रिक्त छन्। यस वर्ष २१ हजार ९ सय १० बालक र २२ हजार १ सय बालिका भर्ना भए। जिल्लामा ८० वटा अपाङ्गमैत्री विद्यालय छन्। यस वर्ष १ हजार ४ सय १८ दलित बालक र १ हजार ६ सय ६ जना दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ४० बालबालिकालाई पनि छात्रवृत्ति प्रदान गरियो।*

*यो वर्ष पाँचदेखि १८ वर्षमुनिका सात बालिका बलात्कारका घटनामा र दुई बालिका यौन दुर्व्यवहारको घटनामा पीडित भए। जसमध्ये एक बालिका शारीरिक अपाङ्गता भएकी छिन्। यस वर्ष एक बालिका बाल विवाहको घटनाबाट पीडित भइन्। अघिल्लो वर्ष १८ बालिका बलात्कारका घटनामा पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | ७ | ७ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १० | १० |

#### बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया एक बालिकालाई २०७२ फागुन १८ गते सुलुबुङ गाविस-२ का २२ वर्षीय सुरेन्द्र राईले बलात्कार गरेको आरोपमा पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन १८ गते जिल्ला अस्पताल इलाममा भयो। घटना भएकै दिन गिरफ्तार भएका सुरेन्द्रलाई जिल्ला अदालतले २०७३ भदौ १३ गते १६ वर्ष कैद र पीडितलाई ७५ हजार रुपियाँ भराउने फैसला सुनायो। बालिकालाई उनले दुई वर्षअघिदेखि पटकपटक बलात्कार गर्दै आएको अनुसन्धानका क्रममा खुलेको प्रहरीले जनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मदिरा सेवन गरी कुटपिट गरिएका २७, खान/लाउन नदिइ हेरचाह नगरी बेवास्ता गरिएका नौ र सामान्य घरायसी झगडाका १२ घटना छन्। यीमध्ये प्रहरीले ४४ वटामा मिलापत्र गरायो भने तीन उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| बलात्कारको प्रयास | २ | २ |
| बहुविवाह | ५ | ५ |
| महिला बेचबिखन | २ | २ |
| घरेलु हिंसा | ३० | ३० |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ४६ | ४६ |

*इन्सेकको अभिलेख अनुसार सन् २०१६ मा इलाममा ३० महिला घरेलु हिंसाबाट पीडित भए भने पाँच जना बलात्कृत भए। यो वर्ष पाँच महिला बहुविवाहको घटनामा, दुई बलात्कार प्रयासका घटनामा, दुई यौन दुर्व्यवहारका घटनामा र दुई बेचबिखनका घटनामा पीडित भए। यो वर्ष बलात्कारका घटनामा पीडित हुनेमा २० वर्षीया युवतीदेखि ६८ वर्षीय वृद्धासम्म रहे। एक वृद्धा आफ्नै छोराबाट बलात्कृत हुनुपरेको घटनासमेत यस वर्ष सार्वजनिक भयो। गत वर्ष ५८ महिला पीडित भएका थिए । जसमा आठ बलात्कार, एक बलात्कार प्रयास, नौ बहुविवाह र ४० जना घरेलु हिंसाबाट पीडित भएका थिए।*

#### मानव बेचबिखन तथा ओसारपसार

२० र २६ वर्षीया दुई महिलालाई वैदेशिक

रोजगारीका लागि विदेश पठाइदिने नाममा भारत लाँदै गर्दा बेचबिखनको प्रयास हुन सक्ने आशङ्कामा प्रहरीले २०७३ मङ्सिर १९ गते उद्धार गऱ्यो। उनीहरूलाई भारत लैजान लागेको अवस्थामा प्रहरीले इलामको बिल्याँटेबाट उद्धार गरेको थियो। प्रहरीले साँखेजुङ गाविस-५ की कमला राई र साँखेजुङ गाविस-९ का ३५ वर्षीय निमतेन्जी शेर्पालाई बेचबिखनमा संलग्न भएको आरोपमा मङ्सिर २० गते गिरफ्तार गऱ्यो। दुवैलाई जिल्ला अदालतले पुस १३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। अर्का आरोपित साँखेजुङ गाविस-६ का चेवन दाहाल भने फरार रहेको प्रहरीले जनायो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२० वर्षीया एक महिलालाई २०७३ कात्तिक २७ गते यौनजन्य दुर्व्यवहार गरेको भन्दै महमाई गाविस-३ का ४० वर्षीय मोहनकुमार तुम्बाहाम्फेविरुद्ध पीडितले कात्तिक २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण कात्तिक २८ गते जिल्ला अस्पतालमा गरियो। आरोपित घटनालगत्तै फरार रहेको प्रहरीले जनायो।

### सबै प्रकारका जातीय विभेद

साङरुम्बा गाविस-३ का ३४ वर्षीय मात्रिका बिकले आफूलाई सोही ठाउँका ६४ वर्षीय भरत घिमिरे, ४८ वर्षीय पुण्य घिमिरे, ५२ वर्षीय भरत घिमिरे र ४३ वर्षीय भवानीप्रसाद घिमिरेले २०७३ असार १९ गते विद्यालय व्यवस्थापन समितिको बैठक भइरहेका बेला 'दलित जातको' भनी गालीगलौज गरेको भन्दै साउन ३२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितहरूलाई जिल्ला अदालतले मङ्सिर १२ गते जनही ३० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

### स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एउटा अस्पताल, ४४ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा एकमात्र कार्यरत छन्। जिल्ला अस्पतालमा एक स्त्री रोग विशेषज्ञको दरबन्दी रहेकामा कार्यरत छन्। अहेबको १ सय १ दरबन्दी रहेकामा ८४ जना कार्यरत छन्। हेल्थ असिस्टेन्टको ५० दरबन्दी रहेकामा ३० कार्यरत छन्। १ सय अनमी दरबन्दी रहेकामा ६३ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १६ करोड १२ लाख रुपियाँ रहेकामा औषधि खर्चवापतको बजेट ४० लाख ८५ हजार ७ सय ८ रुपियाँ ५५ पैसा छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बालविवाह | | | | १ | | १ |
| बलात्कार | १ | १ | २ | | ३ | ७ |
| यौन दुर्व्यवहार | | | १ | | १ | २ |
| जम्मा | १ | १ | ३ | १ | ४ | १० |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बलात्कार | | २ | | | ३ | ५ |
| बलात्कारको प्रयास | १ | १ | | | | २ |
| बहुविवाह | | १ | ४ | | | ५ |
| महिला बेचबिखन | | | | | १ | १ |
| घरेलु हिंसा | | ४ | | २३ | ३ | ३० |
| यौन दुर्व्यवहार | १ | १ | | | | २ |
| जम्मा | २ | ९ | ४ | २३ | ७ | ४५ |

# १.३ पाँचथर

**जम्मा जनसङ्ख्या**
**१८७९५२**

**महिला**
**१०१०८३**

**परिवार सङ्ख्या**
**४२८८४**

**खोलाको पानी पिउने परिवार**
**८४७**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२१७२४**

**कामका लागि बाहिरिएका**
**१७८४२**

**सबभन्दा बढी जनसङ्ख्या**
**८०३३९ (लिम्बू)**

**अपाङ्गता भएका**
**५०४९**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७२**

**आश्रित जनसङ्ख्या**
**७९३१७**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १ |
| बाल अधिकार | ७ | ३ | १० |
| महिला अधिकार | १५ | | १५ |
| कुटपिट | १ | २ | ३ |
| हत्या | २ | | २ |
| जम्मा | २५ | ६ | ३१ |



*इन्सेकको अभिलेख अनुसार पाँचथरमा यो वर्षको मानव अधिकार अवस्था गत वर्षजस्तै रह्यो। सन् २०१५ मा यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २६ महिलासहित ३३ जना पीडित भएकामा सन् २०१६ मा २५ महिलासहित ३१ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका कुनै घटना भएनन्। गत वर्ष राज्यपक्षबाट पाँच पुरुष पीडित भएका थिए। गैरराज्यपक्षबाट अघिल्लो वर्ष दुई महिलाको हत्या भएकामा यो वर्ष पनि दुई महिलाकै हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा यो वर्ष ६ बालिका बलात्कारका घटनाबाट पीडित भए। गत वर्ष आठ बालिका र एक बालक पीडित भएका थिए।*

### कारागार र बन्दी

'ङ' श्रेणीको यस जिल्ला कारागारको क्षमता २० पुरुष र पाँच महिला गरी २५ जनाको छ। तर, १४ थुनुवा र १ सय १ कैदी गरी १ सय १५ जना छन्। जसमध्ये महिला १० जना छन्। दुई बालक र एक बालिका आश्रित छन्। आठ कोठा रहेको कारागारको कच्ची भवन जीर्ण अवस्थामा छ। कारागारभित्र पत्रपत्रिका, रेडियो, टेलिभिजन, पुस्तकालय र भलिबल, ब्याडमिन्टन, क्यारेमबोर्ड, बुद्धिचाल, लुँडो जस्ता खेलकुदका सामग्री उपलब्ध छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एक अदालत छ। यस अदालतमा यो वर्ष देवानीतर्फ ९९ र फौजदारीतर्फ १ सय १६ थान मुद्दा फैसला हुन बाँकी छन्। दुई वर्ष नाघेका मुद्दा छैनन्।

### बालअधिकार

**शिक्षाको अवस्था**

*यस जिल्लामा २ सय ३८ प्रावि, ७३ निमावि,*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ६ | | ६ |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | १ | २ | ३ |
| जम्मा | ७ | ३ | १० |

*४६ मावि र ३४ उच्च मावि छन्। शिक्षक दरबन्दी १ हजार ८ सय ८१ रहेकामा सबै कार्यरत छन्। यस वर्ष २५ हजार ४ सय ६३ छात्र र २६ हजार २ सय २१ छात्रा निजी तथा सामुदायिक विद्यालयमा भर्ना भए। १ हजार ४ सय ९९ दलित छात्र र १ हजार ७ सय ८ दलित छात्रालाई प्रतिव्यक्ति ४ सय रुपियाँका दरले छात्रवृत्ति प्रदान गरियो। यसैगरी ६७ जना द्वन्द्वपीडित छात्र, छात्रालाई छात्रवृत्ति वितरण गर्न ९ लाख ८० हजार रुपियाँ विनियोजन भएको छ। जिल्लामा १ सय ५० अपाङ्गमैत्री विद्यालय छन् भने बालमैत्री विद्यालयचाहिँ छैनन्।*

*यो वर्ष सात बालिका र तीन बालक विभिन्न घटनामा पीडित भए। ६ बालिका बलात्कारबाट पीडित बने। त्यसैगरी एक बालिकालाई यौन दुर्व्यवहार भयो। गत वर्ष बलात्कारका घटनामा ६ र यौन दुर्व्यवहारबाट दुई बालिका पीडित भएका थिए। गत वर्ष एक बालकलाई विद्यालयमा शारीरिक सजाय दिइएको थियो। यो वर्ष एक नवजात शिशुको हत्या भयो।*

**बलात्कार, यौन दुर्व्यवहार**

१३ वर्षीया एक बालिकालाई २०७२ फागुन १० गते मौवा गाविस-१ का २२ वर्षीय रमेश दाहालले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण फागुन २२ गते जिल्ला अस्पतालमा भयो। फागुन २३ गते गिरफ्तार भएका रमेशलाई जिल्ला अदालतले २०७३ मङ्सिर २३ गते आठ वर्ष कैदको फैसला सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ३६, खान/लाउन नदिएको १०, विवाह दर्ता र नागरिकता नबनाएको चार र मार्ने धम्की दिएको तीनवटा घटना छन्। यीमध्ये प्रहरीले ४२ वटामा मिलापत्र गरायो भने एउटा उजुरी कानुनी प्रक्रियामा छ। आठ उजुरीकर्ता सम्पर्कमा आएनन् भने दुई घटनाका आरोपित फरार रहे।*

*यो वर्ष भएका विभिन्न घटनामा १५ जना महिला पीडित भए। गत वर्ष यो सङ्ख्या १४ थियो। गत वर्ष बलात्कारबाट तीन, बलात्कार प्रयासबाट एक, बहुविवाहबाट पाँच र घरेलु हिंसाका कारण पाँच महिला पीडित भएका थिए। यो वर्ष बलात्कारबाट ६, बलात्कार प्रयासबाट चार, बहुविवाहबाट दुई र घरेलु हिंसाका कारण तीन महिला पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ६ | ६ |
| बलात्कारको प्रयास | ४ | ४ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | ३ | ३ |
| जम्मा | १५ | १५ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२० वर्षीया एक महिलालाई २०७३ साउन ६ गते पञ्चमी गाविस-१ का २० वर्षीय पासाङछिरिङ शेर्पाले बलात्कार गरेको भन्दै पीडितले साउन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण तथा उपचार भयो। साउन १० गते गिरफ्तार भएका पासाङलाई जिल्ला अदालतले भदौ २६ गते नौ वर्ष कैदको फैसला सुनायो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र र ४० स्वास्थ्य चौकी छन्। पाँच जना डक्टरको दरबन्दी रहेको यस जिल्लामा पाँचै डक्टर कार्यरत छन्। जिल्लामा स्त्री रोग विशेषज्ञ छैनन्। ६ जना स्टाफ नर्सको दरबन्दी भए पनि चार जनामात्र कार्यरत छन्। ल्याब असिस्टेन्टको दरबन्दी तीन रहेकामा दुई जना कार्यरत छन्। यसैगरी, अहेब र अनमीको दरबन्दी ८८ र ५५ जना रहेकामा क्रमश: ५५ र ५० जना कार्यरत छन्। ४५ दरबन्दीको हेल्थ असिस्टेन्टमा ३४ जना कार्यरत छन्। दरबन्दीअनुसार खोप सुपरभाइजर र क्षयरोग तथा कुष्ठरोग सुपरभाइजर एक-एक जना कार्यरत छन्।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

### बाल अधिकार

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | १ | ४ | ६ |
| नवजात शिशुको हत्या | | | १ | १ |
| यौन दुर्व्यवहार | | १ | २ | ३ |
| जम्मा | १ | २ | ७ | १० |

### महिला अधिकार

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | १ | | | ५ | ६ |
| बलात्कारको प्रयास | ४ | | | | ४ |
| बहुविवाह | २ | | | | २ |
| घरेलु हिंसा | | २ | १ | | ३ |
| जम्मा | ७ | २ | १ | ५ | १५ |

### मारिएकाको घटना सङ्ख्या

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | २ | २ |

# १.४ ताप्लेजुङ



**जम्मा जनसङ्ख्या**
**१२४७१४**

**महिला**
**६६२८६**

**परिवार सङ्ख्या**
**२७२४१**

**खोलाको पानी पिउने परिवार**
**१८३**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३४०६६**

**कामका लागि बाहिरिएका**
**९७९३**

**सबभन्दा बढी जनसङ्ख्या**
**५२७८४ (लिम्बू)**

**अपाङ्गता भएका**
**३७३०**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७१.३**

**आश्रित जनसङ्ख्या**
**५५२५४**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | ५ | ५ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | १ | १ |
| महिला अधिकार | ७ | ७ |
| हत्या | २ | २ |
| जम्मा | १५ | १५ |

*इन्सेकको अभिलेख अनुसार ताप्लेजुङको मानव अधिकार अवस्थामा अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा २६ महिलासहित २७ जना पीडित भएकामा सन् २०१६ मा गैरराज्य पक्षबाट भएका घटनामा १५ जना पीडित भए। राज्य पक्षबाट भने अघिल्लो वर्षझैँ यस वर्ष पनि उल्लङ्घनका घटना जानकारीमा आएन।*

*गैरराज्य पक्षबाट अघिल्लो वर्ष एक पुरुषको हत्या भएको थियो भने यो वर्ष परिवारबाटै दुई महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका पाँच घटनामा चार बालिका बलात्कार र एकजना यौन दुर्व्यवहारका घटनामा पीडित भए। यसैगरी महिला अधिकारका सात घटनामध्ये एक बलात्कार, एक बहुविवाह र पाँच जना घरेलु हिंसाका घटनामा पीडित भए। अघिल्लो वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा नौ र महिला अधिकार उल्लङ्घनका घटनामा १७ जना पीडित भएका थिए।*

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ७० जना कैद तोकिएका र २२ जना कैद नतोकिएका गरी ९२ जना छन्। क्षमताभन्दा तेब्बर बढी कैदी बन्दी राखिएकाले खान, बस्न, सुत्न, चर्पी प्रयोग गर्न तथा पिउने पानीको पनि समस्या छ। वि.सं.१९५२ सालमा बनेको यो कारागार जीर्ण छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहितको एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकीमध्ये देवानीतर्फ ८८ र फौजदारीतर्फ १ सय

४ थान मुद्दा छन्। दुई वर्षभन्दा पुरानो मुद्दा फौजदारी एक थान छ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय २३ प्रावि, ७१ निमावि, ३२ मावि, २९ उच्च मावि छन्। १ हजार ६ सय १ शिक्षक दरबन्दी अनुसार सबै कार्यरत छन्। यस वर्ष जिल्लामा ३२ हजार ५ सय १५ विद्यार्थी भर्ना भए। जिल्लाभर अपाङ्गमैत्री विद्यालय भवन छैनन्। यस वर्ष जिल्लामा ९७ दलित बालक र १ सय १६ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडितका चार बालबालिकालाई पनि छात्रवृत्ति प्रदान गरियो। जिल्लामा शहीद तथा द्वन्द्वपीडित बालबालिका भए पनि अधिकांशले आवेदन नदिएका कारण छात्रवृत्ति पाउन सकेनन्।*

*यो वर्ष ८ देखि १७ वर्षसम्मका चार बालिका बलात्कार र एकजना यौन दुर्व्यवहारको घटनामा पीडित भए। अघिल्लो वर्ष बलात्कार र यौन दुर्व्यवहारका घटनामा आठ जना पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ५ | ५ |

### बलात्कार, दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७२ चैत २८ गते ताप्लेजुङ नपा-६ का ४४ वर्षीय शेरबहादुर लिम्बूले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत २८ गते नै भयो। सोही दिन गिरफ्तार भएका शेरबहादुरलाई जिल्ला अदालतले २०७३ असार २६ गते सात वर्ष कैद र पीडितलाई १ लाख रुपियाँ भराउने फैसला सुनायो।

१५ वर्षीया बालिकालाई २०७३ असार ७ गते ताप्लेजुङ नपा-८ का ३४ वर्षीय गणेश पालुङ्वा लिम्बूले बलात्कार गरेको आरोपमा पीडित पक्षले असार १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको असार १५ गते जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण भयो। सोही दिन गिरफ्तार भएका गणेशलाई जिल्ला अदालतले भदौ ६ गते ६ वर्ष कैद र पीडितलाई ५० हजार भराउने आदेश सुनायो।

८ वर्षीया बालिकालाई २०७३ असार २६ गते थुकिमा गाविस-४ का २० वर्षीय भाटे भन्ने बुद्धवीर चोङवाङ लिम्बूले बलात्कार गरेको आरोपमा पीडित पक्षले असार २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको असार २८ गते जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण भयो। सोही दिन गिरफ्तार भएका बुद्धवीरलाई जिल्ला अदालतले पुस ५ गते १० वर्ष कैदको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट तथा घर निकाला गरिएका २८ घटना छन्। यीमध्ये प्रहरीले १७ घटनामा मिलापत्र गरायो भने आठ उजुरी कानुनी प्रक्रियामा छन्। तीन घटनाका उजुरीकर्ता सम्पर्कमै नआएको प्रहरीले जनायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ५ | ५ |
| जम्मा | ७ | ७ |

*यो वर्ष एक बलात्कार, एक बहुविवाह र पाँच महिला घरेलु हिंसाका घटनामा पीडित भएका थिए। यो वर्ष नै परिवारबाट भएका घटनामा दुई महिलाको हत्या भयो। अघिल्लो वर्ष ६ महिला बलात्कार, तीन जना बलात्कार प्रयास, पाँच जना बहुविवाह, एकजना मानव बेचबिखन र दुई जना घरेलु हिंसाबाट पीडित भएका थिए।*

### बलात्कार, बलात्कार प्रयास, दुर्व्यवहार

३७ वर्षीया महिलालाई २०७२ चैत १९ गते आफ्नै घरमा नाङखोल्याङ गाविस-६ का १८ वर्षीय सुनिल राई र १६ वर्षीय एक बालकले बलात्कार गरेको आरोपमा पीडित पक्षले २०७३ वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वैशाख ३ गते जिल्ला अस्पतालमा भयो। उजुरी

दिएकै दिन गिरफ्तार भएका दुवै आरोपितलाई जिल्ला अदालतले वैशाख २४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### परिवारजनबाट हत्या

थेचम्बु गाविस-८ की ३२ वर्षीया अमृता लिम्बूलाई २०७३ साउन ४ गते ५० वर्षीय पति कृष्णचड्सुइजम लिम्बूले आगो लगाएकामा झापाको बिएनसी अस्पतालमा उपचारका क्रममा साउन २७ गते मृत्यु भएको भन्दै पीडितका भाइ शिवकुमार केरुङ लिम्बूले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको साउन २८ गते सोही अस्पतालमा पोस्टमार्टम गरियो। उजुरीपछि गिरफ्तार भएका कृष्णलाई जिल्ला अदालतले साउन ३१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### स्वास्थ्य सेवाको अवस्था

ताप्लेजुङमा एक अस्पताल, ५१ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेवको १ सय ११ दरबन्दी रहेकामा ६२ जना कार्यरत छन् भने १ सय ११ अनमी दरबन्दीमध्ये ४३ मात्र कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १४ करोड ३१ लाख १० हजार रुपियाँ रहेकामा १३ करोड ८० लाख ९४ हजार रुपियाँ प्रशासनिक र ५० लाख १६ हजार रुपियाँ औषधि खर्चबापत छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | ३ | १ | ४ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | ३ | २ | ५ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | | | | १ | १ |
| बहुविवाह | | १ | | | १ |
| घरेलु हिंसा | १ | | ३ | १ | ५ |
| जम्मा | १ | १ | ३ | २ | ७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | १ | २ |

# १.५ मोरङ



जम्मा जनसङ्ख्या
१०१९४२१

महिला
५३३९३७

परिवार सङ्ख्या
२३५८१८

खोलाको पानी पिउने परिवार
५३६

गरिबीको रेखामुनि रहेको सङ्ख्या
१५८२६१

कामका लागि बाहिरिएका
७०४६२

सबभन्दा बढी जनसङ्ख्या
१२६१९५ (ब्राम्हण पहाड)

अपाङ्गता भएका
१७०५३

५ वर्षमाथिको साक्षरता प्रतिशत
८६

आश्रित जनसङ्ख्या
३९८५१९

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ५ | ५ | | १ | १ |
| बाल अधिकार | | | | १७ | | १७ |
| अपहरण | | | | १ | १ | २ |
| महिला अधिकार | | | | ६८ | | ६८ |
| कुटपिट | | १ | १ | २ | २ | ४ |
| हत्या | १ | २ | ३ | ३ | १० | १३ |
| जम्मा | १ | ८ | ९ | ९१ | १४ | १०५ |

*इन्सेकको अभिलेख अनुसार मोरङमा मानव अधिकार उल्लङ्घनको स्थिति अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ८३ महिलासहित २ सय ९५ जना पीडित भएकामा सन् २०१६ मा ९२ महिलासहित १ सय १४ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा एक महिलासहित नौजना पीडित भए। राज्य पक्षबाट एक महिलासहित तीन जनाको हत्या भयो भने गोलीद्वारा पाँच पुरुष घाइते भए। कुटपिटबाट एक पुरुष पीडित भए। त्यसैगरी गैरराज्य पक्षबाट ९१ महिलासहित १ सय ५ जना पीडित भए। जसमा तीन महिलासहित १३ जना यस वर्ष मारिए। यीमध्ये दुई पुरुष र दुई महिलाको परिवारबाटै हत्या भयो। गैरराज्य पक्षबाट भएको क्रूर हत्या घटनाका आरोपित धेरैजसो १८ देखि २५ वर्ष उमेर समूहका रहे। बाल अधिकार उल्लङ्घनका घटनामा बलात्कारबाट १५ र यौन दुर्व्यवहारबाट दुई गरी १७ बालिका पीडित भए। गत वर्ष २८ बालिकासहित २९ बालबालिका पीडित भएका थिए। त्यसैगरी गत वर्ष १ सय ४० महिला हिंसा तथा ज्यादीतबाट पीडित भएकामा यो वर्ष ६८ जना पीडित भए।*

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरुपले बाँच्ने अधिकार

### हत्या

#### राज्यपक्षबाट

युवा सङ्घ नेपालले रङ्गेली नपा-५ मा २०७२ माघ ७ गते आयोजना गरेको तराई मधेस जागरण अभियानसम्बन्धी आमसभा संयुक्त मधेसी मोर्चाका कार्यकर्ताले बिथोल्न खोजेपछि प्रहरी र मोर्चाका कार्यकर्ताबीच झडप भयो। त्यस क्रममा प्रहरीको गोली लागेर रङ्गेली नपा-४ की ६० वर्षीया

द्रोपतीदेवी चौधरी, बरडङ्गा गाविस-२ का ४५ वर्षीय महादेव ऋषिदेव र डायनिया गाविस-९ का २५ वर्षीय शिवु माझीको मृत्यु भयो। मृतकमध्ये द्रोपतीको छातीमा गोली लागी घटनास्थलमै मृत्यु भएको थियो भने छातीमै गोली लागेका महादेवको विराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारका क्रममा र कोखामा गोली लागी घाइते भएका शिवुको उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो। प्रहरीको गोली र लाठी लागेर रङ्गेली नपा-७ का ३५ वर्षीय जितेन्द्र मण्डल, २६ वर्षीय सुबोध मण्डल, सोही नपा-९ का ५० वर्षीय सत्यनारायण साह, ३५ वर्षीय जगरनाथ साह र सिजुवा गाविस-८ का ४० वर्षीय प्रकाश ढकाल घाइते भए। उनीहरूमध्ये जगरनाथ साहको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा र अन्यको स्थानीय अस्पतालमै उपचार भयो।

घटनापश्चात मृतकलाई शहीद घोषणा, परिवारलाई क्षतिपूर्ति, घाइतेको नि:शुल्क उपचारलगायत माग राखी मोर्चाका कार्यकर्ताले प्रदर्शन गरे। सो क्रममा मोर्चाका कार्यकर्ताले ना २ ख २६९७ र ना २ ख ३८२१ नम्बरको यात्रुबाहक बसमा आगजनी गरी क्षति पुर्‍याए। माघ १० गते मोरङ प्रशासन र मोर्चाबीच पाँच बुँदे सहमतिपछि सोही दिन विराटनगरस्थित कोशी अञ्चल अस्पतालमा शवको पोस्टमार्टम गरिएको थियो। मृतकका परिवारलाई किरिया खर्चस्वरूप जनही २५ हजार रुपियाँ उपलब्ध गराउने, शहीद घोषणा गर्ने, घाइतेको नि:शुल्क उपचारलगायत पाँच बुँदे सहमतिपछि मोर्चाका नेताको रोहबरमा माघ ११ गते परिवारजनले शव बुझी कोशी अञ्चल अस्पतालबाटै शवयात्रा निकालेर विराटनगरको विभिन्न भागको परिक्रमापछि रङ्गेली, बरडङ्गामा परिवारिक रीतअनुसार सद्गत गरे।

घटनापछि स्थितिलाई सहज बनाउने र सद्भाव कायम राख्ने उद्देश्यले मोरङ क्षेत्र नं. ४ का सांसद शिवकुमार मण्डलको संयोजकत्वमा सहायक प्रमुख जिल्ला अधिकारी एकदेव अधिकारी, नेपाल पत्रकार महासङ्घ मोरङका अध्यक्ष महेन्द्र बिष्ट, इन्सेकका क्षेत्रीय संयोजक सोमराज थापासहित पाँच सदस्यीय सम्वाद समिति गठन भयो। समितिले स्थानीय तहमा विभिन्न पक्षसँग छलफल र सम्वाद गरी स्थितिलाई सामान्य बनाउन पहल गरेको थियो। आन्दोलनरत पक्ष र स्थानीय प्रशासनबीच भएको सहमतिमा उच्चस्तरीय छानबिन समिति बनाउने प्रतिबद्धता गरिए पनि समिति भने बनेन। मृतकका



*युवा सङ्घ नेपालले रङ्गेलीमा आयोजना गरेको तराई मधेश जागरण अभियानमा संयुक्त मधेशी मोर्चाका कार्यकर्ताहरूले बिथोल्न खोजेपछि प्रहरी र मोर्चाका कार्यकर्ताबीच भएको दोहोरो झडपमा प्रहरीको गोली लागी मारिएका द्रोपतीदेवी चौधरी, महादेव, ऋषिदेव र शिवु माझीको शव यात्रा*

परिवारलाई सरकारले १० लाख रुपियाँका दरले राहत प्रदान गर्‍यो। घाइतेले भने उपचार खर्च नपाएको सङ्घीय समाजवादी फोरम, मोरङका अध्यक्ष राजकुमार यादवले बताए।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

विराटनगरमा रिक्सा चलाउँदै आएका भोजपुरका ४८ वर्षीय अनिल राईलाई २०७३ असार ४ गते जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङमा कार्यरत प्रहरी जवान भोजराज पोखरेलले विराटनगरस्थित जलजला रोडमा निषेधित क्षेत्रमा रिक्सा पार्किङ गरेको भन्दै कुटपिट गरे। पोखरेललाई पूर्व क्षेत्रीय ट्राफिक प्रहरी कार्यालय इटहरीले विभागीय कारबाहीअन्तर्गत २०७३ असार ६ गते ६ महिनाका लागि निलम्बन गरेकोमा हाल आरोपितको निलम्बन फुकुवा भइसकेको जिल्ला ट्राफिक प्रहरी कार्यालय मोरङका इन्सपेक्टर धनप्रसाद शिवाकोटीले बताए।

### गैरराज्यपक्षबाट

विराटनगर उपमनपा-९ का सद्भावना पार्टीका केन्द्रीय सदस्य ५५ वर्षीय दिलिप धाडेवाल र सोही पार्टीका प्रवक्ता सुनसरी जिल्ला इनरुवा नपा-६ का ३० वर्षीय सन्तोष मेहतालाई २०७२ माघ ७ गते युवा सङ्घ नेपालका कार्यकर्ताले रङ्गेलीमा आयोजना गरेको आमसभा सकेर फर्कने क्रममा विराटनगर उमनपा-९ स्थित जलजला चोकमा आक्रमण गरे। घाइतेद्वयको टाउको, अनुहार र शरीरमा चोट लागेपछि विराटनगरस्थित गोल्डेन अस्पतालमा उपचारका लागि

भर्ना भएकामा धाडेवाको थप उपचार धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। घटनाको विरोधमा मोर्चाका कार्यकर्ताले विराटनगरमा नाराबाजी गरे।

### कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता पुरुषतर्फ २ सय ५० र महिलातर्फ ५० गरी ३ सय जनाको छ। तर पुरूषतर्फ ६ सय ४४ र महिलातर्फ ५९ गरी ७ सय ३ कैदी/बन्दी छन्। जसमा ३ सय ३५ कैद तोकिएका र ३ सय ६८ कैद नतोकिएका छन्। तीन महिनाका एक बालकसहित चारजना आश्रित बालक छन्। क्षमताभन्दा झण्डै तीन गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा निकै समस्या हुने गरेको छ। २०४५ सालमा बनेको यो कारागारमा पुरुषतर्फ भवन अभावका कारण सुत्न/बस्नै समस्या हुने गरेको छ। महिलातर्फ स्वच्छ पिउने पानी अभाव छ। वर्षा मौसममा अत्याधिक पानी जम्ने हुनाले बसोबासमा समेत समस्या हुने गरेको बन्दीहरूको गुनासो छ। यस वर्ष इन्सेक पूर्वाञ्चल क्षेत्रीय कार्यालयको पहलमा २०७३ भदौ २९ गते मोरङ कारागारका आश्रित बालबालिकालाई सेतो गुराँसकी अध्यक्ष सरू केसीले जाडोका लागि न्यानो कपडा र दुई वर्षका लागि पोषिलो खाद्य पदार्थ उपलब्ध गराइन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

मोरङमा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा नौ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार १ सय ८४ र फौजदारीतर्फ ९ सय थान छन्। यसैगरी १२ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा पाँच मात्र कार्यरत छन्। यस आर्थिक वर्षको ०७३ साउनदेखि पुष १६ गतेसम्ममा नयाँ दर्ता भएका ९ सय ६४ थान र अघिल्लो आर्थिक वर्षको जिम्मेवारी सरेर आएका मुद्दा १ हजार ५ सय ५६ थान गरी २ हजार ५ सय २० थान मुद्दा छन्। यसमा ४ सय ९२ थान फछ्र्योट भए। जसमा देवानीतर्फ ९ सय ६३ र फौजदारीतर्फ ८ सय ८७ मुद्दा फर्स्यौट हुन बाँकी रहे।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ७६ प्रावि, १ सय ५ निमावि, ९५ मावि र ६० उमावि छन्। ४ हजार १३ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ५८ हजार ४ सय ३२ बालक र ६६ हजार २ सय ३७ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। अपाङ्गता भएका बालबालिका अध्ययन गर्ने विशेष स्रोत कक्षा १२ वटा छन्। यस वर्ष १९ हजार ९३ जना दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ४६ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १५ | १५ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १७ | १७ |

विद्यालय व्यवस्थापन समिति चयनमा मनोमानी भएको भन्दै मोरङमा विद्यालयसँग सम्बन्धित उजुरी र मुद्दा मामिलाको सङ्ख्या वृद्धि भएको छ। विद्यालय व्यवस्थापन समिति चयन हुँदा राजनीतिक दलबीच हुने प्रतिस्पर्धाले स्थानीयबीच फाटो ल्याउने, मुद्दाका लागि अदालत धाउने र जिल्ला शिक्षा कार्यालयमा उजुरी पर्ने क्रम बढेको हो। जिल्लाका नौवटा माविको व्यवस्थापन समितिसम्बन्धी मुद्दा अदालतमा विचाराधीन छ। निर्वाचित समितिसँग असहमति राख्दै अदालतमा मुद्दा दर्ता गरिएपछि नयाँ र पुरानो समितिको झगडाले पढाइसमेत प्रभावित भयो। अभिभावकले पढाइ प्रभावित भएकोबारे ध्यानाकर्षण गराउँदा पनि जिल्ला शिक्षा कार्यालय यसतर्फ संवेदनशील देखिएको छैन। खासगरी व्यवस्थापन समितिमा दलीय आधारमा प्रतिस्पर्धा हुने भएकाले यो स्थिति आएको हो।

मोरङको सौंठा मावि, जनता मावि कसेनी, गायत्री संस्कृत मावि विराटनगर, भातीगछ मावि पथरी-शनिश्चरे, पञ्चायत मावि, सरस्वती निमावि, साजिलाल मावि सुन्दर-दुलारी, जनसेवा मावि वयरवन, नारायण मावि डङ्ग्राहाको व्यवस्थापन समिति विवादले उग्र रूप लिँदै अदालतसम्म पुगेको र मुद्दा चलिरहेको छ।

यसैगरी जिल्ला शिक्षा कार्यालयमार्फत बजेट निकासा भएर विद्यालयमा बनेका भौतिक संरचना निर्माण अपुरो रहेको, गुणस्तरहीन भएको भन्दै सर्वसाधारणको अख्तियारमा उजुरी परेपछि शिक्षा कार्यालयले अनुगमन थालेको छ। भौतिक संरचना

निर्माणमा घोटाला भएको भन्दै प्रजातन्त्र मावि भौडाहा, जनता मावि भातिगछ र बरडङ्गा मावि बरडङ्गाको विद्यालय व्यवस्थापन समिति र प्राचार्यविरुद्ध अख्तियारमा उजुरी परेको छ।

*सन् २०१५ मा २८ बालिकासहित २९ बालबालिका पीडित भएका थिए। जसमा बलात्कारबाट २१ र बेचबिखन घटनाबाट दुई बालिका पीडित भएका थिए। पाँच बालिका र एक बालक यौनजन्य दुर्व्यवहारबाट पीडित भएका थिए। यो वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा १७ बालिका पीडित भए। १५ बालिका बलात्कारबाट पीडित बने भने दुई बालिकालाई यौन दुर्व्यवहार भयो। बलात्कारबाट ५ देखि १७ वर्षसम्मका बालिका पीडित भए। बालिकामाथि परिवारकै सदस्यबाट समेत बलात्कार भयो। यस्ता घटनामा आरोपितको उमेर १२ देखि ७० वर्षसम्म रहेको पाइयो। यो वर्ष सामूहिक बलात्कार घटनामा दुई बालिका पीडित भए।*

**बलात्कार, यौन दुर्व्यवहार**

सात वर्षीया बालिकालाई २०७३ भदौ १४ गते १३ वर्षीय बालकले यौन दुर्व्यवहार गरेको भन्दै पीडितका आफन्तले प्रहरीमा उजुरी दिए। भदौ २९ गते गिरफ्तार भएका बालकलाई जिल्ला अदालतले बाल सुधार गृह पठाउने आदेश दियो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*सन् २०१६ मा घरेलु हिंसापीडित भन्दै १ सय १३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा ६३ वटा घटनामा मिलापत्र भयो भने ३० घटनाका उजुरकर्ता सम्पर्कमा नै आएनन्। १८ उजुरी भने कानुनी प्रक्रियामा छन्। घरेलु हिंसाअन्तर्गत दर्ता भएका प्रायः घटना मादक पदार्थ सेवन गरेर कुटपिट गरी घर निकाला गरिएको, खान लाउन नदिएको, हेला गरेको जस्ता छन्।*

*यो वर्ष विभिन्न घटनामा ६८ महिला पीडित भए। गत वर्ष यो सङ्ख्या १ सय ४० थियो। यो वर्ष परिवारबाटै दुई महिलाको हत्या भयो। कथित बोक्सीको आरोपबाट एक महिला पीडित भइन्। त्यसैगरी बलात्कारबाट सात, बलात्कार प्रयासबाट तीन, बहुविवाहबाट एक, बेचबिखनबाट एक र घरेलु हिंसाबाट ५५ महिला पीडित भए।*

| घटनाको प्रकार | गैर राज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ७ | ७ |
| बलात्कारको प्रयास | ३ | ३ |
| बहुविवाह | १ | १ |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | ५५ | ५५ |
| जम्मा | ६८ | ६८ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२१ वर्षीया एक महिलालाई २०७३ असोज १३ गते राति सुन्दरदुलारी गाविसका २२ वर्षीय कृष्ण राईले बलात्कार गरेको भन्दै पीडित पक्षले असोज १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। सोही दिन गिरफ्तार भएका कृष्णलाई जिल्ला अदालतले कात्तिक ९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**मानव बेचबिखन तथा ओसार पसार**

२९ वर्षीया एक महिलालाई २०७२ माघ १५ गते बेलवारी नपा-११ का ३३ वर्षीय बासुदेव राई र सुनसरी जिल्ला इटहरी उमनपा-६ का ३१ वर्षीय कैलाश पोखरेलले विभिन्न प्रलोभन देखाएर बेचबिखनका लागि भारत लैजाने क्रममा प्रहरीले विराटनगर उमनपा-२० स्थित हुलास मेटल नजिकबाट उद्धार गऱ्यो। पीडित महिलालाई परिवारको जिम्मा लगाइयो। गिरफ्तार भएका दुवैलाई जिल्ला अदालतले फागुन १० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

**अमानवीय व्यवहार**

होक्लाबारी गाविस-२ की २७ वर्षीया यशोदा डोटेल भण्डारीलाई २०७२ फागुन ६ गते ३२ वर्षीय पति रोशन भण्डारी, ५५ वर्षीय ससुरा छत्रबहादुर भण्डारी, ५० वर्षीया सासू रूपा भण्डारी, २५ वर्षीया नन्द मन्दिका भण्डारी र कथित धामिनी सुनसरी जिल्ला इटहरी उमनपा-७ की ३८ वर्षीया जानुका कोइरालाले बोक्सीको आरोप लगाउँदै दुर्व्यवहार गरी मलमूत्र खुवाउने प्रयास गरे। पीडितले आरोपितहरूमाथि कारबाही माग गर्दै इलाका प्रहरी कार्यालय रङ्गेलीमा

फागुन ९ गते उजुरी दिइन्। फागुन १० गते गिरफ्तार भएका आरोपितहरू जिल्ला अदालतको चैत २ गतेको आदेश अनुसार जनही २७ हजार रुपियाँ धरौटीमा रिहा भए।

## परिवारजनबाट हत्या

पथरी शनिश्चरे नपा-१० पीपलडाँडाकी ३७ वर्षीया कल्पना परियारलाई २०७३ साउन ३० गते ४६ वर्षीय पति विनोद परियारले टाउकोमा कपडा काट्ने कैंचीले प्रहार गरी घाइते बनाएकामा उनको स्थानीय क्लिनिकमा उपचारका क्रममा साउन ३१ गते मृत्यु भयो। शवको पोस्टमार्टम भदौ १ गते कोशी अञ्चल अस्पतालमा भयो। साउन ३१ गते गिरफ्तार भएका विनोदलाई जिल्ला अदालतले भदौ २७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## स्वास्थ्य सेवाको अवस्था

मोरङमा एउटा अञ्चल अस्पताल, एउटा जिल्ला अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्रबाट स्तरोन्नति भएको एक अस्पताल, ६० स्वास्थ्य चौकी र ६ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला अस्पतालमा तीन डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा अहेवको १ सय ९८ दरबन्दी भएपनि १७ वटा रिक्त छन्। त्यसैगरी अनमीको १ सय ३८ दरबन्दीमा १ सय २० जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २५ करोड ८ लाख ५४ हजार र औषधि खर्चबापतको रकम ५५ लाख रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | १ | २ | | १२ | १५ |
| यौन दुर्व्यवहार | | | १ | १ | २ |
| जम्मा | १ | २ | १ | १३ | १७ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | १ | | | १ |
| बलात्कार | १ | २ | १ | | ३ | ७ |
| बलात्कारको प्रयास | | | | १ | २ | ३ |
| बहुविवाह | | | | | १ | १ |
| महिला बेचबिखन | | | | | १ | १ |
| घरेलु हिंसा | | १ | १६ | ३८ | | ५५ |
| जम्मा | १ | ३ | १८ | ३९ | ७ | ६८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | ३ | ९ | १३ |

# १.६ सुनसरी



जम्मा जनसङ्ख्या
७३३९३९

महिला
३८१५६३

परिवार सङ्ख्या
१६०२७०

खोलाको पानी पिउने परिवार
२९६

गरिबीको रेखामुनि रहेको सङ्ख्या
८९८८८

कामका लागि बाहिरिएका
५०२८१

सबभन्दा बढी जनसङ्ख्या
९१५०० (थारू)

अपाङ्गता भएका
१०४०९

५ वर्षमाथिको साक्षरता प्रतिशत
६४.४६

आश्रित जनसङ्ख्या
३२४०३६

| प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | महिला | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २४ | | २४ |
| अपहरण | | | | १ | १ |
| महिला अधिकार | | | २१ | | २१ |
| कुटपिट | १ | १ | | १ | १ |
| हत्या | | | ५ | | ५ |
| जम्मा | १ | १ | ५० | २ | ५२ |

*सुनसरीको मानव अधिकार अवस्था गत वर्षको तुलनामा सुधारोन्मुख रह्यो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्य पक्षबाट २२ र गैरराज्य पक्षबाट ५३ गरी ७५ जना पीडित भएकामा यो वर्ष राज्य पक्षबाट एक र गैरराज्य पक्षबाट ५२ गरी ५३ जना पीडित भए। गत वर्ष गैरराज्य पक्षबाट हत्यामा दुई जना पीडित भएकामा यो वर्ष पाँचजना पीडित भए। यस्ता सबै पीडित महिला नै रहे। जसमध्ये एकको हत्या परिवारजनबाटै भयो। अपहरणबाट एक पुरुष पीडित भए। बाल अधिकार उल्लङ्घनका घटनामा बलात्कार, यौन दुर्व्यवहारबाट २४ बालिका पीडित भए। गत वर्ष १९ बालिका र चार बालक गरी २३ जना पीडित भएका थिए। महिला अधिकार उल्लङ्घनमा गत वर्ष १९ जना पीडित भएकामा यो वर्ष २१ महिला पीडित भए। जसमा बलात्कारको घटनामा १४, बलात्कार प्रयासमा चार, यौनजन्य दुर्व्यवहारमा दुई र मानव बेचबिखनमा एक जना पीडित भए।*

२०७२ असोज ३ गते जारी संविधानमा आफ्ना माग नसमेटिएको भन्दै मधेसकेन्द्रित दल र संयुक्त मधेसी मोर्चाद्वारा तराईका विभिन्न ठाउँमा विरोध प्रदर्शन भए। त्यसको प्रत्यक्ष असर सन् २०१६ को सुरुमै यो जिल्लामा पनि पर्‍यो। जसका कारण नागरिकले आधारभूत सेवाको अवसरबाट वञ्चित हुनुपर्‍यो। विभिन्न जातीय सङ्गठनले बेलाबेलामा गरेका आन्दोलनका कारण जिल्लाको जनजीवन प्रभावित भयो।

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

इटहरी उमनपा-१६ का ३४ वर्षीय मनोज

पञ्जियारलाई २०७३ भदौ १० गते इलाका प्रहरी कार्यालय इटहरीमा कार्यरत सई रामचन्द्र पोखरेलले कुटपिट गरे। तीन दिनअगाडि सरुवा भएर आएका डिएसपी नरेशराज सुवेदीको नेमप्लेट लेखेको पैसा लिन जाँदा बिल बढी भएको भन्दै सईले कुटपिट गरेको पीडितले बताए। बिनाकारण कुटाइ खाएपछि पीडितले सइविरुद्ध सोही प्रहरी कार्यालयमा भदौ १० गते उजुरी गरे। आरोपितलाई विभागीय कारबाही गरिएको डिएसपी नरेशराज सुवेदीले जानकारी दिए।

### कारागार र बन्दी

देशकै दोस्रो ठूलो झुम्का कारागारको क्षमता १ हजार ६ सय जनाको छ। कारागारमा कैद तोकिएका १ हजार १ सय ७१ र कैद नतोकिएका ३ सय ९६ गरी १ हजार ५ सय ६७ जना छन्। यहाँ टेलिभिजन, रेडियो र पत्रपत्रिकाको सुविधा छ। कारागारभित्र भलिबल, टेनिस, बुद्धिचाललगायत खेलकुद सामग्रीको पनि व्यवस्था छ। साथै कैदी र बन्दीले कारागारभित्रै मुढालगायत बाँसका सामग्री बनाउने उद्योगसमेत सञ्चालन गरेका छन्। २०६६ सालमा बनेको यो कारागारमा महिला र आश्रित बालबलिका छैनन्।

यो वर्षको अन्त्यसम्ममा झुम्का कारागारमा १५ जनाको मृत्यु भएको कारागार प्रशासनले जनायो। दुई ओटा ब्लक भएको कारागारमा यो अवधिमा पाँच सयभन्दा बढी बन्दीहरू गम्भीर बिरामी भए। जेलर गणेश अधिकारीका अनुसार उच्च रक्तचापका ३६, मधुमेहका ३० जनाभन्दा बढी गम्भीर अवस्थाका बिरामीहरू अझै पनि कारागारमा रहेका छन्। एचआइभी/एड्स र हेपटाइटिस सीका एक/एक रोगी छन् भने ४५ जना मानसिक रोगीमध्ये केही सिकिस्त छन्।

बढी क्षमताको कारागार भएकाले दुर्गम ठाउँका जेलबाट कैदी स्थानान्तरण भई आउने हुँदा विरामीको सङ्ख्या बढ्ने र यसले गर्दा व्यवस्थापनमा समस्या हुनुको साथै वार्षिक बजेटले बिरामीको उपचारमा समेत रकम अपुग हुने गरेको जेलर अधिकारीको भनाइ छ। सामान्य प्रकृतिका बिरामीको कारागारभित्रै उपचार हुने र गम्भीर अवस्थाका बिरामीलाई धरानस्थित वीपी कोइराला मेमोरियल स्वास्थ्य प्रतिष्ठान र कोशी अञ्चल अस्पतालमा पठाइने गरिएको जेलर अधिकारीले बताए। गम्भीर बिरामीलाई आइसीयूमा राखी उपचार गर्न खर्चले धान्न नसक्ने जनाउँदै अस्पतालले बिरामी नै फर्काउने गरेको उनले बताए। कारागारमा रहेको स्वास्थ्य केन्द्रमा एकजना अहेव र एकजना अनमीको दरबन्दी छ। उनीहरूले विरामीको नियमित चेकजाँच र औषधीको फलोअप गर्ने गरेता पनि बन्दीको सङ्ख्या अनुसार स्वास्थ्यकर्मीको संख्या न्यून नै भएको कैदी बन्दीहरूको गुनासो छ।

बिरामीको सङ्ख्या बढेको बेला अस्पतालसम्म पुर्‍याउनका लागि सवारी साधनको अभाव छ। जेलर अधिकारीका अनुसार कारागारमा भएको एउटा ठूलो पिकअप भ्यान विरामी बोक्न र देशका विभिन्न अदालतले भनेको बेला त्यही गाडीमार्फत कैदी बन्दीलाई उपस्थित गराउनु पर्दा थप समस्या बेर्होनु परेको छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सुनसरी जिल्ला अदालतमा नौ जना न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार ३ सय ३० र फौजदारीतर्फ १ हजार १ सय १४ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा ६५ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय १३ प्रावि, ६९ निमावि, ५५ मावि र ४२ उमावि छन्। दुई हजार ७ सय ५३ शिक्षकको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। यस वर्ष ९९ हजार ६ सय १२ बालक र ९० हजार ४३ बालिका गरी १ लाख ८१ हजार ६ सय ५५ जना बालबालिका सामुदायिक र निजी विद्यालयमा भर्ना भए। २० हजार २ सय १ दलित बालबालिकाले यस वर्ष छात्रवृत्ति पाए। त्यसैगरी ५ सय ६४ जना अपाङ्गता भएका बालबालिका विद्यालय जाने गरेका छन्। जसमध्ये १ सय ९८ बालबालिका विद्यालयमै बसेर पढ्छन्। अपाङ्गमैत्री विद्यालय भने छैनन्। सुनसरीमा कर्मचारी र शिक्षकको तलबबाहेक शैक्षिक कार्यक्रमका लागि यो वर्ष ५२ करोड ६६ लाख ३१ हजार रुपियाँ बजेट छ।*

| घटनाको प्रकार | गैर राज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १९ | १९ |
| यौन दुर्व्यवहार | ५ | ५ |
| जम्मा | २४ | २४ |

*धरान उमनपा-२१ मा पर्ने हर्दिया, तेलेनपुर, सेर्के, कालीमाटी, राजभँडार, ढाडेलगायत ६ गाउँमा मावि र उच्च मावि नहुँदा सो ठाउँका करिब ३ सय ५० बालबालिका अझै पनि मावि र उच्च मावि अध्ययनका लागि तीन घण्टा पैदल हिँडेर धरानसम्म धाउनुपर्ने बाध्यता छ। उक्त वडामा एउटा प्रावि र एउटा निमाविमात्र छन्। सुनसरीकै विकट मानिने सो ठाउँलाई धरान उमनपा बनाउने क्रममा दुई वर्षअघि वडा नं. २१ मा गाभिए तापनि विद्यालयको सुविधा नभएका कारण यस किसिमको समस्या व्यहोर्नुपरेको स्थानीयको गुनासो छ।*

*सन् २०१५ को तुलनामा यो वर्ष बाल अधिकार उल्लङ्घनका घटना उस्तै भए। गत वर्ष बलात्कारबाट १७ र यौन दुर्व्यवहारबाट दुई बालिका पीडित भएकामा यो वर्ष बलात्कारबाट १९ र यौन दुर्व्यवहारबाट पाँच बालिका पीडित भए। यस वर्ष चार वर्षीया बालिकासमेत बलात्कारबाट पीडित भइन् भने बाबुले १० वर्षीया छोरीलाई बलात्कार गरेको घटना अभिलेख गरिएको छ। बलात्कार आरोपितमा १२ देखि ७० वर्षका वृद्धसम्म रहे। सामूहिक बलात्कारबाट एक बालिका पीडित भइन्।*

**बलात्कार, यौन दुर्व्यवहार**

६ वर्षीया बालिकालाई २०७२ पुस ३० गते भरौल गाविस-३ का ६५ वर्षीय दिलबहादुर श्रेष्ठले बलात्कार गरेको आरोपमा पीडितका बाबुले इलाका प्रहरी कार्यालयमा माघ १ गते उजुरी दिए। बालिकाको माघ १ गते जिल्ला अस्पताल इनरुवामा स्वास्थ्य परीक्षण भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका दिलबहादुरलाई जिल्ला अदालतले २०७३ वैशाख २७ गते ११ वर्ष कैद र पीडितलाई १० हजार रुपियाँ भराउने फैसला सुनायो।

१२ वर्षीया बालिकालाई २०७२ फागुन १२ गते धरान उपमनपा-२७ का २५ वर्षीय सुमन माझीले यौन दुर्व्यवहार गरेको आरोपमा पीडितका आफन्तले फागुन १३ गते इलाका प्रहरी कार्यालय धरानमा उजुरी दिए। सोही दिन बालिकाको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा स्वास्थ्य परीक्षण भयो। चैत १८ गते गिरफ्तार भएका सुमनलाई जिल्ला अदालतले २०७३ जेठ १३ गते चार वर्ष कैदको फैसला सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष सुनसरीमा घरेलु हिंसापीडित भन्दै २*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १४ | १४ |
| बलात्कारको प्रयास | ४ | ४ |
| महिला बेचबिखन | १ | १ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | २१ | २१ |

*सय २१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका १ सय २४, खान/लाउन नदिएको ७१ र सामान्य घरायसी झगडाका २६ घटना छन्। यीमध्ये प्रहरीले १ सय ५६ वटामा मिलापत्र गरायो भने ६५ उजुरी कानुनी प्रक्रियामा छन्।*

*सन् २०१५ मा यस जिल्लामा महिला अधिकार उल्लङ्नबाट १९ जना पीडित भएका थिए। सो अवधिमा बलात्कारबाट तीन, बलात्कार प्रयासबाट दुई, बहुविवाहबाट दुई, महिला बेचबिखनबाट एक, यौनजन्य दुर्व्यवहारबाट एक र घरेलु हिंसाबाट १० महिला पीडित भएका थिए। सन् २०१६ को अवधिमा महिला अधिकार उल्लङ्घनबाट २१ महिला पीडित भए। यस अवधिमा बलात्कारबाट १४, बलात्कारको प्रयासबाट चार, यौन दुर्व्यवहारबाट दुई र महिला बेचविखनबाट एक महिला पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२३ वर्षीया एक युवतीलाई २०७२ फागुन २० गते इनरुवा नपा-५ का ३२ वर्षीय जितेन भनिने प्रतापसिंह राजभरले बलात्कार गरेको भन्दै पीडितले फागुन २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको फागुन २१ गते इनरुवा अस्पतालमा स्वास्थ्य परीक्षण भयो। फागुन २१ गते गिरफ्तार भएका प्रतापलाई जिल्ला अदालतले २०७३ साउन २६ गते पाँच वर्ष कैद र पीडितलाई ५० हजार भराउने फैसला सुनायो।

**परिवारजनबाट हत्या**

इटहरी उमनपा-४ की ६२ वर्षीया बेचनी चौधरीलाई २०७३ जेठ १२ गते २८ वर्षीय छोरा विजय चौधरीले हत्या गरी गाडेको आरोपमा बेचनीका पति भरतलालले इलाका प्रहरी कार्यालय इटहरीमा उजुरी

दिए। असार ९ गते गिरफ्तार भएका विजयलाई जिल्ला अदालतले २०७३ साउन ३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। आरोपितले आमाको हत्या गरी गाडेको स्वीकार्दै गाडेको ठाउँ बताएपछि असार ९ गते नै शव निकालिएको थियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको जिल्ला सरकारी वकिल कार्यालयले जनायो।

### स्वास्थ्य सेवाको अवस्था

सुनसरीमा एउटा जिल्ला अस्पताल, ४७ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १० डक्टरको दरबन्दी रहेकामा एकजना मात्रै कार्यरत छन्। अहेबको १ सय ४१ दरबन्दी रहेकामा पाँच दरबन्दी रिक्त छ। त्यस्तै ९४ जना अनमीको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्टाफ नर्सतर्फ चारजनाको दरबन्दी रहेकामा तीन खाली छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २४ करोड ७८ लाख ९१ हजार रुपियाँ छ। यस जिल्लामा मेडिकल कलेजसहितको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान विश्वविद्यालयसमेत छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | १ | ४ | ४ | १० | १९ |
| यौन दुर्व्यवहार | | १ | १ | ३ | ५ |
| जम्मा | १ | ५ | ५ | १३ | २४ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङगिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | ३ | १ | | १० | १४ |
| बलात्कारको प्रयास | १ | | | ३ | ४ |
| महिला बेचबिखन | | | | १ | १ |
| यौन दुर्व्यवहार | १ | | १ | | २ |
| जम्मा | ५ | १ | १ | १४ | २१ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | २ | १ | २ | ५ |

# १.७ धनकुटा



जम्मा जनसङ्ख्या
१६२३००

महिला
८७८१७

परिवार सङ्ख्या
३९८७८

खोलाको पानी पिउने परिवार
३६७

गरिबीको रेखामुनि रहेको सङ्ख्या
२५६७७

कामका लागि बाहिरिएका
१४४१५

सबभन्दा बढी जनसङ्ख्या
३३२५३ (क्षेत्री)

अपाङ्गता भएका
४८८१

५ वर्षमाथिको साक्षरता प्रतिशत
९५

आश्रित जनसङ्ख्या
६५९०९

*इन्सेकको अभिलेख अनुसार धनकुटामा यो वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना गत वर्षको तुलनामा कम भए। सन् २०१५ मा राज्य र गैरराज्य पक्षबाट ५५ महिलासहित ६६ जना पीडित भएकामा सन् २०१६ मा ४८ जना पीडित भए। गत वर्ष राज्यतर्फबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा तीनजना पीडित भएकामा सन् २०१६ मा दुईजना पीडित भए। गत वर्ष दुई बालिका पीडित भएकामा यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा एकजना पीडित भए। गत वर्ष महिला अधिकार उल्लङ्घनबाट ५० जना पीडित भएकामा यो वर्ष ४२ जना पीडित भएको इन्सेकले अभिलेख गरेको छ ।*

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | १ | | १ |
| अमानवीय व्यवहार | | | १ | | १ |
| महिला अधिकार | | | ४२ | | ४२ |
| कुटपिट | २ | २ | | | |
| हत्या | | | | २ | २ |
| जम्मा | २ | २ | ४४ | २ | ४६ |

**कुटपिट/धम्की**

**राज्यपक्षबाट**

धनकुटा नपा-१ का ३३ वर्षीय अर्जुन तामाङ र धरान उपमनपा-२० घर भई धनकुटा नपा-१ कुवापानीमा बस्दै आएका २७ वर्षीय रमेश कटुवाललाई २०७३ वैशाख २६ गते सशस्त्र प्रहरी बल बेस क्याम्पका प्रहरीले कुटपिट गरे। झापाको दमकबाट मोटरसाइकलमा घर फर्कंदै गरेका कटुवाल र तामाङलाई सशस्त्र प्रहरी बल मूलघाटमा लाइसेन्स चेक गर्ने क्रममा सामान्य विवाद हुँदा इन्स्पेक्टर अशोक न्यौपानेको निर्देशनमा बेस क्याम्पका परिचय नखुलेका भान्से र मण्डल थरका प्रहरीले कुटपिट गरेको पीडितले बताए। तामाङको शरीरमा नीलडाम थियो। घाइतेको उपचार



*सशस्त्र प्रहरीको कुटपिट र यातनाबाट घाइते भएका अर्जुन तामाङ*

धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। पीडितहरूले वैशाख २९ गते जिल्ला प्रशासन कार्यालयमा दिएको उजुरीका आधारमा घटनाको छानबिन गर्न सशस्त्र प्रहरी बल छिन्ताङ गुल्मका इन्सपेक्टर रोहित घिमिरेको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरिएको थियो। सो समितिले जेठ ३ गते दिएको प्रतिवेदनअनुसार इन्सपेक्टर न्यौपाने दोषी देखिएकाले विभागीय कारबाहीका लागि बेस क्याम्पबाट फिर्ता बोलाएर सशस्त्र प्रहरी बल बराहा बाहिनी पूर्वाञ्चल क्षेत्रीय मुख्यालय, इटहरी पठाएको गुल्मपति डिएसपी धीरेन्द्रराज न्यौपानेले बताए।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ४० जनाको छ। तर, ५५ कैदी र १७ बन्दी गरी ७२ जना छन्। जसमा ६ महिला छन्। एक आश्रित बालक छन्। क्षमताभन्दा दोब्बर कैदी/बन्दी भएकाले व्यवस्थापकीय समस्या देखिन्छ। पुरुष कैदी र थुनुवा बस्ने जिल्ला अदालतको पुरानो भवनमा रहेको कारागार पटक-पटकको भूकम्पका कारण जीर्ण बनेको छ। साथै यो ओसिलो पनि छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला र उच्च अदालत (विराटनगरको धनकुटा इजलास) गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ७१ र फौजदारीतर्फ ९३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

यसैगरी तीन जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत विराटनगर धनकुटा इजलासमा दुई न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३९ र फौजदारीतर्फ ८१ थान छन्। दुई वर्ष पुराना मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ७ प्रावि, ५३ निमावि, ४३ मावि र ४२ उमावि छन्। जिल्लामा १ हजार ६ सय १९ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष १८ हजार ५४ बालक र १८ हजार १ सय ७२ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। १ हजार ५ सय २६ दलित बालक र १ हजार ५ सय ३९ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। यस वर्ष धनकुटामा द्वन्द्वपीडित परिवारका ८ बालबालिकालाई छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

*यस वर्ष जिल्लामा एक बालिका बलात्कारको घटनामा पीडित भइन्। अघिल्लो वर्ष एक बालिका बलात्कार र एक बालिका यौन दुर्व्यवहारको घटनामा पीडित भएका थिए।*

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७३ भदौ ४ गते चानुवा गाविस-२ का ४० वर्षीय जीतबहादुर रसाइलीले बलात्कार गरेको आरोपमा पीडित पक्षले भदौ ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित बालिकाको स्वास्थ्य परीक्षण भदौ ९ गते जिल्ला अस्पतालमा भयो। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसाबाट पीडित भन्दै ६३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ४१, खान/लाउन नदिएको आठ, विवाह दर्ता र नागरिकता नबनाइदिएको एक, बहुविवाहको एक र घरायसी झगडाका घटना १० वटा छन्। उजुरीमध्ये प्रहरीले ६१ वटामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्।*

*अघिल्लो वर्ष विभिन्न घटनामा ५० जना महिला पीडित भएकामा सन् २०१६ मा ४२ जना*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ४० | ४० |
| जम्मा | ४२ | ४२ |

*पीडित भए। अघिल्लो वर्ष तीन महिला बलात्कारका घटनामा, दुई बलात्कार प्रयासको घटनामा, दुई यौन दुर्व्यवहारको घटनामा, पाँच बहुविवाहका घटनामा र ३८ जना घरेलु हिंसाका घटनामा पीडित भएकामा सन् २०१६ मा एक महिला बलात्कारको घटनामा, एक बहुविवाहको घटनामा र ४० जना घरेलु हिंसाबाट पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

५५ वर्षीया महिलालाई २०७३ मङ्सिर १८ गते ताङ्खुवा गाविस-४ का २२ वर्षीय रविन लिम्बूले बलात्कार गरेको आरोपमा पीडितले मङ्सिर २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण मङ्सिर २० गते जिल्ला अस्पतालमा भयो। मङ्सिर २१ गते गिरफ्तार भएका रविनलाई जिल्ला अदालतले पुस १४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**अमानवीय व्यवहार**

हात्तीखर्क गाविस-५ की ५४ वर्षीया यानुमाया भण्डारीलाई लेनदेनको विवादमा २०७३ जेठ १ गते सोही स्थानका २३ वर्षीय दीपक कार्की, २२ वर्षीया मनिषा कार्की र ५० वर्षीया सीता कार्कीले मलमूत्र खुवाउने प्रयास गरी दुर्व्यवहार गरेको भन्दै पीडितले जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। सोही दिन गिरफ्तार भएका आरोपितहरूलाई असार ३० गते जिल्ला प्रशासन कार्यालयले जनही ५ हजार २ सय २५ रुपैँया जारिबानाको फैसला गऱ्यो।

**स्वास्थ्य सेवाको अवस्था**

धनकुटामा एउटा जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ३५ स्वास्थ्य चौकी छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा चार जना कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको ५९ दरबन्दी रहेकामा ५० जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड १७ लाख ६७ हजार रुपियाँ र औषधि खर्चबापतको बजेट ४३ लाख ११ हजार रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | १ | १ |
| बहुविवाह | | | | १ | १ |
| घरेलु हिंसा | २ | ५ | ३३ | | ४० |
| जम्मा | २ | ५ | ३३ | २ | ४२ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ |

# १.८ तेह्रथुम



जम्मा जनसङ्ख्या
९७३५०

महिला
५२९९३

परिवार सङ्ख्या
२२६८५

खोलाको पानी पिउने परिवार
८३

गरिबीको रेखामुनि रहेको सङ्ख्या
१४६७७

कामका लागि बाहिरिएका
७९९१

सबभन्दा बढी जनसङ्ख्या
३६३७५ (लिम्बू)

अपाङ्गता भएका
२६२६

५ वर्षमाथिको साक्षरता प्रतिशत
६८.३

आश्रित जनसङ्ख्या
४१०७९

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ३ | | ३ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | | १ | १ |
| महिला अधिकार | ११ | | ११ |
| कुटपिट | | २ | २ |
| जम्मा | १४ | ३ | १७ |

***इन्सेकको अभिलेख अनुसार तेह्रथुममा यो वर्ष मानव अधिकारको अवस्था सुधारोन्मुख रह्यो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्य पक्षबाट तीन पुरुष पीडित भएकामा सन् २०१६ मा राज्य पक्षबाट मानव अधिकार उल्लङ्घन भएको जानकारीमा आएन। गैरराज्य पक्षबाट भने गत वर्ष २५ जना पीडित भएकामा यो वर्ष १४ महिलासहित १७ जना पीडित भए। बाल अधिकार उल्लङ्घनका घटनामा तीन बालिका पीडित भए। गत वर्ष एक बालिका पीडित भएकी थिइन्। त्यसैगरी गत वर्ष २२ महिला पीडित भएकामा यो वर्ष बलात्कार, बहुविवाह र घरेलु हिंसाका घटनामा ११ महिला पीडित भए।***

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर, ७० कैदी र १५ बन्दी गरी ८५ जना छन्। जसमध्ये नौ जना महिला र एक वर्षीय एक आश्रित बालक पनि छन्। क्षमताभन्दा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। कारागार भवन पुरानो र जीर्ण भएकाले वर्षायाममा पानी चुहिने हुँदा त्यतिबेला सुत्न/बस्नसमेत समस्या हुने गरेको कैदी बन्दीको गुनासो छ। स्वच्छ पिउने पानी, खेलकुदका सामग्री र पत्रपत्रिका उपलब्ध नभएको उनीहरूले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तेह्रथुममा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३५ र फौजदारीतर्फ १६ थान छन्। दुई वर्षभन्दा पुरानो मुद्दा एक थान छ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा सामुदायिक आधारभूत विद्यालय १ सय ८२ र उच्च मावि ४६ छन्। १ हजार ३ सय ३७ शिक्षक दरबन्दी रहेकामा ४२ रिक्त छन्। यस वर्ष १३ हजार ४ सय ११ बालक र २५ हजार ५*

*सय ४४ बालिका भर्ना भए। जिल्लाभर अपाङ्गमैत्री विद्यालय छैनन्। यस वर्ष १ हजार ९० दलित बालक र १ हजार ७ सय दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो भने द्वन्द्वपीडित परिवारका चार जनालाई छात्रवृत्ति उपलब्ध गराइयो।*

*सन् २०१६ मा तीन बालिका बलात्कारबाट पीडित भए। गत वर्ष एक बालिका बलात्कारबाट पीडित भएकी थिइन्।*

| घटनाको प्रकार | गैर राज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

**बलात्कार, यौन दुर्व्यवहार**

१६ वर्षीया बालिकालाई २०७२ पुस २८ गते ताप्लेजुङको चाँगे गाविस-३ का २५ वर्षीय सन्दीप आम्बोहाङ लिम्बूले बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय सङ्क्रान्तिमा पुस २९ गते उजुरी दियो। पीडित बालिकाको माघ ३ गते प्राथमिक स्वास्थ्य केन्द्र सङ्क्रान्तिमा स्वास्थ्य परीक्षण भयो। पुस २९ गते गिरफ्तार भएका सन्दीपलाई जिल्ला अदालतले चैत १० गते पाँच वर्ष कैद सजायको फैसला सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २९ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएको ६, खान/लाउन नदिएको सात, अर्की श्रीमती ल्याएर हेला गरिएका दुई र सामान्य घरायसी झगडाका १४ घटना छन्। यीमध्ये २८ वटामा मिलापत्र भयो भने एउटा उजुरी कानुनी प्रक्रियामा छ।*

| घटनाको प्रकार | गैर राज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ५ | ५ |
| जम्मा | ११ | ११ |

*यो वर्ष विभिन्न घटनामा ११ महिला पीडित भए। गत वर्ष यो सङ्ख्या २२ थियो। यो वर्ष बलात्कारबाट तीन जना पीडित भए। बहुविवाहबाट तीन र घरेलु हिंसामा पाँच महिला पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१९ वर्षीया युवतीलाई २०७२ चैत १० गते जलजले गाविस-६ का २१ वर्षीय दीपेश कार्कीले बलात्कार गरेको आरोपमा पीडितले चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको जिल्ला अस्पताल तेह्रथुममा सोही दिन स्वास्थ्य परीक्षण भयो। चैत ११ गते गिरफ्तार परेका दीपेशलाई अदालतले चैत ३० गते पाँच वर्ष कैद सजायको फैसला सुनायो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र २९ स्वास्थ्य चौकी छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। ६६ अहेबको दरबन्दी रहेकामा ३८ जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ११ करोड २८ लाख र औषधि खर्चबापतको रकम २३ लाख रुपियाँ छ।  यस वर्ष नाकाबन्दी र ग्रामीण सडकका कारण जिल्ला तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधि अभाव भएकाले सर्वसाधारणको स्वास्थ्योपचार प्रभावित भयो।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | २ | ३ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | | २ | ३ |
| बहुविवाह | | | ३ | ३ |
| घरेलु हिंसा | १ | १ | ३ | ५ |
| जम्मा | २ | १ | ८ | ११ |

# १.९ भोजपुर



**जम्मा जनसङ्ख्या**
**१७४८५०**

**महिला**
**९३०७८**

**परिवार सङ्ख्या**
**३९३९४**

**खोलाको पानी पिउने परिवार**
**३९३**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**४४२६८**

**कामका लागि बाहिरिएका**
**१२१९८**

**सबभन्दा बढी जनसङ्ख्या**
**५८३३८ (राई)**

**अपाङ्गता भएका**
**४६१८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६९.९**

**आश्रित जनसङ्ख्या**
**७७१६९**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ५ | २ | ७ |
| महिला अधिकार | २७ | | २७ |
| कुटपिट | | १ | १ |
| हत्या | २ | ४ | ६ |
| जम्मा | ३४ | ७ | ४१ |

***इन्सेकको अभिलेख अनुसार भोजपुरको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५७ महिलासहित ६६ जना पीडित भएकामा सन् २०१६ मा ३४ महिलासहित ४१ जना पीडित भए। यो वर्ष गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भए। गत वर्ष बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा एक बालक र आठ बालिका पीडित भएकामा यो वर्ष दुई बालक र पाँच बालिका पीडित भएको अभिलेखित छ। त्यसैगरी महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २७ जना पीडित भए।***

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ७६ कैदी र १५ थुनुवा गरी ९१ जना छन्। जसमा आठ महिला छन्। कैदी बन्दीको सङ्ख्या क्षमताभन्दा चौबर भएपछि शौचालय, पिउने पानी र बसोबासमा समस्या भएको छ। भूकम्पले जीर्ण बनेको यस कारागारमा यही कारण कैदी बन्दी भुइँ, भान्सा कोठा र त्रिपालमुनि सुत्न बाध्य छन्। कारागारमा एक अहेबको दरबन्दी रहे पनि रिक्त छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४६ र ४४ थान फौजदारी छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा सामुदायिकतर्फ २ सय ६४ प्रावि, ५६ आधारभूत (साविकको निमावि), ३९ मावि र २७ उमावि छन्। १ हजार २ सय ४३ प्रावि, २ सय ९३*

*निमावि, २ सय २७ मावि र ५४ उच्च मावि शिक्षक दरबन्दी छन्। जसमा स्वीकृत दरबन्दी १ हजार ४ सय ६८ र अनुदानतर्फ ३ सय ४९ रहेकोमा सबै कार्यरत छन्। यस वर्ष २१ हजार ७ सय ८१ बालक र २१ हजार ९ सय १८ बालिका भर्ना भए। जिल्लामा ५७ अपाङ्गमैत्री विद्यालय छन्। १६ हजार १ सय ७४ छात्रा, ४ सय ६५ दलित र २ सय ८८ अपाङ्ग आधारभूत तहका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरियो। साथै ९ सय छात्र/छात्रा, ४ सय ८६ दलित र ३० अपाङ्ग मावि तहका बालबालिकालाई छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालश्रम | १ | | १ |
| बालविवाह | १ | | १ |
| बलात्कार | १ | | १ |
| नवजात शिशुको हत्या | | २ | २ |
| यौन दुर्व्यवहार | २ | | २ |
| जम्मा | ५ | २ | ७ |

*यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा सात बालबालिका पीडित भए। जसअन्तर्गत एक बालिका बलात्कार घटनाबाट पीडित भइन् भने दुई जना यौन दुर्व्यवहारबाट पीडित भए। यसैगरी दुई नवजात शिशुको हत्या भयो। बाल विवाहबाट एक बालिका र बाल श्रमिकको घटनामा एक बालिका पीडित भए। नवजात शिशुको हत्या भएका दुवै घटनामा आरोपितलाई अदालतले ६/६ वर्ष कैद सजायको फैसला सुनायो।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ६५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका ५५, खान/लाउन नदिएको १०, विवाह दर्ता र नागरिकता नबनाएको १८, बहुविवाह गरी हेला गरेको २३ र सामान्य घरायसी झगडाका १ सय ५९ घटना छन्। यीमध्ये प्रहरीले १ सय १६ वटामा मिलापत्र गरायो भने ४९ उजुरी कानुनी प्रक्रियामा छन्।*

*यस वर्ष बहुविवाहको एक घटनामा आरोपित धरौटीमा रिहा भए भने एक घटनामा मिलापत्र भयो। एक घटनाका आरोपितचाहिँ फरार रहे। परिवारबाटै*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ११ | ११ |
| बलात्कारको प्रयास | १ | १ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ११ | ११ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २७ | २७ |

*दुई महिलाको हत्या भयो। घरेलु हिंसाका ११ घटनामा जिल्ला प्रहरी कार्यालयमा मिलापत्र भयो।*

*महिला अधिकार उल्लङ्घनका घटनामा २७ महिला पीडित भए। गत वर्ष महिला अधिकारको घटनाबाट ४४ जना पीडित भएका थिए। यस वर्ष बलात्कारका घटनामा ११, बलात्कार प्रयासबाट एक र यौन दुर्व्यवहारबाट एक महिला पीडित भए। यसैगरी घरेलु हिंसामा ११ र बहुविवाह घटनामा तीन महिला पीडित भए। यस वर्ष परिवारजनबाट दुई महिला र दुई पुरुषको हत्या भयो।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३३ वर्षीया एक महिलालाई २०७२ पुस ३० गते भुल्के गाविस-७ का २२ वर्षीय अर्जुन पुरीले बलात्कार गरेको भन्दै पीडित पक्षले माघ १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २ गते भयो। माघ १९ गते गिरफ्तार भएका अर्जुनलाई जिल्ला अदालतले फागुन २ गते ६ वर्ष कैद सजायको फैसला सुनायो।

### परिवारजनबाट हत्या

सानोदुम्मा गाविस-९ की ५३ वर्षीया प्रेमकुमारी राईलाई २०७२ चैत २८ गते ५५ वर्षीय पति बमबहादुर राईले आगो बलिरहेको दाउराले कन्चटमा हानेर हत्या गरेको भन्दै प्रहरीले आरोपितलाई चैत २९ गते गिरफ्तार गऱ्यो। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा चैत ३० गते भयो। बमबहादुरलाई जिल्ला अदालतले २०७३ वैशाख ३० गते १० वर्ष कैद सजायको फैसला सुनायो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सेवाबाट वञ्चित

दरबन्दीअनुसार गाविस सचिव नहुँदा सर्वसाधारण सेवा लिनबाट वञ्चित हुनुपर्ने समस्या यस

वर्ष पनि दोहोरियो। ५४ गाविस रहेको भोजपुरमा २६ जनामात्रै गाविस सचिव कार्यरत छन्। उनीहरू गाउँमा नबस्दा वा नभ्याउँदा सामाजिक सुरक्षा भत्ता वितरणमा समेत निकै ढिलाइ हुने गरेको छ। जिल्लामा करिब २५ हजार लक्षित वर्गका लागि ८ करोड ४९ लाख ६० हजार ८ सय रुपियाँ सामाजिक सुरक्षा भत्ताअन्तर्गत रकम वितरण हुने गर्छ।

## स्वास्थ्य सेवाको अवस्था

भोजपुरमा एक जिल्ला अस्पताल, ६० स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा एक जनामात्रै कार्यरत छन्। एक स्त्रीरोग विशेषज्ञको दरबन्दी भए पनि रिक्त छ। अहेवको १ सय २९ दरबन्दी रहेकामा ६४ जना कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड ८७ हजार ४ सय ३२ र औषधि खर्चबापतको रकम १५ लाख रुपियाँ छ। यस वर्ष समयमा औषधिको टेन्डर हुन नसक्दा जिल्लाका स्वास्थ्य संस्थाहरूमा अत्यावश्यक औषधि अभाव भयो।

### सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बालश्रम | १ | | | १ |
| बालविवाह | | | १ | १ |
| बलात्कार | | | १ | १ |
| नवजात शिशुको हत्या | २ | | | २ |
| यौन दुर्व्यवहार | | २ | | २ |
| जम्मा | ३ | २ | २ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बलात्कार | | | ८ | | ३ | ११ |
| बलात्कारको प्रयास | | | १ | | | १ |
| बहुविवाह | | १ | | १ | १ | ३ |
| घरेलु हिंसा | | | | ११ | | ११ |
| यौन दुर्व्यवहार | १ | | | | | १ |
| जम्मा | १ | १ | ९ | १२ | ४ | २७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
|---|---|---|
| हत्या | ६ | ६ |

# १.१० सङ्खुवासभा



**जम्मा जनसङ्ख्या**
**१५८५९९**

**महिला**
**८४४००**

**परिवार सङ्ख्या**
**३६२९९**

**खोलाको पानी पिउने परिवार**
**३६८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३३१४६**

**कामका लागि बाहिरिएका**
**१४८६३**

**सबभन्दा बढी जनसङ्ख्या**
**२९१२५ (क्षेत्री)**

**अपाङ्गता भएका**
**४०५४**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८२**

**आश्रित जनसङ्ख्या**
**७०६३०**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | २ | १ | ३ |
| महिला अधिकार | २९ | | २९ |
| जातीय विभेद | | १ | १ |
| धम्की | | १ | १ |
| **जम्मा** | ३१ | ३ | ३४ |

***इन्सेकको अभिलेख अनुसार सङ्खुवासभाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ४५ महिला पीडित भएकामा सन् २०१६ मा ३१ महिलासहित ३४ जना पीडित भए। जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भए।***

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय जनाको छ। जसमा ८१ कैदी १४ थुनुवा गरी ९६ जना छन्। ती मध्ये नौ जना महिला छन्। कारागारमा एक जना एक वर्षीय आश्रित बालक पनि छन्। २०२१ सालमा बनेको कारागारको महिला बन्दी गृहको भवन पुरानो र जीर्ण छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एक अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय २२ र फौजदारीतर्फ ९१ थान छन्। जसमा सरकारवादी फौजदारीतर्फ ३५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ६४ प्रावि, ७६ निमावि, ४९ मावि र २० उमावि छन्। १ हजार ६ सय ४० शिक्षक दरबन्दी रहेकामा रिक्त दरबन्दीमा शिक्षा सेवा आयोग पास गरेर शिक्षकहरू जिल्ला आइसकेको भए पनि कार्यक्षेत्र नतोकिएको भन्दै जिल्ला शिक्षा कार्यालयले रिक्त दरबन्दी खुलाउन सकेन। यस वर्ष २१ हजार ९५ बालक र २१ हजार ९ सय ९३ बालिका*

*विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। १ हजार ७ सय २९ दलित बालक र १ हजार ९ सय ४१ जना दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। छात्रवृत्तिका लागि विद्यालयले जिल्ला शिक्षा कार्यालयमा निवेदन पेश गर्नुपर्ने भएको र निवेदन नआइसकेकाले शहीद तथा द्वन्द्वका बालबालिकालाई दिइने छात्रवृत्ति सङ्ख्या भने तोकिएको छैन।*

जिल्लाको ताम्कु गाविस-९ सिकिदिम र खुङ्वाका बालबालिका प्राथमिक शिक्षाका लागि दैनिक पाँच घण्टा हिँड्न बाध्य छन्। उक्त गाउँको एक विद्यालय २०६४ साउन ११ गतेको पहिरोले बगाएपछि बालबालिका बाला गाविस-९ स्थित महाकाली आधारभूत विद्यालयमा जान र आउन पाँच घण्टा हिँड्नुपर्छ। पहिरो पीडितलाई सोही गाविस-४ स्थित मानेटारमा पुनर्वासको व्यवस्था गरिए पनि जीवनयापनका लागि असहज भएकाले पुनर्वासमा नगएका ६२ घरका बालबालिका महाकाली विद्यालय जाने गरेका हुन्। हाल सिकिदिम र खुङ्वाबाट ११ जना विद्यार्थी पाँच घण्टा हिँडेर विद्यालय आवतजावत गर्ने गरेको सोही विद्यालयका शिक्षक लक्ष्मण कुलुङले बताए।

दैनिक पाँच घण्टा हिँड्ने यी विद्यार्थी शिशु कक्षादेखि सातसम्मका छन्। सरकारले आधा घण्टाको दूरीमा विद्यालय हुने र बालबालिकालाई आधा घण्टाभन्दा बढी हिँड्न नपर्ने जनाए पनि विद्यालय टाढा हुँदा यी बालबालिका सहजरूपमा शिक्षा प्राप्त गर्ने अधिकारबाट वञ्चित हुँदै आएका छन्। २०७३ जेठ २७ गते सङ्खुवाखोलामा आएको बाढीले पुलसमेत बगाएपछि विद्यालय आउन/जान उनीहरूलाई थप समस्या भएको छ। पुल नहुँदा पानी परेको समयमा बालबालिका विद्यालय नै जाँदैनन्।

### विद्यालयमा शारीरिक यातना

खाँदबारी नपा-१३ स्थित सिंहेश्वरी निमावि बोहराटारमा कक्षा ६ मा अध्ययनरत १२ वर्षीय अनिल भण्डारीलाई २०७३ पुस १३ गते सोही नपा-१२ निवासी विद्यालयका प्रधानाध्यापक दुर्गाकुमार कुमालले कुटपिट गरेको भन्दै पीडित पक्षले पुस १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको उपचार पुस १४ गते जिल्ला अस्पतालमा भयो। पुस १४ गते नै प्रहरीले दुर्गाकुमारलाई गिरफ्तार गरे पनि पीडित पक्ष सम्पर्कमा नआएकाले पुस १६ गते उनी रिहा भए।

*बाल अधिकार उल्लङ्घनका घटनामा तीन बालबालिका पीडित भए। बाल अधिकारका घटनाअन्तर्गत एक बालिका बलात्कारको घटनाबाट पीडित भइन् भने विद्यालयमा शारीरिक दण्ड सजायबाट एक बालक र बाल विवाहबाट एक बालिका पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | १ | | १ |
| बलात्कार | १ | | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| जम्मा | २ | १ | ३ |

### बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया एक बालिकालाई २०७२ माघ ७ गते मत्स्यपोखरी गाविस-५ का ३२ वर्षीय प्रदीप गुरुङले बलात्कार गरेको भन्दै पीडित पक्षले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ८ गते भयो। माघ ९ गते गिरफ्तार भएका प्रदीपलाई जिल्ला अदालतले चैत १९ गते नौ वर्ष कैद सजायको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका दुई, खान/लाउन नदिएको तीन, विवाह दर्ता र नागरिकता नबनाएको दुई, बहुविवाह गरी हेला गरेको दुई र सामान्य घरायसीका सात घटना छन्। यीमध्ये प्रहरीले १४ वटामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्।*

*यस वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा २९ महिला पीडित भए। गत वर्ष महिला*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | २७ | २७ |
| जम्मा | २९ | २९ |

*अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ३४ जना पीडित भएका थिए। यस वर्ष बलात्कार घटनामा एक, मानव बेचबिखनबाट एक र घरेलु हिंसाका घटनामा २७ महिला पीडित भए।*

### मानव बेचबिखन तथा ओसार पसार

खाँदबारी नपा-१३ की २९ वर्षीया गीता कुमाललाई गलैंचा बुन्ने रोजगार दिने भन्दै सोही ठाउँका  नरबहादुर हलिदे कुमालले भारत लगी बेपत्ता बनाएको आरोपमा पीडित पक्षले जिल्ला प्रशासन कार्यालयमा २०७२ फागुन १० गते उजुरी दिए। प्रहरीले फागुन ११ गते मानव बेचबिखनमा मुद्दा दर्ता गरे पनि नरबहादुर फरार रहेको प्रहरीले जनायो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

७९ वर्षीया एक महिलालाई २०७३ वैशाख १२ गते सत्तलपाटी गाविस-६ का २२ वर्षीय एकराज दर्जीले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख १३ गते भयो। वैशाख २३ गते गिरफ्तार भएका एकराजलाई जिल्ला अदालतले असार १४ गते ६ वर्ष कैद सजाय र ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

### सबै प्रकारका जातीय विभेद

वाना गाविस-८ का २९ वर्षीय लीलाबहादुर बिकलाई सोही ठाउँकी ३० वर्षीया सपना तामाङसँग २०७३ साउन २५ गते अन्तरजातीय विवाह गरेको आरोपमा सपनाका आफन्त सिंहमान तामाङले साउन २७ गते कुटपिट गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा साउन २८ गते उजुरी दिए। साउन २९ गते गिरफ्तार भएका सिंहमानलाई अबदेखि घटना नदोहोऱ्याउने शर्तमा असोज १२ गते प्रहरीले रिहा गऱ्यो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, ३६ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेबको ८० दरबन्दी रहेकामा ३८ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १० करोड ७८ लाख ८१ हजार र औषधि खर्चबापतको रकम ३७ लाख रुपियाँ छ। यस वर्ष नाकाबन्दीका कारण जिल्ला तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधि अभाव भएकाले सर्वसाधारणको स्वास्थ्योपचार प्रभावित भयो।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बालविवाह | | १ | | १ |
| बलात्कार | | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | | | १ |
| जम्मा | १ | १ | १ | ३ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | | | | १ | १ |
| महिला बेचबिखन | | १ | | | १ |
| घरेलु हिंसा | १ | २ | २४ | | २७ |
| जम्मा | १ | ३ | २४ | १ | २९ |

# १.११ सप्तरी



**जम्मा जनसङ्ख्या**
**६६९४७०**

**महिला**
**३४६१७३**

**परिवार सङ्ख्या**
**१३०१४३**

**खोलाको पानी पिउने परिवार**
**१०८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२५१५७९**

**कामका लागि बाहिरिएका**
**२६४३३**

**सबभन्दा बढी जनसङ्ख्या**
**१००७८१ (यादव)**

**अपाङ्गता भएका**
**८०४४**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६५**

**आश्रित जनसङ्ख्या**
**२९६६५७**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | ५ | ५ |
| बाल अधिकार | | | १९ | १ | २० |
| अपहरण | | | १ | | १ |
| महिला अधिकार | | | २८१ | | २८१ |
| गिरफ्तारी | ३ | ३ | | | |
| यातना | १ | १ | | | |
| कुटपिट | | | ४ | १० | १४ |
| हत्या | | | ३ | ४ | ७ |
| जम्मा | ४ | ४ | ३०८ | २० | ३२८ |

*इन्सेकको अभिलेख अनुसार सप्तरीमा गत वर्षको तुलनामा यो वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीमा कमी आएन। सन् २०१५ मा यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्य पक्षबाट एक महिलासहित ६८ जना पीडित भएकामा सन् २०१६ मा यो सङ्ख्या घटेर चार जनामात्र पीडित भए। त्यसैगरी गत वर्ष गैरराज्य पक्षबाट २ सय २४ महिलासहित २ सय ६३ जना पीडित भएकामा यो वर्ष ३ सय ८ महिलासहित ३ सय २८ जना पीडित भए। अघिल्लो वर्ष राज्य पक्षबाट पाँच जना र गैरराज्य पक्षबाट ११ जनाको हत्या भएकामा यो वर्ष गैरराज्यपक्षबाट हत्याका सात घटना भए। बाल अधिकार उल्लङ्घनका घटनामा १९ बालिकासहित २० जना पीडित भए। गत वर्ष १७ बालिका र एक बालक पीडित भएका थिए। त्यसैगरी गत वर्ष १ सय ९९ महिला अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भएकामा यो वर्ष उक्त सङ्ख्या २ सय ८१ पुग्यो। दाइजोका कारण १६ जना महिला पीडित भए।*

*यो वर्ष जिल्ला अदालतको फैसलाले जेल सजाय पाएका तीन जनालाई उच्च अदालतले निर्दोष सावित गर्‍यो। अर्कैले गरेको अपराधमा आफूलाई जेल सजाय तोकेको भन्दै पीडितहरूले उच्च अदालतमा पुनरावेदन गरेपछि उच्च अदालतले निर्दोष भएको ठहर गर्दै थुनामुक्तको आदेश दिएको हो।*

### नागरिक तथा राजनीतिक अधिकार
### सम्मानित रुपले बाँच्ने अधिकार
### हत्या
#### गैरराज्यपक्षबाट

नर्घो गाविस-६ स्थित झोहरा चोकनजिकै कोशी पश्चिमी नहरको कल्भर्टमा झुटकी प्रहरी चौकीमा कार्यरत झापाको भद्रपुर नपा-११ चन्द्रगढीका



*गोली प्रहारबाट मारिएका*
*झुटकी प्रहरी चौकीका इन्चार्ज रमेश सुब्बा*

असई ४४ वर्षीय रमेश सुब्बालाई २०७२ पुस २० गते साँझ गोली हानी हत्या गरिएको भन्दै रमेशका भाइ जीवन सुब्बाले उजुरी दिए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले झुटकी गाविस-७ कजरा टोलका अशोककुमार यादवलाई पुस ३० गते गिरफ्तार गर्‍यो। प्रहरीले अशोकसहित झुटकी गाविस-६ का ४० वर्षीय वीरेन्द्र यादव, सोही गाविस-८ का धर्मा भनिने ४० वर्षीय धर्मनारायण यादव, सन्तोषिया भनिने ३३ वर्षीय सन्तोष यादव र ३५ वर्षीय दिनेश यादव, सोही गाविस-९ का ३५ वर्षीय दरभङ्गिया यादवविरुद्ध माघ ३ गते कर्तव्य ज्यान मुद्दा दर्ता गरेको थियो। मधेसी मोर्चा सप्तरीले आरोपित यादवलगायतलाई निर्दोष दाबी गर्दै मुद्दा खारेजीका लागि माघ २ गते जिल्ला प्रहरी कार्यालयअगाडि नाराबाजी गर्‍यो भने माघ १२ गते राजविराज नपा-१ स्थित जिल्ला प्रशासन कार्यालयअगाडि र माघ २५ गते जिल्ला अदालतअगाडि प्रदर्शन गरे। जिल्ला अदालतको आदेशमा आरोपितहरू माघ २८ गते साधारण तारेखमा रिहा भए।

**अन्यबाट**

डाँढा गाविस-८ मनियारी पर्साही मुसहरी टोलका ६५ वर्षीय खटर सदालाई २०७३ मङ्सिर २ गते राति कथित बोक्सोको आरोप लगाउँदै सोही ठाउँका ६१ वर्षीय भोला सदाले सिलौटाले प्रहार गरी हत्या गरेको आरोपमा मृतककी पत्नी ५५ वर्षीया खिखरीदेवी सदाले इलाका प्रहरी कार्यालय कञ्चनरूपमा मङ्सिर ३ गते उजुरी दिइन्। शवको पोस्टमार्टम राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा मङ्सिर ३ गते भयो। ३ गते नै गिरफ्तार परेका भोलालाई जिल्ला अदालतले मङ्सिर २२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## गोली/विष्फोटक पदार्थद्वारा घाइते

### जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) गोइत समूहबाट

राजविराज नपा-१ स्थित जिल्ला प्रशासन कार्यालयमा २०७३ मङ्सिर १२ गते जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) गोइत समूहले राखेको कुकर बम निष्क्रिय बनाउने क्रममा राजविराज नपा-९ स्थित श्री कृष्णदल गणका सिपाही २६ वर्षीय चन्द्रप्रकाश गुरुङ, २४ वर्षीय मधुकर उप्रेती, इलाका प्रहरी कार्यालय सखडामा कार्यरत प्रहरी हवल्दार तेह्रथुम म्याङलुङ नपा-६ का ३६ वर्षीय कर्णबहादुर बिक, जिल्ला प्रशासन कार्यालय अस्थायी प्रहरी पोष्टमा कार्यरत प्रहरी झापा राजगढ गाविस-२ का २६ वर्षीय विनोद राजवंशी र



*जिल्ला प्रशासन कार्यालयमा राखिएको बम निष्क्रिय बनाउने क्रममा बिष्फोट भई घाइते भएका श्री कृष्णदल गणका सिपाही २६ वर्षीय चन्द्रप्रकाश गुरुङ*

प्रहरी चौकी भुतहीमा कार्यरत प्रहरी झापा पृथ्वीनगर गाविस-३ का २९ वर्षीय राजेश तामाङ घाइते भए। घाइतेहरूको उपचार राजविराज नपा-३ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा भएको थियो। बम रहेको झोलामा जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी) गोइत समूहको पर्चा फेला पर्‍यो भने मोर्चाका केन्द्रीय संयोजक जयकृष्ण गोइतले सोही दिन बम राखेको घटनाको जिम्मा लिएका थिए। प्रहरीले बम विष्फोट गराएको आरोपमा प्रसवनी गाविस-७ घर भई राजविराज नपा-५ बस्ने ३० वर्षीय भवानीप्रसाद अरगरिया यादव र सिरहाको गौरीपुर गाविस-५ का ५० वर्षीय नथुनी यादवलाई मङ्सिर १८ गते गिरफ्तार गरेको थियो। घटनाको जिम्मेवारी लिएको उक्त समूहले प्रहरीद्वारा गिरफ्तार गरिएका आरोपितहरू आफ्ना कार्यकर्ता नभएको जनायो।

### मधेसी मोर्चाबाट

जिल्ला विकास समिति सप्तरीको सभाकक्षमा स्थानीय तह पुनर्संरचनाबारे २०७३ कात्तिक २० गते आयोजना गरिएको कार्यक्रम मधेसकेन्द्रित दलका नेता/कार्यकर्ताले बिथोले। स्थानीय तह पुनर्संरचना आयोग जिल्ला प्राविधिक सहयोग समितिका तर्फबाट स्थानीय विकास अधिकारी सुदेवकुमार पोखरेलले स्थानीय तहको पुनर्संरचनाबारे सुझाव दिन आग्रह गरेलगत्तै मधेसी मोर्चाका नेताहरूले छलफल औचित्यहीन भन्दै होहल्ला गरेपछि कार्यक्रम भाँडियो।

जिल्ला विकास समिति सप्तरीले २०७३ कात्तिक २४ गते आयोजना गरेको आर्थिक वर्ष २०७२/०७३ को वार्षिक समीक्षा गोष्ठी मधेस केन्द्रित दलहरूले अवरोध गरेर स्थगन गराए। जिल्ला विकास समिति र ६ वटा विषयगत कार्यालयले कामको विवरण नदिएको तथा अनुगमन नगराएको भन्दै दलका नेताहरूले नारावाजी गरेर अवरोध पुऱ्याएपछि स्थानीय विकास अधिकारी सुदेवकुमार पोखरेलले गोष्ठी स्थगन गरे।

जिल्ला विकास समिति महासङ्घ, नगरपालिका महासङ्घ र गाविस महासङ्घद्वारा जिल्ला विकास समितिको सभाकक्षमा संयुक्तरूपमा २०७३ मङ्सिर १४ गते आयोजित स्थानीय तह पुनर्संरचनासम्बन्धी कार्यक्रम संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका नेता/कार्यकर्ताले नाराबाजी गर्दै बिथोले। कार्यक्रमस्थलमा 'स्थानीय तहसम्बन्धी संवैधानिक व्यवस्था र आगामी संरचना' लेखिएको ब्यानर थुतेर जलाएपछि स्थिति तनावग्रस्त बनेको भन्दै आयोजकले कार्यक्रम स्थगन गरे।



*जिल्ला विकास समिति सप्तरीको सभाकक्षमा आयोजित स्थानीय तह पुन:संरचनासम्बन्धी कार्यक्रम बिथोल्दै मधेसवादी दलका नेता/कार्यकर्ताहरू*

## यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

देउरी भरुवा गाविस-२ का ३० वर्षीय राजेश यादवलाई २०७३ जेठ १५ गते जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार २९ वर्षीय कृष्ण तामाङले सोही कार्यालयको हिरासतमा कुटपिट गरी यातना दिएको आरोपमा पीडितले असार १६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरे। यातनाका कारण घाइते पीडितको उपचार जेठ १६ गते गजेन्द्रनारायण सिंह सगरमाथा अस्पतालमा भयो। प्रहरीले जेठ १५ गते साँझ राजेशसहित उनका भिनाजु दीपेश र फर्सेठ गाविस-५ का मधुसुदन यादवलाई एक रात नियन्त्रणमा राखी जेठ १६ गते रिहा गऱ्यो। यातना क्षतिपूर्तिको उजुरीमाथि जिल्ला अदालतले घाउजाँच केश फारम प्रतिवेदन पठाउन असार २० गते राजविराजस्थित अञ्चल अस्पताललाई आदेश दियो। यद्यपि यो वर्षको अन्त्यसम्म मुद्दाको टुङ्गो नलागेको पीडितले बताए।

### गैरकानुनी थुना

कञ्चनरुप नपा-६ पिप्रा पूर्वका ६१ वर्षीय रामफल मलाहा २०७३ जेठ ४ गतेदेखि ०७३ कात्तिक २४ गतेसम्म राजविराज कारागारमा गैरकानुनी कैदमा रहे। जिल्ला अदालतले बेरुजु कैद असुल गर्न सत्यतथ्य छानबिन नगरी पीडितलाई ६१ वर्ष ४ महिना १९ दिनको कैदसजाय भुक्तान गर्न राजविराज कारागार पठाएको भन्दै पीडितको हकमा सुदामा मलाहाले २०७३ जेठ १० गते उच्च अदालत जनकपुरको राजविराज इजलासमा बन्दी प्रत्यक्षीकरणको रिट दिए। राजविराज इजलासका वरिष्ठ न्यायाधीश कुमार चुडाल र न्यायाधीश लोहितचन्द्र शाहले कैदमा राखिएका र २०४२ कात्तिक १३ गते कैद सजायको फैसला सुनाइएका व्यक्ति फरक रहेको ठहर गर्दै २०७३ कात्तिक २४ गते थुनामुक्त गऱ्यो। बेरुजु कैद असुल



*गैरकानुनी थुनामा परेका रामफल मलाहा*

गर्न सप्तरी जिल्ला अदालतबाट खटिएको विशेष अभियान टोलीले मलाहालाई ०७३ जेठ ४ गते गिरफ्तार गरी राजविराज कारागारमा थुनामा पठाएको थियो।

२०४० साल असोज १५ गते राति कारागारमा सुरुङ खनेर फरार भएको आरोपमा पिप्रा पूर्व गाविस-५ का रामफल मलाहालाई जिल्ला अदालतले २०४२ कात्तिक १३ गते डेढो बढाई कैदसजायको फैसला सुनाएको थियो। भागेका कैदीका हकमा जिल्ला अदालतले कारागार ऐन २०१९ को दफा २४ को ५ र ६ अनुरूप कैदमा बसेको कट्टा गरी डाँका मुद्दाका कैदी मलाहालाई ६१ वर्ष चार महिना १९ दिन कैदसजायको फैसला सुनाएको थियो। कारागारबाट फरार भएको अभियुक्त आफू नभएको बताउँदै नागरिकता देखाउँदासमेत उनलाई जिल्ला अदालतले विसं २१३४ साल असोज २३ गतेसम्म कैदमा राख्न राजविराज कारागार चलान गरेको थियो। नाम, थर, ठेगाना मिलेपनि बुवा, हजुरबुवाको नाम फरक रहेका रामफललाई नागरिकता, नाता प्रमाण, गाविसको स्थलगत सरजमीन मुचुल्का, मतदाता नामावली, ल्याप्चे छापको परीक्षण प्रतिवेदनका आधारमा फरक व्यक्ति भएको ठहर गर्दै रिहा गरिएको उच्च अदालतको राजविराज इजलासले जनाएको छ। यस्तै खाले घटनाबाट त्रिलोक गाविस-८ का ४५ वर्षीय बिहारी गोढी मलाह र बेल्ही गाविस-९ का २७ वर्षीय चन्द्रीकाप्रसाद गुप्ता पीडित भएको इन्सेकले अभिलेख गरेको छ।

सोही आरोपमा त्रिकोल गाविस-८ का ४५ वर्षीय बिहारी गोढी मलाहा पनि ०७३ जेठ ५ गतेदेखि जेठ २१ गतेसम्म राजविराज कारागारमा गैरकानुनी कैदमा रहे। उनलाई पनि जिल्ला अदालतले ६१ वर्ष ४ महिना १९ दिनको कैद सजाय भुक्तान गर्न राजविराज कारागार पठाएको थियो। पीडितकी पत्नी सकुन्तलादेवी मलाहाले ०७३ जेठ ६ गते उच्च अदालत जनकपुरको राजविराज इजलासमा बन्दी प्रत्यक्षीकरण रिट निवेदन दिएपछि सुनुवाई गर्दै अदालतले अहिले कैदमा राखिएका र पहिला सजायको फैसला सुनाइएका व्यक्ति फरक रहेको ठहर गर्दै जेठ २१ गते थुनामुक्त गऱ्यो।

त्रिकोल गाविस-८ का ४५ वर्षीय बिहारी गोढी मलाहा २०७३ जेठ ५ गतेदेखि जेठ २१ गतेसम्म राजविराज कारागारमा गैरकानुनी कैदमा रहे। जिल्ला अदालतले सत्यतथ्य छानबिन नगरी पीडितलाई ६१ वर्ष ४ महिना १९ दिनको कैद सजाय भुक्तान गर्न राजविराज कारागार पठाएको भन्दै पीडितका हकमा निजकी पत्नी शकुन्तलादेवी मलाहाले २०७३ जेठ ६ गते उच्च अदालत जनकपुरको राजविराज इजलाशमा बन्दी प्रत्यक्षीकरण रिट निवेदन दिइन्। इजलाशले कैदमा राखिएका र सजाय पाएका व्यक्ति फरक रहेको ठहर गर्दै जेठ २१ गते थुनामुक्त गऱ्यो। पीडितलाई २०४० असोज १५ गते राजविराज कारागारबाट सुरुङ खनेर फरार भएको आरोपमा जिल्ला अदालतले कैदको फैसला गरेको थियो।

बेल्ही गाविस-९ का २७ वर्षीय चन्द्रिकाप्रसाद गुप्ता २०७३ जेठ १८ गतेदेखि २०७३ भदौ १३ गतेसम्म राजविराज कारागारमा गैरकानुनी कैदमा रहे। सर्वस्वसहित जन्म कैदको सजाय पाएका बेल्ही गाविस-८ का १८ वर्षीय दुर्गाप्रसाद गुप्ता नै चन्द्रिकाप्रसाद गुप्ता हो भनी जिल्ला अदालतले कारागारमा थुनामा पठाएको भन्दै पीडितले उच्च अदालत जनकपुरको राजविराज इजलासमा असार २० गते बन्दी प्रत्यक्षीकरणको रिट उजुरी दिए। राजविराज इजलासले कैदमा राखिएका चन्द्रिका र सजाय पाएका दुर्गा फरक रहेको ठहर गर्दै भदौ १३ गते पीडितलाई थुना मुक्त गर्ने फैसला सुनायो। पीडितलाई २०६४ चैत ९ गतेको कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालतले २०७१ चैत ८ गते सर्वस्वसहित जन्म कैदको फैसला गरेको थियो।

## धम्की/कुटपिट

### गैरराज्यपक्षबाट

राजविराज नपा-१ स्थित सनराइज बैङ्क लिमिटेडका सुरक्षा गार्ड भगवतपुर गाविस-४ का ४५ वर्षीय रामसुन्दर यादवलाई २०७२ पुस २४ गते मधेसी मोर्चाका कार्यकर्ताले बन्दको अवज्ञा गरी बैङ्क सञ्चालन गरेको भन्दै कार्यालयभित्र कुटपिट गरी घाइते बनाए। यादवको उपचार राजविराजस्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा भयो। बैङ्कका निमित्त प्रबन्धक प्रकाश श्रेष्ठले पुस २४ गते शान्ति सुरक्षाको माग गर्दै जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितमाथि कारबाही भएन।

### अन्यबाट

सिम्राहा सिग्यौन गाविस-७ स्थित जनता माविका प्रधानाध्यापक कोचावखारी गाविस-८ का ४५ वर्षीय धनेश्वर साहलाई कक्षा चलिरहेका बेला २०७३ वैशाख ९ गते सोही विद्यालयको व्यवस्थापन समितिका

अध्यक्ष सिम्राहा सिग्यौन गाविस-८ कनकट्टाका ३५ वर्षीय रामआशीष साहले काठको लाठीले कुटपिट गरे। आरोपितलाई कारबाही गर्न माग गर्दै विद्यालयले वैशाख १० गते र पीडितले वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। रामआशीषलाई जिल्ला प्रशासन कार्यालयले कात्तिक ११ गते ५ सय रुपियाँ जरिवाना र ३ हजार रुपियाँ बिगो भराउने फैसला सुनायो।

प्रेस चौतारी सप्तरीका अध्यक्ष नकटी रायपुर गाविस-८ का ३५ वर्षीय नर्मदेव यादवलाई २०७३ वैशाख ११ गते राति विषहरिया गाविस-३ घर भई राजविराज नपा-८ बस्ने २२ वर्षीय मिथलेस यादव, १७ वर्षीय एक बालक, २० वर्षीय अभिषेक यादव, सोही नपा-६ का २५ वर्षीय अजय यादव, सोही नपा-९ का १९ वर्षीय दीपक यादव, वरही वीरपुर गाविस-५ का २१ वर्षीय अनमोलकुमार यादव र विषहरिया गाविस-३ का १९ वर्षीय रुपेशकुमार यादवले समाचारको काम सकी राजविराजबाट घर फर्किरहेका बेला नकटी रायपुर गाविस-८ स्थित राजविराज-रुपनी सडकखण्डमा कुटपिट गरे। पीडित यादवको उपचार नकटी रायपुरस्थित युनिक अस्पताल र विराटनगरस्थित न्युरो अस्पतालमा भयो। पीडित यादवले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। वैशाख ११ गते गिरफ्तार भएका मिथलेस, दीपक, विवेक, अनमोल र रुपेशलाई जिल्ला प्रशासन कार्यालयले मङ्सिर २३ गते जनही ५ सय रुपियाँ जरिवानाको फैसला सुनायो। फरार अजयलाई भने १० हजार रुपियाँ जरिबाना तिर्नुपर्ने फैसला भयो।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता १ सय २५ जनाको छ। तर, १ सय ७७ कैदी र १ सय ५२ जना थुनुवा गरी ३ सय २९ जना छन्। जसमा महिला २० जना छन्। ३ वर्ष ६ महिनाका एक बालक र ६ महिनाकी एक बालिका आश्रित छन्। ६५ वर्षमाथिका दुई महिला र २३ पुरुष छन्। चार मानसिक रोगी पनि कारागारमा सँगै बस्छन्। २०१० सालमा निर्माण गरिएको यस कारागारको तीनमध्ये पुरुष बस्ने दुई भवन जीर्ण छन्। कारागारमा झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। चौकिदार जितेन्द्रप्रसाद यादवले खेलकुद सामग्री नभएको, कुहिएको चामल र दूषित पानी खानुपरेको, शौचालय र पुस्तकालय अभाव रहेको, सिपमूलक तालिमको व्यवस्था पनि नभएको बताए। दीर्घ रोगी बन्दीहरूको उपचारमा बढी रकम खर्च हुने गरेकाले आर्थिक अभाव सिर्जना हुने गरेको कारागार प्रशासनले जनायो।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

सप्तरीमा जिल्ला अदालत र उच्च अदालतको इजलास छन्। जिल्ला अदालतमा नौ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २ हजार ३ सय २८ र फौजदारीतर्फ ९ सय ४१ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी १ सय ७० र फौजदारी ७९ थान छन्। अदालतमा प्रतिन्यायाधीश ४ सय ८१ थान मुद्दा हेर्नुपर्ने हुन्छ।

यसैगरी १० जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत जनकपुर, राजविराज इजलासमा पाँच न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार १ सय १९ र फौजदारीतर्फ ९ सय ६ थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी ९२ र फौजदारी ८१ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ३४ प्रावि, ९९ निमावि, ४५ मावि र ३२ उच्च मावि छन्। शिक्षक दरबन्दी १ हजार ८ सय ९ मध्ये ७९ रिक्त छन् भने राहत दरबन्दी ७ सय २१ मध्ये १ सय ४४ रिक्त छन्। २१ जना अपाङ्गता भएका शिक्षक छन्। यस वर्ष ४७ हजार ५ सय १२ बालक र ५८ हजार ६ सय ६ जना बालिका विद्यालयमा भर्ना भए। अझै पनि विद्यालयबाहिर ७ हजार ५ सय ७५ विद्यालय उमेरका बालबालिका छन्। यस वर्ष १३ हजार २ सय २१ दलित बालक र १४ हजार ३ सय ६७ दलित बालिकालाई छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालबालिका बेचबिखन | १ | | १ |
| बलात्कार | ९ | | ९ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | ९ | | ९ |
| जम्मा | १९ | १ | २० |

*द्वन्द्वपीडित परिवारका ३४ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो। अपाङ्गता भएका १९ निमाविका बालबालिकालाई ३ लाख ८६ हजार र ९ माविका बालबालिकालाई १ लाख ५१ हजार छात्रवृत्ति प्रदान गरियो।*

*यो वर्ष १९ बालिका र एक बालक पीडित भएको पाइयो। नौ बालिका बलात्कारबाट पीडित बने। त्यसैगरी नौ बालिकालाई यौन दुर्व्यवहार भएको पाइयो। एक बालिका बेचबिखन घटनाबाट पीडित भइन् भने एक बालकलाई विद्यालयमा शारीरिक दण्ड दिइयो। गत वर्ष १० बालिका बलात्कारबाट पीडित भएका थिए। त्यसैगरी चार बालिका यौन दुर्व्यवहार, एक जना बेचबिखन घटनाबाट पीडित भएका थिए। गत वर्ष पनि एक बालकलाई विद्यालयमा शारीरिक दण्ड दिइएको थियो। सन् २०१६ मा एक बालिकाको बलात्कारपछि हत्या भयो। त्यसैगरी एक आठ वर्षीय बालकलाई अपहरण गरी हत्या गरेको घटना पनि इन्सेकले अभिलेख गरेको छ।*

**बलात्कार, यौन दुर्व्यवहार**

१४ वर्षीया बालिकालाई २०७३ वैशाख २३ गतेदेखि कञ्चनरूप नपा-२ का ३५ वर्षीय उपेन्द्रदास तत्माले बन्धक बनाई यौनशोषण गरेको भन्दै पीडितका अभिभावकले इलाका प्रहरी कार्यालय कञ्चनरूपमा वैशाख २७ गते उजुरी दिए। वैशाख २७ गते गिरफ्तार भएका उपेन्द्रलाई जिल्ला अदालतले कात्तिक ४ गते ९ वर्ष कैद र ५० हजार जरिबानाको फैसला सुनायो।

**बलात्कारपछि हत्या**

तरही गाविस-८ की १५ वर्षीया चन्दनकुमारी सदालाई २०७३ साउन १२ गते सोही ठाउँका १८ वर्षीय चनरदेव सदा, १८ वर्षीय चन्दन सदा र १९ वर्षीय ओमप्रकाश सदाले बलात्कार गरी हत्या गरेको आरोपमा मृतक बालिकाका बाबु नसिब सदाले इलाका प्रहरी कार्यालय कल्याणपुरमा सोही दिन उजुरी दिए। शवको पोस्टमार्टम गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा साउन १३ गते भयो। भदौ २८ गते गिरफ्तार भएका चनरदेवलाई जिल्ला अदालतले असोज १३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। फरार आरोपितहरू यो वर्षको अन्त्यसम्म गिरफ्तार हुन नसकेको प्रहरीले जनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय ३८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ३९, खान⁄लाउन नदिएको ६१, विवाह दर्ता र नागरिकता नबनाएको ७१, अर्की श्रीमती ल्याएर हेला गरेको ४० र सामान्य घरायसी झगडाका १ सय २७ घटना छन्। यीमध्ये प्रहरीले १ सय ९१ वटामा मिलापत्र गरायो भने ७ उजुरी कानुनी प्रक्रियामा छन्। बाँकी उजुरीकर्ता सम्पर्कमा आएनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | ८ | ८ |
| बलात्कार | २ | २ |
| बलात्कारको प्रयास | ९ | ९ |
| बहुविवाह | २१ | २१ |
| घरेलु हिंसा | २३८ | २३८ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | २८१ | २८१ |

*यो वर्ष भएका विभिन्न घटनामा २ सय ८१ महिला पीडित भए। गत वर्ष यो सङ्ख्या १ सय ९९ थियो। परिवारबाटै एक महिलाको हत्या भयो। कथित बोक्सीको आरोपबाट आठ महिला पीडित भए। त्यसैगरी बलात्कार प्रयासबाट नौ, बलात्कारबाट दुई, बहुविवाहबाट २१, यौन दुर्व्यवहारबाट तीन र घरेलु हिंसाबाट २ सय ३८ महिला पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

४९ वर्षीया एकल महिलालाई २०७२ चैत २५ गते मौवाहा गाविस-९ का १८ वर्षीय एक व्यक्तिले बलात्कार प्रयास गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय कडरबोनामा चैत २६ गते उजुरी दिइन्। पीडितको राजविराजस्थित अञ्चल अस्पतालमा चैत २६ गते स्वास्थ्य परीक्षण भयो। चैत २८ गते गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले २०७३ असोज ५ गते २ वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

**कथित बोक्सीको आरोपमा दुर्व्यवहार/अमानवीय व्यवहार**

शम्भुनाथ नपा-४ की ६८ वर्षीया द्रोपदीदेवी देवलाई २०७३ वैशाख ५ गते कटैया गाविस-८ मकरी टोलका २९ वर्षीय बिहारी सरदार बाँतरले कथित बोक्सीको आरोपमा दुर्व्यवहार गर्दै कुटपिट गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा वैशाख ७ गते उजुरी दिइन्। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

शम्भुनाथ नपा-६ कठौना टोलकी ३२ वर्षीया पवितादेवी चौधरीलाई २०७३ असोज १२ गते राति सोही ठाउँका ४५ वर्षीय नेपाली भनिने घनश्याम चौधरीले कथित बोक्सीको आरोप लगाई कुटपिट गरेको भन्दै पीडितले असोज १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। यो वर्षको अन्त्यसम्म पीडितको राजविराजस्थित अञ्चल अस्पतालमा उपचार भयो। आरोपित फरार रहेको प्रहरीले जनायो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**खाद्यान्न अभावको परिणाम**

डाँढा गाविस-७ बलिया टोलका १७ वर्षीय कुपोषित शम्भु रामको उपचार अभावमा २०७३ मङ्सिर १२ गते मृत्यु भयो। तीन वर्षदेखि कुपोषणले पीडित सोही गाउँका २५ वर्षीय रामपुकार खड्ग सिकिस्त छन्। राम र खड्ग समुदायका ६५ घर रहेका सो गाउँमा भरपेट खान नपाएर दलित समुदायका अधिकांश नागरिक कुपोषणले ग्रसित छन्। पछिल्लो समय कुपोषणग्रस्त बालबालिकाको सङ्ख्या जिल्लामा बढ्दै आएको छ। जिल्ला जनस्वास्थ्य कार्यालयका अनुसार जिल्लाका ६ महिनादेखि ५ वर्षसम्मका ६२ हजार १ सय ५० बालबालिका कुपोषणले ग्रसित छन्। यीमध्ये ३ प्रतिशत अर्थात् १ हजार ८ सय ३४ बालबालिका कडा कुपोषणग्रस्त छन् भने ११ हजार १ सय ८७ बालबालिका मध्यम कुपोषणग्रस्त छन्। एसिएफ नामक संस्थाको स्मार्ट सर्वेक्षणअनुसार कुपोषणले ५ वर्षमुनिका ४१ प्रतिशत बालबालिकामा कम तौल, ३७ प्रतिशतमा पुड्कोपन र २१ प्रतिशतमा ख्याउटेपन देखियो।

**सवारी साधनमा क्षति**

मारुती ग्यास उद्योगको को १ क १३६९ नम्बरको ट्रकलाई २०७२ माघ ४ गते राति मधेसी मोर्चाका कार्यकर्ताले पूर्व-पश्चिम महेन्द्र राजमार्गअन्तर्गत कञ्चनरूपस्थित सडकखण्डमा ढुङ्गा प्रहार गरी तोडफोड गरे। प्रहरी स्कर्टिङमा सुनसरीको सोनापुरबाट ग्यास लिएर राजविराज आउँदै गरेको ट्रकमा क्षति पुऱ्याउने प्रदर्शनकारीलाई कुनै कारबाही भएन।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा दुई अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र र १ सय ११ स्वास्थ्य चौकी छन्। जिल्लामा ३० डक्टरको दरबन्दी रहेकामा २१ रिक्त छन्। स्त्री रोग विशेषज्ञ र प्रमुख मेडिकल सुपरिटेन्डेन्टको दरबन्दी भए पनि रिक्त छन्। अहेबको ३ सय ५० दरबन्दी रहेकामा २ सय ७५ कार्यरत छन्। स्टाफ नर्सको २२ दरबन्दीमा २० तथा अनमीको २ सय ३८ दरबन्दीमा १ सय ५८ जना कार्यरत छन्। ल्याब असिस्टेन्टको आठ दरबन्दीमा सबै कार्यरत छन्। हेल्थ असिस्टेन्टको १ सय १६ दरबन्दीमा ८३ जना कार्यरत छन्।

गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालतर्फ कुल वार्षिक बजेट ३ करोड ५० लाख ८८ हजार रुपियाँ र औषधि खर्चवापतको रकम ११ लाख रुपियाँ छ। अञ्चल अस्पतालको चालु प्रशासनिक खर्च ३ करोड ३९ लाख ८८ हजार रुपियाँ छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २९ करोड ९८ लाख २९ हजार १ सय रुपियाँ र औषधि खर्चबापतको रकम ५३ लाख रुपियाँ थियो। चालु प्रशासनिक खर्च ११ करोड ८१ लाख २८ हजार १ सय रुपियाँ थियो। यस वर्ष टेन्डर प्रक्रिया ढिलो भएका कारण जिल्ला तथा स्वास्थ्य चौकीमा अत्यावश्यक औषधि अभाव भयो।

**अस्पतालमा आमरण अनशन**

मधेसी मोर्चा सप्तरीले राजविराज नपा-३ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पताल सुधारको माग गर्दै २०७३ कात्तिक १२ गते अस्पताललाई अल्टिमेटमसहितको २४ बुँदे ज्ञापनपत्र प्रस्तुत गरेको थियो। त्यो पूरा नभएपछि मोर्चाका वरिष्ठ सल्लाहकार एवम् नेपाल सद्भावना पार्टी गजेन्द्रवादीका राष्ट्रिय अध्यक्ष विकास तिवारी २०७३ मङ्सिर ८ गतेदेखि आमरण अनशन बसे। तिवारीलाई साथ दिँदै २०७३ मङ्सिर ९ गतेदेखि मधेसी मोर्चा सप्तरीका संयोजक एवम् सरिता गिरी नेतृत्वको नेसपाका जिल्ला अध्यक्ष सुबी यादव, मोर्चाका सचिवालय सदस्य एवम् नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य प्रभाकर सिंह, नेसपा गजेन्द्रवादीका केन्द्रीय सदस्यहरू एवम् मोर्चाका

सचिवालय सदस्यहरू जयसुन्दर खिडहरी यादव र सावित्री पण्डित पनि आमरण अनशनमा थपिए। अस्पताल प्रशासन र मोर्चा टोलीबीच २०७३ मङ्सिर १३ गते राति वार्ता भयो। २७ बुँदे सहमतिपछि चार जनाले अनशन स्थगित गरे पनि विकास तिवारीले भने माग पूरा नभएको भन्दै अनशनलाई निरन्तरता दिए। राष्ट्रिय मानव अधिकार आयोगले २०७३ मङ्सिर २२ गते र इन्सेकले २३ गते विज्ञप्ति जारी गरी तत्काल समस्या समाधान गर्न सरकारसँग आग्रह गरे। स्वास्थ्य मन्त्री गगन थापाको उपस्थितिमा स्वास्थ्य मन्त्रालयको नीति योजना तथा अन्तर्राष्ट्रिय सहयोग महाशाखाका प्रमुख भोगेन्द्रराज डोटेल र अनशनरत तिवारीका प्रतिनिधिबीच चार बुँदे सहमतिपछि १८ औं दिन २०७३ मङ्सिर २५ गते तिवारीले अनशन तोडे।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बालबालिका बेचबिखन | | | | १ | १ |
| बलात्कार | | ४ | | ५ | ९ |
| विद्यालयमा शारीरिक सजाय | | | १ | | १ |
| यौन दुर्व्यवहार | २ | ३ | | ४ | ९ |
| जम्मा | २ | ७ | १ | १० | २० |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | ५ | २ | | १ | ८ |
| बलात्कार | १ | | | १ | २ |
| बलात्कारको प्रयास | १ | २ | | ६ | ९ |
| बहुविवाह | ५ | ९ | | ७ | २१ |
| घरेलु हिंसा | ४३ | ९९ | ८४ | १० | २३६ |
| यौन दुर्व्यवहार | | १ | १ | १ | ३ |
| जम्मा | ५५ | ११३ | ८५ | २६ | २७९ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ६ | ७ |

# १.१२ सिरहा



**जम्मा जनसङ्ख्या**
**६६५८५८**

**महिला**
**३४९०४४**

**परिवार सङ्ख्या**
**१२६०१५**

**खोलाको पानी पिउने परिवार**
**७५३**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२१९३३९**

**कामका लागि बाहिरिएका**
**४५७९०**

**सबभन्दा बढी जनसङ्ख्या**
**१५५३९१ (यादव)**

**अपाङ्गता भएका**
**६६६५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५८.०५**

**आश्रित जनसङ्ख्या**
**३०९२९१**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | १ |
| बाल अधिकार | | | १९ | २ | २१ |
| महिला अधिकार | | | ५८ | | ५८ |
| भेला/सङ्गठित हुने अधिकार | | | | १ | १ |
| गिरफ्तारी | १ | १ | | | |
| यातना | ३ | ३ | | | |
| कुटपिट | १ | १ | १ | १ | २ |
| धम्की | | | १ | १ | २ |
| हत्या | | | २ | १ | ३ |
| **जम्मा** | ५ | ५ | ८१ | ७ | ८८ |

*इन्सेकको अभिलेख अनुसार सिरहामा गत वर्षको तुलनामा सन् २०१६ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना बढे। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ६२ महिलासहित ८३ जना पीडित भएकामा सन् २०१६ मा ८१ महिलासहित ९३ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका गिरफ्तारी र यातनाका घटनामा चार पुरुष पीडित भए भने कुटपिटबाट एक पुरुष पीडित भए। गत वर्ष राज्यपक्षबाट १४ पुरुष पीडित भएका थिए। राज्यपक्षबाट दुई जना सञ्चारकर्मी यस वर्ष गिरफ्तारी र यातनाबाट पीडित भए भने गैरराज्य पक्षबाट एक सञ्चारकर्मीमाथि दुर्व्यवहार भयो। बाल विवाह रोकथाम अभियानमा सक्रिय एक अधिकारकर्मीलाई धम्की दिइयो ।*

*जिल्लामा गैरराज्यपक्षबाट महिला तथा बालिका बढी पीडित भए। यस वर्ष परिवारजनबाटै दुई जनाको हत्या भयो। गत वर्ष महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३८ महिला पीडित भएकामा यस वर्ष ५८ जना पीडित भए। यस वर्ष बलात्कार, बलात्कार प्रयास घटनामा १२ महिला पीडित भए। कथित बोक्सीको आरोपमा चार जना पीडित भए। बहुविवाहका घटनाबाट ११ जना पीडित भए। यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा ११ बालिका बलात्कारबाट पीडित भए भने तीन जना यौन दुर्व्यवहारबाट पीडित भए। एक नवजात शिशुको हत्या भयो भने विद्यालयमा शारीरिक दण्ड सजायबाट चार बालबालिका पीडित भए। त्यसैगरी बेचबिखनको घटनामा दुई बालिका पीडित भए।*

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ५० जनाको छ। तर, २ सय १० कैदी र १ सय ५४ थुनुवा गरी ३ सय ६४ जना छन्। जसमा २१ महिला छन्। यो वर्ष एक कैदीको कारागारमा मृत्यु भयो। क्षमताभन्दा दोब्बर कैदी/बन्दी भएकाले पिउने

पानी, शौचालय प्रयोग तथा बसोबासमा समस्या भएको बन्दीले गुनासो गरे। २०२६ सालमा बनेको कारागार भवन पुरानो र जीर्ण छ।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

लहान नपा-२१ निवासी सङ्घीय समाजवादी फोरमका कार्यकर्ता ४४ वर्षीय सत्यनारायण यादवलाई २०७२ माघ ७ गते राति ढुङ्गा प्रहार गरेको आरोपमा लहान नपा-१ स्थित होटलबाट घर जाने क्रममा बाटोमा सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प लहानमा कार्यरत प्रहरीले कुटपिट गरे। यादवको उपचार लहान अस्पतालमा भयो। घटना सम्बन्धमा मानव अधिकार सञ्जाल सिरहाले अनुगमन गरी विज्ञप्तिमार्फत भर्त्सना गरेको थियो। पीडितले उजुरी दिएनन्।

### अन्य पक्षबाट

मझौलिया गाविस-१ निवासी एकीकृत नेकपा माओवादी केन्द्रका जिल्ला सदस्य ३० वर्षीय उपेन्द्र साहलाई २०७२ फागुन ७ गते कार्यकर्तासँग भेटघाट गरी फर्किरहेका बेला सोही गाविस-५ स्थित बाटोमा करिब ४०/४५ जना समूहले कुटपिट गऱ्यो। घाइतेको धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान अस्पतालमा उपचार भयो। माओवादी केन्द्रका पोलिटब्युरो सदस्य विश्वनाथ साहसहित, सोही पार्टीका केन्द्रीय परिषद् सदस्य फुलगेन नायकसहितको टोलीसँग उपेन्द्र फर्किरहेका थिए। प्रहरीले घटनामा संलग्न भएको आरोपमा मझौलिया गाविस-८ का २८ वर्षीय धनवीर यादवलाई फागुन २९ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको आदेशअनुसार चैत १० गते २५ हजार धरौटीमा रिहा भए।

## यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

सुखीपुर नपा-६ का २२ वर्षीय प्रमोद साफी र ३२ वर्षीय दिनेश साफीलाई घरायसी विषयमा विवाद गरेको आरोपमा २०७३ जेठ ७ गते प्रहरी चौकी सिलोर्वा पछवारीका प्रहरी हवल्दार हंसराज मण्डलले प्रहरी कार्यालयमा लगी यातना दिएको पीडित पक्षले आरोप लगायो। घटना सम्बन्धमा मानव अधिकार सञ्जाल सिरहाले जेठ ९ गते अनुगमन गरेको थियो। जिल्ला प्रहरी कार्यालय सिरहाका एसपी श्याम ज्ञवालीले घटनाका आरोपित प्रहरीले अबदेखि यस्तो गल्ती नदोहोऱ्याउने शर्तमा नसिहत दिएको प्रतिक्रिया दिए। पीडितले उजुरी दिएनन्।

धनगढी गाविस-१ घर भई सिरहामा कान्तिपुर दैनिकका सम्वाददाता ३५ वर्षीय देवनारायण साहलाई २०७३ कात्तिक १० गते समाचार सङ्कलनका क्रममा जिल्ला प्रहरी कार्यालय सिरहाले गिरफ्तार गऱ्यो। कामको सिलसिलामा भारत जान लागेका चार युवतीलाई माडरस्थित भन्सार नाकाबाट प्रहरीले फर्काइ सिरहास्थित भगवती स्विट हाउसमा राखिएपछि समाचार सङ्कलनका लागि पुगेका साहलाई सादा पोसाकमा रहेका प्रहरीले नियन्त्रणमा लिएका थिए। आफू पत्रकार भएको र समाचारका लागि युवती भेट्न पुगेको बताए पनि आफूलाई जिल्ला प्रहरी कार्यालयमा मानसिक तनाव दिई जबरजस्ती बयान गराई नेपाली कङ्ग्रेसका नेता नरेश यादवको रोहवरमा करिब तीन घण्टापछि रिहा गरेको पीडितले बताए। पीडितले घटनाको निष्पक्ष छानबिन गरी कारबाहीको माग गर्दै कात्तिक १४ गते राष्ट्रिय मानव अधिकार आयोगमा उजुरी दिए। पत्रकार साहलाई मानव बेचबिखन मुद्दाको अनुसन्धानका लागि सोधपुछ गर्न प्रहरी कार्यालयमा ल्याइएको प्रहरीले जनायो।

गोलबजार नपा-२ निवासी अनुकल्प दैनिक पत्रिकाका सम्पादक ४८ वर्षीय अर्जुन थपलियालाई विद्युतीय अपराधमा संलग्न रहेको आरोपमा २०७३ मङ्सिर ७ गते राति पत्रिकाको काम सकेर घर फर्कने क्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरीले गोलबजारबाट गिरफ्तार गरे। त्यसपछि इलाका प्रहरी कार्यालय धनगढीमा राखेर मङ्सिर ८ गते बिहान वा ४ प ५१८७ नम्बरको माइक्रो बसमा काठमाडौं पुऱ्याए। पत्रकार थपलियाले आफूलाई प्रहरीले अपहरण शैलीमा गिरफ्तार गरी १२ घण्टापछि पुर्जी दिएको बताए। जिल्ला प्रहरी कार्यालयका एसपी श्याम ज्ञवालीले महानगरीय प्रहरी परिसर काठमाडौंले विद्युतीय अपराध मुद्दामा गिरफ्तार गर्ने निर्देशन दिएकाले पत्रकार थपलियालाई गिरफ्तार गरी काठमाडौँ पठाएको बताए। घटनाको विरोधमा पत्रकार महासङ्घ, प्रेस काउन्सिल नेपाल र प्रेस चौतारीले प्रेस विज्ञप्ति जारी गरी थपलियालाई अबिलम्ब रिहा गर्न माग गरे। थपलिया विशेष अदालतको आदेशमा मङ्सिर १४ गते ५ हजार धरौटीमा रिहा भए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एक जिल्ला अदालत छ। सात न्यायाधीशको दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ हजार ३ सय ७१ र फौजदारीतर्फ ५ सय ३४ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी १ सय ५९ र फौजदारी ४३ थान छन्।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार
**(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)**

एमाओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई मधेस विरोधी भएको आरोपमा सिरहा जिल्लाको २३ औँ जिल्ला परिषद् उद्घाटनमा गएको अवस्थामा २०७२ फागुन ३० गते संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ताले कार्यक्रमस्थलमा आक्रमण प्रयास गरे। जिविसको समीक्षा हलमा मोर्चाका नेता तथा कार्यकर्ताले कालो झण्डा देखाइ उनीमाथि कुर्सी प्रहार गरेका थिए। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा मोर्चाका कार्यकर्ता किशोरी यादवलगायत पाँच जनालाई नियन्त्रणमा लिई सोही दिन रिहा गरेको प्रहरीले बतायो।

स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समिति सिरहाले २०७३ साउन २३ गते आयोजना गरेको सिमाना निर्धारणसम्बन्धी जिल्लास्तरीय परामर्श कार्यशाला गोष्ठीमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले अवरोध पुऱ्यायो। जिल्ला विकास समिति सिरहाको समीक्षालय भवनमा गोष्ठी सुरु हुनासाथ मोर्चाले विरोध जनाउँदै होहल्ला गरेपछि कार्यक्रम स्थगित भयो। विवादपछि स्थानीय विकास अधिकारीले दलहरूसँग पुनः छलफलमा बस्ने गरी परामर्श गोष्ठी स्थगित गरे।

## बाल अधिकार
### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ६० आधारभूत (प्रावि, निमावि) र ७५ मावि छन्। २ हजार ३ सय ८० शिक्षक दरबन्दी रहेकामा ३ सय ८२ रिक्त छन्। यस वर्ष ११ हजार २ सय १४ बालक र १० हजार ३ सय ६३ बालिका भर्ना भए। जिल्लामा ४ सय ३५ अपाङ्गमैत्री विद्यालय छन्। ३५ हजार ४ सय ८४ दलित बालक र बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवारका चार र द्वन्द्वपीडित परिवारका १ सय २५ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*गत वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा २० जना बालबालिका पीडित भएकोमा यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा १९ बालिका र दुई बालक पीडित भए। यो वर्ष ११ बालिका बलात्कारबाट पीडित भए भने तीन जना यौन दुर्व्यवहारबाट पीडित भए। एक नवजात शिशुको हत्या भयो भने विद्यालयमा शारीरिक दण्ड सजायबाट चार बालबालिका पीडित भए। बेचबिखन घटनामा दुई बालिका पीडित भए। बालिका बलात्कार, यौन दुर्व्यवहार घटनाका चार जना आरोपित फरार रहे भने एक घटनामा दोषीलाई कैद सजायको फैसला सुनाइयो।*

| घटनाको प्रकार | गैर राज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालबालिका बेचबिखन | २ | | २ |
| बलात्कार | ११ | | ११ |
| नवजात शिशुको हत्या | १ | | १ |
| विद्यालयमा शारीरिक सजाय | २ | २ | ४ |
| यौन दुर्व्यवहार | ३ | | ३ |
| जम्मा | १९ | २ | २१ |

### बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया एक बालिकालाई २०७२ पुस २२ गते बडहरामाल गाविस-२ का १९ वर्षीय रामसुभक पासवानले यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय मिर्चैयामा पुस २२ गते उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल सिरहामा पुस २२ गते भयो। पुस २२ गते नै गिरफ्तार भएका रामसुभकलाई जिल्ला अदालतले २०७३ वैशाख १ गते तीन वर्ष कैदको फैसला सुनायो।

### विद्यालयमा शारीरिक दण्ड सजाय

लहान नपा-२ घर भई गोल्डेन फ्युचर एजुकेसन एकेडेमीको कक्षा एकमा अध्ययनरत सात वर्षीया राधिकाकुमारी यादव, १० वर्षीया निकिताकुमारी चौधरी, १० वर्षीय सशुधन ठाकुर र नौ वर्षीय अमितकुमार महतोलाई गृहकार्य नगरेको आरोपमा २०७३ कात्तिक १० गते सोही विद्यालयकी शिक्षिका २० वर्षीया निशा चौधरीले विद्यालयको चौरमा कुखुरा जस्तो बन्न लगाइन्। घटनामा संलग्न शिक्षिकालाई गल्ती नदोहोऱ्याउने शर्तमा नसिहत दिएको जिल्ला शिक्षा कार्यालयले जनायो।

### बेचबिखन तथा ओसार पसार

१३ र १४ वर्षीया दुई बालिकालाई जागिर लगाइदिने प्रलोभन देखाउँदै २०७२ पुस २२ गते उदयपुरको हडिया गाविस-२ घर भई लहान नपा-१ मा बस्दै आएका २८ वर्षीय मोहमद मुक्तारले बेचबिखनको प्रयास गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय लहानमा पुस २४ गते उजुरी दिए। आरोपितले बालिकालाई बलात्कारसमेत गरेको पीडित परिवारले आरोप लगायो। पीडित दुवैजनाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल सिरहामा भयो। पुस २२ गते गिरफ्तार भएका मोहमदलाई जिल्ला अदालतले माघ १८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २०, खान/लाउन नदिएको २३, विवाह दर्ता र नागरिकता नबनाएको २७, अर्की श्रीमती ल्याएर हेला गरेको २० र सामान्य घरायसी झगडाका १८ घटना छन्। यीमध्ये प्रहरीले ७४ वटामा मिलापत्र गरायो भने ३४ उजुरी कानुनी प्रक्रियामा छन्।*

*गत वर्षको तुलनामा यो वर्ष महिलाविरुद्ध हुने हिंसा तथा ज्यादतीका घटना वृद्धि भयो। गत वर्ष त्यस्ता घटनामा ३८ महिला पीडित भएकामा यस वर्ष ५८ जना पीडित भए। यस वर्ष बलात्कार, बलात्कार प्रयासका घटनामा १२ महिला पीडित भए। कथित बोक्सीको आरोपमा चार जना पीडित भए भने बहुविवाहका घटनाबाट ११ र घरेलु हिंसाबाट ३१ महिला पीडित भए। घरेलु हिंसाका अधिकांश घटनामा प्रहरीले मिलापत्र गरायो। केही घटना गम्भीर प्रकृतिका पनि थिए तर त्यस्ता घटनामा पनि प्रहरीले कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाउन चाहेन।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | ४ | ४ |
| बलात्कार | ७ | ७ |
| बलात्कारको प्रयास | ५ | ५ |
| बहुविवाह | ११ | ११ |
| घरेलु हिंसा | ३१ | ३१ |
| जम्मा | ५८ | ५८ |

लहान नपा-२ की २० वर्षीया रीतादेवी मण्डललाई २०७२ चैत ७ गते २२ वर्षीय पति रवि मण्डलले घरायसी विवादमा बाँसको भाँटाले हिर्काएर टाउको फुटाइदिए। पीडितले इलाका प्रहरी कार्यालय, लहानमा चैत ७ गते उजुरी गरिन्। प्रहरीले आरोपितलाई गिरफ्तार गरेकामा घटना नदोहोऱ्याउने शर्तमा मिलापत्र गरायो।

### परिवारजनबाट हत्या

धनगढीमाई नपा-१० का ४८ वर्षीया लक्ष्मी सदायलाई २०७२ चैत ११ गते १९ वर्षीय छोरा सञ्जय सदाले घरायसी विषयमा विवाद गरेको आरोपमा बियरको बोतलले टाउकोमा प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय लहानमा चैत ११ गते उजुरी दियो। शवको पोस्टमार्टम लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा चैत १२ गते भयो। चैत ११ गते गिरफ्तार भएका सञ्जयलाई जिल्ला अदालतले २०७३ वैशाख ६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

लहान नपा-६ की ३२ वर्षीया ववितादेवी साहलाई २०७३ भदौ २ गते ३५ वर्षीय पति विशेश्वरप्रसाद साहले घरायसी विषयमा विवाद गरेको आरोपमा सिलौटाले टाउकोमा हिर्काएर हत्या गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय लहानमा भदौ ३ गते उजुरी दियो। शवको पोस्टमार्टम लहानस्थित रामकुमार उमाप्रसाद स्मारका अस्पतालमा भदौ ३ गते भयो। भदौ २ गते गिरफ्तार भएका विशेश्वरप्रसादलाई जिल्ला अदालतले भदौ ३० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया एक युवतीलाई २०७२ माघ २ गते सुखीपुर नपा-४ का १९ वर्षीय उपेन्द्र पासवानले बलात्कार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा माघ २७ गते उजुरी दियो। पीडित युवतीकोको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ २७ गते भयो। माघ २९ गते प्रहरीले उपेन्द्रका साथै घटनामा सहयोग पुऱ्याएको भन्दै सोही ठाउँका १९ वर्षीय रामु पासवान र १९ वर्षीय वीरेन्द्र पासवानलाई पनि गिरफ्तार गरेकामा जिल्ला अदालतले २०७३ जेठ २४ गते उपेन्द्रलाई आठ वर्ष कैद र ५० हजार

पीडितलाई दिनुपर्ने तथा रामु र वीरेन्द्रलाई ६ वर्ष कैद सजायको फैसला सुनायो।

### कथित बोक्सीको आरोप

सोठियाइन गाविस-१ की ३१ वर्षीया सुशीलादेवी यादवलाई २०७२ चैत १८ गते सोही ठाउँका ५५ वर्षीय जनक यादव, ५० वर्षीय फनक भन्ने कनकलाल यादव र २१ वर्षीय दिनेश यादवले बोक्सीको आरोप लगाउँदै कुटपिट गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय, लहानमा चैत २० गते उजुरी दिए। कुटपिटबाट घाइते सुशीलाको उपचार लहानस्थित सप्तऋषि अस्पतालमा भयो। जेठ १२ गते गिरफ्तार भएका जनकलाई जिल्ला अदालतले जेठ ३० गते ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। अन्य आरोपित फरार रहेको प्रहरीले जनायो।

कल्याणपुर जब्दी गाविस-७ की ६५ वर्षीया मोहनीदेवी यादवलाई २०७३ असार ९ गते सोही ठाउँका २२ वर्षीय सरोज यादव, ५५ वर्षीय पवन यादव, १९ वर्षीय लालबाबु यादव र १७ वर्षीय एक बालकले कथित बोक्सीको आरोप लगाएर अपमानजनक व्यवहार गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय मिर्चैयामा साउन १६ गते उजुरी दियो। साउन १६ गते गिरफ्तार भएका सरोजलाई जिल्ला अदालतले साउन ३१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। अन्य आरोपित फरार रहे।

### स्वास्थ्य सेवा

सिरहामा दुई अस्पताल, १ सय ४ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र र एक उपस्वास्थ्य चौकी छन्। जिल्लामा आठ डक्टरको दरबन्दी रहेकामा दुईमात्र कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। हेल्थ असिस्टेन्ट/अहेबको ४ सय ३८ दरबन्दी रहेकामा ३ सय ८३ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २६ करोड ९१ लाख ५८ हजार र औषधि खर्चबापतको बजेट ६१ लाख २३ हजार रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बालबालिका बेचबिखन | | | १ | १ |
| बलात्कार | ३ | १ | ७ | ११ |
| नवजात शिशुको हत्या | १ | | | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | | १ |
| यौन दुर्व्यवहार | १ | १ | १ | ३ |
| जम्मा | ५ | ३ | ९ | १७ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | २ | १ | | १ | ४ |
| बलात्कार | | २ | २ | | ३ | ७ |
| बलात्कारको प्रयास | १ | | २ | | २ | ५ |
| बहुविवाह | | २ | ८ | | १ | ११ |
| घरेलु हिंसा | | | | ३० | १ | ३१ |
| जम्मा | १ | ६ | १३ | ३० | ८ | ५८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ३ | ३ |

# १.१३ उदयपुर



**जम्मा जनसङ्ख्या**
**३३०६१३**

**महिला**
**१७८४५०**

**परिवार सङ्ख्या**
**७३६८९**

**खोलाको पानी पिउने परिवार**
**१४६८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**८१६१८**

**कामका लागि बाहिरिएका**
**२२०६०**

**सबभन्दा बढी जनसङ्ख्या**
**६८३७२ (क्षेत्री)**

**अपाङ्गता भएका**
**७७८१**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६५**

**आश्रित जनसङ्ख्या**
**१४६६८४**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | २ | | २ |
| बाल अधिकार | १६ | | १६ |
| अपहरण | | १ | १ |
| महिला अधिकार | ७१ | | ७१ |
| जातीय विभेद | १ | | १ |
| हत्या | २ | | २ |
| **जम्मा** | ९२ | १ | ९३ |

*इन्सेकको अभिलेख अनुसार उदयपुरको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा १ सय ४६ महिलासहित १ सय ५७ जना पीडित भएकामा सन् २०१६ मा ९२ महिलासहित ९३ जना पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष पाँच महिलाको हत्या भएकामा यो वर्ष परिवारजनबाटै दुई महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा १२ बालिका बलात्कृत भए भने चार जनालाई यौन दुर्व्यवहार भयो। गत वर्ष १४ बालिका बलात्कृत भएका थिए भने १२ जना यौन दुर्व्यवहारबाट पीडित भएका थिए।*

*महिला हिंसाका घटनाबाट गत वर्ष १ सय ९ जना पीडित भएकामा यो वर्ष ७१ महिला पीडित भए। यो वर्ष जातीय विभेदको घटनाबाट एक महिला पीडित भइन्। गत वर्ष दुई पुरुष र दुई महिला पीडित भएका थिए। गत वर्षजस्तै यो वर्ष पनि अपहरण घटनामा एक जना पीडित भए।*

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ५० जनाको छ। तर, ८५ कैदी र ४५ थुनुवा गरी १ सय ३० जना छन्। महिला दुई जना छन्। यो कारागार २०३७/०३८ सालमा निर्माण भएको हो। ६ वटा कोठामात्र रहेकाले खाटको व्यवस्थापन नहुँदा भुइँमा सुत्नुपर्ने, पिउने पानीको अभाव, चर्पी कम जस्ता समस्या रहेको कैदी बन्दीको गुनासो छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई न्यायाधीशको दरबन्दी रहेकामा दुवै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ७८ र फौजदारीतर्फ २ सय ३० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी ६ र फौजदारी सात थान छन्। मुद्दाको चाप हेर्दा १ नम्बर न्यायाधीशलाई वार्षिक ३ सय ६० र २ नम्बर न्यायाधीशलाई ३ सय ५६ थान मुद्दा पर्ने गरेको अदालतको अभिलेखमा उल्लेख छ।

*यस वर्ष उदयपुरको उच्च अदालतको इजलास ओखलढुङ्गामा राख्ने सरकारी निर्णयको विरोधमा नेपाल बार एसोसिएसनको नेतृत्वमा कानुन व्यवसायीले जिल्ला अदालतको मूल ढोकाअगाडि ब्यानर टाँगे भने हस्ताक्षर अभियानसमेत सञ्चालन गरे।*

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ३७ प्रावि, १ सय ९ निमावि, ७१ मावि र ४१ उमावि छन्। २ हजार १ सय ५५ शिक्षकको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ३१ हजार ६ सय ५६ जना छात्र र ३३ हजार ८ सय ३७ जना छात्रा विद्यालय भर्ना भए। १० हजार ९ सय ५० दलित विद्यार्थीका लागि ४४ लाख ७५ हजार रुपियाँ छात्रवृत्ति वितरण गरियो। यो वर्ष जिल्ला शिक्षा कार्यालयको बजेट १ अर्ब २० करोड रुपियाँ छ। त्यसमध्ये १ अर्ब ५ करोड ९५ लाख प्रशासनिक खर्च छ। जिल्लाभर अपाङ्गमैत्री विद्यालय छैनन्।*

*गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरुद्धका घटनामा कमी आयो। सन् २०१५ मा एक बालकसहित ३० जना पीडित भएकामा यो वर्ष १६ बालिका पीडित भए।*

*यो वर्ष चार देखि १७ वर्ष उमेर समूहका १२ बालिका बलात्कृत भए। बलात्कार घटनाका तीन आरोपित फरार रहे। एक आरोपितलाई जिल्ला अदालतले २२ वर्ष कैद र ५० हजार रुपियाँ पीडितलाई भराउने फैसला सुनायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १२ | १२ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | १६ | १६ |

### अपहरण

१४ वर्षीय एक बालकलाई २०७३ जेठ ४ गते त्रियुगा नपा-१ का २८ वर्षीय चन्द्रशेखर राईले अपहरण गरेको भन्दै पीडित परिवारले जेठ ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जेठ ४ गते गिरफ्तार भएका चन्द्रशेखरलाई जिल्ला अदालतले मङ्सिर १४ गते दुई वर्ष कैद फैसला सुनायो।

### बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई २०७२ फागुन १० गते कटारी नपा-९ का ५० वर्षीय झगरसिंह दमाईंले बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय कटारीमा फागुन १२ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १३ गते जिल्ला अस्पताल बोक्सेमा भयो। फागुन २१ गते गिरफ्तार भएका झगरसिंहलाई जिल्ला अदालतले २०७३ असार २१ गते चार वर्ष कैद फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*महिला तथा बालबालिका सेवा केन्द्रमा यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ८२ महिलाले उजुरी दर्ता गराए। जसमध्ये १ सय १३ घटनामा मिलापत्र भयो भने ६९ उजुरी प्रक्रियामा छन्। त्यसैगरी उक्त घटनाहरूमध्ये कुटपिट, झैझगडा, गालीगलौजसम्बन्धी १ सय ५१ उजुरी परेकामा १ सय १ वटामा मिलापत्र भयो। ५० वटा  कानुनी प्रक्रियामा छन्।*

*गत वर्षको तुलनामा यस वर्ष महिला हिंसाका घटनामा कमी आयो। सन् २०१५ मा महिला हिंसाका घटनामा १ सय ९ जना पीडित भएकामा यो वर्ष ७१ जना पीडित भए। जसमध्ये ५९ महिला घरेलु हिंसाबाट पीडित भएकामा दुई जनाको परिवारजनबाट हत्या भएको छ। त्यस्तै पतिबाट हत्या प्रयासका घटनामा दुई महिला पीडित भए। बहुविवाहका घटनामा तीन, बलात्कार घटनामा पाँच, बलात्कार प्रयासका घटनामा दुई र यौन दुर्व्यवहारका घटनामा एक महिला पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ५ | ५ |
| बलात्कारको प्रयास | २ | २ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ५९ | ५९ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ७१ | ७१ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३४ वर्षीया महिलालाई २०७३ जेठ ३२ गते त्रियुगा नपा-५ वेहडवाका ३५ वर्षीय शुभकरण चौधरीले बलात्कार गरेको भन्दै पीडित पक्षले असार १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। असार १ गते गिरफ्तार भएका शुभकरणलाई जिल्ला अदालतले भदौ ८ गते १० वर्ष कैद र १० हजार रुपियाँ पीडितलाई भराउने फैसला सुनायो।

**परिवारजनबाट हत्या**

कटारी नपा-५ की ५५ वर्षीया फूलकुमारी सदालाई २०७३ कात्तिक १४ गते २२ वर्षीय छोरा कालिचन सदाले हत्या गरेको भन्दै पीडित पक्षले कात्तिक १४ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिए। कात्तिक १५ गते गिरफ्तार भएका कालिचनलाई जिल्ला अदालतले मङ्सिर ६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

भलायडाँडा गाविस-९ मइन्टार की २७ वर्षीया शोभा रोक्कालाई २०७३ पुस ५ गते ४९ वर्षीय पति वुकन सदाले दाउराले हानेर हत्या गरेको भन्दै मृतकका आफन्तले पुस ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम पुस ६ गते जिल्ला अस्पतालमा गरियो। पुस ९ गते गिरफ्तार भएका वुकनको अनुसन्धान जारी रहेको डिएसपी ओमबहादुर रानाले जानकारी दिए।

**परिवारजनबाट हत्या प्रयास**

तपेश्वरी गाविस-१ की ३५ वर्षीया नैनादेवी चौधरीलाई २०७२ माघ ६ गते ४० वर्षीय पति घनश्याम चौधरीले पेट्रोल छर्केर आगो लगाई हत्याको प्रयास गरेको भन्दै पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। जिल्ला प्रशासन कार्यालयले २०७३ भदौ ६ गते कसुर ठहर गरी ३ हजार रुपियाँ जरिवाना लिई थप कारबाहीका लागि सोही दिन जिल्ला अदालत पठाएको थियो। शरीरमा आगो सल्किनासाथ पीडितलाई स्थानीयले उद्धार गरी सप्तरीको फत्तेपुरस्थित अनुकूल पोलिक्लिनिकमा लगी उपचार गराएका थिए।

**स्वास्थ्य सेवाको अवस्था**

*उदयपुरमा दुई अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र ४४ स्वास्थ्य चौकी छन्। जिल्लामा १९ डक्टरको दरबन्दी रहे तापनि ११ जनामात्र कार्यरत छन्। आठ स्टाफ नर्सको दरबन्दी रहेकामा सातजना कार्यरत छन्। त्यसैगरी १ सय ५२ अहेबको दरबन्दी रहेकामा १ सय २७ जना कार्यरत छन् भने १ सय जनाको अनमी दरबन्दीमध्ये ८० जना कार्यरत छन्।*

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बलात्कार | १ | ६ | ४ | | १ | १२ |
| यौन दुर्व्यवहार | | २ | १ | १ | | ४ |
| जम्मा | १ | ८ | ५ | १ | १ | १६ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्धा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | १ | | | १ |
| बलात्कार | | २ | १ | | २ | ५ |
| बलात्कारको प्रयास | | | २ | | | २ |
| बहुविवाह | | १ | २ | | | ३ |
| घरेलु हिंसा | ३ | ३९ | ११ | ४ | २ | ५९ |
| यौन दुर्व्यवहार | | १ | | | | १ |
| जम्मा | ३ | ४३ | १७ | ४ | ४ | ७१ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | १ | २ |

# १.१४ खोटाङ



**जम्मा जनसङ्ख्या**
**१९७१२५**

**महिला**
**१०५६९२**

**परिवार सङ्ख्या**
**४२५८३**

**खोलाको पानी पिउने परिवार**
**६६६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५१३१५**

**कामका लागि बाहिरिएका**
**१७६६२**

**सबभन्दा बढी जनसङ्ख्या**
**७५५३० (राई)**

**अपाङ्गता भएका**
**११५८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८७.२**

**आश्रित जनसङ्ख्या**
**९२२१४**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १० | | १० |
| महिला अधिकार | ४८ | | ४८ |
| कुटपिट | १ | ४ | ५ |
| हत्या | २ | ४ | ६ |
| जम्मा | ६१ | ८ | ६९ |

***इन्सेकको अभिलेख अनुसार खोटाङमा अघिल्लो वर्षको तुलनामा सन् २०१६ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना बढे। सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा ४२ महिलासहित ४५ जना पीडित भएकामा सन् २०१६ मा ६१ महिलासहित ६९ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटना भएनन्। गैरराज्य पक्षबाट अघिल्लो वर्ष तीन महिला र एक पुरुषको हत्या भएको थियो। यस वर्ष दुई महिला र चार पुरुषको हत्या भयो।***

***बाल अधिकार उल्लङ्घनका घटनामा चार बालिका बलात्कृत भए भने ६ जनालाई यौन दुर्व्यवहार गरियो। महिला हिंसाका घटनामा गत वर्ष २९ जना पीडित भएकामा यस वर्ष ४८ जना पीडित भए।***

## कारागार र बन्दी

*'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ९९ जनाको छ। तर ७८ कैदी र २० थुनुवा गरी ९८ जना छन्। जसमा आठ महिला छन्। आश्रित बालक चार जना छन्। भूकम्प र वर्षाको पानीका कारण पुरुष कैदी बन्दी बस्ने भवन र पर्खाल चर्किएकाले कुनै पनि बेला भवन भत्कन सक्ने जोखिम छ। कैदी बन्दीले कारागार प्रशासनले कुहिएको चामल बाँड्ने गरेको गुनासो गरे। यो कारागारमा स्वच्छ पिउने पानीसमेत अभाव छ।*

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष देवानीतर्फ २९ थान मुद्दा परेकामा ११ थान फैसला भए। त्यस्तै फौजदारीतर्फ १ सय ११ थान मुद्दा परेकामा ५० थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय १२ प्रावि, ८६ निमावि, ५९ मावि, ३१ उमावि । यो वर्ष ३३ हजार २ सय ५९*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| यौन दुर्व्यवहार | ६ | ६ |
| जम्मा | १० | १० |

*बालिका र ३० हजार ७ सय ४२ बालक विद्यालयमा भर्ना भए। जिल्लामा १ हजार ५ सय ६४ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयको यस वर्षको बजेट १ अर्ब ११ करोड ३३ लाख ५९ हजार ९ सय ४१ रुपियाँ ६१ पैसा छ।*

*सन् २०१५ मा बालबालिका माथि हुने हिंसाका घटनाबाट ११ बालबालिका पीडित भएकामा यो वर्ष बलात्कार घटनामा चार र यौन दुर्व्यवहारका घटनामा ६ गरी १० जना पीडित भए।*

*यो वर्ष सातदेखि १७ वर्ष उमेर समूहका चार बालिका बलात्कृत भए। बहिनीलाई बलात्कार गरेको घटनाका आरोपित दाइ फरार रहेको अभिलेख गरिएको छ। सामूहिक बलात्कारको एउटा घटना सार्वजनिक भयो।*

***बलात्कार, यौन दुर्व्यवहार***

१० वर्षीया बालिकालाई २०७३ कात्तिक ३ गते बराहापोखरी गाविस-२ का २० वर्षीय बाबुराम थापाले यौन दुर्व्यवहार गरेको भन्दै पीडित परिवारले जिल्ला प्रहरी कार्यालय खोटाङमा कात्तिक ४ गते उजुरी दिए। कात्तिक ५ गते गिरफ्तार भएका बाबुरामलाई जिल्ला अदालतले पुस १४ गते पाँच वर्ष कैदको फैसला सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारको दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा कुटपिट गरी घर निकाला गरिएका तीन वटा, खान/लाउन नदिएको नौ वटा, विवाह दर्ता र नागरिकता नबनाएको ६ वटा, अर्की श्रीमती ल्याएर हेला गरेको पाँच वटा र सामान्य घरायसी झगडाका २१ घटना छन् । गत वर्षको बाँकी उजुरीमा सहित यस वर्ष प्रहरीले ४४ वटामा मिलापत्र गरायो भने ११ उजुरीमा कानुनी प्रक्रिया अघि बढेको महिला बालबालिका सेवा केन्द्रकी सहायक इन्चार्ज मीरा कटुवालले जानकारी दिइन् ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ६ | ६ |
| बलात्कारको प्रयास | ४ | ४ |
| बहुविवाह | ६ | ६ |
| घरेलु हिंसा | २५ | २५ |
| यौन दुर्व्यवहार | ६ | ६ |
| जम्मा | ४८ | ४८ |

*गत वर्षको तुलनामा सन् २०१६ मा महिला हिंसाका घटना वृद्धि भयो। सन् २०१५ मा महिला हिंसाका घटनामा २९ जना पीडित भएकामा यो वर्ष ४८ जना पीडित भए। जसमध्ये २५ घरेलु हिंसा, ६ बलात्कार, चार बलात्कार प्रयास र ६ यौन दुर्व्यवहारका घटनाबाट पीडित भए। एक जनालाई कथित बोक्सीको आरोपमा कुटपिट गरेको र बहुविवाहका घटनामा ६ महिला पीडित भएको घटना अभिलेखति छन् ।*

**बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार**

३५ वर्षीया महिलालाई २०७३ भदौ १ गते दुर्छिम गाविस-४ का ३९ वर्षीय टयन राईले बलात्कारको प्रयास गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा भदौ ५ गते उजुरी दिइन्। सोही दिन उनको स्वास्थ्य परीक्षण जिल्ला स्वास्थ्य कार्यालयमा भयो। सोही दिन गिरफ्तार भएका टयनलाई जिल्ला अदालतले भदौ २१ गते १९ हजार धरौटी माग गरेकोमा बुझाउन नसकेकाले थुनामै थिए। यसैबीच उक्त अदातलले कात्तिक २९ गते २ वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

**कथित बोक्सीको आरोप**

बाँझेच्यानडाँडा गाविस-१ की ७२ वर्षीया एक वृद्धालाई २०७३ जेठ १३ गते सोही ठाउँका २६ वर्षीय धनजङ्ग राई र उनकी पत्नी तारा राईले कथित बोक्सीको आरोपमा कुटपिट गर्नुका साथै मार्ने धम्की दिएको भन्दै पीडितले जेठ १५ गते जिल्ला प्रहरी कार्यालय दिक्तेलमा उजुरी दिइन्। कुटपिटबाट टाउकोमा गम्भीर चोट लागेकी उनको दिक्तेल

अस्पतालमा उपचार भयो। प्रहरीले मुद्दा दर्ता नगरिदिएको भन्दै पीडितले असार २२ गते राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय खोटाङमा समेत उजुरी गरिन्। प्रहरीले भने सार्वजनिक ऐनअन्तर्गत मुद्दा दर्ता गरेको जनायो। तर, आरोपितलाई कारबाही भएन।

### स्वास्थ्य सेवाको अवस्था

*खोटाङमा एउटा अस्पताल, ७१ स्वास्थ्य चौकी, दुई उपस्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। चार डक्टरको दरबन्दी रहेकामा तीन जना कार्यरत छन्। त्यसैगरी ६ जना स्टाफ नर्सको दरबन्दी रहेकामा पाँच जना कार्यरत छन्। तीन जना ल्याब असिस्टेन्टको दरबन्दी रहेकामा एक जना कार्यरत छन्। १ सय ५४ जना अहेवको दरबन्दी रहेकामा ९५ जनामात्र कार्यरत छन्। त्यसैगरी १ सय ५३ जना अनमी दरबन्दी रहेकामा ७७ जना कार्यरत छन्। हेल्थ असिस्टेन्टको ७६ दरबन्दी रहेकामा ११ जनामात्र कार्यरत छन्। दुई शहरी स्वास्थ्य केन्द्रमा दुई अहेब, दुई अनमी कार्यरत छन्। जिल्लामा २ सय २८ गाउँघर क्लिनिक छन् भने ८ सय ९९ स्वास्थ्य स्वयम्सेविका छन्।*

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | | २ | १ | १ | ४ |
| यौन दुर्व्यवहार | १ | | २ | ३ | ६ |
| जम्मा | १ | २ | ३ | ४ | १० |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | | १ | | १ |
| बलात्कार | ३ | १ | | | २ | ६ |
| बलात्कारको प्रयास | १ | | २ | | १ | ४ |
| बहुविवाह | १ | ३ | १ | १ | | ६ |
| घरेलु हिंसा | १ | ६ | | १७ | १ | २५ |
| यौन दुर्व्यवहार | | | | ३ | २ | ५ |
| जम्मा | ६ | १० | ३ | २२ | ६ | ४७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | १ | ४ | ६ |

# १.१५ ओखलढुङ्गा



जम्मा जनसङ्ख्या
१४४६८०

महिला
७८४९४

परिवार सङ्ख्या
३३५०७

खोलाको पानी पिउने परिवार
६४१

गरिबीको रेखामुनि रहेको सङ्ख्या
३००१७

कामका लागि बाहिरिएका
१०५५२

सबभन्दा बढी जनसङ्ख्या
३३७८२ (क्षेत्री)

अपाङ्गता भएका
३४९०

५ वर्षमाथिको साक्षरता प्रतिशत
६४.४२

आश्रित जनसङ्ख्या
६५७५८

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ४ | | ४ |
| महिला अधिकार | ३१ | | ३१ |
| हत्या | | १ | १ |
| जम्मा | ३५ | १ | ३६ |

*इन्सेकको अभिलेख अनुसार ओखलढुङ्गाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा उस्तै रह्यो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा २६ महिलासहित २९ जना पीडित भएकामा सन् २०१६ मा ३५ महिलासहित ३६ जना पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष एक महिलाको हत्या भएकामा यो वर्ष एक पुरुषको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनाअन्तर्गत तीन बालिका बलात्कृत भए ।*

*महिला हिंसाका घटनामध्ये बलात्कार घटनामा दुई, बलात्कार प्रयासका घटनामा दुई, यौन दुर्व्यवहारका घटनामा एक, बहुविवाहका घटनामा एक, कथित बोक्सीको आरोप घटनामा एक र घरेलु हिंसाका घटनामा १४ महिला पीडित भए भने गत वर्ष यस्ता घटनामा १९ महिला पीडित भएका थिए।*

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ४१ कैदी र १२ थुनुवा गरी ५३ जना छन्। जसमा १० महिला छन्। दुई वर्षीय एक बालक र एक बालिका आश्रित पनि छन्। ६५ वर्षमाथिका दुई महिलासहित चार जना छन्। क्षमताभन्दा झण्डै २ गुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०४५ सालमा बनेको यो कारागारको एक भवन जीर्ण छ। भूकम्पले भत्किएपछि सामान्य मर्मत गरिएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ५५ र फौजदारीतर्फ ६९ थान छन्। २ वर्षभन्दा पुराना मुद्दा छैनन्।

यसैगरी तीन न्यायाधीशको दरबन्दी रहेको

उच्च अदालत ओखलढुङ्गा इजलासमा दुई जनामात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ३८ र फौजदारीतर्फ ३ सय ७ थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी ४ सय ४५ र फौजदारी ३२ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ११ प्रावि, ४९ निमावि, ४६ मावि र २५ उमावि छन्। १ हजार १ सय १५ शिक्षक दरबन्दी रहेकामा १८ रिक्त छन्। यस वर्ष १९ हजार ५ सय ३० बालक र २० हजार ८ सय १५ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय दुईवटा छन्। १ हजार ९ सय २० दलित बालक र १ हजार ९ सय ४५ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका आठ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१५ मा बलात्कार घटनामा दुई र यौन दुर्व्यवहारका घटनामा तीन गरी आठ जना पीडित भएकामा यो वर्ष ६ देखि १३ वर्ष वर्ष उमेर समूहका तीन बालिका बलात्कृत भए। घटनाको आरोपितमा १३ वर्षीय बालकसमेत रहे।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| नवजात शिशुको हत्या | १ | १ |
| जम्मा | ४ | ४ |

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७२ फागुन २६ गते सिद्धिचरण नपा-२ चुप्लुका ५६ वर्षीय हर्कजीत राईले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको फागुन २८ गते जिल्ला अस्पताल रुम्जाटारमा स्वास्थ्य परीक्षण भयो। फागुन २९ गते गिरफ्तार भएका हर्कजीतलाई जिल्ला अदालतले २०७३ जेठ ३२ गते १२ वर्ष कैद र पीडितलाई १ लाख रुपियाँ भराउने फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका आठ, खान⁄लाउन नदिएको ६, विवाह दर्ता र नागरिकता नबनाएको दुई र सामान्य घरायसी झगडाका ४५ घटना छन्। यीमध्ये प्रहरीले ५९ वटामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्।*

*गत वर्षको तुलनामा सन् २०१६ मा महिला हिंसाका घटना वृद्धि भयो। सन् २०१५ मा महिला हिंसाका घटनामा १९ जना पीडित भएकामा यो वर्ष २१ जना पीडित भए। जसमध्ये १४ घरेलु हिंसा, एक कथित बोक्सीको आरोप, एक बहुविवाह, दुई बलात्कार, दुई बलात्कार प्रयास र एक यौन दुर्व्यवहारका घटनाबाट पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | २ | २ |
| बलात्कारको प्रयास | २ | २ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | १४ | १४ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २१ | २१ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४० वर्षीया महिलालाई बरुणेश्वर गाविस-८ का ३२ वर्षीय दिलबहादुर बिकले २०७३ वैशाख २ गते बलात्कार गर्ने आशयले कुटपिट गरी यौन दुर्व्यवहार गरेको भन्दै पीडितले वैशाख ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल रुम्जाटारमा वैशाख ४ गते भयो। वैशाख ३ गते गिरफ्तार भएका दिलबहादुरलाई जिल्ला अदालतले २०७३ भदौ १४ गते २ वर्ष ६ महिना कैदको सजाय सुनायो।

### कथित बोक्सी आरोपमा कुटपिट

च्यानम गाविस-४ की ३२ वर्षीया पोष्टकुमारी कट्वाललाई २०७३ वैशाख १५ गते जेठाजु ३६ वर्षीय नृपध्वज कट्वालले कथित बोक्सीको आरोप लगाई घरमै कुटपिट गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा वैशाख २० गते उजुरी दिइन्। वैशाख २१

गते गिरफ्तार भएेका नृपध्वजलाई जिल्ला अदालतले २०७३ असार ३१ गते ६ महिना कैद, पाँच हजार जरिवाना र पीडितलाई २ हजार रुपियाँ भराउने फैसला गऱ्यो।

## स्वास्थ्य सेवाको अवस्था

*ओखलढुङ्गामा एउटा जिल्ला अस्पताल, ५४ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा दुई जना कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको १ सय २ दरबन्दी रहेकामा ८० जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १८ करोड ९८ लाख ६० हजार र औषधि खर्चबापतको रकम ४५ लाख रुपियाँ छ। यस वर्ष नाकाबन्दीका कारण जिल्ला स्वास्थ्य कार्यालय तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधि अभाव भयो।*

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | २ | | ३ |
| नवजात शिशुको हत्या | | | १ | १ |
| जम्मा | १ | २ | १ | ४ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | १ | | | १ |
| बलात्कार | | | १ | | १ | २ |
| बलात्कारको प्रयास | | १ | १ | | | २ |
| बहुविवाह | | | | | १ | १ |
| घरेलु हिंसा | १ | ६ | २ | ४ | १ | १४ |
| यौन दुर्व्यवहार | | | १ | | | १ |
| जम्मा | १ | ७ | ६ | ४ | ३ | २१ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# १.१६ सोलुखुम्बु



**जम्मा जनसङ्ख्या**
**१०५१८७**

**महिला**
**५४७५५**

**परिवार सङ्ख्या**
**२४६८९**

**खोलाको पानी पिउने परिवार**
**४१५**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२६९६४**

**कामका लागि बाहिरिएका**
**५६१७**

**सबभन्दा बढी जनसङ्ख्या**
**२०७६७ (राई)**

**अपाङ्गता भएका**
**२६०९**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६७.५४**

**आश्रित जनसङ्ख्या**
**४५३१८**

*इन्सेकको अभिलेख अनुसार सोलुखुम्बुको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घनका घटनामा ७७ महिलासहित ८० जना पीडित भएकामा सन् २०१६ मा ५९ महिला पीडित भए। गत वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा एक बालिका पीडित भएकामा यो वर्ष तीन बालिका पीडित भए। जसमा दुई बालिका बलात्कृत भए भने एक जनालाई यौन दुर्व्यवहार गरियो। यो वर्ष गैरराज्य पक्षबाट हुने महिला अधिकार उल्लङ्घनका घटनामा कमी आयो। महिला हिंसाका घटनामध्ये घरेलु हिंसाका घटनामा ५५ र बहुविवाहका घटनामा एक गरी ५६ महिला पीडित भए भने सन् २०१५ मा घरेलु हिंसाका घटनामा ७४ र बहुविवाहका घटनामा एक गरी ७५ महिला पीडित भएका थिए।*

*२०७२ वैशाख १२ र २९ गतेको भूकम्प र त्यसपछिका पराकम्पले जिल्लामा धनजनको क्षति भएको थियो। तर, पुनर्निर्माणको कार्य प्रभावकारी हुन नसक्दा भूकम्पपीडितको दैनिकी अत्यन्तै कष्टकर भएको छ। उनीहरूले दुई बर्सा्द र दुई हिउँद त्रिपालमुनि बिताइसकेका छन्। अझै पनि कति समय यस्तो अवस्थाबाट गुज्रनुपर्ने हो भन्ने चिन्ताले यहाँका स्थानीय त्रसित छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | ३ | ३ |
| महिला अधिकार | ५६ | ५६ |
| **जम्मा** | ५९ | ५९ |

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ७२ पुरुष र पाँच महिला समेत ७७ कैदी तथा सात पुरुष र एक महिला गरी ८ थुनुवा गरी ८५ जना छन्। यो जिल्ला कारागार २०६१ सालमा निर्माण भएको हो। यहाँ सिपमूलक तालिमको व्यवस्था छ भने टेलिभिजन हेर्न, रेडियो सुन्न पाउने व्यवस्था पनि छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

*यो जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा जिल्ला अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १९ र फौजदारीतर्फ ६१ थान छन्। दुई वर्ष नाघेका मुद्दा छैनन्।*

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय ६५ प्रावि, ६० निमावि, २३ मावि र १८ उच्चमावि छन्। १ हजार ६ शिक्षकको दरबन्दी रहेकामा ४७ रिक्त छन्। यस वर्ष १३ हजार ८ सय ८९ बालक र १५ हजार ८६ जना बालिका भर्ना भए। दलित छात्रलाई ३ लाख १७ हजार ५ सय ८६ रुपियाँ र दलित छात्रालाई ५ लाख ४४ हजार ४ सय छात्रवृत्ति रकम वितरण गरियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ५३ करोड ५५ लाख २२ हजार ८ सय २५ रहेकामा प्रशासनिक खर्च ७२ लाख ४४ हजार ८ सय रुपियाँ छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३ | ३ |

*सन् २०१५ मा एक बालिका यौन दुर्व्यवहार घटनाबाट पीडित भएकामा सन् २०१६ मा बलात्कार घटनामा दुई र यौन दुर्व्यवहारका घटनामा एक गरी तीन बालिका पीडित भए।*

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७२ चैत १२ गते केरुङ गाविस-७ का ५५ वर्षीय शेरबहादुर मगरले बलात्कार गरेको भन्दै पीडित परिवारले चैत १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको जिल्ला अस्पताल फाप्लुमा चैत १३ गते स्वास्थ्य परीक्षण भयो। चैत १४ गते गिरफ्तार भएका शेरबहादुरलई जिल्ला अदालतले जेठ ३० गते सात वर्ष कैद र पीडितलाई १ लाख रुपियाँ भराउने फैसला सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका दुई, खान/लाउन नदिएका तीन र कुटपिट गरेका ६० घटना छन्। यीमध्ये सामान्य झैझगडाका नौ घटना दर्ता भए। तीमध्ये ६० वटा घटनामा मिलापत्र भयो भने पाँच उजुरी कानुनी प्रक्रियामा छन्। गत वर्षको तुलनामा महिला हिंसाका घटनामा यो वर्ष कमी आयो। सन् २०१५ मा यस्ता घटनामा ७५ जना पीडित भएकामा सन् २०१६ मा ५६ महिला पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ५५ | ५५ |
| जम्मा | ५६ | ५६ |

## स्वास्थ्य सेवाको अवस्था

*सोलुखुम्बुमा एउटा जिल्ला अस्पताल र ३२ स्वास्थ्य चौकी छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा एकजना कार्यरत छन्। स्त्री रोग विशेषज्ञको एक दरबन्दी रहे पनि रिक्त छ। अहेब, अनमी, स्टाफ नर्स सबै दरबन्दीअनुसार नै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ७ करोड २२ लाख रुपियाँ छ जसमा औषधि किन्ने बजेटसमेत समाहित छ।*

*यो वर्ष जिल्लाका स्वास्थ्य चौकी तथा अस्पतालमा सहजरूपमा औषधि पाइएन। कतिपय स्वास्थ्य चौकीमा त सिटामोलसम्म पाउन गाह्रो पर्‍यो। स्वास्थ्य संस्थाहरूमा दरबन्दीअनुसारको स्वास्थ्यकर्मी नहुँदा सेवाग्राहीले समयमै सेवा प्राप्त गर्न सकेनन्।*

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ | २ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | २ | १ | ३ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | जम्मा |
| बहुविवाह | १ | | १ |
| घरेलु हिंसा | | ५५ | ५५ |
| जम्मा | १ | ५५ | ५६ |




# मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौँ
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

# २.१ धनुषा



**जम्मा जनसङ्ख्या**
७५१२५३

**महिला**
३५०८५३

**परिवार सङ्ख्या**
१४७५८२

**खोलाको पानी पिउने परिवार**
२१५

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१७४०७१

**कामका लागि बाहिरिएका**
६०४००

**सबभन्दा बढी जनसङ्ख्या**
१३२००७ (यादव)

**अपाङ्गता भएका**
८४१२

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५०.४४

**आश्रित जनसङ्ख्या**
३४६८२४

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | २ | २ | १ | १ | २ |
| बाल अधिकार | | | | ११ | १ | १२ |
| महिला अधिकार | | | | ७१ | | ७१ |
| भेला/सङ्गठित हुने अधिकार | | ६ | ६ | | | |
| जातीय विभेद | | | | | १ | १ |
| गिरफ्तारी | | १ | १ | | | |
| यातना | १ | १ | २ | | | |
| कुटपिट | १ | | १ | १ | ५ | ६ |
| हत्या | | | | २ | ५ | ७ |
| जम्मा | २ | १० | १२ | ८६ | १३ | ९९ |

*इन्सेकको अभिलेख अनुसार धनुषाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय २० महिला र २ सय ६४ पुरुष गरी ३ सय ८४ जना पीडित भएकामा सन् २०१६ मा ८८ महिलासहित १ सय ११ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट भएका उल्लङ्घनका घटनामा दुई महिलासहित १२ जना पीडित भए। जसमा प्रहरीको गोली लागी दुई जना घाइते भए। दुई जनालाई प्रहरी हिरासतमा यातना दिइएकामध्ये एक १३ वर्षीय बालकसमेत पीडित भए। गत वर्ष २२ महिलासहित २ सय ४४ जना पीडित भएका थिए। जसमा तीन जनाको प्रहरीको गोलीबाट मृत्यु भएको थियो।*

*यस वर्ष गैरराज्यपक्षबाट दुई महिलासहित सात जनाको हत्या भयो भने अघिल्लो वर्ष चार महिलासहित ११ जनाको हत्या भएको थियो। यस वर्ष अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकारबाट ६ जना पीडित भए। अघिल्लो वर्ष यस्ता घटनाबाट १ सय ८५ जना पीडित भएका थिए। गैरराज्यपक्षबाट अघिल्लो वर्ष चार महिलाको हत्या भएकामा यो वर्ष परिवारबाटै एक महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा १० बालिका बलात्कृत भए भने एक जनालाई यौन दुर्व्यवहार गरियो। त्यसैगरी शारीरिक दण्ड सजायबाट एक बालक पीडित भए। महिला बेचबिखन घटनामा दुई र बहुविवाह घटनामा आठ जना पीडित भए। गत वर्ष बहुविवाहका घटनामा १० जना पीडित भएका थिए। जातीय भेदभाव तथा*

***छुवाछूतको घटनामा यो वर्ष एक जना पीडित भए।***

***गैरराज्य पक्षबाट भएको महिला अधिकार उल्लङ्घनको घटनामा यो वर्ष ७१ महिला पीडित भए। अघिल्लो वर्ष यो सङ्ख्या ८१ थियो।***

## नागरिक तथा राजनीतिक अधिकार

### सम्मानितरूपले बाँच्ने अधिकार

### हत्या

#### गैरराज्यपक्षबाट

बालाबाखर गाविस-४ निवासी नेपाली कङ्ग्रेसका क्षेत्र नं. १ का क्षेत्रीय प्रतिनिधि ४५ वर्षीय राजेन्द्रप्रसाद यादवलाई २०७२ माघ २२ गते राति सोही गाविसस्थित भान्जाको घरमा भएको वैवाहिक कार्यक्रमबाट घरतर्फ जाँदै गर्दा जनतान्त्रिक टाइगर जनशक्ति (तराई जनशक्ति) का कार्यकर्ताले गोली हानी हत्या गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा २०७२ फागुन १७ उजुरी दियो। शवको जनकपुर अञ्चल अस्पतालमा २०७२ माघ २३ गते पोस्टमार्टम भयो।



***जनतान्त्रिक टाइगर जनशक्ति (तराई जनशक्ति) का कार्यकर्ताद्वारा गोली हानी हत्या गरिएका राजेन्द्रप्रसाद यादव***

सोही समूहले २०७२ माघ २३ गते बिहान गणेशमान चारनाथ नपा-४ का ४५ वर्षीय नसिम राइनलाई वीरेन्द्रबजार चोकमा औषधि किन्न गएका बेला गोली हानी घाइते बनाएका थिए। राइनको उपचार जनकपुर अञ्चल अस्पतालमा सम्भव नभएपछि काठमाडौँको टिचिङ अस्पताल महाराजगन्ज लगिएको थियो।

त्यस्तै सोही समूहले सिरहा जिल्ला वडहरामाल गाविस-३ का २८ वर्षीय रामसोगारथ महतोलाई पनि २०७२ माघ २३ गते सिरहा जिल्ला पोर्ताहा चोकमा गोली हानी घाइते बनायो। पाखुरा र कम्मरमा गोली लागेको महतोको वीपी कोइराला मेमोरियल अवस्पताल धरानमा उपचार भयो। घटनामा संलग्न रहेको आरोपमा गणेशमान चारनाथ नपा-२ निवासी जनतान्त्रिक टाइगर जनशक्तिका केन्द्रीय अध्यक्ष ३६ वर्षीय चनरदीप यादव, डक्टर अनिल भनिने ३० वर्षीय जोगिन्द्र महतो, कोइरी मिथिला नपा-८ का ३२ वर्षीय प्रमोद पुर्वे, सिरहा जिल्ला मिर्चैया नपाका २५ वर्षीय कैलाश ठाकुर, सिरहा जिल्ला राजपुर गाविस-१ का सोही सङ्गठनका सैन्य कमान्डर अजय भनिने रामपृत यादव र बालाबाखर गाविस-८ की ३५ वर्षीया कल्याणीदेवी यादवलाई प्रहरीले २०७२ फागुन १७ गते जनकपुर नपा-२ वकिलटोलबाट गिरफ्तार गऱ्यो। गणेशमान चारनाथ नपा-२ का २५ वर्षीय श्रवण यादव, सिरहा र धनुषा अध्यक्ष बताउने बालाबाखर गाविस-४ निवासी अभिनाश त्यागी भनिने २० वर्षीय सन्तोष यादव फरार रहेको जिल्ला प्रहरी कार्यालयले जनायो। गिरफ्तार परेकालाई जिल्ला अदालतले २०७३ वैशाख १६ गते पुपर्क्षका लागि थुनामा राख्ने आदेश दियो।

### गोली/बिष्फोटक पदार्थबाट घाइते

#### राज्यपक्षबाट

सबैला नपा-८ का १८ वर्षीय विमल मण्डल र २० वर्षीय कमलेश मण्डल २०७२ फागुन १५ गते राति प्रहरीले चलाएको गोली लागी घाइते भए। कमलेशको घुँडाभन्दा मुनि र विमलको ढाडमा गोली लागेको थियो। घाइतेको जनकपुर अञ्चल अस्पतालमा उपचार सम्भव नभएपछि बिपी कोइराला मेमोरियल अस्पताल, धरानमा उपचार भयो। सोही ठाउँका दीपनारायण मण्डलको छोरीको वैवाहिक कार्यक्रममा चर्को स्वरमा लाउडस्पिकर बजाएर डान्स नगर्न आग्रह गर्दा विवाद हुन गई गोली चलाउनुपरेको इलाका प्रहरी कार्यालय, सबैलाले जनायो। झडपमा दुई प्रहरीसमेत घाइते भए। इलाका प्रहरी कार्यालयले घाइतेको उपचार खर्च उपलब्ध गराएपछि पीडित पक्षले उजुरी नदिएको बतायो।

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

नेपाली कङ्ग्रेसको जिल्ला अधिवेशनमा जनकपुर आएका कङ्ग्रेस सांसद लीला कोइराला र रामकृष्ण यादवलाई जिल्ला छाड्न भन्दै संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले घरअगाडि प्रदर्शन गरेपछि प्रहरी र आन्दोलनकारीबीच २०७२ माघ १७ गते झडप भयो। त्यस क्रममा जनकपुर नपा-२६ जमुनियाका २० वर्षीय दीपनारायण यादव, रामबाबु साह, जनकपुर नपा-९ रजौलका रामसुखित यादव,

तारापट्टी सिरसिया गाविसका २२ वर्षीय धिरज यादव, जनकपुर नपा-२६ हारसरका रामबाबु साह र जनकपुर नपा-१३ मुजेलियाका अमन राउत घाइते भए। दीपनारायणको हात, खुट्टामा र रामबाबुको टाउकोमा चोट लागेको थियो। घाइतेको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो।

**अन्यबाट**

मिथिला नपा-७ निवासी आर्थिक अभियान दैनिक पत्रिकाका संवाददाता २७ वर्षीय राजकमल भनिने रामकमल महतोलाई २०७३ भदौ २९ गते बिहान जनकपुरस्थित भानु चोकमा गोठकोयलपुर गाविस-२ निवासी नेपाली कङ्ग्रेस क्षेत्र नम्बर १ का सभापति ३५ वर्षीय नवीन गोहिवार, २५ वर्षीय राजदेव गोहिवार, मर्चीझिटकैया गाविस-६ का ३० वर्षीय सन्तोष यादव, धनौजी गाविस-८ का सञ्जीवकुमार मण्डल र विसरभोरा गाविस-९ का २५ वर्षीय पुष्पेन्द्र यादवले निर्वाचन क्षेत्र नम्बर १ को संसदीय विकास बजेट अनियमितता भएको समाचार लेखेको निहुँमा कुटपिट गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा २०७३ भदौ २९ गते उजुरी दर्ता गराए। भदौ २९ गते गिरफ्तार भएका आरोपितहरू जिल्ला प्रशासन कार्यालयको भदौ ३१ गतेको आदेशले जनही ३ हजार रुपियाँ धरौटी बुझाइ रिहा भए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

*यस जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा आठ न्यायाधीशको दरबन्दी रहेकामा सात कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ हजार ९ सय ५ र फौजदारी ७ सय ८० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी १ सय ८४ र फौजदारी ८९ थान छन्।*

*यसैगरी १२ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा पाँचमात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २ हजार ८४ र फौजदारी ५ सय ७५ थान छन्। २ वर्ष पुराना मुद्दा देवानी १ सय ९६ र फौजदारी २९ थान छन्।*

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ४२ प्रावि, ६३ निमावि, ४६ मावि र ३९ उमावि छन्। २ हजार ४ सय ६८ शिक्षक दरबन्दी रहेकामा १ सय १६ रिक्त छ। यस वर्ष ७६ हजार ५ बालक र ७४ हजार ८ सय ९५ बालिका भर्ना भए। जिल्लामा ३० अपाङ्गमैत्री विद्यालय छन्। १२ हजार ४ सय दलित बालक र ११ हजार ५ सय दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवारका सात र द्वन्द्वपीडित परिवारका १६ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | १० | | १० |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | ११ | १ | १२ |

*यो वर्ष तीनदेखि १५ वर्ष उमेर समूहका १० बालिका बलात्कार घटनाबाट पीडित भए। अपहरणपश्चात सामूहिक बलात्कारको एक घटना भयो भने एक बालिका यौन दुर्व्यवहारबाट पीडित भइन्। बलात्कारका चार घटनाका आरोपित फरार रहे। बलात्कारका एक घटनाका दोषीलाई ८ वर्ष कैद सजायको फैसला सुनाइयो।*

**हत्या**

जनकपुर नपा-१९ बेङ्गाशिवपुरका पाँच वर्षीय असरफ राइनको शव २०७२ चैत ७ गते बिहान घरपछाडि फेला पर्‍यो। मृतकको नाक र आँखाबाट रगत आएको देखिएकाले घाँटी थिचेर हत्या गरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालयले जनायो। शवको चैत ७ गते जनकपुर अञ्चल अस्पतालमा पोस्टमार्टम भयो। बालक असरफलाई चैत ६ गते बिहान घरबाट अपहरण गरी लगेर हत्या गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा २०७३ जेठ २ गते उजुरी दर्ता गरायो। तर घटनामा संलग्नको पहिचान हुन सकेन।

**बालत्कार, यौन दुर्व्यवहार**

१३ वर्षीया बालिकालाई २०७३ वैशाख २६ गते हठिपुर हरवडा गाविस-१ का १८ वर्षीय राहुलकुमार मण्डलले बलात्कार गरेको आरोपमा पीडित पक्षले वैशाख ३० गते इलाका प्रहरी कार्यालय, यदुकुहामा उजुरी दिए। पीडितको जनकपुर अञ्चल अस्पतालमा वैशाख ३० गते स्वास्थ्य परीक्षण भयो। सोही दिन गिरफ्तार परेका राहुललाई जिल्ला अदालतले २०७३ असार ४ गते आठ वर्ष कैद सजायको फैसला सुनायो।

**अमानवीय व्यवहार**

जनकपुर नपा-१८ की १३ वर्षीया बालिकालाई २०७३ असार २१ गते उनको साथी स्थानीय युवासँग भागेको विषयमा जानकारी नगराएको भन्दै स्थानीयले पाँच घण्टा पाता फर्काएर बाँधेर राखे। पीडितको परिवारजनले घटनाबारे उजुरी गरेपछि प्रहरीले स्थानीय ४० वर्षीय सुजित मण्डल, २० वर्षीय जितेन्द्र मण्डल, २२ वर्षीय रितेश मण्डल र रामहृदय पण्डितलाई २०७३ असार २१ गते गिरफ्तार गर्‍यो। पीडितको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। प्रहरीले आरोपितहरूका विरुद्ध केही सार्वजानिक अपराध अर्न्तगत मुद्दा दर्ता गरेकोमा जिल्ला प्रशासन कार्यालयको आदेशअनुसार २०७३ साउन ५ गते जनही ६ हजार रुपियाँ धरौटीमा रिहा भए।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय ९५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय ६२, खान/लाउन नदिएको १ सय २३, विवाह दर्ता र नागरिकता नबनाएको ४८, अर्की श्रीमती ल्याएर हेला गरेको २१ र सामान्य घरायसी झगडाका ४१ घटना छन्। यीमध्ये २ सय ७८ वटामा मिलापत्र भयो भने १ सय १७ उजुरी कानुनी प्रक्रियामा छन्।*

*यो वर्ष एक महिलाको पतिबाट हत्या भएको भन्दै मृतकको माइती पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। दुई महिला बलात्कार घटनाबाट पीडित भए। सन् २०१५ मा तीन जना पीडित भएका थिए। यस वर्ष सामूहिक बलात्कारका घटनामा एक महिला पीडित भइन्। महिला बेचबिखनका घटनामा दुई जना पीडित भए भने बहुविवाहका घटनामा आठ जना पीडित भए। कथित बोक्सीको आरोपमा पीडित एक महिलाले प्रहरीबाट न्याय नपाएपछि राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन दिइन्। घरेलु हिंसाका घटनाबाट ५८ महिला पीडित भएकामा दुई जना दाइजोका कारण पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | २ | २ |
| बहुविवाह | ८ | ८ |
| महिला बेचबिखन | २ | २ |
| घरेलु हिंसा | ५८ | ५८ |
| जम्मा | ७१ | ७१ |

**महिला बेचबिखन तथा ओसारपसार**

२१ वर्षीया महिलालाई भारतको बिहार राज्य सीतामढी जिल्ला सुतिहार गाउँकी ५० वर्षीया जानकीदेवी साह र ५० वर्षीया बेचनीदेवी साहले विवाह गरिदिने प्रलोभन देखाइ २०७३ असोज ४ गते घरबाट लगी भारतमा बेचेको भन्दै पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा २०७३ असोज २१ गते उजुरी दर्ता गराए। पीडित परिवारले आफ्नो नाता पर्ने जानकी र बेचनीलाई असोज २१ गते नेपाल बोलाई प्रहरीको जिम्मा लगाए। गिरफ्तार परेकालाई जिल्ला अदालतले २०७३ कात्तिक ३ गते १ लाख ८८ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

१८ वर्षीया किशोरीलाई धवौली गाविस-८ की ३० वर्षीया रञ्जिताकुमारी मुखिया र विगुल मुखियाले २०७३ असोज १४ गते अपहरण गरी वेश्यावृत्तिमा लगाएको आरोपमा पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा असोज १४ गते उजुरी दिए। किशोरीलाई प्रहरीले असोज १४ गते अपहरणमुक्त गरेको प्रहरीले जनायो। पीडितको असोज १४ गते जनकपुर अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। उजुरी दिएकै दिन गिरफ्तार परेका दुवैलाई जिल्ला अदालतले २०७३ कात्तिक ३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३० वर्षीया महिलालाई २०७३ जेठ ९ गते जनकपुर नपा-७ स्थित नयाँ बसपार्कमा जनकपुर नपा-२४ का १९ वर्षीय आकाश सहनी, सोही नपा-२३ का २० वर्षीय अमर साह, १८ वर्षीय फिरोज राइन र महोत्तरी जिल्ला गौशाला नपा-७ का १९ वर्षीय राजेश साहले बलात्कार गरेको आरोपमा पीडित पक्षले जेठ १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिलाको सोही दिन जनकपुर अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका आरोपितहरूलाई जिल्ला अदालतले २०७३ असार १ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**परिवारजनबाट हत्या**

क्षिरेश्वरनाथ नपा-६ की २७ वर्षीया सुन्दरकलादेवी साहलाई २०७३ साउन २८ गते २८ वर्षीय पति कुशे साह तेलीले हत्या गरेको भन्दै माइती पक्षले इलाका प्रहरी कार्यालय ढल्केवरमा साउन ३० गते उजुरी दियो। घाँटीको बायाँ भागमा बन्चरोले हानेर सुन्दरकलाको हत्या गरी दाउराले छोपेर जलाउने प्रयास गरिएको तर जल्न नपाएको अवस्थामा भैँसे खोलाबाट शव बरामद भएको जिल्ला प्रहरी कार्यालयले जनायो। शवको जनकपुर अञ्चल अस्पतालमा २०७३ साउन ३० गते पोस्टमार्टम भयो। साउन ३० गते गिरफ्तार परेका कुशेलाई जिल्ला अदालतले २०७३ भदौ २३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**कथित बोक्सीको आरोप**

खरियानी गाविस-५ की ६५ वर्षीया जानकीदेवी कापरलाई छिमेकी २५ वर्षीय घुरण कापर, ३० वर्षीया बबितादेवी मुखिया, २३ वर्षीय बासलाल मुखिया, २६ वर्षीय सुकमार कापर र २४ वर्षीय सञ्जीत कापरले २०७३ साउन २८ गते राति कथित बोक्सीको आरोपमा कुटपिट गरी घाइते बनाएको भन्दै पीडित पक्षले राष्ट्रिय मानव अधिकार आयोग जनकपुरमा २०७३ साउन ३० गते उजुरी दिए। आयोगले भदौ १५ गते जिल्ला प्रहरी कार्यालयलाई पत्र मार्फत उक्त घटनाको अनुसन्धान गर्न निर्देशन गरेको थियो। पीडितको साउन २९ गते जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। केही महिनादेखि जानकीलाई छिमेकीहरूले कथित बोक्सी भन्दै दुर्व्यवहार गर्दै आएकामा प्रहरी चौकी खरिहानीले उजुरी लिन नमानेको पीडित पक्षको आरोप छ। उक्त घटनामा पटकपटक पञ्चायती तथा छलफल भए पनि न्याय नपाएको पीडित पक्षले बतायो। यो वर्षको अन्त्यसम्म पीडितले न्याय पाएकी छैनन्।



***कथित बोक्सीको आरोपमा कुटपिट गरिएकी जानकीदेवी कापर***

**सबै प्रकारका जातीय विभेद**

जनकपुर नपा-२५ भगवतीपुरका २४ वर्षीय सिकिन्दर खत्वे मण्डललाई २०७३ असोज १५ गते घटस्थापनाका दिन भगवतीलाई चढाएको प्रसाद छोएको भन्दै स्थानीय ५५ वर्षीय ब्रह्मदेव राउत, ५० वर्षीय भोगी राउत र ४५ वर्षीय जीतनारायण राउतले कुटपिट गरेको भन्दै पीडितले प्रहरी चौकी लक्ष्मीनिया बजारमा सोही दिन निवेदन दिए। घाइते सिकिन्दरको जनकपुर अञ्चल अस्पतालमा उपचार भयो। प्रहरीबाट कुनै सुनुवाइ नभएपछि गाउँ समाजको दबावमा पञ्चायतीपछि मिलापत्र गरिएको पीडित पक्षको भनाइ छ।

**स्वास्थ्य सेवाको अवस्था**

*जिल्लामा एउटा अञ्चल अस्पताल, १८ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जनकपुर अञ्चल अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी सात रहेकामा सबै कार्यरत छन्। अहेवको ३ सय ९ दरबन्दी रहेकामा २ सय ७० कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २९ करोड ५५ लाख ६० हजार र औषधि खर्चबापतको रकम ५४ लाख ९८ हजार ८ सय ३४ रुपियाँ छ।*

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | १ | | १ | ५ | १० |
| विद्यालयमा शारीरिक सजाय | | | १ | | | १ |
| यौन दुर्व्यवहार | १ | | | | | १ |
| जम्मा | ४ | १ | १ | १ | ५ | १२ |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | | | | १ | | १ |
| बलात्कार | | १ | | | १ | २ |
| बहुविवाह | १ | ४ | १ | १ | १ | ८ |
| महिला बेचबिखन | | | | | २ | २ |
| घरेलु हिंसा | २ | ३ | ३९ | १२ | २ | ५८ |
| जम्मा | ३ | ८ | ४० | १४ | ६ | ७१ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ५ | ७ |

# २.२ महोत्तरी



**जम्मा जनसङ्ख्या**
६६०३७४

**महिला**
३३९६०२

**परिवार सङ्ख्या**
११८९८९

**खोलाको पानी पिउने परिवार**
३७४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१००५४४

**कामका लागि बाहिरिएका**
४०५४१

**सबभन्दा बढी जनसङ्ख्या**
९५०७७ (यादव)

**अपाङ्गता भएका**
१०१६६

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
४७

**आश्रित जनसङ्ख्या**
३१५७६७

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | ८ | ८ |
| बाल अधिकार | | | ८ | | ८ |
| अपहरण | | | १ | १ | २ |
| महिला अधिकार | | | २०३ | | २०३ |
| यातना | १ | १ | | | |
| कुटपिट | | | १ | | १ |
| हत्या | | | ३ | २ | ५ |
| जम्मा | १ | १ | २१६ | ११ | २२७ |

*इन्सेकको अभिलेख अनुसार महोत्तरीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भएको देखिएन। सन् २०१५ को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १ सय ८५ महिलासहित २ सय ७ जना पीडित भएकामा सन् २०१६ मा २ सय १६ महिलासहित २ सय २८ जना पीडित भए। यस वर्ष प्रहरीको यातनाबाट एक पुरुष पीडित भए। सन् २०१५ मा राज्यपक्षबाट दुई महिलासमेत १८ जना पीडित भएका थिए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष पाँच महिलाको हत्या भएकामा यो वर्ष परिवारबाट एक महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा सात बालिका बलात्कृत भए भने एक जनालाई यौन दुर्व्यवहार गरियो। सन् २०१५ मा पनि सात बालिका बलात्कार घटनामा पीडित भएका थिए।*

*यो वर्ष दुई बालक र एक बालिकाको अपहरणपछि हत्या भयो भने एक बालिकाको आमाबाटै हत्या भयो। यस वर्ष गैरराज्य पक्षबाट अघिल्लो वर्षको तुलनामा महिला अधिकार उल्लङ्घनका घटना बढी भए। यस्ता घटनाबाट अघिल्लो वर्ष १ सय ७१ महिला पीडित भएकामा यो वर्ष २ सय ३ जना पीडित भए।*

### कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ३५ जनाको छ। तर, १ सय ५४ कैदी र २ सय २ थुनुवा गरी ३ सय ५६ जना छन्। जसमा ३६ जना महिला छन्। आश्रित बालक तीन र बालिका दुई जना छन्। वि.सं. १९५३ सालमा निर्माण गरिएको जलेश्वर

*कारागार जीर्ण छ। वर्षात्को बेला छतबाट पानी चुहिने गरेको छ।*

यो कारागारमा २०७३ मङ्सिर १२ गते बिहान दुई समूहबीच झडप हुँदा महोत्तरी जिल्ला बेलगाछी गाविस-६ का ३५ वर्षीय कारी साह, सर्लाही जिल्ला नेत्रगन्ज गाविस-१ का ४५ वर्षीय श्यामदेव पासवान, महोत्तरी जिल्ला औरही गाविस-४ का २२ वर्षीय रमेश दास, सप्तरी जिल्ला कञ्चनपुर नपा-९ का ३२ वर्षीय सुरेन्द्रप्रसादसिंह कुशवाहा, उदयपुर जिल्ला त्रियुगा नपा-११ का ३५ वर्षीय दिनेश भुजेल, धनुषा जिल्ला पौडेश्वर गाविस-८ का २६ वर्षीय इलियाकत राइन, चितवन जिल्ला भरतपुर नपा-१ का सञ्जय बम्जन र देवरी परवाहा गाविस-२ का सन्तोष पण्डित घाइते भए।





***कारागारमा भएको झडपमा परी घाइते भएका इलियाकत राइन र सञ्जय बमजन***

घाइते सबैको उपचार जलेश्वरस्थित शान्ति कम्युनिटी अस्पतालमा भयो। कैदी/बन्दीका दुई समूहमा दाउरा र फलामको डन्डीले हानाहान भएको थियो। जिल्ला प्रहरी कार्यालयबाट गएको ५० प्रहरी सम्मिलित टोलीले झडप नियन्त्रणमा लिएको थियो। कारी साह भनिने भाइ नाइकेलाई कैदी सन्तोष पण्डितले पानी तान्ने धाराको ह्यान्डलले टाउकोमा प्रहार गरेको विषयमा झडप सुरु भएको थियो।

## धम्की/कुटपिट

### अन्यपक्षबाट

लक्ष्मीनिया गाविस-८ निवासी वैद्य नेतृत्वको नेकपा माओवादी क्रान्तिकारीका केन्द्रीय सदस्य तथा पूर्व संविधान सभा सदस्य ४५ वर्षीया बुधनीदेवी महतोलाई उनकै घरमा २०७३ जेठ ३ गते घरेलु हतियारसहित प्रवेश गरी लक्ष्मीनियाँ गाविस-८ का ३४ वर्षीय नथुनी यादव, २९ वर्षीय नरेश यादव र ४६ वर्षीय रामईश्वर यादवले कुटपिट गरेको आरोपमा पीडित पक्षले २०७३ जेठ ३ गते इलाका प्रहरी कार्यालय गौशालामा उजुरी दियो। घाइते महतोको उपचार जनकपुर अञ्चल अस्पतालमा भयो। २०७३ जेठ ४ गते गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले जेठ २६ गते जनही १७ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। गाउँको दुई समूहबीच लामो समयदेखि चल्दै आएको जग्गा विवाद समाधान गर्ने क्रममा महतोको भूमिकाप्रति असन्तुष्ट रहेको समूहले महतोलाई कुटपिट गरेको स्थानीयबासीले बताए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक अदालत छ। पाँच न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ हजार २ सय ९२ र फौजदारी ३ सय ९९ थान छन्। दुई वर्ष पुराना मुद्दामध्ये देवानी ७९ र फौजदारी २४ थान छन्।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

बथनाहा गाविस-४ का ४५ वर्षीय गङ्गा महतोलाई २०७३ कात्तिक २३ गते दिउँसो प्रहरीले गिरफ्तार गरेर बथनाहा प्रहरी चौकीमा लगी कुटपिट गरी यातना दिएको पीडितका भाइ त्रिवेणी महतोले बताए। घाइते महतोलाई उपचारका लागि कात्तिक २३ गते जिल्ला अस्पताल जलेश्वर ल्याइएकामा थप उपचारका लागि कात्तिक २४ गते भारतको सीतामढी लगियो। आर्थिक लेनदेनको विषयमा मुद्दा चलिरहेका बेला महतोले मदिरा सेवन गरी सार्वजनिकरूपमा विपक्षीलाई कात्तिक २२ गते गालीगलौज गरेको आरोपमा सोही दिन प्रहरीमा उजुरी परेपछि महतोलाई प्रहरीले गिरफ्तार गरेको थियो। महतोको पिठ्युँ, तिघ्रा र पैतालालगायतका शरीरका विभिन्न अङ्गमा नीलडाम थियो। बथनाहाको मरुवाही प्रहरी चौकीका इन्चार्ज असई शम्भुप्रसाद साह, प्रहरी हवल्दार हरिभजन

साह, प्रहरी जवान शिवशङ्कर महतो र पहरिन्द्र महतोलाई सोधपुछ गर्न जिल्ला प्रहरी कार्यालयमा कात्तिक २४ गते साँझ नै झिकाई विभागीय कारबाही गरिएको एसपी नलप्रसाद उपाध्यायले जनाए। उनका अनुसार शम्भुको तीन ग्रेड घटुवा तथा अरुलाई सुरुकै स्केलमा घटुवा गरियो।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ५७ प्रावि, ८५ निमावि, २३ मावि र ४२ उच्चमावि छन्। १ हजार ५ सय ५ शिक्षक दरबन्दी रहेकामा ५५ रिक्त छ। यस वर्ष ४८ हजार ६ सय ५३ बालक र ४२ हजार ६ सय ११ बालिका भर्ना भए। जिल्लामा १६ अपाङ्गमैत्री विद्यालय छन्। आधारभूत विद्यालय स्तरमा २० हजार २ सय ५३ र मावि स्तरमा २ हजार २ सय ८९ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका २९ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ७ | ७ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ८ | ८ |

*यो वर्ष दुई बालक र एक बालिकाको अपहरणपछि हत्या भयो भने एक बालिकाको आमाबाटै हत्या भयो। दुई वर्षीया छोरीलाई हत्या गरेको आरोपित आमालाई जिल्ला अदालतबाट पाँच हजार रुपियाँ धरौटीमा रिहा गरियो। बालिकाको अपहरणपछि हत्या गरिएको घटनाका आरोपित साधारण तारेखमा रिहा भए।*

*यो वर्ष तीनदेखि १६ वर्ष उमेर समूहका सात बालिका बलात्कार घटनाबाट पीडित भए। बलात्कार घटनाका एक आरोपित फरार रहे। यो वर्षको अन्त्यसम्म बलात्कार र बलात्कार प्रयास घटनाका दुई आरोपित साधारण तारेखमा रिहा भए। गत वर्ष बलात्कार घटनामा सात बालिका पीडित भएका थिए।*

### हत्या

भटौलिया गाविस-२ का आठ वर्षीय जिनेस भनिने चिरञ्जीवी महासेठलाई २०७२ पुस २८ गते साँझ आफ्नै घरअगाडि खेल्दै गरेका बेला भटौलिया गाविस-३ का १८ वर्षीय गोला भनिने अनिशकुमार साह, सोही गाविस-२ बस्ने २१ वर्षीय सुधिरकुमार साह र सोही गाविस-१ बस्ने १८ वर्षीय सुखरा भनिने साविर अन्सारीले अपहरण गरी हत्या गरेको आरोपमा पीडित पक्षले पुस २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम पुस २६ गते जिल्ला अस्पताल जलेश्वरमा भयो। पुस २७ गते गिरफ्तार परेका आरोपितहरुलाई जिल्ला अदालतले माघ २५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। बालकको शव पुस २८ गते एकडारावेला गाविस-७ स्थित गँहुको खेतमा खाल्डो खनी गाडेको अवस्थामा फेला परेको प्रहरीले बतायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।




***अपहरण पश्चात् हत्या गरिएका जिनेश भनिने चिरञ्जीवी महासेठ र क्युट भनिने निश्चलकुमार पाण्डे***

जलेश्वर नपा-१२ बस्ने नवीन पाण्डेको छोरा ११ वर्षीय क्युट भनिने निश्चलकुमार पाण्डेको सोही स्थान स्थित भिठामोडबाट ०७२ पुस ३० गते साँझ अपरहण गरी हत्या गरेको आरोपमा जलेश्वर नपा-१ का २७ वर्षीय पप्पु यादव, जलेश्वर नपा-६ का २० वर्षीय गोविन्द कुमार मिश्र, जलेश्वर नपा-१२ का २७ वर्षीय सरोज पाण्डेय र सोही ठाउँका ३१ वर्षीय सञ्जिव मिश्र र जलेश्वर नपा-८ का शिवम चौधरीलाई सोही दिन गिरफ्तार गरेकोमा जिल्ला अदालतको २०७२ फागुन ३ गतेको आदेशले पुर्पक्षका लागि जलेश्वर कारागार चलान भए। पीडित पक्षले माघ १ गते जिल्ला प्रहरी कार्यालय महोत्तरीमा उजुरी दियो। आरोपितहरूले बालकलाई अपहरण गरी नाक, मुख र घाँटी थिचेर हत्या गरी जलेश्वर नपा-१३ स्थित खरघारीमा गाडेको बताएपछि प्रहरीले घटनास्थलबाट बालकको शव उत्खनन् गरिएको प्रहरीले जनायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७३ जेठ १० गते राति हात्तीलेट गाविस-२ बस्ने विजय बस्तीका ३२ वर्षीय सन्दीप भुजेलले बलात्कार गरेको आरोपमा पीडित पक्षले जेठ ११ गते इलाका प्रहरी कार्यालय बर्दिबासमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण जेठ ११ गते नै बर्दिबास अस्पतालमा भयो। जेठ १४ गते गिरफ्तार भएका सन्दीपलाई जिल्ला अदालतले २०७३ असार ४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय ४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट, मार्ने धम्की, खाना/लाउन नदिएको र घर निकाला गरिएका २ सय ६३, विवाह दर्ता तथा नागरिकता नबनाइदिएको २९, अर्की श्रीमती ल्याएर हेला गरेको ५ घटना छन्। यीमध्ये १ सय ७६ वटामा मिलापत्र भयो। १ सय २० उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कारको प्रयास | १ | १ |
| बहुविवाह | ८ | ८ |
| घरेलु हिंसा | १९१ | १९१ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २०३ | २०३ |

*यो वर्ष दुई महिला बलात्कार घटनाबाट पीडित भए भने एक जना यौन दुर्व्यवहारबाट पीडित भए। गत वर्ष आठ महिला बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहारबाट पीडित भएका थिए। यस वर्ष एक महिलाको परिवारबाटै हत्या भयो। अघिल्लो वर्ष पनि दुई जनाको हत्या भएको थियो। यस वर्ष घरेलु हिंसामा परी १ सय ९१ जना पीडित भए भने अघिल्लो वर्ष १ सय ६२ महिला पीडित भएका थिए। बहुविवाहको घटनामा आठ महिला पीडित भए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीय युवतीलाई २०७२ पुस २५ गते दिउँसो धिरापुर गाविस-९ का २१ वर्षीय फिरोज राइनले बलात्कार गरेको आरोपमा पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको उजुरी परेकै दिन जिल्ला अस्पताल जलेश्वरमा स्वास्थ्य परीक्षण भयो। सोही दिन गिरफ्तार भएका फिरोजलाई जिल्ला अदालतले २०७२ माघ १४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### परिवारजनबाट हत्या

बर्दिवास नपा-८ प्रेमनगरकी ३२ वर्षीया उषादेवी महतोलाई ३० वर्षीय देवर विजय महतोले हत्या गरेको भन्दै माइती पक्षले २०७३ कात्तिक २० गते इलाका प्रहरी कार्यालय, ढल्केवरमा उजुरी दिए। कात्तिक १७ गते घरैबाट हराएकी उषादेवीको कात्तिक १९ गते बिहान धनुषा जिल्ला लक्ष्मीनिवास गाविस-७ स्थित दालाखाडी खोला नजिक तिलको खेतमा शव फेला परेको थियो। शवको पोस्टमार्टम कात्तिक २० गते जनकपुर अञ्चल अस्पतालमा भयो। आरोपित यो वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

### स्वास्थ्य सेवाको अवस्था

जलेश्वर र बर्दिवासमा गरी दुई जिल्ला अस्पताल, ६६ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १२ डक्टरको दरबन्दी रहेकामा आठ कार्यरत छन्। हेल्थ असिस्टेन्टको ८१ दरबन्दी रहेकामा सबै कार्यरत छन् भने स्त्रीरोग विशेषज्ञको दरबन्दी नै छैन। त्यसैगरी अहेवको १ सय ८० दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्टाफ नर्स नौ दरबन्दी रहेकामा दुई कार्यरत छन् भने ल्याब असिस्टेन्ट सात दरबन्दीमा सबै कार्यरत छन्। अनमी १ सय ७५ दरबन्दीमा १ सय ५० कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २५ करोड ५० लाख ३१ हजार र औषधि खर्चबापतको रकम ५१ लाख रुपियाँ छ।

सदरमुकामदेखि करिब ५० किमि दूरीमा रहेको भरतपुर स्वास्थ्य चौकीको प्रवेशद्वारमै नि:शुल्क वितरण गरिने २८ प्रकारका औषधिको सूची छ। तर सिनियर अहेव धर्मदेही चौधरी सिटामोलसमेत उपलब्ध नभएको बताउँछन्। उनका अनुसार असार १५ गते जिल्ला

स्वास्थ्य कार्यालयले सूचीअनुसारकै २८ प्रकारको औषधि पठाएको थियो। त्यसपछि मङ्सिर १५ गते १३ प्रकारका मात्र औषधि आयो। 'त्यो १३ प्रकार पनि मागको तुलनामा २५ प्रतिशतमात्र उपलब्ध गराए', चौधरीले भने- अहिले हामीसँग न सिटामोल छ न त आइरन चक्की, लुतोका सामान्य औषधि पनि सकियो। दैनिक सरदर ४० बिरामी आउने भरतपुर स्वास्थ्य चौकीमा औषधि अभावसँगै बिरामी सङ्ख्या पनि घट्दो छ। संस्थाको सम्पर्कमा रहेका ४० जना गर्भवती आइरन चक्कीबाट समेत वञ्चित रहेको चौधरीले जनाए। त्यसैगरी जिल्लाका अधिकांश स्वास्थ्य चौकीमा मध्याह्नपछि कर्मचारी नबस्ने गरेको स्थानीयको गुनासो छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | ६ | ६ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ७ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|---|
| बलात्कार | | | | | | २ | २ |
| बलात्कारको प्रयास | | | | | १ | | १ |
| बहुविवाह | | १ | | | | ७ | ८ |
| घरेलु हिंसा | २ | ३ | ३ | १७५ | | ८ | १९१ |
| यौन दुर्व्यवहार | | | १ | | | | १ |
| जम्मा | २ | ४ | ४ | १७५ | १ | १७ | २०३ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ४ | ५ |

# २.३ सर्लाही



जम्मा जनसङ्ख्या
८३१०६७

महिला
४१४०६७

परिवार सङ्ख्या
१४२७०२

खोलाको पानी पिउने परिवार
६९१

गरिबीको रेखामुनि रहेको सङ्ख्या
१३५२६८

कामका लागि बाहिरिएका
२१४०१

सबभन्दा बढी जनसङ्ख्या
११९३५९ (यादव)

अपाङ्गता भएका
९५८५

५ वर्षमाथिको साक्षरता प्रतिशत
८९

आश्रित जनसङ्ख्या
३८६९७६

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १ |
| बाल अधिकार | ११ | | ११ |
| महिला अधिकार | १७ | | १७ |
| हत्या | ३ | ३ | ६ |
| जम्मा | ३१ | ४ | ३५ |

*इन्सेकको अभिलेख अनुसार सर्लाहीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ४४ महिलासहित ८६ जना पीडित भएकामा सन् २०१६ मा ३१ महिलासहित ३५ जना पीडित भए। गत वर्ष राज्यपक्षबाट भएका घटनामा एक महिलासहित ३० जना पीडित भएका थिए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष सात महिलासहित १५ जनाको हत्या भएकामा यो वर्ष तीन महिलासहित ६ जनाको हत्या भयो। जसमा परिवारबाटै एक पुरुषको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा ६ बालिका बलात्कृत भए भने चार जना यौन दुर्व्यवहारबाट पीडित भए। गत वर्ष बलात्कार घटनामा सात र यौन दुर्व्यहारका घटनामा पाँच बालिका पीडित भएका थिए।*

*यस वर्ष गैरराज्य पक्षबाट भएको महिला अधिकार उल्लङ्घनका घटनामा बढी महिला पीडित भए। बलात्कारका तीन, बलात्कार प्रयासका चार, मानव बेचबिखनमा एक, बहुविवाहमा एक, कथित बोक्सीको आरोपमा एक र घरेलु हिंसामा सात गरी १७ जना पीडित भए। सन् २०१५ मा १९ महिला पीडित भएका थिए।*

विवाह भएपछि समयमै विवाह दर्ता नगर्दा र नागरिकता नबनाउँदा यस जिल्लाका महिला समस्यामा पर्ने गरेका पाइएको छ। विवाहपछि दाइजो नल्याएको, छोरा नजन्माएका कारण परिवार र पतिबाटै पनि यातना पाउनु तराई/मधेसका आममहिलाले भोग्नुपर्ने समस्या हो। असमयमै पति गुमाएपछि र पतिले राख्न अस्वीकार गरेपछि विवाह दर्ता र नागरिकता नभएका महिला समस्यामा पर्ने गरेका छन्। लाखौँ खर्चेर हुने विवाह केही महिनामै असफल हुँदा पनि अभिभावक सचेत भएको पाइँदैन। दाइजोको निहुँमा पतिले दोस्रो विवाह गरेपछि बल्ल विवाह दर्ताको खोजी गर्ने गरेको

**पाइएको छ। सर्लाहीको महिला तथा बालबालिका सेवा केन्द्रमा दर्ता भएका १ सय ७६ महिला हिंसाका उजुरीमध्ये ९० घटना पतिले विवाह दर्ता नगरिदिएको तथा नागरिकता पनि नबनाइदिएको विषय समावेश हुनुले यो समस्या बारे प्रष्ट हुन्छ ।**

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार जीर्ण भएपछि तीन वर्षदेखि यहाँका कैदी/बन्दीलाई अन्य जिल्लाको कारागारमा राखिएको छ। यो कारागारमा ७५ पुरुष र २५ महिला कैदी/बन्दी राख्ने क्षमता छ। कारागार भवन जीर्ण भएकै कारण यहाँका १ सय ८० कैदी/बन्दीलाई २०६९ माघ १५ गते अन्यत्र सरुवा गरिएको थियो। द्वन्द्वका क्रममा २०६२ चैत २३ गते राति नेकपा माओवादीको आक्रमणले पर्खाल चर्केको र २०६८ असोज १ गते भूकम्पमा छत चर्किएपछि नयाँ भवन निर्माणको प्रक्रिया सुरु भएको थियो। मर्मत प्रक्रिया बीचमै रोकेर नयाँ भवन निर्माणको पहल भए पनि नयाँ भवनको टुङ्गो भने लागेको छैन।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ६ न्यायाधीशको दरबन्दी रहेकामा पाँच कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ११ सय ८४ र फौजदारी ४ सय ३५ थान छन्। २ वर्षभन्दा पुराना मुद्दा देवानी ८० र फौजदारी २० थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय २५ प्रावि, ५७ निमावि, ७९ मावि र ४२ उमावि छन्। २ हजार ३ सय ८८ शिक्षक दरबन्दी रहेकामा १ सय ३ रिक्त छन्। यस वर्ष ६७ हजार १ सय ९४ बालक र ७२ हजार ३ सय ६९ बालिका भर्ना भए। जिल्लामा १ सय ११ अपाङ्गमैत्री विद्यालय छन्। १३ हजार ५ सय ८२ दलित बालक र ११ हजार ९ सय ६४ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद तथा द्वन्द्वपीडित परिवारका ६२ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*बाल अधिकार उल्लङ्घनका घटनामा अघिल्लो वर्ष १३ बालिका पीडित भएका थिए। यो वर्ष ११ बालिका पीडित भए। जसमा १० महिने छोरीलाई आमाले हत्या गरेको घटना पनि छ। त्यस्तै एक बालिकाको घाँटी रेटी हत्या गरिएको घटनाका आरोपित पहिचान हुन सकेन।*

*यो वर्ष चारदेखि १५ वर्ष उमेर समूहका ६ बालिका बलात्कारका घटनामा पीडित भए भने चार जना यौन दुर्व्यहारका घटनामा पीडित भए। बलात्कारका तीन घटनाका चार आरोपित फरार रहे। सामूहिक बलात्कारका घटनामा एक बालिका पीडित भइन्। घटनाको आरोपितमा ६३ वर्षका व्यक्तिसमेत रहे।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ६ | ६ |
| नवजात शिशुको हत्या | १ | १ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | ११ | ११ |

### हत्या

जानकीनगर गाविस-५ की १७ वर्षीया सुस्मिता सिंहको २०७३ वैशाख ३ गते घरनजिकै बद्रिनाथ सामुदायिक वनमा घाँस काट्न गएकामा वैशाख ४ गते घाटी रेटी हत्या गरिएको अवस्थामा शव फेला पर्‍यो। शवको सर्लाही जिल्ला अस्पताल मलङ्गवामा २०७३ वैशाख ४ गते पोस्टमार्टम भयो। आरोपितको यो वर्षको अन्त्यसम्म पहिचान हुन नसकेको जिल्ला प्रहरी कार्यालयले जनायो।

मोतीपुर गाविस-६ का १२ वर्षीय अर्जुनकुमार यादवलाई २०७३ असोज १९ गते राति बाँसको भाँटाले टाउकोमा प्रहार गरी हत्या गरेको आरोपमा कौडेना गाविस-३ का ३५ वर्षीया महावीर मुखिया बिन र ४५ वर्षीय ब्रह्मदेव मुखिया बिनविरुद्ध पीडित पक्षले असोज २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। २०७३ कात्तिक ६ गते गिरफ्तार भएका दुवैजनालाई जिल्ला अदालतले २०७३ कात्तिक २२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### बलात्कार, यौन दुर्व्यवहार

आठ वर्षीया बालिकालाई २०७२ माघ २१ गते आफ्नै घरमा बोलाएर यौन दुर्व्यवहार गरेको आरोपमा कर्मैया गाविस-३ का ६३ वर्षीय उत्तमबहादुर गोतामेविरुद्ध पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय, हरिवनमा उजुरी दियो। सोही दिन बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल मलङ्गवामा भयो।

माघ २१ गते नै गिरफ्तार भएका उत्तमलाई जिल्ला अदालतले २०७२ फागुन १४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

१४ वर्षीया बालिकालाई पटकपटक बलात्कार गर्दै आएको र पछिल्लो पटक २०७३ वैशाख २८ गते राति बलात्कार गरेको आरोपमा धनगढा गाविस-५ का २६ वर्षीय शत्रुधन साह तेलीविरुद्ध पीडित पक्षले वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पताल मलङ्गवामा उजुरी परेकै दिन गरिएको थियो। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको जनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ७६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ५०, विवाह दर्ता र नागरिकता नबनाएको ९०, अर्की श्रीमती ल्याएर हेला गरेको ६ र सामान्य घरायसी झगडाका ३० घटना छन्। यीमध्ये ९९ उजुरीमा मिलापत्र भयो भने ७७ उजुरी कानुनी प्रक्रियामा छन्।*

*यो वर्ष तीन महिला बलात्कार घटनाबाट पीडित भए भने चार महिला बलात्कार प्रयासका घटनामा पीडित भए। त्यस्तै यस वर्ष कथित बोक्सीको आरोपमा ५५ वर्षीया एक महिलालाई स्थानीयले अभक्ष खुवाएको घटना अभिलेखित छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ३ | ३ |
| बलात्कारको प्रयास | ४ | ४ |
| बहुविवाह | १ | १ |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | ८ | ८ |
| जम्मा | १८ | १८ |

### महिला बेचविखन तथा ओसारपसार

हरिवन नपा-११ की २४ वर्षीया महिलालाई कुवेत पठाएर बेच्ने प्रयास गरेको आरोपमा चितवन जिल्ला कालिका नपा-५ का ५६ वर्षीय अमर कामीसहित तीन जनाविरुद्ध २०७२ फागुन १३ गते इलाका प्रहरी कार्यालय, हरिपुरमा पीडित पक्षले उजुरी दियो। २०६६ सालमा कुवेत पठाएर बेचिएको र कुवेत दूतावासमा भागेर आएपछि नेपाल फर्केकी पीडितले उजुरी गरेकी थिइन्। उजुरी दिएकै दिन गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले २०७२ चैत ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। घटनाका फरार दुई आरोपितको नाम र ठेगाना सार्वजनिक नगर्न प्रहरीले अनुरोध गर्‍यो।

### बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

३० वर्षीया महिलालाई २०७३ वैशाख १२ गते बलात्कार गरेको आरोपमा सङ्ग्रामपुर गाविस-२ का ३१ वर्षीय चन्द्रविन्दनारायण रजकविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपित र पीडितको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरियो। सोही दिन गिरफ्तार भएका चन्द्रविन्दनारायणलाई जिल्ला अदालतले २०७३ असार १५ गते तीन वर्ष कैद सजायको फैसला सुनायो।

२० वर्षीया महिलालाई २०७३ असोज १४ गते बलात्कार प्रयास गरेको आरोपमा कर्मैया गाविस-८ का ४० वर्षीय तीर्थमान सिंहदानविरुद्ध पीडितले घटना भएकै दिन इलाका प्रहरी कार्यालय हरिवनमा उजुरी दिइन्। असोज १५ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले २०७३ कात्तिक ५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### कथित बोक्सीको आरोप

मधुवनी गाविस-९ की ५५ वर्षीया सयरा खातुनलाई २०७३ असोज ५ गते राति कथित बोक्सीको आरोपमा कुटपिट गर्दै सडकमा ल्याएर अभक्ष खुवाएको आरोपमा सोही ठाउँका ५५ वर्षीय सुलमान अन्सारी, ३५ वर्षीय मोहम्द आलम र सुन्दरपुर गाविस-५ का २८ वर्षीय मजिद अन्सारीविरुद्ध पीडित पक्षले असोज ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। असोज ६ गते गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले २०७३



*कथित बोक्सीको आरोपमा कुटपिट गरिएकी सयरा खातुन*

असोज १७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। सुलमानका छोरा अलाउद्धिन अन्सारी बिरामी भएपछि झारफुक गर्न आएका झाँक्री बसिर अन्सारीले सयराले भेदेको भनेपछि तीनै जना आरोपित मिलेर राति घरबाट निकालेर खातुनलाई मुक्का, थप्पड हान्दै सडकमा ल्याई अभक्ष खुवाएको पीडितकी बुहारी जुनैजा खातुनले बताइन्।

### स्वास्थ्य सेवाको अवस्था

सर्लाहीमा एक जिल्ला अस्पताल, ८४ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन्। स्त्रीरोग विशेषज्ञको दरबन्दी एक जनाको रहेकामा कार्यरत छन्। अहेवको १ सय ८३ दरबन्दी रहेकामा १ सय ४३ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड ५० लाख र औषधि खर्चबापतको रकम ५४ लाख रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | | ४ | ५ |
| नवजात शिशुको हत्या | | १ | | १ |
| यौन दुर्व्यवहार | | | ४ | ४ |
| जम्मा | १ | १ | ८ | १० |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | | १ | १ |
| बलात्कार | १ | | | २ | ३ |
| बलात्कारको प्रयास | | | | ४ | ४ |
| बहुविवाह | | | | १ | १ |
| महिला बेचबिखन | | | | १ | १ |
| घरेलु हिंसा | १ | २ | ४ | | ७ |
| जम्मा | २ | २ | ४ | ९ | १७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | २ | ४ | ६ |

# २.४ सिन्धुली



**जम्मा जनसङ्ख्या**
३०३११४

**महिला**
१५९८३८

**परिवार सङ्ख्या**
६१५४२

**खोलाको पानी पिउने परिवार**
२४१८

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
११२३०२

**कामका लागि बाहिरिएका**
१५२८७

**सबभन्दा बढी जनसङ्ख्या**
७९५९० (तामाङ)

**अपाङ्गता भएका**
६४६६

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
७५

**आश्रित जनसङ्ख्या**
१४१८७०

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | १० | | १० |
| महिला अधिकार | | | ८१ | | ८१ |
| जातीय विभेद | | | | १ | १ |
| यातना | २ | २ | | | |
| हत्या | | | ३ | १ | ४ |
| जम्मा | २ | २ | ९४ | २ | ९६ |

*इन्सेकको अभिलेख अनुसार सिन्धुलीको मानव अधिकार अवस्था अघिल्लो वर्षको जस्तै रह्यो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ९३ महिलासहित ९६ जना पीडित भएकामा सन् २०१६ मा ९४ महिलासहित ९८ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट दुई जना यातनाका घटनाबाट पीडित भए। यो वर्ष घरेलु हिंसाबाट ७५, बहुविवाहबाट तीन र बलात्कारबाट तीन महिला पीडित भए। अघिल्लो वर्ष परिवारजनबाटै एक जनाको हत्या भएकामा यस वर्ष तीन महिलाको परिवारजनबाट हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनाबाट यस वर्ष १० बालिका पीडित भए। अघिल्लो वर्ष ११ बालिका पीडित भएका थिए। यस वर्ष बलात्कार घटनामा नौ र यौन दुर्व्यवहारमा एक बालिका पीडित भए।*

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर, ७५ कैदी र २७ थुनुवा गरी १ सय २ जना छन्। जसमा पाँच महिला छन्। दुई जना बस्न मिल्ने कोठामा पाँचजना राखिएको छ। कारागारभित्र महिला कैदी बन्दीका लागि बस्ने व्यवस्था नभए पनि कार्यालय प्रयोजनका लागि बनाएको एक कोठामा उनीहरुलाई राखिँदै आएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय ६२ र फौजदारी १ सय ५१ थान छन्।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजक व्यवहार वा दण्ड

डाँडीगुराँसे गाविस-१ का १२ वर्षीय बलराम कार्की र १३ वर्षीय अमिष नेपालीलाई २०७३ भदौ ४



*प्रहरीले गिरफ्तार गरी कुटपिट गरिएका बलराम कार्की*

गते चप्पल चोरेको आरोपमा डाँडीगुरासे प्रहरी चौकीका असई ४० वर्षीय बालराज गिरीको कमान्डमा रहेको प्रहरी चौकीका प्रहरीले गिरफ्तार गरी कुटपिट गरेको भन्दै पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा २०७३ भदौ ९ गते उजुरी दियो। आफूहरूले चप्पल चोरेको स्वीकार गरे पनि प्रहरीले आफूलाई पाइप र बाँसको लाठीले पैताला, हात र तिघ्रामा कुटेको, झाडी सफा गर्न लगाएको र कुखुरा जस्तो बन्न लगाएको पीडित पक्षले आरोप लगायो। घाइते बालकको गोडामा चोट लागेको थियो। घटना गराउन आदेश दिने प्रहरी असई गिरीलाई जिल्ला प्रहरी कार्यालयले कात्तिक २ गते सुध्रने मौकासहितको चेतावनी पत्र दिएको छ भने घटनामा प्रत्यक्ष संलग्न प्रहरी जवान अनिल सिंहलाई पाँच वर्षसम्म पदोन्नति रोक्का गर्न सिफारिस गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। प्रहरी जवान सिंह घटनालगत्तै कार्यालयमा उपस्थित नभई ४६ दिनसम्म भागेका कारण उनलाई उक्त कारबाही गर्ने निर्णय भएको डिएसपी सुवासचन्द्र बोहोराले जानकारी दिए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय ८१ प्रावि, ८६ निमावि, ५३ मावि र ६१ उमावि छन्। २ हजार २ सय २५ शिक्षक दरबन्दी रहेकामा ६९ रिक्त छ। यस वर्ष ३८ हजार ८ सय ७० बालक र ४२ हजार ५ सय ९९ बालिका भर्ना भए। जिल्लामा ४ अपाङ्गमैत्री विद्यालय छन्। ५ हजार २ सय ५८ दलित बालक र ५ हजार ८ सय ९१ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ९० बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ९ | ९ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १० | १० |

### बलात्कार, यौन दुर्व्यवहार

अपाङ्गता भएकी १२ वर्षीया बालिकालाई २०७२ चैत २५ गते रानीचुरी गाविस-६ टङ्सारका १८ वर्षीय रवीन घिसिङले बलात्कार गरेको भन्दै पीडित पक्षले २०७२ चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण चैत ३० गते जिल्ला अस्पतालमा भयो। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ८१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ४२, खान/लाउन नदिएको ३०, विवाह दर्ता तथा नागरिकता नबनाएको चार र मार्ने धम्की दिइएको पाँच घटना छन्। तीमध्ये ६६ वटामा मिलापत्र भयो भने सात उजुरी कानुनी प्रक्रियामा छन्। आठ उजुरीकर्ता भने सम्पर्कमै आएनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ७५ | ७५ |
| जम्मा | ८१ | ८१ |

*महिला अधिकारको अवस्था गत वर्षको जस्तै रह्यो। यस वर्ष महिला अधिकारका घटनातर्फ घरेलु हिंसाबाट ७५, बहुविवाहबाट तीन र बलात्कारबाट तीन महिला पीडित भए। अघिल्लो वर्ष परिवारजनबाटै एक जनाको हत्या भएकामा यस वर्ष तीन महिलाको परिवारजनबाट हत्या भयो।*

### बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

२१ वर्षीया एक युवतीलाई २०७३ असार २२ गते कमलामाई नपा-७ का २६ वर्षीय सरोज तामाङ, १९ वर्षीय जीवन तामाङ र १९ वर्षीय वीरबहादुर तामाङले बलात्कार गरेको भन्दै पीडित पक्षले असार २४ गते प्रहरीमा उजुरी दियो। युवतीको स्वास्थ्य परीक्षण जिल्ला स्वास्थ्य कार्यालयमा असार २२ गते भयो। प्रहरीले पीडितलाई तत्काल घटनास्थलबाट उद्धार गऱ्यो। असार २४ गते गिरफ्तार भएका आरोपितलाई

जिल्ला अदालतले साउन १९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## परिवारजनबाट हत्या

कमलामाई नपा-५ सातपत्रेकी ५७ वर्षीय उमामाया भुजेललाई २०७३ असोज २७ गते राति ६२ वर्षीय पति रामबहादुर भुजेलले कुटेर हत्या गरेको भन्दै मृतकका छोरा राजकुमार भुजेलले असोज २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम २०७३ कात्तिक १ गते जिल्ला अस्पतालमा भयो। असोज २८ गते गिरफ्तार भएका रामबहादुरलाई जिल्ला अदालतले कात्तिक २३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## घरेलु हिंसा

ककुरठाकुर गाविस-३ की २९ वर्षीया सीतामाया तामाङलाई ३४ वर्षीय पति ज्ञानबहादुर तामाङले पटक-पटक मार्ने प्रयास गरेको भन्दै पीडितले २०७३ साउन ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। रोजगारीको सिलसिलामा कुबेतमा हुँदादेखि पतिले मानसिक यातना दिएको र तीन वर्षदेखि कुवेतमा काम गरी आएकी उनलाई भने जति पैसा नदिएको र घरमा फर्केर आएको भनी शारीरिक यातना दिएको पीडितले आरोप लगाइन्। कुबेतबाट २०७३ साउन ६ गते घरमा आएकी सीतामायाले मोवाइललगायतका सामान दिँदा पनि ३ लाख रुपियाँ मागेको र नदिएकाले आएको तीन दिनपछि कुटपिट गरी अभक्ष खुवाएको पीडितको आरोप छ। साथै गालीगलौज गर्दै मारिदिने धम्की दिँदै खुकुरीले काट्न खोज्दा माइती गएर ज्यान बचाएको पीडितले बताइन्। पुन: २०७३ साउन २५ गते घरमा आएर बसेपछि रातको समयमा पतिले डोरीले बाँधेर फलामे ढुङ्ग्री तताएर गुप्ताङ्गभित्र र त्यसको वरिपरि डामेको प्रहरीले जनायो। पीडितको जिल्ला अस्पताल सिन्धुलीमा २०७३ साउन ३० गते प्राथमिक उपचार गरियो भने थप उपचार शिक्षण अस्पताल काठमाडौँमा भयो। साउन २९ गते गिरफ्तार परेका ज्ञानबहादुरलाई जिल्ला अदालतले २०७३ भदौ २० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## सबै प्रकारका जातीय विभेद

दुधौली नपा-८ का ५५ वर्षीय वैद्यनाथ पासवानलाई सोही ठाउँका ५५ वर्षीय खड्गबहादुर कार्की र उनकी बुहारी ३५ वर्षीया जानुका कार्कीले २०७३ मङ्सिर २ गते बिहान ८ बजे आफूलाई घरअगाडिको सार्वजनिक धारामा पानी लिन जाँदा छुवाछूत गरेको, पानी भर्न नदिई गाग्री फालिदिएको र आफूलाई अपमान गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा २०७३ मङ्सिर ९ गते उजुरी दिए। उनले आफूलाई तल्लो जातको मान्छेले पानी भर्न पाउँदैनौ भनी अपशब्दसमेत प्रयोग गरेको जनाए। आरोपितद्वय २०७३ पुस १३ गते गिरफ्तार भए। यो वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान जारी रहेको प्रहरीले जनायो।

## स्वास्थ्य सेवाको अवस्था

*जिल्लामा एक अस्पताल, ५१ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्रीरोग विशेषज्ञको दरबन्दी एक जनाको रहेकामा कार्यरत छन्। स्टाफनर्स चार जनाको दरबन्दी रहेकोमा तीन जना कार्यरत छन्। अहेवको १ सय १३ दरबन्दी रहेकामा ७५ कार्यरत छन्। ल्याव असिस्टेन्ट चार जनामा दुई जना कार्यरत छन्। अनमि १ सय १४ जनाको दरबन्दी रहेकोमा ७५ जना कार्यकरत छन्। हेल्थ असिस्टेन्ट ५६ जनाको दरबन्दी रहेकोमा २० जना कार्यरत छन्। परिवार नियोजन सुपरभाइजर, खोप सुपरभाइजर र सार्वजनिक स्वास्थ्य नर्स एक/एक जनाको दरबन्दी रहेकामा कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड ३० लाख १८ हजार ८ सय र औषधि खर्चबापतको रकम ४५ लाख रुपियाँ छ।*

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ६ | ९ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | ३ | ७ | १० |

| महिला अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | | ३ | ३ |
| बहुविवाह | | १ | | | २ | ३ |
| घरेलु हिंसा | १ | २ | १ | ४५ | २६ | ७५ |
| जम्मा | १ | ३ | १ | ४५ | ३१ | ८१ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ३ | ४ |

# २.५ रामेछाप



जम्मा जनसङ्ख्या
१९८९१२

महिला
१०८३५५

परिवार सङ्ख्या
४५४०४

खोलाको पानी पिउने परिवार
१२४२

गरिबीको रेखामुनि रहेको सङ्ख्या
५१४६७

कामका लागि बाहिरिएका
१११९९

सबभन्दा बढी जनसङ्ख्या
५४४६१ (क्षेत्री)

अपाङ्गता भएका
४४१८

५ वर्षमाथिको साक्षरता प्रतिशत
९७

आश्रित जनसङ्ख्या
८८८६१

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ६ | १ | ७ |
| महिला अधिकार | | | ७ | | ७ |
| जातीय विभेद | | | | १ | १ |
| यातना | १ | १ | | | |
| कुटपिट | | | | २ | २ |
| जम्मा | १ | १ | १३ | ४ | १७ |

*इन्सेकको अभिलेख अनुसार रामेछापको मानव अधिकार अवस्थामा गत वर्षको तुलनामा सुधार आयो। मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाअन्तर्गत सन् २०१५ मा गैरराज्य पक्षबाट १५ महिलासहित २२ जना पीडित भएकामा सन् २०१६ मा १३ महिलासहित १७ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट यातनाबाट एक पुरुष पीडित भए भने अघिल्लो वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटना अभिलेखित थिएन।*

*अघिल्लो वर्ष रामेछापमा तीन महिलाको परिवारजनबाटै हत्या भएकामा यस वर्ष यस्ता घटना अभिलेखित छैनन्। यस वर्ष महिला अधिकार र बाल अधिकार उल्लङ्घनका घटनाबाट पीडित हुनेको सङ्ख्या बढी छ। यस वर्ष महिला अधिकारका घटनाबाट सात जना पीडित भए। चार बालिका बलात्कार घटनाबाट, एक बाल विवाहबाट, विद्यालयमा शारीरिक दण्ड सजायबाट एक बालिका र एक बालक पीडित भए।*

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ५० जनाको छ। तर, १ सय ९९ कैदी र ३१ थुनुवा गरी २ सय ३० जना छन्। जसमा महिला एक थुनुवा र नौ कैदी गरी १० जना छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ४४ र फौजदारी २६ थान छन्।

### यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

चुचुरे गाविस-१ का ६० वर्षीय घनश्याम

कार्कीलाई प्रहरीसँग भनाभन गरेको आरोपमा २०७३ वैशाख १ गते प्रहरीले गिरफ्तार गरी चुचुरे प्रहरी चौकीमा पुऱ्याई यातना दिएको पीडित पक्षले आरोप लगायो। पीडितले घटना सम्बन्धमा मानव अधिकारकर्मीलाई जानकारी गराए पनि उजुरी भने नदिएको बताए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा प्रावि २ सय ५२, निमावि ७७, मावि ४८ र उमावि ४२ वटा छन्। जिल्लामा दरबन्दीअनुसार १ हजार २ सय २१ शिक्षक छन् भने राहत कोटामा ६ सय ८९ गरी १ हजार ९ सय १० शिक्षक कार्यरत छन्। यस वर्ष २३ हजार ५ सय ४४ बालक र २५ हजार ७ सय ८४ बालिका भर्ना भए। भूकम्पका कारण विद्यालयको भौतिक संरचनामा क्षति पुगेकाले अधिकांश विद्यालयले अस्थायी टहरामा पठनपाठन गराइरहेका छन्। विद्यालयलले शौचालयको समेत उचित व्यवस्थापन गर्न सकेका छैनन्। यस वर्ष निमावि तहका ४ हजार ४ सय ३ दलित बालबालिका, सीमान्तकृत १ हजार ९ सय ४५, अपाङ्गता भएका ५ सय १९ जना बालबालिकालाई छात्रवृत्तिका लागि सिफारिस गरिएको शिक्षा कार्यालयले जनायो। यसैगरी मावि तहका १ सय ५ अपाङ्गता भएका र ६ सय ८० दलित तथा उमाविका ८ सय २२ जना विद्यार्थीलाई सिफारिस गरिएको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | १ | | १ |
| बलात्कार | ४ | | ४ |
| विद्यालयमा शारीरिक सजाय | १ | १ | २ |
| जम्मा | ६ | १ | ७ |

*गत वर्षको तुलनामा यस वर्ष बाल अधिकारका घटना केही बढी भए। गत वर्ष यस्ता घटनामा तीन बालिका पीडित भएकामा यस वर्ष चार बालिका बलात्कार घटनाबाट, एक बाल विवाहबाट, विद्यालयमा शारीरिक दण्ड सजायबाट एक बालिका र एक बालक पीडित भए। बाल विवाह गरेको आरोपमा दुई बालबालिकालाई विद्यालय प्रशासनले विद्यालय प्रवेशमा रोक लगायो।*

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकालाई २०७२ चैत १४ गते दोरम्बा गाविस-६ का २३ वर्षीय प्रज्ज्वल पाठकले बलात्कार गरेको भन्दै पीडित पक्षले २०७३ असार ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको २०७३ असार १ गते प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीमा स्वास्थ्य परीक्षण भयो। प्रहरीले उजुरी लिए पनि आरोपित फरार रहेको भन्दै गिरफ्तार गर्न चासो नदेखाएको आरोपसहित पीडित पक्षले २०७३ साउन ५ गते राष्ट्रिय दलित आयोगमा उजुरी दिए। सोही विषयमा असोज ९ गते आयोगका सदस्य मनजित बिकको टोलीले घटनाबारे अनुगमन गऱ्यो। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

### विद्यालय प्रवेशमा रोक

गुन्सी भदौरे गाविस-३ निवासी सतलिङ्गेश्वर मावि गुन्सीको कक्षा १० मा अध्ययनरत छात्रा १८ वर्षीया मुना चौलागाईं र सोही विद्यालयमा कक्षा ९ मा अध्ययनरत छात्र १८ वर्षीय केशु मगरबीच विवाह गरेको आरोपमा २०७३ कात्तिक १० गते विद्यालयले विद्यालय प्रवेशमा रोक लगायो। विद्यार्थीको आचरणविपरित विद्यालय पढ्ने उमेरमा एउटै विद्यालयका छात्रछात्राले विवाह गरेकाले उनीहरुलाई विद्यालय प्रवेशमा रोक लगाएको प्रधानाध्यापक एकनाथ चौलागाईंले बताए। घटनापछि पीडितहरू विद्यालय जान पाएनन्।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै महिला तथा बालबालिका सेवा केन्द्रमा ३२ उजुरी दर्ता भए। जसमा कुटपिट गरी घर निकाला गरिएका, हेला गरेको, अर्की पत्नी ल्याएर बेवास्ता गरेको, खान/लाउन नदिएको, विवाह दर्ता र नागरिकता नबनाइदिएकोलगायत घटना छन्। यीमध्ये २१ वटामा मिलापत्र भयो भने चार उजुरी कानुनी प्रक्रियामा छन्। सात उजुरीकर्ता भने सम्पर्कमै आएनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ६ | ६ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ७ | ७ |

*अघिल्लो वर्ष यो जिल्लामा तीन महिलाको परिवारबाटै हत्या भएकामा यस वर्ष हत्याका घटना अभिलेखित छैनन्। यस वर्ष महिला अधिकारका घटनाबाट सात जना पीडित भए। अघिल्लो वर्ष पनि सातै जना महिला पीडित भएका अभिलेख गरिएको थियो।*

## सबै प्रकारका जातीय विभेद

मन्थली नपा-७ गैराथोकका २५ वर्षीय अर्जुन आलेले सोही स्थानकी दलित समुदायकी २० वर्षीया उषा नेपालीसँग २०६८ सालमा विवाह गरेका कारण उनको सिङ्गो परिवार सामाजिक बहिष्कारमा पर्दै आएको छ। कथित माथिल्लो जातले दलित समुदायकी युवतीसँग विवाह गरेको भनी गाउँलेले उनलाई गाउँमा बस्नसमेत दिएका छैनन्। उनी त सोही कारणले गाउँमा बस्न सकेनन् नै तर त्यसको पीडा थप उनीहरुको परिवारले व्यहोर्दै आएको छ। एक छोरीसमेत जन्माएको सो जोडी विवाहपछि गाउँमा प्रवेश गर्न सकेको छैन। समुदायले उनीहरुको परिवारलाई समेत सामाजिक बहिष्कार गरेको छ। समाजले बहिष्कार गरेकै कारण अर्जुनकी माहिली हजुरआमाको दुई दिनसम्म लाससमेत उठ्न सकेन। २०७२ पुस २७ गते उनकी माहिली हजुरआमाको मृत्यु भयो। दलितको छोरी घरमा भित्र्याएको भन्दै उनको मृत्यु भएपछि गाउँका दाजुभाइ लास उठाउनसमेत गएनन्। दुई दिनसम्म लास नउठेपछि दुई दाजुभाइले लास बोकेर हिँडे, अनि बल्ल १०/१५ जना छिमेकी साथमा गएर लासको अन्तिम संस्कार गरे। नेपालमा २०२० सालमा मुलुकी ऐन संशोधन हुँदा जातको आधारमा कुनै पनि विभेद गर्न नहुने र यदि कसैले गरेमा दण्डनीय हुने कानुनी व्यवस्था भयो। त्यसैलाई टेकेर २०२७ सालमा नेपालले सबैखालको जातीय विभेदविरुद्धको महासन्धिमा समेत हस्ताक्षर गर्‍यो। त्यतिमात्र हैन, जातको आधारमा हुने सबैखालका विभेद रोक्न राज्यले छुवाछुतविरुद्धको ऐन नै ल्यायो। नेपालको संविधानमा समेत जातको आधारमा कुनै पनि ठाउँमा कुनैखालको विभेद गर्न नपाइने व्यवस्था छ। तर, अहिले पनि जातका आधारमा हुने विभेदका घटना भने कम हुन सकेका छैनन्।

## स्वास्थ्य सेवाको अवस्था

रामेछापमा एउटा जिल्ला अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ५१ स्वास्थ्य चौकी र एक उपस्वास्थ्य चौकी छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यसबाहेक एक डक्टर करारमा पनि कार्यरत छन्। दरबन्दीअनुसार एक जना स्त्री रोग विशेषज्ञ कार्यरत छन्। एचएको ५७ जनाको दरबन्दी रहेकामा १५ रिक्त छ। अहेवको १ सय १५ दरबन्दी रहेकामा १६ रिक्त छ। यसैगरी १ सय १४ अनमीको दरबन्दी रहेकामा १५ रिक्त छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | १ | | १ |
| बलात्कार | १ | १ | २ | ४ |
| विद्यालयमा शारीरिक सजाय | | १ | | १ |
| जम्मा | १ | ३ | २ | ६ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | १ | २ | ३ | ६ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | १ | २ | ४ | ७ |

# २.६ दोलखा



**जम्मा जनसङ्ख्या**
**१८००३२**

**महिला**
**८२३०२**

**परिवार सङ्ख्या**
**४६७३८**

**खोलाको पानी पिउने परिवार**
**५३७**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**४८०६४**

**कामका लागि बाहिरिएका**
**१०१२१**

**सबभन्दा बढी जनसङ्ख्या**
**६२३३५ (क्षेत्री)**

**अपाङ्गता भएका**
**५५८७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९५.४१**

**आश्रित जनसङ्ख्या**
**८६७७२**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | ७ | ७ |
| महिला अधिकार | १० | १० |
| जम्मा | १७ | १७ |

***इन्सेकको अभिलेख अनुसार दोलखाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भयो। सन् २०१५ मा गैरराज्य पक्षबाट १९ महिलासहित २१ जना पीडित भएकामा सन् २०१६ मा १७ महिला पीडित भए। गत वर्ष जस्तै यो वर्ष पनि राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटना जानकारीमा आएनन्। गत वर्ष विभिन्न घटनामा ६ बालिका पीडित भएकामा यो वर्ष सात जना पीडित भए। सन् २०१५ मा महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा आठ महिला पीडित भएकामा यो वर्ष १० जना पीडित भए।***

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता १७ जनाको छ। तर ५३ कैदी र १८ बन्दी छन्। महिला कैदी/बन्दीलाई रामेछाप वा काठमाडौं पठाइने गरिएको छ भने उनीहरुका लागि बनाइएको भवनमा पुरुष राखिएको छ। पुरुषका लागि छुट्टै कारागार निर्माणाधीन छ। क्षमताभन्दा झण्डै पाँच गुणा बढी कैदी/बन्दी भएकाले सुत्न, पिउने पानी र शौचालय प्रयोगमा समस्या छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दुई न्यायाधीशको दरबन्दी रहेकामा दुवै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय ९ र फौजदारी ८७ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी चार र फौजदारी तीन थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय १२ प्रावि, ७१ निमावि, ४३ मावि र ४१ उमावि छन्। १ हजार ८ सय ५४*

*शिक्षक दरबन्दी रहेकामा सबै पूर्ति छ। यस वर्ष २२ हजार ४ सय ३९ बालक र २५ हजार ३ सय २५ बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। १ हजार ८ सय ९१ दलित बालक र २ हजार १ सय ४५ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। द्वन्द्वपीडित परिवारका २६ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यो वर्ष बलात्कारबाट पाँच, यौन दुर्व्यवहारबाट एक र बाल विवाहका कारण एक बालिका पीडित भए। गत वर्ष पाँच जना बलात्कारबाट र एक जना यौन दुर्व्यवहारबाट पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ७ | ७ |

**बलात्कार, यौन दुर्व्यवहार**

तीन वर्षीया बालिकालाई २०७३ असार ९ गते १७ वर्षीय बालकले बलात्कार गरेको आरोपमा बालिकाका अभिभावकले असार ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण सोही दिन प्राथमिक स्वास्थ्य केन्द्र चरिकोटमा भयो। असार १३ गते गिरफ्तार भएका बालकलाई जिल्ला अदालतले साउन ६ गते पुर्पक्षका लागि बाल सुधार गृह पठाउने आदेश दियो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २३, खान/लाउन नदिएको १४, विवाह दर्ता नगरेको र अर्को विवाह गरेर हेला गरेको तीन र सामान्य घरायसी झगडाका २५ घटना छन्। यीमध्ये ३२ वटामा मिलापत्र भयो भने सात उजुरी कानुनी प्रक्रियामा छन्। १७ वटाका उजुरीकर्ता भने सम्पर्कमै आएनन्।*

*यो वर्ष भएका विभिन्न घटनामा १० महिला पीडित भए। गत वर्ष यो सङ्ख्या आठ थियो। यो वर्ष बलात्कारको घटनामा पाँच, बहुविवाहबाट चार र कथित बोक्सीको आरोपमा दुर्व्यवहारबाट एक महिला पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ५ | ५ |
| बहुविवाह | ४ | ४ |
| जम्मा | १० | १० |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२७ वर्षीया एक महिलालाई सुनखानी गाविस-९ का ३१ वर्षीय बोधराज आचार्यले २०७२ माघ २५ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले माघ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ २६ गते प्राथमिक स्वास्थ्य केन्द्र, चरिकोटमा भयो। सोही दिन गिरफ्तार भएका बोधराजलाई जिल्ला अदालतले फागुन १३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

१८ वर्षीया सुस्तमनस्थितिकी एक महिलालाई नाम्दु गाविस-४ का २४ वर्षीय गुञ्जे नेपालीले २०७३ कात्तिक २५ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। सोही दिन गिरफ्तार भएका गुञ्जेलाई जिल्ला अदालतले २०७३ मङ्सिर १२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ५२ स्वास्थ्य चौकी छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको १ सय १० दरबन्दी रहेकामा ६१ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड ४१ लाख रुपियाँ र औषधि खर्चबापतको रकम ५२ लाख रुपियाँ छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालविवाह | | | १ | १ |
| बलात्कार | १ | २ | २ | ५ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | १ | २ | ४ | ७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | | | १ | १ |
| बलात्कार | १ | | ४ | ५ |
| बहुविवाह | | २ | २ | ४ |
| जम्मा | १ | २ | ७ | १० |

# २.७ रौतहट



**जम्मा जनसङ्ख्या**
**७५३२०५**

**महिला**
**३७०१०२**

**परिवार सङ्ख्या**
**११५११६**

**खोलाको पानी पिउने परिवार**
**१३८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२२७०००**

**कामका लागि बाहिरिएका**
**९३३१**

**सबभन्दा बढी जनसङ्ख्या**
**१३५५१९ (मुस्लिम)**

**अपाङ्गता भएका**
**८६९८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**४७**

**आश्रित जनसङ्ख्या**
**३६४७५१**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | |
|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | जम्मा |
| बाल अधिकार | | | १६ | १६ |
| महिला अधिकार | | | १६ | १६ |
| कुटपिट | ४ | ४ | १ | १ |
| हत्या | १ | १ | ४ | ४ |
| जम्मा | ५ | ५ | ३७ | ३७ |

***इन्सेकको अभिलेख अनुसार रौतहटको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भयो। मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा सन् २०१५ मा गैरराज्य पक्षबाट ५४ महिलासहित ७५ जना पीडित भएकामा सन् २०१६ मा ३७ महिला पीडित भए। गत वर्ष राज्य पक्षबाट दुई महिलासहित १ सय २२ जना पीडित भएकामा यो वर्ष पाँच पुरुष पीडित भए। गत वर्ष विभिन्न घटनामा ११ बालिका पीडित भएकामा यो वर्ष १६ बालिका पीडित भए। सन् २०१५ मा महिला माथि हुने हिंसा र ज्यादतीका घटनामा ३६ महिला पीडित भएकामा यो वर्ष १६ महिला पीडित भए।***

### धम्की/कुटपिट

**राज्यपक्षबाट**

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच २०७२ फागुन ६ गते जिल्ला अस्पताल गौरमा झडप भयो। झडपका क्रममा अस्पतालका स्वास्थ्यकर्मी इमर्जेन्सी इन्चार्ज ४५ वर्षीय प्रवीणकुमार झा, वरिष्ठ अहेवद्वय ४३ वर्षीय पङ्कजकुमार ठाकुर र ४४ वर्षीय मनोजकुमार ठाकुर, अस्पतालका राशन ठेकेदार ५६ वर्षीय रामजनम गुप्तालाई प्रहरीले लाठी तथा बुटले कुटपिट गरी घाइते बनाएको अस्पताल प्रशासनले जनायो। स्वास्थ्य राज्य मन्त्री महमद मुस्ताक आलम आफ्नो गृह जिल्ला रौतहट आएको समयमा जिल्ला अस्पताल गौरले मन्त्रीको स्वागत कार्यक्रमको आयोजना गरेका बेला मोर्चाका कार्यकर्ताले कालो झण्डा देखाउने क्रममा झडप भएको थियो। फागुन १० गते सर्वपक्षीय बैठक बसी अस्पतालको सबै सेवा सुचारु गर्ने सहमति भएको थियो।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय १० जनाको छ। तर, ८९ कैदी र ६५ थुनुवा गरी १

सय ५४ जना छन्। जसमध्ये थुनुवा तीन र कैदी तीनसमेत ६ महिला छन्। १९९८ सालमा निर्माण भएको यस कारागार भवन जीर्ण छ। क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले उनीहरु बरण्डामा समेत सुत्न बाध्य छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

*जिल्ला अदालतमा सात न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस अदालतमा २०७३ साउनमा जिम्मेवारी सरेर आएको देवानी १ हजार २ सय ४१, फौजदारी २ सय ७७, सरकारवादी फौजदारी १ सय ५२ र रिट ५६ समेत जम्मा मुद्दा १ हजार ७ सय २६ थिए भने यस वर्षको अन्त्यसम्ममा देवानी १ हजार ३१, फौजदारी १ सय ८७, सरकारवादी फौजदारी १ सय ८७, रिट ८४ र पुनरावेदन १० समेत जम्मा १ हजार ४ सय २० मुद्दा दर्ता भए। २०७३ मङ्सिर मसान्तसम्म देवानी ५ सय ७७, फौजदारी १ सय ११, सरकारवादी फौजदारी ६०, रिट ६५ र पुनरावेदन १ समेत ८ सय १४ मुद्दा फर्स्यौट भए। दुई वर्ष नाघेका देवानी १७, फौजदारी ३ र सरकारवादी फौजदारी २ समेत २२ मुद्दा छन्।*

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २० मदरसासहित २ सय ३४ प्रावि, ६८ निमावि र ३४ उच्चमाविसहित ६९ मावि छन्। १ हजार ९ सय ५७ शिक्षक दरबन्दी रहेकामा कति रिक्त छ भन्ने जानकारी दिइएन। जिल्लाभर अध्ययनरत विद्यार्थीको सङ्ख्या पनि नभएको शिक्षा कार्यालयले जनायो।*

*यो वर्ष बलात्कारबाट १२ र यौन दुर्व्यवहारबाट चार बालिका पीडित भए। तीन बालिकाको बलात्कारपछि हत्या भयो। एकै जनाले चार, ६ र आठ वर्षीया तीन बालिकालाई छुट्टाछुट्टै मितिमा घरैबाट अपहरण गरी बलात्कार गरेर हत्या गरी शवसमेत बेपत्ता बनाएको अत्यन्तै क्रूर र अमानवीय घटना पनि सार्वजनिक भयो। गत वर्ष एक बालिका बेचबिखनबाट, नौ बलात्कारबाट र एकजना यौन दुर्व्यवहारबाट पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १२ | १२ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | १६ | १६ |

विपन्न कथित दलित समुदाय 'मुसहर' जातिका बालबालिका गरिबी र चेतनाको अभावका कारण विद्यालय शिक्षाबाट वञ्चित छन्। रौतहटको पिप्रा पोखरिया गाविस-८ डुमरिया गाउँमा ४० घर मुसहर जातिको बसोबास छ। तर, सो बस्तीका २ सयभन्दा बढी विद्यालय जाने उमेरका बालबालिकामध्ये एक जना पनि विद्यालयमा पढ्न जाँदैनन्। सो बस्ती नजिकै रहेको प्रावि डुमरियामा ८० जनाभन्दा बढी मुसहर बालबालिका भर्ना भएको विद्यालयको अभिलेखमा देखिन्छ। सरकारले दलित विद्यार्थीलाई वार्षिक ४ सय रुपियाँ छात्रवृत्ति दिँदै आएको भए पनि सो गाउँका कुनै पनि दलित बालबालिकाले उक्त रकम पाएका छैनन्। दलित विद्यार्थीको नक्कली हाजिरी गरेर प्रधानाध्यापकले दलित छात्रछात्राले पाउने रकम हिनामिना गर्ने गरेको आरोप लाग्दै आएको छ। विद्यालय प्रशासनले भने सबैलाई छात्रवृत्ति रकम वितरण गरेको कागजात दुरुस्त राखेको छ। रौतहटमा ३ हजार २ सयभन्दा बढी मुसहर बालबालिका विद्यालयमा अध्ययनरत रहेको र अधिकांशले छात्रवृत्ति रकम नपाएको राष्ट्रिय मुसहर उत्थान समाजका केन्द्रीय उपाध्यक्ष नथुनी माझी मुसहरको भनाइ छ।

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७३ असार १० गते बलात्कार गरेको आरोपमा प्रतापपुर पल्टुवा गाविस-९ का २७ वर्षीय विश्वनाथ महरा चमार, सोही गाविस-१ का २५ वर्षीय बिगन महरा चमार र २२ वर्षीय हरिचन महरा चमारविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा असार १६ गते उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण असार १६ गते चन्द्रनिगाहपुर अस्पतालमा भयो। असार १६ गते गिरफ्तार परेका विश्वनाथलाई जिल्ला अदालतले २०७३ साउन २ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। अन्य आरोपित गिरफ्तार परेनन्।

एक वर्षीया बालिकालाई २०७३ कात्तिक २४ गते चन्द्रपुर नपा-११ का ४० वर्षीय हरिहर महतोले बलात्कार गरेको भन्दै बालिकाकी आमाले इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा कात्तिक २५ गते उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण कात्तिक २५ गते चन्द्रनिगाहपुर अस्पतालमा गरियो। कात्तिक २५ गते नै

गिरफ्तार परेका हरिहरलाई जिल्ला अदालतले मङ्सिर १६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। बालिकाको थप उपचार वीरगन्जस्थित नेसनल मेडिकल कलेजमा भयो।

**बलात्कारपछि हत्या**

गरूडा नपा-५ की चार वर्षीया बालिकालाई २०७३ साउन १० गते, शीतलपुर बैरगनिया गाविस-८ की आठ वर्षीया कलिताकुमारी साहलाई २०७३ साउन २३ गते र मर्यादपुर गाविस-१ की ६ वर्षीया शीलाकुमारी मुखियालाई भदौ ८ गते उनीहरूको घरैबाट अपहरण गरी बलात्कारपछि हत्या गरेको आरोपमा प्रहरीले २०७३ भदौ ८ गते कटहरिया गाविस-१ हर्षाहा टोलका २८ वर्षीय बालकिशोर चौरसियालाई गिरफ्तार गर्‍यो। आरोपित चौरसियाले ती बालिकालाई राति सुतेको स्थानबाट अपहरण गरी एकान्त स्थानमा पुर्‍याएर बलात्कार गर्ने र बलात्कारपश्चात हात खुट्टा भाँची जिउँदै नजिकै रहेको लालबकैया नदीको पुलबाट खोलामा फालिदिने गरेको बयानमा स्वीकार गरेको जिल्ला प्रहरी कार्यालयका एसपी डा. गणेश रेग्मीले बताए। बालकिशोरलाई जिल्ला अदालतले असोज ४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। तीनै बालिकाको शव फेला परेन।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय १ जनाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पतिले गालिगलौज गरेको १२, कुटपिट गरेको ९८, वास्ता नगरेको र खान/लाउन नदिएको ६६, जेठाजु र देवरले कुटपिट गरेको १९, सासू/ससुराले कुटपिट गरेको ३९, घरमा बस्न नदिएको १४, छोरा/बुहारीले कुटपिट गरेको २८, परिवारका अन्य सदस्यले कुटपिट गरेको ३ र श्रीमतीबाट पीडित भएको २२ घटना छन्। यीमध्ये १ सय ९९ घटनामा मिलापत्र भयो भने ४८ घटनाका उजुरीकर्ता सम्पर्कमै आएनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | १४ | १४ |
| जम्मा | १६ | १६ |

*४३ उजुरी कानुनी प्रक्रियामा छन्।*

*यो वर्ष भएका विभिन्न घटनामा १६ महिला पीडित भए। गत वर्ष यो सङ्ख्या ३६ थियो। परिवारबाटै हत्या गरिएको एउटा घटना जानकारीमा आयो। घरेलु हिंसाबाट पीडित महिला र उनका पतिबीच दिउँसो प्रहरी कार्यालयमा मिलापत्र गराइएकामा साँझ पतिले हत्या गरेको घटना पनि सार्वजनिक भयो। बलात्कार घटनामा एक, बहुविवाहबाट एक र घरेलु हिंसाबाट १४ महिला पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

नाम र ठेगाना बताउन नसक्ने अन्दाजी २५ वर्षीया मानसिक सन्तुलन गुमाएकी एक महिलालाई २०७२ माघ ८ गते बलात्कार गरेको आरोपमा प्रहरीले चन्द्रपुर नपा-१ का २२ वर्षीय प्रकाश चौंलागाईंलाई सोही दिन गिरफ्तार गर्‍यो। पीडित महिलाको स्वास्थ्य परीक्षण माघ ८ गते चन्द्रनिगाहपुर अस्पतालमा गरिएको थियो। प्रकाशलाई जिल्ला अदालतले माघ २८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। पीडित महिलालाई प्रहरीले माघ १४ गते हेटौंडास्थित मानव सेवा आश्रमको जिम्मा लगायो।

**परिवारजनबाट हत्या**

भसेडवा गाविस-६ की २४ वर्षीया मञ्जुदेवी दासलाई २०७३ वैशाख ७ गते राति ढुङ्गा प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले २७ वर्षीय पति रामनारायण दासलाई सोही दिन गिरफ्तार गर्‍यो। शवको पोस्टमार्टम वैशाख ८ गते जिल्ला अस्पताल गौरमा गरिएको प्रहरीले जनायो। आरोपित कामको सिलसिलामा काठमाडौँमा बस्ने गरेकामा पीडितसहित घरपरिवारलाई बेवास्ता गर्ने गरेको आरोपमा पीडित मञ्जुदेवी दासले महिला तथा बालबालिका सेवा केन्द्रमा २०७३ वैशाख ३ गते घरेलु हिंसा सम्बन्धमा उजुरी दिएपछि प्रहरीले अरोपित दासलाई वैशाख ७ गते छलफलका लागि बोलाएको थियो। महिला तथा बालबालिका सेवा केन्द्रमा दुवै पक्षबीच मिलापत्र गराइ घर पठाएकामा सोही दिन राति करिब ७ बजेको समयमा आरोपितले ढुङ्गाले टाउकोमा प्रहार गरी पत्नीको हत्या गरेको आरोप छ। वैशाख ७ गते राति नै गिरफ्तार परेका रामनारायणलाई जिल्ला अदालतले वैशाख २८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ९३ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, तीन शहरी स्वास्थ्य क्लिनिक, चार सामुदायिक स्वास्थ्य केन्द्र र १९ बर्थिङ सेन्टर छन्। जिल्लाभर १० डक्टरको दरबन्दी रहेकामा करार सेवामा समेत गरी १२ जना कार्यरत छन्। स्त्रीरोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको दरबन्दी २ सय ९५ मा २ सय ४१ र अनमी दरबन्दी १ सय ९८ रहेकामा १ सय ४५ कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको बार्षिक बजेट १६ करोड १० लाख १४ हजार र औषधि खर्चवापतको रकम ४५ लाख रुपियाँ छ। यसैगरी बाल स्वास्थ्य तर्फ १ करोड २५ लाख ९४ हजार, परिवार स्वास्थ्य तर्फ ३ करोड २५ लाख ४९ हजार, औंलो तथा कालाज्वर तर्फ ४० लाख १२ हजार, कुष्ठरोग नियन्त्रण तर्फ १३ लाख ७३ हजार, प्राथमिक स्वास्थ्य सेवा पुनरजागरण कार्यक्रम तर्फ १ करोड २५ लाख ६ हजार र व्यवस्थापन तथा अस्पताल सुधार आयोजना तर्फ १ करोड २० लाख ७६ हजार र आपूर्ति तर्फ ७ लाख ५५ हजार समेत गरी कुल ७ करोड ४८ लाख ५६ हजार रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | ९ | १० |
| यौन दुर्व्यवहार | | ४ | ४ |
| जम्मा | १ | १३ | १४ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बलात्कार | | | | | १ | १ |
| बहुविवाह | | | | | १ | १ |
| घरेलु हिंसा | १ | १ | ५ | ७ | | १४ |
| जम्मा | १ | १ | ५ | ७ | २ | १६ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | १ | १ | ३ |

# २.८ बारा



**जम्मा जनसङ्ख्या**
७४७१०५

**महिला**
३६७५६८

**परिवार सङ्ख्या**
११८३४४

**खोलाको पानी पिउने परिवार**
१७४

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२०३४८४

**कामका लागि बाहिरिएका**
१२५३०

**सबभन्दा बढी जनसङ्ख्या**
८९८३४ (मुस्लिम)

**अपाङ्गता भएका**
११६४९

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५२

**आश्रित जनसङ्ख्या**
३४३९५७

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | ५ | ५ |
| बाल अधिकार | | | ११ | ७ | १८ |
| अमानवीय व्यवहार | | | | २ | २ |
| अपहरण | | | | १ | १ |
| महिला अधिकार | | | ७ | | ७ |
| यातना | १ | १ | | | |
| कुटपिट | ३ | ३ | | ३ | ३ |
| हत्या | | | ४ | ६ | १० |
| जम्मा | ३ | ३ | २२ | २४ | ४६ |

*इन्सेकको अभिलेख अनुसार बाराको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्य पक्षबाट एक महिलासहित ४१ जना पीडित भएकामा सन् २०१६ मा चार पुरुष पीडित भए। यसैगरी गत वर्ष गैरराज्य पक्षबाट २३ महिलासहित ६१ जना पीडित भएकामा यस वर्ष २२ महिलासहित ४६ जना पीडित भए।*

*अघिल्लो वर्ष बारामा राज्य पक्षबाट एक र गैरराज्य पक्षबाट १२ जनाको हत्या भएको थियो भने यस वर्ष गैरराज्य पक्षबाट चार महिला र ६ पुरुषको हत्या भयो। यस वर्ष बिष्फोटक पदार्थ र गोली प्रहारबाट दुई पुरुष पीडित भए। गाउँले र प्रहरीबीचको झडपमा दुई स्थानीय र दुई प्रहरी घाइते भए। अदालतले कम कैद सजायको फैसला गरेको भन्दै नेकपा एमालेका सभासद् नेजमा खातुनसमेतले न्यायाधीश भोजराज शर्मालाई कार्यकक्षमा दुर्व्यवहार गरेको घटनामा अदालतले जरिवानाको फैसला सुनायो।*

*यस वर्ष महिला अधिकार उल्लङ्घन घटनामा सात जना पीडित भए। बहुविवाहबाट एक, बलात्कारबाट दुई र बलात्कार प्रयासबाट चार महिला पीडित भए। अघिल्लो वर्ष पाँच महिला पीडित भएका थिए। सन् २०१५ मा १४ बालिका पीडित भएकामा यस वर्ष ११ बालिका र सात बालक पीडित भए। बेचबिखनबाट एक बालिका र सात बालक, बलात्कारबाट १० बालिका पीडित भए।*

## बेपत्ता/अपहरण

### अन्यबाट

वीरगन्ज उपनपा-७ निवासी केडिया अर्गनाइजेसनका सदस्यसमेत रहेका व्यापारी ५६ वर्षीय

सुरेश केडियालाई २०७३ जेठ १३ गते महागढीमाई नपा-८ बाट अपहरण गरिएकामा प्रहरीको सक्रियतामा जेठ १६ गते भारतको मोतिहारी नजिकबाट अपहरण मुक्त भए। वा १० च नम्बरको कारमा महागढीमाई नपाबाट घर फर्कँदै गरेका केडियालाई कलैया-महागढीमाई सडक खण्डको बघवनस्थित पसाहा पुल छेउबाट उनका चालक पर्सा बिन्देवासिनी गाविस-२ का ३४ वर्षीय श्यामउमेश साह कानुलाई कन्चटमा गोली हानेर अपहरण गरिएको थियो। घाइते चालकको भरतपुर मेडिकल कलेजमा उपचार भयो। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले महागढीमाई नपा-२ निवासी नेविसङ्घका केन्द्रीय सदस्य ३८ वर्षीय वीरेन्द्र यादव, २८ वर्षीय जियालाल यादव, महागढीमाई नपा-१ का ४० वर्षीय पुष्कर चौधरी, कवही जब्दी गाविस-३ का २४ वर्षीय चञ्चल पाण्डे र महागढीमाई नपा-९ का ३६ वर्षीय जियालालप्रसाद यादवलाई जेठ १६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतले २०७३ साउन २२ गते पाँचै जनालाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

कवहीगोठ गाविस-६ निवासी न्युज ट्वान्टी फोर टेलिभिजनका पत्रकार ४८ वर्षीय रमेश सुवेदीलाई २०७२ माघ ७ गते राति कलैया-वीरगन्ज सडक खण्डको कलैयास्थित नेपाली सेनाको ब्यारेक छेउमा रहेको पसलमा खाजा खाँदै गर्दा कलैया नपा-२२ निवासी विद्युत् वितरण केन्द्रका चालक ३८ वर्षीय रामप्रसाद साहसहितको समूहले कुटपिट गरे। टाउकोमा चोट लागेका सुवेदीको कलैया अस्पतालमा उपचार भयो। खाजा खाने बेलामा भनाभन भएपछि साहले केही सहयोगी बोलाएर कुटपिट गरेको पीडितको आरोप छ। पीडितले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए पनि कुनै कारबाही भएन।

### अन्य पक्षबाट

सीमावर्ती बेल्दारी प्रहरी चौकीका इन्चार्ज असइ ४० वर्षीय जुगेश्वर यादवलाई २०७३ साउन २ गते गस्तीको क्रममा निस्केको बेला तीन/चार जनाको सङ्ख्यामा आएका भारतीय नागरिकले कुटपिट गरे। उनको अनुहार, हात र खुट्टामा चोट लागेको थियो। पीडितको कलैया अस्पतालमा उपचार भयो। कुटपिट गरेको आरोपमा प्रहरीले सीमापारिको गाउँ कोइरगावाका ३५ वर्षीय रामटहल राय यादवलाई साउन १२ गते गिरफ्तार गरी सार्वजनिक मुद्दा चलायो। मदिरा खाएर भारततिर फर्कँदै गर्दा सोधपुछ गर्ने क्रममा उक्त समूहले यादवलाई कुटपिट गरेको थियो।

## अमानवीय व्यवहार

जिल्ला न्यायाधीश ५५ वर्षीय भोजराज शर्मालाई २०७३ वैशाख १५ गते आफ्ना पतिको हत्या घटनाका आरोपितलाई अदालतले कम कैद सजायको फैसला सुनाएको भन्दै एमालेका सांसद नेजमा खातुनले दुर्व्यवहार गरिन्। न्यायाधीश शर्माले हत्या आरोपित एमालेका पूर्वसभासद् रामचन्द्र प्यासी कुसवाहा, भारतीय अतिक खान, राजु श्रीवास्तव 'बर्मा' र विपिन यादव भनिने महमद थइदलाई जनही १०/१० र मनोज र रवि पाण्डे भनिने भारतीय राजेश मिश्रलाई २० वर्षको कैद सजायको फैसला सुनाएका थिए। सजाय कम भएको भन्दै नेजमासहित उनका दुई छोरा र केही उनका सहयोगी र पार्टीका कार्यकर्ताले अदालतमै न्यायाधीश शर्मा र अधिवक्ता उमेश जयसवालमाथि दुर्व्यवहार गरेका हुन्। अदालतको अपहेलना गरेको भन्दै बार एसोसिएसन बाराले खातुनसहित १८ जनाविरुद्ध जिल्ला अदालतमा वैशाख १६ गते अपहेलना मुद्दा दायर गऱ्यो। अदालतले विपक्षी सबैलाई अदालतमा हाजिर हुन सोही दिन आदेश गऱ्यो। नेजमाका पति महमुद आलमको २०७० असोज १८ गते गोली प्रहार गरी हत्या भएको थियो। जिल्ला अदालतले अपहेलनाका आरोपित नेजमासहित सबैलाई ०७३ असार २९ गते जनही ५ सय रुपियाँ जरिबानाको फैसला सुनायो।

स्थानीय विकास अधिकारी ५४ वर्षीय नारायण पाण्डेलाई गाविस सचिव रामानन्द रौनियारको सरुवाको विषयमा बेनौली गाविसका स्थानीय केही राजनीतिक दलका कार्यकर्ताले २०७३ वैशाख १७ गते जिविसमै दुर्व्यवहार गरेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दिए। वैशाख २६ गते गिरफ्तार परेका रामानन्दलाई जिल्ला प्रशासन कार्यालयले ०७३ वैशाख २९ गते दुई हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## गिरफ्तारी/यातना

मटिअर्वा गाविस-९ निवासी जय माँ दुर्गा ट्रेडर्सका सञ्चालक ४३ वर्षीय वृजकिशोर साहलाई २०७३ जेठ २३ गिरफ्तार गरी असार २ गतेसम्म

प्रहरीले हिरासतमा शारीरिक र मानसिक यातना दिएको भन्दै पीडित पक्षले जिल्ला अदालतमा २०७३ असार १५ मा डिएसपी विनोद शर्मा र इन्सपेक्टर शशी ठाकुरविरुद्ध उजुरी दिए। अदालतको असार १५ को आदेशअनुसार दुवै पीडितले लिखित जवाफ दिए। प्रहरीले २०७३ वैशाख ८ गते आफ्नो गोदाम मटिअर्वा गाविस-९ बाट १२ हजार ५ सय किलोग्राम सुपारी बरामद गरी राजश्व अनुसन्धानमा दाखिला गर्दा प्रहरी र राजश्वविरुद्ध लिलाम बिक्री नगर्नू/नगराउनू भन्दै पुनरावेदन अदालत हेटौँडामा निषेधाज्ञाका लागि रिट गरेको विषयमा क्षेत्रीय प्रहरी कार्यालय हेटौंडाले १२ प्रहरीलाई कारबाही गरेको बदलामा आफूलाई मुद्दामा फसाएर यातना दिएको पीडितले दाबी गरे।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एक जिल्ला अदालत छ। सात न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ हजार ७ सय २७ र फौजदारी ६ सय ५९ थान छन्। २ वर्षभन्दा पुराना मुद्दा देवानी ११ र फौजदारी ५ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ७२ प्रावि, ८० निमावि र ७० मावि छन्। १ हजार ५ सय ८४ शिक्षक दरबन्दी रहेकामा ४५ रिक्त छ। यस वर्ष १२ हजार ६ सय ६३ बालक र १४ हजार ५ सय १९ बालिका विद्यालय भर्ना भए। जिल्लामा पाँच अपाङ्गमैत्री विद्यालय छन्। १० हजार ५ सय २० दलित बालक र ९ हजार २ सय १५ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवारका तीन र द्वन्द्वपीडित परिवारका २० बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*सन् २०१५ मा १४ बालिका पीडित भएकामा यस वर्ष ११ बालिकासहित १८ बालबालिका पीडित भए। यस वर्ष बेचबिखनबाट एक बालिका र सात बालक, बलात्कारबाट १० बालिका पीडित भए। बालिका बलात्कारका कुनै घटनामा पनि फैसला भएन।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालबालिका बेचबिखन | १ | ७ | ८ |
| बलात्कार | १० | | १० |
| जम्मा | ११ | ७ | १८ |

### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया एक बालिकालाई २०७३ असार १४ गते गढीमाई नपा-१ का २१ वर्षीय राजेश कार्कीले बलात्कार गरेको आरोपमा पीडित पक्षले असार १५ गते इलाका प्रहरी कार्यालय सिमरामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा भयो। असार २१ गते गिरफ्तार भएका राजेशलाई जिल्ला अदालतले २०७३ साउन १० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

१४ वर्षीया एक बालिकालाई २०७३ मङ्सिर ३ गते मनहर्वा गाविस-३ का २० वर्षीय शरण लामा, सोही गाविस-९ का १८ वर्षीय सजन राना मगर र सर्लाही जिल्ला लालबन्दी नपा-६ का १७ वर्षीय विजय मोक्तानले बलात्कार गरेको भन्दै पीडित पक्षले मङ्सिर ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण मङ्सिर ६ गते कलैया अस्पतालमा भयो। आरोपित उनीहरूलाई मङ्सिर ५ गते नै पीडित पक्षको मौखिक उजुरीको आधारमा गिरफ्तार गरेकोमा जिल्ला अदालतको पुस १ गतेको आदेशले पुर्पक्षका लागि थुनामा छन्।

### परिवारजनबाट हत्या

फेटा गाविस-४ की १६ वर्षीया पुनमकुमारी साह तेलीलाई २०७३ कात्तिक २२ गते ४६ वर्षीय बाबु बंकालाल साहले घाँटी थिचेर हत्या गरी शव जलाएको आरोपमा पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दिए। उजुरी गरेकै दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले मङ्सिर १५ गते पाँच हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

### बालिका बेचबिखन तथा ओसारपसार

प्रलोभन देखाएर नेपालबाट भारत लैजाँदै गरिएका काभ्रेपलाञ्चोक जिल्ला नयाँगाउँ गाविस-२ का १२ वर्षीय इन्द्रबहादुर तामाङ, मकवानपुर जिल्ला आग्रा गाविस-५ का इमानसिंह गोले, १२ वर्षीय ईश्वर गोले, सोही गाविस-८ का १२ वर्षीय सुरेश थिङ, गोगने गाविस-६ का विजय लामा, १२ वर्षीय राजकुमार वाइबा र १२ वर्षीय सुमन वाइबालाई प्रहरीले २०७३ भदौ २७ गते गढीमाई नपा-१ बाट उद्धार गऱ्यो।

प्रहरीले सोही दिन मानव ओसारपसारमा संलग्न भएको आरोपमा रसुवाको धुन्चे गाविस-४ की ४४ वर्षीय लकपा धोमे, ३२ वर्षीया डोल्पा लामा, ४४ वर्षीय कोमु लामा, ३२ वर्षीय छिरिङ लामा, दोलखा, मागा पौवा गाविस-५ का २८ वर्षीया अनिता तामाङ, मकवानपुर जिल्ला गोगने गाविस-६ का ३० वर्षीय शरणसिंह वाइबा र २८ वर्षीय दोर्जे लामालाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतले असोज १२ गते कोमु लामा र छिरिङ लामालाई जनही एक/एक लाख र बाँकीलाई जनही ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५ सय ३३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएको १ सय ३०, घर निकाला गरिएका ४५, खान/लाउन नदिएको १ सय ४८, विवाह दर्ता र नागरिकता नबनाएको ५५, अर्की पत्नी ल्याएर हेला गरेको २८ घटना छन्। यीमध्ये २ सय ६० वटामा मिलापत्र भयो भने १६ उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कारको प्रयास | ४ | ४ |
| बहुविवाह | १ | १ |
| जम्मा | ७ | ७ |

*यस वर्ष महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सात जना पीडित भए भने अघिल्लो वर्ष पाँच जना पीडित भएका थिए। यस वर्ष परिवारबाट दुई महिलाको हत्या भयो भने अघिल्लो वर्ष एक महिलाको हत्या भएको थियो। महिला अधिकारतर्फ बहुविवाहबाट एक, बलात्कारबाट दुई र बलात्कार प्रयासबाट चार महिला पीडित भए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३० वर्षीया एक महिलालाई २०७३ वैशाख ९ गते गढीमाई गाविस-९ का ३२ वर्षीय गणेश यादवले बलात्कार गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय सिमरामा वैशाख १० गते उजुरी दिए। महिलाको नारायणी उपक्षेत्रीय अस्पताल वीरगन्जमा वैशाख १० गते स्वास्थ्य परीक्षण भयो। वैशाख १० गते गिरफ्तार भएका गणेशलाई जिल्ला अदालतले जेठ ४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

१८ वर्षीया बोल्न नसक्ने एक किशोरीलाई २०७३ भदौ १८ गते गढीमाई नपा-९ का २९ वर्षीय पन्नालाल सहनीले बलात्कार गरेको भन्दै पीडित पक्षले मङ्सिर १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको कलैया अस्पतालमा सोही दिन स्वास्थ्य परीक्षण भयो। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

### परिवारजनबाट हत्या

गढीमाई नपा-१० की २१ वर्षीया सरस्वतीदेवी सहनीलाई २५ वर्षीय पति कन्हैया सहनी, सासू ४५ वर्षीया सुनरपतिदेवी सहनी, नन्द ३० वर्षीया लक्ष्मीदेवी सहनी र २५ वर्षीया सोविता सहनीले घरायसी झगडाका कारण २०७३ साउन २४ गते शरीरमा मट्टितेल खन्याएर आगो लगाइ हत्या गरेको आरोपमा मृतकका बाबु प्रेमचन्द्र सहनीले साउन २५ गते इलाका प्रहरी कार्यालय सिमरामा उजुरी दिए। शवको पोस्टमार्टम साउन २५ गते नारायणी उपक्षेत्रीय अस्पतालमा भयो। साउन २५ गते गिरफ्तार परेका लक्ष्मी र सुनरपतिलाई जिल्ला अदालतले भदौ १९ गते तारेखमा रिहा गर्ने आदेश दियो। अरु आरोपित फरार रहेको प्रहरीले जनायो।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यस जिल्लाका कृषि मजदुरले उचित ज्याला पाउन सकेका छैनन्। सरकारले तोकेको न्यूनतम ज्याला २ सय ७५ रुपियाँभन्दा पनि कममा उनीहरू दिनहुँ कृषि मजदुरका रूपमा काम गर्न बाध्य छन्। दिनहुँ आठ घण्टा काम गर्दा सरकारले २ सय ७५ रुपियाँ प्रतिव्यक्ति तोकेको छ। तर, उनीहरूले पाँच केजी धानमा कृषि मजदुरी गर्न बाध्य छन्। पाँच केजीको मुस्किलले एक सय रुपियाँ मूल्य पर्न आउँछ। यसैमा उनीहरूले चित्त बुझाउनुपर्ने अवस्था छ। त्यसैले दिनभर काम गरेबापत पाउने उक्त ज्यालाले उनीहरूको एक छाक पनि टर्दैन। बास र कपाससहित शिक्षा र स्वास्थ्यमा खर्च गर्ने क्षमता त कहाँ हो कहाँ ? त्यसैले उनीहरू वर्षैभर काम गर्दागर्दै पनि गाउँका महाजन अर्थात साहूको ऋणमै डुबेका हुन्छन्। खासगरी दलित समुदायका पासवान, चमार, मुसहर, पिछडा वर्गका विभिन्न जाति, जोसँग आफ्नो खेतीपातीका लागि जमिन छैन, कुनै व्यवसाय छैन र कृषि मजदुरीमै आश्रित छन्,

त्यस्ता समुदायका कृषि मजदुर यो समस्याबाट पीडित छन्। एक कोठे फुसको छानो र माटोको बारले बनाइएको घरमा बसोबास गर्ने अधिकांश यस्ता कृषि मजदुर अझै पनि सुत्ने खाट र बिजुली बत्तीबाट वञ्चित छन्।

### भौतिक संरचना/सम्पत्ति क्षति

मधेसी मोर्चाका कार्यकर्ता र प्रहरीबीच २०७२ माघ ७ गते मोरङको रङ्गेलीमा भएको झडपमा तीन जनाको मृत्यु भएको विषयमा मोर्चाले कलैयामा २०७२ माघ ८ गते प्रदर्शन गऱ्यो। मोर्चाका कार्यकर्ताले कलैयाको भरत चोकमा डिजेल लोड गरेको ना १० प १८२५ र लु १ प ९५५० नम्बरको दुईवटा मोटरसाइकलमा आगजनी गरे। दुवै मोटरसाइकल जलेर नष्ट भयो।

तराई मधेस लोकतान्त्रिक पार्टी आबद्ध तराई मधेस विद्यार्थी फ्रन्टका विद्यार्थीले २०७२ माघ १८ गते बारा जिल्ला अदालत तोडफोड गरे। कान्तिपुर दैनिक पत्रिका बोकेको गाडीमा परवानीपुर बजारमा २०७२ पुस १२ गते आगजनी गरेको आरोपमा फ्रन्टका अध्यक्ष सन्तोष यादवलाई प्रहरीले माघ ५ गते गिरफ्तार गरी माघ १८ गते अदालतमा बयानका लागि उपस्थित गराएपछि उनलाई छुटाउन विद्यार्थीले होहल्ला र नाराबाजी गर्दै तोडफोड गरेका थिए। उनीहरूको ढुङ्गा प्रहारबाट अदालतको झ्याल ढोकामा क्षति पुगेको थियो। मधेसविरुद्ध समाचार छापेको भन्दै यादवसहितका मोर्चाका २०/२५ जना कार्यकर्ताले कान्तिपुर बोकेको वा १३ च ४९५ नम्बरको गाडीमा आगजनी गरी क्षति पुऱ्याएको प्रहरीको दाबी थियो। आगजनीका क्रममा पत्रिका वितरक गणेश खड्कामाथि हातपातसमेत गरिएको थियो। सन्तोषलाई अदालतले माघ १८ गते अदालतमा उपस्थित भएकै दिन ८३ हजार रुपियाँ धरौटीमा रिहा गरेको थियो। यो बर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा ५० बेडको जिल्ला अस्पताल, ८४ स्वास्थ्य चौकी र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १९ डक्टरको दरबन्दी रहेकामा १० कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी दुई जनाको रहेकामा एक कार्यरत छन्। अहेवको ३ सय दरबन्दी रहेकामा १ सय ७६ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १९ करोड ५४ लाख र औषधि खर्चबापतको रकम ४६ लाख रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बालबालिका बेचबिखन | | २ | २ |
| बलात्कार | १ | ९ | १० |
| जम्मा | १ | ११ | १२ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | | १ | २ |
| बलात्कारको प्रयास | | १ | ३ | ४ |
| बहुविवाह | | | १ | १ |
| जम्मा | १ | १ | ५ | ७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | १ | ७ | ९ |

# २.९ पर्सा



**जम्मा जनसङ्ख्या**
**६४८३८१**

**महिला**
**३१२४५०**

**परिवार सङ्ख्या**
**१०२८४५**

**खोलाको पानी पिउने परिवार**
**१२५**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१७२५९९**

**कामका लागि बाहिरिएका**
**८०५३**

**सबभन्दा बढी जनसङ्ख्या**
**८७२१२ (मुस्लिम)**

**अपाङ्गता भएका**
**६२१५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८०**

**आश्रित जनसङ्ख्या**
**२८७५७८**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | ८ | ८ |
| बाल अधिकार | १६ | २ | १८ |
| महिला अधिकार | ८३ | | ८३ |
| हत्या | ३ | १ | ४ |
| जम्मा | १०२ | ११ | ११३ |

*इन्सेकको अभिलेख अनुसार पर्साको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार आयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा राज्य पक्षबाट सात महिलासहित १ सय ३६ जना पीडित भएकामा गैरराज्यपक्षबाट २ सय २८ महिलासहित २ सय ५५ पीडित भएका थिए। सन् २०१६ मा गैरराज्य पक्षबाट १ सय २ महिलासहित र १ सय १३ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटना भएनन्। अघिल्लो वर्ष जिल्लामा राज्य पक्षबाट सात र गैरराज्य पक्षबाट तीन जनाको हत्या भएको थियो भने यस वर्ष गैरराज्य पक्षबाट एक पुरुष र तीन महिलाको हत्या भयो। जसमध्ये परिवारजनबाटै एक महिला र दुई बालिकाको हत्या भयो।*

*यस वर्ष अन्य घटनाभन्दा महिला अधिकार र बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट पीडित हुनेको सङ्ख्या बढी भयो। यस वर्ष महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट ८३ जना पीडित भए। जसमध्ये घरेलु हिंसाबाट ६७, बहुविवाहबाट चार, बलात्कारबाट एक, बलात्कार प्रयासबाट एक र मानव बेचबिखनबाट १० महिला पीडित भए। सन् २०१५ मा १८ बालबालिका पीडित भएका थिए भने यस वर्ष १६ बालिका र दुई बालक पीडित भए। यस वर्ष दुई बालिका र एक बालकको हत्या भयो। परिवारबाटै दुई बालिकाको हत्या भएको भन्दै प्रहरीले गिरफ्तार गऱ्यो भने एक बालकको हत्या अज्ञात समूहबाट भयो।*

## कारागार र बन्दी

'ख' श्रेणीको जिल्ला कारागारको क्षमता ७ सय जनाको छ। तर ६ सय ४४ कैदी र ५ सय ७९ थुनुवा

गरी १ हजार २ सय २३ जना छन्। आश्रित ६ बालक र दुई बालिका गरी आठ जना छन्। २००७ सालमा बनेको कारागार भवन जीर्ण छ। कारागारको पहराका निम्ति चारै दिशामा बनाइएको बुर्जासमेत जीर्ण भएकाले सुरक्षामै समस्या देखिन्छ। वीरगन्ज कारागार भवन मानव बस्न योग्य नभएको भन्दै स्थानीय राजनीतिक दल र राष्ट्रिय मानव अधिकार आयोगले समेत गत वर्ष सरकारको ध्यानाकर्षण गराएको भए पनि कारागारको भौतिक अवस्था सुधारतर्फ यस वर्ष पनि कुनै प्रभावकारी कदम अगाडि बढेन।

क्रिसमस पर्वका अवसरमा २०७३ पुस १० गते कैदीबन्दीहरू रमाइलो गरिरहेका बेला रौतहट घर भएका ४२ वर्षीय पनिलाल पण्डितले चक्कु प्रहार गर्दा कैदीहरू क्रमश: बीरगन्ज उमनपा-१३ घडीअर्वा घर भएका २६ वर्षीय राजनकुमार बानिया, भारत बिहार बेतीयका ३४ वर्षीय सोनाम मिया, भारत बिहार रक्सौल हरपुरका ४२ वर्षीय दिपेन्द्र यादव, पर्सा जिल्ला सूर्जाह गाविस-३ का ६५ वर्षीय माया दास, भारत बिहार सिवानका ६५ वर्षीय बृजकिशोर शर्मा, पर्सा जिल्ला जानकीटोला गाविस-४ का ४५ वर्षीय आरिफ मिया, बारा जिल्ला साविक जीतपुर भवानीपुर गाविस-३ घर भई गढीमाई नपाका ४५ वर्षीय अलाउदिन अन्सारी, मकवानपुर जिल्ला भैँसे गाविस-९ का ३८ वर्षीय जयराम लामा घाइते भए। पण्डितको चक्कु प्रहारबाट बानियाको टाउको पछाडि गर्दनभन्दा माथिको भागमा गहिरो घाउ भएकोले उपचारका लागि काठमाडौँ लगिएकोमा ट्रमा सेन्टरमा चार दिन राखेपछि उनलाई कारागार प्रशासनले काठमाडौँमा रहेको कारागार भित्रको मेडिकलमा राखेर उपचार गर्दै आएको कारागारले जनायो। अन्य सात जना घाइतेहरूको कारागारभित्रै उपचार भयो। जनतान्त्रिक तराई मुक्ति मोर्चा गोइत समूहका कार्यकर्तासमेत रहेका पण्डित विगत ६ महिना अगाडि सुनसरीको झुम्का कारागारबाट सरुवा भई आएको र मानसिक रोगको औषधि खाइरहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च अदालतको अस्थायी इजलास गरी दुई अदालत छन्। जिल्ला अदालतमा नौ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ हजार ९ सय ७० र फौजदारी १ हजार ६४ थान छन्। २ वर्षभन्दा पुराना मुद्दा देवानी ६६ र फौजदारी २८ थान छन्।

यसैगरी १५ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतको अस्थायी इजलास वीरगन्जमा ६ मात्र कार्यरत छन्। २०७३ असोज ४ गतेबाट सुरु भएको यो इजलासमा त्यसयता ७३ फौजदारी र ५१ देवानी मुद्दा दर्ता भए। त्यसमध्ये ३३ मुद्दामात्र यो वर्ष फैसला भए। पुनरावेदन अदालत हेटौँडाबाट अस्थायी इजलासमा फौजदारी ५ सय २१ र देवानी ८ सय ४० मुद्दा सरेर आएका छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ३० प्रावि, ५६ निमावि, ३४ मावि र १९ उच्चमावि छन्। २ हजार ७५ शिक्षक दरबन्दी रहेकामा २५ रिक्त छन्। यस वर्ष १ लाख २० हजार ७ सय २८ छात्रछात्रा विद्यालय भर्ना भए। जसमध्ये ६६ हजार ४ सय ८७ छात्रा छन् भने ५४ हजार २ सय ४१ छात्र छन्। जिल्लामा ३० अपाङ्गमैत्री विद्यालय छन्। १५ हजार ५ सय ९३ दलित बालक र ९ हजार ७ सय १६ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै अन्य ४७ हजार ५५ छात्रा र ८ सय ९ अपागङ्गता भएका छात्रछात्रालाई पनि छात्रवृत्ति दिइयो। शहीद परिवारका र द्वन्द्वपीडित परिवारका २८ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालबालिका बेचबिखन | १ | २ | ३ |
| बलात्कार | १२ | | १२ |
| यौन दुर्व्यवहार | ३ | | ३ |
| जम्मा | १६ | २ | १८ |

*पर्सामा बाल अधिकारको अवस्था गत वर्षको जस्तै रह्यो। अघिल्लो वर्ष १८ बालबालिका पीडित भएकामा यस वर्ष १६ बालिका र दुई बालक पीडित भए। यस वर्ष दुई बालिकाको परिवारजनबाटै हत्या भयो भने एक बालकको अज्ञात पक्षबाट हत्या भयो।*

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई २०७३ वैशाख १ गते जगरनाथपुर गाविसस्थित हनुमान मन्दिरका ७२ वर्षीय पुजारी रामदेव दासले बलात्कार गरेको भन्दै पीडित पक्षले असार ४ गते जिल्ला प्रहरी कार्यालयमा

उजुरी दियो। पीडितको वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा असार ४ गते स्वास्थ्य परीक्षण भयो। असार ८ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले मङ्सिर ९ गते ६ वर्ष कैद सजाय र २५ हजार रुपियाँ पीडितलाई भराउनुपर्ने फैसला सुनायो।

१५ वर्षीया एक बालिकालाई २०७३ असार ४ गते धोबिनी गाविस-२ का २८ वर्षीय ताहिर हुसेनले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण नारायणी उपक्षेत्रीय अस्पतालमा असार ४ गते भयो। असार ४ गते गिरफ्तार भएका ताहिरलाई जिल्ला अदालतले पुस १४ गते आठ वर्ष कैद सजायको फैसला सुनायो।

**परिवारजनबाट हत्या**

महादेवपट्टी गाविस-३ की १४ वर्षीया प्रभा कुमारीलाई २०७३ भदौ १ गते ४५ वर्षीय बाबु शिव मुखिया बिनले हत्या गरेको भन्दै पीडित पक्षले भदौ १ गते उजुरी दिए। मृतकको पोस्टमार्टम भदौ २ गते नारायणी उपक्षेत्रीय अस्पतालमा भयो। छोरीले सोही ठाउँका एक युवकसँग प्रेम सम्बन्ध राखेपछि इज्जत प्रतिष्ठा जोगाउन हत्या गरेर गाउँ नजिकै रहेको भारतको पचरौता जङ्गलमा शव फालेको शिवले प्रहरी कार्यालयमा बयान दिएको प्रहरीले जनायो। प्रहरीले भदौ २ गते प्रभाको शव भारतको पचरौता जङ्गलमा भेट्टाएको बतायो। भदौ २ गते गिरफ्तार भएका शिव मुखियालाई जिल्ला अदालतले २०७३ भदौ २८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। प्रभाकी आमा शारदा र दाजु राजकुमार फरार रहे।

**बालिका बेचबिखन तथा ओसारपसार**

१५ वर्षीया एक बालिकालाई राम्रो जागिर लगाइदिने प्रलोभनमा २०७३ जेठ २६ गते चितवन जिल्ला भरतपुर उमनपा-१७ का ६८ वर्षीय हरिप्रसाद लामिछाने र गोरखा जिल्ला मिरकोट गाविस-६ घर भई चितवन जिल्ला भरतपुर उमनपा-१७ बस्दै आएका ३९ वर्षीय मानबहादुर कुँवरले बेचबिखनका लागि भारत लैजाँदै गरेको भन्दै पीडित पक्षले जेठ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। उजुरीपछि ठोरी गाविस-७ स्थित भारतीय सीमाबाट प्रहरीले बालिकालाई उद्धार गऱ्यो। सोही दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले असार २१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४ सय ८१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २ सय ४२, खान/लाउन नदिएको ९१, विवाह दर्ता र नागरिकता नबनाएको २१, दोस्रो पत्नी ल्याएर हेला गरेको १२ र सामान्य घरायसी झगडाका १ सय १५ घटना छन्। यीमध्ये ४ सय ५ वटामा मिलापत्र भयो भने १४ उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बलात्कारको प्रयास | १ | १ |
| बहुविवाह | ४ | ४ |
| महिला बेचबिखन | १० | १० |
| घरेलु हिंसा | ६७ | ६७ |
| जम्मा | ८३ | ८३ |

*अघिल्लो वर्षको तुलनामा यस वर्ष महिला अधिकार उल्लङ्घन तथा ज्यादतीको अवस्था सुधार भएको पाइयो। अघिल्लो वर्ष महिला अधिकार उल्लङ्घन तथा ज्यादतीबाट २ सय ९ जना पीडित भएका थिए भने यस वर्ष त्यस्ता घटनाबाट ८३ जना पीडित भए। महिला अधिकारतर्फ घरेलु हिंसाबाट ६७, बहुविवाहबाट चार, बलात्कारबाट एक, बलात्कार प्रयासबाट एक र मानव बेचबिखनबाट १० महिला पीडित भए।*

**परिवारजनबाट हत्या**

भेडियारी गाविस-९ गदियानी टोलकी २२ वर्षीया रमावती देवीलाई २०७३ साउन १४ गते २५ वर्षीय पति परमा मण्डल र ५५ वर्षीया सासू गदियादेवीले हत्या गरी घरनजिक गाडेको भन्दै मृतकका माइती पक्षले साउन १५ गते प्रहरीमा उजुरी दिए। प्रहरीले साउन १४ गते दिउँसो घर नजिकको खाल्डोबाट शव उत्खनन गरी सोही दिन वीरगन्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा पोस्टमार्टम गरेको जनायो। साउन १४ गते गिरफ्तार भएका दुवै जनालाई जिल्ला अदालतले भदौ ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२८ वर्षीया सुस्तमनस्थिति भएकी एक महिलालाई २०७३ असोज २६ गते बागवना गाविस-५ का ४५ वर्षीय वीरबहादुर राम र ३२ वर्षीय रामशरण माझीले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। असोज २७ गते गिरफ्तार भएका दुवैलाई जिल्ला अदालतले कात्तिक १३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**महिला बेचबिखन तथा ओसारपसार**

१८ वर्षीया दुई किशोरीलाई राम्रो जागिर लगाइदिने प्रलोभनमा भारत लैजाँदै गरेको आरोपमा पीडित पक्षले वीरगन्ज उमनपा-१३ का ४० वर्षीय रवि भनिने पप्पु गुप्ताविरुद्ध २०७२ फागुन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितहरूलाई सोही दिन वीरगन्ज उमनपा-१९ इनर्वाबाट प्रहरीले उद्धार गर्‍यो। सोही दिन गिरफ्तार परेका पप्पुलाई जिल्ला अदालतले चैत १५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**स्वास्थ्य सेवाको अवस्था**

जिल्लामा एउटा अञ्चल अस्पताल, एउटा जिल्ला अस्पताल, तीन प्राथमिक स्वास्थ्य चौकी, ७९ स्वास्थ्य चौकी र दुई सामुदायिक स्वास्थ्य एकाइ छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा एक कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। २ सय ४९ अहेवको दरबन्दी रहेकामा १ सय २७ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १९ करोड ३३ लाख २४ हजार ८ सय रुपियाँ र औषधि खर्चबापतको रकम ६१ लाख रुपियाँ छ।

पर्साका स्वास्थ्य चौकीहरूमा यस वर्ष औषधिको आपूर्ति नियमित हुन सकेन। औषधि आपूर्तिका लागि जिल्ला जनस्वास्थ्य कार्यालयले २०७३ पुसमा टेन्डर आह्वान गरेकामा सो विषयमा जिल्ला प्रशासन कार्यालयमा उजुरी परेकाले निर्णय हुन सकेन। स्वास्थ्य चौकीहरूमा ३९ प्रकारका औषधि नि:शुल्क उपलब्ध गराउने सरकारी नीति भए पनि प्राय: स्वास्थ्य चौकीमा १६ किसिमका औषधिमात्र पाइए। त्यसैगरी जिल्लामा सञ्चालित २१ बर्थिङ सेन्टरमा प्रसूति गराउने महिलाले यातायात तथा प्रोत्साहन भत्ता पाउन सकेनन्।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बालबालिका बेचबिखन | | | २ | २ |
| बलात्कार | २ | १ | ९ | १२ |
| यौन दुर्व्यवहार | १ | | २ | ३ |
| जम्मा | ३ | १ | १३ | १७ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | | | | १ | १ |
| बलात्कारको प्रयास | | | | १ | १ |
| बहुविवाह | | २ | | २ | ४ |
| महिला बेचबिखन | २ | | | ४ | ६ |
| घरेलु हिंसा | | | ६६ | १ | ६७ |
| जम्मा | २ | २ | ६६ | ९ | ७९ |

**मारिएकाको घटना प्रकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ४ | ४ |

# २.१० चितवन



जम्मा जनसङ्ख्या
६२९९७८

महिला
३३१०६४

परिवार सङ्ख्या
१५२६८३

खोलाको पानी पिउने परिवार
४९१

गरिबीको रेखामुनि रहेको सङ्ख्या
५०४९४

कामका लागि बाहिरिएका
५०४२१

सबभन्दा बढी जनसङ्ख्या
१६५६५२ (ब्राम्हण)

अपाङ्गता भएका
१२९३७

५ वर्षमाथिको साक्षरता प्रतिशत
९७.५

आश्रित जनसङ्ख्या
२३०३७३

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | २५ | | २५ |
| अपहरण | २ | | २ |
| महिला अधिकार | १५ | | १५ |
| जातीय विभेद | १ | | १ |
| हत्या | ३ | २ | ५ |
| जम्मा | ४६ | २ | ४८ |

*इन्सेकको अभिलेख अनुसार चितवन जिल्लाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधारोन्मुख रह्यो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा गैरराज्यपक्षबाट ५९ महिलासहित ६३ जना पीडित भएकामा यस वर्ष ४६ महिलासहित ४८ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटना भएनन्।*

*अघिल्लो वर्ष जिल्लामा गैरराज्यपक्षबाट तीन महिलाको परिवारजनबाटै हत्या भएकामा यस वर्ष दुई महिला र दुई पुरुषको परिवारजनबाटै हत्या भयो। यस वर्ष महिला अधिकार र बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट पीडित हुनेको सङ्ख्या बढी भए। यस वर्ष महिला अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट १५ जना पीडित भए। बहुविवाहबाट एक, बलात्कारबाट तीन, बलात्कार प्रयासबाट चार र महिला बेचबिखनबाट सात जना पीडित भए। यस वर्ष १७ बालिका बलात्कारको घटनाबाट, सात बालिका यौन दुर्व्यवहारबाट र एक बालिका बाल विवाहबाट पीडित भए।*

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २ सय ५५ जनाको छ। तर, ३ सय ७१ कैदी र २ सय २ बन्दी गरी ५ सय ७३ जना छन्। जसमा ५४ महिला छन्। तीन बालक आश्रित छन्। क्षमताभन्दा झण्डै दुई गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०२५ सालमा बनेको यो कारागारको एक भवन पुरानो र जीर्ण छ। नयाँ भवन २०६८ सालमा बनेको हो। दुई भवन भए पनि बसोबासमा समस्या छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा ६ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ६ सय १ र फौजदारी ५ सय ६५ थान

छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी चार र फौजदारी एक थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ३८ प्रावि, ९८ निमावि, १ सय ४३ मावि र ६५ उमावि छन्। २ हजार ३ सय ८९ शिक्षक दरबन्दी रहेकामा ४० रिक्त छ। यस वर्ष ८३ हजार ७ सय ८१ बालक र ७६ हजार ५ सय ४६ बालिका विद्यालय भर्ना भए। जिल्लामा ५७ अपाङ्गमैत्री विद्यालय छन्। विशेष शिक्षा स्रोत कक्षाअन्तर्गत सुस्त श्रवणका तीन, दृष्टिबिहीन तीन र सुस्तमनस्थितिका तीन गरी नौ विद्यालय छन्। जिल्लाका १२ हजार दलित बालबालिका र ९१ द्वन्द्वपीडित बालबालिकाले छात्रवृत्ति पाए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | १७ | १७ |
| यौन दुर्व्यवहार | ७ | ७ |
| जम्मा | २५ | २५ |

*अघिल्लो वर्षको तुलनामा बाल अधिकारको अवस्थामा सुधार आयो। अघिल्लो वर्ष ३१ बालिका पीडित भएकामा यस वर्ष २५ बालिका पीडित भए। यस वर्ष ६ देखि १६ वर्ष उमेर समूहका १७ बालिका बलात्कारको घटनाबाट पीडित भए। सात बालिका यौन दुर्व्यवहारबाट र एक बालिका बाल विवाहबाट पीडित भए।*

### बलात्कार, यौन दुर्व्यवहार

आठ वर्षीया एक बालिकालाई २०७२ फागुन १० गते पदमपुर गाविस-५ का २१ वर्षीय उमेशबहादुर चौधरीले बलात्कार गरेको भन्दै पीडित पक्षले फागुन ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भरतपुर अस्पतालमा फागुन ११ गते भयो। फागुन १० गते गिरफ्तार भएका उमेशलाई जिल्ला अदालतले २०७३ असार ७ गते पाँच वर्ष कैद सजायको फैसला सुनायो।

१४ वर्षीया एक बालिकालाई २०७३ असोज २६ गते राति भरतपुर उमनपा-१३ का २० वर्षीय सुमन भनिने गाइने बिकले बलात्कार गरेको भन्दै पीडित पक्षले असोज २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भरतपुर अस्पतालमा असोज २९ गते भयो। असोज २८ गते गिरफ्तार परेका गाइनेलाई जिल्ला अदालतले पुस १३ गते आठ वर्ष कैदको फैसला सुनायो। र, सरकारको तर्फबाट पीडितलाई २ लाख ५० हजार रुपियाँ भराउने आदेश पनि दियो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय १२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १ सय ५, खान/लाउन नदिएको ८५, विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की पत्नी ल्याएर हेला गरेको १२ र सामान्य घरायसी झगडाका नौ घटना छन्। यीमध्ये १ सय ४१ वटामा मिलापत्र भयो। २२ उजुरी कानुनी प्रक्रियामा छन्।*

*अघिल्लो वर्ष चितवनमा तीन महिलाको परिवारजनबाट हत्या भएकामा यस वर्ष दुई महिलाको परिवारजनबाटै हत्या भयो। यस वर्ष महिला अधिकार उल्लङ्घन तथा ज्यादतीतर्फ बहुविवाहबाट एक, बलात्कारबाट तीन, बलात्कार प्रयासबाट चार र महिला बेचबिखनबाट सात जना पीडित भए। अघिल्लो वर्ष यस्ता घटनामा २५ महिला पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बलात्कारको प्रयास | ४ | ४ |
| बहुविवाह | १ | १ |
| महिला बेचबिखन | ७ | ७ |
| जम्मा | १५ | १५ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२२ वर्षीया एक महिलालाई २०७२ फागुन २ गते माडी नपा-१ का २८ वर्षीय मोहन महतोले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन ४ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भरतपुर अस्पतालमा फागुन ४ गते भयो। फागुन २ गते नै गिरफ्तार भएका मोहनलाई जिल्ला अदालतले २०७३ जेठ ११ गते तीन वर्ष कैद सजायको फैसला सुनायो।

अपाङ्गता भएकी ६३ वर्षीया महिलालाई २०७३ जेठ ३२ गते भरतपुर उमनपा-२३ का ३४ वर्षीय

बुद्धि सुनारले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले असार १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भरतपुर अस्पतालमा असार २ गते भयो। असार १ गते गिरफ्तार भएका बुद्धिलाई जिल्ला अदालतले साउन २६ गते २ वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

**परिवारजनबाट हत्या**

भरतपुर उमनपा-७ का ३३ वर्षीया जमुना काफ्ले चापागाईंलाई परपुरुषसँग लागेको आरोपमा २०७२ माघ १६ गते राति ३८ वर्षीय पति त्रिभुवन काफ्लेले घरमा सुतिरहेको अवस्थामा धारिलो हतियार प्रहार गरेकामा उपचारका क्रममा पुरानो मेडिकल कलेजमा सोही दिन मृत्यु भएको भन्दै मृतकका माइती पक्षले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम माघ १७ गते भरतपुर अस्पतालमा भयो। माघ १७ गते गिरफ्तार परेका त्रिभुवनलाई जिल्ला अदालतले २०७३ वैशाख ५ गते जन्म कैदको फैसला सुनायो।

**महिला बेचबिखन तथा ओसारपसार**

२४ वर्षीया एक महिलालाई तनहुँ जिल्ला पुर्कोट गाविस-६ की ३७ वर्षीया शोभा सापकोटाले २०७३ जेठमा भारत देहरादुनस्थित कोठीमा पुऱ्याइ बेचबिखन गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा २०७३ असोज २८ गते पीडित पक्षले उजुरी दियो। असोज २१ गते तनहुँको देवघाटबाट गिरफ्तार परेकी शोभालाई जिल्ला अदालतले २०७३ पुस १७ गते २० वर्ष कैद सजायको फैसला सुनायो।

**स्वास्थ्य सेवाको अवस्था**

चितवनमा बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल राष्ट्रिय स्तरको र क्षेत्रीय अस्पतालसरह भरतपुर अस्पतालले सेवा दिइरहेका छन्। सरकारी स्वामित्वको रत्ननगर अस्पताल र बघौडा अस्पताल सञ्चालनमा छन्। तीन प्राथमिक स्वास्थ्य केन्द्र र ३६ स्वास्थ्य चौकी छन्। त्यस्तै १५ नगर स्वास्थ्य केन्द्र र तीन सामुदायिक स्वास्थ्य एकाइ पनि छन्। भरतपुर अस्पतालमा ६६ डक्टरको दरबन्दी रहेकामा ४० कार्यरत छन्। जसमा चार स्त्रीरोग विशेषज्ञ छन्। त्यस्तै नौ हेल्थ सहायकको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १० करोड २ लाख ७२ हजार रुपियाँ र औषधि खर्चबापत ६५ लाख रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बालविवाह | १ | | १ |
| बलात्कार | ७ | १० | १७ |
| यौन दुर्व्यवहार | ३ | ४ | ७ |
| जम्मा | ११ | १४ | २५ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | २ | ३ |
| बलात्कारको प्रयास | ३ | १ | ४ |
| बहुविवाह | १ | | १ |
| महिला बेचबिखन | ३ | १ | ४ |
| जम्मा | ८ | ४ | १२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | २ | ३ | ५ |

# २.११ मकवानपुर



**जम्मा जनसङ्ख्या**
**४३२२९२**

**महिला**
**२२२५१२**

**परिवार सङ्ख्या**
**९२९८६**

**खोलाको पानी पिउने परिवार**
**७९१**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**११५४७३**

**कामका लागि बाहिरिएका**
**१६५४७**

**सबभन्दा बढी जनसङ्ख्या**
**२०१०८१ (तामाङ)**

**अपाङ्गता भएका**
**८४६७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९८**

**आश्रित जनसङ्ख्या**
**१७५७३७**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १३ | १३ |
| महिला अधिकार | १४ | १४ |
| हत्या | १ | १ |
| जम्मा | २८ | २८ |

***इन्सेकको अभिलेख अनुसार मकवानपुरको मानव अधिकार अवस्था अघिल्लो वर्षको जस्तै रह्यो। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१५ मा गैरराज्य पक्षबाट २६ महिलासहित २७ जना पीडित भएकामा सन् २०१६ मा २८ महिला पीडित भए। अघिल्लो वर्ष राज्य पक्षबाट भएका घटनामा एक पुरुष पीडित भएका थिए।***

***गैरराज्यपक्षबाट भएका विभिन्न घटनामा यो वर्ष १३ बालिका र १४ महिला पीडित भए। जसअनुसार बेचबिखनको घटनामा एक, बलात्कार घटनामा १०, यौन दुर्व्यवहार घटनामा एक र नवजात शिशु हत्या घटनामा एक गरी १३ बालिका पीडित भए। अघिल्लो वर्ष बाल विवाहका घटनामा एक, बलात्कारका घटनामा नौ र यौन दुर्व्यवहारका घटनामा चार गरी १४ बालिका पीडित भएका थिए। सन् २०१६ मा जिल्लामा १४ महिला पीडित भएकामा बहुविवाहका घटनामा आठ, बलात्कार घटनामा चार र महिला बेचबिखनका घटनामा दुई जना पीडित भए। अघिल्लो वर्ष कथित बोक्सीको आरोपमा एक, बलात्कार घटनामा तीन, बलात्कार प्रयासको घटनामा तीन, बहुविवाह घटनामा दुई र महिला बेचबिखनका घटनामा एक गरी १० जना पीडित भएका थिए।***

## कारागार र बन्दी

'ङ' श्रेणीको क्षेत्रीय कारागारको क्षमता १ हजार २ सय जनाको छ। तर, ३ सय ६३ कैदी र २ सय ४५ थुनुवा गरी ६ सय ८ जना छन्। क्षेत्रीय कारागार भीमफेदीको महिला वार्डमा पुरुष बन्दी राखिएका छन्। महिलालाई भने भरतपुर र वीरगन्ज पठाउने गरिएको छ। पुरुष कैदी र थुनुवा राख्नका लागि कारागारभित्र भवन बनाइएको भए पनि प्रयोगमा आउन सकेको छैन।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला अदालत र पाटन उच्च अदालतको हेटौँडा इजलास गरी दुई वटा न्यायालय

छन्। जिल्ला अदालतमा तीन जना न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २ सय २० र फौजदारी १ सय ९९ थान छन्।

यसैगरी हेटौँडा इजलासमा तीन न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ३ सय ४४ र फौजदारी ४ सय ७८ थान छन्। २ वर्ष पुराना मुद्दामध्ये देवानी ११ र फौजदारी पाँच थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय ८८ प्रावि, ९२ निमावि, १ सय ५ मावि र ४० उमावि छन्। १ हजार ७ सय ३८ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ३५ हजार ५ सय ३३ बालक र ३७ हजार ७ सय ६६ बालिका विद्यालय भर्ना भए। यस वर्ष २ हजार ३ सय ४३ दलित बालक र २ हजार ८ सय ५७ बालिकालाई छात्रवृत्ति वितरण गरियो। जिल्लामा ३० अपाङ्गमैत्री विद्यालय छन्। २ सय ५ द्वन्द्वपीडित बालबालिकालाई छात्रवृत्ति वितरण गरियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | १ | १ |
| बलात्कार | १० | १० |
| नवजात शिशुको हत्या | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १३ | १३ |

*यो वर्ष १३ बालिका पीडित भए। जसमा ६ देखि १७ वर्षसम्मका १० बालिका बलात्कारका घटनामा पीडित भए। यौन दुर्व्यवहारका घटनामा एक बालिका पीडित भइन्। एक सुस्तमनस्थितिकी बालिकासमेत बलात्कार घटनामा पीडित भइन्। एक नवजात शिशुको हत्या भयो। एक बालिका बेचबिखन घटनामा पीडित भइन्। सन् २०१५ मा बाल विवाहको घटनामा एक, बलात्कारका घटनामा नौ र यौन दुर्व्यवहारका घटनामा चार गरी १४ बालिका पीडित भएका थिए।*

### बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई २०७३ जेठ २० गते भैंसे गाविस-२ का ६० वर्षीय अर्जुन भनिने भेषबहादुर मगरले बलात्कार गरेको आरोपमा पीडित पक्षले जेठ २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको जेठ २३ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण गरियो। जेठ २२ गते गिरफ्तार परेका भेषबहादुरलाई जिल्ला अदालतले मङ्सिर २८ गते पाँच वर्ष कैद र पीडितलाई ५० हजार रुपियाँ भराउने आदेश गर्‍यो।

### बालिका बेचबिखन तथा ओसारपसार

मनहरि गाविस-७ की १६ वर्षीया बालिकालाई २०७३ साउन ९ गते विवाह गर्ने बहानामा भारत लगेर बिक्री गरेको आरोपमा मनहरि गाविस-७ का ३४ वर्षीय बुद्धिमान थिङ र ३३ वर्षीय सागर बम्जनविरुद्ध पीडित पक्षले साउन १२ गते इलाका प्रहरी कार्यालय मनहरीमा उजुरी दियो। साउन १० गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालते भदौ ९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। घटनामा संलग्न अर्का आरोपितद्वय नुवाकोटका २४ वर्षीय दिनेश रुम्बा र इन्द्रमान स्याङ्तान भने फरार रहे।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय २५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ८०, खान/लाउन नदिएको ६०, मार्ने धम्की दिएको ४०, बहुविवाह गरेको १५ र सामान्य घरायसी झगडामा ३० उजुरी छन्। तीमध्ये १ सय ५५ वटामा मिलापत्र भयो भने ८० उजुरी कानुनी प्रक्रियामा छन्।*

*यो वर्ष जिल्लामा १४ महिला गैरराज्य पक्षबाट भएका घटनामा पीडित भए। सन् २०१५ मा १० महिला पीडित भएका थिए। यस वर्ष बहुविवाहका घटनामा आठ, बलात्कार घटनामा चार र*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४ | ४ |
| बहुविवाह | ८ | ८ |
| महिला बेचबिखन | २ | २ |
| जम्मा | १४ | १४ |

*बेचबिखनका घटनामा दुई महिला पीडित भएका थिए। अघिल्लो वर्ष कथित बोक्सीको आरोपमा एक, बलात्कार घटनामा तीन, बलात्कार प्रयासका घटनामा तीन, बहुविवाहका घटनामा दुई र महिला बेचबिखनका घटनामा एकजना पीडित भएका थिए। एक विवाहित महिलासमेत बुबाबाट बलात्कृत भइन्। सो घटनाका आरोपितलाई अदालतले १२ वर्ष कैद सजायको फैसला सुनायो।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

अपाङ्गता भएकी २५ वर्षीया महिलालाई २०७२ चैत ६ गते हेटौंडा नपा-८ का ३७ वर्षीय अपाङ्गता भएका गणेश दवाडीले बलात्कार गरेको आरोपमा पीडित पक्षले चैत ७ गते जिल्ला प्रहरी कार्यालय हेटौंडामा उजुरी दिए। पीडितको चैत ७ गते नै हेटौंडा अस्पतालमा स्वास्थ्य परीक्षण भयो। चैत ७ गते गिरफ्तार भएका गणेशलाई जिल्ला अदालतले २०७३ भदौ १५ गते पाँच वर्ष कैद फैसला सुनायो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, ४० स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला अस्पतालमा १५ डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। एक स्त्री रोग विशेषज्ञको दरबन्दी रहेकामा कार्यरत छन्। स्टाफ नर्सको १८ दरबन्दीमध्ये १६ कार्यरत छन्। ल्याब असिस्टेन्टको आठ दरबन्दी रहेकामा सात कार्यरत छन्। अहेवको ६० दरबन्दीमध्ये ५४ कार्यरत छन्। अनमीको ३१ दरबन्दीमध्ये सबै कार्यरत छन्। हेल्थ असिस्टेन्टको २३ दरबन्दीमध्ये २२ कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ८ करोड ७० लाख रुपियाँ रहेकामा ६५ लाख रुपियाँ औषधि खर्चबापत छ।

### सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बालबालिका बेचबिखन | | | १ | १ |
| बलात्कार | १ | ३ | ६ | १० |
| नवजात शिशुको हत्या | | १ | | १ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | १ | ४ | ८ | १३ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | ३ | १ | ४ |
| बहुविवाह | १ | ७ | ८ |
| महिला बेचबिखन | | २ | २ |
| जम्मा | ४ | १० | १४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# २.१२ ललितपुर



**जम्मा जनसङ्ख्या**
**५३३४१०**

**महिला**
**२६२५४९**

**परिवार सङ्ख्या**
**१३२२७७**

**खोलाको पानी पिउने परिवार**
**२४३**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३४५५४**

**कामका लागि बाहिरिएका**
**२४३८६**

**सबभन्दा बढी जनसङ्ख्या**
**१५५६०४ (नेवार)**

**अपाङ्गता भएका**
**४९३४**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९८.४**

**आश्रित जनसङ्ख्या**
**१६२४४७**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | १४ | २ | १६ |
| अपहरण | | | | १ | | १ |
| महिला अधिकार | | | | ३ | | ३ |
| भेला/सङ्गठित हुने अधिकार | ३ | २९ | ३२ | | | |
| धम्की | | | | १ | | १ |
| हत्या | | | | ३ | २ | ५ |
| जम्मा | ३ | २९ | ३२ | २२ | ४ | २६ |

***इन्सेकको अभिलेख अनुसार ललितपुरको मानव अधिकार अवस्थामा सुधार आएन। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्य पक्षबाट कुनै पनि घटना सार्वजनिक भएका थिएनन् भने सन् २०१६ मा तीन महिलासहित ३२ जना पीडित भए। यो वर्ष २२ महिला गैरराज्य पक्षबाट भएका विभिन्न घटनामा पीडित भए। अघिल्लो वर्ष यो पक्षबाट ३६ महिला पीडित भएका थिए।***

### धम्की/ कुटपिट
#### गैरराज्यपक्षबाट

ललितपुर उमनपा-४ धोबीघाटस्थित रेड रोज इन्टरनेसनल मेन पावर सञ्चालन गर्दै आएकी चितवन जिल्ला भरतपुर उमनपा-४ नारायणघाट घर भई ललितपुर उमनपा-४ धोबीघाट बस्ने ४२ वर्षीया तारा रेग्मीलाई रुपन्देही जिल्ला भैरहवा घर भई ललितपुर उमनपा-१४ ताल्छीखेल बस्ने ७० वर्षीय श्यामसुन्दर गुप्ताले २०७३ साउन २६ गते ५० हजार रुपियाँ रकम माग गर्दै उक्त रकम नदिएमा अपहरणसमेत गर्ने बारम्बार धम्की दिएको भन्दै पीडितले २०७३ भदौ २० गते महानगरीय प्रहरी परिसर जावलाखलेमा उजुरी दिए। २०७३ मङ्सिर २० गते गिरफ्तार परेका गुप्ता र अर्का आरोपित अनिल पण्डितलाई जिल्ला अदालतले २०७३ असोज १४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### कारागार र बन्दी

'ग' श्रेणीको नख्खु कारागारको क्षमता १ हजार जनाको छ। तर, ४ सय ४२ कैदी र २ सय ४६ बन्दी गरी ६ सय ८८ जना छन्। कारागारमा महिला र बालबालिका छैनन् भने ६५ वर्षमाथिका १३ जना छन्।

नयाँ कारागार भवन निर्माण भई सञ्चालनमा आएकाले व्यवस्थापनमा समस्या देखिन्न।

## अभिव्यक्ति, भेला र सङ्गठित हुने अधिकार

बहिर्गमित माओवादी पूर्वलडाकुद्वारा २०७३ भदौ २७ गते पुल्चोकस्थित संयुक्त राष्ट्र सङ्घको कार्यालयअगाडि आफूहरूमाथि लागेको अयोग्यको बिल्ला हटाइनुपर्ने, राहतका प्याकेज उपलब्ध गराउनुपर्नेलगायत माग राखी धर्नामा बसेकालाई निषेधित क्षेत्रमा प्रवेश गरेको भन्दै प्रहरीले गिरफ्तार गऱ्यो। उक्त घटनामा दाङको तुलसीपुर निवासी २८ वर्षीय अर्जुन बुढाथोकी, २८ वर्षीय प्रवीण राईलगायत ३२ जना थिए। उनीहरुलाई सोही दिन रिहा गरियो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

*जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा सात न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ७ सय ७९ र फौजदारी ४ सय ६० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी दुई र फौजदारी एक थान छन्।*

*यसैगरी ३६ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा १८ मात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २ हजार ६ सय ९७ र फौजदारी ४ हजार ५० थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी ३६ र फौजदारी २८ थान छन्। साथै फैसला हुन बाँकी अन्य ७४ थान मुद्दासमेत छन्।*

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा १ सय ५५ प्रावि, ७८ निमावि, २ सय ४० मावि र ३९ उच्च मावि छन्। जिल्लामा १ हजार ९ सय ४६ शिक्षक दरबन्दी रहेकामा ३ सय ८४ राहततर्फका छन्। यस वर्ष सामुदायिक र संस्थागत विद्यालयमा गरी ३२ हजार ६ सय ३१ बालबालिका भर्ना भएकामा १६ हजार ३ सय ७६ बालिका छन्। २ हजार १ सय ५७ दलित बालबालिका र १ सय ९९ अपाङ्गता भएका बालबालिका भर्ना भए। जिल्लामा यस वर्ष ११ हजार ८ सय ४१ बालबालिकालाई छात्रवृत्ति प्रदान गरिएकामा ३६ जना द्वन्द्वपीडित बालबालिका छन्। जिल्लामा चार छात्रा विद्यालय र दुई खुला तथा वैकल्पिक विद्यालय छन्। जिल्लाको शिक्षामा १५ करोड ६० लाख ३६ हजार रुपियाँ बजेट छुट्याइएको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | १२ | | १२ |
| यौन दुर्व्यवहार | २ | २ | ४ |
| जम्मा | १४ | २ | १६ |

*यस वर्ष गैरराज्य पक्षबाट भएका विभिन्न घटनामा १६ बालबालिका पीडित भए। अघिल्लो वर्ष १२ बालबालिका पीडित भएका थिए। यस वर्ष बलात्कारका घटनामा १२ र यौन दुर्व्यवहारका घटनामा चार गरी १६ बालबालिका पीडित भए। अघिल्लो वर्ष बलात्कारका घटनामा १० र यौन दुर्व्यवहारका घटनामा दुईजना पीडित भएका थिए। यस वर्ष ३ देखि १७ वर्षीया बालिकासम्म विभिन्न घटनामा पीडित भए।*

### बलात्कार, यौन दुर्व्यवहार

११ र १३ वर्षीय दुई बालकलाई ललितपुर उमनपा-२२ बङ्गलामुखी का २८ वर्षीय योगेश श्रेष्ठले २०७३ कात्तिक ३ गते यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले २०७३ कात्तिक ३ गते महानगरीय प्रहरी परिसर जावलाखेलमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण उजुरी परेकै दिन पाटन अस्पताल ललितपुरमा गरियो। कात्तिक ३ गते नै गिरफ्तार आरोपितलाई जिल्ला अदालतले २०७३ कात्तिक ३० गते थुनामा राख्ने आदेश दियो।

तीन वर्षीया बालिकालाई २०७३ जेठ १९ गते काभ्रेपलाञ्चोक जिल्ला शिखण्ड नपा-१५ तल्लहतिया बस्ने २१ वर्षीय बुद्धिलाल श्रेष्ठले महालक्ष्मी नपा-७ लुभुमा बलात्कार गरेको भनी पीडित पक्षले २०७३ जेठ २० गते महानगरीय प्रहरी परिसर जावलाखेलमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण २०७३ जेठ १९ गते परोपकार प्रसूति गृह थापाथलीमा भयो। जेठ १९ गते नै गिरफ्तार भएका बुद्धिलाललाई जिल्ला अदालतले २०७२ भदौ २० गते पाँच वर्ष कैद र पीडितलाई ७५ हजार रुपियाँ भराउने फैसला सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*ललितपुर जिल्लामा यो वर्ष घरेलु हिंसाबाट पीडित भएको भन्दै ३ सय ७ जनाले महिला तथा*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

*बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। झगडा शीर्षकमा ती उजुरीहरू दर्ता भएकामा सबै घटनामा मिलापत्र भएको सेवा केन्द्रले जनायो।*

*यो वर्ष जिल्लामा तीन महिला पीडित भए। अघिल्लो वर्ष २३ जना पीडित भएका थिए। सन् २०१६ मा तीन महिला बलात्कारका घटनामा पीडित भएका हुन्। अघिल्लो वर्ष १० बलात्कार, एक बलात्कार प्रयास र १० बहुविवाहबाट पीडित भएका थिए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२० वर्षीया एक महिलालाई महालक्ष्मी नपा-१६ इमाडोलका १९ वर्षीय प्रवेश थापा, स्याङ्जा जिल्ला वालिङ नपा-५ का २४ वर्षीय सुशील अर्याल र २६ वर्षीय निर्मल थापाले २०७३ मङ्सिर १ गते बलात्कार गरेको आरोपमा पीडितले सोही दिन सातदोबाटो प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण सोही दिन पाटन अस्पतालमा भयो। २०७३ मङ्सिर २६ गते गिरफ्तार भएका प्रवेश र सुशीललाई जिल्ला अदालतले मङ्सिर २६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। निर्मल फरार रहे।

**स्वास्थ्य सेवाको अवस्था**

*जिल्लामा तीन केन्द्रीय अस्पताल, तीन शिक्षण अस्पताल, १६ सामान्य अस्पताल, ३८ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। त्यसैगरी तीन डेन्टल क्लिनिक, नौ पोलिक्लिनिक, पाँच मेडिकल सेन्टर, ६५ गाउँघर क्लिनिक, २२ स्वास्थ्य संस्था गैरसरकारी संस्थाद्वारा सञ्चालितलगायत अन्य निजी अस्पताल गरी १ सय २१ स्वास्थ्य संस्था छन्। जिल्ला जनस्वास्थ्य कार्यालय मातहतका तीन डक्टरको दरबन्दी रहेकामा दुई कार्यरत छन्। परिवार नियोजन संस्थागत क्लिनिकअन्तर्गत दुई डक्टरको दरबन्दी रहेकामा दुवै कार्यरत छन्। जिल्लामा स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। हेल्थ असिस्टेन्टको दरबन्दी ४० रहेकामा ३४ कार्यरत छन्। १ सय १५ जनाको दरबन्दी रहेको अहेवमा ८३ जना र पाँच मेडिकल असिस्टेन्टको दरबन्दी रहेकामा दुई कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ९ करोड २४ लाख ६६ हजार रुपियाँ र औषधि खर्चबापतको रकम ६० लाख रुपियाँ छ।*

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | २ | १० | १२ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | २ | १२ | १४ |

| महिला अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ४ | ५ |

# २.१३ काभ्रेपलाञ्चोक



जम्मा जनसङ्ख्या
३८०५०४

महिला
१९९९१९

परिवार सङ्ख्या
८५२०७

खोलाको पानी पिउने परिवार
५४०

गरिबीको रेखामुनि रहेको सङ्ख्या
५२०१८

कामका लागि बाहिरिएका
१४५३१

सबभन्दा बढी जनसङ्ख्या
१२९९१३ (तामाङ)

अपाङ्गता भएका
६६७०

५ वर्षमाथिको साक्षरता प्रतिशत
६९.८

आश्रित जनसङ्ख्या
१४७२८५

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १३ | १ | १४ |
| अपहरण | १ | | १ |
| महिला अधिकार | ३३ | | ३३ |
| कुटपिट | | २ | २ |
| हत्या | ६ | ५ | ११ |
| जम्मा | ५३ | ८ | ६१ |

*इन्सेकको अभिलेख अनुसार काभ्रेपलाञ्चोकको मानव अधिकार अवस्था अघिल्लो वर्षको भन्दा सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्यतर्फबाट ६६ महिलासहित ७२ जना पीडित भएकोमा यो वर्ष ५३ महिलासहित ६१ जना पीडित भए। सन् २०१५ मा राज्य पक्षबाट एक महिलासहित दशजना पीडित भएकोमा यो वर्ष त्यस्ता घटना अभिलेख भएनन्।*

*जिल्लामा यस वर्ष चार महिलाको परिवारकै सदस्यबाट हत्या भयो। यस्तै बलात्कारका घटनामा नौ जना र यौन दुर्व्यवहारका घटनामा चारजना बालबालिका पीडित भए। अघिल्लो वर्ष बलात्कारका घटनामा नौ र यौन दुर्व्यवहारका घटनामा १२, नवजात शिशुको हत्या एक गरी २२ जना पीडित भएका थिए। अघिल्लो वर्ष कथित बोक्सीको आरोपबाट सात, बलात्कारबाट सात, बलात्कार प्रयासबाट १२, बहुविवाहबाट १५ र घरेलु हिंसाबाट एक गरी ४२ जना पीडित भएका थिए। यो वर्ष कथित बोक्सीको आरोपबाट दुई, घरेलु हिंसाबाट एक, बहुविवाहबाट १५, बलात्कारबाट नौ, बलात्कार प्रयासबाट पाँच र बेचबिखनबाट एक गरी ३३ महिला पीडित भए। जिल्लामा यस वर्ष अपहरण घटनामा एक र कुटपिटबाट दुईजना पीडित बने। गैरराज्य पक्षबाट ११ जनाको हत्या भयो।*

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ६१ जनाको छ। तर, १ सय २८ कैदी र १ सय १८ बन्दी गरी २ सय ४६ जना छन्। १६ जना मानसिक रोगीसमेत छन्। यस कारागारमा महिला र बालबालिका राख्ने व्यवस्था छैन। भवन जीर्ण र पुरानो भएकाले कैदी/बन्दीलाई अन्यत्र सार्ने तयारी भइरहेको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा तीन न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष छिनिन बाँकी मुद्दामध्ये देवानी ३ सय १८ र फौजदारी २ सय ३ थान छन्। यस अदालतमा प्रतिन्यायाधीश २ सय ४२ थान मुद्दा पर्न आउँछ। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय ४२ प्रावि, निमावि १ सय २ र मावि १ सय ४३ छन्। यो वर्ष सामुदायिक विद्यालयमा ६८ हजार ३ सय ४५ बालबालिका भर्ना भए। ३ हजार १ सय १८ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला शिक्षा कार्यालयको यस वर्षको बजेट १ अरब ४३ करोड १५ लाख ४७ हजार ३ सय ८५ रुपियाँ छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ९ | | ९ |
| नवजात शिशुको हत्या | १ | | १ |
| यौन दुर्व्यवहार | ३ | १ | ४ |
| जम्मा | १३ | १ | १४ |

*यस वर्ष सातदेखि १७ वर्षसम्मका बालिका बलात्कारका घटनामा पीडित भए। यस्तै सात वर्षीय बालकसमेत यौन दुर्व्यवहारका घटनामा पीडित बने।*

### बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीय बालकलाई २०७३ वैशाख ३ गते घरमा पुऱ्याइदिन्छु भनी बाटोमा यौन दुर्व्यवहार गरेको आरोपमा माझिफेदा गाविस-२ का २२ वर्षीय रमेश गौतमविरुद्ध बालकका बाबुले वैशाख ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको वैशाख ४ गते जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण गरियो। वैशाख ५ गते गिरफ्तार परेका रमेशलाई जिल्ला अदालतले २०७३ असार ७ गते १० वर्ष तीन महिना कैद र ५० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ५४*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | २ | २ |
| बलात्कार | ९ | ९ |
| बलात्कारको प्रयास | ५ | ५ |
| बहुविवाह | १५ | १५ |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | १ | १ |
| जम्मा | ३३ | ३३ |

*जनाले प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरेको ९२ र कुटपिट गरी घर निकाला गरेको ९ घटना छन्। त्यसैगरी मानसिक हिंसाअन्तर्गत बात लगाएको १५, मार्ने धम्की दिएको पाँच र गालीगलौज गरेको १७ घटना तथा विवाह दर्ता र नागरिकता नबनाइदिएको १६ छन्। यसरी नै आर्थिक यातनामा बेवास्ता गरेको १९, बेवारिसे अवस्थामा छाडी भागेको चार र खान/लाउन नदिएका ७७ घटना छन्। यस वर्ष आठ पुरुषले पनि घरेलु हिंसा भएको भन्दै पत्नीविरुद्ध सेवा केन्द्रमा उजुरी दिए। घरेलु हिंसाका घटनामा २ सय २ पति आरोपित पाइए। २ सय ५४ घटनामध्ये ७९ घटनामा मिलापत्र भयो भने १५ घटनाका पीडित अदालत गए। १ सय ५८ घटना अनुसन्धान प्रक्रियामा छन्।*

*यो वर्ष जिल्लामा विभिन्न घटनामा ३३ महिला पीडित भए। गत वर्ष विभिन्न घटनामा परेर ४२ महिला पीडित भएका थिए। यस वर्ष घरेलु हिंसापीडित एक, कथित बोक्सीको आरोपमा दुई, बहुविवाहका घटनामा १५, बलात्कार घटनामा नौ, बलात्कार प्रयासका घटनामा पाँच र बेचबिखनका घटनामा एकजना पीडित भए। अघिल्लो वर्ष कथित बोक्सीको आरोपमा सात, बलात्कार घटनामा सात, बलात्कार प्रयासका घटनामा १२, बहुविवाहका घटनामा १५ र घरेलु हिंसाका घटनामा एकजना पीडित भएका थिए। यस वर्ष चार महिलाको परिवारजनबाटै हत्या भयो।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया एक किशोरीलाई २०७३ मङ्सिर ११ गते सापिङ गाविस-३ का २४ वर्षीय सविन गिरी र भक्तपुर जिल्ला सूर्यविनायक नपा-११ बस्ने २८ वर्षीय

सरोज राउतलाई बलात्कार गरेको भन्दै पीडित पक्षले मङ्सिर १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। किशोरीको स्वास्थ्य परीक्षण मङ्सिर १२ गते प्रसूति गृह थापाथलीमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका दुवैलाई जिल्ला अदालतले मङ्सिर २४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**महिला बेचबिखन तथा ओसारपसार**

२१ वर्षीया एक महिलालाई काममा लगाइदिन्छु भन्दै २०७३ वैशाख २० गते सिन्धुपाल्चोकको गुम्बा गाविस-१ बस्ने ३० वर्षीय रामबहादुर तामाङ र उनकी पत्नी २८ वर्षीया कविता घिमिरेले रक्सौल हुँदै दिल्ली र अवुधावीमा लगेर घरेलु कामदारका रूपमा राखे पनि शोषण गरी यातनासमेत दिएको भनी जेठ ३१ गते नेपाल फर्किएर पीडितले जिल्ला प्रहरी कार्यालय धुलिखेलमा उजुरी दर्ता गरिन्। आफूलाई नेपाली ६ लाख रुपियाँमा बेचिएको कुरा थाहा पाएर त्यहाँबाट भागेर नेपाली दूतावास हुँदै घर आइपुगेको पीडितले उजुरीमा उल्लेख गरेकी छिन्। वर्षको अन्त्यसम्म आरोपित फरार रहे।

**हत्या**

सानो वाङ्थली गाविस-७ पौवाडाँडाकी ३२ वर्षीया लक्ष्मी नेपालीलाई २०७३ मङ्सिर २४ गते बिहान ३४ वर्षीय पति मिलन परियारलगायतले कुटपिट गरेका कारण मृत्यु भएको भन्दै मृतकका भाइ लोकबहादुर परियारले मङ्सिर २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम शिक्षण अस्पताल काठमाडौंमा भयो। मृतकलाई सूर्योदय माविको प्राङ्गणमा मङ्सिर २० गते कथित बोक्सी भन्दै मलमूत्रसमेत खुवाइएको थियो। मङ्सिर २४ गते गिरफ्तार परेका मिलन, वाङ्थली गाविस-७ गोदामचौर बस्ने २५ वर्षीय शिक्षक हिरा लामा, उनकी आमा ५६ वर्षीया काइली लामा र पोलमा बाँध्नका लागि डोरी दिएको भनी छिमेकी २८ वर्षीया निरमाया तामाङमध्ये तीन जनालाई जिल्ला अदालतले २०७३ पुस २१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। निरमायालाई भने २५ हजार रुपियाँ धरौटीमा छाड्ने आदेश दियो।



*कुटपिटबाट मारिएकी लक्ष्मी नेपाली*

लासको पुस ३ गते शिक्षण अस्पताल काठमाडौँमा पोष्टमार्टम भयो। डा. हरिहर वस्ती र डा. गोपालकुमार चौधरीले लास पोष्टमार्टम गरिदिएको प्रतिवेदन (FM 073-1087) मा लासको अनुहार, चिउँडो, नाक, घाँटी र शरिरमा निलडाम र काटिएको पाइएको र कुटपिटबाटै लक्ष्मी नेपालीको मृत्यु भएको उल्लेख छ।

प्रहरीले पुस ७ गते आरोपित चार जनाको पोलिग्राफ परीक्षण गऱ्यो। पोलिग्राफ परिक्षणमा 'आफूलाई गाली बेइज्जती गरी परपुरुषसँग अनैतिक सम्वन्ध राखेको भनी बोलेका कारण सहन नसकी गाइबस्तुलाई खान राखिएको कुँडो चाउचाउको खोलमा ल्याएर मुखमा दलि दिएको' काइली तामाङले बताएकी छिन्। मृतकको पतिलाई तपाइले कुट्नु भएको हो ? लगायतका प्रश्नहरूमा होइन् भन्ने झुटो उत्तर दिएको प्रहरी प्रधान कार्यालयको पोलिग्राप विभागले दिएको प्रतिवेदन (073-09-08JB) मा उल्लेख छ।

यस मुद्दामा जिल्ला सरकारी वकिल कार्यालयले पुस १९ गते जिल्ला अदालतमा अभियोग दर्ता गरायो। सरकारी वकिल कार्यालयले जिल्ला अदालतमा बुझाएको अभियोग-पत्रमा घटना मुजुल्कामा बच्चाको कपडामा रगत लागेको, घरको भूँइमा आलो रगत देखिएको, मृतकको नाकबाट रगत बगेको, मृतकको पतिले लौरो मच्चाएर हानेको देख्ने छिरिङ तामाङको बयान, बच्चाहरूलाई गाइ किन्ने मानिस खोज्न पठाएर कुटपिट गरिएको, पोलिग्राफ प्रतिवेदनबाट लक्ष्मी नेपालीलाई विहानको समयमा मृतकको पति मिलनले आफ्नै घरमा कुटपिट गरेको पाइएको उल्लेख छ।

यस घटनाको विषयमा पुस ५ गते राष्ट्रिय मानव अधिकार आयोगले एक विज्ञप्ति निकाल्दै लक्ष्मी नेपालीको मृत्युको घटनालाई दुःखद् भनेको छ। विज्ञप्तिमा भनिएको छ-"निज मृतकको तर्फबाट निजमाथि भएको दुर्व्यवहार सम्बन्धमा कसैले पनि प्रहरी कार्यालयमा निवेदन तथा उजुरी नदिएको हुँदा आयोगले सो सम्बन्धमा प्रहरी ऐन अनुरुप अनुसन्धान गर्न नेपाल प्रहरीलाई निर्देशन गरेको थियो।"

पनौती नपा-१३ पस्थलीकी २८ वर्षीया सम्झना थापालाई २०७२ चैत २१ गते विहान पति ३२ वर्षीय रामशरण थापाले गर्धनमा बन्चरो प्रहार गरी



*पतिले बन्चरो प्रहार गरी हत्या गरिएकी सम्झना थापा*

हत्या गरे। दिनभर झगडा गरेर भोकै सुतेकोमा पति रामशरणले बिहान बुइगलमा रहेको बन्चरो ल्याएर पत्नीको घाँटीमा प्रहार गरेका थिए। पत्नीको मृत्यु भएपछि बार्दलीबाट खसालेर छिमेकी ७१ वर्षीय रामबहादुर थापाको दैलो अगाडि शवलाई घोप्टो पारेर राखिदिएका थिए। घरमा झगडा भएपछि छोरा १२ वर्षीय निशान छिमेकीको घरमा सुत्न गएको र ६ वर्षीय निगम आमासँगै थिए। प्रहरीले निगमको बयानको आधारमा रामशरणलाई नियन्त्रणमा लिएर अस्पतालमा उपचार गरायो। रामशरणले पत्नीको हत्यापछि आफ्नै हातमा खुकुरीले काटेका थिए। यसअघि दैनिक घरझगडा भएपछि पत्नी सम्झना दुई महिना माइती घरमा बसेकी थिइन्। घरमा आएपछि झगडा भएकाले सोही दिन माइत जान भनेर कपडा पोको पारेर राखेको समेत फेला पर्‍यो। लासलाई बनेपास्थित शीर मेमोरियल अस्पतालमा चैत २२ गते पोस्टमार्टम भयो। यस मुद्दामा जिल्ला अदालतको ०७३ जेठ २ गतेको आदेशमा आरोपित रामशरणलाई पुर्पक्षका लागि थुनामा राखिएकोमा जिल्ला अदालाको असार ७ गतेको आदेशले १० वर्ष कैद सजाय हुने फैसला सुनायो।

### कथित बोक्सीको आरोप

फोक्सिङटार गाविस-३ का ५४ वर्षीय गणबहादुर मोक्तान र उनकी पत्नी ५२ वर्षीया कान्छीमाया मोक्तानलाई २०७३ असोज ८ गते सोही ठाउँ बस्ने ४० वर्षीय सानु भनिने चेतबहादुर मोक्तानले आमा समूह गठनका लागि बोलाउन जाँदा 'तिमीहरू बोक्साबोक्सी किन मेरो घरमा आयौ ?' भन्दै अभद्र व्यवहार देखाएको भनी असोज १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी गरे। असोज २१ गते गिरफ्तार भएका चेतबहादुरलाई जिल्ला अदालतले मङ्सिर ३० गते ६ महिना कैद र पीडितलाई ५० हजार रुपियाँ जरिवाना भराउने फैसला सुनायो। कान्छीमाया स्वास्थ्य स्वयम्सेविका हुन्।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

*साँगा नाका भएर राजधानी भित्रने तरकारीमा विषादीको प्रयोग बढी भएको भन्दै यस वर्ष पत्रपत्रिकामा समाचार आए। काठमाडौँ भित्रने तरकारीमध्ये ६० प्रतिशत काभ्रेपलाञ्चोकबाट निर्यात हुन्छ यस क्षेत्रका किराना पसलमा समेत विषादीको बिक्री बढ्दो छ। कानपुरे र नुभानमात्र नभएर कडाखालका विषादी लुकाएर बेच्नुलाई यहाँका खुद्रा व्यापारी बाध्यता भन्छन्। विषादी 'विष हो', औषधि होइन भन्ने कुरा सर्वसाधारणलाई बुझाउन नसक्नु मुख्य समस्या हो। धेरै पहिले 'रैथाने कीरा' मार्ने तौरतरिका 'मेटासिड' को प्रयोग हुन्थ्यो तर आज मेटासिडको प्रयोग गरेर मानिस मर्न थालेका छन्। यहाँसम्म कि यस जिल्लाका तरकारी राम्रो उत्पादन हुने ठाउँका बजारहमा खाद्यान्न सँगसँगै विषादीसमेत बेच्न राखिएको पाइन्छ।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, ८६ स्वास्थ्य चौकी, तीन उपस्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र गरी ९४ स्वास्थ्य संस्था छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा थप १३ जना करारमा कार्यरत छन्। जिल्लामा अहेवको दरबन्दी १ सय ९० रहेकामा ६० रिक्त छ। अनमीको १ सय ८८ दरबन्दी रहेकामा ६८ रिक्त छ। हेल्थ असिस्टेन्टको ९२ दरबन्दी रहेकामा २४ रिक्त छ। जिल्ला स्वास्थ्य कार्यालयको यस वर्षको बजेट २४ करोड ८१ लाख ५१ हजार रुपियाँ छ। जसमध्ये ६९ लाख २३ हजार रुपियाँ औषधिका लागि छुट्याइएको छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | ८ | ९ |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | १ | ३ | ४ |
| जम्मा | २ | १२ | १४ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | १ | | १ |
| बलात्कार | | १ | ८ | ९ |
| बलात्कारको प्रयास | १ | १ | ३ | ५ |
| बहुविवाह | १ | ५ | ९ | १५ |
| महिला बेचबिखन | १ | | | १ |
| घरेलु हिंसा | | | १ | १ |
| जम्मा | ३ | ८ | २१ | ३२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | २ | १ | ८ | ११ |

# २.१४ भक्तपुर



**जम्मा जनसङ्ख्या**
**३४३६३३**

**महिला**
**१६९०३७**

**परिवार सङ्ख्या**
**८४१३८**

**खोलाको पानी पिउने परिवार**
**४२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३६९९९**

**कामका लागि बाहिरिएका**
**१०२१५**

**सबभन्दा बढी जनसङ्ख्या**
**१३८८७३ (नेवार)**

**अपाङ्गता भएका**
**३२०४**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९६.५**

**आश्रित जनसङ्ख्या**
**१०४६८८**

*इन्सेकको अभिलेख अनुसार यो वर्ष भक्तपुरको मानव अधिकार अवस्था अघिल्लो वर्षको भन्दा सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्य पक्षबाट १ सय ८४ महिलासहित १ सय ८६ जना पीडित भएकामा सन् २०१६ मा ७७ महिलासहित ७८ जना पीडित भए। अघिल्लो वर्ष जस्तै यस वर्ष पनि राज्य पक्षबाट मानव अधिकार हनन्का घटना भएका जानकारीमा आएन। सन् २०१६ मा ११ बालबालिका बाल अधिकार हननका घटनामा पीडित भए। अघिल्लो वर्ष १८ जना पीडित भएका थिए। सन् २०१६ मा महिला हिंसासम्बन्धी घटनामा ६२ जना पीडित भए। अघिल्लो वर्ष १ सय ६३ जना पीडित भएका थिए। यो वर्ष एक महिलाको परिवारजनबाटै हत्या भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | १ | | १ |
| बाल अधिकार | ११ | | ११ |
| महिला अधिकार | ६२ | | ६२ |
| हत्या | ३ | १ | ४ |
| जम्मा | ७७ | १ | ७८ |

### बाल सुधार गृह

जिल्लामा गैरसरकारी संस्थाको सहयोगमा २०५८ सालदेखि बाल सुधार गृह सञ्चालनमा छ। 'ग' श्रेणीको बाल सुधार गृह १ सय ५० जना क्षमताको छ। तर फैसला भएका ८७ तथा फैसला नभएका ५० र म्याद थप भएका पाँच गरी १ सय ४२ बालबलिका यस बाल सुधार गृहमा छन्। जसमध्ये चार बालिका छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

भक्तपुरमा एक जिल्ला अदालतमा पाँच न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस अदालतमा यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ७ सय ७३ र फौजदारी ३ सय ७३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी तीन थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा ८४ प्रावि, ७९ निमावि, ४८ मावि र ३० उमावि छन्। १ हजार ४ सय ५४ शिक्षक दरबन्दी रहेकामा ४५ रिक्त छ। यस वर्ष ३० हजार ५*

*सय ४७ बालक र २७ हजार २ सय ४३ बालिका भर्ना भए। जिल्ला अपाङ्ग मैत्री एएटा छ। यस वर्ष १ हजार १ सय ७८ दलित बालक र १ हजार १ सय ३३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका १ सय ५ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो। जिल्ला शिक्षा कार्यालयको यस वर्षको बजेट ६ करोड २१ लाख २५ हजार रुपियाँ छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ७ | ७ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | ११ | ११ |

*जिल्लामा यस वर्ष ११ बालबालिका विभिन्न घटनामा पीडित भए। अघिल्लो वर्ष १८ जना बालबालिका पीडित भएका थिए। यस वर्ष जिल्लामा बलात्कारका घटनामा सात र यौन दुर्व्यवहारका घटनामा चार बालिका पीडित भए। जबकि अघिल्लो वर्ष बलात्कारका घटनामा १२ र यौन दुर्व्यवहारका घटनामा ६ बालिका पीडित भएका थिए। यो वर्ष चारदेखि १६ वर्षसम्मका बालिका बलात्कार तथा यौन दुर्व्यवहारका घटनामा पीडित भए।*

### बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया एक बालिकालाई मोरङ जिल्ला उर्लावारी नपा-३ घर भई मध्यपुर नपा-१६ लोकन्थली बस्ने राजकुमार भनिने नरबहादुर श्रेष्ठले २०७२ फागुन ७ गते बलात्कार गरेको भन्दै पीडित बालिकाका बुवाले २०७२ फागुन १३ गते महानगरीय प्रहरी वृत्त ठिमीमा उजुरी दिए। पीडितको २०७२ फागुन १३ गते काठमाडौँको त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा स्वास्थ्य परीक्षण भयो। सोही दिन गिरफ्तार परेका राजकुमारलाई जिल्ला अदालतले २०७३ वैशाख २० गते २३ वर्ष कैद सजाय र १ लाख रुपियाँ जरिवानाको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय २१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ३३, खान/लाउन नदिएको ७७, विवाह दर्ता र नागरिकता नबनाइदिएको २२, अर्की श्रीमती ल्याएर*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कारको प्रयास | १ | १ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ५६ | ५६ |
| जम्मा | ६२ | ६२ |

*हेला गरेको ११ र सामान्य घरायसी झगडाका ७८ घटना छन्। तीमध्ये १ सय ५४ वटामा मिलापत्र भयो भने ६७ उजुरी कारबाही प्रक्रियामा अघि बढेनन्।*

*यो वर्ष ६२ महिला अधिकार उल्लङ्घनका घटनाबाट पीडित भए। अघिल्लो वर्ष १ सय ६३ जना पीडित भएका थिए। सन् २०१६ मा घरेलु हिंसाबाट ५६, बहुविवाहका घटनामा तीन, बलात्कारका घटनामा दुई र बलात्कार प्रयासका घटनामा एकजना पीडित भए। अघिल्लो वर्ष घरेलु हिंसामा १ सय ४६, बहुविवाहमा सात, बलात्कारमा पाँच, बलात्कारको प्रयासमा दुई, बेचबिखनका घटनामा एक र यौन दुर्व्यवहारका घटनामा दुईजना पीडित भएका थिए। यस वर्ष एक महिलाको परिवारकै सदस्यबाट हत्या भयो। यो वर्ष ७७ वर्षीया वृद्धासम्म बलात्कारका घटनामा पीडित भए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

७७ वर्षीया एक महिलालाई २०७२ चैत २४ गते घरमा प्रवेश गरी काभ्रेपलाञ्चोक जिल्ला नाला गाविस-७ घर भई चाँगुनारायण नपा-१३ बस्दै आएका ३० वर्षीय कान्छा लामाले बलात्कार गरेको भन्दै पीडित पक्षले महानगरीय प्रहरी वृत्त ठिमीमा २०७२ चैत २६ गते उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण सोही दिन काठमाडौँको त्रिवि शिक्षण अस्पताल, महाराजगन्जमा भयो। २०७२ चैत २६ गते गिरफ्तार परेका लामालाई जिल्ला अदालतले २०७३ असार २८ गते पाँच वर्ष कैद सजायको फैसला सुनायो। साथै महिला तथा बालबालिका मन्त्रालयबाट पीडित महिलालाई ५० हजार रुपियाँ दिलाउन आदेश पनि दियो।

### परिवारजनबाट हत्या

काभ्रेपलाञ्चोक जिल्ला बालुवापाटी देउपुर-७ घर भई सूर्यविनायक नपा-४ का २३ वर्षीया दीपा

कार्कीलाई २०७३ असार २९ गते घरमै २७ वर्षीय पति विजय कार्कीले फलामको हम्मरले टाउकोमा प्रहार गरी हत्या गरेको भन्दै मृतकका बुबा रामप्रसाद ढकालले २०७३ असार ३० गते महानगरीय प्रहरी वृत्त जगातीमा उजुरी दिए। शवको पोस्टमार्टम असार ३० गते त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा भयो। २०७३ असार ३० गते गिरफ्तार परेका विजयलाई जिल्ला अदालतले २०७३ साउन २५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

भक्तपुर नपा-८ कमलविनायककी ३३ वर्षीया सविका त्वनाबासुलाई पति ३३ वर्षीय नारायण आचार्यले २०७३ असोज १८ गते धारिलो खुकुरी प्रहार गरी हत्या प्रयास गरेको भन्दै पीडित महिलाले २०७३ असोज १९ गते महानगरीय प्रहरी वृत्त जगातीमा उजुरी दिइन्। घाइते महिलाको ललितपुरस्थित बि एन्ड बि अस्पतालमा उपचार भयो। २०७३ असोज १९ गते गिरफ्तार परेका नारायणलाई जिल्ला अदालतले २०७३ कात्तिक १२ गते थुनामा राख्ने आदेश दियो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र १९ स्वास्थ्य चौकी छन्। जिल्लामा दुई डक्टरको दरबन्दी रहेकामा दुवै कार्यरत छन्। स्टाफ नर्सको दुई दरबन्दी रहेकामा दुवै कार्यरत छन्। अहेवको दरबन्दी ६३ रहेकामा ५४ कार्यरत छन्। हेल्थ असिस्टेन्टको दरबन्दी २१ रहेकामा १५ कार्यरत छन्। त्यस्तै अनमीको दरबन्दी ४४ रहेकामा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको बजेट ९ करोड २८ लाख ७६ हजार रुपियाँमध्ये औषधिका लागि ३५ लाख रुपियाँ छ।

भक्तपुर अस्पतालमा १९ जना डाक्टरको दरबन्दी रहेकोमा १६ जना कार्यरत छन्। अनमि ६ र अहेवको ६ जनाको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। स्टफ नर्समा १९ जनाको दरबन्दी रहेकोमा १६ जना कार्यरत छन्। हेल्थ असिस्टेन्टमा एक जनाको दरबन्दी रहेकोमा एक जना नै कार्यरत छन्।

त्यस्तै मानवअङ्ग प्रत्यारोपण केन्द्रमा ३५ जना डक्टरको दरबन्दी रहेकोमा ३० जना कार्यरत छन् तर पद छुट्याएर अभिलेख नराखिएको केन्द्रले जनायो।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | १ | | ४ | २ | ७ |
| यौन दुर्व्यवहार | | १ | १ | २ | ४ |
| जम्मा | १ | १ | ५ | ४ | ११ |

**महिला अधिकार**

| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | | २ | २ |
| बलात्कारको प्रयास | | १ | १ |
| बहुविवाह | | ३ | ३ |
| घरेलु हिंसा | ५३ | ३ | ५६ |
| जम्मा | ५३ | ९ | ६२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | ३ | ४ |

# २.१५ काठमाडौँ



**जम्मा जनसङ्ख्या**
**२१११६५१**

**महिला**
**१०१३९४१**

**परिवार सङ्ख्या**
**५५८५३१**

**खोलाको पानी पिउने परिवार**
**१४७१**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१२८९७३**

**कामका लागि बाहिरिएका**
**९९८०५**

**सबभन्दा बढी जनसङ्ख्या**
**४१०१२६ (ब्राम्हण)**

**अपाङ्गता भएका**
**१७१२२**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७६.४**

**आश्रित जनसङ्ख्या**
**६०३१२१**

***इन्सेकको अभिलेख अनुसार काठमाडौँको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५ सय ३१ महिलासहित ५ सय ८४ जना पीडित भएकामा सन् २०१६ मा ३ सय ५ महिलासहित ३ सय ४७ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा ३३ महिलासहित ७३ जना पीडित भए। गत वर्ष १२ महिलासहित ४२ जना पीडित भएका थिए। जसमा प्रहरीको गोली प्रहारबाट एक जनाको मृत्यु भएको थियो।***

***गैरराज्य पक्षबाट अघिल्लो वर्ष एक महिलाको हत्या भएकामा यो वर्ष परिवारजनबाटै दुई महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा ४० बालिका बलात्कृत भए भने १४ जनालाई यौन दुर्व्यवहार गरियो। यस वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा अघिल्लो वर्षको तुलनामा कमी आयो। अघिल्लो वर्ष ४ सय ६१ जना पीडित भएकामा यो वर्ष २ सय १६ महिला पीडित भए।***

यस वर्ष बौद्ध प्रहरी वृत्तले २०७३ वैशाख २७ गते गिरफ्तार गरी वैशाख २८ गते रिहा गरेको खोटाङ दोरसीम गाविसका ३८ वर्षीय टिकबहादुर राईको वैशाख २९ गते उपचारका क्रममा जोरपाटीस्थित मेडिकल कलेजमा मृत्यु भएकोमा पीडितको दाइ बलबहादुर राईले प्रहरीको यातनाको कारण भाइको मृत्यु भएको भन्दै वैशाख ३१ गते राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन दिएको घटना इन्सेकले अभिलेख गऱ्यो। घटना सार्वजनिक भएपछि महानगरीय प्रहरी परिसरका एसएसपी शरद चन्दको नेतृत्वमा गठित छानबिन समितिले राईलाई हिरासतभित्र कुटपिट गरिएको तर

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | ५४ | | ५४ |
| महिला अधिकार | | | | २१६ | | २१६ |
| भेला/सङ्गठित हुने अधिकार | ३३ | ३८ | ७१ | | | |
| गिरफ्तारी | | १ | १ | | | |
| हिरासत वा थुनामा मृत्यु | | १ | १ | | | |
| कुटपिट | | | | | २ | २ |
| हत्या | | | | २ | | २ |
| जम्मा | ३३ | ४० | ७३ | २७२ | २ | २७४ |

कुटपिटमा प्रहरीको संलग्नता नरहेको प्रतिवेदन दियो। प्रहरीले पीडित राईसँगै चुच्चेपाटीबाटै गिरफ्तार भएका सिन्धुलीको हतपते गाविस-५ का १७ वर्षीय केशव पुलामी मगर, मोरङको उर्लाबारी गोविन्दपुर-४ का ३० वर्षीय प्रकाश सुब्बा र काठमाडौं मनपा-६ बौद्धका २१ वर्षीय दावा लामालाई घटनामा संलग्न भएको आरोपमा घटनाको १८ दिनपछि जिल्ला अदालतमा मुद्दा दायर गरेकामा २०७३ असार ३ गते जनही १८ हजार रुपियाँ धरौटीमा रिहा भए। महानगरीय प्रहरी आयुक्तको कार्यालयका प्रमुख एआइजी प्रतापसिंह थापाले छानबिनमा राईको कुटपिटबाटै मृत्यु भएको तर प्रहरीले कुटपिट नगरेको निष्कर्ष आएको बताए। प्रहरी हिरासतमा कुटपिटको घटना हुँदासमेत प्रहरीले ध्यान दिन नसकेको आरोप लाग्यो। राष्ट्रिय मानव अधिकार आयोगले घटनाको अनुसन्धान गरिरहेको जनायो।

### कारागार र बन्दी

'क' श्रेणीको केन्द्रीय कारागार, भद्र बन्दी गृह कारागार र महिला कारागार गरी तीन कारागारको व्यवस्थापन केन्द्रीय कारागारबाटै हुँदै आएको छ। तीनवटैको बन्दी क्षमता १ हजार २ सय जनाको छ। तर केन्द्रीय कारागारमा ६ सय ५५ कैदी र ८ सय ५ थुनुवा गरी १ हजार ४ सय ६९ जना छन्। यस्तै भद्र बन्दी गृह कारगारमा ४ सय ८७ कैदी र १ सय ९५ थुनुवा गरी ६ सय ८२ जना छन्। त्यस्तै महिला कारागारमा २ सय २३ कैदी र ९६ थुनुवा गरी ३ सय १९ जना छन्। तीनवटै कारागारमा रहेका कैदी/बन्दीको सङ्ख्या २ हजार ४ सय ७२ छ। जसमध्ये २ हजार १ सय ४२ पुरुष, ३ सय १९ महिला र आश्रित नाबालक ११ जना छन्। १९७१ सालमा निर्माण भएका यी कारागारका भवन पुराना तथा जीर्ण छन्।

यसैगरी 'ख' श्रेणीको डिल्लीबजार कारागारको क्षमता २ सय ५० जनाको छ। जसमा ३ सय ६१ कैदी र २ सय ६ बन्दी गरी ५ सय ६७ जना छन्।

### अभिव्यक्ति, भेला र सङ्गठित हुने अधिकार

सैनिक मञ्च टुँडिखेलबाट गोरखाको फुजेल गाविस-७ की ५४ वर्षीया गङ्गामाया अधिकारीको जीवन रक्षाका लागि दीप प्रज्ज्वलन गर्न पुगेका मानव अधिकारकर्मी चरण प्रसाई, कनकमणि दीक्षित, सूर्यबहादुर अधिकारी, रसना ढकाल, सावित्री श्रेष्ठ, जनक राउत, रामकुमार भण्डारी, विकास थापा, विक्रम ढुकुचु, अशोक जोशी, विक्रम चौधरीलगायतलाई २०७२ फागुन ७ गते महानगरीय प्रहरी वृत्त सिंहदरबारको प्रहरी टोलीले गिरफ्तार गरी सोही दिन दुई घण्टापछि रिहा गऱ्यो।

छैटौँ सत्यको अधिकार दिवस २०७२ को अवसरमा मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाको सत्य तथ्य तत्काल सार्वजानिक गर्न माग गर्दै २०७२ चैत ११ गते प्रधान मन्त्री निवास बालुवाटारअगाडि प्रदर्शनरत मानव अधिकारकर्मी ६० वर्षीय चरण प्रसाई, द्वन्द्वपीडित लमजुङका ३८ वर्षीय रामकुमार भण्डारी, काभ्रेपलाञ्चोकको महेन्द्रज्योति गाविस-४ का २५ वर्षीय लेनिन बिष्ट र ललितपुरको झम्सीखेल निवासी ५२ वर्षीया कमला राईलाई प्रहरीले गिरफ्तार गऱ्यो। राष्ट्रिय मानव अधिकार आयोग, इन्सेकलगायत सङ्घ/संस्थाका प्रतिनिधिको रोहवरमा उनीहरू सोही दिन रिहा भए।

काठमाडौं मनपा-३२ मैतीदेवी बस्ने झापाको बाहुनडाँगी गाविस-५ का ३८ वर्षीय पहिलोन्युजडटकमका कार्यकारी सम्पादक मोहन बास्तोलालाई त्रिभुवन विमानस्थलमा समाचार सङ्कलनका लागि पुगेका बेला २०७३ कात्तिक १७ गते प्रहरीले गिरफ्तार गऱ्यो। प्रेस चौतारी नेपालका केन्द्रीय अध्यक्ष गणेश बस्नेतको जिम्मा लगाएर सोही दिन रिहा गरियो। 'फिल्डमा खटिएका प्रहरीको कमजोरीका कारण भुलवस पत्रकार गिरफ्तारमा परेको' महानगरीय प्रहरी वृत्त सिंहदरवारका डिएसपी मनोहर भट्टको भनाई उद्धृत गर्दै अध्यक्ष बस्नेतले जानकारी दिए।

पेरिसडाँडास्थित एकीकृत माओवादी केन्द्रीय कार्यालयबाट बहिर्गमित जनमुक्ति सेना नेपालमा सङ्गठित माओवादी पूर्वलडाकुलाई धर्नामा बसेका बेला २०७२ कात्तिक २३ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरु सात बुँदे माग राखी अघिल्लै दिनदेखि



*प्रधानमन्त्री निवास बालुवाटार अगाडि धर्ना दिँदै गङ्गामाया बचाउ अभियानका सदस्यहरू*

शान्तिपूर्ण धर्नामा बसेका थिए। गिरफ्तार पर्नेमा मोरङको उर्लाबारी नपा-९ की २६ वर्षीया सविना खरेल, बाँकेको कोहलपुर नपा-१० की २५ वर्षीया कल्पना भण्डारी, कोहलपुर नपा-११ की २५ वर्षीया पूर्णिमा थापालगायत १ सय ४४ जना थिए। उनीहरू सोही साँझ रिहा भए।

अर्घाखाँची जिल्ला पाली गाविस-८ का २३ वर्षीय रामप्रसाद पौडेल र सोही ठाउँका १८ वर्षीय प्रकाश अधिकारीलाई ०७३ जेठ ३ गते भिजलान्ते भन्दै माइतीघरमण्डलामा सिंहदरबार घेराउ गर्न भेला भएका सङ्घीय गठबन्धनका कार्यकर्ताहरूले लाठी, मुक्का र लात्तीले कुटपिट गरी घाइते बनाए। घाइते पौडेलको आखाँमाथिको भागमा चोट लागेको थियो भने अधिकारीको मुख, छात्ती, टाउको र ढाडमा चोट लागेको थियो।



***सङ्घीय गठबन्धनका कार्यकर्ताहरूद्वारा कुटपिट गरी घाइते बनाइएका प्रकाश अधिकारी***

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

*काठमाडौँमा जिल्ला र सर्वोच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा ३३ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ३ हजार ५४ र फौजदारी २ हजार २० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी ९६ र फौजदारी ४३ थान छन्।*

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा १ सय ९९ प्रावि, ८७ निमावि, ८ सय ४५ मावि छन्। ४ हजार १ सय ८३ शिक्षक दरबन्दी रहेकामा ७० रिक्त छ। जिल्लामा ३१ वटा अपाङ्गमैत्री विद्यालय छन्। ९ हजार ७ सय ५० दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवारका ६ सय ५० बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यो वर्ष २९ महिनाकी बालिकादेखि १७ वर्ष*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ४० | ४० |
| यौन दुर्व्यवहार | १४ | १४ |
| जम्मा | ५४ | ५४ |

*उमेर समूहसम्मका ४० बालिका बलात्कृत भए भने यौन दुर्व्यवहारबाट १४ बालिका पीडित भए। घटनाका आरोपित १३ देखि ६६ वर्ष उमेरसम्मका रहे। गत वर्ष बलात्कार घटनामा १५ र यौन दुर्व्यवहार घटनामा १४ बालिका पीडित भएका थिए।*

### बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया बालिकालाई २०७३ असोज १ गते बलात्कार गरेको आरोपमा नुवाकोटको चतुराले गाविस-९ घर भई काठमाडौँ बूढानीलकण्ठ नपा-४ बस्ने ६५ वर्षीय रामभक्त श्रेष्ठविरुद्ध पीडित पक्षले असोज २ गते महानगरीय प्रहरी वृत्त महाराजगन्जमा उजुरी दियो। बालिकाको सोही दिन महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा स्वास्थ्य परीक्षण भएको थियो। असोज ३ गते गिरफ्तार भएका रामभक्तलाई जिल्ला अदालतले असोज २८ गते पुपर्क्षका लागि थुनामा राख्ने आदेश दियो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ हजार ४ सय ८० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ४ सय ४४, खान/लाउन नदिएको ४ सय १४, विवाह दर्ता र नागरिकता नबनाएको २ सय २०, अर्की श्रीमती ल्याएर हेला गरेको २ सय १३ र सामान्य घरायसी झगडाका १ सय ८९ घटना छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २३ | २३ |
| बलात्कारको प्रयास | ३ | ३ |
| बहुविवाह | १६ | १६ |
| महिला बेचबिखन | ८ | ८ |
| घरेलु हिंसा | १६६ | १६६ |
| जम्मा | २१६ | २१६ |

*यीमध्ये १ हजार ३ सय ३४ वटामा मिलापत्र भयो भने १ सय ४६ उजुरी कानुनी प्रक्रियामा छन्।*

*गैरराज्य पक्षबाट भएको महिला अधिकार उल्लङ्घनका घटनामा गत वर्षको तुलनामा यो वर्ष कमी आयो। अघिल्लो वर्ष ४ सय ६१ महिला पीडित भएकामा यस वर्ष २ सय १६ जना पीडित भए। जसमा महिला बेचबिखनका आठ, बलात्कारका २३, बलात्कार प्रयासका तीन, बहुविवाहका १६ र घरेलु हिंसाका घटनामा १ सय ६६ जना पीडित भए। यो वर्ष पतिबाट पत्नीको हत्या गरिएका दुई घटना अभिलेखित छन्।*

*यो वर्ष १८ देखि ४० वर्ष उमेर समूहका २३ महिला बलात्कृत भए। गत वर्ष बलात्कार घटनामा १२, बलात्कार प्रयासका घटनामा नौ र यौन दुर्व्यवहार घटनामा दुई बेचिबखनका नौ र घरेलु हिंसाका ४ सय २३ महिला पीडित भएका थिए।*

### महिला बेचबिखन तथा ओसारपसार

३५ वर्षीया महिलालाई २०७३ वैशाख २७ गते बेचविखन गर्न खोजेको आरोपमा महोत्तरी जिल्ला खयरमारा गाविस-४ घर भई काठमाडौं मनपा-७ चावहिल बस्ने ३५ वर्षीय जीतबहादुर भुजेलविरुद्ध पीडितले वैशाख २८ गते महानगरीय प्रहरी वृत्त बौद्धमा उजुरी दिइन्। ३० गते गिरफ्तार परेका जीतबहादुरलाई जिल्ला अदालतले जेठ २७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीया महिलालाई २०७३ असोज २० गते काठमाडौं मनपा-१६ बालाजुस्थित एक कोठामा लगी विभिन्न प्रलोभन देखाई बलात्कार गरेको आरोपमा गोर्खा जिल्ला तारुवाङ गाविस-२ घर भई काठमाडौं मनपा-१६ नयाँबजार बस्ने २८ वर्षीय सन्तोष खनालविरुद्ध पीडित परिवारले असोज २२ गते महानगरीय प्रहरी परिसर टेकुमा उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण सोही दिन महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा भयो। कात्तिक ३ गते गिरफ्तार परेका सन्तोषलाई जिल्ला अदालतले कात्तिक १२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/सम्पत्ति क्षति

ललितपुरको झम्सिखेलस्थित आइडियल मोडल स्कुलको वा २ क ४६९ नम्बरको बसमाथि अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी केन्द्रमा आबद्ध शङ्कर लाखे, विष्णु पौडेललगायतको समूहले २०७३ साउन ६ गते काठमाडौँको डल्लुमा पेट्रोल छर्केर आगजनी गरे। बस पूर्णरूपमा क्षतिग्रस्त भयो। घटनामा संलग्न रहेको आरोपमा प्रहरीले लाखे र पौडेललाई घटना भएकै दिन गिरफ्तार गरेकामा जिल्ला अदालतले साउन ३२ गते साधारण तारेखमा रिहा गर्ने आदेश दियो।

बौद्धस्थित आकाशदीप बोर्डिङ स्कुल र दक्षिणढोकास्थित मनकामना उच्च माविमा २०७३ असोज ४ गते सिलिन्डर बम बिष्फोट भयो। बिष्फोटबाट मानवीय क्षति भने भएन। आकाशदीप स्कुलको ढोकामा क्षति पुग्यो। बिष्फोट भएको ठाउँमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी केन्द्र र योङ कम्युनिस्ट फोर्सको पर्चा भेटिएको थियो। बम बिष्फोटमा संलग्न रहेको आरोपमा प्रहरीले माओवादीका पूर्वलडाकु शङ्कर लाखे र चन्द्रबहादुर तामाङलाई घटना भएकै दिन गिरफ्तार गरेकामा जिल्ला अदालतले मङ्सिर ९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। बिष्फोट स्थलमा भेटिएको पर्चामा निजी विद्यालयले आफ्ना माग सम्बोधन नगरेको उल्लेख थियो।

युवा सङ्घ नेपालका कार्यकर्ताले २०७३ पुस १५ गते नयाँ बानेश्वरमा वा २ झ १३९२ नम्बरको वाग्मती सभ्यताको सरकारी गाडीमा तोडफोड गरी आगजनी गरेको महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वरले जनायो। घटना भएकै दिन युवा सङ्घले विज्ञप्ति जारी गर्दै घटनाप्रति दुःख व्यक्त गर्दै आफ्नो संलग्नता नरहेको र दोषीलाई कारबाही गर्न माग गरेको युवा सङ्घका केन्द्रीय प्रवक्ता प्रभातविक्रम कटुवालले बताए।

### प्रहरी कार्यालयमा तोडफोड

दोलखा घरभई काठमाडौँ गोर्कणेश्वर नपा बस्ने ३६ वर्षीय ट्याक्सी चालक राजकुमार लामाको मङ्सिर २५ गते प्रहरीको कुटाइबाट मृत्यु भएको भन्दै उनका आफन्त र स्थानीय बासिन्दाले मङ्सिर २६ गते महानगरीय प्रहरी वृत्त, बौद्धमा ढुङ्गामुढा प्रहार गर्दै प्रहरी बिट अगाडि पार्किङ्ग गरेर राखिएका बा. २. ब. ३७८३, बा. ८० प. ८६८३ र बा. ९ प. १२०५ नम्बरको मोटरसाईकलमा तोडफोड गरे। प्रर्दशनकारीले प्रहरीलाई प्रहरी कार्यालयभित्रै आगो लगाउने समेत प्रयास गरेपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले केही राउण्ड हवाइफायर गर्दै तोडफोडमा संलग्न २५ जना प्रदर्शनकारीलाई घटनास्थलबाट नियन्त्रण लियो।

नियन्त्रणमा लिइएका सबै प्रदर्शनकारीलाई केही समय पश्चात प्रहरीले रिहा गरेको थियो। प्रहरीको कुटाइका कारण ट्याक्सी चालक लामाको मृत्यु भएको उनका आफन्तले दावी गरे पनि प्रहरीको प्रारम्भिक प्रतिवेदनले लामाको रक्सी सेवनबाट मृत्यु भएको उल्लेख भएको थियो। पोष्टमार्टम प्रतिवेदनमा रक्सी सेवनबाट लामाको मृत्यु नभएको भनी सार्वजानिक भएपछि घटनाको छानविनका लागि मङ्सिर २७ गते महानगरीय प्रहरी अपराध महाशाखा प्रमुख एसएसपी सवेन्द्र खनालको संयोजकत्वमा एसपी प्रद्युम्न कार्की सहितको तीन जनाको समिति गठन भयो। छानविन समितिले मङ्सिर २९ गते प्रतिवेदन सार्वजनिक गर्दै लामाको हत्या मदिरा सेवनको कारण नभई यौन सम्बन्धपछि भएको आर्थिक विवादको कारण भएको निष्कर्ष निकाल्यो। प्रहरी प्रतिवेदनले सङ्गीता राई थिङले सञ्चालन गरेको हेलम्बु रेष्टुरेन्टमा गएका लामाले त्यहीँ काम गर्ने काभ्रे घर्तीछाप गाविस-७ की २० वर्षीया माया तामाङलाई राति दोहोरीमा लगी फर्किएको र यौन सम्बन्ध राखेको पैसा नदिएको विषयमा विवाद हुँदा रेष्टुरेन्ट सञ्चालक सङ्गीताका भाइ मागधन राईले इँटा प्रहार गरेको र लामाको मत्यु भएको जनायो। घटनामा सङ्लग्न रहेको आरोपमा प्रहरीले माया तामाङसहित रेष्टुरेन्ट सञ्चालक संगीता राई, मागधन राई, अरूण माझी र दिया माझीलाई गिरफ्तार गरेकोमा यस वर्षको अन्त्यसम्म घटनाको अनुसन्धान भइरहेको बौद्ध प्रहरीले जनायो।

## स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा ११ अस्पताल, ५८ स्वास्थ्य चौकी र आठ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा १६ डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी दुई जनाको रहेकामा दुवै कार्यरत छन्। अहेवको २ सय ६७ दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २५ करोड ५९ लाख र औषधि खर्चबापतको रकम ८० लाख रुपियाँ छ। यस वर्ष नाकाबन्दीका कारण जिल्ला तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधि अभाव भयो।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ४० | ४० |
| यौन दुर्व्यवहार | १४ | १४ |
| जम्मा | ५४ | ५४ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङगिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | २३ | २३ |
| बलात्कारको प्रयास | | | ३ | ३ |
| बहुविवाह | | | १६ | १६ |
| महिला बेचबिखन | | | ८ | ८ |
| घरेलु हिंसा | २ | १६३ | १ | १६६ |
| जम्मा | २ | १६३ | ५१ | २१६ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ |

# २.१६ धादिङ



**जम्मा जनसङ्ख्या**
**३३५१८८**

**महिला**
**१८०४५६**

**परिवार सङ्ख्या**
**७८८१९**

**खोलाको पानी पिउने परिवार**
**६२३**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**६२६२१**

**कामका लागि बाहिरिएका**
**२२५३७**

**सबभन्दा बढी जनसङ्ख्या**
**७४२३९ (तामाङ)**

**अपाङ्गता भएका**
**७८२७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९८**

**आश्रित जनसङ्ख्या**
**१४८७७१**

***इन्सेकको अभिलेख अनुसार धादिङको मानव अधिकार अवस्था यो वर्ष गत वर्षकै जस्तो रह्यो। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा सन् २०१५ मा राज्य पक्षबाट दुई पुरुष पीडित भएकामा सन् २०१६ मा तीन पुरुषलाई धम्की आयो। गत वर्ष गैरराज्य पक्षबाट ३५ महिला पीडित भएकामा यो वर्ष ३१ महिलासहित ३२ जना पीडित भए। गत वर्ष विभिन्न घटनामा १७ बालिका पीडित भएकामा यो वर्ष सात बालिका पीडित भए। सन् २०१५ मा विभिन्न घटनामा १७ महिला महिला भएकै कारण हुने हिंसा तथा दुर्व्यवहारबाट पीडित भएकामा यो वर्ष १८ जना पीडित भए।***

***यो वर्ष जिल्ला वन कार्यालयका प्रमुख इमनाथ पौडेल नेतृत्वको टोलीले रेडियो धादिङ र महिला सुरक्षा घर वन क्षेत्रमा बनाइएको आरोपमा डोजर लगाएर भत्कायो। उक्त घटनामा तीन पत्रकारलाई धम्की दिइयो भने महिला सुरक्षा घरमा राखिएका हिंसापीडित महिलाको यही कारण विचल्ली भएको घटना इन्सेकमा अभिलेखित छ।***

नेपालको संविधानमा आमाको नामबाट नागरिकता दिने कुरा उल्लेख छ। गृह मन्त्रालयले सम्पूर्ण जिल्ला प्रशासन कार्यालयलाई आमाको नामबाट नागरिकता दिन निर्देशनात्मक परिपत्र गरिसकेको छ। तर, जिल्ला प्रशासन कार्यालय धादिङले आमालाई वंशज मान्न इन्कार गर्दै नागरिकता माग गरेकी खरी गाविस-६ की २६ वर्षीया सानु थापालाई नागरिकता दिन अस्वीकार गरेपछि आमाको नामबाट



***आमाको नामबाट नागरिकता लिनबाट वञ्चित भएकी सानु थापा***

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | १ | | १ |
| बाल अधिकार | | | ७ | | ७ |
| महिला अधिकार | | | १८ | | १८ |
| जातीय विभेद | | | ३ | | ३ |
| कुटपिट | | | १ | | १ |
| धम्की | ३ | ३ | | | |
| हत्या | | | १ | १ | २ |
| जम्मा | ३ | ३ | ३१ | १ | ३२ |

नागरिकता पाउन अझै बाधा व्यवधान रहेको पुष्टि भएको छ। महिलालाई आमाको नामबाट नागरिकता दिने सम्बन्धमा गृह मन्त्रालयले २०६८ भदौ ५ गते तीन बुँदे परिपत्र गरी बाबु पत्ता नलागेको र आमाको नामबाट नागरिकता लिन आउनेलाई नागरिकता दिन सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको थियो। सर्वोच्च अदालतले दोलखा जिल्ला निवासी सविना दमाईंको उजुरीको फैसलामा समेत आमा वंशज भएकाले उनको बाबु पत्ता नलागेको अवस्थामा आमाको नामबाट नागरिकता दिनू भन्ने फैसला गरेको थियो। सानु थापाको नागरिकता सम्बन्धमा सहायक प्रमुख जिल्ला अधिकारी लीलाधर अधिकारीले आमाको नामबाट नागरिकता दिन मिल्ने संविधानले भनेको भए पनि नागरिकता ऐन संशोधन नभई नागरिकता दिन नमिल्ने, उनको बाबु नभएकाले वंशज नखुलेको अवस्थामा नागरिकता दिन नसकेको बताए। धादिङमा बाबु नभएर ३० जनाभन्दा बढी बालिग नागरिक नागरिकता पाउने अधिकारबाट वञ्चित छन्। संविधानमा लेखिसकिएको विषयमा ऐन कानुन देखाएर गरिने बाधाले ऐन कानुनभन्दा माथि रहने संविधान पालना गर्ने सन्दर्भमा अझै समस्या रहेको पाइन्छ।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

रेडियो धादिङका पत्रकार ३० वर्षीय शङ्कर श्रेष्ठ, १९ वर्षीय खेम चेपाङ र १८ वर्षीय सौगात लम्साललाई २०७३ असोज ७ गते नीलकण्ठ नपा–८ मा रहेको रेडियो धादिङ १०६ मेगाहर्जको भवनमा रहेका बेला जिल्ला वन कार्यालय प्रमुख इमनाथ पौडेलको नेतृत्वमा आएको सशस्त्र वन रक्षकको टोलीले धम्की दिँदै दुर्व्यवहार गरेको पीडित पक्षको आरोप छ। वन रक्षक र अन्य सुरक्षाकर्मीसहित पुगेका प्रहरीको टोलीले रेडियोमा रहेका पत्रकारलाई दुर्व्यवहार गर्दै रेडियोको भवन डोजर लगाएर भत्काए। सुतिरहेका रेडियोकर्मीलाई कपडासमेत लगाउन नदिई एकाबिहानै लछारपछार गर्दै बाहिर निकालेर रेडियोमा तोडफोड गर्न सुरु गरेको रेडियोकर्मी शङ्कर श्रेष्ठले जानकारी दिए। रेडियोभित्र प्रवेश गरेका पौडेल आफैँले रेडियोकर्मीलाई धम्की दिँदै दुर्व्यवहार गरेको र रेडियोको स्टुडियो, मिक्स्चर, कम्प्युटरहरू सबै फुटाइदिएको तथा कागजपत्र च्यातेको रेडियो धादिङका स्टेसन म्यानेजर राजाराम शर्माले बताए। घटनापछि तीन दिन रेडियो सञ्चालन भएन।



*सशस्त्र वन रक्षकको टोलीद्वारा धम्की दिइएका पत्रकार शङ्कर श्रेष्ठ*

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता महिला पाँच र पुरुष ३० गरी ३५ जनाको छ। तर, १४ महिला र १ सय ३५ पुरुष कैदी र ६ महिला र ५० पुरुष थुनुवा गरी २ सय ५ जना छन्। आश्रित बालक चार र बालिका दुई जना छन्। २०३८ सालमा बनेको यो कारागार जीर्ण भएर ढल्न लागेकाले कैदी बन्दीलाई बस्न असुविधा छ। त्रिपालमुनि सुत्नुपर्ने र शीत चुहिएर बिरामी पर्ने गरेको घटना पनि सुन्न/देख्न पाइन्छ। त्यसमाथि शौचालयको सङ्ख्या कम भएकाले बिहानदेखि बेलुकासम्म लाइन बसेर पालो कुर्नुपर्ने अवस्था छ।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय ४१ र फौजदारी २ सय ४३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय ९४ प्रावि, ९१ निमावि, ९० मावि र ५५ उमावि छन्। १ हजार ६ सय ४३ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। राहतको समेत दरबन्दी गर्दा जिल्लामा २ हजार ४ सय ८७ शिक्षक दरबन्दी रहेकामा विद्यार्थी सङ्ख्याको अनुपातका आधारमा निमावि तहमा ९६ जना र मावि तहमा १५ जना शिक्षक अपुग देखिन्छ। यस वर्ष ३७ हजार ८ सय ९५ बालक र ४१ हजार ७ सय ६९ बालिका विद्यालय भर्ना भए। जिल्लामा तीन अपाङ्गमैत्री विद्यालय छन्। ५ हजार ४ सय ८१ दलित बालक र ६ हजार ३ सय १९ जना दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

*यो वर्ष बलात्कारका घटनामा चार, यौन*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | १ | १ |
| बलात्कार | ४ | ४ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ७ | ७ |

*दुर्व्यवहारबाट दुई र बेचबिखन घटनाका कारण एक बालिका पीडित भए। गत वर्ष १२ बालिका बलात्कारबाट पीडित भएका थिए भने बेचबिखनका कारण दुई र यौन दुर्व्यवहारका कारण तीन जना पीडित भएका थिए।*

**बलात्कार, यौन दुर्व्यवहार**

चार वर्षीया बालिकालाई २०७२ चैत १४ गते १३ र १५ वर्षीय दुई बालकले बलात्कार गरेको आरोपमा पीडितका आफन्तले चैत १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण चैत १६ गते जिल्ला अस्पतालमा भयो। चैत १६ गते गिरफ्तार भएका दुवै बालकलाई जिल्ला अदालतले २०७३ जेठ ३ गते कम उमेर भएकाले भन्दै चार/चार वर्ष बाल सुधार गृहमा राख्न र पाँच/पाँच हजार रुपियाँ पीडितलाई भराउने आदेश गर्‍यो।

**बलात्कारपछि हत्या**

चार वर्षीया बालिकालाई २०७३ साउन ३ गते १४ वर्षीय बालकले बलात्कारपछि हत्या गरेको आरोपमा पीडित पक्षले साउन १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिका हराएपछि खोजी गर्ने क्रममा कपडा खोलिएको र कुहिएको अवस्थामा साउन १० गते घर नजिकैको मकैबारीमा घाँस काट्न जाँदा छिमेकीले बालिकाको शव फेला पारेका थिए। बालिकाको पोस्टमार्टम साउन १२ गते शिक्षण अस्पताल काठमाडौँमा गरिएको प्रहरीले जनायो। साउन १८ गते गिरफ्तार भएका बालकलाई जिल्ला अदालतले भदौ १२ गते पुर्पक्षका लागि बाल सुधार गृहमा राख्ने आदेश दियो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ६८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ६ | ६ |
| बलात्कारको प्रयास | १ | १ |
| बहुविवाह | १ | १ |
| महिला बेचबिखन | २ | २ |
| घरेलु हिंसा | ८ | ८ |
| जम्मा | १८ | १८ |

*दर्ता गराए। जसमा कुटपिट ४३, पालनपोषण नगरेको ३२, घर निकाला गरिएका १०, विवाह दर्ता, नागरिकता नबनाएको तथा मानसिक यातनालगायतका १० घटना छन्। यीमध्ये ८८ घटनामा मिलापत्र भयो भने १५ उजुरी कानुनी प्रक्रियामा छन्।*

*यो वर्ष भएका विभिन्न घटनामा १८ महिला पीडित भए। गत वर्ष यो सङ्ख्या १७ थियो। यो वर्ष बलात्कारको घटनामा ६, बलात्कार प्रयासबाट एक, बेचबिखनबाट दुई, बहुविवाहबाट एक र घरेलु हिंसाबाट आठ महिला पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार**

२७ वर्षीया महिलालाई २०७३ साउन १८ गते बलात्कार प्रयास गरेको आरोपमा पीडा गाविस-६ का ३५ वर्षीय ज्ञानबहादुर मगरलाई प्रहरीले साउन २५ गते गिरफ्तार गर्‍यो। पीडित महिलाले शरीरमा घाउ चोटसहित प्रहरी कार्यालयमा उजुरी गर्न जाँदा प्रहरीले सार्वजनिक अपराधमा मुद्दा दर्ता गरेपछि पीडितले साउन २५ गते अधिकारकर्मीको सहयोग मागेकी थिइन्। घटनापछि बिरामी परेकी पीडित महिलाको प्राथमिक स्वास्थ्य केन्द्र गजुरीमा साउन १९ गते उपचार भयो। गजुरीमा उपचार सम्भव नभएपछि इलाका प्रहरी कार्यालयमा घटनाबारे उजुरी दिएपछि पीडित महिलालाई जिल्ला अस्पताल लगियो। जिल्ला अस्पतालमा पनि उनको उपचार हुन नसकेपछि काठमाडौँस्थित त्रिवि शिक्षण अस्पताल महाराजगन्ज लगिएको थियो। शिक्षण अस्पतालले मनमोहन मेमोरियल अस्पतालमा पठाएपछि सोही अस्पतालमा उपचार भयो। महिलाले साउन २४ गते जिल्ला प्रहरी कार्यालयमा पुन: उजुरी गरिन्। प्रहरीले साउन २५ गते सार्वजनिक अपराधमा मुद्दा दर्ता भएको भन्दै बलात्कार प्रयासको मुद्दा दर्ता हुन नसक्ने भनेर फर्काइदिएको

उनले बताइन्। जिल्ला प्रशासन कार्यालयले सार्वजनिक अपराध अन्तर्गत आरोपितलाई ३ हजार रुपियाँ धरौटीमा ०७३ साउन ३२ गते रिहा गऱ्यो। पीडितले साउन २६ गते राष्ट्रिय मानवअधिकार आयोगमा समेत निवेदन दिइन्। यो वर्षको अन्त्यसम्म पीडितले न्याय पाएकी छैनन्।

### सबै प्रकारको जातीय विभेद

नीलकण्ठ नपा-४ की ५७ वर्षीया बट्टाई कामीलाई २०७२ फागुन ६ गते ३३ वर्षीय पूर्ण गुरुङले जातीय आधारमा भेदभावपूर्ण व्यवहार गर्दै 'नजिक आए छोइन्छ' भन्दै दुर्व्यवहार गरेको आरोपमा सोही दिन जिल्ला प्रहरी कार्यालयमा निवेदन दिइन्। प्रहरीले आफूलाई न्याय नदिएको भन्दै फागुन १० गते राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय दलित आयोग र प्रधान मन्त्रीको कार्यालयमा पनि निवेदन दिइन्। उजुरी अध्ययन गरी अनुसन्धानपछि आरोपितलाई कानुनी दायरामा ल्याइने जिल्ला प्रहरी कार्यालयले जनाए पनि आरोपितलाई कारबाही भएन।

### हत्या

कुम्पुर गाविस-३ फुर्केखोला नजिकै प्रतीक्षालयमा झुण्डिएको अवस्थामा २०७३ असार ३० गते काभ्रे पाँचखाल नपा-६ होक्सेका १८ वर्षीय अजित मिजार ढकालको शव फेला पऱ्यो। पीडित परिवारले आजितलाई २०७३ असार २९ गते घरैबाट अपहरण गरी धादिङमा पुऱ्याइ हत्या गरेको भन्दै साउन ४ गते जिल्ला प्रहरी कार्यालय धादिङमा उजुरी दिए। काभ्रे जिल्ला पाँचखाल नपा-६ का ५६ वर्षीय भोजबहादुर पराजुली, उनका २५ वर्षीय छोरा टेकबहादुर पराजुली र भोजबहादुरकी ३० वर्षीया छोरी सम्झना कार्कीले अपहरण गरी हत्या गरेको आरोपमा प्रहरीले २०७३ भदौ १२ गते आरोपित सबैलाई गिरफ्तार गऱ्यो। गिरफ्तार परेकामध्ये जिल्ला अदालतले २०७३ असोज ६ गते भोजबहादुरलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो भने अन्यलाई साधारण तारेखमा रिहा गऱ्यो। शवको पोस्टमार्टम धादिङमा गरिएको भनिए पनि पीडित पक्षले पोस्टमार्टम नगरिएको आरोप लगाएपछि साउन १२ गते काठमाडौँस्थित त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा पुन: पोस्टमार्टम भयो। अजित मिजार र काभ्रेकी एक बालिकाबीच असार २५ गते प्रेम विवाह भएपछि दलितले गैरदलितसँग विवाह गरेको भन्दै विवाद चर्कंदै आएको थियो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, ४९ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन्। स्त्रीरोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको १ सय ६ दरबन्दी रहेकामा ५० कार्यरत छन् भने हेल्थ असिस्टेन्टको ५४ जनाको दरबन्दी रहेकामा ३९ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १९ करोड १३ लाख २७ हजार रुपियाँ र औषधि खर्चबापतको रकम ५६ लाख रुपियाँ छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालबालिका बेचबिखन | | | | १ | १ |
| बलात्कार | १ | ३ | | | ४ |
| यौन दुर्व्यवहार | १ | | १ | | २ |
| जम्मा | २ | ३ | १ | १ | ७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ४ | | २ | ६ |
| बलात्कारको प्रयास | १ | | | १ |
| बहुविवाह | १ | | | १ |
| महिला बेचबिखन | १ | १ | | २ |
| घरेलु हिंसा | ४ | १ | ३ | ८ |
| जम्मा | ११ | २ | ५ | १८ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | जम्मा |
| हत्या | २ | २ |

# २.१७ सिन्धुपाल्चोक



जम्मा जनसङ्ख्या
२८०९६०

महिला
१४७७२३

परिवार सङ्ख्या
६९३५९

खोलाको पानी पिउने परिवार
३६८

गरिबीको रेखामुनि रहेको सङ्ख्या
७२६१३

कामका लागि बाहिरिएका
१९७१२

सबभन्दा बढी जनसङ्ख्या
९८५७० (तामाङ)

अपाङ्गता भएका
६६०८

५ वर्षमाथिको साक्षरता प्रतिशत
९८.८५

आश्रित जनसङ्ख्या
१२२७८९

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ६ | | ६ |
| महिला अधिकार | १५ | | १५ |
| कुटपिट | १ | | १ |
| हत्या | १ | ३ | ४ |
| जम्मा | २३ | ३ | २६ |

***इन्सेकको अभिलेख अनुसार सिन्धुपाल्चोकको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुध्रियो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ४६ महिलासहित ५५ जना पीडित भएकामा सन् २०१६ मा २३ महिलासहित २६ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट उल्लङ्घनका घटना भएनन्। सन् २०१५ मा गैरराज्य पक्षबाट तीन महिलासहित आठ जनाको हत्या भएकामा यस वर्ष एक महिलासहित चारजनाको हत्या भयो।***

***गैरराज्य पक्षबाट अघिल्लो वर्ष तीन महिलाको हत्या भएकामा यो वर्ष परिवारबाटै एक महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा पाँच बालिका बलात्कृत भए भने एक जनालाई यौन दुर्व्यवहार गरियो। गत वर्ष बलात्कार घटनामा तीन र यौन दुर्व्यवहारबाट दुई गरी पाँच बालिका पीडित भएका थिए। जिल्लामा गैरराज्य पक्षबाट यो वर्ष महिला तथा बाल अधिकार उल्लङ्घनका घटना गत वर्षको तुलनामा घटेको पाइयो। यस वर्ष १५ महिला पीडित भए जबकि गत वर्ष ३७ जना पीडित भएका थिए।***

अघिल्लो वर्ष तातोपानी सीमा सुरक्षाका लागि खटिएका सशस्त्र प्रहरी बलले हगाम गाविस-७ घर भई तातोपानी गाविसमा मजदुरी गरी बस्ने २० वर्षीय कुमार तामाङलाई २०७१ चैत ११ गते बेलुका खाना पकाउने ग्यास सिलिन्डर खासातर्फ पैठारी गरेको आरोपमा गिरफ्तार गरी बेपत्ता बनाएका थिए। उनको अवस्था यो वर्ष पनि सार्वजनिक भएन। परिवार र गाउँलेले नराम्रो व्यवहार गरेको भन्दै पीडितकी पत्नी डोल्मा र दुई वर्षीया छोरी घरबाट विस्थापित भए। परिवारले पति बेपत्ता गराउने तैँ होस् भनेर आरोप लगाएपछि घरमा बस्न नसकेको डोल्माले बताइन्।

कुमारको अवस्था पत्ता लगाउन जिल्ला स्तरमा तत्कालीन सहायक प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद

उपाध्यायको संयोजकत्वमा छानबिन समिति बनेको थियो। उक्त समितिले उल्लेखनीय काम गर्न नसकेपछि प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान महाशाखाका तत्कालीन डिआइजी नवराज सिलवालको संयोजकत्वमा उच्चस्तरीय छानबिन समिति बनेको थियो। सो समितिले आफ्नो प्रतिवेदन गृह मन्त्रालयमा बुझाएको भनिएको छ तर सार्वजनिक नभएकाले केही थाहा हुन नसकेको पीडितका दाजु छिरिङ तामाङले बताए।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता सात महिला र ५३ पुरुष गरी ६० जनाको छ। २०७२ वैशाख १२ गतेको भूकम्पले कारागार पूर्ण क्षति गराएपछि कारागारका सबै अर्थात २ सय १६ कैदी/बन्दी फरार भएका थिए। तीमध्ये १ सय १२ जना कारागारको सम्पर्कमा आएका छन्। भूकम्पपछि १ सय १८ जना थपिएका छन्। जसमध्ये ६ महिला छन्। भूकम्पले क्षति पुऱ्याएको कारागार भवन बन्न नसकेकाले यहाँ पठाइने कैदी/बन्दीलाई विभिन्न जिल्लाका कारागार पठाइने गरिएको छ। सिन्धुपाल्चोक जिल्ला कारागार भूकम्पमा भत्किएकोले कैदी बन्दी राखिएको छैन अन्य जिल्लाहरूमा पठाइने गरिएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ९१ र फौजदारी ९४ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ३१ प्रावि, ८८ निमावि र १ सय ३० मावि छन्। १ हजार ६ सय ५ शिक्षक दरबन्दीमा सबै कार्यरत छन्। जिल्लामा ३३ हजार १ सय ८८ बालक र ३६ हजार २ सय ६५ बालिका यस वर्ष विद्यालय भर्ना भए। जिल्लाभर १२ अपाङ्गमैत्री विद्यालय छन्। ३ हजार ३ सय ६८ दलित बालक र ३ हजार २३ दलित बालिकालाई छात्रवृत्ति वितरण गरियो। साथै सहिद परिवार र द्वन्द्वपीडित परिवारका बालबालिकालाई यो वर्ष छात्रवृति दिइएको छैन।*

*बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार*

*यो वर्ष छदेखि १४ वर्ष उमेर समूहका पाँच बालिका बलात्कार घटनाबाट पीडित भए भने यौन दुर्व्यवहार घटनाबाट एक बालिका पीडित भइन्। बलात्कार घटनाको आरोपितमा १७ वर्षीय बालकसमेत रहे। अघिल्लो वर्ष तीन बलात्कार र दुईजना यौन दुर्व्यवहारबाट पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ६ | ६ |

## बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई २०७२ पुस २९ गते राति बलात्कार गरेको आरोपमा साँगाचोक गाविस-९ भीमटारका २२ वर्षीय चम्पे भनिने सरोज माझीविरुद्ध पीडितले माघ ५ गते इन्सेक जिल्ला प्रतिनिधिको सहयोगमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरिन्। पीडितको चौतारा अस्पतालमा माघ ५ गते स्वास्थ्य परीक्षण भयो। २०७२ माघ ४ गते गिरफ्तार परेका सरोजलाई जिल्ला अदालतले २०७३ असार ७ गते सात वर्ष कैद सजाय सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ७२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरेको उजुरी ४८, खानलाउन नदिएर वेवास्ता गरेको ४१, झैझगडा गरेको ३८, धाकधम्की गालीगलौज गरेको ४५ घटना छन्। यिमध्ये १ सय २५ वटामा मिलापत्र गरायो भने ३८ ओट घटनामा पीडित र आरोपित पक्ष सम्पर्कमा नआएको र नौ ओटा उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | २ | २ |
| बलात्कार | ६ | ६ |
| बहुविवाह | ४ | ४ |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | २ | २ |
| जम्मा | १५ | १५ |

*अघिल्लो वर्षको तुलनामा सन् २०१६ मा गैरराज्य पक्षबाट महिला हिंसाका घटनामा कमी आयो। सन् २०१५ मा ३७ महिला पीडित भएकामा यो वर्ष १५ जना पीडित भए। अघिल्लो वर्ष भएको मानव बेचबिखनको एक घटनाका दुई आरोपितमध्ये एकलाई जिल्ला अदालतले २०७३ वैशाख १६ गते १० वर्ष कैद फैसला सुनायो भने अर्को आरोपितलाई सफाइ दियो।*

*कथित बोक्सीको आरोपमा दुई महिला पीडित भएकामध्ये एक घटनामा मिलापत्र भयो भने अर्को घटनाको आरोपितलाई ६ महिना कैद र पाँच हजार रुपियाँ पीडित परिवारलाई भराउने फैसला भयो। बहुविवाहका घटनामा चार र घरेलु हिंसाका घटनामा दुई महिला पीडित भए। यो वर्ष ससुराले बुहारीलाई हत्या गरी रुखको ठुटोमा लगी झुण्ड्याएको भन्दै माइती पक्षले प्रहरीमा उजुरी दिए।*

*यो वर्ष २८ देखि ६५ वर्ष उमेर समूहका महिला बलात्कारका घटनामा पीडित भए। जसमा ६ महिला बलात्कृत छन्। फैसला भने कुनैमा पनि भएन।*

**महिला बेचविखन तथा ओसारपसार**

२२ वर्षीया एक युवतीलाई बेचबिखन गरेको आरोपमा नवलपुर गाविस-९ का ५५ वर्षीय लोकबहादुर तामाङ, चौतारा नपा-२ का ३९ वर्षीय कृष्णबहादुर भुजेल र ३६ वर्षीया तारा भुजेललाई २०७२ माघ ४ गते प्रहरीले गिरफ्तार गऱ्यो। अरोपितहरूले २०६८ माघ १३ गते पीडितलाई काठमाडौँबाट कुबेतमा लगी बेचबिखन गरेको र २०६८ फागुन १४ गते कुबेतबाट साउदी अरबको जुभेल भन्ने ठाउँको अलि मजित भन्ने घरमा लगी बेचबिखन गरेको आरोप छ। पीडितलाई नेपाल ट्रेड युनियन महासङ्घ (जिफन्ट) ले उद्धार गरी नेपाल ल्याएको थियो। नेपाल फर्केपछि पीडित आफैं २०७२ पुस २९ गते जिल्ला प्रहरी कार्यालय पुगी उजुरी दिएकी थिइन्। आरोपितहरूले आफूलाई ५ लाख रुपियाँमा बेचबिखन गरेको पीडितको आरोप छ। आरोपितलाई जिल्ला अदालतले २०७२ माघ २५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो भने दुई आरोपित फरार छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

**बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार**

३१ वर्षीया महिलालाई २०७३ साउन ९ गते बलात्कार गरेको आरोपमा फुल्पिङडाँडा गाविस-५ का ३५ वर्षीय गणेशबहादुर तामाङविरुद्ध पीडितले साउन १२ गते इलाका प्रहरी कार्यालय बाह्रबीसेमा उजुरी दिइन्। पीडित महिलाको साउन १२ गते बाह्रबिसे अस्पतालमा स्वास्थ्य परीक्षण भयो। साउन १० गते गिरफ्तार भएका गणेशलाई जिल्ला अदालतले भदौ ६ गते ६३ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

२७ वर्षीया एक महिलालाई २०७३ मङ्सिर २३ गते बाह्रबिसे लगी बलात्कार गरेको आरोपमा कर्थली गाविस-१ स्थित सीमखर्कका ४० वर्षीय सोनाम शेर्पाविरुद्ध पीडितले मङ्सिर २५ गते इलाका प्रहरी कार्यालय बाह्रबिसेमा उजुरी दिइन्। महिलाको मङ्सिर २५ गते नै बाह्रबिसेस्थित प्राथमिक उपचार केन्द्रमा स्वास्थ्य परीक्षण भयो। पुस ६ गते गिरफ्तार परेका सोनाम यस वर्षको अन्त्य सम्म जिल्ला प्रहरी कार्यालयले अनुसन्धानका लागि हिरासतमा राखेको छ।

**कथित बोक्सीको आरोप**

जलवीरे गाविस-९ की ६७ वर्षीया एक महिलालाई २०७२ फागुन १६ गते कथित बोक्सीको आरोप लगाएर अभद्र व्यवहार गरेको आरोपमा जलवीरे गाविस-९ का ३१ वर्षीय वीरबहादुर तामाङविरुद्ध पीडितले फागुन १७ गते इलाका प्रहरी कार्यालय जलवीरेमा मौखिक उजुरी दिइन्। २०७२ फागुन १८ गते गिरफ्तार परेका वीरबहादुरलाई जिल्ला अदालतले २०७३ जेठ २५ गते ६ महिना कैद, ६ हजार जरिवाना र ५ हजार रुपियाँ पीडितलाई भराउने फैसला सुनायो।

**परिवारजनबाट हत्या**

चौतारा नपा-२ गिदानेकी १९ वर्षीया सरिता मगरलाई २०७३ साउन २१ गते ५२ वर्षीय ससुरा तेजबहादुर थापामगरले कुटपिट गरी हत्या गरेर चौतारा नपा-२ गिदानेस्थित आफ्रेखोला चिसापानी भन्ने जङ्गलको एउटा बुटोमा झुण्ड्याएको भन्दै माइती पक्षले २०७३ भदौ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम साउन २२ गते चौतारा अस्पतालमा भयो। मृतकको पेटमा तीन महिनाको गर्भसमेत भएको पोस्टमार्टम रिपोर्टमा उल्लेख छ। भदौ २२ गते गिरफ्तार परेका तेजबहादुरलाई जिल्ला अदालतले असोज ११ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

**भौतिक संरचना/सम्पत्ति क्षति**

नेत्रविक्रम चन्द नेतृत्वको नेकपा माओवादीका

कार्यकर्तालेे २०७३ जेठ २४ गते चौतारा नपा-७ स्थित लक्ष्मणडाँडामा रहेको सेभ द चिल्ड्रेनको कार्यालय हातामा पेट्रोल बम प्रहार गरे। राति पौने १२ बजेको समयमा हामी माओवादी हौं भन्दै पाँच जनाको समूहमा आएका उनीहरूले कोकाकोलाको जम्बो बोतलमा पेट्रोल, कपडाका धजा र ढुङ्गाले भरेर सवारी पार्किङमा फालिदिएका थिए। उक्त बिष्फोटक पदार्थ बिष्फोट नभए पनि आगलागी भने भयो। आगलागीबाट रोकिराखेको एउटा स्कारपियो जिपमा सामान्य क्षति पुगेको थियो।

### स्वास्थ्य सेवाको अवस्था

सिन्धुपाल्चोकमा एउटा अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र र ७५ स्वास्थ्य चौकी छन्। जिल्लामा ६ डक्टरको दरबन्दी रहेकामा पाँच कार्यरत छन् भने ११ डक्टर करारमा कार्यरत छन्। जिल्लामा स्त्रीरोग विशेषज्ञको दरबन्दी नै छैन। हेल्थ असिस्टेन्टको दरबन्दी ८३ रहेकामा ४५ कार्यरत छन्। स्टाफ नर्सको दरबन्दी सात रहेकामा चार कार्यरत छन्। अहेवको दरबन्दी १ सय ६० रहेकामा १ सय १३ कार्यरत छन्। त्यसैगरी ल्याब असिस्टेन्टको दरबन्दी पाँच रहेकामा दुई कार्यरत छन् भने दुई करारमा कार्यरत छन्। अनमीको दरबन्दी १ सय ६० रहेकामा १ सय ७ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड ३१ लाख २० हजार र औषधी खर्चबापतको रकम ४६ लाख ३५ हजार रुपियाँ छ।

### सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | १ | २ | २ | ५ |
| यौन दुर्व्यवहार | | १ | | १ |
| जम्मा | १ | ३ | २ | ६ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | १ | १ | | २ |
| बलात्कार | १ | १ | | | ४ | ६ |
| बहुविवाह | | | ३ | | १ | ४ |
| महिला बेचबिखन | | | | | १ | १ |
| घरेलु हिंसा | | | | २ | | २ |
| जम्मा | १ | १ | ४ | ३ | ६ | १५ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ४ | ४ |

# २.१८ नुवाकोट



**जम्मा जनसङ्ख्या**
**२७३२६७**

**महिला**
**१४४२६१**

**परिवार सङ्ख्या**
**६१८२२**

**खोलाको पानी पिउने परिवार**
**३५४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५५८९५**

**कामका लागि बाहिरिएका**
**१४३११**

**सबभन्दा बढी जनसङ्ख्या**
**११८८७३ (तामाङ)**

**अपाङ्गता भएका**
**४६९०**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९८.१९**

**आश्रित जनसङ्ख्या**
**११३५८२**

***इन्सेकको अभिलेख अनुसार नुवाकोटको मानव अधिकार अवस्था गत वर्षको तुलनामा उल्लेख्य सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्य पक्षबाट ८८ महिलासहित ९३ जना पीडित भएकामा सन् २०१६ मा २६ महिलासहित २८ जना पीडित भए। गत वर्ष विभिन्न घटनामा पाँच बालिका पीडित भएकामा यो वर्ष १० जना पीडित भए। सन् २०१५ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहारका घटनामा ८१ जना पीडित भएकामा यो वर्ष त्यस्ता घटनामा १२ महिला पीडित भए। गत वर्ष दुई पुरुषको हत्या भएकामा यो वर्ष चार महिलासहित ६ जनाको हत्या भयो।***

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १० | | १० |
| महिला अधिकार | १२ | | १२ |
| हत्या | ४ | २ | ६ |
| जम्मा | २६ | २ | २८ |

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारगारको क्षमता ८० जनाको छ। तर, १ सय १४ कैदी र ६६ थुनुवा गरी १ सय ८० जना छन्। जसमध्ये चार बन्दी र १२ कैदी गरी १६ महिला छन्। यो कारागार भवन २०६६ सालमा निर्माण भएकाले भवनको भौतिक अवस्था राम्रो छ। तर क्षमताभन्दा बढी कैदी/बन्दी रहेका कारण हरेक दिन ४० कैदी/बन्दी कारागारभित्रका पेटीमा सुत्ने गर्छन्। पिउने पानीको राम्रो व्यवस्था छ भने एक जना वरिष्ठ अहेव कर्मचारीको समेत व्यवस्था छ। यहाँ आयआर्जनका लागि पुरुष बन्दी बाँसको मुढा बनाउने तथा महिला बन्दी क्रिस्टल तथा धूप बनाउने गर्छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय ३२ र फौजदारी १ सय ४३ थान छन्।

### बाल अधिकार

**शिक्षाको अवस्था**

*जिल्लामा ४ सय ७६ बाल विकास केन्द्र, २ सय ७० प्रावि, ७२ निमावि, ६४ मावि र ४८ उमावि*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | २ | २ |
| बलात्कार | ६ | ६ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १० | १० |

*छन्। २ हजार ७८ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ३६ हजार ८ सय ५६ बालक र ३७ हजार ६ सय २८ बालिका गरी ७४ हजार ४ सय ८४ जना विद्यालय भर्ना भए। जिल्लामा १३ विद्यालय अपाङ्गमैत्री छन्। २ हजार ७ सय ८४ दलित बालक र २ हजार ९ सय ५९ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। यो वर्ष कर्मचारी र शिक्षकको तलबबाहेक जिल्ला शिक्षा कार्यालयको बजेट २० करोड ९८ लाख ५९ हजार रुपियाँ छ।*

*यो वर्ष बलात्कारबाट ६, यौन दुर्व्यवहारबाट दुई र बाल विवाहका कारण दुई बालिका पीडित भए। गत वर्ष बलात्कारबाट तीन र यौन दुर्व्यवहारबाट दुई बालिका पीडित भएका थिए। अदालतमा मुद्दा चलेका बालिका बलात्कार र यौन दुर्व्यवहारका आठै घटनामा अन्तिम फैसला भएनन्।*

**बलात्कार, यौन दुर्व्यवहार**

१३ वर्षीया बालिकालाई रसुवा जिल्ला लहरेपौवा गाविस-६ का ३५ वर्षीय धनबहादुर तामाङले २०७२ पुस २१ गते बलात्कार गरेको भन्दै पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २४ गते भयो। पुस २३ गते गिरफ्तार भएका धनबहादुरलाई जिल्ला अदालतले २०७२ माघ १८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ९४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २३, बहुविवाहका पाँच, खान/लाउन नदिएको २१ र सामान्य घरायसी झगडाका ४९ घटना छन्। यीमध्ये ७६ वटामा मिलापत्र भयो भने १० उजुरी कानुनी प्रक्रियामा छन्। आठ उजुरीकर्ता भने सम्पर्कमै आएनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ३ | ३ |
| बहुविवाह | ५ | ५ |
| घरेलु हिंसा | ३ | ३ |
| जम्मा | १२ | १२ |

*सन् २०१५ मा महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहारका घटनामा ८१ जना पीडित भएको अभिलेख गरिएकोमा यो वर्ष त्यस्ता घटनामा १२ जना महिला पीडित भएको अभिलेखित छ। त्यसैगरी गत वर्ष कथित बोक्सीको आरोपमा २ जना, बलात्कारबाट एक जना, बलात्कारको प्रयासबाट तीन जना, बहुविवाहका कारण तीन जना र घरेलु हिंसाबाट ७३ जना पीडित भएकामा यो वर्ष कथित बोक्सीको आरोपमा एक, बलात्कारबाट तीन, बहुविवाहका कारण पाँच र घरेलु हिंसाबाट तीन जना पीडित भएको अभिलेख गरिएको छ।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

७८ वर्षीया महिलालाई २०७३ असार २८ गते साल्मे गाविस-१ का १८ वर्षीय मानसिंह तामाङले बलात्कार गरेको भन्दै पीडित पक्षले २०७३ असार ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। महिलाको असार ३१ गते त्रिशूली अस्पताल, नुवाकोटमा स्वास्थ्य परीक्षण भयो। असार ३१ गते गिरफ्तार भएका मानसिंहलाई जिल्ला अदालतले भदौ २८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**कथित बोक्सीको आरोप**

रालुकादेवी गाविस-१ सतारकी ३० वर्षीया सम्झना भण्डारीलाई सोही ठाउँका १८ वर्षीय सुजन श्रेष्ठले २०७३ कात्तिक ११ गते कथित बोक्सीको आरोपमा दुर्व्यवहार गरेको भन्दै पीडितले २०७३ कात्तिक १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। कात्तिक १२ गते गिरफ्तार भएका सुजनलाई जिल्ला अदालतले मङ्सिर ७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सरकारले भूकम्पपीडितलाई अनुदान उपलब्ध गराउन लालपुर्जा अनिवार्य गरेपछि नुवाकोटमा वर्षौंदेखि रहेका भूमिहीन सरकारी सहयोग पाउनबाट वञ्चित रहे। इन्सेकलगायत जिल्लामा कार्यरत अन्य मानव अधिकार सङ्घ/संस्थाले उठाएको आवाजका कारण सरकारले तत्काल सम्झौताका लागि बाटो खोलिदिए पनि दीर्घकालीनरूपमा समस्या समाधान भने भएको छैन। जिल्लामा ८ हजारभन्दा बढी परिवार वर्षौंदेखि जोतभोग गर्दै आएको जमिन आफ्नो नाममा ल्याउन नसक्दा भूमिहीनका रूपमा बस्न बाध्य भएका छन्। नुवाकोटमा ६ हजार ७ सय २३ परिवार गुठीको जग्गामा बस्दै आएका छन् भने १ हजार ५ सय ४९ परिवार बिर्ताको जग्गामा बस्दै आएका छन्।

जिल्लामा गुठी र बिर्ता गरी ८ हजार २ सय ७२ परिवार भूमिहीन रहेको विभिन्न तथ्याङ्कले देखाएका छन्। तथ्याङ्कअनुसार ५ सय ५१ परिवार सुकुमबासी छन्। घ्याङफेदी, लच्याङ, शिखरबेशी, दुईपीपल र गेर्खु गाविसलगायतमा गोसाइँ-कुण्ड, भैरवी र रामचन्द्रलगायत गुठी छन्। घ्याङफेदीको सिँगै गाविस नै गुठीको नाममा छ। हजारौँ रोपनी जग्गा गुठीको नाममा रहेको र वर्षौंदेखि भोगचलन गर्दै आए पनि मोहीको नाममा जग्गा दर्ता नहुँदा उनीहरू समस्यामा परेका छन्।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, ६४ स्वास्थ्य चौकी, पाँच सामुदायिक स्वास्थ्य क्लिनिक, १ सय ८१ गाउँघर स्वास्थ्य क्लिनिक, चार नगर स्वास्थ्य क्लिनिक र २ सय २४ खोप केन्द्र छन्। २० डक्टरको दरबन्दी रहेकामा १६ कार्यरत छन्। एक स्त्रीरोग विशेषज्ञको दरबन्दी रहेकामा कार्यरत छन्। स्वास्थ्य सहायकको ७२ दरबन्दी रहेकामा ६५ कार्यरत छन्। अहेव १ सय २६ दरबन्दी रहेकामा १ सय ७ कार्यरत छन्। नर्सको १६ दरबन्दी रहेकामा पाँच कार्यरत छन्। अनमी १ सय ३२ दरबन्दी रहेकामा ९१ कार्यरत छन्। ल्याब टेक्निसियनको दुई दरबन्दीमा दुवै रिक्त छन्। मेडिकल रेकर्डर र मेडिकल टेक्नोलोजिस्टको एक दरबन्दीमा रिक्त छ। जिल्ला स्वास्थ्य कार्यालयको बजेट विकास तथा कार्यक्रमतर्फ ३ करोड २५ लाख, प्रशासनिकतर्फ ७ करोड १५ लाख र औषधी खर्चबापतको रकम ४ लाख ८० हजार रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बालविवाह | २ | २ |
| बलात्कार | ६ | ६ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १० | १० |

**महिला अधिकार**

| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| कथित बोक्सीको आरोप | | १ | १ |
| बलात्कार | | ३ | ३ |
| बहुविवाह | | ५ | ५ |
| घरेलु हिंसा | २ | १ | ३ |
| जम्मा | २ | १० | १२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ५ | ५ |

# १.१९ रसुवा



**जम्मा जनसङ्ख्या**
**४२७७३**

**महिला**
**२२००७**

**परिवार सङ्ख्या**
**१०२४८**

**खोलाको पानी पिउने परिवार**
**१०६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१३३२४**

**कामका लागि बाहिरिएका**
**३१०८**

**सबभन्दा बढी जनसङ्ख्या**
**२९१६८ (तामाङ)**

**अपाङ्गता भएका**
**१०१६**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५९.९**

**आश्रित जनसङ्ख्या**
**१८७५८**

***इन्सेकको अभिलेख अनुसार रसुवाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा आठ महिलासहित १२ जना पीडित भएकामा सन् २०१६ मा गैरराज्य पक्षबाट कथित बोक्सोका आरोपमा एक पुरुषको हत्या भयो। अघिल्लो वर्ष रसुवामा हत्याका घटना भएका थिएनन्। यस वर्ष यार्सा गाविस-९ घोर्मु गाउँका ५६ वर्षीय तुलु सार्की थिङलाई कथित बोक्सोको आरोपमा मोसो दलेर कुटपिट गरी जिउँदै आगो लगाएर हत्या गरी खाल्टोमा पुरियो। यस वर्ष महिला अधिकारका घटना पनि तुलनात्मकरूपमा कम भए। गत वर्ष महिला अधिकारका घटनामा तीन जना पीडित भएका थिए। सन् २०१५ मा चार बालिका पीडित भएकामा यस वर्ष तीन बालिका बलात्कार घटनाबाट पीडित भए।***

भूकम्पका कारण आफ्नो गाउँ नै पहिरोको जोखिममा परेकाले रसुवाको हाकु, डाँडागाउँ, राम्चे, धुन्चे, लाङटाङ गाविसका धेरै परिवार विस्थापित भए। हाकु र डाँडागाउँ गाविसका विस्थापितहरू लहरेपौवा गाविस-१ बोगटीटारमा जग्गा भाडामा लिएर डाँडागाउँ क्याम्पमा १ सय ११, हाकु क्याम्पमा ९३, नौबीसेमा १ सय ६७, लहरेपौवा गाविस-८ मा ७० परिवार विस्थापित बसोबास गरिरहेका छन्। यी सबै परिवार लहरेपौवा गाविसका व्यक्तिको व्यक्तिगत जग्गामा मासिक भाडा तिरी बसोबास गरिरहेका छन्। सुरुमा एक वर्षका लागिमात्र भनेर बसोबास गरेका उनीहरूलाई करिव दुई वर्ष पुग्न लाग्दा पनि बसोबासको वैकल्पिक व्यवस्था सरकारले नगरिदिँदा जग्गाधनी र विस्थापितबीच बेलाबेला विवाद बढ्न थालेको छ। जग्गाधनीले उनीहरूलाई ठाउँ छाड्न दबाब दिइरहेका छन्। यस्तो समस्या भोगिरहेका विस्थापितको पुनर्स्थापना हुन सकेको छैन। विस्थापितहरुसँग जग्गाधनी लालपुर्जन नभएका कारण उनीहरूले सरकारसँग अनुदान सम्झौतासमेत गर्न पाएनन्।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ३ | | ३ |
| हत्या | | १ | १ |
| जम्मा | ३ | १ | ४ |

## नागरिक तथा राजनीतिक अधिकार
### सम्मानितरूपले बाँच्ने अधिकार
### हत्या
#### अन्यबाट

यार्सा गाविस-९ का ५६ वर्षीय तुलु सार्की थिङलाई २०७३ वैशाख ४ गते कथित बोक्सोको आरोपमा मोसो दलेर कुटपिट गरी जिउँदै आगो लगाई हत्या गरेर खाल्टोमा पुरेको भन्दै पीडित पक्षले वैशाख ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको २०७३ वैशाख ५ गते उत्खनन गरी काठमाडौँको त्रिवि शिक्षण अस्पताल महाराजगन्जमा पोस्टमार्टम भएको प्रहरीले जनायो। प्रहरीले घटनामा संलग्न भएका आरोपमा सोही ठाउँका मृतकका भतिजा २७ वर्षीय कान्छा शेर्पा, भोर्ले गाविस-२ का ३८ वर्षीय साहिला थिङ, यार्सा गाविस-९ की ४० वर्षीया ल्वाङबुटी तामाङलाई वैशाख १६ गते गिरफ्तार गरेकामा जिल्ला अदालतले २०७३ जेठ १३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यसअघि थिङलाई २०७२ चैत ४ गते आरोपितहरूले कथित बोक्सोको आरोप लगाएर मोसो दलेर कुटपिट गरी अभक्ष खुवाएर दुर्व्यवहार गरेका थिए। उक्त घटना बाहिर ल्याए मार्ने धम्की दिएपछि थिङ असुरक्षित महसुस गरी गाउँ छोडेर मजदुरीका लागि चीनको केरुङ गएका थिए। त्यस बेला डर त्रासका कारण पीडितले कतै उजुरी दिएका थिएनन्। घटनाको इन्सेक नेतृत्वको टोलीले स्थलगत अध्ययन गरी २०७३ भदौ १७ गते जिल्ला सदरमुकाम धुन्चेमा प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद अधिकारी तथा सरोकारवाला निकायको उपस्थितिमा सार्वजनिक गरिएको थियो। घटनापछि विस्थापित भएका मृतक थिङकी पत्नी योमाल्मो तामाङ, छोरी सुप्रिमा तामाङ र छोरा राजेन्द्र तामाङलाई मानव अधिकारकर्मीको पहलमा प्रहरीले २०७३ असार १९ गते गाउँमै पुनर्स्थापित गरायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, १९ कैदी र ७४ थुनुवा गरी ९३ जना छन्। जसमध्ये ६ जना महिला छन्। क्षमताभन्दा झण्डै चौबर बढी कैदी/बन्दी भएकाले पिउने पानी, शौचालय र स्वास्थ्य परीक्षणमा समस्या छ। कारागारमा नाइजेरियाका एक र भारतका दुई गरी तीन जना विदेशी पुरुष बन्दी छन्। २०३३ सालमा बनेको कारागार भवनको अगाडिको भाग २०७२ सालको भूकम्पका कारण ढलेको छ। ढलान भएको उक्त भग्नावशेष अझैसम्म पन्छाउन सकिएको छैन भने बन्दी बस्ने कोठा पनि क्षति भएपछि बन्दीहरू त्रिपालभित्र बस्न बाध्य छन्। सामान्य मर्मत गरे पनि चिसोका कारण उनीहरुको स्वास्थ्यमा समस्या देखापर्न थालेको छ।

यहाँका बन्दी आफैँले टेलिभिजन व्यवस्था गरेका छन्। सिप भएकाहरु बाँसका मुढा तथा नाङ्लो बुन्ने गर्छन्। जिल्लामा स्वास्थ्यकर्मी अभाव रहेकाले नियमित स्वास्थ्य परीक्षण तथा उपचारमा भने समस्या देखिन्छ।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

*जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी चार र फौजदारी ३४ थान छन्। दुई वर्षभन्दा पुरानो फौजदारी मुद्दा एक थान छ।*

## बाल अधिकार
### शिक्षाको अवस्था

जिल्लामा १८ प्रावि, ६० निमावि र १९ मावि छन्। ५ सय ४२ शिक्षक दरबन्दी रहेकामा नौ रिक्त छ। यस वर्ष ६ *हजार २ सय १२* बालक र ६ *हजार ९ सय* ४९ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। ९ *हजार ६ सय ९० दलित बालक र ८ हजार ७ सय दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवारका दुई र द्वन्द्वपीडित परिवारका २ सय ४१ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो। भूकम्पबाट पूर्ण क्षति भएका विद्यालयमध्ये यस वर्ष दुई वटाको भवन निर्माण भएको छ भने १८ वटा निर्माणको चरणमा छन्। नवनिर्मित भवनहरू अपाङ्गमैत्री हुने शिक्षा कार्यालयले जनायो।*

*गत वर्षको तुलनामा यस वर्ष बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा सामान्य कमी आयो। सन् २०१५ मा चार बालिका पीडित भएकामा यस वर्ष तीन बालिका बलात्कार घटनाबाट पीडित*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| जम्मा | ३ | ३ |

भए। बालिका बलात्कार घटनाका दुई पीडितले कहीँ उजुरी दिएनन् भने एक घटनाका आरोपित पुर्पक्षका लागि कारागार चलान भए।

**बलात्कार, यौन दुर्व्यवहार**

१२ वर्षीया एक बालिकालाई २०७३ मङ्सिर २४ गते नुवाकोटको मनकामना गाविस-२ का ३८ वर्षीया सीताराम विश्वकर्माले यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले सोही दिन प्रहरी चौकी वेत्रावतीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण त्रिशूली अस्पताल नुवाकोटमा मङ्सिर २४ गते भयो। सोही दिन गिरफ्तार परेका सीतारामलाई जिल्ला अदालतले २०७३ मङ्सिर २९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसापीडित भन्दै एक महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराइन्। जसमा विवाह दर्ता नगरेको र नागरिकता नबनाइदिएको उल्लेख छ।

यस वर्ष महिला अधिकार उल्लङ्घन भएका घटना जानकारीमै आएनन् जबकि गत वर्ष यस्ता घटनामा तीन महिला पीडित भएका थिए।

**स्वास्थ्य सेवाको अवस्था**

रसुवामा एउटा जिल्ला अस्पताल, १७ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा दुई डक्टरको दरबन्दी रहेकामा दुवै कार्यरत छन्। यसबाहेक पाँच डक्टर करार सेवामा कार्यरत छन्। अहेवको ४० दरबन्दी रहेकामा २३ कार्यरत छन्। अनमी ४० दरबन्दी रहेकामा २७ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १८ करोड ६४ लाख र औषधि खर्चबापतको रकम ८५ लाख रुपियाँ छ। विभागले समयमा नपठाएकाले जिल्ला अस्पताल तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधि अभाव भयो। जिल्ला अस्पताल अझै पालमुनि रहेकाले जिल्लाबाट प्रदान गरिने स्वास्थ्य सेवासमेत प्रभावित भएको छ। भूकम्पपछि जिल्लाको हाकु र लाङटाङ गाविसका स्वास्थ्य चौकीमा औषधि र स्वास्थ्यकर्मी दुवै पुगेका छैनन्। राम्चे, धैबुङ, स्याफ्रुबाहेकका स्वास्थ्य संस्थाको भवन पुनर्निर्माण हुन सकेन।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कार | १ | २ | ३ |
| जम्मा | १ | २ | ३ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | जम्मा |
| हत्या | १ | १ |




# पश्चिमाञ्चल

३.१ तनहुँ

३.२ गोरखा

३.३ लमजुङ

३.४ स्याङ्जा

३.५ कास्की

३.६ मनाङ

३.७ नवलपरासी

३.८ रुपन्देही

३.९ पाल्पा

३.१० कपिलवस्तु

३.११ अर्घाखाँची

३.१२ गुल्मी

३.१३ बाग्लुङ

३.१४ पर्वत

३.१५ म्याग्दी

३.१६ मुस्ताङ

# ३.१ तनहुँ



**जम्मा जनसङ्ख्या**
**३२६७४५**

**महिला**
**१८४६६४**

**परिवार सङ्ख्या**
**८५४८३**

**खोलाको पानी पिउने परिवार**
**४२६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**४७५३५**

**कामका लागि बाहिरिएका**
**४६३८७**

**सबभन्दा बढी जनसङ्ख्या**
**८७०७८ (मगर)**

**अपाङ्गता भएका**
**६६६८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७४.०८**

**आश्रित जनसङ्ख्या**
**१४१३००**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १० | १ | ११ |
| घाइते | | ८ | ८ |
| हत्या | १ | | १ |
| जातीय विभेद | | ३ | ३ |
| महिला अधिकार | ८ | | ८ |
| जम्मा | १९ | १२ | ३१ |

***इन्सेकको अभिलेख अनुसार तनहुँको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रह्यो। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा सन् २०१५ मा २१ महिलासहित २९ जना पीडित भएकामा सन् २०१६ मा १९ महिलासहित ३१ जना पीडित भए। यो वर्ष गैरराज्य पक्षबाट हत्या, बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार जस्ता घटनामा महिला र बालबालिकाको अधिकार उल्लङ्घन भयो। गैरराज्य पक्षबाट एक महिलाको हत्या भयो। त्यसैगरी बाल अधिकार उल्लङ्घनमा १० बालिकासहित ११ जना पीडित भए। महिला अधिकार उल्लङ्घनका घटनामा आठ महिला पीडित भए। अभिलेखित घटना अनुसार बलात्कार घटनामा तीन, बलात्कारको प्रयासमा एक र बहुविवाहमा चार महिला पीडित भएका छन्।***

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ५६ कैदी र ५० बन्दी गरी १ सय ६ जना छन्। कारागारमा महिला र बालबालिका छैनन्। क्षमताभन्दा चार गुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा निकै कठिनाइ छ। सजिलोसँग खान र बस्नै समस्या देखिन्छ। कैदी बन्दीको अधिकांश समय शौचालय र धारामा पालो कुर्दैमा बित्ने गरेको छ। त्यसमाथि खेलकुदका सामान र पुस्तकहरू पर्याप्त नभएकाले पनि समय कटाउन मुस्किल पर्ने गरेको छ। २०२५ सालमा बनेको यो कारागार भवन पुरानो र जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा दरबन्दीअनुसारै दुई न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १८ र फौजदारी पाँच थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय ८ प्रावि, ७३ निमावि र १ सय ८ मावि छन्। २ हजार ७ सय ६९ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष २९ हजार ४ सय ३ बालक र ३३ हजार ५२ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैन। ६ हजार ४ सय ४१ दलित बालक र ७ हजार ३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| बलात्कार | ७ | | ७ |
| यौन दुर्व्यवहार | ३ | | ३ |
| जम्मा | १० | १ | ११ |

*यो वर्ष १० बालिकासहित ११ जना पीडित भए। जसमा बलात्कारबाट सात र यौन दुर्व्यवहारबाट तीन बालिका पीडित भए भने एक बालकलाई विद्यालयमा शारीरिक दण्ड सजाय दिइयो। बलात्कृत हुनेमा तीनदेखि १६ वर्षसम्मका बालिका रहे। अपाङ्ग बालिकासमेत बलात्कार र यौन दुर्व्यवहारमा परे।*

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया छोरीलाई २०७२ चैत २२ गते ३७ वर्षीय बावुले बलात्कार गरेको आरोपमा पीडितकी आमाले चैत ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको सोही दिन जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका बाबुलाई जिल्ला अदालतले असार १४ गते २० वर्ष कैद सजायको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरेको ४२, खान/लाउन नदिएको ५२, विवाह दर्ता नगरेको ६, अर्की पत्नी*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | ४ | ४ |
| बलात्कार | ३ | ३ |
| बलात्कारको प्रयास | १ | १ |
| जम्मा | ८ | ८ |

*ल्याएर हेला गरेको सात घटना छन्। यीमध्ये प्रहरीले ८९ वटामा मिलापत्र गरायो। अरु कानुनी प्रक्रियामा छन्।*

*यो वर्ष विभिन्न घटनामा आठ महिला पीडित भए। जसमा तीन बलात्कृत भए भने एक महिलामाथि बलात्कारको प्रयास भयो। त्यसैगरी चार जना महिला बहुविवाहबाट पीडित भए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया एक युवतीलाई २०७३ साउन २० गते धनुषाको जनकपुर नपा-४ का १९ वर्षीय शुभमविक्रम साहले बन्दीपुर नपा-१ डुम्रेमा बलात्कार गरेको आरोपमा पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। पीडितको जिल्ला स्वास्थ्य कार्यालयमा साउन २१ स्वास्थ्य परीक्षण भयो। सोही दिन गिरफ्तार भएका शुभमलाई जिल्ला अदालतले मङ्सिर ५ गते पाँच वर्ष कैद सजायको फैसला सुनायो।

## स्वास्थ्य सेवाको अवस्था

तनहुँमा तीन अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ४६ स्वास्थ्य चौकी छन्। जिल्लामा सात डक्टरको दरबन्दी रहेकामा पाँच कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेबको १ सय २ दरबन्दी रहेकामा ६२ कार्यरत छन्। अनमीको दरबन्दी १ सय २ रहेकामा ५० कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ५ करोड २१ लाख ४० हजार रुपियाँ रहेकामा औषधि खर्चबापतको बजेट ४० लाख रुपियाँ छ। यस वर्ष जिल्लामा औषधि अभाव रह्यो।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अपूर्ण | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
|---|---|---|---|---|---|
| विद्यालयमा शारीरिक सजाय | | | | १ | १ |
| बलात्कार | ३ | १ | ३ | | ७ |
| यौन दुर्व्यवहार | १ | | २ | | ३ |
| जम्मा | ४ | १ | ५ | १ | ११ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बहुविवाह | ३ | | १ | ४ |
| बलात्कार | २ | १ | | ३ |
| बलात्कारको प्रयास | | | १ | १ |
| जम्मा | ५ | १ | २ | ८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# ३.२ गोरखा



जम्मा जनसङ्ख्या
२६४६३७

महिला
१४८५६२

परिवार सङ्ख्या
७३४२८

खोलाको पानी पिउने परिवार
८०७

गरिबीको रेखामुनि रहेको सङ्ख्या
५४८७५

कामका लागि बाहिरिएका
२८१०४

सबभन्दा बढी जनसङ्ख्या
५३३४२ (गुरुङ)

अपाङ्गता भएका
१२९३७

५ वर्षमाथिको साक्षरता प्रतिशत
६६.०३

आश्रित जनसङ्ख्या
११९३३४

*इन्सेकको अभिलेख अनुसार गोरखाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रह्यो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा गैरराज्य पक्षबाट १९ महिलासहित २० जना पीडित भएकामा सन् २०१६ मा राज्यपक्षबाट १५ जना पुरुष तथा गैरराज्यपक्षबाट २४ महिलासहित ४२ जना पीडित भए। यस अवधिमा बाल अधिकार उल्लङ्घनका घटनामा नौ बालिका बलात्कारबाट र पाँच बालिका यौनजन्य दुर्व्यवहारबाट पीडित भए। महिला अधिकार उल्लङ्घनबाट १० जना पीडित भए। जसमा बलात्कारबाट चार, बलात्कारको प्रयासमा एक, यौन दुर्व्यवहारमा एक, बहुविवाहमा तीन र घरेलु हिंसामा एक महिला पीडित भए।*

२०७२ वैशाखमा आएको भूकम्पले गोरखालाई नै केन्द्रविन्दु बनाएकाले यस जिल्लामा तुलनात्मकरूपमा बढी क्षति भयो। यही कारण ४ सय ७२ जनाले ज्यान गुमाए। १ हजारभन्दा बढी घाइते भए। ६० हजारभन्दा बढी घरमा क्षति भयो। भूकम्पको २० महिना बितिसक्दासमेत जिल्लामा पुनर्निर्माणको कामले गति लिन सकेको छैन। त्यसैले भूकम्पपीडितहरू अझै पनि टहरो र पालमुनि कष्टपूर्वक जीवन गुजारिरहेका छन्। वास्तविक भूकम्पपीडित भएर पनि आफूहरूको नाम लाभग्राहीको सूचीमा समावेश नभएको जनाउँदै १७ हजार ५ सय ४६ जनाले गुनासो फारम भरे। तर पनि कुनै सुनुवाइ नभएको पीडितले बताए। गोरखाका ५८ हजार ५ सय ३ परिवार भूकम्पपीडितको नाम लाभग्राही सूचीमा समावेश भएकामा ५२ हजार ९ सय ८९ जनाको मात्र खातामा पहिलो किस्ताको रकम निकासा भयो।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | राज्यपक्षबाट | |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | पुरुष | जम्मा |
| गिरफ्तारी | | | | ९ | ९ |
| कुटपिट | | | | ३ | ३ |
| बाल अधिकार | १४ | | १४ | | |
| घाइते | | १ | १ | | |
| हत्या | | २ | २ | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | ३ | ३ |
| महिला अधिकार | १० | | १० | | |
| जम्मा | २४ | ३ | २७ | १५ | १५ |

## धम्की/ कुटपिट

### राज्यपक्षबाट

गोरखा नपा-११ अर्बुवाका ७१ वर्षीय थमनसिंह बस्नेत २०७३ असोज ३ गते राति ११ बजे सादा पोशाकमा गस्तीमा रहेका प्रहरीको कुटपिट र यातनाबाट घाइते भए। गोरखा अस्पतालमा उपचार सम्भव नभएपछि थप उपचारका लागि उनलाई शिक्षण अस्पताल, महाराजगन्ज लगिएको थियो। पीडित परिवारका अनुसार छोरा विश्वास राति बाहिर घुमफिर गर्न निस्किएका बेला प्रहरीले सोधखोज गर्ने क्रममा विवाद भएपछि सम्झाउन उनी सो ठाउँ पुगेका थिए। प्रहरीले बिनाकारण यातना दिएको आरोपमा आक्रोशित स्थानीयले प्रहरीको भ्यान तोडफोड गरी सिसासमेत फुटाइदिएका थिए। असोज ४ गते जिल्ला प्रहरी कार्यालयमा भएको छलफलमा घटनामा संलग्न प्रहरीलाई विभागीय कारबाही गर्ने प्रतिबद्धता प्रहरी प्रमुखले व्यक्त गरेका थिए। उनीमाथि विभागीय कारबाही भएको प्रहरीले जनायो।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागार गोरखाको क्षमता ५५ जनाको छ। तर ८५ कैदी र १४ बन्दी गरी ९९ जना छन्। जसमा महिला १२ जना छन्। ३५ जना क्षमताको पुरुष ब्लकमा ८७ जना बस्नुपर्दा सुत्न/बस्नसमेत सकस हुने गरेको छ। यही कारण शौचालयमा पनि लामो समय पालो कुर्नुपर्छ। त्यसैगरी सुत्न र खाना खान पनि पालो लगाउनुपर्ने अवस्था छ। स्वच्छ पिउने पानी अभाव छ भने खेलकुद सामग्री र पुस्तक तथा पत्रपत्रिका पनि नभएकाले समय बिताउन मुस्किल छ।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

मुआब्जा निर्धारणमा असन्तुष्टि जनाउँदै घ्याल्चोक गाविस-९ सिउरिनटारमा २०७३ मङ्सिर १६ गते प्रदर्शनमा उत्रिएका बूढीगण्डकी जलविद्युत् आयोजना प्रभावित स्थानीयबासी र प्रहरीबीच झडप भयो। आयोजनाको घ्याल्चोकस्थित कार्यालयमा स्थानीय प्रदर्शनकारी तालाबन्दी गर्न पुगेपछि प्रहरीले रोक्ने क्रममा झडप भएको थियो। घटनामा तान्द्राङ गाविस-१ का ५४ वर्षीय बलराम पाण्डे, फुजेल गाविसका ४८ वर्षीय मेघनाथ न्यौपाने र धादिङ जिल्ला मैदी गाविस-१ का महाप्रसाद लामिछाने घाइते भए। प्रदर्शनकारीको आक्रमणबाट प्रहरी हवल्दार अन्दाजी ३४ वर्षीय धनसिं




*बूढीगण्डकी जलविद्युत् आयोजना प्रभावित स्थानीय बासिन्दा र प्रहरीबीच भएको झडप*

गुरुङ घाइते भए। घाइते प्रदर्शनकारीको धादिङ बेनिघाटस्थित मेडिकलमा उपचार भयो। स्थिति नियन्त्रणमा लिन प्रहरीले ३४ सेल अश्रुग्याँस प्रहार गरेको थियो। प्रदर्शनकारीले ढुङ्गा प्रहार गर्दा बूढीगण्डकी आयोजना कार्यालयको १४ वटा झ्यालको सिसा फुटेको सो कार्यालयले जनायो। प्रहरीले आरुआर्वाङ गाविस-९ का विकास दाहाल, बोर्लाङ गाविस-७ का नवराज ढकाल, नाम्जुङ गाविस-१ का सुनिल माझी, आरुचनौटे गाविस-१ का ज्ञानबहादुर गुरुङ, बोर्लाङ गाविस-८ का राजन कुमाल, धादिङ खरीका कृष्ण कार्की, दर्वुङका हरि आले, नाम्जुङका दीपेन्द्र पोखरेल र निलकण्ठ नपा-८ का दीपेन्द्रप्रसाद पाण्डेलाई गिरफ्तार गरेकामा मङ्सिर १९ गते सबै रिहा भए। सिउरिनटारमा दिइएको मुआब्जालाई आधार मानेर वार्षिक १० प्रतिशतले मूल्य वृद्धि जोडेर न्यूनतम मूल्य निर्धारण गर्नुपर्ने माग राख्दै प्रभावितहरू आन्दोलनमा उत्रिएका थिए।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी र फौजदारी दुवैतर्फ ७१/७१ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा चार सय ४४ सामुदायिक र ४६ संस्थागत विद्यालय छन्। बाल विकास केन्द्र तीन सय ९३, प्रावि २ सय ६८, निमावि ६३, मावि ५४ र उमावि ५६ वटा छन्। जिल्लामा २ हजार ६ सय २५ शिक्षकको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लाभर ६७ हजार २ सय ४३ विद्यार्थी अध्ययनरत छन्। यस वर्ष प्राविमा ९९.०२, निमाविमा ८३.०४ र माविमा ६२.०६*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ९ | ९ |
| यौन दुर्व्यवहार | ५ | ५ |
| जम्मा | १४ | १४ |

*प्रतिशत खुद भर्ना दर रह्यो। द्वन्द्वपीडित परिवारका ८६ बालबालिकालाई छात्रवृत्ति दिइयो। जिल्लाका सबैजसो विद्यालय २०७३ वैशाख १२ गतेको भूकम्पले भत्किएका छन्। ३ हजार ५२ कक्षा कोठा पूर्ण ध्वस्त छन् भने १ हजार १ सय ८५ कक्षा कोठामा आंशिक क्षति पुगेको छ। तर पनि भूकम्पले भत्किएका चार मावि, चार निमावि र २१ प्राविका भवनमात्र बन्न सके। विद्यालय पुनर्निर्माण नहुँदा अस्थायी टहरोबाट कक्षा सञ्चालन भइरहेको छ जसका कारण बालबालिका गुणस्तरीय शिक्षाबाट वञ्चित हुनुपरेको छ।*

*सन् २०१५ मा बाल अधिकार उल्लङ्घनमा आठ बालिका पीडित भएकामा यो वर्ष १४ बालिका पीडित भए। यस अवधिमा बलात्कारबाट नौ र यौनजन्य दुर्व्यवहारबाट पाँच बालिका पीडित भए। घटनामा चार वर्षीयादेखि १७ वर्षसम्मका बालिका पीडित भए। त्यसमा पनि बोल्न नसक्ने र अपाङ्गता भएका बालिका बढी पीडित भए।*

### बलात्कार, यौन दुर्व्यवहार

६ वर्षीया एक बालिकालाई २०७३ असार २८ गते लमजुङको राइनास नपा-६ स्थायी घर भई हर्नी गाविसमा घुमफिरका लागि आएका ३४ वर्षीय राजन पोखरेलले यौन दुर्व्यवहार गरेको आरोपमा पीडित परिवारले जिल्ला प्रहरी कार्यालयमा असार २९ गते उजुरी दियो। पीडितको असार २९ गते जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण भयो। साउन १६ गते लमजुङबाट गिरफ्तार भएका राजनलाई जिल्ला अदालतले मङ्सिर ४ गते ६ वर्ष कैद फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ६२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटको १३, नागरिकता नबनाएको दुई, अर्को पत्नी ल्याएर हेला गरेको १२ र सामान्य घरायसी झगडाका ३५ घटना छन्। तीमध्ये २९ उजुरीमा मिलापत्र भयो। १२ उजुरी अदालत पठाइयो भने २१ उजुरी कानुनी प्रक्रियामा छन्।*

*यो वर्ष महिला अधिकार उल्लङ्घनका विभिन्न घटनामा १० महिला पीडित भए। गत वर्ष यस्ता घटनामा आठ जना पीडित भएका थिए। यो वर्ष बलात्कारबाट चार जना पीडित भए भने बलात्कारको प्रयासमा एक, यौन दुर्व्यवहारमा एक, बहुविवाहमा तीन र घरेलु हिंसामा एक जना पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | १ | १ |
| बहुविवाह | ३ | ३ |
| बलात्कार | ४ | ४ |
| बलात्कारको प्रयास | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १० | १० |

### बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

४८ वर्षीया एक महिलालाई २०७२ फागुन २९ गते धावा गाविस-८ का ५१ वर्षीय वीरबहादुर तामाङले बलात्कार गरेको आरोपमा पीडित परिवारले फागुन ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको सोही दिन जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण र उपचार भयो। फागुन २९ गते गिरफ्तार भएका वीरबहादुरलाई जिल्ला अदालतले २०७३ असार १२ गते दुई वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### गैरराज्यपक्षबाट

अश्राङ गाविस-७ मा रहेको एनसेलको टावरमा नेत्रविक्रम चन्द नेतृत्वको नेकपा माओवादीले २०७३ जेठ २९ गते दिउँसो आगजनी गरी क्षति पुऱ्यायो। प्रहरीका अनुसार ३/४ जनाको एक समूहले टावरको हाताभित्र प्रवेश गरी जेनेरेटरमा आगो लगाएका थिए। सो सङ्गठनका तत्कालीन जिल्ला इन्चार्ज कृष्ण वाग्लेले एनसेलले राज्यलाई तिर्नुपर्ने कर छलेर अकुत सम्पत्ति आर्जन गरेकाले कर तिराउन सचेत गर्दै टावरमा आगो लगाइएको बताए। आगजनी स्थानमा 'नेकपा माओवादी जिन्दावाद' लेखेको पर्चासमेत भेटिएको थियो। अज्ञात समूहले आगजनी गरी क्षति पुऱ्याएको जनाउँदै एनसेलले जेठ ३० गते जिल्ला प्रहरी

कार्यालयमा उजुरी दियो। घटनामा संलग्नको पहिचान हुन नसकेको डिएसपी वीरेन्द्र थापाले बताए।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, ६६ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। चार डक्टरको दरबन्दी रहेकामा एकमात्र कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेबको दरबन्दी १ सय ४२ रहेकामा १ सय २६ कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ९ करोड ९१ लाख ६१ हजार र औषधि खर्चबापतको रकम ३० लाख रुपियाँ छ। जिल्लामा स्त्री रोग विशेषज्ञ नहुँदा यसको उपचार गर्न बिरामीहरू पोखरा, भरतपुर तथा काठमाडौंस्थित सुविधा सम्पन्न अस्पताल धाउन बाध्य छन्।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ८ | १ | ९ |
| यौन दुर्व्यवहार | १ | ४ | ५ |
| जम्मा | ९ | ५ | १४ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | | १ | | | १ |
| बहुविवाह | २ | | | १ | ३ |
| बलात्कार | ३ | | | १ | ४ |
| बलात्कारको प्रयास | | | १ | | १ |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| जम्मा | ५ | १ | १ | ३ | १० |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | २ |

# ३.३ लमजुङ



**जम्मा जनसङ्ख्या**
**१६४१५७**

**महिला**
**९१०४९**

**परिवार सङ्ख्या**
**४४५३०**

**खोलाको पानी पिउने परिवार**
**१५६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२७८९५**

**कामका लागि बाहिरिएका**
**२११६१**

**सबभन्दा बढी जनसङ्ख्या**
**५२४२१ (गुरुङ)**

**अपाङ्गता भएका**
**४७४५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७१.१**

**आश्रित जनसङ्ख्या**
**७१८९९**

*इन्सेकको अभिलेख अनुसार लमजुङको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार आएन। सन् २०१५ को मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा २५ महिलासहित २६ जना पीडित भएकामा सन् २०१६ मा २५ महिला पीडित भए। यस वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटना भएनन्। गैरराज्य पक्षबाट अघिल्लो वर्ष परिवारजनबाट एक महिलाको हत्या भएकामा यो वर्ष महिला हत्याका घटना भएनन्। महिला अधिकारतर्फ यस वर्ष घरेलु हिंसाबाट १७, बहुविवाह घटनाबाट दुई र बलात्कार घटनामा एक महिला पीडित भए। गत वर्ष महिला अधिकारतर्फ १८ जना पीडित भएका थिए। बाल अधिकार उल्लङ्घनतर्फ चार बालिका बलात्कार घटनामा पीडित भए भने एक बालिका बेचबिखनको घटनाबाट पीडित भइन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | ५ | ५ |
| महिला अधिकार | २० | २० |
| जम्मा | २५ | २५ |

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ६२ कैदी छन्। जसमा पाँच जना महिला छन्। क्षमताभन्दा बढी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०२८ सालमा निर्माण भएको यो कारागारका बन्दीलाई क्यारेमबोर्ड, चेस, लुँडो जस्ता खेलकुद सामग्री प्रदान गरिए पनि पर्याप्त छैन। उनीहरूले पत्रपत्रिका अध्ययन गर्न नपाएको पनि बताए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीशको दरबन्दीसहित जिल्ला अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ९९ र फौजदारी १ सय २० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार
### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ४४ प्रावि, ३१ निमावि र ७९ मावि छन्। २ हजार ३३ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष २९ हजार ८ सय ९४ बालबालिका विद्यालय भर्ना भए। तीमध्ये १४ हजार ४ सय ३९ बालक र १५ हजार ४ सय ५५ बालिका थिए। जिल्लाका ७ हजार १ सय ७६ दलित छात्रछात्रालाई १० लाख ७ हजार रुपियाँ छात्रवृत्ति उपलब्ध गराइयो। लमजुङमा अपाङ्गमैत्री विद्यालय छैनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | १ | १ |
| बलात्कार | ४ | ४ |
| जम्मा | ५ | ५ |

*गत वर्ष बाल अधिकारको घटनामा ६ जना पीडित भएकामा यस वर्ष पाँच जना पीडित भए। यस वर्ष बाल अधिकार उल्लङ्घनतर्फ चार बालिका बलात्कार घटनामा पीडित भए। एक बालिका बेचबिखनको घटनाबाट पीडित भइन्।*

### बलात्कार, यौन दुर्व्यवहार

चार वर्षीया एक बालिकालाई २०७३ वैशाख ३ गते राइनास नपा-१ का ५० वर्षीय कृष्णबहादुर नेपालीले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण वैशाख ४ गते बेसीशहर सामुदायिक अस्पतालमा भयो। वैशाख ६ गते गिरफ्तार भएका कृष्णबहादुरलाई जिल्ला अदालतले वैशाख १६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका १८, घर निकाला गरिएका १२, अर्की पत्नी ल्याएर हेला गरेको तीन र सामान्य घरायसी झगडाका सात घटना छन्। यीमध्ये ३० वटामा मिलापत्र भयो भने तीन उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | १७ | १७ |
| बहुविवाह | २ | २ |
| बलात्कार | १ | १ |
| जम्मा | २० | २० |

*गत वर्षको तुलनामा यस वर्ष महिला अधिकारका घटनामा पीडित हुनेको सङ्ख्या बढ्यो। महिला अधिकारतर्फ यस वर्ष घरेलु हिंसाबाट १७, बहुविवाह घटनाबाट दुई र बलात्कार घटनामा एक महिला पीडित भए। गत वर्ष १८ महिला पीडित भएका थिए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६३ वर्षीया एक महिलालाई २०७३ साउन ३ गते रामपुर गाविस-८ घर भई सुन्दरबजार नपामा ज्याला मजदुरी गर्दै आएका ३० वर्षीय अजय भन्ने सन्तोष सुवेदीले बलात्कार गरेको भन्दै पीडित पक्षले साउन ४ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। पीडितको स्वास्थ्य परीक्षण बेसीशहर सामुदायिक अस्पतालमा साउन ४ गते भयो। यो वर्षको अन्त्यसम्म आरोपित  फरार रहेको प्रहरीले जनायो।

## आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार
### गैरराज्यपक्षबाट

हिलेटक्सार गाविस-४ स्थित एनसेलको टावरमा २०७३ जेठ २९ गते राति नेकपा माओवादी (विप्लव) समूहका कार्यकर्ताले आक्रमण गरी क्षति पुऱ्याए। आक्रमणबाट पच्चीस लाख रुपियाँ बराबरको क्षति भएको एनसेल कार्यालयले जनायो। घटनामा संलग्न भएको आरोपमा उक्त पार्टीका जिल्ला कमिटी सदस्यद्वय चिती गाविस-७ निवासी ५२ वर्षीय गोविन्द तिवारी र सोही गाविस-२ निवासी ४८ वर्षीय विक्रम पन्तलाई प्रहरीले गिरफ्तार गरेकोमा असार २६ गते साधारण तारेखमा रिहा भए।

## स्वास्थ्य सेवाको अवस्था

लमजुङमा एक जिल्ला अस्पताल, ५७ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन जना डक्टरको दरबन्दी रहेकामा एक

जना कार्यरत छन्। जिल्लामा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको १ सय १० दरबन्दी रहेकामा ६६ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड ५० लाख २४ हजार ४ सय ३४ रुपियाँ रहेकामा औषधि खर्चबापत ३२ लाख रुपियाँ छ। जटिल अवस्थाका बिरामी उपचारका लागि पोखरा, चितवन र काठमाडौं जानुपर्ने बाध्यता छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| **बालबालिका बेचबिखन** | १ | | १ |
| **बलात्कार** | | ३ | ३ |
| **जम्मा** | १ | ३ | ४ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| **घरेलु हिंसा** | १४ | ३ | | १७ |
| **बहुविवाह** | | २ | | २ |
| **बलात्कार** | | १ | | १ |
| **जम्मा** | १४ | ६ | | २० |

# ३.४ स्याङ्जा



**जम्मा जनसङ्ख्या**
**२७८६८८**

**महिला**
**१५९३३७**

**परिवार सङ्ख्या**
**७०६०८**

**खोलाको पानी पिउने परिवार**
**४०५**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**३३९०९**

**कामका लागि बाहिरिएका**
**५०४७६**

**सबभन्दा बढी जनसङ्ख्या**
**८९२९१ (ब्राम्हण पहाड)**

**अपाङ्गता भएका**
**४४५१**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७६.६**

**आश्रित जनसङ्ख्या**
**१२१८२३**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | १३ | १३ |
| महिला अधिकार | ७ | ७ |
| जम्मा | २० | २० |

***इन्सेकको अभिलेख अनुसार स्याङ्जाको मानव अधिकार स्थिति अघिल्लो वर्षको तुलनामा केही राम्रो रह्यो। सन् २०१५ मा २४ जना पीडित भएकामा यो वर्ष मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २० जना पीडित भए। बाल अधिकार उल्लङ्घनका घटनामा गत वर्ष १२ जना पीडित भएकामा यस वर्ष १३ जना पीडित भए। गत वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा ११ जना पीडित भएका थिए भने यस वर्ष ७ जना पीडित भए।***

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ३५ जनाको छ। तर ७२ कैदी र ३८ थुनुवा गरी १ सय १० जना छन्। जसमध्ये सात महिला छन्। ६५ वर्षमाथिका ८ पुरुष पनि छन्। क्षमताभन्दा तीन गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा निकै समस्या छ। बन्दीको सङ्ख्या बढी भएकाले भवनमा नअटाएकाले अस्थायी टहरा बनाएर राखिएको छ। जसले गर्दा चिसो मौसम र वर्षामा सुत्न र बस्नसमेत समस्या छ। यो कारागारमा तीनवटामात्र शौचालय छन्। जसले गर्दा थप समस्या सिर्जिएको छ। पुस्तकालयमा पनि पर्याप्त पुस्तक छैनन्। २०३७ सालमा निर्माण भएको यो कारागारको भवन पुरानो र जीर्ण छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एउटा जिल्ला अदालत छ। दुई न्यायाधीशको दरबन्दी रहेकामा एकमात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय ४५ र फौजदारी ३४ थान छन्। दुई वर्ष पुराना मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ६१ प्रावि, ७० निमावि,*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १२ | १२ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १३ | १३ |

*८४ मावि र ८६ उमावि छन्। २ हजार ५ सय ९९ शिक्षक दरबन्दी रहेकामा ३ सय ९५ रिक्त छ। यस वर्ष ३१ हजार ६ सय ९४ बालक र ३१ हजार १ सय ९० बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। १० हजार ६ सय ८७ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका १० बालबालिकालाई छात्रवृत्ति दिइयो।*

*यो वर्ष जिल्लामा बाल अधिकार उल्लङ्घनका घटनामा १३ बालिका पीडित भए। जसमा बलात्कारबाट १२ र यौन दुर्व्यवहारबाट एक छन्। गत वर्ष बलात्कारका घटनामा चार र यौन दुर्व्यवहारबाट आठसहित १२ बालिका पीडित भएका थिए।*

### बलात्कार, यौन दुर्व्यवहार

दुई वर्षीया एक बालिकालाई २०७२ फागुन १० गते चापाकोट गाविस-८ का ५५ वर्षीय सन्तबहादुर बिकले बलात्कार गरेको आरोपमा पीडित परिवारले फागुन ११ गते वडा प्रहरी कार्यालय वालिङमा उजुरी दिए। पीडितको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। फागुन १८ गते गिरफ्तार भएका सन्तलाई जिल्ला अदालतले २०७३ भदौ १६ गते १६ वर्ष कैद र पीडितलाई ५० हजार रुपियाँ भराउने फैसला गऱ्यो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ७७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २६, खान/लाउन नदिएको २३, विवाह दर्ता र नागरिकता नबनाएको १०, अर्की श्रीमती ल्याएर हेला गरेको २५, सामान्य घरायसी झगडाका ९३ घटना छन्। यीमध्ये १ सय ६ वटामा मिलापत्र भयो। १६ उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | २ | २ |
| बलात्कार | ४ | ४ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ७ | ७ |

इन्सेकको अभिलेख अनुसार महिला अधिकार उल्लङ्घनका घटना भने यो वर्ष कम भए। सन् २०१५ मा ११ महिला पीडित भएकामा यो वर्ष सात महिला विभिन्न प्रकारका हिंसाबाट पीडित भए। जसमा बलात्कारबाट चार, यौन दुर्व्यवहारबाट एक र घरेलु हिंसाबाट दुई जना छन्।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४५ वर्षीया एक महिलालाई २०७३ असार ९ गते पुतलीबजार नपा-५ बस्दै आएका सुर्खेतका ३५ वर्षीय खड्कबहादुर रोकायाले बलात्कार गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालयमा असार १० गते उजुरी दिइन्। पीडितको सोही दिन जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण भयो। असार १० गते गिरफ्तार भएका खड्कलाई जिल्ला अदालतले साउन ४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### स्वास्थ्य सेवाको अवस्था

स्याङ्जा जिल्लामा दुई अस्पताल, ६३ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा नौ डक्टरको दरबन्दी रहेकामा ६ कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। जिल्लामा अहेवको १ सय ३४ दरबन्दी रहेकामा १ सय १४ कार्यरत छन्। त्यस्तै १ सय ३२ अनमीको दरबन्दी रहेकामा १ सय २० कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ५ करोड र औषधि खर्चबापतको रकम ४५ लाख रुपियाँ छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | ५ | ७ | १२ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | ५ | ८ | १३ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | २ | | २ |
| बलात्कार | | ४ | ४ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | २ | ५ | ७ |

# ३.५ कास्की



**जम्मा जनसङ्ख्या**
**५४५४२४**

**महिला**
**२८४६८६**

**परिवार सङ्ख्या**
**१४६८९९**

**खोलाको पानी पिउने परिवार**
**४८२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१९३३०**

**कामका लागि बाहिरिएका**
**५७३०५**

**सबभन्दा बढी जनसङ्ख्या**
**१३६८३४ (ब्राम्हण पहाड)**

**अपाङ्गता भएका**
**९२१९**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८२.०४**

**आश्रित जनसङ्ख्या**
**१९६५१९**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १७ | २ | १९ |
| हत्या | ५ | ३ | ८ |
| जातीय विभेद | २ | ५ | ७ |
| महिला अधिकार | १३ | | १३ |
| जम्मा | ३७ | १० | ४७ |

***इन्सेकको अभिलेख अनुसार कास्कीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भयो। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाबाट सन् २०१५ मा गैरराज्य तर्फबाट ५२ महिलासहित ५५ जना पीडित भएकामा सन् २०१६ मा ३७ महिलासहित ४७ जना पीडित भए। राज्य पक्षबाट गतवर्ष चार महिला र १९ पुरुष गरी २३ जना पीडित भएको अभिलेख गरिएकोमा सन् २०१६ मा राज्य पक्षबाट भएका मानव अधिकार हननका घटना इन्सेकमा अभिलेख भएनन्। यस वर्ष आफ्नै परिवारका सदस्यबाट बालिका बलात्कारको घटना सार्वजनिक भयो भने विदेशी नागरिकबाट भएका यौन दुराचारमा एकसहित दुई जना बालक पीडित भए। यो वर्ष १९ बालबालिका र १३ महिला मानव अधिकार उल्लङ्घनका घटनाबाट पीडित भए।***

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय जनाको छ। तर ५ सय ९६ कैदी र १ सय २३ जना थुनुवा गरी ७ सय १९ जना छन्। जसमध्ये ४९ महिला छन्। कारागारमा एक तीन वर्षीय आश्रित बालकसमेत छन्। २०२२ सालमा बनेको कास्की जिल्ला कारागारको एउटा भवन पुरानो र जीर्ण छ भने एक नयाँ भवन भर्खरै बनेको छ। क्षमताभन्दा बढी कैदी/बन्दी रहेकाले व्यवस्थापनमा समस्या छ भने कैदी/बन्दीको दैनिकीसमेत प्रभावित भएको छ। यहाँ पत्रपत्रिका, टिभी, खेलकुदका सामग्री जस्ता सुविधाचाहिँ उपलब्ध छन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा ६ न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष बाँकी रहेका मुद्दामा देवानी ५ सय ८५ र फौजदारी ७ सय २१ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी चार र फौजदारी तीन थान छन्।

यसैगरी आठ न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा तीन जना कार्यरत छन्। उच्च अदालतमा फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ सय ५९ र फौजदारी २ सय ९९ थान छन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ५२ आधारभूत र १ सय १८ मावि छन्। २ हजार ७ सय २४ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष जिल्लामा २८ हजार ६ सय ६५ जना छात्र र ३० हजार ६ सय ७ छात्रा विद्यालय भर्ना भए। जिल्लामा करिब ६० अपा मैत्री विद्यालय छन्। यस वर्ष १३ हजार २ सय २१ दलित छात्र र १२ हजार ९ सय ५५ दलित छात्रालाई छात्रवृत्ति प्रदान गरियो। यसैगरी २ जना शहीद परिवार र २ सय ५६ जना द्वन्द्वपीडित परिवारका छात्रछात्रालाई पनि छात्रवृत्ति प्रदान गरियो। जिल्लाका सबै विद्यालयमा शौचालय सुविधा छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | १ | | १ |
| बलात्कार | १३ | | १३ |
| यौन दुर्व्यवहार | ३ | २ | ५ |
| जम्मा | १७ | २ | १९ |

*यो वर्ष १९ बालबालिकाको अधिकार उल्लङ्घन भयो। अघिल्लो वर्ष २७ बालबालिका पीडित भएका थिए। यस वर्ष जिल्लामा एक बालिका बाल विवाहको घटनामा, १३ बालिका बलात्कारको घटनामा र पाँच जना बालबालिका यौन दुर्व्यवहारका घटनामा पीडित भए। तीनदेखि १५ वर्षसम्मका बालबालिका बलात्कार र यौन दुराचारका घटनामा पीडित बने।*

#### बलात्कार, यौन दुर्व्यवहार

*५ वर्षीया बालिकालाई २०७२ पुस २३ गते बलात्कार प्रयास गरेको आरोपमा लमजुङको इशानेश्वर गाविस-१ घर भई हाल लेखनाथ नपा-१ बस्ने ३१ वर्षीया होमनाथ सोतीविरुद्ध पीडित पक्षले पुस २४ गते जाहेरी दियो। पीडितको स्वास्थ्य परीक्षण पुस २४ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। पुस २६ गते गिरफ्तार भएका होमनाथलाई जिल्ला अदालतले ०७३ असार ५ गते ११ वर्ष कैद र पीडितलाई ५० हजार भराउने फैसला सुनायो।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यस वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ९४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पतिले खान/लाउन नदिएको, मादक पदार्थ सेवन गरी शारीरिक र मानसिक यातना दिएको, नागरिकता र विवाह दर्ता जस्ता आवश्यक कागजपत्र नबनाइदिएकोलगायतका उजुरी छन्। यीमध्ये १ सय ३५ वटामा मिलापत्र भयो। ६३ उजुरी मेलमिलापका लागि अदालत पठाइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | १ | १ |
| बहुविवाह | ३ | ३ |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| महिला बेचबिखन | ५ | ५ |
| जम्मा | १३ | १३ |

*यो वर्ष कास्कीमा १३ महिला गैरराज्य पक्षबाट गराइएका विभिन्न घटनामा पीडित भए। सन् २०१५ मा २५ महिला हिंसापीडित भएका थिए। यो वर्ष बलात्कारका घटनामा तीन महिला पीडित भए भने यौन दुर्व्यवहारका घटनामा एक महिला पीडित भए। बेचबिखन तथा ओसारपसारका घटनामा पाँच, घरेलु हिंसाका घटनामा एक र बहुविवाहका घटनामा तीन जना पीडित भए। अघिल्लो वर्ष बलात्कारका घटनामा पाँच, बलात्कार प्रयासका घटनामा तीन, बहुविवाहका घटनामा नौ र महिला बेचबिखनका घटनामा आठ जना पीडित भएका थिए।*

#### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया महिलालाई २०७३ जेठ १७

*गते* ६३ वर्षीय *ससुराले* बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ १९ गते *जिल्ला प्रहरी कार्यलयमा* उजुरी दियो। सोही उजुरीका आधारमा आरोपितलाई प्रहरीले जेठ १९ गते नै गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा जेठ १९ गते भयो। जिल्ला अदालतको ०७३ पुस २१ गतेको फैसलाले बलात्कारको अभियोगमा पाँच र हाडनाताको थप पाँच वर्ष गरी आरोपितलाई १० वर्ष कैद र ३० हजार रुपियाँ जरिबाना भराउने आदेश सुनायो।

## स्वास्थ्य सेवाको अवस्था

कास्कीमा एउटा अञ्चल अस्पताल, ४४ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा तीनै जना कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी चार रहेकामा तीन कार्यरत छन्। अहेबको दरबन्दी ९७ रहेकामा ७९ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड ९५ लाख ६१ हजार ८ सय ४८ र औषधि खर्चबापतको रकम ६१ लाख ९६ हजार ४ सय २० रुपियाँ छ। अञ्चल अस्पताल समेत गरी १ सय २३ जना डाक्टरको दरबन्दी रहेकोमा हाल जिल्लामा ९९ जना डाक्टर कार्यरत रहेका छन्।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बालविवाह | | १ | १ |
| बलात्कार | ५ | ८ | १३ |
| यौन दुर्व्यवहार | २ | ३ | ५ |
| जम्मा | ७ | १२ | १९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | | | | १ | १ |
| बहुविवाह | | | १ | २ | ३ |
| बलात्कार | १ | | | २ | ३ |
| यौन दुर्व्यवहार | | | | १ | १ |
| महिला बेचबिखन | | १ | | १ | २ |
| जम्मा | १ | १ | १ | ७ | १० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | ७ | ७ |

# ३.६ मनाङ



जम्मा जनसङ्ख्या
५६१८

महिला
२३९४

परिवार सङ्ख्या
१३७६

खोलाको पानी पिउने परिवार
४

गरिबीको रेखामुनि रहेको सङ्ख्या
२१५०

कामका लागि बाहिरिएका
२७९

सबभन्दा बढी जनसङ्ख्या
३४२६ (गुरुङ)

अपाङ्गता भएका
२०४

५ वर्षमाथिको साक्षरता प्रतिशत
७४.८

आश्रित जनसङ्ख्या
१७४७

*मि + थेवा = मिथेवा गुरुङ भाषाको शब्द। मि = मान्छे, थेवा = ठूलो अर्थात् ठूलो मान्छे। गाउँलेको जमघटबाट गाउँको ठूलो मान्छे छान्ने प्रथालाई मिथेवा प्रथा भनिन्छ। हिमालपारिको जिल्ला मनाङमा प्रचलित यो मिथेवा प्रथामा गाउँका सबै समस्या गाउँमै मिलाइन्छ। खासगरी सदरमुकाम चामेभन्दा माथिका सात गाविस र तिब्बतसँग सिमाना जोडिएका अति विकट मानिने नार र फु गाविसमा मिथेवा प्रथा प्रचलनमा छ। हरेक वर्ष गाउँका भद्रभलाद्मी र सर्वसाधारण एक ठाउँमा जमघट भई त्यो वर्षका लागि मिथेवा छान्ने चलन छ। गाउँका हरेक सुखदुःख र समस्या मिथेवा प्रथाअन्तर्गत समाधान गरिनु यो प्रथाको प्रमुख विशेषता हो। मिथेवा प्रथाबाट गाउँका समस्या समाधान गरिने भएकाले नै यो समाजमा हुने गरेका मानव अधिकार उल्लङ्घनका घटना न्यायिक/अर्धन्यायिक निकायसम्म नआइपुगेका हुन्। त्यसैले मनाङमा मानव अधिकार उल्लङ्घनका घटना र त्यसमा आबद्ध पीडक/पीडितको सङ्ख्या एकिन गर्नु सहज छैन। गत वर्षजस्तै यस वर्ष पनि यस जिल्लामा मानव अधिकार उल्लङ्घनका घटना इन्सेकमा अभिलेख भएन।*

### कारागार र बन्दी

मनाङमा रहेको कारागार श्रेणीबिहीन हो। यस कारागारमा नौ पुरुष कैदी छन्। खेलकुद सामग्री भए पनि पर्याप्त छैन।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ र फौजदारी १ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २९ विद्यालय छन्। २ सय शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष ८ सय १० विद्यार्थी अध्ययनरत छन् जसमा ४ सय ६ बालिका छन्। यस जिल्लामा दलित बालबालिकाका लागि १० हजार ५ सय रुपियाँ छात्रवृत्ति छुट्याइएको छ। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ८ करोड ८५ लाख रुपियाँ छ। अधिकांश विद्यालयमा शौचालय सुविधा छ। जिल्लाभर अपाङ्गमैत्री विद्यालय छैनन्।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै महिला तथा बालबालिका सेवा केन्द्रमा कुनै महिलाले उजुरी दर्ता गराएनन्। गत वर्ष पनि यस्ता उजुरी परेका थिएनन्। यो केन्द्रमा दर्ता नभए पनि महिला अधिकार उल्लङ्घनका अन्य घटना पनि सार्वजनिक भएनन्।*

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, १३ स्वास्थ्य चौकी र २ सामुदायिक स्वास्थ्य एकाइ छन्। जिल्लामा २ डक्टरको दरबन्दी रहेकामा एक कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। जिल्लामा २८ अहेवको दरबन्दी रहेकामा १२ मात्रै कार्यरत छन्। त्यस्तै २९ अनमीको दरबन्दी रहेकामा ११ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको बजेट १ करोड ९३ लाख र औषधि खर्चबापतको रकम १३ लाख रुपियाँ छ। जिल्लामा स्त्री रोग विशेषज्ञ नहुँदा स्त्री रोग उपचारमा समस्या हुने गरेको र बिरामीहरू यस्तो उपचारका लागि पोखरा, भरतपुर तथा काठमाडौँ पुगी खर्चिलो सेवा लिन बाध्य छन्।

# ३.७ नवलपरासी



**जम्मा जनसङ्ख्या**
**६७९२९३**

**महिला**
**३६४८१३**

**परिवार सङ्ख्या**
**१४३४६९**

**खोलाको पानी पिउने परिवार**
**२७४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१०८७९४**

**कामका लागि बाहिरिएका**
**६५३३५**

**सबभन्दा बढी जनसङ्ख्या**
**११२५५९ (ब्राम्हण पहाड)**

**अपाङ्गता भएका**
**१०८७३**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७०.८**

**आश्रित जनसङ्ख्या**
**२७४२८२**

*इन्सेकको अभिलेख अनुसार नवलपरासीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भयो। सन् २०१५ मा गैरराज्य पक्षबाट ६५ महिलासहित ८८ जना पीडित भएकामा सन् २०१६ मा ३६ महिलासहित ६१ जना पीडित भए। यसैगरी यो वर्ष राज्य पक्षबाट चार महिलासहित २३ जना पीडित भए। अघिल्लो वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनमा २८ जना पुरूष पीडित भएका थिए।*

*बाल अधिकारतर्फ सन् २०१६ मा बलात्कार १३ र यौन दुर्व्यवहार घटनामा दुई, हत्याको प्रयासमा एक, बेचबिखनमा एक, विद्यालयमा गरिएको सजायको घटनामा दुई र नवजात शिशु हत्या घटनामा एक जना पीडित भए। सन् २०१५ मा बलात्कारका घटनामा ११ जना र बहुविवाहका घटनामा सात महिला पीडित भएका थिए। महिला अधिकारतर्फ यस वर्ष घरेलु हिंसाका घटनामा सात बहुविवाहका घटनामा तीन, बलात्कारका घटनामा तीन र बलात्कार प्रयासमा एक र बेचबिखनको घटनामा एक जना महिला पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अपहरण | १ | १ | २ | | | |
| कुटपिट | | ४ | ४ | | १ | १ |
| बाल अधिकार | १७ | ३ | २० | | | |
| घाइते | | १ | १ | | | |
| हत्या | ३ | ७ | १० | | | |
| भुमिहीन सुकुम्बासी समस्या | | ८ | ८ | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | ४ | १८ | २२ |
| धम्की | | १ | १ | | | |
| महिला अधिकार | १५ | | १५ | | | |
| जम्मा | ३६ | २५ | ६१ | ४ | १९ | २३ |

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय ३० जनाको छ। तर २ सय पुरूष र ३४ महिला कैदी तथा १ सय ४ पुरूष र १६ महिला बन्दी गरी ३ सय ५४ जना छन्। कारागारमा २ आश्रित बालक र ३ बालिका पनि छन्। कैदी/बन्दीलाई समय व्यतीत गर्न क्यारेमबोर्ड, चेस, लुडो जस्ता खेल सामग्री प्रदान गरिएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा पाँच न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यो वर्ष फैसला हुन बाँकी मुद्दामध्ये फौजदारी १०० र देवानी ८ सय ३९ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ४७ प्रावि, १ सय ११ निमावि र १ सय २७ मावि गरी ४ सय ८५ विद्यालय छन्। उच्चमावि ८९ वटा छन्। धार्मिक विद्यालयतर्फ प्रावि ३२, निमावि ५ र मावि २ गरी ३९ वटा छन्। जिल्लामा ४२ मदरसा, ४ गुरुकूल र एक गुम्बा छ। ३ हजार १४ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा छात्रवृत्ति प्राप्त गर्ने द्वन्द्वपीडित छात्रछात्रा ६२, अनाथतर्फ ३, सीमान्तकृततर्फ १५ सय र अपाङ्गता भएका १ सय १८ जना छन्। जिल्लामा ५२ हजार ४ सय ४३ छात्र र ४६ हजार ७ सय ७० छात्रा प्राविदेखि मावि तहसम्म अध्ययनरत छन्। अपाङ्गमैत्री विद्यालय छैनन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १ अर्ब ६१ करोड ५२ लाख ११ हजार रुपियाँ छ।*

*यो वर्ष चारदेखि १७ वर्षसम्मका १३ बालिका बलात्कारका घटनामा पीडित भए। अघिल्लो वर्ष २१ बालिका बलात्कारका घटनामा पीडित भएका थिए। एक बालकलाई विद्यालय हाताभित्रैबाट अपहरण प्रयास गरियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| हत्याको प्रयास | | १ | १ |
| बालबालिका बेचबिखन | १ | | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | १ | २ |
| नवजात शिशुको हत्या | | १ | १ |
| बलात्कार | १३ | | १३ |
| यौन दुर्व्यवहार | २ | | २ |
| जम्मा | १७ | ३ | २० |

### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई बडहरा दुवौलिया गाविस-३ का भुल्लन भन्ने ४२ वर्षीय आधारे यादवले २०७३ असोज २८ गते यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले २०७३ असोज ३० गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण असोज ३० गते जगन्नाथपुर स्वास्थ्य केन्द्रमा भयो। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५ सय ८८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। यी उजुरीमध्ये ४१ वटा कानुनी प्रक्रियामा छन् भने ५ सय ४७ मा मिलापत्र भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ७ | ७ |
| बहुविवाह | ३ | ३ |
| बलात्कार | ३ | ३ |
| बलात्कारको प्रयास | १ | १ |
| महिला बेचबिखन | १ | १ |
| जम्मा | १५ | १५ |

*यो वर्ष भएका विभिन्न घटनामा १५ महिला पीडित भए। गत वर्ष कथित बोक्सीको आरोपमा तीन महिला पीडित भएकामा यो वर्ष त्यस्ता घटना भएनन्। गत वर्ष बलात्कारका घटनाबाट ११ महिला पीडित भएकामा यो वर्ष त्यस्ता घटनाबाट तीन महिला पीडित बने। बहुविवाहका घटनामा तीन, बलात्कार प्रयास र बेचबिखनका घटनामा एक/एक महिला पीडित भए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४८ वर्षीया महिलालाई कावासोती नपा-४ निवासी २२ वर्षीय सन्तोष चौधरीले २०७२ माघ ३ गते बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन

इलाका प्रहरी कार्यालय, नवलपुरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण २०७२ माघ ३ गते नै दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रमा भयो। सोही दिन गिरफ्तार परेका सन्तोषलाई जिल्ला अदालतले २०७३ भदौ १४ गते तीन वर्ष कैद सजायको फैसला सुनायो।

## स्वास्थ्य सेवाको अवस्था

नवलपरासीमा दुई अस्पताल, ६ प्राथमिक स्वास्थ्य केन्द्र र ६० स्वास्थ्य चौकी छन्। २२ जना डक्टरको दरबन्दी रहेकामा १२ जना कार्यरत छन्। १० डक्टर करारमा छन्। ७५ हेल्थ असिस्टेन्टको दरबन्दीमा २९ कार्यरत छन्। त्यसैगरी १ सय ४५ अनमी दरबन्दीमध्ये १ सय जना कार्यरत छन्। २ सय २४ अहेब दरबन्दीमध्ये १ सय ४९ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २१ करोड ७१ लाख १५ हजार ८ सय रुपियाँ छ।

### सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्धा टुङगिएका | मिलापत्र | अपूण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| हत्याको प्रयास | | | | १ | १ |
| बालबालिका बेचबिखन | | | | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | १ | | | २ |
| नवजात शिशुको हत्या | | | १ | | १ |
| बलात्कार | ३ | | | १० | १३ |
| यौन दुर्व्यवहार | १ | | १ | | २ |
| जम्मा | ५ | १ | २ | १२ | २० |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | अपूर्ण | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
|---|---|---|---|---|---|---|
| घरेलु हिंसा | २ | २ | | १ | २ | ७ |
| बहुविवाह | ३ | | | | | ३ |
| बलात्कार | १ | | | २ | | ३ |
| बलात्कारको प्रयास | | | १ | | | १ |
| महिला बेचबिखन | | | | १ | | १ |
| जम्मा | ६ | २ | १ | ४ | २ | १५ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अपूर्ण | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| हत्या | २ | १ | १ | ५ | ९ |

# ३.८ रूपन्देही



**जम्मा जनसङ्ख्या**
**९६०४११**

**महिला**
**४९५८३६**

**परिवार सङ्ख्या**
**१८७०३८**

**खोलाको पानी पिउने परिवार**
**४१**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१५११७१**

**कामका लागि बाहिरिएका**
**६२९०४**

**सबभन्दा बढी जनसङ्ख्या**
**१४०२४९ (ब्राम्हण पहाड)**

**अपाङ्गता भएका**
**९८९०**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६९.८**

**आश्रित जनसङ्ख्या**
**३८४६४३**

***इन्सेकको अभिलेख अनुसार रूपन्देहीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भएन। सन् २०१५ मा यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३५ महिलासहित ५२ जना पीडित भएकामा सन् २०१६ मा पीडितको सङ्ख्या बढेर १ सय ४९ जना पुग्यो। यस वर्ष जिल्लामा राज्य पक्षबाट एक पुरुषलाई कुटपिट गरेको घटना सार्वजनिक भयो। गत वर्ष राज्य पक्षबाट चार महिला र ६ पुरुष पीडित भएका थिए। अघिल्लो वर्ष गैरराज्य पक्षबाट दुई महिला र चार पुरुषको हत्या भएको र राज्य पक्षबाट तीन महिला र चार पुरुषको हत्या भएकामा यो वर्ष गैरराज्य पक्षबाट ६ महिला र पाँच पुरुषको हत्या भयो। यो वर्ष परिवारबाटै दुई पुरुष र एक महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा २८ बालिका पीडित भए। महिला अधिकार उल्लङ्घनबाट १ सय ७ जना पीडित भए।***

सरकारले २०७३ मङ्सिर १४ गते संविधान संशोधनमार्फत पूर्ववत् प्रदेश विभाजनको भौगोलिक सिमानामा परिवर्तन गर्न संसद्मा संशोधन प्रस्ताव दर्ता गरेको विरोधमा मङ्सिर १५ गतेबाट आन्दोलित रूपन्देही यो वर्षको अन्त्यसम्म पनि आन्दोलनमै रह्यो। संयुक्त सङ्घर्ष समितिका नाममा प्रतिपक्षी तथा सत्तारूढ दलका नेता/कार्यकर्तासमेतको सहभागितामा गरिएको बन्द, हड्ताल, विरोध प्रदर्शनलगायतका पश्चिम क्षेत्रको केन्द्रको रूपमा स्थापित बुटवल सीमाङ्कनविरुद्धको आन्दोलनको पनि केन्द्र बन्यो। रूपन्देहीमा झडपका केही घटनासमेत भए। युवा सङ्घ, रूपन्देहीका अध्यक्ष दुर्गा तिवारीको हत्या प्रकरणले बुटवल थप आन्दोलित बन्यो। उक्त हत्या राजनीतिक वा व्यक्तिगत भन्ने विषय छिनोफानो हुन सकेन।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | राज्यपक्षबाट | |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | पुरुष | जम्मा |
| कुटपिट | १ | १ | २ | १ | १ |
| बाल अधिकार | २८ | | २८ | | |
| हत्या | ६ | ५ | ११ | | |
| महिला अधिकार | १०७ | | १०७ | | |
| जम्मा | १४२ | ६ | १४८ | १ | १ |

## नागरिक तथा राजनीतिक अधिकार
### सम्मानितरूपमा बाँच्न पाउने अधिकार
### हत्या
**अन्य पक्षबाट**

देवदह नपा-६ खैरेनी निवासी नेकपा एमाले सम्बद्ध युवा सङ्घ नेपालका रूपन्देही जिल्ला अध्यक्ष ३९ वर्षीय दुर्गा तिवारीलाई २०७३ पुस ४ गते मोटरसाइकलमा आएका दुई जनाको एक समूहले गोली प्रहार गरी घाइते बनायो। घाइते तिवारीको देवदह मेडिकलमा उपचारका क्रममा सोही दिन मृत्यु भयो। तिवारीसँगै मोटरसाइकलमा सवार देवदह नपा-६ का ३४ वर्षीय खुशी न्यौपाने सामान्य घाइते भएका थिए। तिवारी देवदहको खैरेनी बजारबाट सिंगाहा जाँदै गर्दा रातो पल्सर मोटरसाइकलमा आएका दुई जनाले पछाडिबाट गोली प्रहार गरेका थिए। घटनास्थल खैरेनी प्रहरी चौकीबाट ६ सय मिटरको दूरीमा छ। तिवारीलाई ९ महिनाअघि २०७२ फागुन ६ गते गोली हानी हत्या प्रयास भए पनि गोली छलेर बाँच्न सफल भएका थिए।



*गोली प्रहार गरी हत्या गरिएका युवा सङ्घ रुपन्देहीका अध्यक्ष दुर्गा तिवारी*

दुर्गा तिवारीको हत्या घटनाको छानबिन गर्न सरकारले नेपाल प्रहरीका एआइजी विज्ञानराज शर्माको संयोजकत्वमा पुस ५ गते पाँच सदस्यीय छानबिन समिति गठन गऱ्यो। समितिमा राष्ट्रिय अनुसन्धानका डिआइजी यादवप्रसाद रेग्मी, एसपी मनोज न्यौपाने, गृह मन्त्रालयका प्रवक्ता बालकृष्ण पन्थी र गृह मन्त्रालयका उपसचिव शिवराम जोशी सदस्य छन्। समितिलाई १५ दिनभित्र प्रतिवेदन बुझाउन समय दिइएको थियो।

### कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय जनाको छ। तर २ सय २ कैदी र २ सय ६ थुनुवा गरी ४ सय ८ कैदी/बन्दी छन्। महिला छैनन्। कारागारमा १६ जना विदेशी कैदी/बन्दी पनि छन्। क्षमताभन्दा बढी कैदी/बन्दी हुँदा सुत्न/बस्न कठिन छ। पालो कुरेर सुत्नुपर्ने बाध्यता छ। कारागार भवन पनि जीर्ण अवस्थामा छ। पुरानो भवन चर्किएर जताततै चिरैचिरा परेको देखिन्छ वर्षायाममा पानी चुहिएर बस्नै नसकिने अवस्था विद्यमान छ।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

रूपन्देहीमा जिल्ला अदालत र तुलसीपुर उच्च अदालतको बुटवल इजलास छ। जिल्ला अदालतमा सात न्यायाधीशको दरबन्दी रहेकामा ६ कार्यरत छन्। जिल्ला अदालतमा फैसला हुन बाँकी मुद्दामध्ये देवानी १ हजार २ सय ६५ र फौजदारी ५ सय ७५ थान छन्।

यसैगरी उच्च अदालतको इजलासमा १२ न्यायाधीशको दरबन्दी रहेकामा पाँच कार्यरत छन्। फैसला हुन बाँकी मुद्दा १ हजार ४ सय ६० थान छन्।

## बाल अधिकार
**शिक्षाको अवस्था**

*यो जिल्लामा सामुदायिक, संस्थागत र धार्मिक गरी तीन प्रकारका विद्यालय छन्। जसमा सामुदायिकतर्फ प्रावि १ सय २८, निमावि ९४, मावि ९२ र उच्च मावि ५० वटा छन्। त्यस्तै संस्थागततर्फ प्रावि १ सय २३, निमावि ३०, मावि १ सय २८ र उच्च मावि ३१ वटा छन्। त्यसैगरी धार्मिकतर्फ प्रावि स्तरका १ सय १६, निमावि स्तरका चार र मावि स्तरका दुई छन्। यसरी सामुदायिक विद्यालय ३ सय ६४, संस्थागत ३ सय १२ र धार्मिक १ सय २२ गरी ७ सय ९८ विद्यालय छन्। यस वर्ष रूपन्देहीमा प्रारम्भिक बाल विकासदेखि १२ कक्षासम्म १ लाख ३३ हजार ९ सय ७२ छात्र र १ लाख १९ हजार ३ सय ८२ छात्रा गरी २ लाख ५३ हजार ३ सय ५४ विद्यार्थी भर्ना भए। अझै जिल्लामा ७ हजार ६ सय ३२ बालबालिका विद्यालयबाहिर छन्। २ हजार ९ सय ८४ शिक्षक दरबन्दी रहेकोमा सबै कार्यरत छन्। जिल्लाका ८० प्रतिशत विद्यालयमा शौचालय छ। शहीद*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| **बालविवाह** | १ | १ |
| **बालबालिका बेचबिखन** | १ | १ |
| **विद्यालयमा शारीरिक सजाय** | २ | २ |
| **बलात्कार** | १८ | १८ |
| **यौन दुर्व्यवहार** | ६ | ६ |
| **जम्मा** | २८ | २८ |

*परिवारका दुई र द्वन्द्वपीडित परिवारका ७४ बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्।*

*रुपन्देहीमा यो वर्ष बालबालिका बढी पीडित भए। गत वर्ष १९ जना पीडित भएकामा यो वर्ष २८ बालिका पीडित भए। गत वर्षको तुलनामा यो वर्ष बलात्कार तथा यौन दुर्व्यवहारका घटनाबाट पीडित हुनेको सङ्ख्या वृद्धि भयो। यो अवधिमा तीनदेखि १७ वर्षका बालिका विभिन्न घटनामा पीडित भए।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय १३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका र खान/लाउन नदिएको १ सय ५५, गालीगलौज र धाकधम्कीका ४३, बहुविवाहका १०, सामान्य झैझगडाका चार र हेला गरेको एउटा छन्। जसमध्ये १ सय ७५ घटनामा मिलापत्र भयो। २५ घटना कानुनी प्रक्रियामा छन् भने १३ घटनाका उजुरीकर्ता नै सम्पर्कबिहीन भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ८६ | ८६ |
| बहुविवाह | ५ | ५ |
| बलात्कार | ७ | ७ |
| बलात्कारको प्रयास | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| महिला बेचबिखन | ६ | ६ |
| जम्मा | १०७ | १०७ |

*यो वर्ष विभिन्न घटनामा १ सय ७ महिला पीडित भए। गत वर्ष १० महिला पीडित भएका थिए। गत वर्षको तुलनामा यो वर्ष झण्डै ११ गुणा बढी घटना भए। यो वर्ष रुपन्देहीमा परिवारबाटै एक महिलाको हत्या भयो। त्यसैगरी बलात्कारका घटनाबाट सात, बलात्कार प्रयासबाट दुई, यौन दुर्व्यवहारबाट एक, बहुविवाहबाट पाँच, बेचबिखनबाट ६ र घरेलु हिंसाबाट ८६ महिला पीडित भए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यबहार

३७ वर्षीया महिलालाई २०७३ मङ्सिर १२ गते बलात्कार गरेको आरोपमा सिद्धार्थ नपा-६ का ३५ वर्षीय राजेश यादवविरुद्ध पीडित महिलाले मङ्सिर १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। महिलाको स्वास्थ्य परीक्षण मङ्सिर १३ गते भीम अस्पताल भैरहवामा भयो। मङ्सिर १४ गते गिरफ्तार परेका राजेशलाई जिल्ला अदालतले मङ्सिर २८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### परिवारजनबाट हत्या

सिपवा गाविस-६ सिपवाकी २२ वर्षीया सुनीता मल्लाहलाई २५ वर्षीय पति शैलेश मल्लाहले शारीरिक सम्बन्ध राख्न नदिएको आरोपमा २०७२ पुस २५ गते घरमै हत्या गरेको आरोपमा पीडित पक्षले उजुरी दिए। शैलेशले गर्भवती पत्नीको पेटमा लात्ती प्रहार गरी हत्या गरेको प्रहरीले जनायो। शवको पोस्टमार्टम पुस २६ गते भीम अस्पताल भैरहवामा भयो। पुस २६ गते गिरफ्तार परेका शैलेश र मृतकका ससुरा ६० वर्षीय रतन मल्लाह, सोही ठाउँका २६ वर्षीय शिवदास कलवार, २७ वर्षीय शिवड मल्लाह र २५ वर्षीय सुरज मल्लाहलाई जिल्ला अदालतले २०७२ पुस २७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म उक्त मुद्दाको फैसला भएको छैन।

लुम्बिनी सांस्कृतिक नपा-४ पडरियाकी २८ वर्षीया नाजमा खातुनलाई २०७३ भदौ २३ गते दाइजो नल्याएको आरोपमा पति र परिवारका सदस्य जेठाजु, ससुरालगायत मिली हत्या गरेको भन्दै पीडित महिलाका माइतीले भदौ २३ गते इलाका प्रहरी कार्यालय लुम्बिनीमा उजुरी दिए। मृतक खातुनका २९ वर्षीय पति एहसानुल्लाह मुसलमान र उनका परिवारले दाइजोमा चार पाङ्ग्रे सवारी साधन मागेको र सो दिन नसकेको भन्दै पटक-पटक कुटपिट गरी यातना दिने गरेको माइती पक्षको आरोप छ। पीडित महिलालाई मारेर लुकीछिपी दाहसंस्कार गर्न लागेको माइती पक्षको उजुरीपछि प्रहरी घटनास्थल पुगेको थियो। पीडितको शरीरभरि नीलडाम र चोटपटक भएको देखेपछि प्रहरीले शवको पोस्टमार्टम भदौ २४ गते भीम अस्पताल भैरहवामा गरायो। प्रहरीले पीडितका ससुरा जलालुद्दिन मुसलमानलाई भारत भाग्दै गरेको अवस्थामा भदौ २३ गते गिरफ्तार गरेको थियो। पति र जेठाजु भने फरार रहे। गिरफ्तार भएकालाई जिल्ला अदालतले भदौ २६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### सवारी साधनमा क्षति

युवा सङ्घ रूपन्देहीका अध्यक्ष दुर्गा तिवारीको हत्या भएपछि त्यसको विरोधमा उत्रिएका युवा सङ्घ कार्यकर्तामाथि प्रहरीले हानेको ढुङ्गा लागेर २०७३ पुस ४ गते राजमार्ग चौराहामा रोकी राखेको गोविन्द अधिकारीको वा १४ च ४११३ नं. को रातो कारको पछाडिको शिशा फुट्यो। गाडी धनी अधिकारीले पुस ५ गते इलाका प्रहरी कार्यालयमा उजुरी दिए। तर सुनुवाइ भएन।

संविधान संशोधन प्रस्तावको विरोधमा अखण्ड ५ नं. प्रदेश सङ्घर्ष समितिले गरेको बन्दको दोस्रो दिन साँझ मुटुको अपरेसन गरी काठमाडौँबाट भैरहवा विमानस्थल हुँदै बुटवल दीपनगर लैजाने क्रममा बुटवलको राजमार्ग चौराहामा बिरामी बोकेको लु.१ च.२१३१ नं. को एम्बुलेन्स प्रदर्शनकारीले पुस ४ गते तोडफोड गरे। तोडफोडमा संलग्नलाई कुनै कारबाही भएन।

## स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा अञ्चल अस्पताल एउटा, आयुर्वेद अञ्चल अस्पताल एउटा र जिल्ला अस्पताल एउटा गरी तीनवटा सरकारी अस्पताल छन्। त्यस्तै मेडिकल कलेज दुईवटा छन्। एउटा महिला तथा बाल अस्पताल छ। ६४ स्वास्थ्य चौकी, पाँच उपस्वास्थ्य चौकी, एउटा शहरी स्वास्थ्य केन्द्र र दुई सामुदायिक स्वास्थ्य एकाइ केन्द्र छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा चार कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ४ करोड ७२ लाख रूपियाँ रहेकामा औषधि खर्चवापत ६० लाख रूपियाँ छ। जिल्लामा स्टाफ नर्सको पाँच दरबन्दी रहेकामा तीन रिक्त छ। त्यसैगरी ल्याब असिस्टेन्टको दरबन्दी ६ रहेकामा तीन रिक्त छ।

लुम्बिनी अञ्चल अस्पताल बुटवलमा कुल दरबन्दी ५ सय ४ जनाको छ। जसमा नेपाल सरकारतर्फको दरबन्दी ३ सय ४२ र अस्पताल विकास समितिको १ सय ६२ जना छ। डक्टरको दरबन्दी ९८ जना रहेकामा ६५ कार्यरत छन्।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | अपूण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बालविवाह | | | | १ | १ |
| बालबालिका बेचबिखन | | | १ | | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ | | २ |
| बलात्कार | ३ | | | १५ | १८ |
| यौन दुर्व्यवहार | २ | | २ | २ | ६ |
| जम्मा | ५ | १ | ४ | १८ | २८ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | अपूर्ण | कानुनी दायरामा ल्याइएका | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
|---|---|---|---|---|---|---|
| घरेलु हिंसा | २ | ६९ | ५ | ४ | ६ | ८६ |
| बहुविवाह | २ | | २ | १ | | ५ |
| बलात्कार | | | | ७ | | ७ |
| बलात्कारको प्रयास | | | | २ | | २ |
| यौन दुर्व्यवहार | १ | | | | | १ |
| महिला बेचबिखन | | | १ | | | १ |
| जम्मा | ५ | ६९ | ८ | १४ | ६ | १०२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | २ | ९ | ११ |

# ३.९ पाल्पा



**जम्मा जनसङ्ख्या**
**२५८४२५**

**महिला**
**१४६०८७**

**परिवार सङ्ख्या**
**६३५०४**

**खोलाको पानी पिउने परिवार**
**१५३०**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५५५१०**

**कामका लागि बाहिरिएका**
**३८५०४**

**सबभन्दा बढी जनसङ्ख्या**
**१३६५८८ (मगर)**

**अपाङ्गता भएका**
**६५३७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७६.२**

**आश्रित जनसङ्ख्या**
**११०५९७**

*इन्सेकको अभिलेख अनुसार पाल्पाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भयो। सन् २०१५ मा गैरराज्य पक्षबाट २२ महिला पीडित भएकामा सन् २०१६ मा १५ महिलासहित १७ जना पीडित भए। राज्य पक्षबाट एक महिलासहित दुई जना पीडित भए। बलात्कारका घटनामा पाँच र यौन दुर्व्यवहारका घटनामा दुई बालिका पीडित भए। सन् २०१५ मा बलात्कारका घटनामा ६ र बहुविवाहका घटनामा नौ महिला पीडित भएका थिए। यस वर्ष बहुविवाहका घटनामा तीन, बलात्कारका घटनामा दुई र बलात्कार प्रयासमा एक महिला पीडित भए।*

## कारागार र बन्दी

'ग' श्रेणीको पाल्पा कारागारको क्षमता ३ सय जनाको छ। तर, २ सय ८ पुरूष र ५३ महिला कैदी छन्। त्यसैगरी १२ पुरुष र ११ महिला थुनुवा छन्। दुई बालक र एक बालिका आश्रित छन्। महिला बन्दीलाई दुई वर्षअघि नयाँ भवनमा सारिएको छ भने पुरूष बन्दी जीर्ण भवनमै जोखिम मोलेर बस्न बाध्य छन्। वि.सं. १९८३ मा निर्माण गरिएका कारागारका भवन जीर्ण भई भत्कने अवस्थामा छन्। साथै पछिल्लो पटक २०७२ साल वैशाखको भूकम्पका कारण भत्किएका दुईवटा भवनको सामान्य मर्मत गरी बन्दीलाई सोही भवनमा राखिएको छ।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | १ | १ | | | |
| बाल अधिकार | ७ | | ७ | | | |
| अमानवीय व्यवहार | | १ | १ | | | |
| हत्या | २ | | २ | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | १ | १ | २ |
| महिला अधिकार | ६ | | ६ | | | |
| जम्मा | १५ | २ | १७ | १ | १ | २ |

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ४८ र फौजदारी ८० थान छन्।

## अमानवीय व्यवहार

जिल्ला शिक्षा कार्यालय, पाल्पाका प्रशासन शाखा अधिकृत रेशमलाल न्यौपानेलाई करार शिक्षक नियुक्त गर्दा आर्थिक अनियमितता गरेको, आफूअनुकूल

सरुवा बढुवा गर्ने गरेकोलगायत आरोपमा दुई युवाले २०७३ असार १२ गते उनकै कार्यकक्षमा मोसो दले। घटनामा संलग्न भएको आरोपमा प्रहरीले नेकपा माओवादी निकट अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष राजकुमार पन्थीलाई २०७३ असार १२ गते नियन्त्रणमा लिई संलग्नता नदेखिएको भन्दै असार १९ गते रिहा गरेको थियो।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ७५ प्रावि, ९५ निमावि र १ सय १८ मावि छन्। जिल्लामा २ हजार ७ सय ९७ शिक्षक दरबन्दी रहेकामा २ रिक्त छ। यस वर्ष ९ हजार १ सय ४२ बालक र ४ हजार ६ सय ५३ बालिका भर्ना भए। जिल्ला शिक्षा कार्यालयले २ हजार ६ सय ६८ दलित बालक र २ हजार १ सय ३९ दलित बालिकालाई छात्रवृत्ति वितरण गऱ्यो। ३ सय १८ वटा विद्यालयका नवनिर्मित भवन अपाङ्गमैत्री छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ७ | ७ |

*यो वर्ष विभिन्न घटनामा सात जना बालिका पीडित भए। गत वर्ष बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा सात जना बालिका पीडित भएका थिए। गत वर्ष सबै बालिका बलात्कार घटनामा पीडित भएकोमा यो वर्ष दुई जना यौन दुर्व्यवहार र पाँच जना बलात्कारबाट पीडित भए। अभिलेखित सात वटै घटनाको मुद्दा किनारा लागेको इन्सेकले अभिलेख गरेको छ।*

### बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया अपाङ्गता भएकी बालिकालाई २०७२ फागुन १० गते रामपुर नपा-१४ बस्ने २४ वर्षीय मानबहादुर खाम्चाले बलात्कार गरेको आरोपमा पीडित परिवारले फागुन ११ गते प्रहरीमा उजुरी दियो। पीडितको फागुन १० गते नै जिल्ला अस्पताल, पाल्पामा स्वास्थ्य परीक्षण भयो। फागुन ११ गते गिरफ्तार भएका मानबहादुरलाई जिल्ला अदालतले २०७३ पुस ४ गते १० वर्ष कैद सजाय सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ८६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये खान/लाउन नदिइ घर निकाला गरिएका ५३, गालीगलौज र दुर्व्यवहार गरिएका ३०, बहुविवाह गरी हेला गरेका ३ घटना छन्। ती घटनामध्ये ८१ वटामा मिलापत्र भयो भने पाँचवटा कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | ३ | ३ |
| बलात्कार | २ | २ |
| बलात्कारको प्रयास | १ | १ |
| जम्मा | ६ | ६ |

*सन् २०१६ मा पाल्पामा दुई महिला बलात्कारका घटनामा, तीन बहुविवाहका घटनामा र एक महिला बलात्कार प्रयासका घटनामा पीडित भएका थिए। अघिल्लो वर्ष ६ महिला बलात्कार घटनामा र नौ जना बहुविवाहका घटनामा पीडित भएका थिए।*

### बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

३२ वर्षीया महिलालाई २०७२ फागुन १० गते रामपुर नपा-११ का २८ वर्षीय फत्तबहादुर ढेंगाले बलात्कार गरेको आरोपमा पीडित परिवारले फागुन १० गते नै प्रहरीमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको फागुन १० गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। सोही दिन गिरफ्तार परेका फत्तबहादुरलाई जिल्ला अदालतले २०७३ असार ९ गते ३ वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

### परिवारजनबाट हत्या

ताहूँ गाविस-७ फुरुङ्दीकी २४ वर्षीया बिनु थापा पुलामी २०७३ असोज २५ गतेदेखि हराएकामा कात्तिक ४ गते उनको शव हुँगी गाविसस्थित कालीगण्डकी नदीको किनारमा फेला पऱ्यो। २५ वर्षीय दीपेन्द्र बस्यालसँग चार वर्षअघि अन्तरजातीय विवाह गरेकी पीडित हराएकोबारे माइती पक्षले सोधपुछ गर्दा उनले 'बिनुलाई भारत पढ्न पठाएको' बताउँदै आएका थिए। छोरीको बारेमा कुनै जानकरी नआएपछि माइती पक्षले मङ्सिर ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी

दियो। माइती पक्षले उजुरी गर्नुपूर्व नै कात्तिक ४ गते हुँगी गाविसस्थित कालीगण्डकीको किनारमा फेला परेको शव तानसेन नगरपालिकाले वेबारिसे भन्दै राम्दी घाटमा गाडेको थियो। जिल्ला प्रहरी कार्यालय पाल्पाले मङ्सिर ९ गते राम्दी घाटबाट शव उत्खनन् गर्दा गाडिएको शव बिनुको भएको खुल्यो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले बिनुका पति २७ वर्षीय दीपेन्द्र बस्याललाई मङ्सिर १३ गते सिनामङ्गल, काठमाडौँबाट र दीपेन्द्रका बुबा लक्ष्मण र आमा पार्वतीलाई मङ्सिर ११ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितका बुबा नरेन्द्र पुलामीले मङ्सिर ९ गते छोरीको हत्या ज्वाइँ दीपेन्द्रले गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए। आरोपितहरूलाई जिल्ला अदालतले २०७३ पुस ५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। घटनाका आरोपितको गिरफ्तारीको मागसहित २०७३ मङ्सिर १२ गते जिल्ला प्रशासन कार्यालयअगाडि भएको प्रदर्शनका क्रममा प्रहरीले लाठी प्रहार गर्दा ताहुँ गाविसका अमरबहादुर ठाडा र मनकुमारी राना घाइते भए। त्यसैगरी प्रदर्शनकारीले प्रहार गरेको ढुङ्गा लागेर जिल्ला प्रहरी कार्यालय, पाल्पाका प्रहरी जवान जीतेन्द्र विष्ट घाइते भए। तीनै जनाको उपचार जिल्ला अस्पताल पाल्पामा भयो।

### स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक जिल्ला अस्पताल र ६२ स्वास्थ्य चौकी छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा २ कार्यरत छन्। जिल्लामा ६७ अहेवको दरबन्दी रहेकामा ३१ कार्यरत छन्। जिल्लामै स्त्रीरोग विशेषज्ञको दरबन्दी छैन। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १७ करोड ८१ लाख १८ हजार ९ सय ५८ रुपियाँ रहेकामा औषधि खर्चबापतको रकम ४० लाख ३९ हजार रुपियाँ छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
|---|---|---|
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ७ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बहुविवाह | | १ | २ | ३ |
| बलात्कार | १ | १ | | २ |
| बलात्कारको प्रयास | | १ | | १ |
| जम्मा | १ | ३ | २ | ६ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्धा टुङगिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | १ | २ |

# ३.१० कपिलवस्तु



**जम्मा जनसङ्ख्या**
६२२९५५

**महिला**
३१०३६१

**परिवार सङ्ख्या**
९९९१५

**खोलाको पानी पिउने परिवार**
१४५

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
२०१७७२

**कामका लागि बाहिरिएका**
२९७९२

**सबभन्दा बढी जनसङ्ख्या**
१०३८५६ (मुस्लिम)

**अपाङ्गता भएका**
७३३३

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५४.९

**आश्रित जनसङ्ख्या**
२७७८३४

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| अपहरण | | १ | १ |
| बाल अधिकार | १ | ४ | ५ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | १ | १ |
| घाइते | १ | ६ | ७ |
| हत्या | २ | ४ | ६ |
| महिला अधिकार | ७ | | ७ |
| जम्मा | ११ | १६ | २७ |

*इन्सेकको अभिलेख अनुसार कपिलवस्तुको मानव अधिकार अवस्था पीडित सङ्ख्याका हिसावले सुधारोन्मुख देखिए पनि यस वर्ष गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना भने बढे। सन् २०१५ को मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा २६ महिलासहित ३८ जना पीडित भएकामा सन् २०१६ मा ११ महिलासहित २७ जना पीडित भए।*

*गैरराज्य पक्षबाट अघिल्लो वर्ष तीन जनाको हत्या भएकामा यस वर्ष दुई महिलासहित ६ जनाको हत्या भयो। यस वर्ष गोली प्रहारबाट तरुण दलका वाणगङ्गा नगर अध्यक्षको हत्या भयो। यसैगरी विद्यानगर गाविस-४ मा गाउँलेबीचको झडपमा एकको हत्या भयो भने उक्त घटनामा चार जना घाइते भए। यस वर्ष अज्ञात समूहको गोली प्रहारबाट ड्युटीमा रहेका दुई प्रहरी र एक सर्वसाधारणसमेत तीन पुरुष घाइते भए।*

*गत वर्ष दुई महिलाको परिवारजनबाट हत्या भएकामा यस वर्ष परिवारजनबाटै एक महिला र एक पुरुषको हत्या भयो। महिला अधिकारतर्फ यस वर्ष घरेलु हिंसाबाट एक, बलात्कार घटनामा दुई र मानव बेचबिखन तथा ओसारपसारका घटनामा चार महिला पीडित भए। गत वर्ष १० महिला पीडित भएका थिए।*

जुमिला प्राथमिक विद्यालयको जग्गामा बस्दै आएका २५ भूमिहीन सुकुमवासीका घर सरकारले वैकल्पिक व्यवस्था नगरी जाडोको समयमा २०७२ पुस २५ गते भत्कायो। सोमडिहवा र पिपरा गाविसमा महामारीका रूपमा फैलिएको दादुरा र झाडापखालाका कारण समयमा उपचार नपाउँदा ६ बालबालिकाको मृत्यु भयो।

## नागरिक तथा राजनीतिक अधिकार
## सम्मानितरूपले बाँच्न पाउने अधिकार
### हत्या
#### अन्य पक्षबाट

वाणगङ्गा नपा-१ निवासी तरुण दलका वाणगङ्गा नगर अध्यक्ष ४० वर्षीय राजेश सेनलाई २०७२ माघ २८ गते अज्ञात समूहले गोली हानी हत्या गऱ्यो। नेपाली कङ्ग्रेसका सभापति सुशील कोइरालाको श्रद्धान्जली सभाका लागि बनाइएको मञ्चमा पुगेका सेनलाई रातो पल्सर मोटरसाइकलमा दुई जनाको सङ्ख्यामा आएका अपरिचित व्यक्तिले गोली प्रहार गरेको प्रहरीले जनायो। २०७३ साउन ३२ गते गिरफ्तार भएका वाणगङ्गा नपा-९ का ३६ वर्षीय गणेश चौधरीलाई जिल्ला अदालतले २०७३ भदौ २६ गते साधारण तारेखमा रिहा गर्ने आदेश दियो।

#### झडपमा मृत्यु

विद्यानगर गाविस-४ बसवरियाका मुस्लिम र यादव समुदायबीच २०७३ मङ्सिर २७ गते बिहान भएको झडपमा ५५ वर्षीय मुल्नालाल यादव घाइते भए। टाउकोमा गम्भीर चोट लागेका यादवको भैरहवा मेडिकल कलेजमा उपचारका क्रममा सोही दिन मृत्यु भयो। सो घटनामा सोही स्थानका ४५ वर्षीय बालगोविन्द यादव, २३ वर्षीय विक्रम यादव, ६० वर्षीय तिलकराम यादव र २५ वर्षीया रीमा यादव घाइते भए। घाइतेहरूको बहादुरगन्जस्थित शिवराज अस्पतालमा उपचार भयो। गत विजयादशमीमा दुर्गा मूर्ति सेलाउने विषयमा विवाद भएको र सोही विषयमा बेलाबखत विवाद हुने गरेकामा मङ्सिर २७ गते बिहान भएको झडपले हिंसात्मक रूप लिएको थियो। सो घटनामा संलग्न रहेको आरोपमा प्रहरीले आरिफ रजानुरी, सलिम बढई, अनवर मुस्थफा, अब्दुल जमुरर बढई, सिराज बढई, जाफर अली, जुबेर खाँ, अमिरुल हकलगायतलाई गिरफ्तार गऱ्यो। अदालतले अन्य १६ जनालाई पनि गिरफ्तार गर्ने आदेश गऱ्यो। तर अन्य भने फरार रहे।

### गोली/विष्फोटक पदार्थद्वारा घाइते
#### अन्य पक्षबाट

कृष्णनगरस्थित इलाका प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार कर्णबहादुर पुन र मोहन श्रेष्ठ २०७३ पुस १४ गते दिउँसो कृष्णनगर नपा-६ झण्डीनगरस्थित नेपाल-भारत सीमा नाकामा ड्युटीमा रहेका बेला कृष्णनगरस्थित दशगजामा अज्ञात समूहले प्रहार गरेको गोली प्रहारबाट घाइते भए। कर्णको कुम र ढाडमा तथा मोहनको हातको औँलामा गोलीका छर्रा लागेको थियो। घाइते दुवैको जिल्ला अस्पतालमा उपचार भयो। घटनामा संलग्नको पहिचान हुन सकेन।

### कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १ सय जनाको छ। तर १ सय २७ कैदी र ३३ थुनुवा गरी १ सय ६० जना छन्। छुट्टै कोठा नभएकाले यस कारागारमा महिला छैनन्। क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले सुत्न, बस्न, शौचालय र पिउने पानीको प्रयोगमा समस्या छ। १९९५ सालमा बनेको यो कारागार भवन जीर्ण छ। कैदी/बन्दीले कारागारभित्रै मुढा बुन्ने, उनीका टोपी बुन्ने, च्याउ खेती गर्ने तथा पसल सञ्चालन जस्ता व्यवसायसमेत चलाइरहेका छन्।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

कपिलवस्तु जिल्ला अदालतमा चार न्यायाधीशको दरबन्दी रहेकामा चारै जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ७ सय १८ र फौजदारी २ सय ९१ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार
#### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ८१ प्रावि, ८२ निमावि, ३५ मावि र ३४ उमावि छन्। १ हजार ९ सय ८५ शिक्षक दरबन्दी रहेकामा ११ रिक्त छ। यो वर्ष ५८ हजार ८ सय १ बालक र ५६ हजार ३ सय ९५ बालिका विद्यालय भर्ना भए। जिल्लामा दलित बालबालिकाका लागि ६० लाख ४४ हजार ५ सय रुपियाँ छात्रवृत्तिका लागि छुट्याइएको छ। १ सय ४४ विद्यालय अपाङ्गमैत्री रहेको जिल्ला शिक्षा कार्यालयले जनायो। जिल्लामा रहेका ६ नगरपालिका र ५४ गाविसमध्ये २४ गाविसमा मावि छैनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालश्रम | | ३ | ३ |
| बलात्कार | १ | | १ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | १ | ४ | ५ |

*यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बलात्कार एक, यौन दुर्व्यवहार एक र बालश्रमका तीन थिए।*

**अपहरण**

धनकौली गाविस-४ घर भई बिजगौरीस्थित रवि सामुदायिक प्रावि कक्षा ३ मा अध्ययनरत ११ वर्षीय अजय भन्ने रमेश मल्लाहलाई २०७३ भदौ १६ गते विद्यालयबाट घर फर्कंदै गरेको अवस्थामा सोही गाविस-३ बिजगौरीबाट मोटरसाइकलमा आएका अज्ञात व्यक्तिले अपहरण गरे। पीडित पक्षले सोही दिन जानकारी गराएपछि अपहरित बालकलाई रुपन्देही, खडवा वनगाई गाविस-९ बाट भदौ १८ गते उद्धार गरेको प्रहरीले जनायो। घटनामा संलग्न भएको आरोपमा रुपन्देही, दयानगर गाविस-८ का ३० वर्षीय अस्लाम मुजवार, २० वर्षीय पारस भर र २७ वर्षीया आशा मल्लाहलाई भदौ १८ गते प्रहरीले गिरफ्तार गर्‍यो। जिल्ला अदालतले २०७३ असोज १४ गते आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**बलात्कार, यौन दुर्व्यवहार**

११ वर्षीया एक बालिकालाई २०७२ चैत १० गते हर्दौना गाविस-८ का २२ वर्षीय वाद साहले बलात्कार गरेको भन्दै पीडित पक्षले चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। बालिकाको स्वास्थ्य परीक्षण चैत ११ गते जिल्ला अस्पताल तौलिहवामा भयो। चैत १२ गते गिरफ्तार भएका वादलाई जिल्ला अदालतले २०७३ वैशाख ५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार**

यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ७५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ९०, विवाह दर्ता र नागरिकता नबनाएको ३२, बहुविवाह गरी हेला गरेको १० र सामान्य घरायसी झगडाका ९६ घटना छन्। यीमध्ये प्रहरीले १ सय ६३ वटामा मिलापत्र गरायो। केन्द्रका अनुसार १ सय १२ उजुरीमध्ये केही कानुनी प्रक्रियामा छन् भने कुनैका उजुरीकर्ता नै सम्पर्कमा आएनन्।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | १ | १ |
| बलात्कार | २ | २ |
| महिला बेचबिखन | ४ | ४ |
| जम्मा | ७ | ७ |

*यो वर्ष परिवारबाट एक महिला र एक पुरुषको हत्या भयो। बलात्कार घटनामा दुई र मानव बेचबिखन तथा ओसारपसारका घटनामा चार महिला पीडित भए। सामूहिक बलात्कारका दुई घटना भए। सुस्तमनस्थिति भएकी महिलालाई बलात्कार गरेको घटनामा दुई प्रहरीसमेत संलग्न भए। गत वर्ष महिला अधिकारतर्फ १० जना पीडित भएका थिए।*

**पारिवारजनबाट हत्या**

कृष्णनगर नपा-६ की २१ वर्षीया आरजु मजिद खाँलाई २०७३ जेठ २१ गते ३२ वर्षीय पति मेराज खाँले हत्या गरेको भन्दै मृतकका माइती पक्षले साउन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले अनुसन्धानका क्रममा कृष्णनगर नपा-६ स्थित कब्रस्थानमा फरेन्सिक मेडिसिन विभाग महाराजगन्जबाट खटिएको टोली र नेपाल प्रहरीको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाबाट खटिएको संयुक्त टोलीले शव उत्खनन् गर्‍यो। शवको शिवराज अस्पताल बहादुरगन्जमा साउन २० गते पोस्टमार्टम भयो। २०७३ साउन ६ गते काठमाडौँबाट गिरफ्तार परेका मेराजलाई जिल्ला अदालतले २०७३ भदौ १२ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३५ वर्षीया एक सुस्त मनस्थितिकी महिलालाई २०७३ जेठ ३० गते कञ्चनपुर, झलारी नपा–३ घर भई सशस्त्र प्रहरी बल बिन्दवासिनी गण चन्द्रौटामा कार्यरत ३० वर्षीय सशस्त्र प्रहरी जवान लोकराज अवस्थी र वाणगङ्गा नपा-१५ घर भई सोही गणमा कार्यरत २९ वर्षीय प्रहरी जवान राजु थारूले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ ३१ गते वडा प्रहरी कार्यालय चन्द्रौटामा उजुरी दिए। महिलाको स्वास्थ्य परीक्षण जेठ ३० गते नै जिल्ला अस्पतालमा भयो। जङ्गलमा बेहोस अवस्थामा महिलालाई देखेपछि स्थानीयबासीले प्रहरीलाई सोही दिन खबर गरेका थिए।

पीडितको प्राथमिक उपचार चन्द्रौटास्थित सामुदायिक अस्पतालमा र थप उपचार जिल्ला अस्पताल तौलिहवामा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका दुवै प्रहरीलाई जिल्ला अदालतले असार २६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

बहादुरगन्ज गाविस-४ जुमिला प्राथमिक विद्यालयको जग्गामा बस्दै आएका लालमोहन चौधरीसमेत २५ भूमिहीन सुकुमवासीका घर २०७२ पुस २५ गते विद्यालयले भत्काएपछि उनीहरू घरबारबिहीन भए। ३० वर्षदेखि बस्दै आएका भूमिहीनलाई विद्यालयले जाडोको मौसममा वैकल्पिक व्यवस्था नगरी हटाएको भन्दै स्थानीयले विरोध गरे। तर पनि उनीहरूका लागि वैकल्पिक बसोबासको व्यवस्था भएन।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन अस्पताल, ७३ स्वास्थ्य चौकी र २ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा एघार डक्टरको दरबन्दी रहेकामा सात जना कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको एक दरबन्दी रहेकामा कार्यरत छन्। अहेवको दरबन्दी २ सय २० रहेकामा ५१ रिक्त छ। स्वास्थ्य कार्यालयको वार्षिक बजेट २५ करोड ४९ लाख ९८ हजार ८ सय र औषधि खर्च ६५ लाख ५ हजार रुपियाँ छ।

यस वर्ष समयमा उपचार नपाउँदा ६ बालबालिकाको मृत्यु भयो। सोमडिहवा गाविस-७ र ८ वार्ड र पिपरा गाविसमा महामारीको रूपमा फैलिएको दादुरा, झाडापखालाका कारण समयमा उपचार हुन नसक्दा २०७२ पुस २० देखि २०७२ माघ ७ गतेसम्मको अवधिमा उनीहरूको मृत्यु भएको थियो। दादुरा र झाडापखालाले महामारीको रूप लिएपछि जिल्ला स्वास्थ्य कार्यालयबाट गएको स्वास्थ्यकर्मीको टोलीले सङ्क्रमित गाविस पुगेर ४० भन्दा बढी बालबालिकाको उपचार गरेको थियो। स्वास्थ्य चौकीमा स्वास्थ्यकर्मी नबस्ने र मधेस आन्दोलनका कारण स्वास्थ्य केन्द्रमा पर्याप्त औषधि नपाइने तथा बन्द हड्तालका कारण सवारी साधनसमेत अभावले गर्दा समयमा उपचार हुन नसकी ती बालबालिकाको मृत्यु भएको थियो।

### सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बालश्रम | १ | | १ |
| बलात्कार | १ | | १ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | २ | १ | ३ |

**महिला अधिकार**

| घटनाको प्रकार | मिलापत्र | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | १ | | | १ |
| बलात्कार | | | २ | २ |
| महिला बेचबिखन | | १ | | १ |
| जम्मा | १ | १ | २ | ४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | २ | ४ | ६ |

# ३.११ अर्घाखाँची



**जम्मा जनसङ्ख्या**
**१९३६३१**

**महिला**
**१११०९७**

**परिवार सङ्ख्या**
**४९४५९**

**खोलाको पानी पिउने परिवार**
**९०६**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५६७३९**

**कामका लागि बाहिरिएका**
**३९९२९**

**सबभन्दा बढी जनसङ्ख्या**
**६४७५७ (ब्राम्हण पहाड)**

**अपाङ्गता भएका**
**५१६५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७२.६**

**आश्रित जनसङ्ख्या**
**९१८२४**

***इन्सेकको अभिलेख अनुसार अर्घाखाँचीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा झन् कमजोर भयो। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा सन् २०१५ मा ६३ महिलासहित ६४ जना पीडित भएकामा सन् २०१६ मा ८६ महिलासहित ९१ जना पीडित भए। यो वर्ष गैरराज्य पक्षबाट महिला र बालबालिका बढी पीडित भए। सन् २०१५ मा आठ बालबालिका पीडित भएकामा यस वर्ष पाँच बालिका पीडित भए। हत्याका घटना यस वर्ष वृद्धि भए। अघिल्लो वर्ष एक महिलाको हत्या भएकामा यो वर्ष तीन महिलाको हत्या भयो। जसमा तीनको हत्या परिवारजनबाटै भएको थियो। यस वर्ष ७३ महिला घरेलु हिंसाबाट पीडित भए भने बहुविवाहबाट दुई, बलात्कार घटनामा एक, यौन दुर्व्यवहारका घटनामा एक र मानव बेचबिखनबाट एक महिला पीडित भए। घरेलु हिंसाका तीन घटना कानुनी प्रक्रियामा छन् भने यस्ता अन्य घटना स्थानीय स्तरमै मिलापत्र भए।***

सन् २०१६ मा विभिन्न राजनीतिक दल र तीनका भातृ सङ्गठनबाट विभिन्न समयमा गरिएका बन्दका कारण नागरिक स्वतन्त्ररूपमा आवतजावत गर्ने अधिकारबाट वञ्चित भए। मुख्य गरी सरकारले ५ नं. प्रदेशका पहाडी जिल्लालाई छुट्याउन गरेको प्रस्तावको विरोधमा राजनीतिक दल र नागरिक समाजसहितको संयुक्त सङ्घर्ष समितिले विरोध कार्यक्रमहरू गऱ्यो। समितिको नेतृत्वमा २०७३ मङ्सिर १५ देखि पुस ३ गतेसम्म भएको बन्द र आमहड्तालका कारण धेरैको जनजीविका प्रभावित बन्यो। विद्यालय बन्द भएकाले पठनपाठन अवरुद्ध भयो। बन्दका क्रममा बालबालिकालाई र्‍याली/जुलुसमा प्रयोग गरियो।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ५ | | ५ |
| हत्या | ३ | ५ | ८ |
| महिला अधिकार | ७८ | | ७८ |
| जम्मा | ८६ | ५ | ९१ |

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ६० जनाको छ। तर २४ कैदी र आठ थुनुवा गरी ३२ जना छन्। एक आश्रित बालक छन्। कारागारमा एक जना

६५ वर्षीय बन्दी पनि छन्। उसै त जीर्ण कारागार भवन त्यसमाथि २०७२ सालको भूकम्पकाट चर्किएको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २७ र फौजदारी २४ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ६४ प्रावि, ५१ निमावि र ७१ मावि छन्। १ हजार ९ सय ९४ शिक्षक दरबन्दी रहेकामा २७ रिक्त छ। यो वर्ष २७ हजार ५ सय ९२ बालिका र २५ हजार ७ सय ४८ बालक भर्ना भए। १३ हजार २ सय ७१ दलित बालबालिकाले यस वर्ष छात्रवृत्ति पाए। त्यसैगरी द्वन्द्वपीडित १६ बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | १ | १ |
| विद्यालयमा शारीरिक सजाय | १ | १ |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ५ | ५ |

*यस वर्ष बाल अधिकारका घटनामा पाँच बालिका पीडित भए। गत वर्ष आठ बालबालिका पीडित भएका थिए। यस वर्ष बलात्कार घटनामा दुई, यौन दुर्व्यवहारबाट एक, मानव बेचबिखन तथा ओसारपसारमा एक र विद्यालयमा शारीरिक दण्ड सजायबाट एक बालिका पीडित भए।*

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया एक बालिकालाई २०७३ जेठ २१ गते सन्धिखर्क नपा-१ स्थित पशुपति बेकरी उद्योगमा कार्यरत रुपन्देहीका १८ वर्षीय बुद्धिनारायण कुर्मीले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले जेठ २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको सोही दिन जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका बुद्धिनारायणलाई जिल्ला अदालतले पुस २० गते ६ वर्ष कैद सजाय र ५० हजार रुपियाँ पीडितलाई दिनुपर्ने फैसला सुनायो।

### बालबालिका बेचविखन तथा ओसारपसार

१५ वर्षीया एक बालिकालाई बेचबिखन गर्न भारत लैजाँदै गरेको आरोपमा कपिलवस्तुका २८ वर्षीय जमिर कर्मी र जुकेना गाविसका २४ वर्षीय जीवन बिकविरुद्ध पीडितका आफन्तले २०७३ फागुन १२ गते इलाका प्रहरी कार्यालय ठाडामा उजुरी दिए। फागुन १३ गते गिरफ्तार भएका दुवैलाई जिल्ला अदालतले २०७३ जेठ ३ गते १०/१० वर्ष कैद सजाय र एक/एक लाख रुपियाँ पीडितलाई दिनुपर्ने फैसला सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका २०, खान/लाउन नदिएको १०, विवाह दर्ता तथा नागरिकता नबनाइदिएको पाँच, बहुविवाह गरी हेला गरेको दुई र सामान्य झैंझगडाका १५ उजुरी छन्। जसमध्ये ४४ उजुरीमा मिलापत्र भयो भने तीन उजुरी कानुनी प्रक्रियामा छन्। पाँच उजुरी भने सम्बन्धित निकायमा सिफारिस गरिए।*

*यो वर्ष महिला अधिकार उल्लङ्घनका ७८ घटनामा बलात्कार एक, यौन दुर्व्यवहारबाट एक, मानव बेचविखन तथा ओसारपसार एक, बहुविवाहबाट दुई र घरेलु हिंसाबाट ७३ महिला पीडित भए। बलात्कारको एक घटनामा चार पुरुष संलग्न भए। परिवारबाट हत्या भएका दुई मुद्दामा अदालतले सर्वस्वसहित जन्म कैदको फैसला सुनायो। अघिल्लो वर्ष यस्ता घटनाबाट ५५ महिला पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ७३ | ७३ |
| बहुविवाह | २ | २ |
| बलात्कार | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| महिला बेचबिखन | १ | १ |
| जम्मा | ७८ | ७८ |

**परिवारजनबाट हत्या**

खन गाविस-८ की ३२ वर्षीया राधिका बिकलाई २०७३ वैशाख ४ गते राति ३५ वर्षीय पति श्यामबहादुर बिकले घरायसी विषयमा विवाद गरेको आरोपमा घाँटी थिचेर हत्या गरेको भन्दै मृतकका माइती पक्षले वैशाख ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम वैशाख ६ गते जिल्ला अस्पतालमा भयो। वैशाख ५ गते गिरफ्तार परेका श्यामलाई जिल्ला अदालतले भदौ २३ गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

सिद्धारा गाविस-४ की २२ वर्षीया सुशीला दर्जीलाई २०७२ चैत ३० गते २६ वर्षीय पति टुकबहादुर दर्जीले कुटपिट गरी घर नजिकको जङ्गलमा झुण्डाएर हत्या गरेको भन्दै मृतकका माइती पक्षले २०७३ वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम वैशाख १२ गते जिल्ला अस्पतालमा भयो। वैशाख १३ गते गिरफ्तार परेका टुकबहादुरलाई जिल्ला अदालतले असार ७ गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

**घरेलु हिंसा**

सन्धिखर्क नपा-७ की २८ वर्षीया कल्पना झाँक्रीलाई २०७३ साउन २४ गते ३६ वर्षीय पति शेरबहादुर झाँक्रीले लठ्ठीले कुटपिट गरी मानसिक यातना दिएको भन्दै पीडितले साउन २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। साउन २७ गते गिरफ्तार परेका शेरबहादुरलाई जिल्ला अदालतले साउन २७ गते १६ दिन कैद सजायको फैसला सुनायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२३ वर्षीया एक महिलालाई २०७३ कात्तिक २४ गते सन्धिखर्क नपा-२ का १८ वर्षीय राजेश मिश्र, २२ वर्षीय भरत भुषाल, ढाकावाङ गाविस-८ का २० वर्षीय विनोद थापा र कपिलवस्तुको कृष्णनगर घर भई सन्धिखर्क नपा-२ मा अस्थायी बसोबास गर्ने केशरीनन्दन अग्रहरीले सामूहिक बलात्कार गरेको भन्दै पीडित पक्षले कात्तिक २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। महिलाको स्वास्थ्य परीक्षण कात्तिक २६ गते जिल्ला अस्पतालमा भयो। कात्तिक २८ गते गिरफ्तार भएका चारै जनालाई जिल्ला अदालतले मङ्सिर १६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**महिला बेचबिखन तथा ओसारपसार**

सन्धिखर्क नपा-१ की ३० वर्षीया एक महिलासहित उनका दुई छोरालाई २०७२ चैत ११ गते बेचबिखन गर्न भारततर्फ लगेको आरोपमा प्यूठानको वादीकोट गाविस-५ का ३४ वर्षीय केशरप्रसाद ज्ञवालीविरुद्ध पीडित पक्षले २०७३ असार २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। केशरले राम्रो जागिर लागाइदिने प्रलोभन देखाई भारत लैजाँदै गर्दा असार २१ गते प्रहरीले रुपन्देहीबाट उद्धार गरेको थियो। असार २१ गते गिरफ्तार भएका केशरप्रसादलाई जिल्ला अदालतले भदौ ५ गते १२ वर्ष कैद सजायको फैसला सुनायो।

**स्वास्थ्य सेवाको अवस्था**

अर्घाखाँचीमा एक अञ्चल अस्पताल, दुई प्राथमिक स्वास्थ्य चौकी, १९ उपस्वास्थ्य चौकी र २० स्वास्थ्य चौकी छन्। जिल्ला अस्पतालमा ६ डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको १ सय ११ जनाको दरबन्दी रहेकामा ७० कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट ४९ करोड ७९ लाख ८० हजार रुपियाँ रहेकामा औषधि खर्चबापत ४० लाख रुपियाँ छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | अपूण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालबालिका बेचबिखन | १ | | | | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | | | १ |
| बलात्कार | | | १ | १ | २ |
| यौन दुर्व्यवहार | १ | | | | १ |
| जम्मा | २ | १ | १ | १ | ५ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | ४ | ६४ | ५ | ७३ |
| बहुविवाह | २ | | | २ |
| बलात्कार | | | १ | १ |
| यौन दुर्व्यवहार | | १ | | १ |
| महिला बेचबिखन | १ | | | १ |
| जम्मा | ७ | ६५ | ६ | ७८ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ४ | ४ | ८ |

# ३.१२ गुल्मी



जम्मा जनसङ्ख्या
२७३९३५

महिला
१५७७०२

परिवार सङ्ख्या
६७३६६

खोलाको पानी पिउने परिवार
६६२

गरिबीको रेखामुनि रहेको सङ्ख्या
७१३६९

कामका लागि बाहिरिएका
५८५६१

सबभन्दा बढी जनसङ्ख्या
७०९१७ (ब्राम्हण पहाड)

अपाङ्गता भएका
७६७१

५ वर्षमाथिको साक्षरता प्रतिशत
७२.६

आश्रित जनसङ्ख्या
१२९२२४

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | | राज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कुटपिट | | | | | २ | २ |
| बाल अधिकार | २ | २ | ४ | | | |
| घाइते | | ६ | ६ | | | |
| हत्या | २ | २ | ४ | | | |
| जातीय विभेद | १ | १ | २ | | | |
| भेला/सङ्गठित हुने अधिकार | | | | ८ | ४० | ४८ |
| महिला अधिकार | ७ | | ७ | | | |
| जम्मा | १२ | ११ | २३ | ८ | ४२ | ५० |

*इन्सेकको अभिलेख अनुसार गुल्मीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार आएन। सन् २०१५ को मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा २१ महिलासहित २४ जना पीडित भएकामा सन् २०१६ मा २० महिलासहित ७३ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटनामा आठ महिला र ४२ पुरुष पीडित भए। गत वर्ष गुल्मीमा राज्य पक्षबाट एक जना पीडित भएका थिए। यस वर्ष परिवारजनबाट एक महिलासमेत दुई महिलाको हत्या भयो। महिला अधिकारतर्फ यस वर्ष घरेलु हिंसाबाट पाँच र बहुविवाह घटनाबाट दुई महिला पीडित भए। गत वर्ष महिला अधिकारतर्फ १३ जना पीडित भएका थिए। बाल अधिकार उल्लङ्घनतर्फ दुई बालिका बलात्कार घटनामा पीडित भए भने एक/एक बालक यौन दुर्व्यवहार र विद्यालयमा शारीरिक दण्ड सजायबाट पीडित भए। यसैगरी दुई बालकलाई सौतेनी आमाले हत्या गरेको घटना अभिलेख गरिएको छ। यस वर्ष ८१ वर्षीय एक वृद्धलाई अन्तरजातीय प्रेम सम्बन्ध राखेको आरोपमा स्थानीयबासीले कुटपिट गरी उनको जोडीलाई गाउँ निकाला गरे।*

सरकारले संसद्मा २०७३ मङ्सिर १४ गते दर्ता गरेको संविधान संशोधन प्रस्तावको विरोधमा मङ्सिर १५ गतेदेखि १९ दिनसम्म जिल्ला बन्द भयो। प्रदर्शनकारीले जिल्ला प्रशासन र जिल्ला विकास समितिको कार्यालयअघि प्रत्येक दिन एक घण्टा धर्ना दिए भने बजारमा जुलस, सभा र प्रदर्शन गरे। आन्दोलनस्वरूप राँके जुलुस, सिट्ठी जुलुस, लाठी जुलुस, थाल ठटाउने, सडक सफा गर्ने, सरकारी कार्यालय घेराउ गर्ने, प्रधान मन्त्रीलाई ज्ञापनपत्र बुझाउने, जनमत सङ्ग्रह तथा बृहत् आम सभाका कार्यक्रम भए। पुस १ गते जिल्ला प्रशासन कार्यालयमा बन्दकर्ताले लगाएको ताला खुलाउने क्रममा प्रहरी र बन्दकर्ताबीच झडप हुँदा सदरमुकाम तम्घास दिनभर तनावग्रस्त बन्यो। अनिश्चतकालीन बन्दले जिल्लामा दैनिक ज्याला

मजदुरी गर्ने मजदुर, स्वदेश तथा विदेशबाट जिल्ला भित्रने र बाहिरिने व्यक्ति मर्कामा परे। साथै जिल्ला भित्रने औषधिसमेत आउन सकेन। बजार बन्दले किसानले उत्पादन गरेका वस्तु खपत भएनन्। सरकारी कार्यालयका सेवा पूर्णरूपमा ठप्प भए। जसले गर्दा आमनागरिकको जनजीवन निकै कष्टपूर्ण बन्यो। ग्रामीण इलाकाबाट विभिन्न कामको सिलसिलामा सदरमुकाम आउने तथा जिल्लाबाहिर जाने व्यक्तिले समेत सास्ती खेप्नुपर्‍यो। बिरामी तथा ज्येष्ठ नागरिक पनि बन्दको मारमा परे। शैक्षिक संस्था भने निर्वाधरूपमा सञ्चालन भए।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ५५ कैदी र ९ थुनुवा गरी ६४ जना छन्। जसमध्ये सात जना महिला छन्। दुई वर्षीया आश्रित बालिका पनि छन्। क्षमताभन्दा करिब तेब्बर बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। कैदी/बन्दीले पाउने चामल, कपडालगायत सेवा/सुविधा समयानुकूल वृद्धि नभएको गुनासो उनीहरूको छ।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

सरकारले संसद्मा दर्ता गरेको संविधान संशोधन प्रस्तावको विरोधमा जिल्ला प्रशासन कार्यालयमा बन्दकर्ताले लगाएको ताला खुलाउने तथा धर्नामा बसेका प्रदर्शनकारीलाई लखेट्ने क्रममा २०७३ पुस १ गते प्रहरी र बन्दकर्ताबीच भएको झडपमा रेसुङ्गा नपा-१ निवासी नेकपा मालेकी सांसद ३५ वर्षीया कमला बिक, दोहली गाविस-५ निवासी इन्सेक जिल्ला प्रतिनिधि २७ वर्षीय टोपलाल अर्याल, अर्जे गाविस-५ का विद्यार्थी नेता शोभाखर गिरी, रेसुङ्गा नपा-९ का तरूण दलका नेता कृष्ण पाण्डेय, जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान राजकिशोर बाहुन लगायत ५५ जना घाइते भए। टाउको, हात र खुट्टामा चोट लागेका घाइतेको जिल्ला अस्पताल र तम्घास अस्पतालमा उपचार भयो। प्रहरीले स्थिति नियन्त्रणमा लिन करिब दुई दर्जन सेल अश्रुग्यास प्रहार गर्‍यो। आन्दोलनकारीले जिल्ला विकास समितिको वा १ झ ६६८१ नम्बरको जिप र ६६-१-०-७५५ नम्बरको नीलो प्लेटको जिपमा आगजनी गरे।

गुल्मीको रिडी क्षेत्रमा रहेको ५ नम्बर इलाकालाई विभाजन गर्न नहुने र उक्त इलाकालाई एउटै गाउँपालिका बनाउनुपर्ने तथा त्यसको केन्द्र रिडीमै राख्नुपर्ने माग गर्दै आन्दोलनमा उत्रिएका स्थानीय र प्रहरीबीच २०७३ कात्तिक २४ गते भएको झडपमा रुरु गाविस-६ का २५ वर्षीय दीपक कँडेल र पाल्पा तानसेन नपा-११ घर भई रिडी इलाका प्रहरी कार्यालयमा कार्यरत २७ वर्षीय इन्स्पेक्टर केशवराज भट्टराई घाइते भए। घाइते दुवैको रुरु प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो। भट्टराईको हातमा र कँडेलको टाउको तथा कम्मरमा चोट लागेको थियो।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ७५ र फौजदारी १९ थान छन्। अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ६८ प्रावि, ६५ निमावि र १ सय ३५ मावि छन्। २ हजार ६ सय ५ शिक्षकको दरबन्दी रहेकामा ४२ रिक्त छ। यो वर्ष ३४ हजार २ सय १२ बालक र ३४ हजार ८ सय ४ बालिका विद्यालय भर्ना भए। ८ हजार ९ सय १२ दलित बालक र ९ हजार १ सय ४३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। जिल्लाका सबै विद्यालयमा शौचालय सुविधा भए पनि सरसफाइ अभावमा अधिकांश शौचालय प्रयोगबिहीन अवस्थामा छन्। अपाङ्गमैत्री विद्यालय छैनन्।*

*गत वर्षको तुलनामा यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा पीडित हुनेको सङ्ख्यामा कमी आयो। गत वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा सात बालबालिका पीडित भएकामा यस वर्ष दुई बालक र दुई बालिका पीडित भए। दुई बालिका बलात्कार घटनामा पीडित भए भने एक बालक यौन दुर्व्यवहारमा*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| बलात्कार | २ | | २ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | २ | २ | ४ |

*परे। एक बालक भने विद्यालयमा शारीरिक दण्ड सजायबाट पीडित भए।*

### बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया एक बालिकालाई २०७३ जेठ २६ गते रेसुङ्गा नपा-९ का २४ वर्षीय भरत नेपालीले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दियो। बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ २६ गते भयो। जेठ २७ गते गिरफ्तार परेका भरतलाई जिल्ला अदालतले असार ३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### विद्यालयमा शारीरिक दण्ड सजाय

तम्घासस्थित रेसुङ्गा मावि कक्षा नौमा अध्ययनरत १७ वर्षीय सन्तोष पाण्डेयलाई गृहकार्य नगरेको आरोपमा २०७२ माघ १६ गते सोही विद्यालयका शिक्षक कृष्ण थापाले कुटपिट गरे। कानको जाली फुटेका बालकको भैरहवा मेडिकल कलेजमा उपचार भयो। माघ १७ गते गिरफ्तार परेका कृष्णले अभिभावक भेलामा घटना नदोहोऱ्याउने प्रतिबद्धता जनाउँदै माफी मागेपछि माघ २५ गते मिलापत्र भयो।

### परिवारजनबाट हत्या

हाडहाडे गाविस-९ का सात वर्षीय विवेक पुन र उनका पाँच वर्षीय भाइ विक्रम पुनलाई २०७२ माघ ६ गते २५ वर्षीया सौतेनी आमा शान्ता पुनले घाँटी थिचेर हत्या गरेको आरोपमा प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। दुवै शवको पोस्टमार्टम माघ ७ गते जिल्ला अस्पतालमा भयो। शान्तालाई जिल्ला अदालतले २०७३ पुस ५ गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ८९ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका २८, खान/लाउन नदिएको १८, गालीगलौज तथा धम्की ३६, बहुविवाह गरी हेला गरेको दुई उजुरी छन् भने सामान्य झैझगडाका पाँच घटना दर्ता भए। उजुरीमध्ये ७० घटनामा मिलापत्र भयो भने १० उजुरी कानुनी प्रक्रियामा छन्। नौ उजुरीकर्ता भने सम्पर्कमै आएनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ५ | ५ |
| बहुविवाह | २ | २ |
| जम्मा | ७ | ७ |

### परिवारजनबाट हत्या

दिब्रङ गाविस-२ की ७१ वर्षीया मोती काउछालाई २०७३ भदौ ५ गते ४१ वर्षीय छोरा वीरबहादुर काउछाले कोदालो प्रहार गरी हत्या गरेको भन्दै मृतकका जेठो छोराले भदौ ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा भदौ ७ गते भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका वीरबहादुरलाई जिल्ला अदालतले कात्तिक १ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### सबै प्रकारका जातीय भेदभाव

अर्बेनी गाविस-५ का ८१ वर्षीय लालबहादुर सुनारले सोही ठाउँकी ४२ वर्षीया सावित्रा न्यौपानेसँग अन्तरजातीय प्रेम सम्बन्ध राखेको आरोपमा २०७३ पुस १ गते अर्बेनी गाविसका कार्यालय सहायक ४५ वर्षीय झविलाल न्यौपाने र सावित्राका ४३ वर्षीय भतिज चिन्तामणि न्यौपानेको अगुवाइमा करिब १ सय ५० जनाको समूहमा रहेका स्थानीयले दुवै जनालाई बाँधेर कुटपिट गरी गाउँ निकाला गरे। दुवैलाई गाउँ डुलाएर गाउँ निकालाको कागजमा जबर्जस्ती औँठा छाप गर्न लगाई निकाला गरेका थिए। पीडितको खुट्टामा नीलडाम नै परेको थियो। स्थानीयको ठूलो समूहले धम्क्याउँदै 'घर जलाऊँ कि भत्काउँछस्' भनेपछि आफूले उनीहरूकै अगाडि घर भत्काएको पीडितले बताए। गाउँलेको डरले वन पसेका पीडित दुवैलाई आफन्तले दुई दिनपछि घरदेखि धेरै टाढाको बीच जङ्गल र भिरबाट उद्धार गरे। घटनामा संलग्न रहेको आरोपमा पीडित पक्षले अर्बेनी गाविस-५ का चिन्तामणि न्यौपाने र झविलाल न्यौपानेविरुद्ध पुस ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। दलित आयोगका सदस्य गोविन्द सुनारलगायतको टोलीले स्थलगत अनुगमन पनि गऱ्यो। घटनामा संलग्न दोषीलाई कारबाहीको माग गर्दै आयोगका सदस्य गोविन्द सुनारसहित जिल्लाका दलित अगुवा र पत्रकार एवम् मानव अधिकारकर्मीको

टोलीले जिल्ला प्रशासन कार्यालयमार्फत प्रधान मन्त्रीलाई समेत पुस १८ गते ज्ञापनपत्र बुझाए। पीडितहरू सदरमुकाम तम्घासमै छन्। पीडक फरार रहे।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

रेसुङ्गास्थित एनसेलको टावरमा २०७३ जेठ २९ गते राति नेकपा माओवादी (विप्लव) समूहका कार्यकर्ताले तोडफोड गरे। घटनामा संलग्न रहेको आरोपमा उक्त सङ्गठनका जिल्ला सचिवालय सदस्य तथा नेपाल मगर सङ्घका केन्द्रीय सदस्य ठूलो लुम्पेक गाविस-६ का ५१ वर्षीय पूर्णबहादुर तरामु मगरलाई प्रहरीले असार ३१ गते गिरफ्तार गरेकोमा जिल्ला अदालतको २०७३ असार १४ गते को आदेशअनुसार तारेखमा रिहा भए।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र र ७६ स्वास्थ्य चौकी छन्। जिल्लाभरमा १९ डक्टरको दरबन्दी भए पनि १३ रिक्त छन्। एक जना स्त्री रोग विशेषज्ञको दरबन्दी भए पनि रिक्त रह्यो। जिल्लामा १ सय ६४ अहेब दरबन्दी रहेकामा १ सय ३० कार्यरत छन्। सदरमुकाममा ५० शैयाको जिल्ला अस्पताल छ। १५ जनाको दरबन्दी रहेको जिल्ला अस्पतालमा दुई मात्र डक्टर छन्। राज्यले ७० थरीका औषधि निःशुल्क वितरण गर्ने भने पनि तीन/चार थरीका औषधिमात्र पाइन्छ। अस्पतालको वार्षिक बजेट ८७ लाख र औषधि खर्चबापतको रकम ३ लाख रुपियाँमात्र छ। जुन रकमले १५ दिन पनि औषधि नपुग्ने अस्पतालले जनायो। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २० करोड २७ लाख ६४ हजार रुपियाँ र औषधि खर्चबापतको रकम ४२ लाख रुपियाँ छ।

### सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मिलापत्र | अपूर्ण | अनुसन्धान | जम्मा |
|---|---|---|---|---|
| विद्यालयमा शारीरिक सजाय | १ | | | १ |
| बलात्कार | | १ | १ | २ |
| यौन दुर्व्यवहार | | १ | | १ |
| जम्मा | १ | २ | १ | ४ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| घरेलु हिंसा | | १ | ३ | १ | ५ |
| बहुविवाह | १ | | १ | | २ |
| जम्मा | १ | १ | ४ | १ | ७ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | २ | १ | ३ |

# ३.१३. बागलुङ



जम्मा जनसङ्ख्या
२६८६०५

महिला
१५२७५१

परिवार सङ्ख्या
६५०२६

खोलाको पानी पिउने परिवार
९२७

गरिबीको रेखामुनि रहेको सङ्ख्या
६११६३

कामका लागि बाहिरिएका
४२६२३

सबभन्दा बढी जनसङ्ख्या
७५३१० (मगर)

अपाङ्गता भएका
६१७९

५ वर्षमाथिको साक्षरता प्रतिशत
७१.९

आश्रित जनसङ्ख्या
१२१९३५

*इन्सेकको अभिलेख अनुसार बाग्लुङको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भएन। सन् २०१५ को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २५ महिलासहित २७ जना पीडित भएकामा सन् २०१६ मा ५७ महिलासहित ५९ जना पीडित भए। यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना पीडित भए। जसमा पाँच बालिका बलात्कृत भए भने चार जना यौन दुर्व्यवहारबाट पीडित भए। त्यसैगरी दुई बालिका बेचबिखन घटनामा पीडित भए। गत वर्ष शारीरिक दण्ड सजायबाट एक, बलात्कार घटनामा तीन र यौन दुर्व्यवहार घटनामा दुई गरी ६ जना पीडित भएका थिए। गैरराज्यपक्षबाट महिला हिंसाका घटना बढी भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ११ | | ११ |
| हत्या | | २ | २ |
| महिला अधिकार | ४६ | | ४६ |
| जम्मा | ५७ | २ | ५९ |

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। जसमा ६३ कैदी र १८ थुनुवा गरी ८१ जना छन्। जसमध्ये महिलाको सङ्ख्या ११ छ। कारागारमा एक वर्षीय आश्रित बालक पनि छन्। क्षमताभन्दा झण्डै तीन गुणा बढी कैदी/बन्दी भएकाले पिउने पानी र सुत्ने स्थानसमेत समस्या हुने गरेको छ। यही कारण उनीहरूमा श्वास/प्रश्वास तथा छालाको रोगसम्बन्धी समस्या देखिने गरेको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक जना न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ८१ र फौजदारी ८८ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

यसैगरी तीन न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा दुई जनामात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ४९ र फौजदारी ७७ थान छन्। दुई वर्ष पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा सामुदायिक र संस्थागत गरी ३ सय ६३ प्रावि, ८८ निमावि, ७० मावि र ६६ उमावि छन्। २५ सय ६६ शिक्षक दरबन्दी रहेकामा १ हजार १ सय ९७ रिक्त छ। अस्थायी, राहत र प्राविधिक गरी २६ सय ४३ शिक्षक कार्यरत छन्। यस वर्ष बाल विकास केन्द्रदेखि आधारभूत तहको शिक्षासम्म ५६ हजार ९ सय १० बालबालिका भर्ना भए। जिल्लामा ६ अपाङ्गमैत्री विद्यालय छन्। कक्षा एकदेखि आठसम्मका ९ हजार ५२ दलित बालबालिकाका लागि प्रतिव्यक्ति चार सयका दरले ३ लाख ६२ हजार ८ सय रुपियाँ र कक्षा नौ र १० का २ हजार ४ सय ४७ जना दलित विद्यार्थीलाई प्रतिव्यक्ति ५ सयका दरले १५ लाख २३ हजार ५ सय रुपियाँ छात्रवृत्ति प्रदान गरियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | २ | २ |
| बलात्कार | ५ | ५ |
| यौन दुर्व्यवहार | ४ | ४ |
| जम्मा | ११ | ११ |

*यो वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा ११ बालिका पीडित भए जसमा नौदेखि १३ वर्ष उमेर समूहका पाँच बालिका बलात्कृत भए। सामूहिक बलात्कारको एक घटनामा दुई बालिका पीडित भए। घटनाको आरोपितमा १४ वर्षीय बालकसमेत रहे। यस वर्ष बालिका बेचबिखन घटनामा दुई जना पीडित भए। गत वर्ष बलात्कार घटनाबाट तीन, यौन दुर्व्यवहारबाट दुई र विद्यालयमा शारीरिक दण्ड सजाय घटनामा एक गरी ६ बालिका पीडित भएका थिए।*

### बालबालिका बेचबिखन तथा ओसारपसार

११ र १३ वर्षीया दुई बालिकालाई जागिर लगाइदिने प्रलोभनमा धुल्लुबास्कोट गाविस-४ की ३३ वर्षीया मनमाया थापा भनिने धनीसरा थापाले बेचबिखनका लागि २०७३ असार १३ गते राति धुल्लुबास्कोटदेखि फकाएर बुटवल पुऱ्याएको आरोपमा बालिकाका परिवारले साउन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले बालिकाको साउन २० गते उद्धार गरेको थियो। साउन २४ गते गिरफ्तार भएकी धनीसरालाई जिल्ला अदालतले २०७३ भदौ १९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई २०७२ फागुन १४ गते राति बुर्तिवाङ-९ का ३६ वर्षीय गुजरे भनिने वीरबहादुर सुनारले बलात्कार गरेको भन्दै बालिकाकी आमाले २०७२ फागुन १५ गते इलाका प्रहरी कार्यालय बुर्तिवाङमा उजुरी दिइन्। बालिकाको सोही दिन धौलागिरी अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। फागुन १५ गते गिरफ्तार भएका वीरबहादुरलाई जिल्ला अदालतले २०७३ कात्तिक ११ गते ४ वर्ष कैदको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ९४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा पतिले बेवास्ता गरेको, खाना/लगाउन नदिएको तथा मादक पदार्थ सेवन गरी मानसिक र शारीरिक यातना दिने गरेको उल्लेख छ। तीमध्ये ६१ घटनामा मिलापत्र भयो भने २६ उजुरी कानुनी प्रक्रियामा छन्। सात उजुरीकर्ता सम्पर्कमै आएनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ४३ | ४३ |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४६ | ४६ |

*यो वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा ४६ जना पीडित भए। जसमा बलात्कारमा दुई, यौन दुर्व्यवहारमा एक र घरेलु हिंसाका घटनामा ४३ जना पीडित भए। सन् २०१५ मा बलात्कारमा चार, बहुविवाहमा दुई र घरेलु हिंसाका घटनामा १३ गरी १९ जना पीडित भएका थिए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२४ वर्षीया महिलालाई २०७३ भदौ २९ गते दगातुङडाँडा गाविस-३ का २८ वर्षीय सुमनसिंह बिकले बलात्कार गरेको भन्दै पीडितले असोज २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। असोज ३१ गते

गिरफ्तार भएका सुमनसिंहलाई जिल्ला अदालतले २०७३ कात्तिक २ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## स्वास्थ्य सेवाको अवस्था

*बाग्लुङमा एउटा अञ्चल अस्पताल, ५८ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा दुई कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको १ सय २५ दरबन्दी रहेकामा १ सय ५ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २० करोड ४० लाख र औषधि खर्चवापतको रकम ४३ लाख रुपियाँ छ।*

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बालबालिका बेचबिखन | | | १ | १ |
| बलात्कार | २ | १ | १ | ४ |
| यौन दुर्व्यवहार | १ | | ३ | ४ |
| जम्मा | ३ | १ | ५ | ९ |

**महिला अधिकार**

| घटनाको प्रकार | मिलापत्र | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| घरेलु हिंसा | ३६ | २ | ५ | ४३ |
| बलात्कार | | | २ | २ |
| यौन दुर्व्यवहार | | | १ | १ |
| जम्मा | ३६ | २ | ८ | ४६ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# ३.१४. पर्वत



**जम्मा जनसङ्ख्या**
**१४२३७४**

**महिला**
**७९८९४**

**परिवार सङ्ख्या**
**३६९८९**

**खोलाको पानी पिउने परिवार**
**२३०**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१८४२६**

**कामका लागि बाहिरिएका**
**२१७३५**

**सबभन्दा बढी जनसङ्ख्या**
**५२३७० (ब्राम्हण पहाड)**

**अपाङ्गता भएका**
**३६५३**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**७३.८**

**आश्रित जनसङ्ख्या**
**६२४८८**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालअधिकार | १ | १ |
| महिला अधिकार | ६१ | ६१ |
| जम्मा | ६२ | ६२ |

***इन्सेकको अभिलेख अनुसार पर्वतको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर रह्यो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा १८ महिलासहित २० जना पीडित भएकामा सन् २०१६ मा ६२ महिला पीडित भए। यस वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटना भएनन्। गैरराज्य पक्षबाट यस वर्ष जिल्लामा महिला अधिकार र बाल अधिकारसँग सम्बन्धित घटनामात्र भए।***

***अघिल्लो वर्ष महिला अधिकारका घटनामा १४ जना पीडित भएकामा यस वर्ष ६१ महिला पीडित भए। महिला अधिकारतर्फ यस वर्ष घरेलु हिंसाबाट ५५, बहुविवाहबाट एक, बलात्कार प्रयासको घटनामा दुई, यौन दुर्व्यवहारबाट दुई र मानव बेचबिखनबाट एक महिला पीडित भए। बाल अधिकार उल्लङ्घनतर्फ एक बालिका बलात्कार घटनामा पीडित भइन् भने गत वर्ष चार बालिका पीडित भएका थिए।***

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ६० जनाको छ। तर ६२ कैदी र १२ थुनुवा गरी ७४ जना छन्। जसमा सात महिला छन्। क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०४३ सालमा बनेको यो कारागारका दुई भवन पुरानो र जीर्ण छन्। कारागारभित्र कैदी/बन्दीले मुढा बुन्ने तथा सिलाइकटाइको काम गर्छन्।

## सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ४१ र फौजदारी ३० थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

### बाल अधिकार
#### शिक्षाको अवस्था

*यस जिल्लामा प्रावि २ सय, निमावि ३४ र मावि ७८ वटा छन्। १ हजार ६ सय ९९ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष २ हजार ८ सय ९८ बालक र २ हजार ४ सय ४५ बालिका भर्ना भए। जिल्लामा तीन पूर्ण अपा मैत्री विद्यालय छन्। १० वर्षयता बनेका अधिकांश विद्यालय भवन अपाङ्गमैत्री छन्। यस वर्ष ६ हजार ६ सय ३१ दलित बालक र ६ हजार ६ हजार २१ जना दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका तीन बालक र दुई बालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

*बाल अधिकार उल्लङ्घनतर्फ यस वर्ष एक बालिका बलात्कार घटनामा पीडित भइन् भने गत वर्ष चार बालिका पीडित भएका थिए। बालिका बलात्कार घटनामा अदालतले दोषी ठहर गर्दै कैद सजायको फैसला सुनायो।*

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय ३५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका ३७, खान/लाउन नदिएको ३६, विवाह दर्ता तथा नागरिकता नबनाएको चार, बहुविवाह गरी हेला गरेको २०, सामान्य झैझगडाका ३६, बोक्सीको आरोपमा गालीगलौज गरेको एक र दाइजो नल्याएको आरोपमा गाली गरेको एक घटना छन्। ती घटनामध्ये १ सय ६ वटामा मिलापत्र भयो। १७ उजुरी कानुनी प्रक्रियामा छन्। तीन घटनाका भने उजुरीकर्ता नै सम्पर्कमा आएनन्।*

*गत वर्षको तुलनामा महिला अधिकारबाट पीडित हुनेको सङ्ख्या यस वर्ष बढ्यो। गत वर्ष महिला अधिकारका घटनामा १४ जना पीडित भएकामा यस वर्ष ६१ महिला पीडित भए। महिला अधिकारतर्फ यस वर्ष घरेलु हिंसाबाट ५५, बहुविवाहबाट एक, बलात्कार*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | ५५ | ५५ |
| बहुविवाह | १ | १ |
| बलात्कारको प्रयास | २ | २ |
| यौन दुर्व्यवहार | २ | २ |
| महिला बेचबिखन | १ | १ |
| जम्मा | ६१ | ६१ |

*प्रयासको घटनामा दुई, यौन दुर्व्यवहारबाट दुई र मानव बेचबिखनबाट एक महिला पीडित भए।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३२ वर्षीया एक महिलालाई २०७३ भदौ २६ गते कुर्घा गाविस-५ का ३१ वर्षीय दिनेश भन्ने मोतीबहादुर क्षत्रीले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भदौ २६ गते भयो। भदौ २६ गते नै गिरफ्तार परेका मोतीलाई जिल्ला अदालतले कात्तिक ९ गते दुई वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

### महिला बेचबिखन तथा ओसारपसार

१९ वर्षीया एक युवतीलाई शालिग्राम गाविस-५ का २६ वर्षीय दुर्गाबहादुर बिकले विवाह गर्छु भनी भारत पुऱ्याई बेचबिखन गर्न खोजेको भन्दै पीडितले २०७३ साउन २६ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिइन्। साउन ३० गते गिरफ्तार परेका दुर्गाबहादुरलाई जिल्ला अदालतले भदौ २१ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म उक्त मुद्दाको फैसला भएको छैन।

### आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

कुश्मा नपा-११ का रामकृष्ण श्रेष्ठले २२ वर्षीय छोरा सौरभ श्रेष्ठको मृत्युपश्चात् क्रिश्चियन धर्मअनुसार अन्त्येष्टि गर्न पाउँ भनी जिल्ला प्रशासन कार्यालय, नगरपालिका कार्यालय र इन्सेकमा निवेदन दिए। आफ्नो निजी जग्गामा छोराको शव अन्त्येष्टि गर्न नपाएको भन्दै सम्बन्धित निकायलाई अनुरोध गरेपछि स्थानीय प्रशासनले उचित ठाउँको प्रबन्ध मिलाएको जनायो।

## स्वास्थ्य सेवाको अवस्था

पर्वतमा एक जिल्ला अस्पताल, ५२ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको दरबन्दी १ सय १२ रहेकामा १ सय १ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १३ करोड ९२ लाख ९८ हजार ७ सय ७३ रुपियाँ र औषधि खर्च ३५ लाख रुपियाँ छ।

जिल्ला अस्पतालमा स्त्रीरोग विशेषज्ञ नहुँदा सुत्केरी गराउन जिल्लाका अधिकांश महिला पोखरा जान बाध्य छन्। जिल्लामा २० प्रतिशत औषधि जिल्लाले खरिद गर्छ भने ८० प्रतिशत औषधि केन्द्र तथा क्षेत्रबाट आउने गर्छ। त्यसैगरी यस वर्षको सुरुमा नाकाबन्दीका कारण र वर्षको अन्त्यमा केन्द्र तथा क्षेत्रबाट आउने औषधि समयमा नआउँदा जिल्ला अस्पताल तथा स्वास्थ्य चौकीहरूमा औषधि अभाव देखियो। दरबन्दीअनुसार स्वास्थ्यकर्मीको अभाव, तोकिएको मात्रामा पर्याप्त औषधि स्वास्थ्य संस्थासम्म नपुग्नु, दक्ष जनशक्ति गाउँमा बस्न नमान्नु र अधिकांश स्वास्थ्य चौकी दुई बजेपछि बन्द हुँदा स्थानीयबासीले प्रभावकारी स्वास्थ्य सेवा पाउन सकेनन्।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्धा टुङ्गिएका | मिलापत्र | अपूण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | २ | ४४ | ४ | ५ | ५५ |
| बहुविवाह | | १ | | | १ |
| बलात्कारको प्रयास | | | | २ | २ |
| यौन दुर्व्यवहार | | २ | | | २ |
| महिला बेचबिखन | | | | १ | १ |
| जम्मा | २ | ४७ | ४ | ८ | ६१ |

# ३.१५ म्याग्दी



जम्मा जनसङ्ख्या
११३३४०

महिला
६२६४१

परिवार सङ्ख्या
२९२१६

खोलाको पानी पिउने परिवार
४१०

गरिबीको रेखामुनि रहेको सङ्ख्या
३१३२३

कामका लागि बाहिरिएका
१४३१४

सबभन्दा बढी जनसङ्ख्या
४४८४६ (मगर)

अपाङ्गता भएका
६१२२

५ वर्षमाथिको साक्षरता प्रतिशत
७१.९

आश्रित जनसङ्ख्या
५२१५७

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | २ | २ |
| महिला अधिकार | १९ | १९ |
| जम्मा | २१ | २१ |

*इन्सेकको अभिलेख अनुसार म्याग्दीमा गत वर्षको तुलनामा यो वर्ष मानव अधिकार अवस्था कमजोर रह्यो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १७ महिला पीडित भएकामा सन् २०१६ मा २१ महिला पीडित भए। यस वर्ष यो जिल्लामा गत वर्षजस्तै राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका कुनै पनि घटना भएनन्। यो वर्ष दुई बालिका र १९ महिला पीडित भए।*

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ३२ जनाको छ। २५ पुरुष र सात जना महिलाको क्षमता रहेको जिल्ला कारागारमा ६७ कैदी र १० थुनुवा गरी ७७ जना छन्। जसमा एक महिला छन्। क्षमताभन्दा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ३३ र फौजदारी ४५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय ३८ प्रावि, ३७ निमावि, ३९ मावि र १९ उमावि छन्। १ हजार २ सय ८० शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष १३ हजार ९ सय ९४ बालक र १२ हजार ७ सय ६५*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| जम्मा | २ | २ |

*बालिका कक्षा एकमा नयाँ भर्ना भए। अपाङ्गमैत्री विद्यालय तीनवटा छन्। ६ हजार ८ सय ५३ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

*यस वर्ष दुई बालिका बलात्कारका घटनामा पीडित भए।*

मुदी गाविस-९ सीमकोसका १२ बालबालिका म्याग्दी नदीमा पुल नभएका कारण तर्न नसक्दा विद्यालय जानबाट वञ्चित भए। नदीमा बनाइएको तुइन बिग्रिएपछि सीमकोसका आठ घरका १२ बालबालिका विद्यालय जानबाट वञ्चित भएका हुन्। पुलको अभावमा तुइनबाट विद्यालय जाने/आउने गरेकामा गत वर्ष तुइन बिग्रिएपछि मुदीको बगरमा रहेको कैलाश प्राविसम्म आउन निकै सास्ती हुने भएकाले अभिभावकले आफ्ना बालबालिका विद्यालय पठाउनै छाडेका हुन्। जिल्ला शिक्षा कार्यालयले भने मुदी गाविसलाई २०६८ सालमा विद्यालय उमेर समूहका विद्यार्थी विद्यालय बाहिर नभएको गाविस घोषणा गरेको थियो। विद्यालय जानबाट वञ्चित यी बालबालिका सबै १२ वर्षभन्दा कम उमेरका छन्।

## बलात्कार, यौन दुर्व्यवहार

सात वर्षीया एक बालिकालाई २०७२ माघ १२ गते बलात्कार गरेको आरोपमा कुहुँ गाविस-१ का ३९ वर्षीय कुमार बिकविरुद्ध पीडित पक्षले माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण २०७२ माघ १४ गते जिल्ला अस्पतालमा भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका कुमारलाई जिल्ला अदालतले २०७३ वैशाख १५ गते ६ वर्ष कैदको फैसला सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ५२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका, खान/लाउन नदिएको, अर्की श्रीमती ल्याएर हेला गरेको र सामान्य घरायसी झगडाका छन्। प्रहरीले बहुविवाह र बलात्कारका घटनाबाहेक घरायसी झगडामा मिलापत्र गरायो। घरेलु हिंसामा १२, बलात्कारका घटनामा तीन, बलात्कार प्रयासमा दुई, यौन दुर्व्यवहार र बहुविवाहमा एक/एक गरी १९ जना महिला पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| घरेलु हिंसा | १२ | १२ |
| बहुविवाह | १ | १ |
| बलात्कार | ३ | ३ |
| बलात्कारको प्रयास | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १९ | १९ |

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

५२ वर्षीया एकल महिलालाई बेनी नपा-९ का ३२ वर्षीय किसान परियारले २०७३ भदौ १९ गते बलात्कार प्रयास गरेको आरोपमा भदौ २० गते प्रहरीसमक्ष जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी गरिन्। उनले भदौ २१ गते लिखित उजुरी लिएर जिल्ला प्रहरी कार्यालय पुग्दा प्रहरीले उक्त उजुरी लिन नमानेपछि इन्सेकमा सहयोगका लागि आग्रह गरिन्। अनि इन्सेक म्याग्दीको पहलमा भदौ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरियो। महिलाको स्वास्थ्य परीक्षण भदौ २० गते जिल्ला अस्पताल म्याग्दीमा भयो। आरोपित किसान फरार रहे।

## स्वास्थ्य सेवाको अवस्था

म्याग्दीमा एउटा जिल्ला अस्पताल, एउटा प्राथमिक स्वास्थ्य केन्द्र र ३९ स्वास्थ्य चौकी छन्। जिल्लामा ८ डक्टरको दरबन्दी रहेकामा चार कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी एक जनाको रहेकामा रिक्त छ। जिल्ला अस्पताल म्याग्दी १५ शैयाबाट स्तरोन्नतिसहित ५० शैयाको अनुमति पाएको भए पनि विशेषज्ञ डक्टरहरू आउन समय लाग्ने अस्पताल प्रशासनले जनायो। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ६ करोड ९२ लाख ५४ हजार र औषधि खर्चबापतको रकम ३३ लाख रूपियाँ छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| **बलात्कार** | २ | २ |
| **जम्मा** | २ | २ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| घरेलु हिंसा | | १२ | | | १२ |
| बहुविवाह | | | १ | | १ |
| बलात्कार | | | २ | १ | ३ |
| बलात्कारको प्रयास | १ | | १ | | २ |
| यौन दुर्व्यवहार | | | १ | | १ |
| जम्मा | १ | १२ | ५ | १ | १९ |

# ३.१६. मुस्ताङ



**जम्मा जनसङ्ख्या**
**१२८९०**

**महिला**
**६१९०**

**परिवार सङ्ख्या**
**३३९९**

**खोलाको पानी पिउने परिवार**
**१७४**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**४६३२**

**कामका लागि बाहिरिएका**
**१४२५**

**सबभन्दा बढी जनसङ्ख्या**
**२८८५ (गुरुङ)**

**अपाङ्गता भएका**
**२०४**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६६.२**

**आश्रित जनसङ्ख्या**
**४३४२**

***मुस्ताङ मुखिया प्रथामा चलेको जिल्ला हो। अर्थात परम्परागतरूपमा चल्दै आएको यो प्रथाअनुसार स्थानीय गाउँघरमै चुनिने मुखियाले गाउँठाउँका सबै सवाल छिनोफानो गर्छन्। यसलाई हुबहु मान्नु स्थानीय बासिन्दा आफ्नो धर्म र संस्कार ठान्छन्। यही कारण प्रायः मानव अधिकार उल्लङ्घनका घटना न्यायिक र अर्धन्यायिक निकायसम्म आइपुग्दैनन्। त्यसैले यो जिल्लामा मानव अधिकार उल्लङ्घनका घटना तथा पीडित र पीडकको सङ्ख्या मापन गर्नु निकै चुनौतीपूर्ण कार्य हुने गर्छ। गत वर्ष जस्तै यस वर्ष पनि यो जिल्लामा मानव अधिकार उल्लङ्घन भएको घटना इन्सेकमा अभिलेख भएन।***

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर ६ जना कैदी छन्। जसमा एक महिला छिन्। प्रशासनिक प्रयोजनका लागि बनेको भवन कारागारका लागि उपयुक्त छैन। पर्खालसमेत व्यवस्था नभएको यो भवन सुरक्षाका दृष्टिले पनि अनुपयुक्त छ।

### सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये फौजदारी एक र देवानी तीन थान छन्। २ वर्षभन्दा पुराना मुद्दा छैनन्।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ५२ प्रावि, नौ निमावि, ६ मावि र दुई उच्चमावि छन्। ३ सय २२ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ५७ बालक र ५० बालिका कक्षा एकमा नयाँ भर्ना भए। ८ सय दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

## महिलाविरुद्ध हुने भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै दुई महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। दुवै घटनामा मिलापत्र भयो।*

## स्वास्थ्य सेवाको अवस्था

मुस्ताङमा एक जिल्ला अस्पताल, एक उपस्वास्थ चौकी र १६ स्वास्थ्य चौकी छन्। जिल्लामा ३ डक्टरको दरवन्दी रहेकामा दुई जना कार्यरत छन्। जिल्ला अस्पतालको क्षमता १५ शैयाको छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ५ करोड ११ लाख ६४ हजार ४ सय ६४ रुपियाँ छ।




# मध्यपश्चिमाञ्चल

४.१ दाङ
४.२ प्यूठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रुकुम
४.६ बाँके
४.७ बर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालीकोट
४.१४ मुगु
४.१५ हुम्ला

# ४.१ दाङ



**जम्मा जनसङ्ख्या**
**५९३७५७**

**महिला**
**३१८६३०**

**परिवार सङ्ख्या**
**१३३६११**

**खोलाको पानी पिउने परिवार**
**४८६८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१३७२५५**

**कामका लागि बाहिरिएका**
**४३१६०**

**सबभन्दा बढी जनसङ्ख्या**
**१६३११६ (थारू)**

**अपाङ्गता भएका**
**१२८८१**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९६.८**

**आश्रित जनसङ्ख्या**
**२४७३६८**

*इन्सेकको अभिलेख अनुसार दाङको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा कमजोर भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ८८ महिलासहित १ सय ९ जना पीडित भएकामा सन् २०१६ मा १ सय २३ महिलासहित १ सय ४० जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा एक महिला र ६ पुरुष पीडित भए। जसअनुसार गैरकानुनी गिरफ्तारीबाट दुई, कुटपिटबाट एक, अमानवीय व्यवहारबाट एक, अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी दुई र यातनाबाट एक जना पीडित भए। अघिल्लो वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा १५ पुरुष पीडित भएका थिए।*

*जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष परिवारबाटै एकसहित तीन महिलाको हत्या भएकामा यो वर्ष परिवारबाट चार र अन्य पक्षबाट दुई महिलाको हत्या भयो। महिला अधिकारतर्फ यस वर्ष घरेलु हिंसाका ७१, कथित बोक्सीको आरोपमा अमानवीय व्यवहारका दुई, बहुविवाहका तीन, बलात्कारका ११, बलात्कार प्रयासका तीन, यौन दुर्व्यवहारका दुई र मानव बेचबिखनबाट दुई जना पीडित भए। यस वर्ष एसिड प्रहारबाट एक महिला घाइते भइन्। बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना बालिका बलात्कारको घटनाबाट पीडित भए भने एकजना यौन दुर्व्यवहारबाट पीडित भइन्। त्यसैगरी यस वर्ष दुई नवजात शिशुको हत्या भयो। एक बालिकाको बलात्कारपछि हत्या भयो।*

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | | १ |
| बाल अधिकार | | | | १८ | १ | १९ |
| अमानवीय व्यवहार | | १ | १ | | १ | १ |
| महिला अधिकार | | | | ९४ | | ९४ |
| भेला/सङ्गठित हुने अधिकार | | २ | २ | | | |
| जातीय विभेद | | | | १ | १ | २ |
| गिरफ्तारी | | २ | २ | | | |
| यातना | १ | | १ | | | |
| कुटपिट | | १ | १ | २ | ५ | ७ |
| धम्की | | | | | २ | २ |
| हत्या | | | | ६ | १ | ७ |
| जम्मा | १ | ६ | ७ | १२२ | ११ | १३३ |

परिवारलाई खान नपुग्ने भएपछि अरुको जग्गा अधियामा कमाउन लिएवापत उसकहाँ छोरीलाई काम गर्न पठाइदिनुपर्ने

चलन दाङमा निकै मौलाएको थियो। यसरी काम गर्न जाने थारू समुदायका बालिकालाई कमलरी भनिन्छ। यसरी काम गर्न पठाइएका बालिकालाई जोखिमपूर्ण काममा लगाउने, यौन शोषण गर्नेदेखि बेपत्ता पार्ने जस्ता कामसमेत भए। कतिपयको त रहस्यमय मृत्युसमेत भएको छ। यसै क्रममा विभिन्न गैरसरकारी संस्थाले कमलरीलाई उद्धार गरी पढाउन र सिप सिकाउन थाले। चेतना वृद्धिका कारण उनीहरू पनि आन्दोलित हुन थाले। व्यापक आन्दोलनकै कारण सरकारले २०७० असार १३ गते कमलरी मुक्ति घोषणा गर्‍यो। यसरी सरकारी र गैरसरकारी प्रयासबाट दाङलगायत पश्चिम नेपालका बाँके, बर्दिया, कैलाली र कञ्चनपुरका करिब १२ हजार कमलरी बालिकाको उद्धार भयो। यीमध्ये १ जना मुक्त कमलरी स्नातकोत्तर पढ्दैछिन् भने मुक्त कमलरीको साझा सङ्गठन मुक्त कमलरी विकास मञ्च केन्द्रीय कार्यालय दाङका अनुसार ३ हजार बालिका घर/परिवारमा बसेर विद्यालय पढिरहेका छन्। अनि अभिभावक नभएका मुक्त कमलरीचाहिँ भिन्न जिल्लाका चारवटा छात्रावासमा बसेर पढिरहेका छन्।

मुक्तभएर पठनपाठन सुरु भए पनि यो पर्याप्त भने छैन। त्यसैले यतिबेला ती बालिका आर्थिक अभावमा विद्यालय छाड्न थालेका छन्। मञ्चका अनुसार पाँच जिल्लाका ४ सय ९० बालिकाले पढ्न छाडिसकेका छन् भने दाङमा मात्रै एक सय बालिकाले विद्यालय छाडे। सरकारले दिने छात्रवृत्ति अति न्यून रहेको र त्यसमा पनि विद्यालयले भर्ना शुल्क, परीक्षा शुल्क लिन थालेपछि कापी, कलम तथा पोशाक किन्ने स्थिति नै नभएकाले विद्यालय छाड्ने क्रम बढेको हो। यस्ता अधिकांश बालिका बालविवाह गरेर जाने भएकाले थप समस्यामा पर्ने गरेका पनि मञ्चले जनाएको छ। कतिपय त पुन: श्रममैफर्कने गरेका पनि छन्। मुक्त कमलरीका लागि एकातिर सरकारले विनियोजन गरेको रकम नै कम छ भने अर्कोतिर त्यही पनि सदुपयोग हुने अवस्था छैन। अनि आधा जति त खर्च हुन नसकेर फ्रिज नै हुने गरेको छ। यस्तो अवस्थाले मुक्त कमलरीको शिक्षामात्र हैन, सबै अधिकार बन्धकमा परेको छ।

## कारागार र बन्दी

जिल्लामा 'ङ' श्रेणीका दुईवटा कारागार छन्। ५० जना क्षमताको घोराही कारागारमा १ सय ५० कैदी र ६० थुनुवा गरी २ सय १० जना छन्। क्षमताभन्दा चारगुणा बढी कैदी बन्दी रहेको कारागारमा शौचालय र सुत्ने ठाउँको समस्या छ। २०५८ सालमा बनेको यो कारागारका २ भवन छन्। त्यसैगरी एकसय जना क्षमता रहेको तुलसीपुर कारागारमा १९ महिला र १ सय ७० पुरुष गरी १ सय ८९ बन्दी छन्। छ महिना र चार वर्षका दुई आश्रित बालबालिका छन्। २०३७ सालमा निर्मित कारागार भवन जीर्ण छ भने नयाँ भवन निर्माणाधीन छ। क्षमताभन्दा दोब्बर बन्दी हुँदा पिउने पानी र सुत्ने ठाउँको समस्या छ।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

गणतन्त्र दैनिकका समाचारदाता तथा घोराही नपा-११ का किरण गौतमलाई २०७३ वैशाख ११ गते ट्राफिक प्रहरी मोहन बिक र अक्कलबहादुर खड्काले दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले नेपाल पत्रकार महासङ्घको ध्यानाकर्षण गराए। लाइसेन्स साथमा नभएका कारण गौतमले चलाएको रा १ प ४७७९ नम्बरको मोटरसाइकल ती ट्राफिक प्रहरीले लगेका थिए। कागजपत्रसहित तत्काल मोटरसाइकल लिन कार्यालयमा पुग्दा मादक पदार्थ सेवन गरेका बिक र खड्काले आफूमाथि अपशब्द प्रयोग गर्दै हातपात गरेको पीडितले आरोप लगाए। ट्राफिक प्रहरीले २०७३ वैशाख १२ गते माफी मागेपछि मिलापत्र भयो।

राप्ती अञ्चल सार्वजनिक यातायात व्यवसायी समिति र मालिका कालिका यातायात प्रालिबीच विवादपछि भएको झडपको स्थिति नियन्त्रणमा ल्याउने क्रममा प्रहरीले २०७३ वैशाख २५ गते लाठी प्रहार गर्दा तुलसीपुर नपा-५ का यातायात व्यवसायी ३७ वर्षीय सुरेश हमाल र सोही ठाउँका ४० वर्षीय वीरेन्द्र खत्री घाइते भए। हमालको टाउकोमा र खत्रीको शरीरका विभिन्न भागमा चोट लाग्यो। दुवैजनाको उपचार राप्ती अञ्चल अस्पतालमा भयो। पीडितले बिनासूचना आफूमाथि लाठी प्रहार भएको भन्दै प्रहरीमाथि कारबाही माग गरे पनि उजुरी भने दिएनन्।

### गैरराज्यपक्षबाट

बिजौरी गाविस-५ का एमाओवादी सम्बद्ध अखिल (क्रान्तिकारी) का अध्यक्ष २८ वर्षीय विष्णु चौधरीलाई २०७२ माघ ३ गते तीन जनाको समूहमा आएका अज्ञात व्यक्तिले आक्रमण गरे। कामको सिलसिलामा घोराही आएका चौधरीले सरकारी

वकिलको कार्यालय नजिकै रा २ प ५५५६ नम्बरको मोटरसाइकलमा आएका व्यक्तिले रड प्रहार गरी भागेको बताए। उनले उजुरी भने दिएनन्।

गोरक्ष राष्ट्रिय दैनिकका समाचारदाता तथा सिसहनिया गाविस-६ का २६ वर्षीय सन्तोष गुप्तालाई २०७२ चैत १८ गते समाचार लेखेको आरोपमा लालमटिया गाविस-३ का ३५ वर्षीय ऋषिराम पौडेलले कुटपिट गरेको पीडितले आरोप लगाए। एसएलसी परीक्षाको रिपोर्टिङका लागि भालुवाङ पुगेका गुप्तालाई चैत १५ गते भएको भालुवाङ खानेपानीको चुनावमा पराजीत पौडेलले आफूले प्राप्त गरेको मत परिणाम पत्रिकामा कम छापेको भन्दै कुटपिट गरेका थिए। दाहिने आँखा र टाउकोमा लागेको चोटको उपचार स्थानीय मेडिकलमा भयो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालत घोराहीमा तीन न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ८२ र फौजदारीतर्फ २सय ७५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्। यसैगरी चार न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत तुलसीपुरमा दुई न्यायाधीशमात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय ९२ र फौजदारीतर्फ ४ सय ४ थान छन् भने ३७ रिट छन्। दुई वर्ष पुराना मुद्दा छैनन् भने दुई रिट छन्।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

### राज्यपक्षबाट

घोराही नपा-२ की २० वर्षीया विनु चौधरीलाई २०७२ चैत १ गते जिल्ला प्रहरी कार्यालयको हिरासतमा प्रहरीले यातना दिएको पीडितले आरोप लगाइन्। महिलामाथि एसिड प्रहार गरेको आरोपमा फागुन २९ गते गिरफ्तार परेकी विनुलाई प्रहरीले यातना दिएपछि खुट्टा सुन्निएर हिँड्नसमेत नसक्ने भएको पीडित पक्षले बतायो। प्रहरीले भने कसैलाई पनि यातना नदिएको बतायो। पीडितले न्यायकालागि पहल गरिदिन नागरिक समाज, मानवअधिकारकर्मी र पत्रकारलाई आग्रह गरेपनि उजुरी भने कतै दिइनन्।

घोराही नपा-११ का एबिसी टेलिभिजनका राप्ती ब्युरो प्रमुख ३४ वर्षीय धनीराम शर्मालाई २०७३ साउन १२ गते जिल्ला कृषि विकास कार्यालयका प्रमुख श्रीधर ज्ञवालीले दुर्व्यवहार गरेको भन्दै सोही दिन नेपाल पत्रकार महासङ्घले विज्ञप्ति प्रकाशन गरी ध्यानाकर्षण गरायो। कार्यालयले सञ्चालन गरेको कृषि प्रसार कार्यक्रमको सूचना माग्दै पत्रकार शर्माले असार ३१ गते कार्यालय प्रमुखलाई निवेदन दिएकामा सुनुवाइ नभएपछि पुनः साउन १२ गते अर्को निवेदन दिएका थिए। त्यसपछि कार्यालय प्रमुखले रोल्पाको पत्रकारलाई दाङमा सूचना माग्ने अधिकार नभएको भन्दै दुर्व्यवहार गरेको पीडितले बताए। पत्रकार महासङ्घको टोलीसँग छलफल गर्ने क्रममा ज्ञवालीले पीडितसँग माफी मागेपछि मिलापत्र भयो।

### गैरराज्यपक्षबाट

जल उत्पन्न प्रकोप नियन्त्रण १८ नम्बर डिभिजन कार्यालय लमहीका प्रमुख वेदानन्द उपाध्यायलाई २०७२ फागुन १८ गते भ्रष्टाचार गरेको आरोपमा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपा माओवादी सम्बद्ध अखिल नेपाल किसान सङ्घ (क्रान्तिकारी) मा आबद्ध चार/पाँच जनाको सङ्ख्यामा आएका कार्यकर्ताले मोसो छ्यापे। सोही दिनदेखि अवकाश पाएका उपाध्यायले कतै उजुरी दिएनन्।

गोल्टाकुरी गाविस-३ का गणेश आचार्यलाई २०७३ वैशाख २५ गते यातायात व्यवसायीबीचको झडपका क्रममा मलायाखबर डट कमका लागि फोटो खिच्दै गर्दा राप्ती अञ्चल सार्वजनिक यातायात व्यवसायी समितिका वरिष्ठ उपाध्यक्ष घोराही नपा-६ का भरतनाथ योगीले क्यामेरा खोसेर दुर्व्यवहार गरेको भन्दै नेपाल पत्रकार महासङ्घले विज्ञप्ति प्रकाशन गरी ध्यानाकर्षण गरायो। पत्रकार महासङ्घलगायतको चौतर्फी दबाबका कारण योगीले दुई महिनापछि नयाँ डिजिटल क्यामेरा किनिदिए। अनि मिलापत्र भयो।

## बालअधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ४९ प्रावि, ८० निमावि, ५६ मावि र ३६ उमावि छन्। १ हजार ७ सय ६६ शिक्षक दरबन्दी रहेकामा तीन रिक्त छ। यस वर्ष १७ हजार७ सय ४४ मध्ये ९ हजार ८० बालक र ८ हजार ६ सय ६४ बालिका भर्ना भए। जिल्लामा ३ सय अपाङ्गमैत्री विद्यालय छन्। १० हजार ३ सय १४ दलित बालक र ९ हजार ४ सय ५९ दलित बालिकालाई*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | १६ | | १६ |
| नवजात शिशुको हत्या | १ | १ | २ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १८ | १ | १९ |

*छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका १ सय ५० बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यो वर्ष पाँचदेखि १६ वर्ष उमेर समूहका १६ बालिका बलात्कारको घटनाबाट पीडित भए भने एक जना यौन दुर्व्यवहारको घटनामा पीडित भए। बालिका बलात्कार तथा यौन दुर्व्यवहारका दशवटा घटनामा अदालतले कैद फैसला गर्‍यो भने एक घटनाका आरोपितले सफाइ पाए। बलात्कारका दुई घटनामा मिलापत्र भयो। सात र १३ वर्षीया दुई बालिका बलात्कार घटनामा पीडित भए।*

**बलात्कार, यौन दुर्व्यवहार**

आठ वर्षीया एक बालिकालाई २०७३ असार १४ गते बाघमारे गाविस-६ घर भई तुलसीपुर नपा-५ बस्ने ६४ वर्षीय कर्ण कामीले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। बालिकाको राप्ती अञ्चल अस्पतालमा उपचार तथा स्वास्थ्य परीक्षण भयो। घटनाको भोलिपल्टै गिरफ्तार भएका कर्णलाई जिल्ला अदालतले २०७३ भदौ १५ गते १० वर्ष कैदको फैसला सुनायो।

सात वर्षीया बालिकालाई २०७३ कात्तिक ९ गते बाबुले बलात्कार गरेको भन्दै पीडित पक्षले कात्तिक १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको राप्ती उपक्षेत्रीय अस्पतालमा उपचार तथा स्वास्थ्य परीक्षण भयो। भोलिपल्ट गिरफ्तार भएका बाबुलाई पुर्पक्षका लागि थुनामा राख्न अदालतले आदेश दियो। यो वर्षको अन्त्यसम्म उक्त मुद्दाको फैसला भएन।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यसवर्ष घरेलु हिंसापीडित भन्दै १ सय ४९ महिलाले महिला तथा बालबालिका केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिटका ५८, घर निकाला १३, खान⁄लाउन नदिएको २४, विवाह दर्ता र नागरिकता नबनाएको २१, बहुविवाह गरी हेला गरेको १२ र सामान्य घरायसी झगडाका २१ घटना छन्।यीमध्ये प्रहरीले १ सय ३३ वटामा मिलापत्र गरायो भने १६ उजुरी कानुनी प्रक्रियामा छन्।*

*यो वर्ष परिवारबाट चार र अन्य पक्षबाट दुई महिलाको हत्या भयो। परिवारबाट हत्या भएका कुनै पनि घटनामा अदालतले फैसला गरेको छैन। अन्य पक्षबाट एक महिलाको हत्या भएको घटनाका आरोपित भने पहिचान नै हुन सकेनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | २ | २ |
| बलात्कार | ११ | ११ |
| बलात्कारको प्रयास | ३ | ३ |
| बहुविवाह | ३ | ३ |
| महिला बेचबिखन | २ | २ |
| घरेलु हिंसा | ७१ | ७१ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ९४ | ९४ |

*यो वर्ष बलात्कार घटनामा ११, बलात्कार प्रयासमा तीन र यौन दुर्व्यवहारमा दुई गरी १६ महिला पीडित भए। मानसिक सन्तुलन गुमाएकी एक महिला पनि बलात्कार घटनाबाट पीडित भइन्। बलात्कारका तीन घटनामा मिलापत्र भयो भने तीन घटनामा अदालतले दोषी ठहरगर्दै कैद सजायको फैसला सुनायो। बलात्कार घटनाका दुई आरोपित गिरफ्तार नै परेनन् भने एक फरारै रहे। ७० वर्षीया वृद्धासमेत बलात्कार घटनामा पीडित भइन्।*

**परिवारजनबाट हत्या**

घोराही नपा-६ की ६० वर्षीया आइती बिकलाई २०७३ मङ्सिर ३० गते ६२ वर्षीय पति केसे कामीले बन्चरो प्रहार गरी हत्या गरेको भन्दै सोहीदिन पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम सोही दिन राप्ती उपक्षेत्रीय अस्पतालमा भयो। सोही दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतलेपुस २५ गते पुर्पक्षकालागि थुनामा राख्ने आदेश दियो। यसवर्षको अन्त्यसम्म मुद्दाको फैसला भएको छैन।

लमही नपा-८ की ७० वर्षीया मङ्गलादेवी

रावतलाई २०७२ चैत ८ गते ३२ वर्षीय छोरा विमल रावतले कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले चैत १२ गते इलाका प्रहरी कार्यालय लमहीमा उजुरी दिएन। कुटपिटबाट गम्भीर घाइते मङ्गलादेवीको उपचारका क्रममा चैत १२ गते राप्ती उपक्षेत्रीय अस्पतालमा मृत्यु भएको थियो। शवको पोस्टमार्टम सोही दिन सोही अस्पतालमा भयो। चैत १३ गते गिरफ्तार भएका विमललाईजिल्ला अदालतले २०७३ वैशाख ६ गते पुर्पक्षकालागि थुनामा राख्ने आदेश दियो।

**महिला बेचविखन तथा ओसारपसार**

१९ र २१ वर्षीया दुई युवतीलाई २०७३ असार १२ गते लालमटिया गाविस-३ का ३६ वर्षीय राजकुमार पुन र सोही ठाउँकी ४२ वर्षीया मनकला सुनारले आर्थिक प्रलोभनमा पारी भारतमा लगेर बेचविखन गरेको भन्दै पीडित पक्षले २०७३ असार २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। उजुरी दिएकै दिन गिरफ्तार परेका दुवैलाई जिल्ला अदालतले २०७३ मङ्सिर ९ गते जनही २ वर्ष कैद र पीडितलाई १०/१० हजार रुपियाँदिनुपर्ने फैसला सुनायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

४२ वर्षीया एक महिलालाई २०७३ भदौ २८ गते तुलसीपुर नपा-१० का ६० वर्षीय केवल खत्रीले बलात्कार गरेको भन्दै पीडित पक्षले सोहीदिन इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। पीडित महिलाको राप्ती अञ्चल अस्पताल तुलसीपुरमा भदौ २८ गते स्वास्थ्य परीक्षण भयो। २०७३ असोज २ गते गिरफ्तार भएका केवललाई जिल्ला अदालतले २०७३ मङ्सिर ९ गते ५ वर्ष कैद र २० हजार रुपियाँ पीडितलाई दिनुपर्ने फैसला सुनायो।

**कथित बोक्सीको आरोप**

धनौरी गाविस-१ की ६५ वर्षीया दिव्या चौधरीलाई २०७३ वैशाख ८ गते कथित बोक्सीको आरोपमा सोही ठाउँका ३१ वर्षीय हरि चौधरीले कुटपिट गरेको भन्दै पीडित पक्षले वैशाख १२ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। कुटपिटबाट मुखमा चोट लागेकी घाइतेको उपचार काठमाडौंमा भयो। यसअघि वैशाख ३ गते राति गाउँभेला गराएर बोक्सी स्वीकार गर्न लगाएको तर नमानेपछि वैशाख ८ गते आक्रमण गरेको पीडित पक्षले आरोप लगायो। हरिलाई जिल्ला अदालतले २०७३ मङ्सिर २ गते ६ महिना कैद फैसला सुनायो। आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।



*कथित बोक्सीको आरोपमा छिमेकीको कुटपिटबाट घाइते भएकी दिव्या चौधरी*

**सबै प्रकारका जातीय विभेद**

तुलसीपुर नपा-१९ की ६५ वर्षीया मोती परियारलाई २०७३ भदौ ३० तुलसीपुर नपा-२० नवलपुरकी ४२ वर्षीया अनिता भण्डारी (लामा)ले दलित तथा कथित बोक्सीको आरोपमा कुटपिट गरेको भन्दै असोज ४ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दिए। छोरा अर्जुनलाई झारफुककालागि भदौ ३० गते अक्षता हेराउन तुलसीपुर नपा-२० नवलपुरमा भण्डारीको कूल पूजाका धामी प्रल्हाद भण्डारीसमक्ष पुगेकी थिइन्। अक्षता देखाएको केही समयपछि धामी रुन/कराउन थालेपछि अक्षता हेराउन दलित र बोक्सी महिला आएको भन्दै धामीकी बहिनी अनिताले कुटपिट गरेको पीडितको आरोप छ। कुटपिटबाट टाउको, आँखा र मुखमा चोट लागेकी पीडितको राप्ती अञ्चल अस्पताल तुलसीपुरमा उपचार भएको थियो। सोही दिन गिरफ्तार भएकी अनितालाई जिल्ला प्रशासन कार्यालयले कात्तिक २ गते २८ हजार ३ सय ४६ रुपियाँ धरौटीमा रिहा गऱ्यो।



*जातीय विभेदबाट पीडित नन्दु बिक र भीमा विक*

तुलसीपुर नपा-३ मा डेरा गरी बस्ने रोल्पा नुवागाउँ गाविस-६ का २४ वर्षीय नन्दु बिक र २२ वर्षीया भीमा बिकलाई दलित भन्दै २०७२ चैत १६ गते ३५ वर्षीया घरधनी सीता भण्डारीले दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले सोहीदिन राष्ट्रिय दलित आयोगमा उजुरी दिए। नन्दुको नाम र थर स्थानीय

रेडियोबाट सुनेपछि २०७२ फागुन २८ गतेदेखि घरधनी भण्डारीले तत्काल घर छाड्न दबाब दिएको पीडितले बताए। सीताले बिकको सामान बाहिर निकाल्दै पण्डित गङ्गादत्त शर्मालाई बोलाएर नन्दु बसेकै कोठामा चैत १६ गते पूजापाठसमेत गरिन्। दलित आयोगमा दिएको उजुरीको कुनै सुनुवाइ भएन भने पीडितले अन्यत्र उजुरी दिएनन्।

## आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार

### सम्पत्ति तोडफोड/आगजनी

काभ्रे गाविस-५ तापास्थित चुनढुङ्गा खानी उत्खनन् गरिरहेको रा १ क २६८ नम्बरको स्काभेटरमा २०७२ फागुन १२ गते राति मुखमा पट्टी बाँधेर आएका हतियारधारी अज्ञात समूहले आगो लगायो। आगो लगाउनुअघि २५ वर्षीय चालक गेमबहादुर थापालाई बाहिर निकालिएको थियो। चुनढुङ्गा लोड भइरहेको कारखानाको ना ५ ख ७५१२ र ना ५ ख ८२५९ नम्बरको टिपर पनि तोडफोड भएको थियो। यसबाट करिब डेढ करोड रुपियाँ बराबर क्षति भएको घोराही सिमेन्ट कारखानाले जनायो। कारखानाले फागुन १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि कसैलाई कारबाही भएन।

तुलसीपुरको नयाँ बसपार्कमा मर्मतका लागि राखिएको वा २ ख ३६३० नम्बरको फोर्स गाडी अज्ञात समूहले २०७२ चैत ११ गते आगजनी गर्‍यो। दाङ यातायात प्रालि तुलसीपुरका अध्यक्ष पिताम्बर कँडेलको पुरानो गाडी मर्मतका लागि ग्यारेजमा राखिएको अवस्थामा ५/६ जनाको सङ्ख्यामा मोटरसाइकलमा आएका अज्ञात व्यक्तिले आगजनी गरी भागेको स्थानीयले बताए। घटनामा संलग्नको पहिचान हुन सकेन।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा क्षेत्रीय, उपक्षेत्रीय र अञ्चल गरी तीन अस्पताल छन्। ३६ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला जनस्वास्थ्य कार्यालय मातहत चार डक्टरको दरबन्दी रहेकामा एक करारसहित पाँच जना कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। हेल्थ असिस्टेन्ट ३९ दरबन्दीमध्ये २७ कार्यरत छन्। त्यस्तै अहेबको १ सय १८ दरबन्दी रहेकामा करार समेत गरी १ सय २९ कार्यरत छन्। दाङमा सामुदायिक स्वास्थ्य एकाइ चार, शहरी स्वास्थ्य केन्द्र १२ र संस्थागत क्लिनिक एउटा छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १८ करोड १४ लाख ६९ हजार रुपियाँ छ भने औषधि खर्चबापतको रकम ५५ लाख रुपियाँ छ।

रामपुर गाविस-६ की २२ वर्षीया लीला घर्तीको ६ दिनको शिशुको उपचार अभावमा २०७२ माघ २५ गते मृत्यु भयो। भारतीय नाकाबन्दीका कारण एम्बुलेन्सले समयमा तेल नपाएपछि उपचार नपाएर मृत्यु भएको पीडितले बताइन्। राप्ती उपक्षेत्रीय अस्पताल घोराहीमा उपचारका लागि आएका पीडितले रा १ च ५८७ नम्बरको एम्बुलेन्समा राखेर थप उपचारका लागि बुटवल जान डिजेल खोज्दाखोज्दै शिशुको मृत्यु भएको एम्बुलेन्स चालक पोषण भण्डारीले बताए।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | | | | |
|---|---|---|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | ९ | २ | ४ | १६ |
| नवजात शिशुको हत्या | १ | | | | १ | २ |
| यौन दुर्व्यवहार | | १ | | | | १ |
| जम्मा | २ | १ | ९ | २ | ५ | १९ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | १ | | | १ | २ |
| बलात्कार | २ | ३ | २ | ४ | ११ |
| बलात्कारको प्रयास | १ | | १ | १ | ३ |
| बहुविवाह | | | २ | १ | ३ |
| महिला बेचबिखन | | १ | | | १ |
| घरेलु हिंसा | | १ | ६९ | १ | ७१ |
| यौन दुर्व्यवहार | | १ | | १ | २ |
| जम्मा | ४ | ६ | ७४ | ९ | ९३ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | १ | ५ | ७ |

# ४.२ प्यूठान



**जम्मा जनसङ्ख्या**
**२३४८२४**

**महिला**
**१३४०९८**

**परिवार सङ्ख्या**
**५११३२**

**खोलाको पानी पिउने परिवार**
**१४४३**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**७२७९१**

**कामका लागि बाहिरिएका**
**३६८५८**

**सबभन्दा बढी जनसङ्ख्या**
**७४३१२ (मगर)**

**अपाङ्गता भएका**
**५९३०**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९७.७७**

**आश्रित जनसङ्ख्या**
**११९३६१**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ६ | १ | ७ |
| महिला अधिकार | ८ | | ८ |
| जातीय विभेद | १ | | १ |
| हत्या | ३ | | ३ |
| जम्मा | १८ | १ | १९ |

***इन्सेकको अभिलेख अनुसार प्यूठानको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ३३ महिलासहित ३९ जना पीडित भएकामा सन् २०१६ मा १८ महिलासहित १९ जना पीडित भए। यस वर्ष यस जिल्लामा राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटना जानकारीमा आएनन्। गत वर्ष पनि गैरराज्य पक्षबाट मात्र मानव अधिकार उल्लङ्घनका घटना भएका थिए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष चार महिलाको हत्या भएकामा यो वर्ष परिवारबाटै दुई महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा ६ बालिका र एक बालक पीडित भए। जातीय विभेदका कारण एक महिला पीडित भइन्।***

***सरकारले २०७३ मङ्सिर १४ गते संविधान संशोधनमार्फत प्यूठानलगायत पहाडी जिल्ला ५ नं. प्रदेशबाट अलग्याउने प्रस्ताव संसद्मा दर्ता गरेको विरोधमा मङ्सिर १५ गते, ३० गते, पुस १, २ र ३ गते संयुक्त सङ्घर्ष समितिका नाममा गरिएको बन्दले जिल्लाको जनजीवन प्रभावित बन्यो। यसको विरोधमा यो वर्षको अन्त्यसम्मै जिल्लामा प्रदर्शन भए। सरकारी प्रस्तावले आफूहरूको भावनामा चोट पुगेको भन्दै जिल्लाबासी आन्दोलित बने।***

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ६१ कैदी र ११ थुनुवा गरी ७२ जना छन्। जसमा १४ कैदी महिला छन्। दुई वर्षीय बालक र दुई वर्षीया बालिका गरी दुई आश्रित पनि छन्। ६५ वर्षमाथिका दुई पुरुष छन्। क्षमताभन्दा झण्डै तेब्बर कैदी/बन्दी भएकाले शौचालय, पिउने पानी, औषधि उपचारलगायत व्यवस्थापनमा समस्या छ। कारागारको एउटा भवन पुरानो र जीर्ण छ।

यस वर्ष जिल्ला कारागारमा बलात्कार

घटनाको आरोपमा २०७२ असार २० गतेदेखि कैद सजाय भोगिरहेका तुसारा गाविस-१ का ६९ वर्षीय नरबहादुर रोकाको २०७३ मङ्सिर १५ गते मृत्यु भयो। सोही दिन उनी एक्कासि बेहोस भएकामा तत्काल उपचारका लागि जिल्ला अस्पताल लैजाँदै गर्दा बाटोमै मृत्यु भएको कारागार शाखाले जनायो। शवको पोस्टमार्टम मङ्सिर १६ गते जिल्ला अस्पतालमा गरियो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ५४ र फौजदारीतर्फ ६३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा २ सय ६३ प्रावि, ६१ निमावि, ५२ मावि र १९ उमावि छन्। १ हजार १ सय ४ शिक्षक दरबन्दी रहेकामा ११ रिक्त छन्। यस वर्ष ३२ हजार ८ सय ७८ बालक र ३४ हजार ५ सय ११ जना बालिका विद्यालयमा भर्ना भए। जिल्लामा १ सय १ अपाङ्गमैत्री विद्यालय छन्। ७ हजार ७ सय १३ दलित बालक र ८ हजार ३ सय २५ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। शहीद तथा द्वन्द्वपीडित परिवारका ५२ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*वर्षको अन्त्यतिर प्रदेश सीमाङ्कनसम्बन्धी राजनीतिक विवादले शिक्षा क्षेत्र पनि प्रभावित बन्यो। प्युठानलगायतका पहाडी जिल्लालाई ५ नं. प्रदेशबाट अलग्याउन नहुने भन्दै गरिएको बन्दका कारण जिल्लाका झण्डै ७३ हजार विद्यार्थी पढाइबाट वञ्चित भए।*

*यो वर्ष तीन बालिका यौन दुर्व्यवहार, एक बालिका बलात्कार र दुई बालिका बाल विवाहबाट पीडित भए। एक बालकलाई विद्यालयमा शारीरिक यातना दिइयो। गत वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा ११ बालिकासहित १३ जना पीडित भएका थिए। यो वर्ष भने पीडित बालबालिकाको सङ्ख्यामा कमी आयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | २ | | २ |
| बलात्कार | १ | | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | ३ | | ३ |
| जम्मा | ६ | १ | ७ |

### बलात्कार, यौन दुर्व्यवहार

तीन वर्षीया एक बालिकालाई २०७२ चैत १९ गते १३ वर्षीय एक बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले चैत २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत २२ गते नै भयो। चैत २३ गते गिरफ्तार भएका बालकलाई जिल्ला अदालतले २०७३ जेठ २५ गते एक वर्षभित्र यस्ता प्रकारका घटना दोहोऱ्याएमा तीन महिनाको कैद सजाय र ५० हजार रुपियाँ तिर्नुपर्ने फैसला सुनायो।

१४ वर्षीया एक बालिकालाई २०७३ वैशाख ८ गते बिजुली गाविस-३ का २१ वर्षीय वसन्त खड्काले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा वैशाख ९ गते भयो। सोही दिन गिरफ्तार भएका वसन्तलाई जिल्ला अदालतले असार २६ गते १० वर्ष कैद र १ लाख रुपियाँ पीडितलाई दिनुपर्ने फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका दुई, खान/लाउन नदिएको सात, अर्की श्रीमती ल्याएर हेला गरेको एक र सामान्य घरायसी झगडाका ५० घटना छन्। यीमध्ये प्रहरीले ५२ वटामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्। ६ घटनाका पीडित सम्पर्कमै आएनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ६ | ६ |
| जम्मा | ८ | ८ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

अपाङ्गता भएकी ५५ वर्षीया महिलालाई २०७३ जेठ ८ गते १४ वर्षीय बालकले बलात्कार गरेको आरोपमा पीडित पक्षले जेठ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा जेठ १३ गते गरियो। जेठ १४ गते गिरफ्तार भएका बालकलाई जिल्ला अदालतले असार ३० गते पाँच वर्ष कैद सजाय र ४० हजार पीडितलाई दिनुपर्ने फैसला सुनायो। अदालतले कसुरदार बालक भएकाले भक्तपुरको बाल सुधार गृहमा राख्ने गरी फैसला गरेको हो।

### परिवारजनबाट हत्या

तोरवाङ गाविस-३ की ३४ वर्षीया गोमा नगरकोटीलाई २०७३ भदौ १३ गते ३७ वर्षीय पति भूपाल नगरकोटीले कोदालोले टाउकोमा प्रहार गरी हत्या गरेको आरोपमा पीडित पक्षले भदौ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको पोस्टमार्टम भदौ १४ गते जिल्ला अस्पतालमा गरियो। भदौ १४ गते नै गिरफ्तार भएका भूपाललाई जिल्ला अदालतले असोज ७ गते पुर्पक्षका लागि थुन्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### आगजनी तथा तोडफोड

प्युठान नपा-६ टारीस्थित एनसेल फोनको टावरमा २०७३ जेठ २९ गते राति नेत्रविक्रम चन्द नेतृत्वको नेकपा माओवादीका कार्यकर्ताले आगजनी तथा तोडफोड गरे। तोडफोडबाट करिव १५ लाख रुपियाँ बराबरको क्षति भएको एनसेलको केन्द्रीय कार्यालयले जनायो।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ४६ स्वास्थ्य चौकी छन्। ६ डक्टरको दरबन्दी रहेकामा चार जना कार्यरत छन्। स्त्री रोग विशेषज्ञको एउटा दरबन्दी भए पनि त्यो रिक्त छ। अहेवको १ सय १ दरबन्दी रहेकामा ८२ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १५ करोड ४७ लाख ९८ हजार रुपियाँ र औषधि खर्चबापत ५७ लाख ९५ हजार रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बालविवाह | | | २ | २ |
| बलात्कार | १ | | | १ |
| विद्यालयमा शारीरिक सजाय | | १ | | १ |
| यौन दुर्व्यवहार | २ | | १ | ३ |
| जम्मा | ३ | १ | ३ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | | १ |
| बहुविवाह | | १ | १ |
| घरेलु हिंसा | | ६ | ६ |
| जम्मा | १ | ७ | ८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | १ | १ | ३ |

# ४.३ रोल्पा



**जम्मा जनसङ्ख्या**
२३०७३९

**महिला**
१२७०३०

**परिवार सङ्ख्या**
४६०५०

**खोलाको पानी पिउने परिवार**
१६४६

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
५७५०४

**कामका लागि बाहिरिएका**
२३५९७

**सबभन्दा बढी जनसङ्ख्या**
९७०११ (मगर)

**अपाङ्गता भएका**
७४५८

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९८.३

**आश्रित जनसङ्ख्या**
११३९०३

*इन्सेकको अभिलेख अनुसार रोल्पाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ५८ महिलासहित ७२ जना पीडित भएकामा सन् २०१६ मा ३५ महिलासहित ३७ जना पीडित भए। गत वर्ष राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा चार महिलासहित १२ जना पीडित भएकामा यस वर्ष कुनै पनि घटना भएनन्। गैरराज्य पक्षबाट अघिल्लो वर्ष तीन महिलाको हत्या भएकामा यो वर्ष परिवारबाटै चार महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा दुई बालिका बालविवाहबाट पीडित भए। यो अवधिमा एक बालिकालाई यौन दुर्व्यवहार गरियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ३ | १ | ४ |
| महिला अधिकार | २८ | | २८ |
| हत्या | ४ | १ | ५ |
| जम्मा | ३५ | २ | ३७ |

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागार रोल्पाको क्षमता ५० जनाको छ। तर, कैद तोकिएका ७७ र थुनुवा १५ गरी ९२ जना छन्। जसमा १२ जना महिला छन् भने तीन जना आश्रित बालबालिका छन्। क्षमताभन्दा झण्डै दोब्बर कैदी/बन्दी भएकाले शौचालय, पिउने पानीको व्यवस्थापन र सुत्न समस्या हुने गरेको छ। कारागार हाताभित्रै कार्यालय भवन निर्माणाधीन छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४८ र फौजदारीतर्फ ५१ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बालअधिकार

### शिक्षाको अवस्था

यस जिल्लामा २ सय ७४ प्रावि, ८६ निमावि, ७७ मावि छन्। १ हजार ३ सय ५८ शिक्षक

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालविवाह | २ | | २ |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | ३ | १ | ४ |

दरबन्दी रहेकामा १० दरबन्दी रिक्त छ। यस वर्ष ४१ हजार ७ सय ८३ जना बालक र ४२ हजार २ सय १० जना बालिका विद्यालयभर्ना भए। जिल्लामा १ सय ४८ अपाङ्गमैत्री विद्यालय छन्। यो वर्ष १२ हजार ६ सय ७१ जना दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ३ सय १४ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।

*यो वर्ष एक नवजात शिशुको हत्या भयो। गत वर्ष पनि एक नवजात शिशुको हत्या भएको थियो। सन् २०१६ मा बाल विवाहका घटनामा दुई बालिका पीडित भए। त्यसैगरी एक बालिका यौन दुर्व्यवहारबाट पीडित भइन्।*

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया एक बालिकालाई २०७३ वैशाख १० गते ५८ वर्षीय बाबुले यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा वैशाख ११ गते उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण वैशाख ११ गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले साउन ३१ गते ३ वर्ष ६ महिनाको कैद सजाय सुनायो।

### महिलाविरुद्व हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*सन् २०१६ मा घरेलु हिंसापीडित भन्दै १ सय ६ जना महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ४५, खान/लाउन नदिएको १८, विवाह दर्ता र नागरिकता नबनाएको १०, हेला गरेको १० र सामान्य घरायसी झगडाका २६ घटना छन्। सबै घटनामा प्रहरीले मिलापत्र गरायो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | २ | २ |
| बलात्कारको प्रयास | १ | १ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | २२ | २२ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २८ | २८ |

### परिवारजनबाट हत्या

थवाङ गाविस-९ की ३१ वर्षीया सीता बुढालाई २०७२ फागुन ८ गते ४९ वर्षीय पति वीरबल बुढाले हत्या गरेको भन्दै मृतकका माइती पक्षले फागुन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। फागुन १५ गते गिरफ्तार भएका वीरबललाई जिल्ला अदालतले २०७३ कात्तिक ८ गते सर्वस्वसहित जन्मकैदको फैसला सुनायो। पत्नीको हत्या गरेपछि वीरबलले फागुन ९ गते पत्नी भीरबाट लडेर मरेको भन्दै गाउँले बोलाएका थिए। अनि महत गाविस-५ स्थित जङ्गलमा पुरेका थिए। पुरिएको शव प्रहरीले फागुन १५ गते निकालेको थियो भने १६ गते जिल्ला अस्पताल रेउघामा पोस्टमार्टम गरियो। शवको टाउकोमा गहिरो चोट भएको प्रहरीले जनायो।

थवाङ गाविस-८ की ४८ वर्षीया सुनकुमारी नेपालीलाई घरायसी विवादमा २०७३ असोज २५ गते पति ४५ वर्षीय ध्रुव नेपालीले कुटपिट गरी घाइते बनाएकामा उनको कात्तिक २८ गते रुपन्देहीस्थित युनिभर्सल मेडिकल कलेजमा उपचारकै क्रममा मृत्यु भयो। शवको पोस्टमार्टम मृत्यु भएकै दिन भीम अस्पताल, रुपन्देहीमा भयो। असोज २६ गते गिरफ्तार भएका ध्रुव नेपाली र जालकुमारी नेपालीलाई जिल्ला अदालतले कात्तिक २९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। सुनकुमारीकी १३ वर्षीया छोरी विनिताको लालनपालन र शिक्षादीक्षाको जिम्मा एसओएस बालग्राम लुम्बिनीले लिएको छ।

### स्वास्थ्य सेवाको अवस्था

रोल्पा जिल्लामा एउटा जिल्ला अस्पताल, ४९ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। जिल्लामा ५३ हेल्थ असिस्टेन्टीको दरबन्दी रहेकोमा १६ कार्यरत छन्। अहेवको १ सय ७ दरबन्दी रहेकामा ७० जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १४

करोड रहेकोमा औषधि खर्चबापतको रकम ४० लाख रुपियाँ छ। यस वर्षको सुरुआतमा नाकाबन्दीका कारण जिल्ला तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधि अभाव भएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| बालविवाह | २ | २ |
| नवजात शिशुको हत्या | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ४ | ४ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | जम्मा |
| कथित बोक्सीको आरोप | | २ | २ |
| बलात्कारको प्रयास | | १ | १ |
| बहुविवाह | १ | १ | २ |
| घरेलु हिंसा | | २२ | २२ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | १ | २७ | २८ |

| मारिएकाको घटना सङ्ख्या | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | १ | ४ | ५ |

# ४.४ सल्यान



**जम्मा जनसङ्ख्या**
**२५५२३१**

**महिला**
**१३५३९३**

**परिवार सङ्ख्या**
**५०४५१**

**खोलाको पानी पिउने परिवार**
**२०२३**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**६९६०५**

**कामका लागि बाहिरिएका**
**१४२१३**

**सबभन्दा बढी जनसङ्ख्या**
**१३८२०५ (क्षेत्री)**

**अपाङ्गता भएका**
**६२३३**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९०**

**आश्रित जनसङ्ख्या**
**२००१७४**

***इन्सेकको अभिलेख अनुसार सल्यानको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ मा यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ७६ महिलासहित ७९ जना पीडित भएकामा सन् २०१६ मा ४० महिलासहित ४१ जना पीडित भए। यस वर्ष सल्यानमा एक जनाको हिरासतमै मृत्यु भयो। यो वर्ष गैरराज्य पक्षबाट ६ महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा दुई बालिका पीडित भए। महिला अधिकारबाट यो वर्ष सल्यानमा ३२ जना पीडित भएको अभिलेख छ।***

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | |
|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | जम्मा |
| बाल अधिकार | | | २ | २ |
| महिला अधिकार | | | ३२ | ३२ |
| हिरासत वा थुनामा मृत्यु | १ | १ | | |
| हत्या | | | ६ | ६ |
| जम्मा | १ | १ | ४० | ४० |

## हत्या

### अन्य पक्षबाट

छायाँक्षेत्र गाविस-९ की २२ वर्षीया सीता खान, तीन वर्षीया छोरी पवित्रा, दुई वर्षीया छोरी सविता र शारदा नपा-१० निवासी सीताकी बहिनी १८ वर्षीया पवित्रा गिरीलाई २०७३ वैशाख १४ गते सोही ठाउँका १८ वर्षीय सञ्जय भारतीले गाई बाँध्ने किलाले प्रहार गरी हत्या गरेको आरोपमा प्रहरीले वैशाख १५ गते गिरफ्तार गऱ्यो। शवहरूको पोस्टमार्टम वैशाख १५ गते जिल्ला अस्पतालमा भएको थियो। सञ्जयलाई जिल्ला अदालतले मङ्सिर १० गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो। सञ्जयले सीतालाई हत्या गर्नुअघि बलात्कार गरेको बयानका क्रममा स्वीकारेका थिए।

## कारागार र बन्दी

'ङ' श्रेणीको सल्यान जिल्ला कारागारको क्षमता २० जनाको छ। तर, ५६ कैदी र २१ थुनुवा गरी ७७ जना छन्। जसमा १६ जना महिला छन्। दुई आश्रित बालक छन्। ६५ वर्षमाथिका एक पुरुष बन्दी छन्। क्षमताभन्दा झण्डै चार गुणा बढी कैदी/बन्दी भएकाले पिउने पानी, शौचालयलगायत प्रयोगमा समस्या छ। डेढ सय वर्षअघि घोडा बाँध्न बनाइएको तवेला कारागारका रूपमा प्रयोग भएकाले अति नै जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ४१ र फौजदारीतर्फ ६९ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय २५ प्रावि, ९९ निमावि, ७७ मावि र २४ उमावि छन्। १ हजार ५ सय ६५ शिक्षक दरबन्दी रहेकामा १ सय ८४ दरबन्दी रिक्त छन्। यस वर्ष ३५ हजार ३ सय ६ बालक र ३८ हजार ३ सय ४८ बालिका विद्यालय भर्ना भए। ६ हजार ६ सय ६४ दलित बालक र ८ हजार ७ सय दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका १ सय ५६ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यो वर्ष एक बालिका बलात्कार घटनाबाट र एक बालिका यौन दुर्व्यवहारबाट पीडित भए। एकको बलात्कारपछि हत्या गरियो। गत वर्ष बेचबिखनबाट एक, विद्यालयमा हुने शारीरिक सजायका कारण एक र बलात्कारको घटनाबाट दुई बालिका पीडित भएका थिए भने दुई नवजात शिशुको हत्या भएको थियो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २ | २ |

### बलात्कारपछि हत्या

नौ वर्षीया एक बालिकालाई २०७२ चैत १४ गते जिमाली गाविस-३ का भिनाजु नाता पर्ने २२ वर्षीय गोपाल चलाउनेले बलात्कारपछि हत्या गरेको आरोपमा सोही दिन मृतकका आफन्तले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम चैत १५ गते जिल्ला अस्पतालमा भयो। चैत १५ गते गिरफ्तार भएका गोपाललाई जिल्ला अदालतले २०७३ वैशाख ६ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। यस वर्षको अन्त्यसम्म सो मुद्दाको फैसला भएको छैन।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ७६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २६, खान⁄लाउन नदिएका सात, विवाह दर्ता र नागरिकता नबनाएका दुई, अर्को विवाह गरी हेला गरेको एक र सामान्य घरायसी झगडाका ४० घटना छन्। यीमध्ये प्रहरीले ७४ वटामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | ८ | ८ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | २१ | २१ |
| जम्मा | ३२ | ३२ |

### कथित बोक्सीको आरोप

कुपिण्डेदह गाविस-४ की २० वर्षीया सेती परियारलाई २०७३ जेठ २४ गते सोही ठाउँका २९ वर्षीय रूपलाल दमाईं, ३५ वर्षीया पातली बुढा, २१ वर्षीया रूपा थापा, २३ वर्षीया पिमकली बुढा र कुपिण्डेदह गाविस-५ की ४५ वर्षीया लाली पुनले अमानवीय व्यवहार गरेको भन्दै पीडितका आफन्तले जिल्ला प्रहरी कार्यालयमा साउन ६ गते उजुरी दियो। बिरामी परेकी सेतीलाई निको बनाउने भन्दै मण्डलीमा राखेर सिस्नोले हानेको, अभक्ष खुवाएको तथा कुटपिट गरेको पीडित पक्षले आरोप लगाए। सोही दिन गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले पुस ४ गते पाँच वर्ष कैद र प्रतिव्यक्ति ५० हजार रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो। रूपा थापालाई भने सफाइ दियो।

## स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा एक जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ४५ स्वास्थ्य चौकी छन्। डक्टरको पाँच दरबन्दी रहेकामा दुई जनामात्र कार्यरत छन्। यसैगरी जिल्ला अस्पतालमा परियोजनामार्फत दुई र करारमा दुई गरी थप चार डक्टर कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको ९७

दरबन्दी रहेकामा ७० जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १५ करोड ५५ लाख ४६ हजार ८ सय ३१ र औषधि खर्चवापतको रकम ४५ लाख रुपियाँ छ। यस वर्ष नाकाबन्दीका कारण जिल्ला तथा स्वास्थ्य चौकीहरूमा समेत अत्यावश्यक औषधि अभाव भयो। यही कारण वैशाखमा आउनुपर्ने औषधि असारमा मात्रै पुग्यो।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| बलात्कार | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २ | २ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | १ | | | १ |
| बलात्कार | | | | ८ | ८ |
| बहुविवाह | १ | १ | | | २ |
| घरेलु हिंसा | १७ | ३ | १ | | २१ |
| जम्मा | १८ | ५ | १ | ८ | ३२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | २ | ३ |

# ४.५ रुकुम



**जम्मा जनसङ्ख्या**
**२१७४४२**

**महिला**
**११६७५२**

**परिवार सङ्ख्या**
**४५७५५**

**खोलाको पानी पिउने परिवार**
**११२१**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५४४३१**

**कामका लागि बाहिरिएका**
**१३०५१**

**सबभन्दा बढी जनसङ्ख्या**
**९३८५७ (क्षेत्री)**

**अपाङ्गता भएका**
**५९२२**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८७.९७**

**आश्रित जनसङ्ख्या**
**१०६६०६**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ७ | | ७ |
| अमानवीय व्यवहार | २ | २ | | | |
| महिला अधिकार | | | १४ | | १४ |
| यातना | २ | २ | | | |
| हत्या | | | ५ | १ | ६ |
| जम्मा | ४ | ४ | २६ | १ | २७ |

***इन्सेकको अभिलेख अनुसार रुकुमको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भएको पाइयो। सन् २०१५ मा यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २९ महिलासहित ४१ जना पीडित भएकामा सन् २०१६ मा २६ महिलासहित ३१ जना पीडित भए। यस वर्ष रुकुममा राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा चार जना पीडित भए। गत वर्ष राज्य पक्षबाट दश पुरुषसहित १२ जना पीडित भएका थिए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष एक महिलाको हत्या भएकामा यो वर्ष परिवारबाटै पाँच महिला र एक पुरुषको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा सात बालिका पीडित भए।***

## गिरफ्तारी र यातना

### राज्यपक्षबाट

पीपल गाविस-९ निवासी नयाँ पत्रिका दैनिकका समाचारदाता तथा नेपाल पत्रकार महासङ्घ रुकुमका सहसचिव २२ वर्षीय हरि गौतमलाई २०७३ साउन २३ गते समाचार सङ्कलनको क्रममा जिल्ला अस्पताल पुगेको समयमा गस्तीमा रहेको प्रहरी टोलीले अस्पताल प्रवेशमा रोक लगाइ लाठीले घोच्दै दुर्व्यवहार गरेको पीडितले आरोप लगाए। गाडी दुर्घटनाबाट घाइते भएकाको फोटो खिच्न अस्पताल पुगेका गौतमलाई प्रवेश नै नदिई प्रहरी हवल्दार नारायण



*प्रहरीले गिरफ्तार गरी यातना दिइएका पत्रकार हरि गौतम र महेश केसी*

पोखरेल र अन्य जवानले पीडित गौतमसँगै गएका राजधानी दैनिकका समाचारदाता पोखरा गाविस-१ का २४ वर्षीय महेश केसीलाई समेत गाली गर्दै घिसारेर दुर्व्यवहार गरेको आरोप छ। साउन २४ गते नेपाल पत्रकार महासङ्घ रुकुमले घटनाका दोषीमाथि कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालयमा ज्ञापनपत्र बुझायो। रुकुमका प्रमुख जिल्ला अधिकारी वंशीकुमार आचार्यले रेडक्रस रुकुमका सभापति शिवराम खत्रीको संयोजकत्वमा चार सदस्यीय छानबिन समिति गठन गरी तत्काल अनुसन्धान गरी कारबाही गर्ने आश्वासन दिएपछि पत्रकार महासङ्घले घोषणा गरेका अन्य आन्दोलन तथा विरोधका कार्यक्रम स्थगित गरेको जनायो। तर घटनामा संलग्न प्रहरीलाई कारबाही भने भएन।

चौरजहारी नपा-२ का ३२ वर्षीय महेशकुमार आचार्यलाई २०७३ भदौ ६ गते घरायसी विवाद गरेको आरोपमा इलाका प्रहरी कार्यालय, चौरजहारीका प्रहरी टोलीले सोही दिन गिरफ्तार गर्‍यो। गिरफ्तारपश्चात लाठीले पिट्दै, शरीरका पुरै कपडा खोलेर हिँडाएको आरोप लगाउँदै पीडित पक्षले घटनामा संलग्न प्रहरीलाई कारबाहीको माग गर्दै राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगन्जमा भदौ १६ गते उजुरी दियो। जिल्लामा न्यायका लागि अनुरोध गर्दा कसैले सहयोग नगरेपछि इलाका प्रहरी कार्यालय चौरजहारीका इन्स्पेक्टर पुष्पकमल श्रेष्ठ र जिल्ला प्रहरी कार्यालय रुकुमका डिएसपी रुपेश खड्कालाई कारबाहीको माग गर्दै मानव अधिकार आयोगमा उजुरी दर्ता गरेको पीडित पक्षले जनायो। उजुरीपश्चात राष्ट्रिय मानव अधिकार आयोगले सम्बन्धित निकायसँग जानकारी लिएको जनायो। जिल्ला प्रशासन कार्यालयको आदेशमा असोज १ गते महेश ४ हजार रुपियाँ धरौटी राखी रिहा भए।

मुसीकोट नपा-६ का ७२ वर्षीय शुकराम बिकलाई बाटोमा हिँडिरहेको अवस्थामा २०७३ भदौ २३ गते प्रहरी चौकी बागबजारमा कार्यरत सादा पोशाकमा रहेका नाम थर नखुलेका प्रहरी हवल्दार र प्रहरी जवानले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। शुकरामको दुवै खुट्टा, मुख र ढाडमा निलडाम परेको थियो। कुटपिटमा संलग्न प्रहरीले नै गाडी बोलाएर जिल्ला अस्पताल पुर्‍याए पनि उपचार नगरी हिरासतमा राखिएको पीडित पक्षले बताए। रातभर हिरासतमा राखिएका शुकरामलाई भोलिपल्ट बिहान छाडिएको थियो। प्रहरी चौकी बागबजारका सई भूपेन्द्र शाहीले भने शुकरामलाई कुनै प्रहरीले कुटपिट नगरेको दाबी गरे।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २४ जनाको छ। तर, कैदी ५८ र १४ थुनुवा गरी ७२ जना छन्। जसमा आठ महिला छन्। दुई आश्रित बालबालिका छन्। क्षमताभन्दा तीन गुणा बढी कैदी/बन्दी भएकाले पिउने पानी, सुत्ने ठाउँलगायत व्यवस्थापनमा समस्या छ। २०४१ सालमा निर्माण गरिएको यो कारागारको एउटा भवन जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ५५ र फौजदारीतर्फ ६५ थान छन्। यस अदालतमा नौ महिनाभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ५५ प्रावि, ६५ निमावि, ६५ मावि र २३ उमावि छन्। १ हजार ५ सय १३ शिक्षक दरबन्दी रहेकामा ५ सय ४ दरबन्दी रिक्त छ। यस वर्ष २ हजार ५ सय २५ बालक र १ हजार ३ सय २० बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। ९ हजार ६ सय ३७ दलित बालक र ५ हजार ५ सय जना दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद तथा द्वन्द्वपीडित परिवारका ६ सय ६५ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यो वर्ष बलात्कारका घटनाबाट ६ बालिका पीडित भए। बाल विवाहबाट एक बालिका पीडित भइन्। गत वर्ष एक बालिका बाल विवाहबाट र तीन बालिका बलात्कार घटनाका कारण पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| बलात्कार | ६ | ६ |
| जम्मा | ७ | ७ |

**बलात्कार, यौन दुर्व्यवहार**

११ वर्षीया एक बालिकालाई २०७३ साउन ३ गते स्यालापाखा गाविस-३ का ४० वर्षीय दले दमाईंले बलात्कार गरेको भन्दै पीडित पक्षले साउन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। साउन ६ गते गिरफ्तार परेका दलेलाई जिल्ला अदालतले मङ्सिर ७ गते आठ वर्ष कैद सजाय र पीडितलाई ५० हजार रुपियाँ दिनुपर्ने फैसला सुनायो।

६ वर्षीया एक बालिकालाई २०७३ साउन २२ गते १४ वर्षीय एक बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले साउन २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। साउन २४ गते गिरफ्तार भएका बालकलाई जिल्ला अदालतले मङ्सिर २३ गते तीन वर्ष कैद हुने तर नाबालक भएकाले सजाय स्थगन गरी निजका अभिभावकमार्फत पीडितलाई ४० हजार रुपियाँ दिनुपर्ने फैसला सुनायो।

११ वर्षीया एक बालिकालाई २०७३ भदौ २५ गते खारा गाविस-१ का ८० वर्षीय शिवराम खड्काले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण तथा उपचार जिल्ला अस्पतालमा भयो। भदौ २५ गते गिरफ्तार भएका शिवरामलाई जिल्ला अदालतले मङ्सिर २४ गते आठ वर्ष कैद र ५० हजार रुपियाँ पीडितलाई दिनुपर्ने फैसला गर्‍यो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४० महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका दुई, खान/लाउन नदिएको दुई, विवाह दर्ता र नागरिकता नबनाएको तीन, अर्की श्रीमती ल्याएर हेला गरेको दुई र सामान्य घरायसी झगडाका ३१ घटना छन्। यीमध्ये प्रहरीले ३३ वटामा मिलापत्र गरायो भने सात उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| बहुविवाह | ८ | ८ |
| महिला बेचबिखन | १ | १ |
| घरेलु हिंसा | २ | २ |
| जम्मा | १४ | १४ |

**महिला बेचबिखन तथा ओसारपसार**

१८ वर्षीया एक महिलालाई २०७३ वैशाख १० गते गराइला गाविस-१ का २८ वर्षीय कमलप्रकाश बिकले विवाह गर्छु भनी भारतमा बेच्न लैजान लागेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा २०७३ असार २५ गते मानव बेचबिखन तथा बलात्कार आरोपमा उजुरी दिए। साउन २ गते गिरफ्तार भएका कमलप्रकाशलाई जिल्ला अदालतले साउन २७ गते पुर्पक्षका लागि थुन्ने आदेश दियो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

४५ वर्षीया एक महिलालाई २०७३ वैशाख १ गते स्यालापाखा गाविस-४ का ५० वर्षीय शशीराम रोकाले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

३३ वर्षीया एक महिलालाई २०७३ वैशाख १० गते सुर्खेतको मेहलकुना घर भई डोजर चालकका रूपमा रुकुममा रहेका २४ वर्षीय टेकबहादुर बिकले बलात्कार गरेको भन्दै पीडित पक्षले २०७३ जेठ ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पातालमा भयो। यो वर्षको अन्तयसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

**परिवारजनबाट हत्या**

रुघा गाविस-५ की २६ वर्षीया नौमति खड्का र उनकी आमा ४५ वर्षीया ओपी ओलीलाई २०७३ साउन ४ गते नौमतिका पति २६ वर्षीया जगतबहादुर खड्काले हत्या गरेको भन्दै मृतकका आफन्तले प्रहरीमा साउन ४ गते उजुरी दिए। शवको जिल्ला अस्पतालमा पोस्टमार्टम भयो। साउन ४ गते नै गिरफ्तार भएका जगतलाई जिल्ला अदालतले साउन ३० गते पुर्पक्षका लागि थुन्ने आदेश दियो।

**घरेलु हिंसा**

मुसीकोट नपा-६ की ४० वर्षीया टीका खड्कालाई २०७२ चैत २० गते ४५ वर्षीय पति वीरबहादुर खड्काले धारिलो हतियार प्रहार गरी हत्या

गर्न खोजेको भन्दै पीडित पक्षले २०७२ चैत २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। चैत २२ गते गिरफ्तार भएका वीरबहादुरलाई जिल्ला अदालतले २०७३ मङ्सिर १० गते पाँच वर्ष कैद सजाय सुनायो।

### स्वास्थ्य सेवाको अवस्था

रुकुममा एउटा जिल्ला अस्पताल, ४१ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। चार जना डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। स्त्री रोग विशेषज्ञ एक जना छन्। अहेवको ८७ दरबन्दी रहेकामा ६३ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ५ करोड रुपियाँ छ। औषधि खर्चबापतको रकम भने ८४ लाख रुपियाँ छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बालविवाह | | | १ | | १ |
| बलात्कार | १ | ३ | | २ | ६ |
| जम्मा | १ | ३ | १ | २ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | २ | | | १ | ३ |
| बहुविवाह | १ | १ | २ | ४ | ८ |
| महिला बेचबिखन | | | | १ | १ |
| घरेलु हिंसा | | १ | १ | | २ |
| जम्मा | ३ | २ | ३ | ६ | १४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | २ | १ | १ | ४ |

# ४.६ बाँके



जम्मा जनसङ्ख्या
५४१३४४

महिला
२७५८१४

परिवार सङ्ख्या
१०८७०१

खोलाको पानी पिउने परिवार
८६

गरिबीको रेखामुनि रहेको सङ्ख्या
१२७६९०

कामका लागि बाहिरिएका
२१३५९

सबभन्दा बढी जनसङ्ख्या
९३२९८ (मुस्लिम)

अपाङ्गता भएका
७४६८

५ वर्षमाथिको साक्षरता प्रतिशत
९१

आश्रित जनसङ्ख्या
२२४८३९

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | | १ | १ |
| बाल अधिकार | | | | १२ | ३ | १५ |
| अपहरण | | | | | २ | २ |
| महिला अधिकार | | | | ४५ | | ४५ |
| भेला/सङ्गठित हुने अधिकार | | ४ | ४ | | | |
| गिरफ्तारी | | ४ | ४ | | | |
| यातना | | ६ | ६ | | | |
| कुटपिट | १ | ३ | ४ | १ | १२ | १३ |
| धम्की | | | | | २ | २ |
| हत्या | | | | ४ | ३ | ७ |
| जम्मा | १ | १७ | १८ | ६२ | २३ | ८५ |

*इन्सेकको अभिलेख अनुसार बाँकेको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घनका घटनामा १ सय २३ महिलासहित १ सय ९८ जना पीडित भएकामा सन् २०१६ मा ६३ महिलासहित १ सय ३ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा एक महिलासहित १८ जना पीडित भए। मटेहिया गाविसमा गाउँलेबीच भएको झडपमा दुई पुरुषको हत्या भयो भने ११ जना घाइते भए। उक्त घटनापछि सामाजिक सद्भाव कायम राख्न प्रशासन, प्रहरी, धार्मिक अगुवा, सञ्चारकर्मी र नागरिक समाजको भूमिका राम्रो रह्यो। यस वर्ष तीन सञ्चारकर्मी गैरराज्य पक्षबाट पीडित भए।*

*जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष चार जनाको हत्या भएकामा यो वर्ष पनि चार महिला सहित सात जनाको हत्या भयो। जसमध्ये एक हत्यामा परिवारकै संलग्नता रह्यो। यस वर्ष बलात्कारपछि हत्या गरेको भन्दै प्रहरी कार्यालयमा दुई उजुरी परे भने कथित बोक्सीको आरोपमा एक महिलाको हत्या भयो। दाइजो नल्याएको आरोपमा एक महिलालाई परिवारले नै कुटपिट गरी घाइते बनाए। बाल अधिकार उल्लङ्घनका घटनामा नौ बालिका बलात्कारको घटनाबाट पीडित भए भने तीन बालिका र दुई बालक यौन दुर्व्यवहारबाट पीडित भए। त्यसैगरी यस वर्ष सात वर्षीय एक बालकको हत्या भयो। एक बालकले आफ्नै प्रधानाध्यापकबाट शारीरिक दण्ड सजाय पाए।*

**सम्मानितरूपले बाँच्ने अधिकार**

**हत्या**

**गैरराज्यपक्षबाट**

नरैनापुर गाविस-३ का ४५ वर्षीय मनिजर

खानको २०७३ मङ्सिर २७ गते मटेहिया गाविसमा गाउँलेबीच भएको झडपमा मृत्यु भयो। उक्त झडपमा घाइते भएका लक्ष्मणपुर गाविस-५ का ४५ वर्षीय मौलाना वजहुल कम्मर खाँको काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचारका क्रममा पुस ४ गते मृत्यु भयो। झडपमा कटकुइया गाविस-५ का ३० वर्षीय समिर शेख, सोही ठाउँका ५० वर्षीय असगर अल, सोही गाविस-६ का ५५ वर्षीय सहिद खाँ र नरैनापुर गाविसका २२ वर्षीय सलमान खान घाइते भए। उनीहरूको प्राथमिक उपचार नेपालगन्ज मेडिकल कलेजमा भएको थियो भने थप उपचारका लागि मङ्सिर २८ गते सेनाको हेलिकप्टरमार्फत काठमाडौंस्थित शिक्षण अस्पताल लगियो। घाइते मटेहिया गाविस-५ का ६० वर्षीय दुलारे यादव र सोही गाविस-४ का ६५ वर्षीय शिवप्रसाद काधुको भेरी अञ्चल अस्पताल नेपालगन्जमा उपचार भयो। ढिल्लो यादव, सावल यादव, बजरङ्गी गोडिया, बुधइ यादव, ओमकार मौर्य सामान्य घाइते भए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले मटेहिया गाविस-४ का बृजलाल यादव, देवराज यादव, उमेशकुमार यादव र मटेहिया गाविस-५ का बाबुलाल यादवलाई गिरफ्तार गरी मुद्दा चलायो। मृतकका परिवारलाई राहतका लागि जिल्ला प्रशासन कार्यालयले सिफारिस गरी गृह मन्त्रालय पठाए पनि प्राप्त हुन सकेन। मुस्लिम समुदायले 'मोहम्मद डे' को र्‍याली निकाल्ने क्रममा झडप भएको थियो।



***झडपमा घाइते भई उपचारको क्रममा मृत्यु भएका मौलाना वजहुल कम्मर खाँ***

## कारागार र बन्दी

'ग' श्रेणीको जिल्ला कारागारको क्षमता ३ सय जनाको छ। ४ सय ९ जना कैदी र २ सय ६ थुनुवा गरी ६ सय १५ जना छन्। जसमध्ये महिलाको सङ्ख्या ४८ छ। कारागारमा एक जना ६ वर्षीय आश्रित बालक पनि छन्। क्षमताभन्दा झण्डै दुई गुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। वि. सं २००० सालमा बनेको यो कारागारको भवन पुरानो र जीर्ण छ। क्षमता भन्दा बढी कैदी बन्दी रहेको यस कारागारमा कैदी बन्दीहरूका साथै सुरक्षाकर्मी र कर्मचारीहरूलाई समेत आवास र कार्यालय भवनका लागि समस्या रहेको छ। नेपाल खानेपानी संस्थानले खानेपानीको एउटा धारा जडान गरेको भए पनि कैदी बन्दीहरूले हाते कलको पानी पिउनुपर्ने अवस्था रहेको छ।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

नेपालगन्ज उपमनपा-१२ का ३२ वर्षीय दीपु मल्ललाई २०७२ चैत २९ गते राति प्रहरीले कुटपिट गरेको पीडित पक्षको आरोप छ। मोटरसाइकल दुर्घटनामा घाइते साथी कुलदीप श्रीवास्तवलाई उपचारका लागि शिक्षण अस्पताल नेपालगन्ज लैजाँदै गर्दा प्रहरीसँग विवाद भएपछि कुटपिट गरेको दिपुकी पत्नी पार्वती थापाले बताइन्। दिपुको उपचार शिक्षण अस्पताल नेपालगन्जमा भयो। जिल्ला प्रहरी कार्यालयले भने मादक पदार्थ सेवन गरेर हो-हल्ला गरेपछि प्रहरीले साम्य पारेको प्रतिक्रिया दियो।



***प्रहरीको कुटपिटबाट घाइते भएका दीपु मल्ल***

कृषि अनुसन्धान परिषद् (नार्क) मा कोसेबाली अनुसन्धान प्राविधिक अधिकृतका रूपमा कार्यरत ३८ वर्षीय वीरेन्द्रकुमार यादवलाई घूस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गिरफ्तार गर्ने क्रममा २०७३ असार ३१ गते कुटपिट गरेको भन्दै स्थानीय बासिन्दा बागेश्वरी गाविस-२ का घनश्याम निरौलाले राष्ट्रिय मानव अधिकार आयोग नेपालगन्जमा साउन १ उजुरी दिए। मानव अधिकार आयोग क्षेत्रीय कार्यालयले उक्त उजुरीमा अनुसन्धान गरी निर्णयका लागि मानव अधिकार आयोगको केन्द्रीय कार्यालयमा पठाएको जनायो।

**गैरराज्यपक्षबाट**

नेपाल पत्रकार महासङ्घका जिल्ला कार्यसमिति सदस्य एवम् दैनिक नेपालगन्जका संवाददाता मटेहिया गाविस-६ का ३१ वर्षीय विनय दीक्षितलाई २०७२ चैत ३ गते सोही गाविस-५ का ठेकेदार रामचरण यादवले समाचार प्रकाशन गरेको विषयमा धम्क्याए। धनीको अनुमति बिना रुख कटान गरेको भन्ने समाचार दैनिक नेपालगन्जमा चैत २ गते छापिएको विषयमा ९८६८३६६२३७ नम्बरको मोबाइलबाट मार्ने धम्की दिएको भन्दै पीडितले चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। चैत ४ गते इन्सेक, पुनरावेदन बार, जिल्ला बार, एड्भोकेसी फोरम, हिमराइट्सलगायत सङ्घ/संस्थाले प्रेस विज्ञप्तिमार्फत घटनाबारे ध्यानाकर्षण जनाए। सोही दिन जिल्ला प्रहरी कार्यालयमा भएको छलफलमा ठेकदारले लिखित माफी मागेपछि मिलापत्र भयो।



*समाचार प्रकाशन गरेको आरोपमा धम्की दिइएका पत्रकार विनय दीक्षित*

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सात जना न्यायाधीशको दरबन्दी रहेकामा ६ जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ९ सय ३८ र फौजदारीतर्फ ६ सय ३८ थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी १८ र फौजदारी १४ थान छन्।

उच्च अदालतमा चार जना न्यायाधीशको दरबन्दी रहेकोमा चार जना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३ सय ६४ र फौजदारीतर्फ २ सय ८३ थान छन्। दुई वर्ष पुराना मुद्दा छैनन्।

## अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकार

नेपालगन्ज उपमनपा-२ का २९ वर्षीय चन्द्र हमाल, ४९ वर्षीय मनोज श्रेष्ठ, सोही उपमनपा-२७ का ३२ वर्षीय मनोज जिएम र नेपालगन्ज उपमनपा-१६ का ३८ वर्षीय विजय गुरुङलाई २०७३ भदौ १६ गते प्रहरीले लाठी प्रहार गरी घाइते बनाएको पीडित पक्षले आरोप लगायो। 'म राष्ट्रभक्त' भन्ने एक समूहले नेपालगन्जको वीरेन्द्र चोकमा पूर्वराजा वीरेन्द्रको सालिक राखेपछि भएको विवादमा प्रहरीले लाठी प्रहार गरेको थियो। घाइतेको उपचार नेपालगन्ज मेडिकल कलेजमा भयो।

## बाल अधिकार

**शिक्षाको अवस्था**

*यस जिल्लामा २ सय ४२ प्रावि, ६१ निमावि, ५१ मावि र २९ उमावि छन्। १ हजार ८. सय २५ शिक्षक दरबन्दी रहेकामा ३२ दरबन्दी रिक्त छ। यस वर्ष ४८ हजार ८ सय ९७ बालक र ५० हजार ९ सय ३८ बालिका भर्ना भए। जिल्लामा २ सय ५१ अपाङ्गमैत्री विद्यालय छन्। १० हजार १ सय ५९ दलित बालक र ९ हजार ५ सय ७ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै सहिद परिवारका २ र द्वन्द्वपीडित परिवारका १ सय १६ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ९ | | ९ |
| विद्यालयमा शारीरिक सजाय | | १ | १ |
| यौन दुर्व्यवहार | ३ | २ | ५ |
| जम्मा | १२ | ३ | १५ |

*यो वर्ष ६ देखि १७ वर्ष उमेर समूहका नौ बालिका बलात्कारको घटनाबाट पीडित भए भने पाँच जना यौन दुर्व्यवहारको घटनामा पीडित भए। बालिका बलात्कार तथा यौन दुर्व्यवहारका पाँच घटनामा अदालतले फैसला सुनायो भने एक घटनाका आरोपित फरार रहे। ६ वर्षीया बालिकालाई यौन दुर्व्यवहार गरेको घटनामा अदालतले १० वर्ष ६ महिना कैद सजायको फैसला सुनायो। दुई बालक अप्राकृतिक मैथुनबाट पीडित भए। यस वर्ष सात वर्षीय एक बालकको हत्या भयो। विद्यालयमा शारीरिक दण्ड सजायबाट एक बालक पीडित भए।*

**हत्या**

कोहलपुर नपा-९ का सात वर्षीय बालक आकाश चौधरीलाई २०७२ माघ २७ गते हत्या गरेको भन्दै पीडित पक्षले सोही दिन इलाका प्रहरी कार्यालयमा उजुरी दियो। सोही दिन गिरफ्तार भएका सोही ठाउँका ३२ वर्षीय घनश्याम चमार, २७ वर्षीय रहिस अहमद नाउ, ३१ वर्षीय सहिद अली दर्जी र २८ वर्षीय सुभान

अलीलाई जिल्ला अदालतले फागुन ११ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। ज्ञानज्योति प्राविमा तीन कक्षामा अध्ययनरत् आकाश बिरामी भएकाले घरमै बसिरहेका बेला २०७२ माघ २४ गते हराएका थिए। शवको पोस्टमार्टम माघ २८ गते भेरी अञ्चल अस्पतालमा भयो।

**बलात्कार, यौन दुर्व्यवहार**

नौ वर्षीया एक बालिकालाई २०७३ जेठ ५ गते रनियापुर गाविस-३ का ५९ वर्षीय पाहुना थारूले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण २०७३ जेठ ६ गते भेरी अञ्चल अस्पतालमा भयो। जेठ ६ गते गिरफ्तार भएका पाहुनालाई अदालतले कात्तिक ८ गते १० वर्ष कैद सजायको फैसला सुनायो।

६ वर्षीया एक बालिकालाई २०७३ जेठ ३० गते बर्दियाको सूर्यपटवा गाविस-१ घर भई नेपालगन्ज उपमनपा-८ बस्दै आएका ४८ वर्षीय सरजु नेपालीले यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले जेठ ३१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भेरी अञ्चल अस्पतालमा जेठ ३१ गते भएको थियो। असार ३ गते गिरफ्तार भएका सरजुलाई अदालतले कात्तिक ४ गते १० वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

**विद्यालयमा शारीरिक यातना**

बैजापुर गाविस-५ घर भई ब्राइट स्काइ इङ्गलिस मेडियम स्कुलमा कक्षा एकमा अध्ययनरत सात वर्षीय बालक रेशम खत्रीलाई लामो समय शौचालयमा बसेको आरोपमा प्रधानाध्यापक रामकृष्ण थारूले २०७२ माघ २५ गते कुटपिट गरेको पीडित पक्षले आरोप लगाए। पिटाइबाट बालकको पिठ्युँमा नीलडाम भएको थियो। पीडित बालककी आमाले माघ २९ गते नुहाउने बेला घाउ देखेपछि घटना सार्वजनिक भयो। पीडितले उजुरी दिएनन्।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*सन् २०१६ मा घरेलु हिंसा पीडित भन्दै १ सय २४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका १०, खान/लाउन नदिएको सात, अर्की पत्नी ल्याएर हेला गरेको तीन र सामान्य घरायसी झगडाका १ सय ४ घटना छन्। यीमध्ये प्रहरीले १ सय ११ ओटामा*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ५ | ५ |
| बलात्कारको प्रयास | ३ | ३ |
| घरेलु हिंसा | ३५ | ३५ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ४५ | ४५ |

*मिलापत्र गरायो भने १२ उजुरी कानुनी प्रक्रिया छन्। एक उजुरीकर्ता सम्पर्कमै आएनन्।*

**परिवारजनबाट हत्या**

नौबस्ता गाविस-७ की ६४ वर्षीया देवीसरा बिकलाई २०७३ कात्तिक १ गते सोही ठाउँका ३१ वर्षीय ज्वाइँ हस्तबहादुर बिकले हत्या गरेको भन्दै पीडित पक्षले कात्तिक २ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। शवको पोस्टमार्टम भेरी अञ्चल अस्पतालमा कात्तिक २ गते भयो। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

**बलात्कारपछि हत्या**

मटेहिया गाविस-६ की २५ वर्षीया राजमती धोबीलाई २०७३ असोज ८ गते बलात्कारपछि हत्या गरेको भन्दै पीडित पक्षले असोज १० गते इलाका प्रहरी कार्यालय मटेहियामा उजुरी दियो। शवको पोस्टमार्टम भेरी अञ्चल अस्पताल नेपालगन्जमा भयो। असोज १० गते गिरफ्तार भएकासोही ठाउँका ३५ वर्षीय मकुबल शेख र ३७ वर्षीय सलिम शेखलाई जिल्ला अदालतले कात्तिक ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

कम्दी गाविस-९ की २९ वर्षीया शान्ति बुढालाई २०७३ असोज १९ गते सोही गाविस-७ स्थित अडहरबारीमा बलात्कारपछि हत्या गरेको भन्दै पीडित पक्षले असोज २० गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। शवको असोज २० गते भेरी अञ्चल अस्पतालमा पोस्टमार्टम भयो। असोज २१ गते गिरफ्तार भएका सोही गाविस-६ का ३३ वर्षीय सगीर खाँ, ३५ वर्षीय नफिस खाँ, २३ वर्षीय रियाज अलि अन्सारी, ३५ वर्षीय झलारीप्रसाद बर्मा र ३५ वर्षीय इदु खाँलाई जिल्ला अदालतले कात्तिक २९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### कथित बोक्सीको आरोपमा हत्या

नौबस्ता गाविस-९ की ४० वर्षीया डण्डी थारूलाई २०७३ भदौ ८ गते सोही ठाउँका २१ वर्षीय दिनेश थारूले बोक्सी आरोपमा कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले भदौ ९ गते इलाका प्रहरी कार्यालय कोहलपुरमा उजुरी दियो। शवको पोस्टमार्टम भेरी अञ्चल अस्पतालमा भदौ ९ गते भयो। भदौ ९ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले असोज ४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### महिला बेचबिखन तथा ओसारपसार

२१ र २८ वर्षीया दुई महिलालाई २०७२ चैत १६ देखि २०७३ वैशाख १८ गतेसम्म नेपालगन्जस्थित एक होटलमा यौन शोषण गरेको आरोपमा नेपालगन्ज उपमानपा-१ का ४० वर्षीया निर्मला शाही, ३० वर्षीय जगदीश ऐरी र २० वर्षीय विजय चौधरीलाई जिल्ला प्रहरी कार्यालयले २०७३ वैशाख १८ गते गिरफ्तार गऱ्यो। मानव बेचबिखनको मुद्दा खेपिरहेका आरोपितलाई जिल्ला अदालतले २०७३ जेठ १७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया एक युवतीलाई २०७३ जेठ ३ गते रझेना गाविस-५ का २१ वर्षीय सोनु थापाले बलात्कार प्रयास गरेको भन्दै जेठ ४ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण भेरी अञ्चल अस्पतालमा २०७३ जेठ ४ गते भयो। भोलिपल्ट गिरफ्तार भएका सोनुलाई जिल्ला अदालतले असोज ६ गते २ वर्ष ६ महिना कैद सजाय सुनायो।

### दाइजो नल्याएको आरोपमा कुटपिट

नेपालगन्ज उमनपा-१९ बालेगाउँकी १८ वर्षीया आसरुन अन्सारीलाई २०७३ साउन २३ गते २१ वर्षीय पति बसिम अन्सारी र ४६ वर्षीया सासू बाबादैया जोलहाले ४ लाख रुपियाँ दाइजो नल्याएको भन्दै कुटपिट गरे। दुवै आँखामा गहिरो चोट, हात, खुट्टा र शरीरका विभिन्न भागमा निलडाम परेकी घाइतेको भेरी अञ्चल अस्पतालमा उपचार भयो। पीडित पक्षले सोही दिन राति प्रहरीमा खबर गरेपछि दुवैजना गिरफ्तार भए। ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भएकामा जिल्ला अदालतको भदौ १७ गतेको आदेशअनुसार दुवै जना जनही १५ हजार रुपियाँ धरौटीमा रिहा भए।



*दाइजो नल्याएको आरोपमा परिवारजनबाट कुटपिट गरिएकी आसरुन अन्सारी*

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### सम्पत्ति/भौतिक संरचना क्षति

नेपालगन्ज उमनपा-१३ आदर्शनगरस्थित पप्पु कन्स्ट्रक्सनको अस्थायी कार्यालयमा पार्किङ गरेको अवस्थामा २०७३ जेठ १९ गते राति अज्ञात समूहले स्काभेटरमा आगजनी गऱ्यो। घटनास्थलमा छाडिएको विज्ञप्तिका आधारमा आगजनीमा विप्लव माओवादीको संलग्नता रहेको प्रहरीले जनायो।

२०७३ जेठ २७ गते नेकपा माओवादी विप्लव समूहले आह्वान गरेको नेपाल बन्दका क्रममा सुर्खेतबाट कोहलपुर बिरामी ल्याउँदै गरेको भे १ ज ५४६ नम्बरको मेजिक भ्यानमा कोहलपुर नपा-१ कौशिल्या नगरमा बन्दकर्ताले ढुङ्गा प्रहार गर्दा अगाडिको सिसा क्षति भएको प्रहरीले जनायो।

पाँच नम्बर प्रदेश टुक्र्याउने गरी संविधान संशोधन प्रस्ताव ल्याइएको विरोधमा नेकपा एमालेले २०७३ पुस १ देखि ३ गतेसम्म गरेको आमहड्तालको अवज्ञा गरेको आरोपमा नेपालगन्ज उमनपा पुष्पलाल चोकस्थित दीपा फेन्सी पसल बन्दकर्ताले तोडफोड गरे।

### स्वास्थ्य सेवाको अवस्था

बाँके जिल्लामा एउटा अञ्चल अस्पताल, ४२ स्वास्थ्य चौकी, दुई उप स्वास्थ्य चौकी र ३ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा सबै कार्यरत छन्। अहेवको ९७ दरबन्दी रहेकामा ७१ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २३ करोड ९३ लाख ४७ हजार र औषधि खर्चबापतको रकम ५५ लाख रुपियाँ छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | १ | ३ | | ५ | ९ |
| विद्यालयमा शारीरिक सजाय | | | १ | | १ |
| यौन दुर्व्यवहार | | १ | | ४ | ५ |
| जम्मा | १ | ४ | १ | ९ | १५ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बलात्कार | | १ | | | ४ | ५ |
| बलात्कारको प्रयास | १ | | १ | | १ | ३ |
| घरेलु हिंसा | | | | ३४ | १ | ३५ |
| यौन दुर्व्यवहार | | | | | १ | १ |
| जम्मा | १ | १ | १ | ३४ | ७ | ४४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| हत्या | १ | १ | ४ | ६ |

# ४.७ बर्दिया



**जम्मा जनसङ्ख्या**
४४५७८५

**महिला**
२३५५१४

**परिवार सङ्ख्या**
९५०५८

**खोलाको पानी पिउने परिवार**
१०३

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१२११७८

**कामका लागि बाहिरिएका**
२५०४४

**सबभन्दा बढी जनसङ्ख्या**
२२६०८९ (थारू)

**अपाङ्गता भएका**
८१९७

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
९८

**आश्रित जनसङ्ख्या**
१७८००५

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २४ | ८ | ३२ |
| महिला अधिकार | | | २९ | | २९ |
| जातीय विभेद | | | | २ | २ |
| यातना | २ | २ | | | |
| कुटपिट | | | १ | | १ |
| हत्या | | | ६ | | ६ |
| जम्मा | २ | २ | ६० | १० | ७० |

*इन्सेकको अभिलेख अनुसार बर्दियाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ९० महिलासहित १ सय ११ जना पीडित भएकामा सन् २०१६ मा ६० महिलासहित ७२ जना पीडित भए। यस वर्ष राज्यपक्षबाट दुई पुरुषलाई यातना दिइयो।*

*जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष एक महिलाको हत्या भएकामा यो वर्ष परिवारबाटै तीन र अन्य पक्षबाट एक महिलाको हत्या भयो। परिवारबाटै हत्या भएको एक घटनामा अदालतले सर्वस्वसहित जन्म कैदको फैसला सुनायो। यस वर्ष महिला अधिकार उल्लङ्घनका घटनामा २९ जना पीडित भए। बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहारका घटनामा १४ महिला पीडित भए। कथित बोक्सीको आरोपमा तीन जना पीडित भए भने मानव बेचबिखन घटनामा दुई जना पीडित भए। यस वर्ष बाल अधिकार उल्लङ्घन भएकामध्ये १९ बालिका बलात्कारको घटनाबाट र तीन जना यौन दुर्व्यवहारबाट पीडित भए। दुई बालबालिकाको परिवारबाटै हत्या भयो। आठ बालक बेचबिखनको घटनाबाट पीडित भए।*

सरकारले २०५७ साउन २ गते कमैया मुक्तिको घोषणा गरे पनि बर्दियाका १ सय ३७ मुक्त कमैयाको अझै पुनर्स्थापना हुन सकेको छैन। भूमि सुधार कार्यालयको तथ्याङ्कअनुसार बर्दियामा ११ हजार ८ सय ७५ मुक्त कमैया परिवार रहेकामा करिब ६ सय परिवारले अझै परिचयपत्रसमेत पाउन सकेका छैनन्। सरकारको उनीहरूलाई प्रतिपरिवार पाँच कठ्ठा जमिन दिने प्रतिबद्धता जनाए पनि अधिकांशले यति जमिन पाउन सकेनन्। घर निर्माणका लागि सरकारले दिने भनिएको ३५ क्युफिट काठ पनि ८ हजार १ सय ९ परिवारले अझै पाउन सकेका छैनन्। एकमात्र सिप

कृषि कर्म भएका उनीहरू विकल्प अभावमा यतिखेर दयनीय अवस्थामा छन्। सरकारले दिएको सिपमूलक तालिम पनि उनीहरूको रुचि र आवश्यकताअनुसार नहुँदा यसले पनि भरथेग गर्न सकेको छैन। आर्थिक समस्याकै कारण यो समुदायका सबै बालबालिका विद्यालय जाँदैनन् भने खानकै लागि छोरीलाई कमलरी बस्न पठाउने चलन पनि कायमै छ। कतिपयले त विभिन्न कारणले सरकारले दिएको जमिन उपभोगसमेत गर्न पाएका छैनन्।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागार बर्दियाको क्षमता १ सय २५ जनाको छ। तर कैदी २ सय ३ र ४५ थुनुवा गरी २ सय ४८ जना छन्। जसमा १३ जना महिला छन्। आश्रित बालिका एक जना छिन्। क्षमताभन्दा दोब्बर कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। यो कारागार २०३४ सालमा निर्माण भएको हो।

## धम्की/ कुटपिट

### गैरराज्यपक्षबाट

गुलरिया नपा-१ की २९ वर्षीया नन्दादेवी पुरीलाई २०७३ भदौ २७ गते गुलरिया नपा-३ का तरुण दलका सभापति ३५ वर्षीय रवीन्द्र यादव, ३५ वर्षीय जितेन्द्र हमाल, २५ वर्षीय असितोस यादव र लक्ष्मण थापाले होटलमा मुक्का, लात्ती प्रहार गरेको भन्दै पीडित पक्षले भदौ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घाइतेको जिल्ला अस्पतालमा उपचार भयो। मङ्सिर ३० गते गिरफ्तार भएका रवीन्द्रलाई जिल्ला प्रशासन कार्यालयले सोही दिन २८ हजार रुपियाँ धरौटी लिइ तारेखमा रिहा गऱ्यो। पुस १ गते गिरफ्तार परेका अन्य आरोपितलाई पनि सोही दिन जनही ५ हजार रुपियाँ धरौटीमा रिहा गरियो।



***तरुण दलका कार्यकर्ताको कुटपिटबाट घाइते भएकी नन्दादेवी पुरी***

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा दुई न्यायाधीशको दरबन्दीसहित एउटा जिल्ला अदालत छ। जसमा दुवै न्यायाधीश कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १ सय १३ र फौजदारीतर्फ ६३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गुलरिया नपा-२ का ६४ वर्षीय लालबहादुर दर्जीलाई २०७३ वैशाख २३ गते जिल्ला वन कार्यालय बर्दियाका प्रमुख भैरवप्रसाद घिमिरेले घरमा बसिरहेका बेला गिरफ्तार गरी लात्ती मुक्का प्रहार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा वैशाख २५ गते निवेदन दिए। भैरवले जेठ १८ गते लालबहादुरको उपचार खर्चबापत १४ हजार रुपियाँ दिई अपुग भएमा थप उपचार गर्ने प्रतिबद्धता जनाएपछि मिलापत्र भयो।

## बालअधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ६ प्रावि, ८९ निमावि, ५८ मावि र ३६ उमावि छन्। २ हजार १० शिक्षक मध्य स्थायी १ हजार २ सय २२ र राहत तथा अनुदान तर्फ ७ सय २२ रहेका छन्। यस वर्ष १ लाख २६ हजार ३ सय १५ मध्य ६३ हजार १ सय ८८ बालक र ६३ हजार १ सय २७ बालिका भर्ना भए। जिल्लामा सबै बिद्यालय. अपा  मैत्री विद्यालय छन्। ६ हजार ९८ दलित बालक र ६ हजार ३ सय ८८ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका १ सय १५ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*यो वर्ष बालिका बलात्कार तथा यौन*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बालबालिका बेचबिखन | | ८ | ८ |
| बलात्कार | १९ | | १९ |
| नवजात शिशुको हत्या | १ | | १ |
| यौन दुर्व्यवहार | ३ | | ३ |
| हत्याको प्रयास | १ | | १ |
| जम्मा | २४ | ८ | ३२ |

*दुर्व्यवहारका १० घटनामा दोषी ठहर गर्दै अदालतले कैद सजायको फैसला सुनायो। सामूहिक बलात्कारका दुई घटना भए। सामूहिक बलात्कारको घटनामा सात जना बालक संलग्न रहे। बलात्कार तथा यौन दुर्व्यवहार घटनामा १२ वर्षीय बालकदेखि ७० वर्षीय वृद्धसम्म संलग्न रहे। बालश्रमका लागि भारत लैजाँदै गरिएका आठ बालकलाई प्रहरीले उद्धार गरी अभिभावकको जिम्मा लगायो।*

**परिवारजनबाट हत्या**

बाँसगढी नपा-७ की पाँच वर्षीया खगिसरा राजीलाई २०७२ पुस २८ गते ३४ वर्षीय बाबु पूर्णबहादुर राजीले हत्या गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। घरपछाडि बारीमा गाडेको अवस्थामा शव भेटिएको प्रहरीले जनायो। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा भयो। पुस २८ गते नै गिरफ्तार भएका पूर्णलाई जिल्ला अदालतले २०७३ वैशाख १४ गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

धधवार गाविस-८ की चार वर्षीया गङ्गा चौधरीलाई २०७२ फागुन २४ गते २३ वर्षीय आमा सीता चौधरीले विष खुवाएपछि उपचारका क्रममा अस्पतालमा मृत्यु भयो। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा भयो। सीताले जुम्ल्याहा छोरी चार वर्षीया गङ्गा र जमुना दुवैलाई विष खुवाइ आफैं पनि खाएकी थिइन्। तीनै जनालाई उपचारार्थ जिल्ला अस्पताल पुऱ्याइएकामा दुई जना भने बाँचे। मृतकका बाबु अविन्दास थारूले जिल्ला प्रहरी कार्यालयमा चैत २ गते उजुरी दिएपछि सोही दिन प्रहरीले सीतालाई गिरफ्तार गऱ्यो। जिल्ला अदालतले २०७३ असार २६ गते सीतालाई सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

**बलात्कार, यौन दुर्व्यवहार**

१६ वर्षीया एक बालिकालाई २०७३ वैशाख १२ गते सोरहवा गाविस-२ का मिलन भन्ने २३ वर्षीय अकवर वादीले बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय मैनापोखरमा वैशाख १५ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। वैशाख १४ गते गिरफ्तार भएका अकवरलाई जिल्ला अदालतले कात्तिक ४ गते ५ वर्ष कैद र ५० हजार रुपियाँ पीडितलाई दिनुपर्ने फैसला सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय २५ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १६, खान/लाउन नदिएको १८, विवाह दर्ता र नागरिकता नबनाएको ११, अर्की श्रीमती ल्याएर हेला गरेको पाँच, मार्ने धम्की दिएका सात र सामान्य घरायसी झगडा र अन्य ६८ घटना छन्। यीमध्ये प्रहरीले १ सय १८ वटामा मिलापत्र गरायो भने सात उजुरीमा कानुनी प्रक्रिया अघि बढेको छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | ३ | ३ |
| बलात्कार | १० | १० |
| बलात्कारको प्रयास | २ | २ |
| बहुविवाह | ५ | ५ |
| महिला बेचबिखन | २ | २ |
| घरेलु हिंसा | ५ | ५ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | २९ | २९ |

**परिवारजनबाट हत्या**

बबई नपा-८ की ५५ वर्षीया बेफनी थारूलाई २०७३ वैशाख १ गते ६३ वर्षीय पति चुलुवा थारूले लाठी प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम जिल्ला अस्पताल गुलरियामा भयो। वैशाख २ गते गिरफ्तार भएका चुलुवालाई जिल्ला अदालतले भदौ १६ गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

सोरहवा गाविस-३ स्थित माइत आएकी दैलेखको सालखर्कको ३६ वर्षीया खगीसरा सुनारलाई २०७३ कात्तिक १० गते भारतको सिमलामा ज्याला मजदुरी काम गर्दै आएका ३९ वर्षीय पति मिनबहादुर सुनारले बन्चरो प्रहार गरी हत्या गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा कात्तिक ११ गते उजुरी दिए। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा भयो। कात्तिक १२ गते गिरफ्तार भएका मिनबहादुरलाई जिल्ला अदालतले मङ्सिर ५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**अन्यबाट हत्या**

जमुनी गाविस-९ की २६ वर्षीया सीता अधिकारीलाई २०७२ माघ २२ गते बाँसगढी नपा-११ का रुद्रबहादुर कामीले घरमा झारफुक गरी उपचार गर्ने क्रममा आगो लगाएर हत्या गरेको भन्दै पीडित पक्षले माघ २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। धामीले मट्टितेलले भिजेको कपडा लगाएर झारफुक गर्ने क्रममा आगो लागी जलेर गम्भीर घाइते भएकी सीताको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनायो। फागुन १ गते गिरफ्तार भएका रुद्रबहादुरलाई जिल्ला अदालतले २०७३ असार २८ गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

**महिला बेचबिखन तथा ओसारपसार**

२१ वर्षीया एक महिलालाई २०७३ असोज ७ गते बाँसगढी नपा-७ की ३५ वर्षीया हिरा हमालले ललाइफकाइ अवैध तरिकाले भारतको निशानगाडा हुँदै कुवेत लैजान लागेको भन्दै पीडित पक्षले असोज ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। तत्काले गिरफ्तार भएकी हिरालाई जिल्ला अदालतले कात्तिक ३ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

१८ वर्षीया एक महिलालाई २०७२ फागुन २८ गते भारत लखिनपुर घर भई मोहम्मदपुर गाविस-२ बस्दै आएका ३९ वर्षीय मोहम्मद उमरले बलात्कार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा फागुन २९ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। उजुरीकै दिन गिरफ्तार परेका मोहम्मदलाई जिल्ला अदालतले असार ३० गते ५ वर्ष कैद र १ लाख रुपियाँ पीडितलाई दिनुपर्ने फैसला सुनायो।

३० वर्षीया एक महिलालाई २०७३ जेठ २३ गते मगरागडी गाविस-२ का २७ वर्षीय गणेश चपाईले बलात्कार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय बनियाभारमा जेठ २४ गते उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार परेका गणेशलाई जिल्ला अदालतले भदौ २० गते ५ वर्ष कैद सजाय सुनायो।

## घरेलु हिंसा

**कुटपिट**

गुलरिया नपा-१० की ४१ वर्षीया श्रीमतिया थारूलाई २०७३ असोज ३० गते ४५ वर्षीय पति धनेश थारूले कुटपिट गरे। हातै भाँचिएकी उनको उपचार जिल्ला अस्पतालमा भयो। पतिसँगै बस्नुपर्ने भएकाले उनले कतै उजुरी दिइनन्।

**कथित बोक्सीको आरोप**

धधवार गाविस-९ की ४० वर्षीया बेलकुमारी थारू र सोही ठाउँकी १८ वर्षीया पवित्राकुमारी चौधरीलाई २०७३ साउन ३० गते सोही ठाउँका ४५ वर्षीय प्रेमकुमारी थारू र २० वर्षीया निर्मला थारूले कथित बोक्सीको आरोप लगाई अमानवीय व्यवहार गरेको भन्दै पीडित पक्षले इलाका प्रहरी कार्यालय बनियाभारमा भदौ १ गते उजुरी दिए। साउन ३० गते नै गिरफ्तार भएका दुवैलाई जिल्ला अदालतले भदौ २३ गते जनही २५ हजार रुपियाँ धरौटीमा रिहा गर्‍यो।



*कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार गरिएकी बेलकुमारी थारू*

**सबै प्रकारका जातीय विभेद**

बाँसगढी नपा-११ का ३५ वर्षीय गणेश बिकलाई २०७२ चैत २१ गते आफ्नै जग्गामा घर बनाउन लाग्दा सोही ठाउँका सँधियार ६० वर्षीय रतनबहादुर चन्दले 'डुमको छोरा, मेरो घरसँगै जोडेर नबना' भन्दै गालीगलौज गरेपछि जातीय विभेद गरेको आरोपमा चैत २२ गते अस्थायी प्रहरी कार्यालय लक्ष्मणामा ठाडो उजुरी दिए। चैत २५ गते प्रहरीले डाकेको छलफलमा आरोपितले पीडितसँग माफी माग्नुका साथै घटना दोहोरिए कानुनी कारबाही अगाडि बढाउन सहमत भएपछि घटना सामसुम भएको थियो। पुन: २०७३ असोज २३ गते आफू घरमा बसिरहेका बेला रतनले 'डुमको छोरा भएर हामी बराबर हुन खोज्ने' भन्दै जातीय विभेद गरेको गणेशको आरोप छ। तर, सुनुवाइ नहुने भन्दै गणेशले यसबारे कहीं उजुरी गरेनन्।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### भौतिक संरचना/ सम्पत्ति क्षति

गुलरिया नपा-७ हुलाकी रोडमा ना ४ ख ४६९५ नम्बरको बसमा ढुङ्गा प्रहार गरी २०७३ जेठ २७ गते नेकपा माओवादी (विप्लव) समूहका कार्यकर्ताले क्षति पुऱ्याएको भन्दै पीडित पक्षले जेठ २७ गते मजदुर किसान सङ्घका अध्यक्ष ५५ वर्षीय सूर्यबहादुर नेपालीविरुद्ध उजुरी दिए। जेठ २७ गते गिरफ्तार भएका सूर्यबहादुरलाई जिल्ला प्रशासन कार्यालयले पुस २८ गते ५ सय रुपियाँ जरिबाना तिर्नुपर्ने आदेश दियो।

## स्वास्थ्य सेवाको अवस्था

बर्दियामा एउटा जिल्ला अस्पताल, ३० स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा दुई जना कार्यरत छन्। अहेबको ३५ दरबन्दी रहेकामा २७ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ७ करोड ९ लाख छ भने औषधि खर्चबापतको रकम ५० लाख रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बालबालिका बेचबिखन | | | | १ | | १ |
| बलात्कार | १ | १ | ८ | | ९ | १९ |
| नवजात शिशुको हत्या | | | | | १ | १ |
| यौन दुर्व्यवहार | | | २ | | १ | ३ |
| हत्याको प्रयास | | | १ | | | १ |
| जम्मा | १ | १ | ११ | १ | ११ | २५ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङगिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | | १ | | १ | २ |
| बलात्कार | | ३ | | | ७ | १० |
| बलात्कारको प्रयास | १ | १ | | | | २ |
| बहुविवाह | | ४ | | | १ | ५ |
| महिला बेचबिखन | | | | | २ | २ |
| घरेलु हिंसा | | | ३ | २ | | ५ |
| यौन दुर्व्यवहार | | | १ | १ | | २ |
| जम्मा | १ | ८ | ५ | ३ | ११ | २८ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | ३ | ३ | ६ |

# ४.८ सुर्खेत



**जम्मा जनसङ्ख्या**
**३७९३९०**

**महिला**
**१९७९८८**

**परिवार सङ्ख्या**
**८८३१७**

**खोलाको पानी पिउने परिवार**
**३३०२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१०४४९२**

**कामका लागि बाहिरिएका**
**२३१९७**

**सबभन्दा बढी जनसङ्ख्या**
**११०९०७ (क्षेत्री)**

**अपाङ्गता भएका**
**१०२९१**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९९.९३**

**आश्रित जनसङ्ख्या**
**१७३२५८**

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | जम्मा |
| बाल अधिकार | | | | २ | २ |
| महिला अधिकार | | | | ९९ | ९९ |
| यातना | १ | १७ | १८ | | |
| कुटपिट | | ५ | ५ | | |
| जम्मा | १ | २२ | २३ | १०१ | १०१ |

***इन्सेकको अभिलेख अनुसार सुर्खेतको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ९६ महिलासहित १ सय ७५ जना पीडित भएकामा सन् २०१६ मा १ सय २ महिलासहित १ सय २४ जना पीडित भए। यस वर्ष राज्यबाट भएका घटनामा २३ जना पीडित भए। समाचार सङ्कलनका क्रममा पाँच सञ्चारकर्मी राज्य पक्षबाट पीडित भए भने अनुसन्धानका क्रममा प्रहरीले हिरासतमा यातना दिएको घटनामा एक महिलासहित १८ जना पीडित भए। जिल्लामा गैरराज्य पक्षबाट महिला तथा बालिका बढी पीडित भए। यस वर्ष बलात्कारको घटनामा एक, बहुविवाहको एक र घरेलु हिंसाबाट ९७ महिला पीडित भए। बाल अधिकार उल्लङ्घनका घटनामा एक बालिका बलात्कारको घटनाबाट पीडित भएको अभिलेख छ।***

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर १ सय १५ कैदी र ५८ थुनुवा गरी १ सय ७३ जना छन्। जसमा १८ जना महिला छन्। आठ वर्षीय एक बालक र तीन जना नाबालिका आश्रित छन्। क्षमताभन्दा झण्डै सात गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०२९ सालमा बनेको यो कारागार भवन जीर्ण छ। आठ वर्षअघि निर्माण सुरु गरिएको एक सय क्षमताको सुधार गृह बन्दाबन्दै २०६९ चैतदेखि रोकिएको छ।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

वीरेन्द्रनगर नपा-१३ निवासी माउन्टेन टेलिभिजनका संवाददाता ३३ वर्षीय सुदीप पुरी, सोही नपा-४ निवासी काँक्रेबिहार दैनिकका सम्पादक ३४ वर्षीय सुशील शर्मा, सोही नपा-११ निवासी काँक्रेबिहार दैनिककै संवाददाता २७ वर्षीय ईश्वर अधिकारी, सोही नपा-६ निवासी युग आह्वान दैनिकका संवाददाता २७

वर्षीय सुशील खड्का र सोही नपा-१ निवासी बुलबुले एफएमका २८ वर्षीय कृष्ण आचार्यलाई २०७२ पुस १९ गते कर्णेल शिवप्रताप कार्कीले हातपात र दुर्व्यवहार गरे। वीरेन्द्रनगर नपा-१४ स्थित सैनिक आवासीय विद्यालयमा शिक्षक र विद्यार्थीबीच भएको झडपको समाचार सङ्कलन गर्न पुगेका बेला सैनिक विद्यालय हेर्ने जिम्मा पाएका कार्कीले 'तिमी जस्ता पत्रकारलाई म ठीक पार्न सक्छु' भन्दै हातपात गरी क्यामेरासमेत खोस्न खोजेको पीडित पत्रकारले आरोप लगाए। सुर्खेतस्थित नेपाल पत्रकार महासङ्घ, प्रेस युनियन, प्रेस चौतारी र क्रान्तिकारी पत्रकार सङ्घले पुस २१ गते प्रेस विज्ञप्ति जारी गरी यो घटनाको विरोध जनाए। नेपाल पत्रकार महासङ्घ सुर्खेतको पहलमा कर्णेल कार्कीलाई जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराई छलफल गर्न अनुरोध गरिए पनि उनी आएनन्। कार्कीलाई कुनै कारबाही भएन।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा दुई न्यायाधीशको दरबन्दी रहेकामा दुवैजना कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३ सय २७ र फौजदारीतर्फ २ सय १८ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी २२ र फौजदारी ११ थान छन्। यसैगरी १० न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा दुई जनामात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ९० र फौजदारीतर्फ ८५ थान छन्। दुई वर्ष पुराना मुद्दामध्ये देवानी चार र फौजदारी तीन थान छन्।

## यातना तथा अन्य क्रूर, अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गुटु गाविस-८ का १८ वर्षीय मङ्गल जोशी र २० वर्षीय टेकेन्द्र बिसीलाई २०७३ जेठ १४ गते इलाका प्रहरी कार्यालय गुटुका प्रहरी हवल्दारद्वय कमलराम बिक, अर्जुन चन्द र प्रहरी जवान प्रदीप खड्काले हिरासतमा कुटपिट गरे। पीडित सबैको स्थानीय प्राथमिक स्वास्थ्य केन्द्रमा उपचार भयो। कुटाइ खानेहरू सोही ठाउँका २० वर्षीय दीपेन्द्र रोकायलाई जेठ १३ गते कुटपिट गरेको आरोपमा समातिएका थिए। कुटपिट घटनामा संलग्न प्रहरी विभागीय कारबाहीमा परेको प्रहरीले जनायो।

वीरेन्द्रनगर नपा-१ का २० वर्षीय कृष्ण



*प्रहरी हिरासतमा यातना दिइएका कृष्ण थापा र प्रवेश सुनार*

थापा र गुटु गाविस-८ का १५ वर्षीय प्रवेश सुनारलाई २०७३ जेठ १३ र १४ गते इलाका प्रहरी कार्यालय गुटुका हवल्दारद्वय कमलराम बिक, अर्जुन चन्द र प्रहरी जवान प्रदीप खड्काले प्रहरी हिरासतमा यातना दिएको पीडितले आरोप लगाए। गुटु गाविस-८ का १८ वर्षीय मङ्गल जोशीसहितका युवाले जेठ १३ गते आफूलाई कुटपिट गरेको भन्दै दीपेन्द्र रोकायले दिएको उजुरीका आधारमा कृष्णलाई जेठ १३ र १४ गते तथा प्रवेशलाई जेठ १४ गते प्रहरीले यातना दिएको पीडितले बताए। यातनापछि जेठ १४ गते दिउँसो हिरासतबाटै भागेका दुवैजनालाई प्रहरीले गुटुखोलाबाट सोही दिन गिरफ्तार गर्‍यो। भागेको आरोपमा पुन: प्रहरीले दुवैजनालाई लाठी र बुटले यातना दिनुको साथै चप्पलको माला लगाएर बजार परिक्रमा गराएको पीडित तथा प्रत्यक्षदर्शीले बताए। पीडितको स्थानीय प्राथमिक स्वास्थ्य केन्द्र र क्षेत्रीय अस्पताल सुर्खेतमा उपचार भयो। कुटपिटमा संलग्न प्रहरी विभागीय कारवाहीमा परेको प्रहरीले जनायो। घटना सम्बन्धमा दलित गैरसरकारी संस्था महासङ्घका केन्द्रीय सचिव सन्जुसिं बिक, गैरसरकारी संस्था महासङ्घ सुर्खेतका सचिव यामराज शर्मा र इन्सेक जिल्ला प्रतिनिधि दुर्गा थापासहितको टोलीले स्थलगत अनुगमन गरी प्रतिवेदन असार १२ गते वीरेन्द्रनगरमा सार्वजनिक गर्‍यो।

काफलकोट गाविस-९ का ४४ वर्षीय कृष्णसिं ठकुरी, २० वर्षीय केशरबहादुरसिं ठकुरी, २४ वर्षीय प्रेम खत्री, २७ वर्षीय तीर्थबहादुर खत्री, २८ वर्षीय तिलकसिं, ३० वर्षीय चित्रबहादुर केसी र २९ वर्षीय चन्द्रबहादुर सिंलाई २०७३ कात्तिक १८ गते प्रहरीले प्रहरी चौकी हिरासतमै यातना दिएको पीडितले आरोप लगाए। प्रहरीले आफूहरूलाई लात्ती, मुक्का, बुट र लाठीले कुटपिट गरी यातना दिएको पीडितले आरोप लगाए। काफलकोट गाविस-९ का २८ वर्षीय दिलिपसिं

र आग्रीगाउँ गाविस-१ देउलीस्थित प्रहरी चौकी देउलीमा कार्यरत २८ वर्षीय प्रहरी जवान नरबहादुर नेपालीबीच मदिरा सेवन गरी जुवातास खेल्ने क्रममा २०७३ कात्तिक १७ गते विवाद भएपछि प्रहरी चौकीमा आक्रमण गरी हतियार लुटेको आरोपमा उनीहरूलाई यातना दिइएको पीडितले बताए। प्रहरीले भने उनीहरूले प्रहरीका हतियार तथा अन्य सामान लुटेको बतायो। दिलिपसिं घटनापछि फरार भए भने अरु सबै कात्तिक २२ गते रिहा भए। चौकी लुटपाटमा संलग्न भन्दै प्रहरीले कृष्णसिं, दिलिपसिं, २२ वर्षीय रवीन्द्रसिं, २० वर्षीय कुवेरसिं, २० वर्षीय गणेशसिं, २८ वर्षीय बिपीसिं, २४ वर्षीय रेशमबहादुर खत्री र २० वर्षीय प्रकाशसिंविरुद्ध मङ्सिर १० गते हातहतियार तथा खरखजना र डाँका चोरी मुद्दा दायर गऱ्यो। कात्तिक १७ गते गिरफ्तार परेका कृष्णसिं जिल्ला अदालतको २०७३ मङ्सिर १४ गतेको आदेशअनुसार पुर्पक्षका लागि थुनामा राखिए। बाँकी आरोपित फरार रहेको प्रहरीले जनायो।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ४ सय ४१ प्रावि, ९८ निमावि, १ सय ५ मावि र ३४ उमावि छन्। ३ हजार ५ सय ५४ शिक्षक दरबन्दी रहेकामा ६७ दरबन्दी रिक्त छ। यस वर्ष ४ हजार ८ सय ६५ बालक र ४ हजार ९ सय ४६ बालिका भर्ना भए। जिल्लामा १ सय ३५ अपाङ्गमैत्री विद्यालय छन्। १ हजार ६ सय दलित बालक र १ हजार ७ सय २३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवारका ३ सय र द्वन्द्वपीडित परिवारका २ सय ९० बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| नवजात शिशुको हत्या | १ | १ |
| जम्मा | २ | २ |

*यस वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा एक बालिका बलात्कृत भइन् भने एक नवजात शिशुको हत्या भयो।*

वीरेन्द्रनगर नपा-६ स्थित सुर्खेत होराइजन एकेडेमीमा कक्षा नौमा अध्यनरत १३ वर्षीया समीक्षा आचार्यको २०७३ मङ्सिर २३ गते उद्योग वाणिज्य सङ्घद्वारा आयोजित कर्णाली एक्स्पो अन्तर्राष्ट्रिय व्यापार मेलाको ऱ्यालीमा सहभागी हुँदा बेहोस भई ढलेपछि उपचारका लागि अस्पतालमा लैजाँदै गर्दा बाटोमा मृत्यु भयो। आयोजक उद्योग वाणिज्य सङ्घ, जिल्ला शिक्षा कार्यालय, सुर्खेत होराइजन एकेडेमी र ऱ्यालीमा सहभागी हुन अनुरोध गर्ने प्याब्सन सुर्खेतको लापरबाहीका कारण समयमा उपचार नपाउँदा मृत्यु भएको उपचारमा सलग्न प्रत्यक्षदर्शी र चिकित्सकले जनाए। बालिका समयसमयमा बेहोस हुने गरेको जानकारी विद्यालय परिवारलाई भए पनि ऱ्यालीमा सहभागी बनाइनु लापरबाही भएको पीडित पक्षको आरोप छ। सो घटनाको राष्ट्रिय मानव अधिकार आयोग, जिल्ला शिक्षा समिति र नागरिक स्तरबाट गठित छानबिन समितिले छुट्टाछुट्टै स्थलगत अनुगमन गऱ्यो। इन्सेक जिल्ला प्रतिनिधि दुर्गा थापाको संयोजकत्वमा रहेको छानविन समितिले पनि प्रतिवेदन तयार पाऱ्यो। पीडित परिवारले कहीं उजुरी दिएनन्।

### बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया एक बालिकालाई २०७२ चैत २० गते वीरेन्द्रनगर नपा-६ का ४६ वर्षीय प्रेमबहादुर दमाईंले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल सुर्खेतमा भयो। सोही दिन गिरफ्तार परेका प्रेमलाई जिल्ला अदालतले २०७३ वैशाख १४ गते पुर्पक्षका लागि थुन्ने आदेश दियो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४ सय ९६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २ सय ८, खान/लाउन नदिएको ८८, विवाह दर्ता र नागरिकता नबनाएको ३३, अर्की श्रीमती ल्याएर हेला गरेको ५४ र सामान्य घरायसी झगडाका १ सय १३*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ९७ | ९७ |
| जम्मा | ९९ | ९९ |

*घटना छन्। यीमध्ये प्रहरीले ४ सय ६८ वटामा मिलापत्र गरायो भने २८ उजुरी कानुनी प्रक्रियामा छन्।*

*यस वर्ष बलात्कारबाट एक, बहुविवाहबाट एक र घरेलु हिंसाबाट ९७ जना गरी ९९ जना महिला पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३१ वर्षीया एक महिलालाई २०७३ जेठ १४ गते वीरेन्द्रनगर नपा-१० निवासी एवम् बिजौरा गाविसका सचिव ४८ वर्षीय भक्तबहादुर हमाल र बिजौरा गाविस-५ निवासी सोही गाविस कार्यालयका प्राविधिक सहायक ४१ वर्षीय रमेश बिसीले वीरेन्द्रनगरस्थित न्यु डल्फिन होटलमा बलात्कार गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण क्षेत्रीय अस्पताल सुर्खेतमा भयो। सोही दिन गिरफ्तार भएका दुवै आरोपितलाई जिल्ला अदालतले २०७३ असार ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यस वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएन।

**स्वास्थ्य सेवाको अवस्था**

सुर्खेतमा एक क्षेत्रीय अस्पतालसहित तीनवटा अस्पताल, ३७ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। ३० जना डक्टरको दरबन्दी रहेको क्षेत्रीय अस्पतालमा सातजना मात्र कार्यरत छन्। मेहेलकुना र सालकोट अस्पतालमा दुई/दुई जना डक्टरको दरबन्दी रहेकामा एक/एक जना कार्यरत छन्। क्षेत्रीय अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी तीन जनाको भए पनि एक जनामात्र कार्यरत छन्। अहेवको ८६ दरबन्दी रहेकामा ८१ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १८ करोड ८० लाख र औषधि खर्चबापतको रकम ९२ लाख रुपियाँ छ। यस वर्ष नाकाबन्दीका कारण जिल्ला तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधि अभाव हुँदा धेरैको उपचार प्रभावित बन्यो।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | १ |
| नवजात शिशुको हत्या | १ | १ |
| जम्मा | २ | २ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | | १ | १ |
| बहुविवाह | | | | १ | १ |
| घरेलु हिंसा | ७ | २९ | ६० | १ | ९७ |
| जम्मा | ७ | २९ | ६० | ३ | ९९ |

# ४.९ जाजरकोट



**जम्मा जनसङ्ख्या**
**१८८५१६**

**महिला**
**९५०३५**

**परिवार सङ्ख्या**
**३३४४४**

**खोलाको पानी पिउने परिवार**
**१६०२**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**६४१७५**

**कामका लागि बाहिरिएका**
**४१७४**

**सबभन्दा बढी जनसङ्ख्या**
**६५०८५ (क्षेत्री)**

**अपाङ्गता भएका**
**६८४८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८५**

**आश्रित जनसङ्ख्या**
**९८५१२**

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ४ | १ | ५ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| महिला अधिकार | | | ९ | | ९ |
| जातीय विभेद | | | २ | | २ |
| कुटपिट | १ | १ | | | |
| हत्या | | | ४ | | ४ |
| जम्मा | १ | १ | १९ | २ | २१ |

***इन्सेकको अभिलेख अनुसार जाजरकोटको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २५ महिलासहित ५३ जना पीडित भएकामा सन् २०१६ मा १९ महिलासहित २२ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएको कुटपिटको घटनामा एक पुरुष पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष परिवारबाटै एक महिलाको हत्या भएकामा यो वर्षचाहिँ दुई र अन्य पक्षबाट दुई महिलाको हत्या भयो। अंश नदिएको झोकमा आमाको हत्या गरेको तथा अन्तरजातीय विवाह गरेकै कारण परिवारै एक महिना विस्थापित हुनुपरेको घटना पनि जानकारीमा आए। जिल्लामा झुटो आरोप लगाएको भन्दै यस वर्ष तीन बलात्कार घटनाका जाहेरवालालाई अदालतले जरिवानाको फैसला सुनायो। यस वर्ष महिला बलात्कारका दुई, बहुविवाहका तीन र घरेलु हिंसाका चार घटना भए।***

***बाल अधिकार उल्लङ्घनका घटनामा दुई बालिका बलात्कारको घटनाबाट पीडित भए भने दुई जना यौन दुर्व्यवहारबाट पीडित भए। त्यसैगरी यस वर्ष एक नवजात शिशुको हत्या भयो भने आठ वर्षीया बालिकालाई ढुङ्गाले हानेर हत्या गरियो। नवजात शिशुको हत्यामा संलग्न आमालाई अदालतले सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।***

खाद्य संस्थानमार्फत जिल्लामा हरेक वर्ष ढुवानी अनुदानमा खाद्यान्न उपलब्ध गराउँदै आए पनि २०७३ साउनदेखि नायकवाडा, रोकायगाउँ, सक्ला, रामीडाँडा, भगवती, रग्दा, पैंक, अर्छानी, टालेगाउँ, पजारु, गर्खाकोट, मजकोट, कोर्ताङ, दह, थालारैकर, साल्मा, दशेरा र सुवानाउलीलगायत गाविसमा खाद्यान्न आपूर्ति हुन सकेन। यही कारण नेपालीको महान् पर्व दशैं र तिहारसमेत यहाँका बासिन्दाका लागि खल्लो भयो। धान, मकै र अन्य खाद्यान्न बाली भित्र्याउने समयमा आएको अविरल वर्षाले क्षति पुर्‍याउँदा यस वर्ष जिल्लामा खाद्यान्न अभाव बढी भयो। तर पनि

सरकारले उचित पहल नगर्दा धेरै बासिन्दा खानकै लागि काम गर्न भारत जान बाध्य भए।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता १० जनाको छ। तर ४५ कैदी र एक थुनुवा गरी ४६ जना छन्। २०४५ सालमा निर्माण गरिएको कारागार भवन जीर्ण छ। क्षमताभन्दा धेरै बन्दी भएकाले बसोबास, पिउने पानी र शौचालय प्रयोगमा समस्या भएको बन्दीको गुनासो छ।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

भेरीमालिका नपा-४ का ५१ वर्षीय जीतबहादुर राजभण्डारीलाई २०७२ चैत ९ गते छोरासँग विवाद गरेको आरोपमा जिल्ला प्रहरी कार्यालयमा कार्यरत ३४ वर्षीय प्रहरी हरि खड्काले कुटेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा सोही दिन उजुरी दिन गएकामा दर्ता नगरेको पीडित पक्षले आरोप लगायो। त्यसपछि जिल्ला प्रशासन कार्यालयको शरणमा पुगेका पीडितलाई पुनः प्रहरी कार्यालयमै पठाइयो। जिल्ला प्रहरी कार्यालयमा चैत १२ गते भएको छलफलमा पीडितको उपचार खर्चबापत पीडक प्रहरीले १२ हजार रुपियाँ दिने भएपछि मिलापत्र भयो।



*प्रहरीको कुटपिटबाट घाइते जीतबहादुर राजभण्डारी*

## अमानवीय व्यवहार

जिल्ला प्राविधिक कार्यालयका प्रमुख इन्जिनियर ४० वर्षीय जयराम श्रेष्ठलाई भ्रष्टाचार गरेको आरोपमा २०७२ चैत २८ गते नेत्रविक्रम चन्द (विप्लव) माओवादी पार्टीका चार/पाँच जनाको सङ्ख्यामा गएका कार्यकर्ताले कार्यकक्षमै मोसो दले। उक्त घटनामा संलग्न रहेको आरोपमा प्रहरीले अनेरास्ववियु (क्रा.) का जिल्ला अध्यक्ष प्रेमबहादुर शाहीलाई खलङ्गाको ठाँटीबजार र अर्का कार्यकर्ता हरिबहादुर थापालाई होलु जिउलाबाट सोही दिन गिरफ्तार गर्‍यो। उनीहरूलाई प्रहरीले सार्वजनिक अपराध मुद्दा चलाएकामा २०७३ वैशाख ५ गते जनही ६/६ हजार धरौटीमा रिहा गर्‍यो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीशको दरबन्दीसहित एक जिल्ला अदालत छ। यस वर्ष दर्ता भएका देवानीतर्फको ३३ मध्ये १३ थान मुद्दा छिनिन बाँकी छन्। फौजदारीतर्फ दर्ता भएका ६२ मध्ये १९ थान छिनिन बाँकी छन्। देवानी र फौजदारी दुवैतर्फ दुई वर्ष पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ८० प्रावि, ८९ निमावि, ४४ मावि र २० उमावि छन्। १ हजार ३ सय ७६ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन। यस वर्ष ३४ हजार ३ सय ३४ बालक र ३५ हजार ९ सय ५१ बालिका भर्ना भए। जिल्लामा ३ अपाङ्गमैत्री विद्यालय छन्। यस वर्ष आधारभूत तहमा २५ हजार ४ सय २३ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। त्यस्तै आधारभूत तहमा छात्रा छात्रवृत्ति २३ हजार ६ सय २३, साथै द्वन्द्वपीडित परिवारका २ सय ३७ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो। माध्यमिक तहमा छात्रवृत्ति १ सय १० र माध्यमिक तह दलिततर्फ १ हजार ७ सय ६९ जनाले छात्रवृत्ति प्राप्त गरे।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | २ | | २ |
| नवजात शिशुको हत्या | | १ | १ |
| यौन दुर्व्यवहार | २ | | २ |
| जम्मा | ४ | १ | ५ |

असार दोस्रो साता आएको अविरल वर्षातका कारण बाढी/पहिरो जाँदा लहँ गाविस-४ स्थित जनता प्राथमिक विद्यालय पीपलचौरको भवन बगाएपछि विद्यार्थी खुला आकाशमुनि पढ्न बाध्य भए। बाढीले विद्यालयका दुई भवन, चर्पी, खानेपानी ट्याङ्कीसमेत बगाएको प्रधानाध्यापक बलबहादुर रावलले बताए। पाँच कक्षासम्म पढाइ हुने उक्त विद्यालयका बालबालिका बगरको चिसो बालुवामा बसेर पढ्न बाध्य छन्। पानी पर्‍यो वा घाम चर्क्यो भने त्यसरी पढ्न पनि सम्भव हुन्न।

### हत्या

सालमा गाविस-५ की आठ वर्षीया भगवती बुढालाई २०७३ वैशाख १६ गते सोही गाविस-६ का

५५ वर्षीय परे बुढा, ४५ वर्षीय आइते बुढा र उनकी नौ वर्षीया छोरीले घर नजिकको जङ्गलमा धारिलो ढुङ्गाले हानेर हत्या गरेको आरोपमा मृतकका आफन्तले वैशाख २९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा भयो। जेठ १ गते गिरफ्तार भएका तीनैजनामध्ये परे बुढालाई जिल्ला अदालतले असार १६ गते चार महिना कैद सजायको फैसला सुनायो। आइतेलाई सफाइ दियो भने बालिकालाई कुनै सजाय नहुने ठहरसहितको फैसला सुनायो।

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया एक बालिकालाई २०७३ पुस ६ गते झाप्रा गाविस-१ का २० वर्षीय विश्व थापा र २२ वर्षीय पदम महरले बलात्कार गरेको भन्दै पीडित पक्षले पुस ८ गते जिल्ला प्रहरी कार्यालय जाजरकोटमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। पुस ८ गते नै गिरफ्तार भएका आरोपित हिरासतमै छन्।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान/लाउन नदिएको सात, अर्की श्रीमती ल्याएर हेला गरेको ६ र सामान्य घरायसी झगडाका २८ घटना छन्। यीमध्ये प्रहरीले २१ वटामा मिलापत्र गरायो भने २० उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ४ | ४ |
| जम्मा | ९ | ९ |

### परिवारजनबाट हत्या

सक्ला गाविस-१ की ६५ वर्षीया देउती खत्रीलाई अंश नदिएको झोकमा २०७३ असार २२ गते ३४ वर्षीय छोरा बुद्धिबहादुर खत्री र २६ वर्षीया बुहारी शर्मिला खत्रीले धारिलो हतियार प्रहार गरी हत्या गरेर घर नजिक खाडलमा पुरेको भन्दै मृतकका आफन्तले भदौ ६ गते इलाका प्रहरी कार्यालय रामीडाँडामा उजुरी दिए। शवको पोस्टमार्टम इलाका स्वास्थ्य कार्यालय रामीडाँडामा भयो। बुद्धिलाई जिल्ला अदालतले २०७३ मङ्सिर १३ गते सर्वस्वसहित २० वर्ष ६ महिना तथा शर्मिलालाई २० वर्ष ६ महिना कैद सजायको फैसला सुनायो।

ढिमे गाविस-८ की ३८ वर्षीया अमला परियारलाई २०७३ भदौ ७ गते पैंक गाविस-६ का नरबहादुर रोकायसँग अवैध सम्बन्ध राखी छोरी जन्माएको आरोपमा ४२ वर्षीय पति जीतबहादुर परियारले कुटेर हत्या गरेको भन्दै मृतककी छोरी शर्मिलाले असोज १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। असोज १४ गते गिरफ्तार परेका जीतबहादुर कात्तिक ९ गते तारेखमा रिहा भएका थिए। जीतबहादुरले पत्नीको विष सेवनबाट मृत्यु भएको भन्दै आए पनि शर्मिलाले हत्या गरेको भन्दै उजुरी दिएपछि यो घटनालाई प्रहरीले अदालतमा पेश गर्ने तयारी गरिरहेका बेला जीतबहादुर मङ्सिर १३ गते झुण्डिएर आत्महत्या गरे।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीया एक महिलालाई २०७३ वैशाख ८ गते ४० वर्षीय ससुराले बलात्कार गरेको भन्दै वैशाख १५ गते ससुराविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। वैशाख २० गते गिरफ्तार आरोपितलाई जिल्ला अदालतले असार २२ गते १० वर्ष कैद र पीडितलाई ५० हजार दिलाउने फैसला सुनायो।

### सबै प्रकारका जातीय विभेद

गर्खाकोट गाविस-४ का २५ वर्षीय गणेश चँदारालाई अन्तरजातीय विवाह गरेको आरोपमा २०७२ पुस २५ गते सोही गाविस-२ का ५२ वर्षीय ससुरा उत्तमकुमार शाहले मार्ने धम्की दिए। गणेशले २०७२ कात्तिकमा उत्तमकी २१ वर्षीया छोरी ज्योतिसँग



***अन्तरजातीय विवाह गरेको आरोपमा गाउँबाट विस्थापित गणेश चँदराका परिवार न्यायका लागि जिल्ला प्रहरी कार्यालयमा***

अन्तरजातीय विवाह गरेका थिए। मार्ने धम्की दिएपछि गणेश र ज्योतिसहित गणेशको परिवार सदरमुकाम खलङ्गामा विस्थापित भए। पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। माघ ५ गते जिल्ला प्रहरी कार्यालयले सदरमुकाममा सर्वदलीय तथा सर्वपक्षीय छलफल गरेपछि एक टोली स्थानीय स्तरमै पुगेर समस्या समाधान गर्ने निर्णय भयो। इन्स्पेक्टर हिक्मत बोहराको नेतृत्वमा सुरक्षाकर्मी, अधिकारकर्मी र राजनीतिक दलका प्रतिनिधिसहितको टोली २०७३ माघ २० गते गर्खाकोट पुगी छलफल गर्दा केही दिन तनावग्रस्त भयो। उत्तमकुमारको समूहले प्रहार गरेको ढुङ्गाबाट सइ महेशप्रशाद पन्त घाइते भए। उक्त घटनापश्चात दुवै पक्षलाई इलाका प्रहरी कार्यालय गर्खाकोटमा उपस्थित गराएर छलफल गराएपछि २०७२ माघ २२ गते दुवै पक्षबीच मिलेर बस्ने सहमति भयो।

## स्वास्थ्य सेवाको अवस्था

जाजरकोटमा एउटा अस्पताल, ३१ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ९ जना विशेषज्ञ चिकित्सकको दरबन्दी रहेकामा सबै रिक्त छ। अहेवको ७३ दरबन्दी रहेकामा ५५ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ३ करोड ७६ लाख र औषधि खर्चबापतको रकम ४५ लाख रुपियाँ छ भने अस्पतालतर्फको वार्षिक बजेट १ करोड २९ लाख ७६ हजार र औषधि खर्चबापतको बजेट ३ लाख छ। गत वर्ष सरकारले जिल्ला अस्पतालको स्तरोन्नति गर्दै ५० शैयाको बनाए पनि विशेषज्ञ चिकित्सक नहुँदा यसको फाइदा स्थानीयले पाउन सकेका छैनन्।

### सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | | २ | २ |
| नवजात शिशुको हत्या | १ | | १ |
| यौन दुर्व्यवहार | | २ | २ |
| जम्मा | १ | ४ | ५ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | | १ | | १ | २ |
| बहुविवाह | १ | | १ | १ | ३ |
| घरेलु हिंसा | | | ४ | | ४ |
| जम्मा | १ | १ | ५ | २ | ९ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
|---|---|---|
| हत्या | ४ | ४ |

# ४.१० दैलेख



**जम्मा जनसङ्ख्या**
**२७८०१४**

**महिला**
**१४३५७६**

**परिवार सङ्ख्या**
**५२४२८**

**खोलाको पानी पिउने परिवार**
**८५९**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**९३४२८**

**कामका लागि बाहिरिएका**
**११२२१**

**सबभन्दा बढी जनसङ्ख्या**
**९१२८० (क्षेत्री)**

**अपाङ्गता भएका**
**७६०७**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८९**

**आश्रित जनसङ्ख्या**
**१३७४०९**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ६ | २ | ८ |
| महिला अधिकार | २२ | | २२ |
| जातीय विभेद | १ | ५ | ६ |
| कुटपिट | | १ | १ |
| हत्या | २ | | २ |
| जम्मा | ३१ | ८ | ३९ |

***इन्सेकको अभिलेख अनुसार दैलेखको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भएन। सन् २०१५ को मानव अधिकार उल्लङ्घनका घटनामा २९ महिलासहित ३१ जना पीडित भएकामा सन् २०१६ मा ३१ महिलासहित ३९ जना पीडित भए। गैरराज्य पक्षबाट अघिल्लो वर्ष हत्याको घटना भएको थिएन भने यो वर्ष दुई महिलाको हत्या भयो। जसमध्ये एकजनाको हत्या परिवारबाटै भयो भने एकजनाको चाहिँ कथित बोक्सीको आरोपमा देवर नाता पर्नेको कुटपिटबाट भयो।***

***बाल अधिकार उल्लङ्घनका घटनाअन्तर्गत चार बालिका बलात्कृत भए भने दुई जनालाई यौन दुर्व्यवहार गरियो। गत वर्ष बाल विवाह घटनामा एक, बलात्कार घटनामा दुई र यौन दुर्व्यवहारमा एक गरी चार बालिका पीडित भएका थिए। त्यसैगरी महिलाविरुद्ध हिंसाका घटनामध्ये बलात्कार घटनामा दुई र बलात्कार प्रयासमा एक, कथित बोक्सीको आरोपमा एक, बहुविवाहमा १२ र घरेलु हिंसामा ६ गरी २२ महिला पीडित भए। सन् २०१५ मा यो सङ्ख्या २५ थियो। गत वर्ष जातीय विभेदको घटनामा एक जना पीडित भएकामा यो वर्ष एक महिलासहित ६ जना पीडित भए।***

जिल्लामा बाल विवाह प्रमुख समस्याका रूपमा छ। जसले गर्दा कम उमेरमा बच्चा जन्मने, सोच्ने/बुझ्ने भइसकेपछि अर्को विवाह गर्ने तथा असमझदारी बढेर सम्बन्ध बिच्छेद गर्ने, ज्ञान, चेतना र क्षमता परिपक्व नभइसकेकाले पारिवारिक तथा घरेलु हिंसा बढ्ने जस्ता समस्या पाइएको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार जिल्लाको जनसङ्ख्या २ लाख ६३ हजार ७ सय ७० छ। जसमध्ये करिब एक तिहाई अर्थात ८४ हजार चार सय २४ जनाले बाल विवाह गरेका पाइएको छ। यस्तो अवस्था विश्लेषण गर्दै बाल विवाह रोकथामका लागि प्रहरी र महिला तथा बालबालिका कार्यालयले २०७३ असोजबाट बाल विवाहविरुद्धको अभियान सुरु गरेका छन्। जसमा गैससले पनि सघाइरहेका छन्।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर १ सय २५ कैदी र २९ थुनुवा गरी १ सय ५४ जना छन्। जसमा आठ महिला छन्। दुई वर्षमुनिका दुई जना आश्रित बालबालिका पनि छन्। क्षमताभन्दा झण्डै तेब्बर कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। यो कारागार भवन २०७० सालमा बनेको हो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एक जिल्ला अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ २७ र फौजदारीतर्फ नौ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ३३ प्रावि, ८७ निमावि, ४८ मावि र ४१ उमावि छन्। ३ हजार ३ सय ४३ शिक्षक दरबन्दी रहेकामा ४० रिक्त छ। यस वर्ष ४८ हजार ३ सय ६० बालक र ५० हजार ३ सय ३१ बालिका भर्ना भए। जिल्लामा दुई अपाङ्गमैत्री विद्यालय छन्। ११ हजार ४ सय २७ दलित बालक र १२ हजार ७ सय ७४ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद परिवारका चार र द्वन्द्वपीडित परिवारका ९१ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

*गत वर्षको तुलनामा यो वर्ष बालबालिकाविरुद्धका घटना वृद्धि भए। सन् २०१५ मा चार बालिका पीडित भएकामा सन् २०१६ मा ६ बालिकासहित आठजना पीडित भए। दुई बालकलाई विद्यालयमा गयल भएको भन्दै प्रधानाध्यापकले नै खुला हातले शौचालय सफा गर्न लगाए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बलात्कार | ४ | | ४ |
| विद्यालयमा शारीरिक सजाय | | २ | २ |
| यौन दुर्व्यवहार | २ | | २ |
| जम्मा | ६ | २ | ८ |

*यो वर्ष ५ देखि १७ वर्ष उमेर समूहका चार बालिका बलात्कृत भए भने दुई बालिकामाथि यौन दुर्व्यवहारबाट पीडित भए। बलात्कारका दुई आरोपित फरार रहे। घटनाको आरोपितमा १५ वर्षीय बालकसमेत रहे।*

### अमानवीय व्यवहार

सिगौडी गाविस-५ का १२ वर्षीय नवराज शाही र सोही ठाउँका १० वर्षीय हरिशचन्द्र शाहीलाई २०७३ कात्तिक ३० गते सोही ठाउँका नेपाल राष्ट्रिय आधारभूत विद्यालय सिस्नेकी प्रधानाध्यापक ३५ वर्षीया धनाकुमारी शाही पोखरेलले शौचालयको दिसा हातले सफा गर्न लगाएको भन्दै पीडित पक्षले प्रहरी, शिक्षा र महिला तथा बालबालिका कार्यालयमा पुस २२ गते उजुरी दियो। एक दिन विद्यालयमा गयल भएको सजायस्वरूप आफूहरूलाई झारपातले सफा गर्न लाग्दा पनि नदिएर हातैले दिसा सफा गर्न लगाएको बालकद्वयले बताए। जिल्ला प्रहरी कार्यालयमा पुस २३ गते भएको छलफलमा प्रधानाध्यापकले अब उप्रान्त बालमैत्री शिक्षण विधि अपनाउने सर्तमा मिलापत्र भयो।

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७२ पुस १८ गते काशिकाँध गाविस-४ का राजु गिरीले बलात्कार गरेको भन्दै पीडित पक्षले पुस १९ गते इलाका प्रहरी कार्यालय दुल्लुमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। पुस १९ गते नै गिरफ्तार भएका राजुलाई जिल्ला अदालतले फागुन ४ गते आठ वर्ष कैद र ५० हजार रुपियाँ जरिवानाको सजाय सुनायो।

पाँच वर्षीया बालिकालाई २०७३ भदौ १० गते १५ वर्षीय बालकले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको भदौ १० गते स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। भदौ ११ गते गिरफ्तार भएका बालकलाई जिल्ला अदालतले दोषी ठहर गर्दै कात्तिक २४ गतेको ७ वर्ष ६ महिना बाल सुधार गृहमा राख्ने र पीडित बालिकालाई १० हजार रुपियाँ तिर्नुपर्ने फैसला सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय १९ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १३, खान/लाउन नदिएको ७१, विवाह दर्ता र नागरिकता नबनाएको ५३, अर्की श्रीमती ल्याएर हेला गरेको १९ र सामान्य घरायसी झगडाका १ सय ६३*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कार | २ | २ |
| बलात्कारको प्रयास | १ | १ |
| बहुविवाह | १२ | १२ |
| घरेलु हिंसा | ६ | ६ |
| जम्मा | २२ | २२ |

*घटना छन्। यीमध्ये प्रहरीले २ सय ९७ वटामा मिलापत्र गरायो भने २२ उजुरी कानुनी प्रक्रियामा छन्।*

*गत वर्षको तुलनामा सन् २०१६ मा महिलाविरुद्धका घटना कमी भयो। सन् २०१५ मा यस्ता घटनाबाट २५ जना पीडित भएकामा यस वर्ष २२ जनामात्र पीडित भए। जसमध्ये ६ जना घरेलु हिंसाबाट पीडित भए भने दुई बलात्कार र एक बलात्कार प्रयासका घटनाबाट पीडित भए। एक बलात्कार प्रयासका घटनाका जाहेरवालाले सुरुको उजुरीविपरीत जिल्ला अदालतमा बयान बदलेको भन्दै अदालतले उल्टै १ हजार रुपियाँ जरिवाना तिर्नुपर्ने फैसला सुनायो।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२२ वर्षीया महिलालाई २०७२ फागुन ६ गते जगनाथ गाविस-९ का २४ वर्षीय यामबहादुर शाहीले बलात्कार गरेको भन्दै पीडित पक्षले सोही दिन प्रहरी चौकी बेस्तडामा उजुरी दिए। पीडितको फागुन ७ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। सोही दिन गिरफ्तार भएका यामलाई जिल्ला अदालतले २०७३ मङ्सिर ७ गते पाँच वर्ष कैद र १० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

३१ वर्षीया महिलालाई २०७३ जेठ २६ गते तिलेपाटा गाविस-४ का २२ वर्षीय भक्तबहादुर बडुवालले बलात्कार गरेको भन्दै पीडित पक्षले जेठ २७ गते प्रहरी चौकी तिलेपाटामा उजुरी दिए। पीडितको जेठ २७ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। भक्तलाई जिल्ला अदालतले असार २९ गते पाँच वर्ष कैद सजायको फैसला सुनायो।

### परिवारजनबाट हत्या

नारायण नपा-१ की २० वर्षीया अनिशा दमाईँलाई २०७३ वैशाख २० गते २० वर्षीय पति राजु नेपालीले शरीरमा मट्टितेल खन्याई आगो लगाएर हत्या गरेको भन्दै पीडित पक्षले वैशाख २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घाइतेको काठमाडौँको महाराजगन्जस्थित त्रिवि शिक्षण अस्पतालमा उपचारका क्रममा तीन दिनपछि मृत्यु भएको थियो। शवको पोस्टमार्टम शिक्षण अस्पताल काठमाडौँमा भयो। वैशाख २१ गते गिरफ्तार भएका राजुलाई जिल्ला अदालतले जेठ ३० गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

### कथित बोक्सीको आरोपमा हत्या

मेहेल्तोली गाविस-२ की १९ वर्षीया विपना खड्कालाई २०७३ वैशाख २० गते सोही ठाउँका १९ वर्षीय देवर नाता पर्ने भक्तबहादुर खड्काले कथित बोक्सी हटाउने भन्दै देउता चढेको भनी कुटपिट गरी हत्या गरेको भन्दै पीडित पक्षले वैशाख २१ गते प्रहरी चौकी बेस्तडामा उजुरी दियो। शवको जिल्ला अस्पतालमा वैशाख २२ गते पोस्टमार्टम भयो। आफूले विवाह गर्न चाहेकी केटीलाई 'केटो त्यति इमान्दार छैन' भनेको रिसमा बदला फेर्न आफूलाई देउता चढेको बहाना गरेर आरोपितले विपनाको हत्या गरेको प्रहरीले बतायो। वैशाख २२ गते गिरफ्तार परेका भक्तलाई जिल्ला अदालतले असार १२ गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

### घरेलु हिंसा

कट्टी गाविस-५ की १९ वर्षीया लक्ष्मीकुमारीसिंह शाहीले आफूलाई ५१ वर्षीया सासू अमृता शाही, ५३ वर्षीय ससुरा जयबहादुर शाही र २३ वर्षीय पति ललितबहादुर शाहीले खान लाउन नदिएको, बोलीवचन राम्रो नगरेको र यातना दिएको भन्दै २०७३ जेठ २० गते जिल्ला अदालतमा घरेलु हिंसाको मुद्दा दिइन्। अदालतले मङ्सिर ८ गते आरोपित तीनै जनालाई प्रतिव्यक्ति ५ हजार रुपियाँ जरिबाना र पीडित लक्ष्मीकुमारी सिंहलाई १० हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

### सबै प्रकारका जातीय विभेद

सिंहासैन गाविस-९ का ६५ वर्षीय कर्णबहादुर बिक, सोही ठाउँका २८ वर्षीय रामसिंह बिक, ३० वर्षीय काशी बिक र २३ वर्षीय उदयराम बिकलाई २०७३ असोज २४ गते महानवमीको बली चढाउने विषयमा 'क्षत्री हुँदाहुँदै दलितले बली चढाउन हुन्न' भन्दै सोही

ठाउँका २० वर्षीय नौर थापा, २४ वर्षीय जगत थापा, ४० वर्षीय बल थापा, ४० वर्षीय कल थापालगायत करिव २५ जनाको समूहमा आएका गैरदलित युवाको समूहले कुटपिट गरेको पीडितले आरोप लगाए। दलितको कुलायन खोदाई देउताको पूजाका लागि तयार गरिएको एउटा बोका लुटेको आरोप पनि उनीहरूले लगाए। ती युवाको लाठी प्रहारबाट टाउकोमा चोट लागेका काशी र रामसिंहको स्थानीय जडीबुटी प्रयोग गरी उपचार भयो। असोज २६ प्रहरीमा उजुरी दिन भन्दै सदरमुकाम पुगेका पीडितलाई गाउँमै मिल्ने दबाब दिएर फर्काइयो।

## स्वास्थ्य सेवाको अवस्था

दैलेखमा दुईवटा अस्पताल, ५६ स्वास्थ्य चौकी र दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लाभर ६ डक्टरको दरबन्दी रहेकामा पाँच जना कार्यरत छन्। दुल्लु अस्पतालमा एक जना मेडिकल अफिसरको दरबन्दी रिक्त छ। स्त्री रोग विशेषज्ञको दरबन्दी एउटा भए पनि खाली छ। अहेवको १ सय २४ दरबन्दी रहेकामा १ सय ११ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २१ करोड ५१ लाख ८८ हजार ४ सय ५२ रुपियाँमध्ये औषधिबापतको रकम ४८ लाख ६ हजार ५ सय २७ रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | १ | १ | | २ | ४ |
| विद्यालयमा शारीरिक सजाय | | | १ | | १ |
| यौन दुर्व्यवहार | १ | | | १ | २ |
| जम्मा | २ | १ | १ | ३ | ७ |

**महिला अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| कथित बोक्सीको आरोप | | १ | | | १ |
| बलात्कार | २ | | | | २ |
| बलात्कारको प्रयास | | | | १ | १ |
| बहुविवाह | ७ | | २ | ३ | १२ |
| घरेलु हिंसा | ४ | १ | १ | | ६ |
| जम्मा | १३ | २ | ३ | ४ | २२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
|---|---|---|
| हत्या | २ | २ |

# ४.११ डोल्पा



**जम्मा जनसङ्ख्या**
**४००६२**

**महिला**
**२०१६४**

**परिवार सङ्ख्या**
**८२८७**

**खोलाको पानी पिउने परिवार**
**१०५८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**१५४५५**

**कामका लागि बाहिरिएका**
**४४७**

**सबभन्दा बढी जनसङ्ख्या**
**१६४९३ (क्षेत्री)**

**अपाङ्गता भएका**
**७४५८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८१**

**आश्रित जनसङ्ख्या**
**२१०३५**

***इन्सेकको अभिलेख अनुसार डोल्पाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घनका घटनामा १६ महिलासहित २४ जना पीडित भएकामा सन् २०१६ मा १४ महिलासहित १८ जना पीडित भए। गत वर्ष बाल अधिकारका घटनामा एक बालिका बाल विवाहबाट पीडित भएकमा यो वर्ष बाल अधिकार उल्लङ्घनका घटना जानकारीमा आएन।***

***जिल्लामा गैरराज्य पक्षबाट महिला बढी पीडित भए। महिला हिंसाका घटनामध्ये घरेलु हिंसाका घटनामा ११ महिला पीडित भए भने एक जना बलात्कार प्रयासको घटनामा पीडित भइन्। यस वर्ष बलात्कार प्रयासको घटनामा कङ्ग्रेस र एमालेका स्थानीय नेताको दबाबमा पीडित पक्षले प्रहरीमा दिएको उजुरी फिर्ता लिन लगाई गाली बेइज्जतीको उजुरी पुनः दिन लगाई प्रहरी चोकीमै मिलापत्र गराउने कामसमेत भयो।***

***यो वर्ष कथित बोक्सीको आरोपमा एक महिला पीडित भइन् जबकि सन् २०१५ मा तीन महिला पीडित भएका थिए। गत वर्ष जातीय विभेदको घटनाबाट दुई जना पुरुष पीडित भएकामा यो वर्ष एक महिलासहित पाँच जना पीडित भए।***

२०७३ साउनदेखि जिल्लाको सर्मी, काइगाउँ, कालिका, नर्कु, माझफाल, पहाडा, लिकु, त्रिपुराकोट र जुफाललगायतका गाविसमा खाद्यान्न आपूर्ति समयमा हुन सकेन। सरकारले कर्णालीका पाँच जिल्लामा हरेक वर्ष ढुवानी अनुदानमा खाद्यान्न उपलब्ध गराउँदै आएको भए पनि नेपालीको महान् चाड बडादशैँ तथा तिहारमा समेत ती गाविसका जनताले चामल पाएनन्। धान, मकै र सिमीलगायत अन्नबाली लगाउने समयमा परेको लामो खडेरी र बाली भित्र्याउने समयमा भएको अविरल वर्षाले क्षति पुऱ्याएका कारण गत वर्षको तुलनामा यस वर्ष जिल्लामा खाद्यान्न अभाव बढी नै भयो। सरकारले खाद्यान्न अभाव हुने जिल्लामा समयमै

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| महिला अधिकार | १३ | | १३ |
| जातीय विभेद | १ | ४ | ५ |
| जम्मा | १४ | ४ | १८ |

पर्याप्त मात्रामा खाद्यान्न आपूर्ति गर्ने बताए पनि डोल्पामा ६ महिनादेखि खाद्यान्न अभाव भयो।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। जसमा १३ कैदी र तीन थुनुवा गरी १६ जना छन्। २०३२ सालमा स्थापना भएको कारागार जीर्ण भएकाले पानी परेका बेला चुहिन्छ। १ सय ५० जना क्षमताको कारागार भवन भने निर्माणाधीन छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित जिल्ला अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १२ र फौजदारी सात थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ८६ प्रावि, १४ निमावि, १५ मावि र पाँच उमावि छन्। ४ सय ६५ शिक्षक दरबन्दी रहेकामा ४ सय ९ दरबन्दी र ५६ राहत कोटा गरेर सबैमा कार्यरत छन्। यस वर्ष ४ हजार ७ सय १७ बालक र ४ हजार ८ सय ८५ बालिका भर्ना भए। जिल्लामा यस वर्ष १ हजार १ सय ६९ जनजाति बालक र ९ सय ३१ जनजाति बालिका भर्ना भए। यस जिल्लामा एउटा अपाङ्गमैत्री विद्यालय छ। यस वर्ष ७ सय ९५ दलित बालक र ७ सय ६८ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो।*

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव र दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै १२ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी हेला गरेको तीन, सम्बन्ध विच्छेदका पाँच, खान/लाउन नदिएको चार उजुरी दर्ता भए। सबै उजुरीमा मिलापत्र गराइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| कथित बोक्सीको आरोप | १ | १ |
| बलात्कारको प्रयास | १ | १ |
| घरेलु हिंसा | ११ | ११ |
| जम्मा | १३ | १३ |

*यो वर्ष बलात्कार प्रयासका घटनामा एक महिला पीडित भइन् भने गत वर्ष बलात्कार तथा बलात्कार प्रयासका घटनामा दुई महिला पीडित भएका थिए।*

*यो वर्ष घरेलु हिंसाका घटनामा ११ जना पीडित भए। गत वर्ष आठ महिला पीडित भएका थिए। यस्ता घटनामा तीन जनाले पतिले कुटपिट गरी खान/लाउन नदिएको भन्दै जिल्ला अदालतमा सम्बन्ध विच्छेदको मुद्दा दर्ता गरेका थिए। जसमध्ये एक मुद्दामा सम्बन्ध विच्छेदको फैसला भयो भने अरु दुईको फैसला भएको छैन। गत वर्ष कथित बोक्सीको आरोपमा तीन महिला पीडित भएकामा सन् २०१६ मा भने एक महिला पीडित भइन्।*

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

४२ वर्षीया एक महिलालाई २०७३ साउन १३ गते सुउँ गाविस-२ का ४७ वर्षीय कालीबहादुर रोकायले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले साउन १९ गते प्रहरी चौकी त्रिपुराकोटमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भएन। साउन २० गते गिरफ्तार परेका कालीबहादुरलाई छुटाउन नेकपा एमाले र नेपाली कङ्ग्रेसका स्थानीय नेताले पीडितलाई दबाब दिएर उजुरी फिर्ता लिन लगाए। अनि पुन: गाली/बेइज्जतीको उजुरी दिन लगाएकामा २०७३ साउन २२ गते मिलापत्र भयो।

### कथित बोक्सीको आरोप

त्रिपुराकोट गाविस-३ की ३२ वर्षीया सरिता कुलाललाई २०७३ मङ्सिर १५ गते कथित बोक्सीको आरोपमा सोही ठाउँका ३५ वर्षीया सुन्तली कुलाल र ४० वर्षीय जङ्गे कुलालले अमानवीय व्यवहार गरेको भन्दै पीडित पक्षले मङ्सिर १६ गते प्रहरी चौकी त्रिपुराकोटमा उजुरी दियो। प्रहरी चौकीमा भएको छलफलमा आरोपितले माफी मागेपछि मिलापत्र भयो।

## सबै प्रकारका जातीय विभेद

त्रिपुराकोट गाविस-२ का ३५ वर्षीय आशीष सुनुवार र सोही ठाउँकी ३४ वर्षीया ममता सुनुवारलाई २०७३ साउन १९ गते कैलाली घर भई त्रिपुराकोट गाविस-२ मा व्यवसाय गर्दै आएका ३६ वर्षीय अनिल केसी र ३२ वर्षीया सङ्गीता खनाल (केसी) ले सार्वजनिक बाटोमा 'डुम, खान नपाएको दलित' भनेर अपशब्द प्रयोग गरेको भन्दै पीडित पक्षले

साउन २१ गते प्रहरी चौकी त्रिपुराकोटमा उजुरी दियो। प्रहरीले सोही दिन गराएको छलफलमा आरोपितलाई २५ हजार रुपियाँ जरिबाना तिराउने र गल्ती नदोहोऱ्याउने गरी लिखित कागज भयो। पीडितले पुन: भदौ १८ गते जातीय विभेद गरेको भन्दै भदौ २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले तारेखमा रिहा गर्ने आदेश दियो।

त्रिपुराकोट गाविस-६ का ३८ वर्षीय धनकेसे कामी र सोही ठाउँका ६० वर्षीय नरे कामीलाई २०७३ मङ्सिर ४ गते सोही गाविस-५ निवासी जिल्ला खानेपानी उपभोक्ता महासङ्घका अध्यक्ष ६० वर्षीय मिमबहादुर बुढाले 'डुम' शब्द प्रयोग गरी गाउँ निकाला गर्ने धम्की दिएको भन्दै पीडित पक्षले मङ्सिर ५ गते त्रिपुराकोट प्रहरी चौकीमा उजुरी दिए। प्रहरीको रोहबरमा भएको छलफलमा आरोपित गल्ती नदोहोऱ्याउन र पीडितलाई २३ हजार रुपियाँ दिन सहमत भएपछि मिलापत्र भयो।

## स्वास्थ्य सेवाको अवस्था

*जिल्लामा एउटा जिल्ला अस्पताल र २३ स्वास्थ्य चौकी छन्। दुई डक्टरको दरबन्दी रहेकामा एक जनामात्र कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी छैन। अहेवको ४९ दरबन्दी रहेकामा ३३ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २ करोड ३९ लाख र औषधि खर्चबापतको रकम २७ लाख रुपियाँ छ। यस वर्ष आर्थिक अभावका कारण जिल्ला तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधि अभाव भयो।*

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| कथित बोक्सीको आरोप | | १ | | १ |
| बलात्कारको प्रयास | | १ | | १ |
| घरेलु हिंसा | १ | ४ | ६ | ११ |
| जम्मा | १ | ६ | ६ | १३ |

# ४.१२. जुम्ला



**जम्मा जनसङ्ख्या**
**११७८७१**

**महिला**
**५८८७१**

**परिवार सङ्ख्या**
**२०८८६**

**खोलाको पानी पिउने परिवार**
**६९३**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**५२६०२**

**कामका लागि बाहिरिएका**
**१४६३**

**सबभन्दा बढी जनसङ्ख्या**
**६५६०९ (क्षेत्री)**

**अपाङ्गता भएका**
**३२४८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**९५**

**आश्रित जनसङ्ख्या**
**६१९१६**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| घाइते | | १ | १ |
| बाल अधिकार | २ | | २ |
| महिला अधिकार | १६ | | १६ |
| हत्या | २ | १ | ३ |
| जम्मा | २० | २ | २२ |

***इन्सेकको अभिलेख अनुसार जुम्लाको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घनका घटनामा गैरराज्य पक्षबाट २९ महिलासहित ३१ जना पीडित भएकामा सन् २०१६ मा गैरराज्य पक्षबाट २० महिलासहित २२ जना पीडित भए। गत वर्ष राज्य पक्षबाट एक महिलासहित २५ जना पीडित भएकामा यस वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटना जानकारीमा आएन।***

***यो वर्ष गैरराज्य पक्षबाट दुई महिला र एक पुरुषको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा दुई बालिकालाई यौन दुर्व्यवहार गरियो। जिल्लामा यस वर्ष गैरराज्य पक्षबाट महिला बढी पीडित भए। बलात्कारका घटनामा दुई, बहुविवाहका घटनामा तीन र घरेलु हिंसाका घटनामा ११ गरी १६ महिला पीडित भए। सन् २०१५ मा २८ जना पीडित भएका थिए।***

जुम्लामा यस वर्ष ४ दशमलव ५ प्रतिशत अर्थात १ हजार ४ मेट्रिक टन खाद्यान्न अपुग भयो। २०७३ सालको प्रक्षेपित जनसङ्ख्या १ लाख १६ हजार ६१ रहेकामा प्रतिव्यक्ति प्रतिवर्ष १ सय ९१ किलोग्राम आवश्यकताका दरले २२ हजार १ सय ६८ मेट्रिक टन खाद्यान्न आवश्यक हुन्छ, तर २१ हजार १ सय ६४ मेट्रिक टन खाद्यान्नमात्र उत्पादन भएकाले यो अपुग देखिएको जिल्ला कृषि विकास कार्यालयले जानकारी दियो। अपुग खाद्यान्न जिल्ला बाहिरबाट आयात गरिने खाद्य संस्थानको भनाइ छ। तर पनि पर्याप्तमात्रामा खाद्यान्न आपूर्ति हुन सकेन।

## सम्मानितरूपले बाँच्ने अधिकार

### गोली/बिष्फोटक पदार्थद्वारा घाइते

#### गैरराज्यपक्षबाट

चन्दननाथ नपा-१ मा गस्तीमा हिँडिरहेका बेला अञ्चल प्रहरी कार्यालय जुम्लामा कार्यरत बाँके कम्दी गाविस-९ का ३९ वर्षीय प्रहरी जवान दीपक रोकालाई २०७२ माघ १६ गते गोली प्रहार गरेको आरोपमा गर्ज्याङकोट गाविस-७ का २८ वर्षीय डिल्लीराज खत्री र प्रेम न्यौपानेलाई प्रहरीले गिरफ्तार गऱ्यो। घाइते रोकाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा उपचार भयो। गोलीले पीडितको पेटमा सामान्य चोट लागेको र ज्याकेट प्वाल परेको थियो। स्वचालित पेस्तोलसहित दुवै जनालाई गिरफ्तार गरी ज्यान मार्ने उद्योग र हातहतियार खरखजनासम्बन्धी ऐनअन्तर्गत मुद्दा चलाएकामा २०७३ असार १५ गते जिल्ला अदालतले डिल्लीराज खत्रीलाई ६ वर्ष र प्रेम न्यौपानेलाई चार वर्ष कैद सजायको फैसला सुनायो।

मालिकाठाटा गाविस-४ का २२ वर्षीय जैसिके बोहोरा, ३५ वर्षीय रतन बुढा, ५९ वर्षीय कुमारो थापा र ३० वर्षीय कालीबहादुर बोहोरा भरुवा बन्दुक लिएर २०७२ चैत ४ गते सोही गाविस-९ स्थित जङ्गलमा शिकार खेल्न जाँदा चिप्लिएर बन्दूक पड्किँदा जैसिके बोहोरा दायाँ तिघ्रामा दुई वटा छर्रा लागी घाइते भए। उनको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा उपचार भयो। सो घटनाका विषयमा प्रहरीले चैत ७ गते सदरमुकाम खलङ्गामा चारै जनालाई गिरफ्तार गरी हातहतियार तथा खरखजनामा मुद्दा चलाएकामा रतन र जैसिके जनही ६५ हजार रुपियाँ तथा कुमारो र कालीबहादुर जनही ६० हजार रुपियाँ धरौटीमा रिहा भए।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २० जनाको छ। तर, १७ कैदी र २६ थुनुवा गरी ४३ जना छन्। जसमा चार महिला छन्। ६० वर्षमाथिका दुई पुरुष छन्। क्षमताभन्दा झण्डै दुई गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। २०२६ सालमा बनेको कारागार भवन पुरानो छ। १ सय जना क्षमताको भवन निर्माणाधीन छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३८ र फौजदारीतर्फ ४० सय थान छन्। २ वर्षभन्दा पुराना देवानी मुद्दा छैन, फौजदारीचाहिँ एक थान छ। यसैगरी तीन न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतमा दुईमात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १३ र फौजदारीतर्फ ४२ थान छन्। दुई वर्ष पुराना मुद्दामध्ये देवानी एउटा छ भने फौजदारीतर्फ छैन।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ९२ प्रावि, ३१ निमावि, ३३ मावि र १२ उमावि छन्। ७ सय ९१ शिक्षक दरबन्दी रहेकामा सात दरबन्दी रिक्त छ। यस वर्ष १८ हजार १ सय ७२ बालक र १९ हजार १५ बालिका भर्ना भए। जिल्लामा १ सय ६८ अपाङ्गमैत्री विद्यालय भए पनि अपाङ्गमैत्री घोषणा भने गरिएको छैन। ३ हजार २ सय ७३ दलित बालक र २ हजार ४ सय ४ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका १ सय ८ जना बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १ | १ |

### परिवारजनबाट हत्या

चन्दननाथ नपा-४ की १५ वर्षीया दाना शाही (बुढ्थापा) लाई २०७२ फागुन १५ गते पति ३० वर्षीय भक्त बुढ्थापाले हत्या गरेको भन्दै पीडित पक्षले फागुन १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको पोस्टमार्टम कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा भयो। फागुन २० गते गिरफ्तार भएका भक्तलाई जिल्ला अदालतले २०७३ जेठ २४ गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

### अन्यबाट हत्या

लाम्रा गाविस-७ की १७ वर्षीया मन्नु न्यौपानेलाई २०७३ भदौ १९ गते दैलेख जिल्ला तोलीजैसी गाविस-५ का २३ वर्षीय केशव शाही सहित अन्य पाँच जना बालिका मिलेर हत्या गरेको भन्दै

मृतकका आफन्तले जिल्ला प्रहरी कार्यालमा भदौ ३० गते उजुरी दिए। मृतको शव फेला नपरेको प्रहरीले जनायो। भदौ ३० गते गिरफ्तार भएका केशव शाही असोज १५ गते साधारण तारेखमा रिहा भए। यो वर्षको अन्त्यसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

### बलात्कार, यौन दुर्व्यवहार

*यो वर्ष यौन दुर्व्यवहारका दुई घटना अभिलेखित भएनन्। जसअनुसार पाँचदेखि १३ वर्ष उमेर समूहका बालिका यौन दुर्व्यवहार घटनामा पीडित भए। एक घटनाका दोषीलाई जिल्ला अदालतले दोषी ठहर गर्‍यो भने अर्कोमा आरोपितलाई गिरफ्तार गरी कानुनी प्रक्रिया अगाडि बढाइएको छ। घटनाको दोषीमा ७२ वर्षीय वृद्धसमेत रहे।*

पाँच वर्षीया बालिकालाई २०७३ वैशाख ७ गते रारालिही गाविस-२ का ७२ वर्षीय नरे सार्कीले यौन दुर्व्यवहार गरेको आरोपमा वैशाख ८ गते नाग्मा प्रहरी चौकी, रारालिहीमा पीडित पक्षले उजुरी दिए। पीडितको कर्णाली स्वास्थ्य विज्ञान शिक्षण अस्पतालमा स्वास्थ्य परीक्षण भयो। उजुरी परेकै दिन गिरफ्तार भएका नरेलाई जिल्ला अदालतले असार २८ गते ११ वर्ष कैद र ५० हजार रुपियाँ जरिवानासहितको फैसला सुनायो।

१३ वर्षीया बालिकालाई २०७३ मङ्सिर २६ गते चन्दननाथ नपा-२ का १६ वर्षीय कृष्ण कुलालले अप्राकृतिक मैथुन गरेको आरोपमा पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा स्वास्थ्य परीक्षण भयो। सोही दिन गिरफ्तार परेका कृष्णको मुद्दा चलिरहेको छ।

### महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका २०, खान/लाउन नदिएको तीन, विवाह दर्ता र नागरिकता नबनाएको दुई, अर्की श्रीमती ल्याएर हेला गरेको आठ र सामान्य घरायसी झगडाका १५ .घटना छन्। यीमध्ये प्रहरीले ४२ वटामा मिलापत्र गरायो भने ६ उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बहुविवाह | ३ | ३ |
| घरेलु हिंसा | ११ | ११ |
| जम्मा | १६ | १६ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२४ वर्षीया एक महिलालाई २०७३ जेठ १९ गते चन्दननाथ नपा-२ का २९ वर्षीय पदम थेइतले बलात्कार गरेको भन्दै पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा जेठ २५ गते उजुरी दिए। पीडितको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपित यस वर्षको अन्त्यसम्म फरार रहेको प्रहरीले जनायो।

### घरेलु हिंसा

गर्ज्याङकोट गाविस-९ की २९ वर्षीया सत्यदेवी न्यौपानेलाई २०७३ भदौ ३ गते २९ वर्षीय पति लोकप्रसाद न्यौपानेले कुटपिट गरी घर निकाला गरेको भन्दै जिल्ला अदालतमा २०७३ भदौ १२ गते अंशसहित सम्बन्ध विच्छेदका लागि निवेदन दिइन्। घर निकाला गरेपछि एक छोरीसहित देपालगाउँ गाविस-७ स्थित माइतीघरमा बस्दै आएको पीडितले बताइन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### छाउपडी मुक्त गाउँ घोषणा

छाउपडी प्रथा उन्मूलन निर्देशिका २०६४ जारी भए पनि जुम्लामा छाउपडी प्रथा कायमै छ। महिला तथा बालबालिका कार्यालय र गैरसरकारी संस्था सर्वोदय नेपाल, आत्मसम्मानका लागि सहकार्य (क्याड) जुम्ला, एक्सन वर्क्स नेपाल, इन्सेकलगायत विभिन्न गैरसरकारी सङ्घ/संस्थाले गरेका जनचेतनामूलक कार्यक्रमले यो प्रथाले निम्त्याएको समस्या न्यून तुल्याएको छ। पहिले सात दिनसम्म छाउ बार्ने चलन भए पनि अहिले यो तीनदेखि पाँच दिनसम्ममा झरेको छ। कुडारी गाविस-९ ढिमकोट, लाम्रा गाविस-६ र ७ हियाखोला र डिल्लीचौर गाविस-३ तल्लोलोर्प गाउँ यस वर्ष छाउपडी मुक्त गाउँ घोषणा भए।

## स्वास्थ्य सेवाको अवस्था

*जुम्लामा जिल्ला अस्पताल छैन। २९ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। अहेवको ६० दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १५ करोड ८० लाख ३० हजार र औषधि खर्चबापतको रकम भने ३५ लाख रुपियाँ छ।* जिल्लामा एक कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल छ। यहाँ शल्यक्रिया लगायतका उपचार हुने गर्दछ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| यौन दुर्व्यवहार | १ | १ | २ |
| जम्मा | १ | १ | २ |

**महिला अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बलात्कार | १ | १ | | | | २ |
| बहुविवाह | | | २ | १ | | ३ |
| घरेलु हिंसा | | १ | २ | १ | ७ | ११ |
| जम्मा | १ | २ | ४ | २ | ७ | १६ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | २ | ३ |

# ४.१३ कालीकोट



जम्मा जनसङ्ख्या
१५१९६६

महिला
७५६५५

परिवार सङ्ख्या
२५१२०

खोलाको पानी पिउने परिवार
८९०

गरिबीको रेखामुनि रहेको सङ्ख्या
७८७४९

कामका लागि बाहिरिएका
२०९६

सबभन्दा बढी जनसङ्ख्या
३९४७८ (क्षेत्री)

अपाङ्गता भएका
५२६२

५ वर्षमाथिको साक्षरता प्रतिशत
८०.२

आश्रित जनसङ्ख्या
२००९१२

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | २ | | २ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| महिला अधिकार | | | २ | | २ |
| जेलमा मृत्यु | १ | १ | | | |
| कुटपिट | २ | २ | | | |
| धम्की | १ | १ | | २ | २ |
| जम्मा | ४ | ४ | ४ | ३ | ७ |

*इन्सेकको अभिलेख अनुसार कालीकोटको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा निकै सुधार भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घनका घटनामा गैरराज्य पक्षबाट १९ महिलासहित २२ जना पीडित भएकामा सन् २०१६ मा चार महिलासहित सात जना पीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा चार पुरुष पीडित भए। यो वर्ष समाचार संप्रेषणको विषयलाई लिएर तीन पत्रकारलाई धम्की दिइयो भने एक पत्रकारलाई दुर्व्यवहार गरियो।*

*यो वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा दुई बालिका पीडित भइन् भने एक जनालाई यौन दुर्व्यवहार गरियो। सन् २०१५ मा बलात्कार घटनामा एक र यौन दुर्व्यवहार घटनामा तीन बालिका पीडित भएका थिए। त्यसैगरी महिला अधिकार उल्लङ्घनका घटनामा यस वर्ष दुई महिला बलात्कार प्रयासबाट पीडित भए भने सन् २०१५ मा बलात्कार घटनामा दुई, बहुविवाह घटनामा ६, महिला बेचबिखनमा एक र घरेलु हिंसाका घटनामा पाँच गरी १४ जना पीडित भएका थिए।*

जिल्लाका १५ विद्यालयमा पाठ्यपुस्तक पुग्न नसकेपछि ०७३ वैशाख १ देखि जेठ १८ गतेसम्म पठनपाठन ठप्प भयो। जिल्लाका २ सय ९२ विद्यालयमध्ये २ सय ७ विद्यालयमा ७५ प्रतिशत पुस्तक पुगे पनि १५ विद्यालयमा सबै पुस्तक पुग्न नसकेका कारण पठनपाठनमा बाधा पुग्यो। जसका कारण सरस्वती मावि दाहा, चैटिरी प्रावि खिन, शान्ति प्रावि मेहलमुडी, लालीगुराँस प्रावि सिप्खाना, स्वयम्भुनाथ निमावि स्युना, रमाल मस्टो प्रावि स्युना, जनप्रभात प्रावि पाँखालगायत १५ विद्यालयका आठ हजार बालबालिका अध्ययन गर्न पाउने अधिकारबाट वञ्चित भए। पाठ्यपुस्तक पुगेका भनिएका २ सय ७५ विद्यालयमा पनि सबै पुस्तक समयमा पुगेनन्।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर, ३७ कैद तोकिएका र दुई कैद नतोकिएका गरी ३९ जना छन्। एक आश्रित बालक छन्। क्षमताभन्दा धेरै बन्दी भएकाले बस्न समस्या छ।

यो कारागारमा रहेका बाजुरा जिल्ला गोत्री गाविस-३ का छक्के सार्कीको समयमा उपचार नपाएर मृत्यु भएको भन्दै बन्दीले विरोधस्वरूप २०७२ माघ १९ देखि २७ गतेसम्म तालाबन्दी गरे।

## धम्की/कुटपिट

### राज्यपक्षबाट

लालु गाविस-४ निवासी हाम्रो कर्णाली खबर दैनिकमा कार्यरत पत्रकार ३१ वर्षीय रमेश रावललाई २०७३ असोज १५ गते दार्चुला घर भई राष्ट्रिय अनुसन्धान कार्यालय कालीकोटमा कार्यरत २७ वर्षीय हवल्दार वीरेन्द्र भट्टले मान्म बजारमा मार्ने धम्की दिए। पीडितले सोही दिन जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। धम्की दिने प्रहरी, डिएसपी, नेपाल पत्रकार महासङ्घका प्रतिनिधि र पीडितको उपस्थितिमा असोज १६ गते भएको छलफलमा प्रहरीले माफी मागी डिएसपीले पत्रकार सुरक्षाको प्रतिबद्धता जनाएपछि मिलापत्र भयो।

सिप्खाना गाविस-३ निवासी नागरिक दैनिकका समाचारदाता २८ वर्षीय पवित्र शाही र लालु गाविस-४ निवासी हाम्रो कर्णाली खबर दैनिकका कार्यकारी सम्पादक ३२ वर्षीय रमेश रावललाई महिला तथा बालबालिका कार्यालयमा मदिरा भोज गरेको समाचार प्रकाशन गरेको आरोपमा २०७३ असोज ९ गते प्रहरीले दुर्व्यवहार गरे। पत्रकारद्वय आफ्नो कोठामा सुतेको अवस्थामा प्रहरीले घरबाट बाहिर निकाली 'सरकारी कार्यालयको समाचार लेख्ने' भन्दै हातपात गरेको पीडितले बताए। पीडितले उजुरी भने दिएनन्।

### गैरराज्यपक्षबाट

स्युना गाविस-८ निवासी कर्णाली पाइला साप्ताहिकका कार्यकारी सम्पादक ३२ वर्षीय रत्न कार्कीलाई अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य खेमबहादुर सिंहले आफ्नो हितविपरित समाचार लेखेको आरोपमा २०७३ साउन ५ गते धम्की दिएको पीडितले बताए। निर्वाचन क्षेत्र विकास कार्यक्रमको रकम दुरुपयोग गरेको समाचार प्रकाशन गरेको भन्दै सिंहले पत्रकार सम्मेलन नै गरी धम्क्याएको पीडितले बताए। नेपाल पत्रकार महासङ्घले विज्ञप्ति जारी गरी यसप्रति विरोध जनायो। पीडितले कहीँ उजुरी गरेनन्।

स्युना गाविस-८ निवासी रेडियो मालिकाका कार्यक्रम संयोजक ३२ वर्षीय पत्रकार रत्न कार्कीले रेडियोमा २०७३ भदौ २३ गते झुटो समाचार प्रसारण गरेको भन्दै नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य खेमबहादुर सिंहले २०७३ भदौ २५ गते धम्की दिएको पीडितले बताए। उनले यसबारे जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि सुनुवाइ भएन।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एक अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३९ र फौजदारीतर्फ ११ थान छन्। दुवैतर्फ दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## अमानवीय व्यवहार

जिल्ला विकास समितिको कार्यालय कालीकोटमा कार्यरत जुम्ला नराकोटका इन्जिनियर ३३ वर्षीय जनक रोकायालाई भ्रष्टाचार गरेको आरोपमा २०७३ असार १४ गते नेकपा माओवादी (विप्लव) समूहका कार्यकर्ता कर्ण भण्डारीको नेतृत्वमा आएको समूहले मोसो दलेको भन्दै पीडितले जिल्ला प्रहरी कार्यालयमा असार १५ गते उजुरी दिए। कर्णलाई उक्त कार्यालयले साउन ७ गते सामान्य तारेखमा रिहा गर्‍यो।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ३५ आधारभूत र ५९ मावि छन्। १ हजार ३६ शिक्षक दरबन्दीमध्ये १२ रिक्त छन्। यस वर्ष ५ हजार बालक र ५ हजार ३९ बालिका भर्ना भए। जिल्लामा २७ अपाङ्गमैत्री विद्यालय छन्। दलित बालक र बालिकालाई छात्रवृत्ति प्रदान भएको छैन। शहीद र द्वन्द्वपीडित परिवारका बालबालिकालाई पनि यो वर्षको छात्रवृत्ति उपलब्ध भएन।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालविवाह | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २ | २ |

## कुपोषणबाट मृत्यु

सिप्खाना गाविस-६ की १४ महिने बालिका सुशीला योगीको कुपोषणका कारण २०७३ मङ्सिर १ गते मृत्यु भयो। स्थानीय स्वास्थ्य चौकीमा उपचार हुन नसकेपछि जिल्ला अस्पताल मान्म ल्याउँदै गर्दा बाटोमै उनको मृत्यु भयो।

कुमालगाउँ गाविस-१ मा फैलिएको झाडापखालाबाट उपचार नपाउँदा नौ वर्षीय दीपेन्द्र बिक र ११ वर्षीय निराजन बिकको २०७२ फागुन २४ गते मृत्यु भयो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै २४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका १२, विवाह दर्ता र नागरिकता नबनाएको तीन, अर्की श्रीमती ल्याएर हेला गरेको चार र सामान्य घरायसी झगडाका पाँच घटना छन्। यीमध्ये प्रहरीले १६ वटामा मिलापत्र गरायो भने आठ उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कारको प्रयास | २ | २ |
| जम्मा | २ | २ |

## बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया एक महिलालाई २०७२ पुस २१ गते स्युना गाविस-९ का २५ वर्षीय दिनेश दर्जीले बलात्कार प्रयास गरको भन्दै पीडित पक्षले पुस २३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा भयो। पुस २३ गते गिरफ्तार दिनेशले पीडितलाई २ लाख रुपियाँ दिएपछि माघ ७ गते मिलापत्र भयो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, २८ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। तीन डक्टरको दरबन्दी रहेकामा निक साइमन अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको समेत गरी सात डक्टर छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको ६५ दरबन्दी रहेकामा ४५ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १५ करोड ८१ लाख २४ हजार २ सय ९० र औषधि खर्चबापतको रकम ३२ लाख रुपियाँ छ। यस वर्ष नाकाबन्दीका कारण जिल्ला तथा स्वास्थ्य चौकीहरूमा समेत अत्यावश्यक औषधि अभाव भएको जिल्ला जनस्वास्थ्य कार्यालयले जनायो।

बच्चा जन्माउन नसकेर २०७३ साउनदेखि पुस आधाआधीसम्म मात्रै जिल्लामा तीन महिलाले ज्यान गुमाए। प्रसुति व्यथाका कारण धौलागोह गाविस-५ की १७ वर्षीया किस्मता जैसी र दाहा गाविस-२ की २२ वर्षीया पूर्णकला चौलागाईंले ज्यान गुमाए। जिल्लामा स्थानीय स्तरबाट केही औषधि खरिद गर्नेबाहेक केन्द्र र क्षेत्रीय कार्यालयले दुई वर्षदेखि औषधि पठाएका छैनन्।

स्वास्थ्य चौकी सुकाटियामा २०७३ जेठ २४ गतेदेखि असोजसम्मै अहेव, अनमी र कार्यालय परिचरसमेत नभएको भन्दै स्थानीयले २०७३ असोज १५ गते तालाबन्दी गरे।

### सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| बालविवाह | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २ | २ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बलात्कारको प्रयास | १ | १ | २ |
| जम्मा | १ | १ | २ |

# ४.१४ मुगु



जम्मा जनसङ्ख्या
६०६०८

महिला
२९८७३

परिवार सङ्ख्या
१०२२३

खोलाको पानी पिउने परिवार
४८२

गरिबीको रेखामुनि रहेको सङ्ख्या
२५७८४

कामका लागि बाहिरिएका
६९९

सबभन्दा बढी जनसङ्ख्या
२७०१६७ (क्षेत्री)

अपाङ्गता भएका
१९१७

५ वर्षमाथिको साक्षरता प्रतिशत
५८

आश्रित जनसङ्ख्या
३५४०१

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ३ | | ३ |
| अमानवीय व्यवहार | | | १ | | १ |
| महिला अधिकार | | | ८ | | ८ |
| भेला/सङ्गठित हुने अधिकार | १६ | १६ | | | |
| जातीय विभेद | | | १ | १ | २ |
| कुटपिट | १ | १ | | | |
| जम्मा | १७ | १७ | १२ | १ | १३ |

*इन्सेकको अभिलेख अनुसार मुगुमा गत वर्षको तुलनामा सन् २०१६ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना बढे। सन् २०१५ को मानव अधिकार उल्लङ्घनका घटनामा १० महिलासहित १४ जना पीडित भएकामा सन् २०१६ मा १२ महिलासहित ३० जनापीडित भए। यस वर्ष राज्य पक्षबाट भएका उल्लङ्घनका घटनामा १७ पुरुष पीडित भए।यस्ता घटनामा एक जना कुटपिटबाट पीडित भए भने १६ जना अभिव्यक्ति, भेला हुने र सङ्गठित हुने अधिकारबाट वञ्चित भए।*

*जिल्ला प्राविधिक समितिको २०७३ कात्तिक २२ गते बसेको बैठकले जिल्लाका चार भेग सोरु, खत्याड, गम र करानलाई चार गाउँपालिका बनाउने प्रस्ताव गरेपछि स्थानीयले विरोध जनाए। रारा, कालै र धैनाकोट गाविसका बासिन्दाले आफूहरूलाई पाँच नम्बर गाउँपालिकामा राख्नुपर्ने मागगर्दै मङ्सिर ६ र ७ गते गरेको आन्दोलनका क्रममा सात जना प्रदर्शनकारी घाइते भए भने आठ जना गिरफ्तार भए। यो वर्ष महिला अधिकारका घटनामा बहुविवाहबाट एक, बलात्कारबाट दुई, बलात्कार प्रयासका तीन र मानव बेचबिखनबाट एक जना पीडित भए। यस वर्ष महिला बलात्कार प्रयासको एक घटनामा मिलापत्र भए भने एक घटनाका जाहेरवालाले अदालतमा बयान फेरेको भन्दै अदालतले उल्टै जरिबाना तोक्यो। बाल अधिकार उल्लङ्घनका घटनामा यस वर्ष एक बालिका बलात्कारको घटनाबाट पीडित भइन् भने दुई बालिका यौन दुर्व्यवहारको घटनाबाट पीडित भए।*

खाद्य संस्थानअन्तर्गतको पुलु खाद्यान्न डिपोका मुगु, डोल्फु, किम्री, पुलु, माँग्री गाविस र सोरुकोट डिपोअन्तर्गतका फोतु, भिइ, नार्थपु, जिमा, कालै, धैनाकोट र रारा गाविसका बासिन्दाले २०७३ साउन १५ गतेदेखि ती डिपोबाट सहुलियत दरको खाद्यान्न पाएनन्। सोरुकोट डिपोका लागि २ हजार र पुलु डिपोका लागि १५ सय क्विन्टल खाद्यान्न छुट्याइए पनि ढुवानी हुन नसक्दा खाद्य अधिकार प्रभावित बन्न पुग्यो।

### कारागार र बन्दी

'घ' श्रेणीको यहाँको जिल्ला कारागार १५ जना क्षमताको भनिए पनि आफ्नै भवन नभएकाले कैदी र थुनुवालाई जुम्ला, सुर्खेत, बाँके र दैलेख पठाइने गरिएको छ। यो वर्षचार कैदी र तीन थुनुवा गरी सात जनालाई अन्यत्र पठाइयो जसमा दुई महिला बन्दी छन्।

### धम्की/कुटपिट

#### राज्यपक्षबाट

माँग्री गाविस-१ का ३२ वर्षीय गगन बुढालाई २०७३ वैशाख ५ गते किम्री गाविसमा खच्चडमार्फत खाद्यान्न पुऱ्याई फर्कंदै गर्दा पुलु प्रहरी चौकीका प्रहरी विनोद थापाले कुटपिट गरेको पीडितले बताए। पीडितले कारबाहीको माग गर्दै वैशाख ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिन गएपनि दर्ता गरिएन।

### अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकार

रारा, कालै र धैनाकोट गाविसका स्थानीयबासीले आफूहरूलाई पाँच नम्बर गाउँपालिकामा राख्नुपर्ने माग गर्दै आन्दोलन गरिरहेका बेला २०७३ मङ्सिर ६ गते जिल्ला प्राविधिक कार्यालयको चौरमा जम्मा भएका बखत प्रहरीले ढुङ्गा र लाठी प्रहार गऱ्यो। जसबाट कालै गाविस-३ का २७ वर्षीय ज्ञानबहादुर शाही, सोही गाविस-४ का ३८ वर्षीय लोकबहादुर शाही, रारा गाविस-१ का ३२ वर्षीय हस्तबहादुर शाही, २७ वर्षीय धर्मराज शाही, २७ वर्षीय डबल बम, धैनाकोट गाविस-६ का २६ वर्षीय टाइगर मल्ल, सोही गाविस-२ का ४० वर्षीय देवीलाल मल्ल, सोही गाविस-१ का २८ वर्षीय शङ्कु मल्ल घाइते भए। प्रहरीले ढुङ्गासहित लाठी प्रहार गर्दा ज्ञानबहादुरको टाउकोमा चोट लागेको थियो भने अन्यको शरीरका विभिन्न अङ्गमा चोट लागेको थियो। घाइतेहरूको उपचार स्थानीय मल्ल मेडिकलमा भयो। प्राविधिक समितिको २०७३ कात्तिक २२ गते बसेको बैठकले जिल्लाका चारभेग सोरू, खत्याड, गम र करानलाई चार गाउँपालिका प्रस्ताव गरेपछि आन्दोलन सुरु भएको थियो।

रारा, कालै र धैनाकोट गाविसका बासिन्दाले आफूहरूलाई पाँच नम्बर गाउँपालिकामा राख्नुपर्ने माग गर्दै सुरू गरेको आन्दोलनका क्रममा सरकारी कार्यालय बन्द गरेको आरोपमा २०७३ मङ्सिर ७ गते रारा गाविस-१ का २७ वर्षीय धर्मराज शाही, २८ वर्षीय जीतेन्द्र बम, आन्दोलन परिचालन समितिका संयोजक ५८ वर्षीय दानबहादुर शाही, ५० वर्षीय जयबहादुर शाही, कालै गाविस-८ का ५५ वर्षीय परूनाथ योगी, ४१ वर्षीय राजेन्द्र शाही, धैनाकोट गाविस-४ का २७ वर्षीय डबल बम र सोही गाविस-२ का ४० वर्षीय देवीलाल मल्ललाई प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरू सोही दिन रिहा भए।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

यो जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित जिल्ला अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १० र फौजदारीतर्फ १५ थान छन। दुई वर्षभन्दा पुरानो फौजदारी मुद्दा१ थान छ।

### अमानवीय व्यवहार

रुगा गाविस-८ की ३८ वर्षीय जनला बडुवाललाई २०७२ चैत १ गते पति घरमा हुँदाहुँदै भागेर अर्कैसँग गएको आरोपमा सोही ठाउँका जनलाल बडुवाल, नरेन्द्र बडुवाल, राजमति बडुवाल, कपुरा बडुवाल, जनसिंह बडुवाल र ज्ञानसिंह बडुवालले कुटपिट गरी पिसाव खुवाए। पीडितपक्षले चैत ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए पनि सबै मिलेर पीडितलाई उपचार खर्च १ लाख रुपियाँ दिई उजुरी फिर्ता लिन लगाए।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*यस जिल्लामा ९५ प्रावि,२५ निमावि,१२ मावि १० उमावि छन्। ५ सय २३ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ११ हजार ३ सय १८ बालक र १२ हजार २ सय ३८ बालिका भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। ४ सय ४२ दलित बालक र ४ सय ५४ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीदर द्वन्द्वपीडित परिवारका १४ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ३ | ३ |

**बलात्कार, यौन दुर्व्यवहार**

१५ वर्षीया एक बालिकालाई २०७३ जेठ २७ गते कार्कीबाडा गाविस-७ का २६ वर्षीय सुभाष मल्लले बलात्कार गरेको भन्दै पीडित पक्षले असार ६ गते महिला तथा बालबालिका कार्यालयमा निवेदन दिए। यो कार्यालयले असार ७ गते सुभाष र उक्त घटनामा सहयोग गरेको भन्दै सुभाषकी पत्नी २८ वर्षीया अञ्जु मल्लविरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा असार ६ गते भयो। असार ६ गते नै गिरफ्तार भएका दुवैजनामध्ये जिल्ला अदालतले मङ्सिर १३ गते सुभाषलाई सात वर्ष र अञ्जुलाई तीन वर्ष ६ महिना कैद तथा जनही ४० हजार रुपियाँ पीडितलाई दिनुपर्ने फैसला सुनायो।

**महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै सात महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा विवाह दर्ता र नागरिकता नबनाएको एक, अर्की श्रीमती ल्याएर हेला गरेको एक र सामान्य घरायसी झगडाका पाँच घटना छन्। यीमध्ये प्रहरीले पाँच वटामा मिलापत्र गरायो भने दुई उजुरी कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| बलात्कारको प्रयास | ३ | ३ |
| बहुविवाह | १ | १ |
| महिला बेचबिखन | १ | १ |
| जम्मा | ७ | ७ |

*यस वर्ष बलात्कारबाट दुई र बलात्कार प्रयासबाट तीन महिला पीडित भए। जसअनुसार दुई घटनामा अदालतले दोषी ठहरगर्दै कैद सजायको फैसला सुनायो। बलात्कार प्रयासका तीन घटनामध्ये एक वटामा मिलापत्र भयो भने एक पीडितले उजुरी फिर्ता लिए। बयान फेरेको भन्दै अदालतले एक जाहेरवालालाई तीन हजार रुपियाँ जरिवाना तिरायो।*

**महिला बेचबिखन तथा ओसार पसार**

रोवा गाविस-४ की २३ वर्षीया एक युवतीलाई २०७२ माघ २५ गते जुम्लाको गर्ज्याङकोट गाविस-७ का २४ वर्षीय प्रेम न्यौपानेले विवाह गर्ने बहाना बनाई भारतमा बेचबिखन गर्न लैजाँदै गर्दा फागुन २ गते कञ्चनपुर जिल्लाको झलारी प्रहरी चौकीले उद्धार गरी पीडितलाई आफ्नै घरमा पुनर्स्थापन गरायो। पीडित पक्षले महिला तथा बालबालिका कार्यालयमा उजुरी दिएपनि सम्पर्कमा नआएपछि कानुनी प्रकृयाका अघि नबढेको महिला तथा बालबालिका कार्यालयले जनायो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

३५ वर्षीय एक महिलालाई २०७३ वैशाख २२ गते सेरी गाविस-८ का २० वर्षीय बाँच्या बुढाले बलात्कार गरेको भन्दै पीडित पक्षले वैशाख २३ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा सोही दिन भयो। वैशाख २५ गते गिरफ्तार भएका बाँच्यालाई जिल्ला अदालतले जेठ १६ गते पाँच वर्ष कैद र ५० हजार रुपियाँ पीडितलाई दिनुपर्ने फैसला सुनायो।

**सबै प्रकारका जातीय विभेद**

सुकाढिक गाविस-१ घर भई पञ्चोदय मावि नर्खजीमा कक्षा १० मा अध्ययनरत १५ वर्षीय राजेश लावड र ९ मा अध्ययनरत १४ वर्षीय रघु सार्कीलाई २०७२ फागुन १ गते सरस्वती पूजामा हलुवाको प्रसाद बनाएको आरोपमा सोही विद्यालयका शिक्षक ४० वर्षीय वीरजङ्ग शाहीले दुर्व्यवहार गरे। 'दलितले बनाएको हलुवा धामी/झाँक्रीले खाँदैनन्, किन बनाएको' भनी दुवैलाई पूजा गर्नबाट पनि वञ्चित गरे। यो घटना पीडितका अभिभावकले प्रधानाध्यापक कृष्णप्रसाद कुवरलाई जानकारी गराएपछि आइन्दा विद्यालयमा विभेद नगर्ने प्रतिबद्धता जनाएपछि मिलापत्र भयो।

**स्वास्थ्य सेवाको अवस्था**

मुगुमा एक जिल्ला अस्पताल, २४ स्वास्थ्य चौकी र एक प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा तीन डक्टरको दरबन्दी रहेकामा एकमात्र कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको ५४ दरबन्दीमध्ये ३९ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १३ करोड ३ लाख र औषधि खर्चबापतको बजेट २१ लाख रुपियाँ छ।

मुगु, डोल्पु, किम्री, पुलु, श्रीकोट र गम्था गाविसमा प्रसूति सेवा भए पनि स्वास्थ्यकर्मी र

आवश्यक उपकरण छैनन्। यी क्षेत्रका बिरामी उपचारका लागि जिल्ला अस्पताल पुग्न दुई दिनसम्म लाग्ने भएकाले बाटोमै गर्भवती महिलाको ज्यान जाने जोखिम उत्तिकै छ। यो क्षेत्रका गर्भवती महिला ऋण गरी गरी तीन लाखदेखि पाँच लाख रुपियाँसम्म खर्चेर हेलिकप्टरमार्फत प्रसूति गराउन विभिन्न ठाउँ जान बाध्य छन्। यस वर्षमात्र पाँच जना यसैगरी काठमाडौं गए भने एक गर्भवतीको बाजुराको कोल्टी लैजाँदै गर्दा बाटोमै ज्यान गयो। फोतु गाविस-१ का ४ वर्षीय पवन नेपालीलाई २०७२ फागुन ५ गते कुपोषण देखा परेकामा समयमा उपचार नपाउनाले २०७३ मङ्सिर १८ गते मृत्यु भयो।

२०७३ असोज १५ गतेदेखि दशैं र तिहारको बिदामा घर गएका जिल्लाको पूर्वी क्षेत्रका मुगु, डोल्पु, किम्री र पुलु उत्तरी क्षेत्रका फोतु, भिई, जिमा, धैनाकोट, कालै, नार्थपु र पश्चिम क्षेत्रको ह्याङ्गलु, सुकाढिक, गम्था, श्रीकोट, सेरी गाविसस्थित स्वास्थ्य संस्थामा कार्यरत जिल्लाबाहिरका कर्मचारी वर्षको अन्त्यसम्म पनि नफर्केकाले उक्त क्षेत्रका बासिन्दा स्वास्थ्य सेवाबाट वञ्चित भए। सोरु भेगका भिइ, जिमा, धैनाकोट, कालै, नार्थपु र खत्याड भेगका ह्याङ्गलु, सुकाढिक, गम्था, श्रीकोट, सेरी गाविसका स्वास्थ्य संस्थामा पनि स्थानीय कार्यालय सहयोगी बाहेक कुनै स्वास्थ्यकर्मी मङ्सिर दोस्रो सातासम्म नपुग्दा स्थानीय स्वास्थ्योपचारबाट वञ्चित भए।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङगिएका** | **मिलापत्र** | **जम्मा** |
| **बलात्कार** | १ | | १ |
| **यौन दुर्व्यवहार** | | २ | २ |
| **जम्मा** | १ | २ | ३ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| **घटनाको प्रकार** | **मुद्दा टुङ्गिएका** | **मिलापत्र** | **कानुनी दायरामा ल्याइएका** | **जम्मा** |
| **बलात्कार** | १ | | १ | २ |
| **बलात्कारको प्रयास** | १ | १ | १ | ३ |
| **बहुविवाह** | | | १ | १ |
| **महिला बेचबिखन** | १ | | | १ |
| **जम्मा** | ३ | १ | ३ | ७ |

# ४.१५ हुम्ला



**जम्मा जनसङ्ख्या**
**५५६६१**

**महिला**
**२७५७६**

**परिवार सङ्ख्या**
**१०७३०**

**खोलाको पानी पिउने परिवार**
**१९५**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**२७९६२**

**कामका लागि बाहिरिएका**
**६८२**

**सबभन्दा बढी जनसङ्ख्या**
**१९६८२ (क्षेत्री)**

**अपाङ्गता भएका**
**२४११**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**८०**

**आश्रित जनसङ्ख्या**
**२७०१६**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १ | | १ |
| महिला अधिकार | ५ | | ५ |
| कुटपिट | | १ | १ |
| हत्या | ३ | | ३ |
| जम्मा | ९ | १ | १० |

***इन्सेकको अभिलेख अनुसार हुम्लामा यो वर्षको मानव अधिकार अवस्था अघिल्लो वर्षको जस्तै रह्यो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा एक पुरुषसहित ११ जना पीडित भएकामा सन् २०१६ मा एक पुरुषसहित दश जना पीडित भए। यस वर्ष यो जिल्लामा राज्य पक्षबाट मानव अधिकार उल्लङ्घन भएका जानकारी प्राप्त भएन। गत वर्ष भने एक महिला र एक पुरुष पीडित भएका थिए। गत वर्ष हत्याका घटना भएका थिएनन् तर यो वर्ष भने तीन महिलाको हत्या भयो, त्यो पनि परिवारबाटै। यो अवधिमा एक बालिकालाई यौन दुर्व्यवहार गरियो।***

प्रसूति व्यथाबाट पीडित लिमी गाविस-२ की ३५ वर्षीया डोल्माफुटी तामाङको ज्यान जोखिममा परेपछि उनका परिवारले ७ लाख रुपियाँ खर्चेर काठमाडौँबाट हेलिकप्टर चार्टर गरी २०७३ मङ्सिर १५ गते अस्पताल लानुपरेको डोल्माफुटीका पति तेन्जिङ तामाङले बताए। यो जिल्ला सडक सञ्जालले नछोएको हुँदा यस्ता समस्याबाट यहाँका नागरिक पीडित हुँदै आएका छन्।

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। एक जना बन्दी रहेकामा कारागारमा ठाउँ नभएकाले जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा नै राखिएको छ। पुरानो कारागारको अवस्था जीर्ण भएकाले नयाँ भवन निर्माण भइरहेको छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ १७ र फौजदारीतर्फ आठ थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय ३८ प्रावि, ९२ निमावि,*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १ | १ |

४१ मावि र पाँच उमावि छन्। जिल्लामा ५ सय ९३ शिक्षक दरबन्दी रहेकामा २८ रिक्त छ। यस वर्ष १० हजार १ सय ६२ बालक र १० हजार ६ सय ३८ बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। बालमैत्री विद्यालय भने ४२ वटा छन्। २ हजार १ सय ३३ दलित बालक र १ हजार ८ सय २४ दलित बालिकालाई यो वर्ष छात्रवृत्ति प्रदान गरियो। साथै शहीद तथा द्वन्द्वपीडित परिवारका १ सय १२ जना बालबालिकालाई छात्रवृत्ति दिइयो। जिल्ला शिक्षा कार्यालयको यस वर्षको बजेट ३६ करोड रुपियाँ छ जसमध्ये प्रशासनिक खर्च ५ लाख रुपियाँ छ।

यो वर्ष एक बालिका यौन दुर्व्यवहारबाट पीडित भइन्। गत वर्ष भने बाल विवाहको एउटा घटना अभिलेखित भएको थियो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै २४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ४ | ४ |
| जम्मा | ५ | ५ |

गराए। जसमा खान/लाउन नदिएको चार, विवाह दर्ता र नागरिकता नबनाएको एक, हेला गरेको चार र सामान्य घरायसी झगडाका १५ घटना छन्। यीमध्ये प्रहरीले २१ घटनामा मिलापत्र गरायो। तीन उजुरी कानुनी प्रक्रियामा छन्।

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल र २६ स्वास्थ्य चौकी छन्। दुई डक्टरको दरबन्दी रहे पनि एकमात्र कार्यरत छन्। स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। अहेवको ५५ दरबन्दीमध्ये ३० जना कार्यरत छन्। अनमीको भने ४७ दरबन्दीमा सबै कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ११ करोड १० लाख रुपियाँ र औषधि खर्चवापतको रकम २१ लाख रुपियाँ छ। यस वर्ष नाकाबन्दीका कारण जिल्ला अस्पताल तथा स्वास्थ्य चौकीमा समेत अत्यावश्यक औषधि अभाव भयो।

### सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | |
|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | जम्मा |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | १ | १ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | जम्मा |
| बहुविवाह | १ | | १ |
| घरेलु हिंसा | ३ | १ | ४ |
| जम्मा | ४ | १ | ५ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | ३ | ३ |




# सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेल्धुरा

५.८ बैतडी

५.९ दार्चुला

# ५.१ कैलाली



जम्मा जनसङ्ख्या
८५०५८५

महिला
४४१९६१

परिवार सङ्ख्या
१६७९६२

खोलाको पानी पिउने परिवार
१८१९

गरिबीको रेखामुनि रहेको सङ्ख्या
२५६८२१

कामका लागि बाहिरिएका
६२६४४

सबभन्दा बढी जनसङ्ख्या
३२२१२० (थारू)

अपाङ्गता भएका
१५३७८

५ वर्षमाथिको साक्षरता प्रतिशत
६६.३

आश्रित जनसङ्ख्या
३५२६६०

***इन्सेकको अभिलेख अनुसार कैलालीमा यो वर्ष गैरराज्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा कमी आएन। यो वर्ष गैरराज्य पक्षबाट १ सय ६४ महिला र तीन पुरुष पीडित भए। यसैगरी राज्यपक्षबाट एक महिला र २९ पुरुषको मानव अधिकार उल्लङ्घन भयो। गत वर्ष गैरराज्य पक्षबाट १ सय ६ महिला र ७६ पुरुष पीडित भएका थिए। जातीय विभेदको घटनामा एक जना र अमानवीय व्यवहारका कारण दुई जना पीडित भए। बाल अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा १२ बालिका पीडित भए। त्यसैगरी विभिन्न घटनामा १ सय ५१ महिला पीडित भए।***

गत वर्ष २०७२ भदौ ७ गते टीकापुरमा भएको घटनाका कारण सिर्जित समस्याको असर यो वर्ष पनि कायमै रह्यो। घटनाको भोलिपल्ट टीकापुरस्थित रेडियो फूलबारी एफएम, थारू समुदायका घर/टहरा र पसलमा आगजनी तथा तोडफोड हुँदा करोडौँको क्षति भएको थियो। यस्ता घटनामा संलग्नलाई कानुनी दायरामा नल्याइएको, थारू अगुवालाई झुटा मुद्दा लगाएर थुनामा राखेकोलगायत विषय थारू समुदायले लगातार उठायो। उनीहरूले थरुहट प्रदेशको माग जारी राखे भने टीकापुर घटनाका दोषी पहिचान गरी कारबाहीको दायरामा ल्याउन माग गर्दै यो वर्ष पनि आन्दोलित भइरहे। टीकापुर घटनामा थारू समुदायका २६ व्यक्तिको १३ करोड ८१ लाख ९५ हजार ९ सय २५ रुपियाँ बराबरको आर्थिक क्षति भएको भन्दै घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउन र क्षतिपूर्तिको माग गर्दै प्रदीप चौधरी र शिवनारायण चौधरीले किटानी उजुरी दिएका

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | १२ | | १२ |
| अमानवीय व्यवहार | | | | | २ | २ |
| महिला अधिकार | | | | १५१ | | १५१ |
| भेला/सङ्गठित हुने अधिकार | १ | ३० | ३१ | | | |
| जातीय विभेद | | | | | १ | १ |
| गिरफ्तारी | | ८ | ८ | | | |
| कुटपिट | | १ | १ | | | |
| हत्या | | | | १ | | १ |
| जम्मा | १ | २९ | ३० | १६४ | ३ | १६७ |

थिए। यस सम्बन्धमा कुनै कारबाही प्रक्रिया अगाडि बढेको जानकारीमा आएन।

## कारागार र बन्दी

'घ' श्रेणीको कैलाली कारागारको क्षमता १ सय २५ जनाको छ। कारागारमा ३ सय कैदी र ९० थुनुवा गरी ३ सय ९० जना छन्। जसमध्ये २२ जना विदेशी पुरुष कैदी छन्। २१ महिला कैदीमध्ये दुई विदेशी छन्। ८२ स्वदेशी पुरुष र आठ जना स्वदेशी महिला थुनुवा छन्। तीन आश्रित बालक पनि छन्। क्षमताभन्दा तीन गुणा बढी कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा तीन जना न्यायाधीशको दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २ सय ३१ र फौजदारी २ सय १९ थान छन्। जसमा दुनियाँवादी फौजदारीअन्तर्गत १ सय ४७ र सरकारवादी फौजदारीमा ७२ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी चार र फौजदारी पनि चारै थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ५ सय ६५ सामुदायिक र ३ सय ४८ संस्थागत गरी जम्मा ९ सय १३ विद्यालय छन्। जसमा ४ सय १३ प्रावि, २ सय ४६ निमावि, १ सय ७१ मावि र ८३ उमावि छन्। सामुदायिक विद्यालयमा ८६ हजार ७ सय ६ बालिका र ६९ हजार ४ सय ८२ बालक गरी १ लाख ५६ हजार १ सय ८८ विद्यार्थी प्राथमिकदेखि उमावि तहसम्म अध्ययन गरिरहेका छन्। जिल्लामा २ हजार १ सय ५३ शिक्षक दरबन्दी भए पनि सरकारी तथा गैरसरकारी स्रोतबाट प्राप्तसमेत गर्दा दरबन्दीभन्दा बढी शिक्षक कार्यरत छन्। जसअनुसार जिल्लामा २ हजार ८ सय ३९ शिक्षक कार्यरत छन्। यस वर्ष मुक्त कमलरी छात्रवृत्ति १ हजार ३ सय ६८ जनालाई, द्वन्द्वपीडित छात्रवृत्ति २ सय १७ जनालाई र आवासीय छात्रावासको सुविधा १ सय ५३ जनालाई उपलब्ध गराइयो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट १ अरब ८३ करोड ७७ लाख ८४ हजार ८ सय ८७ रुपियाँ छ।*

*यो वर्ष जिल्लामा विभिन्न घटनामा १२ बालिका पीडित भए। गत वर्ष १७ बालिका र दुई बालक पीडित भएका थिए। गत वर्ष बलात्कारबाट १३, बेचविखनबाट तीन, यौन दुर्व्यवहारबाट एक बालिका र विद्यालयमा दिइएको शारीरिक दण्डबाट दुई बालक पीडित भएका थिए। सन् २०१६ मा बेचविखनबाट दुई, विद्यालयमा दिइएको शारीरिक दण्डबाट एक, बलात्कारबाट सात, यौन दुर्व्यवहारबाट दुई गरी १२ बालिका पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | २ | २ |
| बलात्कार | ७ | ७ |
| विद्यालयमा शारीरिक सजाय | १ | १ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | १२ | १२ |

### बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई घोडाघोडी नपा-५ का रामबहादुर बिकले २०७२ माघ ११ गते बलात्कार गरेको अरोपमा पीडित बालिकाले सोही दिन इलाका प्रहरी कार्यालय, कैलालीमा उजुरी दिइन्। बालिकाको स्वास्थ्य परीक्षण र उपचार सुख्खडस्थित घोडाघोडी अस्पतालमा माघ १२ गते भयो। माघ १२ गते नै गिरफ्तार भएका रामबहादुरलाई जिल्ला अदालतले २०७३ भदौ १९ गते ६ वर्ष कैद फैसला सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३ सय ६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घरेलु हिंसाका २ सय २९ र लैङ्गिक हिंसाका ७७ उजुरी थिए। यीमध्ये घरेलु*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बेचबिखनको प्रयास | ७ | ७ |
| बलात्कार | १ | १ |
| बलात्कारको प्रयास | २ | २ |
| महिला बेचबिखन | ९ | ९ |
| घरेलु हिंसा | १३२ | १३२ |
| जम्मा | १५१ | १५१ |

*हिंसाका १ सय ४१ घटनामा मिलापत्र भयो भने २५ घटना कानुनी प्रक्रियामा छन्। १ सय ३३ घटनाका भने उजुरीकर्ता नै सम्पर्कमा आएनन्। त्यसैगरी लैङ्गिक हिंसाका ५२ घटनामा मिलापत्र भयो भने ११ घटना कानुनी प्रक्रियामा छन्। १४ घटनाका उजुरीकर्ता सम्पर्कमा आएनन्।*

*यो वर्ष यस जिल्लामा बेचबिखनको प्रयासबाट सात, बेचबिखनका कारण नौ, बलात्कारको घटनामा एक र बलात्कार प्रयासको घटनामा दुई जना पीडित भए। घरेलु हिंसाका घटनामा १ सय ३२ जना पीडित भए।*

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२० वर्षीया महिलालाई २०७३ साउन २७ गते बलात्कार प्रयास गरेको आरोपमा लम्की चुहा नपा-२ मा डेरा गरी बस्ने २६ वर्षीय नरुल हुसेनविरुद्ध पीडित महिलाले साउन २८ गते इलाका प्रहरी कार्यालय, टीकापुरमा उजुरी दिइन्। पीडित महिलाको स्वास्थ्य परीक्षण घटना भएकै दिन सेती अञ्चल अस्पतालमा गरियो। घटनाको भोलिपल्ट गिरफ्तार भएका नरुललाई जिल्ला अदालतले २०७३ मङ्सिर २२ गते दुई वर्ष कैद सजायको फैसला सुनायो।

**स्वास्थ्य सेवाको अवस्था**

कैलालीमा मालाखेती अस्पताल, टीकापुर अस्पताल र सेती अञ्चल अस्पताल गरी तीन अस्पताल छन्। ३७ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द्र छन्। तीनवटै अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीमा गरी ४१ डक्टरको दरबन्दी रहेकामा २३ कार्यरत छन्। सात दरबन्दी रहेको सेती अञ्चल अस्पतालमा ६ जना स्त्री रोग विशेषज्ञ पदमा कार्यरत छन् भने अन्य अस्पतालमा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। स्टाफ नर्सको दरबन्दी ३३ रहेकामा २९ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट २१ करोड १० लाख रुपियाँ र औषधि खर्चबापतको रकम ५५ लाख रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बालबालिका बेचबिखन | | २ | | | २ |
| बलात्कार | २ | २ | | ३ | ७ |
| विद्यालयमा शारीरिक सजाय | | | १ | | १ |
| यौन दुर्व्यवहार | १ | | | १ | २ |
| जम्मा | ३ | ४ | १ | ४ | १२ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बेचबिखनको प्रयास | | १ | | | १ | २ |
| बलात्कार | | | | | १ | १ |
| बलात्कारको प्रयास | | १ | | | १ | २ |
| महिला बेचबिखन | १ | २ | | | | ३ |
| घरेलु हिंसा | | | ८८ | ३१ | १३ | १३२ |
| जम्मा | १ | ४ | ८८ | ३१ | १६ | १४० |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| हत्या | १ | १ |

# ५.२ अछाम



**जम्मा जनसङ्ख्या**
२६८७७४

**महिला**
१४४०५७

**परिवार सङ्ख्या**
५०२०७

**खोलाको पानी पिउने परिवार**
८६५

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१२०९३१

**कामका लागि बाहिरिएका**
३१०१५

**सबभन्दा बढी जनसङ्ख्या**
१४२९३४ (क्षेत्री)

**अपाङ्गता भएका**
८६०२

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५५.७

**आश्रित जनसङ्ख्या**
१४४५६५

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | १ | | १ |
| अमानवीय व्यवहार | | १ | १ |
| महिला अधिकार | १२ | | १२ |
| हत्या | १ | १ | २ |
| जम्मा | १४ | २ | १६ |

*इन्सेकको अभिलेख अनुसार अछामको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा केही सुधार भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा १५ महिलासहित १९ जना पीडित भएकामा सन् २०१६ मा १४ महिलासहित १६ जना पीडित भए। यस वर्ष राज्य पक्षबाट मानव अधिकार उल्लङ्घनका घटना भएनन्।*

*गैरराज्य पक्षबाट अघिल्लो वर्ष तीन महिलाको हत्या भएकामा यो वर्ष परिवारबाटै एक महिलासहित दुई जनाको हत्या भयो। घरायसी विषयमा विवाद गरेको आरोपमा एक महिलालाई पतिले कुटेर हत्या गरे भने अर्को एक घटनामा बहुविवाह गरेको आरोपमा एक पुरुषलाई जेठी पत्नीले बन्चरो प्रहार गरी हत्या गरिन्। घरेलु हिंसाका घटनामा सात, बहुविवाह घटनामा चार र बलात्कार प्रयासको घटनामा एक महिला पीडित भए। बाल अधिकार उल्लङ्घनतर्फ एक बालिका बलात्कार घटनामा पीडित भइन्। त्यसैगरी नेकपा माओवादी विप्लव समूहका कार्यकर्ताबाट एक सरकारी कर्मचारीमाथि अमानवीय व्यवहार भयो।*

यो वर्ष छाउपडी गोठ मुक्त घोषणा गरिएको गाज्रा गाविसमा १५ वर्षीया बालिका र तिमिल्सेन गाविसमा गत कात्तिक महिनामा एक महिलाको छाउ गोठमै मृत्यु भयो। सुदूरपश्चिमाञ्चल क्षेत्रका ग्रामीण भेगमा कुसंस्कारका रूपमा रहेको छाउपडी प्रथाका कारण महिलामाथि अप्रिय घटना बारम्बार सार्वजनिक हुने गरेका छन्। सरकारी र गैरसरकारी क्षेत्रबाट छाउपडी प्रथाविरुद्ध सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको भए पनि यसको प्रतिफल खासै देखिएको छैन। सन् २००७ देखि यो वर्षसम्म अछाममा छाउपडी गोठमा नौ जना महिलाको ज्यान गएको तथ्याङ्क छ।

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ८० जनाको छ। कारागारमा ३१ कैदी र दुई थुनुवा गरी ३३ जना छन्। जसमा चार महिला छन्। पुरानो भवनबाट मङ्सिरदेखि नयाँ सुविधायुक्त भवनमा कैदी/बन्दी सारिएकाले व्यवस्थापनमा समस्या देखिन्न।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एक अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १३ र फौजदारी १७ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा नभएको यो अदालतमा बाल इजलासको पनि व्यवस्था छ।

## यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार

ढकारीस्थित इलाका वन कार्यालयमा कार्यरत बाराका ३५ वर्षीय रेन्जर अब्दुल करिम मियाले घूस खाएको आरोपमा २०७२ पुस २० गते नेकपा माओवादी (विप्लव) का कार्यकर्ताले सदरमुकाम मङ्गलसेनमा मोसो दले। सोही दिन गिरफ्तार भएका उक्त पार्टीका जिल्ला कमिटी सदस्यहरू ढुङ्गा चाल्ना गाविस-७ का ३४ वर्षीय देवेन्द्रबहादुर दमाई, विनायक गाविस-२ का २३ वर्षीय हर्क बिक र हिच्मा गाविस-२ का ३२ वर्षीय लोकेन्द्रबहादुर शाहीमध्ये देवेन्द्र र हर्कलाई जिल्ला अदालतले माघ ५ गते प्रतिव्यक्ति १५ सय रुपियाँ जरिवानाको फैसला सुनायो। लोकेन्द्रले सफाइ पाए।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा ३ सय ३० प्रावि, ७९ निमावि, ६३ मावि र ३२ उमावि छन्। १ हजार ८९ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। यस वर्ष ४२ हजार ७ सय ८३ बालक र ४६ हजार ९ सय ७३ बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। १ हजार ३ सय दलित बालक र १ हजार ७ सय दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद तथा द्वन्द्वपीडित परिवारका ३४ बालबालिकालाई पनि छात्रवृत्ति दिइयो। सबै विद्यालयमा छात्रा शौचालय भए पनि अधिकांश विद्यालयमा पानी र सरसफाइ नहुँदा ती शौचालय उपयोगबिहीन पाइए।*

*गत वर्षको तुलनामा यस वर्ष बाल अधिकारका घटनामा सुधार आएको पाइयो। यो वर्ष आठ वर्षीया बालिका बलात्कारको घटनाबाट पीडित भइन्। गत वर्ष बाल अधिकारबाट पाँच बालबालिका पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| जम्मा | १ | १ |

### बलात्कार, यौन दुर्व्यवहार

आठ वर्षीया बालिकालाई २०७३ मङ्सिर ४ गते १४ वर्षीय बालकले बलात्कार गरेको भन्दै पीडित पक्षले मङ्सिर १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा मङ्सिर १८ गते नै भयो। यही दिन गिरफ्तार भएका बालकलाई जिल्ला अदालतले मङ्सिर २९ गते साधारण तारेखमा रिहा गऱ्यो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्लामा यो वर्ष घरेलु हिंसापीडित भन्दै २८ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। *जसमा कुटपिट गरिएका १८ र खान/लाउन नदिएको १० घटना छन्। सबै घटनामा मिलापत्र भयो।*

*गैरराज्य पक्षबाट अघिल्लो वर्ष तीन महिलाको हत्या भएकामा यो वर्ष परिवारबाटै एक महिलासमेत दुई जनाको हत्या भयो। महिला अधिकारतर्फ घरेलु हिंसाका घटनामा सात, बहुविवाह घटनामा चार र बलात्कार प्रयासको घटनामा एक महिला पीडित भइन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कारको प्रयास | १ | १ |
| बहुविवाह | ४ | ४ |
| घरेलु हिंसा | ७ | ७ |
| जम्मा | १२ | १२ |

### परिवारजनबाट हत्या

बुढाकोट गाविस-८ की ४० वर्षीया डिक्रादेवी बिकलाई २०७३ असोज २३ गते ४३ वर्षीय

पति भीमबहादुर लुहारले घरायसी विवाद हुँदा कुटेर हत्या गरेको भन्दै मृतकका आफन्तले असोज २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम जिल्ला अस्पतालमा असोज २४ गते भयो। असोज २४ गते नै गिरफ्तार भएका भीमलाई जिल्ला अदालतले २०७३ कात्तिक ८ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२५ वर्षीया महिलालाई २०७३ भदौ ७ गते धमाली गाविस-४ का २३ वर्षीय चन्द्र बिकले बलात्कार प्रयास गरेको भन्दै पीडित पक्षले भदौ १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण भएन। भदौ १५ गते गिरफ्तार भएका आरोपितलाई जिल्ला अदालतले कात्तिक ९ गते तीन वर्ष कैद सजायको फैसला सुनायो।

## स्वास्थ्य सेवाको अवस्था

अछाममा एक जिल्ला अस्पताल, एक सामुदायिक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ७२ स्वास्थ्य चौकी छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन् भने मेडिकल सुपरिटेन्डेन्टको पद रिक्त छ। एक स्त्री रोग विशेषज्ञको दरबन्दी रहेकामा एक जना करारमा कार्यरत छन्। अहेबको ७८ दरबन्दी रहेकामा ५८ कार्यरत छन्। एक खोप सुपरभाइजरको पद खाली छ। ४९ हेल्थ असिस्टेन्टको दरबन्दीमध्ये ४२ रिक्त छन्। ८० अनमीको दरबन्दीमध्ये ५५ रिक्त छ। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १० करोड १२ लाख रुपियाँ छ। त्यसमध्ये औषधिमा ४८ लाख रुपियाँ विनियोजन गरिएको छ। जिल्ला अस्पताल र केही स्वास्थ्य केन्द्रमा भौतिक सामग्री अभावले सेवाग्राहीको उपचार प्रभावित हुने गरेको छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

**बाल अधिकार**

| घटनाको प्रकार | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|
| **बलात्कार** | १ | १ |
| **जम्मा** | १ | १ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| **बलात्कारको प्रयास** | १ | | | १ |
| **बहुविवाह** | २ | | २ | ४ |
| **घरेलु हिंसा** | १ | ६ | | ७ |
| **जम्मा** | ४ | ६ | २ | १२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | १ | २ |

# ५.३ डोटी



**जम्मा जनसङ्ख्या**
२१४०४३

**महिला**
११९१९१

**परिवार सङ्ख्या**
४३६१५

**खोलाको पानी पिउने परिवार**
२८८२

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
१०१०००

**कामका लागि बाहिरिएका**
२३५४४

**सबभन्दा बढी जनसङ्ख्या**
१२२१०६ (क्षेत्री)

**अपाङ्गता भएका**
७३०२

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
५६.३

**आश्रित जनसङ्ख्या**
११२७५०

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | |
|---|---|---|---|---|
| | पुरुष | जम्मा | महिला | जम्मा |
| बाल अधिकार | | | २ | २ |
| महिला अधिकार | | | ३१ | ३१ |
| गिरफ्तारी | १ | १ | | |
| हत्या | | | १ | १ |
| जम्मा | १ | १ | ३४ | ३४ |

***इन्सेकको अभिलेख अनुसार डोटीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार आएन। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ३३ महिला पीडित भएकामा सन् २०१६ मा ३४ महिला पीडित भए। यस वर्ष जिल्लामा राज्य पक्षबाट भएको गिरफ्तारीको घटनामा एक जना पीडित भए। यसैगरी घरेलु हिंसाबाट २७, बहुविवाहबाट दुई र यौन दुर्व्यवहारबाट दुई महिला पीडित भए। बाल अधिकार उल्लङ्घनतर्फ एक बालिका बलात्कार घटनामा पीडित भइन् भने एक बालिका यौन दुर्व्यवहारबाट पीडित भइन्।***

सरकारले २०६५ भदौमा हलिया मुक्तिको घोषणा गरे पनि उनीहरूको पुनर्स्थापना हुन नसक्दा कष्टकर जीवन बिताउन बाध्य छन्। जिल्लाका सबै मुक्त हलियाको तथ्याङ्कसमेत सङ्कलन हुन सकेको छैन। अरु सुविधा त परै जाओस्, उनीहरूलाई वितरण गरिएको मुक्त हलिया परिचयपत्रको श्रेणीमा समेत अनियमितता भएको उनीहरूकै आरोप छ।

त्यसैगरी जिल्लाका ७१ परिवार वादी समुदायको आर्थिक अवस्थामा पनि सुधार आउन सकेन। स्वास्थ्य संस्थामा समयसमयमा औषधि अभाव भइरह्यो। समयमा पाठ्यपुस्तक नपुग्ने समस्या पनि हट्न सकेन। खाद्य उत्पादनमा जिल्ला आत्मनिर्भर देखिए पनि विकट र दुर्गम गाविसका आर्थिक अवस्था कमजोर परिवारका बालबालिका कुपोषणबाट पीडित हुन पऱ्यो। यस वर्ष छपाली गाविसका दुई बालबालिका पोषण पुनर्स्थापना केन्द्र धनगढीमा रिफर भए।

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। कारागारमा ३२ कैदी र तीन थुनुवा गरी ३५ जना छन्। जसमा दुई महिला छन्। एक आश्रित बालक छन्। क्षमताभन्दा बढी कैदी/बन्दी हुँदा व्यवस्थापन र औषधि उपचारमा समस्या भएको

बन्दीको गुनासो छ। राणाकालमा निर्मित कारगार भवन जीर्ण भएकाले वर्षातको समयमा पानी चुहिने समस्या छ। त्यसैले वर्षातको समयमा बन्दी पाल ओढेर सुत्ने गरेका छन्।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा उच्च र जिल्ला गरी दुई अदालत छन्। जिल्ला अदालतमा एक न्यायाधीशको दरबन्दी रहेकामा कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ११ र फौजदारी १५ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

उच्च अदालतमा सात न्यायाधीशको दरबन्दी रहेकामा पाँच कार्यरत छन् भने दुई जना अन्यत्र काजमा गएका छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ६९ र फौजदारी २ सय ४२ थान छन्। यो अदालतमा दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

दीपायलस्थित सुदूरपश्चिम पृतना हेडक्वार्टर दीपायलमा कार्यरत बैतडीको डिलासैनी गाविस-१ का हवल्दार देवसिंह बोहरालाई हराएका हतियार र गोली खोजबिन गर्ने विषयमा २०७३ साउन २१ गते यातना दिएको भन्दै परिवारले भदौ २० गते राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीमा उजुरी दियो। बोहरालाई भेटघाट गर्नसमेत नदिएको भन्दै उनका आफन्तले इन्सेक क्षेत्रीय कार्यालय, धनगढीमा पनि भदौ २० गते नै आवश्यक पहल गरिदिन निवेदन दिएका थिए। घटनाबारे छानबिन गर्न गएको राष्ट्रिय मानव अधिकार आयोग, धनगढीको टोलीलाई पृतना हेडक्वार्टरले बोहोरासँग भेटघाट गर्नसमेत दिएन। घटनाबारे आयोगको केन्द्रीय कार्यालयले अनुसन्धान गरिरहेको आयोगको क्षेत्रीय कार्यालय धनगढीले जनायो।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा २ सय ६७ प्रावि, ८० निमावि, ५४ मावि र ३३ उमावि छन्। तीन प्राविधिक विद्यालय पनि छन्। ९ सय ८१ शिक्षक दरबन्दी रहेकामा पाँच रिक्त छ। यस वर्ष ३० हजार १ सय ९७ बालिका र २८ हजार ८ सय ९७ बालक विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गमैत्री विद्यालयको एकीन तथ्याङ्क छैन। ७ हजार ४ सय ८४ दलित बालक र*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २ | २ |

*७ हजार ५ सय ३ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै शहीद तथा द्वन्द्वपीडित परिवारका बालबालिकालाई यो वर्ष छात्रवृत्ति दिइएको छैन। जिल्लाका सबै विद्यालयमा शौचालयको सुविधा छ।*

*बाल अधिकार उल्लङ्घनतर्फ यस वर्ष एक बालिका बलात्कार घटनामा पीडित भइन् भने एक बालिका यौन दुर्व्यवहारबाट पीडित भइन्। गत वर्ष बाल अधिकारका घटना भएका थिएनन्।*

### बलात्कार, यौन दुर्व्यवहार

१० वर्षीया एक बालिकालाई २०७३ असोज २३ गते घण्टेश्वर गाविस-२ का २१ वर्षीय जीवन थापा मगरले यौन दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले कात्तिक १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण कात्तिक ३ गते जिल्ला अस्पतालमा भयो। कात्तिक २ गते गिरफ्तार भएका जीवनलाई जिल्ला अदालतले कात्तिक २४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४३ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरिएका ३६, खान/लाउन नदिएको तीन, अर्की पत्नी ल्याएर हेला गरेको एक घटना छन्। सबै घटनामा मिलापत्र भयो।*

*इन्सेकको अभिलेख अनुसार यस वर्ष घरेलु हिंसाबाट २७, बहुविवाहबाट दुई र यौन दुर्व्यवहारबाट दुई महिला पीडित भए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | २७ | २७ |
| यौन दुर्व्यवहार | २ | २ |
| जम्मा | ३१ | ३१ |

### स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ४९ स्वास्थ्य चौकी छन्। चार डक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन्। स्त्री रोग विशषज्ञ छैनन्। १ सय ६ अहेवको दरबन्दी रहेकामा ८१ जना कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको प्रशासनिक खर्च ७ लाख ११ हजार ४ सय ७० रूपियाँ र औषधि खर्च ५१ लाख ६६ हजार रूपियाँ विनियोजन गरिएको छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | १ | | १ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | १ | १ | २ |

| महिला अधिकार | | | | | |
|---|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बहुविवाह | १ | | | १ | २ |
| घरेलु हिंसा | २ | २१ | १ | ३ | २७ |
| यौन दुर्व्यवहार | | १ | १ | | २ |
| जम्मा | ३ | २२ | २ | ४ | ३१ |

| मारिएकाको घटना सङ्ख्या | | |
|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
| हत्या | १ | १ |

# ५.४ बाजुरा



**जम्मा जनसङ्ख्या**
**१४७०५३**

**महिला**
**७५७४३**

**परिवार सङ्ख्या**
**२६९९०**

**खोलाको पानी पिउने परिवार**
**८३८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**८५८६७**

**कामका लागि बाहिरिएका**
**८०५४**

**सबभन्दा बढी जनसङ्ख्या**
**७७९७८ (क्षेत्री)**

**अपाङ्गता भएका**
**५८५५**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५५.७**

**आश्रित जनसङ्ख्या**
**७९६९९**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बाल अधिकार | ५ | ५ |
| महिला अधिकार | २४ | २४ |
| जम्मा | २९ | २९ |

***इन्सेकको अभिलेख अनुसार बाजुराको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भएन। सन् २०१५ को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २५ महिलासहित २८ जना पीडित भएकामा सन् २०१६ मा २९ महिला पीडित भए। यस वर्ष राज्यपक्षबाट उल्लङ्घनका घटना भएनन्। गैरराज्यपक्षबाट यो वर्ष पाँच बालिका र २४ महिला पीडित भए। गैरराज्यपक्षबाट अघिल्लो वर्ष दुई महिलाको हत्या भएकामा यो वर्ष भएन। बाल अधिकार उल्लङ्घनका घटनामा पाँच बालिका पीडित भए। जसमध्ये दुई बालिका बलात्कृत भइन् भने तीन जनालाई यौन दुर्व्यवहार गरियो। त्यसैगरी महिला अधिकार उल्लङ्घनका घटनामा बलात्कारको प्रयासबाट दुई र घरेलु हिंसाबाट २२ जना पीडित भए।***

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। कारागारमा २४ कैदी र नौ बन्दी गरी ३३ जना छन्। महिला छैनन्। २०३९ सालमा निर्माण भएको कारागारको भवन जीर्ण भएकाले सुत्न र बस्नसमेत निकै असहज हुने गरेको बन्दीको गुनासो छ। कारागारभित्र उपलब्ध क्यारेमबोर्ड, चेस, ब्याडमिन्टनलगायत खेलकुदका सामग्री पनि निकै पुरानो भएकाले समय बिताउन गाह्रो परेको उनीहरूको गुनासो छ। व्यवस्थित पुस्तकालय छैन भने नयाँ पुस्तक पनि छैनन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १३ र फौजदारी १७ थान छन्। जिल्ला अदालतमा बाल इजलास व्यवस्था छ।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा प्रावि १ सय ४०, निमावि ५०, मावि ४२ र उमावि १९ वटा छन्। जिल्ला शिक्षा कार्यालयका अनुसार ७ सय १० शिक्षक दरबन्दी रहेकामा ६ सय ९५ कार्यरत छन्। अघिल्लो वर्ष यस जिल्लामा १ हजार २६ शिक्षकको दरबन्दी रहेको र ९ सय ९९ जना कार्यरत रहेकामा यो वर्ष उक्त सङ्ख्यामा निकै कमी पाइयो। २० हजार ८ सय ५१ बालक र २२ हजार ७ सय ७२ बालिका यस वर्ष विद्यालय भर्ना भए। १२ हजार २ सय १९ दलित बालबालिकालाई छात्रवृत्ति दिइयो। १ सय विद्यालयमा शौचालयको सुविधा छ भने बालमैत्री भवन भएका विद्यालय १ सय ४२ वटा छन्। अपाङ्गमैत्री विद्यालय भने २ मात्र छन्। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट २५ करोड रुपियाँ रहेकामा प्रशासनिक खर्च ३० लाख रुपियाँ छ।*

*यो वर्ष जिल्लामा दुई बालिका बलात्कार र यौनजन्य दुर्व्यवहारबाट तीन बालिका पीडित भए। अघिल्लो वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा चार बालबालिका पीडित भएका थिए। जिल्ला अदालतले तीनवटै मुद्दाको फैसला यसै वर्ष गऱ्यो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | ३ | ३ |
| जम्मा | ५ | ५ |

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७३ वैशाख २४ गते जयवागेश्वरी गाविस-३ का ५० वर्षीय नरपति चँदराले बलात्कार गरेको आरोपमा पीडित पक्षले वैशाख २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। बालिकाको वैशाख २७ गते जिल्ला अस्पतालमा स्वास्थ्य परीक्षण भयो। वैशाख २८ गते गिरफ्तार भएका नरपतिलाई जिल्ला अदालतले असार ६ गते ८ वर्ष कैदको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*सन् २०१६ मा घरेलु हिंसापीडित भन्दै ५७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घर निकाला गरिएका २१, खान/लाउन नदिएको ११, चारित्रिकलगायत विभिन्न आरोपका चार, शारीरिक र मानसिक हिंसाका १२ र सामान्य झगडाका नौ उजुरी छन्। तीमध्ये ५४ वटामा मिलापत्र भयो भने एक घटनाका उजुरकर्ता नै सम्पर्कमा आएनन्। दुई उजुरी कानुनी प्रक्रियामा छन्।*

*यो वर्ष बलात्कार प्रयासका घटनामा दुई र घरेलु हिंसाका कारण २२ सहित २४ महिला पीडित भए। सन् २०१५ मा महिला अधिकार उल्लङ्घनका घटनाबाट २० महिला पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कारको प्रयास | २ | २ |
| घरेलु हिंसा | २२ | २२ |
| जम्मा | २४ | २४ |

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३० वर्षीया एक महिलालाई २०७३ वैशाख ३ गते कैलाशमाडौं गाविस-८ का १८ वर्षीय जनक मिजारले बलात्कारको प्रयास गरेको आरोपमा पीडित पक्षले वैशाख ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको वैशाख ५ गते स्थानीय स्वास्थ्य संस्थामा स्वास्थ्य परीक्षण भयो। सोही दिन गिरफ्तार भएका जनकलाई जिल्ला अदालतले असार ८ गते ६ वर्ष कैद सजायको फैसला सुनायो।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, एउटा प्राथमिक स्वास्थ्य केन्द्र र २६ स्वास्थ्य चौकी छन्। जिल्ला अस्पतालमा तीन डक्टरको दरबन्दी रहेकामा दुई जना कार्यरत छन्। स्टाफ नर्स चार जनाको दरबन्दी रहेकामा एउटा रिक्त छ। अहेवको ५९ दरबन्दी रहेकामा ४९ कार्यरत छन्। ५८ अनमीको दरबन्दीमा ४८ कार्यरत छन्। ल्याब असिस्टेन्ट दुई जनाको दरबन्दीमा एक कार्यरत छन्। जिल्लामा स्त्री रोग विशेषज्ञको दरबन्दी नै छैन। यो वर्ष जिल्ला स्वास्थ्य कार्यालयको बजेट १५ करोड ५३ लाख ५२ हजार ६ सय रूपियाँ छ। जसमा औषधि खर्चबापत ४६ लाख ३५ हजार रुपियाँ छुट्याइएको छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|
| बलात्कार | | १ | १ | २ |
| यौन दुर्व्यवहार | १ | १ | १ | ३ |
| जम्मा | १ | २ | २ | ५ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|---|
| बलात्कारको प्रयास | | १ | | | १ | २ |
| घरेलु हिंसा | १ | | १८ | १ | २ | २२ |
| जम्मा | १ | १ | १८ | १ | ३ | २४ |

# ५.५ बझाङ

**जम्मा जनसङ्ख्या**
**२०७७१०**

**महिला**
**१०९५७४**

**परिवार सङ्ख्या**
**३६१२१**

**खोलाको पानी पिउने परिवार**
**१९९५**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**११०४६५**

**कामका लागि बाहिरिएका**
**२२८४५**

**सबभन्दा बढी जनसङ्ख्या**
**१२९८६५ (क्षेत्री)**

**अपाङ्गता भएका**
**४९७६**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**५५.६**

**आश्रित जनसङ्ख्या**
**११०४०६**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | ३ | | ३ |
| महिला अधिकार | ९ | | ९ |
| जातीय विभेद | २ | ६ | ८ |
| जम्मा | १४ | ६ | २० |



***इन्सेकको अभिलेख अनुसार बझाङको मानव अधिकार अवस्था अघिल्लो वर्षको जस्तै रह्यो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा आठ महिलासहित २१ जना पीडित भएकाका सन् २०१६ मा १४ महिलासहित २० जना पीडित भए। यो वर्ष दुई जना बालिका बलात्कृत भए भने एक जनालाई यौन दुर्व्यवहार गरियो। महिला अधिकार उल्लङ्घनका घटनामा यो वर्ष नौ महिला पीडित भए। त्यसैगरी जातीय विभेदका घटनाबाट दुई महिलासहित आठ जना पीडित भएको इन्सेकमा अभिलेख छ ।***

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। तर कैद तोकिएका ४२ र बन्दी १३ गरी ५५ जना छन्। पुरुष र महिला बन्दी राख्ने कोठा अलग अलग भए पनि यो वर्ष महिला कैदी/बन्दी नभएकाले महिलाको भवनमा पनि पुरूषलाई नै राखिएको छ। क्षमताभन्दा दोब्बर कैदी/बन्दी भएकाले शौचालय, स्नान गृहका साथै सुत्न/बस्नसमेत समस्या छ। खेलकुदका पर्याप्त सामग्रीको व्यवस्था नभएको, पुस्तकालय पनि नभएको र पढ्नका लागि पुस्तक तथा पत्रपत्रिकासमेत अभाव रहेको कैदी/बन्दीको गुनासो छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानीतर्फ ३३ र फौजदारीतर्फ ३९ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दामध्ये देवानी दुई र फौजदारी एक थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय १ प्रावि, ८१ निमावि, ४२*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३ | ३ |

*मावि र ४० उमावि छन्। यस वर्ष ३५ हजार ९ सय ४८ बालक र ४२ हजार ७ सय ५३ बालिका विद्यालय भर्ना भए। जिल्लामा १ हजार ८ सय ३० शिक्षक दरबन्दी रहेकामा सबै पूर्ति छ। दुई अपाङ्गमैत्री विद्यालय छन्। ४ हजार ८ सय ३४ दलित बालक र ४ हजार ८ सय ६६ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। त्यसैगरी द्वन्द्वपीडित परिवारका ४३ बालबालिकालाई छात्रवृत्ति दिइयो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ९८ करोड रुपियाँ छ।*

*यो वर्ष बलात्कारको घटनामा दुई र यौन दुर्व्यवहारबाट एक गरी तीन बालिका पीडित भए। गत वर्ष भने बालबालिका बेचविखनबाट एक बालक र बाल विवाहबाट एक बालिका गरी दुईजना पीडित भएका थिए।*

**बलात्कार, यौन दुर्व्यवहार**

१४ वर्षीया एक बालिकालाई २०७३ साउन २४ गते जयपृथ्वी नपा-६ का २२ वर्षीय झलक बोहोरा, २२ वर्षीय हिमाल धामी र २१ वर्षीय अमित रोकायाले सामूहिक बलात्कार गरेको आरोपमा बालिका पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको असोज २५ गते जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण भयो। साउन २४ गते नै गिरफ्तार भएका आरोपितहरूलाई जिल्ला अदालतले साउन २९ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ३४ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। तीमध्ये कुटपिटका १३, बेवास्ता गरिएका १५ र सामान्य घरायसी झगडाका ६ घटना छन्। यीमध्ये २६ घटनामा मिलापत्र भयो भने एउटा कानुनी प्रक्रियामा छ। अन्य घटनाका पीडित सम्पर्कमै आएनन्।*

*सन् २०१६ मा महिला अधिकार उल्लङ्घनका घटनामा नौ महिला पीडित भए। जसमध्ये बलात्कारको घटनामा दुई र घरेलु हिंसाबाट सात जना पीडित भए। २०१५ मा महिला अधिकार उल्लङ्घनका घटनाअन्तर्गत घरेलु हिंसाबाट सात महिला पीडित भएका थिए।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| पारिवारिक हिंसा | ७ | ७ |
| जम्मा | ९ | ९ |

**बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार**

२० वर्षीया एक युवतीलाई २०७३ साउन २४ गते जयपृथ्वी नपा-४ का २५ वर्षीय प्रदीप नेपाली र २३ वर्षीय अर्जुन नेपालीले खोलामा नुहाउन गएका बेला नशालु पदार्थ खुवाएर अचेत बनाई सामूहिक बलात्कार गरेको आरोपमा युवतीका आफन्तले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। युवतीको साउन २५ गते जिल्ला स्वास्थ्य कार्यालयमा स्वास्थ्य परीक्षण भयो। साउन २४ गते नै गिरफ्तार भएका प्रदीप र अर्जुनलाई जिल्ला अदालतले भदौ ५ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## सबै प्रकारका जातीय विभेद

*यो वर्ष जातीय विभेदका घटनाबाट दुई महिलासहित आठ जना पीडित भए। घटनापश्चात पीडित पक्षले प्रहरीमा उजुरी दिएको भए पनि सबै घटनामा मिलापत्र भयो।*

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र र ४५ स्वास्थ्य चौकी छन्। जिल्लामा ६ डक्टरको दरबन्दी रहेकामा तीन कार्यरत छन्। अहेवको ९६ दरबन्दी रहेकामा ६० कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट १ करोड २९ लाख रुपियाँ र औषधि खर्चवापतको रकम ४३ लाख रुपियाँ छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | २ | २ |
| यौन दुर्व्यवहार | १ | | १ |
| जम्मा | १ | २ | ३ |

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | २ | २ |
| घरेलु हिंसा | ७ | | ७ |
| जम्मा | ७ | २ | ९ |

# ५.६ कञ्चनपुर



जम्मा जनसङ्ख्या
४८४८८९

महिला
२५८३६५

परिवार सङ्ख्या
९३०५७

खोलाको पानी पिउने परिवार
३४६

गरिबीको रेखामुनि रहेको सङ्ख्या
१४०३८१

कामका लागि बाहिरिएका
३८३९८

सबभन्दा बढी जनसङ्ख्या
१३०५३२ (क्षेत्री)

अपाङ्गता भएका
९०७२

५ वर्षमाथिको साक्षरता प्रतिशत
७०.७

आश्रित जनसङ्ख्या
२०८२२२

| घटनाको प्रकार | राज्यपक्षबाट | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|
| | महिला | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | ७ | | ७ |
| अमानवीय व्यवहार | | | | १ | १ |
| महिला अधिकार | | | ५१ | | ५१ |
| भेला/सङ्गठित हुने अधिकार | ४ | ४ | | | |
| हत्या | | | ५ | २ | ७ |
| जम्मा | ४ | ४ | ६३ | ३ | ६६ |

*इन्सेकको अभिलेख अनुसार कञ्चनपुरको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सामान्य सुधार भयो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ९० महिलासहित ९४ जना पीडित भएकामा सन् २०१६ मा ६७ महिलासहित ७० जना पीडित भए। यो वर्ष परिवारबाटै चार महिलाको हत्या भयो। बाल अधिकार उल्लङ्घनका घटनामा तीन बालिका बलात्कार र एक यौन दुर्व्यवहारको घटनामा पीडित भए। बालिका बेचबिखन घटनामा तीन जना पीडित भए। गत वर्ष बालिका बेचबिखन घटनामा चार र बलात्कार घटनामा आठ जना पीडित भएका थिए।*

*यस वर्ष घरेलु हिंसाका घटनामा ४९, बलात्कार घटनामा एक र बलात्कार प्रयासका घटनामा एक गरी ५१ महिला पीडित भए। सन् २०१५ मा ७३ महिला पीडित भएको अभिलेख छ ।*

## कारागार र बन्दी

'घ' श्रेणीको जिल्ला कारागारको क्षमता ९५ जनाको छ। तर १ सय ८४ कैदी र ७० थुनुवा गरी २ सय ५४ जना छन्। जसमा १३ जना महिला छन्। दुई जना आश्रित बालक पनि छन्। ६५ वर्षमाथिका दुई कैदी/बन्दी भएकाले पिउने पानी र शौचालयका समस्या छ। २०२३ सालमा बनेको कारागारको दुई भवनमध्ये एउटा निकै पुरानो र जीर्ण छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा जिल्ला र उच्च गरी दुई अदालत छन्। जिल्ला अदालतमा दुई जना न्यायाधीशको दरबन्दी रहेकामा दुवै कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी २ सय ३ र फौजदारी १ सय ६४ थान

छन्। दुई वर्षभन्दा पुराना मुद्दा देवानी ३५ र फौजदारी ११ थान छन्।

यसैगरी चार न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत महेन्द्रनगर इजलासमा दुईमात्र कार्यरत छन्। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी ६६ र फौजदारी १ सय ५८ थान छन्। दुई वर्ष पुराना मुद्दा देवानी पाँच र फौजदारी एक थान छ।

**अमानवीय व्यवहार**

भीमदत्त नपा-४ निवासी महाकाली अञ्चल आयुर्वेद औषधालयका चिकित्सक ४१ वर्षीय डा. सूर्यकुमार उपाध्यायलाई २०७३ असोज २० गते नेत्रविक्रम चन्द विप्लव समूहका कार्यकर्ताले मोसो दलेर दुर्व्यवहार गरे। अस्पतालमा कानुनी प्रक्रिया नपुऱ्याई कर्मचारी नियुक्त गरेको, नियम विपरीत अप्रेसनका नाममा सेवाग्रहीबाट बढी रकम असुलेको, अस्पतालको गेटमा मेडिकल खोली सेवाग्राहीलाई आफ्नै मेडिकलबाट औषधि किन्न बाध्य पारेको र चेकजाँच नगरी निरोगिताको प्रमाणपत्रमा सहीछाप गरी बजारमा बिक्री वितरण गरेको भन्दै डा. उपाध्यायलाई उनकै कार्यकक्षमा दुर्व्यवहार गरेका थिए। आरोपितहरूलाई कारबाही भएन। घटनाका सम्बन्धमा विज्ञप्तिमार्फत कारबाहीको माग गरिए पनि पीडित पक्षले प्रहरीमा उजुरी गरेन।

**बाल अधिकार**

**शिक्षाको अवस्था**

*यस जिल्लामा ९६ प्रावि, ५८ निमावि, ५७ मावि र ५० उमावि छन्। १ हजार ८ सय ९८ शिक्षक दरबन्दी रहेकामा २९ रिक्त छन्। यस वर्ष ३५ हजार ५ सय ५ बालक र ४६ हजार ३ सय बालिका विद्यालय भर्ना भए। जिल्लामा ५० विद्यालय अपाङ्गमैत्री छन्। ११ हजार ५ सय १३ दलित बालक र ९ हजार ३ सय ८७ दलित बालिकालाई छात्रवृत्ति प्रदान गरियो। साथै द्वन्द्वपीडित परिवारका ३९ बालबालिकालाई पनि छात्रवृत्ति प्रदान गरियो। जिल्ला शिक्षा कार्यालयको वार्षिक बजेट ९७ करोड २५ लाख ६० हजार रुपियाँ छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बालबालिका बेचबिखन | ३ | ३ |
| बलात्कार | ३ | ३ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ७ | ७ |

*यो वर्ष चारदेखि ११ वर्ष उमेर समूहका तीन बालिका बलात्कृत भए। दुई बालिकालाई आफ्नै आमाले विष खुवाइ हत्या गरे। यस वर्ष बालिका बेचबिखन घटनामा तीन र यौन दुर्व्यवहार घटनामा एक जना पीडित भए। गत वर्ष बालिका बेचविखन घटनामा चार र बलात्कार घटनामा आठ जना गरी १२ जना पीडित भएका थिए।*

**बालबालिका बेचबिखन तथा ओसारपसार**

१२ वर्षीया बालिकालाई २०७२ फागुन १२ गते बेतकोट नपा-१२ का २० वर्षीय पुष्कर दमाईंले विभिन्न प्रलोभन देखाई भारतको देहरादुनको कुलाल भनिने ठाउँमा बन्धक बनाएर राखेको भनी पीडित परिवारले वैशाख २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित बालिकालाई माइती नेपाल कञ्चनपुरले स्थानीय सङ्घ/संस्था र भारतीय प्रहरीसँग समन्वय गरेर फिर्ता ल्याएको थियो। पीडित बालिकाको २०७३ वैशाख २२ गते महाकाली अञ्चल अस्पताल, महेन्द्रनगरमा स्वास्थ्य परीक्षण भयो। २०७३ वैशाख २२ गते गिरफ्तार परेका पुष्करलाई जिल्ला अदालतले जेठ २४ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म उक्त मुद्दाको फैसला भएको छैन।

**बलात्कार, यौन दुर्व्यवहार**

१२ वर्षीया बालिकालाई २०७३ वैशाख २४ गते दोधाराचाँदनी नपा-१० का ३७ वर्षीय दीपक पुरीले बाख्रा चराउन गएका बेला ललाइफकाइ आफ्नो घरमा लगी बलात्कार गरेको भन्दै पीडितका अभिभावकले वैशाख २५ गते इलाका प्रहरी कार्यालय दोधारामा उजुरी दिए। बालिकाको वैशाख २५ गते प्राथमिक स्वास्थ्य केन्द्र दोधारामा उपचार र स्वास्थ्य परीक्षण भयो। वैशाख २६ गते गिरफ्तार भएका दीपकलाई जिल्ला अदालतले जेठ १६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

**महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार**

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ९६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ४७, खान/लाउन नदिएको, विवाह दर्ता र नागरिकता*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| **बलात्कार** | १ | १ |
| **बलात्कारको प्रयास** | १ | १ |
| **घरेलु हिंसा** | ४९ | ४९ |
| **जम्मा** | ५१ | ५१ |

*नबनाएको ४९ घटना छन्। यीमध्ये ८० वटामा मिलापत्र भयो भने १६ घटनाका उजुरीकर्ता सम्पर्कमै आएनन्।*

*यो वर्ष एक महिलामाथि बलात्कार र एक बलात्कार प्रयास भयो। यसैगरी ४९ महिला घरेलु हिंसापीडित भए। सन् २०१५ मा बलात्कार घटनामा तीन, यौन दुर्व्यवहारका घटनामा एक, बहुविवाहका घटनामा एक र घरेलु हिंसाका घटनामा ६८ जना पीडित भएका थिए। यस वर्ष चार महिलाको परिवारजनबाटै हत्या भएको मुद्दा विचाराधीन छ। अघिल्लो वर्ष तीन महिलाको परिवारजनबाटै हत्या भएको थियो।*

### बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहार

२२ वर्षीया महिलालाई पटकपटक बलात्कार गरेको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा ५८ वर्षीय ससुराविरुद्ध २०७२ फागुन २८ गते उजुरी दिइन्। पीडितको २०७२ फागुन २८ गते नै महाकाली अञ्चल अस्पतालमा स्वास्थ्य परीक्षण भयो। उजुरी दिएकै दिन गिरफ्तार परेका आरोपितलाई जिल्ला अदालतले २०७३ जेठ १९ गते १३ वर्ष कैद र पीडितलाई ५० हजार रुपियाँ भराउने फैसला सुनायो।

### परिवारजनबाट हत्या

पुनर्वास नपा-१४ ढक्काकी २२ वर्षीया बासमती रानाको २०७३ जेठ १ गते पति २३ वर्षीय रामकुमार रानाले हत्या गरेको आरोपमा पीडित पक्षले जेठ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको जेठ २ गते सेती अञ्चल अस्पताल धनगढीमा पोस्टमार्टम भयो। जेठ २ गते नै गिरफ्तार भएका रामकुमारलाई जिल्ला अदालतले जेठ २६ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### संरचना र सम्पत्ति क्षति

राष्ट्रिय जनमोर्चा सम्बद्ध अनेरास्ववियु (छैटौँ) का कार्यकर्ताले आफ्ना माग पूरा नगरेको भन्दै २०७२ माघ २१ गते जिल्ला शिक्षा कार्यालयमा तोडफोड तथा आगजनी गरे। उमावि शिक्षकहरूको दरबन्दी नियुक्तिमा गरिएको अनियमितता खारेजी गरिनुपर्ने, काजमा रहेका शिक्षकलाई दरबन्दीमा फिर्ता गरिनुपर्ने, विदेशी नाम भएका विद्यालयको नाम सच्च्याइनुपर्नेलगायत मागप्रति



***राष्ट्रिय जनमोर्चा सम्बद्ध अनेरास्ववियु (छैटौँ) का कार्यकर्ताले तोडफोड गरी क्षति पुऱ्याएको जिल्ला शिक्षा कार्यालयको भवन***

जिल्ला शिक्षा कार्यालयले चासो नदेखाएकाले घटना गराएको अनेरास्ववियु (छैटौँ) ले माघ २१ गते विज्ञप्तिमार्फत जानकारी गरायो। घटनामा संलग्नलाई कारबाही भएन।

### स्वास्थ्य सेवाको अवस्था

*जिल्लामा अञ्चल अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र र १८ स्वास्थ्य चौकी छन्। विभिन्न स्वास्थ्य संस्थाका लागि ३२ डक्टरको दरबन्दी रहेकामा सातमात्र कार्यरत छन्। स्त्री रोग विशेषज्ञको भएको एउटा दरबन्दी पनि रिक्त छ। अहेवको ५८ दरबन्दी रहेकामा ४७ कार्यरत छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट ९ करोड रुपियाँ र औषधि खर्चवापतको रकम ४५ लाख रुपियाँ छ।*

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

| बाल अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बालबालिका बेचबिखन | १ | २ | ३ |
| बलात्कार | | ३ | ३ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | १ | ६ | ७ |

| महिला अधिकार | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
| बलात्कार | | | १ | १ |
| बलात्कारको प्रयास | | | १ | १ |
| घरेलु हिंसा | १ | ४८ | | ४९ |
| जम्मा | १ | ४८ | २ | ५१ |

| मारिएकाको घटना सङ्ख्या | | | | |
|---|---|---|---|---|
| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
| हत्या | २ | २ | २ | ६ |

# ५.७ डडेल्धुरा



**जम्मा जनसङ्ख्या**
**१४९०५३**

**महिला**
**८०१२०**

**परिवार सङ्ख्या**
**२९३८४**

**खोलाको पानी पिउने परिवार**
**१४९८**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**६०९१५**

**कामका लागि बाहिरिएका**
**११६७०**

**सबभन्दा बढी जनसङ्ख्या**
**७६१४७ (क्षेत्री)**

**अपाङ्गता भएका**
**५१५०**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६५.३**

**आश्रित जनसङ्ख्या**
**७१८२७**

***इन्सेकको अभिलेख अनुसार डडेलधुराको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। सन् २०१५ को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा ७४ महिलासहित ७५ जना पीडित भएकामा सन् २०१६ मा ४९ महिला पीडित भए। यस वर्ष बाल अधिकार हननका घटना भएनन्। गत वर्ष बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना पीडित भएका थिए। यो वर्ष घरेलु हिंसाका घटनामा ४८ र बहुविवाहका घटनामा एक गरी ४९ महिला पीडित भए। सन् २०१५ मा बलात्कार घटनामा एक, घरेलु हिंसाका घटनामा ६८ र यौन दुर्व्यवहारका घटनामा दुई गरी ७१ महिला पीडित भएका थिए।***

यो वर्ष शीर्ष र जोगबुडाका बाढी/पहिरोपीडितको समस्या यस वर्ष पनि ज्युँका त्युँ रह्यो। पटकपटक गरी १ सय ९ पटक सरकारलाई ज्ञापनपत्र बुझाउँदासमेत उनीहरूको माग सुनुवाइ भएन। १० वर्षपहिले रङ्गुन र पुन्तरा नदीमा अएको बाढी र पहिरोले शीर्ष जोगबुडाका ९४ परिवार विस्थापित भएका थिए। उपयुक्त जमिन खोज्दाखोज्दै विपद्पीडित पुनर्वास सञ्चालन कार्यविधि २०७१ लागु भयो। उक्त कार्यविधिले सम्बन्धित जिल्लामा पुनर्स्थापना गराउने भन्यो। बाढी/पहिरोपीडित परिवारले राजनीतिक दलका नेता, मन्त्री र प्रधान मन्त्रीसँग भेटेपछि मन्त्रालयले विभागलाई पुनर्वास कार्यक्रम योजनासहित पेश गर्न निर्देशन गरेको थियो। विभागमा योजनासहित पुनर्स्थापना कार्यक्रम पेस गरेको भए पनि चालु आर्थिक वर्षमा पुनर्वास कार्यक्रम नपरेको बाढी/पहिरोपीडित सङ्घर्ष समितिका संयोजक नरबहादुर बमले बताए।

परिपत्रहरू जिल्ला प्रशासन, राजनीतिक दलका संयन्त्रदेखि सबै सरोकारवाला निकायबाट अगाडि बढिरहेका छन्। तर विभागमा गएर अड्किँदा यहाँका पीडित पुनर्वासको आशमा १० वर्षदेखि जङ्गलछेउछाउमै जिन्दगी गुजार्न बाध्य छन्। जसले अनेकौं समस्या सिर्जना गरेको छ।

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| महिला अधिकार | ४९ | ४९ |
| जम्मा | ४९ | ४९ |

## कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता २५ जनाको छ। कारागारमा ३८ कैदी र चार बन्दी गरी ४२ जना छन्। महिला कैदी/बन्दीलाई भने धनगढी पठाउने गरिएको छ। क्षमताभन्दा दोब्बर कैदी/बन्दी भएकाले शौचालय, पिउने पानी र सुत्ने स्थानको समस्या छ। भवन जीर्ण भए पनि पुनर्निर्माण हुन सकेको छैन। २५ जनाका लागिमात्रै औषधोपचार बजेट आउने भएकाले अन्यका लागि उपचारमा समस्या देखिन्छ।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा जिल्ला अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १२ र फौजदारी २३ थान छन्। दुई वर्षभन्दा पुराना मुद्दा छैनन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*यस जिल्लामा १ सय ३१ प्रावि, ५७ निमावि, ३० मावि र २९ उमावि छन्। अपाङ्गमैत्री विद्यालय छैनन्। जिल्ला शिक्षा कार्यालयबाट प्रदान गरिने छात्रवृत्ति, शिक्षकको दरबन्दीलगायतका सूचना शिक्षा कार्यालयले दिएन।*

*यस वर्ष बाल अधिकार उल्लङ्घनका घटना इन्सेकमा अभिलेख भएनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बहुविवाह | १ | १ |
| घरेलु हिंसा | ४८ | ४८ |
| जम्मा | ४९ | ४९ |

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा गालीगलौज गरेको ७७ र कुटपिटका २३ छन्। सबै घटनामा मिलापत्र भयो।*

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा उपक्षेत्रीय अस्पताल, २५ स्वास्थ्य चौकी र २० बर्थिङ सेन्टर छन्। जिल्लामा चार डक्टरको दरबन्दी रहेकामा दुई कार्यरत छन्। ३९ अहेव र ३९ अनमीको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्ला स्वास्थ्य कार्यालयको वार्षिक बजेट १२ करोड रुपियाँ र औषधि खर्च ३५ लाख रुपियाँ छ।

त्यस्तै उपक्षेत्रीय अस्पतालमा विशेषज्ञ डक्टरको दरबन्दी २० रहेकामा एक जना मात्र छन्। डक्टर दरबन्दी १८ रहेकामा नौ कार्यरत छन्। ३० जना स्टाफ नर्स, दुई अनमी, दुई अहेव र दुई एचएको दरबन्दी रहेकामा सबै कार्यरत छन्। उपक्षेत्रीय अस्पतालको वार्षिक बजेट ५ करोड ९५ लाख २४ हजार र औषधि खर्च २० लाख रुपियाँ छ।

**सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या**

| महिला अधिकार | | | |
|---|---|---|---|
| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | मिलापत्र | जम्मा |
| बहुविवाह | १ | | १ |
| घरेलु हिंसा | | ४८ | ४८ |
| जम्मा | १ | ४८ | ४९ |

# ५.८ बैतडी



**जम्मा जनसङ्ख्या**
**२५७८८८**

**महिला**
**१३८८९६**

**परिवार सङ्ख्या**
**४७२६९**

**खोलाको पानी पिउने परिवार**
**२२५९**

**गरिबीको रेखामुनि रहेको सङ्ख्या**
**११४३५५**

**कामका लागि बाहिरिएका**
**२१०३९**

**सबभन्दा बढी जनसङ्ख्या**
**१३०८९४ (क्षेत्री)**

**अपाङ्गता भएका**
**७७८८**

**५ वर्षमाथिको साक्षरता प्रतिशत**
**६३**

**आश्रित जनसङ्ख्या**
**१२७८२६**

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | २ | | २ |
| अमानवीय व्यवहार | | १ | १ |
| महिला अधिकार | ३४ | | ३४ |
| हत्या | ३ | | ३ |
| जम्मा | ३९ | १ | ४० |

***इन्सेकको अभिलेख अनुसार बैतडीको मानव अधिकार अवस्था अघिल्लो वर्षको तुलनामा सुधार भयो। गैरराज्यपक्षबाट सन् २०१५ को मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा एक पुरुष सहित ५५ जना महिला पीडित भएकामा सन् २०१६ मा ३९ जना सहित ४० जना पीडित भए। यो वर्ष परिवारजनबाटै तीन महिलाको हत्या भयो।***

**कारागार र बन्दी**

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता १५ पुरुष र १० महिला गरी २५ जनाको छ। तर ४७ कैदी र एक थुनुवा गरी ४८ जना छन्। ६० वर्षमाथिका एक कैदी छन्। क्षमताभन्दा दोब्बर कैदी/बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। पानी परेका बेला छाना चुहिने गरेकाले छानालाई त्रिपालले छोप्ने गरिएको छ। २५ जनाका लागिमात्रै स्वास्थ्य उपचार बजेट आउने भएकाले सबै कैदी/बन्दीको उपचारमा समस्या हुने गरेको छ।

**अमानवीय व्यवहार**

दशरथचन्द नपा-१ गोठलापानीस्थित जिल्ला अस्पताल, बैतडीका प्रमुख डा. गुणराज अवस्थीलाई २०७३ जेठ २३ गते अस्पताल परिसरमै दशरथचन्द नपा- १ बबेतकी पार्वती भुल, राधा भुल र गङ्गा भुलले एम्बुलेन्स उपलब्ध नगराएको आरोपमा मोसो दले। डक्टरलाई दुर्व्यवहार गरेको भन्दै आकस्मिक सेवाबाहेक जिल्लाका सबै स्वास्थ्य सेवा तीन दिन बन्द गरिँदा बिरामी समस्यामा परे। पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएपछि प्रहरीले आरोपित तीनै जना र मोसो लगाउन उक्साउने दलित अधिकारकर्मी रमेश कोलीलाई गिरफ्तार गऱ्यो। १३ दिन हिरासतमा राखेपछि जिल्ला प्रशासन कार्यालयले असार ३ गते आरोपित सबैलाई जनही १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

## सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। यस वर्ष फैसला हुन बाँकी मुद्दामध्ये देवानी १६ र फौजदारी पाँच थान छन्।

## बाल अधिकार

### शिक्षाको अवस्था

*जिल्लामा ३ सय १९ प्रावि, १ सय ३ निमावि, ५६ मावि र ५१ उमावि छन्। ९ सय ३ दरबन्दी रहेको प्रावि तहमा ७ सय स्थायी शिक्षक कार्यरत छन्। २ सय ३ जना अस्थायी शिक्षक छन्। राहत कोटाका ३ सय ९३ र महिला परियोजनाका ३० शिक्षिक कार्यरत छन्। निमावि तहमा २ सय २२ दरबन्दी रहेकामा १ सय ७० स्थायी र ५२ अस्थायी गरी सबै कार्यरत छन्। मावि तहमा १ सय ४८ दरबन्दी रहेकामा १ सय २४ स्थायी र २४ अस्थायी शिक्षक कार्यरत छन्। उमावि तहमा ३५ जनाको दरबन्दी रहेकामा सबै कार्यरत छन्। ७१ शिक्षक राहत कोटाका छन्। १ देखि ५ कक्षासम्मका पाठ्यपुस्तक ढिलो गरी विद्यार्थीको हातमा परे पनि ६ देखि १० कक्षासम्मका विद्यार्थी सबैले सबै पुस्तक नै पाएनन्। यस वर्ष जिल्लामा ४३ हजार १ सय ६० बालिका र ३९ हजार ४ सय ९ बालक गरी ८२ हजार ५ सय ६९ बालबालिका भर्ना भए। एक कक्षादेखि आठसम्मका ८ हजार ३ सय ६६ छात्रा र ८ हजार ८ सय ९० छात्र गरी १७ हजार २ सय ५६ दलित विद्यार्थीले छात्रवृत्ति पाए। आधारभूत छात्रवृत्ति २६ हजार ६ सय ५८ जनाले पाए। द्वन्द्वपीडित परिवारका ३२ बालबालिकाले पनि छात्रवृत्ति पाए। छात्रवृत्ति पाउनेमा १ सय ६६ अपाङ्गता भएका विद्यार्थी पनि छन्। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्। जिल्ला शिक्षा कार्यालयको बजेट १ अर्ब ४० करोड छ।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | २ | २ |
| जम्मा | २ | २ |

*यो वर्ष दुई बालिका बलात्कारको घटनाबाट पीडित भइन्। गत वर्ष यौन दुर्व्यवहार र बलात्कारका घटना भएका थिएनन्।*

### बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७३ जेठ ८ गते ढुङ्गाड गाविस-९ का २५ वर्षीय धनबहादुर धामीले बलात्कार गरेको आरोपमा पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण जेठ ९ गते जिल्ला अस्पतालमा गरियो। जेठ ८ गते गिरफ्तार भएका धनबहादुरलाई जिल्ला अदालतले असार ७ गते ३ वर्ष कैद सजायको फैसला सुनायो।

## महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष हिंसापीडित भन्दै ७६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये ६७ घटनामा मिलापत्र भयो। नौ घटना कानुनी प्रक्रियामा छन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | ३ | ३ |
| घरेलु हिंसा | ३१ | ३१ |
| जम्मा | ३४ | ३४ |

यो वर्ष महिला अधिकार उल्लङ्घनका ३४ घटना भए। जसमध्ये घरेलु हिंसाका ३१ र बलात्कारका तीन घटना छन्। गत वर्ष यो सङ्ख्या ५३ थियो। जसमा घरेलु हिंसाका ५१ र बलात्कारका दुई घटना थिए।

### बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

८६ वर्षीया महिलालाई २०७३ असार ९ गते शर्माली गाविस-३ का ४० वर्षीय जयमलसिंह चाँडले बलात्कार गरेको आरोपमा पीडित पक्षले असार १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित महिलाको स्वास्थ्य परीक्षण असार १० गते जिल्ला अस्पतालमा भयो। सोही दिन गिरफ्तार भएका जयमललाई जिल्ला अदालतले साउन २ गते २ वर्ष ६ महिना कैदको फैसला सुनायो।

### परिवारजनबाट हत्या

शिखरपुर गाविस-८ की ६० वर्षीया नन्दा बोहरालाई २०७२ फागुन ५ गते ३२ वर्षीय छोरा अन्तराम बोहराले कुटपिट गरी हत्या गरेको भन्दै जेठा छोरा ३६ वर्षीय कुरवीरसिंह बोहराले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोस्टमार्टम फागुन ७ गते प्राथमिक स्वास्थ्य केन्द्र, पाटनमा गरिएको थियो। सोही दिन गिरफ्तार परेका

अन्तरामलाई जिल्ला अदालतले २०७२ चैत २३ गते सर्वस्वसहित जन्म कैदको फैसला सुनायो।

गिरेगडा गाविस-५ जेबल्कट्याकी २२ वर्षीया गुनी चन्दलाई २०७२ फागुन १० पति जय चन्द, सासू जानकी चन्द र ससुरा धनी चन्दले हत्या गरेको आरोपमा माइती पक्षले फागुन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। हत्या गरिएकी गुनीको शव मसानघाटमा जलाउँदै गरेको अवस्थामा माइती पक्ष पुगी पानीले निभाई फोटोलगायतका अन्य प्रमाण सङ्कलन गरेका थिए। केही भाग जलेको शवको फागुन १५ गते जिल्ला अस्पतालमा पोस्टमार्टम भयो। उजुरी दिएकै दिन गिरफ्तार भएका तीनै जनामध्ये जिल्ला अदालतले २०७३ असार १५ गते जय र धनीलाई जनही एक वर्ष र जानकीलाई १० वर्षको कैद फैसला सुनायो।



*परिवारजनबाट हत्या गरिएकी गुनी चन्द*

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा जिल्ला अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६५ स्वास्थ्य चौकी, १ सय २२ बर्थिङ सेन्टर, ३ सय ३८ गाउँघर क्लिनिक र पाँच सामुदायिक स्वास्थ्य एकाइ छन्। जिल्लामा पाँच डक्टरको दरबन्दी रहेकामा एउटा रिक्त छ। एक स्त्रीरोग विशेषज्ञ डक्टर छन्। अहेवको १ सय ३८ दरबन्दीमध्ये ३८ रिक्त छ। अनमीको १ सय ३९ दरबन्दी रहेकामा ४० रिक्त छ। ६ स्टाफ नर्सको दरबन्दी रहेकामा पाँच कार्यरत छन्। जिल्लामा ८ सय ३१ स्वास्थ्य स्वयम्सेविका छन्। स्वास्थ्य क्षेत्रमा २५ करोड पाँच लाख ७४ हजार ६ सय रुपियाँ वार्षिक बजेट रहेकामा औषधि उपचारका लागि ५० लाख रुपियाँमात्र विनियोजन गरिएको छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | १ | २ |
| जम्मा | १ | १ | २ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मुद्दा टुङ्गिएका | मिलापत्र | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | १ | १ | | १ | ३ |
| घरेलु हिंसा | | २ | २९ | | ३१ |
| जम्मा | १ | ३ | २९ | १ | ३४ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | जम्मा |
|---|---|---|
| हत्या | ३ | ३ |

# ५.९ दार्चुला

जम्मा जनसङ्ख्या
१३८०९७

महिला
७२९००

परिवार सङ्ख्या
२६२२०

खोलाको पानी पिउने परिवार
७४६

गरिबीको रेखामुनि रहेको सङ्ख्या
७०००३

कामका लागि बाहिरिएका
६८६४

सबभन्दा बढी जनसङ्ख्या
८६०२५ (क्षेत्री)

अपाङ्गता भएका
३६६९

५ वर्षमाथिको साक्षरता प्रतिशत
६५.४

आश्रित जनसङ्ख्या
६६४०५

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|
| | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | २ | | २ |
| महिला अधिकार | ३२ | | ३२ |
| हत्या | १ | २ | ३ |
| जम्मा | ३५ | २ | ३७ |



***इन्सेकको अभिलेख अनुसार दार्चुलामा गत वर्षको तुलनामा यो वर्ष मानव अधिकारको स्थिति खस्क्यो। सन् २०१५ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा २७ महिलासहित २८ जना पीडित भएकामा सन् २०१६ मा ३५ महिलासहित ३७ जना पीडित भए। यो वर्ष हत्याका दुई घटना भए। यो अवधिमा दुई बालिका बलात्कार र यौन दुर्व्यवहारका घटनाबाट पीडित भए। त्यसैगरी विभिन्न घटनामा ३२ महिला पीडित भएको अभिलेख छ ।***

### कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको क्षमता ४० जनाको छ। कारागारमा ३७ कैदी र चार बन्दी छन्। एक महिला कैदी छिन्।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

जिल्लामा एक न्यायाधीशको दरबन्दीसहित एउटा अदालत छ। अदालतमा फौजदारी ४६ र देवानी १५ थान मुद्दा दर्ता भएकामा फौजदारी १९ र देवानी ११ थान मुद्दा फैसला हुन बाँकी रहे। अघिल्लो वर्षको छिनिन बाँकी मुद्दा एक थान छ।

### बाल अधिकार

#### शिक्षाको अवस्था

*जिल्लामा २ सय ३१ प्रावि, ६३ निमावि, ४५ मावि र २५ उच्चमावि छन्। ९ सय ८२ शिक्षक दरबन्दी रहेकामा १ सय ९० रिक्त छ। सबै विद्यालयमा शौचालय निर्माण भएका छन्। यस वर्ष २० हजार ३ सय ४ बालिका र २२ हजार ४ सय १६ बालक विद्यालय भर्ना भए। २ हजार २ सय ३२ बालक र २ हजार ४ सय १२ बालिकालाई दलित छात्रवृत्ति प्रदान गरियो। यस्तै द्वन्द्वपीडित छात्रवृत्ति १९ बालबालिकालाई प्रदान गरियो। जिल्लामा अपाङ्गमैत्री विद्यालय छैनन्।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | २ | २ |

*यो वर्ष एक बालिका बलात्कारबाट र एक बालिका यौन दुर्व्यवहारबाट पीडित भए। गत वर्ष दुई बालिका बलात्कार घटनामा पीडित भएका थिए।*

### बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई २०७२ चैत १३ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले लाली गाविस-६ का ४० वर्षीय डम्मरसिंह थापाविरुद्ध जिल्ला प्रहरी कार्यालयमा चैत १६ गते उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण चैत १४ गते जिल्ला अस्पतालमा भयो। चैत १६ गते गिरफ्तार भएका डम्मरलाई जिल्ला अदालतले २०७३ असार १९ गते १० वर्ष कैद सजायको फैसला सुनायो।

### महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

*यो वर्ष घरेलु हिंसापीडित भन्दै ४१ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। उजुरीमध्ये कुटपिट गरी घर निकाला गरिएका नौ, खान/लाउन नदिएको १६, विवाह दर्ता र नागरिकता नबनाएको दुई, बहुविवाह गरेर हेला गरेको तीन र सामान्य घरायसी झगडाका १४ घटना छन्। सबै घटनामा मिलापत्र भयो।*

| घटनाको प्रकार | गैरराज्यपक्षबाट | |
|---|---|---|
| | महिला | जम्मा |
| बलात्कार | १ | १ |
| बहुविवाह | २ | २ |
| घरेलु हिंसा | २८ | २८ |
| यौन दुर्व्यवहार | १ | १ |
| जम्मा | ३२ | ३२ |

*यो वर्ष बलात्कार घटनामा एक, यौन दुर्व्यवहारका घटनामा एक र बहुविवाहका कारण दुई महिला पीडित भए। घरेलु हिंसाका कारण २८ महिला पीडित भए। गत वर्ष बलात्कार प्रयासका घटनामा तीन, बहुविवाहका कारण दुई, बेचबिखनबाट एक, यौन दुर्व्यवहारबाट दुई र घरेलु हिंसाका कारण १६ महिला पीडित भएका थिए।*

### परिवारजनबाट हत्या

दत्तु गाविस-७ मा बसोबास गर्दै आएकी भगवती गाविस-७ की २७ वर्षीया सुना धामीलाई २०७३ पुस ११ गते ५१ वर्षीय पति धीरेन्द्रसिंह धामीले घरेलु हतियार प्रहार गरी हत्या गरेको आरोपमा पुस १२ गते पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको पोस्टमार्टम पुस १२ गते जिल्ला अस्पतालमा गरियो। आरोपित फरार रहे।

## स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, सात सामुदायिक स्वास्थ्य एकाइ, दुई शहरी स्वास्थ्य एकाइ र ४० स्वास्थ्य चौकी छन्। जिल्लामा दुई मेडिकल सुपरिटेन्डेन्टको दरबन्दी रहेकामा दुवै रिक्त छन्। तीन मेडिकल अधिकृतको दरबन्दीमा सबै कार्यरत छन्। हेल्थ असिस्टेन्टको ४५ दरबन्दीमध्ये १८ रिक्त छ। अहेवको ८४ दरबन्दी रहेकामा १० रिक्त छन्। अस्पताल, सामुदायिक स्वास्थ्य एकाइ, शहरी स्वास्थ्य एकाइ र २० स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर छन्। जिल्ला जनस्वास्थ्य कार्यालयको वार्षिक बजेट चालुतर्फ १७ करोड ६४ लाख ६५ हजार ४ सय रुपियाँ र पुँजीगततर्फ ८० लाख ४३ हजार रुपियाँ छ। जिल्ला अस्पताल दार्चुलाको औषधि बजेट ४० लाख रुपियाँ छ।

## सन् २०१६ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

**बाल अधिकार**

| घटनाको प्रकार | अनुसन्धान | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| बलात्कार | १ | | १ |
| यौन दुर्व्यवहार | | १ | १ |
| जम्मा | १ | १ | २ |

**महिला अधिकार**

| घटनाको प्रकार | अपूर्ण | मिलापत्र | कारबाही प्रक्रिया अघि नबढेका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|---|---|
| बलात्कार | | | | १ | १ |
| बहुविवाह | | १ | १ | | २ |
| घरेलु हिंसा | १ | २५ | १ | १ | २८ |
| यौन दुर्व्यवहार | | १ | | | १ |
| जम्मा | १ | २७ | २ | २ | ३२ |

**मारिएकाको घटना सङ्ख्या**

| घटनाको प्रकार | मुद्दा टुङ्गिएका | कानुनी दायरामा ल्याइएका | जम्मा |
|---|---|---|---|
| हत्या | १ | २ | ३ |

# मानव अधिकार उल्लङ्घन/ज्यादती तथ्याङ्क २०१६

## परिशिष्ट १ नेपाल- घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| **घाइते** | | | | | | | |
| बम विस्फोटबाट | | | | | १४ | १४ | १४ |
| दोहोरो भिडपमा घाइते | | | | १ | २० | २१ | २१ |
| आगो लगाएर | | | | | १ | १ | १ |
| एसिड छर्केर | | | | १ | | १ | १ |
| गोलीबाट | | ७ | ७ | १ | ७ | ८ | १५ |
| धारिलो हतियारबाट | | | | ४ | १५ | १९ | १९ |
| **जम्मा** | | ७ | ७ | ७ | ५७ | ६४ | ७१ |
| **बाल अधिकार** | | | | | | | |
| बालश्रम | | | | १ | ३ | ४ | ४ |
| बालबालिका बेचबिखन | | | | १८ | १७ | ३५ | ३५ |
| बालविवाह | | | | १६ | | १६ | १६ |
| बलात्कार | | | | ४६८ | | ४६८ | ४६८ |
| नवजात शिशुको हत्या | | | | ८ | ७ | १५ | १५ |
| विद्यालयमा शारीरिक सजाय | | | | ८ | १३ | २१ | २१ |
| यौन दुर्व्यवहार | | | | १४८ | ११ | १५९ | १५९ |
| हत्याको प्रयास | | | | १ | १ | २ | २ |
| **जम्मा** | | | | ६६८ | ५२ | ७२० | ७२० |
| **अमानवीय व्यवहार** | | | | | | | |
| अन्य | | ३ | ३ | २ | २ | ४ | ७ |
| अनुहारमा मोसो लगाएको | | | | | ९ | ९ | ९ |
| **जम्मा** | | ३ | ३ | २ | ११ | १३ | १६ |
| **आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार** | | | | | | | |
| आफ्नो सम्पत्तिको अधिकार | | | | | २ | २ | २ |
| अन्य | | | | १ | | १ | १ |
| **जम्मा** | | | | १ | २ | ३ | ३ |
| **अपहरण** | | | | | | | |
| अपहरण | | | | ८ | ९ | १७ | १७ |

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| **महिला अधिकार** | | | | | | | |
| बेचबिखनको प्रयास | | | | ७ | | ७ | ७ |
| कथित बोक्सीको आरोप | | | | ३४ | | ३४ | ३४ |
| बलात्कार | | | | २४२ | | २४२ | २४२ |
| बलात्कारको प्रयास | | | | ९४ | | ९४ | ९४ |
| बहुविवाह | | | | २२२ | | २२२ | २२२ |
| महिला बेचबिखन | | | | ७२ | | ७२ | ७२ |
| घरेलु हिंसा | | | | २२०१ | | २२०१ | २२०१ |
| यौन दुर्व्यवहार | | | | ३७ | | ३७ | ३७ |
| **जम्मा** | | | | २९०९ | | २९०९ | २९०९ |
| **भूमिहीन/सुकुमबासी समस्या** | | | | | | | |
| **जम्मा** | | | | | ८ | ८ | ८ |
| **भेला/सङ्गठित हुने अधिकार** | | | | | | | |
| भेला/सङ्गठित हुने अधिकार | ३७ | १०१ | १३८ | | १ | १ | १३९ |
| लाठी चार्ज | १७ | ७६ | ९३ | | | | ९३ |
| **जम्मा** | ५४ | १७७ | २३१ | | १ | १ | २३२ |
| **जेलमा मृत्यु** | | | | | | | |
| **जम्मा** | | १ | १ | | | | १ |
| **जातीय विभेद** | | | | | | | |
| सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित | | | | १ | | १ | १ |
| अन्तरजातीय विवाह | | | | ३ | २ | ५ | ५ |
| जातीय छुवाछूत | | | | १४ | ३१ | ४५ | ४५ |
| **जम्मा** | | | | १८ | ३३ | ५१ | ५१ |
| **गिरफ्तारी** | | | | | | | |
| **जम्मा** | | ३० | ३० | | | | ३० |
| **हिरासत वा थुनामा मृत्यु** | | | | | | | |
| **जम्मा** | | २ | २ | | | | २ |
| **यातना** | | | | | | | |
| **जम्मा** | ३ | ३७ | ४० | | | | ४० |
| **कुटपिट** | | | | | | | |
| **जम्मा** | ४ | ३२ | ३६ | १९ | ६२ | ८१ | ११७ |
| **धम्की** | | | | | | | |
| **जम्मा** | | ४ | ४ | २ | ९ | ११ | १५ |
| **हत्या** | | | | | | | |
| घाँटी रेटेर | | | | २ | १ | ३ | ३ |
| घाँटी थिचेर | | | | ३ | ४ | ७ | ७ |
| घाँटी काटेर | | | | ६ | ५ | ११ | ११ |
| घन प्रहारबाट | | | | २ | | २ | २ |
| ढुङ्गाले किचेर | | | | ३ | ३ | ६ | ६ |
| बलात्कारपछि | | | | १२ | | १२ | १२ |
| दोहोरो भिडन्तमा | | १ | १ | | | | १ |
| आगो लगाएर हत्या | | | | ५ | १ | ६ | ६ |
| भीर वा डाँडाबाट खसालिएको | | | | १ | २ | ३ | ३ |
| झुण्डयाएर | | | | ५ | १ | ६ | ६ |
| विष खुवाएर | | | | ३ | ३ | ६ | ६ |
| लाठी प्रहारबाट | | | | ५ | ५ | १० | १० |
| कुटपिट गरी | | | | ७१ | ३८ | १०९ | १०९ |
| गोली हानी | १ | २ | ३ | ३ | १० | १३ | १६ |
| गाडीबाट किचाएर | | | | | १ | १ | १ |
| खुकुरी प्रहारबाट | | | | ५ | ८ | १३ | १३ |
| धारिलो हतियार प्रहारबाट | | | | २७ | २६ | ५३ | ५३ |
| हत्याको प्रकृति नखुलेको | | | | ४ | १ | ५ | ५ |
| **जम्मा** | १ | ३ | ४ | १५७ | १०९ | २६६ | २७० |
| **कुल जम्मा** | ६२ | २९६ | ३५८ | ३७९१ | ३५३ | ४१४४ | ४५०२ |

**परिशिष्ट २** पेसागत आधारमा पीडित सङ्ख्या

| पेसा | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| कृषक | १३ | १०३ | ११६ | १२५२ | १३८ | १३९० |
| सशस्त्र प्रहरी | | | | | ८ | ८ |
| उद्योग व्यवसायी | ६ | १४ | २० | ४७ | १२ | ५९ |
| जागिरे/कर्मचारी | | २ | २ | ८ | ८ | १६ |
| अशक्त अपाङ्ग व्यक्ति | | | | १ | | १ |
| इन्जिनियर | | १ | १ | | २ | २ |
| स्वास्थ्य कार्यकर्ता | | ३ | ३ | ८ | १ | ९ |
| गृहिणी | २५ | ३ | २८ | १५९५ | | १५९५ |
| मानव अधिकारकर्मी | २ | १३ | १५ | १ | | १ |
| पत्रकार | १ | १८ | १९ | १ | १२ | १३ |
| मजदुर | | १९ | १९ | १०० | २८ | १२८ |
| कानुन व्यवसायी | | | | | १ | १ |
| स्वास्थ्यकर्मी | | | | | १ | १ |
| सेना | | १ | १ | | | |
| प्रहरी | | १ | १ | | २४ | २४ |
| राजनीतिक कार्यकर्ता | १ | २१ | २२ | ४ | ९ | १३ |
| सामाजिक कार्यकर्ता | १ | | १ | ४ | १ | ५ |
| विद्यार्थी | १ | २८ | २९ | ५३६ | ७० | ६०६ |
| शिक्षक | | | | ८ | ७ | १५ |
| नाबालक | | | | २३ | ५ | २८ |
| नखुलेको | १२ | ६९ | ८१ | २०३ | २६ | २२९ |
| जम्मा | ६२ | २९६ | ३५८ | ३७९१ | ३५३ | ४१४४ |

**परिशिष्ट ३**

## पूर्वाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | ५ | ५ | २ | १० | १२ |
| बाल अधिकार | | | | १५७ | ९ | १६६ |
| अमानवीय व्यवहार | | | | १ | | १ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | १ | १ | २ |
| अपहरण | | | | २ | ३ | ५ |
| महिला अधिकार | | | | ८०६ | | ८०६ |
| भेला/सङ्गठित हुने अधिकार | | | | | १ | १ |
| जातीय विभेद | | | | २ | १ | ३ |
| गिरफ्तारी | | ४ | ४ | | | |
| यातना | | ४ | ४ | | | |
| कुटपिट | २ | ४ | ६ | ९ | २३ | ३२ |
| धम्की | | | | १ | २ | ३ |
| हत्या | १ | २ | ३ | ३० | ३२ | ६२ |
| जम्मा | ३ | १९ | २२ | १०११ | ८२ | १०९३ |

## परिशिष्ट ४ मध्यमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | २ | २ | ३ | २३ | २६ |
| बाल अधिकार | | | | २५२ | १४ | २६६ |
| अमानवीय व्यवहार | | | | | २ | २ |
| अपहरण | | | | ५ | २ | ७ |
| महिला अधिकार | | | | ८८३ | | ८८३ |
| भेला/सङ्गठित हुने अधिकार | ३६ | ७३ | १०९ | | | |
| जातीय विभेद | | | | ४ | ३ | ७ |
| गिरफ्तारी | | २ | २ | | | |
| हिरासत वा थुनामा मृत्यु | | १ | १ | | | |
| यातना | १ | ६ | ७ | | | |
| कुटपिट | १ | ७ | ८ | ५ | १४ | १९ |
| धम्की | | ३ | ३ | १ | | १ |
| हत्या | | १ | १ | ४६ | ३५ | ८१ |
| जम्मा | ३८ | ९५ | १३३ | ११९९ | ९३ | १२९२ |

## परिशिष्ट ५ पश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | २२ | २३ |
| बाल अधिकार | | | | १३३ | १२ | १४५ |
| अमानवीय व्यवहार | | | | | १ | १ |
| आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार | | | | | १ | १ |
| अपहरण | | | | १ | २ | ३ |
| महिला अधिकार | | | | ४०४ | | ४०४ |
| भूमिहीन/सुकुमबासी समस्या | | | | | ८ | ८ |
| भेला/सङ्गठित हुने अधिकार | १३ | ६२ | ७५ | | | |
| जातीय विभेद | | | | ३ | ९ | १२ |
| गिरफ्तारी | | ९ | ९ | | | |
| कुटपिट | | ७ | ७ | १ | ६ | ७ |
| धम्की | | | | | १ | १ |
| हत्या | | | | २४ | ३० | ५४ |
| जम्मा | १३ | ७८ | ९१ | ५६७ | ९२ | ६५९ |

## परिशिष्ट ६ मध्यपश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| घाइते | | | | १ | २ | ३ |
| बाल अधिकार | | | | ९२ | १७ | १०९ |
| अमानवीय व्यवहार | | ३ | ३ | १ | ३ | ४ |
| अपहरण | | | | | २ | २ |
| महिला अधिकार | | | | ४२३ | | ४२३ |
| भेला/सङ्गठित हुने अधिकार | | २२ | २२ | | | |
| जेलमा मृत्यु | | १ | १ | | | |
| जातीय विभेद | | | | ७ | १३ | २० |
| गिरफ्तारी | | ६ | ६ | | | |
| हिरासत वा थुनामा मृत्यु | | १ | १ | | | |
| यातना | २ | २७ | २९ | | | |
| कुटपिट | १ | १३ | १४ | ४ | १९ | २३ |
| धम्की | | १ | १ | | ६ | ६ |
| हत्या | | | | ४५ | ७ | ५२ |
| जम्मा | ३ | ७४ | ७७ | ५७३ | ६९ | ६४२ |

## परिशिष्ट ७ सुदूरपश्चिमाञ्चल : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

| घटनाको प्रकार | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| बाल अधिकार | | | | ३४ | | ३४ |
| अमानवीय व्यवहार | | | | | ५ | ५ |
| महिला अधिकार | | | | ३९३ | | ३९३ |
| भेला/सङ्गठित हुने अधिकार | ५ | २० | २५ | | | |
| जातीय विभेद | | | | २ | ७ | ९ |
| गिरफ्तारी | | ९ | ९ | | | |
| कुटपिट | | १ | १ | | | |
| हत्या | | | | १२ | ५ | १७ |
| जम्मा | ५ | ३० | ३५ | ४४१ | १७ | ४५८ |

## परिशिष्ट ८ नेपाल- पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

| घटनाको प्रकार | Jan | Feb | Mar | Apr | May | Jun | Jul | Aug | Sep | Oct | Nov | Dec | Total |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अपहरण | | | ३ | ४ | २ | १ | २ | १ | १ | २ | १ | | १७ |
| गिरफ्तारी | | १ | २ | १ | ३ | ३ | ६ | १ | | | ४ | ९ | ३० |
| कुटपिट | १८ | ७ | ५ | ८ | १२ | ५ | १० | ७ | १० | ९ | ७ | १९ | ११७ |
| बाल अधिकार | ५७ | ६८ | ६८ | ९२ | ६५ | ५३ | ६४ | ६० | ६६ | ६१ | ३९ | २७ | ७२० |
| हिरासत वा थुनामा मृत्यु | | | १ | | १ | | | | | | | | २ |
| जेलमा मृत्यु | | १ | | | | | | | | | | | १ |
| आर्थिक/सामाजिक/ सांस्कृतिक अधिकार | १ | | २ | | | | | | | | | | ३ |
| अमानवीय व्यवहार | | १ | ३ | २ | २ | ४ | १ | २ | | १ | | | १६ |
| घाइते | ७ | ९ | २ | २ | ९ | | २ | २ | १ | २ | १४ | २१ | ७१ |
| हत्या | २१ | २४ | १६ | २८ | २२ | ११ | २९ | ३६ | १६ | २८ | २२ | १७ | २७० |
| भूमिहीन/सुकुमबासी समस्या | | | | | | | | | | ८ | | | ८ |
| जातीय विभेद | ३ | ६ | ५ | २ | १ | २ | २ | ६ | २ | ९ | ५ | ८ | ५१ |
| भेला/सङ्गठित हुने अधिकार | ६ | १० | ५ | ५ | २ | | ४ | | ५३ | | ७६ | ७१ | २३२ |
| धम्की | | १ | १ | | | २ | ३ | २ | ४ | १ | १ | | १५ |
| यातना | | ५ | ५ | ५ | ६ | ३ | १ | ३ | १ | १ | १० | | ४० |
| महिला अधिकार | ३२४ | ३२६ | ३३१ | २८१ | २१२ | २३६ | २३९ | २८४ | २१० | १८७ | १७१ | १०८ | २९०९ |
| जम्मा | ४३७ | ४५९ | ४४९ | ४३० | ३३७ | ३२० | ३६३ | ४०४ | ३६४ | ३०९ | ३५० | २८० | ४५०२ |

## परिशिष्ट ९ भौतिक संरचना क्षति

| घटनाको प्रकार | जम्मा |
|---|---|
| राजनीतिक पार्टी कार्यालय | १ |
| एम्वुलेन्स | १ |
| सरकारी सवारी साधानहरू | १ |
| सरकारी कार्यालयहरू | १ |
| दूरसञ्चार टावर | ३ |
| नीजि सवारीसाधन | २१ |
| निजी सम्पत्ति | १ |
| निजी कार्यालय | १ |
| विद्यालय | ६ |
| गैर सरकारी संस्था | १ |
| जम्मा | ३७ |

## परिशिष्ट १० जातजातिका आधारमा पीडित सङ्ख्या

| जातजाति | राज्यपक्षबाट | | | गैरराज्यपक्षबाट | | |
|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| सन्यासी | | ४ | ४ | २९ | १ | ३० |
| ब्राम्हण | १३ | ७८ | ९१ | ३९५ | ४९ | ४४४ |
| वैश्य | | | | ८ | | ८ |
| बनिया | | १ | १ | ८ | २ | १० |
| दलित | ९ | २२ | ३१ | ६७७ | ६९ | ७४६ |
| आदिवासी | १ | | १ | ४६ | | ४६ |
| मण्डल | २ | ६ | ८ | १३२ | ५ | १३७ |
| मुस्लिम | १ | १ | २ | १५४ | २२ | १७६ |
| नेवार | | २ | २ | ३२ | १ | ३३ |
| जनजाति | २५ | ६१ | ८६ | ८७३ | ८५ | ९५८ |
| क्षेत्री | ११ | ८९ | १०० | ७६८ | ५८ | ८२६ |
| कोइरी | | २ | २ | ४२ | ८ | ५० |
| कायस्थ | | | | १ | | १ |
| तेली | | ७ | ७ | ९२ | ८ | १०० |
| गोडिया | | १ | १ | १ | १ | २ |
| यादव | | ८ | ८ | १४५ | २३ | १६८ |
| नखुलेको | | १४ | १४ | ३८८ | २१ | ४०९ |
| जम्मा | ६२ | २९६ | ३५८ | ३७९१ | ३५३ | ४१४४ |

## परिशिष्ट ११ सन् २०१६ मा जेलमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

| क.सं. | जिल्ला | श्रेणी | जेलको क्षमता | सन् २०१६ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या | | | | | आश्रित | | जेलमा मृत्यु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | थुनुवा | कैदी | जम्मा | पुरुष | महिला | बालक | बालिका | |
| १.१ | झापा | ग | ३०० | ३९१ | ४६४ | ८५५ | ७९२ | ६३ | २ | १ | |
| १.२ | इलाम | ग | ४५५ | ३२ | २१५ | २४७ | २२७ | २० | १ | | |
| १.३ | पाँचथर | ङ | ६५ | १४ | १०१ | ११५ | १०५ | १० | २ | १ | |
| १.४ | ताप्लेजुङ | ङ | ५० | १५ | ७० | ८५ | ७६ | ९ | १ | | |
| १.५ | मोरङ | ग | ३०० | ३६८ | ३३५ | ७०३ | ६४४ | ५९ | ४ | | |
| १.६ | सुनसरी | ख | १५०० | ३९६ | ११७१ | १५६७ | १५६७ | | | | १२ |
| १.७ | धनकुटा | ङ | ४० | १७ | ५५ | ७२ | ६६ | ६ | १ | | |
| १.८ | तेह्रथुम | ङ | ३० | १५ | ७० | ८५ | ७६ | ९ | १ | | |
| १.९ | भोजपुर | ग | २५ | १५ | ७६ | ९१ | ८३ | ८ | | | |
| १.१० | सङ्खुवासभा | ङ | ५० | १४ | ८१ | ९५ | ८६ | ९ | १ | | |
| १.११ | सप्तरी | घ | १५५ | १५२ | १७७ | ३२९ | ३०९ | २० | १ | १ | |
| १.१२ | सिरहा | घ | १५० | १५४ | २१० | ३६४ | ३४३ | २१ | | | १ |
| १.१३ | उदयपुर | ङ | ४० | ४५ | ८५ | १३० | १२६ | ४ | | | |
| १.१४ | खोटाङ | ङ | १२६ | २० | ७८ | ९८ | ९० | ८ | ४ | | |
| १.१५ | ओखलढुङ्गा | ङ | ३० | १२ | ४१ | ५३ | ४४ | ९ | १ | १ | |
| १.१६ | सोलुखुम्बु | ङ | २५ | ८ | ७७ | ८५ | ७९ | ६ | | | |
| २.१ | धनुषा | जेल नभएको | | | | | | | | | |
| २.२ | महोत्तरी | ग | २०० | २०२ | १५४ | ३५६ | ३२० | ३६ | ३ | २ | |
| २.३ | सर्लाही | घ | निमाणधीन अवस्थामा रहेको | | | | | | | | |
| २.४ | सिन्धुली | ङ | ५० | २७ | ७५ | १०२ | ९७ | ५ | | | |
| २.५ | रामेछाप | ङ | १०० | ३१ | १९९ | २३० | २२० | १० | | | |
| २.६ | दोलखा | ङ | ३६ | १८ | ५३ | ७१ | ७१ | | | | |
| २.७ | रौतहट | घ | १०० | ६५ | ८९ | १५४ | १४८ | ६ | | | |
| २.८ | बारा | जेल नभएको | | | | | | | | | |
| २.९ | पर्सा | ख | १००० | ५७९ | ६४४ | १२२३ | ११३५ | ८८ | ६ | २ | |
| २.१० | चितवन | घ | २२५ | २०२ | ३७१ | ५७३ | ५१९ | ५४ | २ | | |
| २.११ | मकवानपुर | घ | ३३५ | २४५ | ३६३ | ६०८ | ६०८ | | | | |
| २.१२ | ललितपुर | ग | २५० | २४६ | २४२ | ६८८ | ६८८ | | | | |
| २.१३ | काभ्रे | ङ | ७५ | ११८ | १२८ | २४६ | २४६ | | | | |
| २.१४ | भक्तपुर | बालसुधार गृह | १५० | ५० | ९२ | १४२ | | | १३८ | ४ | |
| २.१५ | काठमाडौँ | क | १५०० | १०९६ | १३६५ | २४६१ | २१४२ | ३१९ | | | |
| २.१५ | काठमाडौँ,डिल्लीबजार | ख | ३०० | २०६ | ३६१ | ५६७ | ५६७ | | | | |
| २.१६ | धादिङ | ग | ५५ | ५६ | १४९ | २०५ | १८५ | २० | | | |
| २.१७ | सिन्धुपाल्चोक | ङ | १५० | | | | | | | | |
| २.१८ | नुवाकोट | ङ | ८० | ६६ | ११४ | १८० | १६४ | १६ | | | |
| २.१९ | रसुवा | ङ | ५० | ७४ | १९ | ९३ | ८७ | ६ | | | |
| ३.१ | तनहुँ | घ | ५५ | ५० | ५६ | १०६ | १०६ | | | | |
| ३.२ | गोरखा | ङ | ५० | १४ | ८५ | ९९ | ९६ | ३ | | | |
| ३.३ | लमजुङ | घ | ३५ | | ६२ | ६२ | ५७ | ५ | | | |

| क्र.सं. | जिल्ला | श्रेणी | जेलको क्षमता | सन् २०१६ को अन्त्यमा जेलमा रहेकाहरूको सङ्ख्या | | | | | आश्रित | | जेलमा मृत्यु |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | थुनुवा | कैदी | जम्मा | पुरुष | महिला | बालक | बालिका | |
| ३.४ | स्याङ्जा | ङ | ५० | ३८ | ७२ | ११० | १०३ | ७ | | | |
| ३.५ | कास्की | घ | २२५ | १७७ | ३६३ | ५४० | ४८७ | ५३ | २ | | |
| ३.६ | मनाङ | श्रेणीविहीन | ६ | | ९ | ९ | ९ | | | | |
| ३.७ | नवलपरासी | ङ | ३५ | १२० | २३४ | ३५४ | ३०४ | ५० | २ | ३ | |
| ३.८ | रुपन्देही | ख | १५० | २०६ | २०२ | ४०८ | ४०८ | | | | |
| ३.९ | पाल्पा | ग | २७५ | २३ | २६१ | २८४ | २२० | ६४ | २ | १ | |
| ३.१० | कपिलवस्तु | घ | १०० | ३३ | १२७ | १६० | १६० | | १ | | |
| ३.११ | अघाखाँची | ङ | २५ | ८ | २४ | ३२ | ३२ | | | | |
| ३.१२ | गुल्मी | ङ | २५ | ९ | ५५ | ६४ | ५७ | ७ | | १ | |
| ३.१३ | वाग्लुङ | घ | ५० | १८ | ६३ | ८१ | ७० | ११ | १ | | |
| ३.१४ | पर्वत | ङ | ४० | १२ | ६२ | ७४ | ६७ | ७ | | | |
| ३.१५ | म्याग्दी | ङ | २५ | १० | ६७ | ७७ | ७६ | १ | | | |
| ३.१६ | मुस्ताङ | ङ | २५ | | ६ | ६ | ५ | १ | | | |
| ४.१ | दाङ, घोराही | ङ | ७० | ६० | १५० | २१० | २१० | | | | |
| ४.१ | दाङ, तुलीपुर | घ | १०० | | १८९ | १८९ | १७० | १९ | २ | | |
| ४.२ | प्युठान | ङ | २५ | ११ | ६१ | ७२ | ५८ | १४ | २ | २ | |
| ४.३ | रोल्पा | ङ | ५० | १५ | ७७ | ९२ | ८० | १२ | | | |
| ४.४ | सल्यान | ङ | ३५ | २१ | ५६ | ७७ | ६१ | १६ | २ | | |
| ४.५ | रुकुम | ङ | ३५ | १४ | ५८ | ७२ | ६४ | ८ | १ | १ | |
| ४.६ | बाँके | ग | १५० | २०६ | ४०९ | ६१५ | ५६७ | ४८ | ६ | | |
| ४.७ | बर्दिया | घ | १५० | ४५ | २०३ | २४८ | २३५ | १३ | | १ | |
| ४.८ | सुर्खेत | ङ | ५० | ५८ | ११५ | १७३ | १५५ | १८ | १ | ३ | |
| ४.९ | जाजरकोट | ग | १० | १ | ४५ | ४६ | ४६ | | | | |
| ४.१० | दैलेख | ङ | २५ | २९ | १२५ | १५४ | १४६ | ८ | | २ | |
| ४.११ | डोल्पा | ङ | २० | ३ | १३ | १६ | १६ | | | | |
| ४.१२ | जुम्ला | ङ | १० | २६ | १७ | ४३ | ३७ | ६ | | | |
| ४.१३ | कालिकोट | ङ | २५ | २ | ३७ | ३९ | ३९ | | १ | | |
| ४.१४ | मुगु | ङ | २५ | ३ | ४ | ७ | ५ | २ | | | |
| ४.१५ | हुम्ला | ङ | २० | | १ | १ | १ | | | | |
| ५.१ | कैलाली | घ | १२५ | ९० | ३०० | ३९० | ३६९ | २१ | ३ | | |
| ५.२ | अछाम | ङ | १२० | २ | ३१ | ३३ | २९ | ४ | | | |
| ५.३ | डोटी | ङ | २५ | ३ | ३१ | ३४ | ३३ | १ | १ | | |
| ५.४ | बाजुरा | ङ | २५ | ९ | २४ | ३३ | ३३ | | | | |
| ५.५ | बझाङ | ङ | २५ | १५ | ४१ | ५६ | ५६ | | | | |
| ५.६ | कञ्चनपुर | घ | ७५ | ७० | १८४ | २५४ | २४१ | १३ | २ | | |
| ५.७ | डडेल्धुरा | ङ | २४ | ४ | ३८ | ४२ | ४२ | | | | |
| ५.८ | बैतडी | ङ | २५ | १ | ४७ | ४८ | ४८ | | | | |
| ५.९ | दार्चुला | ङ | ६५ | ४ | ३७ | ४१ | ४० | १ | | | |
| | **जम्मा** | | १०४७७ | ६३५९ | ११९६५ | १८३२४ | १६९४८ | १२३४ | १९७ | २६ | १३ |

## अनुसूची ३

# सन् २०१६ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

### नेपाली कङ्ग्रेस

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा सन् १९९२ देखि हालसम्म निरन्तररूपमा नेपालको मानव अधिकार स्थितिको वार्षिक आकलन गरी 'नेपाल मानव अधिकार वर्ष पुस्तक' प्रकाशित गरी मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा पुऱ्याउँदै आएका निरन्तर योगदानको नेपाली कङ्ग्रेस हार्दिक सराहना गर्छ। मानव अधिकार उल्लङ्घनका घटना न्यूनीकरणमा यो प्रकाशनले पक्कै पनि सकारात्मक भूमिका निर्वाह गर्दै आएको छ।

सन् २०१६ मा मुलुकको मानव अधिकार स्थिति पूर्णत: सन्तोषजनक रह्यो भन्न सकिने अवस्था रहेन। शान्ति क्षेत्रका रूपमा रहेको विद्यालय परिसरमा बम बिष्फोट गराउने तथा अवोध बालबालिकाको मानसपटलमा दीर्घकालीनरूपमा भय र त्रास उत्पन्न गराउने कार्य जारी रहे। काठमाडौँको जारपाटी, बौद्ध र ललितपुरका विद्यालयमा बम बिष्फोट घटना गराइए। ताहाचलमा स्कुल बसमा आगजनी गरी सिङ्गो शिक्षा क्षेत्र नै आतङ्कित र भयभित गराउने कार्य भयो।

यसैगरी, तत्कालीन सत्तासीन दल नेकपा (एमाले) तथा नेकपा (माओवादी केन्द्र) का कार्यकर्ताद्वारा विगतका वर्षमा जस्तै सन् २०१६ मा पनि नेपाली कङ्ग्रेसका स्थानीय नेता तथा कार्यकर्तामाथि साङ्घातिक आक्रमण, कुटपिट गरी सख्त घाइते तथा भौतिक संरचना (घर, गोठ, पसल) मा आगजनी गरी क्षति पुऱ्याउने आपराधिक कार्य पनि जारी नै रहे। नेपाली कङ्ग्रेस खोटाङ क्षेत्र नं. २ का सभापति तीर्थराज भट्टराईको चिउरीडाँडास्थित घरमा २०७३ जेठ २६ गते अज्ञात समूहद्वारा पेट्रोल छर्केर आगजनी गरी क्षति पुऱ्याइयो। यसैगरी नेपाली कङ्ग्रेस प्युठान क्षेत्र नं. २ का सभापति सरोज थापा (रोज राणा) माथि २०७३ साउन ३१ गते नयाँ बानेश्वरमा अज्ञात समूहद्वारा खुकुरी प्रहार गरी गम्भीर घाइते बनाइयो। नेपाली कङ्ग्रेस रुकुम सचिव भीमबहादुर खड्कामाथि रुघाको एक कार्यक्रमलाई सम्बोधन गरिरहका समयमा २०७३ वैशाख १ गते नेकपा माओवादी केन्द्र का कार्यकर्ता (वाइसिएल) द्वारा उहाँमाथि साङ्घातिक आक्रमण गरी मञ्च तथा माइक तोडफोडसमेत गरियो।

यस वर्ष उद्योग/व्यवसाय क्षेत्र पनि आतङ्कमुक्त रहन सकेन। उद्योगपति एवम् केडिया अर्गनाइजेसनका कार्यकारी निर्देशक सुरेशकुमार केडियाको सवारी चालकमाथि गोली प्रहार गरी सख्त घाइते पारी २०७३ जेठ १३ गते बाराको कलैयाबाट उहाँलाई अपहरण गरियो। जबर्जस्ती चन्दा माग्ने उद्योगी/व्यवसायीलाई डर, धाक, धम्की दिई आतङ्कित पार्ने गतिविधि पनि जारी रहे।

समग्रमा, लोकतान्त्रिक मूल्य, मान्यता र संस्कारसँग अभ्यस्त हुने आदत बनाउन बाँकी रहेका र मानव अधिकारको संरक्षण र सम्बर्द्धनलाई उच्च महत्व दिनुपर्ने दायित्व र जिम्मेवारलाई पूर्णत: आत्मसात गरिनसकेका प्रवृत्तिबाट मानव अधिकार संरक्षणको सकारात्मक सूचकाङ्कको अपेक्षा गर्न अझ केही समय पर्खिनुपर्ने आभास भएको छ। मानव अधिकार संरक्षण सूचकाङ्क वृद्धिका लागि मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा निरन्तर काम गरिरहेको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लगायतका सङ्घ/संस्थाको महत्वपूर्ण भूमिका रहने विश्वास नेपाली कङ्ग्रेसले लिएको छ।

**कृष्णप्रसाद पौडेल**
मुख्य सचिव

### नेकपा (एमाले)

१. असोज २०७२ मा जनताको प्रतिनिधिमूलक संस्था संविधान सभाबाट लोकतान्त्रिक विधि, सहभागितामूलक पद्धति र समावेशी अभ्यासद्वारा नेपालको संविधान जारी भएसँगै राजनीतिक स्थिरता, दिगो शान्ति र आर्थिक समृद्धिको मार्ग प्रशस्त भएको छ। सङ्घीय लोकतान्त्रिक शासन व्यवस्था संस्थागत भएको

छ। संविधानमा सारभूत समानताको प्रत्याभूति गर्दै सबैका लागि मानव सम्मान, पहिचान र अवसर प्रवर्द्धन गरिएको छ। सबैखालका विभेद र असमानता अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा विविध भौगोलिक विशेषता आत्मसात गरिएको छ। यसरी २०६३ सालमा सुरु शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउँदै आर्थिक, सामाजिक तथा सांस्कृतिक रूपान्तरणको प्रक्रिया सुरु भएको छ।

२. नेपाल प्रमुख नौ वटा महासन्धिमध्ये सातवटा महासन्धिसहित ३९ वटा मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको अनुमोदन गरी पक्ष राष्ट्र भएको छ। महासन्धिहरूको अनुमोदनपश्चात् तिनलाई स्थानीयकरण (डोमेस्टिकेसन) गर्न कानुन, नीति तथा कार्ययोजना तर्जुमा गरिएका छन्। तथापि तिनको कार्यान्वयन पक्ष कमजोर छ। महासन्धि अनुमोदन गरेपछि सरकारले तोकिएको अवधिमा आवधिक प्रतिवेदनहरू बुझाउनुपर्ने दायित्व नियमित हुन सकेको देखिँदैन।

३. नेपाल सरकारले चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना (२०७१/२०७२–२०७५/२०७६) लागु गरेको छ। मानव अधिकार राष्ट्रिय कार्ययोजनाले शिक्षा, स्वास्थ्य, पोषण तथा जनसङ्ख्या, श्रम तथा रोजगार, कानुनी सुधार, वातावरण र दिगो विकास, महिला, बालबालिका, अपाङ्गता, ज्येष्ठ नागरिक, खाद्य सुरक्षा, सङ्क्रमणकालीन न्याय र द्वन्द्वपीडित, मानव अधिकार शिक्षा, समावेशी विकास, आवास, सामाजिक सेवा र सुरक्षालगायत १८ वटा प्राथमिकता क्षेत्रलाई समेटेको छ। यस कार्ययोजनाको प्रभावकारी कार्यान्वयन हुन सकेमा खासगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार तथा समानता र भेदभावविरुद्धको अधिकार संरक्षणमा महत्त्वपूर्ण उपलब्धि हासिल हुने देखिन्छ।

४. नेपालको संविधानले वैयक्तिक स्वतन्त्रताको अधिकारलाई मौलिक अधिकारका रूपमा स्थापित गरेको छ। एक दशक लामो सशस्त्र द्वन्द्वको अन्त्य एवम् विभिन्न सशस्त्र समूहसँग भएको सकारात्मक वार्ताका कारण व्यक्ति हत्या, ज्यान मार्ने धम्कीलगायतका घटनामा उल्लेख्य कमी आएको पाइएको छ। यद्यपि तराई-मधेसमा भएका प्रदर्शनका क्रममा आन्दोलनकारीका तर्फबाट सुरक्षाकर्मी, घाइते र बालबालिकाको हत्या जस्ता अत्यन्त दर्दनाक घटना हुनु र सुरक्षाकर्मीको कारबाहीमा पनि कतिपय निर्दोषको मृत्यु हुनु, प्रहरी हिरासतमा मृत्यु र प्रहरीसँग भिडन्तमा मृत्यु जस्ता घटनाबाट मानिसको बाँच्न पाउने अधिकार हननका घटना अझै पनि भइरहेको पाइन्छ।

५. नेपालको संविधानमा स्वतन्त्रपूर्वक पेशा/व्यवसाय गर्ने, देशभित्र र बाहिर आवत-जावत गर्ने, बसोबास गर्ने, सङ्घ/संस्था खोल्ने र त्यसमा आबद्ध हुने, बिनाहातहतियार शान्तिपूर्वक भेला हुने तथा प्रदर्शन गर्ने, अभिव्यक्तिलगायतका विभिन्न स्वतन्त्रता प्रदान गरिएको छ। मूलतः संविधान र कानुनले स्वतन्त्रता तथा सुरक्षाको अधिकार प्रदान गरेको भए पनि लामो सङ्क्रमणकाल एवम् राजनीतिक अस्थिरताका कारण त्यसको प्रचलनमा व्यापक अवरोध छन्। राजनीतिक दल एवम् विभिन्न समूहबाट पटक-पटक आयोजना हुने बन्द/हड्तालजस्ता कार्यक्रमबाट यस्ता स्वतन्त्रता प्रभावित भएका छन्। बन्द/हड्तालका क्रममा जबर्जस्ती सवारी साधन, कलकारखाना, शैक्षिक संस्था, बजार बन्द गराउने, बन्द अवज्ञा गरेको भनी सवारी साधन, पसल, कलकारखाना र सरकारी कार्यालयसमेत तोडफोड तथा आगजनी गर्ने जस्ता कार्यले पेशाको स्वतन्त्रता एवम् सुरक्षाको अधिकार प्रचलनमा अवरोध सिर्जना गरेका छन्। यस्ता बन्दमा एम्बुलेन्स जस्ता अत्यावश्यकीय सेवा र सञ्चार-माध्यम एवम् मानव अधिकारकर्मीमाथि समेत अवरोध र आक्रमण भएका घटनाले स्वतन्त्रता तथा सुरक्षाको अधिकार उल्लङ्घनको गम्भीर अवस्थालाई इङ्गित गर्छन्। प्रदर्शनकारीले निषेधित क्षेत्रमा प्रदर्शन गर्ने र कतिपय अवस्थामा लाठीलगायत घरेलु हतियारसहित प्रदर्शन गर्ने, ढुङ्गामुढा तथा आगजनी गर्ने जस्ता कार्य भएका छन्। सुरक्षाकर्मी र आन्दोलनरत पक्षबाट सञ्चारकर्मी, मानव अधिकारकर्मी तथा महिलामाथि दुर्व्यवहार भएका एवम् समुदायलाई होच्याउने भाषाको साथै अपशब्द प्रयोग गरेको पाइएको छ।

प्रदर्शनकारीले सुरक्षार्थ खटिएका प्रहरीमाथि लाठी र ढुङ्गा प्रहार गर्ने, गालीगलौज गर्ने जस्ता कार्य गरेको पाइएको छ। यस्ता प्रदर्शनमा बालबालिकाको प्रयोग वा सहभागिताले उनीहरूको सुरक्षामा गम्भीर असर परेको छ। लामो दूरीको यात्रामा निस्किएका यात्रु, बिरामी, अपाङ्गता भएका व्यक्ति बन्द/हड्ताल जस्ता कार्यक्रमबाट बढी मात्रामा प्रभावित हुन पुगेका छन्। यात्रु चढेका सवारी साधनमाथि आक्रमण हुँदा बन्द/हड्तालको समयमा यात्रा जोखिमपूर्ण हुने गरेको पाइएको छ।

६. विस्तृत शान्ति-सम्झौताबमोजिम सत्य अन्वेषण, छानबिनसहित पीडितलाई परिपूरणसहितको न्याय प्रदान गर्ने कार्य अझै बाँकी छ। सशस्त्र द्वन्द्वका क्रममा हत्या, अङ्गभङ्ग, बलपूर्वक बेपत्ता, अपहरण, यातना तथा कुटपिट, यौनजन्य हिंसा, सम्पत्ति कब्जा एवम् नष्ट तथा बलपूर्वक विस्थापनलगायतका घटनाबाट पीडित व्यक्तिले शान्ति सम्झौता भएको १० वर्ष बितिसक्दा पनि न्याय एवम् परिपूरण प्राप्त गर्न सकेका छैनन्। बलपूर्वक बेपत्ता पारिएका व्यक्तिको छानबिन एवम् सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी ऐन २०७१ पारित भई सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता व्यक्तिको छानबिन आयोग गठन भई छानबिन कार्य अघि बढेको भए पनि पीडित पक्षलाई न्याय दिलाउन सकिएको छैन। ऐनमा रहेका केही प्रावधानबाट पीडितलाई न्याय प्रदान गर्ने कुरा सुनिश्चित हुन नसकेका कारण पीडितहरूको तर्फबाट सर्वोच्च अदालतमा दायर भएको रिटमाथि अदालतले त्यस्ता प्रावधान खारेज गरिदिएको छ। यस सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले समेत नेपाल सरकारलाई विभिन्न मितिमा सुझाव दिएको थियो। सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन र संयन्त्रहरू निर्माण भए पनि देशमा विद्यमान दण्डहीनताको अवस्थाका कारण पीडितहरू न्याय पाउने कुरामा अझै पनि आश्वस्त हुन सकेका छैनन्।

७. नेपालमा सन् २००५ मा २२ दशमलव ५ प्रतिशत भोकमरी रहेकामा सन् २०१४ मा आइपुग्दा घटेर ६ दशमलव ४ मा पुगेको तथ्याङ्कले देखाए पनि विश्व भोकमरी सूचकको विश्लेषणबमोजिम नेपाल ४४औँ नम्बरमा छ। मुलुकमा खाद्य अपर्याप्तता १५ दशमलव ७ प्रतिशत छ। बाजुरा, बझाङ, दार्चुला, मुगु, रौतहट, डोल्पा, जुम्लासहितका जिल्लामा पर्याप्त खाद्यान्नको व्यवस्था हुन नसकेको देखिएको छ। चेपाङ, राउटे, मुसहर, दलित, वादी, हलिया, बोटे समुदाय बर्सेनि भोकमरीबाट अत्यधिकरूपमा पीडित भइरहेका छन्। अत्यधिक विषादीको प्रयोग, उपभोग्य वस्तुहरूमा हुने गरेको मिसावट र त्यसबाट स्वास्थ्यमा पर्न सक्ने तत्कालीन र दीर्घकालीन असरले उपभोक्ताको स्वास्थ्यसम्बन्धी अधिकार गम्भीररूपमा प्रभावित हुन पुगेको अवस्था छ। चाडपर्वमा दाल, चिनी, चामल, तरकारी, फलफूल, तेल दूध, पानी, मिठाइ, मासु, औषधिजस्ता दैनिक उपभोग्य वस्तुहरूको मूल्य वृद्धि र बढी मिसावट हुने गरेको पाइएको छ। नापतौलमा कमी हुने गरेको, उपभोग्य वस्तुहरूको खरिद तथा बिक्री मूल्य पारदर्शी नभएको अवस्था छ। आपूर्ति व्यवस्थित हुन नसकेको, गुणस्तर मापदण्डअनुरूप नभएको तथा प्रभावकारी अनुगमन र नियमन हुन नसक्दा आमनागरिकको खाद्य अधिकार प्रभावित हुन पुगेको छ। दलित, सीमान्तकृत, जोखिममा रहेका समुदाय, पिछडिएको वर्ग र कर्णाली तथा सुदूरपश्चिम क्षेत्रको गरिबी दर उच्च छ।

८. नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा प्रत्याभूत गर्दै प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म नि:शुल्क शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ। प्रत्येक समुदायलाई आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र सम्पदाको संरक्षण र सम्बर्द्धन गर्ने हक प्रत्याभूत गरिएको छ। नेपालको साक्षरता दरमा क्रमिक सुधार भइरहेको छ। यद्यपि विद्यालय छाड्ने दर उच्च देखिन्छ। मातृभाषामा प्राथमिक शिक्षा सञ्चालन गर्न बहुभाषिक शिक्षा निर्देशिका, २०६६ जारी भए पनि समस्या विद्यमान छन् । शिक्षालाई अनिवार्य र नि:शुल्क बनाउने सरकारी नीति व्यवहारत: लागु हुन सकेको छैन। शिक्षा

बजेटको अत्यधिक हिस्सा शिक्षक तलब/भत्तामै खर्च हुने गरेको छ। उचित व्यवस्थापन र अनुगमनमा कमी एवम् जवाफदेहिताको अभावजस्ता कारणबाट सरकारी विद्यालयमा गुणस्तरीय शिक्षाको अभावमा विद्यार्थी महँगो शुल्क तिरी निजी विद्यालयतर्फ जान बाध्य छन्।

९. संविधानमा प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा नि:शुल्करूपमा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ। राज्यका नीतिअन्तर्गत जनताको शिक्षा, स्वास्थ्यजस्ता आधारभूत कुराहरूको विकास गरी जनसाधारणको जीवनस्तर वृद्धि गर्ने उल्लेख छ। विपन्न नागरिकलाई उपचार खर्च तथा आर्थिक सहायता कोष, २०६९ लागु गरिएको छ। राज्यले आधारभूत स्वास्थ्य सेवालाई नि:शुल्करूपमा उपलब्ध गराउने प्रतिबद्धता जनाउनु सकारात्मक पक्ष हो। परिवार नियोजन, गर्भ पतन सेवा, बाँझोपन निवारण, सुरक्षित मातृत्व, नवजात शिशुको सुरक्षा, यौनजन्य सरुवा रोग, बालबालिका र ज्येष्ठ नागरिकको स्वास्थ्य उपचार र आधारभूत खोप तथा औषधि नि:शुल्क वितरण गर्ने प्रसूति सेवालाई देशव्यापी विस्तार गर्ने कार्यक्रम रहेका छन्। मातृ मृत्युदर २८१, पाँच वर्षमुनिको बाल मृत्युदर ५४ र शिशु मृत्युदर ४६ मा झरेको छ। नेपालले मातृ र शिशु मृत्युदरमा हासिल गरेको उपलब्धि प्रशंसनीय छ। तर पनि नि:शुल्करूपमा उपलब्ध हुने भनिएका औषधि अभाव हुनु, गुणस्तरीय नहुनु, सरकारी अस्पतालमा व्यवस्थापन पक्ष कमजोर हुँदा नागरिकको पहुँच र सेवा प्रभावित हुनु, खासगरी दुर्गम तथा ग्रामीण क्षेत्रका अस्पताल तथा स्वास्थ्य संस्थामा चिकित्सक एवम् स्वास्थ्यकर्मी अभाव, स्वास्थ्य संस्थाहरूमा पूर्वाधार र सरसफाइ अभाव जस्ता चुनौती विद्यमान छन्। विभिन्न समयमा फैलने महामारीबाट मानिसले जीवन गुमाउनुपरेको अवस्था छ।

१०. सुकुमबासी, हलिया तथा वादीलगायतका सीमान्तकृत र जोखिममा रहेका समुदायका लागि आवास कार्यक्रम अपर्याप्त छ। तथापि भूकम्प, बाढी/पहिरोलगायतका प्राकृतिक प्रकोपबाट घरवारबिहीनको सङ्ख्या बढ्दो छ। २०७२ वैशाख १२ गते गएको विनाशकारी भूकम्प र त्यसपछिका पराकम्पबाट घरवारबिहीन नागरिकको सङ्ख्या एकैपटक बढ्न गएको छ। भूकम्पबाट ६ लाख ४ हजार ९ सय ३० घर पूर्णरूपमा र २ लाख ८८ हजार ८ सय ५६ वटा घर आंशिकरूपमा क्षतिग्रस्त भएको तथ्याङ्क छ। भूकम्पबाट घर गुमाएका व्यक्तिहरूको पुन:स्थापनाका लागि नेपाल सरकारले गरेको प्रतिबद्धता कार्यान्वयन हुन सकेको छैन। घर गुमाएर अस्थायी टहरा र त्रिपालमा बसोबास गरिरहेका पीडितहरूको जाडोका कारण मृत्यु भएका छन्। बालबालिका, ज्येष्ठ नागरिक, सुत्केरी महिला र बिरामीहरू बढी मात्रामा प्रभावित भएको पाइएको छ। पीडितहरू राज्यले उपलब्ध गराउन प्रतिबद्धता गरेको सुविधाबाट वञ्चित हुन पुगेको देखिएको छ। स्थानीयको भावनाअनुसार नमुना घर निर्माणतर्फ ध्यान नपुऱ्याउँदा, अनुमोदन सम्झौता जटिल हुँदा, समयमा अनुदान प्राप्त नहुँदा, सरकोकारवालाबीचको समन्वय प्रभावकारी बन्न नसक्दा भूकम्पपीडितको अवस्था दयनीय बन्न पुगेको छ। सक्कली र नक्कली पीडित छुट्याउन कठिनाइ हुँदा स्थानीय तहमा द्वन्द्व निम्तन सक्ने देखिन्छ।

११. नेपालको संविधानले रोजगारीलाई मौलिक हकका रूपमा लिई प्रत्येक नागरिकलाई पेशा र रोजगार स्वतन्त्रताको व्यवस्था गरेको छ। तथापि मुलुकमा बेरोजगारी दर ४६ प्रतिशत छ। सहकारी संस्थाहरूले रोजगारीका अवसर सिर्जना गर्न सहयोग पुऱ्याएका भए पनि रोजगारीको सुरक्षा र न्यूनतम पारिश्रमिकसम्बन्धी समस्या व्यापक छन्। नेपाल सरकारले लागु गरेको युवा स्वरोजगार कार्यक्रम पनि राजनीतीकरणका कारण प्रभावकारी हुन सकेको छैन। लामो सङ्क्रमणकाल र राजनीतिक अस्थितरता जस्ता कारणबाट लगानीको वातावरण नहुनु एवम् ग्रामीण क्षेत्रमा वित्तीय संस्थाहरूको पहुँच अभावका कारण लगानीको वातावरणको अभावमा रोजगारीका अवसर बढ्न सकेका छैनन्। निजी क्षेत्रमा रोजगारीको सुरक्षा कमजोर छ। बेरोजगार भत्ता उपलब्ध गराउने प्रतिबद्धता कार्यान्वयन भएको छैन। रोजगारीको अभावका

कारण युवा जनशक्ति वैदेशिक रोजगारीका लागि विदेशिने क्रम बढ्दै गएको छ। अनौपचारिक क्षेत्रमा कार्यरत मजदुरको अवस्था अझ दयनीय छ। श्रमिकको सेवा/सुविधा न्यून छ र सरकारले तोकेको न्यूनतम पारिश्रमिकसम्बन्धी व्यवस्था पूर्णत: लागु भएको छैन। समान कामका लागि महिला र पुरुषबीच ज्यालामा अझै पनि विभेद कायमै छ।

१२. खाद्य तथा पेय पदार्थ जस्ता दैनिक उपभोग्य वस्तु तथा सेवा क्षेत्रमा अत्यधिक विसङ्गति छ। सहज आपूर्ति र खाद्य सुरक्षाको अभाव, अखाद्य वस्तु मिसावट, म्याद नाघेका खाद्य वस्तुको बिक्री, कृत्रिम मूल्य वृद्धि, गुणस्तर र नापतौलमा कमी, वस्तु वा उत्पादन सञ्चय वा भण्डारण, ढुवानी गर्न र वस्तु सुरक्षित राख्न नसकिएको अवस्था छ। फितलो सरकारी अनुगमन, कालोबजारीमाथि कारबाही नहुनु, सार्वजनिक यातायात प्रणाली सिन्डिकेटलगायतका समस्या, सरकारले निर्देशन दिँदा पनि सवारी साधनको भाडा नघट्नु, विद्युत् तथा स्वच्छ पिउने पानीको आपूर्ति नियमित हुन नसक्नु, वस्तु तथा सेवाको मूल्य निर्धारण प्रक्रिया न्यायसङ्गत नहुनु, उपभोक्ताले ग्यासलगायत अत्यावश्यकीय वस्तु तथा सेवा सहज प्रक्रियाबाट प्राप्त गर्न नसक्नु, अस्वाभाविकरूपमा मूल्य वृद्धि हुनु, वस्तु तथा सेवाबारे भ्रमपूर्ण विज्ञापन आउनु, आफूमाथि अन्याय हुँदा उपभोक्ताले कानुनी उपचार नपाउनु जस्ता समस्याबाट आमउपभोक्ता आफ्ना अधिकार उपभोग गर्नबाट वञ्चित भएको पाइएको छ।

१३. नेपालको संविधानको धारा ३९ ले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान तथा नामको हक हुने, पालनपोषण, आधारभूत स्वास्थ्य र सामाजिक सुरक्षा प्राप्त गर्ने हक हुने, शारीरिक, मानसिक वा अन्य कुनै पनि किसिमको शोषणविरुद्धको हक हुने व्यवस्था छ। त्यसैगरी असहाय, अनाथ, सुस्त:मनस्थिति, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा परेका र सडक बालबालिकालाई राज्यबाट विशेष सुविधा पाउने हक हुने, बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन वा सेना, प्रहरी वा द्वन्द्वमा प्रयोग गर्न नपाइने व्यवस्था गरिएको छ। तर सबै बालबालिका विद्यालयमा भर्ना हुन नसक्ने, विद्यालय छाड्ने उच्च दर, बन्द हड्ताल आदिबाट पठनपाठनमा परेको असर, गरिबी तथा भौगोलिक विकटतालगायतका कारणबाट शिक्षाको अधिकारबाट बालबालिका वञ्चित भइरहेको पाइएको छ। त्यसैगरी दुर्गम क्षेत्र तथा केही अल्पसङ्ख्यक समुदाय, दलित समुदायका बालबालिकामा अझै पनि शिक्षाबारे चेतनाको कमी देखिन्छ। घर, परिवार र विद्यालयमा बालबालिकामाथि हुने भौतिक सजाय पनि बाल अधिकार संरक्षणमा चुनौतीका रूपमा छ। बालश्रम बाल अधिकार संरक्षणमा ठूलो चुनौतीका रूपमा छ। बालबालिकाको कुल जनसङ्ख्याको ३३ दशमलव ९ प्रतिशत बालश्रममा र करिब ६ लाख २० बालबालिका जोखिमयुक्त श्रममा छन्। नेपाल सरकारले बालश्रम उन्मूलनका लागि ल्याएका नीति तथा कार्यक्रमको प्रभावकारिता देखिन सकेको छैन।

१४. संविधानमा महिलाको हकअन्तर्गत महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव नगरिने, महिलालाई प्रजनन् स्वास्थ्य तथा प्रजनन्सम्बन्धी हक मौलिक हकका रूपमा हुने उल्लेख छ। महिलाविरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य नगरिने र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुने, पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हक उल्लेख छ। त्यस्तै सामाजिक न्यायको हकमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक प्रदान गरेको छ। कानुनी तथा नीतिगतरूपमा महिला अधिकारको प्रवर्द्धन सकारात्मकरूपमा भइरहेको भए पनि समाजमा अझै पनि लैङ्गिक विभेद कायमै छ। महिलाको साक्षरता दर पुरुषको ६५ प्रतिशतको तुलनामा ५७ दशमलव ४ प्रतिशतमात्र छ। महिला घरमूली २५ दशमलव ७३ प्रतिशत र १९ दशमलव ७१ प्रतिशत महिलाको स्वामित्वमा घर वा जग्गा छ। नेपाल लैङ्गिक समानतासम्बन्धी विश्व परिसूचकमा ९८ औं स्थानमा छ। समावेशीकरणको नीति अवलम्बन गरी राज्यका निकायमा महिला सहभागिता क्रमश: बढ्दै

जानुलाई सकारात्मकरूपमा लिन सकिन्छ। आर्थिकरूपमा महिलाको धेरै हदसम्म पुरुषमाथिको निर्भरता कायमै छ। घरायसी कामलाई कामका रूपमा गणना गरिएको छैन। झुमा, देउकी, छाउपडी, कुमारी जस्ता सामाजिक कुप्रथा अझै पूर्णरूपमा हटाउन सकिएको छैन। दाइजो तथा तिलक, बाल विवाह, मञ्जुरीबिना विवाह, बोक्सीको आरोपमा कतिपय परिवारमा सदस्यबाटै हिंसा, दाइजो नल्याएको कारण कुटपिटदेखि मार्नेसम्म कार्यले नेपाली समाजमा महिला विभेदको सिकार भइरहेका छन्। घरेलु हिंसाका घटना बढोत्तरी भइरहेको छ। आधुनिक प्रविधि दुरूपयोग गरी महिलामाथि हिंसा गर्ने प्रचलन पनि रहिआएको छ। भिडियो एक्सरेमार्फत भ्रूण पहिचान गरी छोरी भएमा गर्भ पतन गर्ने परिपाटीमा बढोत्तरी छ। बलात्कार, यौन दुर्व्यवहार, एसिड छर्कने/आगो लगाउने, कुटपिट जस्ता घटनाबाट महिला पीडित भइरहेका छन्। नेपाल संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्का घोषणा १३२५ र १८२० को कार्यान्वयनका लागि कार्ययोजना बनाउने दक्षिण एसियामै पहिलो मुलुक भएको छ। तथापि यसको कार्यान्वयन पक्ष भने सन्तोषजनक छैन। महिला ओसारपसार तथा बेचबिखनका घटना नियन्त्रणमा आउन सकेका छैनन्। बढ्दो बेरोजगारी र श्रमको उचित कदर नहुँदा मानिस देशबाहिर रोजगारको खोजीमा जाने क्रम बढ्दो छ र यसरी विदेशिनेमा महिला अत्यन्त जोखिममा छन्। उनीहरूलाई यौनशोषण तथा देह व्यापारका लागि जबर्जस्ती प्रयोग गरिने क्रम ज्यादै विकराल हुँदै गएको छ जसको प्रत्यक्ष, परोक्ष चपेटामा नेपाली महिला परिरहेका छन्।

१५. संविधानको छुवाछूत तथा जातीय भेदभावविरुद्धको हकसम्बन्धी धारामा कुनै पनि व्यक्तिलाई जाति, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछूत तथा जातीय भेदभाव नगरिने, भेदभाव व्यवहार दण्डनीय हुने र पीडितले कानुनले निर्धारण गरेअनुसार क्षतिपूर्ति पाउने प्रावधान छ। कुनै पनि व्यक्तिलाई जातजातिका आधारमा सार्वजनिक प्रयोगमा रहेका सेवा/सुविधा वा उपयोगका कुरा प्रयोग गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्य गर्नबाट वञ्चित नगरिने अधिकार सुनिश्चित गरेको छ। दलित र गैरदलितबीच अन्तरजातीय विवाह गर्ने नेपाली नागरिकता भएका जोडीलाई प्रोत्साहनको व्यवस्था छ। कक्षा १० सम्म निःशुल्क शिक्षा, उच्चमाध्यमिक विद्यालयमा छात्रवृत्ति कार्यक्रम र रोजगारीको क्षेत्रमा आरक्षण नीति अवलम्बन गरेको छ। र, पनि तिनको प्रभावकारिता देखिन सकेको छैन। दलित समुदायको मानव विकास सूचकाङ्क शून्य दशमलव ४३४ छ। संविधानले दलित समुदायलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागिताको अधिकार प्रदान गरेको छ। सार्वजनिक सेवाका पदमा आरक्षण गरिएको छ। यसबाट राज्यका निकायमा दलित समुदायको प्रतिनिधित्व बढ्दै गएको छ।

१६. संविधानले अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकार सम्बन्धमा मौलिक हकमा विशेष व्यवस्थाका साथै विभिन्न ऐनमार्फत उनीहरूको संरक्षण तथा कल्याणसँग सम्बन्धित व्यवस्था गरिएको छ। तथापि परिवार, समुदाय र राष्ट्रले अपाङ्गता भएका व्यक्तिको विषयलाई अधिकारमुखी अवधारणा र सोचबाट नहेरी पुरानो कल्याणकारी अवधारणा र मूल्य/मान्यताबाट हेर्ने परिपाटीका कारण उनीहरूका समस्या प्राथमिकतामा परेका छैनन्। सामाजिक अन्धविश्वास, अशिक्षा, हेलचेक्र्याइँ दुर्व्यवहार आदिका कारण उनीहरूले विभिन्न आक्षेप सहनुका साथै कतिपय अवस्थामा अमानवीय व्यवहार भोग्नुपरेको छ। विद्यमान कानुन तथा नीतिहरू पूर्ण कार्यान्वयन नहुनु साथै सार्वजनिक अपाङ्गमैत्री भौतिक संरचना तथा सवारी साधन नहुनु जस्ता समस्या विद्यमान छन्। शिक्षकलाई पर्याप्त तालीम नहुनुका साथै अपाङ्गता भएका विद्यार्थीमा छात्राको सङ्ख्या बढी भए पनि विद्यालयमा शिक्षिका नरहेको साथै अपाङ्गमैत्री विद्यालय भवन नभएका कारण अध्ययनलाई निरन्तरता दिन सकेका छैनन्।

१७. सरकारले खाडी मुलुकमा जाने जनशक्तिका लागि फ्रि भिसा र फ्रि टिकटसम्बन्धी प्रावधान

ल्याई लागु गरे पनि व्यवहारमा प्रभावकारी देखिन सकेको छैन। वैदेशिक रोजगारीको गन्तव्य मुलुक जाने क्रममा स्वदेश र विदेशमा ठगिनेको सङ्ख्या उच्च छ। मानव ओसारपसार तथा बेचबिखन र तस्करी बढेको छ। ठगिएका तथा बेचिएका पीडितको न्यायमा पहुँच कम छ। वैदेशिक रोजगारका क्रममा अनिच्छित गर्भाधान भई फर्किएका महिलाबाट जन्मिएका बालबालिकाको जन्म दर्ता र नागरिकता प्राप्तिमा समस्या छ। अधिकांश गन्तव्य मुलुकमा अन्य देशका कामदारको तुलनामा नेपाली कामदारले न्यून ज्याला पाउँदा पनि सरकारले उचित पहल गर्न सकेको छैन। बढ्दो सङ्ख्यामा आप्रवासी कामदारहरू विदेशी मुलुकमा जाने क्रमसँगै ठगी, शोषण, परिवारको विखण्डन तथा रोजगारमा गएको देशबाट हुने यातना तथा अमानवीय व्यवहारका कारणबाट मानव अधिकार उल्लङ्घन तथा ज्यादतीबाट पीडित भइरहेका देखिन्छन्। गैरकानुनीतवरमा भारतको बाटो हुँदै अवैधरूपमा वैदेशिक रोजगारमा जाने कामदारको सङ्ख्या अत्यधिक देखिन्छ।

१८. नेपालको संविधानले लैङ्गिक पहिचानको आधारमा नागरिकता प्रदान गरिने कुरा उल्लेख गर्दै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको अधिकार संरक्षण गर्न राज्यले विशेष कानुन बनाउन सकिने उल्लेख गरिएको छ। संविधानको धारा ४२ सामाजिक न्यायको हकअन्तर्गत यस समुदायको राज्यका हरेक निकायमा अन्य समूह र समुदायझैं समानुपातिक समावेशी प्रतिनीधित्वको अधिकार रहने उल्लेख छ। नागरिकता र राहदानीसम्बन्धी नियमावलीमा भएको संशोधन र निर्देशिका कार्यान्वयनबाट यस समुदायका नागरिकले लि को महलमा 'अन्य' उल्लेख गरेर नागरिकता र राहदानी पाउन थालेका छन्। तथापि अधिकांश लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका व्यक्तिहरू परिवार तथा समाजबाट बहिष्करणमा परेका हुँदा विभिन्न प्रकारका भेदभाव सामना गरिरहेको गुनासो विद्यमान छन्।

१९. मुलुकमा विद्यमान राजनीतिक अस्थिरता र लामो सङ्क्रमणकालीन अवस्थाका कारण मानव अधिकार रक्षकहरूलाई स्वतन्त्ररूपमा काम गर्न अवरोध कायमै छन्। विशेषत: विरोध प्रदर्शनका क्रममा समाचार सङ्कलनमा खटिएका पत्रकार तथा मानव अधिकार अनुगमनमा खटिएका मानव अधिकार रक्षकहरूलाई धम्की दिने एवम् दुर्व्यवहार गर्ने घटनाहरू भएको पाइएको छ। बन्द/हड्तालका क्रममा आयोजकबाट मानव अधिकार रक्षकहरूलाई दुर्व्यवहार र सवारी साधन एवम् पत्रपत्रिका आगजनी गर्ने र सञ्चारमाध्यममा समेत आक्रमण गर्ने घटना भइरहेको पाइएको छ।

२०. लामो सङ्क्रमणकालीन अवस्था, राजनीतिक अस्थिरता र मानव अधिकार उल्लङ्घनका दोषी एवम् अपराधमा संलग्न व्यक्तिहरूलाई राजनीतिक संरक्षणका कारण मुलुकमा दण्डहीनताको अवस्था विद्यमान छ। दोषी किटानी गरिएका तथा अदालतबाट सजायको फैसला भएका व्यक्तिहरूलाई समेत प्रभावकारी कानुनी कारबाही नहुँदा दण्डहीनताले प्रश्रय पाएको छ। अधिकार प्राप्तिका नाममा हुने शान्तिपूर्ण आन्दोलन कतिपय अवस्थामा हिंसात्मक हुन पुग्दा आन्दोलनकारीको उग्रताले मानव अधिकार संरक्षणमा नकरात्मक असर परेको छ। सरकार एवम् राजनीतिक दलका नेताहरूको पटक-पटकको प्रतिबद्धताका बाबजुद राजनीतिक इच्छाशक्तिको अभावमा दण्डहीनताको अवस्था कायमै रहेकाले मानव अधिकार संरक्षण कार्यमा विभिन्न चुनौती देखापरेका छन्।

२१. राजनीतिक प्रतिशोधका कारण राजनीतिक कार्यकर्ताको हत्या हुने र उनीहरूमाथि साङ्घातिक आक्रमण हुने क्रम यो वर्ष पनि रोकिएको छैन। युवा सङ्घ नेपाल, रुपन्देहीका अध्यक्ष एवम् सामाजिक सद्भाव र राष्ट्रिय एकताका निम्ति आन्दोलनमा सक्रिय दुर्गा तिवारीको रहस्यमय हत्या एवम् विभिन्न स्थानमा नेकपा (एमाले) का समर्थक/शुभचिन्तकमाथि भएका साङ्घातिक आक्रमण चिन्ताजनक छन्। अपराधी पत्ता लगाउन र उनीहरूलाई कारबाहीमा भइरहेको सरकारी ढिलासुस्तीले कतै यस्ता घटनाक्रम सरकार संरक्षित त होइन भन्ने गम्भीर शङ्का पैदा गरेको छ। सरकार पक्षधर कतिपय दलबाट तराई-मधेसमा नेकपा (एमाले) का कार्यक्रम बिथोल्ने धम्की दिनु र कतिपय

ठाउँमा अराजकता प्रदर्शन गर्नुले सरकार संरक्षित राजनीतिक सर्वसत्तावादलाई बढावा दिइरहेको अवस्था छ। नेपालको सम्पदाका रूपमा कायम सामाजिक सद्भाव बिथोल्ने, विभिन्न जात-जाति, भाषाभाषी, संस्कृतिका जनताबीच साम्प्रदायिक विद्वेष र तिक्तता बढाउने, सीमाङ्कन परिवर्तनका नाममा पहाड र तराई-मधेसको एकतामा भाँजो हाल्ने जस्ता कुराले राजनीतिक स्थायित्व, मानव अधिकार र सामाजिक सद्भावमा प्रतिकूलता पैदा हुने अवस्था देखा परेको छ।

२२. यीलगायत समस्या विद्यमान रहे पनि सन् २०१६ मा नेपालमा मानव अधिकारको स्थितिमा केही सुधार भएको देखिएको छ। संविधान कार्यान्वयन, निर्धारित समयमा तीनै तहको निर्वाचन र संविधानले परिलक्षित गरेका कानुनी र प्रशासनिक संरचना निर्माण गर्दै राजनीतिक स्थायित्व हासिल गर्न सकेमा मानव अधिकारको स्थितिमा तीव्र र सन्तोषजनक सुधार ल्याउन सकिन्छ। तर राजनीतिक अस्थिरता, निर्वाचनको मिति तोक्नमा भइरहेको ढिलाइ र संविधानको कार्यान्वयनमा भइरहेका अवरोधले आगामी दिनमा मानव अधिकार र लोकतन्त्रका क्षेत्रमा नयाँ चुनौती खडा हुन सक्ने सम्भावना बढ्दै गएको छ।

**प्रदीप ज्ञवाली**
सचिव, केन्द्रीय सचिवालय

## मधेसी जनअधिकार फोरम नेपाल (लोकतान्त्रिक)

नेपालको संविधान २०७२ असोज ३ मा जारी भएपश्चात् संविधान कार्यान्वयनको स्थिति र संविधानमा असन्तुष्ट दलबीचको द्वन्द्वले हालसम्म निकास पाउन सकेको छैन। २०७४ माघसम्म तीनवटै तह (स्थानीय, प्रादेशिक र व्यवस्थापिका-संसद्) को निर्वाचन गराउनुपर्ने संवैधानिक व्यवस्थाबमोजिम निर्वाचन सम्पन्न हुन नसके, संविधान असफल हुने खतरा विद्यमान छ। तसर्थ राज्यले सम्पूर्ण निर्वाचन समयमा नै सम्पन्न गरी देशको राजनीतिक, सामाजिक, आर्थिकलगायत समग्र क्षेत्रको अस्थिरता अन्त्य गर्नुपर्छ।

संविधानका प्रावधानमा असन्तुष्टि प्रकट गरी संशोधनका माग राखी तराई मधेसमा भएको विरोध आन्दोलन तथा बन्द हड्ताल र नाकाबन्दीले देशको समग्र क्षेत्र प्रभावित भयो। राज्य पक्ष र गैरराज्य पक्षबाट भएका घटनामा ५० भन्दा बढी व्यक्तिको ज्यान जानु गम्भीर मानव अधिकारको उल्लङ्घन भएको छ। यस घटनाले देशको सम्पूर्ण अवस्थालाई अन्तर्राष्ट्रियकरण गर्‍यो जसबाट नेपालको छविमा नकारात्मक प्रभाव परेको छ। मधेस घटनाका सम्बन्धमा हालै गठित आयोगले छानबिन गरी प्रतिवेदन पेश गरेपश्चात् तत्सम्बन्धमा सत्यतथ्य आउने नै छ।

मानव अधिकार उल्लङ्घन सम्बन्धमा सम्बद्ध निकायहरूले छानबिन गरी दोषीमाथि कारबाही गर्न सकेको देखिएन तसर्थ मानव अधिकार उल्लङ्घनमा दण्डहीनताले प्रश्रय पाएको छ। बेपत्ता छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भई द्वन्द्वकालमा भएका घटना सम्बन्धमा छानबिन गर्न प्रारम्भिक कार्य अगाडि बढाएको देखिन्छ तर आयोगको कार्यकाल कम समयको भएका कारण उक्त आयोगहरूले आफ्नो काम सम्पन्न नगर्दै विघटन हुने अवस्था देखिएको छ। उल्लिखित आयोगहरूले आफ्नो कार्य सम्पन्न गर्न पाउने गरी राज्यले विचार गर्नुपर्ने देखिन्छ। समग्ररूपले हेर्दा देशको राजनीतिक अवस्था स्थिर नभएका कारण त्यसको प्रभाव अन्य क्षेत्रमा परेको देखिन्छ। मानव अधिकार उल्लङ्घनका घटनामा यस वर्षले पनि चर्चा पाएको हुँदा सन्तोषजनक स्थिति रहेको पाइएन।

**परमानन्द मेहता**
मुख्य सचिव, केन्द्रीय कार्यालय

## तराई-मधेस लोकतान्त्रिक पार्टी

इन्सेकले हरेक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको कुरा सराहनीय छ। यस वर्ष पनि 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७' प्रकाशन गर्न लागेको कुराले हामी हर्षित भएका छौं। 'मानव अधिकार' भन्नाले व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादासँग सम्बन्धित संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदान गरिएका अधिकार सम्झनुपर्छ। र, सो शब्दले नेपाल पक्ष भएको मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय निहित अधिकारसमेतलाई जनाउँछ। राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ दफा २ (च) लोकतान्त्रिक शासन पद्धतिको आधारभूत मान्यताहरूमध्ये मानव अधिकार सम्बर्धन एवम् संरक्षण एक हो। मानव अधिकारको सम्बर्धन एवम् संरक्षणले

शान्ति र विकासको आधारशीला तयार हुने हुँदा तराई मधेस लोकतान्त्रिक पार्टी सदैव मानव अधिकारप्रति सजग रहँदै यसलाई उच्च प्राथमिकतामा राखेको छ।

नेपालले मानव अधिकार, मानवीय कानुन र अन्तर्राष्ट्रिय श्रम सङ्गठनसमेत गरी विभिन्न ३९ वटा अन्तर्राष्ट्रिय दस्तावेजको पक्ष राष्ट्र भएर मानव अधिकारको सम्मान र संरक्षणका लागि प्रतिबद्धता जनाइसकेको अवस्था छ। साथै, नेपालको संविधान र कानुनहरूमा समेत नागरिकका वैयक्तिक अधिकार उल्लेख गरिएका छन्। ती अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय दस्तावेजहरूमा उल्लेख भएका अधिकारबारे सबै पक्षलाई जानकारी प्राप्त गर्ने अवसर प्रदान गर्नु आवश्यक देखिएको छ। यस सन्दर्भमा नेपाल जस्तो अविकसित राष्ट्रमा मानव अधिकारको अवस्था सन्तोषजनक छैन। त्यसका विभिन्न कारणमध्ये राजनीतिक अस्थिरता, आर्थिक विपन्नता, सचेतनाको कमी, अख्तियार दुरुपयोग आदि प्रमुख हुन्।

नेपाल एक दशकदेखि राजनीतिकरूपमा सङ्क्रमणकालबाट गुज्रिँदैछ। करिब आठ वर्षको समय खर्चेर असोज ३, २०७३ वि.सं. मा विवाद र आन्दोलनबीच नयाँ संविधान जारी भयो। यस संविधानप्रति तराई मधेसका जनताले आफ्नो समानताको हक र संविधानको सीमाङ्कनमा असन्तोष प्रकट गर्दै भएको मधेस विद्रोह करिब सात महिनासम्म विभिन्न प्रारूपमा सडकमा व्यापक जनप्रदर्शन भइ नै रह्यो। सरकारले तराई मधेसका विभिन्न प्रमुख शहरहरूमा निषेधाज्ञा, कर्फ्यु जारी गर्नुका साथै प्रदर्शन रोक्न अत्यधिक बल प्रयोग गरियो। फलत: ६० नागरिकको हत्या भयो जसमा अधिकांशलाई छाती र टाउकोमा गोली हानियो। साथै आजीवन अपाङ्ग हुनेगरी ३२ नागरिक घाइते भए।

अर्कोतिर नेपाल सरकारको अलोकतान्त्रिक सोच एवम् संवेदनहीनताका कारणले गर्दा नागरिक करिब ७ महिनासम्म सडकमा आन्दोलित हुनुपर्‍यो। र, सरकार पक्षद्वारा जारी पटकपटकको कर्फ्यु, निषेधाज्ञा एवम् आन्दोलनकारीहरूको बन्द, हड्तालका कारण देशको जीवन रेखा मानिने तराई मधेसमा परिबहन अवरुद्ध भयो। परिणामस्वरूप देशभित्र र बाहिरबाट आउने खाद्यान्न एवम् पेट्रोलियम पदार्थको आपूर्ति सहजरूपमा देशभर नहुँदा आमजनताको दैनिकी कष्टकर रह्यो। शैक्षिक क्षेत्र पनि नराम्रोसँग प्रभावित भयो। तराई मधेसमा नागरिक असुरक्षा बढ्यो। राज्य पक्षबाट व्यापकरूपमा राजनीतिक नेता, कार्यकर्ता एवम् आमनागरिकलाई धरपकड गर्ने, झुटा मुद्दा लगाउने कार्य भए। २ सय ६८ जनाभन्दा बढी नागरिक अझै थुनामा छन्। राजनीतिक नेतृत्वको निर्देशनमा सुरक्षा निकायहरूले अत्यन्त आक्रामक एवम् साम्प्रदायिक शैलीमा नागरिकलाई दु:ख दिने कामसमेत गरे। वास्तवमा सन् २०१६ मा तराई मधेसको जनजीवन अत्यन्तै कष्टकर रह्यो। मानव अधिकार हनन्मा यो वर्ष कालो वर्षका रूपमा तराई मधेसका जनताले सदैव स्मरण गरिरहने छन्।

**महन्थ ठाकुर**
अध्यक्ष

## नेकपा (माले)

हामीले भनिआएका छौं कि मानवले मानवका रूपमा यो संसारमा सहज, सुविधाजनक र शान्तिपूर्ण ढङ्ले रहन तथा सम्मानजनक र समानताको हैसियतमा बाँच्न पाउने अधिकार नै मानव अधिकार हो। गाँस, बास, कपास, औषधि, इन्धन, शिक्षा, रोजगारी र सामाजिक क्रियाकलापमा समानताका साथ भाग लिने स्वतन्त्रता जस्ता विषय मानव अधिकारका आधारभूत मान्यता हुन्। माओवादीको सशस्त्र विद्रोह २०५२-०६२ तथा संयुक्त व्यापक जनआन्दोलन २०६२/०६३ को राजनीतिक परिवर्तनपश्चात् देखापरेको हाम्रो मुलुकको सङ्क्रमणकालीन राजनीतिक परिस्थितिमा आजसम्म पनि राजनीतिक विषयले जति महत्व पायो त्यति महत्व सामाजिक क्षेत्रले पाउन नसकेको वास्तविकता सबैले महसुस गरेकै हो। राजनीतिक क्रान्तिको महाअभियान सम्पादन गर्ने सिलसिलामा लगभग साढे सात वर्ष लगाएर बडो राजनीतिक सकसका साथ ३ असोज, २०७२ मा नयाँ संविधान जारी गरियो। मानव अधिकारका विश्वव्यापी मूल्य र मान्यतासमेतलाई ध्यानमा राखी नेपाली नागरिकका लागि व्यवस्था गरिएको मौलिक हक र कर्तव्यसम्बन्धी संवैधानिक प्रावधानहरूले गर्दा यो संविधानलाई विश्वकै एउटा उत्कृष्ट लोकतान्त्रिक संविधान भन्न हिच्किचाउनु पर्दैन। तर त्यसै संविधानमा आफ्ना दूरगामी रणनीतिक महत्वका प्रावधान नसमेटिएको भन्दै भारतीय शासक वर्गले आफ्ना तावेदार र शिखण्डीहरूमार्फत् संविधान कार्यान्वयनमा विभिन्नखाले हत्कण्डा र अवरोध उत्पन्न गरिरहेको छ, त्यसले संविधान कार्यान्वयन गरेर नेपालमा मानव अधिकारको पूर्ण प्रत्याभूति

गर्ने/गराउने दिशामा समेत गम्भीर असर परिरहेको छ।

जनतालाई मानव अधिकार उपभोग गर्ने/गराउने कार्यमा सम्बन्धित सरकारको सक्रियता, क्रियाशीलता र प्रतिबद्धताको सर्वाधिक महत्व हुन्छ। भ्रष्टाचार, तस्करी, दण्डहीनता, नातावाद, कृपावाद, हरेक क्षेत्रमा अस्वाभाविक राजनीतिक भागबन्डा, वैदेशिक तावेदारी, विखण्डनकारी तथा सामाजिक सद्भाव विथोल्ने तत्वलाई प्रोत्साहन गर्ने जस्ता कार्यमा चुर्लुम्मै डुबेको वर्तमान सरकारले मानव अधिकार उपभोग गर्ने/गराउने कार्यमा गम्भीर उदासीनता देखाइरहेको छ।

२०७२ वैशाख १२ गते गएको महाविनाशकारी भूकम्पले पुऱ्याएको क्षति बेहोरेका जनताले भोगिरहेको दु:ख र पीडाको अमानवीय परिस्थितिमा सरकारको तर्फबाट देखाइएको कछुवा गतिको राहत र क्षतिपूर्तिको व्यवस्थापनका गतिविधिले सरकारी संवेदनहीनता पुष्टि गरिरहेको छ। महाविनाशकारी भूकम्पले पुऱ्याएको क्षतिलाई राज्यले संवेदनशील भएर प्रभावकारी ढङ्गले व्यवस्थापन नगर्दा अझैसम्म पनि प्रारम्भिक उद्धार कार्यसमेत हुन सकेको छैन। प्रभावित क्षेत्रका जनताको जनजीवन असाध्य कष्टकर बनेको छ। गाँस, बास, कपडा, औषधि र इन्धनको समस्याले पिरोलिरहेको यो परिस्थिति भनेको राज्यद्वारा मानव अधिकारको गम्भीर उल्लङ्घन गरिएको ज्युँदोजाग्दो प्रमाण हो।

निष्कर्षमा उल्लेख गर्दा आज मधेसवादी राजनीतिक दलहरूले सङ्कीर्ण जातीय, साम्प्रदायिक र क्षेत्रीय विचार तथा व्याख्या/विश्लेषणलाई अगाडि सारेर अनि राजनीतिक अधिकारका खोक्रा नाराको मात्र फलाको हालेर मानव अधिकारको घोर उल्लङ्घन गरिरहेका छन्। आफ्नो निहित स्वार्थपूर्तिका निम्ति समस्त नेपाली जनताको बाँच्न पाउने अर्थात् जीवन रक्षाको अधिकार उल्लङ्घन गर्ने विषय मानवताविरुद्धको भयङ्कर अपराध हो।

यसका अतिरिक्त आज स्वतन्त्रपूर्वक आफ्नो पेशा/व्यवसाय चलाउन पाउने अधिकारको हनन, चेलीबेटी बेचबिखन र बलात्कार, छुवाछूत, छाउपडी प्रथा, दहेज प्रथा जस्ता अमानवीय प्रचलन अन्त्य नहुनु, विविध घरेलु हिंसाबाट हुने महिलाको हत्या, दुर्गम भेगका नेपाली जनता भोकभोकै पर्नु, मुलुकमा यत्रतत्र जाडोले कठ्याङ्ग्रिएर जनता मर्नु एवम् सामाजिक अपराधीहरू र राजनीतिक आवरणका आततायीहरूबाट जनसाधारणको जीउ-धन मासिने घटना जस्ता सबै घटना मानव अधिकार हननका विषय हुन्। यस्ता सबै विषय सम्बोधन गर्नु राज्यको सर्वोपरि जिम्मेवारी हो। यस्तै नेपालमा क्रियाशील कतिपय मानव अधिकारवादी सङ्घ/संस्थाले पनि आफ्नो घोषित लक्ष्यलाई गम्भीरतासाथ, दायित्वबोधका साथ लिइरहेका छैनन्। उनीहरूले राज्यमाथि आवश्यक र प्रभावकारी दबाब तथा कानुनी दबाब सिर्जना गर्न सकिरहेका छैनन्।

आर्थिक-सामाजिक आस्थाको केन्द्रीभूत अभिव्यक्ति नै राजनीति हो। हाल हाम्रो मुलुकमा राजनीतिक अवस्था सङ्क्रमणकालीन रहेको छ। यस्तो स्थितिमा दण्डहीनता, अनुशासन पालनमा लापर्बाही तथा अराजकता बढ्ने गर्छन्। अनि मानव अधिकार उल्लङ्घनका घटनामा वृद्धि हुने गर्छ।

वस्तुत: मानव अधिकार भनेको गर्भमा रहँदादेखि बूढा-बूढी भएर मर्नुपर्यन्त सम्पूर्ण नागरिकको जीवन सुरक्षित र सुनिश्चित गर्नु नै हो। त्यो काम जनताको जनवादी व्यवस्थाले मात्र गर्न सक्छ जहाँ बेरोजगारी र अर्थभावका कारण सामाजिक विकृति र विसङ्गतिले प्रश्रय पाउने अवस्था रहँदैन। त्यस्तो देखिन थाले तत्काल उपचार सुरु भइहाल्छ। सुरक्षा निकायहरू भ्रष्ट र अनुशासनहीन हुन पाउँदैनन् वा त्यस्तो देखिए तुरुन्त उपचार हुने गर्छ। सबै जनताले काम र कामअनुसारको दाम पाउँछन्। राज्यले शिक्षा र स्वास्थ्यलाई जन्मसिद्ध अधिकार बनाउँछ। अपराधीले यथोचित दण्ड पाउँछन् र सुध्रने अवसर पनि पाउँछन्। त्यस्तो शासन व्यवस्था स्थापित नहुँदासम्म मानव अधिकार उल्लङ्घनका घटना बढेरै जाने हुन्।

नेपालमा मानव अधिकार हनन्का घटना रोक्न राज्य संवेदनशील बन्नुपर्छ। लापर्वाही र मनोमानी गर्ने कुनै पनि निकाय वा व्यक्ति दण्डको भागिदार हुनुपर्छ। शान्ति, सुशासन र सुव्यवस्था गर्न, बढ्दो बेरोजगारी अन्त्य गर्न, अनुशासनहीनता र अराजकता रोक्न राज्यले यथाशीघ्र समुचित कदम चाल्नुपर्छ। यस्ता सबै काममा राजनीतिक पार्टीहरू विशेषत: प्रगतिशील/जनपक्षीय राजनीतिक पार्टीहरू र सबै प्रवुद्ध नागरिकको पनि महत्वपूर्ण उत्तरदायित्व हुन्छ। सम्बन्धित सबै पक्षमा उत्तरदायित्वको बोध, अधिकार रक्षाका निम्ति प्रभावकारी कानुन निर्माण र कानुन कार्यान्वयन गर्ने सामाजिक चेतनाको अभिवृद्धिले मात्र मानव अधिकार संरक्षणको अवस्था सुधार्दै लान सकिन्छ।

**कुमार बेलबासे**
स्थायी कमिटी सदस्य

## सद्भावना पार्टी

इन्सेकले हरेक वर्ष प्रकाशित गर्दै आएको पुस्तक यस वर्ष पनि प्रकाशित गर्न लागेको (नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७) धेरै नै ज्ञानबर्द्धक हुने भएकाले अत्यन्तै हर्ष लागेको छ। यस पुस्तकको सफलताका लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

सन् २०१६ मानव अधिकारका कोणले विगतको वर्षको अनुपातमा अत्यन्तै सङ्क्रमणउन्मुख अवस्था हो। संविधान निर्माण भएको यो वर्ष नेपालको संविधान, २०७२ मा आफ्नो पहुँच, पहिचान र प्रतिनिधित्व सुनिश्चित गराउनका लागि शान्तिपूर्ण प्रदर्शन गरिरहेका मधेस आन्दोलनका करिब ६ दर्जन नागरिकलाई राज्यको प्रहरी प्रशासनले निर्मम हत्या गऱ्यो। मधेस आन्दोलनका करिब ३ हजार प्रदर्शनकारी गम्भीर घाइते छन् भने सयकडौं जनाका शरीरमै गोली छन्। अत्यधिक सङ्ख्यामा व्यक्ति अङ्गभङ्ग भएर जीवनपर्यन्तका लागि अपाङ्ग हुनुपरेको छ। त्यस्तै हजारौं जना आन्दोलनमा लागेकै आरोपमा झुटा मुद्दा खेप्न बाध्य छन् भने केही त नारकीय जीवन कारागार र थुनामा बिताइरहेका छन्, केही शरणार्थी भई विदेशिनुपरेको छ। शान्तिपूर्ण आन्दोलन गर्दागर्दै म स्वयम्लाई राज्यले ज्यान लिने उद्देश्यका साथ विराटनगरमा बर्बर आक्रमण गरेको थियो। परगोत्री भएकै कारण पार्टी संयन्त्रद्वारा युद्ध लडेझैं राज्यका प्रहरी प्रशासनद्वारा गरिएका यी निरङ्कुश दमनको कहालीलाग्दो कथाको साक्षी इतिहास हुने नै छ।

विगतझैं यस वर्ष पनि भएका गैरन्यायिक हत्याको कुनै पनि प्रकारको खोज/अनुसन्धान नभएको अवस्थामा यस्ता हत्याको अनुसन्धानको अपेक्षा गर्छु। मानव अधिकार संरक्षणका लागि पारदर्शीरूपमा सबैले थाहा पाउने गरी गहन अनुसन्धान अझै पनि आवश्यकता रहेको महसुस गरेको छु। आगामी दिनमा मानव अधिकार हनन् र उल्लङ्घनसम्बन्धी घटनाहरू इन्सेकले उजागर गर्दै जाओस् भन्ने अपेक्षा राख्दै हार्दिक सफलतासहित धन्यवाद दिन चाहन्छु।

**राजेन्द्र महतो**
राष्ट्रिय अध्यक्ष

## राष्ट्रिय जनमोर्चा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नियमित प्रकाशन गर्दै आइरहेको मानव अधिकार वर्ष पुस्तक २०१७ मा पनि प्रकाशन हुन गइरहेकामा प्रशन्नता व्यक्त गर्दै यथार्थपरक पुस्तक प्रकाशनको शुभकामना व्यक्त गर्छौं।

सर्वप्रथम सन् २०१६ मा नेपालमा मानव अधिकारको स्थितिबारे इन्सेकको तर्फबाट विस्तृत अध्ययन भएकाले त्यस प्रतिवेदनमा नै समावेश हुनेछ। यहाँ हामी सङ्क्षिप्तरूपमा सन् २०१६ मा नेपालमा मानव अधिकारको स्थितिबारे उल्लेख गर्न चाहन्छौं।

१. १९ वर्षदेखि स्थानीय निकायको निर्वाचन नभएकाले नेपाली जनता आफ्नो प्रतिनिधि चुन्ने र चुनिन पाउने अधिकारबाट वञ्चित भएका छन्। स्थानीय निकायमा जनप्रतिनिधि नहुँदा भ्रष्टाचार मौलाएको छ। राम्रो विकास निमार्णका काम हुन सकेका छैनन्।

२. भारतले नाकाबन्दी लगाएका कारण लामो समयसम्म नेपाली जनताले उपभोग्य वस्तु सहज तरिकाले उपभोग गर्न पाउने, स्वतन्त्रपूर्वक बाँच्न पाउने, पोषण, औषधि उपचार पाउने अधिकारलगायत मानव अधिकार हनन् भयो। नेपाल राज्यले त्यसको संरक्षण गर्न सकेन। त्यसको प्रभाव अहिले पनि कायम छ।

३. यो वर्ष पनि बोक्सीको आरोप, दलित भएको कारण र छाउपडी जस्तो कुप्रथाबाट मानव अधिकार हनन् भयो। उचित खाद्यान्नको अभावमा बालबालिका र विपन्न वर्ग कुपोषणको सिकार भए।

४. गत वर्षको महाभूकम्पबाट जनताका क्षतिग्रस्त आवासे पुनर्निर्माण हुन सकेन। उनीहरू अहिले पनि खुला आकाशमुनि वर्षा, चिसो, आदिबाट पीडित रहनुपऱ्यो। विभिन्न रोगबाट पीडित हुनुपऱ्यो भने कैयन्को मृत्युसमेत भयो।

५. तराईका अतिवादी मधेसीले राष्ट्रिय जनमोर्चाका कार्यकर्तालाई राजनीतिक र साङ्गठनिक कार्य गर्दा सङ्घीयता विरोधी भन्दै कार्यक्रम गर्न दिइएन। त्यस्तै अनेरास्ववियु (छैटौं) को सीमा बचाउ अभियानको कार्यक्रममा अवरोध भयो। यस्ता कार्यबाट राजनीतिक र संवैधानिक अधिकार उल्लङ्घन भयो।

६. नेपाल र भारतका प्रधान मन्त्रीबीच भएको २५ बुँदे सहमतीमा नेपालको परराष्ट्र नीति भारतको परराष्ट्र नीतिसापेक्ष हुने भनी जारी गरिएको संयुक्त विज्ञप्तिले नेपालको सार्वभौम सत्तामाथि हस्तक्षेप भएको छ। नेपाल आफ्नो विदेश नीति आफैँ तय गर्न पाउने अधिकारबाट वञ्चित भएको छ।

७. भारतीय स्वार्थअनुकूलको कार्य नगरेका कारण भारतीय आडमा ओली सरकारलाई अपदस्त गरी अहिलेको सरकार गठन भएको छ। जसले भारतको अनुकूल कार्य गरिरहेको छ। जसबाट नेपालको हित र सार्वभौमिक अधिकार अतिक्रमण भएको छ।

८. अख्तियार दुरुपयोग अनुसन्धान आयोग जस्तो उच्च संवैधानीक निकायको प्रमुख पदमा भ्रष्ट, जनआन्दोलनको अपराधी र यस्तो उच्च पदमा अयोग्य ठहरिएको व्यक्तिलाई नियुक्त गर्नु र उनीउपरको महाभियोगको प्रस्ताव व्यवस्थापिका-संसद्मा छलफल नगराउनुले संसद् र जनप्रतिनिधिको सार्वभौम अधिकार कुण्ठित भएको छ।

९. राज्य र माओवादीको सशत्र द्वन्द्वको समयमा मानव अधिकारको गम्भीर उल्लङ्घन गरेका अपराधीमाथि यो वर्ष पनि कारबाही नगरी उनीहरूलाई संरक्षण गरिएको छ। यस अवस्थाले अपराधीलाई प्रश्रय मिलेको छ। पीडितलाई न्याय भएको छैन्। माओवादी अयोग्य लडाकुहरूले निर्धारित सेवा/सुविधाका लागि गरेको आन्दोलन र धर्नामा दमन गरिएको छ।

१०. सिके राउतले नेपाललाई विखण्डन गर्ने उद्देश्यअनुसारका क्रियाकलाप गर्दै आएका छन्। राष्ट्रद्रोही व्यक्तिलाई गिरफ्तार गरी कारबाही गर्नुपर्छ भनी सुरक्षा निकायले भन्दा पनि सरकारले कारबाही नगरेकाले नेपाल र नेपालीको अधिकारको ठाडो उल्लङ्घन भएको छ।

११. उचित रोजगार पाउने नेपालीको मौलिक एवम् संवैधानिक हक रहेकामा सो हकको ग्यारेन्टी सरकारले गर्न सकेको छैन्। नेपालीहरू रोजगारका निम्ति विदेश गई जोखिमपूर्ण काम गर्न विवश छन्। जोखिमपूर्ण कार्य गर्दा ज्यान गुमाउनुपरेको छ। विदेशमा उनीहरूले उचित पारिश्रमिक पाएका छैनन्। उनीहरूको श्रमको शोषण भएको छ। उनीहरू लुटिनुपरेको छ, कैयन् ठाउँमा हत्यासमेत भएको छ। वैदेशिक रोजगारको नाममा नेपाली चेलीबेटी विदेशका विभिन्न मुलुकमा बिक्री भएका छन्। उनीहरूलाई कानुनले निषेध गरेको घरेलु कामदारका रूपमा काम गर्न बाध्य पारिएको छ। सरकारले फ्रि भिसा फ्रि टिकट दिने भने तापनि सोको अनुगमन र कार्यान्वय नहुँदा विदेश पठाउने नाममा मोटो रकम मेनपावर एवम् एजेन्टले असुलेका छन्।

१२. ट्रान्सपरेन्सी इन्टरनेसनल नेपालको प्रतिवेदनअनुसार भ्रष्टाचार र खराब शासन व्यवस्था भएका देशमध्ये गत वर्ष नेपाल विश्वको १३० औं स्थानमा थियो भने अहिले बढेर १३१ औं स्थानमा रहेको छ। यसले नेपालमा उचित शासन व्यवस्था छैन र राज्यबाट चुस्तदुरुस्त सेवा र सुविधा पाउने अधिकार उल्लङ्घन भएको कुरा प्रष्ट हुन्छ।

१३. रूपान्तरित संसद्मा पेश भएको संविधान संशोधन प्रस्ताव झट्ट हेर्दा सामान्य लाग्ने देखिए पनि यसले दूरगामी असर पार्ने निश्चित छ। सो प्रस्तावअन्तर्गत भाषा आयोगको सिफारिसबमोजिम तोकिएका भाषालाई संविधानको अनुसूचीमा राख्ने प्रस्तावले नेपालीको मातृ भाषा नै नभएको हिन्दी भाषालाई अनुसूचीमा राखी भारतअनुकूल सो भाषालाई कतिपय प्रदेशको सरकारी कामकाजको भाषा बनाउने षड्यन्त्र त्यसभित्र लुकेको छ। ५ नम्बर प्रदेशका जनता र नेपाल राष्ट्रको हितविपरित तराईलाई पहाडबाट अलग गर्ने उद्देश्यले भारतको चाहनाअनुसार ५ नम्बर प्रदेशको विभाजन गर्ने गरी सरकारले संसद्मा राष्ट्रघाती संविधान संशोधन विधेयक पेस गरेको छ। त्यसले नेपालको राष्ट्रिय एकता र अखण्डतामा गम्भीर खतरा पैदा गरेको छ। प्रदेश सभाको सहमतिबिना प्रदेशको सीमाङ्कन गर्न नपाइने स्पष्ट संवैधानिक प्रावधान रहेकामा प्रदेश सभा नै गठन नभएको अवस्थामा त्यस प्रकारको संविधान संशोधन विधेयक पेश हुनुले प्रदेश सभा र जनताको अधिकार नै हनन् भएको छ।

यस कार्यले अन्ततः नेपाललाई टुक्राएर भारतमा विलय गराउनेछ। प्रत्येक प्रदेशबाट ८/८ जनाका दरले राष्ट्रिय सभामा हुने प्रतिनिधित्वको सङ्ख्या घटाएर प्रत्येक प्रदेशबाट ४/४ जनाले प्रतिनिधित्व गर्ने र अन्य जनसङ्ख्याका आधारमा प्रतिनिधित्व गराउने प्रस्तावले भौगोलिकरूपमा ठूलो ठाउँबाट प्रतिनिधत्व कम हुने स्थिति छ। जनसङ्ख्या र भूगोल दुवैलाई आधार नमानी प्रतिनिधि चयन हुँदा नेपालका लागि गम्भीर खतरा रहन्छ। संशोधन प्रस्तावअन्तर्गतको नागरिकतासम्बन्धी विषयमा नेपाली पुरुषसँग वैवाहिक सम्बन्ध कायम राखेकी विदेशी महिलाले उनको देशको नागरिकता त्याग्ने कारबाही चलाएपछि निज महिलालाई नेपालको नागरिकता प्रदान गर्ने प्रावधान नेपालका लागि ज्यादै घातक छ। यस्तो व्यवस्थाले नेपालीहरू आफ्नै देशमा अल्पमतमा पर्नेछन्। जसबाट नेपालको संसद्मा समेत त्यस्ता विदेशीको बाहुल्यता हुन गई नेपाल सिक्किमीकरण हुनेछ। यसरी वर्तमान सरकारले संसद्मा पेश गरेको संविधान संशोधन प्रस्ताव नेपालको सार्वभौम सत्ता, राष्ट्रियता र अखण्डताविरुद्ध रहेकाले यो प्रस्तावले नेपाल र नेपालीको अधिकारमाथि गम्भीररूपमा आघात पुऱ्याएको छ।

१४. एकातर्फ उपरोक्त प्रकारले मानव अधिकार उल्लङ्घन भएको छ भने अर्कोतर्फ यो वर्ष सकारात्मक काम पनि भएका छन्। भारतको नाकाबन्दीको कष्टकर र अभावजन्य समयमा अत्यावश्यक र उपभोग्य सामान सुलभ गराउन र चीनतर्फ व्यापारिक नाकाहरू खोल्न गरेको सम्झौताले त्यस स्थितिमा ठूलो सहयोग पुऱ्याएको छ। भारतीय नाकाबन्दी खोलाउन तत्कालीन सरकारले गरेको प्रयास सराहनीय छ। भारतले उसको हितमा काम गर्न बाध्य पार्न नाकाबन्दी लगाउँदा पनि तत्कालीन सरकार भारतसामु नझुकी अडान राख्नु नेपालको सार्वभौमिकताका लागि राम्रो कार्य हो।

१५. अन्त्यमा, नेपालको वर्तमान संविधानमा जनताका मौलिक एवम् मानव अधिकारको ग्यारेन्टी गरिएको छ। यो संविधानको कार्यान्वयन महत्त्वपूर्ण कुरा हो। वर्तमान संविधानलाई ठीक ढङ्गले कार्यान्वयन गरेमा नेपालमा मानव अधिकारको स्थितिमा सुधार हुने देखिन्छ।

**चित्रबहादुर केसी**
अध्यक्ष

## नेपाल मजदुर किसान पार्टी

देशमा एमाले नेतृत्वको सरकार गठन भएको चार महिनापछि सन् २०१६ सुरु भयो। एमाले अध्यक्ष केपी ओली नेतृत्वको सरकारलाई माओवादी केन्द्रसमेत पार्टीहरूले समर्थन गरेका थिए। संविधान घोषणाको विरोधमा नेपालमा भारतको नाकाबन्दी कायमै थियो। नाकाबन्दीले जनताको दैनिक जीवन अस्तब्यस्त पाऱ्यो। नेपालको आन्तरिक मामिलामाथि भारतको हस्तक्षेपविरुद्ध नेपाली जनता सडकमा ओर्ले र भारतसामु आत्मसमर्पण नगर्न ओली सरकारलाई खबरदारी गरे। नेपाली जनतामा भारतीय एकाधिकार पुँजी र विस्तारवादको विरोधमा आक्रोश तीव्र विकास भयो। भारतीय राजदूतावास जनताको आक्रोशको निशाना बन्यो। नेपाल मजदुर किसान पार्टी र यसको जनवर्गीय सङ्गठन र पेशागत समाजहरूले भारतीय दूतावास घेराउ गरी नाकाबन्दी अविलम्ब हटाउन भारतीय राजदूतमार्फत भारतीय प्रम मोदीलाई ज्ञापनपत्र पठाए भने पार्टीका सांसदहरूले संसद्मा भारतीय विस्तारवाद र भारतीय राजदूत रञ्जित रेले नेपालको दक्षिण सीमामा भारतीय प्रहरीले नेपालमा गोली चलाई नेपाली नागरिकलाई घाइते बनाएको घटनाको झुटा विवरण दिएकोविरुद्ध नारावाजीसमेत गरे।

२०७२ माघ ९ गते भारतीय शासक वर्गलाई खुशी पार्न नेका, एमाले र माओवादीको सहमतिमा संविधानको पहिलो संशोधन गरियो। मधेसी मोर्चाको माग सम्बोधन गर्न संशोधन गरिएको भनिए पनि यथार्थ भारतकै दबाबमा प्रतिनिधि सभाको निर्वाचन क्षेत्र जनसङ्ख्याका आधारमा कायम गर्न गरिएको थियो। तर मधेसी मोर्चाले संविधान संशोधनमा असहमति जनाउँदै थप आन्दोलन चालु राख्यो। भारतीय शासक वर्गले नेपालको शान्ति र विकास नचाहेको पुनः पुष्टि भयो। मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवले 'संशोधनले मधेस आन्दोलनको सम्बोधन गर्न नसक्ने' बताए भने सद्भावना पार्टीका अध्यक्ष राजेन्द्र महतोले 'संविधान संशोधन मधेस आन्दोलनलाई

फसाउने शब्दजाल मात्रै भएको' बताए। संशोधनअनुसार प्रतिनिधि सभाको कुल १ सय ६५ निर्वाचन क्षेत्रमध्ये पहाड र हिमाली ५५ जिल्लाका लागि ८६ र तराईका २० जिल्लाका लागि ७९ निर्वाचन क्षेत्र कायम हुने भयो। भूगोललाई बेवास्ता गरिएको त्यो संशोधन नेपाल र नेपाली जनताको हितमा थिएन। यसकारण नेपाल मजदुर किसान पार्टीले संशोधनको विपक्षमा मत दिएको थियो।

शासक दलहरूले न्यायपालिकालाई पनि भागबन्डाको थलो बनाए। २०७२ फागुन १८ गते सर्वोच्च अदालतका ११ जना न्यायाधीश नेका, एमाले र माओवादीबीच भागबन्डामा नियुक्त गरियो। एनजिओ, आइएनजिओका सञ्चालक, विभिन्न जनविरोधी काण्डमा संलग्न भई बदनाम भएका व्यक्तिसमेत शासक पार्टी कोटामा नियुक्तिको सिफारिस गरिएकाले जनस्तरमा चर्को आलोचना भयो। संसद्को दुईतिहाई बहुमतबाट अस्वीकृत हुनुपर्ने सुनुवाइ विशेष समितिको प्रावधान भएको हुँदा न्यायपरिषद्बाट सिफारिस भएका सबै न्यायाधीशले नियुक्ति पाए। राजनीतिक भागबन्डा भई नियुक्ति पाएका न्यायाधीशहरूबाट स्वतन्त्र न्यायपालिकाको गरिमालाई उचो राख्न सक्नेबारे पनि प्रश्नचिह्न खडा भयो।

नेपालको स्वाधीनता र सार्वभौमिकतामा हस्तक्षेप गर्ने नियत राखेको भारतीय शासक वर्गले नेपालमा अस्थिरता पैदा गर्न सरकार परिवर्तनको नयाँ कदम चाल्यो। नेकाका सभापति देउवा र माओवादी अध्यक्ष प्रचण्ड भारतको गोटीचालमा फसे। माओवादीले नेकाको समर्थन पाएर आफू संलग्न सरकारविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गऱ्यो। २०७२ साउन ९ गते तत्कालीन प्रधान मन्त्री केपी ओलीले राजीनामा गरेपछि साउन १९ गते माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेकाको समर्थनमा प्रधान मन्त्री पदमा निर्वाचित भए। मधेसी मोर्चासँग संविधान पुन: संशोधन गर्ने सम्झौता गरी प्रधान मन्त्री बनेका दाहालले संविधान कार्यान्वयनलाई बेवास्ता गरे। नेका र माओवादी केन्द्रले सरकार परिवर्तन गरी नेपालमा राजनीतिक स्थिरता हुन नदिने भारतीय शासक वर्गको षड्यन्त्रलाई मद्दत गरे। दाहाल प्रधान मन्त्रीमा निर्वाचित हुनेबित्तिकै उनले भूकम्पपीडितलाई ४५ दिनभित्र पहिलो किस्ता वितरण गर्ने र पुन:स्थापनाका लागि दिइने दुई लाख अनुदानलाई तीन लाख पुऱ्याउने घोषणा गरे। सरकार गठन भएको ६ महिना भइसक्दा पनि पहिलो किस्ताको अनुदानसमेत भूकम्पपीडितले पाएनन्। लाखौं भूकम्पपीडित टहरामा रात बिताउन बाध्य भए। दाहाल सरकारले घोषणा गरेको तीन लाख अनुदान पीडितका लागि 'आकासको फल' सावित भयो। सन् २०१६ को वर्ष भूकम्पपीडितको पुनर्स्थापना कागजमै सीमित भयो।

संविधान कार्यान्वयनका लागि स्थानीय, प्रदेश र प्रतिनिधि सभाको निर्वाचनको माग जोडदार ढङ्गले उठिरहेका बेला मङ्सिर १४ गते राति दाहाल सरकारले संविधानको दोस्रो संशोधन विधेयक दर्ता गऱ्यो। हिन्दी भाषालाई सरकारी कामकाजको भाषा बनाउने, नेपालीसँग विवाह गरेका भारतीय महिलालाई तत्काल अङ्गीकृत नेपाली नागरिकता दिएर सांसद एवम् मन्त्री बनाउने, राष्ट्रिय सभा सदस्य जनसङ्ख्याका आधारमा निर्वाचित गर्ने र प्रदेश नं. ५ लाई तराई-मधेस भूभागमात्र राखी सीमाङ्कन परिवर्तन गर्ने संशोधनको नियत हो। संविधान सभाले २०७२ असोज ३ गते संविधान घोषणा गर्नुअघि भारतीय शासक वर्गले असन्तुष्टि जनाउँदै सात बुँदा सार्वजनिक गरेको थियो। सोही बुँदाहरूलाई संशोधनमा समेटिएको छ। संविधानको पहिलो संशोधनले भारतीय शासक वर्गको दुईवटा बुँदा पूरा गऱ्यो भने प्रस्तावित दोस्रो संशोधन विधेयक पारित भएमा बाँकी बुँदा पूरा हुनेछन्। नेपालको स्वाधीनता र सार्वभौमिकताप्रतिकूल भारतको निर्देशनमा आएको संविधानको दोस्रो संशोधन विधेयक फिर्ता गराउन नेमकिपालगायत नौ राजनीतिक दल सदन र सडकमा आन्दोलनरत छन्।

भारतीय शासक वर्ग अङ्गीकृत (कृत्रिम) नेपाली नागरिकलाई उच्च संवैधानिक पदाधिकारी राष्ट्रपति, प्रधान मन्त्री, प्रधान न्यायाधीश, सभामुख, नेपाली सेनाको प्रधान सेनापति, नेपाल प्रहरीको महानिरीक्षक, प्रदेशको सभामुख, प्रदेशको मुख्य मन्त्री आदिमा जान पाउने गरी संविधान संशोधन गराउन खोज्दैछ। यो सबै नेपालको तराई मधेसलाई पाकिस्तानबाट बङ्गलादेशलाई टुक्र्याएजस्तै टुक्रा गर्ने वा अन्तत: सिक्किमजस्तै नेपाललाई भारतको सङ्घ राज्यमा गाभ्ने भारतीय विस्तारवादको नियत हो भनी जनतामा व्यापक चर्चा चल्यो।

प्रधान मन्त्री दाहालको भारत भ्रमणमा २०७३ भाद्र ३१ गते दाहाल र भारतका प्रधान मन्त्री नरेन्द्र मोदीको सहमतिमा दुई देशबीच २५ बुँदे संयुक्त वक्तव्य प्रकाशित भयो। उक्त वक्तव्यमा 'अन्तर्राष्ट्रिय मामिलामा नेपाल र भारतको समान धारणा रहने, उल्लेख गरियो। यसले नेपालको परराष्ट्र र सुरक्षा मामिला भारतअन्तर्गत राख्ने षड्यन्त्र गऱ्यो। नेका-

माओवादी केन्द्रको सरकारको यो भारतीय विस्तारवादको पिछलग्गु बन्ने नीति हो। सरकारको यो पिछलग्गु नीतिको नेपाल मजदुर किसान पार्टीले विरोध गऱ्यो भने नेपाली जनताले चर्को विरोध गरे।

नेपालमा स्थानीय निकायको चुनाव नभएको १९ वर्ष भयो। यसले प्रजातन्त्रको जग नै कमजोर पाऱ्यो। स्थानीय निकाय निर्वाचनको चर्चा चल्नेबित्तिकै विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था त्यसको विरोधमा वक्तव्य दिन्छन्। इन्टरनेसनल क्राइसिस ग्रुप नाउँको एक अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले 'संविधान संशोधन सुरु गर्दा हुन सक्ने हिंसाको जोखिम कम गर्न तराई मधेसमा आन्दोलनरत समूहको सहमतिको मार्गचित्र नआएसम्म स्थानीय निर्वाचन गर्न सहयोग नगर्न चीन, भारतलगायत विकास साझेदारहरूलाई सुझाव दिएको' समाचार अन्नपूर्ण पोस्ट दैनिकले २०७२ चैत २६ गते प्रकाशित गऱ्यो। त्यो नेपालको आन्तरिक मामिलामा ठाडो हस्तक्षेप थियो। तर सरकारले यसबारे कुनै खण्डनको आवश्यकता देखेन। संविधानमै स्थानीय निकायको पुन: संरचना आयोगमार्फत स्थानीय तहको सङ्ख्या, सीमा, सदरमुकामसहित स्थानीय तह निर्धारण गर्ने प्रावधान उल्लेख भएको र आयोगले ३ हजारभन्दा बढी सङ्ख्या रहेको स्थानीय निकायलाई ७ सयमा सीमित गर्ने समाचार प्रकाशित भएलगत्तै ७५ वटै जिल्लामा जनताको विरोध भयो। यसरी स्थानीय तहको निर्वाचन अनिश्चित भइरहेको हुँदा नेपाल मजदुर किसान पार्टीले साविककै स्थानीय निकायको निर्वाचन गर्न जोड दिँदै आएको छ।

नेपालको राजनीतिक अस्थिरताको फाइदा उठाउँदै गैरसरकारी र अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू गाउँगाउँमा सक्रिय छन्। राजनीतिक कार्यकर्ता पुग्न नसकेको ठाउँमा गैरसरकारी र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कार्यकर्ता पुगिरहेका छन्। ती संस्थाले नेपालीको नाउँमा अर्बौं रुपियाँ बेहिसाब खर्च गरिरहेका छन्। चितवनको एउटा चेपाङ बस्तीमा नौ वटा एनजिओले काम गरेको र नौ करोडभन्दा बढी खर्च गरेको समाचार प्रकाशित भयो तर न त्यहाँका स्थानीय जनतालाई थाहा छ न सम्बन्धित जिविसमा कुनै जानकारी नै छ। अनुगमनको कमीले भ्रष्टाचार मौलाउँदै गएको प्रष्ट देखियो।

विद्युत् प्राधिकरणका हाकिम र उद्योगधन्धाका मालिकको मिलेमतोमा व्यापक विद्युत् चोरीको पोल खुल्यो। करोडौं जनतालाई अन्धकारमा राखेर आफ्नो स्वार्थ सिद्ध गर्ने भ्रष्ट व्यक्तिहरूमाथि कुनै कारबाही भएन। देशको सम्पत्तिमाथि ब्रह्मलुट गर्ने तिनीहरू जघन्य अपराधी हुन् र तिनीहरूमाथि कडा कारबाही हुनुपर्ने माग जनताले गर्दैछन्। ठूल्ठूला अपराधीलाई शासक दलहरूले नै संरक्षण दिइरहेका छन्। वर्षको अन्तिम समयमा आएर लोडसेडिङ हटेर जनताले केही राहत महसुस गर्न पाए। यसलाई नेपाली जनताले सकारात्मकरूपमा लिए।

सडक निर्माणमा व्यापक भ्रष्टाचारका कारण कमजोर संरचना निर्माण हुने गरेको छ। कमजोर संरचनाकै कारण छिटछिटो सडक बिग्रने र बारम्बार सडक दुर्घटना हुने गरेको पाइन्छ। सडक दूर्घटनाका कारण वर्षमा हजारौं यात्रुले अकाल मृत्युवरण गर्नुपरेको तथा लाखौंले सास्ती भोग्नुपरेको स्थिति अद्यापि छँदैछ। पृथ्वी राजमार्गअन्तर्गत मुग्लिन-नारायणगढ सडक खण्डको ३४/३५ किमि सडक पार गर्न यात्रुले ४-५ घण्टा बिताउनुपर्ने अवस्थाको अन्त्य कहिले हुने ? कागजमा कालोपत्र गरेको बिल पेश गरी लाहान-ठाडी सडकमा ३ करोडको भ्रष्टाचार भएको समाचार नयाँ पत्रिकामा २०७३ मङ्सिर २६ गते प्रकाशित भयो।

काभ्रेपलाञ्चोककी लक्ष्मी परियारलाई २०७३ मङ्सिर २५ गते बोक्सीको आरोपमा दिशा खुवाइ कुटपिट गरी हत्या गरियो। हत्यारा शिक्षकमाथि कुनै कारबाही भएको समाचार आएको छैन। छाउगोठमा सुतेका महिलाको मृत्यु, महिला सामूहिक बलात्कारका सिकार जस्ता समाचार आउने क्रम घटेको छैन। यसले सरकारमा गएका मन्त्री, परिवर्तनवादी र क्रान्तिकारी नभई रुढीवादी भएको पुष्टि गऱ्यो।

विदेशी विश्वविद्यालय, कलेज र विद्यालय स्थापना र अनियमित परीक्षा प्रणाली र सस्तो प्रमाणपत्र वितरणले नेपाली विद्यार्थीको पढाइमा वितृष्णा जगाउँदैछ। ती शैक्षिक संस्थाबाट उत्पादित जनशक्ति विदेश पलायनको उपायमात्र भएको बताइँदैछ। निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्न नसकी सरकारी विद्यालयमा विद्यार्थी शून्य भएको र कैयौं विद्यालयमा विद्यार्थीभन्दा शिक्षक बढी भएको स्थिति देखापर्दैछ। यो शिक्षामा नवउदारवादको प्रभाव हो। सरकारले शिक्षा र स्वास्थ्य जस्ता आधारभूत विषयलाई समेत निजी क्षेत्रलाई जिम्मेवारी दिनु गलत हो। साथै योग्य/अयोग्य नहेरी बाहिरबाट ल्याएर भटाभट शिक्षक भर्ना गरेकोमा पनि गुनासो व्यापक छ।

वर्षको डेढ खर्बको कृषिजन्य सामान आयात गर्नुपर्ने स्थितिले नेपालको कृषि क्षेत्रको कहालीलाग्दो तस्बिर देखाउँछ। नयाँ नयाँ बीउविजन, मलखाद र

कीटनाशक औषधिलगायत सबै वस्तु विदेशमा भर पर्नुपर्ने अवस्थामा पुगेको छ। कृषिप्रधान देशको अर्थतन्त्र विदेश निर्भर हुँदै गएको छ। आयात-निर्यातको असन्तुलन आकास-जमिनको फरक हुँदैछ। नवउदारवादका कारण देशको अर्थतन्त्र असामान्य ढङ्गले कमजोर हुँदै गएको छ।

सन् २०१६ मा आर्थिक, सामाजिक सुधारका कुनै उल्लेख्य काम हुन सकेन। संविधानबमोजिम हुनुपर्ने कुनै निर्वाचन भएन। राजनीतिक दलबीच संविधान कार्यान्वयन पहिले कि संशोधन पहिले भन्ने विवादमै एक वर्ष बित्यो। यो वर्ष अर्थात सन् २०१६ देशको स्वतन्त्रता, स्वाधीनता र अखण्डता चाहने देशभक्त र विदेशीको इशारामा देशलाई विखण्डन गर्न चाहने देशघातीबीचको सङ्घर्षका रूपमा बित्यो।

**सुनिल प्रजापति**
सचिव

## नयाँ शक्ति पार्टी, नेपाल

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रत्येक वर्षझैँ यस वर्ष पनि नेपाल मानवअधिकार वर्ष पुस्तक प्रकाशित गर्न लागेको जानकारी पाउँदा नयाँ शक्ति पार्टी, नेपाल शुभकामनासहित खुसी व्यक्त गर्दछ।

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने कार्यले नेपालको मानव अधिकार आन्दोलनलाई संस्थागत गर्ने कार्यमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। यस कार्यकालागि  नयाँ शक्ति पार्टी, नेपालको तर्फबाट हार्दिक धन्यवाद सहित कृतज्ञता ज्ञापन गर्दछौँ।

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालमा मानव अधिकारको संरक्षणको प्रश्नमा खबरदारी जनाउँदै मानव अधिकार उल्लङ्घनका घटनालाई पीडित, नागरिक अगुवा र राज्यका प्रत्येक अङ्गका अधिकारी तथा अन्तर्राष्ट्रिय समुदायसम्म सुसूचित हुने अग्रणी अभिलेखको रूपमा हैसियत प्राप्त गर्दै आएको छ। यसलाई थप परिमार्जन र विद्युतीय अभिलेखको रूपमा समेत उपलब्ध गराउनेतर्फ सुझाव व्यक्त गर्न चाहन्छौँ।

सभ्य र लोकतान्त्रिक मुलुकको पहिलो परिचय मानव अधिकारप्रतिको सम्मान र यसको संरक्षणको प्रश्न नै हो। मानव अधिकार उल्लङ्घनको सवाल शुन्य सहनशीलताको विषय भएकाले मुलुकको राजनीतिक परिवर्तनसँगै यसको थप संस्थागत विकास हुनुपर्नेमा मानव अधिकारको सवाल अझै ओझेलमा परेको छ। नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि, सम्झौता र अनुबन्धहरू लागू गर्न सरकारी प्रयास अझै प्रभावकारी र सफल हुन सकेको छैन। नेपालको संविधानले विगतका संविधानको तुलनामा मानव अधिकारको सवालमा निकै उदार प्रावधानहरू अँगालेको भए पनि पिछडिएको समूहलाई नीति निर्माणको तहमा प्रतिनिधित्व गराउनुपर्ने सवालमा हाम्रो पार्टी दृढताका साथ जनता सामु उभिएको छ। आर्थिक सम्वृद्धि र गरिबी अन्त्यको सवाललाई नेपालको मानव अधिकार आन्दोलनको मुख्य एजेण्डा बनाउनुपर्ने विषयमा नयाँ शक्ति पार्टी, नेपाल दृढ रहेको छ। मुलुकलाई यथासक्य चाँडो आर्थिक सम्वृद्धिमा अगाडि बढाउन सशक्त लोकतान्त्रिक नेतृत्व अपरिहार्य छ। जनताद्वारा निर्वाचित राष्ट्रपति प्रणालीमा जनता सहभागी हुन पाउने नेपाली जनताको नैसर्गिक मौलिक हक एवम् मानव अधिकार भएको अवगत गराउन चाहन्छौँ। मुलुकलाई त्यस दिशातर्फ अगाडि बढाउने विषय नेपाली जनताको मानव अधिकारको सवालसँग प्रत्यक्ष जोडिएकाले संविधान संशोधनमार्फत जनतलाई उक्त हक प्रत्याभूत गर्न माग गर्दछौँ।

मानव अधिकार वर्ष पुस्तकको निरन्तरताका लागि नयाँ शक्ति पार्टी नेपालको तर्फबाट हार्दिक शुभकामना सहित धन्यवाद।

**मुक्ति प्रधान**
संयोजक
कानुन, न्याय तथा मानव अधिकार विभाग

***सन् २०१६ मा नेपालको मानव अधिकार अवस्था बारेमा हामीले प्रमुख राजनीतिक दलको धारणा माग गरेका थियौँ । तर, एकीकृत नेकपा माओवादी केन्द्र, सङ्घीय समाजवादी फोरम नेपाल, राप्रपा नेपाललगायत केही राजनीतिक दलले आफ्नो धारणा उपलब्ध गराएनन् । यसैगरी नेपाल बार एशोसिएसनले पनि आफ्नो संस्थाको धारणा उपलब्ध गराएन।***

## अनुसूची ४

# सन् २०१६ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

## राष्ट्रिय मानव अधिकार आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रकाशन गर्दै आएको 'नेपाल मानव अधिकार वर्ष पुस्तक' यस वर्ष पनि निरन्तरता दिएकामा आभार व्यक्त गर्न चाहन्छु। वार्षिकरूपमा मानव अधिकार उल्लङ्घन, ज्यादती एवम् अपराधका घटना सार्वजनिक हुनुले वार्षिकरूपमा मानव अधिकार स्थितिको चित्रण गर्नेछ भन्ने मैले विश्वास लिएको छु।

नेपालको वर्तमान संविधान (२०७२) को धारा २४९ (१) मा मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख छ। यही सीमाभित्र रही आयोगले मानव अधिकार अवस्थाको अनुगमन, अनुसन्धान, मानव अधिकार शिक्षाको प्रवर्द्धन, वकालत र कानुनहरूको पुनरावलोकन गरी सुधार गर्नुपर्ने पक्षबारे राज्यलाई सिफारिस गर्ने कार्य गर्छ। यही सीमाभित्र रही आयोगले आफ्ना काम/कारबाही सम्पन्न गर्दै आएको छ।

मानव अधिकार संरक्षण एवम् सम्बर्द्धनको अवस्था हेर्दा यस आर्थिक वर्ष (२०७२/०७३) मा आयोगमा २ सय १९ उजुरी प्राप्त भएका छन्। उजुरीका विषयमा न्याय-प्रशासन, हत्या, बेपत्ता, अपहरण, कारागार/गैरन्यायिक थुना, धम्की, स्वास्थ्य, शिक्षा, रोजगारीको हक, महिला अधिकार, बाल अधिकार, अपा ता भएका व्यक्तिको अधिकार, जातीय विभेदविरुद्धको अधिकार आदि छन्। मानव अधिकार अवस्था, बन्द हड्तालमा मानव अधिकार अवस्था, कैदी/बन्दीको अधिकार, कारागार तथा हिरासतको अवस्था, गैरकानुनी थुना, आर्थिक, समााजिक तथा सांस्कृतिक अधिकारमा मुक्त हलियाको अवस्था, अस्पताल एवम् स्वास्थ्य अवस्था, उपभोक्ताको अधिकार, प्राकृतिक प्रकोप (बाढी/पहिरो/भूकम्प) बाट विस्थापितको अधिकार, ज्येष्ठ नागरिक, महिला, बालबालिका, आदिवासी जनजाति, अल्पसङ्ख्यक/सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्तिको अधिकार, आप्रवासी कामदारको अवस्था र मानव बेचबिखनको अवस्थालगायतका मुद्दामा आयोगले २४२ पटक अनुगमन गरेको छ। त्यसैगरी नागरिक तथा राजनीतिक अधिकारअन्तर्गत जीवनको अधिकार, यातना, बेपत्ता छन्। त्यसैगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा विस्थापित, पुन:स्थापना, सम्पत्ति लुटपाट, क्षतिपूर्ति, महिला, बालबालिकाको अधिकार हनन् भएको भनी परेका २०८ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ। न्याय-प्रशासन, अपहरण, विस्थापित, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यातना, जातीय विभेद, महिला अधिकार, बेपत्ता, जातीय विभेदलगायतका १ सय ८२ उजुरीमाथि निर्णय गरेको छ।

महिला अधिकार, बाल अधिकार, यातनाविरुद्धको अधिकार, बेपत्ता व्यक्तिहरूको अधिकार, मानव अधिकार विश्वव्यापी आवधिक समीक्षा, ज्येष्ठ नागरिकको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको मानव अधिकारको अवस्था, सङ्क्रमणकालीन न्यायलगायतका विषयमा प्रशिक्षण, अन्तर्क्रिया, तालिम, छलफल, बैठक, कार्यशाला गोष्ठी, प्रभातफेरी, प्रदर्शनीलगायतका २ सय २६ कार्यक्रम सम्पन्न भएका छन्। जसमा १५ कार्यक्रम सहकार्य र समन्वयमा भएका छन्। मानव अधिकारको क्षेत्रमा कार्यरत सङ्घ/संस्थाबाट आयोजित ५४ वटा कार्यक्रममा विशेषज्ञ सेवा (स्रोत व्यक्ति) उपलब्ध गराएको छ।

संवैधानिक एवम् ऐनमा नै मानव अधिकारसम्बन्धी प्रावधान राखिनु एवम् मानव अधिकार राष्ट्रिय कार्ययोजना निर्माण गर्नु आदि सकारात्मक पक्ष भए पनि व्यावहारिक कार्यान्वयनको हिसावले त्यति सन्तोष गर्ने अवस्था छैन। सन्धि समितिमा बुझाउनुपर्ने कतिपय आवधिक प्रतिवेदनसमेत पेश भएका छैनन्। शान्ति प्रक्रिया अझ पनि निष्कर्षमा पुग्न सकेको छैन। संविधान निर्माण हुनु सुखद् भए पनि कार्यान्वयनमा देखिएको चुनौतीले मानव अधिकारको संरक्षण र

परिपूर्तिमा समेत चुनौतीले घेरिएको छ। संविधान निर्माणपछि पनि राजनीतिक अस्थिरता यथावत् रहनुले नागरिक तथा राजनीतिक अधिकारमा नकारात्मक प्रभाव पर्नुका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्रचलनमा आउन सकेका छैनन्। दण्डहीनताको अवस्था, सङ्क्रमणकालीन परिवेश, आयोगका सिफारिस पूर्ण कार्यान्वयन नहुनु, मानव अधिकार रक्षकहरू असुरक्षित हुनु आदि कारण पनि मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि सरोकारवालाले आ-आफ्नो स्थानबाट थप योगदान गर्नुपर्ने अवस्था छ।

अन्त्यमा, पुस्तकको सफलताको कामना गर्दै आगामी दिनमा पनि यस्ता पुनित कार्यले निरन्तर पाउन सकून्, शुभकामना।

**मोहना अन्सारी**
सदस्य/प्रवक्ता

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

इन्सेकले नियमितरूपमा प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक यस वर्ष पनि प्रकाशन गर्न लागेको थाहा पाउँदा अत्यन्त खुशी लागेको छ। मानव अधिकारको संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनको लागि नेपाल सरकार तथा सरोकारवाला सङ्घ संस्था, अधिकारकर्मी सबै पक्षको साझा पहल हुनु जरुरी छ। नेपाल सरकारले मानव अधिकारको संरक्षणका लागि कानूनको निर्माण तथा ती कानूनहरू अनुरूप संयन्त्रको निर्माण, मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि महासन्धिहरूको अनुमोदन तथा ती सन्धिहरूद्वारा सृजित दायित्वहरू समेत पूरा गर्न प्रतिवद्ध एवम् कृयाशील रहेको छ। मानव अधिकारको संरक्षणको दिशामा आगामी दिनमा गर्नुपर्ने सुधार र प्रयत्नलाई अघि बढाउन यस पुस्तकले महत्त्वपूर्ण सहयोग पुऱ्याउने अपेक्षा गरेको छु।

**विश्वदीप वेस्रा**
शाखा अधिकृत

## गृह मन्त्रालय

मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय दायित्व पूरा गर्न गृह मन्त्रालय निरन्तर कटिबद्ध र क्रियाशील छ। मन्त्रालयले मानव अधिकारका मुद्दालाई प्राथमिकता दिई मानव अधिकार प्रवर्द्धन तथा अन्तर्राष्ट्रिय समन्वय शाखामार्फत मानव अधिकारसम्बन्धी कार्य गर्दै आएको छ भने मातहतका सुरक्षा निकाय नेपाल प्रहरी र सशस्त्र प्रहरीसँग समेत मानव अधिकारबारे समन्वय र अनुगमनका कार्य गरिरहेको छ। साथै प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय तथा मानव अधिकार आयोगबाट प्राप्त सिफारिसलाई समेत यस मन्त्रालयले तदारुकताका साथ कार्यान्वयन गरिरहेको छ।

यस मन्त्रालयले प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार पारिएको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना र लैङ्गिक हिंसासम्बन्धी राष्ट्रिय कार्ययोजनामा गृह मन्त्रालयलाई जिम्मेवार निकायका रूपमा तोकिएका कार्यक्रमको प्रभावकारीरूपमा कार्यान्वयन गरिरहेको छ। यसका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र सबै जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरी मानव अधिकारसम्बन्धी कार्यलाई प्राथमिकतासाथ पूरा गर्न निर्देशन दिइएको छ। यस कार्ययोजनालाई प्रभावकारीरूपमा लागु गर्न प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा ११ सदस्यीय मानव अधिकार कार्ययोजना जिल्लास्तरीय कार्यान्वयन तथा समन्वय समिति व्यवस्था गरिएको छ। यसबाहेक मातहत सबै सुरक्षा निकाय र जिल्ला प्रशासन कार्यालयले मन्त्रालयमा चौमासिकरूपमा देशभर मानव अधिकार प्रवर्द्धनका लागि कार्ययोजनामा उल्लिखित क्रियाकलापको प्रगतिबारे प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ।

यसैगरी, सुरक्षा निकायका कर्मचारीका लागि मन्त्रालयले 'प्रहरी कर्मचारीका लागि लैङ्गिक हिंसासम्बन्धी आचारसंहिता २०७१' तयार पारी लागु गरिएको छ। साथै सुरक्षा निकायका कर्मचारीलाई नियमितरूपमा मानव अधिकार र लैङ्गिक हिंसासम्बन्धी तालिमसमेत दिने व्यवस्था गरिएको छ। यस क्रममा गत वर्ष नेपाल प्रहरीमा ६ सय ४४ प्रहरी कर्मचारीलाई मानव अधिकारसम्बन्धी तालिम प्रदान गरियो भने सशस्त्र प्रहरीमा मानव अधिकार र मानव अधिकार कानुनसम्बन्धी ४० वटा तालिम दिइयो जसमा १ हजार ४ सय ४७ सशस्त्र प्रहरी सहभागी थिए।

यसका साथै मानव अधिकार हनन्का घटनामा मन्त्रालयले शून्य सहनशीलताको नीति अबलम्बन गरेको छ। यस क्रममा मानव अधिकार उल्लङ्घनसम्बन्धी घटना अनुसन्धान गरी दोषीउपर कारबाही गर्ने सम्बन्धमा गत वर्ष २४ वटा मानव

अधिकार उल्लङ्घनसम्बन्धी घटनाको अनुसन्धान गरी १४ जना कर्मचारीलाई दोषी ठहर गरिएकोमध्ये १२ जनालाई विभागीय कारबाही र दुई जनालाई अदालती कारबाहीसमेत गरिएको छ।

नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी अभिसन्धि र महासन्धिमध्ये कन्भेन्सन एगनेस्ट टर्चर (सिएटी)/इन्टरनेसनल कोभेनान्ट अन सिभिल एन्ड पोलिटिकल राइट्स (आइसिसिपिआर) सम्बन्धी कार्यहरू समेत यस मन्त्रालयले गर्दै आएको छ। यस क्रममा सिएटीको प्रतिवेदन प्रधान मन्त्री कार्यालयमार्फत संयुक्त राष्ट्र सङ्घमा पेश गर्नका लागि प्रारम्भिक मस्यौदा तयार भइसकेको छ। साथै यातनालाई पूर्णरूपमा अपराधीकरण गर्न बनेको विधेयक संसद्मा पेश गरिएको छ। सो विधेयक पारित भएपछि सिएटीको कार्यान्वयन थप सहज हुनुका साथै मानव अधिकार प्रवर्द्धनमा समेत यसले थप टेवा पुग्नेमा दुई मत छैन।

अन्त्यमा, मानव अधिकार संरक्षण र प्रवर्द्धन गर्न सबै निकायको समन्वय आवश्यक रहेको मनन गर्दै इन्सेकको मानव अधिकार वर्ष पुस्तक प्रकाशनले यस कार्यमा थप टेवा पुग्नेमा मन्त्रालय विश्वस्त छ।

**स्मीता पौडेल**
शाखा अधिकृत

## परराष्ट्र मन्त्रालय

गत २०७३ असोज महिनामा जारी भएको नेपालको संविधानमा उल्लेख गरिएको विभिन्न मानव अधिकारसम्बन्धी प्रावधानको कार्यान्वयन गर्नु परेकाले यो वर्ष महत्वपूर्ण थियो। संविधानले प्रतिस्पर्धी बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, वयस्क मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र विधिको शासनको प्रत्याभूत गरेकाले मानव अधिकारको रक्षाका लागि संविधान आधारभूत जगका रूपमा रहेको छ।

मानव अधिकारसम्बन्धी मूलभूत नौवटा अन्तर्राष्ट्रिय महासन्धिमध्ये सात वटाको र २४ वटा अन्तर्राष्ट्रिय सन्धि र अभिसन्धिहरूको पक्षराष्ट्र रहेको नेपाल राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिबद्धता तथा दायित्वबमोजिम नागरिकको मानव अधिकारको प्रत्याभूतिमा पूर्ण प्रतिबद्ध रहेको छ। नेपालले लोकतन्त्र, विकास र मानव अधिकारलाई एकीकृत दृष्टिकोणबाट हेरी लोकतन्त्र विकास साथै राजनीतिक सांस्कृतिक र सामाजिक अधिकारको उपभोग गर्न अपरिहार्य छ भन्ने दृष्टिकोण राख्छ। मानव अधिकारले सर्वव्यापकता, अविभाज्यता, अन्तरनिर्भरता र अन्तरसम्बन्धतामा विश्वास गर्ने भएकाले मानव अधिकारको सिद्धान्त र मूल्य/मान्यताको रक्षा गर्न सबै सरोकारवालाको रचनात्मक सहभागिता आवश्यक रहन्छ। नेपालले मानव अधिकारको दोस्रो विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त गरेको सिफारिसहरू लागू गर्न प्रतिबद्ध रहेको छ।

नेपालले संयुक्त राष्ट्र सङ्घको साधारणसभाको ७१ औं सत्रमा मानव अधिकारको संरक्षण र विकासका लागि २०७३ भदौमा प्रतिबद्धता जनाएको छ। परराष्ट्र मन्त्री डा. प्रकाशशरण महत नेतृत्वको नेपाली प्रतिनिधिमण्डलले संयुक्त राष्ट्रसङ्घको ७१ औं सत्रमा मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न नेपालको दृढ प्रतिबद्ध रहेको बतायो।

नेपालले २०७२ वैशाख १२ को विनासकारी भूकम्पपछिको पुन:स्थापना र पुनर्निर्माण योजनालाई प्राथमिक कार्यकारूपमा कार्यान्वयन गर्दै आएको छ।

परराष्ट्र मन्त्रालय र यसको कुटनीतिक मिसनले आप्रवासी श्रमिकहरूको सुरक्षा र अधिकार प्रवर्धनका साथै सहायताको खाँचो परेका आप्रवासी नेपाली कामदारहरूलाई कानुनी सेवा प्रदान गर्नुका साथै जोखिममा अवस्थामा रहेका नेपाली नागरिकको सुरक्षा गर्दै आएको छ।

मानव अधिकार र मौलिक स्वतन्त्रताको संवर्द्धन र संरक्षण गर्न परराष्ट्र मन्त्रालयले अन्तर्राष्ट्रिय समुदाय र संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार संयन्त्रहरूमा अर्थपूर्ण सहभागिता जनाउँदै आएको छ। साथै विभिन्न मानव अधिकार संयन्त्रहरूबाट निर्देशित अन्तर्राष्ट्रिय मानव अधिकारको दायित्वसँग जोडिएको बाध्यकारीरूपमा बुझाइनुपर्ने राष्ट्रिय प्रतिवेदनहरूको तयारी गरी अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाहरूमा बुझाउने कार्य गर्दै आएको छ। त्यस्तै मन्त्रालयले राष्ट्रिय मानव अधिकार आयोग र मानव अधिकार राष्ट्रिय कार्ययोजनाका अर्न्तगत पर्ने सिफारिसहरूको कार्यान्वयन गर्दै आएको छ।

अन्त्यमा, मानव अधिकार वर्ष पुस्तकको सफल प्रकाशनका लागि इन्सेकलाई शुभकामना व्यक्त गर्दछौं।

**सुधीर भट्टराई**
सूचना अधिकारी, उपसचिव

## राष्ट्रिय महिला आयोग

राष्ट्रिय महिला आयोगको स्थापना तत्कालीन सरकारको कार्यकारी निर्णयबाट २०५८ साल फागुन २४ गते भएको हो। राष्ट्रिय महिला आयोग संवैधानिक भई सोको कार्यान्वयनका लागि आयोगको विधेयक संसद्मा पेश भइसकेको छ। आयोग हालका दिनमा राष्ट्रिय महिला आयोग ऐन, २०६३ बमोजिम सञ्चालित भई सोही क्षेत्राधिकारबमोजिम आफ्ना काम/कारबाही जिम्मेवारीपूर्वक सम्पादनसमेत गर्दै आएको छ। राष्ट्रिय महिला आयोग महिलाको हकहित संरक्षण गरी लैङ्गिक न्याय कायम गर्ने उद्देश्यअनुरूप स्थापित निकाय हो। महिला हकहितको संरक्षण र संवर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई घनिभूतरूपमा समाहित गर्न र महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्नका लागि राष्ट्रिय महिला आयोग अनवरत्रूपमा खटिरहेको छ। राष्ट्रिय महिला आयोगले महिलाको मानव अधिकार, महिलाविरुद्धका हिंसा, भेदभाव तथा कुरीतिविरुद्ध जनचेतनासमेत अभिवृद्धि गर्ने गर्छ। महिला अधिकारको प्रयोग गर्न नदिएको वा वञ्चित गरेको वा कुनै पनि हिंसा वा सामाजिक कुरीतिबाट कुनै महिला पीडित भएको सम्बन्धमा आवश्यक छानबिन गरी दोषीउपर कारबाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नुसमेत राष्ट्रिय महिला आयोगको कार्य हो।

महिला मानव अधिकारका सम्बन्धमा अधिकारको प्रत्याभूति पूर्णरूपमा दिलाउनका लागि राष्ट्रिय महिला आयोगबाट सन् २०१६ को अवधिभरमा विभिन्न कार्यक्रम तय गरिएको थियो जसमा सामाजिक कुरीति, दाइजोलगायत यौनजन्य दुर्व्यवहार तथा महिलाविरुद्ध हुने हिंसा तथा महिला अधिकारसँग सम्बन्धित विषयमा छलफल/अन्तरक्रिया कार्यक्रम, प्रथा, परम्परा तथा सामाजिक कुरीतिका कारण महिला हिंसाविरुद्धका विषय उठाइ लैङ्गिक विभेद र हिंसा उन्मूलन गराउने प्रयासस्वरूप विद्यालय तहमा प्रवेश गरिएको, महिला अधिकारसम्बन्धी सचेतनामूलक कार्यक्रम, अन्तर्राष्ट्रिय महिला लैङ्गिकतामा आधारित हिंसाविरुद्धको १६ दिने अभियान/आयोगको स्थापना दिवस विद्यालय तथा विश्वविद्यालय तहको पाठ्यक्रममा लैङ्गिक सवाल तथा महिला अधिकारसम्बन्धी विषय समावेश गर्ने सम्बन्धमा सरोकारवाला निकायसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम, महिला अधिकारसम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रम गरिएका थिए। त्यसका साथै रेडियो नेपालबाट महिला अधिकारसम्बन्धी साप्ताहिक कार्यक्रम प्रशारण, महिलाविरुद्धको भेदभाव, महिला अधिकारसम्बन्धी चेतनामूलक श्रव्यदृश्य सामग्री उत्पादन तथा प्रशारण, सञ्चार माध्यमहरूबाट हुने प्रकाशन तथा प्रशारणमा लैङ्गिक संवेदनशीलता सम्बन्धमा विभिन्न सञ्चारमाध्यमबाट तथा जिल्लास्थित सञ्चारकर्मीहरूसँग अन्तरक्रिया, गोष्ठी आदि आयोगमा परेका उजुरी तथा सञ्चारमाध्यममा प्रकाशित महिला हिंसासम्बन्धी घटनाहरूको विश्लेषण तथा प्रकाशनसमेत गरिएको छ।

आयोगले घरेलु हिंसासमेतका घटनामा आवश्यक अनुसन्धान गर्ने, छलफलका लागि सम्बन्धित पक्ष बोलाउने, बयान बकपत्र गराउने, दुवै पक्षबीच आपसी सहमति, मेलमिलापसमेतका कार्य गर्दै आएको र यस वर्ष २ सय ४४ थान उजुरी आयोगबाट टुङ्ग्याइएको थियो। आयोगले घरेलु हिंसा वा अन्य कारणसमेतबाट आफ्नो घर परिवारमा असुरक्षित महसुस भएका महिलालाई आश्रय स्थलको सेवा दिँदै आएको छ। महिलाविरुद्धका उजुरीउपर निःशुल्क कानुनी सहायता उपलब्ध गराउने, लैङ्गिक हिंसासँग सम्बन्धित विषयमा आवश्यक पहलका लागि विभिन्न निकायमा सिफारिस गरिदिनेसमेतका कार्यद्वारा आयोगले महिला मानव अधिकार संरक्षणको क्षेत्रमा समेत गहन भूमिका निर्वाह गरेको छ। आयोगका यस किसिमका काम/कारबाहीसमेतबाट समग्र महिलाको मानव अधिकारको संरक्षण र विकासका लागि थप टेवा पुग्न गएको छ। जसबाट महिला सशक्तीकरणमा व्यापकता आएको छ। स्थानीयस्तरसम्म लैङ्गिक सचेतना वृद्धि भएको छ। अन्तरनिकाय समन्वय भई महिलालाई न्यायमा पहुँच पुऱ्याइएको छ। सबै मन्त्रालय/आयोगमा लैङ्गिक सम्पर्क व्यक्तिद्वारा संस्थागतरूपमा लैङ्गिक समानता कायम भएको छ। यी माथि उल्लिखित काम/कारबाहीका अतिरिक्त आयोग आगामी दिनमा महिला मानव अधिकारका क्षेत्रमा थप टेवा पुऱ्याउनेसमेत प्रतिबद्धता व्यक्त गर्न चाहन्छ।

**भगवती घिमिरे**
का.वा. अध्यक्ष

## राष्ट्रिय दलित आयोग

प्रस्तुत विषयमा त्यस कार्यालयले नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७ प्रकाशन गर्न लागेकामा राष्ट्रिय दलित आयोगको तर्फबाट शुभकामना व्यक्त

गरिन्छ। नेपालमा बसोबास गर्ने समुदायमध्येको दलित समुदाय सदियौँदेखि राज्यका सबै निकाय, अङ्ग, संयन्त्रमा समान सहभागिता नपाएको समुदाय हो। दलित समुदायले अन्य जातजातिसरह अधिकार पाउनुपर्छ भनी राज्यसँग माग गरिरहेको अवस्था छ तर पनि दलित समुदायका व्यक्तिउपर विभिन्न किसिमका अमर्यादित र कानुनविपरित कार्य भइरहनुका साथै दलित मानव अधिकार हनन्का घटना भइरहेका छन्। जातीय भेदभाव तथा छुवाछूतसँग सम्बन्धित केही प्रतिनिधिमूलक घटना यसप्रकार छन्। जस्तै :

१. साङरुम्बा गाविस-३ इलामस्थित साङ्रुम्बा उमाविका प्रधानाध्यापक मातृकाप्रसाद विश्वकर्मालाई सानो जातिको सिनो खाने दलितलाई प्रधानाध्यापक बनाउनुहुँदैन भनी कार्यक्षेत्रमा अपमान एवम् दुर्व्यवहार गरी कुटपिट गर्न खोजिएको,
२. काभ्रे जिल्ला सानो वाङ्थलीका लक्ष्मी परियारलाई बोक्सीको आरोपमा मलमूत्र खुवाई कुटपिट गरी हत्या भएको,
३. काभ्रे जिल्ला पाँचखाल नगरपालिका-६ निवासी अजित मिजार र सोही स्थान निवासी किशोरीबीच भएको अन्तरजातीय विवाहका कारण अजित मिजारको हत्या भएको,
४. रामेछाप जिल्ला पीडा गाविसमा अन्तरजातीय विवाहका कारण विवाहित जोडी विस्थापित हुनुपरेको,
५. धादिङ जिल्ला पीडा गाविसमा अन्तरजातीय विवाह गरेको कारण सबै दलित समुदायलाई कुटपिट गरी विवाहित जोडीलाई गाउँ निकाला गरी विस्थापित गराइएको,
६. गुल्मी जिल्ला अर्बेली गाविस निवासी लालबहादुर सुनार र सोही स्थानी निवासी सावित्रा न्यौपानेबीच भएको अन्तरजातीय विवाहका कारण लालबहादर सुनारलाई कुटपिट गरी जोडीलाई गाउँ निकाला गरी घरसमेत भत्काइएको,

आर्थिक वर्ष २०७२/७३ मा दलित मानव अधिकार हनन्का घटनाको सङ्ख्या ३३ रहेकामा यस आ.व. २०७३/७४ को पुस महिनासम्म यस्ता घटनाको सङ्ख्या २४ रहेको छ। यसप्रकारले आयोगमा दर्ता भएका उजुरीको सङ्ख्या बढेको हुँदा पनि सन् २०१६ को दलित मानव अधिकारको अवस्था हेर्दा घटना वृद्धि भएको बेहोरा निर्देशानुसार अनुरोध छ।

**समबहादुर विश्वकर्मा**, प्रशासकीय अधिकृत

## नेपाली सेना

नेपाली सेना सदैव नेपाली जनतामा अन्तर्निहित सार्वभौमसत्ताको व्यावहारिक प्रत्याभूति गर्ने विषयलाई आत्मसात गर्दै विश्वव्यापीरूपमा स्वीकृत आधारभूत मानव अधिकारको पालना/संरक्षण गर्न कटिबद्ध छ।

नेपाली सेनालाई आधुनिकीकरण गर्ने तथा व्यावसायिक सेनाका रूपमा विकास गर्दै लैजाने लक्ष्यअनुरूप नेपालको संविधान र सैनिक ऐन, २०६३ को दफा २० बाट निर्दिष्ट भएको प्रावधानबमोजिम नेपाली सेनामा सञ्चालन हुने हरेक किसिमका तालिममा अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारसम्बन्धी विषय समावेश गरी सकल दर्जालाई तालिम तथा प्रशिक्षण गरिँदै आइरहेको छ।

प्रधान सेनापतिज्यूको कमान्ड मार्ग निर्देशनअनुरूप मानव अधिकारको संरक्षणमा नेपाली सेनाले गरेको संस्थागत उपलब्धिलाई थप सुदृढीकरण गर्दै अन्तर्राष्ट्रिय मानवीय कानुनको अक्षरश: पालना गर्ने भन्ने उल्लेख भएअनुसार नै नेपाली सेनाका हरेक युनिट तथा व्यक्तिविशेषले मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन पालनामा विशेष जोड दिएको छ।

नेपाली सेनाका सैनिक व्यक्तिहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानुन र मानव अधिकारको पूर्ण पालना गर्न निर्देशन दिँदै प्रधान सेनापतिज्यूले यस संस्थामा शून्य सहनशीलता नीति रहेको प्रष्ट पार्नुभएको छ। नेपाली सेनामा पुरुष र महिला सैनिक दुवैको सहभागिता रहेको र हरेक तहमा लैङ्गिकमैत्री नीति पालना गरिएको छ।

अन्त्यमा, मानव अधिकारको क्षेत्रमा कटिबद्ध भई लाग्ने इन्सेकको सफलताको कामना गर्दै इन्सेकबाट प्रकाशित हुन लागेको 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७' को सन्दर्भमा मानव अधिकार निर्देशनालय हार्दिक शुभकामना व्यक्त गर्छ।

**गणेशबहादुर कार्की**
सहायक रथि, निर्देशक
नेपाली सेना

## नेपाल प्रहरी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि अनवरत्‌रूपले मानव अधिकार र सामाजिक न्यायको मूल्य/मान्यता अवलम्बन गरी मानव अधिकार सम्बन्धमा भएका घटना तथा हुने गरेका काम तथा क्रियाकलापलाई सरलरूपमा प्रत्येक वर्ष 'मानव अधिकार वर्ष पुस्तक' का रूपमा प्रकाशन गर्दै मानव अधिकारको संरक्षण, सम्बर्द्धनमा टेवा पुऱ्याउँदै आइरहेको छ। यसै क्रममा मानव अधिकारको दृष्टिकोणले सन् २०१६ कस्तो रह्यो भन्ने विश्लेषणसहितको 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७' प्रकाशन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा मानव अधिकारको अवस्थाबारे जानकारी गराउन लागेकामा हामीलाई अत्यन्तै खुशी लागेको छ।

नेपालको संविधान, प्रचलित ऐन/नियमको परिधिमा रहेर मानव अधिकारको सवालमा अन्तर्राष्ट्रिय तथा राष्ट्रियरूपमा स्थापित मूल्य र मान्यता आत्मसात गर्दै नेपाल प्रहरीले मानव अधिकार उल्लङ्घनको सवालमा शून्य सहनशीलताको नीति अवलम्बन गरी सोहीअनुरूप कार्य गर्दै आइरहेको विदितै छ। नागरिकको जीउ/धन र स्वतन्त्रताको संरक्षण गर्न, कानुनले तोकिदिएको जिम्मेवारीलाई पूर्णरूपमा पालना गर्दै समाजमा शान्ति-सुव्यवस्था कायम गर्न र अपराध नियन्त्रण तथा अनुसन्धानमा सदैव क्रियाशील छ।

मानव अधिकार नागरिकका आधारभूत अधिकार हुन्, यसको सम्मान, संरक्षण र पालना गर्नु कुनै पनि लोककल्याणकारी राज्यको परम कर्तव्य हुन्छ। नेपाल प्रहरी नै नेपालको यस्तो सङ्गठन हो जसको पहुँच आमनागरिकमा सबैभन्दा पहिले र सरलरूपमा हुने गर्छ। हाम्रो देश मानव अधिकारको दृष्टिकोणले अन्तर्राष्ट्रिय समुदायबीच एक सक्रिय सदस्यमात्र नभई मानव अधिकारसम्बन्धी कानुनहरूको राज्य पक्षको हैसियतले अनुमोदन गरी मानव अधिकारको सम्मान, संरक्षण र पालनाका निम्ति आफ्ना प्रतिबद्धतासमेत जाहेर गरेको छ। मानव अधिकारको व्यावहारिक कार्यान्वयनको बढीभन्दा बढी दायित्व नेपाल प्रहरीमाथि रहेकामा दुई मत छैन। सोही यथार्थलाई हृदयङ्गम गर्दै प्रहरी कर्मचारीलाई त्यसतर्फ प्रशिक्षित एवम् जिम्मेवार बनाउने उद्देश्यले नेपाल प्रहरीले सञ्चालन गर्ने आधारभूत तथा उन्नत तालिममा मानव अधिकारसम्बन्धी विषयलाई अनिवार्यरूपमा समावेश गरेको छ भने मानव अधिकारका लागि छुट्टै एक दिने, तीन दिने र पाँच दिने तालिम सञ्चालन गर्दै आइरहेको छ। यसका अलावा मानव अधिकारलाई थप नागरिकमैत्री बनाउनका लागि नेपाल प्रहरीले अभियानकै रूपमा 'मुस्कानसहितको प्रहरी सेवा' भन्ने नारालाई सफलपूर्वक सञ्चालन गरी हाल 'प्रहरी मेरो साथी' कार्यक्रमको छाताभित्र विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेको छ। मानव अधिकार स्थायी आदेशको प्रकाशनलाई निरन्तरता प्रदान गर्दै प्रत्येक प्रहरी कर्मचारीको पहुँचमा पुऱ्याउने उद्देश्यले वितरण गरिरहेको छ।

प्रहरी सङ्गठनको स्थापना नै मानव अधिकारको संरक्षण एवम् सम्बर्द्धनका लागि भए पनि यसलाई विशिष्टीकृत गर्नुपर्ने तथ्य मनन गर्दै २०५९ साल माघ २ गते नेपाल प्रहरी मानव अधिकार एकाइ स्थापना भई प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागअन्तर्गत रही कार्यसम्पादन गर्दै आइरहेको छ। यसले जिल्ला प्रहरी कार्यालय स्तरसम्ममा सम्पर्क अधिकृतको व्यवस्था गरी सक्रियरूपमा काम सम्पादन गर्दै आइरहेको छ।

मानव अधिकारको सवालमा देशमा वर्षभर भएका घटनालाई जिल्लागतरूपमा खोजमूलक ढङ्गले विश्लेषण गरी प्रकाशित हुने यो पुस्तक उपयोगी सामग्रीका रूपमा रहेको छ। जस्तोसुकै परिस्थितिमा पनि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले निरन्तररूपमा मानव अधिकारको संरक्षण, प्रवर्द्धन र सहकार्यका लागि गरेको योगदानको कदर गर्छौं। नेपाल प्रहरीलाई मानव अधिकारका दृष्टिले अझ सवल र सक्षम बनाउनका लागि सम्बन्धित सबै निकाय तथा व्यक्तिबाट निरन्तर सहयोग सुझावको अपेक्षा राख्दै मानव अधिकारको संरक्षणमा नेपाल प्रहरीको पूर्ण प्रतिबद्धता रहेको पुनः स्मरण गराउँदै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को 'नेपाल मानव अधिकार वर्ष पुस्तक १०१६' प्रकाशनको सफलताको कामना गर्छौं। जय नेपाल।

**प्रहरी प्रधान कार्यालय**, अपराध अनुसन्धान विभाग
मानव अधिकार शाखा, नक्साल, काठमाडौं

## सशस्त्र प्रहरी बल

विगत वर्षहरूमा झैं यस वर्ष पनि मुलुकभरको मानव अधिकार स्थितिबारे सामाजिक न्यायका निम्ति स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले

सत्यतथ्यमा आधारित रही प्रकाशनमा ल्याउन गइरहेको 'मानव अधिकार वर्ष पुस्तक-२०१७' को सफलताको कामना गर्दै आउँदा दिनहरूमा आमनागरिकको मानव अधिकार संरक्षण एवम् सम्बर्द्धन गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउन सफल हुनेछ भन्ने यस सङ्गठनले विश्वास लिएको छ।

मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्ने उद्देश्यले सशस्त्र प्रहरी बलमा मानव अधिकार हनन् तथा दण्डहीनतालाई प्रश्रय नदिने नीति अवलम्बन गरेअनुरूप सशस्त्र प्रहरी बलका कुनै पनि सदस्यबाट मानव अधिकार उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाउपर तत्काल अनुसन्धान गरी दोषी ठहरिएमा सङ्गठनले आवश्यकताअनुसार सशस्त्र प्रहरी कर्मचारीलाई विभागीय कारबाही गर्दै आइरहेको छ। साथै सशस्त्र प्रहरी बलले कमान्ड जिम्मेवारीमा खटिएर जाने अधिकृतलाई मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनबार बिफ्रिङ गरी आफू र आफ्नो मातहतमा रहेका फौजलाई सदैव सचेत गराउने, मानव अधिकार हनन् गर्नेलाई दण्डित गरी मानव अधिकार हनन्का विषयमा शून्य सहनशीलताको नीति अवलम्वन गरेको छ। तसर्थ मानव अधिकारको संरक्षण कुनै पृथक विषय वा सन्दर्भ नभई सशस्त्र प्रहरी बल सङ्गठनको स्थापनाको मूल उद्देश्य नै हो। नागरिकका संविधानप्रदत्त मौलिक हक अधिकारको संरक्षण गर्दै मानव अधिकारलाई जनताको सेवा र आआफ्नो व्यावसायिक दक्षताको मापदण्ड बनाइ समाजमा कानुन कार्यान्वयन गर्ने जस्तो अत्यन्तै महत्वपूर्ण एवम् संवेदनशील जिम्मेवारी बोकेको सशस्त्र प्रहरी बलले सीमा क्षेत्रमा हुने मानव बेचबिखन जस्ता जघन्य अपराध रोकथामका लागि सूक्ष्मरूपमा निगरानी गर्दै आएको र आफ्नो स्थापनाकालदेखि हालसम्म कुशलपूर्वक हरेक क्रियाकलापलाई परिष्कृत एवम् परिमार्जित गर्दै मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्न सदैव प्रतिबद्ध छ।

मानव अधिकार र मानवीय कानुनप्रति राज्यले गरेका विभिन्न सन्धि/सम्झौता, घोषणापत्रमार्फत व्यक्त गरेका प्रतिबद्धताअनुरूप राज्यले दायित्व सुम्पेको अवस्थामा सशस्त्र प्रहरी बलले नेपाली जनताको संविधानप्रदत्त मानव अधिकारको संरक्षण गर्ने/गराउने कार्यमा सधैँ सजग र प्रतिबद्ध रहेको जगजाहेरै छ। सोहीबमोजिमको कार्यमा विश्वसनीयता कायम राख्न सशस्त्र प्रहरी बल प्रधान कार्यालय, कानुन निर्देशनालयअन्तर्गत रहने गरी केन्द्रीय मानव अधिकार सेल स्थापना गरिनुका साथै सशस्त्र प्रहरी बल महानगरीय सशस्त्र प्रहरी कार्यालय काठमाडौँ र प्रत्येक क्षेत्रमा क्षेत्रीय मानव अधिकार सेल गठन भई काम/कारबाही हुँदै आएको छ। यसैगरी हुल तथा दङ्गा व्यवस्थापन कार्यमा परिचालित रहँदा समानुपातिकता, वैधानिकता, व्यावसायिक सुझबुझ र आवश्यकताको सिद्धान्तलाई आत्मसात गरेको छ। सङ्गठनले सबै दर्जाका आधारभूत तथा उन्नत तालिममा मानव अधिकार विषयलाई पाठ्यक्रममा अनिवार्यरूपमा समावेश गरी प्रशिक्षण दिलाउने व्यवस्था मिलाइएको छ। यसैअनुरूप सशस्त्र प्रहरी बलका कर्मचारीलाई विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ/संस्था र आन्तरिकरूपमा मानव अधिकार कानुन एवम् अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी तालिम सञ्चालन गरी हालसम्म ६ हजार ७ सय ७८ सशस्त्र प्रहरी कर्मचारीलाई मानव अधिकारसम्बन्धी तालिम प्रदान गरिसकिएको छ।

सशस्त्र प्रहरी बलका कर्मचारीलाई समय-समयमा मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्न अभिप्रेरित गर्ने उद्देश्यले जानकारीमूलक विभिन्न हातेपुस्तिका प्रकाशन गरी वितरण गर्ने नीतिअनुरूप 'मानव अधिकार संरक्षण एवम् सम्बर्द्धन सहयोगी निर्देशिका, २०६३', 'मानव अधिकार निर्देशिका, २०६६' एवम् 'सशस्त्र प्रहरी बल परिचालन हातेपुस्तिका, २०६८' प्रकाशन गरी सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीलाई वितरण गरिसकिएको एवम् युथ फर ह्युमन राइटस् इन्टरनेसनल, नेपालसँगको सहकार्यमा संयुक्त राष्ट्र सङ्घको मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ मा उल्लिखित ३० वटा आधारभूत मानव अधिकार अन्तर्राष्ट्रिय कानुनी प्रावधानलाई समेत समावेश गरी 'मानव अधिकार के हो ?' भन्ने हातेपुस्तिका प्रकाशन गरी सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीलाई वितरण गरिएको छ।

आन्तरिक सुरक्षा संयन्त्र सुदृढ भएमा मात्र मानव स्वतन्त्रता तथा मानवीय मूल्य एवम् मान्यता सुरक्षित अनि सुनिश्चित रहन्छ, मानव स्वतन्त्रता अन्ततः मानवीय प्रतिष्ठा तथा नैसर्गिक अधिकारमा समाहित हुन्छ। यी सबैको संरक्षण र रक्षा गर्ने पहिलो दायित्व निःसन्देह सुरक्षा निकायमा कार्यरत कर्मचारीको हुने भएकाले उल्लिखित मूल दायित्वलाई आत्मसात गर्दै राज्यद्वारा सुम्पिएका जिम्मेवारी सम्पादन गर्ने क्रममा सशस्त्र प्रहरी बलमा कार्यरत सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीबाट मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुन कुण्ठित हुने अवस्था सिर्जना हुन

नदिनेतर्फ सङ्गठन सदा प्रतिबद्ध छ। साथै मानव अधिकारको संरक्षण र सम्बर्द्धन सैद्धान्तिकरूपमा मात्र सीमित नगरी व्यावहारिकरूपमै संस्थागत गर्ने उद्देश्य सशस्त्र प्रहरी बलले लिएको छ। लैङ्गिक हिंसा मानव अधिकारको उल्लङ्घन मात्र नभई यसले उत्पादकत्वमा अवरोध पुऱ्याउने, मानव संसाधनमा कमी ल्याउने र सङ्गठन विस्तारमा समेत प्रत्यक्ष असर पार्ने कटु यथार्थलाई गहन मनन गरी यस सङ्गठनमा कार्यरत महिला सशस्त्र प्रहरी कर्मचारीको हकहितको संरक्षण, सशक्तीकरण एवम् विकासका लागि अधिकारहरू प्रदान गर्ने उद्देश्यका साथ महिला हिंसाविरुद्ध उजुरी सुन्ने व्यवस्था गर्नका निमित्त सङ्गठनभित्रै लैङ्गिक सेलहरू गठन गरी गुनासो सुन्ने व्यवस्थासमेत गरिएको छ।

नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयद्वारा तयार गरिएको चौँथो पञ्चवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०७१/२०७२-२०७५/०७६) को सशस्त्र प्रहरी बलले प्रभावकारीरूपमा कार्यान्वयन गर्दै आइरहेको छ। सशस्त्र प्रहरी बलका सकल दर्जाका राष्ट्रसेवकलाई मानव अधिकारसम्बन्धी प्रशिक्षण दिने, मानव अधिकार संरक्षण र सम्बर्द्धनमा सशस्त्र प्रहरी बलको भूमिका सम्बन्धमा स्थानीय स्तरसम्म सरकारी निकाय, नागरिक समाज, राजनीतिक दलका प्रतिनिधि सहभागी गराई कार्यशाला सञ्चालन गर्ने, मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी उन्नत तालिमहरूमा सशस्त्र प्रहरी कर्मचारीलाई सहभागी गराउने, तालिम पाठ्यक्रमहरू परिमार्जित गरी समयसापेक्ष बनाउँदै लैजाने, सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारीलाई विभेदसम्बन्धी ज्ञान दिलाउने एवम् प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गरी कार्यरत जनशक्तिबाटै प्रशिक्षक उत्पादन गर्ने कार्य गर्दै आइरहेको छ।

अन्त्यमा, सशस्त्र प्रहरी बलले 'सशस्त्र प्रहरी ऐन, २०५८' मा उल्लिखित कार्यादेश एवम् समय-समयमा नेपाल सरकारले तोकेको कार्यसम्पादन गर्दा मानव अधिकारको उच्च सम्मान संरक्षण एवम् सम्बर्द्धन गर्न कटिबद्ध रहेको स्मरण गराउँदै त्यस संस्थाद्वारा प्रकाशन हुन लागेको 'नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७' ले मानव अधिकारको संरक्षण र सम्बर्द्धनको क्षेत्रमा थप टेवा पुग्ने विश्वास लिएको छ।

**दुर्जकुमार राई, महानिरीक्षक**
सशस्त्र प्रहरी बल, प्रधान कार्यालय

## नेपाल पत्रकार महासङ्घ

सन् २०१६ नेपालमा सङ्क्रमणकालीन राजनीतिको अन्त्यका लागि संविधान कार्यान्वयनको वर्षका रूपमा रहने अनुमान गरिएको थियो। तर त्यो अवसरबाट मुलुक चुक्न पुग्यो। त्यतिमात्र हैन, राजनीतिक अस्थिरता र सरकार परिवर्तनको नियति यो वर्ष पनि दोहोरिइरह्यो। संविधान कार्यान्वयनका लागि कानुन र संरचना निर्माण गर्न पनि खासै प्रगति हुन सकेन। अघिल्लो वर्षको भूकम्पका पीडितलाई पुनर्स्थापना गर्ने कार्यमा पनि अपेक्षित कार्य हुन सकेन। मानव अधिकारको दृष्टिले पनि यो वर्ष खासै उतारचढावमय भएन। मानव अधिकारको समग्र अवस्थामा उल्लेख्य सुधार नआए पनि गम्भीर उल्लङ्घनका घटना विगतको तुलनामा उतिविघ्न नहुनु सङ्क्रमणको सीमामा हेर्दा उपलब्धि नै मान्नुपर्छ।

यद्यपि बलात्कारजस्ता जघन्य अपराधका घटनामा कमी नआउनु र दण्डहीनताको पुनरावृत्ति भइरहनु यो वर्षको सबैभन्दा निराशाजनक अवस्था थियो। प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको दृष्टिले यो वर्ष खासै उपलब्धिमूलक रहेन। पत्रकार र सञ्चारमाध्यममाथि धम्की र आक्रमणका घटना यो वर्ष पनि जारी रहे र दण्डहीनताको स्थिति पनि कायमै रह्यो। नीतिगतरूपमा मानव अधिकार सङ्कुचन गर्ने थप व्यवस्था नभए पनि उपभोगका लागि उत्साहजनक वातावरण बनाउने काम पनि भएन। आमसञ्चार नीतिको घोषणा यस सन्दर्भमा दीर्घकालीन उपलब्धिका रूपमा रहे पनि कार्यान्वयनमा खासै तदारुकता नदेखिँदा उत्साहित हुने अवस्था भने बन्न सकेन। सङ्क्रमणकाल अन्त्य, राजनीतिक स्थिरता र मानव अधिकारको बहालीसहित शान्ति प्रक्रियाको पूर्णता एवम् परिवर्तनको एजेन्डालाई संस्थागत गर्ने प्रमुख दस्तावेज संविधान निर्माणका सन्दर्भमा अघिल्लो वर्षको अन्त्यतिर जुन उपलब्धि भयो, त्यसको प्रतिफल मुलुकले पाउने अवस्था अझै नबन्नु चिन्ताको विषय बन्यो।

संविधान कार्यान्वयनका लागि वर्ष २०१७ मूलतः सङ्घ, प्रदेश र स्थानीय तीनै तहको निर्वाचन वर्षका रूपमा रहने वातावरण बनाउन वर्ष २०१६ मा जति पहल भए, त्यसलाई भने 'कालो बादलमा चाँदीको घेरा' का रूपमा लिन सकिन्छ।

**डा. महेन्द्र बिष्ट**
अध्यक्ष

## अनुसूची ५

# क्रिया–प्रतिक्रिया

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई उजागर गर्नुका साथै संविधानप्रदत्त मौलिक हक तथा मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनमा सरोकारवाला राज्यपक्ष तथा गैरराज्य पक्षलाई सजग र सचेत रहिरहन प्रेरित गर्छ। वर्ष पुस्तकले मानव अधिकारको विश्वव्यापी अवधारणलाई सुसूचित गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। इन्सेकले मानव अधिकारको विविध विषयलाई समेत समावेश गरी मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न सकोस् भन्ने शुभकामना एवम् शुभेच्छा व्यक्त गर्छु।

**सन्दीप भण्डारी**
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, मोरङ

नेपालमा लोकतन्त्र विस्तार तथा सुदृढीकरण गर्न नेपाल मानव अधिकार वर्ष पुस्तकले विशिष्ट भूमिका निर्वाह गर्दै आएको छ। विशेषगरी दण्डहीनताको अन्त्य र मानव अधिकारको स्थापना, संरक्षण र परिपूर्तिमा राज्यसँगै अन्य सरोकारवाला पक्षलाई घच्घच्याउन तथा जिम्मेवार बनाउन यसले महत्त्वपूर्ण योगदान गरेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकहरूले नागरिक तथा राजनीतिक अधिकारका विषय/घटनालाई विशेष महत्त्व दिएका छन्। आगामी दिनमा सामाजिक, सांस्कृतिकसँगै आर्थिक अधिकारसँग सम्बन्धित विषयलाई पनि प्राथमिकताका साथ उठाएर सामाजिक न्याय स्थापनासँगै लोकतन्त्रलाई अझ गहिरो, फराकिलो, बलियो र जनमैत्री बनाउन योगदान पुऱ्याउनेछ भन्ने आशा एवम् विश्वास लिएको छु।

**दिनेश श्रेष्ठ**
संयोजक
सहभागितामूलक लोकतन्त्र, पूर्वाञ्चल विराटनगर

मानव अधिकार हनन् भएका तथा अन्यायमा परेका व्यक्तिका लागि न्यायको ढोकासम्म पुऱ्याउने कार्य नेपाल मानव अधिकार वर्ष पुस्तकले गरेको छ।




सार्वजनिक नभएका विषय तथा घटनाको खोजी गरी प्रकाशन गर्ने गरेकाले यसलाई समाजको तस्बिर भन्न पनि मिल्छ। पुस्तकमा घटना प्रकाशन गर्दा लैङ्गिक संवेदनशीलतालाई विश्लेषण गर्नुपर्छ।

**शिवमाया तुम्वाहाम्फे**
केन्द्रीय सदस्य एवम् मोरङ सह-इन्चार्ज
नेकपा एमाले

नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको मानव अधिकारको अवस्था कस्तो छ भन्ने कुराको चित्रण गरेको पाइयो। पुस्तकमा प्रकाशन भएका डाटाका आधारमा देशको मानव अधिकारको अवस्था चित्रण गर्न सहज भएको छ। मानव अधिकार उल्लङ्घनरहित समाज निर्माण अभियानमा इन्सेकको ध्यान जान सकोस् भन्ने शुभकामना दिन चाहन्छु।

**डा.मदनकुमार उपाध्याय**
प्रमुख
जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा

नेपालमा मानव अधिकारको पक्षमा आमनागरिक र सरोकारवालालाई सचेत र जागरुक गराउनेतर्फ नेपाल मानव अधिकार वर्ष पुस्तकले निर्वाह गरेको भूमिका प्रशंसनीय छ। मानव अधिकारको सकारात्मक र नकारात्मक अवस्थालाई यस पुस्तकले यथार्थ चित्रण गर्ने प्रयास गरेको छ। यसले मानव अधिकारको पक्षमा समाजिक सचेतना अभिवृद्धि गरी सरोकारवाला पक्षलाई अझ बढी जबाफदेही, उतरदायी र जिम्मेवारी बनाउनेतर्फ अग्रणी भूमिका निर्वाह गरेको छ। आगामी दिनमा आमनागरिकको न्यायमा पहुँचको अवस्था र स्थितिसमेतलाई सम्बोधन गरी सो सम्बन्धमा सामाजिक सचेतना जागृत गराउनेतर्फ समेत महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

**अमृतबहादुर बस्नेत**
जिल्ला न्यायाधीश
जिल्ला अदालत, सिरहा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकार हनन् तथा ज्यादतीसम्बन्धी घटनाबारे मानव अधिकार वर्ष पुस्तकमार्फत सरोकारवाला निकायलगायत आमजनतामा जानकारी गराउन मद्दत पुऱ्याएको छ। मानव अधिकारको संरक्षण र संवर्द्धन कार्यका लागि चाल्नुपर्ने पहलकदमीतर्फ यो पुस्तक मार्गनिर्देशक बनेको छ। मानव अधिकार उल्लङ्घनका घटनाबारे सरोकारवाला सबै पक्षसँग वास्तविक र तथ्यपरकरूपमा सत्यतथ्य बुझी पुस्तकमार्फत जानकारी गराउन सके यस पुस्तकको महत्त्व र प्रभावकारिता अझ बढ्नेछ।

**शेखर कोइराला**
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, सिरहा

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको दर्पण हो। यो दर्पणबाट नेपालको मोटीमोटी मानव अधिकार देख्न सकिन्छ। अपराध र न्यायिक शास्त्रका विद्यार्थीका निम्ति गतिलो सामग्रीहरूको दस्तावेज पनि हुन् यी पुस्तक। सङ्क्षिप्तमा भन्दा, खोजकर्ताहरूका लागि यी पुस्तक अत्यन्त जरुरी र सङ्ग्रहणीय छन्। तर जनतासम्म पुग्न नसक्नु यसको खट्किँदो पक्ष हो। यस विषयमा इन्सेकको ध्यान जानु जरुरी छ। केही मानिसमा मात्र सीमित रहने कि आमजनतामा पुग्ने ? यो पङ्क्तिकार यी वर्ष पुस्तक

नेपाल मानव अधिकार वर्ष पुस्तक अध्ययन गर्दा मानव अधिकारको अवस्था के/कस्तो छ भन्ने कुरा घामजस्तै छर्ल हुन्छ। राज्यको जिम्मेवार निकायदेखि लिएर सर्वसाधारण नागरिकले मानव अधिकारका बारेमा जानकारी पाउन सक्नु इन्सेक र यससँग आबद्ध व्यक्तिहरूको अथक परिश्रमको प्रतिफल हो। महिला र बालबालिकासम्बन्धी हिंसाका क्षेत्रमा पर्याप्त खोजबिन गरी विषयवस्तु पस्कन सफल भए पनि ग्रामीण तहसम्म पुगी घटनाहरू उजागर गर्नेतर्फ इन्सेकको ध्यान जान सके अझ राम्रो हुन्थ्यो।

**ईश्वरीप्रसाद रेग्मी**, शाखा अधिकृत (जेलर)
कारागार कार्यालय, धनकुटा

मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको अवस्थाको सम्पूर्ण रूपमा चित्रण गर्ने दस्तावेज भएकाले यसको गरिमा बढ्दो छ। इन्सेकको यस कार्यको सराहना गर्दै मानव अधिकारको क्षेत्रमा चलाइएको अभियानले सफलता पाउँदै जाओस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**दिवेश लोहनी**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, सप्तरी

नेपाल मानव अधिकार वर्ष पुस्तकका माध्यमबाट इन्सेकले बहुविवाह, बाल विवाह, दाइजोका कारण हुने घरेलु हिंसा, मानव बेचविखन, यौनिक हिंसा, जातीय छुवाछूत एवम् भेदभाव र राजनीतिक अधिकार निषेध गर्ने जस्ता अनेकन चरित्रका घटनालाई तथ्यका आधारमा उजागर गरी जनसमक्ष ल्याउने कार्य अत्यन्त जिम्मेवार र सराहनीय छ। यसले मानव अधिकार एवम् कानुनी मान्यताप्रति राज्य र नागरिकलाई जिम्मेवार बन्न दिशानिर्देश गर्छ।

**निरञ्जनकुमार झा**
संयोजक, स्थानीय शान्ति समिति, सप्तरी

समाजमा यति धेरै अपराधका घटना रहेछन्, पढ्दापढ्दा वाक्क लाग्यो। हाम्रो सामाजिक मनोविज्ञान साह्रै तल खसेको रहेछ। समाजलाई सुधार्न मनोचिकित्सकको खाँचो महसुस भयो। अब प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तक-२०१७ ले सङ्केत गरेका कुरामा गहिरो नजर राखी अपराध न्यूनीकरणमा सरकारी तथा सरोकारवालाको ध्यान खिचोस् भन्न चाहन्छु।

**अरविन्दकुमार यादव**
सदस्य, नेपाल प्रगतिशील लेखक सङ्घ, सप्तरी

आमजनतामा कसरी पुऱ्याउन सकिएला भनेर चिन्ता राख्छ। सामान्य मानवीय कमजोरीजन्य घटनाले पनि मानव अधिकार हनन् भएर वर्ष पुस्तकमा स्थान पाउन थाल्यो। सिद्धान्ततः सामाजिक जागरण र रूपान्तरणका निम्ति समाजका सबै तथ्याङ्क बाहिर आउनुपर्छ। तर माथि भनिएझैं सामान्य मानवीय कमजोरीजन्य घटनाको पनि वर्ष पुस्तकले अभिलेख राख्नुपर्छ भन्ने छैन। समाजका उल्लेख्य र प्रतिनिधि घटनालाई यसले छनोट गरे पुग्छ। यसो गर्दा पुस्तकको मोटोपना घट्नु, छरितो हुनुका साथै क्रयमूल्य घट्न गई न्यून आय हुनेका पनि पहुँच सहज हुनेछ।

**श्याम कार्की**
लालगढ, धनुषा

यो मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित घटनाले मुलुकको मानव अधिकारको अवस्थाबारे जानकारी गराउँछ। यो पुस्तकलाई समयसापेक्ष परिमार्जन गरेर प्रकाशित गर्न सुझाव दिन चाहन्छु।

**अज्मिर केसी**
अध्यक्ष, जिल्ला बार एसोसिएसन, सिन्धुली

नेपाल संविधान निर्माण गरी कार्यान्वयन गर्ने चरणमा छ। नेपाल मानव अधिकारको क्षेत्रमा उदार राष्ट्रका रूपमा परिचित भएको छ। यस्तो अवस्थामा संविधानका मौलिक हकलाई मात्र राज्यले कार्यान्वयन गर्न सकेमा पनि धेरै मानव अधिकार उल्लङ्घनका घटनामा कमी आउनेछ। विगत लामो समयदेखि मानव अधिकारको संरक्षण तथा सम्बर्द्धनमा क्रियाशील इन्सेकको मानव अधिकार वर्ष पुस्तक अबका दिनमा यसतर्फ केन्द्रित हुन जरुरी छ। इन्सेकको अबको अभियान नागरिकका आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, खाद्य अधिकार जस्ता विषयमा केन्द्रित हुन सकेमा अझ यसको प्रभावकारिता बढ्ने देखिन्छ। इन्सेकको मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन, अध्ययन प्रतिवेदन सार्वजनिकीकरण, सम्बन्धित पक्षलाई खबरदारी गर्ने जस्ता कार्यले राज्यलाई थप जिम्मेवार बनाउनेछ। यसको विश्वसनीयता अझै बढ्दै जाओस्, शुभकामना।

**गणेशकुमार पहाडी**
सांसद, क्षेत्र नं. १, सिन्धुली

मानव अधिकारका क्षेत्रमा लामो समयदेखि काम गर्दै आएको संस्था इन्सेकले मानव अधिकार हनन् तथा उल्लङ्घनसम्बन्धी घटनाको सत्य तथ्य अभिलेखीकरण गर्ने क्रममा नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। पुस्तकले नेपालमा मानव अधिकारको अवस्थाबारे जानकारी दिने आधिकारिक दस्तावेजका रूपमा काम गरेको छ। यस पुस्तकले मानव अधिकारको संरक्षण गर्न सरकारलाई जिम्मेवारसमेत बनाएको छ। तथ्यपरक सूचना प्रकाशनले न्याय सम्पादनमा समेत सहज बनाउँदै आएको छ। साथै इन्सेकले सत्य, तथ्य र निश्पक्षतामा ध्यान दिई पुस्तकलाई अझ विश्वसनीय दस्तावेजका रूपमा अगाडि ल्याउन सकोस्। पुस्तक प्रकाशनको निरन्तरताको शुभकामना।

**कृष्णप्रसाद बराल**
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिल कार्यालय, सिन्धुली

मानव अधिकारसँग सम्बन्धित विभिन्न घटना सङ्कलन गरी इन्सेकद्वारा प्रकाशित हुँदै आएको मानव अधिकार वर्ष पुस्तक अति नै सराहनीय, प्रशंसनीय र उपलब्धिमूलक दस्तावेज हो। यो पुस्तकले सरोकारवाला निकायलाई अझ जिम्मेवार बनाउँदै मानव अधिकार संरक्षण र प्रबर्द्धनमा महत्त्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास लिएको छु।

**सुवासचन्द्र बोहोरा**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, सिन्धुली

मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घनका घटनाहरूको दस्तावेजका रूपमा प्रकाशित हुँदै आएको छ। लोकतन्त्र, महिला अधिकार र मानव अधिकारसम्बन्धी दस्तावेजका रूपमा प्रकाशन हुँदै आएको यो पुस्तकले महिला तथा बालबालिकामाथि भएका हिंसा उजागर गरी सबैलाई मानव अधिकार अवस्थाबारे सचेत बनाउनुका साथै राज्यलाई जिम्मेवार बनाउने काम गर्दै आएको छ। देशमा महिला, बालबालिकाविरुद्ध हिंसा गम्भीर प्रकृतिका हुने गरेको र यी मुद्दामा न्याय दिलाउन समस्या भइरहेको तथ्य बाहिर आएका बेला सन् २०१७ मा प्रकाशन हुन थालेको वर्ष पुस्तकले थप सूचना प्रदान गरी नागरिकलाई सुसूचित हुन सहयोग गर्नेछ भने राज्यलाई महिला तथा बालबालिकाका क्षेत्रमा थप संवेदनशील भई काम गर्नका लागि नीति, रणनीति तथा कार्यनीति निर्माण र कार्यान्वयनमा सहयोगी बन्नेछ भन्ने विश्वास लिएकी छु। साथै यो पुस्तकले महिला तथा बालबालिकाविरुद्ध

हुने हिंसाका दोषीलाई कानुनी दायरामा ल्याएर कारबाही गर्न र महिला, बालबालिकाका मौलिक हक र महिला मानव अधिकार सुनिश्चित गर्न र राज्यलाई जिम्मेवार बनाउन सहयोगी बनोस् शुभकामना।

**जानकी कुँवर राठी**
महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय, सिन्धुली

लामो समय भएछ, इन्सेकले प्रकाशन गरेको मानव अधिकार वर्ष पुस्तक पढ्न थालेको। लाग्छ, जहिलेदेखि इन्सेकले वर्ष पुस्तक प्रकाशन गर्न थाल्यो सबै वर्षका पुस्तक पढ्न छुटेको छैन। यो पुस्तक मानव अधिकार उल्लङ्घनका देशभरका घटनाको स्रोत पुस्तकभन्दा पनि खासै फरक पर्दैन। जति घटना प्रहरीमा उजुरीका रूपमा दर्ता हुन्छन्, अदालतको ढोकासम्म न्याय खोज्दै पुग्छन्, त्योभन्दा पनि अझ बढी मानव अधिकार उल्लङ्घनका घटना यस पुस्तकमा समेटेको पाइएको छ। घरेलु हिंसा, महिला बेचबिखन तथा ओसारपसार, बालबालिका, महिला, अपाङ्ग, वृद्धलगायतका सवालमा इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकमा समेटिएको पाइएको छ। वर्ष पुस्तक नेपालको मानव अधिकार उलङ्घनका घटनाको वार्षिक सङ्गालो हो। नेपालमा एउटा दह्रो खम्म्बाका रूपमा  मानव अधिकारको संरक्षण संबर्द्धन र राज्यलाई कानुनी राज्यको दायरामा अघि बढ्न इन्सेकले जसरी औंल्याइरहेको छ, हालसम्म सफल पनि देखिएको छ। त्यस बाटोमा सदैव सफल होस्। सामाजिक न्यायका सवाल आमनागरिकका अधिकारको जगेर्ना गर्न इन्सेकलाई सदैव सफलता मिलोस्।

**द्वारिका काफ्ले**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सिन्धुली

इन्सेकको मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन, अध्ययन प्रतिवेदन सार्वजनिकीकरण, सम्बन्धित पक्षलाई खबरदारी गर्ने कार्य सकारात्मक र मानव अधिकार उल्लङ्घन गर्ने पक्षलाई दबाब दिने कार्य सराहनीय छ। सरकारी, गैरसरकारी संस्था, अनुसन्धाकर्ता सबैका लागि यो एउटा आधिकारिक स्रोत पुस्तकका रूपमा विकास भएको छ। इन्सेकले आफ्नो स्थापनाकालदेखि देशभर भएका मानव अधिकार उल्लङ्घनका घटनाबारे मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित गरी एउटा राज्यको ऐनाका रूपमा काम गर्दै आएको छ। अत: यस संस्थाले अझ आफ्नो कार्यमा निरन्तरता दिई आफ्नो छवि अझ उच्च र विश्वसनीय बनाओस् शुभकामना।

**जंगबहादुर राई**
अध्यक्ष, नेपाल बार एसोसिएसन, सिन्धुली

समाजमा भएका मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरी मानव अधिकार वर्ष पुस्तकमा पुष्टि गर्ने दस्तावेजका रूपमा यो पुस्तक वार्षिकरूपमा प्रकाशित हुँदै आएको छ। नेपाली जनताले विभिन्न प्रकारको आन्दोलन गरेका छन्। आन्दोलनको उपलब्धिपश्चात नेपालमा संविधान सभाको निर्वाचनमार्फत लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि संविधान जारी भइसकेको छ। नेपाल र नेपाली जनताले बनाएका संविधानप्रति असन्तुष्टि जनाउँदै भारतले गरेको नाकाबन्दी र त्यसका कारण नेपाली जनताले सङ्कटपूर्ण अवस्था भोग्नुपरेको थियो। नेपालमा लैङ्गिक हिंसा र जातीय भेदभाव अझै पनि कायम रहेको वर्ष पुस्तकमा उल्लेख छ। २०७२ साल वैशाखमा गएको विनाशकारी भूकम्पले भएको जनधनको क्षति र भूकम्पपीडितलाई राहत पु¥याउनुपर्ने बेलामा भारतीय सुरक्षा सीमा बलले इन्धनमात्र होइन, औषधि, खाद्यान्न र मलखादलगायत सारा सामानको आयात रोकेको वर्ष पुस्तकमा समावेश छ।

**रुद्रबहादुर खड्का**
अध्यक्ष, मानव अधिकार शिक्षा क्लब, रिलेक नेपाल, सिन्धुली

मानव अधिकार वर्ष पुस्तकले राज्यलाई सचेत र सजग बनाउने कार्य गर्दै आएको छ। यो पुस्तकको प्रकाशन निरन्तरताको शुभकामना व्यक्त गर्छु ।

**नारायण शर्मा दुवाडी**
प्रमुख जिल्ला अधिकारी, मकवानपुर

मानवको स्वतन्त्रपूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारउपर भएका अतिक्रमण न्यूनीकरण गर्ने कार्यमा इन्सेकले प्रकाशन गर्दै आएको वर्ष पुस्तकको योगदान रहँदै आएको छ। यस कार्यमा अझै सफलता मिल्दै जाओस्।

**वसन्त लामा**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय हेटौंडा, मकवानपुर

मानव अधिकार वर्ष पुस्तक सबै विषयलाई समेटेर सन्तुलित ढङ्गले प्रकाशित हुनुपर्छ। पुस्तक आग्रह र पूर्वाग्रहबाट मुक्त हुनुपर्छ। यो पुस्तक पढ्दा मुलुकको मानव अधिकारको अवस्था छर्लङ्ग हुन्छ। यो कार्यले निरन्तरता पाइरहोस्।

**इन्द्रबहादुर वानियाँ**
सांसद एवम् सभापति, नेपाली कङ्ग्रेस मकवानपुर

पुस्तक प्रकाशनबाट राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घट्ना सार्वजनिक भएबाट पीडकहरू निरुत्साहित हुन जाने र पीडितहरूले राहत महसुस गर्नेछन्। वर्ष पुस्तक प्रकाशनको कार्यले निरन्तरता पाइरहोस्।

**मुनु सिग्देल**
अध्यक्ष, नेकपा एमाले मकवानपुर

यो वर्ष पुस्तक मुख्यगरी राज्य र गैरराज्य पक्षबाट मानव अधिकार हनन् भएका घटनाको सङ्गालो हो। यो पुस्तकले मुलुक कुन दिशातिर लम्किरहेको छ भन्ने कुरा बताउँछ। यो पुस्तक आगामी दिनमा अझै परिस्कृत हुँदै अगाडि बढोस् भनी शुभकामना व्यक्त गर्छु।

**कुमारी मोक्तान**
इन्चार्ज, नेकपा माओवादी केन्द्र, मकवानपुर

लामो समयदेखि प्रकाशित भइरहेको यो मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको अवस्थाबारे जानकारी दिलाउन योगदान पुऱ्याउँदै आएकाले यसको निरन्तर प्रकाशनका लागि शुभकामना व्यक्त गर्छु।

**रामहरि न्यौपान**
अध्यक्ष, राप्रपा, मकवानपुर

मानव अधिकार वर्ष पुस्तक मुलुकको मानव अधिकारको समग्र चित्रण गर्न सफल भएको छ। यसले मुलुकमा कुन पक्षबाट मानव अधिकारको उल्लङ्घन हुँदै आएको छ भन्ने कुराको जानकारी दिने कार्यमा योगदान पुऱ्याएको छ। यो कार्यले निरन्तरता पाइरहोस्।

**प्रह्लाद लामिछाने**
संयोजक, नयाँ शक्ति पार्टी, मकवानपुर

मानव अधिकार उल्लङ्घनका घटनाका साथै मानव अधिकार संरक्षणको अभियानमा सक्रिय इन्सेकले तथ्याङ्कका रूपमा नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत जानकारी एवम् सम्बन्धित निकायलाई खबरदारी गर्ने कार्यमा प्रभावकारी भूमिका निर्वाह गरिरहेको छ। यो प्रशंसनीय कार्य हो। मानव अधिकारको राष्ट्रिय दस्तावेजका रूपमा रहेको वर्ष पुस्तकले समाजको यथार्थ रूप उजागर गर्ने कार्य गरेको छ। अझै यसलाई प्रभावकारी, पारदर्शी र परिमार्जित बनाउँदै सूचनामैत्री अभिलेखीकरण गर्नु जरुरी छ।

**सोम शर्मा (वजगाइँ)**
उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, भक्तपुर
अध्यक्ष, प्रेस चौतारी नेपाल, भक्तपुर

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत मानव अधिकारको रक्षार्थ निरन्तररूपमा खबरदारी र पहरेदारीका रूपमा अभिलेखीकरण कार्य गर्दै आइरहेको छ। यसले राज्य पक्ष र गैरराज्य पक्षलाई मानव अधिकार हनन् र अधिकार संरक्षणका लागि घचघच्याउने कार्य गर्दै आएको छ। यो पुस्तक मानव अधिकारको क्षेत्रमा ऐतिहासिक दस्तावेज भएका कारण यसलाई अझ व्यवस्थित र प्रभावकारीरूपमा तथ्याङ्क सङ्कलन गरी मानव अधिकार संरक्षणमा थप प्रभावकारी बनाउन सके इन्सेकको जवाफदेहिता र विश्वास अझै बढ्ने निश्चित छ।

**रमेश गिरी**
अध्यक्ष, क्रियाशील पत्रकार मञ्च, भक्तपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६ पढ्ने अवसर प्राप्त भयो। देशभर भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना समेटेर हरेक वर्ष प्रकाशित हुने यो पुस्तक पठनीय र सङ्ग्रहणीय छ। प्राप्त तथ्यका आधारमा मानव अधिकारको अवस्थालाई नजिकबाट नियाल्ने काम यो पुस्तकले गरेको छ। राज्यका नीति र कार्यक्रममा प्रभावकारी र सकारात्मक परिवर्तनका लागि हरेक वर्ष पुस्तक प्रकाशन निकै राम्रो काम हो। इन्सेकद्वारा प्रकाशित हुने वर्ष पुस्तकको २५ सौं शृङ्खला अझै प्रभावकारी रहोस्, शुभकामना।

**सहकुलबहादुर थापा**
एसपी, जिल्ला प्रहरी कार्यालय काभ्रे

मानव अधिकार वर्ष पुस्तक वर्षभरका मानव अधिकार उल्लङ्घनका घटनाको दस्तावेजका रूपमा प्रकाशित हुँदै आएको छ। लोकतन्त्र र मानव अधिकारसम्बन्धी दस्तावेजका रूपमा प्रकाशन हुँदै आएको यो पुस्तकले देशमा भइरहेका अन्याय,

भ्रष्टाचार, दण्डहीनता तथा मानव अधिकार अवस्थाबारे चित्रण गर्दै आएको छ। देशमा महिला, बालबालिकाविरुद्ध हिंसा तथा अन्य गम्भीर प्रकृतिका मानव अधिकार हननका घटना भइरहनुले राष्ट्रको समुन्नति सम्भव छैन। यसर्थ यसै मानव अधिकार वर्ष पुस्तकमार्फत मानव अधिकार उल्लङ्घनमा संलग्न दोषीलाई कानुनी दायरामा ल्याएर कारबाही गरी महिला/बालबालिकाका मौलिक हक र महिला मानव अधिकार सुनिश्चित गर्नका लागि सम्बन्धित सबैमा अनुरोध गर्दै महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मूलन गरी हिंसामुक्त समाज निर्माण गर्नका लागि यो पुस्तक सहयोगी बन्नेछ भन्ने अपेक्षासहित निरन्तरताको कामना गर्छु।

**सविता कोइराला**
सचिव, महिला मानव अधिकार सञ्जाल, धादिङ

देशभर हुने मानव अधिकार उल्लङ्घनका घटना उजागर गर्न यो पुस्तक समय सान्दर्भिक छ। यस्ता पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घन गर्ने राज्य, सरकार र व्यक्तिलाई नैतिक दबाब सिर्जना गर्छ। तर पुस्तकले सबै मानव अधिकार उल्लङ्घन घटना समावेश गर्न सकेको देखिएन। मानव अधिकार उल्लङ्घन गलत मानिसउपर गलत घटनालाई जबर्जस्ती व्याख्या गरी तानतुन गरेर मुद्दा दर्ता गराउने कार्यबाट पनि हुने गर्छ। त्यस्ता घटना बढी संवेदनशील हुन्छन्। त्यसतर्फ यो पुस्तकको लेखन अगाडि बढ्न सकोस् भन्ने सुझावसहित अपेक्षा गर्छु।

**टंककुमार श्रेष्ठ**
पूर्व अध्यक्ष, बार एसोसिएसन, धादिङ

इन्सेकले वार्षिकरूपमा प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक एकदमै राम्रो छ। यसले देशमा मानव अधिकार उल्लङ्घनको अवस्थालाई उजागर गर्न सकेको छ। महिला हिंसाका घटना थोरैमात्र अभिलेख हुँदा वास्तविक अवस्था चित्रित हुन सक्दैन कि भन्ने लाग्छ। त्यसैले आगामी दिनमा यस्ता सबै घटना अभिलेख गर्न र प्रकाशन गर्न हार्दिक अनुरोध गर्छु।

**राधिका सापकोटा**
महासचिव, महिला मानव अधिकार रक्षकहरूको राष्ट्रिय सञ्जाल

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरिरहेको सम्बद्ध पक्षलाई धन्यवाद। अझै सत्य तथ्य कुराहरू व्यावहारिकरूपमा छानबिन गरी घटना प्रकाशित गर्दा अझ गहकिलो र ओजिलो हुने कुरा सुझाव दिन चाहन्छु। वर्ष पुस्तक निरन्तर प्रकाशन हुँदै जाओस्। यही शुभकामना।

**भक्त लामा**
उपसभापति, नेपाली कङ्ग्रेस, धादिङ

हरेक वर्ष मानव अधिकार उल्लङ्घनका घटना समेटेर प्रकाशन गरिने मानव अधिकार वर्ष पुस्तकमा हाम्रो समाजको वास्तविक रूप देख्न सकिन्छ। मानव अधिकार उल्लङ्घनका घटनासँगै हरेक किसिमका घटनासमेत समेटेर प्रकाशनको व्यवस्था गर्न सके झनै राम्रो हुने थियो। यसका लागि इन्सेकले सामाजिक सङ्घ/संस्थाहरूसँग समन्वय गरेर कार्य गर्दा अझै मानव अधिकार संरक्षण र सम्बर्द्धनमा सहयोग पुग्ने थियो। मानव अधिकार वर्ष पुस्तकको निरन्तर प्रकाशनको कामना।

**प्रेमनाथ सिलवाल**
नेकपा एमाले, धादिङ

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक ऐतिहासिक अभिलेखीकरण भएको छ। यसमा भएका घटना कम मात्रामा देखिएका छन्। सञ्चारकर्मीमाथि भएका दुर्व्यवहारका घटना बढी मात्रामा प्रस्तुत गरिदिनुहोला। घरेलु हिंसाका घटनाको अभिलेखीकरण अझै बढाइ विस्तृत विवरण समावेश होस्। कुनै पनि सेवा लिन सरकारी निकायमा जाँदा हुने गरेका दुर्व्यवहारका घटना पनि समेट्न सके राम्रो हुन्थ्यो कि ?

**गायत्री खतिवडा**
अध्यक्ष, महिला मानव अधिकार रक्षकहरूको जिल्ला सञ्जाल, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारका घटना समेटेर नियमित प्रकाशन गर्दै आएको र जातीय छुवाछूत भएका घटना उजागर गर्दै आएको छ। यसले गर्दा मानव अधिकारका लागि पहल भएको छ। मानव अधिकारका सवालमा विभिन्न सङ्घ/संस्थासँग समन्वय गरी संयुक्त रूपमा घटनाको अनुगमन गर्न सके राम्रो हुने थियो।

**श्यामबहादुर मगराती**
अध्यक्ष, दलित सेवा सङ्घ, धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तक सबैका लागि उपयोगी र राज्यका लागि मानव अधिकार पूरा गर्न दबाब दिने विषयका रूपमा रहेको छ। त्यसैले अपाङ्गता भएका व्यक्ति हिंसामा परेका छन् कि छैनन्, अपाङ्गता भएका महिलाको अवस्था कस्तो छ आदि उल्लेख गरी अपाङ्गता भएका महिलालाई सरकारी कार्यालय जाँदा हुने दुर्व्यवहारका घटना पुस्तकमा समावेश गर्न अनुरोध छ। हाल निर्माण भइरहेका सरकारी संरचना अपाङ्गमैत्री भए/नभएको अनुगमन गरी उल्लेख होस्।

**सम्झना रिजाल**
अध्यक्ष, अपाङ्ग महिला सङ्घ, धादिङ

यो पुस्तकले नेपालमा मानव अधिकारसँग सम्बन्धित घटना प्रकाशन गरेकाले जानकारी र सूचनामूलक छ। जातीय छुवाछूत र विभेदका घटनालाई प्राथमिकताका साथ समावेश गरिदिनुहुन अनुरोध छ। साथै राज्यले गरेका मानव अधिकारसम्बन्धी व्यवस्था र प्रावधानलाई पनि तुलनात्मकरूपमा समावेश गरे राम्रो हुन्छ।

**राम नेपाली**
दलित अधिकारकर्मी, धादिङ

मानव अधिकार उल्लङ्घनका घटना तथा अन्य किसिमका घटनाबारे यथार्थ जानकारी समावेश गरी नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन हुनु आफैँमा राम्रो हो। यसमा समावेश भएका विषयवस्तु राम्रा छन्। घटनाको विस्तृत बिवरण समावेश गर्न सके अझै राम्रो हुने थियो। पुस्तकमा घटनाको सङ्ख्या र विवरणका साथै समाजमा हुने मानव अधिकार र अन्य अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाहरू न्यूनीकरणका उपाय अपनाउने कार्यक्रमसमेत सञ्चालन गर्न इन्सेकसँग आग्रह गर्छु।

**सानुबाबु तिमिल्सिना**
सञ्चारकर्मी, धादिङ

इन्सेकद्वारा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६ पढ्न पाएँ। पुस्तकले नेपाल राज्यभर मानव अधिकारको अवस्था तथा मानव अधिकार हनन्का घटनाबारे जानकारी गराउँछ। जसले गर्दा जिल्लाको मानव अधिकारको अवस्था र आगामी दिनमा गर्नुपर्ने कार्यको कार्ययोजना बनाउन मद्दत पुग्छ। त्यसैले यो पुस्तकलाई सरोकारवालासहित सबैको पहुँचयोग्य बनाउनुपर्छ। मानव अधिकार हनन् न्यूनीकरण गर्न तथा मानव अधिकारको संरक्षण प्रवर्द्धन गर्न वर्ष पुस्तकाले महत्त्वपूर्ण भूमिका खेल्नेछ। पुस्तकको निरन्तरताको कामना छ।

**कृष्णप्रसाद अधिकारी**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रसुवा

मानव अधिकार क्षेत्रमा स्थापित संस्था इन्सेकले प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्नमात्र नभई आमनागरिकलाई सचेत पार्ने काम गरेको छ। यस्तो पुस्तकलाई आगामी दिनमा समयानुकूल परिस्कृत गर्दै लैजानुपर्ने आवश्यकता देखिन्छ। पुस्तक मानव अधिकार तथ्याङ्कहरूको सङ्गालोका रूपमा रहेको छ। यो पुस्तक प्रकाशनले नेपालमा मानव अधिकार उल्लङ्घनका घटना न्यून गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ। पुस्तक प्रकाशनले नियमितता पाओस् भन्ने शुभकामना दिन चाहन्छु।

**बाबुलाल तामाङ**
अध्यक्ष, नागरिक समाज, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६ पढ्न पाएँ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको अध्ययन गरी विश्लेषण गरी सम्बन्धित विषयहरू समेटेर प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण र प्रवर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलेको छ। राज्य पक्षलाई मानव अधिकारप्रति संवेदनशील भई कार्य गर्न मार्गनिर्देशन समेत गर्ने भएकाले देशभरका मानव अधिकार हनन्का वास्तविक घटनालाई सूक्ष्मरूपले केलाएर इन्सेकले आगामी दिनमा अझ सशक्तरूपमा पस्कने कार्यमा निरन्तरता दिनेछ भन्ने विश्वास लिएको छु।

**फणीन्द्र प्रसाई**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, रसुवा

मानव अधिकार र सामाजिक न्यायका निम्ति दुई दशक लामो यात्रामा अनवरत लागेको इन्सेकद्वारा सन् २०१६ मा प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तक प्राप्त गरी सरसर्ती अध्ययन गरेँ। सबै समेटिएका घटना अध्ययन गर्न पाउँदा खुशी लाग्यो। वर्ष पुस्तकले आमनागरिकलाई मानव अधिकारको सूचना दिनु निकै राम्रो काम हो। वर्ष पुस्तकले निरन्तरता पाओस्। मानव

अधिकारको पर्यायवाची बनेको इन्सेक संस्थाले गरेको योगदान अमूल्य छ। यस्तो कार्यको निरन्तरताको कामना गर्छु।

**ज्ञानेन्द्रनाथ न्यौपाने**
ज्येष्ठ पत्रकार तथा अध्यक्ष, मानव अधिकार संरक्षण मञ्च, रसुवा

मानव अधिकार वर्ष पुस्तक २०१६ हेर्ने मौका मिल्यो। वर्ष पुस्तकको माध्यमबाट देशभरका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना सर्वजनिक हुँदै आएको कुरा निकै सान्दर्भिक छ। इन्सेकको यो निकै उत्कृष्ट काम हो। मुलुकभर कैयौं भूमिहीन, सुकुमबासी, विर्ता, मोही, भूकम्पपछि विस्थापितका अधिकारका सवालमा उठान गर्न आवश्यक छ। वर्षौंदेखि जमिन जोत्दै आएका किसानसँग जमिनको कानूनी स्वामित्व छैन। अब मानव अधिकार वर्ष पुस्तकले हत्या हिंसाका मात्र नभई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार हनन्का घटना पनि तथ्यगतरूपमा समेट्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु।

**चित्रकुमारी न्यौपाने**
अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च, रसुवा

नेपालमा मानव अधिकारको पर्यायवाची नाम इन्सेकले गरेको निकै स्वागतयोग्य काम हो- वर्ष पुस्तक प्रकाशन। मानव अधिकार उलङ्घनका घटना समेटेर प्रकाशित नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत सबै मानव अधिकार उल्लङ्घनका घटना जनतामाझ ल्याएको छ । पुस्तकमा प्रकाशित सामग्री जहाँ जसले पनि सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्न सक्नेछन्। पुस्तक मानव अधिकारको तथ्याङ्कहरूको सङ्गालोका रूपमा सङ्ग्रहित छ। यो पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घनका घटना न्यून गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ। पुस्तक प्रकाशनले निरन्तरता पाइरहोस् भन्ने शुभकामना दिन चाहन्छु।

**विश्वास नेपाली**
कोषाध्यक्ष, मानव अधिकार तथा सामुदायिक विकास स्रोत केन्द्र धैबुङ-५, रसुवा

साँढे दुई दशकअघि स्थापित मानव अधिकारकर्मी संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले रहेक वर्ष प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक सन् २०१५ सरसर्ती अध्ययन गर्ने मौका मिल्यो। मानव अधिकार उल्लङ्घनका सम्पूर्ण घटना एकै सङ्गालोमा समेटेर प्रकाशित हुनु अति नै राम्रो काम हो। यसमा समेटिएका मानव अधिकार उलङ्घनका घटना तथ्यपरक ढङ्गबाट विश्लेषण भएको पाइयो। जसबाट मानव अधिकार उल्लङ्घनकर्तालाई नैतिक दबाब परेको महसुस भएको छ। यस्ता घटना सार्वजनिक गरेर पीडितलाई न्याय, दोषीलाई कानुनी कारबाही र घटनाको न्यूनीकरण हुने विश्वास लिएको छु। मानव अधिकारको विश्वव्यापी घोषणापत्रका कुराहरूका आधारमा समेटिएको यस पुस्तक सङ्ग्रहणीय तथा अति उपयोगी छ। आगामी दिनमा पनि यसरी नै कुशलता र निष्पक्षपूर्वक मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा कटिबद्ध भएर निरन्तर लागेकामा इन्सेकलाई धन्यवाद तथा शुभकामना दिन चाहन्छु।

**कर्न्याल तामाङ**
अध्यक्ष, नेकपा एमाले, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत सबै मानव अधिकार उल्लङ्घनका घटना बर्सेनि इन्सेकले जनतामाझ ल्याउन गरेको सराहनीय र स्वागतयोग्य काम हो। यो पुस्तक अध्ययन गर्दा मुलुकको मानव अधिकारको अवस्था स्पष्ट हुन्छ। मानव अधिकार तथ्याङ्कहरूको सङ्गालोका रूपमा छ यो। यो पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना न्यूनीकरण गर्न उल्लेखनीय भूमिका खेलेको जस्तो लाग्छ। यो पुस्तक प्रकाशनले निरन्तरता पाओस् भन्ने शुभकामना छ। जिल्लाका विभिन्न घटनाका पीडक र राज्यलाई अझै पारदर्शी, जवाफदेही बनाउन गाउँगाउँमा मानव अधिकार शिक्षा सचेतना कार्यक्रम हुन आवश्यक छ। नियमितरूपमा वर्ष पुस्तक प्रकाशन गरेर मानव अधिकार उल्लङ्घनका विषयमा चासो राख्ने, अनुसन्धान गर्नेलाई पनि महत्त्वपूर्ण दस्तावेज भएको छ।

**ठाकुर अधिकारी**
सचिव, नेपाल पत्रकार महासङ्घ, रसुवा

मानव अधिकार वर्ष पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घनका घटना जनसमक्ष यथारूपमा पुग्ने भएकाले मानव अधिकार उल्लङ्घनसम्वन्धी घटना न्यूनीकरण गर्न र यस्ता कार्य दण्डनीय बनाउन वर्ष पुस्तकले नागरिक समर्थन प्राप्त गरेको छ। मानव अधिकारको पूर्ण प्राप्ति र प्रत्याभूतिको सुनिश्चितता आजको आवश्यकता हो। यस दिशमा अनौपचारिक क्षेत्र

सेवा केन्द्रको वार्षिक प्रकाशन मानव अधिकार वर्ष पुस्तक कोशेढुङ्गाका रूपमा स्थापित हुन सकोस्।

**जितेन्द्र बस्नेत**
प्रमुख जिल्ला अधिकारी, गोरखा

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनले राज्य र गैरराज्य पक्षबाट मानव अधिकार हनन् भएका घटनाको राष्ट्रिय र अन्तर्राष्ट्रियकरण गर्दै घटना न्यूनीकरण एवम् पीडितलाई न्याय दिलाउने काम गर्दै आएको छ। मानव अधिकार क्षेत्रमा यसको कार्यसम्पादन अग्रपङ्क्तिमा रहेको पाइन्छ। यस कार्यमा अझ सफलता मिल्दै जाओस् र वर्ष पुस्तकले निरन्तरता पाओस्।

**जनकराज पाण्डे**
प्रहरी उपरीक्षक जिल्ला प्रहरी कार्यालय, गोरखा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६ ले बाल अधिकार, मानव अधिकार, महिला अधिकारलगायत विशेषतः बलात्कारका विषयमा सचेत गराउने काम गरेको छ। वर्ष पुस्तक प्रकाशनले गोरखाको मानव अधिकारको क्षेत्रमा इँटा थप्ने काम गरेको छ। यो प्रकाशनले निरन्तर पाओस्।

**यदु अधिकारी**
मानव अधिकार सञ्जाल, गोरखा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना अभिलेखीकरण गरी मानव अधिकार अवस्थाको चित्रण गरेको छ। मानव अधिकार उल्लङ्घनका घटना नदोहोरियोस् भनेर सावधानी अपनाउने र पीडकलाई कानुनी दायरमा ल्याई पीडितलाई न्याय दिलाउन पुस्तकले सघाउने विश्वास लिएको छु।

**अनुपमा खना**
सचिव, नेपाल पत्रकार महासङ्घ, गोरखा

इन्सेकले प्रकाशन गर्दै आएको प्रत्येक वर्षका पुस्तक अध्ययन गर्दै आइरहेको छु। वर्ष पुस्तकमार्फत् समाजमा लुकेर रहेका, अधिकांश मानिसले थाहा पाउनुपर्ने मानव अधिकारसँग जोडिएका घटनाक्रम उजागर गर्ने काम गरेको छ। यो साह्रै प्रशंसनीय कार्य भएको छ र आगामी दिनमा पनि पूर्वाग्रहरहित ढङ्गले घटनाक्रमको सूचना सङ्कलन र प्रकाशन गर्ने कार्यप्रति यो संस्था उत्तिकै प्रतिबद्ध र जिम्मेवार रहोस् भन्ने अपेक्षा पनि गर्छु।

**तीर्थबहादुर अधिकारी**
सहायक प्रमुख जिल्ला अधिकारी, लमजुङ

इन्सेकले प्रत्येक वर्ष मानव अधिकार हनन् तथा उल्लङ्घनका घटनाक्रमलाई वर्ष पुस्तकमा समावेश गरी जनताको बीचमा उजागर गर्दै आएको छ। यसबाट मानव अधिकारको अवस्था कस्तो छ भनेर बुझ्ने अवसर प्राप्त भएको छ। जनता सुसूचित हुन पाउने अधिकारको पक्षमा यस संस्थाले राम्रो काम गरिरहेको छ।

**कृष्णप्रसाद अधिकारी**
अधिवक्ता तथा अध्यक्ष बार एकाइ, लमजुङ

इन्सेकले विभिन्न स्थानका मानव अधिकारसँग सम्बन्धित घटनाक्रम सङ्कलन र प्रकाशन गरी सर्वसाधारण जनतामा पुऱ्याउने एकदमै सराहनीय काम गर्दै आइरहेको छ। यसले सङ्कलन गर्ने घटनाक्रम सत्य र तथ्यको निकट होउन्। नीति निर्माण तहमै प्रभाव पार्नेखालका होउन् र मानव अधिकार सुरक्षित तथा सुनिश्चित गराउनका लागि प्रभावकारी नीति बन्न सकोस्।

**हरिगोपाल ज्ञवाली**
स्रेस्तेदार, जिल्ला अदालत लमजुङ

मानव अधिकार वर्ष पुस्तक २०१७ प्रकाशन हुन लागेको जानकारी पाउँदा खुशी लागेको छ। मानव अधिकार क्षेत्रमा राज्यका तर्फबाट भएका काम/कारबाही तथा गैरसरकारी क्षेत्रबाट भएका प्रयत्नको सङ्गालोका रूपमा प्रकाशन हुने वर्ष पुस्तकले विगतको निरन्तरतामात्र नभई नवीन ढङ्गबाट प्रस्तुतीकरण गर्ने प्रयास हुने अपेक्षा पनि गरेको छु। नेपालले मानव अधिकारको विश्वव्यापी घोषणालाई अनुमोदन गरेपछि मानव अधिकारका सन्दर्भमा अन्य अधिकार, जस्तै- बाल अधिकार, महिला अधिकार, अल्पसङ्ख्यकको अधिकार, अपाङ्गको अधिकार, सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारलगायत नेपालले विभिन्न मञ्चमा व्यक्त प्रतिबद्धता कार्यान्वयनको अवस्थालाई यथार्थ विवरण र विश्लेषण यस वर्ष पुस्तकमा उल्लेख हुने विश्वास लिएको छु।

**खगराज बराल**
क्षेत्रीय प्रशासक
क्षेत्रीय प्रशासन कार्यालय, पश्चिमाञ्चल, पोखरा

मानव अधिकारको क्षेत्रमा राष्ट्रियस्तरमा सङ्गठन विस्तार गरी काम गर्दै आएको इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकमा

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको सूक्ष्म विश्लेषण हुने गरेको पाएको छु। पुस्तकले मानव अधिकारको अवस्था कहिले कस्तो थियो भन्ने जानकारी गराउन मद्दत पुगेको छ। मानव अधिकारको संरक्षण र संवर्द्धनका सवालमा भएका असल कार्यहरूको विश्लेषणसमेत गरी वर्ष पुस्तक प्रकाशन होस् भनी शुभकामना दिन चाहन्छु।

**हरिप्रसाद मैनाली**

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, कास्की

नेपालको मानव अधिकारको अवस्थालाई हरेक वर्ष पुस्तकमार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा उजागर गर्ने इन्सेकको प्रयास सराहनीय छ। ग्रामीण क्षेत्रमा रहेका महिलाका समस्या पनि वर्ष पुस्तकले उजागर गर्नुपर्छ। २५ औँ वर्ष पुस्तक प्रकाशनका लागि इन्सेकलाई शुभकामना।

**लक्ष्मी जिसी कार्की**

प्रमुख, महिला तथा बालबालिका कार्यालय, कास्की

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले हरेक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने गरेको छ। यो पुस्तकले देशभर मानव अधिकारको अवस्थाबारे जानकारी गराएको छ। मानव अधिकार उल्लङ्घनको अवस्था र मानव अधिकारको खस्कँदो अवस्थाबारेमा खास चित्र बाहिर ल्याएको छ। मानव अधिकारको खस्कँदो अवस्थाबारे मात्रै नभएर मानव अधिकार संरक्षणका सवालमा भइरहेका काम पनि बाहिर ल्याउने काम गरेको छ।

हरेक जिल्लामा वर्ष पुस्तक प्रतिनिधि राखेर घटना सङ्कलन गर्ने काम गरिएको छ। हरेक जिल्लामा प्रतिनिधि राखेर मानव अधिकार उल्लङ्घनका घटनाको रेकर्ड सङ्कलन गर्दा सत्य र तथ्य कुरा सङ्कलन भएको छ। इन्सेक जिल्ला प्रतिनिधिले जिल्लास्थित सरकारी र गैरसरकारी कार्यालयसंग समन्वय गरी काम गर्दै आएका छन्। कुनै घटनाबारे जानकारी लिन आवश्यक परेको बेला फिल्डमा पुगेर सत्य र तथ्य सङ्कलन गरेका छन्। अहिलेसम्म भएको काम प्रशंसनीय छ। अब वर्ष पुस्तक केही सुधार हुन आवश्यक छ। अब भइरहेका घटनाको सङ्कलनमात्रै नगरी घटनाको विश्लेषण गर्ने, मानव अधिकार उल्लङ्घनका घटनामा कानुनी कारबाहीको अवस्था विश्लेषण गर्ने र जिल्लाका खास समस्याबारे विश्लेषण गरेर प्रकाशन गर्न जोड दिन आवश्यक छ।

जस्तै- वर्षको सुरूवातमा कुनै बलात्कारको घटना भयो, अभियुक्त फरार भए। यो घटनाबारे वर्ष पुस्तकमा समेटिएको हुन्छ। केही महिनापछि अभियुक्त पक्राउ परेमा समेटिएको हुँदैन। त्यसैगरी कुनै ठूलो आपराधिक घटना भयो, यो घटनाबारे वर्ष पुस्तकमा आउँछ। तर पुस्तक प्रकाशन भइसक्दा केही अभियुक्त पक्राउ परिसकेका हुन्छन्, केही फरार नै हुन्छन्, यस्ता घटनामा सुरक्षा निकायको सक्रियता, अभियुक्त पक्राउ नपर्दा समुदायमा परेको असर जस्ता विषयलाई समेटेर खोजमूलक रिपोर्ट पनि प्रकाशन गर्न सकिन्छ। जिल्ला तहका केही घटनालाई विवरणका रूपमा भन्दा खास भित्रसम्म पुगेर अनुसन्धानमूलक रिपोर्ट प्रकाशन गर्न जोड दिन आवश्यक छ।

**शेरबहादुर केसी**

अध्यक्ष नेपाल पत्रकार महासङ्घ, रूपन्देही

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक मुलुकको मानव अधिकारको साझा दस्तावेज बनेको छ। यसले मुलुकको मानव अधिकारको अवस्थालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गरेर राज्यलाई दबाब सिर्जना गरेर पीडितलाई न्याय दिलाउनका लागि महत्त्वपूर्ण सहयोग पुऱ्याएको हामीले महसुस गरेका छौँ। यो अभियान अझै सत्यपरक र सशक्त बन्न सकोस्, इन्सेकलाई शुभकामना दिन चाहन्छु।

**शिवराज सुवेदी**

जिल्ला अध्यक्ष नेकपा एमाले, रूपन्देही

मानव अधिकारको क्षेत्रमा लामो समयदेखि अभियानरत इन्सेकको नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्थाबारे जानकारी गराएको छ। तर धेरैजसो घटना राजनीतिक आस्थाका आधारमा पनि प्रकाशन हुने गरेको पाइएको छ। वर्ष पुस्तकलाई निष्पक्ष बनाउन जरुरी छ। राजनीतिक आरोप र रिसिइवीका घटनालाई प्राथमिकतामा नराखियोस्, मानव अधिकार वर्ष पुस्तकलाई शुभकामना।

**खिलराज पाण्डे**

बुटवल नगर सभापति नेपाली कङ्ग्रेस, रूपन्देही

आजको युग न्यायिक प्रणालीको युग हो। प्रभावकारी न्याय सम्पादन हुन नसके सामाजिक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले लामो समयदेखि मानव अधिकारको क्षेत्रमा सरकारले गर्न नसकेको काम गर्दै आइरहेको छ। पीडितलाई न्यायमा पहुँच पुर्‍याउनका लागि इन्सेकको नेपाल वर्ष पुस्तक अभिलेखले महत्त्वपूर्ण भूमिका खेलेको र इन्सेकले आगामी दिनमा जिल्लामा भएका गाउँबस्तीका मानव अधिकार उल्लङ्घनका घटना समेटेर मानव अधिकार उल्लङ्घनका घटनाको विवरण सङ्कलनका क्रममा घटना हुनुको कारणलाई समेत विश्लेषण गरेर लैजान सकोस्।

**कृष्णप्रसाद भण्डारी**
प्रमुख, इलाका प्रशासन कार्यालय, बुटवल

मानव अधिकारसँग सम्बन्धित सम्पूर्ण घटनाको विवरणसहित इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले समग्र जिल्लाको मानव अधिकारको अवस्था राम्रोसँग चित्रण गर्ने गरेको पाएको छु। जिल्लास्तरमा हुने समीक्षा कार्यक्रमका बेलासमेत जिल्लाका समसामयिक विषयमा गहनरूपमा छलफल हुने गरेका छन्। यसले पनि जिल्ला जिल्लामा मानव अधिकार प्रवर्द्धनका लागि एउटा महत्त्वपूर्ण पुलको काम गरेको छ।

**बाबुराम गौतम**
प्रमुख जिल्ला अधिकारी, पाल्पा

मानव अधिकार वर्ष पुस्तकमार्फत वार्षिक प्रतिवेदन सार्वजनिक गर्नु निकै सराहनीय कार्य हो। यो पुस्तक मानव अधिकारको विषयमा एउटा राम्रो दस्तावेज हो। वर्ष पुस्तक हरेक वर्ष उस्तै शैलीमा प्रकाशन हुँदै आएको पाएको छु। यसलाई समयसापेक्ष बनाउँदै लैजाँदा अझ राम्रो हुन्छ।

**हरिराज वाग्ले**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, पाल्पा

इन्सेकले हरेक वर्ष मानव अधिकार वर्ष पुस्तक सार्वजनिक गर्दै आएको छ। यो निकै सराहनीय र महत्त्वपूर्ण काम हो। यस्तो सत्य तथ्य तथ्याङ्कहरूको सङ्कलन र प्रकाशन अहिलेसम्म अरु कसैले पनि गर्न सकेको पाइँदैन। इन्सेकले प्रकाशन गरेको प्रतिवेदनका आधारमा मानव अधिकारको अवस्था सुधारका लागि के गर्ने भनेर कार्ययोजनासमेत बनाउँदै आएका छौँ।

**भेषराज तिमिल्सिना**
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, पाल्पा

गतिविधि अवरूद्ध हुन पुग्छन् र मानव अधिकार तथा मानव विकास चुनौतीपूर्ण बन्छ। नेपाल जस्तो विकासोन्मुख एवम् सामाजिक, सांस्कृतिक, राजनीतिक, सङ्क्रमणको अवस्थाबाट अगाडि बढ्दै गरेको मुलुकमा मानव अधिकारको संरक्षण मानव विकास एवम् समग्र देश विकाशका लागि एक महत्त्वपूर्ण सर्त हुन सक्छ। देश कुन अवस्थामा छ र कता जाँदैछ भन्ने कुरा त्यस देशको मानव अधिकार संरक्षणको अवस्थालाई हेरी सहज अनुमान लगाउन सकिन्छ। नागरिकले आफ्नो राय स्वतन्त्रपूर्वक राखी आफ्नो कलाकौशलको सिर्जनात्मक ढङ्गले उपयोग गरी समाजलाई समृद्ध बनाउने दिशामा लैजान मानव अधिकार संरक्षण र संवर्द्धनको महत्त्व रहन्छ। जसको संरक्षण हामी सबैको कर्तव्य पनि हो। मानव अधिकार प्रवर्धनमा लामो समयदेखि पहरेदारी गरिरहेको इन्सेकले आफ्नो वार्षिक प्रकाशनमार्फत मानव अधिकारसँग सम्बन्धित घटनालाई बाहिर ल्याई सम्बद्ध पक्षको ध्यानाकर्षण गरिने यस्तो कदमको सदा सराहना गर्न चाहन्छु। विषयवस्तुलाई संप्रेषण गर्दा निष्पक्ष एवम् तथ्यपरक एवम् घटनाको गहिराइमा पुगी सम्बन्धित निकायसँग रायसमेत समावेश गर्न सकिएमा प्रकाशनको महत्त्व थप बढ्नेछ भन्ने विश्वास लिएको छु।

**शेरबहादुर बस्नेत**
प्रहरी उपरीक्षक, अञ्चल प्रहरी प्रमुख, रूपन्देही

नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको अवस्थालाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गरी राज्यका निकायलाई सचेत र जवाफदेही बन्न सचेत बनाएको छ। राजनीतिक क्षेत्रबाट व्यापक हस्तक्षेप हुने गरेको र अपराधमा राजनीतीकरण भई मानव अधिकारको प्रत्याभूति हुन नसकी दण्डहीनतालाई बढावा दिएको सन्दर्भमा वर्षभर भएका मानव अधिकार उल्लङ्घनका घटनालाई दस्तावेजीकरण गरी वर्ष पुस्तकका रूपमा आमजनसमुदायसमक्ष उपलब्ध गराई मानव अधिकारको संरक्षणको सामाजिक अभियानमा इन्सेकले खेलेको महत्त्वपूर्ण भूमिकाको सम्मान गर्दै नेपालको संविधानको कार्यान्वयन र मानव अधिकारको परिपालनाका लागि नेपाल सरकार, सरोकारवाला निकायसमेतमा यस पुस्तकले थप ऊर्जा प्रदान गर्नेछ र भविष्यमा मानव अधिकार उल्लङ्घनमा कमी आउनेछ भन्ने अपेक्षा गर्छु।

**शिवप्रसाद गौडेल**
अधिवक्ता एड्भोकेसी फोरम नेपाल, रूपन्देही

जिल्ला स्तरमा इन्सेकले अर्धवार्षिकरूपमा मानव अधिकारको अवस्थाबारे छलफल, अन्तरक्रिया र समीक्षा गर्दै आएको छ। यो निकै सराहनीय कार्य हो। एकातिर मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्थालाई जस्ताको तस्तै प्रष्ट पारेको छ भने इन्सेकले आयोजना गर्ने कार्यक्रमहरूमा समेत मानव अधिकार र जिल्लाको अवस्थाबारे छलफल हुँदै आएको छ। वास्तवमा इन्सेकका हरेक गतिविधि र अभियान रचनात्मक र सराहनीय छन्। आगामी दिनमा समेत यसको अझ सफलताको कामना गर्छु।

**किरण कौशल**
सचिव, पत्रकार महासङ्घ, पाल्पा

मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा बर्सेनि प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तकमार्फत नेपालमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाका साथै मानव अधिकारको अवस्था घामजस्तै छर्लङ्ग भएको हुँदा यस पुस्तकले मानव अधिकार उल्लङ्घनकर्तालाई हतोत्साही र राज्यका निकायलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र सम्मानमा सचेत तुल्याइ कमीकमजोरीसमेत उजागर गराउँदै तथ्यपरक र यथार्थपरक घटनाको विश्लेषण गर्दै मानव अधिकारको संरक्षणमा समाज र राष्ट्रलाई अझ सशक्त बनाउन महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास व्यक्त गर्दै शुभकामना व्यक्त गर्छु।

**घनश्याम अर्याल**, प्रहरी उपरीक्षक,
जिल्ला प्रहरी कार्यालय, पाल्पा

नेपाल मानव अधिकार वर्ष पुस्तकले नागरिक तथा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार विषय सँगसँगै विशेष गरेर बाल अधिकार, ज्येष्ठ नागरिक र अपाङ्गका अधिकारका विषय समावेश गरेको पाइएको छ। यसबाहेक आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारका विषय पनि वर्ष पुस्तकमा समेट्नु उपयुक्त हुन्छ।

**विष्णुप्रसाद ढकाल**
प्रमुख जिल्ला अधिकारी, कपिलवस्तु

इन्सेकले सन् १९९२ देखि निरन्तररूपमा प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक सन् २०१६ को अङ्क सरसर्ती हेर्ने अवसर पाएँ। पुस्तकमा समग्र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना समेटिएको पाइयो। पुस्तकले देशको मानव अधिकार कस्तो रहेछ भन्ने कुरा प्रस्ट हुन तथा राज्यका निकायलाई सुधार गर्ने अवसर दिन्छ। पुस्तकमा आर्थिक, समाजिक तथा सांस्कृतिक अवस्थाबारे पनि समावेश गरे राम्रो हुने थियो।

**भोजजङ्ग शाही**, प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु

नियमित प्रकाशित पुस्तकले मानव अधिकार उल्लङ्घनकर्तालाई निरुत्साही तुल्याएको अनुभूति गराएको छ। यो पुस्तक राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा समेत मजबुद प्रमाण बन्नु महत्त्वपूर्ण उपलब्धि हो। यसको निरन्तरताको कामना गर्छौं।

**पशुपतिमणि त्रिपाठी**
अध्यक्ष, नियोक, कपिलवस्तु

मानव अधिकार वर्ष पुस्तक पीडितलाई न्यायका लागि सहयोगी बनेको छ भने पीडकलाई खबरदारी पनि गर्छ। यसमा समावेश घटनामा सबै विषयवस्तु समेटिएको पाइएको छ। निरन्तर प्रकाशनको कामना गर्छु।

**माया ज्ञवाली**
संयोजक, मानव अधिकार निगरानी समिति,
कपिलवस्तु

मानव अधिकार वर्ष पुस्तक मानव अधिकारकर्मीका लागि स्रोतपुस्तिका हो। यसमा राज्यका कार्यपालिका, व्यवस्थापिक र न्यायपालिकाको विश्लेषणसमेत गरिनुका साथै ७५ जिल्लाको मानव अधिकारको अवस्था झल्काउने कोसिस गरिएको छ। यसले आमनागरिकको सूचनाको हकसमेत स्थापित गरेको छ।

**सुरेन्द्रराज लम्साल**
अध्यक्ष, स्वतन्त्र पत्रकार सङ्घ, कपिलवस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको अवस्थाबारे जानकारी दिने एक महत्त्वपूर्ण दस्तावेज हो। यसले राज्यका निकायलाई मानव अधिकारप्रति संवेदनशील बनाउन मद्दत पुग्छ। इन्सेकले जिल्लामा सामाजिक न्याय र मानव अधिकारको क्षेत्रमा काम गरिरहँदा पीडितलाई सहयोग गर्ने कार्य गर्दै ग्रामीण तहसम्म मानव अधिकार शिक्षाको कार्यक्रम सञ्चालन गरोस्।

**नवरत्न पौडेल**
प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,
अर्घाखाँची

नागरिकको मानव अधिकारबारे जानकारी दिने एक लिखित दस्तावेज नेपाल मानव अधिकार वर्ष पुस्तक हो। इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकमा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको विषयमा नागरिकलाई सचेतीकरण गर्न आवश्यक भएकाले वर्ष पुस्तकका घटना घटनाप्रधान मात्रै र घटना सङ्कलन मात्रै नगरी विपन्न नागरिकसम्म पुग्ने वातावरण सिर्जना गर्न सकोस्।

**निर्मलकुमार पुन**
जिल्ला सरकारी वकिल कार्यालय, अर्घाखाँची

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत विगत द्वन्द्वकालमा मानव अधिकारको विषयमा इन्सेकले जुन भूमिका निर्वाह गरेको थियो त्यस समयमा भएको कामले इन्सेकको साख वृद्धि गरेको छ। इन्सेकले पछिल्लो समयमा घरेलु हिंसाका घटनामात्रै सङ्कलन गर्नेभन्दा नेपालले अनुमोदन गरेका महासन्धिहरूका आधारमा छोटकरी विवरण प्रस्तुत गर्न सकेमा वर्ष पुस्तक थप प्रभावकारी हुने थियो।

**केबी भुसाल**
नेपाल बार एसोसिएसन, जिल्ला अदालत बार एकाइ, अर्घाखाँची

वर्ष पुस्तक अत्यन्तै राम्रो छ। पछिल्लो समय कार्यालयमा आउन छाडेकामा दुःख लाग्यो। वर्ष पुस्तकमा समेटिने घटनाको सीमा फराकिलो बनाउनु जरुरी छ। इन्सेकले जिल्ला प्रतिनिधिलाई पूर्णकालीन बनाएर घटनाको फलोअपमा अझ सक्रिय बनाउनुपर्छ।

**कैलाश केसी**
जिल्ला न्यायाधिवक्ता, गुल्मी

इन्सेकको वर्ष पुस्तकले मुलुकका वर्षभरका मानव अधिकार उल्लङ्घनका घटना प्रकाशमा ल्याएर अत्यन्त महत्त्वपूर्ण काम गरेको छ। यसले मुलुकको मनव अधिकार अवस्थालाई ऐनाले झैं छर्लङ्ग बनाइदिएको छ। लामो समयदेखिको निरन्तरता भविष्यमा पनि अविरल रहिरहोस्। साथै घटनाको विषयवस्तुको गहिराइमा पुगेर सत्य तथ्य सङ्कलन गर्नुपर्छ।

**गोकर्णराज बिष्ट**
पूर्वमन्त्री तथा एमाले सचिव

मानव अधिकार रक्षाको क्षेत्रमा इन्सेकले काम गर्न अपनाएको शैली र तरिका विश्वसनीय तथा भरपर्दो छ। यसले दूरदराजका पीडितलाई न्यायको बाटोमा डोराउने काम गरेको छ। इन्सेकको काम/कारबाही शहरकेन्द्रित भन्दा गाउँकेन्द्रित बनाउनुपर्छ। सूचना र घटना सङ्कलनको माध्यम प्रहरीभन्दा स्थलगत हुनुपर्छ। जसले इन्सेकको विश्वास टुट्ने छैन्।

**गुणनिधि शर्मा**,
अध्यक्ष, नागरिक समाज, गुल्मी

यो वर्ष पुस्तक निकै सान्दर्भिक छ। यसमा समेटिने हरेक घटना यथार्थ र सत्य छन्। यसले आफ्नो क्षेत्रलाई अझै व्यापक र दूरदराजमा पुराउनुपर्छ। त्यस्तै समाजमा भएका घटनाको निरन्तर फलोअप र खरबदारी गर्न सक्नुपर्छ। जिल्ला प्रतिनिधिको कार्यक्षेत्र फराकिलो बनाउँदै मानव अधिकारसम्बन्धी कार्यक्रम सञ्चालन गर्नुपर्छ।

**नवराज भुसाल**
अध्यक्ष, पत्रकार महासङ्घ, गुल्मी

इन्सेकले मानव अधिकार प्रवर्धन र संरक्षणका क्षेत्रमा गर्दै आएको कार्य निकै प्रसंशनीय छ। मानव अधिकारको सवालमा कानुन विपरीत भए/गरेका गाउँ स्तरका समस्या बाहिर ल्याई राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गरी पीडितलाई न्याय दिलाउने काम गरेको छ। यो अझ प्रभावकारी बन्दै जाने आशा र विश्वास लिएको छु।

**कृष्णप्रसाद ढुङ्गाना**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, गुल्मी

इन्सेकले प्रत्येक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर हाम्रो देशको मानव अधिकारको अवस्थाबारे आमसरोकारवालालाई सुसूचित बनाउँदै आएको छ। प्रकाशनपूर्व सरोकारवालासँग छलफल एवम् अन्तरक्रिया गरी तयार गरिएको मानव अधिकार वर्ष पुस्तकले समाजमा भएका घटनाका प्रकृतिको अध्ययन गर्न, त्यस्ता घटनाको अभिलेखीकरण गर्न मद्दत पुऱ्याएको छ। यसका साथै यो पुस्तकले सार्वजनिक जवाफदेहितामा समेत अभिवृद्धि भएको छ।

**शम्भुप्रसाद मरासिनी**
प्रमुख जिल्ला अधिकारी, पर्वत

नेपालको मानव अधिकार क्षेत्रमा क्रियाशील संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्रले झण्डै साँढे दुई दशकदेखि निरन्तररूपमा प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको अवस्था झल्काउने एउटा महत्त्वपूर्ण दस्तावेजका रूपमा रहँदै आएको छ। बितेको वर्षमा मानव अधिकारको अवस्था कस्तो रह्यो भनेर थाहा पाउने भरपर्दो माध्यम बनिरहेको छ यो वर्ष पुस्तक। जवाफदेही राज्य, जिम्मेवार प्रशासक र कतर्व्यनिष्ठ नागरिक बनाउन वर्ष पुस्तकले उदाहरणीय काम गरिरहेको छ।

**विश्वप्रकाश प्रसाई**
सचिव, नेपाली कङ्ग्रेस, पर्वत

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रकाशन गर्दै आइरहेको मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको क्षेत्रमा एक ऐतिहासिक दस्तावेज सङ्ग्रहणीय कृतिका रूपमा स्थापित भएको छ। राजनीतिक तथा नागरिक अधिकारका साथसाथै सामाजिक, सांस्कृतिक तथा आर्थिक अधिकारको निर्वाध उपयोगमा देखिएका समस्यालाई समेत भोलिका दिनमा विशेष महत्त्वका साथ प्रकाशन गर्न सकेमा बदलिँदो परिस्थितिमा पुस्तकको महत्त्व थप वृद्धि हुनेछ। मानव अधिकारको पूर्ण प्रत्याभूतसहितको सुशासित र जवाफदेही राज्य स्थापना गर्न नेपाल मानव अधिकार वर्ष पुस्तक सफल बनोस् भन्ने शुभेच्छा व्यक्त गर्न चाहन्छु।

**पदम गिरी**, अध्यक्ष, नेकपा एमाले, पर्वत

मानव अधिकारको क्षेत्र र आयाममा दिनदिनै बढोत्तरी भइरहेका छन्। यस सन्दर्भमा इन्सेकले सन् १९९२ देखि प्रकाशन गर्दै आइरहेको नेपाल मानव अधिकार वर्ष पुस्तकले नागरिकका दैनिक आधारभूत आवश्यकताको अवस्था, राज्यको भूमिका, त्यसले सामाजिक विकास एवम् व्यक्तिको मानव अधिकारको क्षेत्रमा पारेको बहुआयामिक प्रभाव समेट्दै आइरहेको छ। इन्सेकद्वारा प्रकाशित हुने मानव अधिकार वर्ष पुस्तक राज्यको पहुँचबाट विमुख, आर्थिक, सामाजिक एवम् सांस्कृतिक उत्पीडन र विभेदमा परेका समुदायलाई अग्रभागमा ल्याई मानव अधिकारको प्रत्याभूति दिलाउने दिशातिर थप उन्नमुख होस् भन्ने शुभेच्छा व्यक्त गर्छु।

**दीपक आचार्य (आकाश)**
केन्द्रीय सदस्य, नेकपा माओवादी, केन्द्र
पर्वत

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक आमनागरिकको आवाज मुखरित गर्ने विशिष्ट सत्प्रयास हो। राज्य र गैरराज्य पक्षलाई मानव अधिकारको सम्मान, संरक्षण र परिपूरणका लागि जिम्मेवार बनाउने काममा पुस्तकमा समाविष्ट तथ्य, तथ्याङ्क र जानकारीले यथोचित मद्दत गरिरहेको हामीलाई लागेको छ। राज्यसम्बद्ध निकाय र पदाधिकारीलाई सुशासन, पारदर्शिता, जवाफदेहिता र कानुनी राज स्थापित गर्नका लागि ध्यानाकृष्ट गर्न वर्ष पुस्तकले पुऱ्याएको योगदान अतुलनीय छ।

**राजेन्द्र पहाडी**
संयोजक, नागरिक समाज सञ्जाल, पर्वत

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको अवस्था उजागर गर्ने उत्कृष्ट दस्तावेज हो। यसलाई मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको प्रमाणका रूपमा समाजले लिएको छ। समाजमा हुने घटनालाई जस्ताको तस्तै उतारेर समाजमा पस्कँदा एकातिर राज्यलाई दबाब सिर्जना गरेको छ भने अर्कोतिर समाजलाई पनि विभिन्नखाले मानव अधिकार हनन्का घटनाबारे शिक्षा दिने काम पनि गरेको छ।

**भूपबहादुर केसी**
अध्यक्ष, जिल्ला बार एकाइ, दाङ

वर्ष पुस्तकले राज्यलाई नागरिकप्रति उत्तरदायी बनाउने काम गरेको छ। नेपाली समाजमा भएका विभेद, छुवाछूत, अन्धविश्वास उजागर गरेको छ। वर्ष पुस्तकमा थोरै घटनामात्रै आउने गरेका छन्, जतिसक्यो धेरै घटना समावेश गरे पीडक पक्षलाई शिक्षाका रूपमा र पीडितलाई प्रमाणका रूपमा काम लाग्ने थियो। वर्ष पुस्तकले आफनो निष्पक्षता कायम राखिरहोस्, धन्यवाद।

**नेत्रप्रकाश पाण्डे**
संयोजक, स्थानीय शान्ति समिति, दाङ

नेपाल मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित सामग्री यथार्थपरक छन्। वर्ष पुस्तकमा छापिएका सामग्रीले नेपाली नागरिकलाई अधिकार र समाजमा हुने मानव अधिकार उल्लङ्घनका घटनाबारे सचेत गराएको छ। पीडितले न्याय पाउने आधारका रूपमा देखिएको छ वर्ष पुस्तक।

**शङ्करप्रसाद डाँगी**
सचिव, नेपाली कङ्ग्रेस, दाङ

शान्ति प्रक्रिया सुरु भएको झण्डै दशकौंपछि मुलुकले नयाँ संविधान पाएको छ। अब यसको दृढतापूर्वक कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ। संविधानको सफल कार्यान्वयनका लागि नियमित निर्वाचनका गतिविधि सञ्चालन भएमा जारी सङ्क्रमणकाल अन्त्य गर्न सकिन्छ। अब मुलुकलाई यस दिशामा अघि बढाउनु आवश्यक छ। शान्ति, अमनचयन र विकासका नियमित प्रक्रिया अघि बढेमा समाजमा हुने मानव अधिकार उल्लङ्घनका शृङ्खलाबद्ध घटना कम हुँदै जानेछन्।

**विजयसिंह भारती**
सचिव, गैसस महासङ्घ नेपाल,
जिल्ला शाखा प्युठान

इन्सेकद्वारा हरेक वर्ष प्रकाशन गरिने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन् र उल्लङ्घनका घट्ना एकीकृत गरी देशको मानव अधिकारको यथार्थ चित्रण गर्ने गरेको छ। यो पुस्तक वास्तविक सूचना एवम् तथ्याङ्कमा आधारित महत्त्वपूर्ण दस्तावेज पनि मानिन्छ। मानव अधिकार पुस्तक अधिकार हनन् भएका पीडितका लागि न्याय प्राप्तिको आधार बन्न सकोस्।

**पार्वता आचार्य**
संयोजक, स्थानीय शान्ति समिति, प्युठान

सन् १९९२ देखि इन्सेकद्वारा निरन्तररूपमा प्रकाशित मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको संरक्षण, संवर्द्धनको क्षेत्रमा एक ऐतिहासिक दस्तावेजको रूपमा छ। मानव अधिकार वर्ष पुस्तकले देशका सम्पूर्ण जिल्लाको मानव अधिकारको अवस्थालाई यथार्थरूपमा चित्रण गरेको छ। मानव अधिकारको क्षेत्रमा अनुसन्धान तथा अन्वेषण गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतका जोकोहीलाई यो पुस्तक महत्त्वपूर्ण सहयोगी भइरहेको छ। इन्सेकले मानव अधिकारको क्षेत्रमा निष्पक्ष ढङ्गले कामकारबाही गर्दै आएको मेरो अनुभव रहेको र आगामी दिनमा पनि मानव अधिकारको क्षेत्रमा निष्पक्ष ढङ्गले काम गरोस् भन्ने शुभकामना।

**टेकप्रसाद राई**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बाँके

मानव अधिकार वर्ष पुस्तकले देशभर भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना समेटेको पाएको छु। सन् २०१६ को वर्ष पुस्तकले प्रायः सबै घटना समेटेको छ। घटना तथ्यपरक र विश्वसनीय छन्। पुस्तकको अध्ययनले देशको मानव अधिकारको अवस्था चित्रण गर्ने गरेको छ। मानव अधिकारको क्षेत्रमा इन्सेकले गरेका काम सराहनीय छन्।

**बलबहादुर चन्द**
अध्यक्ष, उच्च अदालत तुलसीपुर इजलास,
नेपालगन्ज बार

नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत नेपालको मानव अधिकार अवस्थाको जानकारी सबै नेपालीले थाहा पाएका छन्। जुन उनीहरूको अधिकार पनि हो। मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना नेपाल मानव अधिकार वर्ष पुस्तकको रूपमा प्रकाशन गर्दा अझै सत्यता र वस्तुनिष्ठतवरले बुझेर प्रकाशन गरेमा यसको प्रभावकारिता र विश्वसनीयता बढ्नेमा दुई मत छैन।

**भरतबहादुर बोहोरा**
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बर्दिया

नेपाल मानव अधिकार वर्ष पुस्तक राज्य तथा गैरराज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका साथै मानव अधिकार अवस्थाको समग्र मूल्याङ्कन गरी प्रकाशन गरिनु सराहनीय कार्य हो। मानव अधिकारका सवालमा कार्य गर्ने सबै संस्था तथा व्यक्तिका लागि यो पुस्तक सन्दर्भ सामग्रीका रूपमा छ।

**विष्णुप्रसाद तिमिल्सिना**
अध्यक्ष, गैसस महासङ्घ नेपाल, बर्दिया

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकार अवस्थाबारे विस्तृत विवरण प्रकाशन गर्छ। यसको महत्त्व नेपालमा मात्रै हैन, अन्तर्राष्ट्रिय जगतमा पनि छ। त्यसैले यसलाई समयसापेक्ष परिष्कृत गर्दै लैजान आवश्वयक छ।

**बालकृष्ण वली**
संयोजक, बर्दिया नागरिक समाज सञ्जाल

मानव अधिकार वर्ष पुस्तक नेपालमा भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाबारे थाहा पाउने महत्त्वपूर्ण दस्तावेज हो। यसले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा ख्याति कमाएको छ। यो पुस्तकले

अझै सफलता र निरन्तरता पाओस्, शुभकामना छ।

**सञ्जीवकुमार कर्ण**
अध्यक्ष, जिल्ला अदालत बार एसोसिएसन, बर्दिया

सन् २०१६ को नेपाल मानव अधिकार वर्ष पुस्तक अध्ययन गर्ने अवसर मिल्यो। वर्ष पुस्तकमा स्वास्थ्य, शिक्षा, खाद्यलगायतका विषय समेटेर प्रकाशन भएमा नेपाल मानव अधिकार वर्ष पुस्तकको ओज अझ बढ्ने विश्वास लिन सकिन्छ।

**रामप्रसाद अधिकारी**
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिलको कार्यालय, बर्दिया

इन्सेकले लामो समयदेखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना अभिलेखीकरण गर्दै आएको छ। मानव अधिकार हनन्का घटना न्यूनीकरण गर्नका लागि सबै सरोकारवाला निकायको साथ र सहयोग हुन आवश्यक छ। जिल्लामा घरेलु हिंसाका घटना धेरै भएकाले पैरवी र बहसमार्फत दुवै पक्षलाई सहमतिमा ल्याएर मिलापत्रको वातावरण सिर्जना गर्नु उपयुक्त हुन्छ।

**माधवप्रसाद पौडेल**
उच्च अदालत, सुर्खेत इजलास जुम्लाका रजिस्टार

नेपाल मानव अधिकार वर्ष पुस्तक मुलुककै मानव अधिकार अवस्थाको दस्तावेजका रूपमा रहेको छ। समग्र मुलुकको मानव अधिकार उल्लङ्घनको अभिलेखीकरणको भूमिकामा यसले गर्दै आएको कार्य सराहनीय पक्ष हो। आगामी दिनमा यसले मानव अधिकार उल्लङ्घनका घटनाको पक्षमा निखारता ल्याउँदै सशक्त ढङ्गले आवाज उठाओस् भन्ने कामना गर्छु।

**गणेशकञ्चन भारती**
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, सुर्खेत

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले शहरकेन्द्रित नभई ग्रामीण बस्तीका मानव अधिकार उल्लङ्घनका घटनालाई महत्त्वका साथ अभिलेखीकरण गर्दै आएको छ। जसले मानव अधिकार उल्लङ्घन घट्नाका दोषीलाई कानुनी कारबाही र पीडितलाई न्याय दिलाउन सहयोग पुगेको छ। तर कहिलेकाहीँ अपूरो, अधुरो र तथ्यहीन अभिलेखीकरणले पीडितलाई थप पीडा पुग्ने हुँदा यसतर्फ इन्सेक सचेत हुनुपर्छ।

**नन्द भण्डारी**
अध्यक्ष, जिल्ला बार एसोसिएसन, सुर्खेत

मुलुकको समग्र मानव अधिकारको दस्तावेजका रूपमा रहेको नेपाल मानव अधिकार वर्ष पुस्तक निश्पक्ष, तटस्थ र तथ्यपरक हुनुपर्छ। यस कुरालाई मध्यनजर गरी इन्सेकले आगामी दिनमा तथ्यपरक र तटस्थतालाई ध्यान देओस् भन्ने मेरो सुझाव छ।

**मोहन थापा**
संयोजक, स्थानीय शान्ति समिति सुर्खेत

मानव अधिकार वर्ष पुस्तक २०१६ ले नेपालको मानव अधिकारको स्थिति देखाउन महत्त्वपूर्ण भूमिका खेलेको छ। पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घनका क्रियाकलाप घटाउन मद्दत पुऱ्याउनेछ भन्ने विश्वास लिएको छ। साथै मानव अधिकारप्रति सबैमा सम्मानको भावना जगाउन सफलता प्राप्त गरोस् भन्ने शुभकामना समेत दिन चाहन्छु।

**महादेव पन्थ**
प्रमुख जिल्ला अधिकारी, सुर्खेत

इन्सेकले प्रत्येक वर्ष देशभर भएका मानव अधिकार उल्लङ्घनका घटना समेटेर पुस्तक प्रकाशन गरिरहेको र यो साह्रै सराहनीय कार्य हो। यस पुस्तकमा राज्यले गरेका मानव अधिकारसम्बन्धी कार्यलाई समेत समेटेर प्रकाशन गरेको भए अझै राम्रो हुने थियो।

**जनार्दन गौतम**
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, जाजरकोट

नेपाल मानव अधिकार वर्ष पुस्तकले जिल्लाको मानव अधिकारको अवस्था र कमी/कमजोरीसमेत उजागर गर्ने हुँदा सरोकारवाला निकायलाई थप जिम्मेवार बनाउँदै आगामी दिनमा यसलाई सच्याएर अगाडि बढ्न मघत गर्छ।

**भावेश रिमाल**
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, जाजरकोट

मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा मानव अधिकार वर्ष पुस्तकको अतुलनीय योगदान छ। मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने इन्सेकले

सुशासनका क्षेत्रमा प्रत्येक जिल्लामा नागरिकलाई सङ्गठित गर्ने, सशक्तीकरण गर्ने र अधिकारका लागि प्रतिनिधित्व, पहुँच, वकालत गर्न सहजीकरणका क्षेत्रमा सहयोग गरोस्, मेरो अपेक्षा, विश्वास र शुभकामना।

**राजेन्द्रविक्रम शाह**
संयोजक, नागरिक समाज, जाजरकोट

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले २५ वर्षअघिदेखि देशको समग्र मानव अधिकारको स्थिति अध्ययन/अनुसन्धान गरी नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएको छ। २०४९ सालदेखि नै ग्रामीण क्षेत्रमा मानव अधिकार शिक्षा कार्यक्रम सञ्चालन गरेको र २०५६ सालदेखि इन्सेक आबद्ध संस्था भएका ५० जिल्लाका सदरमुकाममा समेत पेशागत क्षेत्रमा रहेका मानिसबीच इन्सेकले मानव अधिकार शिक्षा कार्यक्रम सुरु गरेको थियो। सो कार्यक्रममा सरकारी कार्यालयका कर्मचारी, प्रहरी, शिक्षक, पत्रकार, कानुन व्यवसायी र अन्य गैरसरकारी संस्थाका प्रतिनिधिलगायत विभिन्न समुदायमा आबद्ध पेशागत समुदायका मानिसमा मानव अधिकारसम्बन्धी ज्ञान अभिवृद्धिका लागि प्रयत्नरत छ। कैलाली जिल्ला प्रहरी कार्यालयलगायत मातहत प्रहरी कार्यालयमा कार्यरत सम्पूर्ण प्रहरी कर्मचारी मानव अधिकारको संरक्षणमा सदैव सजग सचेत रही अपराध अनुसन्धान तथा नियन्त्रण र शान्ति सुरक्षा अमनचयन कायम गर्नमा मानव अधिकारको संरक्षणप्रति ऐक्यबद्धता प्रकट गर्न चाहन्छु।

**अर्जुनचन्द ठकुरी**
एसपी, जिल्ला प्रहरी कार्यालय, कैलाली

इन्सेकले अढाई दशकदेखि निरन्तर प्रकाशित गरिरहेको मानव अधिकारसम्बन्धी वर्ष पुस्तक यस वर्ष पनि प्रकाशन हुन गइरहेको जानकारी पाउंदा खुशी लागेको छ। आज मानव अधिकारले नछुने कुनै क्षेत्र नै छैन। चाहे आर्थिक तथा सामाजिक अधिकार भनौं वा नागरिक तथा राजनीतिक अधिकार भनौ अथवा महिला, वालबालिका, सीमान्तकृत वर्गका अधिकार नै किन नभनौं अथवा युद्धरत समय, सुशासन, गरिबी, सामाजिक न्याय, जनसङ्ख्या, खाद्यान्न समस्या वा भोकमरी, सङ्कट, कुपोषण, शिक्षा, मनोरञ्जन, व्यवसाय, सूचना, शान्ति, वातावरण आदि सबै मानव अधिकारका क्षेत्र र विषय भएका छन्। समयको बहावसँगै मानव अधिकार र यसका क्षेत्र बुझ्ने तरिका पनि परिवर्तन हुँदैछन्। जुनसुकै राजनीतिक व्यवस्था, सामाजिक मान्यता, धर्म, संस्कृति, परम्परा भए पनि हरेक कुरामा मानव अधिकारको संस्कृति झल्कनुपर्छ किनभने आजको युगमा मानव अधिकार नै एउटा संस्कृति हो। मुलुकमा मानव अधिकार रक्षार्थ अहोरात्र खटिने जोसुकैले पनि यस क्षेत्रलाई निष्पक्ष, पारदर्शी र विश्वासयोग्य बनाउन कुनै कसर बाँकी राख्नुहुँदैन। देशव्यापीरूपमा कार्यरत यस संस्थाले निरन्तर मानव अधिकारको क्षेत्रमा पुऱ्याएको योगदान अत्यन्त नै प्रशंसनीय छ।

**नरनारायण शाह मनु**
सभापति
नेपाली कङ्ग्रेस, जिल्ला कार्यसमिति, कैलाली

इन्सेकले समयसापेक्ष सोधखोज र अनुसन्धान गरी वार्षिकरूपमा नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आइरहेको काम सराहनीय छ। नेपालमा संविधान बने पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिकले मानव अधिकारसम्बन्धी विषयगत ज्ञान र अधिकार प्राप्त गर्ने कुरामा पूर्णता प्राप्त गर्न सकेको छैन। जनतालाई सूचनासम्बन्धी अधिकारबारे र मानव अधिकारसम्बन्धी जानकारी दिनका लागि पाठ्यसामग्रीमा सामावेश गर्न सकिएमा उपलब्धि प्राप्त गर्न सकिने देखिन्छ। यस संस्थाले यस क्षेत्रमा गरेको सोधखोज, अनुसन्धान र मानव अधिकार प्रत्याभूत गर्ने कार्यमा उल्लेखनीय कार्य गर्न सफलता प्राप्त गर्न सकेकामा धन्यवादको पात्र बनेको छ र आउँदा दिनमा थप उपलब्धि हासिल गरोस्, यही शुभकामना छ।

**सुरेन्द्र चन्द**
क्याम्पस प्रमुख
कैलाली बहुमुखी क्याम्पस धनगढी, कैलाली

आनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले लामो समयदेखि मानव अधिकारको संरक्षण र सम्वर्धनका पक्षमा आफ्ना गतिविधि केन्द्रित गर्दै आएको छ। इन्सेकले  १० वर्षे सशस्त्र द्वन्द्वकालमा पनि राज्य र गैरराज्य पक्षबाट भएको मानव अधिकारको व्यापक उल्लङ्घनको घेरा चिर्दै दुवै पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका सत्यतथ्य घटनालाई नेपाल मानव अधिकार वर्ष पुस्तकद्वारा प्रकाशन गरी जनमानसमा ल्याउन सफल भयो। नेपाल बारलगायत विभिन्न मानव अधिकारकर्मी सङ्घ/संस्थाबीच उल्लेखनीय भूमिका निर्वाह गर्दै इन्सेकले २५ वर्षको

कार्यकाल पूरा गर्न लागेको सर्वविदितै छ । राज्य र गैरराज्य पक्षबाट भएका सत्यतथ्य घटना बाहिर ल्याउनु चुनौतीपूर्ण काम भए तापनि इन्सेकले सो चुनौतीको प्रवाह नै नगरी मानव अधिकार रक्षाका लागि अहम् भूमिका निर्वाह गर्दै आएको हामी सबैलाई विदितै छ। अन्त्यमा, नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्न लागेकामा इन्सेकलाई बधाई छ।

**प्रेम चन्द**
अध्यक्ष, जिल्ला बार एसोसिएसन, कैलाली

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर इन्सेकले ७५ जिल्लाको मानव अधिकारको अवस्था उजागर गर्दै आएको छ। वर्ष पुस्तकमा समेटिएका विषयवस्तु ज्यादै ज्ञानबर्द्धक र उपयोगी छन्। मानव अधिकार उल्लङ्घनका घटनाको सत्यमा आधारित तथ्याङ्क यस पुस्तकमा प्रकाशन हुने भएकाले यो मानव अधिकारका क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय र राष्ट्रिय सङ्घ/संस्थाका लागि वर्ष पुस्तक २०१७ पनि उपयोगी हुने अपेक्षा गरेको छु। वर्ष पुस्तक महत्त्वपूर्ण दस्तावेजका रूपमा छ। यसले समाजमा सकारात्मक भूमिका निर्वाह गर्न राज्यका निकाय र सरोकारवालालाई जवाफदेही बन्न उत्प्रेरित बनाएको छ। सत्यतथ्यमा आधारित भएर प्रकाशित हुने यो पुस्तकको उचाइ चुलिँदै जाओस्। पाइला अझ सशक्त बनोस्, मेरोतर्फबाट शुभकामना छ । साथै बिगतमा प्रकाशित वर्ष पुस्तकका आधारमा पीडितले राहत र क्षतिपूर्ति पाउँदै आएकाले ती सफल पक्षलाई वर्ष पुस्तकमा प्रकाशन गरिएको खण्डमा सुनमा सुगन्ध थपिएझैँ हुने थियो। यो वर्ष पुस्तक पीडित र सरोकारवालाका लागि कोशेढुङ्गा सावित हुन सकोस् भन्ने अपेक्षासहित निरन्तरता पाओस् भन्ने शुभेच्छा व्यक्त गर्छु।

**जानकी तुलाधर**
अधिवक्ता, पिएचडी

इन्सेकले मानव अधिकार र सामाजिक न्यायको मूल्य/मान्यता आत्मासात गरी मानव अधिकारको सवालमा वर्षभर भएका घटना उजागर गर्न प्रत्येक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै मानव अधिकारको संरक्षण, संबर्द्धनमा टेवा पुऱ्याउँदै आइरहेको छ। यसै सन्दर्भमा यो वर्ष पुस्तकले मानव अधिकार संरक्षणका लागि महत्त्वपूर्ण भूमिका खेलोस्। दण्डहीनताले प्रश्रय पाइरहेको अवस्थामा इन्सेकले प्रकाशन गरेको वर्ष पुस्तक पीडित पक्ष र सरोकारवालाको सारथि बन्न सकोस्। अन्त्यमा मानव अधिकार वर्ष पुस्तक २०१७ को प्रकाशनको शुभकामना व्यक्त गर्दै मानव अधिकारको क्षेत्रमा चासो राख्ने सबैलाई सहयोग मिलोस् भन्दै सफलताको कामना गर्छु।

**सावित्रा घिमिरे**
संस्थापक अध्यक्ष,
दलित महिला अधिकार मञ्च, कैलाली

इन्सेकले गर्दै आएको ७५ जिल्लाको मानव अधिकार रक्षाका लागि घटना उजागर गर्ने कार्य सराहनीय छ । महिला हिंसा, जातीय छुवाछूत जस्ता क्षेत्रमा सचेतनामूलक कार्य गर्न आवश्यक छ। साथै कानुनी राज्य र सुशासनयुक्त प्रशासनले मात्र मानव अधिकार प्रत्याभूत गर्ने भएकाले राज्यका निकायले निष्पक्षरूपमा कार्यसम्पादन गर्न आवश्यक छ। साथै नेकपा (एमाले) अछाम जिल्लामा सधै मानव अधिकारको पक्षमा वकालत गर्न प्रतिबद्ध रहेको अवगत गराउँदै वर्ष पुस्तक २०१७ इन्सेकले प्रकाशन गर्न गएकामा बधाई पनि दिन चाहन्छौँ।

**यज्ञबहादुर बोगटी**
सचिव, नेकपा (एमाले), अछाम

इन्सेकले लामो समयदेखि गरिरहेको काम राम्रो छ। अब इन्सेकले देखिनेभन्दा उपचार नै नपाएर, खानै नपाएर मृत्यु हुने जस्ता नदेखिने घटना कार्यान्वयनका क्षेत्रमा काम गर्न आवश्यक छ। भएका घटना सङ्कलनभन्दा पनि घटना नहुने गरी राज्यलाई जिम्मेवार बनाउन आवश्यक छ।

**बमबहादुर रावत**
निवर्तमान उपाध्यक्ष, नेकपा माओवादी केन्द्र, अछाम

मानव अधिकारविरुद्धका घटना सङ्कलन, विश्लेषण र समयसमयमा सार्वजनिक गर्ने कार्यले हामीलाई अझ बढी जिम्मेवार बनाएको छ। मानव अधिकारको थप प्रत्याभूति गराउन प्रहरीलाई विभिन्न समयमा तालिम तथा क्षमता अभिवृद्धिका कार्यक्रम गरिरहन आवश्यक देखिन्छ।

**निरञ्जनदत्त भट्ट**
डिएसपी, अछाम

इन्सेकले हरेक जिल्लाको तल्लो तहसम्म पुगेर लामो समयदेखि मानव अधिकार क्षेत्रमा महत्त्वपूर्ण

भूमिका खेलेको छ। आगामी दिनमा मानव अधिकारका क्षेत्रमा काम गर्ने सबै निकायसँग मिलेर सहकार्य गर्दै मानव अधिकार उल्लङ्घनविरुद्धमा काम गर्न आवश्यक छ।

**विन्दु रावल**
महिला मानव अधिकारकर्मी, अछाम

मानव अधिकारको रक्षालाई जोड दिने पत्रकारिता क्षेत्रलाई समेत सहयोग पुग्ने गरी इन्सेकले काम गरिरहेको छ। घटना सङ्कलनमात्र नभई नागरिकलाई आफ्नो अधिकार, नीति नियम जानकारी दिन सक्ने गरी काम गर्न आवश्यक छ।

**नरेशकुमार शाही**
पत्रकार महासङ्घ, अछाम

इन्सेकले प्रकाशन गर्ने गरेको वर्ष पुस्तक मानव अधिकारका हिसावले राम्रो छ। मानव अधिकारको चेतना ग्रामीण भेगका सीमान्तकृत वर्गसम्म पुऱ्याउन सके पुस्तक प्रकाशनले राम्रो अवस्था सिर्जना गर्न सक्थ्यो। बाजुरा अथाव पहाडी जिल्लाका हकमा हलियाका समस्या र महिला हिंसा अनि बाल विवाहसम्बन्धी विषयमा ध्यान दिनुपर्ने देखिन्छ।

**भीमबहादुर शाही**
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बाजुरा

इन्सेकले एक जिल्लाको नभएर पूरै देशको मानव अधिकारका घटना समेटेको पुस्तक प्रकाशन गर्दै आएकामा खुसी लागेको छ। मानव अधिकारको संरक्षण र सम्बर्द्धनका लागि वर्ष पुस्तकमा समेटिएका तथ्याङ्कले समस्त पाठक वर्गमा मानव अधिकारबारे भए/गरेका त्रुटि र तिनको समाधानका लागि सरोकारवाला निकायले पनि आफूलाई सच्याउने मौका पाउने छन्।

**दलबहादुर बोगटी**
प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बाजुरा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार सुधारका लागि खेलेको भूमिका अपरिहार्य छ। इन्सेकले उठान गरेको मानव अधिकारको विषय साम्रो छ। इन्सेकले जिल्लातिर मात्र केन्द्रित नभएर गाउँस्तरमा पनि जाने वातावरण मिलाएर जिल्ला प्रतिनिधि जाने व्यवस्था मिलाए अधिकारको क्षेत्रमा राहत हुने थियो र खाद्य, स्वास्थ्य, शिक्षा जस्ता विषयको पैरवीमा बढावा दिए सुनमा सुगन्ध हुन्थ्यो।

**मदनराज जैशी**
अध्यक्ष, पत्रकार महासङ्घ, बाजुरा

इन्सेकले प्रत्येक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले देशका विभिन्न दूरदराजमा जकडिएर रहेका घटना/परिघटनाबारे जानकारी समेटेर बाहिर ल्याउँछ। यसका लागि धन्यबाद तथा खुशी व्यक्त गर्न चाहन्छु। अहिलेसम्म विभिन्न घटना सत्य र तथ्यरूपमा बाहिर ल्याएको छ। अझै यस जिल्लाका सरोकारवालासँग गहिरो सम्बन्ध र निकट रहेर जिल्लाको यथास्थिति बाहिर ल्याओस् र मानव अधिकारबारे दूरदराजमा रहेका मानिसलाई पनि इन्सेकले मानव अधिकारको प्रत्याभूति दिलाओस् भन्ने चाहना राख्छु।

**शेरबहादुर शाही**
अध्यक्ष, सामुदायिक वन उपभोक्ता महासङ्घ, बाजुरा

राज्य र गैरराज्यको क्षेत्रबाट मानव अधिकार उल्लङ्घनका घटना प्रकाशन गर्दै आएको वर्ष पुस्तक मानव अधिकारप्रति जिम्मेवार र जवाफदेही बन्न/बनाउन सबैलाई प्रोत्साहन गर्दै आएको छ। पुस्तक विश्वसनीय अभिलेखका रूपमा स्थापित हुँदै जानुपर्छ। मानव अधिकार तथा अपराधका विषयमा सत्यतथ्य सूचना सबैले पाउने र यो मानव अधिकारको क्षेत्रमा गर्ने भावी योजनाको आधार बन्न राम्रो सहयोगी हुने भएकाले इन्सेक बर्ष पुस्तक टिमप्रति हार्दिक आभार व्यक्त गर्छु र निरन्तर प्रकाशन भइरहोस् भन्ने कामना पनि।

**काशी बिक**
अध्यक्ष, गैरसरकारी संस्था महासङ्घ, बाजुरा

इन्सेक वर्ष पुस्तक एक्दमै राम्रो छ। यो पुस्तकमा मानव अधिकारका विषयमा राम्रो कुरा लेखिनुका साथै घटनाको विवरण सही किसिमले आएको पाइन्छ। यसरी नै मानव अधिकार वर्ष पुस्तकले यी सबै घटना ल्याएको छ साथै अझ कतै मानव अधिकार घटना लुकेका छन् कि इन्सेकले गाउँस्तरमा पुगेर सत्यतथ्य ल्याउन सके यो पुस्तक अझै प्रभावकारी हुने थियो।

**डम्मर महत्त**
अध्यक्ष, बाजुरा नागरिक समाज

नेपालको मानव अधिकारको संरक्षण र संबर्द्धन गर्ने उद्देश्यले इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन हुने गरेका छन्। यस पुस्तकले पीडितलाई राहत पुग्ने र मानव अधिकारका सवालमा आमजनतालाई सचेत गराउन महत्त्वपूर्ण भूमिका खेलेको छ। उजाकार हुन नसकेका बढीभन्दा बढी मानव अधिकार उल्लङ्घनका घटनाको गहन अध्ययन र विश्लेषण गरी प्रकाशन गर्न सके वर्ष पुस्तकको महत्त्व बढ्नेछ।

**पुनमसिंह चन्द**
उपाध्यक्ष, उच्च अदालत महेन्द्रनगर इजलास बार एसोसिएसन, महेन्द्रनगर

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्थाका बारेमा जानकारी दिने गरेको छ। मानव अधिकार अवस्था अध्ययन तथा अनुसन्धान गर्ने सरोकारवालाका लागि स्रोत सामग्रीका रूपमा प्रयोग गर्न उपयुक्त भएकाले यस पुस्तकलाई सबैको सहज पहुँचमा राख्न इन्सेकले ध्यान पुऱ्याओस् भन्दै सफलताको शुभकामना दिन चाहन्छु।

**नैनसिंह कार्की**
डिएसपी, जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर

मानव अधिकार वर्ष पुस्तकमा राखिएका मानव अधिकार उल्लङ्घन, ज्यादती र मानव अधिकार हनन्सम्बन्धी घटनाले मानव अधिकारको अवस्थाबारे अनुसन्धान गर्न तथा मानव अधिकारको अवस्था बुझ्नका लागि अत्यन्त उपयोगी दस्तावेजका रूपमा रहेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकमा महिला तथा वालबालिकाका अवस्था विश्लेषणसम्बन्धी सामग्री राखे अझै राम्रो हुने विश्वासका साथ यो प्रयास निरन्तर रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

**जयन्ती गिरी**
महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय, कञ्चनपुर

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्थाका बारेमा जानकारी दिने गरेको छ। मानव अधिकार अवस्था अध्ययन तथा अनुसन्धानका लागि सरोकारवालाले यसलाई स्रोत सामग्रीका रूपमा प्रयोग गर्न उपयुक्त भएकाले यस पुस्तकलाइ सबैको सहज पहुँचमा राख्न इन्सेकले ध्यान पुऱ्याओस् भन्दै सफलताको शुभकामना दिन चाहन्छु।

**नैनसिंह कार्की**
प्रहरी नायव उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, कञ्चनपुर

मानव अधिकार वर्ष पुस्तक यसमा राखिएका मानव अधिकार उल्लङ्घन, ज्यादती र मानव अधिकार हन्नसम्बन्धी घटनाले मानव अधिकार अवस्थाबारे अनुसन्धान गर्न तथा मानव अधिकारको अवस्था बुझ्नका लागि अत्यन्त उपयोगी दस्तावेजका रूपमा छ। नेपाल मानव अधिकार वर्ष पुस्तकमा महिला तथा बालबालिकाका अवस्था विश्लेषणसम्बन्धी सामग्री राखे अझै राम्रो हुने विश्वासका साथ यो प्रयास निरन्तर रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

**जयन्ती गिरी**
महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय, कञ्चनपुर

वर्ष पुस्तक प्रकाशनले मानव अधिकार उल्लङ्घनका घटना कमी आएको छ। देशको समग्र मानव अधिकारको अवस्था र उल्लङ्घनकर्ताको विवरण प्रकाशन हुने भएकाले स्थानीय नागरिकमा यस्तो गर्नु हुँदैनथ्यो भन्ने भान हुन्छ। सबै मानव अधिकार उल्लङ्घनका घटनालाई वर्ष पुस्तकमा स्थान दिनुपर्छ।

**ध्रुवकुमार शाह**
न्यायाधीश, जिल्ला अदालत, बैतडी

मानव अधिकार उल्लङ्घनका घटना सङ्कलन गरेर मानव अधिकार संरक्षणमा भूमिका निर्वाह गरिरहेकोमा इन्सेकलाई धन्यवाद। मानव अधिकारको क्षेत्र फराकिलो छ तर वर्ष पुस्तकमा सबै कुरा प्रकाशन गर्न सकिएको छैन्। वातावरणीय अधिकार, आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक अधिकार पनि समावेश गर्नुपर्छ।

**किशोरकुमार चौधरी**
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बैतडी

सर्वप्रथम नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर मानव अधिकार उल्लङ्घनका घटनाको तथ्याङ्क राख्ने गरेकामा इन्सेकलाई धन्यवाद। देशको प्रत्येक भगोलिक अवस्थामा रहेका नागरिकलाई मानव अधिकारबारे सुसूचित हुन पाउन पहिलो सर्त हुनुपर्छ। तबमात्र बहुसङ्ख्यक जनताको हकहित संरक्षणमा यो प्रभावकारी हुने देखिन्छ। इन्सेकले डाटा सङ्कलनका साथसाथै अधिकारबारे पनि सुसूचित गराउनुपर्छ।

**हेरम्ब शर्मा**

प्रहरी नायव उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बैतडी

सरकारी तथ्याङ्कमा रहेका घटनालाई बढी जोड दिएजस्तो लाग्यो। सरकारी तथ्याङ्कमा नरहेका घटनालाई पनि स्थलगत प्रतिवेदन बनाई वर्ष पुस्तकमा स्थान दिन सकेमा अझ बढी लाभदायी हुन्थ्यो होला। सबै अधिकार उल्लङ्घनका सबै घटनाले वर्ष पुस्तकमा स्थान पायो भने घटनामा कमी आउने थियो। यस क्षेत्रमा रहेका कुसंस्कार र कुरीतिका घटना पनि वर्ष पुस्तकमा समावेश हुनुपर्छ।

**प्रमानन्द भट्ट**

पूर्वजिविस सभापति तथा नेकपा एमाले नेता, बैतडी

मानव अधिकार उल्लङ्घनका घटनाको तथ्याङ्क सङ्कलन गर्नुका साथै नागरिकलाई अधिकार के हो भन्नेबारे पनि जानकारी गराउन जरुरी छ। स्थलगत रिपोर्टिङलाई प्राथमिकता दिनुपर्छ। तब घटनाको यथार्थ रहस्य बाहिर आउँछ।

**वीरबहादुर बिष्ट**

जिल्ला सचिव, नेपाली कङ्ग्रेस, बैतडी

स्थलगत प्रतिवेदनलाई प्राथमिकता दिनु जरुरी छ। साना-साना घटनालाई पनि प्रकाशन गर्न सकियो भने पीडकलाई कसैको मानव अधिकार उल्लङ्घन गर्नु नराम्रो रहेछ भन्ने आत्मग्लानि हुन्छ। सरकारी तथ्याङ्कमा नरहेका घटना पनि खोजी गरियोस्। वर्ष पुस्तकलाई शुभकामना छ।

**गोपाल चन्द**

नेकपा माओवादी केन्द्र , बैतडी

मानव अधिकारका विश्वव्यापी मान्यता सर्वस्वीकार्य गरिआएको हाम्रो देश नेपालको राज्य पक्ष र गैरराज्य पक्षबाट मानव अधिकारको पूर्ण पालना हुनुपर्छ भन्ने मुख्य उद्देश्य लिई गठन भएको आनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले आफ्नो जन्मकालदेखि मानव अधिकार रक्षाका लागि काम गर्दै आएको छ। यस क्रमममा यसले १० वर्षे सशस्त्र द्वन्द्वकालमा पनि राज्य र गैरराज्य पक्षबाट भएको मानव अधिकारको व्यापक उल्लङ्घनको घेरा चिर्दै उपरोक्त दुवै पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका सत्यतथ्य घटना जनसमक्ष ल्याउन सफल हुँदै आएको छ।

पुन: मानव अधिकार समाजमा भएका पृथक प्रकृतिका अपराध र मुद्दाको वर्गीकरणका आधारमा वर्षभरिको सङ्ख्यात्मक विवरण चित्रण गरी मानव अधिकार वर्ष पुस्तकमा समावेश गरिने निरन्तरताअनुरूप सन् २०१६ मा दार्चुलामा भएका विभिन्न आपराधिक घटना तथा सो घटनाबारे गरिएको कानुनी अनुसन्धान, अभियोजन र फैसलाको अन्तिम चरणसम्मको सङ्क्षिप्त विवरण वर्ष पुस्तकमा समेटिएको देखिन्छ। यसका साथै मानव जीवनसँग प्रत्यक्ष सरोकार राख्ने खाद्य अधिकारका विषयमा समेत वर्ष पुस्तक प्रकाशनका लागि सामग्री तयार गरिएकामा यथार्थपरक, वस्तुपरक एवम् तथ्यपरक खोजका साथै आगामी दिनमा समेत यस सस्थाका तर्फबाट यस प्रकारको महत्त्वपूर्ण कार्य जारी रहोस् भन्ने शुभकामनासहित।

**हर्कबहादुर सिंह**

निमित्त प्रमुख जिल्ला अधिकारी

जिल्ला प्रशासन कार्यालय, दार्चुला

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको वर्तमान अवस्था र मानव अधिकार उल्लङ्घनका घटना सार्वजनिक गरी राज्य तथा सरोकावालालाई मानव अधिकारप्रति गम्भीर बन्न महत्त्वपूर्ण भूमिका खेलेको छ। सरोकारवालासँग पटकपटक समीक्षा गरी सत्यतथ्य सूचनामात्र यो पुस्तकमा प्रकाशन हुने हुँदा यो वर्ष पुस्ककको सान्दर्भिकता र महत्त्व बढदै गएको छ। विगतको १० वर्षे द्वन्द्वको समयमा भएका घटनाबारे बुझ्नुपर्दा इन्सेकको वर्ष पुस्तकलाई स्रोत तथा सन्दर्भ सामग्रीका रूपमा लिइने गरेकाले पनि यस पुस्तकप्रति विश्वसनीयता र प्रभावकारिता अझै उच्च हुँदै जाने विश्वास लिएको छु।

**तेजराज तिमिल्सिना**

कार्यालय सचिव, स्थानीय शान्ति समितिको कार्यालय, दार्चुला

अनुसूची ६

# नेपाल मानव अधिकार वर्ष पुस्तकको २४ वर्षको यात्रा

सन् १९९२ देखि सन् १९९७ सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तक सोही वर्षका घटनाहरू समावेश गरी प्रकाशन गरिएको थियो। तर, सन् १९९८ का घटनाहरू समावेश गरी नेपाल मानव अधिकार वर्ष पुस्तक १९९९ प्रकाशन भयो। त्यसयता हालसम्म अघिल्लो वर्षका घटनालाई समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन हुँदै आएका छन्।



नेपाल मानव अधिकार वर्ष पुस्तक १९९२
विमोचन समारोह







नेपाल मानव अधिकार
वर्ष पुस्तक १९९३ विमोचन गर्नु हुँदै
प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय







नेपाल मानव अधिकार वर्ष पुस्तक १९९४
विमोचन गर्नु हुँदै सर्वोच्च नेता गणेशमान सिंह







नेपाल मानव अधिकार
वर्ष पुस्तक १९९५ विमोचन गर्नु हुँदै
पूर्व प्रधानमन्त्री मनमोहन अधिकारी







नेपाल मानव अधिकार वर्ष पुस्तक १९९६ विमोचन गर्नु हुँदै
वरिष्ठ राजनीतिज्ञ तथा इतिहासकार डिल्लीरमण रेग्मी






नेपाल मानव अधिकार वर्ष पुस्तक १९९७ विमोचन गर्नु हुँदै
पूर्व प्रधान मन्त्री कृष्णप्रसाद भट्टराई






नेपाल मानव अधिकार वर्ष पुस्तक १९९९ विमोचन गर्नु हुँदै
पूर्व प्रधानन्यायधीश ओमभक्त श्रेष्ठ






नेपाल मानव अधिकार वर्ष पुस्तक २००० विमोचन गर्नु हुँदै
पूर्व प्रधान मन्त्री शेरबहादुर देउवा





नेपाल मानव अधिकार वर्ष पुस्तक २००१ विमोचन गर्नु हुँदै
वरिष्ठ राजनीतिज्ञ रामहरि शर्मा






नेपाल मानव अधिकार वर्ष पुस्तक २००२ विमोचन गर्नु हुँदै
पूर्व प्रधान मन्त्री गिरिजाप्रसाद कोइराला





नेपाल मानव अधिकार वर्ष पुस्तक २००३ विमोचन गर्नु हुँदै
महिला नेतृ साहना प्रधान






नेपाल मानव अधिकार वर्ष पुस्तक २००४ विमोचन गर्नु हुँदै
राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष नयनबहादुर खत्री






नेपाल मानव अधिकार वर्ष पुस्तक २००५ विमोचन गर्नु हुँदै वरिष्ठ राजनीतिज्ञ नीलाम्बर आचार्य





नेपाल मानव अधिकार वर्ष पुस्तक २००६ विमोचन गर्नु हुँदै मानव अधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि इयान मार्टिन





नेपाल मानव अधिकार वर्ष पुस्तक २००७ विमोचन गर्नु हुँदै उपप्रधान मन्त्री माधवकुमार नेपाल





नेपाल मानव अधिकार वर्ष पुस्तक २००८ विमोचन गर्नु हुँदै सभामुख सुवास नेम्वाङ





नेपाल मानव अधिकार वर्ष पुस्तक २००९ विमोचन गर्नु हुँदै मानव अधिकार आयोगका अध्यक्ष केदारनाथ उपाध्याय





नेपाल मानव अधिकार वर्ष पुस्तक २०१० विमोचन गर्नु हुँदै प्रधान मन्त्री माधवकुमार नेपाल





नेपाल मानव अधिकार वर्ष पुस्तक २०११ विमोचन गर्नु हुँदै उपप्रधान मन्त्री केपी शर्मा ओली





नेपाल मानव अधिकार वर्ष पुस्तक २०१२ विमोचन गर्नु हुँदै पूर्वप्रधान मन्त्री झलनाथ खनाल






नेपाल मानव अधिकार वर्ष पुस्तक २०१३ विमोचन गर्नु हुँदै पूर्वप्रधान न्यायाधीश अनूपराज शर्मा

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१४ विमोचन गर्नु हुँदै पूर्वप्रधान मन्त्री शेरबहादुर देउवा











नेपाल मानव अधिकार वर्ष पुस्तक २०१५ विमोचन गर्नु हुँदै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली

नेपाल मानव अधिकार वर्ष पुस्तक २०१६ विमोचन गर्नु हुँदै पूर्व राष्ट्रपति डा. रामवरण यादव





अनुसूची ७

# नेपाल मानव अधिकार वर्ष पुस्तक २०१७ तयारीका क्रममा संलग्न व्यक्तिहरू

## परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

**परिच्छेद १ : सन् २०१६ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन**

**लेखक** : विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

**परिच्छेद २**

२.१ **न्यायपालिका**

**लेखक** : डा. सुरेन्द्र भण्डारी

२.२ **कार्यपालिका**

**लेखक** : सूर्य देउजा

२.३ **व्यवस्थापिका**

**लेखक** : प्रा. डा. रामकुमार दाहाल

**परिच्छेद ३**

**३.१ इलामका चिया मजदुर : न्यूनतम ज्यालाबाट पनि वञ्चित**

**लेखक** : कोकिला ढकाल

**३.२ काभ्रेपलाञ्चोकमा मिर्गौला व्यापार : प्रभाव र असर**

**लेखक** : भोजराज तिमल्सिना

**३.३ तनहुँका बोटे : आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको कसीमा**

**लेखक** : प्रकाशचन्द्र भट्टराई

**३.४ सुर्खेतका बाढीपीडित : वर्तमान अवस्था र राज्यको उदासीनता**

**लेखक** : दुर्गा थापा

**३.५ खाद्य अधिकार : दार्चुलाको अवस्था**

**लेखक** : नरेन्द्रसिंह कार्की

## जिल्ला प्रतिनिधिहरू

**१. पूर्वाञ्चल**

१.१ झापा - अर्जुनकुमार बस्नेत
१.२ इलाम - कोकिला ढकाल
१.३ पाँचथर - मङ्गल बेघा
१.४ ताप्लेजुङ - देवराज गुरुङ
१.५ मोरङ - सुकदेव चौधरी/इन्दिरा भट्टराई
१.६ सुनसरी - शेखर ढकाल
१.७ धनकुटा - सन्तोष रुचाल
१.८ तेह्रथुम - छत्र रिमाल/भगिश्वर लिम्बू
१.९ भोजपुर - किरण राई
१.१० सङ्खुवासभा - छेटु शेर्पा/बाबुराम बास्तोला
१.११ सप्तरी - मनोहरकुमार पोखरेल
१.१२ सिरहा - दुर्गा परियार
१.१३ उदयपुर - भरत खड्का
१.१४ खोटाङ - डीएम चाम्लिङ राई/सुनिता मगर
१.१५ ओखलढुङ्गा - शिवप्रसाद ढुङ्गाना
१.१६ सोलुखुम्बु - पासाङ बम्जन तामाङ

**२. मध्यमाञ्चल**

२.१ धनुषा - विनोदकुमार रविदास
२.२ महोत्तरी - अजय साह
२.३ सर्लाही - सन्तोष सिंह
२.४ सिन्धुली - विमला पाण्डे
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - उद्धव पोखरेल
२.७ रौतहट - विपीन गौतम
२.८ बारा - लक्ष्मी साह सोनार
२.९ पर्सा - कृष्णचन्द्र लामिछाने
२.१० चितवन - दीपेन्द्र अधिकारी
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - रामकुमारी श्रेष्ठ
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमल्सिना
२.१४ भक्तपुर - सविना केसी
२.१५ काठमाडौं - विवेक ढुङ्गाना
२.१६ धादिङ - सीताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नातिबाबु धिताल
२.१८ नुवाकोट - नवदीप श्रेष्ठ
२.१९ रसुवा - हेमनाथ खतिवडा

**३. पश्चिमाञ्चल**

३.१ तनहुँ - प्रकाशचन्द्र भट्टराई
३.२ गोरखा - नरहरि सापकोटा/हरिराम उप्रेती
३.३ लमजुङ - दलबहादुर मजकोटी
३.४ स्याङ्जा - सङ्गीता रानाभाट
३.५ कास्की - विष्णुप्रसाद अधिकारी/क्षेत्रीय कार्यालय
३.६ मनाङ - सुरेशकुमार थापा
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रुपन्देही - अमृत गिरी/रीमा बिसी
३.९ पाल्पा - यज्ञमूर्ति तिमिल्सिना

३.१० कपिलवस्तु - नन्दराम पौडेल
३.११ अर्घाखाँची - नारायणप्रसाद भुसाल
३.१२ गुल्मी - टोपलाल अर्याल
३.१३ बाग्लुङ - सिर्जना पन्त
३.१४ पर्वत - किशोर सापकोटा
३.१५ म्याग्दी - अमृतकुमार पौडेल
३.१६ मुस्ताङ - शर्मिला गुरुङ

**४. मध्यपश्चिमाञ्चल**

४.१ दाङ - जयनारायण पुन
४.२ प्यूठान - रवीन्द्र पाण्डे
४.३ रोल्पा - माधव कुमार ओली
४.४ सल्यान - मीना बुढाथोकी
४.५ रुकुम - आदर्श केसी
४.६ बाँके - विनोद पाण्डे
४.७ बर्दिया - मानबहादुर चौधरी
४.८ सुर्खेत - दुर्गा थापा
४.९ जाजरकोट - दिनेशकुमार श्रेष्ठ
४.१० दैलेख - यज्ञराज थापा/अमर सुनार
४.११ डोल्पा - विष्णुप्रसाद देवकोटा
४.१२ जुम्ला - मानदत्त रावल
४.१३ कालीकोट - कालीबहादुर मल्ल
४.१४ मुगु - जीवन सेजुवाल
४.१५ हुम्ला - नन्द सिंह

**५. सुदूरपश्चिमाञ्चल**

५.१ कैलाली - सुमित्रा भट्टराई/रविना चौधरी
५.२ अछाम - शिवराज ढुङ्गाना
५.३ डोटी - दीर्घबहादुर खत्री
५.४ बाजुरा - पदमबहादुर सिंह
५.५ बझाङ - प्रकाश विक
५.६ कञ्चनपुर - कोमलनिरञ्जन भाट
५.७ डडेल्धुरा - भुपेन्द्र विष्ट
५.८ बैतडी - नरिदत्त बडु
५.९ दार्चुला - नरेन्द्रसिंह कार्की

**क्षेत्रीय कार्यालयमा संलग्न**

**पूर्वाञ्चल**

१. सोमराज थापा २. देवराज पोखरेल

**मध्यमाञ्चल**

१. कृष्ण गौतम २. राजु पासवान

**पश्चिमाञ्चल**

१. शिव खकुरेल २. सुमित्रा भट्टराई

**मध्यपश्चिमाञ्चल**

१. भोला महत २. नारायण सुवेदी

**सुदूरपश्चिमाञ्चल**

१. खडकराज जोशी २. कृष्णबहादुर विश्वकर्मा

**सन्दर्भ सामग्री स्रोत**

इन्सेक पुस्तकालय

**फोटो स्रोत**

इन्सेक जिल्ला प्रतिनिधिहरू

## पुरस्कृत जिल्ला प्रतिनिधिहरू

यस वर्ष सम्पूर्ण प्रतिनिधिमध्येबाट एक जनालाई राष्ट्रियस्तरको 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले, अन्य चार जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र रू. १०,०००।- तथा 'उत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र रू. ७,०००।- प्रदान गरिएको छ।

**सर्वोत्कृष्ट**

जयनारायण पुन, दाङ, मध्यपश्चिमाञ्चल

**उत्कृष्ट**

कोकिला ढकाल, इलाम, पूर्वाञ्चल

हेमनाथ खतिवडा, रसुवा, मध्यमाञ्चल

सिर्जना पन्त, बाग्लुङ, पश्चिमाञ्चल

नरिदत्त बडु, बैतडी, सुदूरपश्चिमाञ्चल

इन्सेक पुस्तक १८५/२०७३




लामो समयदेखि कायम गतिरोधको सोझो असर भने संविधानले तोकको मिति २०७४ माघ ७ गतेभित्र सम्पन्न गरिसक्नुपर्ने तीन तहको निर्वाचनमा प्रत्यक्ष पर्ने देखियो । निर्वाचन हुन नसक्दा संवैधानिक रिक्तता आउँछ । त्यो भनेको पहिलो संविधान सभा विघटनपछिको अवस्थाजस्तै हुने निश्चित छ । जसका कारण संवैधानिक जटिलता थपिनेछ र त्यसबाट पार पाउन फेरि नयाँ राजनीतिक अध्याय सुरु गर्नुपर्ने हुन्छ । नयाँ अध्याय सुरु गर्नुपऱ्यो भने राजनीतिक परिदृश्यमा नयाँ नायक र नयाँ दृश्य उदाउने छन् भन्ने विगतका हाम्रा अनुभवले पनि बताइसकेका छन् ।

इन्सेक insec
मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१३, स्यूचाटार, काठमाडौँ
पत्र मञ्जुषाः २७२६, काठमाडौँ
फोनः ५२१८७७०, फ्याक्सः ५२१८२५१
इमेलः insec@insec.org.np
वेबसाइटः www.insec.org.np, www.inseconline.org

ISBN 978-9937-8964-7-4
9 789937 896474